परिच्छेद १

आठौं योजनाको समीक्षा

१. पृष्ठभूमि

नेपालमा योजनाबद्ध आर्थिक विकासको थालनी वि.सं. २०१३ देखि पहिलो पंचवर्षीय योजना (२०१३-१८) को कार्यान्वयनबाट भएको हो । हालसम्म आठवटा आवधिक योजना कार्यान्वयनमा आइसकेका छन् । विगत चार दशकभन्दा बढीको योजनाबद्ध विकासबाट देश विकासलाई सघाउ पुऱ्याउने खालका सामाजिक तथा आर्थिक पूर्वाधारहरुको सिर्जनामा केही प्रगति हासिल हुन सकेको भए तापनि अपेक्षा गरेजति उपलब्धि भने प्राप्त हुन सकेको छैन । जनताको जीवनयापनमा प्रमुख योगदान गर्ने कृषि क्षेत्रमा खासै प्रगति नभएको, सीमित मात्रामा उद्योगहरु स्थापना हुन सकेको, आन्तरिक बचत परिचालन न्यून रहेको, विदेशी सहायताको उपयोगमा खासै प्रगति हुन नसकेको, वैदेशिक व्यापार-घाटामा वृद्धि हुँदै गएको र बेरोजगारी तथा आर्थिक असमानता कम हुन नसकेको कारण गरिबीको समस्यामा सुधार आउन सकेन ।

जनसंख्या वृद्धिदरमा खासै कमी नआउनु र जनताको आयस्तरमा न्यून वृद्धि हुनुजस्ता कारणले गरिबी एक प्रमुख समस्याको रुपमा अझै विद्यमान छ । कुल जनसंख्याको ४२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको हालको परिप्रेक्ष्यमा एक निश्चित अवधिभित्र गरिबीको रेखामुनि रहेका जनताको आयस्तरमा वृद्धि गर्न लगानी तथा रोजगारीको प्रवर्द्धन गरी आर्थिक विकासलाई दिगो रुपमा गति प्रदान गर्दै जानु आजको आवश्यकता भएको छ ।

२. आठौं योजनाको समीक्षा

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि लागू गरिएको आठौं योजनामा दिगो आर्थिक वृद्धि हासिल गर्ने, गरिबी घटाउने तथा क्षेत्रीय असन्तुलन हटाउने उद्देश्यहरु निर्धारित गरिएका थिए । यी उद्देश्यहरु प्राप्तिका लागि उपलब्ध सीमित आर्थिक, मानवीय र संस्थागत साधनहरु तल दिइएको प्राथमिकता क्रमअनुसार बाँडफाँट गरिने कुरा उल्लेख थियो ।

- कृषिमा सघनता र विविधिकरण
- ऊर्जा विकास
- ग्रामीण पूर्वाधारको विकास
- रोजगारी सिर्जना तथा मानवीय साधनको विकास (जनशक्ति)
- जनसंख्या वृद्धिमा नियन्त्रण
- औद्योगिक विकास तथा पर्यटन प्रवर्द्धन
- निकासी प्रवर्द्धन तथा विविधीकरण
- समष्टिगत आर्थिक स्थायित्व
- विकास प्रशासनमा सुधार
- अनुगमन तथा मूल्याङ्कन

आठौं योजना तर्जुमा गर्दा निम्नलिखित विकास अवधारणाहरु राखिएको थियो ।

- स्वतन्त्र बजारोन्मुख खुला र उदार अर्थव्यवस्थाको माध्यमबाट विकास गर्दै जाने,
- स्थानीयतहका निकायहरुलाई अधिकार प्रदान गर्दै विकेन्द्रीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्दै जाने,
- क्षेत्रीय विकासलाई ग्रामीण विकाससँग आवद्ध गरी विकासका प्रतिफल सम्पूर्ण जनताले उपयोग गर्न पाउने स्थितिको सिर्जना गर्दै लाने,
- सरकारीक्षेत्रको भूमिका मूलतः भौतिक पूर्वाधारको सिर्जना गर्न र आधारभूत सामाजिक सेवाहरुलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउनेमा केन्द्रित गर्ने,
- निजीक्षेत्र तथा गैरसरकारी संस्थाहरुलाई विकास कार्यमा बढीभन्दा बढी संलग्न गराउन;
    - प्रशासनिक प्रक्रियाहरुलाई सरलीकरण र स्पष्ट गर्ने,
    - सरकारी निर्णय छिटो छरितो गराउने,
    - सरकारी नीतिहरु बढी उदार, सरल र स्पष्ट गर्ने,
    - परिभाषित नीतिहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, र
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको आ-आफ्नो अनुभव तथा तुलनात्मक फाइदाको आधारमा बढी प्रभावकारी ढङ्गले काम गर्नसक्ने क्षेत्रहरुमा काम गर्न प्रोत्साहित गर्दै जाने।

आठौं योजनावधिमा विगतको राज्य निर्देशित एवं नियन्त्रित व्यवस्थालाई क्रमशः बजारमा आधारित गर्दै लगी निजी क्षेत्रको सहभागिता र लगानीलाई प्रोत्साहित गर्न सरकारको भूमिकालाई बढी मात्रामा सामाजिक-आर्थिक पूर्वाधार विकासमा केन्द्रित गरी सरकारी दायरालाई सीमित तर प्रभावकारी बनाउने प्रयास भएको थियो । यस योजनावधिमा उदार बजारोन्मुख अर्थव्यवस्थाका लागि अनुकुल वातावरण तयार गर्ने, मूल्य अभिवृद्धि कर लागू गर्ने तयारी, सरकारी संस्थानहरुको निजीकरण, अर्थतन्त्रका विभिन्न क्षेत्रमा सरकारी निकायहरुले पाइआएको संरक्षणलाई हटाइ निजी क्षेत्रको संलग्नतालाई बढाउने, अनुदानलाई सीमित गर्ने, विदेशी विनिमयका दरहरु बजारले निर्धारण गर्ने व्यवस्थाका साथै बैंकिंग लगायत वित्तीय संस्थाहरुको स्थापनालाई बढावा दिने आदि प्रयास गरिएको थियो ।

आठौं योजनामा गाउँलाई विकासको केन्द्रविन्दु बनाउँदै लगी विकास खर्चको ठूलो हिस्सालाई यसै क्षेत्रको विकासतर्फ उन्मुख गर्ने प्रयास भएको थियो । यस सन्दर्भमा स्थानीयतहका निकायहरुलाई अधिकार प्रदान गर्दै विकेन्द्रीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय निकायहरुमा साधन प्रवाह गर्ने विभिन्न नीति तथा कार्यक्रमहरु पनि सञ्चालनमा ल्याइए । यसप्रकार क्षेत्रीय विकासलाई ग्रामीण विकास र विकेन्द्रीकरणको अवधारणासँग आवद्ध गर्दै लैजाने नीति अंगीकार गरिएको थियो । यस अवधिमा गरिबी घटाउने तथा क्षेत्रीय असन्तुलन कम गर्नेतर्फ नयाँ कार्यक्रमहरु आरम्भ गरियो । राष्ट्रिय विकासका कार्यक्रमहरुलाई स्पष्ट दिशाबोध हुने गरी कृषि क्षेत्रको दीर्घकालीन योजना तयार गरियो । भूमिसुधारका क्षेत्रमा द्वैध स्वामित्वको अन्त्य गर्ने आधार पनि तयार गरियो । सिँचाइ तथा ऊर्जा विकासका लागि विभिन्न नयाँ सम्भावनाहरुको पहिचान गरियो भने समाजका हालसम्म उपेक्षित तथा उत्पीडित जाति-जनजातिको उत्थानका साथै सुकुम्बासी, कमैया, बृद्ध, असहायहरुका लागि विशेष कार्यक्रमहरु सुरु गरिएका थिए ।

आर्थिक प्रगति स्थिति :

कुल गार्हस्थ्य उत्पादन

आठौं योजनावधिमा आर्थिक वृद्धिदर प्रतिवर्ष औसत ५.१ प्रतिशत गर्ने लक्ष्य राखिएको थियो । यो वृद्धिदर हासिल गर्न कुल मूल्य अभिवृद्धि (value-added) औसत वार्षिक ४.८ प्रतिशतका दरले वृद्धि हुनुपर्ने अनुमान गरिएको थियो । यस लक्षित आर्थिक वृद्धिदर हासिल गर्नका लागि कृषि क्षेत्रमा ३.७ प्रतिशत र गैर-कृषि क्षेत्रमा ६.१ प्रतिशत आर्थिक वृद्धिदर हुनुपर्ने अनुमान गरिएको थियो । यस अवधिमा जनसंख्या वृद्धिदर औसत प्रतिवर्ष २.१ प्रतिशत रहने अनुमानका आधारमा प्रतिव्यक्ति औसत आय ३ प्रतिशतले बढ्ने अनुमान गरिएको थियो ।

योजनावधिमा कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा) योजनाले तोकेको लक्ष्यअनुसार ५.१ प्रतिशत विन्दुले नै प्रगति भएको देखिएको छ भने कुल गार्हस्थ्य उत्पादन (फ्याक्टर कस्टमा) ४.९ प्रतिशतका दरले वृद्धि भएको अनुमान छ । यस अवधिमा कृषि क्षेत्रको वृद्धिदर औसत ३.० प्रतिशत रहेको थियो भने गैर-कृषि क्षेत्रको औसत वृद्धिदर ६.३ प्रतिशत रहेको थियो । (तालिका ३)

विभिन्न आर्थिक क्षेत्रहरुको लक्षित र प्राप्त वृद्धिदरलाई हेर्दा कृषि, सिँचाइ तथा वन; उद्योग, भू-गर्भ तथा खानी; विद्युत्; निर्माण; व्यापार, होटल तथा रेष्टुराँ क्षेत्रको वृद्धिदर लक्ष्यभन्दा कम रह्यो भने यातायात तथा संचार, वित्त तथा घर-जग्गा र सामाजिक सेवाको वृद्धिदर लक्ष्यभन्दा बढी रह्यो (तालिका ३) । योजनाको पहिलो वर्ष २०४९/५० र तेस्रो वर्ष २०५१/५२ मा मौसम अनुकुल नहुनु र मुलुकको कतिपय क्षेत्रमा बाढी-पहिरोबाट धनजनको क्षति हुनगइ कृषि क्षेत्रमा प्रतिकुल असर पर्न जानुका साथै मुलुकमा देखापरेको आन्तरिक कारणले औद्योगिक उत्पादनमा समेत ह्रास आएको देखिन्छ । साथै विद्युत् क्षेत्रमा अरुण तेस्रो योजना आउन नसक्नाले आशातीत रुपमा प्रगति हुन नसकेको कारण यस क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा यथेष्ट योगदान पुऱ्याउन सकेन । त्यस्तै अन्तर्राष्ट्रिय वायुसेवामा सुधार आउन नसक्नु र काठमाडौं उपत्यकाभित्रको फोहोर-मैलाको समस्याको कारणले व्यापार, होटेल र रेष्टुराँ क्षेत्रको वृद्धिदरमा पनि केही न्यूनता देखियो ।

खुला बजारोन्मुख उदार आर्थिक नीति अपनाइएको कारण वित्तीय क्षेत्रमा नयाँ नयाँ बैंक, वित्तीय संस्था, बिमा कम्पनी आदिको स्थापना भएकाले यस क्षेत्रमा लक्ष्यभन्दा बढी प्रगति हुन सकेको छ । त्यस्तै यातायात तथा सञ्चार क्षेत्र एवं सामाजिक सेवाको क्षेत्रमा पनि आठौं योजनामा लगानीमा वृद्धि भएको कारण लक्ष्यभन्दा निकै बढी प्रगति हासिल भएको छ ।

उद्योग क्षेत्रमा निजी क्षेत्रको लगानीमा वृद्धि भए तापनि यस अवधिको सुरुमा भएको लोडसेडिङ्ग र राजनीतिक अस्थिरताको कारण उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर ६.८ प्रतिशतमा सीमित रहेको छ। यस अवधिमा यस उद्योग क्षेत्रमा केही विदेशी लगानी आकर्षित भए तापनि यसतर्फ अरु प्रयासको खाँचो महसुस गरिएको छ । उद्योग क्षेत्रमा सरकारी लगानी कम गर्ने नीतिअनुरुप यस अवधिमा उद्योग क्षेत्रमा रहेका केही सार्वजनिक संस्थानहरु निजीकरण गरिए । निजीकरणपश्चात् केही उद्योगहरुको उत्पादनमा वृद्धि भएको छ भने सरकारले व्यहोर्नुपर्ने घाटामा पनि कमी आएको थियो ।

विभिन्न क्षेत्रमा विभिन्न वृद्धिदर रहेको फलस्वरुप आर्थिक संरचनामा पनि परिवर्तन देखापऱ्यो । २०४८/४९ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ४४.८९ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षमा ४१.०२ प्रतिशत रहन गयो । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान पुऱ्याउन यातायात र सञ्चार क्षेत्र सफल रहेको छ । यी क्षेत्रको योगदान २०४८/४९ को ६.८९ प्रतिशतबाट बढी २०५३/५४ मा ८.०३ प्रतिशत पुगेको थियो । (तालिका ४) ।

बचत तथा लगानी

आठौं योजनाको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरको लक्ष्य प्राप्त गर्न सीमान्त पुँजी उत्पादन अनुपात (ICOR) ४.३:१ हुने आधारमा २०४८/४९ को स्थिर मूल्यमा रु.१७,०३३.२ करोड लगानी हुनुपर्ने अनुमान गरिएको थियो । यसमध्ये सरकारी क्षेत्रबाट ३५.९ प्रतिशत (रु. ६११३.९ करोड) र निजी क्षेत्रबाट ६४.१ प्रतिशत (रु.१०९१९.३ करोड) लगानी गरिने अनुमान गरिएको थियो । सरकारी क्षेत्रबाट हुने पुँजीगत लगानीका लागि रु. १,१३,४७.९ करोड बराबरको विकास खर्च हुनुपर्ने अनुमान गरिएको थियो ।

योजनावधिमा कुल स्थिर पुँजी निर्माण २०४८/४९ को मूल्यमा रु.१८८८९.२ करोड र लगानी रु.२१६१०.१ करोड भएको थियो । योजनावधिमा कुल लगानी पहिलो वर्षमा रु.३५९१.८ करोड रहेकोमा अन्तिम वर्षमा रु. ४८३५.९ करोड पुग्न गएको थियो । कुल पुँजी निर्माणमा निजी क्षेत्रको लगानी रु. १२८६२.४ करोड भएको थियो भने सरकारी क्षेत्रको लगानी रु.६०२६.७ करोड भएको थियो । (तालिका ६)

योजनाको आधार वर्ष २०४८/४९ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल लगानी २१.२ प्रतिशत रहेकोमा अन्तिम वर्षमामा आएर यो २५.१ प्रतिशत पुग्यो । त्यस्तै सोही अवधिमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल राष्ट्रिय बचत १३.० प्रतिशतबाट १४.८ प्रतिशत पुगेको थियो । २०४८/४९ मा कुल राष्ट्रिय बचत कुल लगानीको ६१.४ प्रतिशत थियो भने २०४९/५० मा यो ६८.३ प्रतिशत र २०५३/५४ मा कमी आइ ५९.१ प्रतिशत पुगेको थियो । (तालिका ७)

यस प्रकार योजनामा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय बचत १५ प्रतिशत पुग्ने अनुमान रहेकोमा १४.८ प्रतिशत पुगेको देखिन्छ ।

सरकारी वित्तीय स्थिति :

आर्थिक साधन परिचालन

आन्तरिक साधन परिचालनले बढ्दो सरकारी खर्चलाई धान्न, लगानीको दरमा वृद्धि गर्न र वैदेशिक सहायताको अधिकतम उपयोग गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यसै कुरालाई हृदयंगम गरी आठौं योजनाल कुल गार्हस्थ्य उत्पादनको १३.४ प्रतिशत राजस्व पुऱ्याउने लक्ष्य राखेको थियो । यस लक्ष्य प्राप्तिका लागि कर प्रणालीको ढाँचामा वाँच्छित परिवर्तन गर्ने, एउटा कर बहुउद्देश्यको साँटो एउटै उद्देश्यले निर्देशित हुने, मूल्य अभिवृद्धि कर लागू गर्ने, कृषि क्षेत्रमा लगाउने कर प्रणालीको विकास गर्ने, भन्सार दरवन्दीमा एकरुपता ल्याउने, अन्तःशुल्कलाई क्रमशः हटाउँदै लैजाने, आयकरलाई बढी सरल एवं व्यापक बनाउने, मालपोतलाई स्थानीय साधन स्रोतको रुपमा विकास गर्ने, सम्पत्तिकरलाई बढी परिस्कृत बनाउने र राजस्व प्रशासनलाई अरु सक्षम र चुस्त बनाउने नीतिहरु लिइने योजनामा उल्लेख गरिएको थियो । त्यस्तै वैदेशिक सहायताको हकमा यसको अधिकतम उपयोगलाई जोड दिँदै वैदेशिक ऋण विशेषतः प्रत्यक्ष उत्पादनमूलक कार्यक्रमहरुको लागि मात्र लिइ अरु कार्यक्रमका लागि अनुदान परिचालन गर्ने उल्लेख थियो ।

आठौं योजनामा राजस्व प्रशासनलाई अरु सक्षम र चुस्त बनाउने प्रयासस्वरुप यस अवधिमा राजस्व समूहको गठन गर्ने कार्य भयो । कर प्रणालीको ढाँचामा वाञ्छित परिवर्तन गर्न पैठारी करका दरहरुमा देशगत रुपमा एकरुपता कायम गर्ने प्रयासका साथै पैठारीकरका दरहरुको संख्या घटाइ एक विशेष दरसमेत गरी पाँच दर मात्र कायम गरिएको थियो । बिक्रीकरको दर १० र २० प्रतिशत मात्र कायम गरिएको थियो भने अन्तःशुल्कलाई मदिरा, चुरोट, सुर्ती आदिको उत्पादनमा मात्र सीमित गरिएको थियो । यस अवधिमा मूल्य अभिवृद्धि करलाई लागू गर्ने सन्दर्भमा दुई तहमा बिक्रीकर लाग्ने वस्तुहरुको संख्यामा वृद्धि गरिएको थियो भने यो कर लागू गर्न विधेयक पारित गर्नुका साथै प्रारम्भिक प्रशासनिक तयारी गरी यस करको बारेमा जनचेतना वृद्धि गर्ने विभिन्न कार्य सञ्चालन गर्ने आदि कार्य भएका

थिए ।

मालपोतलाई स्थानीय साधन स्रोतको रुपमा विकास गर्ने नीतिअनुरुप गाउँमा उठेको मालपोतको रकमको ५५ प्रतिशत सम्बन्धित जिल्ला विकास समितिमा, ४० प्रतिशत सम्बन्धित गाउँ विकास समितिमा र बाँकी ५ प्रतिशत मात्र श्री ५ को सरकारको संचितकोषमा जम्मा गरिने व्यवस्था गरिएको थियो । आ.व. २०५२/५३ को बजेटले मालपोत र भूमिकरबाट उठेको रकमको ७५ प्रतिशत सम्बन्धित नगरपालिका / गाउँ विकास समितिमा राख्ने र २५ प्रतिशत रकम जि.वि.स.मा पठाउने प्रावधान राखिएको थियो । आयकरलाई बढी सरल एवं व्यापक बनाउन आयकरदाताहरुको संख्या बढाउने, स्वयं कर निर्धारण गर्ने र अग्रिम रुपमा आयकर कट्टी गर्ने व्यवस्था गरिएको थियो । सम्पत्तिकरलाई बढी परिष्कृत गर्ने योजनाको नीति रहे तापनि यो कर लागू गर्न निकै व्यवहारिक कठिनाइहरु देखापरेकाले यो करलाई २०५२/५३ देखि खारेज गरिएको थियो र यसको सट्टा घरजग्गा करलाई बढी प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइएको थियो ।

कृषि क्षेत्रमा लगाउने कर प्रणालीको विकास गर्ने सम्बन्धमा नापी भइनसकेको र मालपोत ऐन लागू नभएका जग्गा, चिया खेती गरेका जग्गा र शहरी क्षेत्रका जग्गाहरु आदिमा भिन्नाभिन्नै मालपोतदर कायम गरिए तापनि यस क्षेत्रबाट खासै राजस्व परिचालन हुन सकेको देखिएन । विदेशी सहायताको उपयोगमा वृद्धि ल्याउन यस अवधिमा विभिन्न आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्ने, विकास आयोजनाहरुलाई आधारभूत (core) र गैर-आधारभूत (non-core) आयोजनामा छुट्याउने र तीन वर्षीय चक्र खर्च योजना लागू गर्ने कार्यहरु सुरु गरिएका थिए ।

सरकारी वित्तीय स्थिति:

आठौं योजनावधिमा २०४८/४९ को स्थिर मूल्यमा साधारण खर्च रु ५३७५.९ करोड र विकास खर्च रु. १,१३,४७.९ करोड गरी जम्मा रु.१,६७,२३.९ करोड खर्च हुने अनुमान गरिएको थियो ।

साधारण खर्च:

आठौं योजनावधिमा साधारण खर्च २०४८/४९ को स्थिर मूल्यमा कुल रु. ६८३३.९६ करोड खर्च भइ लक्ष्यभन्दा बढी खर्च भएको थियो । योजनाको पहिलो वर्ष रु.१०५५.३३ करोड खर्च भएकोमा दोस्रो वर्षमा ०.८५ प्रतिशतले कमी आई रु.१०४६.३१ करोड खर्च भएको थियो । तर तेस्रो वर्ष यो खर्च ४४.२१ प्रतिशतले वृद्धि भइ रु. १५०८.८६ करोड पुगेको देखिन्छ । यसरी अप्रत्याशित रुपमा साधारण खर्च वृद्धि हुनुमा यस वर्ष रु.३५२ करोड (प्रचलित मूल्यमा) र स्थिर मूल्यमा रु.२७१.८ करोड साधारण खर्च प्रकृतिका विकास खर्चलाई साधारण खर्चमा सारिनु एक प्रमुख कारणको रुपमा देखिन्छ । योजनाको अन्तिम वर्षमा रु. १६६१.४६ करोडले साधारण खर्च भएको थियो । (तालिका ८)

विकास खर्च:

आठौं योजनामा कुल विकास खर्च २०४८/४९ को स्थिर मूल्यमा रु.११३४७.९ करोड हुने अनुमान रहेकोमा योजनावधिमा चालू मूल्यमा जम्मा रु. १११८२.४४ करोड र स्थिर मूल्यमा रु. ८७०८.०३ करोड खर्च भएको थियो, जुन लक्ष्यको ७६.७४ प्रतिशत हुन आउँदछ । (तालिका ९)

योजनाको पहिलो वर्ष विकास खर्च स्थिर मूल्यमा ८.०४ प्रतिशतले वृद्धि भइ रु. १७८४.०१ करोड, दोस्रो वर्ष ०.१४ प्रतिशतले वृद्धि भइ रु. १७८६.५३ करोड र तेस्रो वर्ष १३.२२ प्रतिशतले ह्रास भइ रु.१५४०.३५ करोड भएको थियो । तेस्रो वर्षमा विकास खर्च घट्नुको प्रमुख कारणमा यस वर्ष विकास शीर्षकमा खर्च गरिने बजेटमध्ये रु.२७१.८ करोड (स्थिर मूल्यमा) साधारणतर्फ सारिनु र मध्यावधि चुनाव भइ राजनैतिक अस्थिरता हुनु आदि रहेका छन् । योजनाको चौथो वर्ष विकास खर्चमा १६.७३

प्रतिशतले वृद्धि भएकोमा पाँचौ वर्षमा १.७८ प्रतिशतले कमी आइ रु. १७७७.४९ करोड खर्च हुन गएको थियो ।

आठौं योजनाले आर्थिक सेवाहरुमा २९.६ प्रतिशत, सामाजिक सेवामा ३१.६ प्रतिशत र भौतिक पूर्वाधारमा ३९.६ प्रतिशत खर्च गर्ने लक्ष्य राखेको तुलनामा योजनावधिको उपलब्धिलाई हेर्दा आर्थिक सेवामा ३०.९४ प्रतिशत, सामाजिक सेवामा ३३.२९ प्रतिशत र भौतिक पूर्वाधारमा ३४.३७ प्रतिशत खर्च भएको देखिन्छ । यसप्रकार भौतिक पूर्वाधारको क्षेत्रमा लक्ष्यको तुलनामा कम र आर्थिक सेवा र सामाजिक सेवामा लक्ष्यभन्दा बढी खर्च भएको देखिन्छ । (तालिका १०)

विकास खर्च व्यहोरिने स्रोतहरु:

योजनावधिमा हुने कुल विकास खर्च २०४८/४९ को स्थिर मूल्यमा रु. १,१३,४७.९ करोड निम्न चार स्रोतबाट जुटाउने कुरा उल्लेख गरिएको थियो ।

(क) राजस्व बचत, (ख) आन्तरिक ऋण, (ग) विदेशी अनुदान, तथा (घ) विदेशी ऋण

राजस्व

योजनामा राजस्व परिचालन कुल गार्हस्थ्य उत्पादनको १३.४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०४९/५० मा राजस्व कुल गार्हस्थ्य उत्पादनको ८.९७ प्रतिशत रह्यो भने दोस्रो वर्षमा ९.८३ प्रतिशत, तेस्रो वर्षमा ११.०९ प्रतिशत, चौथो वर्ष ११.०० प्रतिशत र अन्तिम वर्षमा १०.९४ पुग्यो ।

राजस्व संकलन योजनाको पहिलो वर्ष (प्रचलित मूल्यमा) रु. १५१४.८४ करोड, दोस्रो वर्ष रु.१९५८.०८ करोड र तेस्रो वर्ष रु. २४६०.५१ करोड, चौथो वर्ष रु. २७८९.३१ करोड र अन्तिम वर्ष रु. ३१२१.४१ करोड हुन सकेको थियो । २०४८/४९ को स्थिर मूल्यमा हेर्ने हो भने राजस्व संकलन पहिलो वर्ष रु. १३९२.०६ करोड, दोस्रो वर्ष रु. १६५०.९९ करोड, तेस्रो वर्ष रु. १९२७.०९ करोड, चौथो वर्ष रु. २०२०.६५ करोड र अन्तिम वर्ष रु. २०९७.८६ करोड भएको थियो ।

योजनावधिमा २०४८/४९ को स्थिर मूल्यमा वार्षिक औसत ९.७ प्रतिशतले राजस्व परिचालन वृद्धि गर्ने लक्ष्य रहेकोमा वार्षिक वृद्धिदर ९.२० प्रतिशत रह्यो । राजस्व वृद्धिदर पहिलो वर्ष अप्रत्याशित रुपबाट ३.०२ प्रतिशतमा रहन गयो भने दोस्रो वर्ष १८.६० प्रतिशत, तेस्रो वर्ष १६.७२ प्रतिशत, चौथो वर्ष ४.८६ प्रतिशत भइ अन्तिम वर्षमा ३.८२ प्रतिशतमा झर्न पुग्यो । पहिलो वर्ष विभिन्न वस्तुहरुमा पैठारी महसुलदरमा कम गरिएकोले राजस्व वृद्धिदरमा कमी आएको थियो । दोस्रो र तेस्रो वर्षमा राजस्व वृद्धिदर राम्रो रहन गए तापनि चौथो र अन्तिम वर्ष यसमा निकै कमी आएको थियो ।

योजनावधिमा सबैभन्दा बढी राजस्व पैठारीकर, बिक्रीकर तथा आयकरबाट र सबैभन्दा कम राजस्व मालपोत र निकासीकरबाट उठेको छ । तर औसत वार्षिक वृद्धिदरको हिसाबले बढी वृद्धिदर आयकर, पैठारीकर र बिक्रीकरमा देखिएको छ । मालपोतबाट प्राप्त हुने राजस्व घट्दो थियो भने अन्त:शुल्कबाट आउने राजस्व पनि सुरुका वर्षहरुमा घटे तापनि अन्तिम वर्षमा बढेको देखिन्छ । सम्पत्तिकर आशातीत रुपमा उठाउन सकिएको देखिदैन । प्रशासनिक तथा अन्य व्यवहारिक कठिनाइले गर्दा २०५२/५३ देखि यो कर व्यवस्थालाई खारेज गरी घरजग्गा करलाई परिचालन गर्ने नीति लिइएको थियो ।

गैरकर राजस्व सरदर वार्षिक ३.१२ प्रतिशतले वृद्धि भइ २०४८/४९ को स्थिर मूल्यमा रु. ३ अर्ब ६४ करोडबाट बढी रु. ४ अर्ब २४ करोड पुगेको थियो । गैरकर राजस्वमा विविध, सावाँ-व्याज तथा सरकारी सम्पत्ति, सेवा र वस्तुको बिक्रीबाट प्राप्त राजस्वको वृद्धिदर बढी देखिन्छ । (तालिका १४)

योजनावधिमा कुल राजस्व संकलनमा कर राजस्वको अंश औसत ७८.६८ प्रतिशत रह्यो भने गैरकर राजस्वको अंश २१.३२ प्रतिशत रहेको देखिन्छ । योजनावधिभित्र मूल्य अभिवृद्धिकर लगाउने लक्ष्यअनुरुप अन्त:शुल्क हटाउनु पर्ने हुँदा अन्त:शुल्क लाग्ने वस्तुहरुको संख्या घट्दै गएको परिप्रेक्ष्यमा यसको राजस्वमा योगदान घट्दै गएको पाइन्छ भने बिक्रीकरको योगदान बढ्दै गएको देखिन्छ । प्रत्यक्षकरमा महत्वपूर्ण भूमिका रहेको आयकरको योगदान प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ । २०४८/४९ मा यसको योगदान कुल राजस्वमा ६.३३ प्रतिशत थियो भने योजनाको अन्तिम वर्षमा १२.६९ प्रतिशत पुगेको थियो ।

कुल राजस्वमा प्रत्यक्ष करको अंश २०४८/४९ मा ११.८ प्रतिशत रहेकोमा तेस्रो वर्षमा यसको अंशमा वृद्धि भइ १५.७ प्रतिशत रहन गयो भने योजनाको अन्तिम वर्षमा १६.१ प्रतिशत पुग्यो । त्यस्तै कुल राजस्वमा अप्रत्यक्ष करको अंश २०४८/४९ मा ६१.३ प्रतिशत रहेकोमा तेस्रो वर्षमा यसमा वृद्धि भइ ६४.३ प्रतिशत पुगेको थियो भने अन्तिम वर्षमा ६३.६९ प्रतिशत पुगेको थियो । कुल राजस्वमा गैरकरको अंश २०४८/४९ मा २६.९२ प्रतिशत रहेकोमा तेस्रो वर्षमा आएर यसको अंश घटेर २०.१ प्रतिशत पुगेको थियो भने अन्तिम वर्षमा यो २०.२१ प्रतिशत पुग्न गयो । यसरी कुल राजस्वमा प्रत्यक्षकरको अंश बढ्दै जानुले कर संरचनामा सकारात्मक परिवर्तन भइरहेको देखाउँदछ । (तालिका १५)

बजेट घाटा र न्यून वित्त

आठौं योजनाको आधार वर्षमा बजेट घाटा रु. ११२६.१५ करोड रहेकोमा योजनाको पहिलो वर्षमा रु. १०९८.७३ करोड, दोस्रो वर्ष रु. ९८०.०२ करोड, तेस्रो वर्ष रु. ८३१.५७ करोड, चौथो वर्ष रु. १००१.४७ करोड र योजनाको अन्तिम वर्षमा रु. १०००.३३ करोड रह्यो । यसरी योजनावधिमा पहिलो तीन वर्षमा बजेट घाटामा क्रमश: कमी आइरहेकोमा अन्तिम दुई वर्षमा बजेट घाटामा केही वृद्धि भए तापनि आधार वर्षको तुलनामा कमी नै आएको देखिन्छ ।

आठौं योजनाको आधार वर्षमा न्यून वित्त रु.४४४.४८ करोड रहेकोमा योजनाको पहिलो वर्ष स्थिर मूल्यमा रु.४६२.७० करोड, दोस्रो वर्ष रु.२०७.३७ करोड, तेस्रो वर्ष रु. २५३.३८ करोड, चौथो वर्ष रु. ३१५.८७ करोड र अन्तिम वर्ष रु. २९६.१० करोड न्यून वित्त रहन गएको थियो । आठौं योजनावधिमा कुल गार्हस्थ्य उत्पादनमा न्यून वित्तको अंश ०.९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा पहिलो वर्ष यो २.९४ प्रतिशत, दोस्रो वर्ष १.२३ प्रतिशत, तेस्रो वर्ष १.४८ प्रतिशत, चौथो वर्ष १.७७ प्रतिशत र अन्तिम वर्ष १.५८ प्रतिशत रही कुल गार्हस्थ्य उत्पादनमा न्यून वित्तको अंश क्रमश: घट्दै गए तापनि योजनाको लक्ष्यअनुसार प्रगति भने हुन नसकेको देखिन्छ ।

२०४८/४९ मा आन्तरिक साधनमा न्यून वित्तको अंश ५५.२० प्रतिशत रहेकोमा पहिलो वर्ष यो अंश ५७.८८ प्रतिशत, दोस्रो वर्ष २५.५३ प्रतिशत, तेस्रो वर्ष ३८.१७ प्रतिशत, चौथो वर्ष ४०.७८ प्रतिशत र अन्तिम वर्ष ४०.४२ प्रतिशत पुग्न गयो (तालिका १८) ।

विदेशी सहायता

आठौं योजनावधिमा कुल विदेशी सहायता २०४८/४९ को स्थिर मूल्यमा रु.७४३५.५ करोड पुग्ने अनुमान रहेकोमा योजनावधिमा रु. ४९२०.३ करोड मात्र पुग्न सक्यो, जुन लक्ष्यको ६६.२ प्रतिशत मात्र हुन आउँदछ । विदेशी सहायताअन्तर्गत विदेशी अनुदान स्थिर मूल्यमा रु. १९७६.१ करोड र विदेशी ऋण रु. ५४५९.४ करोड हुने अनुमान रहेकोमा योजनावधिमा क्रमश: रु.१५४९.१ करोड र रु.३३७१.२ करोड पुगेको थियो । (तालिका १७)

योजनावधिमा भएको जम्मा विकास खर्च (२०४८/४९ को स्थिर मूल्यमा) रु.८७०८.०३ करोडमध्ये आन्तरिक साधनबाट रु. ३७८२.३ करोड (४३.४ प्रतिशत) र बाह्य स्रोतबाट रु. ४९२०.३ करोड (५६.५ प्रतिशत) व्यहोरिएको थियो । आन्तरिक स्रोतहरुमध्ये राजस्व बचतबाट रु. २२९९.८ करोड (२६.४ प्रतिशत) र अन्य आन्तरिक स्रोतबाट रु. १५३५.४ करोड (१७.६ प्रतिशत) व्यहोरिएको थियो । योजनावधिमा विकास खर्चको ७ प्रतिशत मात्र आन्तरिक ऋण (नगद मौज्दातसमेत) बाट व्यहोरिने लक्ष्य रहेकोमा यस्तो ऋण १७.६ प्रतिशत पुगेको थियो । (तालिका १७)

योजनावधिमा कुल विकास खर्चमा विदेशी सहायताको अंश ६५.५ प्रतिशत रहने अनुमान गरिएकोमा पहिलो वर्ष ५५.१९ प्रतिशत, दोस्रो वर्ष ५४.५५ प्रतिशत, तेस्रो वर्ष ५६.८३ प्रतिशत, चौथो वर्ष ५७.२० र अन्तिम वर्ष ५८.७९ प्रतिशत रहन गएको थियो । त्यस्तै कुल विदेशी सहायतामा विदेशी ऋणको अंश पहिलो वर्ष ६४.६० प्रतिशत, दोस्रो वर्ष ७९.२९ प्रतिशत, तेस्रो वर्ष ६५.०० प्रतिशत, चौथौ वर्ष ६६.२३ प्रतिशत र अन्तिम वर्ष ६७.३९ प्रतिशत रहन गएको थियो । (तालिका २०)

योजनावधिमा लक्ष्यअनुरुप एकातिर वैदेशिक सहायताको परिचालन हुन सकेन भने अर्कोतिर विदेशी सहायतामा विदेशी ऋणको अंश आधार वर्षको तुलनामा घटे तापनि योजनाको सुरु वर्षभन्दा केही बढ्न गएको देखिन्छ । यसरी कुल विकास खर्चमा ६५.५ प्रतिशत विदेशी सहायता परिचालन गर्ने लक्ष्य रहेकोमा योजनावधिमा वैदेशिक सहायताको अंश ५६.५ प्रतिशत रहन गएको कारण आन्तरिक ऋण र नगद मौज्दातको परिचालन बढ्न गएको देखिन्छ ।

मौद्रिक तथा कर्जा स्थिति :

मौद्रिक र कर्जा नीति:

आठौं योजनाको मुद्रा, बैंकिंग तथा कर्जा नीतिको प्रमुख उद्देश्य आन्तरिक साधनको परिचालन, अर्थव्यवस्थाको मागअनुरुप मुद्राको अनुपात नियमित गरी आन्तरिक र वाह्य सन्तुलन कायम गर्नु, स्वस्थ र प्रतिस्पर्द्धात्मक मौद्रिक वातावरण सिर्जना गर्नु, कृषि तथा घरेलु र साना उद्योग जस्ता प्राथमिकताप्राप्त क्षेत्रहरुमा पनि कर्जा प्रवाह गर्नु रहेको थियो ।

यस अवधिमा उदार बजारोन्मुख आर्थिक व्यवस्थाअनुरुप प्रत्यक्ष हस्तक्षेप नगरी अप्रत्यक्ष उपकरणहरु मार्फत् मौद्रिक र बैंकिंग क्षेत्रमा प्रभाव पार्ने नीति लिइएको थियो । यस्तै वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुलाई प्रतिस्पर्द्धामा सञ्चालन गर्न प्रोत्साहित गरिने र यस सन्दर्भमा उनीहरुले आ-आफ्नो व्याजदर र अन्य शर्तहरु आफैले तोक्न सक्ने नीति लिइएको थियो । सरकारी घाटा कम गर्नुका साथै निजी क्षेत्रलाई बढी कर्जा प्रवाह गर्ने उद्देश्यले सरकारले बैंकिंग क्षेत्रबाट निकै कम कर्जा लिने नीति लिएको थियो ।

प्रत्यक्ष हस्तक्षेपको रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्न वाणिज्य बैंकहरुले कुल कर्जाको १२ प्रतिशत अनिवार्य रुपमा ती क्षेत्रमा लगानी गर्नुपर्ने अन्यथा लगानी हुन नसकेको रकम विनाव्याज नेपाल राष्ट्र बैंकमा जम्मा गर्नुपर्ने नीति लिइएको थियो । शाखा विस्तार गर्ने कुरामा आर्थिक सम्भाव्यतालाई नै प्रमुख आधार मान्ने नीति रहेको थियो । ग्रामीण क्षेत्रमा सुगम तरिकाले कर्जा प्रवाह गराउन र कर्जा प्रवाहमा सरकारी हस्तक्षेप कम गर्न ग्रामीण बैंकहरुको स्थापना गर्दै जाने कुरा पनि आठौं योजनामा उल्लेख गरिएको थियो ।

आठौं योजना सुरु हुँदा कर्जा प्रवाहलाई नियन्त्रण गर्ने दृष्टिकोणले निक्षेपको १२ प्रतिशत अनिवार्य नगद मौज्दात र कुल निक्षेपको २४ प्रतिशत सरकारी वा नेपाल राष्ट्र बैंकको ऋणपत्रमा लगानी गर्नुपर्ने

व्यवस्था थियो । कुल निक्षेपको २४ प्रतिशत सरकारी वा नेपाल राष्ट्र बैंकको ऋणपत्रमा लगानी गर्नुपर्ने वाध्यतालाई २०४९/५० मा २२ प्रतिशतमा झारियो । यस व्यवस्थालाई २०५०/५१ मा हटाइयो । यसबाट वाणिज्य बैंकहरुको कर्जा प्रवाह गर्ने क्षमतामा वृद्धि हुनगई निजी क्षेत्रमा जाने कर्जामा सकारात्मक प्रभाव पर्न गयो । वाणिज्य बैंकहरुले कुल निक्षेपको १२ प्रतिशत नगद मौज्दात राख्नुपर्ने व्यवस्था यथावत नै राखियो । यसप्रकार वाध्यात्मक व्यवस्था नभएपछि तरलतालाई नियन्त्रण गर्न सरकारको वित्तीय कार्यक्रम र नेपाल राष्ट्र बैंकको खुला बजारमा ऋणपत्रहरुको किनबेच प्रमुख अप्रत्यक्ष उपकरणहरु बन्न पुगेको थियो । उदाहरणका लागि २०४९/५० मा तरलता प्रशोचन गर्न सरकारले खर्च नियन्त्रण र राजस्व परिचालनबाट बजेटघाटा कम गर्ने काम गऱ्यो भने नेपाल राष्ट्र बैंकले थप रु. १ अर्ब ७१ करोडको ऋणपत्र जारी गऱ्यो ।

आन्तरिक साधन परिचालन गर्न र वित्तीय क्षेत्रमा बढी से बढी प्रतिस्पर्द्धात्मक सेवा उपलब्ध गराउने दृष्टिकोणले वित्तीय संस्थाहरुको स्थापनालाई बढावा दिइयो । तदनुरुप योजनावधिमा हिमालयन बैंक, नेपाल एस.बी.आई. बैंक, नेपाल बंगलादेश बैंक, एभरेष्ट बैंक, बैंक अफ काठमाडौं र नेपाल बैंक अफ सिलोनको स्थापना भइ कुल ११ वाणिज्य बैंक बैंकिंग कारोवारमा संलग्न रहे । त्यस्तै वित्तीय कम्पनीतर्फ ४० भन्दा बढी वित्तीय कम्पनी कारोवारमा रहे । यसबाहेक केही सहकारी र गैर-सरकारी संस्थाहरुले पनि सीमित बैंकिंग कारोवार सुरु गरे ।

वित्तीय संस्थाहरुको वृद्धि र सम्बन्धित बैंकहरुले नै व्याजदर तोक्नसक्ने अधिकार दिइएअनुरुप निक्षेपको व्याजदरमा केही कमी आए तापनि कर्जाको ब्याजदरमा भने खासै कमी भएन । यसैले निक्षेप र कर्जा ब्याजदरबीचको अन्तर कम हुन सकेन । यो अन्तर कम नहुनुमा सरकारी क्षेत्रको वाणिज्य बैंकहरुको व्यावसायिक कुशलता र आर्थिक अवस्थामा वाञ्छित सुधार आउन नसक्नु प्रमुख कारण देखियो भने अन्य संयुक्त लगानीमा खुलेका बैंकहरुले यो अन्तरलाई कम गर्ने प्रयास गरेको देखिदैन । वाणिज्य बैंकहरुको वित्तीय सुधारका क्रममा २०४९/५० मा वाणिज्य बैंकिंग नीति तथा रणनीति अध्ययन (commercial banking policy and strategic study (CBPASS)) को दोस्रो चरणको कामसुरु गरियो ।

आर्थिक कारोबारको आधारमा आर्थिक सम्भाव्यतालाई हेरी वाणिज्य बैंकहरुको शाखा खोल्ने वा बन्द गर्ने नीतिअनुरुप नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंकका केही शाखा बन्द गरिए । बन्द गरिएका शाखाहरुमध्ये अधिकांश शहरी क्षेत्रभित्रकै थिए । ग्रामीण क्षेत्रमा सरलरुपले कर्जा प्रवाह गर्ने उद्देश्यले २०४९/५० मा पूर्वाञ्चल र सुदूर-पश्चिमाञ्चल गरी दुई क्षेत्रमा ग्रामीण विकास बैंक स्थापना भए । २०५१/५२ मा पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलमा अरु थप दुई ग्रामीण विकास बैंकहरु सञ्चालनमा आए भने त्यसपछि मध्यमाञ्चलमा पनि एक ग्रामीण विकास बैंकको स्थापना भयो ।

मौद्रिक स्थिति:

अर्थव्यवस्थामा आवश्यकभन्दा बढी तरलता भएमा देशको शोधनान्तर स्थिति तथा मूल्यमा प्रतिकुल असर पर्न जाने र चाहिँदो मात्रामा मौद्रिक विस्तार नभएमा विकास अवरुद्ध पनि हुन सक्ने विरोधाभाषपूर्ण स्थितिलाई ध्यानमा राखी योजनावधिमा मुद्रा प्रदायको वृद्धिदर वार्षिक १२.१ प्रतिशतमा सीमित राख्ने लक्ष्य रहेको थियो । यसबाट मुद्रास्फीतिको दरलाई वार्षिक ९ प्रतिशतमा राख्न सकिने अनुमान गरिएको थियो । तर योजनावधिमा मुद्रा प्रदायको वृद्धिदर औसत १४.६ प्रतिशत रहन गएको देखिन्छ । मुद्रा प्रदाय योजनाको पहिलो वर्ष २२.५ प्रतिशत, दोस्रो वर्ष १९.६ प्रतिशत, तेस्रो वर्ष १५.७ प्रतिशत, चौथो वर्ष १०.६ प्रतिशत र अन्तिम वर्ष ५.४ प्रतिशतले बढेको थियो (तालिका २१) । सुरुका वर्षहरुमा मुद्रा प्रदायमा आएको वृद्धिदरको मुख्य कारकतत्व निजी क्षेत्रलाई गएको कर्जा नै थियो । मुद्रा प्रदाय विस्तारमा सरकारलाई जाने कर्जा मुख्य कारकतत्व हुने गरेको परिप्रेक्ष्यमा निजी क्षेत्रमा गएको कर्जा प्रवाहले एकातिर मुद्रा प्रदायलाई नियन्त्रण गर्ने अप्रत्यक्ष उपकरणहरुको प्रयोग त्यति प्रभावकारी भइनसकेको र अर्कोतिर निजी क्षेत्रको बढ्दो सक्रियतालाई संकेत गर्दछ ।

२०४९ असार मसान्तको तुलनामा २०५० को सोही अवधिमा मुद्रा प्रदाय रु.४३७.५३ करोड, २०५१ मा अघिल्लो वर्षको सोही अवधिको तुलनामा रु. ४६७.७४ करोड, २०५२ को असारमा रु. ४४७.५० करोड, २०५३ असारमा रु. ३५१.२६ करोड र २०५४ असारमा रु. १९६.२३ करोडले मुद्रा प्रदाय (एम १) वृद्धि हुन गएको देखिन्छ। (तालिका २२)

आन्तरिक कर्जा

मुद्रा प्रदायको प्रमुख विस्तारकारी कारक आन्तरिक कर्जाको वार्षिक वृद्धिदर योजनाको पहिलो वर्षमा १८.७४ प्रतिशत, दोस्रो वर्ष १७.०५ प्रतिशत, तेस्रो वर्ष २४.८३ प्रतिशत, चौथो वर्ष २२.७५ प्रतिशत र अन्तिम वर्ष १३.०२ प्रतिशत रहन गएको थियो । आन्तरिक कर्जाको वृद्धिमा सरकार तथा सरकारी संस्थानलाई गएको कर्जाले कम मात्र भूमिका खेलेको थियो । पहिलो वर्षमा सरकार र सरकारी संस्थानलाई गएको कर्जा १६.८५ प्रतिशतले बढेको थियो भने दोस्रो वर्षमा ०.१० प्रतिशतले मात्र बढेको थियो । तेस्रो वर्षमा ७.०९ प्रतिशत, चौथो वर्षमा १२.९९ प्रतिशत र अन्तिम वर्षमा ५.६५ प्रतिशतले मात्र बढेको थियो । यसरी आन्तरिक कर्जामा आएको वृद्धि मूलतः निजी क्षेत्रमा गएको कर्जाबाट नै हुन गएको थियो । निजी क्षेत्रमा गएको कर्जा पहिलो वर्ष २०.८१ प्रतिशत, दोस्रो वर्ष ३५.११ प्रतिशत, तेस्रो वर्षमा ३८.८३ प्रतिशत, चौथो वर्ष २८.६९ प्रतिशत र अन्तिम वर्ष १६.९७ प्रतिशतले बढेको देखिन्छ।

यसरी सरकार र सरकारी संस्थानमा जाने कर्जाको वृद्धिदर घटेको र निजी क्षेत्रमा गएको कर्जाको वृद्धिदर सुरुका वर्षहरुमा बढ्दै गएको र चौथौ वर्षदेखि यसमा केही कमी आएको देखिन्छ । सुरुका वर्षहरुमा निजी क्षेत्रमा भएको बढ्दो कर्जा प्रवाहले उदार अर्थव्यवस्थाअनुरुप निजी क्षेत्रलाई सुदृढ गर्दै लैजाने सिलसिलामा लिएका नीतिप्रति निजी क्षेत्रको विश्वास बढ्दै गइरहेको संकेत गरे तापनि योजनाका अन्तिम वर्षहरुमा निजी क्षेत्रको आर्थिक क्रियाकलापको वृद्धिदरमा कमी आएको देखिन्छ।

खुद वैदेशिक सम्पत्ति

योजनावधिमा मुद्रा प्रदायको अर्को विस्तारकारी कारक खुद वैदेशिक सम्पत्तिको वृद्धिदर पहिलो वर्ष ४०.०७ प्रतिशत, दोस्रो वर्ष २४.३५ प्रतिशत, तेस्रो वर्ष १.७४ प्रतिशत, चौथो वर्ष १.६७ प्रतिशत र अन्तिम वर्षमा ६.६० प्रतिशतमा सीमित रहन गयो । यसरी खुद वैदेशिक सम्पत्तिमा भएको वृद्धिदर घट्न जानुमा निर्यातमा हुन गएको ह्रास नै प्रमुख कारकको रुपमा देखिन्छ।

आवधिक निक्षेप

मुद्रा प्रदायलाई संकुचन गर्ने कारकहरुमध्ये आवधिक निक्षेप (मुद्दती र बचत) को वृद्धिदर योजनाको पहिलो वर्ष ३१.५७ प्रतिशत, दोस्रो वर्ष १९.६५ प्रतिशत, तेस्रो वर्ष १६.३१ प्रतिशत, चौथो वर्ष १७.०० प्रतिशत र अन्तिम वर्ष १६.२१ प्रतिशत रहन गएको थियो । यसप्रकार आवधिक निक्षेपको वृद्धिदर पहिलो वर्ष निकै बढेको देखिए तापनि बाँकी वर्षहरुमा घट्दै जानुमा पुँजी बजार प्रतिको बढ्दो आकर्षण र व्याजदरमा आएको कमी प्रमुख कारण देखिन्छ।

खुद अवर्गीकृत दायित्व

मुद्रा प्रदायको अर्को संकुचनकारी कारक खुद अवर्गीकृत दायित्व योजनाको पहिलो दुई वर्षमा सरदर २०.४ प्रतिशतले बढेको थियो भने तेस्रो वर्षमा १६.५५ प्रतिशत, चौथो वर्षमा १८.९८ प्रतिशत र अन्तिम वर्षमा ८.७९ प्रतिशतले वृद्धि भएको थियो ।

निक्षेप र कर्जा स्थिति

योजनावधिको पहिलो वर्ष वाणिज्य बैंकहरुको साधन स्रोत र तिनको उपयोग २७.४० प्रतिशत, दोस्रो वर्ष २४.६३ प्रतिशत, तेस्रो वर्ष १४.१९ प्रतिशत, चौथो वर्ष १९.९५ प्रतिशत र अन्तिम वर्ष १६.७३ प्रतिशतले बढेको देखिन्छ । योजनाको पहिलो वर्षमा मुद्दती निक्षेपलगायत अन्य निक्षेपहरुको सरदर वृद्धिदर बढी हुनाका साथै वाणिज्य बैंकहरुको अन्य साधनको वृद्धिदर पनि बढी भएकोले कुल साधनको वृद्धिदर बढी भएको थियो । त्यसपछिका वर्षहरुमा मुद्दती निक्षेपको वृद्धिदरमा आएको कमीले वाणिज्य बैंकहरुको साधनको वृद्धिदरमा कमी आएको देखिन्छ ।

वाणिज्य बैंकहरुको साधनको प्रमुख स्रोत कुल निक्षेप योजनावधिमा सरदर १९.६० प्रतिशतले बढेको थियो । योजनाको पहिलो वर्ष कुल निक्षेप ३०.६५ प्रतिशतले बढेको भए तापनि दोस्रो वर्षदेखि कुल निक्षेपको वृद्धिदरमा क्रमशः ह्रास आएको थियो । कुल निक्षेप दोस्रो वर्ष १९.८५ प्रतिशत, तेस्रो वर्ष १६.९७ प्रतिशत, चौथो वर्ष १६.६५ प्रतिशत र अन्तिम वर्ष १४.५१ प्रतिशतले बढेको थियो । एकातिर बैंकहरुद्वारा निक्षेपमा दिने व्याजदर घट्नु अर्कोतिर वित्त कम्पनीहरु खुल्दै जानु र दीर्घकालीन प्रकृति (तत्काल झिक्न नमिल्ने) का निक्षेपमा वित्त कम्पनीहरुले बैंकहरुको तुलनामा बढी व्याज दिने गरेबाट मुद्दती निक्षेपकर्ताहरु वित्त कम्पनीतर्फ आकर्षित हुनाका साथै सेयर बजारमा लगानी गर्ने प्रवृत्ति बढ्न थाल्नाले मुद्दती निक्षेपको वृद्धिदरमा योजनाको दोस्रो र तेस्रो वर्षमा कमी आए तापनि योजनाको चौथो वर्षदेखि सेयर बजारमा आएको गिरावटले गर्दा वाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा केही वृद्धि हुन गएको देखिन्छ ।

वाणिज्य बैंकहरुको साधनको उपयोगतर्फ नगद र बैंक मौज्दात योजनावधिमा औसत २३.४३ प्रतिशतले बढेको थियो । योजनावधिमा नगद तथा बैंक मौज्दातका उपशीर्षकहरुमध्ये विदेशी मुद्राबाहेक अन्य सबै उपशीर्षकहरुको वृद्धिदर बढी देखिन्छ । खासगरी नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात (नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानीसमेत गरी) को औसत वृद्धिदर २३.३० प्रतिशत रहेको थियो । यो वृद्धिदर पहिलो वर्ष १३९.०२ प्रतिशतले अत्यधिक वृद्धि हुन गएको थियो भने तेस्रो र चौथो वर्षमा क्रमशः २२.५२ र १५.५१ प्रतिशतले ह्रास भएको थियो । त्यस्तै विदेशमा रहेको मौज्दात र आफूसँग रहेको नगदमा योजनावधिमा क्रमशः २६.३१ प्रतिशत र १९.८६ प्रतिशतले औसत वृद्धि भएको थियो । विदेशी मुद्राको सरदर वार्षिक वृद्धिदर भने ८.६४ प्रतिशत मात्र रहेको थियो ।

वाणिज्य बैंकहरुको कुल कर्जा तथा लगानीको वृद्धिदर योजनावधिमा सरदर १९.५८ प्रतिशत रहन गयो । श्री ५ को सरकार र सरकारी संस्थानहरुलाई जाने कर्जामा केही ह्रास आएको थियो । योजनावधिमा श्री ५ को सरकारलाई गएको कर्जामा सरदर ३.३९ प्रतिशत र सरकारी संस्थानलाई गएको कर्जामा १.७४ प्रतिशतले ह्रास आएको थियो । तर निजी क्षेत्रलाई गएको कर्जा सरदर २७.९१ प्रतिशतले बढेको थियो । खरिद गरिएका विदेशी बिल भने सरदर १०.५८ प्रतिशतले मात्र बढेको थियो । यसप्रकार वाणिज्य बैंकहरुको कर्जा प्रवाहको क्षेत्रगत संरचनाले सकारात्मक दिशा लिएको पाइन्छ । श्री ५ को सरकार र सरकारी संस्थानलाई वाणिज्य बैंकहरुद्वारा उपलब्ध गराएको कर्जा घट्दै गएको छ भने निजी क्षेत्रलाई गएको कर्जा बढ्न गएको छ । (तालिका २३)

कर्जाको उद्देश्यअनुसार विश्लेषण गर्दा २०४९ असारमा विद्यमान वाणिज्य बैंकहरुको कर्जामध्ये सबैभन्दा बढी व्यापारमा ३९.३२ प्रतिशत, उद्योगमा २९.८६ प्रतिशत र त्यसपछि क्रमशः उपभोगमा २५.३८ प्रतिशत, सेवामा २.९५ प्रतिशत र कृषिमा २.४८ प्रतिशत गएको थियो । आठौं योजनाको अन्त्य (२०५४ असार) मा रहेको वाणिज्य बैंकहरुको कुल कर्जामा उद्योगमा ४२.३२ प्रतिशत र व्यापारमा ३७.०७ प्रतिशत, उपभोगमा १४.३३ प्रतिशत, सेवामा ४.०० प्रतिशत र कृषिमा १.८२ प्रतिशत गएको पाइन्छ । (तालिका २४)

यस अवधिमा प्रत्येक ३० हजार जनसंख्याका लागि एक बैंक शाखाको सेवा उपलब्ध गराउने तत्कालीन नीतिअनुरुप खोलिएका शाखाहरुमध्ये कतिपय शाखा घाटामा सञ्चालन भइ बैंकहरुलाई थप आर्थिक दायित्व परेको सन्दर्भमा वाणिज्य बैंकहरुको आर्थिक स्थिति सुधार्ने र बैंकहरुलाई प्रतिस्पर्द्धात्मक रुपमा

अग्रसर गराउने उद्देश्यले आर्थिक सम्भाव्यताको आधारमा मात्र शाखा खोल्ने र भइरहेका शाखाहरुमध्ये एक अर्कासँग ज्यादै नजिक रहेका शाखाहरु एक आपसमा गाभ्ने जस्ता नीतिहरु लिइएको थियो।

मूल्य स्थिति :

मूल्य नीति

खुला, उदार तथा बजारोन्मुख अर्थव्यवस्थामा मूल्यस्तरको अहं भूमिका हुन्छ । मूल्यको वृद्धिदर बढी भएमा मुद्रा अवमूल्यन भइ क्रयशक्तिमा ह्रास आउने र अर्कोतिर मूल्य स्थिर अथवा घट्दै गएमा लगानीकर्ताहरु निरुत्साहित हुनसक्ने भएकाले केही प्रतिशतको मूल्य वृद्धिलाई आर्थिक विकासको क्रममा वाञ्छित मानिन्छ । यस दृष्टिकोणले योजनावधिमा मूल्य वृद्धिदरलाई सरदर वार्षिक ९ प्रतिशतमा सीमित राख्ने लक्ष्य रहेको थियो ।

खुला बजारोन्मुख अर्थव्यवस्थाको सन्दर्भमा कृत्रिम रुपमा मूल्य नियन्त्रण, सेवा र वस्तुहरुको आन्तरिक आवागमनमा नियन्त्रण भन्सारदरको माध्यमबाट विभिन्न देशबाट आयातित सामानहरुमा भिन्दा भिन्दै मूल्य निर्धारण गर्ने र प्रतिस्पर्द्धामा असर पर्ने गरी अनुदान एवं संस्थानलाई एकाधिकार दिने जस्ता कदमहरु उपयुक्त हुँदैनन । यस्ता कदमहरुबाट मूल्यमा अनावश्यक विचलन आइ साधनको बाँडफाँट गलत रुपबाट हुन जान्छ । यिनै कुराहरुलाई दृष्टिगत गरी कुनै पनि वस्तु र सेवाको आन्तरिक आवागमनमा कुनै पनि नियन्त्रण नरहने नीति आठौं योजनाले लिएको थियो । त्यस्तै सरकारी संस्थानबाट मात्र आयात गर्न पाउने वस्तुहरुलाई प्रतिस्पर्द्धात्मक रुपमा निजी क्षेत्रबाट पनि आयात गर्न सकिने नीति लिइएको थियो ।

एकातिर भन्सारदरमा पनि एकरुपता ल्याउन प्रयास भएको थियो भने अर्कोतिर संरक्षणात्मक दृष्टिकोण हटाएर प्रतिस्पर्द्धालाई बढावा दिने क्रममा भन्सारदरमा पनि कटौती गरिँदै लगिएको थियो । अनुदान हटाउँदै लैजाने क्रम पनि सुरु गरिएको थियो । सरकारी संस्थानहरुको एकाधिकार हटाइ प्रतिस्पर्द्धात्मक वातावरण सिर्जना भएको परिप्रेक्ष्यमा निजी क्षेत्रमा खुलेका वित्तीय संस्था तथा हवाइसेवाहरुबाट आर्थिक क्रियाकलाप बढाउन योगदान पुगेको छ । खाद्य सामग्रीजस्तो अत्यावश्यक वस्तुको सन्दर्भमा पनि मूल्य नियन्त्रणको सट्टा खाद्य संस्थानले आफ्नो स्टक मार्फत् आपूर्तिलाई नियन्त्रण गरी मूल्यमा स्थिरता ल्याउने नीति अपनाइएको थियो । यसप्रकार मूल्यलाई प्रत्यक्ष रुपमा सरकारले नियन्त्रण नगरी आपूर्ति र बजारको माध्यमबाट मूल्यस्तरलाई असर पार्ने नीतिअनुरुप नै विभिन्न आर्थिक गतिविधिहरुमा निजी क्षेत्रको भूमिका बढ्दै गएको छ ।

मूल्य स्थिति

आठौं योजना अवधि मध्ये २०४९/५० मा राष्ट्रिय शहरी उपभोक्ता मूल्य ८.८ प्रतिशत, २०५०/५१ मा ९.० प्रतिशत, २०५१/५२ मा ७.६ प्रतिशत, २०५२/५३ मा ८.१ प्रतिशत र २०५३/५४ मा ७.८ प्रतिशतले वृद्धि भएको थियो । यसप्रकार औसत वार्षिक मूल्य वृद्धिदर ८.३ प्रतिशत हुन गएको थियो जुन योजनाको लक्ष्यभन्दा ०.७ प्रतिशत कम छ । (तालिका २५)

देशले खुला अर्थतन्त्रको प्रक्रिया अपनाएपछि अर्थतन्त्रमा सकारात्मक सुधारका लक्षणहरु देखा परेअनुरुप मूल्य स्थितिमा पनि अनुकुल प्रभाव पर्न गएको देखिन्छ । यसरी मूल्य वृद्धिदर कम हुन जानुका प्रमुख कारणहरुमा सरकारी खर्चमा केही नियन्त्रण, विनिमयदरमा केही स्थिरता र आपूर्ति स्थितिमा सुधार आदि हुन् ।

उपभोग्य वस्तुहरुको वर्गीकरणअनुसार भने मूल्य वृद्धिदर खाद्य सामग्रीमा कम पाइएको छ । यसको मूल्य वृद्धिदर योजनावधिमा वार्षिक औसत ७.९ प्रतिशत र गैर खाद्य सामग्रीमा ८.९ प्रतिशत रहन

गएको थियो । योजनाको पहिलो वर्ष धेरै गैरखाद्य सामग्रीहरुमा मूल्य वृद्धिदर दुई अंकमा देखिएको थियो भने त्यसपछिका वर्षहरुमा एक अंकमै सीमित रहन पुग्यो । तर खाद्य सामग्रीतर्फ पहिलो वर्षको तुलनामा अन्य वर्षहरुमा धेरै वस्तुहरुको मूल्य वृद्धिदर केही बढेको देखिन्छ । खासगरी दाल, चिनी, माछामासु, दूध तथा दुग्ध पदार्थ, पेय पदार्थ, रेष्टुराँ तथा जलपान, तरकारी तथा फलफूल आदिमा मूल्य बढ्न गएको थियो ।

वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति :

वैदेशिक व्यापार

आठौं योजनाले वैदेशिक व्यापारलाई आवश्यक वस्तु परिपूर्तिको माध्यम मात्र नगराइ आर्थिक विकासको नै एक अभिन्न माध्यमको रुपमा लिने नीति लिएअनुरुप वाणिज्य क्षेत्रको विकासको लागि यस क्षेत्रमा अवलम्बन गरिने नीति एवं कार्यक्रमहरुलाई मुलुकको उत्पादनमूलक क्षेत्रसँग समष्टिगत रुपमा तालमेल गराउनुपर्ने कुरामा जोड दिएको थियो । यसैअनुरुप वैदेशिक व्यापारलाई खुला पारदर्शक एवं सरलीकरण गर्न कर नीति, भन्सार महशूल नीति, सरकारी क्षेत्रमा रहेका व्यावसायिक संगठनसम्बन्धी नीति र निजीकरण नीतिसँग वाणिज्य क्षेत्रको तालमेल गर्ने कुरामा जोड दिइएको थियो ।

योजनावधिमा निर्यातकर्ताहरुलाई सुविधा दिइ निकासी प्रवर्द्धन गर्न नेपाली मुद्रालाई चालू खातामा पूर्ण परिवर्त्यता प्रदान गरिएको थियो । भारतीय बजारमा नेपाली औद्योगिक वस्तुहरुको निकासीलाई अभिवृद्धि गर्न नेपाल-भारत व्यापार सन्धिमा सुधार भइ उत्पत्तिको प्रमाणपत्रको आधारमा भारतमा सहुलियतपूर्ण आधारमा निकासी गर्न सकिने सरल व्यवस्था गरिएको थियो । नेपाली उद्योगका लागि आवश्यक पर्ने कच्चापदार्थ र मेशिनरी औजारहरु सुपथ मूल्यमा भारतबाट आयात गर्न सकिने गर्नका लागि परिवर्त्य विदेशी मुद्रामा आयात गर्न पाउने व्यवस्था समेत भएको थियो ।

वैदेशिक व्यापारको प्रबर्द्धन र निकासी वृद्धिसम्बन्धी कार्य प्रभावकारी रुपमा सञ्चालन गर्ने सिलसिलामा ऊनी गलैंचाको उत्पादन, गुणस्तर विकास र सोको लागि कच्चा ऊनको आयात व्यवस्थापन र नेपाली ऊनी गलैंचाको निकासी वृद्धिसम्बन्धी कार्य सञ्चालन भएको थियो । नेपाल अधिराज्यबाट निकासी हुने ऊनी गलैंचाको उत्पादनमा गुणस्तरको विकास गरी उच्च गुणस्तरयुक्त गलैंचाको निकासी अभिवृद्धिलाई प्रोत्साहित गर्न ऊनी गलैंचाको उत्पादनमा प्रयोग गर्नका लागि कच्चा ऊन आयात गर्न पाउने गरी यसको गुणस्तर तोकी सोभन्दा कम गुणस्तरको ऊन आयात गर्न नपाइने नीति अवलम्बन गरिएको थियो । नेपालको निकासीमा दोस्रो प्रमुख स्थान ओगट्दै आएको तयारी पोशाकको निकासीलाई व्यवस्थित र यसका निकासीलाई वढाउन तयारी पोशाक निर्यात प्रबर्द्धन समितिलाई सुदृढीकरण गरी तयारी पोशाक कोटा निर्धारण र वितरण प्रणालीमा पारदर्शिता कायम गरिएको थियो । नेपालबाट सुन र चाँदीका गरगहना तथा कलात्मक वस्तुहरुको निकासी अभिवृद्धि गर्न सुन चाँदीका गहना निकासी प्रक्रियालाई सरल गर्ने नीतिअनुरुप निर्यातकर्ताहरुका लागि नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय बजारबाट सुन, चादी आयात गरी सुपथ मूल्यमा निर्यातकर्ताहरुलाई उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।

वैदेशिक व्यापार स्थिति

आठौं योजनाले निकासीको सरदर वार्षिक वृद्धिदर १९.१ प्रतिशत र पैठारीको सरदर वार्षिक वृद्धिदर ११.७ प्रतिशत रहने लक्ष्य राखेको थियो । निकासी र पैठारीको अनुमानित यी वृद्धिदरअनुसार योजनाको अन्तिम वर्षमा व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको १३.५ प्रतिशत पुग्ने अनुमान गरिएको थियो । योजनावधिमा व्यापार घाटाको औसत वृद्धिदर ४.१ प्रतिशत हुने अनुमान गरिएको थियो । निकासीको वार्षिक वृद्धिदरको लक्ष्य प्राप्त गर्न निकासी गरिनुपर्ने केही प्रमुख वस्तुहरुको वार्षिक लक्ष्यदर पनि आठौं योजनामा अनुमान गरिएको थियो । सोअनुसार ऊनी गलैंचा वार्षिक २३.० प्रतिशत, तयारी पोशाक ५.४ प्रतिशत, दाल १.० प्रतिशतले, छाला तथा छालाका सामान १३.७ प्रतिशत र हस्तकला सामान (

चाँदी तथा सुनका गहनासमेत) हरुको निकासी १९.५ प्रतिशतले बढ्दै जाने अनुमान गरिएको थियो ।

२०४८/४९ को स्थिर मूल्यमा योजनाको पहिलो वर्षमा कुल निकासी १५.७७ प्रतिशत, दोस्रो वर्ष २.५२ प्रतिशत, तेस्रो वर्ष -१५.०८ प्रतिशतले कमी, चौथो वर्ष ४.२५ प्रतिशत र अन्तिम वर्ष ४.९१ प्रतिशतले मात्र वृद्धि भइ औसत वार्षिक वृद्धिदर १.९७ प्रतिशत रहन गएको थियो । निकासीमा आएको यो ह्रास विशेष गरी तेस्रो मुलुकमा हुने निकासीमा आएको ह्रासले हुन गएको हो । २०५०/५१ को तुलनामा २०५१/५२ मा प्रमुख निर्यातीत वस्तुहरु जस्तै ऊनी गलैंचा, तयारी पोशाक तथा दालको निर्यात घट्न गएको थियो । छाला र छालाको सामान तथा हस्तकलाका सामानहरुको निर्यात भने बढेको थियो ।

यसरी कुल निकासी र तेस्रो देशमा हुने निकासीमा ह्रास आए तापनि २०५०/५१ को तुलनामा २०५१/५२ मा भारततर्फ निकासीमा २०.४७ प्रतिशतले वृद्धि भएको थियो । तर योजनाको पहिलो वर्षमा भने भारतमा भएको निर्यात केवल २.७८ प्रतिशतले मात्र बढ्न गएको थियो । तेस्रो वर्षमा भारततर्फ निर्यात बढ्नुको प्रमुख कारणमा दुई देशबीचको व्यापार र पारवहन सन्धिको नवीकरणपश्चात् निकासी प्रक्रियामा भएको सुधार, निकासी हुने वस्तुको उत्पादनमा प्रयोग भएका कच्चापदार्थ र श्रमको अंशमा कमी आदि छन् । नेपाली रुपैयाँ भारतीय रुपैयाँको तुलनामा २०४८ असारमा १.७९ प्रतिशत र २०५० फागुणमा ३.०३ प्रतिशतले पुनर्मूल्यन हुंदा पनि यी वर्षहरुमा भारतमा निकासी बढेको पाइयो । यसले भारत निकासीमा गैरभन्सार बाधाहरु (non-tariff barriers) नभएमा मूल्य अभिवृद्धि गरी प्रतिस्पर्द्धात्मक रुपमा नेपाली सामानहरु भारतमा निकासी गर्न सक्ने सम्भावनालाई औंल्याएकोछ ।

जहाँसम्म भारतमा हुने निर्यातयोग्य वस्तुहरुको कुरा छ तिनीहरुको निर्यात बाहुल्यता एकनासको छैन । विभिन्न निर्यातयोग्य वस्तुहरुको वार्षिक निर्यातमा उतारचढाउ स्पष्ट रुपमा देख्न सकिन्छ । यस उतारचढाउले कुनै पनि वस्तुले भारतमा हुने निर्यातमा राम्रो स्थायित्व पाउन नसकेको देखाउँछ । तेस्रो देशमा हुने निर्यातमा भने केही प्रमुख वस्तुहरुको निर्यातमा हुने घटबढले सम्पूर्ण निकासीको परिमाणलाई नै असर पार्ने देखिएको सन्दर्भमा नेपालको निकासी व्यापार केही वस्तुहरुमा मात्र निर्भर रहन गएको तथ्यलाई औंल्याएकोछ ।

वस्तुगत रुपमा आठौं योजनाले निकासीमा राखेको लक्ष्य निकासीमा देखिएको वार्षिक उतारचढाउको कारण स्पष्ट रुपमा हासिल गर्न सकेको देखिदैन । ऊनी गलैंचाको निकासी प्रचलित मूल्यमा वार्षिक औसत ४.७३ प्रतिशतले बढेको पाइएको थियो भने तयारी पोशाकको निर्यात वार्षिक औषत १२.८१ प्रतिशतले बढेको थियो । दालको निर्यात भारतमा केही बढेको भए तापनि समष्टिमा यसको निर्यात वार्षिक औसत १४.३२ प्रतिशतले घटेको थियो । छाला तथा छालाका सामानको निर्यात भने वार्षिक औसत ८.०१ प्रतिशतले बढेको थियो । हस्तकलाको सामानको निर्यात यस अवधिमा औसत वार्षिक ६.०८ प्रतिशतले घटेको देखियो । यसप्रकार अन्य मुलुकतर्फको निर्यात औसत ६.८० प्रतिशतले मात्र बढ्न सक्यो (तालिका २९) ।

पैठारीतर्फ २०४८/४९ को स्थिर मूल्यमा कुल पैठारी वार्षिक औसत १५.१० प्रतिशतले बढेको थियो । योजनाको पहिलो वर्ष कुल पैठारी १२.८० प्रतिशतले बढेकोमा दोस्रो वर्ष यसको वृद्धिदर २०.६९ प्रतिशत, तेस्रो वर्ष १४.७० प्रतिशत, चौथो वर्ष ८.१५ प्रतिशत र अन्तिम वर्ष १९.६३ प्रतिशत रह्यो । भारतबाट भएको पैठारी वृद्धिदर योजनाको पहिलो वर्ष २.४९ प्रतिशत रहेकोमा दोस्रो वर्ष २४.६३ प्रतिशतसम्मले बढ्यो । यसै गरी तेस्रो वर्ष ६.९६ प्रतिशतले, चौथो वर्ष १५.०५ प्रतिशतले बढेको थियो भने अन्तिम वर्षमा -१.७३ प्रतिशतले कमी आएको थियो । अन्य मुलुकबाट हुने पैठारीमा पहिलो वर्ष

१८.४० प्रतिशत, दोस्रो वर्ष १८.८४ प्रतिशत, तेस्रो वर्ष १८.५२ प्रतिशत, चौथो वर्ष ५.०७ प्रतिशत र अन्तिम वर्ष ३०.०४ प्रतिशतले बढेको थियो ।

यसरी पैठारीको वृद्धिदरमा कमी नहुनु र निकासीको वृद्धिदरमा ह्रास आउनुले व्यापार घाटाको वृद्धिदर बढ्न गएको थियो । योजनावधिमा व्यापार घाटा २०४८/४९ को स्थिर मूल्यमा वार्षिक औसत २२.०७ प्रतिशतले बढ्न गयो । यस्तो धाटा योजनाको पहिलो वर्ष १०.५७ प्रतिशत, दोस्रो वर्ष ३४.९९ प्रतिशत, तेस्रो वर्ष ३२.५० प्रतिशत, चौथो वर्ष ९.६४ प्रतिशत र अन्तिम वर्ष २४.९९ प्रतिशतले बढ्न गएको थियो । यसरी योजनाको अन्तिम वर्षमा व्यापार घाटा (प्रचलित मूल्यमा) रु. ७३५२.५० करोड पुग्न गयो । यो व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको २६.४३ प्रतिशत हुन आउँदछ । योजनाको अन्त्यसम्ममा व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको १३.५ प्रतिशत रहने अनुमान गरिएको तुलनामा यो घाटा उच्च रहेको देखिन्छ । योजना अवधिमा प्रचलित मूल्यमा निकासी वार्षिक औसत १०.४० प्रतिशतले मात्र बढ्यो भने पैठारी २४.६२ प्रतिशतले बढ्यो । (तालिका २६)

शोधनान्तर स्थिति

योजनाको पहिलो वर्ष मुलुकको शोधनान्तर स्थिति उल्लेखनीय रुपबाट अनुकुल रहेको थियो । २०४९/५० मा शोधनान्तर बचत प्रचलित मूल्यमा रु.७७४.२ करोड, र दोस्रो वर्ष रु. ६२८.३३ करोड भएकोमा तेस्रो वर्ष रु. ३१.३९ करोड शोधनान्तर घाटा हुन गयो । त्यस्तै चौथो वर्षमा रु. १०५.०१ करोड शोधनान्तर घाटा भएकोमा अन्तिम वर्ष रु. ३२१.४३ करोडको शोधनान्तर बचत भएको थियो । २०४९/५० को दाँजोमा व्यापार घाटा २०५०/५१ मा ४७.०५ प्रतिशतले बढेकोमा २०५१/५२ मा व्यापार घाटा वृद्धि ४२.५४ प्रतिशत भएको थियो । त्यस्तै यस्तो वृद्धि २०५२/५३ मा १८.६७ प्रतिशत, र २०५३/५४ मा ३४.६७ प्रतिशत भएको थियो । सेवा आय (खुद) योजनावधिमा वार्षिक औसत ५८.८४ प्रतिशतले र ट्रान्सफर आय (खुद) २८.६४ प्रतिशतले वृद्धि भएकोले यसले चालू खाता घाटाको वृद्धिदरलाई केही कम गर्न सघाउ पुऱ्याएको थियो । योजनावधिमा चालू खाता घाटा १३.६७ प्रतिशतले वृद्धि भएको देखिन्छ । पहिलो वर्ष -१.०१ प्रतिशतले र दोस्रो वर्ष -१९.५० प्रतिशतले चालू खाता घाटामा कमी आएकोमा तेस्रो वर्ष ४६.८३ प्रतिशतले र चौथो वर्ष ८२.७८ प्रतिशतले चालू खातामा वृद्धि भयो । तर अन्तिम वर्षमा आएर ११.२६ प्रतिशतले कमी आइ चालू खाता घाटा रु. १९११.६१ करोड पुग्यो । निर्यातको तुलनामा पैठारी तीव्र रुपले बढ्दुको कारण भएको व्यापार घाटा नै चालू खाता घाटाको प्रमुख कारण बन्न पुगेको थियो (तालिका ३०)॥

चालू खातामा देखिएको घाटा पूर्ति गर्न विदेशी ऋणको आप्रवाहमा भएको वृद्धि र अन्य पुँजी तथा अवर्गीकृत रकम (खुद) ले मुख्य भूमिका खेलेको देखिन्छ । तर योजनाको दोस्रो र तेस्रो र अन्तिम वर्षमा अन्य पुँजी तथा अवर्गीकृत रकम (खुद) को वृद्धिदर ऋणात्मक हुन गएको छ ।

विदेशी मुद्रा संचिति

मुलुकले खुला एवं उदार आर्थिक नीति अपनाउन थालेदेखि नै देशको विदेशी विनिमय प्रणालीमा पनि केही परिवर्तनहरु ल्याइयो । यसै सन्दर्भमा २०४९ मा विदेशी विनिमयलाई चालू खातामा पूर्ण परिवर्त्य गरियो भने विदेशी विनिमयमा रहेको द्वैध-विनिमय प्रणालीलाई हटाइ एकल विनिमय प्रणाली अपनाइयो । साथै नेपालीहरुलाई विदेशी विनिमयमा खाता खोल्ने सुविधा पनि प्रदान गरियो ।

२०४९ असारको तुलनामा २०५० असारमा कुल विदेशी मुद्रा संचितिमा ३८.१८ प्रतिशतले वृद्धि भइ रु. ३३५१.०४ करोड पुगेको थियो । सो वर्ष कुल विदेशी मुद्रा संचितिमा परिवर्त्य विदेशी मुद्रा रु.२३१४.५८ करोडबाट वृद्धि भइ रु.३०७६.७२ करोड पुगेको थियो । २०५० सालको तुलनामा २०५१ असारमा कुल विदेशी मुद्रा संचितिमा २५.३८ प्रतिशतले वृद्धि भइ रु.४२०१.५७ करोड पुगेको थियो जसमा परिवर्त्य विदेशी मुद्राको अंश रु. ३८१३.७० करोड रहेको थियो । २०५२ असारमा कुल विदेशी मुद्रा संचितिमा २.५४ प्रतिशतले मात्र वृद्धि भइ रु.४३०८.४९ करोड पुगेको थियो । सो वर्ष परिवर्त्य विदेशी मुद्रा संचितिमा ५.२५ प्रतिशतले कमी आइ रु. ३६१३.६७ करोड पुग्न गएको थियो । तर अपरिवर्त्य विदेशी मुद्रा ७९.१४ प्रतिशतले वृद्धि भइ रु. ६९४.८२ करोड पुगेको थियो । २०५३ असारमा कुल विदेशी मुद्रा

संचिति ३.१४ प्रतिशतले वृद्धि भइ रु.४४४३.८३ करोड पुगेको थियो भने २०५४ को यसै अवधिमा कुल विदेशी मुद्रा संचिति ९.२३ प्रतिशतले बढी रु.४८५४.१४ करोड पुगेको थियो । २०४९ असारमा रहेको कुल विदेशी मुद्रा संचितिले ९.१ महिनाको आयातलाई धान्न पुग्यो भने २०५४ असारमा ६.० महिनाको आयातलाई धान्न सक्ने संचिति रहेको थियो । (तालिका ३१)

आठौं योजनाको सुरु महिनामा नेपाली मुद्राको अमेरिकी डलरसँगको विनिमय दर १ अमेरिकी डलर बराबर रु.४२.८० रहेकोमा योजनाको अन्तिम महिना सम्ममा ३३.८८ प्रतिशतले नेपाली मुद्राको अवमूल्यन भइ १ अमेरिकी डलर बराबर रु. ५७.३० कायम रह्यो ।

आठौं योजनावधिमा आर्थिक सुधारका कार्यक्रमहरुको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न मद्दत मिल्नुका साथै खासगरी गैर-कृषि क्षेत्रमा सकारात्मक प्रभाव परेको देखिएको छ । तर कृषि क्षेत्रको उत्पादनको मौसमी निर्भरतामा भने अझै सुधार हुन सकेन । यस अवधिमा मूल्य वृद्धिदर, राजस्व वृद्धिदर आदि कुरामा सकारात्मक प्रगति भए पनि विदेशी सहायताको परिचालनमा भएको कमीले गर्दा लक्ष्य अनुसार विकास खर्चमा प्रगति हुन सकेन । न्यून वित्तमा बढोत्तरी वैदेशिक व्यापार घाटा अभिवृद्धि जस्ता कारणले पनि यस अवधिमा अर्थतन्त्रमा केही नकारात्मक असर पर्न गयो । कृषि क्षेत्रको वृद्धिदर कम भएकाले कृषिमा आधारित ग्रामीण जनताको जीवनस्तरमा खासै सुधार हुन सकेन । यसका अतिरिक्त खासगरी राजनीतिक अस्थिरताले गर्दा योजनाको अन्त्यतिर आर्थिक व्यवस्थापन पक्ष कमजोर रहन गयो ।

स्पष्ट प्राथमिकतामा आधारित रणनीतिविनाको आर्थिक नीति तथा साधन विनियोजनले राष्ट्रिय उत्पादकत्व तथा आर्थिक वृद्धिदरलाई उच्च राख्न र गरिब जनसमुदायको जीवनस्तरमा सुधार ल्याउन नसक्ने भएकाले उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र गरिबी निवारण गर्ने सम्बधमा ठोस कार्यनीति तर्जुमा र त्यसको कार्यान्वयन आजको प्रमुख आवश्यकता र चुनौती भएको छ । यसका साथै आठौं योजनावधिमा विकास नीतिहरुमा ल्याइएका नीतिगत तथा विकास भएका पूर्वाधारहरुलाई अझै बढी प्रभावकारी बनाउन सो अनुरुपका अन्य कार्यगत नीतिका साथै कानुनी तथा संस्थागत पूर्वाधारहरुलाई प्राथमिकता दिइ कृषिको एकीकृत विकासमा विशेष जोड दिनुपर्ने आवश्यकता देखिएको छ ।

३. भौतिक प्रगति स्थिति

कृषि, सिँचाइ तथा वन :

कृषि

आठौं योजनामा कृषि क्षेत्रको उत्पादन वार्षिक औसत ३.७ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएकोमा योजनावधिमा ३.० प्रतिशतले मात्र बृद्धि भएको देखिन्छ । खाद्यान्न बाली उत्पादन प्रतिवर्ष औसत ४ लाख मेट्रिक टनले बढाउँदै लैजाने योजनाको लक्ष्य प्राप्त हुन सकेको देखिदैन । बालीगत रुपमा कोदो, जौ र दालबालीको उत्पादन लक्ष्यभन्दा बढी भएको देखिन्छ । नगदेबालीतर्फ चिया (निजी क्षेत्रसमेत) र उखुको उत्पादनमा लक्ष्य अनुरुप भएको छ भने सुर्तीबाहेक अन्य वालीको उत्पादनमा केही प्रगति भए तापनि लक्ष्य भने हासिल हुन सकेको देखिदैन । कफी, च्याउ जस्ता अन्य स–साना बालीहरुको उत्पादन पनि लक्ष्यभन्दा निकै कम भएको छ । वागवानीतर्फ तरकारी उत्पादनमा लक्ष्य अनुरुप भएको छ भने आलुको उत्पादन लक्ष्यभन्दा केही कम छ । फलफूलतर्फ तथ्याङ्कको पुनःमूल्याङ्कन हुँदा आधार तथ्याङ्कमा नै कमी आएको सन्दर्भमा वृद्धिदरको दृष्टिवाट यसको उत्पादन त्यति निरुत्साहजनक देखिदैन । पशुजन्य उत्पादनमा मासु र माछा उत्पादनमा लक्ष्य हासिल भएको छ भने दूध फुल र ऊनको उत्पादन लक्ष्यभन्दा केही पछि नै रहेको देखिन्छ ।

कृषि उत्पादकत्वतर्फ योजनाको निर्धारित लक्ष्यको तुलनामा अन्तिम वर्षमा सवै बालीको उत्पादकत्व लक्ष्यभन्दा पछाडिनै छ । खाद्यान्नमा प्रमुख योगदान रहेको धानको उत्पादकत्व योजनाको अन्त्यसम्ममा २.८५ मेट्रिक टन प्रति हेक्टर पुऱ्याउने लक्ष्यमा २.४६ मे.टन प्रति हेक्टर मात्र प्रगति भएको छ । रासायनिक मलको आपूर्ति सन्तोषजनक हुन सकेन । उन्नत बीउ, बिरुवा तथा नश्लहरुको आपूर्ति परिमाणात्मक र गुणात्मक दुवै दृष्टिवाट त्यति प्रभावकारी हुन सकेन ।

सिँचाइ

आठौं योजनावधिमा नयाँ तथा सञ्चालनमा रहेका विभिन्न निर्माणाधीन सिँचाइ आयोजनाहरुबाट कुल २,९३,८९५ हेक्टर क्षेत्रमा थप सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको थियो । सिँचाइ विभागअन्तर्गत संचालित सतह सिँचाइबाट १,४४,०४२ हेक्टर र भूमिगत सिँचाइबाट १७,०९० हेक्टर गरी जम्मा १,६१,१३२ हेक्टर क्षेत्रमा र कृषि विकास बैंकमार्फत् सतह सिँचाइबाट ४९,००० हेक्टर र भूमिगतबाट ७०,७०० हेक्टर गरी जम्मा १,१९,७०० हेक्टर क्षेत्रमा र यसका अतिरिक्त विभिन्न गैरसरकारी क्षेत्रअन्तर्गतका आयोजना निर्माण गरी १३,०६३ हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको थियो ।

सिँचाइ विभागअन्तर्गत संचालित कार्यक्रमहरुमात्र ८५.५ प्रतिशत प्रगति भएको छ । यसमध्ये सतह सिँचाइतर्फ ९०.६ प्रतिशत प्रगति भएको छ भने भूमिगत सिँचाइतर्फ ४५.४ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । कृषि विकास बैंकबाट संचालित कार्यक्रममा ६३.६ प्रतिशत प्रगति भएको छ । यसमध्ये सतह सिँचाइतर्फ ३२.०० प्रतिशत र भूमिगत सिँचाइततर्फ ७४.२ प्रतिशत प्रगति भएको देखिन्छ । कुल लक्ष्यको आधारमा ७२.९ प्रतिशत प्रगति भएको छ । कृषि विकास बैंकअन्तर्गत संचालित लिफ्टपम्प कार्यक्रमबाट २२,७२७ हेक्टर भूमिमा सिँचाइ भएको देखिन्छ ।

भूमिसुधार तथा व्यवस्था

भूमिसम्बन्धी ऐन २०२१ को पछिल्लो संशोधनले जग्गाधनी र मोहीबीच आधा-आधा स्वामित्व कायम गरी बाँडफाँट गर्ने व्यवस्था गरेअनुरुप जमिनमाथिको दोहोरो नियन्त्रण सदाका लागि अन्त्य गर्ने कार्यक्रम सञ्चालन भएको थियो ।

भूमिसम्बन्धी ऐनले जग्गामा अधिकतम हदबन्दी निर्धारण गरी प्रत्येक परिवारलाई तराई र भित्री मधेशमा २५ विघा, उपत्यकामा ५० रोपनी तोक्नुका साथै घरवारीको हकमा तराई, पहाड र काठमाडौं उपत्यकामा क्रमशः थप ३ विघा, १६ रोपनी र ८ रोपनी तोकेको छ । तर औद्योगिक व्यवसाय, कृषि उद्योग, शिक्षण तथा स्वास्थ्य संस्था र सहकारी खेती जस्ता निश्चित उद्देश्यका लागि प्रयोग भएका जग्गामा हदबन्दीमा छुट दिन सकिने व्यवस्था पनि ऐनले गरेको छ । धेरै अघि भूमिसुधार कार्यक्रमको अङ्गको रुपमा सुरु भएको कित्ता नापी हाल आएर नेपाल अधिराज्यको ७५ वटै जिल्लामा एकोहोरो नापी समाप्त भएको छ ।

वन

आठौं योजनावधिमा वन विकासको लक्ष्य हासिल गर्न नसके पनि समष्टिगतरुपमा वन विकासतर्फको प्रगति सन्तोषजनक रहेको छ । सामुदायिक वनतर्फ यस योजनावधिमा ५,००४ उपभोक्ता समूह गठन गर्ने लक्ष्य रहेकोमा ५,३१६ उपभोक्ता समूह गठन भएका थिए । त्यस्तै ५,००० उपभोक्ता समूहलाई २,५१,७५० हेक्टर वन क्षेत्र हस्तान्तरण गरी व्यवस्थापन गर्ने उद्देश्यअनुरुप ७,०७२ वन कार्ययोजना तयार गरी ३,००,००० हेक्टर वनक्षेत्र उपभोक्ता समूहहरुलाई हस्तान्तरण गरियो । केन्द्रीय तथा जिल्लास्तरीय गरी ६७,११९ हेक्टर क्षेत्रमा वृक्षरोपण गर्ने लक्ष्य रहेकोमा २६,४५६ हेक्टर क्षेत्रमा मात्र वृक्षरोपण कार्य सम्पन्न हुन सक्यो ।

योजनावधिमा ११ करोड १२ लाख ४२ हजार बिरुवा उत्पादन गर्ने लक्ष्य रहेकोमा ८ करोडभन्दा बढी बिरुवा उत्पादन गरी वितरण समेत गरिएको थियो । कबुलियत वन विकासतर्फ २५,००० परिवारलाई कबुलियती वन उपलब्ध गराउने लक्ष्य रहेकोमा जम्मा ८,००० परिवारलाई मात्र यस्तो वन उपलब्ध गराइयो । राष्ट्रिय वन व्यवस्थापनतर्फ ६,२८,३०१ हेक्टर वन क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा १९ जिल्लाका वन व्यवस्थापन कार्य योजना तयार गरियो । यसैगरी भू तथा जलाधार संरक्षण कार्यक्रमअन्तर्गत ६० जिल्लामा भू-संरक्षण सेवा विस्तार गर्ने लक्ष्य रहेकोमा ५० जिल्लामा यस्तो सेवा विस्तार गरियो । वनस्पति विकास कार्यक्रमतर्फ करिब २,५०० प्रकारका बोट विरुवालाई शाही वनस्पति उद्यान, गोदावरीलगायत विभिन्न वनस्पति केन्द्रमा स्थानान्तरित तथा प्राकृतिकरुपमा (in-situ conservation) संरक्षण गरियो ।

उद्योग, पर्यटन तथा विद्युत् :

उद्योग

आठौ योजनामा वार्षिक औसत १२.४ प्रतिशतका दरले औद्योगिक उत्पादन वृद्धि हुने अनुमान गरिएकोमा स्थिर मूल्यमा वार्षिक औसत ५.२३ प्रतिशतले बृद्धि भएको छ । त्यस्तै कुल राष्ट्रिय उत्पादनमा उद्योग क्षेत्रको योगदान वार्षिक ४.८ प्रतिशतले वृद्धि हने अनुमानको आधारमा योजनाको अन्त्यमा उद्योग क्षेत्रको योगदान ८.५ प्रतिशत पुग्ने अनुमान गरिएको थियो । योजनाको अन्त्यमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि रु. १२.१७ अर्ब हुने आधारमा उद्योग क्षेत्रको वार्षिक मूल्य अभिवृद्धिदर १०.८ प्रतिशत हुने अनुमान गरिएको थियो । योजना अवधिमा मूल्य अभिवृद्धिको औसत वृद्धिदर ६.८ प्रतिशत पुगेको छ र कुल राष्ट्रिय उत्पादनमा उद्योग तथा खानी क्षेत्रको योगदान ९.२ प्रतिशत पुगेको छ ।

आठौं योजना अवधिमा उद्योग तथा खानी क्षेत्रमा थप १२८००० रोजगारी सिर्जना भइ कुल रोजगारी संख्या ३,९५,००० पुग्ने अनुमान गरिएकोमा योजनाको चौथो वर्षसम्ममा उद्योग विभागमा दर्ता भएका १३४५ मझौला तथा ठूला उद्योगमध्ये ७०% परियोजनाहरु कार्यान्वयन हुने आधारमा १,१५,००० र घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका ३४,४३९ औद्योगिक परियोजनामध्ये ३०% कार्यान्वयन हुने आधारमा १,२०,००० गरी जम्मा २,३५,००० थप रोजगारीको अवसर सिर्जना भएको अनुमान गरिएको छ ।

आठौं योजनामा कम्पनी रजिष्ट्रारको कार्यालयले ५२०२ प्रा.लि र ६१२ पब्लिक लिमिटेड कम्पनी दर्ता गरेको छ । संयुक्त वा विदेशी लगानीवाट करिव २०० विदेशी लगानी परियोजनाको प्रवर्द्धन गरिने र त्यसमा रु. २४३ करोड वराबरको विदेशी लगानी हुने अनुमान गरिएकोमा योजना अवधिमा २४० परियोजना प्रवर्द्धन भइ कुल रु. ९७३.२ करोड वैदेशिक लगानी भएको अनुमान छ ।

घरेलु तथा साना उद्योग

आठौं योजनामा २५००० घरेलु उद्योग र १००० साना उद्योग दर्ता गर्ने लक्ष्य रहेकोमा योजना अवधिमा ४३,२५० घरेलु तथा साना उद्योग दर्ता भएका छन् । दर्ता भएका उद्योगहरुबाट यस क्षेत्रमा करिव ४ लाख व्यक्तिलाई वैकल्पिक रोजगारी प्राप्त हुने अनुमान गरिएको थियो । घरेलु तथा साना उद्योग विभागवाट योजना अवधिमा जम्मा २५,२१९ व्यक्तिलाई सीप विकास तालिम प्रदान भएको छ ।

खानी तथा भूगर्भ

आठौं योजनावधिमा धातु तथा अधातु खनिज गरी कुल ६००० व.कि.मि क्षेत्रमा खनिज अन्वेषण कार्य गर्ने लक्ष्य राखिएकोमा ५९०२ व.कि.मि. क्षेत्रमा यो कार्य सम्पन्न भैसकेको छ । काठमाडौं उपत्यकाको ग्याँस भण्डारको व्यापारिक उपयोगका लागि विस्तृत सम्भाव्यता अध्ययन कार्य गर्ने लक्ष्य राखिएकोमा सो कार्य सम्पन्न भएको छ । अधिराज्यका विभिन्न भागका १७४५० वर्ग किलोमिटर क्षेत्रमा विभिन्न भूवैज्ञानिक अध्ययन कार्य गर्ने लक्ष्य रहेकोमा १९५०० वर्ग किलोमिटर क्षेत्रमा कार्य सम्पन्न

भएको छ र अधिराज्यभरी थप १२ भूकम्पमापन केन्द्र स्थापना गर्ने लक्ष्य सम्पन्न भइ सवै केन्द्र संचालनमा रहेका छन् ।

आठौं योजनाको लक्ष्यमा खानी क्षेत्रलाई ठूलो महत्व दिइए तापनि लगानीको अभावका कारण उति संतोषजनक प्रगति हुन सकेन ।

पर्यटन तथा हवाई

आठौं योजनावधिमा कुल १९,०७,७४५ पर्यटक आउने प्रक्षेपण गरिएकोमा कुल १७,६४,७३९ पर्यटकको आगमन भइ लक्ष्यको ९२.५% प्रगति भएको देखिन्छ । यसैगरी योजनावधिको प्रथम ४ वर्षमा अमेरिकी डलर ३७.५४ करोड आर्जन गर्ने लक्ष्य राखिएकोमा यस अवधिमा अमेरिकी डलर ३७.४६ करोड आर्जन भइ लक्ष्यको करिव शतप्रतिशत प्रगति भएको छ ।

आठौं योजनावधिमा पोखरामा सराङ्गकोट सडक सुधार, पोखरा संरक्षण क्षेत्र सुधार, घलेगाउँ सिक्लेस इकोटुरिज्म विकास, पोखरा विमानस्थलको धावनमार्ग र टर्मिनल भवन निर्माण जस्ता ठोस कार्यक्रमहरु सम्पन्न भएको छ । यसैगरी काठमाडौमा पर्यटक सूचना केन्द्र र होटेल व्यवस्थापन तथा तालिम केन्द्रको भवन निर्माण सम्पन्न भएको छ भने गोरखा दरवार क्षेत्रको संरक्षण एवं सुधार कार्य भएको छ । पोखरामा अन्तर्राष्ट्रिय पर्वताहरोण संग्राहलय भवन निर्माणकार्य प्रारम्भ भइसकेको छ । पर्यटकहरुलाई नेपाल भित्र्याउने महत्वपूर्ण यातायातको माध्यमको रुपमा रहेको हवाई यातायात सेवालाई आठौं योजनावधिमा सक्षम, सुरक्षित, सुविधायुक्त तथा स्तरीय वनाउने उद्देश्यअनुरुप अधिराज्यमा विमानस्थलको संख्या ४४ पुगेको छ । मुगु, कालिकोट, अछाम, खोटाङ र डोल्पा जस्ता दुर्गम स्थानहरुमा विमानस्थल निर्माणका चरणमा छन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजनाअनुसार स्तर, सुविधा वृद्धि र क्षमता वृद्धिका लागि सुधार कार्यहरु संचालन गरिएका छन् ।

श्रम

तेह्र सीप विकास तालिम केन्द्र र दुई व्यावसायिक प्रशिक्षण केन्द्रबाट सञ्चालिन विभिन्न व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमबाट २२,९७३ व्यक्तिलाई तालिम दिइएको छ । अशिक्षा तथा गरिबीका कारण विभिन्न प्रलोभनमा परी अमर्यादित पेशामा लाग्नसक्ने सम्भावित जिल्लाहरुका १२५ जना महिलालाई कठमाडौंस्थित नारी कल्याणगृहमा आवासीय सुविधासहित सीपमूलक तालिम प्रदान गरी एक-एक थान हाते सिलाई मेसिन वितरण गरिएको छ ।

दाङ, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरुमा वर्षौं देखि चल्दै आएको कमैया प्रथा अन्त्य गर्ने कार्यमा सघाउ पुऱ्याउन २०५२।५३ देखि सञ्चालित कमैया महिला सीम विकास तालिम प्रदान गरी एक-एक थान हाते सिलाइ मेशिन वितारण गरिएको छ । १० श्रम कार्यालयमा रोजगार सूचना केन्द्रहरुको स्थापना गरिएको छ ।

जलस्रोत तथा ऊर्जा

आठौं योजनाको अन्त्यसम्ममा ३४७ मेगावाट लक्ष्यको तुलनामा देशको विद्युत् उत्पादनको कुल क्षमता जलविद्युत्तर्फ २५३ मेगावाट र तापीय विद्युत्तर्फ ४७ मेगावाट गरी जम्मा ३०० मेगावाट पुगेको छ। त्यस्तै विद्युत् ऊर्जा उत्पादनतर्फ १,५२,२० लाख युनिट पुऱ्याउने लक्ष्यको तुलनामा १,३२,२९ लाख युनिट उत्पादन भयो। सिङ्गल र डबल सर्किट गरी विभिन्न भोल्टेजका प्रसारण लाइनको कुल लम्बाइ २,९०२ किलोमिटर र सवस्टेशन क्षमता ६०२ एम.भी.ए. सम्म पुगेको छ। कुल ग्राहक संख्या ५,२५,००० पुग्न गएको छ। यसअनुसार देशका करिब १४ प्रतिशत जनताले विद्युत् सेवा उपभोग गरिरहेको अनुमान छ। यसरी आपूर्ति गरिएको कुल विद्युत् ऊर्जाको २६ प्रतिशत गार्हस्थ्य क्षेत्रमा, ३० प्रतिशत औद्योगिक क्षेत्रमा, ५ प्रतिशत व्यापारिक क्षेत्रमा, १३ प्रतिशत निर्यात एवं अन्य क्षेत्रमा खपत भएको छ। यसरी जम्मा उत्पादित विद्युत्को ७४ प्रतिशत सदुपयोग भएको छ भने २६ प्रतिशत प्राविधिक एवं गैरप्राविधिक ह्रासमा गएको छ।

विद्युत्को मागअनुसार आपूर्ति गर्न आन्तरिक स्रोत अपर्याप्त भएकाले निजी क्षेत्रका विद्युत् उत्पादनकर्ताहरुसँग खरिद र भारतवाट समेत आयात गरी उच्चतम मागको आपूर्ति गरिएको छ। निजी क्षेत्रको संलग्नतामा मध्यौला खालका खिम्ती र भोटेकोशी जलविद्युत् आयोजनाहरु निर्माणाधीन छन् भने पश्चिम सेती जलविद्युत् आयोजना निर्माणको लागि कारवाही अघि बढिरहेको छ।

विद्युत् निकासी समेतको सम्भावना भएका बृहत् जलविद्युत् आयोजनाहरुको हकमा कर्णाली (चिसापानी) बहुउद्देश्यीय, पञ्चेश्वर (महाकाली) बहुउद्देश्यीय आयोजनाहरु कार्यान्वयन गराउन नेपाल र भारतका विभिन्न अधिकृतस्तरमा वार्ताको क्रम चालू छ।

यातायात र सञ्चारः :

यातायात

आठौं योजनामा राजमार्ग ७६३ कि.मि., सहायक मार्ग ९१५ कि.मि., शहरी सडक १०० कि.मि. र विभिन्न स्तरअनुसार कालोपत्रे १८७ कि.मि., खण्डास्मित ३७९ कि.मि., कच्ची १२१२ कि.मि. गरी जम्मा १७७८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेकोमा योजना अवधिमा राजमार्ग ४७१ कि.मि. (६१.७ प्रतिशत), सहायक मार्ग ४८७ कि.मि. (५३.२ प्रतिशत) र शहरी सडक १३४ कि.मि. (१३४.० प्रतिशत) र स्तरअनुसार कालोपत्रे ११९ कि.मि. (६३.६ प्रतिशत), खण्डास्मित २३१ कि.मि. (६०.९ प्रतिशत), कच्ची ७४२ कि.मि. (६१.२ प्रतिशत) गरी जम्मा १०९२ कि.मि. (६१.४ प्रतिशत) सडक निर्माण भएको छ। यस अतिरिक्त आठौं योजनामा उल्लेख नभएका कालोपत्रे ३७२ कि.मि., खण्डास्मित ५३७ कि.मि., कच्ची ८६२ कि.मि. गरी जम्मा १७७१ कि.मि. सडकको निर्माण भइ आठौं योजनाको जम्मा प्रगति कालोपत्रे ४९१ कि.मि. (२६२.६ प्रतिशत), खण्डास्मित ७६८ कि.मि. (२०२.६ प्रतिशत), कच्ची १६०४ कि.मि. (१३२.३ प्रतिशत) गरी जम्मा २८६३ कि.मि. (१६१.० प्रतिशत) सडक निर्माण भएका छ ।

उपर्युक्त योजनामा २५ मोटर चल्ने पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ५० (२००.० प्रतिशत) पुल निर्माण गरिएको छ। मूल बाटोमा पर्ने १०० र स्थानीय बाटोमा पर्ने ४०० गरी जम्मा ५०० झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य रहेकोमा झोलुङ्गे पुल डिभिजनबाट ११४ (११४.० प्रतिशत) स्थानीय विकास मन्त्रालयबाट २४ (६.० प्रतिशत) झोलुङगे पुल निर्माण भएको छ।

अन्य यातायाततर्फ काठमाडौं-हेटौंडा रोपवेको १३ कि.मि. खण्डको मर्मत एवं सुधार गरिएको छ। जयनगर-जनकपुर-बिजलपुरा रेलमार्गको क्षतिग्रस्त खण्डको मर्मत एवं सम्भार गरिनुका साथै नयाँ ४ थान डिजेल लोकोमोटिभ इन्जिन र १८ बोगी कोच उपलब्ध गराइएको छ। काठमाडौं-भक्तपुर ट्रलीबस रुटमा नयाँ थप १० ट्रलीबस संचालन गरिएको छ।

सञ्चार :

हुलाक सेवा

आठौं योजनाको अवधिसम्म अधिराज्यभरी ३६६० हुलाक स्थापना भइ प्रति ५९१७ जनसङ्ख्याका लागि १ हुलाकले सेवा पुऱ्याइएको छ। डाँक परिवहन तथा गुणस्तर विकासतर्फ आवश्यक मात्रामा डाँक रेखाको विस्तार गरिएको छ र अधिराज्यका ३३ स्थानमा आन्तरिक द्रुत डाँक सेवा तथा विभिन्न २० मुलुकसँग अन्तर्राष्ट्रिय द्रुत डाँक सेवा (EMS) सञ्चालन भइसकेको छ। वित्तीय सेवातर्फ ८५ हुलाकमा धनादेश र १० हुलाकमा हुलाक बचत बैंक सेवा सञ्चालन भएको छ।

दूरसञ्चार सेवा

आठौं योजना प्रारम्भ हुनु अघि अधिराज्यका २७ जिल्लामा टेलिफोन सेवा उपलब्ध हुन बाँकी रहेकोमा यस अवधिमा अधिराज्यका सबै जिल्ला सदरमुकामबाट टेलिफोन सम्पर्क गर्न सकिने व्यवस्था मिलाइ दूरसञ्चार सेवालाई अधिराज्यव्यापी गराइएको छ। यस सिलसिलामा ६०० टर्मिनल स्थापना गरी विभिन्न इलाकाहरूमा टेलिफोन उपलब्ध गराउने लक्ष्य रहेकोमा १२०० गा.वि.स. मा टेलिफोन सेवा पुगेको छ।

आठौं योजनासम्ममा टेलिफोन सेवाको घनत्व प्रति १०० व्यक्ति करिव १ लाइन पुगी कुल टेलिफोन क्षमता २ लाख लाइन पुगेको छ। योजनावधिमा थप १,६१,००० लाइन टेलिफोन क्षमता वृद्धि गर्ने लक्ष्य रहेकोमा करिव १ लाख ३० हजार लाइनका उपकरणहरू जडान भइ लक्ष्यको करिब ८० प्रतिशत प्रगति हासिल भएको छ। यस अवधिमा ३१ शहरोन्मुख ठाउँमा १५० देखि २०० लाइन क्षमतासम्मका ग्रामीण टेलिफोन एक्सचेञ्ज स्थापना गर्ने कार्य सुरु भएकोमा २९ ठाउँमा एक्सचेञ्ज स्थापना गरी सेवा उपलब्ध गराइएको छ।

नेपाल टेलिभिजनको क्यालिब्रेशन तथा मेन्टिनेन्स सेन्टरको स्थापनाबाहेक अन्य कार्यक्रमहरूमा योजनाअनुरूप कार्य भएको छ। नेटवर्क विस्तार अन्तर्गत धनकुटा, नवलपरासी, पाल्पा र पोखरामा रिले केन्द्रहरू स्थापना भएका छन्। राष्ट्रिय समाचार समिति (रा.स.स.) अन्तर्गतका कांकडभिट्टा र वीरगञ्जमा भवन निर्माण गरिएको छ। उपकरण जडान गर्नेतर्फ केन्द्रमा कम्प्युटर प्रणालीको स्थापना भएको छ। रा.स.स. को समाचार संकलन, प्रशोधन र वितरण प्रक्रियामा सुधार ल्याउन कम्प्युटर नेटवर्क स्थापन गरिएको छ। श्री ५ को सरकारको निजीकरण नीति अनूरूप २०५०/५१ मा नेपाल चलचित्र संस्थानको ५१ प्रतिशत सेयर निजी क्षेत्रमा प्रवाहित गरी यसलाई नेपाल चलचित्र विकास कम्पनीको रूपमा स्थापित गरिएको छ।

आवास तथा भौतिक योजना

आठौं योजना अवधिमा आवास क्षेत्रतर्फ सुविधायुक्त आवासीय घडेरीहरुको विकास, आवासीय भवनहरुको आपूर्ति, मौजुदा घरहरुको मर्मत तथा सुधार, भवन निर्माणसम्बन्धी अनुसन्धान, विकास तथा आवास क्षेत्रमा लगानी बढाउने आदि कार्य भएको छ। स्थानीय निर्माण सामग्री र प्रविधिको विकासका लागि सीपमूलक तालिम, उपयुक्त निर्माण सामग्रीको विकास र विस्तारका साथै केन्द्रीय स्तरका भवन अनुसन्धान केन्द्रको स्थापना गरिएको छ।

सुकुम्बासी समस्या समाधान आयोगमार्फत भूमिहीन किसानहरुलाई घडेरी उपलब्ध गराउने काम राष्ट्रव्यापी रुपमा सञ्चालन गरिएको भए तापनि अन्य आवश्यक सेवा सुविधा र सुरक्षित आवास घरको प्रबन्ध गर्न नसकिएको हुँदा लक्षित समूहलाई खासै लाभ पुग्न नसकेको देखिन्छ। आवास विकासका लागि अति आवश्यक पर्ने आवास ऋण तथा अन्य वित्तीय व्यवस्थापन विकासमा उल्लेखनीय कार्य हुन सकेको देखिदैन। मध्यम तथा निम्न आय वर्गका लागि आवास ऋण प्रवाह गर्ने उद्देश्ले खडा गरिएको आवास वित्त विकास कम्पनीले खुलेका थुप्रै वित्तीय कम्पनीहरुले सहुलियत ब्याजदरमा आवास ऋण उपलब्ध गराउने नीति लिए तापनि त्यसबाट निम्न आयवर्गका परिवारहरुलाई खास लाभ पुग्न सकेको देखिदैन।

शहरी विकासतर्फ सबैजसो नगरपालिकाहरुको भौतिक विकास योजनाको परिमार्जन एवं अद्यावधिक गर्ने कार्य सम्पन्न गर्नुका साथै १२ नगरपालिकाहरुको एकीकृत कार्यमूलक योजना तयार गरिएको छ। राष्ट्रिय स्तरका केही मन्त्रालय भवनहरु, वीरेन्द्र अन्तर्राष्ट्रिय सभागृहको निर्माण पूरा गरिनुका साथै सांसद आवास निर्माण सम्बन्धी गुरुयोजना तयार गरिएको छ। भूकम्पबाट प्रभावित पूर्वाञ्चल तथा मध्यमाञ्चलका २९ जिल्लामा ७६९७ दुई कोठे विद्यालयहरु निर्माण सम्पन्न भएको र ३५ निर्माणधीन अवस्थामा छन्। नगरपालिकाहरुको विकास योजना तथा कार्यक्रमहरुको निर्धारण, कार्यान्वयन एवं मूल्यांकनका लागि नगर विकास कोषमार्फत करिब रु.१३.४६ करोड ऋण लगानी र करिब रु. ९.६० करोड अनुदान प्रवाहित भएको छ।

सामाजिक सेवा :

शिक्षा

प्राथमिक शिक्षातर्फ योजनावधिमा प्राथमिक शिक्षा उमेर ६ देखि १० वर्ष को वालवालिकाहरुको खुद भर्ना (net enrolment) प्रतिशत ९० पुऱ्याउने,२०२५ प्राथमिक विद्यालय र ८००० प्राथमिक शिक्षक थप गर्ने लक्ष्य भएकोमा २०५३ सालमा विद्यालय संख्या २२२१८, शिक्षक संख्या ८९ हजार ३७८ तथा विद्यार्थी संख्या ३४ लाख ४७ हजार ६०७ पुगी खुद बिद्यार्थी भर्ना प्रतिशत ६९.४ पुगेको छ। यसअनुसार योजनावधिमा विद्यालय संख्या ३५२४ र शिक्षक संख्या १४८८३ थप भएको देखिन्छ। प्राथमिक शिक्षालाई अनिवार्य गर्ने अभिप्रायले यस योजनावधिको २०५२/५३ देखि काभ्रेको बनेपा नगरपालिका र चितवनको रत्ननगर गा.वि.स. मा परीक्षण कार्यक्रमको रुपमा सुरु गरी प्राप्त अनुभवको

आधारमा २०५३/५४ देखि उक्त कार्यक्रम आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका ४० जिल्लाका एक एक गा.वि.स.मा संचालन गरिएको छ।

निम्न-माध्यमिक तथा माध्यमिकतर्फ योजना अबधिमा ११ वर्षदेखि १५ वर्ष उमेर समूहका ४५ प्रतिशत बालबालिकाहरुलाई उक्त तहको शिक्षा सुविधा उपलव्ध गराउने, ९०० विद्यालय र ५४०४ शिक्षक थप गर्ने लक्ष्य रहेकोमा २०५३ सालको शैक्षिक तथ्याङ्कअनुसार निम्न माध्यमिक तहतर्फ विद्यालय संख्या ५ हजार ५०६, शिक्षक संख्या १९ हजार ७०४ तथा विद्यार्थी संख्या ७ लाख ९१ हजार ५०२ पुगी बिद्यार्थी भर्ना प्रतिशत ५०.३ पुगेको छ। त्यस्तै माध्यमिक तहमा विद्यालय संख्या २ हजार ९०३, शिक्षक संख्या १६ हजार ४२३ र बिद्यार्थी संख्या ३ लाख २९ हजार ८३३ पुगी बिद्यार्थी भर्ना प्रतिशत ३४.७ पुगेको छ।

उच्च-माध्यमिक शिक्षातर्फ अधिराज्यका १२५ माध्यमिक विद्यालयमा उच्च माध्यमिक शिक्षा संचालन गर्ने लक्ष्य रहेकोमा २०५३/५४ सम्म अधिराज्यभर जम्मा २१३ उच्च माध्यमिक विद्यालय संचालन भएको देखिन्छ। सन् २००० सम्ममा देशमा साक्षरता प्रतिशत ६७ पुऱ्याउने उद्देश्यअनुरुप योजनावधिमा साक्षरता प्रतिशत ६० पुऱ्याउने लक्ष्य लिइ यस कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा कार्यान्वयन गरिएको थियो। योजनावधिमा सरकारी तथा गैरसरकारी साक्षरता कार्यक्रमहरुबाट १३ लाख ६हजार साक्षरको अभिवृद्धि भइ देशमा ६वर्ष र सोभन्दा माथिको जनसंख्याको साक्षरता प्रतिशत ४८ पुगेको अनुमान छ।

आठौं योजनावधिमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अधिराज्यका ४० जिल्लामा संचालन भएको छ। साथै १५ जि.शि. का भवन निर्माण गरिएको छ। प्राथमिक विद्यालयमा महिला शिक्षकहरुको नियुक्तिमा प्राथमिकता दिने नीति लिइ प्राथमिक विद्यालयमा कमसे कम एकजना महिला शिक्षकको अनिवार्य नियुक्ति गर्ने उद्देश्यले ४१५० महिला शिक्षक नियुक्ति गरिएका छन्। अधिराज्यका विभिन्न ९ क्षेत्रमा प्राथमिक शिक्षक प्रशिक्षण केन्द्र स्थापना गर्ने लक्ष्यअनुरुप प्राथमिक शिक्षक प्रशिक्षण केन्द्रहरु स्थापना भइ १७२६५ प्राथमिक शिक्षकलाई तालिम प्रदान गरिएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमतर्फ योजनावधिमा अधिराज्यको बिभिन्न भागका ४ नयाँ प्राविधिक विद्यालयहरु स्थापना गर्ने लक्ष्य रहेकोमा डोटी, बाँके, दाङ्ग, र मुस्ताङ्ग जिल्लामा प्राविधिक शिक्षालय स्थापना गरिसकिएको छ। प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम केन्द्रहरुबाट २५९५ जनालाई नियमित प्रशिक्षण दिने र २०३४ जनालाई अल्पकालीन तालिम दिने लक्ष्य रहेकोमा २२७४ जनालाई नियमित प्रशिक्षण र ६७०९ जनालाई अल्पकालीक प्रशिक्षण प्रदान गरिएको छ।

आठौं योजनावधिमा काठमाडौं विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालय स्थापना भइ संचालन भइरहेका छन्। यसैगरी पोखरा विश्वविद्यालय स्थापनाको घोषणा समेत भइसकेको छ। यसरी योजनावधिसम्ममा त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालय समेत गरी कुल विश्व विद्यालयको संख्या ५ र त्रि.वि. अन्तर्गत आंगिक ६१ र निजी १३५ गरी १६६ क्याम्पस संचालन भएका छन्।

स्वास्थ्य

जनताको स्वास्थ्यस्तरलाई क्रमशः माथि उठाउँदै "सन् २००० सम्ममा सबैको लागि स्वास्थ्य" सुविधा उपलब्ध गराउने, जनताको स्वास्थ्यस्थितिमा सुधार ल्याइ विकासका लागि स्वस्थ्य जनशक्ति उपलब्ध गराउने, मातृशिशु स्वास्थ्य तथा परिवार नियोजन सेवालाई प्रभावकारी तुल्याइ जनसंख्या नियन्त्रण गर्ने तथा विशेषज्ञमूलक स्वास्थ्य सेवा स्वदेशमै उपलब्ध गराउने उद्देश्यअनुरुप विभिन्न कार्यक्रम कार्यान्वयनमा ल्याइएको थियो। कार्यक्रम अन्तर्गत २६३३७ जनालाई आधारभूत तालिम दिने लक्ष्य रहेकोमा १७१५० जनालाई यस्तो तालिम दिइएको र रिफ्रेशर तालिम १३७४१२ जनालाई दिने लक्ष्य रहेकोमा ९५३१४ जनालाई दिइएको छ।

अधिराज्यका सबै गाउँ विकास समितिमा उपस्वास्थ्य चौकी तथा प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने राष्ट्रिय स्वास्थ्य नीति २०४८ को लक्ष्य अनुसार योजनावधिमा ३१९९ उपस्वास्थ्य चौकी र १०० प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा ३१८७ उपस्वास्थ्य चौकी तथा १०० प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरिएको छ। नेपालका जीवनस्तर मापन सर्वेक्षण (Nepal Living Standard Survey - 1996) अनुसार ग्रामीण क्षेत्रमा आधाघण्टा हिडेर नजिकको स्वास्थ्य संस्थामा पुग्न सक्ने घरपरिवारको संख्या ४१.४१ प्रतिशत पुगेकोछ।

कुल प्रजननदर ४.५ मा झार्ने लक्ष्य रहेकोमा ४.६ रहन गएको छ। कुल प्रजननदरमा परिवार नियोजन सेवाका अतिरिक्त विवाह गर्ने उमेर, स्तनपान गराउने समय, एमोनोरिया, बाझोपन, गर्भपतन सामाजिक मूल्य मान्यता आदिले समेत प्रभाव पार्ने भएकोले कुल प्रजननदरमा लक्ष्यअनुरुप प्रगति हुन नसकेको देखिन्छ।

अधिराज्यका ६४ जिल्लामा औलोरोग नियन्त्रणको लागि हरेक वर्ष ६ देखि ८ लाख जनसंख्याले वसोवास गरेको क्षेत्रमा वर्षको दुई पटक औषधी छर्कने, ३,५०,७५० रक्त नमुना संकलन गरी परीक्षण गर्ने, पत्ता लागेका रोगीहरुको उपचार गर्ने, अनुसन्धान गर्ने कार्यहरुमा लक्ष्यअनुसार नै प्रगति भएको छ। सन् २००० सम्ममा विश्वबाटै पोलियो रोग उन्मूलन गर्ने अभियानअनुरुप नेपालमा पनि २०५३/५४ मा प्रथम पटक राष्ट्रिय खोप दिवस सञ्चालन गरी ०-५ वर्ष मुनिका करिव ३३ लाख बालबालिकालाई पोलियो खोप खुवाउने कार्य गरिएको छ। क्षयरोग नियन्त्रण कार्यक्रमलाई अधिराज्यका सबै जिल्लामा विस्तार गरिएको छ। योजनावधिमा प्रति १० हजार जनसंख्यामा ५ जना क्षयरोगी रहेको र १० जिल्लामा डट्स (DOTS) उपचार कार्यक्रम संचालन गरी उपचार सेवालाई प्रभावकारी बनाइएको छ।

आठौं योजनाको अन्त्यसम्ममा कुष्ठरोगको प्रकोप दरलाई एक हजार जनसंख्यामा १ जनाभन्दा पनि कममा झार्ने लक्ष्य रहेकोमा दर्ता भएका कुष्ठरोगीको दर ०.५९ मा झरेको पाइएकोले यसमा लक्ष्यभन्दा बढी प्रगति भएको देखिन्छ। कुष्ठरोग कार्यक्रम ५६ जिल्लाबाट ७१ जिल्लामा पुऱ्याउने लक्ष्य रहेकोमा कार्यक्रमलाई अधिराज्यभर नै विस्तार गरिएको छ। ५ वर्षमुनिका बालबालिकाहरुको झाडापखालाबाट हुनजाने मृत्युलाई ३२ प्रतिशतले घटाउने लक्ष्य राखिएकोमा झाडापखालाबाट हुन गएको मृत्युसम्बन्धमा कुनै सर्वेक्षण नभएकोले यससम्बन्धमा बास्तविक स्थितिको बोध हुन सकेको छैन।

आठौं योजनामा जिल्लास्तरीय आयुर्वेद चिकित्सालय स्थापना गर्ने लक्ष्य रहेकोमा २५ जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र र २० औषधालय स्थापना भएको छ र ३० औषधालयमा नयां भवन तथा कम्पाउण्डवाल निर्माण गरिएको छ। अधिराज्यभरका प्राविधिक कर्मचारीहरुका लागि पुनर्ताजगी तालिम संचालन गरिएको छ। ३ क्षेत्रीय रुरल फार्मेसीहरुबाट औषधी उत्पादन सुरु गरिएको छ। आयुर्वेद चिकित्सालय, नरदेवीमा १०० शैया थप गर्ने लक्ष्य रहेकोमा ५० शय्या थप गरिएको छ। सिंहदरबार वैद्यखानालाई स्वायत्तता दिई व्यवसायीकरण गर्ने नीतिअनुरुप सिंहदरबार वैद्यखाना विकास समिति गठन गरी व्यवस्थापन तथा औषधी उत्पादन क्षमतामा वृद्धिका साथै भौतिक सुधार गरिएको छ।

खानेपानी तथा ढल निकास

सम्पूर्ण जनतालाई १० वर्षभित्र खानेपानी सुविधा पुऱ्याउने र वातावरणीय सरसफाइ एवं संरक्षणका साथै अधिकाधिक जनतालाई न्यूनतम सरसफाइ सम्बन्धी ज्ञान र सुविधा पुऱ्याउन प्रतिबद्धताका साथ आठौं योजनावधिमा ७२ प्रतिशत जनतालाई खानेपानी सुविधाका साथै १३ प्रतिशत जनतालाई सरसफाइ सुविधा पुऱ्याउने उद्देश्य राखिएको थियो। ग्रामीण क्षेत्रका ६७ लाख ५६ हजार र शहरी क्षेत्रका ४ लाख ४३ हजार समेत ७१ लाख ९९ हजार थप जनसंख्यालाई खानेपानीको सुविधा विस्तार गरी कुल ७२ प्रतिशत जनसंख्यालाई खानेपानीको सुविधा तथा ग्रामीण क्षेत्रका ११ लाख ५९ हजार र शहरी क्षेत्रका ४ लाख १४ हजार गरी १५ लाख ७३ हजार थप जनसंख्यालाई सरसफाइको सुविधा विस्तार गरी कुल १३ प्रतिशत जनसंख्यालाई सरसफाइको सुविधा पुऱ्याउने लक्ष्य राखिएको थियो।

योजनावधिमा विभिन्न आयोजनाहरुबाट ग्रामीण क्षेत्रमा ५१ लाख ९८ हजार र शहरी क्षेत्रमा २ लाख ४८ हजार गरी कुल ५४ लाख ४६ हजार थप जनसंख्यालाई खानेपानी सुविधा उपलब्ध भएको अनुमान छ। भौतिक लक्ष्यको अनुपातमा यस योजनावधिमा ग्रामीण क्षेत्रमा ७७ प्रतिशत तथा शहरी क्षेत्रमा ५६ प्रतिशत उपलब्धि हुनसक्ने देखिएकोले कुल लक्ष्यको ७६ प्रतिशत मात्र उपलब्धि हुने अनुमान गरिएको छ। २०५३/५४ को अन्त्यसम्म अधिराज्यको कुल जनसंख्यामध्ये ६१ प्रतिशत जनसंख्यालाई खानेपानीको सुविधा उपलब्ध भएको छ। सरसफाइतर्फ यथेष्ट तथा भरपर्दो सूचनाको अभावका कारणले उपलब्धि यकिन गर्न नसकिए तापनि यस क्षेत्रको एक नमुना सर्वेक्षणको आधारमा करिब २० प्रतिशत जनतालाई सरसफाइ सुविधा पुगेको अनुमान छ।

स्थानीय विकास

आठौं योजनावधिसम्ममा अधिराज्यका ६७ जिल्लाका ६२० गाउँ विकास समितिमा महिला विकास कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रमअन्तर्गत आठौं योजनावधिमा गठित १२,६३४ आय अभिवृद्धि समूहमार्फत विभिन्न वैंकबाट करिब रु. ४१ करोड रुपैयाँ कर्जा प्रवाह भएको छ। यसबाट झण्डै ४०,९०६ परिवार लाभान्वित भएका छन्। सामुदायिक विकास कार्यक्रमअन्तरर्गत ७०१ स्थानमा खानेपानी आयोजना सञ्चालन भइ यसबाट ७५,००० व्यक्ति लाभान्वित भएका छन्। यसै कार्यक्रमअन्तर्गत स्वास्थ्य, पोषण, जनसंख्या शिक्षा एवं परिवार कल्याण तालिम करिब १७,७३८ जनालाई र सीपमूलक तालिम १४,७०२ महिलालाई प्रदान गरिएको छ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान स्थापना भएयता आठौं योजनावधिमा स्थानीय निकायका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुका अतिरिक्त महिला विकासको कार्यमा संलग्न महिला कार्यकर्ताहरु समेत जम्मा २२,६४४ जनालाई प्रशिक्षण तथा गोष्ठीको माध्यमबाट ज्ञान तथा सीप प्रदान गरिएको छ। यस अवधिमा दुर्गम क्षेत्र कार्यक्रमअन्तर्गत अधिराज्यका दुर्गम क्षेत्रमा आर्थिक सामाजिक सेवा पुऱ्याउन १३९ खानेपानी योजना, ७४६ हेक्टरमा सिँचाइ योजना, ४६ झोलुङ्गे पुल, १८५ कि.मि. नयाँ घोडेटो बाटो निर्माण एवं मर्मत र ९५ हेक्टर जमिनमा वृक्षरोपण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमअन्तर्गत ८१ गुम्बा, मन्दिर, विद्यालय, धर्मशाला आदिको निर्माण कार्य सम्पन्न भएको छ।

अधिराज्यका प्रत्येक गाउँ विकास समितिलाई विकास निर्माणका लागि सोझै रकम उपलब्ध गराउन थालिएको छ। सानातिना विकास निर्माण काम सञ्चालन गरी गाउँको दैनिक आवश्यकता पूर्ति गर्न सघाउ पुऱ्याउने यस कार्यक्रमअन्तर्गत आठौं योजनाकालमा १६१० कि.मि. ग्रामीण सडक निर्माण तथा मर्मत सुधार कार्य सम्पन्न भएको छ। यसैगरी ७७२ कि.मि. गोरेटो घोडेटो बाटो निर्माण भएको छ। खानेपानीतर्फ ८१ कुवा/ट्यूववेल जडान र १७१ कि.मि. लामो पाइप विछ्याउने कार्य सम्पन्न भइ ३५४९ धारा जडान भएको छ। ६६०० हेक्टर जमीनमा सिँचाइ सुविधा पुगेको छ र ८०८ पुल-पुलेसा एवं ५१४ गाउँ विकास समिति भवन निर्माण भएको छ।

स्थानीय जनसहभागिता जुटाइ ४७३ कि.मि. ग्रामीण सडक एवं घोडेटो बाटो निर्माण भएको छ। यसैगरी स्थानीय मार्ग झोलुङ्गे पुल कार्यक्रमअन्तर्गत १५ झोलुङगे पुल निर्माण सम्पन्न, २९ निर्माणाधीन, १२६ फेब्रिकेशन तहमा रहेको र ७७ सर्वे, डिजाइन तथा लागत अनुमान तयारीका अवस्थामा रहेका छन्। ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम २० जिल्लामा संचालित छ। यसअन्तर्गत करिव ३६१ कि.मि., ग्रामीण सडक, ४८८ कि.मि. घोडेटो बाटो, ९७ कि.मि. सिँचाइ, २३ कि.मि. नदी नियन्त्रणसम्बन्धी निर्माण सुधार गरिएको छ भने ४८ माछा पोखरी निर्माण, १.५ हेक्टरमा अलैंची खेती, ६५ हेक्टरमा कृषि वन सञ्चालन र ०.५ हेक्टरमा विद्यालय मैदान निर्माण सम्पन्न भइ यसबाट ६६,२२८ परिवार लाभान्वित भएका छन्। २०५३/५४ देखि ग्रामीण पूर्वाधार विकास कार्यक्रम प्रारम्भ भएको छ।

सघन श्रममूलक सडक आयोजनाअन्तर्गत ४० कि.मि. सडकको निर्माणकार्य सम्पन्न भएको छ। बाढीपीडित पुनःनिर्माण तथा पुनःस्थापना आयोजनाअन्तर्गत ग्रामीण सडक १३९ कि.मि., १६० पुल पुलेसा, १९६४८ हेक्टरमा सिँचाइ सुविधा पुऱ्याइएको छ। धादिङ्ग, गोरखा, लमजुङ्ग, गुल्मी, अर्घाखाँची, कालिकोट, हुम्ला मुगु, डोल्पा, इलाम पाँचथर र ताप्लेजुङ जिल्लाहरुमा ग्रामीण विकास कार्यक्रमबाट खासगरी ७,२९२ हेक्टर जमिनमा सिँचाइ, २५६ कि.मि. ग्रामीण सडक, ८,३६१ कि.मि. गोरेटो घोडेटो र १३४ सार्वजनिक भवन निर्माण योजनाहरु सम्पन्न भएका छन्।

अन्य :

<u>प्रशासन सुधार</u>

आठौं योजनाले लिएको नीतिगत मार्गदर्शनलाई कार्यान्वयन गर्ने क्रममा प्रशासन सुधार आयोग २०४८ का सुझावहरुलाई चरणवद्ध रुपमा लागू गर्ने प्रयास भए। निजामती सेवा ऐन र नियमावलीलाई नयाँ रुपमा तर्जुमा गरियो। निजामती कर्मचारीहरुको काम, कर्तव्य र अधिकारहरु तोक्ने क्रममा अधिकांश पदहरुको कार्यविवरण तयार भइसकेको छ। निजामती कर्मचारीको पदोन्नति व्यवस्था कार्यक्षमतालाई प्रमुख तत्वको रुपमा लिइ वस्तुपरक कार्यसम्पादन मूल्यांकनमा जोड दिइएको छ। निजामती सेवामा कुल, योग्य तथा प्रतिभाशाली व्यक्तिहरुका लागि अवसरहरु वृद्धि गरी खुला प्रतियोगिताद्वारा माथिल्लो पदमा सेवा प्रवेश गर्न पाउने व्यवस्था गरिएको छ।

विकास आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गर्न केन्द्रीय निकायको रुपमा राष्ट्रिय योजना आयोगको सचिवालयमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा खडा गरिएको छ ।

योजना तथा तथ्याङ्क

आठौं योजनावधिमा कृषि क्षेत्रको दीर्घकालीन योजना तर्जुमा कार्य सम्पन्न भएको छ । राष्ट्रिय जनगणना २०४८ र राष्ट्रिय कृषिगणना २०४८ को अन्तिम नतिजा प्रकाशित भइसकेको छ । नेपाल वहुउद्देश्यी सूचकाङ्क सर्वेक्षणअन्तर्गत स्वास्थ्य तथा प्राथमिक शिक्षासम्बन्धी प्रतिवेदन प्रकाशित भइसकेको छ । यस्तै, खानेपानी र सरसफाइसम्बन्धी अन्तिम नजिता तयार भइसकेको छ । केन्द्रीय तथ्याङ्क विभागबाट उद्योग, निर्माणसम्बन्धी सूचकाङ्कहरु तयार पार्ने कार्य भइरहेको र अन्य केही सर्वेक्षणहरुको नतिजा प्रकाशित गरिएको छ ।

४. विकासका चुनौतीहरू :

योजनावद्ध विकासको चारदशकभन्दा बढीको प्रयासले एकातिर उच्च आर्थिक वृद्धिदर हासिल गर्न सकिएको छैन भने अर्कोतिर सर्वसाधारणको जीवनस्तरमा पनि योजनाले अपेक्षित प्रभाव पार्न सकेको देखिदैन । यसकारण देश विकासको अवधारणा तथा प्रक्रियालाई मूल्याङ्कन गरी देशलाई २१ औं शताब्दीमा समुन्नत राष्ट्रको पंक्तिमा उभ्याउनु देशकोसामु रहेको आजको प्रमुख चुनौती हो । यस चुनौतीका सन्दर्भमा विगतका निम्न अनुभवहरूको समीक्षा गरिनु जरूरी छ ।

- योजनाको दीर्घकालीन अवधारणाअनुरूप आवधिक योजनाहरू आवद्धरूपमा कार्यान्वयन हुनुपर्नेमा त्यस्तो दीर्घकालीन अवधारणाको अभावमा दीर्घकालीन महत्वका योजनाका उद्देश्यहरू प्रत्येक आवधिक योजनामा फरक पर्दै जानाले रणनीतिमा निरन्तरता नहुनु ।
- मानव साधन विकासमा स्पष्ट धारणा बनिनसक्नु ।
- विदेशी सहायतालाई विकासको प्राथमिकता अनुकुल लान तथा यसलाई समन्वयात्मक ढंगबाट प्रयोग गर्न नसक्नु ।
- विकेन्द्रीकरणको स्पष्ट धारणा अझ बनिनसकेको र स्थानीय निकायको स्वायत्तताको प्रकृति र स्वरूप तयार भइनसकेको स्थानीय विकासका साथै पिछडिएका क्षेत्र र जातिको विकासका लागि प्रभावकारी संस्थागत परिपाटीको विकास हुन नसक्नु ।
- योजनाले निर्धारण गरेको उद्देश्य र लक्ष्यअनुरूपका वार्षिक कार्यक्रमहरू आउन नसक्नु ।
- साधनको बाँडफाँट लाभ-लागतको आधारमा नहुनु ।
- प्रतिस्पर्द्धात्मक बजार अर्थव्यवस्थाअनुरूपका सबै कानुनी तथा संस्थागत पूर्वाधारहरू विकास भइनसक्नु ।
- योजनासँग सम्बद्ध अध्ययन, अनुसन्धान, अनुगमन र मूल्यांकन कार्यहरू प्रभावकारीरूपले आउन नसक्नु र यी कार्यहरूका लागि संस्थागत विकास परिपक्व भइनसक्नु ।
- सुशासन (good governance) का विभिन्न पक्ष जस्तै, कानुनको सिद्धान्त, सार्वजनिक जवाफदेही, पारदर्शिता, जनसहभागिता आदि कुराहरू कमजोर रहनु ।
- कृषिको व्यावसायीकरण गर्दै लैजाने क्रममा आवश्यक पूर्वाधारहरू देखा नपर्नु ।

- विगतको राज्यनिर्देशित तथा नियन्त्रित विकास कार्यक्रमले गर्दा जनस्तरमा स्वपरिचालन कम भइ सरकारमा निर्भर रहने प्रवृत्ति बलियो हुनु ।
- शासनमा राज्यनिर्देशित तथा नियन्त्रित विकास प्रक्रियाको प्रवृत्ति कायमै रहनु ।
- योजना र अध्ययन कार्यमा लाग्ने इकाइहरूको सशक्त संस्थागत विकास हुन नसकेकाले देशको तुलनात्मक लाभ र प्रतिस्पर्द्धात्मक क्षमताको सम्भावना भएका क्षेत्रहरूको राम्रो पहिचान हुन नसक्नु ।
- आर्थिक क्रियाकलापमा लाग्ने विभिन्न क्षेत्रलाई दिशाबोध गराउने दृष्टिकोणले सशक्तरुपले विभिन्न मापदण्ड तथा गुणस्तरको व्यवस्था भइनसक्नु ।

उपर्यक्त प्रसंगमा योजनाबद्ध विकास प्रक्रियालाई सशक्त बनाउन विगतका अनुभवबाट आवश्यक पाठ सिकी विकास तथा योजना प्रक्रियालाई परिमार्जन गर्दै लानु जरूरी छ ।

परिच्छेद २

दीर्घकालीन विकासको अवधारणा, रणनीति तथा लक्ष्य

१. दीर्घकालीन विकासको अवधारणा

विगतमा केही क्षेत्रगत दीर्घकालीन विकास कार्यक्रम तयार भै कार्यान्वयन भइआएको हो तापनि दीर्घकालीन विकासको समष्टिगत प्रारूपको अभावमा मुलुकको आर्थिक-सामाजिक विकासको लागि स्पष्ट दिशा पहिल्याउन सकिएन। दीर्घकालीन विकासको स्पष्ट अवधारणा र तत्सम्बन्धी स्पष्ट मार्गदर्शनको अभावमा क्षेत्रगत नीति तथा कार्यक्रमहरूबीच तादात्म्य कायम हुन नसकेकाले यसको असर देशको आर्थिक वृद्धिदरमा समेत पर्न गयो। यस्तो अवस्थाले गर्दा देशको तत्कालीन एवं दीर्घकालीन विकासका लागि अपनाइने रणनीति तय गरी कार्यान्वयन गर्ने प्रयासहरु अघि बढाउन आवश्यक देखिएको छ।

२. उद्देश्य तथा रणनीति

दीर्घकालीन विकासको मूल उद्देश्य हाल व्याप्त रहेको व्यापक गरिबीको स्तरलाई कम गरी एक सुसंस्कृत, आधुनिक एवं सीपयुक्त उन्नतोन्मुख समाजको सिर्जना गर्नु हुनेछ।

उपर्युक्त उद्देश्य हासिल गर्न एकातिर मुलुकको स्रोत र साधनको अधिकतम प्रयोग गरी उच्च आर्थिक वृद्धि गर्न आवश्यक हुन्छ भने अर्कोतिर पूर्वाधार निर्माणका साथै सामाजिक क्षेत्रमा व्यापक लगानी विस्तार गरेर उच्च आर्थिक वृद्धिका स्रोतहरुमा व्यापकता ल्याई यसलाई दिगो बनाउन र यसको प्रतिफल बहुसङ्ख्यक जनतामा पुऱ्याउन आवश्यक छ। यसका लागि निजी क्षेत्रको सक्रिय सहभागितामा समेत जलस्रोत एवं पर्यटन क्षेत्रको व्यापक उपयोगका लागि लगानी विस्तार गर्नु पर्ने छ। कृषि, वन र जडिबुटी लगायत परिस्थितिकीय विविधता (ecological variation) बाट उपलब्ध सम्भावनाको प्रयोग गरी मानव संसाधनको अधिकतम उपयोग गरिनु आवश्यक छ। छिमेकी मुलुकहरुसँगको व्यापारिक सम्भावना लगायत क्षेत्रीय व्यापार र विश्व व्यापार सङ्गठन (WTO) सदस्यता प्राप्त गरिसकेपछिका सम्भावनाहरु समेतलाई विचार गरी औद्यागीकरणको आधार विकसित गर्नुपर्ने देखिन्छ। यसका साथै मुलुकको मानव संसाधनको विकास गर्ने, आर्थिक विकासलाई उच्च एवं दिगो बनाउन सक्ने र गरिबी निवारण प्रक्रियालाई तीव्रतर पार्ने दृष्टिकोणबाट सोच्नु पर्ने भएकोले जनसंख्या वृद्धि दरलाई क्रमशः कम गर्दै लैजानु उत्तिकै महत्वपूर्ण हुन आएको छ।

नेपालजस्तो विकासोन्मुख देशमा दीर्घकालीन विकासको अवधारणामा उच्च आर्थिक वृद्धिदर, गरिबी निवारणमुखी विकास-प्रक्रिया तथा न्यायोचित वितरणले प्राथमिकता पाउनु पर्दछ। विश्व अर्थतन्त्रमा आएको नीतिगत परिवर्तनसँगै नेपालले उदार, खुला र बजारोन्मुख आर्थिक नीतिहरू अवलम्बन गरेको भए तापनि देशमा गरिबी र बेरोजगारीको समस्या जटिल रहेको सन्दर्भमा सरकारको, बजार प्रक्रियाको र निजीक्षेत्रको भूमिकालाई परस्पर परिपूरक बनाउँदै लान नसकेमा गरिबी निवारणको उद्देश्य हासिल हुन नसक्ने देखिन्छ।

यसै सन्दर्भमा विगतका अनुभवका आधारमा योजना, नीति र कार्यक्रमलाई गरिबी निवारण, रोजगार प्रवर्द्धन, क्षेत्रीय सन्तुलन र विकासको मूलप्रवाहमा समाहित हुन नसकिरहेका वर्ग एवं क्षेत्रतर्फ उन्मुख गराई दिगो एवं उच्च विकासका लागि प्रभावकारी संयन्त्रहरु परिचालन गर्नु आवश्यक छ। जनतालाई विकासप्रतिफलको न्यायोचित वितरणको प्रत्याभूति दिने तथा आर्थिक सामाजिक विकास प्रक्रियालाई अन्तर्राष्ट्रीय एवं क्षेत्रीय विकासको गति अनुकुल परिचालित गरी विकासक्रमलाई गति प्रदान गर्नु नै नेपालको दीर्घकालीन विकासको प्रारुप हुनेछ।

यी उद्देश्यहरु हासिल गर्न देशको समग्र आर्थिक तथा सामाजिक विकासक्रमलाई निश्चित दिशा प्रदान गरी दीर्घकालीन विकासक्रमलाई गतिशील बनाउन प्रतिवद्धता र निरन्तरता निश्चित गरी विभिन्न नीतिहरु अवलम्वन गरिनेछ ।

यस क्रममा देशले अपनाइआएको उदार, खुला र बजारमुखी आर्थिक नीतिहरूलाई सुदृढ गरी ती नीतिको कार्यान्वयन प्रक्रियालाई प्रभावकारी गराई स्वदेशी प्रतिस्पर्द्धात्मक क्षमता बढाउन सक्ने तथा विश्वव्यापी खुला नीतिबाट सिर्जित नयाँ अवसरहरूको लाभ लिन सक्ने गरी दिगो बनाउँदै लगिनेछ । विदेशी लगानी आकर्षित गर्न विद्यमान् नीति र अन्य व्यवस्थापनमा थप सुधार गरी विश्व अर्थतन्त्रमा आउने परिवर्तनहरूसँग तादात्म्य कायम गर्ने क्षमतामा वृद्धि गरिनेछ ।

मुलुकलाई आर्थिक रुपले सशक्त र सबल बनाउन तथा आर्थिक संरचनामा परिवर्तन गरी अर्थतन्त्रलाई नयाँ रुप र गति दिँदै देशबाट गरिबी र बेरोजगारी समाप्त गर्न सरकारी क्षेत्रको आफ्नै भूमिका रहन्छ । उच्च आर्थिक वृद्धिदर हासिल गर्न आवश्यक कदमहरु चाल्नुका साथै न्यायोचित वितरण र गरिबी निवारणको कार्यलाई प्रभावकारी ढंगले अघि बढाइनु पनि त्यत्तिकै आवश्यक छ । आवश्यक पूर्वाधारको निर्माण एवं मानव संसाधनको विकास गर्नुका साथैसमाजका पिछडिएका वर्गको हित र गरिबी निवारण कार्यमा प्रत्यक्ष रुपले सघाउनु सरकारको दायित्व हुनेछ ।यसैले गरिबी निवारणको लक्ष्य हासिल गर्न आवश्यक सरकारी क्षेत्रको संलग्नता र भूमिकालाई प्रभावकारी बनाउँदै लगिनेछ ।

विकास आयोजनाको प्रवर्द्धनका लागि सरकारी क्षेत्रबाट गरिने लगानी पर्याप्त नरहेकोले देशको आर्थिक तथा सामाजिक विकासमा निजीक्षेत्रको अहं भूमिका रहने प्रष्ट छ । अन्य क्षेत्रहरुको अतिरिक्त खासगरी पूर्वाधारको विकासका लागि निजीक्षेत्रको भूमिकालाई अरू सबल बनाउन राज्यले नीतिगत व्यवस्थामा परिमार्जन गर्दै लैजानु जरुरी देखिएको छ । निजीक्षेत्रलाई आकर्षित गर्न अनुकुल वातावरणको सिर्जना गर्दै लानु उपयोगी हुनेछ । यस क्रममा सरकारी क्षेत्रको भूमिका उत्प्रेरक र सहजकारी (facilitator) मात्र होइन केही हदसम्म जोखिमवाहक पनि हुनु आवश्यक छ ।

३ दीर्घकालीन विकासको लक्ष्य

गरिबी निवारण :

आठौं योजनाको अन्त्यमा कुल जनसंख्याको ४२ प्रतिशत जनसंख्या गरिबी रेखामुनि रहेको अनुमान छ । उच्च आर्थिक वृद्धिदर तथा गरिबी निवारणका लागि क्षेत्रगत र अन्य विशेष कार्यक्रमहरूको कार्यान्वयनबाट आगामी २० वर्षमा गरिबी रेखामुनिको जनसंख्यालाई १० प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ ।

गरिबी रेखामुनिका जनसंख्याको प्रतिव्यक्ति आय बढाउन एकातिर उच्च आर्थिक वृद्धिदर आवश्यक छ भने अर्कोतिर जनसंख्या वृद्धिदरको चापलाई पनि कम गर्नु जरुरी छ । यस हिसाबले आगामी २० वर्षमा जनसंख्या वृद्धिदरलाई करिब १.५ प्रतिशतमा ल्याउने लक्ष्य राखिएको छ । गरिबीको अनुपात २० वर्षमा १० प्रतिशतमा ओराल्नका लागि आर्थिक वृद्धि र वितरणमा सामञ्जस्य कायम गर्नु विकास प्रक्रियालाई मूल आधार मानिनेछ । यसका लागि रोजगारी वृद्धि, उत्पादन र उत्पादकत्व वृद्धि, सुशासन, मानवीय संसाधन विकास, जनसशक्तिकरण जस्ता कार्यक्रमलाई अघि बढाइनेछ ।

गरिबी निवारण गर्न उत्पादन, खाद्य सुरक्षा, रोजगारी र आयमा वृद्धि ल्याउनका लागि रूपमा कृषिको दीर्घकालीन योजनालाई मुख्य आधारको रूपमा अङ्गीकार गरिएको छ । यसअन्तर्गत कृषिमा रासायनिक मलको आपूर्ति, सिंचाइ, ग्रामीण बाटो तथा विद्युतीकरण र कृषि भू-पारिस्थितिक अवस्था अनुकूलको

प्रविधि (agro-ecologically suitable technology) प्रयोगमा विशेष जोड दिइएको छ। त्यस्तै कृषिको उत्पादन र उत्पादकत्व बढाउँदै कृषकवर्गको जीवनस्तर सुधार्न र समग्र अर्थतन्त्रलाई नै नयाँ गति दिन भू-स्वामित्वको सुरक्षाको प्रत्याभूति दिँदै भूमि व्यवस्थापन सेवामा निरन्तरता दिइनेछ। यसरी कृषिको दीर्घकालीन योजना र व्यापक भूमि व्यवस्था कार्यक्रमलाई एक-अर्काको पूरक बनाउँदै कृषि विकासको समग्र कार्यक्रमहरू अघि बढाउन जरूरी छ। यसबाट कृषिक्षेत्रको आर्थिक वृद्धिदरमा तीव्रता आउने र गैर-कृषिक्षेत्रलाई पनि अघि बढाउन सक्ने क्षमता बढ्न गई, आउँदो २० वर्षका अवधिमा वार्षिक समष्टिगत आर्थिक वृद्धिदर ७.२ प्रतिशत पुऱ्याउन सकिनेछ।

४. समष्टिगत आर्थिक लक्ष्यहरू

गरिबी र बेरोजगारीको समस्या निराकरणको लागि आवश्यक आर्थिक वृद्धिदरको दीर्घकालीन लक्ष्य कृषि क्षेत्रको दीर्घकालीन योजनामा आधारित छ। नवौं योजनामा कृषि क्षेत्रको वृद्धिदर दीर्घकालीन योजनाले तोकेको लक्ष्यभन्दा कम हुने भए तापनि नवौं योजनापछिका योजनावधिमा कृषि क्षेत्रमा थप वृद्धि हासिल भई दीर्घकालीन कृषि योजनाको लक्ष्य पूरा हुने अपेक्षा गरिएको छ। कृषि क्षेत्र र कुल गार्हस्थ्य उत्पादनमा हुने भिन्न आर्थिक वृद्धिदरको कारण कृषि र गैरकृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा हुने योगदानको परिवर्तित स्वरुपको आधारमा गैरकृषि क्षेत्रको आर्थिक वृद्धिदरलाई पनि निर्दिष्ट गरिएको छ।

यसअनुसार कुल गार्हस्थ्य उत्पादन नवौं योजनामा उत्पादन मूल्यमा वार्षिक ६.० प्रतिशतले बढ्ने अनुमान रहेकोमा बाह्रौं योजनामा यो वृद्धिदर ८.३ प्रतिशत हुन गई २० वर्षको अवधिमा वार्षिक औसत वृद्धिदर ७.२ प्रतिशत रहन जाने अनुमान गरिएको छ। उदार बजारमुखी अर्थव्यवस्था अनुरुपका कानुनी तथा संस्थागत पूर्वाधारहरुको विकास, नीतिगत पक्षहरुमा स्पष्ट दीर्घकालीन अवधारणाहरु, उत्साहित निजी क्षेत्र र त्यसबाट हुने लगानीमा बृद्धिको कारणले यी दीर्घकालीन आर्थिक वृद्धिदर हासिल हुनसक्ने देखिन्छ। कृषि क्षेत्रमा दीर्घकालीन योजना अनुरुपको सुधार, पूर्वाधारको विकास तथा व्यवसायिकरणबाट हुने उत्पादकत्वको बृद्धिबाट अनुमान गरेको वृद्धिदर हासिल गर्न सकिने देखिन्छ। त्यस्तै खास गरी उद्योग, सेवा, पर्यटन र जलस्रोत क्षेत्रको विकासको साथै निर्यात प्रबर्द्धनको माध्यमबाट गैरकृषि क्षेत्रको वृद्धिदरलाई हासिल गर्न सकिन्छ। कृषि क्षेत्रको अपेक्षित विकासले आन्तरिक बजारलाई फराकिलो पार्ने हुँदा कृषि क्षेत्रमा हुन जाने आय बृद्धिबाट गैरकृषि क्षेत्रको विकासको लागि एक सबल आधार बन्न पुग्दछ।

यसप्रकार कृषि र गैरकृषि क्षेत्रमा हुने भिन्न वृद्धिदरको कारण तिनीहरुको कुल गार्हस्थ्य उत्पादनमाथिको योगदान फरक पर्दै बाह्रौं योजनाको अन्त्यसम्ममा कृषि क्षेत्रको योगदान २५ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७५ प्रतिशत हुने अनुमान छ।

यी लक्षित आर्थिक वृद्धिदर हासिल गर्न नवौं योजनामा कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशत लगानी हुनुपर्ने देखिन्छ। यस दृष्टिकोणले लगानीलाई बाह्रौं योजनाको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादनको ३४ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य राखिएको छ।

बढ्दो लगानीलाई धान्न राष्ट्रिय बचतको परिचालन पहिलो आवश्यकता हो। यसको वृद्धिदरलाई आउँदो योजनावधिहरुमा १२ प्रतिशत प्रतिवर्षसम्म पुऱ्याउने हिसाबले बाह्रौं योजनाको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादनको ३० प्रतिशतसम्म राष्ट्रिय बचत गर्ने लक्ष्य राखिएको छ।

उदार बजारमुखी अर्थव्यवस्थामा सरकारको आफ्नो भूमिका आर्थिक कारोबारमा कम गर्दै लैजाने र यसको लागि आवश्यक वित्तीय स्रोतहरुमा सरकारको अंश घटाउँदै लगी लगानीको लागि आवश्यक वित्तीय स्रोत निजी क्षेत्रलाई उपलब्ध गराउने हिसाबले आन्तरिक ऋणलाई सीमित गरिनेछ र न्यून वित्तलाई आउँदा दिनहरुमा वाञ्छित सीमाभित्र राखिनेछ।

५. क्षेत्रगत अवधारणा एवं नीति

कृषि : नेपालको परिप्रेक्ष्यमा आय तथा रोजगार अभिवृद्धिको प्रमुख आधार र उत्पादनको प्रमुख स्रोत कृषि नै रहेको हुँदा यस्तो स्रोतको उपयोग गरी उत्पादकत्व बढाउन कम खर्चिलो प्रविधिबाट अधिकांश कृषिभूमि सिञ्चित गर्न, प्रतिहेक्टर औसत मलखादको खपत बढाई कृषिभूमिको उत्पादकत्व बढाउन, भएका कृषि प्रविधिको पर्याप्त उपयोग बढाउन, स्थान विशेषको तुलनात्मक लाभका प्रविधि उच्च राख्न, पशुहरुको स्वास्थ्यस्तर बढाई उत्पादकत्व बढाउन, र निजी उद्यमीहरुको प्रबर्द्धन र प्रतिस्पर्धात्मक उत्पादन गराउन टेवा पुऱ्याउने कृषि सडक तथा ऊर्जा आपूर्ति व्यवस्थामा सुधार ल्याउन, कृषिको दीर्घकालीन अवधारणाले जोड दिएकोछ । भौगोलिक क्षेत्रहरुका विशिष्टताका आधारमा तराईको अन्नप्रधान उत्पादन क्षमताको अधिकतम उपयोगबाट आर्थिक वृद्धि ल्याइनेछ र त्यसरी बढ्न जाने आयले पहाडको बढी मोल जाने कृषिबस्तुको माग बढाएर त्यस्ता बस्तुको उत्पादनको आर्थिक सम्भाव्यता बढाउँदै समष्टिगत आर्थिक वृद्धि एवं स्थायित्व ल्याउन र तुलनात्मकरुपमा संस्थागत संयन्त्रहरु तल्लो तहसम्म पुऱ्याई तथा पर्याप्त लगानी वृद्धि गरेर उत्पादकत्व बढाउन जोड दिइनेछ । लगानी क्षमता बढाई गुणनात्मक प्रभाव पर्ने क्षेत्रबाट आर्थिक वृद्धि गरी पहाड र तराईको भौगोलिक सम्भाव्यताको समुचित उपयोगबाट आर्थिक एकीकरणका अवसर बढाएर गरिबी निवारण गर्ने, साधन र स्रोतको समुचित उपयोग गरी आर्थिक वृद्धिलाई तीव्र पारेर निर्वाहमुखी कृषिलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्दै औद्योगिक विकासको आधार मजबूत गर्ने र रोजगार प्रवर्द्धन गरी गरिबी निवारणमा जोड दिने उद्देश्य लिइएको छ । उच्च पहाडी एवं पहाडी क्षेत्रहरुमा खाद्यान्न उत्पादन वृद्धिका साथै पशुजन्य व्यवसाय र फलफूल एवं तरकारी बिउबिजनको उत्पादन प्रोत्साहित गर्न कृषि अनुसन्धान एवं प्राविधिक टेवा विस्तार गर्न जोड दिइनेछ । समष्टिमा उत्पादन स्रोत साधनको उत्पादकत्व बढाई आर्थिक वृद्धि गर्ने, यसबाट रोजगारी र आयमा वृद्धि गराई गरिबी घटाउने र जीवनस्तर उठाउने, तुलनात्मक लाभको उत्पादन प्रणालीको विकासबाट कृषिलाई व्यवसायिकतातर्फ उन्मुख गराउँदै थप पूर्वाधारहरुको विकास गर्ने र यसबाट समष्टिगत आर्थिक सुधारको अवसरहरु बढाइनेछ । कृषि क्षेत्रबाट खाद्य सुरक्षालाई सुनिश्चितता प्रदान गर्ने, क्षेत्रीय असन्तुलन कम गराउने र कृषि विकासको माध्यमबाट गरिबी निवारणमा जोड दिने लक्ष्यहरु लिइएको छ ।

उद्योग : कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान हालको अवस्थाबाट २० वर्षमा दोब्बर गरिनेछ । यसका लागि तुलनात्मक लाभका क्षेत्रहरुमा प्रतिस्पर्धात्मक क्षमता बढाई निजी क्षेत्रको भूमिका अभिवृद्धि गर्न र दिगो औद्योगिक विकासद्वारा आर्थिक विकासको दरलाई तीव्र बनाउन जोड दिइनेछ । आगामी २० वर्षमा उद्योग क्षेत्रअन्तर्गत बजार, पुँजी र प्रविधिको विस्तार गरी तथा निजी क्षेत्रलाई अत्यधिक परिचालन गरेर उद्योग क्षेत्रलाई प्रतिस्पर्धी, स्वचालित र बजारमुखी बनाउने; स्थानीय कच्चापदार्थ र जनशक्तिसँग उद्योगलाई आबद्ध गराई मूल्य अभिवृद्धिमा स्थानीय अंशलाई बढाउँदै लैजाने; स्थानीय स्रोतसाधनलाई बजारको आवश्यकताअनुरुप बनाउन स्थानीय सीप र उद्यमशीलतालाई लघु उद्योगको क्षेत्रमा रुपान्तरित गर्दै लैजाने; र उपेक्षित वर्ग र महिलाहरुलाई उद्योग व्यवसायमा संलग्न गराउन विशेष कार्यक्रम ल्याउने दीर्घकालीन उद्देश्य राखिएकोछ । घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन तथा विस्तार गरी स्वरोजगार एवं श्रम रोजगारका अवसरहरु व्यापक रुपमा सिर्जना गरिनेछ । गरिबी निवारणमा सघाउ पुऱ्याउने घरेलु तथा साना उद्योग क्षेत्रको विकास तथा विस्तार गरिनेछ । ग्रामीण उद्यमशीलता विकास तालिमको माध्यमबाट ग्रामीण क्षेत्रमा रहेको जनशक्तिलाई औद्योगिक उत्पादन कार्यमा संलग्न गराई औद्योगीकरणमा योगदान पुऱ्याउन जोड दिइनेछ ।

बाणिज्य : वाणिज्य क्षेत्रलाई पूर्ण प्रतिस्पर्धात्मक एवं बजारमुखी बनाई विश्वव्यापीकरणको प्रक्रियासँग आवद्ध गरिनेछ र तुलनात्मक लाभ हुने वस्तुहरुको उत्पादनमा विशिष्टता हासिल गरी निर्यात व्यापारलाई कुल गार्हस्थ्य उत्पादनको करिब २० प्रतिशतको स्तरमा पुऱ्याइने छ । खुला विश्वबजारबाट लाभ हासिल गर्ने उद्देश्यअनुरुप कम–वजन–बढी–मूल्यका वस्तुहरु उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि ल्याइने छ । यसका साथै अन्य निर्यातयोग्य वस्तुहरुको पहिचान र विकास गरी निर्यात अभिवृद्धि गरिनेछ । यस क्रममा निकासीयोग्य वस्तुको विविधीकरण गरी सम्भावित बजारलाई लक्षित गरेर निर्यात कार्यक्रम कार्यान्वयन गरिनेछ । विद्यमान व्यापार घाटालाई न्यून गर्दै दीर्घकालीन अवधिमा वैदेशिक व्यापार संरचनालाई (terms of trade)

नेपालको पक्षमा ल्याउने लक्ष्य राखिएकोछ । दक्षिण एसियाली राष्ट्रहरुबीच र विश्व व्यापार सङ्गठन को प्रतिस्पर्धात्मक विश्व व्यापारको मान्यता अनुरुप पूर्वाधार निर्माण तथा विस्तारमा यथेष्ट ध्यान दिई निर्यात व्यापार अभिवृद्धि तर्फ प्राथमिकता दिइनेछ । नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न सकेमा खासगरी सार्क स्वतन्त्र व्यापार लागू भएपछि स्वदेशी कच्चा पदार्थमा आधारित तथा कृषिजन्य उद्योगको विकासमा जोड दिई निकासी व्यापारलाई विस्तार गर्न दीर्घकालीन निर्यात योजना तर्जुमा गरिनेछ र त्यस अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ ।

आपूर्ति : नेपालको भौगोलिक विकटता तथा न्यून क्रयशक्तिलाई दृष्टिगत गरी निर्दिष्ट क्षेत्रहरुमा अत्यावश्यक वस्तुहरुको नियमित र सर्वसुलभरुपमा आपूर्ति गर्ने दीर्घकालीन अवधारणा रहेकोछ । यसका लागि उपभोक्ता हित संरक्षण गर्न अत्यावश्यक वस्तुहरुको आपूर्ति र लागत अनुगमन गर्न संस्थागत व्यवस्था गरिनेछ । साथै, खाद्यान्न सुरक्षाको लागि क्षेत्रीयस्तरमा न्यूनतम खाद्यान्न सञ्चयको व्यवस्था गरिनेछ । निजीक्षेत्रबाटै आपूर्ति सुनिश्चित गराउन जोड दिइनेछ र यसका लागि निजी आपूर्ति संयन्त्रलाई प्रभावकारी बनाउन लगाइनेछ । दक्षिण एसियाली क्षेत्रभित्र आपूर्तिलाई दिगो गराउन सार्क खाद्यान्न भण्डारको व्यवस्थाको अवधारणालाई अघि बढाइनेछ ।

श्रम तथा रोजगारी : श्रमिकहरुको न्यायोचित हकहित र सामाजिक सुरक्षाको संरक्षण गर्दै उनीहरुलाई अदक्ष, अर्धदक्ष तथा दक्ष र प्राविधिक सीपयुक्त बनाउनुका साथै श्रमशक्तिलाई देश र विदेशमा रोजगारीको अवसर उपलब्ध गराई राष्ट्रिय उत्पादनमा वृद्धि गर्ने दीर्घकालीन उद्देश्य लिइएको छ । श्रमिकहरुको माग र आपूर्तिको आधारमा सन्तुलितरुपमा बेरोजगारीको संख्या वर्तमानको ४.९ प्रतिशतबाट ३.० प्रतिशतमा पुऱ्याइनेछ । अर्ध-बेरोजगारीको संख्यालाई वर्तमानको ४७ प्रतिशतबाट १० प्रतिशतमा घटाइनेछ । सीपमूलक तालिमको माध्यमबाट सीपयुक्त श्रमशक्ति उत्पादन र स्वरोजगार तथा अन्य रोजगारका अवसरको सिर्जना गरेर गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।

पर्यटन : नेपालमा पर्यटन उद्योगको प्रशस्त सम्भावना रहेको तथ्यलाई दृष्टिगत गरी पर्यटन विकास सम्बन्धी दीर्घकालीन उद्देश्य लिइनेछ । पर्यटन विकासको माध्यमबाट "राष्ट्रिय पहिचान" लाई सम्वर्द्धन गरी नेपाललाई एक महत्वपूर्ण पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गरिनेछ । पर्यटन क्षेत्रलाई सम्पूर्ण अर्थतन्त्रकै विकासको प्रमुख माध्यमका रुपमा विकसित गरी यस क्षेत्रलाई रोजगारी अभिवृद्धि गर्ने एक सशक्त माध्यमको रुपमा प्रवर्द्धन गरिनेछ । ग्रामीण क्षेत्रमा समेत पर्यटन विकास तथा विस्तार गरी आर्थिक विकासमा टेवा पुऱ्याइनेछ ।

तालिका १

प्रमुख समष्टिगत आर्थिक परिसूचकहरूको दीर्घकालीन लक्ष्य प्रक्षेपण

(प्रतिशतमा)

क्र.सं.	योजनावधि→	आ.व. २०५३/५४	नवौं	दशौं	एघारौं	बाह्रौं
१.	कुल गार्हस्थ्य उत्पादन (फ्याक्टर कस्टमा)		६.०	७.०	७.५	८.३
	१.१ कृषि क्षेत्रको वृद्धिदर		४.०	५.०	५.०	५.०
	१.२ गैरकृषि क्षेत्रको वृद्धिदर		७.३	८.२	८.८	९.७
२.	कुल गार्हस्थ्य उत्पादनमा योगदान					
	कृषि क्षेत्रको		३८.०	३४.०	३०.०	२५.०
	गैरकृषि क्षेत्रको		६२.०	६६.०	७०.०	७५.०
३.	लगानी (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)		२५.०	२७.०	३१.०	३४.०
४.	राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)		१७.०	२०.०	२५.०	३०.०
	वृद्धिदर (प्रतिवर्ष)		८.८	१०.०	१२.०	१२.०
५.	गरिबी तथा रोजगारी					
	क. गरिबी रेखामुनि रहेको जनसंख्या (प्रतिशत)	४२	३२	२३	१५	१०
	ख. बेरोजगार जनसंख्या (प्रतिशत)	४.९	४.०	३.६	३.३	३.०
	ग. अर्ध बेरोजगार जनसंख्या (प्रतिशत)	४७	३२	२३	१५	१०

भौतिक पूर्वाधार :

विद्युत् विकास : विद्युत् विकासलाई नेपालको समग्र विकासको एक मूल आधारका रुपमा लिइएको भए तापनि यसको विकास लागत, प्रविधि, वातावरण एवं बजार ठूलो चुनौतीको रुपमा रहेका छन् । दीर्घकालीन रुपमा यिनै सवालहरुलाई दृष्टिगत गरी विद्युत् विकासको अवधारणा पहिल्याइएको छ । विद्युत् आपूर्ति भरपर्दो बनाउन जलाशययुक्त र जलाशयहीन जलविद्युत् परियोजनाहरुको सन्तुलित विकास गरिनेछ । आन्तरिक आवश्यकता पूर्ति गर्ने परियोजनाको पहिचान र सञ्चालनमा सार्वजनिक एवं स्वदेशी निजी लगानीकर्ताहरुलाई प्रधानता दिइनेछ । जलविद्युत् उत्पादन, वितरण, व्यवस्थापन र व्यापारमा निजी क्षेत्रको संलग्नता बढाउँदै लगिनेछ ।

नेपालको जलस्रोतको विकास बृहत् बहुउद्देश्यीय आयोजनाहरुमा निहित हुने हुँदा राष्ट्रिय आय आर्जन वृद्धिका लागि निर्यातमूलक बृहत् आयोजनाहरु सञ्चालनमा ल्याइनेछ । बृहत् आयोजनाबाट हुने फाइदाहरु तल्लो तटीय राष्ट्रहरुलाई समेत उपलब्ध हुने भएबाट यस्ता आयोजनाहरुलाई क्षेत्रीय सहयोगको अवधारणाबाट अघि बढाइनेछ । निर्यातमूलक जलविद्युत्का ठूला बहुउद्देश्यीय आयोजनाहरुको स्थापना तथा सञ्चालनमा स्वदेशी र विदेशी क्षेत्रलाई ग्राह्यता दिइनेछ । यस्ता परियोजनाहरुको कार्यान्वयनमा स्वदेशी प्राविधिज्ञ, व्यवस्थापन र श्रमशक्तिको संलग्नता बढाइनेछ । आन्तरिक विद्युत् खपतमा औद्योगिक एवं व्यापारिक उपभोगको हिस्सा क्रमशः बढाउँदै विद्युत् केन्द्रको क्षमताको

उत्पादनशीलता (load factor) लाई बढाइनेछ । वैदेशिक एवं स्वदेशी निजी क्षेत्रलाई विद्युत् विकासमा लगानी बढाउन आकर्षित गर्ने उद्देश्यले आवश्यक नीतिगत सुधार गरिनेछ ।

विद्युत् विकासको दीर्घकालीन अवधारणाअनुरुप २० वर्षमा नेपाल अधिराज्यका करिब ५० प्रतिशत जनतालाई विद्युत् सेवा उपलब्ध गराइनेछ । यस अबधिमा मुलुकमा जडित विद्युत् क्षमता २०,००० मेगावाट हुनेछ । नेपालमा बग्ने २२४ अर्ब क्यू.मि. पानीको ८० प्रतिशत वर्षायामका चार महिनामा बग्ने र यस स्थितिबाट उब्जेका बाढीका समस्याहरुको निदान गरी जलस्रोतको अधिकतम लाभ प्राप्त गर्न जलभण्डार बनाई जलप्रवाह नियन्त्रण गर्ने प्रयास गरिनेछ ।

अन्य ऊर्जा : नेपालको आर्थिक अवस्था मूलतः ग्रामीण कृषिमा आधारित भएको हुँदा र यस क्षेत्रमा व्यावसायिक ऊर्जाको खपत न्यून स्थितिमा रहेको हुँदा ऊर्जा खपतमा संरचनात्मक परिवर्तन गरी उपयुक्त ऊर्जा कार्यक्रमको माध्यमबाट ऊर्जा उपयोगमा वाञ्छित परिवर्तन गरिनेछ । ग्रामीण ऊर्जा प्रणालीको विकास गर्न प्राकृतिक स्रोतहरुको उपयोग गरी परम्परागत ऊर्जा स्रोतहरुको उपयोगलाई क्रमिकरुपमा क्रयशक्तिसंग आधुनिक ऊर्जाबाट प्रतिस्थापन गर्ने नीति लिइनेछ । ग्रामीण क्षेत्रको ऊर्जा आवश्यकतालाई विद्युत् एवं अन्य वैकल्पिक ऊर्जा आपूर्ति गरी परिपूर्ति गर्न साना जलविद्युत एवं सौर्य ऊर्जा लगायत अन्य वैकल्पिक ऊर्जा कार्यक्रममा व्यापकता ल्याइनेछ । साथै ऊर्जा विकासका लागि सूचना प्रवाह, तालिम तथा वित्तीय सुविधाहरुको समुचित व्यवस्था गर्ने एवं प्रविधि विकास तथा विस्तारका लागि प्रविधि व्यवसायीकरण तथा ऊर्जाको वर्तमान बाह्य निर्भरतामा कमी ल्याउने जस्ता नीति अवलम्बन गरिनेछ ।

सिँचाइ : कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्न, खाद्यान्न अभाव भएका क्षेत्रहरुमा उत्पादन बढाई आत्मनिर्भरता कायम गर्न, र रोजगारी प्रवर्द्धनद्वारा गरिबी निवारणमा सघाउ पुऱ्याउन सिँचाइ विस्तारलाई व्यापक गराइनेछ । साथ, जोखिम कम गर्ने तथा हरितक्रान्ति ल्याउने बढी उत्पादनशील बालीका जातहरुको खेती गर्ने प्रचलनलाई बढाउन कृषकहरुको पूर्ण नियन्त्रणमा रहने खालका सिँचाइको व्यवस्था हुनु आवश्यक देखिएको र बढी बालीहरु उत्पादन गर्न सिँचाइ सुविधा एक पूर्वाधार भएकोले उत्पादन वृद्धिका लागि सिँचाइ सुविधा उपलब्ध गराउन ससाना सिँचाइ आयोजनाहरु सञ्चालन गरिनेछ । तराईमा उपलब्ध भूमिगत जलस्रोतको उपयोग गरी बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ कार्यक्रमलाई ग्रामीण सडक र ग्रामीण विद्युतीकरणसँग आबद्ध गरी समूहमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ । सम्भाव्य क्षेत्रहरुमा वर्षैभर सिँचाइ हुने जमिनको क्षेत्रफलमा वृद्धि गरिनेछ । साथै, तराई तथा पहाडमा विकसित सिञ्चित क्षेत्रफललाई वर्षभरी नै सिँचाइ गर्न सकिने व्यवस्था गरी असिञ्चित क्षेत्रफल क्रमिकरुपमा घटाउँदै लगिनेछ । बाली लाग्ने जमिनको क्षेत्रफलमा वृद्धि गरी सिँचाइबाट बढी प्रतिफल प्राप्त गरिनेछ । कृषि विकासमा महिलाहरुलाई प्रोत्साहित गरी जलउपयोग समूहहरु गठन गर्न प्राथमिकता दिइनेछ । साथै उनीहरुलाई सिँचाइ पद्धतिको सङ्गठन र व्यवस्थापन सम्बन्धी तालिम दिन उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

यातायात क्षेत्र : अझै पनि करिब १८ जिल्लाहरुमा सडक नपुगेको सन्दर्भमा आगामी २० वर्षमा सडकहरु निर्माण गर्दा जिल्ला जोड्ने सडकलाई प्रमुख प्राथमिकता दिइनेछ । कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउन कृषि सडकहरु व्यापक रुपमा निर्माण गर्न जनसहभागिता परिचालन गरिनेछ । सवारी तथा यातायात स्थितिलाई दृष्टिगत गरी आवश्यकता अनुसार चालू सडकहरुको पुनर्निर्माण, स्तरोन्नति एवं आवधिक मर्मत गरी राष्ट्रिय यातायात खर्चलाई न्यूनतम गरिनेछ । २० वर्षको अवधिमा विभिन्न किसिमका सडकहरु गरी वर्षेनी ६०० कि.मि. का दरले जम्मा १२,००० कि.मि. सडक निर्माण गरिनेछ । यसमा सडक नपुगेका सबै सदरमुकाहरु जोड्ने सडकहरु, उत्तर-दक्षिण राजमार्गहरु, मध्यपहाडी पूर्व -पश्चिम राजमार्गहरु, काठमाडौं-हेटौडा सुरुङ मार्ग, काठमाडौं उपत्यकाभित्रको भित्री, बाहिरी र सुपर-आउटर रिंगरोडहरु र रेडियल रोडहरु र अन्य जिल्ला एवं शहरी सडकहरु गरी ६,००० कि.मि. र कृषि सडकहरु ६,००० कि.मि. पर्दछन् । यसप्रकार हाल विद्यमान सडक संरचना समेत गरी २० वर्षको अवधिमा सडकको लम्बाइ कुल २४,००० कि.मि. पुग्नेछ । साथै, स्थानीय ग्रामीण सडक

३२०० कि.मि. र घोडेटो १,६०० कि.मि., मोटर चल्ने पुल २०० र २,००० झोलुङ्गे पुल निर्माण गरिनेछ । अतिदुर्गम एवं पर्यटनस्थलहरुमा रोपवे र केवलकारहरु निर्माण गरिनेछ । मेचीदेखि महाकालीसम्म विद्युतीय रेलमार्ग निर्माणलाई प्राथमिकता दिइनेछ । काठमाडौं उपत्यकाको बाहिरी सडकमा विद्युतीय रेलमार्ग निर्माण गरिनेछ । साथै काठमाडौं उपत्यकाभित्र सर्कुलर विद्युतीय रेलमार्ग र ट्रलीबस लगायत विद्युतीय ब्याट्रीद्वारा चल्ने सवारी साधनको उपयोग बढाई प्रदूषण नियन्त्रण गरिनेछ ।

दूरसञ्चार र सूचना प्रविधि : आउँदा दुई दशकलाई दूरसञ्चार र सूचना प्रविधि क्षेत्रको विकासका लागि सरकारले लिने नीति, सङ्गठनात्मक सुधार, नयाँ नयाँ सेवाहरुको परीक्षण र प्रयोग, नयाँ सूचनामूलक समाजको सुरुवातको दृष्टिकोणले एक क्रान्तिकारी सञ्चार दशकको रुपमा हेरिनेछ । शहरी तथा ग्रामीण क्षेत्रमा न्यूनतम सुविधा पुऱ्याउनुपर्ने आवश्यकताका सन्दर्भमा प्रविधिका सेवाहरुलाई जनता समक्ष पुऱ्याउन नेटवर्कहरुको विस्तार गरिनेछ । आउँदो २० वर्षमा विकसित हुने नयाँ सेवाहरु कस्ता ग्राहकसम्म पुऱ्याउने, कुन कुन क्षेत्रमा पुऱ्याउने, कुन अवधिमा पुऱ्याउने भन्ने कुराको प्रारम्भिक खाका बनाई सूचना प्रणाली (information network infrastructure) को लागि योजना तर्जुमा गरिनेछ । नयाँ सेवाहरुको समुचित विकासका लागि नियम कानुनको समुचित व्यवस्था गरी निजी क्षेत्रको संलग्नता बढाउन जोड दिइनेछ । चरणबद्धरुपमा टेलिफोन सेवा विस्तार गरी २० वर्षको अवधिमा काठमाडौं उपत्यका लगायत अन्य शहरी क्षेत्रहरुमा मोवाईल तथा अन्य टेलिफोन सेवाहरु सुरु गरिनेछ । सबै जिल्ला सदरमुकाममा टेलिफोन एक्सचेञ्ज र सबै गा.वि.स.मा टेलिफोन सेवा (पी. सी.ओ.) पुऱ्याइनेछ । खासगरी शहरी क्षेत्रमा इन्टरनेट, इ–मेल जस्ता नयाँ सेवाहरु विस्तार गरिनेछ । दीर्घकालीन रुपमा बहु-सञ्चार (multi-media) सेवाहरुको व्यापक विस्तारद्वारा ग्रामीण क्षेत्रमा ५ प्रतिशत र शहरी क्षेत्रमा ५५ प्रतिशत गरी कुल टेलिफोन घनत्व १५ प्रतिशत पुऱ्याइनेछ । यस अतिरिक्त सञ्चार क्षेत्रका उन्नत प्रविधिहरुलाई व्यापक गराई यस्ता प्रविधिहरुलाई विकासको सहयोगी अङ्गको रुपमा विकसित गरिनेछ । सूचना प्रविधि क्षेत्रलाई निजी क्षेत्रको समेत सक्रिय सहभागितामा निकासी व्यापारको महत्वपूर्ण स्रोतको रुपमा विकास गरिनेछ ।

तालिका २

प्रमुख भौतिक पूर्वाधार परिसूचकहरूको दीर्घकालीन प्रक्षेपण

क्र.सं	क्षेत्र	आ.व.	योजना अवधि			
		२०५३/५४	नवौं	दशौं	एघारौं	बाहौं
१.	सडक जम्मा (कि.मि.)	११७१४	१३५६४	१५११४	१६६१४	१८११४
	क. कालोपत्रे	३६५५	३९५५	४३५५	४७०५	५०५५
	ख. खण्डास्मित	३०११	३६११	४०६१	४५११	४९६१
	ग. कच्ची	५०४८	५९९८	६६९८	७३९८	८०९८
	घ. कृषि सडक		२२३८	५१४६	६२००	६२००
	ङ. सडक पुगेका जिल्लाहरु	५६	६६	७०	७३	७५
२.	सिँचाइ					
	क. सिँचाइले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)	१०५६	११९८	१३९०	१५५५	१६८६
	ख. सिँचाइ योग्य कृषिभूमिको प्रतिशत	६०	६८	७९	८८	९५
	ग. कुल कृषिभूमिको प्रतिशत	४०	४५	५३	५९	६४
३.	सञ्चार					
	टेलिफोन सेवा (प्रति हजार)संख्या	१०	२५	६०	११०	१५०
४.	विद्युत्					
	क. जडित विद्युत् क्षमता (मेगा वाट)	३००	६०६			२२०००
	ख. विद्युत् सेवाले ढाकेको जनसंख्या (प्रतिशत)	१४	२०			५०

सामाजिक विकास तथा वातावरण :

कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर र गरिबी रेखामुनिका जनसंख्याको स्थितिमा हुने सुधारले बहुसंख्यक जनताको हितलाई सुनिश्चित गर्दछ । अर्कोतिर निम्न आय भएका जनताको जीवनस्तरमा सुधारलाई परिलक्षित गर्ने अन्य परिसूचकहरुलाई पनि अग्रगति दिइनु अपरिहार्य छ । देशको चौतर्फी विकासको फलस्वरुप कायम हुन जाने औसत आयुलाई एक प्रमुख परिसूचकको रुपमा लिई यसलाई हालको ५६.१ बर्षबाट बढाई नवौं योजनाको अन्तमा ५९.७ र २० वर्षको अन्तमा ६८.७ वर्ष पुऱ्याउने लक्ष्य राखिएको छ । त्यस्तै हाल रहेको शिशुमृत्युदर ७४.७ (प्रतिहजार) लाई ३४.४ (प्रतिहजार) मा पुऱ्याइनेछ । कुल प्रजननदर प्रतिमहिला ४.५८ बाट ३.०५ मा ल्याइनेछ । यस्तै मातृमृत्युदर ४७५ (एकलाख जीवित जन्म) बाट २५० (एकलाख जीवित जन्म) मा पुऱ्याइनेछ । आ.व. २०५३/५४ मा प्राथमिक शिक्षा प्राप्त गर्ने बालबालिकाको संख्या ७० प्रतिशत रहेकोमा यसलाई शतप्रतिशतमा पुऱ्याइनेछ । त्यस्तै हाल ४५ प्रतिशत बालबालिकाहरूले माध्यमिक शिक्षा प्राप्त गरिरहेकोमा यसलाई पनि शतप्रतिशतमा पुऱ्याइनेछ । १५ वर्ष र सोभन्दा माथिका साक्षर व्यक्तिहरूको संख्यालाई नवौं योजनामा ७० प्रतिशत र २० वर्षमा शतप्रतिशतमा पुऱ्याइनेछ । देशको सर्वाङ्गीण विकासमा पुरुषसरह महिला सहभागितालाई बढाउन विकासमा महिला सशक्तीकरण, लैङ्गिक समानता एवं विकासको मूलप्रवाहमा उनीहरूलाई समाहित गर्ने दीर्घकालीन दृष्टिकोण लिइएको छ । नवौं योजना अवधिको अन्त्यसम्ममा सम्पूर्ण जनसंख्यालाई खानेपानीको न्यूनतम सेवा उपलब्ध गराई तदुपरान्त खानेपानी सेवाको स्तरमा उत्तरोत्तर वृद्धि गर्दै लैजाने दीर्घकालीन दृष्टिकोण लिइएको छ ।

शिक्षा : शिक्षा क्षेत्र मानवीय संसाधन विकासको एक शसक्त माध्यम हो । शिक्षा क्षेत्रको विकासका लागि विगतमा गरिएका प्रयासहरु उपलब्धिमूलक भए तापनि सबै वर्गलाई समान अवसर प्रदान गर्नु, शिक्षालाई गुणस्तरीय बनाई यसलाई राष्ट्रिय विकासको मूलधारको रुपमा विकसित गर्नु, प्रजातन्त्रप्रति सचेत, समर्पित, सक्षम, उत्पादनशील, अनुशासित र सामाजिक दायित्वप्रति जिम्मेवार नागरिक उत्पादन

गर्नु नवौं योजनको दीर्घकालीन उद्देश्य रहेको छ । यस उद्देश्यको आधारमा क्रमबद्धरुपमा शिक्षा क्षेत्रको विकास गर्न साक्षरता, विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा उच्च शिक्षाको विकास गरिनेछ । अनिवार्य प्राथमिक शिक्षाको माध्यमबाट २० वर्षको अवधिमा सरकारी तथा निजी क्षेत्रको सक्रियताबाट देशको वर्तमान साक्षरता प्रतिशतलाई शतप्रतिशतमा पुऱ्याइनेछ । यसका निम्ति सो अवधिमा विपन्नवर्ग, जनजाति तथा महिलावर्ग लक्षित साक्षरता कार्यक्रमलाई औपचारिक तथा अनौपचारिक माध्यमबाट अभियानको रुपमा सञ्चालित गरिनेछ ।

स्वास्थ्य : जनताको स्वास्थ्यस्थिति, सूचकहरु तथा स्तरीय स्वास्थ्यसेवा पुऱ्याउने स्वास्थ्य क्षेत्रको दीर्घकालीन उद्देश्य रहेको छ । यस परिप्रेक्ष्यमा स्वास्थ्यसेवाको विकास गर्न स्थानीयस्तरसम्म आधारभूत स्वास्थ्यसेवाहरु सर्वसुलभ गराइनेछ । यी सेवाहरु जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्यचौकी, उपस्वास्थ्यचौकीहरुबाट एकीकृतरुपमा पुऱ्याइनेछ । चिकित्सा सेवाको विस्तारमा प्रेषण प्रणाली (refferal system) मा प्रक्रियागत व्यवस्था गरी आधारभूत स्वास्थ्य तथा अस्पतालको उपचारसेवालाई प्रभावकारी बनाइनेछ । जनसंख्या नियन्त्रणलाई प्रभावकारी बनाउन मातृमृत्युदर र शिशुमृत्युदर घटाउने कार्यक्रमहरु स्थानीयस्तरसम्म विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदाय, गरिब, सुविधाविहीन र पिछडिएका जनसमुदायलाई लक्षित समूह बनाई सञ्चालन गर्ने नीति अपनाइनेछ । परिवार नियोजन सेवालाई जनचाहनामा आधारित सानो परिवारको आधारमा सञ्चालन गरिनेछ ।

खानेपानी र सरसफाइ : नवौं योजना अवधिमा सम्पूर्ण जनतालाई खानेपानी सुविधा पुऱ्याउने गरी खानेपानीको सेवास्तर अभिवृद्धि कार्यक्रम क्रमशः सञ्चालन गर्दै आगामी २० वर्षमा सबैलाई स्वच्छ खानेपानीको सेवा उपलब्ध गराइनेछ । सरसफाइको क्षेत्रमा रही आगामी २० वर्षभित्र सम्पूर्ण शहरी क्षेत्रको घनाबस्तीमा प्रशोधनसहितको उपयुक्त निकास ढल निर्माण गरिनेछ । सबै शहरी क्षेत्रमा फोहरमैलाको समुचित व्यवस्थापन तथा उपयुक्त निष्काशन प्रणालीको व्यवस्था गरिनेछ । ग्रामीण क्षेत्रमा स्थानगत आधारमा उपयुक्त हुने सुलभ घरेलु शौचालयको निर्माण गराई सरसफाइको स्तरमा सुधार गरिनेछ । स्वच्छ खानेपानी सुविधाको उपलब्धता तथा सरसफाइ क्षेत्रको विकासबाट स्वस्थ जीवनयापन हुनुका साथै पानी ओसार्ने समय बचत भई बचत समयको उत्पादनशील कार्यमा प्रयोग हुन सक्नेछ ।

तालिका ३
प्रमुख सामाजिक परिसूचकहरूको दीर्घकालीन प्रक्षेपण

क्र.सं	क्षेत्र	आ.व.	योजना अवधि			
		२०५३/५४	नवौं	दशौं	एघारौं	बाहौं
१.	शिशु मृत्युदर (प्रतिहजार)	७४.७	६१.५	५०.७	४१.७	३४.४
२.	मातृ मृत्येदर (एकलाख जीवित जन्म)	४७५	४००	३५०	३००	२५०
३.	बाल मृत्युदर (प्रतिहजार)	११८	१०२.३	८६.८	७३.७	६२.५
४.	कुल प्रजननदर (प्रतिहजार)	४.५८	४.२	३.८१	३.४३	३.०५
५.	औसत आयु (वर्ष)	५६.१	५९.७	६३.०	६६.०	६८.७
६.	परिवार नियोजन साधन प्रयोगकर्ता (प्रतिशत)	३०.१	३६.६	४३.९	५१.१	५८.२
७.	तालिमप्राप्त जनशक्तिबाट प्रसूति सेवा	३१.५	५०	६५	८०	९५
८.	कोरा मृत्युदर (प्रतिहजार)	११.५	९.६	८.१	६.९	६.०
९.	कोरा जन्मदर (प्रतिहजार)	३५.४	३३.१	३०.४	२७.५	२६.६
१०.	अत्यावश्यकीय स्वास्थ्यसेवाको उपलब्धता (प्रतिशत जनतालाई)	-	७०	८०	८५	९०
११.	खानेपानी क. खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत) ख. शुद्ध खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)	 ६१ १५	 १०० २५	 १०० ४०	 १०० ६०	 १०० ८५
१२.	प्राथमिक शिक्षा (६-१० वर्ष उमेरको बालबालिका) (प्रतिशतमा)	७०	९०			१००
१३.	माध्यमिक शिक्षा (१४-१५ वर्ष उमेरका बालबालिका) (प्रतिशतमा)	४५	६०			१००
१४.	साक्षरता (१५ वर्ष र सोभन्दा माथिको) (प्रतिशतमा)	४०	७०			१००

अन्य विकासका लक्ष्यहरू :

जनसंख्या : जनसंख्या वृद्धिबाट आर्थिक तथा सामाजिक क्षेत्रमा पर्ने नकारात्मक प्रभावलाई हृदयंगम गरी सर्वसाधारण जनतामा सानो परिवारको धारणा विकसित गराईनेछ । परिवार नियोजनका स्तरीय साधनहरु सरल र सुलभ ढङ्गबाट उपलब्ध गराएर प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ । यस अनुसार आगामी २० वर्षमा अधिराज्यको कुल प्रजनन दरलाई विस्थापन स्तरमा लैजाने २० वर्षीय अवधारणा रहेकोछ । परिवार नियोजन सेवाको मागअनुरुप आपूर्ति गर्न सेवा साधनहरुको विस्तार गरिनेछ । प्रत्येक परिवारको चाहनालाई दुई सन्तानमा सीमित गर्न र अनुकुल आर्थिक एवं सामाजिक वातावरणको सिर्जना गर्न निजी तथा गैरसरकारी संघ संस्थाहरुको समेत सहयोग लिई परिवार नियोजनका स्तरीय साधनहरु वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।

मानव संसाधन : देशको आवश्यकताअनुसार दक्ष, सिर्जनशील, सीपयुक्त, ग्रहणशील एवं सकारात्मक मूल्य अभिवृद्धि गर्ने मानव संसाधनको विकास तथा परिचालन गर्ने दीर्घकालीन अवधारणा लिइएको छ । देशको सम्पूर्ण जनसंख्यालाई मानव पुँजीको रुपमा विकास गरिनेछ । स्वदेशमा उपलब्ध मानव संसाधनको प्रभावकारी परिचालन गर्नुका साथै श्रमको माग र आपूर्तिको आधारमा आवश्यक जनशक्तिको विकास गर्दै लगिनेछ । सीपमूलक तालिमको माध्यमबाट सीपयुक्त जनशक्ति तयार गरी स्वरोजगार तथा रोजगारका अवसर उपलब्ध गराई गरिबी निवारणमा टेवा पुऱ्याइनेछ । स्वदेशी

जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने गरी योग्य बनाउनमा जोड दिइनेछ । तीव्ररुपमा परिवर्तनशील प्रविधिलाई ग्रहण गर्न सक्ने दक्ष जनशक्तिको विकासमा जोड दिइनेछ।

वातावरण : नेपालको प्राकृतिक वातावरणको सम्वर्द्धन गरी वर्तमान र भावी सन्ततिका लागि दिगो विकासको वातावरण सिर्जना गर्ने कार्य पनि एक चुनौतीकै रुपमा रहेको छ । यसका लागि विकास तथा वातावरणलाई एकीकृत गर्ने र विभिन्न क्षेत्रगत विकास कार्यक्रमहरुमा वातावरणीय अवधारणालाई समावेश गरी कार्यान्वयनमा ल्याउने योजनाको दीर्घकालीन दृष्टिकोण हुनेछ । यस कार्यमा सरकारी संस्था, स्थानीय निकाय, गैर सरकारी संघ तथा संस्थाहरु, उपभोक्ता समूह र निजी क्षेत्रलाई संयुक्त एवं साझेदारी रुपमा कार्य गर्ने अवस्था सिर्जना गरी 'वातावरण संरक्षण प्रत्येकको व्यक्तिगत चासो र सामुहिक जिम्मेवारी हो' भन्ने भावना जागृत गराइ स्वैच्छिक एवं सहभागितात्मक वातावरण संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्न जोड दिइनेछ ।

वन विकास : प्रमुख प्राकृतिक स्रोतको रुपमा रहेको वन क्षेत्र नेपालको विकासको एक महत्वपूर्ण आधार हो । यस क्षेत्रको विकासको दीर्घकालीन अवधारणामा यस क्षेत्रको गुरुयोजनामा प्रतिपादित सिद्धान्त, मार्गदर्शन र नीतिहरुलाई मूल आधार मानिएको छ । वन क्षेत्रलाई दिगो विकासको आधारशिलाको रुपमा विकसित गरिनेछ । उच्च एवं मध्य पहाडी भेगका सम्भावित स्थलहरुमा जडीबुटी कार्यक्रमलाई व्यवस्थित ढङ्गबाट आधुनिक प्राविधिक सीप र टेवा पुऱ्याई व्यापक विस्तार गरिनेछ । वन एवं जडीबुटी कार्यक्रमलाई गरिबी निवारण, रोजगारी प्रवर्द्धन र गाउँ विकासको मुख्य आधारका रुपमा उपयोग गरिनेछ । वन क्षेत्रको विकासका लागि वैकल्पिक सम्भावनाहरुको अध्ययन गरिनेछ र वन विकासको एकीकृत एवं कार्यमूलक ढाँचा अवलम्बन गरिनेछ । वन क्षेत्रमा जनताको सामुहिक स्वामित्वको भावना बढाई सहभागिताका आधारमा ग्रामीण एवं उपभोक्ता स्तरका एकाइहरु परिचालन गरी सामुदायिक वन विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

सुशासन र विकास व्यवस्थापन : जनमुखी प्रशासन आजको महत्वपूर्ण आवश्यकता भएकोले दीर्घकालीन प्रशासन नीतिको तर्जुमा गरी कार्यान्वयन सुरु गरिनेछ । यसबाट स्वच्छ, पारदर्शी, उत्तरदायी र जनमुखी प्रशासन व्यवस्था कायम गरिनेछ । सरकारको कार्यक्षेत्रमा पुनरावलोकन गरी सानो, स्वच्छ र छरितो कार्यक्षेत्र बनाई निजी एवं गैरसरकारी क्षेत्रको संलग्नतामा वृद्धि गरिनेछ । प्रतिवद्ध प्रशासनिक नेतृत्वको विकाससँगै निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रसँग प्रतिस्पर्धा गर्नसक्ने कर्मचारीतन्त्रको विकास गरिनेछ । प्रशासनमा गुणस्तरयुक्त व्यवस्थापनको अवधारणालाई क्रियाशील गराइनेछ । साथै विकेन्द्रीकरणको अवधारणाअनुरुप यसलाई व्यवहारमा उतार्न आवश्यक व्यवस्था गरिनेछ । योजना दस्तावेजले निर्दिष्ट गरेका उद्देश्यअनुरुप नीति, कार्यनीति र तदनुसार कार्यक्रम, बजेट तर्जुमा भए नभएको समयमै पहिचान गरेर नीति निर्माण तहलाई अनुपोषण गर्ने र विकास आयोजनाहरुलाई निर्दिष्ट समय, लागत, परिमाण र गुणस्तरअनुरुप सम्पन्न गरी लक्ष्य र उपलब्धिबीच अन्तर आउन नदिने दीर्घकालीन लक्ष्य प्राप्तिकालागि समग्र अनुगमन तथा मूल्याङ्कन व्यवस्था परिचालन गरिनेछ ।

परिच्छेद ३

नवौं योजनाको उद्देश्य, नीति तथा विकास प्रकर्षण

३.१ नवौं योजनाको उद्देश्य, नीति तथा प्राथमिकता

१. पृष्ठभूमि

नेपालमा २०१३ सालदेखि सुरु भएको आवधिक योजनाहरुमा मुख्य रुपमा पाँचौ योजनासम्म भौतिक पूर्वाधारहरुको विकास तथा आधारशीला निर्माण गर्नेतर्फ जोड दिइएको थियो । पाँचौ योजनापश्चात् कृषि, वनजस्ता उत्पादनशील क्षेत्रहरु तथा मानव संसाधन विकासका क्षेत्रहरुलाई पनि प्राथमिकताका साथ अगाडि बढाउने प्रयास गरिएको थियो ।

पहिलेका योजनाहरुको तुलनामा आठौं योजनामा केही मौलिक भिन्नता पनि देखिन गयो । विगत योजनाहरुले नियन्त्रित आर्थिक नीतिहरु अवलम्बन गरेकोमा आठौं योजनाले उदार एवम् बजारमुखी आर्थिक नीतिहरुलाई जोड दियो । नीतिगत रुपमा सरकारी र निजी क्षेत्रको भूमिका स्पष्ट रुपमा किटान गरियो । आर्थिक क्रियाकलापमा सरकारले सहयोगी भूमिका निभाउने, निजी क्षेत्रलाई बढावा दिने तथा आर्थिक क्रियाकलाप बृद्धि गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार र सामाजिक सेवा क्षेत्रमा सरकारको मुख्य भूमिका कायमै राखी यी क्षेत्रमा समेत निजी क्षेत्रलाई खुला गरियो ।

२. उद्देश्य

विगतका योजनाहरुको कार्यान्वयनबाट भौतिक एवम् सामाजिक पूर्वाधारको विकासमा केही उपलब्धि हासिल भएको तथा आठौं योजनामा लिइएको नीतिहरुबाट खास गरी गैरकृषि क्षेत्रको बृद्धिदर उच्च हुन गएको भए तापनि देशमा व्याप्त गरिबी र बेरोजगारी समस्यामा निराकरणमा वाञ्छनीय प्रगति हुन सकेन । तसर्थ नवौं योजनाले राष्ट्रको विकासक्रम अगाडि बढाउँदै लाने क्रममा वीस वर्षे दीर्घकालीन विकास अवधारणासँग तादाम्य कायम गरी राष्ट्रका सामु प्रमुख चुनौतीको रुपमा रहेको गरिबीको समस्यालाई कम गर्न गरिबी निवारणलाई एक मात्र उद्देश्यको रुपमा अङ्गीकार गरेको छ ।

नवौं योजनामा गरिबी निवारणको लक्ष्य हासिल गर्न स्पष्ट र ठोस कार्यनीतिको तर्जुमा गरी त्यसको कार्यान्वयनबाट गरीब जनसमुदायको जीवनस्तरमा सुधार ल्याइनेछ । गरिबीलाई दीर्घकालीन र प्रभावकारी रुपमा घटाउन गरिबी निवारणसम्बन्धी क्षेत्रगत र लक्षित कार्यक्रमहरुलाई समन्वयात्मक, एकीकृत तथा प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

३. रणनीति

गरिबी निवारणको लक्ष्य हासिल गर्न निम्नलिखित रणनीतिहरु अपनाइनेछन् :

- कृषि एवं वन क्षेत्रको एकीकृत विकास एवम् यस क्षेत्रको अगुवाईमा उच्च, दिगो र गरिबी निवारणउन्मुख आर्थिक वृद्धि गर्ने ।
- कृषि, जलस्रोत, उद्योग, पर्यटन र यातायातजस्ता क्षेत्रहरुलाई तुलनात्मक लाभ एवं प्रतिस्पर्धात्मक

क्षमताका आधारमा उद्योगको रुपमा विकसित गर्दै औद्योगीकरणको प्रक्रियालाई तीव्र पार्ने ।

- विभिन्न क्षेत्र र समुदायका बीचमा रहेको आर्थिक तथा सामाजिक असमानता खास गरी कृषि, सामाजिक कार्यक्रमहरुको माध्यमबाट कम गर्ने ।
- देशमा उपलब्ध प्राकृतिक, मानवीय र आर्थिक स्रोत र सम्पदाको व्यापक परिचालन र सदुपयोग गरी विदेशी सहयोग माथिको निर्भरता कम गर्ने ।
- कृषि, उद्योग, व्यापार आदि आर्थिक क्षेत्रको विकास एवं विस्तारमा सहकारितालाई पनि एक सशक्त माध्यमको रुपमा अङ्गीकार गर्ने ।
- अलग-अलग प्रकारको संरचना भएको अर्थतन्त्रमा एकै किसिमको नीतिबाट संगठित र आधुनिकक्षेत्र तथा असंगठित ग्रामीण र पिछडिएका क्षेत्रका आधारभूत समस्याहरु समाधान गर्न नसकिने भएकाले आधुनिकक्षेत्रको विकास र विस्तारलाई उदार, बजारमुखी आर्थिक नीतिमार्फत् निर्दिष्ट गर्ने तथा ग्रामीणक्षेत्रको विकास र निर्माणका लागि सरकारी क्षेत्रको सक्रिय भूमिका रहने ।
- विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायलाई ग्रामीण विकासको नेतृत्व लिन सक्षम बनाउने ।
- पिछडिएका क्षेत्रको विकासलाई विशेष प्राथमिकता दिई यस क्षेत्रका जनतालाई आर्थिक विकासको प्रत्याभूति दिने ।
- सामाजिक क्षेत्र खासगरी शिक्षा, स्वास्थ्य आदिको व्यापक विस्तार गरी दिगो र उच्च आर्थिक विकासका लागि आवश्यक जनशक्ति तयार गर्ने र समाजका पिछडिएका वर्गलाई विकासको मूल धारमा ल्याउने ।
- जनसंख्या वृद्धिदरलाई क्रमशः कम गर्दै सामाजिक चेतना अभिवृद्धिका साथै शिक्षा र परिवार नियोजन कार्यक्रममा व्यापकता ल्याउने ।

४. नीति तथा कार्यनीति

- आर्थिक सुधारको प्रक्रियालाई अरु सुदृढ गर्दै आर्थिक वृद्धिदरलाई उच्च एवं फराकिलो (broad-based) बनाइने ।
- अधिकांश जनता कृषिक्षेत्रमा आश्रित भएकाले दीर्घकालीन कृषि योजनाको कार्यान्वयनद्वारा कृषिक्षेत्रको विकास गरिने ।
- भू-स्वामित्वमा सुरक्षाको प्रत्याभूति दिँदै भूमिमाथि भूमिहीन कृषकको पहूँच पुऱ्याई एवं स्वामित्वमा विस्तार गर्दै कृषिमा उत्पादकत्व बढाउने तथा कृषिजन्य उद्योगको स्थापना, विकास र विस्तार गरी आर्थिक तथा रोजगारी अभिवृद्धिमार्फत् गरिबी-निवारण गरिने ।
- विकेन्द्रीकरण, स्थानीय विकास एवं मानवीय संसाधनको विकासका माध्यमबाट पिछडिएका तथा उत्पिडीत जाति, जनजातिहरुलाई आर्थिक, सामाजिकरुपमा सशक्त गर्दै लगिनेछ । यस्तो प्रक्रियामा जनसहभागितालाई मुख्य आधार बनाइने ।
- मानव संसाधनको विकासका साथै उद्यमी तथा सीपमूलक तालिमको व्यापक विस्तार गरी बढ्दो जनशक्तिलाई उद्यमी, स्वरोजगारी र रोजगारी प्राप्त गर्न क्षमतावान् बनाइनेछ । यस्ता कार्यक्रमहरुलाई गरिबी निवारणको प्रमुख माध्यम बनाइनेछ । यस क्रममा प्राविधिक सहायता एवं सल्लाह र ऋणप्रवाहजस्ता सेवाहरु व्यापकरुपमा गाउँ-गाउँसम्म सञ्चालन गरिने ।
- कृषिक्षेत्र लगायत घरेलु तथा साना उद्योग र पर्यटन क्षेत्रको विकासलाई ग्रामीण क्षेत्रसम्म विस्तार

गरी आय आर्जन र रोजगारीका अवसरमा व्यापकता ल्याइनेछ ।

- साधनको सीमिततालाई विचार गरी छोटो अवधिमा बढी प्रतिफल दिने, रोजगारीमूलक तथा न्यायोचित वितरणमा टेवा पुऱ्याउने, कृषि, साना तथा घरेलु उद्योग, पर्यटन तथा निर्माणजस्ता क्षेत्रहरुमा बढी लगानी केन्द्रित गरी आय असमानता तथा गरिबी कम गरिनेछ ।
- सरकारी, निजी, स्थानीय निकायहरु, बैंकिंग क्षेत्र तथा गैरसरकारी क्षेत्रहरुबाट सञ्चालनमा ल्याइने रोजगारी अभिवृद्धिका कार्यक्रमहरुलाई एकीकृतरुपमा कार्यान्वयन गरिनेछ ।
- तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका आधारमा वैदेशिक व्यापारमा विविधीकरण गरी निर्यात व्यापारमा व्यापक विस्तार गरिनेछ । यस सन्दर्भमा प्रतिस्पर्धात्मक वातावरण तयार गर्न आवश्यक कानुनी तथा संस्थागत पूर्वाधारहरु विकास गरिनेछ ।
- अर्थतन्त्रको उत्पादन र उत्पादनशीलता बढाउन आर्थिक, सामाजिक पूर्वाधारहरुको विकास र विस्तार गरिनेछ ।

५. प्राथमिकता

देशको सीमित आर्थिक, मानव तथा संस्थागत साधनलाई दृष्टिगत गर्दा सम्पूर्ण क्रियाकलापहरुलाई प्राथमिकताका साथ एकैसाथ अगाडि बढाउन नसकिने हुनाले दीर्घकालीन विकासको लक्ष्य तथा भौगोलिक प्राथमिकता निम्नअनुसार हुनेछ ।

कृषि तथा वन

आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र भएको, अधिकांश जनता कृषिमा आधारित रहेको तथा कृषि क्षेत्रको अगुवाइमा गैरकृषि क्षेत्रमा समेत लगानी प्रवाहित हुन गई गरिबी निवारणमा योगदान पुऱ्याउने र कृषि क्षेत्रको विकासका प्रचुर सम्भावनाहरु भएकाले दीर्घकालिन कृषि योजना अनुरुप कृषि क्षेत्रको विकास गरिनेछ । यस योजनाको सफल कार्यान्वयनबाट कृषि क्षेत्रमा हाल भइरहेको उत्पादन थप दुई प्रतिशत विन्दुले बढ्ने अपेक्षा गरिएको छ । वन क्षेत्रको विकास गरी मुलुकको विकास कार्यक्रममा आवद्ध गरी लान यसको अधिकतम उपयोग एवं सम्बर्द्धन गरिनेछ र उच्च पहाडी भेगमा जडीबुटी एवं पशुपालन कार्यक्रमलाई व्यापक विस्तार गरी उक्त क्षेत्रको विकास एवं गरिबी निवारण कार्यक्रमको अभिन्न अङ्ग बनाइनेछ ।

जलस्रोत

आर्थिक क्रियाकलापको बृद्धि एवम् जनताको जीवनस्तरमा सुधार ल्याउन ऊर्जाको ठूलो महत्व हुन्छ । मुलुकको अपार जलसम्पदाको विकासबाट ऊर्जा आवश्यकताको परिपूर्ति मात्र होइन कृषि एवं उद्योग क्षेत्रको विकासका साथै समग्र रुपमा आर्थिक सामाजिक विकासका साथै गरिबी निवारणलाई समेत ठूलो टेवा पुग्न जाने हुन्छ । यस परिप्रेक्ष्यमा नवौं योजनामा निजी क्षेत्रको सहभागितामा समेत जलस्रोत क्षेत्रको विस्तार गरी सामाजिक लाभ प्राप्त गर्न उपयोग गरिनेछ । यसका अतिरिक्त यसै योजनादेखि कार्यान्वयन भएको दीर्घकालिन कृषि योजनाको लक्ष्यका आधारमा लिफ्ट सिंचाइ तथा कृषि उत्पादनको प्रशोधनको लागि विद्युत् सेवा पुऱ्याउनुपर्ने आवश्यकतालाई ध्यानमा राखी यस योजनामा जलऊर्जा स्रोतको विकासमा विशेष जोड दिइएको छ । धेरै वर्षदेखि रहिआएको विद्युत् आपूर्तिको न्यून स्थिति नवौं योजनावधिमा समाप्त हुनेछ ।

मानव संसाधन र सामाजिक विकास

मानवीय संसाधनको विकासलाई गरिबी निवारणको अभिन्न अङ्गको रुपमा लिई लगानीको ठूलो भाग नवौं योजनामा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने शिक्षा, स्वास्थ्य, खानेपानी तथा स्थानीय विकास, साक्षरता एवम् महिला विकासजस्ता कार्यक्रमहरुमा प्रवाहित गरिनेछ । यसका अतिरिक्त जनतालाई आर्थिक एवम् सामाजिक रुपले सशक्त बनाउन सीपमूलक तालिम, स्वरोजगार र पूर्ण रोजगारको अवसर बृद्धि गर्न मानव संसाधन विकास एवम् सामाजिक विकाससँग सम्बन्धित विभिन्न क्षेत्रगत एवम् लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

औद्योगीकरण, पर्यटन विकास र अन्तर्राष्ट्रिय व्यापार

देशको तीव्रतर आर्थिक विकासको लागि उद्योग क्षेत्रको विकास निकै महत्वपूर्ण रहन्छ । यसैगरी पर्यटन उद्योग नेपालको तुलनात्मक लाभ प्राप्त उद्योगको रुपमा रही यस क्षेत्रको विकासको प्रचूर सम्भावना रहेकोले यी क्षेत्रहरुलाई देशको समग्र आर्थिक विकासको महत्वपूर्ण अङ्गको रुपमा विकास गरिनेछ । खासगरी छिमेकी मुलुकहरुसँगको व्यापारिक सम्बन्ध एवं क्षेत्रीय व्यापार सम्भावना समेतलाई दृष्टिगत गरी औद्योगिक विकासको आधार निकासीमूलक व्यापारको रुपमा प्रोत्साहित गरिँदै लगिनेछ । सरकारले नीति नियमको व्यवधानलाई कम गर्दै पूर्वाधार विकासमा जोड दिई निजी क्षेत्रलाई यी दुवै क्षेत्रहरुको विकासमा लगानी बृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

भौतिक पूर्वाधार

समग्र आर्थिक तथा सामाजिक विकासको पूर्व शर्तमा रहेका भौतिक पूर्वाधारजस्तै सडक, पुल, हवाई यातायात तथा सञ्चारको विकास नगरी गरिबी निवारण गर्ने, आर्थिक बृद्धिदर उच्च पार्ने, ग्रामीण विकास गर्ने कार्यहरुमा सफलता हासिल गर्न नसकिने हुनाले यी पूर्वाधारको विकास गर्न नवौं योजनाले विशेष ध्यान दिनेछ । यस कार्यमा निजी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ । जिल्ला सदरमुकाम जोडने सडक, कृषि सडक लगायत बढीभन्दा बढी जनतालाई सञ्चार सुविधा पुऱ्याउने कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

३.२ विकास प्रकर्षणका प्रमुख क्षेत्रहरु

विकास एक बहुआयामिक अवधारणा हो र यसको मुख्य उद्देश्यनै जनताको जीवनस्तर उच्च गर्नु हो । विकासको स्थिति एवं गतिलाई सुदृढ एवं तीव्र गर्न देशको आर्थिक तथा सामाजिक अवस्था र तिनीहरु बीचको अन्तरक्रियाले प्रभाव पार्ने हुनाले देशको आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्न कस्ता किसिमका आधार तयार गर्नु पर्छ भन्ने कुरा तय गर्नु आवश्यक हुन्छ ।

विकासका आधार र अवधारणाहरु निर्माण गर्दा ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्था, आर्थिक, सामाजिक तथा राजनैतिक परिस्थिति तथा कार्यान्वयन गर्ने संस्थागत व्यवस्थाका आधारमा तय गर्नु पर्ने आवश्यकता हुने भएतापनि देश विकासको रणनीतिहरुमा देशको विद्यमान चुनौतीलाई सामना गर्न सक्ने नीति निर्माण, ती नीतिहरुको कार्यान्वयन हुन सक्ने गरी बनाइएका कार्यक्रम, तथा ती कार्यक्रमहरुको सफल कार्यान्वयन गर्न प्रभावकारी संस्थागत संरचनाका पक्षहरु सुदृढ हुनु पर्ने हुन्छ । यस्तो प्रक्रिया अगाडि बढाउँदै जाँदा आन्तरिक तथा बाह्य कारणहरुले गर्दा विकासका नीति एवं रणनीतिहरुलाई केहि परिवर्तन गर्नु पर्ने आवश्यकता हुन सक्ने भएतापनि दिगो एवं तीव्र विकासको लागि नीतिगत स्पष्टता र स्थायित्व तथा यिनीहरुको कार्यान्वयन पक्ष सबल हुनु जरुरी हुन्छ ।

नवौं योजनाको पूर्वार्द्धमा देशमा विद्यमान गरिबी, सुस्त विकास गति, क्षेत्रीय असन्तुलनको स्थिति एवं अन्य आर्थिक एवं सामाजिक चुनौतीहरुलाई दृष्टिगत गरी यस योजना अवधिमा तीव्रतर विकासको लागि के कस्ता आधारहरु तयार गर्नु पर्ने र के कस्ता क्षेत्र एवं नीतिहरुलाई जोड दिनु पर्छ भन्ने कुराको खाका तयार गरी त्यस अनुसार जान सकेमा विकास प्रयासमा ठोस योगदान पुऱ्याउन सकिन्छ भन्ने अभिप्रायले विकास प्रकर्षण (development thrust) का प्रमुख क्षेत्रहरु तोकी ती क्षेत्रहरुलाई निम्न वमोजिम अगाडि बढाउने प्रयास गरिनेछ ।

३.२.१ समष्टिगत आर्थिक स्थायित्व

बजारमुखी अर्थव्यवस्थालाई प्रभावकारी बनाई नवौं योजनाले राखेको उद्देश्य हासिल गर्न समष्टिगत आर्थिक स्थायित्वको स्थिति कायम गर्नु अति आवश्यक हुन्छ । यसको लागि बजेट घाटा कम गर्नुपर्ने, आन्तरिक ऋण वाञ्छित सीमाभित्र रहनुपर्ने, मूल्य र मुद्रा प्रदाय नियन्त्रणमा रहनुपर्ने तथा बचत र लगानीलाई वृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्ने हुन्छ । त्यस्तै बाह्य सन्तुलनका लागि वैदेशिक विनिमयदरलाई सन्तुलित र वास्तविक बनाउनु पर्ने, निर्यात एवं पर्यटन क्षेत्रबाट प्राप्त हुने विदेशी मुद्राको आयमा वृद्धि ल्याई चालू खाता घाटा कम गरी शोधनान्तर स्थितिमा अनुकूलता ल्याउन आवश्यक हुन्छ ।

नवौं योजनामा लक्षित गरिएको वार्षिक ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नुका साथै गरिबी निवारणको उद्देश्य प्राप्त गर्नको लागि एकातिर आन्तरिक स्रोतको परिचालनमा विशेष ध्यान दिनु आवश्यक छ भने अर्कोतिर लगानी र बचतबीचको असन्तुलनलाई कम गरी स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीमा अभिवृद्धि गर्नुपर्ने आवश्यकता पनि त्यत्तिकै रहेको छ । यसकारण आन्तरिक स्रोतको अत्यधिक परिचालनमा वृद्धि गर्न नवौं योजनामा राजस्वको वृद्धिदर स्थिर मूल्यमा १०.२ प्रतिशतले वृद्धि गर्न कर प्रशासनको सुदृढीकरण गर्ने, करको दायरा फराकिलो पार्ने मूल्य अभिवृद्धि कर (VAT) जस्ता करको सफल कार्यान्वयन एवं सुदृढीकरणबाट कर प्रणालीमा सुधार गर्दै लैजाने आदि कार्यक्रमहरु राजस्व वृद्धितर्फ कार्यान्वयनमा ल्याइनेछ । सरकारी खर्च व्यवस्थापनलाई सक्षम र सुदृढ गर्न अनुत्पादक र फजुल खर्चमा नियन्त्रण गर्दै सरकारी साधनलाई योजनाको प्राथमिक क्षेत्रमा प्रवाह गरिनेछ । निजी क्षेत्रले लगानी गर्न उत्सुकता देखाएका क्षेत्रहरुमा सरकारी संलग्नता कम गर्दै लगी अन्य आवश्यक

क्षेत्रको लागि साधन परिचालनतर्फ जोड दिइनेछ । साधारण खर्च नियन्त्रण गरी वाञ्छित सीमाभित्र राखिनेछ ।

आठौं योजनाअवधिमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा बजेटघाटा तथा आन्तरिक ऋण घट्ने प्रवृत्ति देखियो । नवौं योजना अवधिमा खासगरी आर्थिक अनुशासनमा जोड दिई यो प्रवृत्तिलाई कायम राखिनेछ ।

राष्ट्रिय बचत वृद्धि गर्ने, ब्याजदरलाई अझ बढी प्रतिस्पर्धी बनाई बचतकर्तालाई बैङ्क तथा वित्तीय संस्थाहरुमार्फत बचत गर्न प्रोत्साहित गर्ने र वैदेशिक लगानी तथा निजी क्षेत्रको रेमिटान्स (भुक्तानी) मा वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

मूल्यमा स्थायित्व कायम गरी आर्थिक विकास गर्ने उद्देश्यले देशको मौद्रिक नीति सञ्चालन गरिनेछ । नवौं योजनाअवधिमा उपभोक्ता मूल्यसूची ६.५ प्रतिशतभन्दा बढी वृद्धि हुन दिइनेछैन । यसको लागि मुद्रा प्रदायको वृद्धिदर १३.० प्रतिशतभित्र कायम गरिनेछ । बाह्य सन्तुलन कायम गर्नको लागि नवौं योजनामा वस्तु र सेवाको आयातको वृद्धिदर ८.५ प्रतिशत गर्ने र वस्तु र सेवाको निर्यातको वृद्धिदर ११.० प्रतिशत गरी चालू खाता घाटाको वृद्धिदर १.७ प्रतिशतमा ल्याउने लक्ष्य राखिएको छ । त्यस्तै बैदेशिक विनिमयदरलाई बजारद्धारा निर्देशित हुने गरी देशको निर्यात व्यापारलाई सघाउ पुऱ्याउने हिसाबले निर्धारण गर्ने नीति अवलम्बन गरिनेछ ।

३.२.२ गरिबी निवारण

देशमा गरिबी एक गम्भीर चुनौतीको रुपमा उपस्थित छ । २०५३ सालमा भएको नेपाल जीवनस्तर सर्वेक्षणको प्रतिवेदन अनुसार कुल जनसंख्याको ४२ प्रतिशत निरपेक्ष गरिबी रेखामुनि रहेको देखिन्छ । गरिबी रेखामुनि रहेका जनसंख्यामा करिब १७.१ प्रतिशत अति गरिब रहेको पाइन्छ ।

नवौं योजनाले गरिबी निवारणलाई प्रमुख उद्देश्यको रुपमा स्थापित गरेको छ र गरिबी रेखामुनि रहेको ४२ प्रतिशत जनतालाई योजनाअवधिमा ३२ प्रतिशतमा ओराल्ने लक्ष्य निर्धारण गरेको छ । गरिबी रेखामुनि रहेका जनसङख्याको जीवनस्तर उठाउँदै जाने, उत्पादन एवं आय आर्जनको साधन नभएका अति गरिब परिवारको जीवनस्तर माथिउठाउन विशेष जोडदिने, पिछडिएका, उपेक्षित र कमजोर वर्गलाई सामाजिक एवंआर्थिक रुपले सबल तुल्याउने र पिछडिएका दुर्गम क्षेत्रमा भौतिक, सामाजिक एवं आर्थिक पूर्वाधारको विकास गरी गरिबीको उच्च चापलाई कम गर्ने आदि उद्देश्यहरु योजनाले अंङ्गिकार गरेको छ ।

गरिबी निवारण सम्बन्धी निर्धारित उद्देश्य प्राप्तिका लागि विकासका सम्पूर्ण प्रयासलाई त्यसैतर्फ निर्देशित गर्ने रणनीति अख्तियार गरिएको छ । यसका लागि विभिन्न क्षेत्र (sector) मा उच्च आर्थिक वृद्धिदर हासिल गर्न र व्यापक रोजगारीको सिर्जनामा जोड दिइनेछ । साथै, दीर्घकालीन कृषि योजनालाई कार्यान्वयन गराई कृषि क्षेत्रलाई गरिबी निवारणमा अगुवाको भूमिका निभाउन लगाइनेछ । उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र व्यापक रोजगारी सिर्जना गर्ने प्रयास गर्नुका साथसाथै पिछडिएका दुर्गम क्षेत्रका जनता र उपेक्षित एवं कमजोर वर्गको सामाजिक एवं आर्थिक अवस्थामा सुधार ल्याउन प्राथमिक स्वास्थ्य, शिक्षा एवं खानेपानीको सुविधा पुऱ्याउनमा विशेष जोड दिइनेछ । साथै गरिबी निवारणका लागि सीप विकास तालिम, कर्जाप्रवाह, सामाजिक परिचालन, जनसंख्या नियन्त्रण, महिला सशक्तीकरण, ग्रामीण विद्युतीकरण, वातावरणीय संरक्षण र कमजोर वर्गको विभिन्न शोषण विरुद्ध कानुनी व्यवस्था आदिमा पनि जोड दिइनेछ ।

३.२.३ जनसंख्या योजना तथा परिवार कल्याण

वि.सं. २०५४ मा गरिएको मध्यावधि जनसंख्या अध्ययन अनुसार वि.सं.२०४८ देखि २०५३ सम्मको अवधिमा नेपालको जनसंख्या औसत २.३८ प्रतिशत प्रतिवर्षका दरले वृद्धि भएको अनुमान गरिएकोछ। उच्च जनसंख्या वृद्धिको पृष्ठभूमिमा सामाजिक क्षेत्रको विकासको अलावा गरिबी निवारण एवं रोजगारी कार्यक्रमको सफल कार्यान्वयनबाट हुन जाने उपलब्धिको अनुभूति जनतालाई प्रदान गर्न गाह्रो हुन्छ। आगामी २० वर्षको अवधिमा जनसंख्या वृद्धिदरलाई १.५ प्रतिशतको हाराहारीमा ल्याउन नवौं योजनामा विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने लक्ष्य लिइएकोछ। यसैक्रममा नवौं योजनामा पनि दीर्घकालीन कार्यक्रमको अवधारणा अन्तर्गत शिक्षा, स्वास्थ्य एवं परिवार नियोजन कार्यक्रमका अलावा अन्य आय आर्जन, रोजगारी वृद्धि जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३.२.४ मानव संसाधन विकास

देशको सम्पत्ति भनेको त्यस देशका विद्यमान प्राकृतिक संसाधन र देशका नागरिकहरुमा अन्तरनिहित ज्ञान, सीप र दक्षता नै हो। मानव स्रोतबाट नै अन्य संसाधनहरु गतिशील हुने वा ती साधनहरुको कुशल प्रयोग सम्भव हुने हुँदा मानव संसाधनको समुचित परिचालन गरी देशलाई विकास पथमा अग्रसर गराउन सकिन्छ। उत्पादनका सबै साधनहरु मध्ये मानव संसाधनबाट मात्र तुलनात्मक रुपमा उच्च लाभ लिन सकिने हुँदा मानव संसाधनको विकासमा विशेष प्राथमिकता दिइन्छ। मानव संसाधनको विकास प्रक्रियाले सङ्गठित क्षेत्रलाई मात्र नभै सम्पूर्ण जनसंख्याको ज्ञान, सीप र दक्षतालाई समेटेको हुन्छ। उचित शिक्षा, प्रशिक्षण, स्वास्थ्यसेवा, सफा सुग्घर आवास, खानेपानी जस्ता सामाजिक सेवाहरु उपलब्ध गराएर दक्ष, सीपयुक्त र स्वस्थ जनशक्ति तयार गर्नु मानव विकास हो। अर्को अर्थमा यी सामाजिक सेवाहरुको विस्तारबाट देशका समग्र नागरिकको जीवनस्तरमा सुधार ल्याउनु नै मानव विकास हो। मानव विकासका समग्रस्तर नाप्दा ज्ञान, औसत आयु, जीवनस्तरलाई आधार मानिने हुँदा यसलाई निर्धारण गर्ने साक्षरता प्रतिशत, दैनिक क्यालोरी प्राप्तिको औसतस्तर, औसत आयु, आवास स्थिति, सुरक्षा, सहभागिता र वातावरण जस्ता पक्षहरुमा ध्यान दिनु पर्ने हुन्छ। मानवीय संसाधन विकास गर्न नवौं योजनामा विभिन्न क्षेत्रगत एवं लक्षित कार्यक्रमहरुको विस्तार र सुदृढीकरण गरिनेछ।

देशमा विद्यमान गरिबीको रेखामुनि रहेको जनसंख्यालाई विक्रम सम्वत् २०७४ सम्ममा दश प्रतिशतमा झार्ने परिदृष्टि अनुरुप दक्ष, सिर्जनशील, बहुसीपयुक्त, ग्रहणशील एवं सकारात्मक मूल्य अभिवृद्धि गर्न मानव संसाधनको विकास तथा परिचालन गर्ने अवधारणा लिई निम्नलिखित नीति तथा कार्यनीति अवलम्बन गरिनेछ।

- शिक्षा कार्यक्रममा व्यापक विस्तार गरी औसत साक्षरता एवं महिला साक्षरताको अनुपातलाई बढाउँदै लैजान आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ। निम्न माध्यमिक तह देखि नै विज्ञान, गणित र कम्पुटर शिक्षामा बिशेष जोड दिने एवं व्यवसायिक शिक्षा र तालिम कार्यक्रमलाई निजीक्षेत्रको सहभागितामा समेत व्यापक रुपमा कार्यान्वयन गरिनेछ। शिक्षाको गुणस्तर कायम राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

- स्वास्थ्यक्षेत्रका कार्यक्रमहरुलाई विस्तार गरी ग्रामीणस्तर सम्म पुऱ्याइनेछ। आधारभूत स्वास्थ्य एवं परिवार कल्याण कार्यक्रमलाई जोड दिइनेछ। स्वास्थ्य सम्वन्धी उच्च एवं मध्यमस्तरीय जनशक्ति तयार गर्न निजी क्षेत्र समेतलाई प्रोत्साहन गरिनेछ।

- आधारभूत तथा मध्यमस्तरीय जनशक्तिको आपूर्ति बढाउन औपचारिक तथा अनौपचारिक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने कार्यमा व्यापकता ल्याइनेछ।

- महिला शिक्षा तथा व्यावसायिक शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गराइनेछ। विशेष गरी ग्रामीण महिलाहरुको उत्थानका लागि उपयुक्त सीपमूलक तालिम दिई रोजगार तथा स्वरोजगारको माध्यमबाट आत्मनिर्भर तथा सशक्त हुन प्रोत्साहित गरिनेछ।

- विश्व वातावरण र प्रविधिमा देखिने सम्भावित परिवर्तनबाट हुने असर वा समायोजन लागत न्यूनीकरण गर्नै बहुसीपयुक्त जनशक्तिको आवश्यकता देखिएको छ । यसका लागि प्रशिक्षण, पुर्नताजगी प्रशिक्षण जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरी परिवर्तित प्रविधिसँग परिचित गराउने व्यवस्था मिलाइनेछ ।

- तालिम दिने सरकारी र गैरसरकारी संस्थाहरु बीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी यसको गुणस्तरमा सुधार ल्याउन सरकारी क्षेत्रबाट विशेष लक्षित समूहलाई दिइने तालिममा क्रमशः भौचर प्रणाली स्थापित गरी स्वयं प्रशिक्षण संस्था चयन गर्न दिइनेछ ।

- आफ्नै खर्चमा तालिम लिन चाहने आर्थिक स्थिति कमजोर रहेका व्यक्तिहरुका लागि तालिम कर्जा दिइनेछ । रोजगारीमा लागेपछि शुल्क बुझाउन पाउने गरी "कमाऊ र तिर" कार्यक्रम सञ्चालन गर्ने निजी प्रशिक्षण संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

- गरिबी निवारण गर्ने उद्देश्यलाई सफल पार्न गरिबीका रेखामुनिका भनी पहिचान गरिएका समूहहरुमा अभियानकै रुपमा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

- पर्यटन उद्योग ठूलो सङ्ख्यामा रोजगारी दिने क्षेत्रको रुपमा विस्तार हुँदै गएकोले यस उद्योगको माग अनुरुप जनशक्ति उत्पादन गर्न सरकारी, गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रमा तालिम दिने निकायहरुलाई प्रोत्साहित गरिनेछ ।

- बदलिंदो प्रविधि र मागको प्रवृत्तिलाई मध्यनजर गरी हालका तालिमका विषयहरु र तालिम दिने तौर-तरिकामा सुधार ल्याउन पाठ्यक्रम सुधार र अनुसन्धानमा जोड दिइनेछ ।

- सीपमूलक तालिम प्रदान गर्ने संस्थाहरुलाई साधन सम्पन्न तुल्याइ क्षमतामा वृद्धि गरिनेछ । साथै तालिमको गुणस्तर यकिन गर्न यसको प्रमाणीकरण (accreditation) एउटै संस्थाबाट हुने व्यवस्था मिलाइनेछ ।

- विदेशी तालिम तथा अध्ययन सम्बन्धी छात्रवृत्तिहरुको साथै स्वदेशमा नै सञ्चालन हुने तालिमको लागि समय-सापेक्ष सुधार गरी दक्ष जनशक्तिको अभाव हुन नपाउने व्वयस्था गरिनेछ ।

- बैदेशिक रोजगार प्रवर्द्धन गर्न र विश्वसनीयता कायम गर्न एक स्वायत्त संस्थाको स्थापनाका लागि आवश्यक कदम चालिनेछ । बैदेशिक रोजगारको बजार विस्तार गर्न, यसका विश्वसनीयतामा वृद्धि गर्न तथा विदेशमा नेपाली कामदारहरुका हक, हितको संरक्षण र सुरक्षाका लागि बैदेशिक रोजगारका बढी सम्भावना भएका मुलुकहरुमा नेपालका कुटनैतिक नियोग वा अन्य सरकारी निकायहरुलाई परिचालन गरिनेछ ।

- बालश्रम र बालशोषण निवारण गर्न विभिन्न बाल कल्याणकारी एवं पुनर्स्थापन सम्बन्धी कार्यक्रमहरु सरकारी, गैरसरकारी संघ संस्थाहरु मार्फत सञ्चालन गराइनेछ ।

- व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड निर्धारण गरिनेछ र सो सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

- असहाय अपाङ्गहरुको लागि अवसरहरुको सिर्जना गरिनेछ ।

- विकास कार्यमा गैरसरकारी संस्था र स्थानीय समुदायको सहभागितामा जोड दिइनेछ ।

- मानव संसाधन विकास कार्यक्रमहरु सञ्चालन गर्दा पिछडिएका जनजाति र ग्रामीण महिलाहरुको स्तर उठाउन विशेष कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

- देशमा विद्यमान जनशक्ति आँकडालाई एकत्रित गरी सूचनाको रुपमा विकास गर्न एक मानव संसाधन सूचना प्रणालीको विकास गरिनेछ । मानव संसाधन विकास कार्यमा संलग्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायहरुका क्रियाकलापहरुलाई समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्न सम्बन्धित निकायलाई जिम्मेवार गराइनेछ ।

गरिबी निवारण कार्यक्रमहरु आर्थिक स्रोत परिचालनमुखी मात्र नभई मानव संसाधन विकासमुखी हुनु आवश्यक देखिन्छ । मानव संसाधन विकास कार्यक्रमले गरिबीको रेखामुनि रहेका र अन्य लक्षित समूहहरुको क्षमतामा अभिवृद्धि गर्नुका अतिरिक्त उनीहरुलाई काम गर्नसक्ने अवस्थको समेत सिर्जना गर्दछ । यसर्थ गरिबी निवारण कार्यक्रमहरु मध्ये मानव संसाधनको विकासद्धारा गरिबी निवारण उद्देश्यलाई अगाडि बढाउने नीतिले लोकप्रियता हासिल गरेको हो । गरिबीको अवस्थमा जीवनयापन गरिरहेका वर्गहरुको उत्पादनका साधनहरुमा पहुँच हुन सकेको हुँदैन । फलस्वरुप उत्पादनको प्रतिफल वितरणवाट गरिब वर्गले फाइदा उठाउन सकिरहेको देखिदैन । अतः विपन्न वर्ग र उत्पादनका साधनमा पहुँच नभएका वर्गलाई लक्षित गरेर तयार गरिएको मानवीय संसाधन विकास कार्यक्रमले यस्ता वर्गको उत्पादनका संसाधनमा पहुँच बढाई उत्पादनको प्रतिफलमा विपन्न वर्गको हिस्सा क्रमशः वृद्धि हुँदै जाने विश्वास गरिएको छ । यसरी निर्धारित लक्ष्य अनुसार प्रगति हुन सकेमा नेपालको मानव विकासको स्तर विकासोन्मुख देशको औसत स्तरमा पुग्न जानेछ ।

३.२.५ आन्तरिक बचत परिचालन

देशको विकासमा बचतको ठूलो महत्व हुन्छ । उच्च आर्थिक बृद्धिदर हासिल गर्न बचत उच्च हुनुपर्छ भने तीव्रतर विकासले बचतको वृद्धि उच्च गराउंछ । नेपालको बचतदर अन्य विकासशील देशहरुको तुलनामा कम भएको तर हालकै ५ देखि ६ प्रतिशतको आर्थिक बृद्धिदर हासिल गर्न पनि कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशतभन्दा बढी वार्षिक लगानी गर्नुपर्ने देखिएको छ । हाल देशको कुल गार्हस्थ्य बचत करिव १४ प्रतिशत भएको परिप्रेक्ष्यमा देशको आर्थिक साधन कुल गार्हस्थ्य उत्पादनमा झण्डै ११ प्रतिशतको कमी देखिएको छ । लगानीको ठूलो अंश अझै पनि वाह्य स्रोतबाट परिपूर्ति गर्नु परेको छ ।

बचतको बृद्धिदर, अन्य कारणका अतिरिक्त, देशको प्रतिव्यक्ति आयको स्तर तथा बृद्धिदर, जनसंख्या बृद्धिदर, बैंक बचतमा प्राप्त हुने व्याजदर, बैकिंग तथा वित्तीय सुविधा, खुद फ्याकटर आय आदिमा भर पर्दछ ।

नवौं योजनावधि तथा त्यसपछिका योजनाहरुमा कृषि तथा गैरकृषि क्षेत्रमा लगानी वृद्धि गर्ने विभिन्न नीति तथा कार्यक्रमहरु सञ्चालन गरी आर्थिक वृद्धिदरलाई तीव्र पारिनेछ । साथै विविध रणनीतिद्वारा जनसंख्या घटने अनुमान गरिएको हुंदा नवौं योजना अवधिमा प्रतिव्यक्ति आय प्रतिवर्ष ३.६ प्रतिशतले वृद्धि हुन गई बचतमा अनुकूल प्रभाव पर्ने अनुमान गरिएको छ ।

नवौं योजनावधिमा वाणिज्य बैंक तथा वित्तीय संस्थानहरुको वास्तविक व्याजदरलाई सकारात्मक र प्रतिस्पर्धी बनाइनेछ । यसका लागि सरकारी स्वामित्वमा रहेका वाणिज्य बैंक, विकास बैंक तथा वित्तीय संस्थाहरुलाई निजी क्षेत्रमा हस्तान्तरण गर्ने तथा वित्तीय विकास र स्थायित्व कायम गर्न मद्दत पुग्नजाने किसिमले खुला-प्रवेश नीति अपनाउदै बैकिंग क्षेत्रलाई बढी प्रतिस्पर्द्धी बनाउदै लगिनेछ ।

यसैगरी बैंकिंग तथा वित्तीय संस्थाहरुको विस्तार र बचत उपकरणहरुमा विविधता ल्याई राष्ट्रिय बचत परिचालनलाई सुदृढ गरिनेछ । बीमा, म्यूचुअल फण्ड, सञ्चय कोषजस्ता वित्तीय बचतका अन्य उपकरणहरुको विकासमा जोड दिइनेछ । पारिवारिक बचतलाई निष्क्रिय पुंजी (सुन, चाँदी, गहना इत्यादि) को रुपमा राख्ने प्रचलनलाई निरुत्साहित गर्न मौद्रिकीकरण-बजार-अर्थ-व्यवस्थालाई जोड दिइनेछ ।

कुल गार्हस्थ्य बचतको पूरकको रुपमा बाह्य पुँजी खासगरी खुद फ्याकटर आयलाई वृद्धि गर्न वैदेशिक रोजगारीलाई विस्तार एवं प्रवर्द्धन गरी त्यसबाट आउने रेमिटेन्सलाई वृद्धि गर्न विभिन्न नीति तथा कार्यक्रमहरु लागु गरिनेछ ।

सरकारी खर्चमा भएको वृद्धि तथा राजस्व बचतको ठूलो अंश विकास खर्चको तलब भत्ता जस्ता साधारण प्रकृतिका क्रियाकलापमा खर्च हुने हुँदा सरकारी बचत बढ्न सकेको छैन । यस स्थितिलाई सुधार गर्न साधारण खर्चलाई वाञ्छित सीमाभित्र राख्ने, फजुल खर्च कम गर्ने, सार्वजनिक संस्थानहरुको सुदृढीकरण गर्ने तथा राजस्व वृद्धि गर्ने नीतिहरु अवलम्वन गरिनेछन् ।

विभिन्न देशहरुको अनुभव, नेपालको आर्थिक विकासको सम्भावना तथा नवौं योजनाको नीति तथा कार्यनीतिको सफल कार्यान्वयनबाट नेपालको राष्ट्रिय बचत २० वर्षमा कुल राष्ट्रिय उत्पादनको करिव ३० प्रतिशत पुऱ्याउन सकिने सम्भावना देखिन्छ ।

३.२.६ निजी क्षेत्रको विकास तथा प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि

विकसित राष्ट्रहरुको अनुभवलाई दृष्टिगत गर्दा विकासको गतिलाई तीव्र बनाउँदै लैजाने कार्यमा सरकारको सक्रिय हस्तक्षेप भन्दा बजारमुखी आर्थिक विकासलाई नै मुख्य आधार बनाउनु उपयुक्त हुने देखिन्छ । यस्तो बजारमुखी आर्थिक विकास कार्यक्रमहरुबाट राष्ट्रको जनमानसमा अपेक्षित सामाजिक परिवर्तनका साथै अन्य आर्थिक क्रियाकलापमा समेत अनुकुल प्रभाव पारेको पाइन्छ । बजारमुखी आर्थिक विकास भन्नु नै मुख्यतया विकास प्रयासमा सरकारी क्षेत्रको हस्तक्षेपलाई कम गर्दै निजी क्षेत्रलाई प्रोत्साहित गर्दै जानु हो ।

तीव्ररुपले आर्थिक विकासमा संलग्न विकासशील देशहरुले बजारशक्ति माथि निर्भर हुने गरी आ-आफ्नो देश सुहाउँदो सुधार एवं विकास गर्दै रहेको पाइन्छ । तर बजारमुखी अर्थतन्त्रमा प्रमुख भूमिका निभाउने निजी क्षेत्र आफैंमा पूर्ण नभई सरकारी नीतिहरु जस्तै समष्टिगत नीतिहरु, क्षेत्रगत समस्या, विदेशी लगानी नीति, साना व्यवसायहरुको क्षमता तथा कानुनी संरचनाद्वारा प्रभावित हुने हुनाले सरकारले त्यस्ता क्षेत्रको विकासमा जोड दिनु पर्दछ । त्यसै गरी निजी क्षेत्रको विकास तथा प्रतिस्पर्धात्मक वातावरणलाई बढावा दिन सरकारी हस्तपक्षेपलाई उद्योग, वाणिज्य क्षेत्रमा कम गर्दै लाग्ने, सरकारी नीति, नियम तथा हस्तक्षेपहरु उदारीकरण एवं खुला अर्थतन्त्र अनुकूल बनाउने, सरकारी बजेटको आकार घटाउँदै लाने तथा सरकारी स्वामित्व, नियन्त्रण र सञ्चालनमा रहेका संस्थानहरुलाई निजी क्षेत्रमा हस्तान्तरण गर्ने जस्ता रणनीतिहरु अपनाउनु पर्ने विभिन्न देशहरुको अनुभवले देखाएको छ ।

बजारमुखी अर्थव्यवस्था सुदृढ पार्न मुख्यतया व्यवसाय सुधार तथा निजी क्षेत्रको विकास हुनु पर्छ । यी दुवै कुराहरुले निजी क्षेत्रलाई उत्पादन, उपभोग तथा बचत एवं लगानी जस्ता कुरामा स्वतन्त्र निर्णय गर्न प्रोत्साहित गर्दछ । निजी क्षेत्रको विकास र प्रभावकारिता खास गरेर सरकारको नीतिगत वातावरण र राष्ट्रमा उपलव्ध भौतिक पूर्वाधारको स्तरबाट प्रभावित हुने हुनाले निजी क्षेत्रको विकास र प्रतिस्पर्धात्मक क्षमता बढाउन निम्नलिखित व्यवस्था गरिनेछ :

- नीति नियम तथा योजना बनाउने कार्यमा निजी क्षेत्रलाई सक्रिय रुपमा सहभागी गराइनेछ ।
- निजी क्षेत्रको भूमिकामा वृद्धि गर्न व्यापार र औद्योगीकरणका नीतिहरुलाई पनि सुधार गर्नुपर्ने हुँदा उद्योग र व्यापारलाई अवाञ्छित रुपमा संरक्षण गर्ने व्यवस्था भन्दा निर्यातमुखी उद्योग र व्यापारलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- दक्षिण एसियाली सौविध्य प्राप्त व्यापार व्यवस्था (SAPTA), दक्षिण एसियाली स्वतन्त्र व्यापार व्यवस्था (SAFTA) तथा विश्व व्यापार सङ्गठनको नेपाल सदस्य भए पश्चात् नेपाली उद्योगी तथा व्यापारीलाई सदस्य राष्ट्रले पाउने अवसर र चुनौतीको सामना गर्न सक्षम बनाउन प्रयास गरिनेछ ।

- निजी क्षेत्रलाई प्रतिस्पर्धी बनाउन बैङ्क ब्याजदरलाई प्रतिस्पर्धात्मक बनाउने, बैङ्क ऋण विस्तारको सीमा निर्धारण गर्न तथा अनुत्पादक ऋण बोझ नपार्ने उपायहरुको खोजी गरी लागू गरिनेछ ।
- विकासको लागि वैदेशिक सहयोगमा मात्र भर परिरहन उपयुक्त नहुने हुनाले गैर-ऋण पुँजी आगमनलाई प्रोत्साहन दिने क्रममा प्रत्यक्ष विदेशी लागनीलाई बढावा दिने नीति लिइनेछ । प्रत्यक्ष विदेशी लगानी भित्र्याउनका लागि उपयुक्त आर्थिक वातावरण, पूर्वाधारको विकास, दक्ष जनशक्ति तथा उपयुक्त कानुनी व्यवस्थाको संरचनामा जोड दिइनेछ ।

साना तथा मझौला उद्योग विकाससम्बन्धी उपयुक्त नीतिबाट औद्योगिक रोजगारी वृद्धि हुने, पुँजी निर्माणमा बल पुग्ने र अप्रत्यक्ष बेरोजगारी हटाउन सकिने हुँदा तथा यसमा निजी क्षेत्रको प्रमुख भूमिका हुने हुँदा साना तथा मझौला उद्योगको विकासको लागि विशेष जोड दिइनेछ ।

मानव संसाधनको विकास खास गरी शिक्षा, स्वास्थ्य तथा तालिममा लगानी नगरी निजी क्षेत्रको दक्षता र उत्पादनशीलता वृद्धि गर्न नसकिने हुनाले श्रमिकवर्गको प्रतिस्पर्धात्मक क्षमता, उत्पादकत्व तथा उद्यमशीलतामा विकास गर्न निजी क्षेत्रको सहयोगमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

यातायात र सञ्चारको विकास, कानुनी एवं विधिगत संरचनाको व्यवस्था, कृषि, सेवा, आदि क्षेत्रमा उपयुक्त कार्य नीति, कार्यक्रमको तर्जुमा कार्यान्वयन गरेर निजी क्षेत्रको प्रतिस्पर्धात्मक बढाई आर्थिक विकासमा टेवा पुऱ्याउन समन्वयात्मक रुपमा कार्य सञ्चालन गरिनेछ ।

३.२.७ विज्ञान तथा प्रविधि

नेपालमा हाल विशेषत: कृषि, उद्योग, वन तथा अन्य आर्थिक क्षेत्रहरुमा उत्पादन र सेवा वृद्धि गर्नमा विज्ञान तथा प्रविधिको प्रयोग भइरहेता पनि न्यूनतम आयस्तर भएका जनताको जीवनस्तरमा सुधार ल्याउनको लागि मुलुकमा उपलब्ध भएका सीमित प्राकृतिक र मानव स्रोतवाट उत्पादकत्व वृद्धि गर्नु अहिलेको चुनौती रहेकोछ । यसको लागि स्वदेशी तथा उच्च प्रविधिको प्रयोग र विकास, शिक्षा स्तरमा सुधार जस्ता विभिन्न कार्यहरु सञ्चालन गर्नु आवश्यक छ । विश्व वजारमा पाइएका अनेक प्रविधिहरुलाई देशको भौगोलिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक परिप्रेक्ष्यमा छनौट गरी उपयोग गर्न सकिएमा उत्पादकत्व वृद्धिमा बढी सहयोग मिल्ने हुन्छ ।

मानव स्रोतको विकास: नवौं योजना अवधिमा शिक्षाका तीनै तह (विद्यालय तह, प्रमाणपत्र तथा स्नातक तह र स्नातकोत्तर तह) मा विज्ञान र प्रविधिको स्तरीय शिक्षा दिने वातावरणको सिर्जना गरिनेछ । विज्ञानलाई दैनिक जीवनसँग बढी आवद्ध गराउने उद्देश्यले शिक्षाका तीनै तहमा प्राविधिक शिक्षा समावेश गरी त्यसको अंश बढाउदै लगिनेछ । यस प्रकारको शिक्षालाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरको बनाउन आवश्यक भौतिक सुविधा, अनुसन्धानको वातावरण, शैक्षिक आदान-प्रदान, तालीम आदिको समुचित व्यवस्था गरिनेछ । कोरा सैद्धान्तिक ज्ञान हासिल गराउनुको सट्टा विद्यार्थी वर्गलाई प्राविधिक शिक्षा तर्फ बढी आकृष्ट गरिनेछ । यसरी उत्पाादित सीपयुक्त जनशक्तिको उपयोगका लागि औद्यौगीकरण तथा सेवा मूलक प्रविधि क्षेत्रको विस्तार गरिनेछ ।

स्वदेशी प्रविधिको विकास : राष्ट्र भरि छरिएर रहेका कच्चा पदार्थ र स्थानीय सीपलाई समेत प्रयोग गरी अधिकांश जनतालाई रोजगारी दिलाउन प्रविधिको क्षेत्रलाई देशको आवश्यकता अनुसार परिमार्जन गरी अधिकतम उपयोग गरिनेछ । यस्ता स्वदेशी प्रविधिको संरक्षण एवं सम्वर्द्धन गर्न उपयुक्त कार्यक्रमहरुको थालनी गरिने छ ।

अनुसरणीय प्रविधिको विकास : अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध विभिन्न प्रविधिहरुबाट राष्ट्रलाई आवश्यक भएका प्रविधि आयात गरी आवश्यक अध्ययन अनुसन्धानको माध्यमबाट र अन्य एशियाली

तथा युरोपेली राष्ट्रहरुले गरेको प्रयोगहरुलाई पनि दृष्टिगत गरी अनुसरणीय प्रविधि (adaptive technology) विकास गरिनेछ । यसरी विकास गरिएका प्रविधिहरुलाई अधिकांश जनताले उपयोग गर्न सक्ने गरी त्यसको प्रचार, प्रसार एवं हस्तान्तरण समेत गरिनेछ ।

उच्च प्रविधिको विकास: क्षेत्रीय तथा अन्तर्राष्ट्रिय वैज्ञानिक तथा प्राविधिज्ञहरुसंग हातेमालो गरी गरिने यस्ता प्रविधिको विकासबाट स्वदेशी वैज्ञानिक क्षमता बढनुको साथै उच्च प्रविधिको क्षेत्रमा राष्ट्रको पहूँच पुग्न सक्नेछ । यस्तो प्रविधिको विकास गर्दा सुरु सुरुमा अनुसरणीय प्रविधि तर्फ जोड दिई क्रमिक रुपले उच्च प्रविधिको फाँटमा प्रवेश गरिनेछ ।

प्रविधिको छनौट : राष्ट्रको भौतिक विकासलाई तीव्रतर रुपमा अगाडि बढाउन उचित प्रविधिको छनौट गर्नु वाञ्छनीय हुन आउँछ । प्रविधि छनौट गर्दा विशेषगरी अर्धवेरोजगारी समस्या हटाउने र किफायती ढंगले आयोजना कार्यान्वयन गर्ने तर्फ ध्यान पुऱ्याइनेछ । यस्तो छनौट प्रक्रियामा वैज्ञानिक तथा प्राविधिक समुदाय तथा उपयोगकर्ताहरुलाई सक्रिय रुपमा सहभागी बनाइनेछ । उद्योग, सञ्चार, विद्युत जस्ता क्षेत्रहरुमा उपयुक्त प्रविधिको छनौट गरी त्यस मध्येबाट प्राथमिकताको क्रम तोक्दा मुलुकका आर्थिक, सामाजिक, साँस्कृतिक, पर्यावरणीय जस्ता क्षेत्रहरुमा सकारात्मक असर पर्ने गरी छनौट प्रक्रिया पुरा गरिनेछ ।

प्राकृतिक सम्पदाको उपयोग : देशका सबै भौगोलिक क्षेत्रहरुमा पाइने दुर्लभ एवं सबै प्राकृतिक सम्पदा (विशेष गरी खनिज तथा वनस्पति) को समुचित उपयोगको लागि अनुसन्धान गरिनेछ । यस्ता प्राकृतिक सम्पदाबाट प्रशोधित तथा अर्धप्रशोधित विभिन्न पदार्थहरुको उत्पादन गर्दा राष्ट्रलाई ठूलो परिमाणमा आर्थिक लाभ मिल्नेछ । तसर्थ प्राकृतिक सम्पदाको समुचित संरक्षण तथा विकास गर्ने तर्फ आवश्यक व्यबस्था मिलाइनेछ ।

अनुसन्धान र विकास, समन्वय एवं प्रोत्साहन : राष्ट्रमा गरिने अनुसन्धान कार्यलाई विभिन्न क्षेत्रका विकास कार्यहरुसंग आवद्ध गराइनेछ । विशेष गरी औद्योगिक क्षेत्रमा गुणस्तरयुक्त सामाग्री उत्पादन गर्न अनुसन्धान र विकासलाई अभिन्न अंगको रुपमा स्थापित गर्ने तर्फ आवश्यक कदम चालिनेछ । यस बाहेक बायोग्यास, सौर्य, वायू जस्ता वैकल्पिक ऊर्जा विकासको लागि आवश्यक अध्ययन तथा अनुसन्धान गरी कार्यान्वयनमा ल्याइनेछ । यस सन्दर्भमा अनुसन्धान गर्ने संस्थाहरु, उद्योग तथा उपयोगकर्ताहरु बीच अन्तरक्रिया गराइने छ । साथै विज्ञान र प्रविधि क्षेत्रमा कार्यरत विभिन्न निकायहरु बीच समन्वय राखी तिनको क्रियाकलापहरुको अनुगमन गरिनेछ । वैज्ञानिक र प्राविधिक समुदायलाई अनुसन्धानतर्फ आकर्षित गर्न आवश्यक प्रोत्साहन दिइनेछ ।

३.२.८ सूचना प्रविधि

औद्योगीकरण र विश्व बजारमा विस्तार एवं कृषि, सञ्चार, शिक्षा, स्वास्थ्य, सामाजिक-आर्थिक आदि प्रत्येक क्षेत्रमा द्रुततर गतिमा आधुनिकीकरण भइरहेको छ । यी सबै क्षेत्रमा भएको प्रविधिको विकासलाई जनमानससम्म पुऱ्याउन सूचना तथा सञ्चार प्रविधिमा भएको अभूतपूर्व विकासले जनता, प्रविधि एवं विकास बीच निकट सम्वन्ध स्थापित गराई आधुनिकीकरण एवं गतिशील जीवन पद्धति पहिल्याउन मद्दत गरेको छ । दूरसञ्चार क्षेत्रमा प्रयोग हुने सूक्ष्म उपकरणहरु, कम्प्युटरको क्षमतामा वृद्धि, डिजिटल नेटवर्कको उपयोग, दूरसञ्चार, कम्प्युटर र प्रसारण क्षेत्रको सम्वन्ध आदिबाट सूचना तथा तथ्याङ्क, आवाज, फोटो, भिडियो आदि सञ्चार उपकरणहरुको उपयोगबाट सञ्चार सम्पर्क सहज एवम् कम खर्चिलो बन्दै गएको छ । दूरसञ्चार र प्रसारणको आ-आफ्नो क्षेत्र परस्पर आश्रित एवम् संकुचित बन्दै गएको परिप्रेक्ष्यमा तथा आधुनिक उपकरणहरु (fibre optics, satellite, radio spectrum, compression technology, ADSL, HDSL, ATM) को विकासले बहुसञ्चार (multimedia) जस्ता सेवाहरुको विस्तार ग्रामीण क्षेत्रमा पनि पुऱ्याउन सकिने भएको छ ।

नेपालमा सूचना प्रविधिको विकास विकसित मुलुकहरुको तुलनामा प्रारम्भिक अवस्थामा नै रहेको छ । अधिराज्य भरी करिब २०,००० कम्प्युटरहरु उपयोगमा आएको भएतापनि सरकारी क्षेत्रमा यसको प्रयोग कम छ । केही वर्ष यता सरकारी, गैरसरकारी निकायहरुबाट सम्वन्धित विवरणहरुको डाटाबैंक खडा गर्न, विश्लेषण गर्न र दैनिक कार्य सुचारुरुपले सञ्चालन गर्न तथा कार्यदक्षतामा अभिवृद्धि गर्न कम्प्युटरको प्रयोग भइराखेको छ । तर विवरणहरु एकीकृत गरी एउटा राष्ट्रिय स्तरको निकायमा संङ्कलित गरी साझा सम्पत्तिको रुपमा प्रयोग हुन सकेको छैन ।

कम्प्युटरको प्रयोगमा वृद्धि, देशमा स्तरीय दूरसञ्चार नेटवर्कको विकास, निजी क्षेत्रवाट इन्टरनेट, इ-मेल सेवाको सुरुवात, निजी क्षेत्रमा सफ्टवेयर व्यवसायप्रति बढ्दो आकर्षण आदि कारणले नेपाल पनि आर्थिक रुपले सम्भाव्य सूचनामूलक उत्पादनशील समाजप्रति उन्मुख हुन सक्ने सम्भावना देखिएको छ । देशमा राष्ट्रिय सूचना संरचनाको विस्तार गरी, एकातिर, कृषि, स्वास्थ्य, शिक्षा आदि क्षेत्रको वहु-आयामिक विकास गर्न सकिन्छ भने अर्कोतिर सूचना प्रविधि संग्रहालय (IT Park) को स्थापना, र कम लागतमा सफ्टवेयरको उत्पादन एवम् निर्यात गर्न सकिने देखिएकोले, यो उद्योग आफैमा दिगो हुने देखिन्छ । नवौं योजना अवधिमा व्यापक रुपमा विद्यालयहरुमा कम्प्युटर शिक्षा विस्तार गर्ने, उच्च अध्ययनको लागि औपचारिक शिक्षा तथा उच्च तालिमको व्यवस्था गर्ने, स्तरीय विद्यालय र सूचना प्रविधि पार्कको स्थापना गर्ने र कम्प्युटर व्यवसायलाई विशेष प्रोत्साहन दिने नीति अवलम्वन गरिनेछ ।

देशको सर्वाङ्गीण विकासमा सूचना प्रविधि (information technology) लाई प्रमुख सहयोगात्मक भूमिका खेल्न सक्ने रुपमा विकसित गरिनेछ । नवौं योजना अवधिमा सरकारी कार्यालयमा योजना तर्जुमा र व्यवस्थापनमा कम्प्युटरको उपयोगमा जोड दिइनेछ । सूचना प्रविधिलाई विकास पूर्वाधारको रुपमा विकसित गर्न शिक्षा, स्वास्थ्य, कृषि, अर्थ, वौद्धिक सेवा आदि विभिन्न क्षेत्रहरुमा सम्वन्धित निकाय वा व्यक्तिहरुलाई संलग्न गराई कम्प्युटर तथा सूचना प्रविधि विकासका लागि समन्वयको संस्थागत विकास गरिनेछ ।

सरकारी एवं निजी क्षेत्रको सहयोग र सहभागितामा राष्ट्रिय तथ्याङ्क भण्डार (database) को स्थापना गरी सर्वसाधारणलाई एकत्रित सूचना सेवा उपलब्ध गराउने कार्यक्रमहरु ल्याइनेछ । सूचना प्रविधिको विकासका लागि दक्ष जनशक्ति तयार गर्न शैक्षिक तथा तालिमका अवसरहरु विस्तार गरिनेछ । सूचना प्रविधि सेवा उद्योगको रुपमा विकास गर्न सहुलियत प्रदान गरिनेछ र सफ्टवेयर उद्योगको विकासमा बौद्धिक सम्पदा अधिकार (intellectual property right) सुनिश्चित गराइनेछ ।

शिक्षा क्षेत्रमा इन्टरनेट मार्फत आधुनिक शैक्षिक प्रणली तथा लामो दूरीको शिक्षा र ग्रामीण क्षेत्रमा रेडियो शिक्षालाई विस्तार एवम् प्रभावकारी गराइनेछ । स्वास्थ्य क्षेत्रमा स्वास्थ्य परीक्षण तथा सल्लाह कम्प्युटर प्रणालीबाट उपलब्ध गराउने तथा दक्ष चिकित्सकको सल्लाह बहुसञ्चार (multimedia) माध्यमबाट उपलब्ध गराउने प्रयास गरिनेछ । कृषि क्षेत्रमा भौगोलिक सूचना प्रणाली (geographic information system) को माध्यमबाट भू-उपयोग तथा कृषि-जलवायु अनुकूल कृषि प्रणाली बारे निर्णय लिन प्रविधिको विकास गरिनेछ । कम्प्युटरको प्रयोग बढाई बैंकिङ्ग कारोवारमा सरलता ल्याउन क्रेडिट कार्ड, ATM को सुविधा-सेवाहरुको महसुल तिर्नमा उपयोग, सामान खरिद आदिमा नयाँ सञ्चार माध्यमहरुको उपयोग बढाइनेछ । साथै, भूकम्प, बाढी आदि प्राकृतिक प्रकोपको बेला अपनाउनु पर्ने सुरक्षात्मक उपायहरुको जानकारी र वातावरण तथा पर्यावरणको सम्वर्द्धन आदिमा नयाँ सूचना प्रविधिको उपयोग बढाइनेछ ।

३.२.९ कृषि क्षेत्रको विकास

भौगोलिक विभिन्नता नेपालको विशेषता हो र यसले कृषि क्षेत्रमा विविध एवं व्यापक विकासको सम्भाव्यता प्रदान गरेको छ । हाल कृषि क्षेत्रमा २० प्रतिशत भन्दा कम कृषि भूमिमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ । उत्पादन सामग्री आवश्यकताको एक चौथाई भन्दा कम प्रयोग

भइरहेको र कृषि क्षेत्रको उत्पादकत्व वैज्ञानिक किसिमले हासिल गर्न सकिने दाँजोमा एक तिहाई भन्दा कम रहेको सन्दर्भमा देशको हावा पानी, सिँचाइ तथा अन्य सामग्रीको उपलब्धता बढाई कृषि विकासद्वारा गरिबी निवारण तथा रोजगारी प्रवर्द्धनलाई अगाडि लान सकिन्छ । कृषि क्षेत्रमा विभिन्न किसिमको पशुपालन, फलफूल खेती, तरकारी र खाद्यान्न खेती विकास गरी उत्पादन तीन चार गुणा बढाउन सकिने प्रशस्त सम्भाव्यता रहेको छ । नेपालमा भूधरातलको वनोटमा जमिन मुनि पनि पानी हुनु, जमिन माथी पनि नदी नालाको रुपमा पानी उपलब्ध हुनु, माटोको वनौट उर्वर तथा उपयुक्त हुनु, र हावापानी अनुकूल हुनु जस्ता कृषि विकासका सबै पूर्वाधार उपलब्ध छन् । विगतमा जनशक्ति तथा अन्य संस्थागत संरचनाको विकास पनि उल्लेखनीय रुपमा भएका छन् । यिनै कुराहरुलाई उपयुक्त रुपमा समायोजन तथा विकास गरी अगाडि वढनु आजको आवश्यकता हो । संसारका ठूला देशहरु निकटवर्ति भएकोले वजार सम्वन्धमा पनि त्यति समस्या छैन । हाम्रो अहिलेको चुनौती भनेको भू-वातावरणीय विविधतालाई उपयोग गरेर उत्पादन र उत्पादकत्वमा वृद्धि र उत्पादनको गुणस्तरको विकास गर्नु हो । अत्यधिक जनसंख्या कृषिमा आश्रित रहनु र कृषि क्षेत्रमा विकास सम्भाव्यताको प्रचुरता रहनुले कृषिको विकास गरी समस्त देशको आर्थिक विकास तथा गरीवी निवारण गर्ने हालको अल्पकालीन विकल्प पनि कृषिनै रहेको कुरा स्पष्ट भएको छ ।

विगतको कृषि विकासको उपलब्धि खास सन्तोषजनक रहेन । यस तर्फ विश्लेषण गर्दा विगतमा कृषि क्षेत्रमा यथेष्ट रुपमा लगानी हुन नसक्नु, भएको लगानी पनि कृषि क्षेत्रभित्रको उपयुक्त प्राथमिकता पहिचान नहुनुले धेरै क्षेत्रमा छरिनु र कृषि सम्वन्धी क्षेत्रगत नीतिहरु कमजोर भई पर्याप्त मात्रामा उत्पादन सामग्रीहरु बजारमा उपलब्ध हुन नसक्नु नै कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व उल्लेखनीयरुपमा विकास हुन नसक्नुका प्रमुख कारक रहे । कृषि क्षेत्रको वृद्धिदर कमजोर भई तीव्र जनसंख्या वृद्धिको हाराहारीमा मात्र अगाडि बढनु र देशको गार्हस्थ्य उत्पादनमा कृषिको अत्यधिक भार रहनुले देशको आर्थिक विकास वृद्धिदर पनि न्यून रहन गयो ।

उपर्युक्त समस्या र सम्भावनाहरुलाई हृदयङ्गम गरी दीर्घकालीन कृषि योजनाको निर्माण सम्पन्न भई नवौं योजनाको सुरु देखिनै देशमा दीर्घकालीन कृषि योजनाको कार्यान्वयन शुरु भएको छ । आगामी नवौं योजनामा यसै दीर्घकालीन कृषि योजनाका नीतिहरुलाई निरन्तरता दिदै अगाडि वढ्ने कार्यक्रम रहेको छ र योजनाले कृषि क्षेत्रको विकास आवधारणमा दीर्घकालीन कृषि योजनालाई नै मूलभूत आधार बनाएको छ । कृषि क्षेत्रमा हुने एक प्रतिशतको वृद्धिले गैर कृषि क्षेत्रमा समेत १.५ प्रतिशत वृद्धि हुने दीर्घकालीन कृषि योजनाको अनुमान अनुरुप नै नवौं योजनाको मान्यता रहेको छ ।

दीर्घकालीन कृषि योजनाले उत्पादन साधनहरु तर्फ ट्यूववेल तथा साना सिँचाइ, रासायनिक मल, ग्रामीण सडक तथा विद्युत र कृषि प्रविधिलाई वढी जोड दिएको छ भने उत्पादन क्षेत्रहरुमा बढी मूल्यका बागवानीजन्य बालीहरु, सघन कृषि बाली, पशुआहार तथा स्वास्थको विकासबाट पशु उत्पादकत्वमा वृद्धि, कृषिजन्य व्यवसायको विकास तथा कृषिलाई मद्दत हुने किसिमले सामुदायिक तथा कवुलियत वनमा बढी जोड दिएको छ । भौगोलिक क्षेत्रहरुका स्थानागत विशिष्टताका आधारमा पहाडमा सुन्तला जात तथा स्याउ जस्ता फलफूल, पशुपालन, रेसम खेती, बेमौसमी तरकारी, मौरीपालन र मासु तथा दूध उत्पादन वृद्धिको लागि भैंसी एवं बाख्रा जस्ता पशुपालनमा बढी जोड दिएको छ भने तराई तर्फ स्यालो ट्यूववेल सिँचाइमार्फत सघन खाद्यन्न वाली विकास एवं मासु तथा दूधको उत्पादन विकासको निम्ति भैसी तथा वाख्रा जस्ता पशुपालन जोड दिएको छ । नवौं योजनाले पनि यीनै प्राथमकितालाई अंङ्गीकार गरी कार्यक्रम तर्जुमा गरेको छ । साथै, कृषि ऋण तर्फ पनि दीर्घकालीन कृषि योजना अनुरुपनै उपलब्धता बढाइने लक्ष्य लिइएको छ ।

दीर्घकालीन कृषि योजनाको रणनीतिबाट निर्वाहमुखी कृषिलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्दै उच्च आर्थिक वृद्धि हासिल गर्ने, औद्योगिक विकासको आधार मजबुत गर्ने र रोजगार प्रबर्द्धन गरी गरीबी निवारणमा जोड दिने उद्देश्य लिइएको छ । यस प्रक्रियामा कृषि क्षेत्रको आर्थिक वृद्धिदरलाई हालको करीब ३ प्रतिशतबाट बढाई प्रतिवर्ष ५ प्रतिशतमा पुऱ्याउने, प्रतिव्यक्ति कृषि आय वृद्धि हालको

करीब ०.५ प्रतिशतबाट ३ प्रतिशत पुऱ्याउने, प्रतिव्यक्ति खाद्यान्न उपलब्धता हालको २७० के.जी. बाट ४२६ के.जी. पुऱ्याई खाद्य सुरक्षालाई सुनिश्चितता प्रदान गर्ने, क्षेत्रीय असन्तुलन कम गराउने र कृषि विकासको माध्यमबाट बढ्दो गरिबीको क्रमलाई रोकी आगामी २० वर्षको अवधिमा गरीवी रेखामुनि रहेको जनसंख्यालाई १४ प्रतिशतमा झार्ने जस्ता मूलभूत लक्ष्यहरु दीर्घकालीन योजनाले लिएको छ । दीर्घकालीन कृषि योजनाको रणनीतिको अवलम्बन गरी आर्थिक वृद्धि, रोजगारी तथा गरीबी निवारणमा मात्र टेवा पुग्ने नभई योजनाले महिलाहरु बढी सलंग्न हुने वागवानी, पशुपालन तथा रेशम खेती जस्ता क्षेत्रमा दिएको प्राथमिकतावाट महिलाहरुको रोजगारी तथा आयमा समेत उल्लेखनीय वृद्धि गराइनेछ ।

तराईको अन्नप्रधान उत्पादन सम्भाव्यताको अधिकतम उपयोगबाट आर्थिक वृद्धि ल्याई यसबाट बढने पारिवारिक आयले पहाडको बढी मोल जाने कृषि बस्तुको माग बढाएर त्यस्ता बस्तुको उत्पादनको आर्थिक सम्भाव्यता बढाउँदै पहाड क्षेत्रमा थप आर्थिक वृद्धि तथा विकास सन्तुलन ल्याउने नीति रहेको छ । यसको प्रभावकारी कार्यान्वयनवाट पहाड तथा तराईको विकास बीच पनि सन्तुलन कायम हुने आशा गरीएको छ । यसबाट हाल पहाडबाट तराईमा हुने गरेको तीव्र बसाइँ सराइँ प्रक्रियामा समेत सकारात्मक सुधार आउनेछ ।

३.२.१० विद्युत् विकास

देशमा विद्युत् उत्पादनका लागि आवश्यक जल परिमाण एवं उँचाई (head) यथेष्ट मात्रामा उपलब्ध भएकै कारण जलविद्युत् उत्पादनको संभाव्य क्षमता ८३,००० मेगावाट रहेको छ । यस मध्ये करिब ४२,००० मेगावाट विद्युत् शक्ति आर्थिक दृष्टिकोणबाट उत्पादन गर्न सम्भाव्य देखिन्छ । तर हाल सम्म उत्पादित जलविद्युत्को कुल क्षमता ((२५३ मेगावाट) कुल संभाव्य क्षमताको०.३ प्रतिशत मात्र छ र जलविद्युत्बाट उत्पादित ऊर्जाले देशको कुल ऊर्जा खपतको १ प्रतिशत मात्र पूर्ति गरि रहेको छ । आठौं योजनाको अन्त्य सम्ममा देशको कुल जनसंख्याको १४ प्रतिशत जतिलाई मात्र विद्युत् सेवा उपलब्ध गराउन सकिएको छ । अतः जलविद्युत् विकासको संम्भावना र अवसर यथेष्ट मात्रामा छन् । विद्युत्ले कृषि, उद्योग, सिँचाइ व्यापार तथा अन्य क्षेत्रहरुको सन्तुलित विकासमा महत्वपुर्ण भूमिका खेल्ने तथ्यलाई दृष्टिगत गरी यसको उत्पादन एवं वितरण उचित मुल्यमा र यसको उपयोग प्रभावकारी ढंगवाट गर्नु आवश्यक छ । देशको यो अपार जलस्रोतको उपयोगवाट यथेष्ट मात्रामा विद्युत् उत्पादन गरी प्रतिस्पर्धात्मक मुल्यमा विद्युत् निर्यात गर्न सकेमा देशको आर्थिक स्तर पनि उकास्न सकिने पर्याप्त संभावना विद्यमान छन् ।

देशको मौजुदा विद्युत् आपूर्तिको अधिकांश उपयोग शहरी क्षेत्रमा भई रहेको तर जनसङख्याको अधिकांश भाग ग्रामीण क्षेत्रमा रहेको र यस क्षेत्रमा कृषिजन्य उद्योग, सिँचाइ एवं घरेलु उद्योगको विकासका लागि विद्युत् सेवा उपलब्ध गराउन सकेमा मात्र देशको सर्वाङ्गीण एवं सन्तुलित विकास सम्भव हुने तथ्यलाई दृष्टिगत गरी ग्रामीण क्षेत्रमा विद्युत् सेवा उपलब्ध गराउने तर्फ विशेष जोड दिनु आवश्यक छ ।

जलस्रोतको विकासमा उप-क्षेत्रीय सहयोग : भारतमा प्रशस्त भूमि भए तापनि सुख्खायाममा पानीको कमी भएको, बंगलादेशमा जलपरिवहनको पर्याप्त सम्भावना भए पनि पानीको अभावमा त्यसको समुचित उपयोग हुन नसकेको र नेपालमा भूमिको कमी तर जलस्रोत पर्याप्त मात्रामा उपलब्ध भएको तथ्यलाई दृष्टिगत गरी नेपालमा जलस्रोतको विकासबाट भारतमा सिँचाइको पर्याप्त व्यवस्था गर्न सकिने र बंगलादेशमा जलपरिवहनको सुविधा बढाउन सकिने स्थिति छ । त्यति मात्र होइन, नेपालको जलस्रोतको विकासबाट यथेष्ट विद्युत् उत्पादन भई उत्तरी भारतको बढ्दो औद्योगीकरणका कारण यस क्षेत्रको बढ्दो विद्युत् मागको आपूर्तिमा समेत ठूलो योगदान पुग्नेछ । अतः जलस्रोतको विकासमा उप-क्षेत्रीय सहयोगको आवश्यकता टड्कारो रुपमा देखा परेको छ । यसै कारण विगतका केही वर्षहरुमा क्षेत्रीय रुपमा नभए पनि द्विपक्षीय रुपमा जलस्रोत विकासका क्षेत्रमा नेपाल-भारत बीच महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि, विद्युत् व्यापार सम्झौता तथा भारत-बंगलादेश बीच गंगा

नदीको पानी बाँडफाँट सम्बन्धी सम्झौताहरु सम्पन्न भएका छन् । अर्को तर्फ भारतका राज्य विद्युत् निगमहरुको संरचना एवं आर्थिक स्थितिमा ल्याउन लागिएको सुधार तथा अन्य कानुनी सुधारका कारण भारतमा विद्युत् निर्यात गर्न सक्ने सम्भावना बढ्न गएको र यसले विद्युत् निर्यात तर्फ निजी लगानीकर्ताको आकर्षण बढ्न गएको छ । यस्ता सन्धि सम्झौता तथा विद्युत् बजारबाट उत्पन्न अवसरलाई उपयोग गरी नवौं योजना कालमा पञ्चेश्वर, कर्णाली, पश्चिम सेती जस्ता वृहत् बहुउद्देश्यीय आयोजनाको विकास तर्फ जोड दिइनेछ ।

विद्युत् विकासमा निजी क्षेत्रको सहभागिता : देशको बढ्दो आन्तरिक विद्युत् मागको आपूर्ति एवं निर्यात बजारलाई समेत दृष्टिगत गर्दा सार्वजनिक क्षेत्रबाट मात्र जलस्रोतको विकास गरी विद्युत् आपूर्त एवं निर्यात गर्न सम्भव छैन । अतः स्वदेशी एवं विदेशी निजी लगानीकर्ताहरुको सहभागिता यस क्षेत्रको विकासमा अत्यावश्यक हुन गएको छ । यसरी निजी क्षेत्रको सहभागितामा यथेष्ट मात्रामा विद्युत् उत्पादन गरी ब्यहोर्न सकिने मूल्यमा आन्तरिक माग आपूर्ति गर्ने र प्रतिस्पर्धात्मक मम्ल्यमा विद्युत् निर्यात गर्ने तर्फ नवौं योजना कालमा विशेष जोड दिइनेछ । विद्युत् विकासमा निजी क्षेत्रको सहभागितालाई अझ बढी सक्रिय बनाउन विद्यमान ऐन कानुनहरुमा सुधार गर्ने, लगानीको सुरक्षा एवं दोहोरो कर प्रणाली हटाउन विकसित मुलुकहरुसंग द्विपक्षिय सम्झौता गर्ने, निजी क्षेत्रलाई दिइने सुविधा एवं स्वीकृतिहरुलाई छिटो छरितो रुपमा कार्यान्वयन गर्न एक-द्वार प्रणालीलाई अझ बढी प्रभावकारी बनाउने, जलविद्युत् आयोजना कार्यान्वयनमा आइपर्ने व्यापारिक, कानुनी, राजनैतिक एवं प्राकृतिक प्रकोप जस्ता जोखिमहरुलाई न्यून पार्ने र यी मध्ये के कसले ब्यहोर्ने बारे स्पष्ट व्यवस्था गर्ने तर्फ आवश्यक कदम चालिनेछ । जलविद्युत् आयोजनाहरुको कार्यान्वयनमा आईपर्ने प्रशासनिक एवं अन्य समस्याहरुको निदान एवं आयोजना कार्यान्वयनमा निजी क्षेत्रको विश्वास जगाउन सरकारी एवं निजी क्षेत्रको संयुक्त लगानीमा समेत आयोजना कार्यान्वयन गर्ने तर्फ पनि प्रयास गरिनेछ ।

विद्युत् क्षेत्रको विस्तार : देशको विद्युतीकरणको स्थितिलाई दृष्टिगत गर्दा विद्युत् उत्पादनमा मात्र जोड नदिई विद्युत् क्षेत्रको विस्तारमा समेत ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । देशका शहरी क्षेत्रमा विद्युत् सेवा पुऱ्याइए तापनि अधिकांश जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने हुँदा ग्रामीण क्षेत्रमा विद्युत्को यथेष्ठ विस्तार गर्नु अति जरुरी भैसकेको छ । यिनै तथ्यहरुलाई मनन गरेर ग्रामीण क्षेत्रमा विद्युत् सेवाको विस्तार गर्दा त्यस क्षेत्रको दीर्घकालीन कृषि योजना कृषि विकासका लागि ट्युबवेल सिँचाइको आवश्यकता, घरेलु उद्योगको स्थापना, खानेपानीको आवश्यकता तथा अन्य व्यापारिक उद्देश्यको समेत परिपूर्तिका लागि आवश्यक पर्ने विद्युत् मागको विचार गरी विद्युत् सेवाको विस्तार तर्फ जोड दिइनेछ । यसरी ग्रामीण क्षेत्रमा विद्युत् सेवाको विस्तार गर्दा आर्थिक दृष्टिकोणवाट पनि यस्ता विद्युत् सेवा विस्तार सम्बन्धि आयोजनाहरु आकर्षक हुने विश्वास लिइएको छ ।

विद्युत् क्षेत्रको संस्थागत सुधार : विद्युत् विकासमा निजी क्षेत्रको सहभागितालाई अझ बढी सक्रिय बनाउन विद्युत् क्षेत्रमा संस्थागत सुधार ल्याउनु आवश्यक देखिएको छ । निजी क्षेत्रलाई दिइने सुविधा एवं स्वीकृतीहरुलाई छिटो छरितो रुपमा कार्यान्वयन गर्न गराउन एक-द्वार प्रणालीलाई प्रभावकारी बनाउन जरुरी भएको छ । सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन हुने आयोजनाहरु तर्जुमा एवं छनौट प्रक्रिया (system planning) अपनाउन, विद्युत् आयोजनाहरुको निरीक्षण एवं अनुगमन गर्न, र एक-द्वार प्रणालीलाई अझ बढी प्रभावकारी बनाउन विद्युत् विकास केन्द्रलाई सबैल र सक्षम बनाउने तर्फ आवश्यक कदम चालिनेछ । विद्युत्को उत्पादन तथा विस्तारमा निजी क्षेत्रलाई पनि सहभागी बनाउदै लैजाने नीति अनुरुप नेपाल विद्युत् प्राधिकरणको संस्थागत संरचनामा सुधार गरिनेछ । सार्वजनिक एवं निजी क्षेत्र दुबैले उपयोग गर्ने गरी राष्ट्रिय प्रसारण प्रणालीको उपयोगमा प्रसारण शुल्कको व्यवस्था गरिनेछ । विद्यमान विद्युत् चुहावटको मात्रालाई घटाउँदै लैजान विद्युत्को मौजुदा वितरण केन्द्रहरुलाई निजी क्षेत्रबाट सञ्चालन एवं संभार गराउदै जाने तर्फ पनि आवश्यक कदम चालिनेछ ।

भावी रणनीति : दिर्घकालीन कृषि योजनासँग समन्वय गरी सिँचाइ, घरेलु उद्योग, खानेपानी तथा अन्य व्यापारिक उद्देश्यको परिपूर्तिका लागि आवश्यक विद्युत् मागको विचार गरी ग्रामीण क्षेत्रमा विद्युत् सेवाको विस्तार तर्फ जोड दिइनेछ । यसरी ग्रामीण क्षेत्रमा विद्युत् सेवाको विस्तार गर्दा जनसहभागितालाई पनि प्रोत्साहन दिइनेछ । विद्युत् सेवाको उत्पादन एवं विस्तारको लागत घटाउन निजी क्षेत्रको सहभागिता गराउँदा प्रतिस्पर्धात्मक प्रक्रिया अपनाई, स्थानीय पुँजीको परिचालन गरी आन्तरिक विद्युत् आपूर्ति गर्ने तर्फ जोड दिइनेछ । उप-क्षेत्रीय सहयोगका आधारमा समेत विदेशी निजी लगानीकर्ताहरुलाई सहभागी बनाई बहुउद्देश्यीय एवं अन्य जलविद्युत् आयोजनाहरुको विकास गरी प्रतिस्पर्धात्मक मूल्यमा विद्युत् निर्यात गर्ने तर्फ आवश्यक कदम चालिनेछ । नेपाल विद्युत् प्राधिकरणका शाखा ब्यवस्थापनलाई बढी अधिकार दिएर जिम्मेवार बनाउन पुरस्कार एवं दण्डको ब्यवस्था गरी चुहावट नियन्त्रण तथा सञ्चालन सम्भार खर्चमा कटौती गर्न उत्तरदायी केन्द्र (responsible centre) को रुपमा सञ्चालन गराइनेछ । विद्यमान विद्युत् प्रणालीको पीक लोड (peak load) घटाउन र अफ-पीक (Off -peak) समयमा उच्च भोल्टेजमा बढी विद्युत् खपत गर्ने ग्राहकहरुलाई सहुलियत मूल्यमा विद्युत् सेवा उपलब्ध गराउन समय संकेत (time-of-day) मिटर जडान गरी पीक र अफ-पीक महसुल दर लगाउने तर्फ आवश्यक कदम चालिनेछ ।

निजी क्षेत्रको संलग्नतामा विद्युत् उत्पादन गर्दा आयोजना कार्यान्वयनमा आइपर्ने समस्याहरुको छिटो छरितो रुपमा निराकरण गर्न र विद्युत् विकास एवं विस्तारको क्षेत्रमा आइपर्ने जोखिमहरुको संन्तोषजनक ब्यवस्था गरी निजी लगानीकर्ताको विश्वास जगाउन सार्वजनिक तथा निजी क्षेत्रको सहभागितामा आयोजनाहरु सञ्चालन गर्ने तर्फ जोड दिइनेछ । तुलनात्मक रुपमा सस्तो विद्युत् उत्पादन एवं विदेशी मुद्रा प्रतिस्थापनको भारलाई घटाउन आन्तरिक विद्युत् मागको आपूर्तिका लागि स्वदेशी निजी लगानीकर्ताको संलग्नता बढाउँदै लैजानु आवश्यक छ । यस्ता निजी लगानीकर्ताहरुबाट १ देखी १० मेगावाट सम्मका जलविद्युत् आयोजनाको विकास गरी सस्तो मूल्यमा विद्युत् सेवा उपलब्ध गराउन सकिने सम्भावना भएकोले यसका लागि आन्तरिक पुँजी बजारको विस्तार गरी आवश्यक पुँजी जुटाउनु आवश्यक छ । बण्ड एवं सेक्युरिटी जारी र विद्युत् विकास कोषको स्थापना जस्ता उपाय अपनाई आन्तरिक पुँजी बजारको विस्तार गरी पुँजी उपलब्ध गराउने तर्फ जोड दिइनेछ ।

विद्युत् क्षेत्रमा संस्थागत सुधार तर्फ एक-द्वार प्रणालीलाई प्रभावकारी बनाई, सार्वजनिक निकायलाई ब्यापारिक दृष्टिकोणवाट बढी सक्षम बनाई विद्युत् चुहावटलाई नियन्त्रण गरी र कानुनी सुधार तर्फ रोयल्टीको यथोचित ब्यवस्था गरी, निर्यातकर एवं तल्लो तटिय लाभ वारे स्पष्ट ब्यवस्था गरी, दोहोरो कर प्रणाली हटाई सार्वजनिक एवं निजी क्षेत्रलाई विद्युत. सेवाको उत्पादन एवं विस्तारमा अझ बढी सक्रिय बनाइनेछ ।

उपर्युक्त रणनीति अनुरुप सार्वजनिक एवं निजी क्षेत्रलाई सहभागी गराई नवौं योजनाकालमा ३०६ मेगावाट क्षमताका मझौला जलविद्युत् आयोजनाहरु र ३७७५ किलोवाट क्षमताका साना जलविद्युत् आयोजनाहरुको निर्माण पूरा गर्नुका साथै १७१८ मेगावाट क्षमताका मझौला एवं ठूला जलविद्युत् आयोजनाहरुको थालनी गरिनेछ । विद्युत् क्षेत्रको विस्तार गर्ने क्रममा १०२४ किलोमिटर उच्च भोल्टेजको थप प्रसारण लाईन निर्माण गरी विद्युत् प्रसारण प्रणालीको सुदृढीकरण गरिने र ६०६७ किलोमिटर वितरण लाईनहरु निर्माण गरी ग्रामीण क्षेत्रमा विद्युत् सेवाको विस्तार गरेर करिब ११ लाख थप जनतालाई विद्युत् सेवा पुऱ्याइनेछ ।

३.२.११ पर्यटन विकास

देशको भौगोलिक विविधता, अनुपम प्राकृतिक सौन्दर्य, अपार जैविक स्रोत, विशिष्ट सास्कृतिक सम्पदा, जीवित संस्कृति, धार्मिक सहिष्णुता, आत्मीय आतिथ्य जस्ता अन्तर्निहित विशेषताले नेपालमा पर्यटन एक महत्वपूर्ण आर्थिक गतिविधिको रुपमा स्थापित हुनसक्ने सम्भावना रहेको छ । तर देशमा विद्यमान आकर्षणका उपरोक्त स्रोतहरुको आर्थिक उपादेयता यसको जगेर्ना तथा अन्य उद्योग व्यापारको लागि आवश्यक बजारको दायरा पर्यटनको विकासबाट फराकिलो हुने देखिए तापनि हालसम्मको योजना तथा कार्यक्रमहरुबाट कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ४.४ प्रतिशतमा मात्र सीमित छ । देशको अन्य आर्थिक तथा सामाजिक क्षेत्रसँग पर्यटनको एकीकरण नभएको कारणले पर्यटकीय गतिविधिहरु सीमित क्षेत्रमा मात्र सञ्चालन भई एकातिर यसको आर्थिक प्रतिफल पनि केही भौगोलिक क्षेत्र एवं समूहमा मात्र सीमित हुन पुगेको छ भने अव्यवस्थित शहरीकरण, पर्यावरणीय ह्रास, न्यून आधारभूत पूर्वाधारहरु, पर्यटनप्रति न्यून्य जनचेतना, अदक्ष जनशक्ति, कमजोर संस्थागत व्यवस्था, व्यवस्थापकीय क्षमताको अभाव, स्तरयुक्त उत्पादन एवं सेवाको कमी जस्ता विषयहरु पर्यटन विकासको लागि चुनौतीको रुपमा देखापरेको छ ।

पर्यटन क्षेत्रमा नेपालले महसुस गरेको तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभलाई ध्यानमा राखी हाल देखापर्न थालेका चुनौतीहरुलाई निराकण गर्ने व्यावहारिक नीतिगत कदमको साथै कार्यक्रमहरु पहिचान गरी कार्यान्वयनको लागि मार्गदर्शन गर्ने अवधारणाबाट नवौं योजनाको तर्जुमा भएको छ । नवौं योजनामा पर्यटन विकाससम्बन्धी नीति र कार्यक्रमहरु देहाय बमोजिम कार्यान्वित गरिनेछ ।

- अन्य आर्थिक क्षेत्रको दाँजोमा पर्यटन क्षेत्र तुलनात्मक रुपमा नवीनतम आर्थिक क्षेत्र भएकोले यसको विकासको लागि दीर्घकालीन अवधारणा अगाडि बढाउनु पर्ने सोच राखिएको छ ।

- पर्यटन एक विविध पक्षीय क्षेत्र भएकोले एकलौटी रुपमा यसको विकास गर्न नसकिने हुँदा सम्बन्धित सबै पक्षहरुलाई समेटी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

- पर्यटनलाई आर्थिक विकासको महत्वपूर्ण अङ्गको रुपमा अग्र र पृष्ठ सम्बन्ध विकास गरी आय एवं रोजगारीको आर्थिक लाभलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्दै लैजाने उद्देश्यबाट पर्यटन क्षेत्रको कार्यक्रम अघि वढाइनेछ ।

- विश्व पर्यटन बजारमा बढ्दै गएको प्रतिस्पर्धात्मक स्थितिले गर्दा नेपाललाई अन्य गन्तव्यस्थलभन्दा फरक एक विशिष्ट गन्तव्यस्थलको रुपमा स्थापित गर्न सरकारी एवं निजी क्षेत्रको उपलब्ध स्रोत र दक्षतालाई परिचालन गरी प्रवर्द्धन गर्ने धारणा अनुरुप पर्यटन प्रवर्द्धन गरिनेछ ।

- पर्यटन उद्योगलाई दिगो बनाउन सीमित अन्तर्राष्ट्रिय पर्यटकको आगमन संख्या आर्थिक दृष्टिकोणले सम्भाव्य नहुने हुँदा आन्तरिक एवं छिमेकी मुलुकको पर्यटकहरुलाई पनि आकर्षित गरी पर्यटक दायरा फराकिलो गर्ने सोच अगाडि बढाउँदै लगिनेछ ।

- नेपालमा लामो दूरीको पर्यटन प्रत्यक्ष, भरपर्दो, स्तरयुक्त एवं सुविधायुक्त अन्तर्राष्ट्रिय हवाई सेवामा आधारित हुने भएकोले राष्ट्रिय ध्वजावाहक लगायत नेपाली निजी क्षेत्र एवं अन्तर्राष्ट्रिय विदेशी विमान सेवाहरुलाई सेवा सञ्चालनको लागि प्रोत्साहित गरिनेछ ।

- अधिराज्यभित्र पर्यटकीय गतिविधिलाई विस्तारित गरी काठमाडौंमा आधारित पर्यटनलाई केही हदसम्म सिधै काठमाडौंमा भर पर्न नपर्ने गरी उद्गम गराउने उद्देश्यले केही आन्तरिक विमानस्थलको स्तर वृद्धि गरेर क्षेत्रीय विमानस्थलमा परिणत गरिनेछ ।

- अधिराज्यका सम्पूर्ण स्थलमा यातायात सुविधा पुऱ्याउन नसकिने भएकोले केन्द्रगत विमानस्थल, साना विमानस्थल र तत्पश्चात् हेलिप्याडको व्यवस्थाबाट हवाई यातायातको नेटवर्क स्थापित गरिनेछ ।

- पर्यटकको दायरा अझ वृद्धि गर्न छिमेकी राष्ट्रसँग जोडिएको सतह मार्गमा नियमित यातायातको लागि समझदारी राख्न विशेष पहल गरिनेछ ।

- पर्यटनको दिगो र उपलब्धिमूलक विकासका लागि आधारभूत पूर्वाधार एवं अन्तर्राष्ट्रिय प्रचारमा केन्द्रीय निकायको भूमिका, स्थानीय पर्यटकीय आकर्षणको प्रस्तुति, संरक्षण र व्यवस्थापनमा स्थानीय निकाय तथा समुदायको भूमिका र पर्यटकीय सेवा सुविधा विस्तारमा निजी क्षेत्रलाई परिचालन गर्नेतर्फ जोड दिने क्रम अगाडि बढाइनेछ ।

- ग्रामीण पर्यटनलाई शहरी पर्यटनको विस्तारित गतिविधिको रुपमा एकअर्काको परिपूरक हुने गरी विकास गर्न केन्द्र-उपकेन्द्रहरु (hub and satellite) स्थलहरुको अवधारणामा पूर्वाधार विकास गर्न लगानी गरिनेछ ।

- शहरी पर्यटनमा बढी पर्यटकीय गतिविधिलाई स्थान दिँदै जानुपर्ने हुन्छ भने ग्रामीण पर्यटनतर्फ साहसिक पर्यटन, पारिस्थितिक दृश्यावलोकन, मौलिक गतिविधि र स्थानीय मूल्य र मान्यताका चाख लाग्दा पक्षमा पर्यटकीय गतिविधि ल्याउन स्थानीय समुदायलाई संलग्न गराई प्रतिफल पुऱ्याउन सघाउने किसिमले ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ ।

- पर्यटन गतिविधि एवं पर्यटन उद्योगमा वातावरणीय आचारसंहिता अवलम्बन गरी वातावरणमा पर्ने असरलाई अनुगमन गर्न सरकारी निकाय, स्थानीय समुदाय र निजी पर्यटन व्यवसायीलाई संलग्न गराएर वातावरण संरक्षण कार्यमा समन्वय ल्याउने प्रयास गरिनेछ ।

३.२.१२ पर्यावरणीय भिन्नता तथा जैविक विविधताको उपयोग

भौगोलिक वातावरणीय विविधता र यसबाट सिर्जित विकास सम्भाव्यता नेपालको विकास प्रक्रियाको आधारशिला हुनसक्ने कुरा स्पष्ट भइसकेको छ । नेपालको १०० फिट देखि २९,००० फिटको उचाईसम्म अवस्थित धरातलीय बनोटमा समथर तराई देखि उपत्यका तथा पहाडहरुको सम्मिश्रण हुनाले हावापानी एवं जैविक विविधताका साथै कृषिका विभिन्न सम्भावना रहेको पाइन्छ । कृषितर्फ विभिन्न किसिमको पशुपालन, फलफूल खेती, तरकारी तथा खाद्यान्न विकास गरी उत्पादनमा निकै वृद्धि गर्न सकिने र वनक्षेत्रमा स्याउला, घाँस, फलफूल, जडीबुटी र काठपातको उपलब्धताका साथै वनमा आधारित खेती र औद्योगिक कच्चा पदार्थको विकास गर्ने यथेष्ट सम्भावना छ । त्यसकारण, नवौं योजना अवधिमा कृषि-वनजन्य उत्पादनको विस्तार एवं विकासका साथै प्रशोधन उद्योगको विस्तारका लागि विद्यमान जैविक विविधताको उपयोगमा जोड दिइनेछ ।

पहाड र हिमालको पर्यावरण एवं सौन्दर्यले पर्यटन व्यवसायको विकासको सम्भावना विस्तार गरेको नदी प्रवाहित जलस्रोतबाट व्यवसायिकरुपमा विद्युत विकास गर्न सकिने प्रचुर सम्भावना रहेको र शाखा-उपशाखा नदीहरुबाट बेसी, टार र तराईको फाँटमा सिँचाइमा मद्दत पुऱ्याउन सकिने देखिएको हुँदा यी सम्पदाहरुको उपयोगमा जोड दिइनेछ । यस्तै, चुरे र भावर क्षेत्रको भूमिगत जलको भण्डारलाई मुहान स्रोतको रुपमा उपयोग गरी सम्पूर्ण तराईको ७० प्रतिशत भन्दा बढी भागमा भूमिगत जलबाट सिँचाइ हुन सक्ने हुँदा यस स्रोतको उपयोग गर्ने तर्फ प्रयास गरिनेछ । नवौं योजनामा भू-पर्यावरणीय विविधतालाई उपयोग गरी उत्पादनमा वृद्धि र उत्पादनको गुणस्तरको विकासमा जोड दिइनेछ ।

देशको विकास दिगोरुपमा अगाडि बढाउन प्राकृतिक स्रोतको उपयोग र जनसंख्या बीच उचित सम्बन्ध राख्न नवौं योजनाको सुरुदेखि एक निश्चित दीर्घकालीन नीति अवलम्बन गरिनेछ । धरातलीय विविधता, प्राकृतिक स्रोत र बजार सम्भाव्यताका आधारमा दीर्घकालीन कृषि योजना मार्फत कृषि, बन र सिँचाइलाई सन्तुलित किसिमले अगाडि बढाइनेछ तथा संरक्षित क्षेत्रको रुपमा घोषित भइसकेका १७ प्रतिशत भूमिमा जैविक विविधताको संरक्षणको कार्यलाई अझ थप गरिनेछ । पर्यटन विकास र जलस्रोत विकासमा पनि जैविक विविधताको सम्वर्द्धन एवं उपयोगमा टेवा पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन

गरिनेछन् । यी कदमहरुबाट ग्रामीण आयमा वृद्धि, गरिबी निवारण, द्रुत आर्थिक विकास , रोजगारी वृद्धि तथा सन्तुलित एवं दिगो विकास हुने अपेक्षा गरिएको छ ।

३.२.१३ क्षेत्रीय सन्तुलन

आठौं योजना अवधिमा क्षेत्रीय आर्थिक तथा सामाजिक पक्षमा उल्लेख्य भौतिक उपलब्धिहरु र विकासका पूर्वाधारहरु निर्माण भएतापनि क्षेत्रीय असन्तुलनका समस्याहरु आज उत्तिकै प्रखर रुपमा देखिएका छन् । आर्थिक एवम् भौतिक विकास र मानव संसाधन विकासका प्रत्येक पक्षमा मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरु लगायत अधिकांश हिमाली र उच्च पहाडी जिल्लाहरु तुलनात्मक रुपले पछाडि परेका छन् । सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको आधारमा ७५ जिल्लाको विकास स्थिति हेर्दा अधिकांश, पहाडी तथा हिमाली जिल्लाहरु अति पिछडिएका देखिन्छन् । पिछडिएका जिल्लामा गरीबी रेखामुनी रहेको जनसङख्याको चापको अनुपात पनि तुलनात्मक रुपले बढी छ ।

जनसंख्याको उच्च वृद्धि दर तथा आप्रवासका कारण तराई क्षेत्रमा जनसङख्याको चाप बढ्दै गएको छ भने ठूला ग्रामीण बस्ती तथा साना शहरहरु अव्यवस्थित हुँदैछन् । योजनाबद्ध भौतिक विकासको अभाव, आर्थिक सामाजिक सुविधाहरुको अभाव, र वाञ्छित औद्योगीकरण, बजार सुविधा तथा अन्य आर्थिक पूर्वाधारको अभावका कारण शहरी क्षेत्रहरु विकासका लागि आर्थिक सम्वाहक (catalytic) बन्न सकेका छैनन् ।

विभिन्न क्षेत्र एवं उपक्षेत्रमा छरिएर रहेका स्रोत सम्पदाको पहिचान एवं उपयोग गरी क्षेत्रीय तथा राष्ट्रिय स्तरमा उत्पादन र आयमा वृद्धि ल्याई राष्ट्रिय विकासमा टेवा पुऱ्याउनुको साथै क्षेत्रीय असमानतालाई क्रमिक रुपमा कम गर्ने तर्फ खास उपलब्धी हुन सकेको देखिदैन । मूलभूत रुपमा यी नै समस्याहरुको निराकरण गर्न क्षेत्रीय असन्तुलन कम गर्ने; गरीवी निवारण गर्ने; रोजगारी तथा आय अभिवृद्धिमा जोड दिने सामाजिक तथा आर्थिक क्षेत्रमा क्षेत्रीय अन्तरसम्वन्ध स्थापित गरी राष्ट्रिय एकीकरण गर्ने; स्थानगत विशिष्टताका आधारमा स्थानीय स्रोतको परिचालन गरी उत्पादन प्रणालीलाई जोड दिने उद्देश्यहरु लिइएका छन् । यिनै कारणहरुलाई दृष्टिगत गरी विकास क्षेत्र एवं भौगोलिक क्षेत्रहरुको विद्यमान क्षेत्रीय असन्तुलनलाई कम गर्दै क्षेत्रीय विकासका सामाजिक, आर्थिक तथा भौतिक आधारशिलाहरुको विकासद्वारा सन्तुलित क्षेत्रीय विकास गर्दै जाने अवधारणा लिइएको छ ।

नवौं योजना अवधिमा अन्तर-क्षेत्रीय, क्षेत्र भित्रै वा जिल्लास्तरमा स्थानागत विकास स्थितिमा देखिएको भिन्नता हटाई समानुपातिक क्षेत्रीय विकासलाई प्रभावकारी बनाउन र गरिवीको चाप बढी भएका वा मानव विकास सूचकाङ्कको आधारमा पिछडिएका स्थानहरुमा तुलनात्मक रुपले बढी लगानी प्रवाहित गराई जनसशक्तीकरण एवं विकेन्द्रित जनसहभागितात्मक विकास प्रक्रियाको माध्यमबाट क्षेत्रीय विकासलाई अगाडि बढाइनेछ । विकास प्रयासलाई वृद्धि गर्न जोड दिनुका साथै लगानीको ढाँचालाई साधन र स्रोतबाट विपन्न रहेका स्थानहरुमा प्रवाहित गरिनेछ ।

क्षेत्र तथा उपक्षेत्रको विकासको लागि स्रोत साधनको न्यायोचित बाँडफाँट गरी स्थानीय स्रोतको परिचालन गर्न लगानीको ढाँचालाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना तथा अन्ततोगत्वा गरिबी निवारण तर्फ अभिमुख गराइनेछ । क्षेत्रीय स्तरमा उत्पादन वृद्धि गर्न उत्पादन एवम् सेवामूलक क्षेत्रहरुमा लगानी बढाउन निजी क्षेत्रको भूमिकालाई बढाइनेछ । क्षेत्रीय तथा उपक्षेत्रीय तहमा आवश्यकता तथा उपादेयताका आधारमा प्राथमिकता निर्धारण गर्न र विभिन्न क्षेत्र र उपक्षेत्र बीच तथा ग्रामीण र शहरी क्षेत्र बीचको कार्यमूलक अन्तरसम्बन्ध विकसित गर्न क्षेत्रगत कार्यक्रमहरु संचालन गरिनेछ । यस्तो अन्तरसम्वन्ध विकसित गर्न तहगत राष्ट्रिय शहरी प्रणालीको व्यवस्था गरिनेछ ।

बजारमुखी शहर-प्रणालीलाई क्षेत्रीय विकासमा टेवा पुऱ्याउन उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ तथा बस्ती प्रणालीको आवश्यकता अनुरुप शहरी बस्तीहरुको योजनाबद्ध तरीकाले भौतिक विकास गरिनेछ ।

विभिन्न क्षेत्र, उपक्षेत्र तथा जिल्लाहरुमा विपन्न स्थानहरुको पहिचान गरी स्थान विशेषमा गरिबी निवारण कार्यक्रम सञ्चालन गरिनेछ र विद्यमान गरीवी निवारणउन्मुख कार्यक्रमहरुलाई व्यापकता दिइनेछ । साथै, ज्यादै कम विकसित स्थानहरुमा लक्षित समूहको लागि विशेष कल्याणकारी गरीवी निवारण कार्यक्रमहरु सञ्चालन गरिनेछ । सामाजिक तथा आर्थिक विकासमा सबै वर्गको सहभागिता जुटाउन कार्यक्रमहरुमा व्यापकता ल्याइनेछ ।

अति पिछडिएका क्षेत्र र जनसमुदायमा प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्योपचार तथा स्वच्छ खानेपानी आदिको सुविधाद्वारा मानव संसाधनको विकासलाई तल्लो निकायसम्म पुऱ्याउन जोड दिइनेछ । स्थानीय कार्यक्रमहरुको तर्जुमा कार्यान्वयन र मूल्याङकनलाई विकेन्द्रीकरणको आधारमा सञ्चालन गर्न स्थानीय निकायहरुलाई जिम्मेवार गराइनेछ तथा अन्तर-स्थानीय निकाय बीच समन्वय गर्न क्षेत्रीय कार्यालयहरुको भूमिकालाई प्रभावकारी बनाइनेछ । यस्तो संस्थागत समन्वय तथा कार्यक्रमहरुको अनुगमन कार्य गर्न राष्ट्रिय योजना आयोगको सचिवालयलाई पनि जिम्मेवार गराइनेछ ।

जनसंख्या व्यवस्थापन, आधारशिलाको निर्माण, तथा सामाजिक-आर्थिक विकासका कार्यक्रमहरुलाई सन्तुलित क्षेत्रीय विकास तर्फ अभिमुख गराइनेछ ।

३.२.१४ पिछडिएका क्षेत्रहरुको विकास

भौगोलिक रुपमा विकट भई पूर्वाधारको निर्माण हुन नसकेको देशको एउटा ठूलो भूभाग आर्थिक सामाजिक रुपले पछाडि परेको छ । यी क्षेत्रका जनतालाई देश विकासमा सहभागी बनाउन विगतमा प्रयास गरिए तापनि यी क्षेत्रहरुको बास्तविक समस्यापहिचान र त्यस अनुरुपको नीति तथा कार्यक्रमको अभावमा यी क्षेत्रहरुको विकास हुन र देश विकासमा यी क्षेत्रका बसिन्दाहरुको यथोचित योगदान प्राप्त हुन सकेन । अतः नवौं योजनाले यस्ता पिछडिएका २५ जिल्लालाई समेटी विशेष क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्य लिएको छ ।

यी पिछडिएका जिल्लाहरुलाई अन्य जिल्लाहरुको मापदण्ड अनुरुप समानुपातिक रुपमा विकसित गर्नका लागि थप प्रयासहरु गरी आर्थिक सामाजिक असमानता हटाउन जोड दिइनेछ । ती क्षेत्रहरुको विकासका लागि स्थानीय रुपमा उपलब्ध स्रोत र साधनहरुको पहिचान गरी तिनको अधिकतम उपयोग गरिनेछ । साथै ती भेगमा बस्ने बासिन्दाहरुका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, ग्रामीण विद्युत् आयोजना लगायत पूर्वाधार विकास एवं उत्पादन वृद्धिका लागि आवश्यक कार्यक्रमहरुको तर्जुमा एवं कार्यान्वयन गरी उनीहरुको जीवनस्तर छिटो भन्दा छिटो उकास्ने प्रयत्न गरिनेछ । त्यस्तै ती क्षेत्रहरुमा धेरै जसो जिल्लाहरु र चीनको स्वशासित क्षेत्र तिब्बत बीच रहिआएको पारम्परिक व्यापारिक सम्बन्ध विस्तार गर्न आवश्यक बाटोघाटोको निर्माण कार्य गर्नुका साथै ती जिल्लाहरुलाई बाटोघाटोले जोड्ने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । ती जिल्लाहरुमा रोजगार र आय आर्जन वृद्धि गरी गरिबी निवारण गर्न जडीबुटी उत्पादन र सङ्कलन कार्यक्रममा व्यापकता ल्याइनेछ । साथै उच्च पहाडी भेगमा उत्पादन हुन सक्ने अन्न एवं फलफूलहरुको अध्ययन अनुसन्धान गरी उत्पादन वृद्धि गर्ने कार्यक्रममा पनि व्यापकता ल्याइनेछ । यस्तै प्रकारले ती जिल्लाहरुमा पशुविकास कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । यसका साथै कृषि तथा गैर कृषिक्षेत्र सम्बन्धी सीपमूलक तालिम कार्यक्रम पनि सञ्चालन गरी रोजगारीका अवसरहरु बढाइनेछ । त्यस्तै विकेन्द्रीकरणको भावना अनुरुप तल्लो तहमै स्थानीय बसिन्दाहरुलाई विकासमा सहभागी एवं जिम्मेवार गराई पिछडिएका वर्गको सशक्तीकरण गरिनेछ । यस प्रकार विकासका प्रयासलाई ती जिल्लाहरुमा तीव्र रुपमा प्रवाहित गरी तिनीहरुको चरणबद्ध उत्थानमा जोड दिइनेछ ।

३.२.१५ उत्पादकत्व अभिवृद्धि तथा गुणस्तरीय व्यवस्थापन

नेपाल जस्तो सीमित स्रोत तथा साधन भएको देशमा उपलब्ध साधन र स्रोतको अधिकतम सदुपयोग गरेर उत्पादकत्व बढाउनु नै राष्ट्रिय विकासको एक मात्र विकल्प रहन गएको छ । उत्पादकत्व वृद्धिको अभावमा राष्ट्रिय आयमा वृद्धि गरेर आमजनताको जीवनस्तर उठाई दिगो आर्थिक विकास तथा गरिबी निवारण गर्ने उद्देश्य हासिल गर्न सम्भव छैन । नेपालमा उत्पादकत्वको वर्तमान स्थिति प्रष्ट पार्ने क्षेत्रगत र विषयगत गरी सबै प्रकारका तथ्याङ्कहरू पर्याप्त रूपमा उपलब्ध छैनन् तापनि आठौं योजनाको अवधिमा राष्ट्रिय स्तरमा श्रम उत्पादकत्व प्रतिवर्ष सरदर ५.६ प्रतिशतले बढेको अनुमान गरिएको छ । तर यस क्रममा आर्थिक क्षेत्रगत रूपमा हेर्दा कृषि बाहेक अरू क्षेत्रहरूको श्रम उत्पादकत्वमा ह्रास नै भएको प्रारम्भिक अनुमान गरिएको छ ।

उत्पादकत्व वृद्धिको महत्व प्रति सम्बन्धित क्षेत्रहरूमा जनचेतनाको कमी, उत्पादकत्व वृद्धि सम्बन्धी राष्ट्रिय स्तरमा ठोस नीति, प्राथमिकता र कार्यक्रमहरूको कमी, उत्पादकत्व प्रवर्द्धन सम्बन्धी कार्यको निमित्त संस्थागत विकास प्रयासको थालनीमा ढिलाई, राष्ट्रिय, क्षेत्रगत र संस्थागत स्तरमा उत्पादकत्व सम्बन्धी आँकडा र तथ्याङ्क राख्ने एवं अद्यावधिक गर्ने व्यवस्थाको कमी, उत्पादकत्व वृद्धिको निमित्त आवश्यक अध्ययन, अनुसन्धान, सूचना र प्रशिक्षण सेवाहरूको कमी, उत्पादकत्व वृद्धिको निमित्त सबै सम्बन्धित क्षेत्र एवं निकायहरू बीच कार्यक्रम तर्जुमा र कार्यान्वयनको सम्बन्धमा समन्वयात्मक प्रयासको कमी, आदि प्रमुख समस्याहरु देखिएका छन् ।

राष्ट्रिय अर्थतन्त्रका सम्पूर्ण क्षेत्रहरुमा उत्पादकत्व बढाउने कार्यलाई गरिबी निवारण गर्ने र उच्चतम आर्थिक विकासदर हासिल गर्ने लक्ष्यहरुको प्राप्ति तर्फ उन्मुख गराउनु उत्पादकत्व अभिवृद्धि तथा गुणस्तरीय व्यवस्थापनको उद्देश्य हुनेछ । जन-जीवनको गुणस्तर (quality of life) बढाउने तर्फ प्रयास केन्द्रित गरी आर्थिक सामाजिक क्षेत्रको उत्पादकत्व र गुणस्तर बढाउने, अर्थतन्त्रका विभिन्न क्षेत्रमा अनुकूल व्यवसायिक वातावरण सिर्जना गर्नका लागि सकारात्मक उत्पादकत्व संस्कृति (productivity culture) को विकास गर्न जोड दिने, उत्पादकत्व अभिवृद्धि तथा गुणस्तरीय व्यवस्थापनका लागि संस्थागत र अन्य आवश्यक पूर्वाधारहरु सुदृढ गर्दै जाने अवधारणा लिएर क्षेत्रगत उत्पादकत्व नीति र योजनाबीच सामञ्जस्य ल्याउन दीर्घकालीन उत्पादकत्व नीति र कार्य योजना तर्जुमा गर्न आवश्यक भएको छ । यस सन्दर्भमा नवौं योजनाका लागि निम्नलिखित नीति एवं कार्यनीति अवलम्वन गरिनेछ ।

- उत्पादकत्व अभिवृद्धि प्रति जनचेतना बढाउने र यसका लागि आवश्यक पूर्वाधार विकास गर्ने ।
- उत्पादकत्वका कारकतत्वहरु (factors) को आधारभूत पक्षमा सुधार ल्याउने ।
- क्षेत्रगत उत्पादकत्व नीतिहरु निर्दिष्ट गरी कृषि र गैर कृषि क्षेत्रबीच सामञ्जस्य ल्याएर ती क्षेत्रहरुलाई एक अर्काको परिपूरक बानाउने ।
- उत्पादकत्व प्रवर्द्धन, उत्पादकत्व संस्कृतिको विकास र उत्पादकत्व वृद्धिका उपायहरु उद्योग एकाइ स्तर सम्म पुऱ्याउन सस्थागत व्यवस्था सुदृढीकरण गर्ने ।
- उत्पादकत्व वृद्धि गर्न प्राथमिकता दिनुपर्ने व्यवसायिक क्षेत्रको पहिचान गर्ने र ती क्षेत्रहरुमा विशेष रुपमा उत्पादकत्व प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।
- उत्पादकत्व अभिवृद्धि प्रति जनचेतना बढाउन गोष्ठी, प्रशिक्षण, नमुना प्रदर्शन, प्रचार प्रसार र प्रकाशनका माध्यमलाई प्रभावकारी रुपमा प्रयोग गर्ने ।
- शैक्षिक कार्यक्रम र पाठ्यक्रममा उत्पादकत्व विषय समावेश गर्न जोड दिने र यसका लागि आवश्यक स्रोत सामग्री उपलब्ध गराउने ।
- विभिन्न क्षेत्रगत उत्पादकत्व आवश्यकता निर्धारण गर्ने र उत्पादकत्व सम्वन्धी मापदण्ड निर्देशिका, आधारभूत आँकडा र सूचना प्रणाली विकास गर्ने ।

- उपयुक्त उत्पादकत्व सुधारका विधिहरुको अध्ययन, विकास र प्रयोगलाई प्रोत्साहन गरी अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्ने ।
- उत्पादकत्व अभिवृद्धि गर्न गुणस्तरीय मानव संसाधानको विकासलाई एक आधारभूत माध्यम बनाउने र श्रमिक-व्यवस्थापन सम्बन्ध सुमधुर पार्न सघाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सरकारी क्षेत्र, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रका निकायहरुलाई आफ्नो सङ्गठन एवं व्यवस्थापनको क्षमता बढाउन गुणस्तरीय व्यवस्थापन पद्धति अपनाउन उत्प्रेरित गर्ने ।
- साधन र स्रोतको उत्पादनशील उपयोग गरी खेर जाने वस्तु (waste) कम गर्नुका साथै वातावरणमा प्रतिकूल असर कम गर्न हरित उत्पादकत्व (green productivity) को अवधारणा विकसित गर्दै लैजाने ।
- राष्ट्रिय उत्पादकत्व परिषद्को उत्पादकत्व सम्बन्धी नीतिलाई सम्वन्धित क्षेत्रगत निकायहरुको कार्यक्रममा समावेश गराई कार्यान्वयन गराउने । परिषद्को सचिवालयको रुपमा रहेको राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत विकासमा जोड दिई यसलाई एक सक्षम र पूर्णरुपमा सञ्चालित राष्ट्रिय उत्पादकत्व सङ्गठन (NPO) को रुपमा स्थापित गर्ने र एसियाली उत्पादकत्व सङ्गठन (Asian Productivity Organization) लगायत अन्य अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रिय स्तरका उत्पादकत्व क्षेत्रसँग सम्बन्धित संस्थाहरुसँग संस्थागत सम्बन्ध विकास गर्ने ।

३.२.१६ कृषि जन्य उद्योगहरुको विकास

नेपालमा कुल औद्योगिक क्षेत्रको योगदानमा कृषि तथा वनजन्य उद्योगको स्थान सर्वोपरि रहेको छ । कृषिप्रधान अर्थव्यवस्थामा सुरुमा उद्योगहरु कृषि तथा वनजन्य कच्चा पदार्थमा आधारित हुनु स्वभाविक हो । हालसम्मका औद्योगिक पृष्ठभूमिलाई विश्लेषण गर्दा प्रायः सम्पूर्ण उद्योगहरु आयात प्रतिस्थापन गर्ने वर्गमा पर्दछन् । नेपालबाट निर्यात हुने वस्तुहरुमा कृषिमूलक पदार्थहरुको परिमाण बढी र उद्योग निर्मित वस्तुहरुको परिमाण धेरै कम छ । अधिकांश कृषि तथा वनजन्य उद्योगहरु साना हुनुको साथै देशका विभिन्न भागहरुमा छरिएर रहेका छन् । कृषि उद्योगहरुमा कृषिक्षेत्रबाट उत्पादित वस्तुहरुको प्रशोधन (processing) को अलावा शीत भण्डार र कृषि औजार पनि समावेश भएका छन् । आधुनिक प्रविधि र नवनिर्मित वस्तुहरुले कृषि तथा वनजन्य उद्योगको स्वरुपमा विविधता ल्याएको छ ।

नेपालको भौगोलिक तथा आर्थिक पृष्ठभूमिमा कृषि तथा वनजन्य उद्योगको आफ्नै विशेषताहरु छन् । यिनमा थोरै पुँजी र सरल प्रविधिबाट सञ्चालित भई नेपाली उद्यमीहरुबाटै प्रवर्द्धित हुनु, वस्तु उत्पादनमा मूल्य अभिवृद्धि गरी राष्ट्रिय आयमा वृद्धि गर्नु, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नु, विभिन्न व्यवसायहरुको सुरुवात गर्न सघाउनु, स्थानीय स्तरको बचतलाई उत्पादन व्यवसायमा आकृष्ट गर्नसक्नु, उद्योग तथा अन्य व्यवसायहरुवीच अन्तरसम्बन्ध विकास गर्नु, देशलाई आत्मनिर्भर बनाउन विदेशी वस्तुहरुलाई प्रतिस्थापन गर्दै लानु, आर्थिक प्रतिफल स्थानीय स्तरमा वितरित हुनु, अन्तत्वोगत्वा आर्जित अनुभव र पुँजीबाट ठूला लगानीको सम्भावनाको विकास गर्नु आदि खास विशेषता छन् ।

नवौं योजनामा कृषि तथा वनजन्य उद्योगको प्रवर्द्धनगरी आय तथा रोजगारका अवसरहरुको वृद्धिद्वारा गरिबी निवारण कार्यमा सहयोग पुऱ्याउनु कृषि तथा वनजन्य उद्योग प्रवर्द्धन नीतिको मूल उद्देश्य रहेकोछ । औद्योगीकरणका आधारहरु मजबुत बनाउँदै देशलाई औद्योगीकरणको माध्यमबाट समृद्ध बनाउँदै लैजान सम्भाव्य क्षेत्रहरुको विकास हुनु जरुरी छ । प्राकृतिक स्रोत र साधानको पृष्ठभूमिमा कृषि नै बढी सम्भाव्य क्षेत्र भएकाले यसको विकास नभई गैर-कृषिक्षेत्रको विकासको आधार दरिलो हुँदैन । त्यसैले कृषिउद्योग व्यवसाय प्रवर्द्धनलाई केन्द्रविन्दु मानी यसका अग्र सम्बन्ध (forward linkages) लाई सघाउने र यसका पृष्ठसम्बन्ध (backward linkages) अर्थात् कृषिउद्योग व्यवसायलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन प्रणालीलाई सर्वोपरी प्राथमिकता दिई यसका अन्तरसम्बन्धहरुलाई

सुदृढ गरेर एकीकृत उद्योग व्यवसाय प्रणाली स्थापित गरी त्यसैको आधारमा औद्योगीकरण गर्ने दृष्टिकोण रहनेछ ।

राष्ट्रिय अर्थतन्त्रमा कृषि तथा वनजन्य उद्योगबाट बढी से बढी योगदान हासिल गर्न यस क्षेत्रको विकासलाई विशेष प्राथमिकता दिइनेछ । दीर्घकालीन कृषि योजनाले परिलक्षित गरे अनुरुपका बढी मोल जाने कृषि बस्तुहरुसँग सम्बन्धित फलफूल, बेमौसमी तरकारी र तरकारी बीउ, दूध, मासु, रेसम महका साथै जडीबुटी, चिया, कफी, सुगन्धित तेल, पुष्प गुच्छा उत्पादन आदि उद्योगव्यवसायलाई आयात प्रतिस्थापनका साथै निर्यात प्रवर्द्धन र रोजगारीमूलक साना तथा मझौला उद्योगका रुपमा बिकसित गरिनेछ ।

उद्योगका लागी आवश्यक पर्ने कच्चापदार्थ पर्याप्त मात्रामा र सुलभ दरमा उपलब्ध गराउन पकेट क्षेत्रहरुको निर्धारण गरी व्यवसायिक खेतीका लागि आवश्यक जग्गा उपलब्ध हुनसक्ने व्यवस्था गरिनेछ । छानिएका क्षेत्रमा आवश्यक पर्दा श्री ५ को सरकारको स्वामित्व रहेको वन क्षेत्र र पर्ती जग्गाहरु कबुलियतमा उपलब्ध गराई भौतिक पूर्वाधार, अनुसन्धान प्रचारप्रसार तथा सेवाका लागि यस्ता पकेट क्षेत्रमा कार्यक्रम प्रवाहित गराउन ठोस कदम चालिनेछ ।

बिश्वबजारमा नेपाली बस्तुहरुलाई प्रतिस्पर्धात्मक बनाई आफ्नो पहिचान कायम राख्न र निर्यात बढाउन हाल देखापरेका नीतिगत समस्याहरुलाई निराकरण गर्नुका साथै केही आयात प्रतिस्थापन गर्ने खालका उद्योगहरुलाई बढावा दिन बर्तमान आर्थिक/उद्योग/वाणिज्य/नीतिहरुमा आवश्यक सुधार गरिनेछ ।

औद्योगिक विकासकोलागि आवश्यक पूर्वाधार सुविधाहरु जस्तै सडक, विद्युत तथा कृषिबजार इत्यादि विकासमा सरकारी लगानीका साथै निजी क्षेत्रलाई आकृष्ट गराइनेछ । उद्योग विकासका लागि आवश्यक पर्ने पुँजी सहुलियत दरमा वित्तीय संस्थाहरुमार्फत उपलब्ध गराइनेछ । साना, घरेलु, कृषि तथा वनजन्य उद्योगको स्थापना र सञ्चालनमा महिलावर्गलाई बिशेषरुपमा संलग्न गराउने वातावरण तैयार गरिनेछ ।

३.२.१७ विकेन्द्रीकरण तथा स्थानीय सरकारको सुदृढीकरण

राष्ट्रको सर्वाङ्गीण विकासको क्रममा विगत केही बर्षदेखि मुलुकमा विकेन्द्रीकरणको अवधारणामा आधारित सहभागितात्मक विकास प्रयासलाई विशेष जोड दिइदै आएको छ । प्रजातान्त्रिक वातावरणमा स्थानीय तहमा जनसबलीकरण र सक्षम स्वशासनका आधारमा विकास कार्यलाई अगाडि बढाइएको छ । यसका लागि सरकारी क्षेत्र तथा गैर सरकारी संस्थाहरुबाट गाउँ तहसम्म स्रोत र साधन जुटाउनुका साथै उपभोक्ता समूहहरु मार्फत जनसहभागिताका आधारमा स्थानीय स्रोतको परिचालनमा जोड दिइएको छ । स्थानीय विकास कार्यक्रमहरु दिगो एवं प्रभावकारी गराउन स्थानीय निकायहरुलाई स्रोत र साधनको व्यवस्थामा पूर्ण जिम्मेवारी गराई यसको स्वस्फूर्त परिचालन र व्यवस्थापन अगाडि बढाइएको छ । यस प्रकार स्थानीय विकासलाई विकेन्द्रीकरण प्रक्रिया अनुरुप प्रोत्साहन र प्रवर्द्धन गर्न श्री ५ को सरकारले स्थानीय निकायहरु सम्बन्धी ऐन नियमहरुको व्यवस्था गर्नेछ ।

योजनाले योजना प्रक्रियामा आधिकाधिक जन संलग्नता बढाउन जोड दिएको छ । आ-आफ्नो क्षेत्रमा हुने विकास कार्य र व्यवस्था सम्बन्धी निर्णय प्रक्रियामा जनतालाई प्रत्यक्ष र निर्णायक रुपमा सहभागी बनाउनुको साथै स्थानीय योजना प्रति स्वामित्व बोध गराउने व्यवस्थाको लागि सहभागितात्मक विकास प्रक्रियालाई संस्थागत गर्न आवश्यक छ ।

अख्तियार र आवश्यक बजेटको निक्षेपणका साथै मानव संसाधन र प्राविधिक क्षमता विकास तथा आवश्यक सूचना प्रवाहद्वारा एक्काइसौं शताब्दीका चुनौतीसँग जुध्न सक्षम, सबल, सुदृढ र जनताका

आवश्यकताप्रति उत्तरदायी स्वायत्त स्थानीय सरकारको गठन र स्थानीय तहबाटै समग्र विकास व्यवस्थापन गर्नेतर्फ विकेन्द्रीकरण नीति केन्द्रित गरिनेछ । बहुसंख्यक जनता वसोवास गर्ने ग्रामीण क्षेत्रको आर्थिक-सामाजिक विकास कार्यमा स्थानीय तहमै उपलब्ध स्रोत साधन र प्रविधिको कुशलतम परिचालनका साथै विकासलाई स्वचालित ढंगमा सञ्चालन गर्न र स्थानीय जनतालाई आवश्यक पर्ने सेवा स्थानीय तहबाटै उपलब्ध गराउन स्थानीय निकायहरुलाई सक्षम, स्वायत्त र स्थानीय विकासका लागि स्थानीय जनताप्रतिपूर्ण उत्तरदायी तुल्याइनेछ ।

३.२.१८ स्थानीय विकासका लागि गैर सरकारी संस्थाहरुको परिचालन

स्थानीय विकासका लागि कार्यान्वित गरिने विभिन्न गतिबिधिहरुलाई जनमुखी बनाउँदै जनस्तरसम्म सेवा र सुविधा पुऱ्याउन गैर सरकारी संस्थाहरुको भूमिका बढ्दै गएको छ । प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सिर्जित प्रशासनिक उदार वातावरणमा गैर सरकारी संस्थाहरु अत्यधिक संख्यामा विभिन्न क्षेत्रमा संलग्न भएका छन् । कतिपय संस्थाहरु स्थानीय विकास कार्यमा समेत संलग्न भएतापनि अधिकांश संस्थाहरुलाई गाउँ स्तरसम्म र खासगरी दुर्गम क्षेत्रहरुमा काम गर्ने गरी परिचालित गर्न सकिएको छैन । यस्ता संस्थाहरुलाई स्थानीय विकास कार्यमा अभिमुख गराई विशेष गरी पिछडिएका क्षेत्र तथा वर्गको जीवनको स्तरोन्नति गर्ने कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गर्नु आवश्यक हुन आएको छ ।

विभिन्न उद्देश्यविशेष र लक्षित समूह निर्दिष्ट गरी अधिराज्यमा कार्यरत अन्तर्राष्ट्रिय र स्थानीय गैर सरकारी संस्थाहरुको संख्यागत परिमाणमा अधिक्य रहेको देखिएता पनि सुसङ्गठित, साधन सम्पन्न र प्रभावमूलक गैर सरकारी संस्थाहरु त्यति धेरै संख्यामा सञ्चालित छैनन् । सक्रिय रहेका गैर सरकारी संस्थाहरुको सेवा कार्यक्षेत्र पनि स-साना रहेका छन् । यी संस्थाहरुले समेटेका सेवा कार्यक्षेत्र एक-आपसमा समन्वित हुन नसकेको, स्थानीय स्वायत्त शासन प्रणालीसँग आवद्धित हुन नसकेको, जनजीवन र समुदाय विशेषको सामाजिक, आर्थिक र सांस्कृतिक स्वरुप अनुकूल सामञ्जस्य हुने गरी कार्यक्रम सञ्चालन नभएको र यिनको गतिविधि र उपलब्धि पनि विश्लेषणात्मक रुपमा अभिलिखित हुन नसकेको अवस्था पनि देखा परेको छ ।

यस सन्दर्भमा गैर सरकारी संस्थाहरुबाट आर्थिक सामाजिक विकासका लागि पुग्न सक्ने सम्भाव्य योगदानका महत्वपूर्ण पक्षहरुलाई तथ्यगत रुपमा पहिचान गरी यस्ता संस्थाहरुको स्वरुप, कार्यक्षेत्र, साधन र क्षमतालाई वर्गीकृत गरेर स्थानीय स्वायत्त शासन प्रणालीसँग समन्वित हुने गरी सरकारी स्तरबाट सञ्चालन हुने विकास कार्यक्रमहरुको परिपूरक बनाउने अवधारणाबाट गैर सरकारी संस्थाहरुको परिचालन गरिनेछ ।

देशका पिछडिएका वर्ग, स्थानविशेष र मुख्य गरी दुर्गम भेगमा कार्य गर्न गैर सरकारी संस्थाहरुलाई अभिप्रेरित गर्न र त्यसतर्फ ती संस्थाहरुको क्रियाकलापलाई विस्तार गर्न स्थानीय निकायहरु र जि.वि.स., गा.वि.स., शिक्षण संस्थाहरु, लगायत विभिन्न सामुदायिक उपभोक्ता समूहहरुलाई सघाउकर्ताका रुपमा कार्य गर्न प्रोत्साहित गरिनेछ ।

स्थानीय विकास प्रक्रियालाई सुसञ्चालित गर्न गैर सरकारी संस्थाहरुको भूमिका, कार्यक्षेत्र, एवं गतिविधिलाई सघाउने, मूल्याङकन गर्ने तथा अनुशरण र अनुगमन गर्ने कार्यका साथै सकारात्मक निगरानी राख्ने कार्यका लागि महिला तथा समाज कल्याण मन्त्रालय, समाजकल्याण परिषद् एवं जिल्ला विकास समितिलाई समुचित मापदण्ड अपनाउन लगाएर गैर सरकारी संस्थाहरुलाई स्थानीय विकास प्रक्रियामा परिचालित हुँदै जान सघाउपूर्ण वातावरण विस्तार गरिनेछ ।

३.२.१९ महिला विकास तथा सशक्तीकरण

देशको आधा जनशक्तिको रुपमा रहेका महिलाहरु देश विकासमा सदा सर्वदा संलग्न रहेता पनि अशिक्षा, अस्वस्थता, गरिबी तथा परम्परागत सामाजिक रुढिवादी व्यवहारले गर्दा सम्पत्ति, आय, रोजगारजस्ता आर्थिक स्रोत एवं अन्य स्रोतका अवसरहरुको पहूँचबाट टाढा छन् । महिलावर्ग पुरुषवर्गका साथसाथै जबसम्म पूर्ण रुपमा राष्ट्रको उत्थानकार्यमा संलग्न हुँदैनन् तवसम्म देशको आर्थिक, सामाजिक स्थितिमा सुधार आउन सक्दैन । विश्व महिला सम्मेलन वेइजिङ्ग १९९५ मा पारित वुंदाहरुमा श्री ५ को सरकारले जनाएको प्रतिवद्धता अनुरुप र महिलावर्गलाई विकास प्रक्रियामा समान रुपले सहभागी बनाउनु पर्ने आजको राष्ट्रिय हाँक अनुसार महिला सशक्तीकरणको आवश्यकतालाई नवौं योजनाले पनि अङ्गीकार गरेको छ ।

नवौं योजनामा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको माध्यमद्वारा महिलालाई विकासको मूल प्रवाहमा समाहित गर्ने, विकासको मूल प्रवाहमा महिला वर्गलाई समाहित गराउन प्रत्येक क्षेत्रमा उनीहरुको सहभागिता वृद्धि गर्ने, देशमा विद्यमान लैङ्गिक असमानतालाई क्रमशः हटाउँदै लगी क्षेत्रगत नीति तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र मूल्याँकन प्रकृयामा लैङ्गिक दृष्टिकोण तथा अवधारणालाई साकार रुप दिने, महिलावर्गको सामाजिक, आर्थिक, राजनैतिक तथा कानूनी स्तर अभिवृद्धि गरी उनीहरुको सर्वतोमुखी विकास तथा सशक्तीकरणको प्रक्रियालाई द्रुततर तुल्याउने, महिलाहरुको हक, हित तथा अधिकारको संरक्षण र सम्वर्धन गर्ने, महिला विरुद्ध हुने हिंसा, शोषण, अन्याय, अत्याचार निर्मुल गर्दै जाने लक्ष्यहरु राखिएका छन् ।

नवौं योजना अवधिमा महिला सशक्तीकरणको लागि निम्नानुसार जोड दिइनेछ :

- महिलाहरुलाई विकासको मूल प्रवाहमा समाहित गर्न एवं महिला विकास कार्यहरुमा प्रभावकारिता ल्याउन विभिन्न क्षेत्रहरु वीच समन्वय तथा संस्थागत विकासमा जोड दिइनेछ । साथै, राष्ट्रिय विकासमा महिला सहभागिता मापन गर्न सूचकहरु निश्चित गरी आधार मानिनेछ र महिला विकास कार्यक्रमहरुको अनुगमन तथा मूल्याँकन कार्यलाई प्रभावकारी बनाइनेछ ।

- लैङ्गिक समानताको निम्ति विशेष सहुलियत, आरक्षण जस्ता सकारात्मक नीतिहरु अपनाई वर्तमान महिला र पुरुष वीचको सामाजिक तथा आर्थिक विभेदलाई साँगुरो पार्ने नीति अपनाइनेछ । यसका साथै महिलावर्ग माथि हुने हिंसाको रोकथाम तथा नियन्त्रण गर्ने कानुनी व्यवस्थालाई प्रभावकारी वनाउन संस्थागत व्यवस्था गरिनेछ ।

- महिला सशक्तीकरणका लागि महिलाहरुको स्वास्थ्य स्तर तथा शैक्षिकस्तरमा सुधार ल्याउन प्रजनन र अन्य प्रतिकारात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका साथै औपचारिक तथा अनौपचारिक शिक्षाको पहूँचमा बृद्धि गरिनेछ । साथै रोजगारीका लागि महिलाहरुलाई सक्षम वनाउन प्राविधिक ज्ञान, उद्यमि तालिम व्यवस्थापन तालिमहरु विस्तार गर्ने नीति अपनाइनेछ । यसका अतिरिक्त महिलावर्गलाई आयस्रोतमा आत्मनिर्भर वनाउन आयमूलक स्रोत, सम्पत्ति, संस्थागत कर्जा तथा रोजगारीका अवसरहरुमा महिलाहरुको पहूँच अभिवृद्धि गरिनेछ ।

- मुलुकको प्रशासन र नीति निर्धारण सम्वन्धी कार्यमा महिलाहरुको पहूँच बढाउन लोकसेवा आयोगद्वारा सञ्चालित प्रतियोगितात्मक परीक्षाहरुमा महिलाहरुकालागि निश्चित प्रतिशत ठाउँ सुरक्षित राख्न व्यवस्था गरिनेछ ।

- कृषि क्षेत्रमा महिलाको भूमिका प्रवल वनाउन कृषि ऋण, अन्य उत्पादनका सामग्रीहरु, प्राविधिक तथा कृषि तालिम, कृषि बजारको व्यवस्था इत्यादिमा अन्य सरकारी तथा अन्य क्षेत्रहरुवाट हुने सवै कार्यक्रमहरुलाई लैंगिक अभिमुखी (gender sensitive) बनाइनेछ ।

- ग्रामीण वैंक, कृषि विकास वैंक, विभिन्न वैंक, साना किसान विकास कार्यक्रम, ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम, महिलाका लागि साना कर्जा कार्यक्रम आदि मार्फत महिलावर्गलाई उत्पादन कार्यको लागि ऋण प्रवाह गर्ने कार्यक्रमलाई विस्तार गरिनेछ ।

- शिक्षा क्षेत्रमा प्रत्येक गाउँ विकास समितिले कुल अनुदानको कम्तिमा १० प्रतिशत रकम छात्राहरु वा महिलाको शिक्षाको लागि खर्च गर्नु पर्ने व्यवस्था गरिनेछ ।

- सरकारी, गैरसरकारी तथा नीजि प्रयासवाट प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न प्रचार प्रसार गर्ने कार्यक्रममा तीव्रता ल्याइनेछ ।

- सरकारी तथा गैरसरकारी क्षेत्रवाट स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्म व्यापक रुपमा महिला विरुद्ध हुने हिंसा तथा हिंसा रोकथामका विविध उपायवारे जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

- रोजगारमूलक तालिम कार्यक्रममा महिला उम्मेदवार भएसम्म २५ प्रतिशत महिला सहभागी गराउने कार्यक्रम सञ्चालन गरिनेछ र रोजगारीको अवसरमा समेत महिला उम्मेदवार भएसम्म २० प्रतिशत सहभागी वनाइनेछ ।

- महिलालाई स्वरोजगार एवं व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गर्न/गराउन संस्थागत ऋण प्रदान गर्ने व्यवस्थाको विस्तार गरिनेछ एवं तिनीहरुका लागि ऋण प्रदान गर्ने प्रकृयालाई सुलभ वनाइनेछ ।

३.२.२० प्रशासनिक सुधार

जनताको जीवनस्तर उठाउन तथा देशको सर्वाङ्गीण विकास गर्न कुशल प्रशासनयन्त्रको आवश्यकता पर्दछ । देशको शान्ति सुरक्षा प्रत्याभूत गरी जनतामा सामाजिक सुरक्षा अभिवृद्धि गराउन तथा समग्र विकासलाई निर्दिष्ट दिशातर्फ अभिमुख गराउन प्रशासन सुधारको ठूलो खाँचो अनुभव गरिएको छ ।

मूलभूत रुपमा प्रशासनको दुई पक्ष छन् । पहिलो पक्ष हो जनता समक्ष सार्वजनिक सेवा सुविधाहरु उपलब्ध गराउनु र दोस्रो पक्ष बजारयन्त्रलाई स्वचालित गराउन अनुकूल वातावरण सिर्जना गर्न तथा अति पिछडिएका वर्गको लागि आय तथा रोजगारी सिर्जना गर्न र आवश्यक वस्तु तथा सेवाहरु उपलब्ध गराउन प्रत्यक्ष र परोक्ष कार्यक्रमहरु ग्रामीणस्तरसम्म विस्तार गर्नु ।

नवौं योजना अवधिमा प्रशासनिक सुधार गरी सार्वजनिक व्यवस्थापनलाई स्वच्छ, छरितो, पारदर्शी मितव्ययी, प्रतिस्पर्धात्मक, कार्यमूलक सक्षम, उतपादनशील, सेवामूलक र उत्तरदायी बनाउने, सार्वजनिक स्रोत साधनहरुको व्यवस्थापनलाई उचित र प्रभावकारी बनाउने, विधिसम्मत् शासन प्रणाली र नागरिक समाज (civic society) को धारणालाई प्रोत्साहित गर्ने कार्यहरु गरिनेछ ।

स्वच्छ र भ्रष्टाचारमुक्त प्रशासन प्रदान गर्न नवौं योजनामा सरकारी निकाय तथा संस्थाहरुबाट हुने ठेक्का-पट्टा, खरिद विक्रीका सम्पूर्ण प्रक्रियाहरु पारदर्शी बनाउनुका साथै यी कार्यहरुको कार्यान्वयनमा गुणस्तर कायम गर्न अनुगमनको व्यवस्था लागू गरिनेछ ।

नवौं योजना अवधिमा विभिन्न मन्त्रालयहरुबाट गरिने विकास निर्माणका कार्यहरुमा संस्थागत समन्वयको व्यवस्थाद्वारा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी गराइनेछ र यसको नियमित सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन प्रक्रिया वहाल गरी लक्ष्य अनुसार प्रगति हासिल गर्न जोड दिइनेछ । आयोजना कार्यान्वयनमा देखापरेका ढिलासुस्तीलाई निराकरण गर्न आयोजनाको विशेष छनौट प्रणाली (screening) को व्यवस्था लागू गरिनेछ । साथै ठेक्का पट्टा, परामर्श सेवा नियुक्ति, आपूर्ति व्यवस्था आदि समयमा सम्पन्न गराउन आवश्यक व्यवस्था गरिनेछ र अनुगमन प्रणालीलाई बढी व्यवस्थित गरिनेछ । स्थानीय स्वायत्त शासन प्रणालीलाई सुदृढ गरी विकासमा स्थानीय नेतृत्ववर्गलाई जिम्मेवार गराइनेछ ।

दीर्घकालीन निजामती कर्मचारी नीतिको तर्जुमा गरी निजामती सेवालाई एक्काइसौं शताब्दीको बढ्दो चुनौतीहरुको सामन गर्न सबल एवं सक्षम गराइनेछ । जनमुखी प्रशासनको अवधारणा अनुसार असल प्रशासकीय व्यवस्थापन र विकास व्यवस्थापनका लागि प्रशासनलाई पारदर्शी, विश्वसनीय र उत्तरदायी बनाइनेछ । समग्रमा प्रशासनलाई सुशासन र विकास व्यवस्थापनको पक्षबाट सुदृढ गराइनेछ ।

परिच्छेद ४

आर्थिक वृद्धिदर, लगानी र क्षेत्रगत बाँडफाँट

१ पृष्ठभूमि

नवौं योजनाले निर्धारित गरेको गरिबी निवारणको लक्ष्य प्राप्तिका लागि एकातिर उच्च आर्थिक वृद्धिदर हासिल गर्नु अनिवार्य छ भने अर्कोतिर देशको अर्थव्यवस्थाले धान्नसक्ने किसिमको लक्ष्य निर्धारण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै कुरालाई हृदयङ्गम गरी नवौं योजनामा कुल गार्हस्थ्य उत्पादन (फ्याक्टर कस्टमा) को औसत वार्षिक बृद्धिदर ६.० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । यो लक्ष्य प्राप्त भएमा देशमा गरिबीको चाप कम हुन जाने तथा राजस्वको आधार (revenue base) फराकिलो भई भौतिक पूर्वाधारको विकास तथा सामाजिक क्षेत्रमा बढी साधन प्रवाहित गर्न सकिने हुन्छ ।

<u>उच्च आर्थिक वृद्धिदर, लगानीका स्रोत र क्षेत्रगत बाँडफाँटका आधारहरू</u>

- छिटो प्रतिफल दिने प्राथमिकताका क्षेत्रहरूमा साधन विनियोजन (resource allocation) गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्न टेवा पुऱ्याउने ।
- दिगो उच्च आर्थिक वृद्धिदर हासिल गर्न आधार फराकिलो बनाउने गरी लगानी गर्ने एवं यसको प्रतिफल वितरणमा पनि व्यापकता ल्याउने ।
- गार्हस्थ्य उत्पादनमा ४० प्रतिशतभन्दा बढी योगदान दिने कृषिक्षेत्रको लगानीमा वृद्धि गर्नुका साथै कृषिमा संरचनात्मक सुधार गरी यस क्षेत्रलाई अगुवा क्षेत्रको रुपमा लैजाने ।
- खुला, उदार र बजारोन्मुख आर्थिक सुधारको प्रक्रियालाई सुदृढ गर्दै लगी उत्पादकक्षेत्रमा लगानी प्रवाहित हुने वातावरण सिर्जना गर्ने र साधनको दक्ष एवं मितव्ययी प्रयोगमा सहयोग पुऱ्याउने ।
- सरकारी क्षेत्रको फजुल र अनुत्पादक खर्च घटाउँदै लानको साथै मौद्रिक र पुँजीबजारको प्रवर्द्धनमार्फत् गार्हस्थ्य र राष्ट्रिय बचतको अनुपातमा वृद्धि गर्दै जाने ।
- पूर्वाधारको विकास गर्दै लगानी प्रवर्द्धनमा सहयोग पुग्ने गरी जलस्रोत, पर्यटन विकास एवं औद्योगीकरणको प्रक्रियामा तीव्रता ल्याउने ।
- सामाजिक क्षेत्रको विकासलाई प्राथमिकता प्रदान गरी दिगो उच्च आर्थिक वृद्धिदर हासिल गर्न सुनिश्चितता प्रदान गर्ने ।
- राष्ट्रिय अर्थतन्त्रको हित अनुकूल हुने गरी विदेशी लगानीलाई बढावा दिने ।
- विकेन्द्रीकरणमार्फत् स्थानीय निकायहरूलाई स्वायत्तता प्रदान गरी स्थानीय स्रोत, साधन र सीपको उपयोगमा तीव्रता र दक्षता ल्याउने ।
- पिछडिएका क्षेत्रहरुको विकासमा जोड दिई दिगो विकास एवं गरिबी निवारण कार्यमा सुनिश्चितता ल्याउने ।
- गरिबोन्मुख मानवीय संसाधन एवं रोजगारी र गरिबी-निवारणका कार्यक्रमहरू पिछडिएका क्षेत्र, समुदाय एवं उत्पीडित जाति, जनजातिमा पुऱ्याउँदै आजसम्म उपेक्षित गाउँ-बस्तीमा आयआर्जन र रोजगारीका अवसरहरू बढाउँदै लगी यी क्षेत्रहरूमा दिगो विकासको आधार सुनिश्चित गर्दै जाने ।

- वित्तीय साधनको चुहावट नियन्त्रण गर्ने, भ्रष्टाचार हटाउन पारदर्शिता अभिवृद्धि गर्ने तथा जवाफदेहीपन (public accountability) को विकास गर्दै लगी सरकारी र गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने विकास कार्यक्रमहरूको प्रभावकारिता बढाउने तथा साधनको मितव्ययी प्रयोग गर्ने परिपाटी बसाल्ने ।

२. गार्हस्थ्य उत्पादनको समष्टिगत र क्षेत्रगत वृद्धि

नवौं योजनामा ६.० प्रतिशतको वार्षिक आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइएको छ । सो लक्ष्य प्राप्तिका लागि कृषिक्षेत्रको वृद्धिदर वार्षिक वृद्धिदर ४.० प्रतिशत र गैरकृषिक्षेत्रको वार्षिक वृद्धिदर ७.३ प्रतिशत हुनुपर्ने अनुमान गरिएको छ । नवौं योजनाको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (फ्याक्टर कष्टमा) आठौं योजनामा हासिल भएको ४.९ प्रतिशतको कुल गार्हस्थ्य उत्पादन (फ्याक्टर कस्टमा) बृद्धिको तुलनामा १.१ प्रतिशत विन्दुले बढी छ । विगतका योजनाहरूको आर्थिक वृद्धिदरको तुलनामा नवौं योजनाको लक्षित आर्थिक वृद्धिदर बढी देखिन्छ । तथापि मलको आपूर्तिमा निजी क्षेत्रको संलग्नता जस्ता निजी क्षेत्र अनुकूल प्रतिस्पर्धात्मक वातावरणको सशक्तीकरण, कृषि क्षेत्रमा एकीकृत कार्यक्रम सञ्चालन, उद्योग एवं पर्यटन क्षेत्रको विकास र वैदेशिक लगानीमा जोड, तथा विकेन्द्रीकरणका माध्यमबाट बढी प्रभावकारी रुपले साधन परिचालन र लगानी हुन सक्ने परिप्रेक्ष्यमा यो उच्चदर हासिल गर्न सकिने अनुमान गरिएको हो । नवौं योजनाको लक्षित आर्थिक वृद्धिदर ६.० प्रतिशत हासिल भएमा नवौं योजनावधिमा ३.६ प्रतिशतले प्रतिव्यक्ति आयमा बृद्धि हुन जानेछ ।

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत मूल्य अभिवृद्धि (value added) का सन्दर्भमा कृषि, सिंचाइ तथा वनक्षेत्रको वृद्धिदर औषत ४.० प्रतिशत, उद्योग तथा खानी क्षेत्रको वृद्धिदर ९.१ प्रतिशत, विद्युत्, ग्यास तथा पानीको १०.४ प्रतिशत, निर्माणको ५.९ प्रतिशत, व्यापार, होटल तथा रेष्टुराँको ७.४ प्रतिशत, यातायात तथा सञ्चारको ८.७ प्रतिशत, वित्त तथा घरजग्गाको ५.८ प्रतिशत र सामाजिक सेवाको वृद्धिदर ७.० प्रतिशत प्रतिवर्ष रहने अनुमान गरिएको छ । कृषिक्षेत्रको लक्ष्य आठौं योजनाको उपलब्ध वृद्धिदरभन्दा करीव १.० प्रतिशत विन्दुले बढी छ । नवौं योजनामा कृषिको दीर्घकालीन योजना (agricultural perspective plan) को लक्ष्यलाई ध्यानमा राखी कृषिक्षेत्रमा लगानी अभिवृद्धि गरिनुका साथै कृषिसँग पृष्ठ र अग्रगामी सम्बन्ध (backward and forward linkages) राख्ने क्षेत्रहरूको समेत सुधार र विकास गरिने कार्यक्रमलाई ध्यानमा राखी यो लक्ष्य निर्धारण गरिएको हो । उद्योग तथा खानी क्षेत्रमा निर्धारित ९.१ प्रतिशतको वृद्धिदर आठौं योजनामा उपलब्ध ६.९ प्रतिशतको वृद्धिदरभन्दा बढी देखिए तापनि औद्योगिक विकासका सन्दर्भमा सरकारले अपनाउने नीति, उद्योगक्षेत्रमा आठौं योजनामा भएको लगानी वृद्धि र भारतसँग भएको नयाँ वाणिज्य सन्धि एवं चिनको स्वसाशित क्षेत्र तिव्वतसँग व्यापारिक सम्भावना समेतलाई ध्यानमा राख्दा यो वृद्धिदर हासिल गर्न सकिनेछ । त्यस्तै विद्युत्क्षेत्रको मूल्य अभिवृद्धि मुख्यरूपमा आठौं योजनामा यस क्षेत्रमा भएको लगानी र नवौं योजनामा यस क्षेत्रमा हुने लगानीको ठूलो वृद्धिदर समेतलाई ध्यानमा राखी १०.४ प्रतिशत निर्धारण गरिएको छ ।

कृषि, उद्योग र विद्युत्क्षेत्रको उच्च आर्थिक वृद्धिदरले निर्माणक्षेत्रलाई पनि विस्तार गराउने हुनाले नवौं योजनामा निर्माणक्षेत्रको वृद्धिदर ५.९ प्रतिशत हुने अनुमान गरिएको छ । आठौं योजनाको निर्माणक्षेत्रको मूल्य अभिवृद्धि औषत करीब ३.९ प्रतिशत रहेकोमा नवौं योजनामा यसमा सुधार हुने अपेक्षा गरिएको छ । व्यापार तथा होटलतर्फ आठौं योजनामा औसत ७.१ प्रतिशत वृद्धि भएकोमा नवौं योजनामा ७.४ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ । नवौं योजनामा निर्यात तथा पर्यटन व्यवसायलाई दिइने प्राथमिकता र गरिने लगानीको पृष्ठभूमिमा यस क्षेत्रको आर्थिक वृद्धिदर आठौं योजनाको भन्दा केही बढी हुनसक्ने अनुमान छ । यातायात तथा सञ्चारतर्फ आठौं योजनाको ८.४ प्रतिशतको वृद्धिको तुलनामा नवौं योजनामा ८.७ प्रतिशतले मूल्य अभिवृद्धि हुने अनुमान छ । यातायातक्षेत्रमा निजी लगानीका लागि दिइने प्रोत्साहन, खुला हवाइ नीति र दूरसञ्चारक्षेत्रमा निजी

क्षेत्रको सहभागितालाई बढावा दिने नीतिअनुरूप नवौं योजनामा यातायात तथा सञ्चारक्षेत्रको वृद्धिदर आठौं योजनामा भन्दा केही बढी हुने अनुमान गरिएको छ ।

वित्त तथा घरजग्गाक्षेत्रको मूल्य अभिवृद्धि नवौं योजनामा ५.८ प्रतिशतले वृद्धि हुने अनुमान छ । खास गरी वित्तीय संस्थाहरूको हालको विकास र सेवा विस्तारबाट यो बृद्धिदर हुने अनुमान गरिएको छ । सामाजिक सेवातर्फ नवौं योजनामा ७.० प्रतिशतले मूल्य अभिवृद्धि हुने अनुमान छ । आठौं योजनामा ६.३ प्रतिशतले यस क्षेत्रको मूल्य अभिवृद्धि भएकोमा नवौं योजनामा सामाजिक क्षेत्रमा गरिने लगानी वृद्धिबाट यस क्षेत्रको विस्तार सोअनुरूप हुनसक्ने अनुमान गरिएको हो ।

यसरी आठौं योजनामा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश ४१.७ प्रतिशत र गैर कृषि क्षेत्रको अंश ५८.३ प्रतिशत रहेकोमा नवौं योजनाको अन्त्यसम्ममा कृषि क्षेत्रको अंशमा कमी आई ३७.९ प्रतिशत र गैरकृषि क्षेत्रको अंशमा बृद्धि भई ६२.१ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

समग्रमा नवौं योजनामा अर्थतन्त्रका सबै क्षेत्रको मूल्य अभिवृद्धिको लक्ष्य आठौं योजनाको वृद्धिदरभन्दा बढी छ । यो वृद्धिदर नवौं योजनामा हुने लगानीको वृद्धिदर र सरकारले निजी क्षेत्रको विस्तारका लागि लिने लचिलो आर्थिक नीति र त्यसबाट विदेशी लगानी अभिवृद्धिमा पर्ने सकारात्मक प्रभावबाट सम्भव हुनेछ । यसरी आठौं योजनामा कृषि क्षेत्रको मूल्य अभिवृद्धि ३.० प्रतिशतले र गैरकृषि क्षेत्रको मूल्य अभिवृद्धि ६.३ प्रतिशतले वृद्धि भएकोमा नवौं योजनामा कृषिक्षेत्रको मूल्य अभिवृद्धि ४.० प्रतिशत र गैरकृषिक्षेत्रको मूल्य अभिवृद्धि ७.३ प्रतिशतले हुने अनुमान गरिएको छ । (तालिका १)

तालिका १
नवौं योजनाको कुल गार्हस्थ्य उत्पादन र क्षेत्रगत मूल्य अभिवृद्धि
(२०५३/५४ को स्थिर मूल्यमा)

(रू. करोडमा)

क्षेत्रहरू	२०५३/५४		२०५८/५९ को अनुमानित		वार्षिक बृद्धिदर
	उत्पादन	प्रतिशत	उत्पादन	प्रतिशत	(प्रतिशत)
कृषि, सिंचाइ र वन	११,११६.३	४१.७	१३५२४.७	३७.९	४.०
गैरकृषि	१५,५६६.१	५८.३	२२१८८.८	६२.१	७.३
उद्योग[1]	२,५८७.०	९.७	३९९८.७	११.२	९.१
विद्युत, ग्यॉस तथा पानी	३९६.८	१.५	६५०.७	१.८	१०.४
निर्माण	२,६५८.६	१०.०	३५४१.१	९.९	५.९
व्यापार, होटल तथा रेष्टुराँ	२,९९८.५	११.२	४२८४.७	१२.०	७.४
यातायात तथा सञ्चार	१,८०१.९	६.८	२७३४.५	७.७	८.७
वित्त तथा घरजग्गा	२,६८६.७	१०.१	३५६१.६	१०.०	५.८
सामाजिक सेवा	२,४३६.६	९.१	३४१७.५	९.६	७.०
कुल गार्हस्थ्य उत्पादन (फ्याक्टर कष्टमा)	२६,६८२.४	१००.०	३५७१३.५	१००.०	६.०

[1] *भूगर्भ तथा खानी पनि समावेश छ ।*

३. कुल लगानी, विकास खर्च र क्षेत्रगत बाँडफाँट

नवौं योजनाले गरिबी-निवारणलाई नै योजनाको प्रमुख उद्देश्य लिएको सन्दर्भमा सो उद्देश्य प्राप्तिका लागि गरिबी अधिकतम केन्द्रीकृत रहेको ग्रामीण तथा कृषिक्षेत्रका साथै गरिबीसँग सम्बन्धित अशिक्षा र रोगको निवारणतर्फ यस योजनाले प्राथमिकता दिएको छ। तसर्थ, नवौं योजनावधिमा आठौं योजनाको तुलनामा कृषि, सिंचाइ र वन तथा सामाजिक क्षेत्रमा कुल लगानीको अंशमा वृद्धि गरिएको छ। उद्योग तथा खानी, वित्त तथा घरजग्गा र यातायात तथा सञ्चार क्षेत्रहरूमा कुल लगानीका अंशमा केही कम गरिएको छ। यी क्षेत्रहरूमा लगानीका अंशमा कमी हुनुमा नवौं योजनामा यी क्षेत्रहरूमा सीमान्त पुँजीउत्पादन अनुपातमा आउने सुधारलाई मुख्यरूपमा लिन सकिन्छ। परियोजना छनौटमा वैज्ञानिकता, विकास प्रशासनमा सुधार, साधन-स्रोतको चुहावटमा नियन्त्रण, व्यवस्थापन विकास तथा श्रमप्रधान (labour intensive) उद्योग व्यवसायको विकासमा प्राथमिकतामार्फत् सीमान्त पुँजी लगानी/उत्पादन अनुपातमा नवौं योजनामा सुधार हुने अपेक्षा गरिएको छ।

समग्र सीमान्त पूँजी/उत्पादन अनुपात आठौं योजनाको प्रक्षेपित ४.३:१ मा सुधार भई नवौं योजनामा ४.१:१ रहने र विभिन्न क्षेत्रगत सीमान्त पुँजी उत्पादन अनुपातमा पनि परिवर्तन ल्याउन सकिने अनुमानका आधारमा आठौं योजनाको तुलनामा नवौं योजना अवधिमा केही क्षेत्रहरूको लगानीको वृद्धिदरमा परिवर्तन गरिएको छ। उद्योग, यातायात तथा सञ्चारक्षेत्र आदिमा पहिलेको तुलनामा कम लगानीबाट बढी उत्पादन हासिल गर्न सकिने देखिएको आधारमा यी क्षेत्रहरूको लगानीको वृद्धिदर निर्धारण गरिएको छ। सामाजिक क्षेत्रमा पनि सीमान्त-पूँजी/उत्पादन अनुपात घट्ने स्थिति रहेकाले सोअनुसार लगानीको अंश आठौं योजनाको तुलनामा केही कम हुने गरी निर्धारण गरिएको छ।

नवौं योजनाको आर्थिक वृद्धिदर ६.० प्रतिशत र सीमान्त पुँजीउत्पादन अनुपात ४.१:१ रहने अनुमानका आधारमा योजनावधिको कुल स्थिर पुँजीलगानी २०५३/५४ को मूल्यमा रु. ३७२,७१.१ करोड हुनुपर्ने अनुमान गरिएको छ। यो कुल लगानीमा कृषि, सिंचाइ तथा वनक्षेत्रको अंश १६.८० प्रतिशत र विद्युत् क्षेत्रको अंश १९.०९ प्रतिशत रहनेछ। त्यस्तै वित्त तथा घरजग्गाको अंश १६.४३ प्रतिशत, सामाजिक सेवाको अंश १७.११ प्रतिशत, यातायात तथा सञ्चारक्षेत्रको अंश १३.०१ प्रतिशत, उद्योग तथा खानीको अंश ९.४७ प्रतिशत, व्यापार, होटल तथा रेष्टुराँको अंश ६.२१ प्रतिशत र निर्माणक्षेत्रको अंश १.८९ प्रतिशत रहने अनुमान छ। (तालिका २)

तालिका २
नवौं योजनामा हुने कुल र क्षेत्रगत स्थिर पुँजी लगानी
(२०५३/५४ को स्थिर मूल्यमा)

क्षेत्रहरू	रकम (रू. करोडमा)	प्रतिशत	सीमान्त पूँजी-उत्पादन अनुपात
कृषि, सिंचाइ र वन	६२६१.८	१६.८०	२.६
उद्योग[1]	३५२९.३	९.४७	२.५
विद्युत, ग्यास तथा पानी	७१०९.२	१९.०७	२८.०
अन्य निर्माण	७०६.०	१.८९	०.८
व्यापार, होटल तथा रेष्टुराँ	२३१५.२	६.२१	१.८
यातायात तथा सञ्चार	४८४९.५	१३.०१	५.२
वित्त तथा घर-जग्गा	६१२४.२	१६.४३	७.०
सामाजिक सेवा	६३७५.८	१७.११	६.५
कुल स्थिर पूँजी निर्माण	३७२७१.१	१००.००	४.१

[1] *भूगर्भ तथा खानी पनि समावेश छ ।*

नवौं योजनावधिमा २०५३/५४ को मूल्यमा हुने कुल रु. ३७२७१.१ करोडको स्थिर पुँजीलगानीमध्ये रु. १२५१६.१ करोड (३३.६ प्रतिशत) सरकारी क्षेत्रबाट र रु. २४७५५.० करोड (६६.४ प्रतिशत) निजी क्षेत्रबाट लगानी हुने अनुमान गरिएको छ । नवौं योजनामा कृषिको दीर्घकालीन योजना कार्यान्वयन तथा मानवीय संसाधन तथा सामाजिक विकास एवं गरिबी-निवारणका लागि सरकारीक्षेत्रबाट गर्नुपर्ने उच्च लगानीका आधारमा योजनावधिमा कुल लगानीमा सरकारीक्षेत्रको अंश एकतिहाइभन्दा केही बढी रहन पुगेको छ । नवौं योजनाको लगानीको आवश्यकता पूरा गर्न आठौं योजनाको अन्तिम वर्षको कुल स्थिर पुँजीलगानीको तुलनामा वार्षिक ६.१ प्रतिशतले लगानी वृद्धि गर्नुपर्नेछ (तालिका ३) ।

तालिका ३
नवौं योजनामा हुने निजी तथा सरकारी क्षेत्रको क्षेत्रगत स्थिर पुँजी लगानी
(२०५३/५४ को स्थिर मूल्यमा)

(रू. करोडमा)

क्षेत्रहरू	निजी क्षेत्र[1]		सरकारी क्षेत्र		जम्मा	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
कृषि, सिंचाइ र वन	३८१९.७	१५.४३	२४४२.१	१९.५१	६२६१.८	१६.८०
उद्योग[2]	३४२३.४	१३.८३	१०५.९	०.८५	३५२९.३	९.४७
विद्युत्, ग्यास तथा पानी	४०५२.२	१६.३७	३०५७.०	२४.४२	७१०९.२	१९.०७
अन्य निर्माण	७०६.०	२.८५	०.०	०.००	७०६.०	१.८९
व्यापार, होटल तथा रेष्टुराँ	२१७६.३	८.७९	१३८.९	१.११	२३१५.२	६.२१
यातायात तथा सञ्चार	२१८२.३	८.८२	२६६७.२	२१.३१	४८४९.५	१३.०१
वित्त तथा घर-जग्गा	६०९९.८	२४.६४	२४.५	०.२०	६१२४.३	१६.४३
सामाजिक सेवा	२२९५.३	९.२७	४०८०.५	३२.६०	६३७५.८	१७.११
जम्मा	२४७५५.०	१००.००	१२५१६.१	१००.००	३७२७१.१	१००.००

[1] *यसमा सार्वजनिक संस्थानहरूबाट हुने लगानी पनि समावेश छ ।*

[2] *भूगर्भ तथा खानी पनि समावेश छ ।*

नवौं योजनामा सरकारीक्षेत्रबाट गरिने रु.१२५१६.१ करोडको स्थिर पुँजीलगानीका लागि २०५३/५४ को मूल्यमा रु. १८९५८.० करोड कुल विकास खर्च गर्नुपर्नेछ । आठौं योजनाको कुल विकास खर्चको तुलनामा यो कुल विकास खर्च ४६.३२ प्रतिशतले बढी छ । कुल विकासखर्चमध्ये सबैभन्दा बढी सामाजिक सेवामा ३३.३० प्रतिशत र त्यसपछि क्रमशः कृषि, सिंचाइ र वनमा २७.०५ प्रतिशत, विद्युत्मा १८.७० प्रतिशत र यातायात तथा सञ्चारमा १७.५९ प्रतिशत विकासखर्चको अंश रहनेछ । त्यस्तै व्यापार तथा पर्यटनमा १.५४ प्रतिशत र उद्योग तथा खानीमा ०.८४ प्रतिशत र विविधमा ०.८५ प्रतिशत अंश खर्च हुनेछ । विकासखर्च र स्थिर पुँजीलगानीबीचको अनुपातमा क्षेत्रगत भिन्नता रहेकाले विकासखर्चको क्षेत्रगत बाँडफाँट र सरकारी क्षेत्रबाट हुने लगानीका क्षेत्रगत अंश फरक-फरक रहेका छन् । (तालिका ४)

नवौं योजनामा हुने कुल विकास खर्चको विस्तृत क्षेत्रगत बाँडफाँट तालिका ५ मा दिइएको छ ।

तालिका ४
कुल विकास खर्चको क्षेत्रगत बाँडफाँट
(२०५३/५४ को स्थिर मूल्यमा)

(रू. करोडमा)

क्षेत्रहरू	आठौं योजना		नवौं योजना	
	रकम	प्रतिशत	रकम	प्रतिशत
कृषि, सिंचाइ र वन	**३३९७.७५**	**२६.२२**	**५१२८.४**	**२७.०५**
गैरकृषि	**९५५८.७०**	**७३.७८**	**१३८२९.६**	**७२.९५**
उद्योग[1]	३२३.७१	२.५०	१५८.८	०.८४
विद्युत्, ग्यास तथा पानी	१६२९.३३	१२.५८	३५४६.१	१८.७०
व्यापार, होटल तथा रेष्टुराँ	१३२.९०	१.०३	२९१.७	१.५४
यातायात तथा सञ्चार	२८२३.४१	२१.७९	३३३४.०	१७.५९
वित्त तथा घर-जग्गा	-	-	२५.०	०.१३
सामाजिक सेवा	४३१२.६७	३३.२८	६३१३.८	३३.३०
विविध[2]	३३६.६८	२.६०	१६०.२	०.८५
जम्मा	**१२९५६.४५**	**१००.००**	**१८९५८.०**	**१००.००**

[1] *भूगर्भ तथा खानी पनि समावेश छ ।*

[2] *प्रशासन सुधार, योजना, तथ्याङ्क, आपूर्ति तथा अन्य एवं भैपरी खर्च समावेश छ ।*

तालिका ५
नवौं योजनाको लक्षित कुल विकास खर्चको विस्तृत क्षेत्रगत बाँडफाँट
(२०५३/५४ को स्थीर मूल्यमा)

(रु.करोडमा)

क्रम संख्या	विवरण	रकम रु.	अंश (प्रतिशतमा)
१	**संवैधानिक अंगहरु**	१.२०	०.०१
२	**साधारण प्रशासन**	४४.००	०.२३
क	सामान्य प्रशासन	७.००	०.०४
ख	राजस्व तथा आर्थिक प्रशासन	१२.००	०.०६
ग	योजना र तथ्यांक	२५.००	०.१३
३	**सामाजिक सेवाहरु**	६३१३.८०	३३.३०
क	शिक्षा	१४४०.५०	७.६०
ख	स्वास्थ्य	१३८०.००	७.२८
ग	खानेपानी	११९०.२०	६.२८
घ	स्थानीय विकास	१८८९.१०	९.९६
ङ	अन्य सामाजिक सेवाहरु	४१४.००	२.१८
अ	जनसंख्या तथा वातावरण	१४.००	०.०७
आ	महिला तथा समाज कल्याण	१२.००	०.०६
इ	युवा, खेलकुद तथा संस्कृति	२०१.००	१.०६
ई	आवास	१७५.००	०.९२
उ	अन्य①	१२.००	०.०६
४	**आर्थिक सेवाहरु**	१२५९९.००	६६.४६
क	कृषि	२१५१.७४	११.३५
ख	सिंचाइ	२५४०.४५	१३.४०
ग	भूमि सुधार र नापी	१८९.७६	१.००
अ	भूमिसुधार	६०.००	०.३२
आ	नापी	१२९.७६	०.६८
घ	वन तथा भू-संरक्षण	२४६.४५	१.३०
ङ	उद्योग	१५८.८०	०.८४
च	यातायात तथा सञ्चार	३३३४.००	१७.५९
अ	यातायात	२५१६.००	१३.२७
आ	नागरिक उड्डयन (हवाई यातायात)	४२८.००	२.२६
इ	संचार	३९०.००	२.०६
छ	विद्युत् तथा अन्य ऊर्जा	३५०६.००	१८.४९
ज	अन्य आर्थिक सेवाहरु	४७१.८०	२.४९
अ	पर्यटन	१७०.७०	०.९०
आ	विज्ञान तथा प्रविधि (हावापानी समेत)	४०.१०	०.२१
इ	आपूर्ति	११५.००	०.६१
ई	वाणिज्य	९०.००	०.४७
उ	श्रम	३१.००	०.१६
ऊ	अन्य②	२५.००	०.१३
	कुल विकास खर्च	**१८९५८.००**	**१००.००**

① *गृह मन्त्रालय अन्तर्गतको लागु औषध नियन्त्रण आयोजना समेत ।*

② *अर्थ मन्त्रालयबाट वित्तीय क्षेत्रमा लगानी हुने रकम समाविष्ट ।*

४. लगानी र विकास खर्च व्यहोर्ने स्रोतहरू

नवौं योजनामा कुल स्थिर पुँजीलगानी रु. ३७२७१.१ करोडमध्ये रु. २६११६.५ करोड (७०.१ प्रतिशत) राष्ट्रिय बचतबाट बेहोरिने र बाँकी रु. ११११५४.६ करोड (२९.९ प्रतिशत) वैदेशिक सहायताबाट बेहोरिनेछ। वैदेशिक सहायतामध्ये रु. ३२५९.५ करोड वैदेशिक अनुदानबाट र रु. ७८९५.१ करोड वैदेशिक ऋणबाट बेहोरिनेछ (तालिका ६)। विगतका योजनाहरूमा कुल विकासखर्चमा विदेशी सहायताको अंश उच्च रहेको र सो सहायतामा ऋणको अंश बढ्दै गएकाले विदेशी ऋणको बोझ बढ्दै गएको छ। सो ऋणको सावाँ ब्याज भुक्तानीमा पनि बजेटको ठूलो हिस्सा विनियोजन गर्नु परिरहेको छ। यस पृष्ठभूमिमा चालु नवौं योजनाकालदेखि कुल स्थिर पुँजीलगानीमा विदेशी ऋणको अनुपात घटाउँदै लैजाने नीति अवलम्बन गरिएको छ। तसर्थ आठौं योजनामा कुल विकासखर्चको ६५ प्रतिशत वैदेशिक सहायताबाट बेहोरिने अनुमान रहेकोमा नवौं योजनामा ५८.८ प्रतिशत मात्र विदेशी सहायताबाट बेहोरिने लक्ष्य लिइएको छ।

तालिका ६
नवौं योजनामा हुने स्थिर पुँजी लगानी र विकासखर्चका स्रोतहरू
(२०५३।५४ को स्थिर मूल्यमा)

(रू. करोडमा)

	रकम	प्रतिशत
कुल स्थिर पूँजी निर्माण	३७२७१.१	१००
निजी क्षेत्र	२४७५५.०	
सरकारी क्षेत्र	१२५१६.१	
कुल साधन	३७२७१.१	
(क) राष्ट्रिय बचत	२६११६.५	७०.०७
निजी क्षेत्रको बचत	२६२४५.४	७०.४२
सरकारी क्षेत्रको बचत	-१२८.९	-०.३५
(ख) वैदेशिक सहायता	११११५४.६	२९.९३
साधारण खर्च	१४७७१.०	
विकास खर्च	१८९५८.०	१००.०
राजस्व	२१०८४.०	
राजस्व बचत	६३१३.०	३३.३
वैदेशिक सहायता	११११५४.६	५८.८
अनुदान	३२५९.५	१७.२
ऋण	७८९५.१	४१.६
आन्तरिक ऋण	१४९०.४	७.९
बैंकिङ्ग क्षेत्र	५९६.२	३.१
गैर-बैंकिङ्ग क्षेत्र	८९४.२	४.७

नोट : सरकारी क्षेत्रको स्थिर पुँजीनिर्माण कुल विकास खर्चको ६६.० प्रतिशत हुने अनुमान गरिएको छ।

कुल स्थिर पुँजीलगानीमा रु. २६२४५.४ करोड (७०.४ प्रतिशत) निजी क्षेत्रको बचतबाट बेहोरिनेछ भने रु. १२८.९ करोड (०.३५ प्रतिशत) सरकारी क्षेत्रको ऋणात्मक बचत हुनेछ। आठौं योजनाको तुलनामा सरकारी क्षेत्रको ऋणात्मक बचतमा कमी हुने अनुमानको मुख्य आधार नवौं योजनामा सरकारी क्षेत्रको उपभोग वृद्धिमा हुने नियन्त्रण र उच्च आर्थिक वृद्धिदरबाट राजस्वमा हुने वृद्धिलाई लिइएको छ। सरकारी लगानी र सरकारी ऋणात्मक बचतबीचको फरकलाई विदेशी सहायता र आन्तरिक ऋणबाट बेहोरिनेछ। योजनावधिमा रु. १४९०.४ करोड बराबर आन्तरिक ऋण परिचालन गरिनेछ। यसमध्ये आन्तरिक ऋणको ६०.० प्रतिशत निजी क्षेत्रको बचतबाट परिचालन गरिनेछ भने बाँकी ४०.० प्रतिशत बैंकिङ्ग क्षेत्रबाट जुटाइनेछ। उच्च आर्थिक वृद्धिदरबाट निजी क्षेत्रमा बचत वृद्धि हुने हुनाले सरकारले न्यून वित्तको ठूलो अंश गैर बैंकिङ्गक्षेत्रबाट साधन परिचालन गरी पूर्ति गर्न सक्ने अनुमान छ।

नवौं योजनावधिमा हुने कुल विकास खर्च रु. १८९५८.० करोडमध्ये रु. ६३१३.० करोड (३३.३ प्रतिशत) राजस्व बचतबाट बेहोरिनेछ। बाँकी खर्चमध्ये रु. १११५४.८ करोड (५८.८ प्रतिशत) वैदेशिक सहायताबाट र रु. १४९०.४ करोड (७.९ प्रतिशत) आन्तरिक ऋणबाट बेहोरिनेछ। वैदेशिक सहायतामध्ये वैदेशिक अनुदानबाट रु. ३२५९.५ करोड (२९.२२ प्रतिशत) र वैदेशिक ऋणबाट रु. ७८९५.१ करोड (७०.७८ प्रतिशत) बेहोरिनेछ। यसप्रकार नवौं योजनाको विकास खर्चमा राजस्व बचतको योगदान बढ्ने कारणले आठौं योजनाको तुलनामा विदेशी सहायता तथा आन्तरिक ऋणमाथिको निर्भरतामा कमी आउने अनुमान गरिएको छ। (तालिका ६)

५. कुल लगानी र विकास खर्चबाट नवौं योजनावधिमा समग्र अर्थतन्त्रमा पर्ने प्रभाव

नवौं योजनामा राजस्व परिचालनमा दिइने प्राथमिकता, साधनको बढी हिस्सा दक्ष र उत्पादनशील क्षेत्रमा हुने प्रयोग, बढी प्रतिफल दिने उपयुक्त आयोजनाहरूको छनौट तथा लगानीको क्षेत्रगत बाँडफाँटबाट हुने उच्च आर्थिक वृद्धिदरले आय र रोजगारीको अवसरमा वृद्धि भई जनताको बचत गर्ने र कर तिर्ने क्षमतामा पनि वृद्धि हुनेछ, जसले कुल गार्हस्थ्य बचत दरमा वृद्धि गर्न सघाउ पुऱ्याउनेछ।

आ.व. २०५३/५४ मा कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत र राष्ट्रिय बचतको अंश क्रमशः १२.३५ र १४.३९ प्रतिशत रहने अनुमानको तुलनामा नवौं योजनाको अन्तिम वर्ष आ.व. २०५८/५९ मा गार्हस्थ्य बचत र राष्ट्रिय बचतको अंश क्रमशः १४.१० र १६.०८ प्रतिशत पुग्ने अनुमान छ।

आ.व. २०५३/५४ मा कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको आयातको अंश ३८.७७ प्रतिशत रहेकोमा यसमा केही वृद्धि भई आ.व. २०५८/५९ मा ४२.६५ प्रतिशत पुग्ने अनुमान छ। त्यस्तै वस्तु तथा सेवाको निर्यात आ.व. २०५३/५४ को अंश २६.४० प्रतिशतबाट आ.व. २०५८/५९ मा ३२.४८ प्रतिशत पुग्ने अनुमान गरिएको छ। चालु खाता घाटा (ट्रान्सफर र अनुदानबाहेक) आ.व. २०५३/५४ मा कुल गार्हस्थ्य उत्पादनको १०.७ प्रतिशत रहने अनुमानको तुलनामा आ.व. २०५८/५९ मा ८.५ प्रतिशतमा झर्ने अनुमान छ (तालिका ७)।

तालिका ७
प्रमुख समष्टिगत आर्थिक परिसूचकहरू
(२०५३/५४ को स्थिर मूल्यमा)

(रू. करोडमा)

	२०५३/५४	२०५८/५९	वार्षिक बृद्धिदर (प्रतिशत)
कुल गार्हस्थ्य उत्पादन (उत्पादन मूल्यमा)	२७९१३.५	३८२०४.५	६.५
कुल गार्हस्थ्य उत्पादन (फ्याक्टर कष्टमा)	२६६८२.४	३५७१३.५	६.०
कुल उपभोग	२४४६५.०	३२८१९.५	६.१
गार्हस्थ्य बचत①	३४४८.५	५३८५.०	९.३
राष्ट्रिय बचत	४०१५.५	६१३५.२	८.८
कुल लगानी	६९०१.४	९२६५.६	६.१
स्थिर पुँजीनिर्माण	६५६२.३	८८०५.४	६.१
मौज्दातमा परिवर्तन	३३९.१	४६०.२	६.३
वस्तु र सेवाको आयात	१०८२२.६	१६२९५.४	८.५
वस्तु र सेवाको निर्यात	७३६९.७	१२४०९.७	११.०
खूद फ्याक्टर आय	४६६.१	६४०.२	६.६
चालू खाता रकम (ट्रान्सफर र अनुदानबाहेक)	-२९८६.८	-३२४५.५	१.७
मुद्राप्रदाय (M_1)	३८४६.०	७०८६.१	१३.०
उपभोक्ता मूल्यसूची	१००.०	१३७.०	६.५

① *राष्ट्रिय लेखा तथ्याङ्क मार्फत् प्रस्तुत गरिने बचत तथा लगानीका तथ्याङ्कहरूमा विभिन्न कारणहरूले गर्दा केही कमी कमजोरी रहन गएका छन्, यसलाई नवौं योजनावधिमा प्राथमिकताका साथ परिमार्जन गरिनेछ। यस तालिकाका अंकहरु प्रारम्भिक अनुमानका आधारका हुन्। संशोधित अनुमानसंग यी अंकहरु केही फरक हुन सक्तछन्।*

सरकारी क्षेत्रले बैंकिङ्ग प्रणालीबाट बढी कर्जा उपयोग नगर्ने हुनाले मुद्राप्रदायलाई नियन्त्रण गरी मूल्य स्थिरता र शोधनान्तर बचत हासिल गर्न मद्दत मिल्नेछ। सरकारी वित्त सन्तुलनबाट नवौं योजनावधिमा मुद्राप्रदाय (एम १) को बृद्धिदरलाई १३.० प्रतिशतमा कायम राख्न सकिनेछ। यसबाट निजी क्षेत्रको आर्थिक क्रियाकलापलाई अघि बढाउन पर्याप्त कर्जाको व्यवस्था हुनुका साथै मुद्रास्फीति दरलाई वार्षिक ६.५ प्रतिशतमा कायम राख्न मद्दत मिल्नेछ। मुद्रास्फीतिमा हुने नियन्त्रणले निजी क्षेत्रलाई बचत गर्न मद्दत मिल्नेछ भने कम मूल्य बृद्धिबाट यथार्थ विनिमयदर कायम भई योजनाले लक्ष्य गरेको वस्तु र सेवाको निर्यात बृद्धि गर्न सहयोग पुग्नेछ।

त्यस्तै उच्च आर्थिक बृद्धिदर र न्यून मूल्य बृद्धिदरले लगानीका लागि उपयुक्त वातावरण सिर्जना भई लगानी प्रोत्साहित हुनेछ भने कम मूल्य बृद्धिदरले आयको वितरणलाई अरू असमान हुन नदिई योजनाको गरिबी-निवारणको उद्देश्यमा सघाउ पुग्नेछ ।

आठौं योजनाको अन्तिम वर्षमा नेपालको जनसंख्या २ करोड ११ लाख पुगेको अनुमान गरिएको छ । यसमध्ये १५-६४ वर्ष उमेर समूहका करीब १ करोड १६ लाख आर्थिक रूपले क्रियाशील (economically active) रहेका र तीमध्ये नेपाल जीवनस्तर सर्भेक्षणलाई आधार मान्दा ४.९ प्रतिशत अर्थात करीब ६ लाख श्रमशक्ति बेरोजगार रहेको अनुमान गरिएको छ ।

देशको बेरोजगारीको प्रतिशत कम देखिए तापनि अर्द्धबेरोजगारी ४७ प्रतिशतभन्दा बढी भएको तथा शहरी क्षेत्रको बेरोजगारी १२.२ प्रतिशत देखिएको छ । ग्रामीण क्षेत्रमा रहेको अर्द्धबेरोजगारीको स्थिति तथा शहरी क्षेत्रमा विद्यमान बेरोजगारीलाई ध्यानमा राख्दा नवौं योजनामा रोजगारीका अवसरहरू बृद्धि गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

नवौं योजनामा वार्षिक औसत ६.० प्रतिशतले कुल गार्हस्थ्य उत्पादन बृद्धि हुने अनुमानको आधारमा योजना अवधिमा वार्षिक करीब २.९ प्रतिशतका दरले रोजगारीका अवसर उपलब्ध हुनेछ । नवौं योजना अवधिमा आर्थिक बृद्धिका कारणले करीब १७ लाख तथा विशेष कार्यक्रमहरूबाट थप करीब ४ लाख थप श्रमशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध हुनेछ । यसबाट नवौं योजनाको अन्तिम वर्षमा बेरोजगारी र अर्द्धबेरोजगारीको अंशमा कमी आई क्रमशः ४ र ३५ प्रतिशत पुग्ने अनुमान छ ।

ग्रामीण क्षेत्रमा खासगरी दीर्घकालीन कृषि विकास आयोजनाको कार्यान्वयनबाट रोजगारीका अवसरहरूमा बृद्धि हुने, लघु ऋणको प्रवाह बढ्ने, स-साना घरेलु र सेवा उद्योगको विस्तार हुने, सीप विकाससम्बन्धी तालिम कार्यक्रममा बृद्धि हुने तथा सरकारी क्षेत्रबाट ग्रामीण क्षेत्रमा संचालन हुने निर्माण कार्यलाई श्रममूलक बनाई बेरोजगारी तथा अर्द्धबेरोजगारी समस्या कम गरिनेछ । शहरी क्षेत्रको बेरोजगारी गैर-कृषि क्षेत्रको विस्तारित क्रियाकलाप तथा सीप विकाससम्बन्धी विस्तृत कार्यक्रमबाट कम गरिने नीति रहेको छ । यी कार्यक्रमहरूबाट श्रमको उत्पादकत्व तथा आयस्तरमा बृद्धि भई गरिबी निवारणमा ठूलो मद्दत पुग्न जानेछ ।

यसैगरी नेपाल जीवनस्तर सर्वेक्षण अनुसार आ.व. २०५२/५३ मा कुल जनसंख्याको ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान छ । आर्थिक बृद्धिदर तथा गरिबी निवारणका लागि क्षेत्रगत र अन्य विशेष कार्यक्रमहरूको कार्यान्वयनबाट नवौं योजनाको अन्त्यसम्म गरिबीको रेखामुनिको जनसंख्यालाई ३२ प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ ।

परिच्छेद ५

समष्टिगत आर्थिक नीति

५.१ आर्थिक साधन परिचालन

१. पृष्ठभूमि

गरिबी निवारण गर्ने नवौं योजनाको सर्वोपरि उद्देश्य हासिल गर्न पुग्दो आर्थिक साधन परिचालनका लागि विशेष जोड दिनु आवश्यक छ। कृषि, जलस्रोत, विद्युत्, मानव संसाधन र सामाजिक, औद्योगिक र पर्यटन एवं भौतिक पूर्वाधार विकास जस्ता प्राथमिकताहरुतर्फ आवश्यक लगानी प्रवाह गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्नु आवश्यक छ। दिगो आन्तरिक स्रोत परिचालन गरी विदेशी ऋणमाथिको निर्भरतालाई वाञ्छित सीमाभित्र राख्न तथा उपलब्ध स्रोतको महत्तम (optimum) उपयोग गरी गार्हस्थ्य बचतदरमा वृद्धि ल्याउन र निजीक्षेत्रको लगानीमा अभिवृद्धि गर्न उपयुक्त नीतिको तर्जुमा गरिनु आवश्यक छ।

उदारीकरण, विश्वव्यापीकरण (globalisation), क्षेत्रीयकरण जस्ता अर्थतन्त्रमा आएका परिवर्तनहरुबाट सिर्जित सम्भाव्यता र समस्या दुबै पक्षबीच उपयुक्त र दिगो सन्तुलन कायम गर्न बजार अर्थतन्त्र विकसित गर्ने, सरकारी अनुदानमा कटौती गरी लक्षित समूहलाई सीधा सहयोग गर्ने प्रवन्ध मिलाउने तथा द्वैध-अर्थतन्त्रको विविध पक्षबीच अन्तरसम्बन्ध विकसित गरी अधिकतम अवसरहरुको खोजी गर्ने नीति अवलम्बन गर्नु अपरिहार्य भएको छ।

नेपाल जस्तो विकासोन्मुख देशमा महत्वाकांक्षी आर्थिक विकासदर हासिल गर्ने उद्देश्य नराखी उच्चतर दिगो आर्थिक विकासदर प्राप्त गर्न पनि कुल गार्हस्थ उत्पादनको २२/२३ प्रतिशत वार्षिक लगानी गर्नु परेको छ। यस्तो लगानीको स्रोतलाई अवलोकन गर्दा कुल गार्हस्थ्य बचतले मात्र पूरा गर्न नसकी वाह्य स्रोत परिचालन र त्यस मध्ये पनि ऋणको भार क्रमशः बढ्दै गएको छ।

२. आठौं योजनाको समीक्षा

गार्हस्थ्य बचत :

आठौं योजनामा कुल गार्हस्थ्य उत्पादनको १२.५ प्रतिशत गार्हस्थ्य बचत र १५ प्रतिशत राष्ट्रिय बचत हुने अनुमान गरिएकोमा आ.व. २०५३।५४ मा यो अनुपात क्रमशः १२.६ प्रतिशत तथा १४.८ प्रतिशत रहेको अनुमान छ। भारत र अन्य दक्षिण एसियाली मुलुकहरुको तुलनामा नेपालको गार्हस्थ्य बचत ज्यादै कम छ। योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा कुल लगानी २१.२ प्रतिशतबाट बढी आ.व. २०५३।५४ मा २५.१ प्रतिशत पुग्न गएको छ।

निजी बैकिंग क्षेत्रको बचत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आर्थिक वर्ष २०४८।४९ मा ३.२ प्रतिशत भएकोमा आ.व. २०५३।५४ मा ३.३ प्रतिशत मात्र रहन गएको छ । यसको मुख्य कारण आर्थिक वर्ष २०४९।५० मा सुरु भएको आर्थिक खुलापन, नयाँ औद्योगिक व्यवसाय ऐन तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन अन्तर्गत बिमा तथा वित्त कम्पनीहरुको स्थापना र चालू खाता परिवर्त्यबाट बचत र लगानीका थप अवसर उपलब्ध भएको कारण बैंक निक्षेपमा ठूलो वृद्धि नदेखिएको हो ।

२०५४ असार मसान्तसम्म देशमा ११ वाणिज्य बैंक, २ बिकास बैंक, ५ ग्रामीण विकास बैंक, ४१ वित्त कम्पनी, १९ सहकारी संस्था र २६ गैरसरकारी संस्था कार्यरत थिए । वित्तीय बचतको विभिन्न औजारमध्ये बैंक बचत (चल्ती, बचत, मुद्दती) जीवन बिमा, नागरिक लगानीकोष बचत, संचयकोष बचत आदि मुख्य हुन् । हालसम्म चलन चल्तीमा रहेका नगद मुद्रा अधिकांश ७० प्रतिशतभन्दा बढी नै) निजीक्षेत्रमा अर्थात् बिनाव्याज चलनचल्तीमा रहेको छ । यस्तो बिनाव्याज चलनचल्तीमा रहेको मुद्रालाई संस्थागत रुपमा परिणत गर्न सके बैकिंग क्षेत्रको कर्जा लगानीलाई प्रभावकारी बनाउन सकिने देखिन्छ ।

अन्य बचत उपकरण :

अन्य बचत उपकरणहरुमध्ये जीवन बिमा शुल्कको वार्षिक वृद्धिदर राम्रै देखिए तापनि संकलन वृद्धि भने त्यति सन्तोषजनक देखिदैन । कर्मचारी संचयकोषतर्फ भने कर्मचारीको संख्या, तलवमान आदिले संचितकोषमा प्रभाव पार्ने हुँदा कुल गार्हस्थ्य उत्पादनको तुलनामा संचितकोष प्रतिशतमा आर्थिक वर्ष २०४८।४९ देखि कमी हुँदै आएको छ ।

नागरिक लगानीकोषतर्फ भने आर्थिक वर्ष २०४७।४८ मा अनिवार्य गरिए पनि पछि स्वैक्षिक गरिएको र हाल कर्मचारीका अतिरिक्त सर्वसाधारणले पनि भाग लिनसक्ने गरी म्युचुयल फण्डको रुपमा नागरिक लगानी योजना २०४२ प्रारम्भ गरिएको छ । यस नागरिक लगानीकोषमा २०५२ चैतसम्म कुल बचत रकम रु. ५ करोड ६२ लाख पुगेको छ । हाल कोष प्रारम्भिक अवस्थामै रहेको हुँदा भविष्यमा यसको दायरा फराकिलो हुन गइ बचत संकलनमा क्रमश वृद्धि हुँदै जाने आशा गर्न सकिन्छ ।

राजस्व परिचालन :

आन्तरिक साधन परिचालनले बढ्दो सरकारी खर्चलाई धान्न, लगानीदरमा वृद्धि ल्याउन र वैदेशिक सहायताको अधिकतम उपयोग गर्न महत्वपूर्ण सहयोग पुऱ्याउँछ । यसै परिप्रेक्ष्यमा आठौं योजनामा कर प्रणालीको ढाँचामा वाञ्छित परिवर्तन गर्ने, मूल्य अभिवृद्धि कर लागू गर्ने, भन्सार दरबन्दीलाई क्रमशः कम गर्दै लगी यसमा एकरुपता ल्याउने, अन्तःशुल्कलाई क्रमशः हटाउँदै लैजाने, आयकरलाई बढी सरल र व्यापक बनाउने तथा राजस्व प्रशासनलाई अझ सक्षम र चुस्त बनाउने जस्ता नीतिहरु लिइएको थियो । त्यस्तै वैदेशिक सहायताको हकमा यसको अधिकतम उपयोगमाथि जोड दिदै विशेषतः प्रत्यक्ष उत्पादनमूलक कार्यक्रमका लागि मात्र वैदेशिक ऋण लिई अरु कार्यक्रमका लागि अनुदान परिचालन गर्ने उद्देश्य राखिएको थियो ।

कर प्रणालीको ढाँचामा वाञ्छित परिवर्तन गर्न र राजस्व प्रशासनलाई अरु सक्षम र चुस्त बनाउने प्रयासस्वरुप यस अवधिमा राजस्व समूहको गठन गर्ने कार्य भयो । पैठारीका दरहरुमा एकरुपता कायम गर्न यसलाई पाँच दरमा सीमित गरिएको छ । मूल्य अभिवृद्धिकर लागू गर्ने सम्बन्धमा यस अवधिमा विधेयक पारित हुनाका साथै यस करको बारेमा प्रचार-प्रसार र गोष्ठीहरु सन्चालन गरी लागू गर्ने तयारीकार्यहरु गरिएका थिए । आयकरलाई बढी सरल एवं व्यापक वनाउन आयकर दाताहरुको संख्या बढाउने, स्वयं कर निर्धारण गर्ने र अग्रिम रुपमा आयकर कट्टी गर्ने व्यवस्था गरिएको थियो । यस्तै आयकर ऐनमा आठौं संशोधन गरिएको, आयकरको अधिकतम करदर घटाइएको र स्रोतमा आयकर कट्टी गर्ने दरहरु निर्दिष्ट गरिएको थियो । पारिश्रमिकको खुद आय कायम गर्दा दिइने विभिन्न प्रकारका छुटहरु खारेज गरिएको वा कमी गरिएको थियो । यसै अवधिमा कर्पोरेट आयकरको संरचनामा सुधार ल्याउन सरकार प्रयत्नशील रहेको थियो ।

राजस्व व्यवस्थापनमा विभिन्न सुधार गरिएको भए तापनि आठौं योजनामा राजस्व परिचालनको प्रगति लक्ष्यभन्दा कम रहन गयो । कुल गार्हस्थ्य उत्पादनको १३.४ प्रतिशतले राजस्व परिचालन गर्ने लक्ष्य राखिएकोमा आ.व. २०५३।५४ यसको अनुपात १०.९ प्रतिशत मात्र रह्यो । कर राजस्व ८.८ प्रतिशत तथा गैरकर राजस्व २.१ प्रतिशत रहेको देखियो । आर्थिक वर्ष २०४८।४९ (कुल राजस्व १०.२ प्रतिशत, कर राजस्व ७.७ प्रतिशत, गैरकर राजस्व २.५ प्रतिशत) को तुलनामा कुल राजस्वमा राजस्वको अनुपातमा वृद्धि भएको छ भने गैरकर राजस्वको अनुपात घटेको छ । पछिल्ला वर्षहरुमा राजस्व वृद्धिदरमा कमी आएको कारणले आठौं योजनामा राजस्वको औसत वृद्धिदर १७.८ प्रतिशत मात्र रह्यो । दक्षिण एसियाली तथा अन्य विकासशील मुलुकहरुको तुलनामा राजस्व परिचालनको स्तर अझै धेरै कम छ ।

साधारण खर्चमा वृद्धि :

आ.व. २०४८।४९ मा कुल खर्चको ३७.४ प्रतिशत मात्र साधारण खर्च भएकोमा २०५३।५४ मा यो अनुपात ४८.३ प्रतिशत पुगेको छ । यसैगरी आ.व. २०४८।४९ मा कुल गार्हस्थ्य उत्पादनको ६.६ प्रतिशत साधारण खर्च भएकोमा आ.व.२०५३।५४ मा यो अनुपात ८.८ प्रतिशत पुगेको छ । आठौं योजना अवधिमा करिब ४४ प्रतिशत रकम साधारणतर्फ खर्च भएको छ । आ.व. २०४८।४९ र आ.व. २०५३।५४ का बीच साधारण खर्चमा औसत २१ प्रतिशतले वृद्धि भएको देखिन्छ । खासगरी आ.व. २०५१।५२ देखि विकास बजेटबाट व्यहोरिदै आएको विद्यमान शिक्षकहरुको तलब, भत्ता जस्ता खर्चहरु साधारणतर्फ समायोजन गरेको कारणले पनि साधारण खर्चतर्फ ५५ प्रतिशत वृद्धि हुन गयो । आ.व. २०५१।५२ को खर्चलाई छुट्टयाई तुलना गर्दा औसत १२.६ प्रतिशतले साधारण खर्चमा वृद्धि भएको देखिन्छ ।

राजस्व बचतको स्थिति :

आठौं योजनाको पहिलो आर्थिक वर्षमा २१.८ प्रतिशत रहेको कुल विकास खर्चमा राजस्व बचतको अनुपात योजनाको अन्त्यमा पनि सोही अनुपातको हाराहारीमा रहेको अनुमान छ । आठौं योजनामा कुल विकास खर्चको २७.५ प्रतिशत राजस्व बचतबाट प्राप्त हुने अनुमान गरिएको भए तापनि उक्त अवधिमा विकास खर्चको जम्मा २५ प्रतिशतजति मात्र राजस्व बचतबाट प्राप्त हुन सकेको परिप्रेक्ष्यमा सरकारी

राजस्वबाट विकास खर्चमा थप योगदान बढाउँदै लैजाने सरकारको लक्ष्य भने हासिल हुन सकेको देखिदैन ।

न्यून वित्त परिचालन :

आ.व. २०४८।४९ मा कुल गार्हस्थ्य उत्पादनको झण्डै ३ प्रतिशत न्यून वित्त (अधिविकर्ष समेत) परिचालन गरिएको थियो भने सो अनुपात आ.व. २०५३।५४ मा घटी १.८ प्रतिशतमा ओर्लेको छ । गैरबैंकिंग क्षेत्रबाट आ.व. २०४८।४९ मा कुल गार्हस्थ्य उत्पादनको ०.६ प्रतिशत आन्तरिक ऋण लिइएको थियो भने आ.व. २०५३।५४ मा यो अनुपात अझ घट्न (०.५३ प्रतिशत) गएकाले बैकिंग क्षेत्रमाथिको निर्भरता घट्न नसकी निजीक्षेत्रले स्रोतका लागि प्रतिस्पर्द्धा गर्नुपर्ने स्थिति यथावत रहेको देखिन्छ । आठौं योजनाले आ.व. २०५३।५४ मा न्यून वित्तलाई कुल गार्हस्थ्य उत्पादनको ०.९ प्रतिशतमा ओराल्न लिएको लक्ष्यसँग तुलना गर्दा न्यून वित्त माथिको निर्भरताको स्थिति अझै सन्तोषजनक हुन नसकेको देखिन्छ । कुल विकास खर्चको ७ प्रतिशत मात्र आन्तरिक ऋणबाट प्राप्त हुने अनुमान गरिए तापनि आठौं योजनामा यो अनुपात १८ प्रतिशतभन्दा बढी (अधिविकर्ष समेत) रहेको पाइयो । कुल न्यून वित्तमध्ये झण्डै ४८ प्रतिशत अधिविकर्ष देखिएकोले वार्षिक बजेटको सीमाभित्र न्यून वित्त सीमित हुन नसकेको देखिन्छ । साधारण खर्चमा पनि नियन्त्रण हुन सकेन र थप राजस्व परिचालन गर्नेतर्फ विशेष प्रयासहरु गरिएन भने वित्त परिचालनलाई वाञ्छित सीमाभित्र राख्न अरु कठिन हुने देखिन्छ ।

वैदेशिक सहायता :

आठौं योजनामा कुल विकास खर्चको ६५.५ प्रतिशत वैदेशिक सहायताबाट (अनुदान १७.४ प्रतिशत, ऋण ४८.१ प्रतिशत) प्राप्त हुने अनुमान गरिएको भए तापनि यथार्थमा यो अनुपात ५५.७ प्रतिशत (अनुदान १७ प्रतिशत ऋण ३८.७ प्रतिशत) मात्र रहयो । आ.व. २०४८।४९ मा कुल विकास खर्चको ५१.१ प्रतिशत वैदेशिक सहायताबाट प्राप्त भएको थियो भने आ.व. २०५३।५४ मा यो अनुपात ५८.८ प्रतिशतमा पुगेको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा वैदेशिक सहायताको अनुपात आ.व. २०४८।४९ मा करिब ५.६ प्रतिशत र आ.व. २०५३।५४ मा ५.५ प्रतिशतमा स्थिर रहेको छ । आठौं योजना अवधिमा वैदेशिक सहायताको उपयोग प्रचलित मूल्यमा औसत वार्षिक १३.५ प्रतिशतले करिब भएको छ ।

वैदेशिक ऋणको स्थिति :

आ.व. २०४८।४९ मा कुल वैदेशिक सहायतामध्ये ८०.५ प्रतिशत वैदेशिक ऋण थियो भने आ.व. २०५३।५४ मा यो अनुपात घटी ६७ प्रतिशतमा झरेको छ । आठौं योजना अवधिभरमा कुल विकास खर्चको ६९.५ प्रतिशत वैदेशिक सहायताबाट व्यहोरिएको देखिन्छ । यसैगरी कुल गार्हस्थ्य उत्पादनको तुलनामा आ.व. २०४८।४९ मा ४.५ प्रतिशत वैदेशिक ऋण थियो भने आ.व. २०५३।५४ मा यो अनुपात घटेर ३.७ प्रतिशतमा ओर्लेको छ । आठौं योजनाको कुल विकास खर्चको ४८ प्रतिशत वैदेशिक ऋणबाट प्राप्त गर्ने अनुमान गरिए तापनि यथार्थमा यो अनुपात ३८.७ प्रतिशत मात्र रह्यो । यसप्रकार आ.व. २०४८।४९ को तुलनामा वैदेशिक ऋणमाथिको निर्भरतामा कमी आएको छ । अरुण तेस्रो

जलविद्युत् आयोजना, मेलम्ची खानेपानी योजनाजस्ता बृहत् आयोजनाहरुको कार्यान्वयन हुन नसकेको कारणले पनि वैदेशिक सहायताको प्राप्ति तथा परिचालनमा कमी आएको देखिन्छ ।

विद्यमान चुनौतीहरु :

आठौं योजनामा आर्थिक साधन परिचालन नीतिमाथि जोड दिइए तापनि लक्षित प्रगति भने हासिल हुन सकेन । गार्हस्थ्य/राष्ट्रिय बचत, राजश्व परिचालन, वैदेशिक सहायता परिचालन, न्यून वित्त परिचालन जस्ता क्षेत्रहरुमा निम्न स्थिति र समस्याहरु देखियो ।

- साँघुरो कर आधार (low tax base), कम लचकता (low tax elasticity), कर तिर्ने प्रवृत्ति (tax compliance) तथा कर प्रणाली व्यवस्थाप्रति जनविश्वास कम भएको ।
- ऐन नियम र प्रक्रियाहरुमा पारदर्शिताको कमी तथा तजबिजी अधिकारहरुको दुरुपयोग र भ्रष्टाचार भएको ।
- करचोरी तथा व्यापार विचलन बढेको ।
- प्रत्यक्ष करको मात्रा कम रही पैठारी विशेषगरी सुन जस्ता एक दुई वस्तुमा आधारित राजस्व संरचना कायम रहेको ।
- भन्सार प्रयोजनको लागि गरिने मूल्याङ्कन वास्तविक हुन नसकी कम हुने गरेको ।
- कर, भन्सार, मूल्य अभिवृद्धि करको सक्षम प्रशासनका लागि आवश्यक कम्प्युटरिकृत तथा वहुउपयोगी एवं सक्षम तथ्याङ्क प्रणाली विकसित हुन नसकेको ।
- राजस्व प्रशासन समूह गठन गरिए तापनि तालिम, दक्षता, सीप एवं व्यवसायिकता (professionalism) को स्थिति सन्तोषजनक नरहेको ।
- वैदेशिक सहायतासम्बन्धी नीतिगत स्पष्टताको अभावले गर्दा आवश्यकताको पहिचान, योजना छनौट, तर्जुमा एवं कार्यान्वयनका विविध पक्ष हचुवा (adhoc) किसिमको हुने गरेको र दुर्लभ स्रोतको महत्तम (optimum) उपयोग हुन नसकेको । प्राथमिकीकरण (prioritisation) को अभावले स्रोत छर्ने प्रवृत्ति रहेको । वैदेशिक सहायताको स्वीकृति तथा उपयोगमा ठूलो अन्तर रहने गरेको ।
- साधारण खर्च विशेषगरी कर्मचारी तथा कार्यालय सञ्चालन खर्चमा नियन्त्रण हुन नसकी अनावश्यक रुपले सङ्गठनहरुको विस्तार हुँदै गई दीर्घकालीन दायित्व थपिदै गएको । आन्तरिक स्रोतको अधिकांश भाग साधारण खर्चमै सकिने गरेको ।
- लगानी र कुल गार्हस्थ्य बचतको अन्तर आर्थिक वर्ष २०४८।४९ देखि क्रमिक रुपमा बढ्दै गएको र यसको पूर्तिका लागि वाह्य ऋणमा अधिक भर पर्नु परेका कारण भविष्यमा तिर्न बाँकी ऋण र वार्षिक भुक्तानी (साँवा, व्याज आदि) बढ्दै गई साधारण खर्चमा अत्याधिक वृद्धि हुने हुँदा राजस्व बचत कम हुँदै जाने कुरा ठूलो समस्याका रुपमा रहेको ।

३. दीर्घकालीन अवधारणा

आ.व. २०५४।५५ देखि २० वर्षको अवधिमा सरकारी वित्त परिचालनको क्षेत्रमा ढाँचागत सुधारहरु गर्ने लक्ष्य लिइएको छ । आन्तरिक राजस्व र विशेष गरी प्रत्यक्षकर तथा आन्तरिक उपभोगमा लाग्ने करको

अंश वढाउँदै लगी पैठारीबाट प्राप्त हुने राजस्व तथा वैदेशिक सहायता (विषेशगरी ऋण) माथिको निर्भरता घटाउँदै लग्ने क्रममा निम्न नीतिहरु अवलम्वन गरिनेछ ।

- आयकर तथा सम्पत्तिमा लाग्ने कर एवं आन्तरिक उपभोगमा लाग्ने कर (मूल्य अभिवृद्धिकर) लाई पारदर्शी, प्रभावकारी एवं सक्षम बनाई समग्र अर्थतन्त्रसँग आवद्ध गरिनेछ । पैठारीमा लाग्ने महसुलका दरहरु घटाउँदै लगी राष्ट्रिय अर्थव्यवस्थालाई प्रतिस्पर्द्धी तथा बजार प्रणालीमा आधारित बनाउँदै लगिनेछ । प्रशासनलाई पूर्ण व्यवसायिक बनाइनुका अतिरिक्त करदातालाई सम्मान प्रदान गर्ने तर्फ आवश्यक प्रयत्न गरिनेछ ।
- निजीक्षेत्रमा विदेशी लगानीलाई प्रोत्साहित गर्दै लगिनेछ । सरकारी क्षेत्रको भूमिकालाई सीमित गर्दै लगी संस्थागत क्षेत्रको विकासमाथि जोड दिने राजस्व नीतिहरु अवलम्वन गरिनेछ । सरकारी संस्थाहरुको निजीकरणमा तीव्रता ल्याई यसबाट प्राप्त हुने राजस्वबाट ऋणमोचन गर्ने लक्ष्य लिइनेछ ।
- राष्ट्रिय बचतलाई कुल गार्हस्थ्य उत्पादनको ३० प्रतिशतसम्म पुऱ्याइनेछ ।
- साधारण खर्चलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशतमा ल्याउने तथा आन्तरिक खुद ऋणलाई ०.५ प्रतिशतको सीमाभित्र राखिनेछ । सरकारी खर्चलाई सामाजिक तथा आर्थिक क्षेत्रमा लक्षित समूहसम्म सोझै पुऱ्याउने नीति लिइनेछ । सार्वजनिक खर्चको माध्यमबाट बजार अर्थतन्त्रलाइ बढावा दिइनेछ ।
- दीर्घकालीन रणनीति तथा अवधारणा तयार गरी विदेशी सहयोगलाई नभइनहुने एवं लाभ लागत दृष्टिले उच्च प्रतिफल दिने क्षेत्रमा मात्र प्रवाहित गरिनेछ । राष्ट्रिय अर्थतन्त्रको विविध पक्षको दीर्घकालीन विकासको अवधारणासँग मेल खानेगरी आवश्यक ठाउँहरुमा वैदेशिक सहायता परिचालन गरी वैदेशिक सहायताको उपयोग क्षमता बढाउनमा जोड दिइनेछ ।
- थप राजस्व परिचालनको नयाँ स्रोत समेत पहिल्याई प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादनको ०.५ प्रतिशतले राजस्व वृद्धि गरिनेछ ।

नवौं योजना :

५. उद्देश्य

नवौं योजनामा आर्थिक साधन परिचालन नीतिको उद्देश्यहरु निम्न बमोजिम छन् :

- कुल राष्ट्रिय गार्हस्थ्य बचत तथा लगानीमा वृद्धि गरी उपलब्ध स्रोतलाई उत्पादनमूलक दिशातर्फ प्रवाहित गर्ने ।
- आन्तरिक स्रोतहरुको दिगो परिचालन गरी विदेशी ऋणमाथिको बोझ घटाउँदै लगी योजनाले लक्ष्य गरेको लगानी आवश्यकता पूरा गर्ने ।
- योजनाले लक्ष्य गरेको क्षेत्रगत विकास कार्यक्रम तथा लगानी आवश्यकताहरुतर्फ वैदेशिक सहायताको परिचालन गरी उपयोग क्षमतामा प्रभावकारी वृद्धि ल्याउने ।
- सरकारी खर्चलाई प्राथमिकीकरण गरी उपलब्ध स्रोतको महत्तम उपयोग गर्ने ।
- गरिबी निवारणका लागि रोजगारीका अवसरहरुमा बढाउन निजीक्षेत्र तथा बजार अर्थव्यवस्थालाई सहयोग पुऱ्याउने ।

६. नीति तथा कार्यनीति

आन्तरिक साधन परिचालन :

- अनुत्पादक तथा फजुल खर्चलाई निरुत्साहित गरी राष्ट्रिय बचत वृद्धिमा जोड दिइनेछ । मुलुकको अर्थतन्त्रको सम्पूर्ण क्षेत्रलाई मौद्रिकीकरण र बजार अर्थव्यवस्थामा परिणत गर्ने प्रयास गरिनेछ । वित्तीय संस्थाहरुको विकास गरी विशेषत: ग्रामीण क्षेत्रहरुमा गैरसरकारी संस्थाहरुसमेतलाई परिचालन गरी पारिवारिक बचतलाई वित्तीय सम्पत्तिमा परिणत गराई बचत परिचालन गर्न वित्तीय संस्थाहरुको क्रियाकलापमा दक्षता र सरलता ल्याइनुका अतिरिक्त यस्ता संस्थाहरुमा सर्वधारणको पहुँच निश्चित गरिनेछ । संस्थागत तथा साना कर्जा (micro credit) प्रवाह लगानी वृद्धि गर्ने कार्यनीति अवलम्वन गरिनेछ । शिक्षा, स्वास्थ्य, यातायात, बिमाजस्ता क्षेत्रको सेवा विस्तार तथा गुणस्तर सुधारद्वारा देशको पुँजी बाहिरिने प्रवृत्तिलाई निरुत्साहित गरी राष्ट्रिय बचत अभिवृद्धि गरिनेछ ।
- पुँजी बजारको विकासमा विशेष जोड दिइनेछ । नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको रुपमा विकास गरिनेछ । वित्तीय बजारको विकास गरी पुँजीको उपलब्धता बढाई लगानीका अवसरहरुमा वृद्धि ल्याइनेछ ।
- राजश्व नीतितर्फ प्रत्यक्षकर विशेषगरी आयकर तथा सो सँग सम्बन्धित करहरुमा जोड दिइनेछ । करसम्बन्धी ऐन नियम र प्रक्रियाहरुमा आमूल सुधार गरी प्रत्यक्षकर व्यवस्थालाई पारदर्शी, प्रभावकारी, व्यापक (comprehensive), सरल, सक्षम र करदताको विश्वास जित्न सक्ने बनाइनेछ । कर छल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न तथ्याङ्क प्रणाली र करदाता पहिचान पद्धतिको विकास गर्नुका साथै कृषि तथा निर्यात क्षेत्र, सम्पत्ति बेचविखन वा हस्तान्तरण, पुँजीगत लाभ, दान-दातव्य र दाइजो, पेवा एवं यस्तै प्रकृतिका अन्य क्षेत्रहरुको पनि पहिचान गरी यसलाई करको दायरा, कर प्रयोजन वा तथ्याङ्क प्रयोजनका लागि ल्याउने सम्भाव्यताहरुको अध्ययन गरी विद्यमान कर प्रणालीमा सुधार ल्याइनेछ । कुल सम्पत्तिमा आधारित न्यूनतम वैकल्पिक करको अवधारणा प्रयोगमा ल्याइनेछ । करसम्बन्धी मुद्दा मामिलाहरु शीघ्र टुङ्गो लगाउन विशेष न्यायिक व्यवस्था गरिनेछ । कर प्रशासनलाई दक्ष र व्यवसायिक बनाउन एवं यसमा स्वच्छता कायम राख्न तालिम लेखासम्बन्धी सीप विकास तथा कर्मचारीको कार्यसम्पादन सम्बन्धी विशिष्ट (specific) रेकर्ड राख्ने र त्यस आधारमा वृत्ति विकासका अवसरहरु दिइने वा दण्ड सजाय गरिनेछ ।
- मूल्य अभिवृद्धि करलाई आन्तरिक उपभोगको समग्र क्षेत्रमा विस्तार गरी यस करप्रति जनचेतना बढाएर आन्तरिक राजस्वको मूल आधारको रुपमा यसलाई विकसित गरिनेछ । ठूला करदाताहरुको तथ्याङ्कको विशेषरुपले अनुगमन गरिनेछ । कर फिर्ता व्यवस्थालाई प्रभावकारी बनाइनेछ । कर प्रशासनलाई चुस्त, व्यवसायिक र सक्षम बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । आन्तरिक पैठारी तथा वाह्य निकासी तथ्याङ्क आन्तरिक उत्पादन तथ्यांक तथा आयकर प्रयोजनको लागि तयार गरिने तथ्याङ्क समेतसँग आवद्ध गरी विशेष कम्प्युटरिकृत तथ्याङ्क प्रणालीको विकास गरी करको आगन (yield) मा वृद्धि ल्याउने प्रयासहरु गरिनेछ । अन्त:शुल्कलाई आन्तरिक उत्पादनका सीमित क्षेत्रहरुमा मात्र कायम गरी यसलाई राजस्वको भरपर्दो स्रोतको रुपमा विकसित गरिनेछ ।
- भन्सार दरहरुमा सरलीकरण गरिँदै लगिनेछ । विश्व व्यापार सङ्गठन (WTO), दक्षिण एसियाली स्वतन्त्र व्यापार व्यवस्था (SAFTA) तथा अन्तर्राष्ट्रिय व्यापार प्रचलनहरुलाई ध्यानमा राखी स्वदेशी उद्योगहरुलाई विकसित हुने उपयुक्त अवसरहरु दिइ भन्सार दरहरुलाई समायोजन गर्दै लगिनेछ । चोरी पैठारी तथा निकासी व्यापारलाई सक्षमताका साथ नियन्त्रण गरिनेछ । भन्सार प्रयोजनका लागि कायम गरिने मूल्याङ्कनलाई वास्तविक कारोवार मूल्यमा आधारित गरिँदै लगिनेछ र यसका लागि आवश्यक कानुनी प्रक्रियागत सुधार गरी आवश्यकतानुसार मूल्याङ्कनमा वृद्धि गरिनेछ । भन्सार तथ्याङ्क प्रणालीलाई पूर्णतया कम्प्युटरिकृत प्रणालीमा आधारित गराई वैदेशिक व्यापारको

तथ्याङ्कलाई बहुउपयोगी हुने गरी छोटो समयै प्रशोधन गर्ने व्यवस्था मिलाइनेछ । भन्सार प्रशासनलाई सरल, पारदर्शी, स्वच्छ तथा सीपयुक्त एवं व्यवसायिक बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । राजस्व चुहावट नियन्त्रणका लागि गस्ती व्यवस्थामा आमूल सुधार गरी यसलाई साधनसम्पन्न तथा सक्षम सङगठन (cadre based) को रुपमा विकास गरिनेछ ।

- गैर कर राजस्वमा वृद्धि ल्याउन सरकारी सेवा र बस्तुहरुको बिक्री गर्दा बजार मूल्यको आधारमा उपयुक्त मूल्य व्यवस्था कायम गरिनेछ । लाभांश, साँवा ब्याज जस्ता आयमा वृद्धि ल्याउन प्रभावकारी अनुगमन व्यवस्था अपनाई समयावद्ध असुली प्रक्रिया अवलम्वन गरिनेछ ।
- सरकारी संस्थानहरुको आवश्यकतानुसार पुनसंरचना गर्ने, ठूला संस्थाहरुलाई निजीकरणको लागि छनौट गर्ने, निजीकरणको गतिलाई तीव्र पार्ने तथा निजीक्षेत्रको लगानी आकर्षित हुनसक्ने क्षेत्रहरुको पहिचान गरी संस्थानहरुको निजीकरण गर्ने नीति लिइनेछ । निजीकरण प्रक्रियालाई अझ बढी पारदर्शी तथा प्रतिस्पर्द्धी बनाइने छ । निजीकरणबाट प्राप्त राजस्वले सरकारी ऋणको भुक्तानी गर्नुका साथै सामायिक र आर्थिक क्षेत्रका प्राथमिकताप्राप्त कार्यक्रमहरुमा लगानी गरिनेछ ।
- दुर्गम क्षेत्र, निःसहायवर्ग तथा प्राकृतिक प्रकोपग्रस्त क्षेत्रजस्ता अति आवश्यकीय क्षेत्रबाहेक अन्य क्षेत्रमा सरकारी अनुदानको व्यवस्थालाई क्रमशः समाप्त गर्दै लगिनेछ ।
- बजेट घाटा कम गर्न सरकारी क्षेत्रको अनुत्पादक खर्चलाई नियन्त्रण र कटौती गरिनेछ । साधारण बजेटतर्फ विशेषगरी दरबन्दी सिर्जना, सङगठन विस्तार, कार्यालय सञ्चालन खर्च एवं सरकारी क्षेत्रबाट नगरे पनि हुने किसिमका खर्चहरुमा मितव्ययिता अपनाइने र खर्च कटौती गरिनेछ । निजीक्षेत्र तथा गैरसरकारी क्षेत्रबाट गर्न सकिने कार्यहरु बिस्तारै सोही क्षेत्रलाई सुम्पी सरकारी भूमिकालाई नियामक (regulator) तथा सहजकारी (facilitator) एवं मार्गदर्शको रुपमा मात्र सीमित गर्ने प्रयास गरिनेछ । निजामती सेवाका विविध पक्षहरुमा सुधार गरी सरकारी खर्चमा मितव्ययिता ल्याउने प्रयास गरिनेछ ।
- खुद आन्तरिक ऋणलाई कुल ग्रार्हस्थ उत्पादनको वाञ्छित सीमाभित्र राखिनेछ र बैंकिंग क्षेत्रबाट सके सम्म कम ऋण लिई निजीक्षेत्रतर्फ स्रोत प्रवाहित हुने अवस्था सुनिश्चित गरिनेछ ।
- कुल गार्हस्थ्य बचतमा सरकारी क्षेत्रको योगदानमा वृद्धि ल्याउन कर प्रशासनलाई सक्षम र सुदृढ गरी करको दायरालाई फराकिलो गरिनुका साथै राजस्व चुहावट हुन नदिइ राजस्व संङकलनमा वृद्धि गर्नु अर्थात कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अंश क्रमशः बढाउँदै लैजानु आवश्यक छ भने अनुत्पादक तथा कम गुणस्तरका लगानीलाई नियन्त्रण र निरुत्साहित गरी आर्थिक अनुशासन कायम राख्नु पनि नितान्त जरुरी छ । सरकारी वित्त व्यवस्थापनमा सुधार र स्थिरता कायम राख्न राजस्व सङकलन, साधारण खर्च र राजस्व बचतलाई कुल गार्हस्थ्य उत्पादनको तुलनामा आवधिक लक्ष्य निर्धारण र कार्यान्वयनमा अनुमगन पद्धति अपनाउनु पनि आवश्यक देखिन्छ । यसअनुरुप उपर्युक्त चलहरु (variables) मध्ये कुनै एक चल (variable) बाट लक्ष्य प्राप्त हुन नसकेमा तुरुन्त अर्को चलमा समायोजन गर्ने पद्धतिको विकास पनि गरिनेछ ।
- गैर कर राजस्वतर्फ सेवा क्षेत्र जस्तै खानेपानी, दूरसञ्चार, विद्युत् आदिको मूल्य लागतको आधारमा कायम गरी लाभांशको रुपमा श्री ५ को सरकारको राजस्व वृद्धि गर्दै लगिनेछ ।
- सार्वजनिक संस्थानहरुको संरचना, व्यवस्थापन जस्ता पक्षमा लगानीअनुरुप प्रतिफ दिने गरी सुधार गरिनेछ ।
- बचत परिचालनमा वृद्धि गर्न मौद्रिक नीतिद्वारा मुद्रास्फीति दरलाई न्यूनतमस्तरमा कायम गरी मुद्रा दरभन्दा बचत तथा मुद्धतीय ब्याजदर बढी हुने गरी केन्द्रीय बैंकमार्फत सूचाङक ब्याजदर कायम गर्ने नीति अपनाइनेछ ।
- वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले ऋणमा लिने ब्याजदर बढी भएमा निजीक्षेत्रको उत्पादन वृद्धि कार्यक्रम र लगानीमा समेत प्रतिकुल प्रभाव पर्ने हुँदा यी संस्थाहरुको कार्यदक्षतामा वृद्धि गरी निक्षेप र ऋणको ब्याजदरबीचको फरकलाई कमगर्ने वातावरणको सिर्जना गरिनेछ ।

- वाणिज्य बैंक तथा वित्तीय संस्था अन्तर्गतका वित्त गरी कम्पनी र अन्य संस्थाहरुबाट सङ्कलित निक्षेपलाई कुल गार्हस्थ्य बचत बढाउन प्रोत्साहित गर्ने गरी उत्पादनशील लगानीतर्फ आकर्षित गर्ने र त्यस लगानीबाट प्राप्त हुने बचतलाई पुनः लगानी गर्न वित्त कम्पनी तथा अन्य सस्थाहरु प्रोत्साहन गरिनेछ । यस्तो आफ्नो देशमा उत्पादन नभएका टिकाउ उपभोक्ता सामान (consumer durable goods) को खरिदमा किस्ताबन्दी ऋण उपलब्ध गराउनुभन्दा त्यस्ता टिकाउ उपभोक्ता सामानको स्वदेशमै उत्पादन गर्ने खालका भगिनी संस्था (sister concern) स्थापन गर्न निजीक्षेत्रलाई उन्मुख गराइनेछ । यसको विकल्पमा तुलनात्मक लागतका सिद्धान्तअनुरुप त्यस्ता सामानहरु आयात गर्दा नै लाभ हुने भए त्यसैअनुरुप निर्यातयोग्य बस्तुहरुको विविधीकरण र नयाँ वस्तुहरुको पहिचान गरी उत्पादन क्षेत्रमा भगिनी संस्थाहरुको विकास गराउनेतिर ध्यान दिइनेछ ।
- कर्मचारीहरुको संचयकोषमा वृद्धि ल्याउन कर्मचारीहरुको तलवमा वृद्धि हुँदै जाँदा यस्तो वृद्धिको केही प्रतिशत कर्मचारी सञ्चयकोष, वा नागरिक लगानीकोष वा जीवन बिमामा अनिवार्य बचत गर्नुपर्ने र त्यस्तो बचतमा श्री ५ को सरकारबाट पनि केही रकम थप गर्ने संयन्त्र तयार गरिनेछ । यस परिप्रेक्षमा सञ्चितकोषमा वृद्धि ल्याउन निजीक्षेत्रका संघ संस्थाहरु समेतको सञ्चितकोषलाई कर्मचारी सञ्चयकोषमा जम्मा गराउने व्यवस्था गरिनेछ ।
- नेपालमा बिमा कम्पनीहरुको विस्तार हुँदै गएको सन्दर्भमा यी कम्पनीहरुलाई जीवन बिमाको अनुमति प्रदान गर्ने र यिनीहरुको शाखा, उप-शाखा वृद्धिद्वारा जीवन बिमाको पहुँचलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याइनेछ ।
- नेपालमा पैठारी हुने सामानको सामूहिक बिमा, नेपाली बिमा कम्पनीहरुबाट हुने पुनर्वीमा जस्ता हालका व्यवस्थाबाट धेरै रकम पलायन हुने भएको हुँदा स्वदेशी बिमा कम्पनीहरु सबै मिलेर पुनर्बिमा गर्ने र बिमाबाट हुने पुँजी पलायन रोक्न बिमा समितिमार्फत आवश्यक वातावरण सिर्जना गरिनेछ ।
- स्टक एक्सचेन्ज सेवालाई अधिराज्यभर विस्तार गर्ने नीति अवलम्वन गरी स्टक मार्केट व्यवस्थाको विस्तार गरिनेछ ।
- विभिन्न वित्तीय, बिमा तथा अन्य कम्पनीहरुमा सेयर लगानीको आवधिक अभिलेख तथा त्यस्ता कम्पनीहरुको क्रियाकलापको नियमित अनुमगन गरी राम्रो प्रतिफल दिने कम्पनीहरुको कारोबार तथा वित्तीय स्थितिको जानकारीलाई सेक्युरिटी बोर्डबाट नियमितरुपमा सेयर बजारको कारोबार वृद्धि हुने वातावरणको सिर्जना गरिनेछ ।

बाह्य साधन परिचालन :

- योजनामा प्रक्षेपण गरिएको लगानीका लागि आवश्यक पर्ने वैदेशिक सहायता परिचालन गर्न विकास कार्यक्रमहरुको विस्तृत आवश्यकतामा आधारित वैदेशिक सहायता अनुमान गरी दातृ संस्थाहरुसँग समन्वय गरिनेछ । दोहोरोपन हटाई वैदेशिक सहायताको परिचालन र उपयोगमा थप प्रभावकारिता ल्याउन सहयोग समूह (aid consortium) सम्बन्धी विद्यमान व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

- राष्ट्रिय आवश्यकता, क्षेत्रगत दीर्घकालीन विकास योजना तथा नवौं योजनाको लगानी आवश्यकतालाई मूल आधार बनाई अति आवश्यक ठाउँहरुमा मात्र वैदेशिक सहायताको प्रयोग गरिनेछ । वैदेशिक सहायताको प्रयोगसम्बन्धी एक निर्देशिका तयार गरी आवश्यकता पहिचान र पूर्वतयारीपश्चात् मात्र दातृ संस्थाहरुसँग बार्ता गर्ने परिपाटी बसालिनेछ ।

- उपयोग क्षमता (absorptive capacity) मा अत्यधिक वृद्धि गर्न विदेशी सहायताको पूर्वानुमान, आयोजना तर्जुमा, सम्झौता, सहयोग स्वीकृति, निकासा, खर्च लेखापाल, लेखापरीक्षण प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन एवं देखापरेका समस्या निराकरण जस्ता सबै पक्षमा योजनाबद्ध ढंगले आमूल सुधार गरिनेछ । आवश्यकता स्रोतको चक्रीय (rolling) त्रिवर्षीय अनुमान तयार गरी प्रत्येक वर्ष यसको पुनरावोलकन गरिनेछ । योजना प्रशासनसँग सम्बद्ध कर्मचारीहरुलाई योजना प्रशासन

कार्य गर्न प्रशिक्षित गराइने, तिनीहरुको दक्षता विकास गर्ने एक योजना अवधिभर जिम्मेवारीका साथ पदस्थापना गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

- वैदेशिक सल्लाहकार सेवालाई सकेसम्म न्यूनतम गरी नेपाली विशेषज्ञहरुको सेवालाई प्राथमिकता दिइनेछ ।

- वैदेशिक सहायताको उपयोगवापत सरकारले गर्नुपर्ने बजेट योगदान (budgetary contribution) को पूर्वयकिन गरी क्षमताले धान्ने अवस्था भए मात्र वैदेशिक सहायता स्वीकृत गरिनेछ । स्वीकृत वैदेशिक सहायताका कार्यक्रमहरुका लागि आवश्यक पर्ने आन्तरिक रकम (matching fund) पुऱ्याउन श्री ५ को सरकारले भरमग्दुर प्रयास गर्नेछ ।

- वैदेशिक अनुदान तथा ऋणबाट अनुत्पादक खर्चहरु गरिनेछैन ।

- वैदेशिक सहयोग र खासगरी वैदेशिक ऋणको कम्प्युटरिकृत तथ्यांक प्रणाली विकसित गरी ऋण प्राप्ति, उपयोग र ऋण भुक्तानीको समुचित प्रबन्ध मिलाइनेछ ।

- श्री ५ को सरकारको जमानतामा वैदेशिक ऋण लिइनेछैन । तथापि उत्पादक क्षेत्रका लागि दीर्घकालीन वैदेशिक व्यापारिक एवं विकास ऋणहरु लिन निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

- संस्थागत प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहित गर्न आवश्यक कानुनी र प्रक्रियागत व्यवस्था मिलाइनुको साथै समुचित प्रचार-प्रसारको प्रबन्ध गरिनेछ । अल्पकालीन ऋणहरु स्वीकार गर्दा अर्थतन्त्रको समग्र स्थायित्वमाथि समुचित ध्यान दिइनेछ ।

- गैरसरकारी संस्थाहरुमार्फत प्रवाहित हुने अन्तर्राष्ट्रिय सहयोगको समुचित प्रबन्ध मिलाउन र उपयुक्त लेखाङ्कन गर्न आवश्यक कदमहरु चालिनेछ । श्री ५ को सरकारमार्फत प्राप्त हुने यस्तो सम्पूर्ण सहयोग (प्रत्यक्ष भुक्तानी, सोझै आयोजना कार्यान्वयन गरिने समेत) लाई पारदर्शी बनाइनेछ ।

- वैदेशिक सहायता अन्तर्गत प्राप्त हुने प्राविधिक सहायतालाई योजनाको समग्र आवश्यकतामा समायोजन गरी आन्तरिक साधन र स्रोतले नभ्याउने क्षेत्रतर्फ मात्र सीमित गरिनेछ र यस्तो सहयोगको विवरणलाई पारदर्शी बनाइनेछ ।

५.२ सरकारी खर्च र व्यवस्थापन

१. पृष्ठभूमि

सरकारी खर्चले अर्थतन्त्रमा उर्जाको काम गर्दछ। राष्ट्रिय आयको सन्तुलित क्षेत्रीय वितरणमा सरकारी खर्चको योगदान महत्वपूर्ण हुन्छ। तर अनियन्त्रित सरकारी खर्चले भने अनावश्यक मुद्रास्फीति ल्याइ आर्थिक विसंगतिहरु जन्माउन सक्छ। विकास योजनाले अङ्गीकार गरेका उद्देश्यहरु हासिल गर्ने र समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने दिशामा सरकारी खर्चको उद्देश्य परिलक्षित हुनु ावश्यक छ।

सरकारी खर्चले निजी उद्यम र लगानीलाई प्रश्रय दिइ आर्थिक वृद्धिदरलाई वढाउन सहयोग पुऱ्याउँछ। सरकारी खर्चले तत्काल हासिल गर्ने प्रत्यक्ष उपलव्धिहरुभन्दा त्यसले निजी क्षेत्रको आर्थिक क्रियाकलापमा बढोत्तरी ल्याउन सघाउ पुऱ्याउने कुरा महत्वपूर्ण हुन्छ। अर्थात्, सरकारी खर्चको उपयोगिताको परीक्षण गर्दा त्यस्तो खर्चले समग्र आर्थिक क्रियाकलाप वढाउन सहयोग पुर्याउन सक्यो वा सकेन भनेर हेरिनु पर्दछ।

सरकारी खर्च व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष खर्चको उत्पादकत्व वढाउनु पनि हो। कम खर्चबाट बढी उपलब्धि हासिल गर्नु वा समान खर्चमा पनि खर्चको प्रकृति परिवर्तन गरेर बढी उपलब्धि हासिल गर्न सरकार प्रयत्नरत हुनु आवश्यक छ।

सरकारी खर्च नियन्त्रण गर्दा राजस्व परिचालनको सीमाभन्दा पनि महत्व राख्ने विषय खर्चका उपयोगिता र उत्पादकत्व हो। निश्चित र ठोस कारवाई नगरिएमा सामान्यतया खर्चको प्रवृत्ति समय वित्दैजाँदा बढ्ने हुन्छ। यस्तो वढ्ने प्रवृत्ति रोक्न समय समयमा उपयोगिता र उत्पादकत्वको कसीमा प्रत्येक खर्चको परीक्षण गरी खर्च नियन्त्रण गर्न विभिन्न उपायहरु अवलम्वन गर्नुपर्ने हुन्छ।

समग्र आर्थिक अवस्थामा सुधार र सेवा वा वस्तुको प्राप्तिमा स्वैच्छिक विनिमय (voluntary exchange) मा सरिक हुने प्रवृत्ति वढ्दै गएपछि सरकारले गरिरहेका धेरै खर्च अनावश्यक ठहरिन पुग्ने पनि हुन सक्दछ। जस्तै, शिक्षा वा सामुदायिक विकासमा अहिले सरकारले ठूलो रकम खर्च गरिरहेको छ। यो एक किसिमले शिक्षा वा उन्नत समुदायको प्रभावकारी माग सिर्जना गराउने दृष्टिले महत्वपूर्ण हो। प्रभावकारी माग सिर्जिएपछि र स्वैच्छिक विनिमयमा सरिक हुने चाहना र सामर्थ्य बढेपछि यस्तो खर्चमा सरकारले कटौती गर्दै लैजान सक्दछ।

२. आठौं योजनाको समीक्षा :

आठौ योजनाले साधनको बढी विवेकपूर्ण वाँडफाँट, सरकारी खर्चको राम्रो व्यवस्थापन र आन्तरिक स्रोत परिचालनमा वृद्धि जस्ता कुरामा जोड दिएको थियो।

आ.व. २०१८।१९ मा ४५.४ प्रतिशत विकासतर्फ र ५४.६ प्रतिशत साधारण खर्च भएकोमा आ.व. २०३१।३२ मा कुल खर्चमध्ये विकास खर्चको हिस्सा बढेर ६३.९० पुगेको थियो। सातौं योजना अवधिमा विकास खर्च कुल खर्चको सरदर ६६.१४ प्रतिशत रह्यो। आठौं योजना अवधिमा यो प्रतिशत ५५.७३ मा झरेको छ। आठौं योजनामा साधारण खर्च वार्षिक सरदर २० प्रतिशतले वढेको छ भने विकास खर्च सरदर १० प्रतिशतले मात्र बढेको देखिन्छ।

साधारण खर्चको वितरणमा आठौं योजनाको अवधिमा संरचानात्मक परिवर्तन आउन खोजेको देखिन्छ। आ.व.२०४९।५० मा कुल साधारण खर्चमा साधारण प्रशासन, रक्षा, सामाजिक सेवा, आर्थिक सेवा र सांवा व्याज भुक्तानीको अंश क्रमशः १३, १५, ११, ५ र ४० प्रतिशत रहेकोमा आठौं योजनाको पाँचौं वर्षमा सामाजिक सेवातिरको खर्च ११ प्रतिशतबाट बढेर २४.४४ प्रतिशत पुगेको छ र आर्थिक सेवातिर पनि २ प्रतिशतले बढेको छ। अरु क्षेत्रमा उल्लेखनीय रुपमा कमी आएको छ। यो एउटा सकारात्मक सूचक हो। यसैगरी आठौं योजनाको पाँचौं वर्षमा साधारण खर्च कुल गार्हस्थ्य उत्पादनको ९ प्रतिशतमा रहेको छ। जबकि आ.व. ०३१।३२ पछि आ.व. ०४८।४९ सम्म यो ७ प्रतिशतभन्दा कमै रहेको थियो। कुल गार्हस्थ्य उत्पादनको तुलनामा साधारण खर्चको परिमाण बढ्दै जानुलाई राम्रो मान्न सकिदैन।

विकास खर्चको क्षेत्रगत विभाजनमा आठौं योजनावधिमा आर्थिक सेवाहरु र यातायातमा बढी जोड दिएको देखिन्छ। खासगरी आर्थिक सेवा, यातायात र विद्युतमा कुल खर्चको अंश आठौं योजनाको प्रथम वर्षको तुलनामा पाँचौं वर्षमा वृद्धि भएको छ। निजी क्षेत्रलाई टेवा पुर्‍याउने दृष्टिले यी क्षेत्रमा बढेको लगानीलाई उचित ठान्न सकिन्छ। सातौं योजना अवधिमा विकास खर्चको २१.२८ प्रतिशत अंश आन्तरिक राजस्वबाट व्यहोरिएको थियो। आ.व.०४७।४८ र आ.व.२०४८।४९ मा यो प्रतिशत क्रमशः २२.३६ र ३३.५२ रहेको थियो भने आठौं योजनाको प्रथम चार वर्षमा यो सरदर २६ प्रतिशत रहन गयो।

विकास खर्चका लागि विदेशी सहायता तथा आन्तरिक ऋण माथिको निर्भरता केही हदसम्म घट्दै गएको देखिएको छ। कुल गार्हस्थ्य उत्पादनको तुलनामा विकास खर्च आ.व. ०३१।३२ सम्म ८ प्रतिशतभन्दा कम रहेकोमा आ.व. २०४१।४२ देखि आ.व. २०४८।४९ को अवधिमा ११ देखि १५ प्रतिशतको बीचमा रहेको थियो। आठौं योजनाको प्रथम चार वर्षको अवधिमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा विकास खर्च सरदर १० प्रतिशत रहेको देखिन्छ।

सरकारी खर्च व्यवस्थापनतर्फ आठौं योजना अवधिमा समुचित क्षेत्रीय वितरणमा जोड दिइएको पाइन्छ। सामाजिक सेवा, आर्थिक सेवा तथा पूर्वाधार निर्माणसम्भारजस्ता विषयहरुमा खर्चको अंश वढाउँदै लगिएको छ।

अनावश्यक खर्च नियन्त्रण गर्न र नगद प्रवाहलाई सन्तुलित राख्न आठौं योजना अवधिमा सोधभर्ना निकासा प्रणाली लागू गरियो। यसले गर्दा आर्थिक वर्षको सुरुको अवस्थामा हुने न्यूनलाई कम गर्न मद्दत पुर्‍यायो भने फ्रीज वेरुजूमा पनि उल्लेखनीय कमी आयो। आर्थिक प्रशासनसम्बन्धी नियमहरुमा रहेका अनावश्यक नियन्त्रणमुखी र अस्पष्ट प्रावधानहरुको अध्ययन र विश्लेषण गरी सुधारहरु गरियो र यो क्रम जारी नै छ।

एकै प्रकृतिको काममा खर्च गर्ने तरिकामा एकरुपता ल्याउन खासगरी निर्माण तथा सेवा आर्जन गर्ने कामका लागि समान निर्देशिकाहरु जारी गरियो र यो काम चालू छ।

३ विद्यमान चुनौती

प्रभावकारी खर्च व्यवस्थापन र नियन्त्रणको पहिलो महत्वपूर्ण चरण बजेट तर्जुमा हो। शीरोभार खर्चहरुका लागि बजेटमा व्यवस्था भएसम्मको रकम सामान्यतया खर्च गरेर सिद्धयाउने प्रवृत्ति देखिन्छ। बजेट तर्जुमाको अवस्थामा प्रत्येक खर्चको औचित्यको सही मूल्यांकन गर्न सकिएन भने अनावश्यक काम वा प्रयोजनमा खर्च हुनजाने हुन्छ। अर्कोतिर शीरोभार खर्चलाई सीमित राख्न बजेट छलफलका वेला एकमुष्ट कटौती गरिएमा बजेट माग गर्ने एकाइहरुबाट बजेट पाउन सकिने प्रयोजनहरुका लागि बढी बजेट प्रस्ताव गर्ने र पछि आफूलाई खर्च गर्न सजिलो हुने वा चाहना हुने रकम शीर्षकहरुमा

रकमान्तर गराइ खर्च गर्ने प्रवृत्ति पनि देखिन्छ। बजेट तर्जुमाका वखत यी कमजोरीहरु सच्याउन वैज्ञानिक पद्धति अवलम्वन गर्न सकिएको छैन ।

संसदबाट बजेट स्वीकृति हुँदासम्म आर्थिक वर्षको तीनदेखि चार महिनासम्म व्यतीत भैसक्ने हुँदा त्यस अवधिमा पेश्की खर्च ऐनको अधिनमा खर्च गर्ने परिपाटी हाल कायम छ। यसले गर्दा संसदले विनियोजन ऐनमा स्वीकृति नदिएको शीर्षक वा कार्यक्रममा पनि खर्च हुन सक्ने सम्भावना रहन्छ। बजेट स्वीकृत भैसकेपछि अख्तियारी प्रदान गर्ने अधिकारवालाहरुबाट सर्जिमिन तहमा समयमै अख्तियारी नदिइने, वर्षको अन्तिमतिर आएर हतार हतारमा अख्तियारीहरु पठाइने गर्नाले एकातिर नगद प्रवाहमा वर्षको अन्त्यमा बढी चाप पर्ने गरेको छ भने अर्कोतिर नियम पुर्‍याएर खर्च गर्न नसक्ने र लेखांकनमा पनि त्रुटिहरु रहने गरेको पाइएको छ ।

खर्च गर्ने प्रक्रियामा स्पष्टता र एकरुपता ल्याउन नसकिएकाले खासगरी विकास निर्माणका काममा टेण्डर स्वीकृति समयमै हुन नसक्ने, ठेक्का स्वीकृत भैसकेपछि पनि निर्माणकार्य संचालनमा वाधा आउने गरेको पाइएको छ। खर्चको लेखांकन पद्धतिको विकास करिव चालिस वर्ष अघि गरिएको थियो जुन छिटपुट सुधारसहित हालसम्म प्रचलनमा छ। यस प्रणालीअन्तर्गत पेश्कीलाई खर्च मानिने गर्नाले खर्चको सही प्रतिवेदन हुन नसक्ने अवस्था छ। स्रोतगत लेखांकन गर्ने क्षमता विकास नभैसकेकाले दातृ संस्थाहरुको आवश्यकताअनुसारको वित्तीय प्रतिवेदनहरु समयमै तयार हुन सक्दैन। फलतः दातृ संस्थाबाट सोधभर्ना प्राप्त गर्ने गरी सरकारी कोषबाट निकासा गरिएको रकमको सोधभर्ना प्राप्त गर्न ढिलाइ हुने गरेको छ। कतिपय अवस्थामा सोधभर्ना प्राप्त गर्न नसकेर निकै वर्षसम्म वक्यौता रहने गरेको छ। बहुकार्यक्रम संचालन गर्ने निकायहरुको हकमा वर्तमान लेखा प्रणाली कार्यक्रमगत खर्चको प्रतिवेदन गर्न पनि सक्षम छैन ।

खर्च गर्ने, लेखांकन र प्रतिवेदन गर्ने प्रणाली उपयुक्त नभएको कारण दर्शाइ धेरै दातृ संस्थाहरुमा वस्तुगत सहायता दिने, सिधै भुक्तानी गर्ने वा सिधै खर्च गर्ने प्रवृत्ति वढ्दै गएको छ। यसरी भएको खर्चको यथार्थ विवरण श्री ५ को सरकारको केन्द्रीय लेखामा समावेश गराउन झनै कठिन भएको छ। यति मात्र होइन, यो परिपाटीले गर्दा त्यस्तो खर्चबाट खरिद हुन गएका जिन्सी सामानको अभिलेखांकनमा नियन्त्रण हुन नसकी दुरुपयोगलाई प्रश्रय मिल्न गएको देखिएको छ।

सरकारी स्रोतबाटै खरिद गरिएका खप्ने जिन्सी सामान तथा सरकारी स्वामित्वका सम्पत्तिको समुचित नियन्त्रण व्यवस्था गर्न नसकिएकाले मरम्मतमा खर्च बढाउँदै लैजाने वा पुरानो भएको सम्पत्ति सामानलाई त्यत्तिकै छोडी नयाँ खरिद गर्ने प्रवृत्ति वढेको छ ।

सरकारी कोषबाट पेश्की दिन सजिलो तर असुल गर्न अप्ठेरो पर्ने प्रणाली रहेको छ। यसले गर्दा वर्षेनी पेश्की वाँकी रकम वढ्दो छ ।

वित्तीय सूचना प्रणालीमा समसामयिक सुधार ल्याई उन्नत सूचना प्रविधिको प्रयोग गरिएको भए तापनि मानवीय तथा भौतिक पूर्वाधारसँग सम्वन्धित समस्याका कारण अर्थ मन्त्रालयलाई नगद प्रवाह आफ्नो नियन्त्रणमा राख्न आवश्यक पर्ने वित्तीय सूचनाहरु समयमा प्राप्त हुन सक्दैन। सरकारको केन्द्रीय लेखा एकीकृत गरी प्रतिवेदन तयार गर्न आर्थिक वर्ष सकिएपछि सातदेखि दश महिनासम्म लाग्ने गरेको छ। ३५०० भन्दा बढी कार्यालयहरुले सरकारी कोषबाट रकम प्राप्त गरी खर्च गर्ने, खर्च गरिएका रकमहरु ७५०० भन्दा बढी वैंक खाताबाट भुक्तानी हुने र सरकारी राजस्व संकलनका लागि करिब ९००० वैंक खाता रहेकोले वित्तीय विवरणहरु समयमा तयार गरी हिसाव मिलान गर्ने कार्य अत्यन्त जटिल हुन गएको छ। लेखापरीक्षण प्रतिको व्यवस्थापकीय धारणा सकारात्मक रहेको पाइएको छैन। आन्तरिक लेखापरीक्षणलाई गम्भीरतापूर्वक लिइएको पाइँदैन भने अन्तिम लेखापरीक्षणले औल्याएका त्रुटिहरु पनि सुधार्न ध्यान नदिइने गरेको कुरा समान प्रकृतिका वेरुजु वर्षेनी देखिदै जानुबाट प्रष्ट हुन्छ ।

४. दीर्घकालीन अवधारणा

समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धिदरमा सकारात्मक योगदान पुर्‍याउने दिशामा सरकारी खर्च व्यवस्थापन केन्द्रित हुनुपर्दछ । सरकारी खर्च र त्यस्को व्यवस्थापनका मूलभूत सिद्धान्तहरुलाई निरन्तरता दिइएमा समष्टिगत आर्थिक स्थायित्वमा कुनै विचलन आउँदैन । यसैलाई दृष्टिगत गरी नवौं योजनामा सरकारी खर्च व्यवस्थापनको नीतिगत खाका तयार गर्दा निम्नवमोजिम दीर्घकालीन अवधारणा लिइएको छ ।

- सरकारले गर्ने साधारण खर्चबाट शान्ति सुरक्षा, नियमन (regulatory function), सामाजिक सुरक्षा, वैदेशिक सम्वन्ध र सूचना संग्रह तथा वितरण जस्ता सेवाहरु प्रदान गरिनेछ । यस्ता सेवाहरु प्रदान गर्ने सरकारी संरचनामा अनावश्यक विस्तार हुन नदिन सदैव सचेत रही कम खर्चमा उच्चस्तरको सेवा उपलव्ध गराउन सरकार प्रयत्नरत रहनेछ ।

- अनावश्यक शिरोभार खर्चलाई कटौती गरी साधारण खर्चलाई कुल गार्हस्थ्य उत्पादनको ६ प्रतिशतमा वद्न दिइने छैन ।

- सरकारले गर्ने विकास खर्चलाई निजी उद्यम र लगानीमा वढोत्तरी ल्याउने दिशातर्फ केन्द्रित गरिनेछ । पूर्वाधार निर्माण र सम्भार जस्ता आयोजनाहरुको विस्तृत अध्ययनसहितको सूची (project inventory) तयार गरी लाभ लागतको आधारमा क्रमैसँग आयोजनाहरुको चयन गर्ने परिपाटीको अवलम्वन गरिने छ ।

- बजार संयन्त्रको स्वतन्त्र र स्वःस्फूर्त संचालनमा कानुनी प्रावधानहरुको नियमन र संरक्षण (regulation and policing) वाहेक मूल्य अनुदानको माध्यमबाट सरकारले हस्तक्षेप गर्ने छैन ।

- आर्थिक अनुशासन सुनिश्चित गर्न र खर्चको उपयोगिता वृद्धि गर्न व्यवस्थापकीय अनुगमन तथा लेखापरीक्षणलाई स्तरयुक्त गराउँदै लगी लेखांकन सूचना प्रणाली (accounting information system) लाई छिटो र उद्देश्यमूलक तुल्याइनेछ ।

नवौं योजना :

५. उद्देश्य

अनुत्पादक र फजुल खर्चमा नियन्त्रण गर्दै सरकारी स्रोत र साधनलाई योजनाको प्राथमिकता क्षेत्रमा आवश्यक परिमाण र समयमा प्रवाह गरी सरकारी खर्चको उच्च प्रतिफल प्राप्त गर्नु सरकारी खर्च व्यवस्थापनको मूल उद्देश्य हुनेछ । यस उद्देश्यअन्तर्गत देहायका सहायक उद्देश्यहरु रहेका छन् ।

- अधिक लाभ लागत अनुपात भएका कार्यक्रमहरुको चयन गरिने प्रणाली स्थापित गर्ने ।
- खर्चको प्रभावकारितामा वृद्धि गरी अनियमित खर्चको परिमाणमा कमी ल्याउने ।
- सरकारी कार्यक्रममा दातृ संस्थाहरुबाट गरिने सिधै खर्चलाई बजेटको परिधिभित्र ल्याएर पारदर्शी र लेखा परीक्षणभागी तुल्याउने ।
- वहुपक्षीय आवश्यकता परिपूर्ति हुने प्रभावकारी वित्तीय/लेखा सूचना प्रणालीलाई क्रियाशील गराउने ।
- सरकारी स्वामित्वका खप्ने सामान तथा सम्पत्तिको उपयोगितामा वृद्धि गर्ने ।

६. नीति तथा कार्यनीत

- नवौं योजनामा परिकल्पना गरिएको सरकारको भूमिका पुरा गर्न आवश्यक न्यूनतम सरकारी संरचनाभन्दा बढी देखिएका कार्यालय/निकायहरुलाई खारेज, समायोजन वा एकीकृत गरिनेछ ।
- ग्रामीणस्तर, जिल्लास्तर, क्षेत्रस्तर र केन्द्रस्तरमा रहने सरकारी कार्यालय संचालनको लागि चाहिने वार्षिक न्यूनतम कार्यालय संचालन खर्चको मापदण्ड तयार गरी त्योभन्दा कम नहुने गरी बजेट स्वीकृत गर्ने प्रणाली लागू गरिनेछ ।
- कार्यक्रम खर्चको लागि बजेट तर्जुमा गर्न र खर्चको मूल्यांकन गर्न कार्य एकाइअनुसार खर्चको मापदण्ड (norms) तयार गरी क्रमिक रुपमा लागू गरिनेछ ।
- सरकारी खर्चको लागि नेपाल राष्ट्रबैंकबाट लिइने अधिविकर्ष कर्जाको रकम कुनै वखत पनि एक अर्ब रुपैयाँभन्दा बढी हुन दिइने छैन ।
- प्रत्येक मन्त्रालयलाई आफ्नो कार्यक्षेत्रभित्रका सम्भाव्य आयोजनाहरुको सूची तयार गर्न लगाइ अधिक लाभ लागत अनुपात भएका आयोजनाहरुको चयन गरी कार्यान्वयन गर्न लगाइनेछ ।
- सुरु गरिएका आयोजनाहरुलाई आयोजना अवधिभर आवश्यक बजेटको कमी हुन नदिन विकास बजेट तर्जुमा गर्दा त्रिवर्षीय चक्र प्रणाली अवलम्वन गरिनेछ ।
- समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै लक्षित आर्थिक वृद्धिदर हासिल गर्न उपलव्ध स्रोतको त्रिवर्षीय क्षेत्रगत वाँडफाँट राष्ट्रिय योजना आयोगले गर्नेछ ।
- मूल्य अनुदान दिने कार्य नवौं योजनाको अन्त्यसम्ममा बन्द गरिनेछ ।
- सरकारी संस्थानहरुको थप पुँजी आवश्यकतालाई पुँजी बजारबाट उठाइ पूर्ति गर्न लगाइनेछ । यसो गर्न नसक्ने संस्थानहरुमा सरकारले थप लगानी नगरी ती सस्थाहरुको निजीकरण गरिनेछ ।
- आर्थिक वर्ष सुरु हुनुअघि संसदबाट बजेट पारित भइ आर्थिक वर्ष सुरु हुनेवित्तिकै तल्लो तहसम्म खर्चको अख्तियारी पुग्ने व्यवस्था गरिनेछ ।
- साधारण खर्चहरुको भुक्तानी(पूर्व(परीक्षण गरी गर्ने व्यवस्था मिलाइनेछ र भुक्तानी एवं लेखांकन केन्द्रहरुको संख्या घटाइनेछ ।
- पचास लाख रुपैयाँभन्दा बढी पर्ने निर्माण वा खरिद कार्यको लागत प्रभावकारिताको आधार लिइ सिर्जित वा प्राप्त सम्पत्तिको भौतिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- सरकारी लेखा नीति, प्रणाली तथा कार्यविधिमा पुनरावलोकन गरी वहुपक्षीय वित्तीय सूचनाको आवश्यकता परिपूर्ति हुने किसिमको स्पष्ट र सरल लेखा प्रणाली प्रचलनमा ल्याइनेछ । श्री ५ को सरकारको केन्द्रीय आर्थिक विवरणहरु आर्थिक वर्ष सकिएपछिको पाँच महिनाभित्र तयार गरी लेखापरीक्षणको प्रतिवेदनसहित संसदको हिउँदे अधिवेशनमा पेश गर्ने व्यवस्था मिलाइनेछ ।
- सरकारी निकायहरुले प्रयोग गर्ने जिन्सी तथा सम्पत्ति सामानको आयु वर्गीकरण गरी वार्षिक मरम्मत सम्भार खर्चको मापदण्डअनुसार बजेट व्यवस्था गरिनेछ । मापदण्डभन्दा बढी मरम्मत खर्च लाग्ने तथा आयु पुगिसकेका जिन्सी तथा सम्पत्ति सामान लिलाम गरिनेछ । लिलाम नगरेसम्म नयाँ खरिद गर्न बजेट प्रदान गरिने छैन र मरम्मतको लागि पनि बजेट दिइनेछैन ।

- वस्तुगत सहायता तथा सिधै भुक्तानी गरी दातृ संस्थाबाट प्राप्त हुने जिन्सी तथा सम्पत्ति सामानको अभिलेख दुरुस्त गराउन दातृ संस्थाले सामान हस्तान्तरण गरेपछि सामानको विवरणसहितको जानकारी सामान प्राप्त गर्ने कार्यालय रहेको जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको विभागलाई दिनुपर्ने व्यवस्था गरिनेछ ।

- सरकारी कार्यक्रममा दातृ संस्थाहरुबाट सिधै खर्च गर्ने र त्यसबाट प्राप्त उपलब्धिको कुनै उत्तरदायित्व वहन गर्नुपर्ने परिपाटीको अन्त्य गरी आर्थिक कारोवारमा पारदर्शिता लयउने र दोहोरो खर्च हुने सम्भावनाको अन्त्य गर्न र खर्च तथा भौतिक उपलब्धिको लेखापरीक्षण गराउन सरकारलाई प्राप्त हुने सम्पूर्ण वैदेशिक सहायतालाई बजेटको परिधिभित्र ल्याइनेछ ।

७ कार्यक्रम :

<u>बजेट तर्जुमा तथा स्वीकृति</u>

- विकास बजेट तर्जुमाका लागि राष्ट्रिय योजना आयोगले स्रोत उपलब्धिको आँकलन गरी विकास क्षेत्रगत विभाजन गरी प्रत्येक मन्त्रालयलाई त्रिवर्षीय बजेट सीमांक उपलब्ध गराउने छ । आफुलाई प्राप्त सीमाभित्र रही मन्त्रालयले आयोजना, जिल्ला वा एकाइ कार्यालयहरुलाई बजेट सीमांकको जानकारी गराउनेछ ।
- प्रत्येक सरकारी कार्यालय संचालनको लागि न्यूनतम कार्यालय संचालन खर्चको मापदण्ड अर्थ मन्त्रालयले तयार गर्नेछ । यस्तो मापदण्ड कर्मचारी संख्याको हिसावले जिल्लागत रुपमा तयार गरिनेछ । यस्तो मापदण्ड तयार गरेपछि प्रत्येक तीन वर्षमा अर्थ मन्त्रालयले मापदण्ड पुनरावलोकन गर्नेछ । यसैगरी कार्यक्रम खर्चको लागि पनि कार्यएकाइगत मापदण्ड पनि क्रमिक रुपमा तयार गरी अर्थ मन्त्रालयले प्रचलनमा ल्याउनेछ ।
- खर्चको मापदण्ड तथा बजेट सीमांकको अधिनमा रही आयोजना, जिल्ला वा एकाइ कार्यालयहरुले प्रत्येक वर्षको मंसिर मसान्तभित्र आ-आफ्नो त्रिवर्षीय बजेट बनाइ तालुक मन्त्रालयमा पठाउनेछन् । मन्त्रालयहरुले पुस मसान्तभित्र सवै एकाइहरुको बजेट एकीकरण गरी एकीकृत बजेट तयार गर्नेछन् । यसरी तयार गरिएको बजेट अर्थ मन्त्रालयको बजेट महाशाखा र राष्ट्रिय योजना आयोगको संयुक्त टोलीसमक्ष पेश गरी छलफल गरिनेछ । खर्चको मापदण्ड तथा बजेट सीमांक नघाइ प्रस्ताव गरिएका बजेट रकमहरुमा मात्र छलफल केन्द्रित हुनेछ । फागुन मसान्तसम्ममा छलफल टुङ्गयाइ अर्थ मन्त्रालयले चैतको पन्ध्र गतेसम्ममा आगामी वर्षको लागि बजेटको अन्तिम खाका तयार गर्नेछ ।
- संसदको बजेट अधिवेशनलाई वैशाखको पहिलो हप्तामा वस्ने व्यवस्था मिलाइ वैशाखको दोश्रो हप्तामा आगामी वर्षका लागि बजेट पेश गर्ने र असार मसान्तसम्ममा संसदबाट बजेट पारित भइ साउनको पहिलो हप्ताभित्रमा सवै खर्च गर्ने निकायहरुमा खर्चको अख्तियारी पुग्ने व्यवस्था गर्न प्रयास गरिनेछ ।
- विकास बजेट प्रस्ताव तयार गर्दा प्रत्येक मन्त्रालयले आफूसँग भएका आयोजना/ कार्यक्रमहरुको सूचीबाट लाभ लागतको विश्लेषण गरी उच्च लाभ लागत अनुपात भएको आयोजनाहरुको प्राथमिकताअनुरुप प्रस्ताव गरिएको छ भन्ने पुष्ट्याइ अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । मन्त्रालयहरुले आयोजन कार्यक्रमहरुको सूचीलाई निरन्तर रुपमा अद्यावधिक गराइराख्नु पर्नेछ ।
- त्रिवर्षीय चक्र प्रणालीको आधारमा पहिलो वर्षको बजेट स्वीकृत भइ कार्यान्वयन भैसकेपछि तीन वर्षमध्येको दोस्रो र तेस्रो वर्षमा विकास बजेटतर्फको सीमांक परिवर्तन गर्नुपर्ने भएमा परिवर्तन गरी सोको जानकारी राष्ट्रिय योजना आयोगले असोज मसान्तभित्र प्रत्येक मन्त्रालयलाई उपलब्ध गराउनेछ । यसरी संशोधन प्राप्त भएको कारणले वा नयाँ आवश्यकताका कारणले त्रिवर्षीय बजेटमा पूर्व प्रस्तावित रकममा हेरफेर गर्नुपर्ने बजेट रकमहरुको विवरण मात्र मन्त्रालयहरुले अर्थ मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ र सोमा मात्र छलफल केन्द्रित हुनेछ । हेरफेर गर्नुनपर्ने

बजेट रकमहरुको हकमा त्रिवर्षीय बजेटसम्वन्धित वर्षको लागि प्रस्ताव गरिएअनुसारकै रकम रहनेछ ।

बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापन

- खर्च गर्ने निकायहरुलाई राष्ट्रिय योजना आयोगबाट स्वीकृत कार्यक्रमसहित खर्चको अख्तियारी साउनको पहिलो हप्तासम्म पुग्ने व्यवस्था मिलाइसकेपछि मन्त्रालयहरुमा अवण्डाको रुपमा राखिएको बजेट (unallocated amount) को वाँडफाँट मंसिर मसान्तसम्ममा गरी सम्पूर्ण बजेटको अख्तियारी अनिवार्यरुपमा खर्च गर्ने निकायमा पुर्‍याउने व्यवस्था गरिनेछ ।
- निर्माण वा आर्जन (procurement) कार्यका लागि वोलपत्र आव्हान गरी मूल्यांकन गर्ने, ठेकेदार छनौट गर्ने कार्य कात्तिक मसान्तसम्म टुङ्गयाउनु पर्नेछ ।
- मूल रकम शीर्षकभित्र एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर गर्ने अधिकार कार्यालय प्रमुखलाई दिइनेछ ।
- आर्थिक वर्षको अन्तमा कुनै किसिमको खर्च रकम भुक्तानी वाँकी राख्न र म्याद नाघेको पेश्की वाँकी राख्न दिइने छैन ।
- एक बजेट शीर्षकबाट अर्को बजेट शीर्षक वा एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा थप हुने बजेट शीर्षक वा उपशीर्षकको दश प्रतिशतसम्म मात्र रकमान्तर गर्न पाइने र यस्तो रकमान्तर अर्थ मन्त्रालयको सहमति लिइ सम्वन्धित मन्त्रालयले प्रत्येक वर्षको जेठ मसान्तभित्र गरिसक्नु पर्ने गरिनेछ । विकास बजेटको हकमा राष्ट्रिय योजना आयोगको पनि सहमति आवश्यक पर्नेछ । जेठ मसान्तपछि कुनै पनि किसिमको रकमान्तर गर्न दिइनेछैन ।
- साधारण खर्च गर्ने कार्यालयहरुको खर्चको पूर्वपरीक्षण (pre-audit) गरी कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट भुक्तानी गर्ने प्रणाली क्रमिक रुपमा अपनाइँदै लगिनेछ । साधारण खर्च भुक्तानीको अनुभवको आधारमा प्रणालीगत परिमार्जन गरी विकास खर्चको हकमा पनि पूर्वपरीक्षण गरी केन्द्रीकृत भुक्तानी गर्ने प्रणाली अवलम्वन गरिनेछ ।
- पूर्वपरीक्षण गरी केन्द्रीकृत भुक्तानी गर्ने प्रणाली लागू नगरिउञ्जेल हाल प्रचलनमा रहेको खर्चको आधारमा सोधभर्ना निकासा दिने प्रणाली यथावत संचालन गरिनेछ । प्राथमिकताप्राप्त आयोजनहरुको हकमा सोधभर्ना प्राप्त रकमले तत्काल गर्नुपर्ने खर्चलाई नपुग हुने भएमा आयोजना प्रमुखको माग वमोजिमको रकम चालू कोषमा निकासा दिइनेछ ।
- प्रत्येक वर्षको असार २५ गतेपछि केन्द्रीय सरकार खाताबाट रकम निकासा दिइनेछैन । खर्च नभएर वाँकी रहेको रकम असार २८ गतेसम्ममा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ । असार मसान्तको दिनमा कुनै पनि आर्थिक कारोवार नगरी यसलाई हिसाव मिलान दिनको रुपमा लिइनेछ ।
- खर्च गर्ने तरिकामा एकरुपता ल्याउन प्रत्येक खर्च शीर्षकबाट खर्च गर्ने तरिकासम्बन्धी निर्देशिका बनाइ जारी गरिनेछ । विद्यमान निर्माण, वस्तु तथा सेवा आर्जनसम्बन्धी निर्देशिकाहरुलाई परिमार्जन गर्दै लगिनेछ ।
- रुजुलाई खर्च गर्ने निर्णय र लेखांकन तथा भुक्तानी गर्ने कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्दा एउटा आधार वनाइनेछ ।

लेखांकन, सूचना प्रणाली तथा लेखा परीक्षण :

- श्री ५ को सरकारको लेखानीति तथा मापदण्ड तर्जुमा गरी तदनुरुप वर्तमान लेखा प्रणालीमा सुधार गरिनेछ । यसरी सुधार गर्दा लेखाले प्रत्येक वर्षको खुद आर्जित राजस्व र खुद खर्च देखाउन सक्ने गराइनेछ । लेखा प्रणाली तर्जुमा गर्दा आन्तरिक नियन्त्रण प्रभावकारी हुनुपर्ने कुरामा ध्यान दिइनेछ । लेखा प्रणालीलाई कार्यक्रमगत रुपमा खर्चको प्रतिवेदन गर्न सक्ने गरी विकास गरिनेछ ।

- दातृ संस्थाबाट हुने सिधै भुक्तानी तथा वस्तुगत सहायताका रकमको जानकारी दातृ संस्थाबाट महालेखा नियन्त्रक कायालयमा अनिवार्य रुपमा प्राप्त हुनुपर्ने व्यवस्था मिलाइनेछ । सरकारी कार्यक्रममा दातृ संस्थाहरुले गर्ने सम्पूर्ण खर्चहरुलाई बजेटको परिधिभित्र ल्याइनेछ ।
- श्री ५ को सरकारको केन्द्रीय आर्थिक विवरण प्रत्येक वर्षको मंसीर मसान्तभित्र तयार हुनेगरी वित्तीय सूचना प्रणालीलाई सुव्यवस्थित गरिनेछ । हाल असार मसान्त वा सोभन्दा अघि जारी भएका चेकहरु अर्को आर्थिक वर्षको कात्तिक मसान्तसम्म बैंकबाट भजाउन सकिने व्यवस्थालाई हटाइ असार मसान्तपछि एक महिनाभित्र भजाइसक्नुपर्ने व्यवस्था गरिनेछ । लेखांकन सूचना प्रणालीलाई नियमित र भरपर्दो तुल्याउन कम्प्युटर प्रविधिको प्रयोग बढाउँदै लगी खर्चको अद्यावधिक विवरण तत्काल प्राप्त हुनेगरी महालेखा नियनत्रक कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगबीच नेटवर्क सम्पर्क कायम गरिनेछ ।
- आन्तरिक लेखापरीक्षणले खर्चको नियमितता र गणितीय शुद्धता हेर्ने र अन्तिम लेखापरीक्षणले यी विषयहरुको छनौट परीक्षण मात्र गरी मूलतः कार्यमूलक तथा भौतिक परीक्षणमा जोड दिनुपर्ने व्यवस्था गरिनेछ ।
- आन्तरिक लेखा परीक्षणले देखाएका बेरुजू आर्थिक वर्षभित्रै अनिवार्य रुपमा फछर्यौट गर्नुपर्ने र नगरेमा त्यस्तो कार्यालयलाई अर्को आर्थिक वर्षमा प्राप्त हुने बजेटबाट बेरुजू बराबरको रकम कट्टा गरी बाँकी रकममात्र निकासा दिने व्यवस्था गरिनेछ ।
- कार्यमूलक तथा भौतिक लेखापरीक्षण गर्न सक्षम तुल्याउन महालेखा परीक्षकको विभागमा प्राविधिक कर्मचारीहरु समेत राखिनेछ । ठूला आयोजनाहरुको हकमा कार्यसंचालन हुँदाकै अवस्थामा महालेखा परीक्षकको विभागबाट प्रविधिक तथा लेखा विशेषज्ञहरुको टोलीले अनिवार्यरुपमा लागत उपलब्धिको आधारमा भौतिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- भौतिक परीक्षणबाट कुनै कमजोरी औंल्याएकोमा त्यस्तो नसच्याउने निर्माण व्यवसायीलाई कालो सूचीमा राखी सार्वजनिक गरिनेछ र सम्बद्ध सरकारी कर्मचारीलाई महालेखा परीक्षकले सिफरिश गरेअनुसारको सजाय दिने गरी निजामती वा अन्य सेवा ऐनमा व्यवस्था गरिनेछ ।

विविध :

- श्री ५ को सरकारले उपयोग गर्ने जिन्सी सामानहरुको वैज्ञानिक वर्गीकरण गरी गुणस्तर तथा एकरुपता कायम गर्न खरिद प्रक्रियामा सुधार गरिनेछ । यसका लागि श्री ५ को सरकारको केन्द्रीय सेवा विभागलाई सक्रिय तुल्याइनेछ । सरकारले उपभोग गर्ने कागज, मसी, कलम, कार्यालय सामानहरु आदिका लागि स्वीकार्य ब्राण्ड वा उत्पादनहरुको सूचीसहित ती वस्तुहरु एक वर्षका लागि निर्धारित मोलमा विभिन्न स्थानमा आपूर्ति गर्न सक्ने आपूर्तिकर्ताहरुको सूची खुला प्रतिस्पर्द्धाको आधारमा तयार गरी प्रकाशित गरिनेछ र त्यस्ता सामान सूचीकृत विक्रेताबाट सूचीकृत मूल्यमा खरिद गर्दा कोटेशन वा बोलपत्र माग गर्नुपर्ने छैन । यसबाट खरिदपूर्व लाग्ने प्रशासनिक खर्च र अनियमितता घट्नेछ भने सरकारी कार्यालयहरुमा सामानहरुमा एकरुपता आइ खासगरी खप्ने सामानहरुको मरम्मत खर्च पनि घटाउन सकिनेछ ।
- सरकारले प्रयोग गर्ने जग्गा, भवन बाहेकका एक वर्ष भन्दा बढी आयु भएका जिन्सी तथा सम्पत्ति सामानहरुलाई क्रमशः तीन, पाँच, आठ र दश वर्षे आयु वर्गहरुमा वर्गीकरण गरी आयु समाप्तिपछि थप मरम्मत नगरी लिलाम विक्री वा अन्य तरिकाले हटाएर मात्र नयाँ सामान खरिद गरिनेछ । भवनको हकमा प्रत्येक दश वर्षमा विस्तृत मरम्मत गर्ने गरी बजेट प्रावधान गरिनेछ ।
- खर्च भएर जाने तर निर्धारित समयावधि भएका सामानहरु जस्तै औषधी /विषादीको समय गुज्रने मितिअनुसार भण्डार गर्ने व्यवस्था मिलाइ समय गुज्रनुअघि उपयोग गरिसक्ने, उपयोग गर्न नसके आपूर्तिकर्तासँग गरिएको करार मुताविक फिर्ता गर्ने वा त्यस्तो करार नभए मिति गुज्रेको पन्ध्र दिनभित्र वातावरणीय दुष्प्रभाव नपर्ने किसिमले नष्ट गरिनेछ ।

५.३ मुद्रा, बैंकिंग, वित्तीय संस्था र मूल्य

१. पृष्ठभूमि

नेपालले सन् १९८० को दशकको उत्तरार्द्धदेखि नै वित्तीय क्षेत्रमा उदार नीति अवलम्वन गर्दै आएको छ । व्याज दर निर्धारणमा वाणिज्य बैंकहरुलाई स्वतन्त्रता, विदेशी बैंकहरुको संयुक्त लगानीमा निजी क्षेत्रमा वाणिज्य बैंकहरुको स्थापना, वित्त कम्पनी ऐनको व्यवस्था पछि नयाँ वित्त कम्पनीहरुको स्थापना, वाणिज्य बैंकहरुलाई लगानी व्यवस्थापन गर्ने स्वतन्त्रता, विकास बैंक ऐनको व्यवस्था पछि नयाँ विकास बैंकहरुको स्थापना, सहकारी संस्थाहरुलाई बैंकिंग कारोवार गर्ने स्वीकृतिजस्ता कुराहरुबाट सन् १९९० को दशकको पूर्वार्द्धमा आइपुग्दा देशमा वित्तीय संस्थाहरुको स्थापनामा व्यापक विस्तार भैसकेको छ । त्यस्तै मौद्रिक नीतिको कार्यान्वयनमा अप्रत्यक्ष उपकरणहरुको प्रयोग, ऋणपत्रको दोस्रो बजारको विकास र विदेशी विनिमयको क्षेत्रमा भएका सुधारहरुले देशको वित्तीय प्रगाढता बढाउन मद्दत पुगेको छ । वित्तीय क्षेत्रबाट आठौं योजनाको अन्त्यसम्ममा रु ८० अर्बभन्दा बढी निक्षेप परिचालन भैसकेको छ । तथापि उदार वित्तीय प्रणालीमा वित्तीय कारोवारलाई सूक्ष्म निरीक्षण र अनुगमन गर्न नसक्दा वित्तीय प्रणालीमा संकट सिर्जना हुन सक्ने हुदा सोको निवारणका लागि मौद्रिक अधिकारी चनाखो भइराख्नुपर्ने अवस्था विद्यमान छ । त्यस्तै बजेट घाटा पूर्ति गर्न श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकबाट बढी कर्जा उपयोग गर्दा मौद्रिक नियन्त्रण कायम हुन नसकी देशको आन्तरिक र वाह्य स्थायित्वमा असर पर्न सक्ने हुँदा बजेट घाटालाई नै सन्तुलनमा राख्न सक्नु प्रभावकारी मौद्रिक नीति कार्यान्वयनका लागि पूर्व सर्तको रुपमा देखापरेको छ ।

२. आठौं योजनाको प्रगति

आठौं योजनाले संकुचित मुद्रा प्रदायको वृद्धिदर १३ प्रतिशत हुने अनुमान गरेको थियो भने बैंकिंग क्षेत्रबाट निजी क्षेत्रलाई जाने कर्जा २७ प्रतिशतले बढ्ने अनुमान थियो । योजना अवधिमा संकुचित मुद्रा प्रदायको बृद्धिदर औसत १४.६ प्रतिशत रही योजनाले लक्ष्य गरेभन्दा केही उच्च रहन पुग्यो । उच्च मौद्रिक बिस्तार हुनमा योजनाको पूर्वार्द्धमा ठूलो शोधनान्तर बचतको कारणले बढ्न गएको खुद वैदेशिक सम्पत्ति मुख्य कारण हुन गयो भने योजनाको उत्तरार्द्धमा श्री ५ को सरकारले बजेट घाटा पूर्ति गर्न बैंकिंग क्षेत्रबाट ठूलो परिमाणको कर्जा उपयोग गर्नु नै मौद्रिक बिस्तारको मुख्य कारण हुनगयो । बैंकिंग क्षेत्रबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा भने योजना अवधिमा वार्षिक औसत २७.८ प्रतिशतले वृद्धि भइ योजनाको लक्ष्यभन्दा उच्चदरले वृद्धि हुन गयो । तर यस कर्जाको ठूलो अंश आयात व्यापारतर्फ केन्द्रित रहन गएकोले यो कर्जा प्रवाहबाट देशको व्यापार र चालू खाता घाटामा प्रतिकुल प्रभाव पर्न गयो । योजनाको उत्तरार्द्धमा मौद्रिक बिस्तारमा नियन्त्रण हासिल भएकोले यसबाट मूल्य स्थितिमा भने केही सुधार हुन सक्यो ।

आठौं योजनामा सरकारी क्षेत्रलाई जाने कर्जा वार्षिक ९ प्रतिशतले बढ्यो भने विगतका योजनाहरुको तुलनामा आठौं योजनामा सरकारी संस्थानहरुले बैंकिंग क्षेत्रबाट ऋण लिने प्रवृत्तिमा केही कमी आयो । योजना अवधिमा सरकारी संस्थानहरुलाई जाने कर्जा वार्षिक ३.८ प्रतिशतले बढेकोमा वित्तीय संस्थाहरुलाई जाने कर्जा १८.३ प्रतिशतले बढ्यो भने गैरवित्तीय संस्थानलाई जाने कर्जामा भने ४.८ प्रतिशतले ह्रास आयो । केही संस्थानहरुले बैंकिंग क्षेत्रको ऋण चुक्ता गरे भने सरकारी जमानतमा बैंकहरुले सरकारी संस्थानहरुलाई प्रवाहित गरेको र भाका नाघेको ऋणको भुक्तानी पनि श्री ५ को सरकारले गऱ्यो । यसका कारण योजना अवधिमा गैरसरकारी संस्थानहरुलाई जाने कर्जा औसत ०.५ प्रतिशतले घट्यो ।

आठौं योजना अवधिमा निक्षेप औसत २० प्रतिशतका दरले वृद्धि भयो । यसबीच देशमा गैरबैंक, वित्तीय संस्थाहरु स्थापना भई निक्षेप परिचालनमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना भएतापनि वाणिज्य बैंकहरुबाट परिचालन भएको यो निक्षेप उल्लेखनीय छ । संकुचित मुद्रा प्रदायको वृद्धिको तुलनामा आवधिक निक्षेपको वृद्धि उच्च रहेकोले योजना अवधिमा विस्तृत मुद्राको वृद्धिदर औसत १७.८ प्रतिशत रह्यो ।

३. विद्यमान चुनौती

देशले अवलम्वन गर्दै आएको उदार आर्थिक नीतिको पृष्ठभूमिमा वित्तीय नीति र मौद्रिक नीति पनि उदार, प्रतिस्पर्द्धात्मक वातावरण सिर्जना गर्ने, र कुशल हुनु आवश्यक छ । एकातिर उच्च आर्थिक वृद्धिदरसँगै आर्थिक स्थायित्व हासिल गर्नुपर्ने र अर्कातिर आयको वितरण र गरिबी निवारणमा समेत ध्यान केन्द्रित गर्नुपर्ने भएकोले वित्तीय तथा मौद्रिक नीतिबाट यी दुई उद्देश्य परिपूर्ति गर्न सन्तुलित कदम चाल्नु पर्ने अवस्था आएको छ। शोधनान्तर घाटा, विदेशी विनिमय संचितिमा ह्रास, उच्च मूल्य वृद्धि, र बढ्दो सरकारी वित्त घाटाले जन्माएको आर्थिक अस्थायित्वलाई सुधार गर्न नै सातौं योजनाको सुरुदेखि संरचनात्मक समायोजन कार्यक्रम अवलम्वन गरी मौद्रिक नीतिलाई आर्थिक स्थायित्व हासिल गर्ने एक उपायको रुपमा कार्यान्वयन गरिएअनुरुप आठौं योजनाको पूर्वार्द्धसम्म देशले शोधनान्तर घाटा व्यहोर्नु परेन ।

तर आठौं योजनाको उत्तरार्द्धमा भने अर्थतन्त्रमा अस्थायित्वको संकेत पुनः देखा पर्न थाल्यो । २०५१।५२ र २०५२।५३ मा भुक्तानी सन्तुलनमा घाटा देखियो । २०५३।५४ मा भने यसमा उल्लेख्य सुधार हुन सकेको छ । यद्यपि देशको विद्यमान विदेशी मुद्रा संचिति २०५३।५४ को अन्त्यसम्ममा देशको ६ महिनाको आयात धान्न सक्ने स्तरमा रहेको छ, तर शोधनान्तर बचत कायम गर्न नसक्ने हो भने केही वर्षभित्रै देशको विदेशी मुद्रा संचितिको आयात धान्न सक्ने क्षमता न्यूनतम स्तरमा झर्ने कुरालाई नकार्न मिल्दैन । त्यसैले पनि नवौं योजनामा मौद्रिक नीतिको मुख्य लक्ष्य शोधनान्तर स्थितिलाई सुदृढ तुल्याउनेतर्फ केन्द्रित रहनुपर्ने अवस्था विद्यमान छ । अर्कोतिर आयको असमान वितरण कम गर्न, गरिबी निवारणलाई सघाउ पुऱ्याउन, सकारात्मक व्याजदर नीतिमार्फत बचत परिचालनमा अभिवृद्धि गर्न, कर्जाको व्याजदरलाई तल्लो स्तरमा राख्न, यथार्थ विनिमयदर (real exchange rate) लाई प्रतिस्पर्धात्मक स्तरमा राखी निर्यात प्रवर्द्धन गर्न र विदेशी लगानीका लागि निश्चितताको वातवरण सिर्जना गर्न पनि मूल्य वृद्धिदरलाई नियन्त्रणमा राख्नु अति आवश्यक छ । मूल्य वृद्धिका कारणहरु धेरै भएतापनि अधिक मुद्रा प्रदाय यसको महत्वपूर्ण कारक हो । तसर्थ मुद्रा प्रदायलाई वाञ्छित सीमाभित्र राखी मौद्रिक कारणबाट मुद्रास्फीति हुन नदिन नवौं योजनामा पनि मौद्रिक नीतिलाई मूल्य स्थिरताको एक महत्वपूर्ण उद्देश्यको रुपमा अवलम्वन गरिरहनु पर्ने आवश्यकता छ ।

नेपालले अवलम्वन गरेको उदार तथा खुला आर्थिक नीतिको सन्दर्भमा वैदेशिक व्यापार आर्थिक विकासको मेरुदण्डको रुपमा क्रमशः विकसित हुदै जाने तथ्य निर्विवाद छ । यस सन्दर्भमा निर्यातले अग्रणी भूमिका निर्वाह गर्नुपर्ने हुंदा यथार्थ विनिमयदर (real exchange rate) लाई निर्दिष्ट स्तरमा राखी निर्यात प्रतिस्पर्द्धात्मकता कायम राख्नु अति नै आवश्यक छ । यथार्थ विनिमयदरलाई वाञ्छित स्तरमा राख्न मूल्य स्थिति र प्रचलित विनिमयदरलाई प्रभावित पार्नुपर्ने हुन्छ । तसर्थ मौद्रिक नीतिले विनिमयदरलाई अधिमूल्यित (over valued) हुन नदिन विदेशी मुद्राको खुला बजार कारोवार (हस्तक्षेप) गर्ने र मूल्य नियन्त्रण गर्ने जस्ता कार्यहरु गर्नुपर्ने हुन्छ । त्यसैले क्रमशः मौद्रिक नीतिको अन्तरिम लक्ष्य मुद्रा प्रदाय नियन्त्रण गर्नेभन्दा शोधनान्तर स्थितिलाई स्वस्थ्य राखिराख्न विनिमयदरलाई निश्चित स्तरमा राख्ने लक्ष्यतर्फ पनि सोचाइ राख्नुपर्ने अवस्था सिर्जना हुँदैछ । तसर्थ नवौं योजनामा मौद्रिक व्यवस्थापनको रणनीति विनिमयदरलाई निर्यात-मैत्री (exports friendly) बनाउने हुनु पर्ने तथ्य पनि निर्विवाद छ ।

नवौं योजनाले गरिबी निवारण जस्तो गम्भीर र चुनौतीपूर्ण कार्यलाई योजनाको प्रमुख लक्ष्य मानेअनुरुप यो लक्ष्य प्राप्तिका लागि वित्तीय नीतिले समेत प्रत्यक्ष सघाउ पुऱ्याउनुपर्ने अवस्था एकातिर छ भने निर्देशित कर्जा कार्यक्रम जस्तो अनुदार मौद्रिक नीतिको उपाय आगामी वर्षहरुमा क्रमशः हटाउँदै जानुपर्ने वाध्यता पनि छ । यस परिप्रेक्ष्यमा उदार वित्तीय नीतिको मर्मलाई कुठाराघात नगरी वित्तीय प्रणालीमा प्रतिस्पर्द्धाद्वारा कुशलता अभिवृद्धि गर्दै वित्तीय साधनलाई उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा गरिबीका रेखामुनिका परिवारलाई उत्पादक साधन उपलब्ध गराइ आय आर्जनमा सघाउ पुऱ्याउने प्रकारको कर्जा नीति अवलम्वन गर्नु आवश्यक छ । तसर्थ भावी दिनहरुमा पनि प्राथमिकता क्षेत्र कर्जा कार्यक्रमलाई बढी सशक्त ढंगले अघि बढाउनुपर्ने वाध्यात्मक स्थिति छ भने विपन्नवर्ग कर्जा कार्यक्रम, ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम, शिक्षित वेरोजगार कर्जा कार्यक्रम, गरिबसँग बैंकिंग जस्ता कार्यक्रमहरुलाई पनि निरन्तरता दिनु पर्ने अवस्था छ । विकास बैंकहरुबाट यी कार्यहरु केही हदसम्म पूरा गर्न सकिने भए तापनि सीमित साधन भएका यी संस्थाहरुबाट मात्र देशको ग्रामीण तथा निम्नवर्गको कर्जाको माग पूर्ति गर्न सम्भव छैन । कृषि विकास बैंक तथा ग्रामीण विकास बैंकहरुबाट वित्तीय साधन र सेवाको सीमित परिधिको कारण समग्र ग्रामीण तथा पिछडिएका क्षेत्रको कर्जाको माग पूरा हुन नसक्ने र अर्कातिर बढी साधनसम्पन्न र पुँजीको आधार बलियो हुँदै गएका वाणिज्य बैंकहरु भने शहरी र विकसित क्षेत्रमा मात्र सीमिति हुने अवस्थाबाट देशको वित्तीय साधनको समुचित वितरण नहुने निश्चित छ । त्यसैले पनि ग्रामीण क्षेत्रमा वित्तीय सेवाको बैकल्पिक संस्थागत व्यवस्था नहुञ्जेल वाणिज्य बैंकहरुले आफ्नो निर्देशित कर्जा कार्यक्रमको दायित्वबाट पन्छिहाल्न मिल्ने देखिदैन ।

नेपालमा लगानीकर्ताहरुका गुनासाहरुमध्ये एउटा गुनासो उच्च व्याजदर पनि हो । अन्तर्राष्ट्रिय बजारको व्याजदर स्तरको तुलनामा र दक्षीण एसियाकै कतिपय मुलुकको तुलनामा समेत नेपालमा वित्तीय संस्थाहरुले कर्जामा लिने व्याजदर उच्च छ । यसका केही कारणहरु छन् : (क) मुद्रास्फीतिदर उच्च भएको संन्दर्भमा निक्षेपकर्ताहरुलाई कमसेकम मूल्य वृद्धिदर बराबर व्याज प्रदान गर्दा पनि निक्षेपका प्रचलित व्याज दर उच्च रहन जान्छ (ख) कमजोर वित्तीय व्यवस्थापन प्रणाली, उच्च अनिवार्य नगद मौज्दातको व्यवस्था, खराव ऋणको बढ्दो अनुपात, अनावश्यक साङ्गठनिक बिस्तार जस्ता कारणले सञ्चालन खर्च उच्च छ (ग) उच्च प्रचलित निक्षेप व्याजदर र उच्च सञ्चालन खर्चका कारण कर्जाको व्याजदर पनि उच्च छ । यसले गर्दा बैंक कर्जा उपयोग गर्ने उद्योग व्यवसाय कम लागतमा उत्पादन गर्न असक्षम भएका छन् । यस अवस्थामा सुधार नगरी नेपालको निर्यात प्रतिस्पर्द्धात्मकता तथा औद्योगीकरणको गतिलाई अघि बढाउन सकिदैन ।

व्याजदर संरचनामा सुधारका कुरा गर्दा दुई पक्ष सामुन्ने आउँछन् : (क) प्रचलित व्याजदरको स्तरलाई घटाउँदै लगी अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने र (ख) निक्षेप तथा कर्जाको व्याजदरबीचको फरक कम गर्ने । पहिलो उद्देश्य हासिल गर्न मुद्रास्फीति दर घटाउने र विनिमयदरलाई स्थिर राख्ने कार्य गर्न सक्नु पर्दछ । समष्टिगत आर्थिक नीतिद्वारा मात्र मूल्य र विनिमय स्थिरता हासिसल गर्न सकिन्छ । मौद्रिक नीतिले यसमा सहयोगी भूमिका खेल्नुपर्छ । निक्षेप र कर्जाको व्याजदरबीचको फरक घटाउन बैंकहरुको सङ्गठनात्मक सुधार, साधनको उच्चतम उपयोग, गैह्रकोषमा आधारित कारोबारमा वृद्धि जस्ता वाणिज्य बैंकहरुले गर्नुपर्ने कुराहरु प्रमुख भएता पनि राष्ट्र बैंकको हकमा अनिवार्य नगद मौज्दातको अनुपात घटाएर यसमा सघाउ पुऱ्याउन सकिन्छ । हाल वाणिज्य बैंकहरुको साधनको ठूलो हिस्सा अनिवार्य नगद मौज्दातको रुपमा निष्क्रिय राख्नु परेबाट पनि व्याजदरहरु बीचको फरक उच्च रहेको हो । देशको शोधनान्तर स्थिति अनुकूल हुने अवस्था आउनासाथ यो अनुपातलाई घटाएर तल लैजानु वाणिज्य बैंकहरुको प्रतिफल बढाउने उद्देश्यले आवश्यक देखिन्छ ।

विगत वर्षहरुमा बैकिंग क्षेत्रबाट प्रवाह हुने कर्जामा प्रत्यक्ष र अप्रत्यक्ष सीमा तोकिने र यो सीमाभित्रको साधनको अधिकांश भाग सरकारले बजेट घाटा पूर्ति गर्न उपयोग गर्ने गरेको थियो । फलस्वरुप निजी क्षेत्रले बैकिंग क्षेत्रबाट कर्जा उपयोग गर्न पाउने अवस्थामा संकुचन आएको देखिन्थ्यो । सरकारी क्षेत्रभन्दा निजीक्षेत्र आर्थिक क्रियाकलापका लागि बढी कुशल हुन सक्छ भन्ने तर्कलाई ध्यानमा राख्दा विगतमा वित्तीय क्षेत्रको बढी साधन कुशलभन्दा अकुशल क्षेत्रतर्फ प्रवाहित भएको निष्कर्ष निकाल्न

सकिन्छ । सरकारका अतिरिक्त सरकारी संस्थानहरुले पनि ठूलो परिमाणको बैंक कर्जा उपयोग गर्दा निजी क्षेत्रमा जाने साधन विस्थापन (crowd-out) भइ निजी क्षेत्रको आर्थिक क्रियाकलाप कुण्ठित हुने गरेको छ । आगामी वर्षहरुमा यो अवस्था सिर्जना हुन नदिनेतर्फ मौद्रिक नीति चनाखो हुनुपर्ने देखिन्छ ।

४. दीर्घकालीन अवधारणा

आर्थिक वृद्धिदरलाई दिगो बनाउन अर्थतन्त्रको आन्तरिक र वाह्य क्षेत्रमा स्थिरताको आवश्यकता पर्दछ । मूल्य तथा व्याजदर स्थितिमा प्रतिकुलता सिर्जना हुन नदिई आन्तरिक स्थिरता शोधनान्तर तथा विदेशी विनिमय दरलाई वाञ्छित स्तरमा राखी बाह्य स्थिरता हासिल गर्न सकिन्छ । यी लक्ष्य हासिल गर्नका लागि मौद्रिक क्षेत्रले उलेख्य भूमिका खेल्नुपर्ने हुन्छ । खासगरी मुद्रा प्रदायको विस्तारलाई आर्थिक वृद्धिदर, अपेक्षित मूल्य वृद्धिदर र अर्थतन्त्रको मौद्रिकीकरणको आवश्यकताको स्तरमा कायम राखी अर्थतन्त्रमा मौद्रिक क्षेत्रबाट अधिक माग सिर्जना हुन नदिने कार्यबाट नै समष्टिगत आर्थिक स्थायित्व हासिल गर्न सघाउ पुग्नसक्छ । यसका अतिरिक्त मौद्रिक क्षेत्रबाट परिचालित साधनले आर्थिक वृद्धिदर र गरिबी निवारणमा समेत उल्लेख्य भूमिका निर्वाह गर्नुपर्ने अवस्था देशमा विद्यमान छ । यस पृष्ठभूमिमा मौद्रिक नीतिको दीर्घकालीन लक्ष्य समष्टिगत आर्थिक स्थायित्व हासिल गर्दै वित्तीय क्षेत्रमा परिचालन भएको बचतलाई उत्पादक क्षेत्रमा र गरिबी निवारण हुने कार्यक्रमतर्फ प्रवाहित गर्नु नै हुनेछ । मौद्रिक नीति यी लक्ष्यमा पुग्नका लागि केन्द्रीय बैंकलाई स्वायत्त संस्थाको रुपमा विकसित गराउन र श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकबाट असीमित कर्जा उपयोग गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु आवश्यक छ । तसर्थ दीर्घकालमा श्री ५ को सरकारले केन्द्रीय बैंकबाट कुनै पनि कर्जा उपयोग नगर्ने अवस्थामा पुग्नु स्वतन्त्र र प्रभावकारी मौद्रिक नीतिको कार्यान्वयनको हिसाबले अनिवार्य छ । देशको सरकारी वित्त नीतिको परिचालन गर्दा मौद्रिक नीतिको यस लक्ष्यतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

उदार वित्तीय प्रणालीमा वित्तीय प्रणालीको संरक्षकको हैसियतले केन्द्रीय बैंकको भूमिका अरु महत्वपूर्ण हुन आउँछ । हालको दक्षिण पूर्वी एसियाली मुलुकहरुको अनुभवबाट पनि केन्द्रीय बैंकको निरीक्षण तथा सुपरिवेक्षण कमजोर भएको अवस्थामा वित्तीय संकट चाँडो आउन सक्ने देखिएको छ । यस तथ्यलाई ध्यानमा राखी आगामी दिनहरुमा केन्द्रीय बैंकको निरीक्षण र सुपरिवेक्षण क्षमता बढाइ वित्तीय प्रणालीलाई स्वस्थ्य र सुदृढ तुल्याउनु आवश्यक छ ।

५. नवौ योजना

मौद्रिक नीति :

उद्देश्य

एकातिर देशको शोधनान्तर तथा मूल्य स्थितिमा स्थायित्व प्राप्त गर्ने कार्यमा असीमित मात्राको बैंक कर्जाको प्रवाहले अवरोध सिर्जना गर्दछ भने अर्कातिर उच्च आर्थिक वृद्धिदर हासिल गर्ने कार्यमा निजी क्षेत्रलाई बैकिंग क्षेत्रबाट प्रवाह हुने कर्जामा गरिने नियन्त्रणले वाधा खडा गर्दछ । यस पृष्ठभूमिमा नवौं योजनामा मौद्रिक नीतिको उद्देश्य निम्नानुसार रहनेछ ।

- आर्थिक स्थायित्वका लागि मुद्रा प्रदायको वृद्धिदरलाई आर्थिक वृद्धिदर, मूल्य र शोधनान्तर बचतको लक्ष्यअनुसार उपयुक्त स्तरमा कायम राखिनेछ । स्वभावत: केही कठोर मौद्रिक नीति वा मुद्रा प्रदायको न्यूनतम वृद्धिदरबाट यो लक्ष्यमा पुग्न सकिनेछ ।
- सीमितदरको मुद्रा प्रदाय वृद्धिका लागि कर्जाको वृद्धिदर पनि सीमित हुनुपर्दछ । तर उच्च आर्थिक वृद्धिदर हासिल गर्न निजी क्षेत्रलाई पर्याप्त कर्जाको आवश्यकता पर्दछ । मुद्रा प्रदायलाई वाञ्छित सीमामा राखेर पनि निजी क्षेत्रलाई बढीभन्दा बढी कर्जा प्रवाह गर्न सकिन्छ । यसका लागि श्री ५ को सरकारले बैकिंग क्षेत्रबाट ऋण उपयोग नगर्ने र सरकारी संस्थानहरु पनि

आत्मनिर्भरतातर्फ उन्मुख हुनु आवश्यकता छ । तसर्थ बैकिंग क्षेत्रबाट सरकारी क्षेत्रलाई कर्जा प्रदान नगर्ने नीति लिएर निजी क्षेत्रमा बढी साधन प्रवाहित गर्न प्रयास गरिनेछ ।

- कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, वित्त कम्पनीहरु, ग्रामीण विकास बैंकहरु र वाणिज्य बैंकहरु समेतले वित्तीय साधनको संकट टार्न नेपाल राष्ट्र बैंकको सहारा लिने परिपाटीलाई घटाउँदै लगि मौद्रिक बिस्तारलाई वाञ्छित स्तरमा राखेर निजीक्षेत्रलाई पर्याप्त बैंक कर्जा उपलब्ध गराई आर्थिक विकासमा सघाउ पुऱ्याइनेछ ।

नीति, कार्यनीति तथा कार्यक्रम

मौद्रिक नीति आर्थिक स्थायित्वको प्रमुख उपकरण हो । तसर्थ आगामी दिनमा मौद्रिक नीतिको प्रमुख उद्देश्य आर्थिक स्थायित्व नै हुनुपर्ने कुरामा दुइमत हुन सक्दैन । तर आर्थिक स्थायित्व हासिल गर्दै आर्थिक विकासको प्रयासलाई पनि कुण्ठित हुन नदिने गरी मौद्रिक नीति तर्जुमा गर्नु भोलिका लागि चुनौती हो । सरकारी क्षेत्रले ठूलो परिमाणको बैंक कर्जा उपयोग नगर्ने अवस्था सिर्जना गर्न सकिएमा नै सीमित वित्तीय साधन निजी क्षेत्रतर्फ प्रवाहित भइ आर्थिक वृद्धिदर हासिल गर्न सकिने अवस्था सिर्जना हुन्छ । अर्कोतिर निजी क्षेत्रमा जाने कर्जालाई पनि आंशिक रुपमा निर्देशित गरेर मात्र पिछडिएका वर्ग, क्षेत्र, र परिवारमा बैंक कर्जा उपलब्ध गराउन सकिन्छ । यस प्रयोजनका लागि नवौं योजनामा बैकिंग क्षेत्रबाट प्रवाहित हुने कर्जाको अधिकांश भाग निजी क्षेत्रमा प्रवाहित गराउने र निजी क्षेत्रमा प्रवाहित हुने कर्जाको एक निश्चित अंश लक्षितवर्ग, क्षेत्र र परिवारसम्म पुऱ्याउने कार्यमा मौद्रिक नीतिलाई केन्द्रित गराइनेछ ।

मौद्रिक स्थितिको प्रक्षेपण

नवौं योजना अवधिमा उत्पादन वृद्धि दर ६.० प्रतिशत, मूल्य वृद्धिदर ६.५ प्रतिशत र मौद्रिकीकरणको दर ०.५ प्रतिशतले बढ्ने अनुमान गर्दा संकुचित मुद्राको माग औसत १३ प्रतिशतले र विस्तृत मुद्राको माग औसत १४.८ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । मुद्रा प्रदायको यो वाञ्छित वृद्धिदर कायम गर्नेतर्फ मौद्रिक नीति केन्द्रित रहनेछ । संकुचित मुद्रा प्रदायलाई १३ प्रतिशतमा कायम राख्न खुद वैदेशिक सम्पत्तिमा औसत ९.१ प्रतिशतले र कुल आन्तरिक कर्जामा औसत १६.१ प्रतिशतले वृद्धि हुने अनुमान छ । कुल आन्तरिक कर्जामध्ये सरकारलाई जाने कर्जाको हकमा नवौं योजना अवधिको अन्त्यसम्ममा बैकिंग क्षेत्रबाट श्री ५ को सरकारले खुद कर्जा उपयोग नगर्ने अनुमान गरिएको छ । सरकारी संस्थानहरुलाई जाने कर्जा पनि औसत २१.५ प्रतिशतभन्दा बढीले वृद्धि नहुने अनुमान गरिएको छ । तर निजी क्षेत्रलाई जाने कर्जा भने २०.० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । आठौं योजनामा निजीक्षेत्रमा जाने बैंक कर्जा औसत २७.८ प्रतिशतले बढेकोमा नवौं योजनामा वाणिज्य बैंकहरुको अलावा विकास बैंकहरु तथा वित्त कम्पनीहरु समेत बिस्तार भई निजी क्षेत्रको कर्जाको मागको केही अंश गैह्र बैंक वित्तीय संस्थाहरुबाट समेत पूर्ति हुने अनुमान रहेअनुसार वाणिज्य बैंकहरुबाट निजी क्षेत्रलाई जाने कर्जाको वृद्धि दर २०.० प्रतिशतले मात्र हुने प्रक्षेपण गरिएको छ ।

आगामी नवौं योजना अवधिमा देशको बाह्य क्षेत्रमा चालू खाता घाटा कायमै रहे तापनि पुँजी खातामा हुने बचतका कारण शोधनान्तर बचत हुने अनुमान छ । खासगरी ठूलो जलविद्युत आयोजनाका लागि सरकारी र निजी पुँजीको रुपमा आप्रवाह हुने ठूलो रकमको कारण पुँजी खातामा बचत हुने र यसले समग्र भुक्तानी संतुलन अवस्थामा नै सकारात्मक प्रभाव पार्ने अनुमान छ । तसर्थ योजना अवधिमा प्रति वर्ष औसत रु ४ अर्ब ४० करोडका दरले भुक्तानी बचत हुने प्रक्षेपण गरिए अनुसार बैकिंग क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा पनि औसत त्यति नै परिमाणले वृद्धि हुने अनुमान गरिएको छ । खुद वैदेशिक सम्पत्तिमा अनुमान भन्दा बढीले वृद्धि भएमा यसबाट मौद्रिक बिस्तारमा पर्ने चापलाई निष्क्रिय पार्न खुला बजार कारोवार मार्फत तरलता प्रशोचन गरिनेछ ।

समष्टिगत आर्थिक स्थायित्वका लागि नवौं योजना अवधिमा सरकारी बजेट घाटाको स्थितिमा नियन्त्रण हुने अपेक्षा गरिएको छ । यसरी सरकारी बजेट घाटामा नियन्त्रण भएपछि सरकारले बैंकिंग क्षेत्रबाट खुद कर्जा उपयोग गनु पर्ने छैन । तसर्थ सरकारी वित्त स्थितिमार्फत मौद्रिक क्षेत्रमा बिस्तारकारी प्रभाव नपर्ने र मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

तालिका १

नवौं योजनामा मौद्रिक स्थितिको प्रक्षेपण

श्री ५ को सरकारले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग नगर्दा मौद्रिक बिस्तार वाञ्छित सीमामा रहेपनि निजी क्षेत्रलाई जाने कर्जामा वार्षिक औसत २०.० प्रतिशतले बढ्न सक्ने देखिन्छ । यो वृद्धिदर नवौं योजनाको लक्षित आर्थिक वृद्धिदरलाई चाहिने बैंक कर्जाको माग पूरा गर्न सक्षम हुने अनुमान गरिएको छ ।

सरकारी संस्थानलाई जाने कर्जा नवौं योजनामा औसत २१.५ प्रतिशतले वृद्धि हुने अनुमान छ । सरकारी संस्थानहरु क्रमशः निजीकरण हुंदैजाने र सरकारी क्षेत्रमा रहिरहने संस्थानहरु पनि व्यवसायिक रुपबाट चल्ने अपेक्षा गरिएअनुरुप गैह्रवित्तीय संस्थानहरुले बैकिंग क्षेत्रबाट अत्यधिक कर्जा उपयोग नगर्ने अनुमान गरिएको छ ।

बैकिंग, कर्जा तथा अन्य वित्तीय संस्थासम्बन्धी नीति तथा कार्यक्रम :

राष्ट्रिय अर्थतन्त्रको प्रतिस्पर्द्धात्मक क्षमता अभिवृद्धि गर्न अवलम्बन गरिएको उदार तथा बजारोन्मुख वित्तीय नीतिलाई नवौं योजनामा अझै क्रियाशिलताका साथ अघि बढाइनेछ । यसबाट वित्तीय प्रगाढतामा अभिवृद्धि भइ वित्तीय साधनको उपलब्धताबाट आर्थिक क्षेत्रमा निजीक्षेत्रको सहभागिता बढ्नुका साथै उपलब्ध साधनहरुको अधिकतम उपयोग हुने विश्वास लिइएको छ । निजी क्षेत्रको बढ्दो क्रियाकलापका कारण सिर्जना हुने पुँजीको बढ्दो माग आपूर्ति गर्न आन्तरिक बचत परिचालनबाट मात्र पर्याप्त नहुने भएकाले बाह्य पुँजीसमेत परिचालन गर्न वित्तीय संस्थाहरुलाई प्रोत्साहित गरिनेछ । यस सन्दर्भमा विद्यमान बैकिंग तथा अन्य वित्तीय संस्थाहरुको कार्यक्षमता तथा कुशलता अभिवृद्धि, नयाँ वित्तीय संस्थाहरुको स्थापना तथा नयाँ वित्तीय उपकरण र उपज (products) को व्यवस्थाद्वारा योजनाद्वारा लक्षित उच्च आर्थिक वृद्धिदर हासिल गर्नेगरी वित्तीय साधन परिचालन गरिनेछ ।

उदार वित्तीय प्रणालीमा वित्तीय संस्थाहरु स्वभावतः शहरी क्षेत्र र आधुनिक क्रियाकलापमा केन्द्रित हुने गर्दछन् । तर नेपालको जनसङ्ख्याको ठूलो अंश परम्परागत क्रियाकलापमा संलग्न र ग्रामीण क्षेत्रमा अवस्थित छ । कुल जनसङ्ख्याको ४२ प्रतिशत हिस्सा अझैपनि निरपेक्ष गरिबीको रेखामुनि रही जीवनयापन गर्दछन् । यस्ता गरिबमध्ये अधिकांश ग्रामीण क्षेत्रमा बसोवास गर्दछन् । हालसम्म स्थापित बैकिंग तथा अन्य वित्तीय संस्थाहरुले कृषि तथा ग्रामीण क्षेत्रमा आफ्ना सेवाहरु यथेष्ट रुपमा पुऱ्याउन नसकेबाट कृषि तथा ग्रामीण क्षेत्र उदार वित्तीय प्रणालीको उपलब्धिबाट वञ्चित रहेको छ । अर्कोतर्फ ग्रामीण क्षेत्रका महिलाहरुको स्थिति अझै दयनीय छ । यस परिप्रेक्ष्यमा नवौं योजनामा कृषि, ग्रामीण विकास र विशेष गरी विपन्न महिलाहरुको सामाजिक तथा आर्थिक उत्थानमा बैकिंग तथा अन्य वित्तीय संस्थाहरुको भूमिकालाई प्रभावकारी रुपमा अघि बढाउनु पर्ने अवस्था छ । यस तथ्यलाई ध्यानमा राखी नवौं योजनाको कर्जा तथा वित्तीय संस्थासम्वन्धी नीति तथा कार्यक्रमहरु यसतर्फ केन्द्रित गरिएका छन् ।

नीति

- वित्तीय विकास र स्थायित्व कायम गर्न मद्दत पुग्ने किसिमले खुला प्रवेश नीति अपनाउँदै बैकिंग तथा अन्य वित्तीय संस्थाहरुलाई प्रतिस्पर्द्धी, स्वस्थ्य तथा सबल बनाइ यस्ता संस्थाहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साखमा वृद्धि गरिनेछ ।
- वाणिज्य बैंक, विकास बैंक तथा अन्य वित्तीय संस्थाहरुमा रहेका सरकारी स्वामित्व क्रमिक रुपले निजी क्षेत्रमा हस्तान्तरण गर्दै लगिनेछ ।

- बढ्दो जनसङ्ख्याका लागि उत्पादनशील रोजगारीका थप तथा नयाँ अवसरहरु वृद्धि गर्न वाणिज्य बैंकहरुबाट उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने प्रावधानमा क्रमिक रुपले वृद्धि गर्दै लगिनेछ । साथै उत्पादनशील क्षेत्रको परिभाषालाई पनि परिमार्जन गरिनेछ ।

- प्राथमिकता क्षेत्रतर्फको कर्जा आवश्यकता परिपूर्तिका लागि वाणिज्य बैंकहरुको संयुक्त सहभागितामा विशेषीकृत स्वायत्त निकायहरु (specialized institution) को स्थापना एवं विस्तार गर्न प्रोत्साहित गरिनेछ । त्यस्ता निकायहरु प्रभावकारी रुपबाट सञ्चालन नभएसम्मका लागि वाणिज्य बैंकहरुबाट प्राथमिकता क्षेत्रमा अनिवार्य लगानी गर्ने व्यवस्थालाई कायमै राखिनेछ ।

- वाणिज्य बैंकहरुबाट विपन्नवर्गमा प्रवाह गर्नुपर्ने कर्जाको विद्यमान स्तरमा क्रमिक रुपले अभिवृद्धि गरिनेछ ।

- दीर्घकालीन कृषि योजना (agriculture perspective plan) को कार्यान्वयनका लागि वित्तीय संस्थाहरुको व्यवस्थापकीय क्षमता एवं वित्तीय साधनको प्रवाहमा अभिवृद्धि गरिनेछ ।

- दीर्घकालीन औद्योगिक एवं कृषि विकासको लागि नेपाल औद्योगिक विकास निगम र कृषि विकास बैंकको कार्यक्षमतामा वृद्धि गर्दै विविध उद्देश्य तथा प्रकृतिका नयाँ विकास बैंकहरुको स्थापनालाई बढावा दिइनेछ ।

- राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी प्रबर्द्धनका लागि अन्तर्राष्ट्रिय वित्तीय बजारबाट समेत पुँजी परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

- अन्तर्राष्ट्रिय पुँजीको प्रवाह बढाउन नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय कारोवार केन्द्रको रुपमा विकास गरिनेछ ।

- समतामूलक आर्थिक विकासको स्थिति सिर्जना गर्न न्यून आयस्तर भएका बहुसङ्ख्यक जनसमुदायमा आय र रोजगारीको अवसर वृद्धि गर्नका लागि स्थानीय स्तरमा लघु ऋण आपूर्ति गर्ने वित्तीय मध्यस्थकर्ताको संख्यामा व्यापकता ल्याउन नयाँ संस्थागत व्यवस्था गरिनेछ ।

- वित्तीय संस्थाहरु मार्फत आन्तरिक बचत परिचालनलाई बढावा दिन वित्तीय संस्थाहरुको बिस्तार र बचतका उपकरणहरुमा विविधता ल्याइनेछ ।

<u>कार्यक्रम</u>

- महिला लगायत ग्रामीण क्षेत्रका विपन्नवर्गको सामाजिक तथा आर्थिक उत्थानका लागि संस्थागत लघु कर्जाको प्रवाह बढाउन गर्न ग्रामीण विकास बैंकहरु, साना किसान विकास आयोजना, महिलाका लागि लघु कर्जा परियोजना र यस्तै उद्देश्यले स्थापित गैर सरकारी संस्थाहरुको सेवालाई दिगो र प्रभावकारी रुपमा बिस्तार गरिनेछ ।

- विपन्न वर्ग तथा न्यून आयस्तर भएका कृषक, उद्यमी तथा व्यवसायीहरुलाई वाणिज्य बैंक र विकास बैंकहरुबाट सोझै स-साना ऋण उपलब्ध गराउँदा बैंकहरुको सञ्चालन लागत बढ्न जाने हुँदा कम खर्चमा कर्जा प्रवाह गर्न सक्ने सङ्गठित वा असङ्गठित क्षेत्रका स्थानीय वित्तीय मध्यस्थकर्ता/विकल्पहरु पहिचान गरी त्यस्ता सक्षम वित्तीय मध्यस्थकर्ता/विकल्पलाई वाणिज्य बैंक तथा विकास बैंकबाट थोक बैंकिंग ऋण (wholesale banking loan) उपलब्ध गराइनेछ ।

- बैंकिङ्ग तथा वित्तीय संस्थाहरु स्थापना तथा कार्यसञ्चालनसम्बन्धी विद्यमान ऐन कानुन तथा नियमावलीहरुमा समयसापेक्ष परिवर्तन तथा सुधार गरी अन्तर्राष्ट्रिय स्तरको बनाउने कार्यको थलनी गरिनेछ । गैरसरकारी संघ संस्था र अन्य संङ्गठित वा असङ्गठित क्षेत्रमा निकायलाई वित्तीय मध्यस्थकर्ताको कार्य गर्न सक्ने तुल्याउन आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

- वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरुको वित्तीय स्थिति सुदृढ गर्न र लगानी क्षमता बिस्तार गर्न उनीहरुको प्राथमिक पुँजीकोष (core capital base) बढाउँदै लगिनेछ ।

- नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय कारोबार केन्द्रको रुपमा विकास गर्न (off-shore financial intermediation) का लागि आवश्यक पर्ने संस्थागत विकास एवं यससँग सम्बद्ध ऐन, कानुनहरुको तर्जुमा गरिनेछ ।

- बैकिंग क्षेत्रको वित्तीय स्थिति चुस्त राख्न कर्जा असुलीलाई प्रभावकारी बनाउने उद्देश्यले ऋण असुली ऐन (debt Recovery Act) जस्ता ऐन कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

- नवीन वित्तीय संस्थाहरुको प्रवेश, विद्यमान बैंक एवं वित्तीय संस्थाहरुको एकीकरण (merger, takeover) सम्बन्धमा आवश्यक पर्ने ऐन कानुनको व्यवस्था तथा एकीकरण सहित (takeover code) तर्जुमा गरिनेछ ।

- बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने परियोजना कर्जाको गुणस्तर सुधार्न परियोजना मूल्याङकन तथा अनुगमन क्षमता वृद्धि गर्नु पर्ने आवश्यकताअनुसार त्यस्ता जनशक्तिको विकासका अतिरिक्त उपयुक्त संस्थागत व्यवस्था गर्नेतर्फ कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ । कन्सोर्टियम (consortium) कर्जाको व्यवस्थालाई सुदृढ पारिनेछ र वाह्य स्रोतको माध्यमबाट समेत यस्तो कर्जा प्रवाहमा वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

- वाणिज्य बैंकहरुको कारोबारको मूल्याङ्कन गर्न अन्तर्राष्ट्रिय स्तरमा प्रचलित सुपरिवेक्षण विधि अपनाइनेछ र लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डको आधारमा राख्ने व्यवस्था गरिनेछ ।

- साख उपकरणहरु (debt instruments) को क्रेडिट रेटिङको संस्थागत व्यवस्था गरिनेछ ।

- बैंक तथा वित्तीय संस्थाहरुको कारोबारको सूचना पारदर्शी हुनेगरी सार्वजनिक रुपमा खुलासा (disclosure) गर्नुपर्ने व्यवस्था गरिनेछ ।

- तोकिएका निर्यातमूलक वस्तुहरुको उत्पादन, प्रशोधन एवं निकासी अभिवृद्धि गर्न केन्द्रीय बैंकबाट थप वित्तीय साधन उपलब्ध गराइनेछ ।

- ग्रामीण विकास बैंकहरुको क्रियाकलापलाई पहाडी क्षेत्रमा समेत बिस्तार गरी निरपेक्ष गरिबीको रेखामुनि रहेका घर परिवारको रोजगारी एवं आयस्तर वृद्धि गर्न थप वित्तीय साधनको व्यवस्था गरिनेछ ।

- ग्रामीण बैंकहरुलाई क्रमशः लक्षित वर्गकै स्वामित्व एवम् सहभागितामा सञ्चालन हुने गराउन आवश्यक व्यवस्था गरिनेछ ।

- बैंक तथा वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण व्यवस्थालाई सुदृढ गरिनेछ ।

- केन्द्रीय बैंकलगायत अन्य बैंक तथा वित्तीय संस्थाहरुको स्वायत्तता अभिवृद्धि गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

- राष्ट्रिय वाणिज्य बैक, नेपाल बैंक लिमिटेड, नेपाल औद्योगिक विकास निगम र अन्य वित्तीय संस्थाहरुमा रहेको श्री ५ को सरकारको स्वामित्व क्रमिक रुपले निजी क्षेत्रमा हस्तान्तरण गर्दै लगिनेछ ।

- वाणिज्य बैंकहरुबाट कुल प्रवाहित कर्जाको ४० प्रतिशत अनिवार्य रुपले उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने विद्यमान अनुपातमा क्रमिकरुपले वृद्धि गरी योजनावधिमा ५५ प्रतिशत पुऱ्याइनेछ । यसबाट कृषि, उद्योग र अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा वित्तीय साधनको प्रवाह बढाउन योगदान पुग्नेछ ।

- प्राथमिकता क्षेत्रतर्फको बढ्दो कर्जा आवश्यकताको परिपूर्तिका लागि विशेषीकृत स्वायत्त निकायहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ । त्यस्ता विशेषीकृत नियकाहरु प्रभावकारी नभएसम्म वाणिज्य बैंकहरुले प्राथमिकता क्षेत्रमा अनिवार्य रुपले लगानी गर्नुपर्ने प्रावधानलाई कायमै राखिनेछ । प्राथमिकता क्षेत्र अन्तर्गत लघु ऊर्जा तथा वैकल्पिक लघु ऊर्जा उत्पादन, वातावरणीय प्रदूषण न्यून गर्ने विद्युतीय सौर्य तथा ग्यासबाट सञ्चालन हुने यातायातका साधनहरु तथा ग्रामीण सञ्चार सेवा र निर्यातमूलक कृषि उत्पादन तथा प्रशोधन (अर्थोडक्स चिया, रेसम, फलफूल, च्याउ, जडीबुटी, कट् फ्लावर, टिस्यूकल्चर आदि) का लागि कर्जा प्रवाह गर्न प्रोत्साहित गरिनेछ ।

- वाणिज्य बैंकहरुबाट प्रवाह हुने विपन्न वर्ग कर्जाको लागि निर्धारित ३ प्रतिशतको विद्यमान प्रावधानलाई कायमै राखिनेछ । यस प्रयोजनका लागि वाणिज्य बैंकहरुले स्वयम् वा ग्रामीण विकास बैंक तथा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त अन्य सङ्गठित/असङ्गठित क्षेत्रका वित्तीय मध्यस्थकर्ता (financial intermediaries) को माध्यमबाट विपन्न वर्गको लागि प्रवाह गरिने कर्जा रकमलाई समेत गणना गरिनेछ ।

- ग्रामीण क्षेत्र कर्जासंग सम्बन्धित संगठित सरकारी तथा गैरसरकारी संस्थाहरुबाट संचालित कर्जा कार्यक्रमहरुलाई अझ बढी प्रभावकारी र समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ । यस कार्यका लागि नेपाल राष्ट्र बैंकले श्री ५ को सरकारको सहयोगमा समन्वयकारीको भूमिका निर्वाह गर्नेछ ।

- देशमा बढ्दै गइरहेको युवा बेरोजगारीको समस्यालाई समाधान गर्दै ठूलो सङख्यामा युवा समुदायलाई विकासको मूलप्रवाहमा परिचालित गर्न उत्पादन कर्जा कार्यक्रमको संस्थागत व्यवस्था गरिनेछ । यस कार्यका लागि विकास बैंक ऐन २०५२ अन्तर्गत स्थापना हुने गरी राष्ट्रिय स्तरको वित्तीय संस्थाको समेत स्थापना गर्न प्रोत्साहित गरिनेछ । यस संस्थामार्फत सीप र शिक्षाका आधारमा बेरोजगार युवाहरुलाई व्यवसायिक ऋण प्रदान गरी स्वरोजगारीको अवसर सिर्जना गर्न सघाउ पुऱ्याइनेछ ।

- हाल अवलम्बनमा ल्याइएको ग्रामीण बैंकिंग पद्धति नेपालको तराई प्रदेशको लागि प्रभावकारी देखिएको छ । यस पद्धतिलाई परिमार्जन गरी तराईका सम्पूर्ण जिल्ला र पहाडी तथा हिमाली भूभागका सम्भाव्य ग्रामीण क्षेत्रमा बिस्तार गरिनेछ । यही पद्धति अनुरुप सञ्चालन हुने गैरसरकारी संस्थाहरु तथा अन्य विकास बैंकहरुलाई पनि समन्वयात्मक रुपमा अघि बढाइनेछ । यस प्रणाली अन्तर्गत अवधिमा करिव २.५ लाख विपन्न ग्रामीण महिलाहरुलाई स-साना उद्यमहरु (microenterprises) सञ्चालन गर्न कुल रु २.५ अर्बको लघु कर्जा प्रवाह गरिनेछ ।

- सुदूरपश्चिमान्चल ग्रामीण विकास बैंक र मध्य पश्चिमान्चल ग्रामीण विकास बैंकहरुलाई छुट्टाछुट्टै सञ्चालन गर्दा दुवै बैंक वित्तीय दृष्टिले सम्भाव्य नहुने देखिएको हुँदा यी दुवै बैंकलाई गाभिनेछ ।

- कृषि क्षेत्रमा खाद्यान्न तथा नगदेवालीको उत्पादन, सिँचाइ, पशुपालन तथा उर्जा विकास कार्यक्रम र कृषि क्षेत्रको व्यवसायिकीकरणका लागि योजना अवधिमा कृषि ऋण कार्यक्रम अन्तर्गत सङ्गठित संस्थागत स्रोतबाट न्यूनतम रु २८ अर्ब कर्जा प्रवाहित गरी दीर्घकालीन कृषि योजना (agricultural perspective plan) ले लिएका प्राथमिकताहरुको कार्यान्वयनमा जोड दिइनेछ ।

- औद्योगिक क्षेत्रमा कर्जा प्रवाह अभिवृद्धिका लागि नेपाल औद्योगिक विकास निगमको वित्तीय तथा व्यवस्थापकीय सुदृढीकरण गरिनेछ । निजी क्षेत्रमा उर्जा, पर्यटन, यातायात, सञ्चार, स्वास्थ्य जस्ता क्षेत्रमा ठूला परियोजनाहरु सञ्चालन गर्न अग्रणी बैंकको रुपमा कार्य गर्न निगमलाई योजनावधिमा आन्तरिक तथा वाह्य वित्तीय बजारबाट पुँजी परिचालन गर्न अनुमति प्रदान गरिनेछ । त्यस्तै वाणिज्य बैंकहरु तथा वित्त कम्पनीहरुको पनि साधनको ठूलो अंश औद्योगिक क्षेत्रतर्फ प्रवाहित गर्न प्रोत्साहित गरिनेछ । समग्रमा वित्तीय प्रणालीबाट औद्योगिक क्षेत्रमा करीव रु २५ अर्ब कर्जा लगानी गरिनेछ ।

- देशको विकासको बढ्दो आवश्यकताको लागि विशेषतः घरेलु तथा साना उद्योग, पर्यटन, उर्जा, शिक्षा, स्वास्थ्य, रोजगारी, ग्रामीण विकास जस्ता विविध क्षेत्रको विकासको लागि विभिन्न उद्देश्य तथा प्रकृतिका विशेषीकृत सानो अक्षर (specialized) बैंकहरुको स्थापना तथा विकासको लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । यस्ता बैंकहरु क्षेत्रीय स्तरमा समेत स्थापना गर्न प्रोत्साहित गरी क्षेत्रीय सन्तुलन ल्याउन समेत सघाउ पुऱ्याइनेछ ।

- उर्जा तथा सञ्चार जस्ता विकासका पूर्वाद्धारहरु तथा मझ्यौला तथा ठूला औद्योगिक परियोजनाहरुको स्थापना, विकास तथा बिस्तारको लागि आवश्यक पुँजी जुटाउन बैंक तथा वित्तीय संस्थाहरुलाई बाह्य वित्तीय बजारबाट समेत बण्ड तथा डिबेञ्चरहरु जारी गरी पुँजी परिचालन गर्न अनुमति प्रदान गरिनेछ ।

- विदेशी विनिमय प्रणालीलाई उदार बनाउँदै नेपाली रुपैंयालाई पुँजी खातामा समेत परिवर्त्य बनाउँदै लगिनेछ ।

- विदेशी विनिमयका क्षेत्रमा हुने नयाँ नीतिगत व्यवस्थाहरुलाई समायोजन गर्न विदेशी विनिमय ऐनमा आवश्यक संशोधन र परिमार्जन गरिनेछ ।

- देशको बढ्दो वैदेशिक व्यापारका लागि कर्जा प्रवाहमा सुगमता ल्याउनका लागि निर्यात-आयात बैंक (EXIM bank) स्थापना गरिनेछ ।

मूल्य :

मूल्य वृद्धिको पहिलो मार निश्चित आय भएका तथा समाजका कमजोर वर्गमा पर्दछ भने यसले गरीबीको सघनता पनि बढाउँछ । आम नेपाली जनताको जीवनस्तरमा मूल्य वृद्धिबाट प्रतिकुल असर पर्न नदिने, वस्तु र सेवाको माग तथा आपूर्ति बीच सन्तुलन ल्याउने, उत्पादक, लगानीकर्ता र उपभोक्ताहरुको हित संरक्षण गर्ने तथा मूल्यस्तरलाई वाञ्छित सीमा भित्र राखी आर्थिक स्थायित्व हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्य अनुरुपको मूल्य नीति तर्जुमा गरिनु पर्दछ ।

विगतका तथ्याङ्कहरुको विश्लेषण गर्दा नेपालमा आन्तरिक र वाह्य दुबै कारणबाट मूल्य स्थितिमा चाप पर्दै आएको देखिन्छ । अन्तर्राष्ट्रिय मूल्य वृद्धिको असर र खासगरी भारतीय मूल्य वृद्धिको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव र नेपाली रुपैंयाको बिनिमय दरमा भएको अवमूल्यन जस्ता बाह्य कारकहरुको अलावा मुद्रा प्रदाय, सरकारी बजेट घाटा र आपूर्ति व्यवस्था जस्ता आन्तरिक कारकहरुले पनि मूल्यमा चाप पार्ने गरेको छ । तसर्थ यी आन्तरिक कारकहरुबाट मूल्यमा चाप नपर्ने गरी समष्टिगत आर्थिक नीतिको अवलम्वन गरिनु पर्दछ । खासगरी सरकारी वित्त सन्तुलन र कठोर मौद्रिक नीतिको कार्यान्वयन मार्फत नै मुद्रास्फितीलाई वाञ्छित सीमा भित्र राख्ने लक्ष्य राखिनु उपयुक्त हुन्छ ।

आठौं योजनामा मूल्य स्थिति

आठौं योजनामाबार्षिक औसत ९.० प्रतिशत भन्दा बढी दरले मूल्य बढ्न नदिने उद्देश्य लिई मूल्य नीति तर्जुमा भएको थियो । शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूची अध्ययन गर्दा आठौं योजना अवधिमा मूल्य वृद्धि दर लक्षियत सीमा भित्रै रहेको देखिन्छ । योजना अवधिमा न्यूनतम ७.६ प्रतिशत देखि अधिकतम ८.९ प्रतिशतले मूल्य बृद्धि भई योजनाअवधिभरमा औसत मूल्य वृद्धि दर ९.० प्रतिशतमा रहेको छ । यसमध्ये खाद्य तथा पेय पदार्थ र गैह्र खाद्य तथा सेवा समूहको औसत मूल्य वृद्धि दर क्रमशः ७.९ प्रतिशत र ८.९ प्रतिशत रहेको देखिन्छ । देशले उदारवादी आर्थिक नीतिको अवलम्वन सँगै आर्थिक सुधारका कार्यहरु गरे पश्चात वित्तीय तथा मौद्रिक क्षेत्रमा संतुलन आई मूल्य स्थितिमा पनि सकारात्मक प्रभाव देखिन थालेको महसूस गरिएको छ । यसरी मूल्य वृद्धि दरमा सुधार हुनुमा श्री ५ को

सरकारले अवलम्वन गरेको खुला आयात नीति, भंसार महसुलमा कटौती, कठोर मौद्रिक नीतिको अवलम्वन, आपूर्ति व्यवस्थाको सुदृढीकरण, र भारतीय मूल्य स्थितिमा आएको सुधार आदि प्रमुख छन् ।

नीति

मूल्य नीति एकातिर उत्पादनका साधनको कुशलतम विनियोजन हुन सक्ने प्रकारको हुनुपर्छ भने अर्कोतिर उपभोक्ताहरुको हित संरक्षण गर्नेतर्फ पनि निर्दिष्ट हुनु पर्दछ । मूल्य नीतिको प्रयोगद्वारा नै उत्पादनका साधनहरु जस्तै श्रम, पुँजी र उद्यमशीलतालाई सक्रिय पारी उत्पादन, विनिमय र वितरणमा कुशलता ल्याउन सकिन्छ । त्यस्तै नवौं योजनाले गरीबी निवारणलाई प्रमुख लक्ष्यको रुपमा अघि सारेको संदर्भमा मूल्य नियन्त्रण मार्फत पनि गरीबीको सघनता बढ्ने क्रमलाई कम गर्न सक्नु पर्ने हुन्छ । यसका लागि नवौं योजनामा मूल्य वृद्धिदरलाई औसत ६.५ प्रतिशतमा कायम राख्ने लक्ष्य राखिएको छ । यो लक्ष्य पूरा गर्नका लागि योजनामा निम्न बमोजिम मूल्य नीति तय गरिएकाछन् ।

- सामान्यतया वस्तुको मूल्य बजारको सिद्धान्त अनुसार नै निर्धारण हुन दिइनेछ । वस्तुको मूल्य सोही वस्तुको मागको तुलनामा उत्पादन तथा आपूर्ति स्थितिबाट प्रभावित हुने भएकोले सर्वप्रथम त्यस्ता अत्यावश्यक तथा उपभोग्य वस्तुहरुको उत्पादन बढाउनेर्तफ मूल्य नीति निर्देशित हुनेछ ।

- मूल्य संकेत मार्फत उत्पादन वृद्धि गरी आपूर्ति व्यवस्था सुदृढ तुल्याउन व्यापक रुपमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

- कृषि उत्पादनहरुको उत्पादकत्व तथा उत्पादन बढाई अत्यावश्यक वस्तुहरुको आपूर्ति बढाउने सिलसिलामा क्षेत्रानुसार भौगोलिक वास्तविकतालाई समेत दृष्टिगत गरी pocket farming विधिलाई बढावा दिने नीति अवलम्वन गरिनेछ । खाद्यान्न न्यून हुने जिल्लाहरुमा खाद्यान्न ढुवानीका लागि दिइने यातायात अनुदान क्रमश घटाउँदै लगिने छ । दीर्घकालमा यस्ता जिल्लाहरुमा खाद्यान्न वाली विकासको लागि विशेष प्रयास गरिनेछ ।

- देशमा अभाव वा नपुग हुने आवश्यक सामाग्रीहरुको समय मै माग प्रक्षेपण (demand orojection) गरी सस्तोमा गुणस्तरयुक्त वस्तु निर्यात गर्ने राष्ट्रहरुबाट पैठारी गर्न प्रोत्साहित गरिनेछ ।

- अत्यावश्यक वस्तुहरुको आपूर्ति सुलभ गर्न मौजुदा संस्थान तथा सहकारी संस्थाहरु मार्फत, यस्ता वस्तुहरुको सुपथ मूल्यमा वितरण गर्ने परिपाटीको सुरुवात गरिनेछ ।

- देशमा प्राकृतिक प्रकोप वा अत्यधिक मागको सिर्जनाबाट उत्पन्न हुन सक्ने अभावको स्थितिलाई नियन्त्रण गर्न खाद्यान्न, पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक वस्तुहरुको न्यूनतम सञ्चय भण्डार (buffer stock) राख्ने र सोको क्षमता बढाउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

- रासायनिक मलको मूल्यलाई बजारको माग र आपूर्तिको सिद्धान्त अनुरुप निर्धारण गर्न सकिने वातावरणको श्रृजना गर्न क्रमशः अनुदान दिने परिपाटीलाई घटाउँदै लगिनेछ ।

- उपभोक्ताहरुको हित संरक्षण गर्न र उनीहरु बीच पुन चेतना विकास गर्न उपभोक्ता संरक्षण ऐन लागू गरिनेछ । साथै यस सम्वन्धी आवश्यक सूचनाहरु सञ्चारका विभिन्न माध्यमहरुबाट प्रसारित गरिनेछ ।

- कृषिजन्य वस्तुहरु धान, चामल, उखु आदिको न्यूनतम समर्थन मूल्य निश्चित समयमानै तोक्ने नीति अवलम्वन गरी कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

- मूल्यलाई वास्तविक धरातलमा ओराल्न देश भित्र उत्पादन हुने र आयात हुने अत्यावश्यक वस्तुहरुको वास्तविक परल मूल्य (cost price) र विक्री मूल्य (selling price) को अध्ययन हुनु

नितान्त आवश्यक भएबाट सरकारी स्तरमा एकाइ गठन गरी त्यस्ता वस्तुहरुको मूल्य अध्ययन र अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

- देशको विभिन्न सम्भाव्य क्षेत्रहरुमा थोक बजारको स्थापना र बिस्तार गरी आपूर्ति व्यवस्थामा योगदान पुऱ्याउने नीति कार्यान्वयन गरिनेछ ।
- खाद्यान्न निर्यात खुला गरिनेछ ।
- उत्पादन तथा उपभोगका सामानहरुको थोक मूल्य अनुगमनका लागि सहयोग पुऱ्याउन थोक मूल्य सूची (wholesale pricei index) तयार पारी प्रकाशित गर्न थालिनेछ ।
- मौद्रिक बिस्तारले पनि मूल्य स्थितिमा नकारात्मक असर पार्ने भएकोले कठोर मौद्रिक नीति अवलम्वन गरी मुद्रा प्रदायलाई वाञ्छित सीमा भित्र राखिने छ । सरकारी बजेट घाटालाई निश्चित सीमा भन्दा बढ्न नदिई मुद्रा प्रदायलाई बिस्तार हुनबाट नियन्त्रण गरिनेछ । कर नीतिको तर्जुमा गर्दा मूल्यमा पर्न सक्ने प्रभावलाई ध्यानमा राखिनेछ ।
- श्री ५ को सरकारको अनुदानबाट सञ्चालन भएका संस्थानहरुले आफ्ना वस्तुहरुको विक्री मूल्य तर्जुमा गर्दा व्यवसायिक सिद्धान्त अनुरुप नै तर्जुमा गरिनेछ । तर संस्थानहरुको उत्पादन तथा कारोवार लागत कम गरी मूल्य नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ ।

५.४ विदेशी विनिमय तथा शोधनान्तर

१. पृष्ठभूमि

विश्वमा सन् १९८० को उत्तरार्द्ध र खासगरी ९० को दशकको पूर्वार्द्धदेखि आर्थिक उदारीकरण एवं निजीकरणको अवधारणाले तीव्र गति लिन थाल्यो । साथै यसको प्रभाव विश्वव्यापी रुपमै नियोजित तथा बजार अर्थव्यवस्था दुवैमा धेरथोर परेरै छाड्यो । विश्व अर्थव्यवस्थाको यस बदलिंदो परिस्थिति अनुकुल राष्ट्रिय आर्थिक नीतिहरुमा परिमार्जन एवं समायोजन गरी उदारीकृत विश्वबजारबाट अधिकाधिक लाभ उठाउँदै विश्वव्यापीकरणको अभियानमा एकीकृत हुँदै जानुपर्ने आवश्यकतालाई मनन गरी नेपालमा पनि सातौं योजनादेखि आर्थिक नीतिहरुमा तद्नुकुल परिमार्जन एवं समयोजन गर्ने प्रयासको थालनी गरिएको थियो जसले आठौं योजनादेखि मात्र पूर्ण गति लिन सक्यो । यस परिप्रेक्ष्यमा आठौं योजनावधिमा मूलतः निर्यातोन्मुख औद्योगिक तथा वाणिज्य नीति तर्जुमा गरियो भने विदेशी लगानीमूलक लगानी तथा एकद्वार नीति तथा निजी लगानी अनुकुल वित्तीय एवं जलस्रोत नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । अर्थतन्त्रलाई वा)य क्षेत्रसँग उदार, एकीकृत एवं प्रतिस्पर्द्धी बनाउँदै लैजाने क्रममा खुला आयात, चालू खाता परिवर्त्यता तथा बजार विनिमयदर व्यवस्थाको अवलम्वन आठौं योजनाका दूरगामी कदमहरु हुन् ।

वाहय क्षेत्र अनुकुलका उपर्युक्त नीतिगत एवं व्यवस्थागत समयोजन तथा सुधारबाट एकातिर वैदेशिक व्यापारको आकारमा प्रशस्त विस्तार हुन गएको छ भने अर्कोतिर अर्थतन्त्रको यस तुलनात्मक खुलापनबाट वा)य आर्थिक जगतसँग एकीकृत हुन मद्दत पुग्नुका साथै वाह्य लगानीका लागि समेत अनुकुल वातवारण सिर्जना हुन सकेको छ । अर्थतन्त्रको वा)य क्षेत्र चालू खातामा खुला हुँदा एक तिर भविष्यमा पुँजी खाता परिवर्त्यताका लागि आवश्यक पूर्वाधार निर्माण हुन सहयोग पुग्न गएको छ भने अर्कोतिर सीमित स्रोतहरुको उच्चतम उपयोग र उच्च प्रतिफलयुक्त क्षेत्रतर्फ प्रवाहित भइ तुलनात्मक लाभद्वारा अन्ततः समग्र अर्थतन्त्र लाभान्वित हुनसक्ने सम्भावना प्रवल भएर गएको छ ।

विगत केही वर्ष यतादेखि विश्वमा वैदेशिक सहयोगको अवधारणामा समेत परिवर्तन आएको छ । अव 'सहयोग होइन वजार' को अवधारणा प्रवल हुँदैछ । यसबाट आगामी दिन वैदेशिक पुँजीको संरचनामा परिवर्तन आउने छ जसबाट वैदेशिक पुँजी एवं उन्नत प्रविधिको उपयोगद्वारा आन्तरिक स्रोतको अधिकतम दोहन गरी तुलनात्मक लाभ प्राप्तिद्वारा विस्तृत अन्तर्राष्ट्रिय वस्तु तथा सेवा बजारको पहुँच अझ विस्तार गर्नुपर्ने आवश्यकता प्रखर हुँदैछ । दक्षिण पूर्व एसियामा हालैका दिनहरुमा देखिएको संकटको सन्तुलित एवं नियमित उदारीकरण (balanced and regulated liberalization) प्रति सजग गराएको छ । साथै वा)य क्षेत्र अस्थिरता र उथलपुथलले अर्थतन्त्रका अन्य पक्षहरुमा समेत संक्रामक बहुआयामिक असर पार्न सक्ने तथ्यलाई मनन गरी शोधनान्तर वचत हासिल गरी वा)य क्षेत्र सुदृढ तुल्याउनका साथै प्राप्त उपलब्धिहरुको संरक्षण गर्दै आगामी दिनहरुमा बाह्य क्षेत्र उदारीकरणबाट अधिकतम लाभ लिनका लागि नीतिगत तथा संस्थागत तयारी गर्दै जानुपर्ने देखिन्छ ।

२. आठौं योजनाको समीक्षा

विदेशी विनिमय :

विदेशी विनिमयको क्षेत्रमा खुला र उदार व्यवस्थाको सुरुवात सातौं योजनाको अन्तिम वर्षतिर भए तापनि विदेशी विनिमयदर निर्धारण प्रक्रियालाई नियन्त्रणात्मक पद्धतिबाट बजार शक्ति (माग र आपूर्तिको आधारमा निर्धारण गर्ने पद्धतिको विकास आठौं योजना अवधिमा मात्र हुन सक्यो । यस अघि

परिवर्त्य विदेशी मुद्राको बिक्रीदर बजारबाट निर्धारित हुने गरेको भए तापनि खरिददरमा भने केही तोकिएको निश्चित अनुपात राष्ट्र बैंकले निर्धारण गरेको विनिमयदरमा राष्ट्र बैंकलाई नै बिक्री गर्नुपर्ने प्रावधानले गर्दा त्यस्तो (composite) खरिददरले बजारशक्तिलाई पूर्ण प्रतिबिम्बित गर्न सकेको थिएन । यस्तो खालको विनिमयदर निर्धारण प्रक्रिया नेपाली रुपैयाँको आंशिक परिवर्त्यताको नीति अन्तर्गत कार्यान्वयन गरिएको थियो ।

आंशिक परिवर्त्यतासम्बन्धी नीति लागू भएदेखि नै यस्तो नीति अल्पकालको लागि मात्र भएको र केही समयपश्चात् यसलाई परिमार्जित गरी चालू खाताको परिवर्त्यताको नीति अवलम्बन गरिने प्रतिबद्धता व्यक्त गरिएको थियो । फलस्वरुप आठौं योजना अवधिभित्रै आंशिक परिवर्त्यता अन्तर्गत लागू भैसकेका विभिन्न नीतिगत कदमहरुलाई परिमार्जन गर्दै नेपाली रुपैयाँलाई चालू खातामा पूर्ण परिवर्त्यता प्रदान गरियो । उपरोक्त नीति अन्तर्गत निजी क्षेत्रका व्यापारिक गतिविधिलगायत श्री ५ को सरकारलाई आवश्यक पर्ने विदेशी मुद्राहरु (बाह्य ऋणको साँवा/व्याज भुक्तानी), पेट्रोलियम पदार्थ एवं रासायनिक मलहरुको आयातको लागि आवश्यक पर्ने विदेशी मुद्राहरु खुला बजार विनिमयदरमा नै खरिद गर्नुपर्ने व्यवस्था गरियो । यसै क्रममा नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषको धारा ८ अन्तर्गत दायित्व निर्वाह गर्ने प्रतिबद्धता पनि व्यक्त गऱ्यो ।

परिवर्त्य विदेशी मुद्राहरुको बिक्रीदर खुला बजारको आधारमा हुने व्यवस्था लागू हुनासाथ व्यापार (आयात) क्षेत्रमा उल्लेखनीय सुधारका पाइलाहरु चालिए र यसको फलस्वरुप केही तोकिएका वस्तुबाहेक अन्य सबै वस्तु खुला इजाजत प्रणाली (OGL) अन्तर्गत पर्न गइ बोलकबोल प्रथालाई ज्यादै सीमित क्षेत्रमा मात्र लागू गरिएको थियो । आठौं योजना अवधिभित्र परिवर्त्य विदेशी मुद्राहरुको बिक्रीमूल्य मात्र नभइ खरिददर पनि खुला बजारले नै निर्धारण गर्ने परिपाटीको सुरुवात (आंशिक परिवर्त्यताको अन्त्य र चालू खातामा पूर्ण परिवर्त्यताको नीति लागू) भएपश्चात् ती सीमित वस्तुहरु पनि खुला इजाजत प्रणाली (OGL) अन्तर्गत पर्नगइ बोलकबोल प्रथाको नै अन्त्य भयो । यसरी यस नीति अन्तर्गत केही तोकिएका वस्तुबाहेक अन्य जुनसुकै वस्तु, जतिसुकै परिमाणमा आयात गर्न चाहे पनि सोको लागि विदेशी मुद्रा उपलब्ध हुने नीतिगत व्यवस्था लागू गरियो ।

व्यापारिक क्षेत्र (आयात) का लागि आवश्यक पर्ने विदेशी मुद्राका अतिरिक्त सेवा क्षेत्र अन्तर्गत विभिन्न प्रयोजनका लागि आवश्यक पर्ने विदेशी मुद्राको उपलब्धतासम्बन्धी व्यवस्थाहरुमा आठौं योजना अवधिभित्र उल्लेखनीय सुधारहरु गरिए । यस नीति अन्तर्गत व्यक्तिगत भ्रमणका लागि उपलब्ध हुने विदेशी मुद्राको परिमाणमा वृद्धि गरियो भने कतिपय प्रयोजनका लागि आवश्यक पर्ने विदेशी मुद्राहरुको सटही सुविधा वाणिज्य बैंकहरुबाट सोझै गर्न सकिने व्यवस्था पनि गरियो ।

आठौं योजना अवधिमा नै निर्यात एवं पर्यटन क्षेत्रबाट विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिहरुलाई आ-आफनो विदेशी मुद्रा आर्जनको शतप्रतिशत नै नेपालस्थित कुनै पनि वाणिज्य बैंकमा विदेशी मुद्रामा नै खाता खोली राख्न पाइने सुविधा प्रदान गरियो । यसरी खोलिएका विदेशी मुद्राको खाताबाट खाताबालाले विभिन्न प्रयोजनका लागि खर्च गर्नसक्ने व्यवस्था गरियो । यस व्यवस्थाले गर्दा निर्यात र पर्यटन क्षेत्रबाट विदेशी मुद्रा आर्जन गर्ने निकायहरुलाई आ-आफनो आर्जनलाई उपयोग गर्ने सम्बन्धमा एउटा नयाँ विकल्प उपलब्ध हुनाको साथै विदेशी मुद्रा आवश्यक नभएको बेला कम (खरिद) दरमा बिक्री गर्नुपर्ने र आफूलाई आवश्यक परेको बेला बढी (बिक्री) दरमा खरिद गर्नुपर्ने बाध्यात्मक स्थितिको पनि केही हदसम्म अन्त्य भयो ।

नेपाल र भारतबीच हुने व्यापारिक कारोवारको सन्तुलन सदैव नेपालको विपक्षमा रहँदै आएको छ । सेवा तथा अन्य क्षेत्रहरुबाट हुने भारतीय रुपैयाँको आम्दानीको कारणले नेपाल/भारतको समष्टिगत शोधनान्तर स्थिति भने नेपालको पक्षमा हुने गरेको भए तापनि कतिपय वर्ष शोधनान्तर घाटा पनि भएको छ । यसरी शोधनान्तर स्थिति नेपालको प्रतिकुल भइ बैंकिंग क्षेत्रसँग रहने भारतीय रुपैयाँको मौज्दातमा चाप परेपछि विगतमा परिवर्त्य विदेशी मुद्रा बिक्री गरी भारतीय रुपैयाँ खरिद गरी सो घाटा

पूर्ति गरिएको थियो । यस प्रयोजनको लागि सातौं योजना अवधिभित्र मात्र अमेरिकी डलर २२ करोड बिक्री गरी भारतीय रुपैयाँ खरिद गर्नुपरेको थियो । यस वास्तविकतालाई दृष्टिगत गरी आठौं योजना अवधिभित्र केही तोकिएका वस्तु परिवर्त्य विदेशी मुद्रामा नै भुक्तानी हुने गरी आयात गर्न पाउने नीति अवलम्बन गरियो । भारतको प्रचलित निर्यात नीतिका कारण यस व्यवस्थाबाट थप लाभ नेपालले पाउने भएको कारण समेतबाट यो व्यवस्था लागू गरिएको हो । भारतमा प्रचलनमा रहेको नीतिअनुसार यदि कुनै निर्यातकर्ताले परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी निर्यात गर्दछ भने त्यस्तो निर्यातकर्ताले उक्त सामानमा लाग्ने अन्तःशुल्क/बिक्रीकर/आयकर आदि छुट पाउँछ । यसले गर्दा नेपाली आयातकर्ताले सामान सस्तो मूल्यमा प्राप्त गर्दछ भने अर्थव्यवस्थाले पनि कम परिमाणमा मात्र विदेशी मुद्राको व्ययभार बोक्नुपर्ने हुन्छ । तर परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी पनि भारतबाट सामानहरु आयात गर्न पाइने यस नीतिबाट देशको विदेशी विनिमय संचितिको बनौटमै असर परी परिवर्त्य मुद्राको अनुपातमा ह्रास आइ अपरिवर्त्य मुद्राको अनुपातमा वृद्धि हुनसक्ने सम्भावना पनि रहेको हुँदा यसरी आयात गर्न पाइने वस्तुहरुको सूचीमा उद्योगहरुले आयात गर्ने मेशिनरी र कच्चा पदार्थहरु मात्र समावेश गर्ने नीति लिइएको थियो ।

वैदेशिक व्यापार :

वैदेशिक व्यापार एवं लगानीलाई प्रोत्साहित गरी नेपालको अर्थव्यवस्थालाई विश्व अर्थव्यवस्थासँग एकीकृत गर्दै लैजाने दिशामा भएका नीतिगत सुधारका दृष्टिले आठौं योजनावधि उत्साहप्रद रह्यो । खासगरी यस अवधिमा समयानुकुल वाणिज्य नीति तर्जुमा गरी व्यापारलाई उत्पादन एवं निर्यातमूलक बनाउने नीति अवलम्वन गरियो । यसअनुसार केही सार्वजनिक सुरक्षा एवं स्वास्थ्यका दृष्टिले संवेदनशीलबाहेक अन्य सम्पूर्ण वस्तुको आयात खुला गरिनुका साथै आयात भन्सार दरवन्दीमा पनि तदनुकुल समायोजन गरियो । वैदेशिक व्यापारको बढ्दो महत्वको परिप्रेक्ष्यमा विस्तृत एवं उदारीकृत विश्वबजारबाट प्राप्त हुने लाभलाई समेत दृष्टिगत गरी भन्सार तथा व्यापारसम्वन्धी साधारण सम्झौता (GATT) अन्तर्गत आठौं चरण (uruguay round) को वार्ताका निर्णयहरुलाई सम्झौताको रुप दिने उद्देश्यले सन् १९९४ मा माराकस (मोरक्को)मा भएको विश्वव्यापार सम्मेलनमा नेपालले पर्यवेक्षकको रुपमा भाग लियो । सन् १९९५ जनवरीदेखि अस्तित्वमा आएको विश्वव्यापार सँगठनको सदस्यता लिने निर्णय लिइनुका साथै त्यसका लागि तयारीका अतिरिक्त आवश्यक पक्षहरुमा समायोजन गर्दै जाने प्रतिवद्धता समेत व्यक्त गरिएको छ ।

आयात व्यापारलाई बढी उत्पादन एवं निर्यातमूलक बनाउँदै लैजाने नीतिअनुरुप यस अवधिमा भारतीय रुपैयाँका अतिरिक्त परिवर्त्य मुद्रासमेत भुक्तानी गरी भारतबाट केही औद्योगिक मेशिनरी तथा कच्चापदार्थ आयात गर्न सकिने व्यवस्था गरियो । भारतसँगको सन्निकट परम्परागत आर्थिक सम्वन्ध र बृहत एवं उदारीकृत भारतीय बजारलाई निर्यात विस्तारको बृहत सम्भावनामा परिणत गर्नुपर्ने आवश्यकता रहेको परिप्रेक्ष्यमा यसै अवधिमा भारतसँग नयाँ व्यापार एवं पारवहन सन्धि गरियो जसबाट भारतसँगको निर्यात व्यापारमा विगतमा कायम रहेको श्रम एवं वस्तु सम्मिश्रण अनुपातको व्यवस्था पूर्णतः खारेज भयो । यसबाट नेपालमा उत्पादित प्राथमिक वस्तुका अतिरिक्त अर्ध-तयारी तथा तयारी वस्तुहरुलाई समेत परिमाण एवं महसुल वन्देजरहित रुपमा भारतीय बजार प्रवेशको सुविधा प्राप्त हुनुका साथै विगतमा नकारात्मक सूचिमा रहेका वस्तुहरुको संख्या पनि ३ मात्र कायम भएको छ । निर्यात व्यापार एवं निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगहरुलाई करमुक्त गरिनुका साथै वोण्डेड वेयर हाउस, ब्याक टु ब्याक प्रतीतपत्र एवं निर्यात आर्जनको सटही व्यवस्था तथा निर्यात आर्जनको केही अंशबाट कच्चा पदार्थ आयात गर्न पाउने जस्ता व्यवस्था गर्नुका साथै निर्यात क्षेत्रमा जाने रु ५० लाखसम्मको कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र कर्जा अन्तर्गत गणना गरी तदनुरुप ब्याज लगाउने व्यवस्था गरी बैंकिंग तथा कर्जा नीतिमा(त समेत यसत() थप सहयोगात्मक नीति अवलम्वन गरियो ।

विश्वव्यापी रुपमा बढ्दो पुँजी एवं प्रविधिको प्रवाहलाई आकर्षित गरी लगानीलाई उद्योग, व्यापार, वित्तीय एवं आधारभूत पूर्वाधारहरु निर्माणको क्षेत्रतर्फ प्रवाहित गर्ने नीतिअनुरुप योजनावधिमा विदेशी लगानी तथा एकद्वार नीति एवं तद्नुरुपको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तर्जुमा भइ कार्यान्वयनमा आइसकेको छ । यसका अतिरिक्त पुँजी बजारमार्फत समेत बाह्य पुँजीलाई भित्र्याउन यस अवधिमा प्रारम्भिक प्रक्रियाको थालनी भइसकेको छ । यस अवधिमा समयानुकुल जलस्रोत नीतिको प्रतिपादन गरी खासगरी जलविद्युतका क्षेत्रमा निजी क्षेत्रका साथै वैदेशिक लगानीका लागि पनि ढोका खुला गरिएको छ । वैदेशिक रोजगारीलाई नियम एवं प्रक्रियाबद्ध गरी संस्थागत गर्ने उद्देश्यले यस अवधिमा वैदेशिक रोजगार ऐन तर्जुमा भइ कार्यान्वयनमा आएको छ । अर्थव्यवस्थाका विभिन्न पक्षमा सुदृढीकरण एवं समायोजन गरी दिगो आर्थिक वृद्धिदर हासिल गर्ने उद्देश्यले यसै अवधिमा अन्तर्राष्ट्रिय मुद्राकोषको विस्तारित संरचनागत समायोजन कार्यक्रम (ESAF) कार्यान्वयन सुरु भएबाट देशको बाह्य क्षेत्र संतुलनमा अनुकुल प्रभाव परेको छ ।

आठौं योजनावधिमा देशको कुल वैदेशिक व्यापार प्रचलित मूल्यमा प्रतिवर्ष औसत २१.० प्रतिशतले बढेको छ । आ.व. २०४८।४९ को विनिमयदरमा भने योजनावधिमा कुल वैदेशिक व्यापारको वार्षिक औसत वृद्धिदर १६.५ प्रतिशत रहन गएको छ । योजनावधिमा भारतसँगको व्यापार प्रतिवर्ष मूल्यमा १९.७७ प्रतिशत र भारतबाहेक अन्य मुलुकहरुसँगको व्यापार प्रतिवर्ष औसत २१.५ प्रतिशतले बढेको छ । यसरी आ.व. २०४८।४९ मा रु ४५६४.६५ करोडको कुल वैदेशिक व्यापार भएकोमा २०४८।४९ को विनिमयदरमा यसको स्तर योजनावधिको अन्तिम वर्षमा दोब्बरभन्दा बढी अर्थात् रु ९७५२.४९ करोड बराबर पुगेको छ । आर्थिक वर्ष २०४८।४९ मा कुल व्यापारमा भारत तथा अन्य मुलुकको अंश क्रमशः २७.८ प्रतिशत र ७२.२ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष २०५३।५४ मा यी अंश स्थिर विनिमयदरमा क्रमशः ३३.० प्रतिशत र ६७.० प्रतिशत कायम रहेको छ ।

आठौं योजनावधिमा कुल निर्यात प्रचलित मूल्यमा वार्षिक सरदर ११.४ प्रतिशतले मात्र बढी योजनावधिको अन्तिम वर्षमा कुल गाहस्थ्र्य उत्पादन (फयाक्टर मूल्य) को ८.४ प्रतिशत रहेको छ जुन आ.व. २०४८।४९ को ९.५ प्रतिशतभन्दा तल छ । आ.व. २०४८।४९ को विनिमयदरमा भने योजनावधिको कुल निर्यात वृद्धिदर औसत ६.४ प्रतिशत मात्र कायम भएको छ । यसमध्ये भारततर्फ हुने निर्यात प्रचलित मूल्यमा प्रतिवर्ष सरदर ३०.३१ प्रतिशत र अन्य मुलुकतर्फको निर्यात औसत ६.८ प्रतिशतले मात्र बढेको छ । स्थिर विनिमयदरमा योजनावधिको अन्तिम वर्ष कुल निर्यातको स्तर रु १८३६.५५ करोडमा रहेको छ जुन आ.व. २०४८।४९ को कुल निर्यात (रु १३७०.६५ करोड) को करिव १.३ गुणा हुन आउँछ । आर्थिक वर्ष २०४८।४९ मा कुल निर्यातको करिव १०.६ प्रतिशत मात्र भारत निर्यात हुने गरेकोमा योजनावधिको अन्तिम वर्षमा उक्त अंश करिव तीन गुणाले बढी ३०.६ प्रतिशत पुगेको छ । यस अवधिमा परम्परागत प्राथमिक तथा अर्धतयारी वस्तुहरुका अतिरिक्त केही तयारी वस्तु समेत भारत निर्यात हुने क्रमको थालनी भएको छ । योजनावधिमा ऊनी गलैंचा जस्ता प्रमुख निर्यातयोग्य वस्तुको बजार गुणस्तर, वालश्रम, विनिमयदर तथा आर्थिक मन्दी जस्ता कारणले पीडित हुन गए तापनि तयारी पोशाकको निर्यात भने उत्साहप्रद रह्यो ।

योजनावधिमा कुल आयात प्रचलित मूल्यमा सरदर वार्षिक २४.० प्रतिशतले बढेर योजनाको अन्तिम वर्षमा रु ९६००.५६ करोड पुगेको छ जुन त्यसवर्षको कुल गाहस्थ्र्य उत्पादन (फयाक्टर मूल्य)को करिव ३५.८ प्रतिशत हुन आउंछ । आर्थिक वर्ष २०४८।४९ मा यस्तो अनुपात २२ प्रतिशत थियो । २०४८।४९ को विनिमयदरमा योजनावधिमा कुल आयात प्रतिवर्ष सरदर करिव २०.० प्रतिशतले बढेर यसको स्तर योजनाको अन्तिम वर्षमा रु ७९१५.९४ करोडमा रहेको छ जुन आर्थिक वर्ष २०४८।४९ को कुल आयातको तुलनामा २.५ गुणा हुन आउंछ । यस अवधिमा भारतबाट भएको आयात स्थिर मुल्यमा प्रतिवर्ष ९.०८ प्रतिशतले र अन्य मुलुकबाट भएको आयात औसत वार्षिक १७.९१ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०४८।४९ मा कुल आयातमा भारतबाट भएको आयातको अनुपात ३५.२ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षमा यस्तो अनुपात घटेर ३३.७ प्रतिशत जति हुन गएको छ ।

योजनावधिका अन्तिम दुई वर्षमा सुनको आयात एक्कासि बढ्न गयो जसले कुल आयातको सामान्य गतिलाई समेत प्रभावित तुल्यायो ।

योजनावधिमा कुल व्यापार घाटा प्रचलित मूल्यमा सरदर वार्षिक ३२.१६ प्रतिशतले बढेको छ भने कुल ग्रार्हस्थ्य उत्पादनसँग यसको अनुपात २०४८।४९ को १२.६ प्रतिशतबाट योजनाको अन्तिम वर्षमा २७.४ प्रतिशत पुगेको छ । स्थिर विनिमयदरमा कुल व्यापार असन्तुलन वार्षिक औसत २७.८ प्रतिशतले बढेको र योजनावधिको अन्तिम वर्षमा यसको स्तर आर्थिक वर्ष २०४८।४९ को तुलनामा ३.३ गुणाले बढेर रु ६०७९.३९ करोडमा रहन गएको छ । यस अवधिमा भारतसँगको व्यापार असन्तुलन वार्षिक सरदर १७.२ प्रतिशत र अन्य मुलुकसँगको असन्तुलन सरदर ३८.३ प्रतिशतले बढेको भएको छ । कुल व्यापार असन्तुलनमा भारतसँगको असन्तुलनको अनुपात आर्थिक वर्ष २०४८।४९ मा ५३.७ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष यो अंश ३४.६ प्रतिशतमा झरेको छ । त्यस्तै स्थिर विनिमयदरमा योजनाको अन्तिम वर्ष कुल निर्यात/कुल आयात अनुपात २३.२ प्रतिशत रहेको छ । योजना सुरु हुनु अघिको वर्षमा यो अनुपात ४२.९ प्रतिशत थियो । यसरी योजनावधिमा निर्यातको आयात धान्ने क्षमतामा ह्रास हुनु व्यापार उदारीकरणको लक्ष्यअनुरुप उपलब्धि हासिल हुन नसकेको संकेत हो । सीमित वस्तु र बजारमा निर्यात केन्द्रित रहेको, निर्यातयोग्य आधिक्य सिर्जना हुन नसकेको र निर्यातमुखी औद्योगिकरण हुन नसकेको कारण नै योजनावधिमा निर्यातले अपेक्षित गति लिन नसकेको हो ।

शोधनान्तर स्थिति :

आर्थिक वर्ष २०४८।४९ मा चालू खाता घाटा कुल गाहस्र्थ्य उत्पादनको करिव ७.० प्रतिशतजति रहेकोमा व्यापारमा घाटामा भएको विस्तारलाई सेवा तथा ट्रान्सफर आर्जनले धान्न नसक्दा योजनावधिमा चालू खाता घाटामा सुधार हुन सकेन । योजनाको अन्तिम वर्षमा चालू खाता घाटा प्रचलित मूल्यमा कुल गाहस्र्थ्य उत्पादनको ७.१ प्रतिशत पुगेको छ । यस अवधिमा सेवा शीर्षक अन्तर्गतका पर्यटन तथा लगानी आय स्थिर विनिमयदरमा सरदर वार्षिक क्रमशः ९.४ र ८.० प्रतिशतले वृद्धि भएकोले कुल सेवा आय वार्षिक ३२.६ प्रतिशत र खुद आय ६८.१ प्रतिशतले बढेको छ । यस्तो आम्दानीले आ.व. २०४८।४९ मा कुल व्यापार घाटाको २१.३ प्रतिशत खामेकोमा योजनाको अन्तिम वर्ष २०५३।५४ मा कुल व्यापार घाटाको ४९.३ प्रतिशत खामेको छ । यस अवधिमा सेवा अन्तर्गतको भुक्तानी वार्षिक सरदर ११.९४ प्रतिशतले बढेको छ । योजनाको अन्तिम वर्षको सेवा भुक्तानी कुल सेवा आयको झण्डै २६.० प्रतिशत पुगेको छ । ट्रान्सफर अन्तर्गत निजी क्षेत्रको रेमिटान्स वार्षिक १९.२९ प्रतिशत र वैदेशिक अनुदान ४१.९७ प्रतिशतले बढेकोले कुल ट्रान्सफर आय २९.४९ प्रतिशतले बढ्न गएको र ट्रान्सफर अन्तर्गतको भुक्तानीको वृद्धिदर वार्षिक ४४.१४ प्रतिशत (कुल ट्रान्सफर आयको ८.१ प्रतिशत) रही खुद ट्रान्सफर आय योजनावधिमा सरदर २८.६४ प्रतिशतले वृद्धि भएको छ जसले आ.व. २०४८।४९ मा २३.५ प्रतिशत खामेको तुलनामा कुल व्यापार घाटाको योजनाको अन्तिम वर्षमा १९.७ प्रतिशत खाम्न सकेको छ । अन्ततः योजनावधिमा चालू खाता घाटा स्थिर विनिमयदरमा प्रति वर्ष १७.८ प्रतिशतले वढेको छ । पुँजी खाता अन्तर्गत वैदेशिक ऋणको आप्रवाह वार्षिक ५.२२ प्रतिशत मात्रले र साँवा भुक्तानी वार्षिक १५.४८ प्रतिशतले बढ्न गएकोले खुद वैदेशिक पुँजीको आप्रवाह योजनावधिमा २.७५ प्रतिशतले मात्र बढ्न गएको छ र योजनावधिको अन्तिम वर्ष यसको स्तर स्थिर विनिमयदरमा आधार वर्ष भन्दा १४.३ प्रतिशतले कम छ । तर यस अवधिमा खुद विविध पुँजी प्रत्यक्ष वैदेशिक लगानी समेत वार्षिक सरदर ५२.६ प्रतिशतले बढेकोले अन्ततः योजनावधिका आ.व. २०५१।५२ र २०५२।५३ बाहेक सबै वर्षमा स्थिर विनिमयदरमा शोधनान्तर बचत हुन सकेको छ । योजनावधिमा कुल रु १५.७५ अर्ब बराबरको शोधनान्तर बचत भइ विदेशी विनिमय संचितिमा त्यति नै परिमाणले वृद्धि भएको छ ।

योजनावधिमा नेपाली रुपैयाँ परिवर्त्य मुद्रा (अमेरिकी डलर) सँग करिव ३३.८८ प्रतिशतले अवमूल्यन भएको छ भने भारतीय रुपैयाँसँग करिव ३.० प्रतिशतले पूनर्मूल्यन भएको छ ।

३. विद्यमान चुनौती

बाह्य क्षेत्रमा भएका नीतिगत परिवर्तनबाट वैदेशिक व्यापारका क्षेत्रमा भएका प्रगति बढी सन्तोषजनक छैन । देशको निर्यातमा उल्लेख्य वृद्धि भए तापनि आयातमा भएको तीव्र वृद्धिका कारण व्यापार घाटा बढ्ने क्रम जारी छ । कुल निर्यातले कुल आयातको एक चौथाइ अंश मात्र धान्न सकेको छ । व्यापारा घाटा कुल गार्हस्थ्य उत्पादनको करिव २५ प्रतिशत पुगेको छ । उच्च व्यापार घाटाका कारण बाह्य कारोवारको चालू खाता घाटा पनि कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशत पुगेको छ । उच्चा चालू खाता घाटाका कारण शोधनान्तर स्थितिमा चाप पर्ने क्रम जारी छ । यद्यपि विगत केही वर्षयता शोधनान्तर स्थितिमा सुधार भइ वचतको स्थिति देखिए तापनि यो स्थिति भरपर्दो प्रकृतिको भने छैन । देशको विद्यमान विदेशी विनिमय संचितिले ६ महिनाभन्दा बढीको आयात धान्न सक्ने भएतापनि भविष्यमा बढ्ने सरकारी विदेशी ऋणको भुक्तानीको दायित्व तथा विदेशी लगानीको विप्रेषण (repatriation) का लागि ठूलो परिमाणको विदेशी मुद्रा संचिति आवश्यक पर्नेछ । त्यस्तै जलविद्युत क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न समेत यथेष्ट मात्रामा विदेशी मुद्रा संचिति कायम गर्नु आवश्यक छ । तर सीमित वस्तुमा र सीमित बजारमा केन्द्रित निर्यात व्यापारमा विविधीकरण नगरी यो सम्भव छैन । दक्षिण एसियाली स्वतन्त्र व्यापार सँगठन (SAFTA) को कार्यान्वयन र विश्वव्यापार सँगठनमा नेपालको प्रवेशले निर्यात व्यापारका लागि थप अवसर त प्रदान गर्नेछ तर यो अवसरलाई राष्ट्रको लाभमा परिवर्तित गर्नका लागि निर्यात प्रतिस्पर्द्धात्मकता वढाउनुपर्ने चुनौती देशका सामु छ । विश्व अर्थतन्त्र एकीकृत (Integrate) भैरहेको र वाह्य क्षेत्र कारोवारहरु विश्वव्यापी रुपमै स्वतन्त्र हुँदै गइरहेको सन्दर्भमा नेपाली रुपैयाँलाई वाह्य क्षेत्र कारोवारमा पूर्ण परिवर्त्य तुल्याउनु पर्ने र यसका लागि ठूलै पूर्वतयारी गर्नुपर्ने चुनौती पनि देशका सामु छ ।

४. दीर्घकालीन अवधारणा

वैदेशिक व्यापारमा देखिएको असन्तुलन घटाउँदै लगी देशको चालू खाता र पुँजी खाता सन्तुलनमार्फत भुक्तान सन्तुलनलाई अनुकुल बनाउँदै देशको विदेशी मुद्रा संचिति बढाउने र विनिमय प्रणालीलाई वैदेशिक व्यापार तथा शोधनान्तर स्थितिलाई टेवा पुऱ्याउने तर्फ नै वाह्य क्षेत्रको दीर्घकालीन रणनीति केन्द्रित हुनुपर्ने पृष्ठभूमिमा वैदेशिक व्यापार, शोधनान्तर र विदेशी विनिमयका क्षेत्रमा निम्न दीर्घकालीन अवधारणाहरु लिइएको छ ।

- नेपाली रुपैयाँलाई पुँजी खाता कारोवारमा समेत पूर्ण परिवर्त्य तुल्याउने ।
- देशगत तथा वस्तुगत निर्यात विवीधीकरणमार्फत निर्यात प्रवर्द्धन गरी व्यापार घाटालाई कम गर्दै लैजाने ।
- वाह्य क्षेत्र कारोवारको चालू खाता घाटा कम गर्दै लगी यस्तो घाटालाई कुल गाहस्थ्य उत्पादनको ५ प्रतिशतभन्दा तल कायम गर्ने ।
- व्यापार तथा चालू खाता घाटालाई न्यूनतम स्तरमा राखी निजी पुँजी आप्रवाहमार्फत पुँजी खाता बचत सिर्जना गरी दिगो शोधनान्तर बचत स्थिति हासिल गर्ने ।
- देशको विदेशी विनिमय संचितिलाई कम्तिमा चार महिनाको वस्तु आयात धान्न सक्ने स्तरमा राख्ने ।

नवौ योजना :

५. उद्देश्य

- निर्यात एवं आयात वृद्धिदरबीच रहेको अन्तरमा पूर्ण सुधार ल्याइ व्यापार घाटाको वृद्धिदरलाई न्यून गर्दै लैजाने ।
- सेवा निर्यात एवं ट्रान्सफर आय बढाइ हालको स्तरको चालू खाता घाटा कम गर्दै लैजाने ।
- न्यूनीकृत चालू खाता घाटालाई पुँजी खाता बचतद्वारा पूर्ति गरी भुक्तानी स्थितिलाई सुदृढ गर्दै लैजाने ।
- देशको विदेशी मुद्रा संचिति न्यूनतम ५ महिनाको वस्तु एवं सेवा आयात धान्न सक्ने स्तरमा राख्ने ।
- वस्तु एवं सेवा निर्यातमा प्रतिस्पर्द्धात्मकता हासिल गर्न विनिमयदरलाई लचिलो बनाइराख्ने र यथार्थ विनिमयदरलाई वैदेशिक व्यापार विस्तारको मुख्य उपकरणको रुपमा विकसित गर्ने ।
- वैदेशिक निजी पुँजीको आप्रवाह बढाइ शोधनान्तर स्थितिको वैदेशिक ऋणमाथिको निर्भरता कम गर्दै लैजाने ।

६. नीति कार्यनीति तथा कार्यक्रम :

<u>विदेशी विनिमय</u>

- नेपाली मुद्रालाई पुँजी खातामा समेत क्रमशः परिवर्त्य गर्दै लगिनेछ । यस क्रममा सर्वप्रथम पूर्वाधार क्षेत्रमा लगानी गर्ने परियोजनाहरु र पूर्ण निकासी उद्योगहरुका लागि आवश्यक पुँजी जुटाउन बाह्य स्रोतको समेत परिचालन गर्न छुट दिइनेछ । साथै परिवर्त्य विदेशी मुद्राको विनिमयदरलाई खुला एवं बजारमुखी बनाउनुका साथै अपरिवर्त्य विदेशी मुद्रासँग निश्चित (fixed) दर कायम गरिदै आएको विद्यमान विनिमय व्यवस्थालाई पुनरावलोकन गरी समयानुकुल सुधार गरिनेछ ।
- निजी क्षेत्रमा वैदेशिक ऋणको प्रवाहलाई सरल र प्रतिफलमा आधारित बनाइनेछ ।
- विदेशमा बसेका नेपालीहरुले आर्जन गरेका परिवर्त्य विदेशी मुद्रालाई अनुकुल वातावरण तयार गरी बैंकिंग क्षेत्रमार्फत देशमा भित्र्याउन र त्यसलाई लगानी गर्नेतर्फ प्रोत्साहित गरिनेछ ।
- देशको आधिक्य विदेशी विनिमय संचितिलाई बढी प्रतिफल हासिल हुने गरी लगानी गरिनेछ ।
- सरकारी एवं निजी क्षेत्रमार्फत प्राप्त ऋणबाट अर्थतन्त्रमा अनुकुल प्रभाव परोस् भन्ने हेतुले वैदेशिक ऋणको स्थिति, प्रवृत्ति एवं प्रभावबारे नियमित अनुगमन र विश्लेषण गरिनेछ ।
- नेपाली रुपैयाँलाई चालू खाता कारोवारको हकमा पूर्णपरिवर्त्यता प्रदान गर्नेतर्फ आवश्यक नीतिगत कदमहरु चालेदेखि नै पुँजी खाता कारोवारमा पनि अन्ततः पूर्णपरिवर्त्यता अपनाउने लक्ष्य लिइएको थियो । यसै नीतिगत व्यवस्था अन्तर्गत नेपालको बाह्य कारोवारका कतिपय क्षेत्रतर्फ उदार व्यवस्था लागू भइसकेको छ । तथापी पुँजी खाता कारोवारमा पूर्णपरिवर्त्यता अवलम्वन गर्नका लागि मुलुकभित्रको समष्टिगत आर्थिक परिसूचकहरुमध्ये सरकारी बजेट घाटा, मूल्य वृद्धिदर, शोधनान्तर

स्थिति, व्याजदर स्थिति, विदेशी विनिमय संचिति जस्ता कुराहरु उपयुक्त तहमा हुनुपर्ने, वित्तीय प्रणाली प्रतिस्पर्द्धी र सुदृढ हुनुपर्ने र छिमेकी मुलुकहरुले अवलम्वन गर्ने विदेशी विनिमय नीतिहरु पनि सो अनुकुल हुनु उत्तिकै जरुरी छ । तसर्थ नवौं योजनामा पुँजीखातामा पूर्ण परिवर्त्यता हासिल गर्नेतर्फ आवश्यक पूर्वाधारहरु तयार गर्दै जाने र पूर्वाधारहरु तयार भएका क्षेत्रमा पुँजी खाता कारोवार स्वतन्त्र गर्दै जाने नीति लिइनेछ ।

- आर्थिक विकासको लागि नयाँ उद्योगहरु खोल्दै जानु आवश्यक छ भने नेपालका वाणिज्य बैंकहरुको साधनको वर्तमान स्तर र बनौटबाट उद्योगहरुलाई आवश्यक पर्ने पुँजी पूर्ण रुपमा यी बैंकहरुबाट मात्र परिचालन हुनसक्ने अवस्था छैन । खासगरी जलस्रोतलगायत पूर्वाधार विकाससम्बन्धी आयोजनाहरुका हकमा ठूलै मात्रामा पुँजी परिचालन गर्नुपर्ने भएकाले स्वदेशी वित्तीय प्रणालीबाट यस्तो पुँजीको आपूर्ति संभव छैन । अतः यस्ता क्षेत्रहरुलाई आवश्यक पर्ने पुँजी विदेशबाट पनि परिचालन गर्नसक्ने आवश्यक व्यवस्था मिलाइनेछ । बाहिरी पुँजी परिचालनको अवसरबाट देशको वित्तीय प्रणालीको व्याजदर यथार्थपरक तुल्याउनसमेत सहयोग पुग्ने छ । नेपाली रुपैयाँलाई पूर्ण परिवर्त्यता दिनका लागि स्वदेशभित्रको व्याजदरको बनौट बाह्य क्षेत्रको व्याजदरको बनौट भन्दा धेरै फरक हुन नहुने वास्तविकतालाई दृष्टिगत गर्दा साधन परिचालनसम्बन्धी उपर्युक्त कदमबाट यस क्षेत्रतर्फ सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ । तर बाह्य क्षेत्रहरुबाट यसरी साधन परिचालन गर्न दिंदा यसरी परिचालित साधनको उपयोग हुने क्षेत्र र त्यसको उत्पादकत्व तथा विदेशी मुद्रामा ऋण चुक्ता गर्न क्षमता आदिलाई पनि पूर्णतया ध्यान दिइनेछ ।

- हालैका वर्षहरुमा विकसित मुलुकका लगानीकर्ताहरुमा आ-आफनो लगानी रकममध्ये केही अंश विकासोन्मुख मुलुकहरुका स्टक एक्स्चेञ्जतर्फ पनि लगाउने प्रवृत्ति देखा परेको छ । यसको प्रमुख कारण विकासोन्मुख मुलुकहरुको पुँजी बजारबाट तुलनात्मक रुपले बढी फाइदा हुने अपेक्षा नै हो । यस अवसरको फाइदा उठाउन नेपालले पनि धितोपत्र बजारमा विदेशी सहभागितालाई छुट सीमित मात्रामा दिसकेको छ । यस पृष्ठभूमिमा विदेशी लगानीकर्ताहरुलाई हाम्रो धितोपत्र बजारमा आकर्षित गर्नसक्ने उपकरणहरु विकसित गर्न र यससम्बन्धमा कानुनी व्यवस्थालाई स्पष्ट र पारदर्शी बनाउन सकिएको खण्डमा विदेशी पुँजी परिचालन गर्न सकिने राम्रो सम्भावना छ । अतः यस सन्दर्भमा उपयुक्त कानुनी र प्रक्रियागत व्यवस्था गरिनेछ । यस्तो कानुनी व्यवस्था गर्दा राष्ट्रिय आर्थिक हितका दृष्टिबाट महत्वपूर्ण क्षेत्रहरुमा हालका लागि धितोपत्र बजारबाट सेयर खरिद गर्न दिइने छैन भने खुला गरिएका क्षेत्रहरुमा पनि तोकिएको प्रतिशत ननाघ्ने गरी मात्र लगानी गर्न पाउने व्यवस्था गरिनेछ ।

- नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको रुपमा विकसित गर्दै लैजाने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था भइसकेको हुँदा यसका लागि चाहिने पूरक ऐन-नियमहरुमा संशोधन र आवश्यक प्रचार प्रसारलगायत अन्य आवश्यक प्रक्रियागत व्यवस्था अपनाई वित्तीय केन्द्र कारोवार सुरु गरिनेछ ।

- विदेशी लगानीकर्ताहरुलाई नेपालभित्र आकर्षित गर्ने दृष्टिले त्यस्ता लगानीकर्ताहरुले कुन कुन क्षेत्रमा लगानी गर्न पाउने र यसरी गरिएको लगानीको साँवा/व्याजलगायत लगानी प्रतिफल विदेशी मुद्रामा विदेशमै रकमान्तर गर्न सकिने कुराको प्रत्याभूति दिइसकिएको छ । तर विदेशी विनिमयदरमा भइरहने उतार चढावको परिप्रेक्ष्यमा त्यस्ता लगानीकर्ताहरुलाई एक थप जोखिम भइ नै रहने हुन्छ । अतः विदेशी लगानीकर्ताहरुले चाहेको आफनो विनिमय जोखिम न्यून गर्न खण्डमा नेपाली वाणिज्य बैंकहरुमार्फत अग्रिम विनिमयदर कारोवार गर्नसक्ने व्यवस्था गरिनेछ ।

- विदेशी विनिमय नियमित गर्ने ऐनलगायत विदेशी विनिमयसँग सम्बन्धित अन्य ऐनहरुमा आवश्यक संशोधनहरु गरिनेछ र यसरी संशोधन गर्दा विदेशी विनिमयको क्षेत्रमा नवौं योजनाले अवलम्बन गरेका नीतिहरुका अतिरिक्त भविष्यमा हुनसक्ने नीतिगत व्यवस्थाहरुलाई पनि लागू गर्न सकिने गरी गरिनेछ ।

- मुलुकको अर्थव्यवस्थामा लचिलो विनिमयदरको महत्वलाई दृष्टिगत गरी विनिमय प्रणालीमा सुधार गरिनेछ । विनिमयदर नीति संचालन गर्दा निर्यात प्रवर्द्धन, औद्योगिक संरक्षण र मूल्य स्थायित्वको स्थितिमाथि पर्ने असर आदि समेतलाई ध्यान दिइनेछ ।

- उच्च मूल्य अभिवृद्धि (value-added) गर्ने, निर्यात प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना गर्ने तथा पूर्वाधार विकास गर्ने आयोजनाहरुमा प्रत्यक्ष विदेशी लगानीलाई प्राथमिकता दिइनेछ ।

वैदेशिक व्यापार तथा शोधनान्तर

विश्व आर्थिकव्यवस्था हालका वर्षहरुमा अझै बढी उदारीकृत, विस्तृत एवं एकीकृत हुँदै गएको छ । यसबाट एकातिर अन्तर्राष्ट्रिय आर्थिक क्षेत्रमा राष्ट्रहरुका बीच आ-आफनो वस्तु एवं सेवाको बजार प्राप्त गर्न प्रतिस्पर्द्धा बढ्न गएको छ भने अर्कोतिर यसबाट संसारको कुनै एक कुनामा घट्ने आर्थिक घटनाको संक्रामक असर विश्वको अर्को कुनामा तत्कालै पर्नसक्ने सम्भावना बढेर गएको छ । विश्वमा बढ्दो पुँजी एवं प्रविधिको प्रवाहले वैदेशिक पुँजीको संरचनामा परिवर्तन ल्याउनाका साथै यसले अर्थतन्त्रको बाह्य अस्थायित्वको सम्भावनालाई समेत बढाएको छ । यसबीच अन्तर्राष्ट्रिय सहयोगको विगतको अवधारणामा परिवर्तन आइ "सहयोग होइन बजार" भन्ने मान्यताले स्थान ग्रहण गर्दैछ । विश्वको यस परिवर्तित आर्थिक स्थितिसँग एक्लिएर होइन, क्रमशः एकीकृत हुँदै विस्तृत बजार एवं सम्भावनाको अधिकाधिक लाभ उठाइ व्यापार प्रवर्द्धन गर्ने र बाह्य स्थायित्वका लागि भुक्तानी सन्तुलन सुदृढ गर्दै जानु हाम्रो अहिलेको आवश्यकता ह

देशको शोधनान्तर स्थिति अर्थतन्त्रको बाह्य स्थायित्वसँग नभइ अर्थतन्त्रका अन्य खासगरी मौद्रिक, वित्तीय, विदेशी विनिमय एवं लगानीका साथै आन्तरिक उत्पादन, मूल्य आदि पक्षहरुसँग पनि प्रत्यक्ष-परोक्ष रुपमा सम्बन्धित रहेको हुन्छ । यसले समष्टिमा अर्थतन्त्रकै बाह्य जगतसँगको प्रतिस्पर्द्धात्मक क्षमता र मुद्राको बाह्य क्रयशक्ति प्रतिबिम्बित गर्ने हुँदा मौद्रिक, विनिमयदर एवं सरकारी वित्त नीतिसमेत भुक्तानी सन्तुलन हासिल गर्नेतर्फ परिलक्षित हुनुपर्ने र उत्पादन तथा मूल्यस्थिति समेत यसका लागि सहायक हुनु आवश्यक छ । यसका अतिरिक्त यसका लागि लगानी, उद्योग, व्यापार, श्रम एवं पर्यटनसग सम्बन्धित क्षेत्रगत नीतिहरुसमेत त्यतिकै अनुकुल हुनु जरुरी छ ।

अर्थतन्त्रको सीमित उत्पादन क्षमता र असीमित वस्तु एवं सेवा आयात गर्नुपर्ने बाध्यता रहेको र निर्यात सक्षमताचाहिं तदनुरुप विस्तृत नभएको परिप्रेक्ष्यमा विदेशी मुद्रा संचितिको यथेष्ट स्तर कायम राख्नु नेपालको आवश्यकता हो । आर्थिक एवं पूर्वाधार विकासका लागि आवश्यक पुँजीगत सामग्रीको आयात एवं विदेशी ऋणको सामयिक साँवा तथा ब्याज भुक्तानी दायित्व आउंदा वर्षहरुमा झन् बढ्दै जाने हुन्छ । वैदेशिक पुँजी एवं प्रविधि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले आकर्षित गर्ने उद्देश्य राखिएको परिप्रेक्ष्यमा यस्तो लगानीका लागि पनि विदेशी मुद्राको पर्याप्त संचितिको स्तर समेत एक पूर्वशर्त रहने हुँदा यस्तो संचितिको स्तर कायम राख्न देशको शोधनान्तर स्थिति अनुकुल हुनु सिवाय अर्को विकल्प छैन ।

वाणिज्य नीतिलाई प्रतिवद्धताका साथ कार्यान्वयन गरिनुका साथै सन्तुलनकारी सरकारी वित्त नीति र स्थिरतामूलक मौद्रिक नीतिको अवलम्बनद्वारा उपर्युक्त उद्देश्य हासिल गर्नका लागि अनुकुल अवस्था सिर्जना गरिनेछ । परिवर्तित विश्व परिस्थितिमा सरकारलाई प्राप्त हुने विदेशी अनुदानतर्फ उत्साही हुनसक्ने ठाउँ धेरै नभए तापनि सेवातर्फ पर्यटन आय बढाउन सक्ने प्रशस्त गुञ्जायश रहेकाले यस सम्भावनाको अधिकाधिक दोहन गर्नेतर्फ प्रयत्न गरिनेछ । पुँजी खाता कारोवारमा क्रमशः स्वतन्त्रता प्रदान गर्दै वैदेशिक ऋणभन्दा निजी पुँजी आप्रवाह मार्फत पुँजी खाता बचत सिर्जना गर्ने र दक्षिण-पूर्व एसियाको संकटबाट शिक्षा लिंदै आप्रवाहित पुँजीको उत्पादक र दीर्घकालीन लगानी हुनसक्ने अवस्था पनि सुनिश्चित गरिनेछ ।

शोधनान्तर स्थितिसम्वन्धी अवधारणा र प्रक्षेपण

नवौं योजनाले लक्ष्य गरेको ६.० प्रतिशतको वार्षिक आर्थिक वृद्धिका लागि वैदेशिक व्यापारको पनि महत्वपूर्ण भूमिका रहने छ । यो आर्थिक वृद्धिदरले एकातिर निर्यातलाई सघाउ पुऱ्याउनेछ भने अर्कोतिर लक्षित आर्थिक वृद्धिदर हासिल गर्न चाहिने लगानीका लागि आयात पनि उच्च रहने स्थिति छ । तथापि आठौं योजनाको तुलनामा नवौं योजनामा वैदेशिक व्यापारको आयतन तल उल्लेखित विविध कारणवश मध्यम रुपमा मात्र बढ्ने अनुमान छ । यस तथ्यलाई मनन गरी योजनावधिमा वैदेशिक व्यापार तथा शोधनान्तर स्थितिको प्रक्षेपण गरिएको छ ।

- आठौं योजनामा वस्तु निर्यातको वृद्धिदर स्थिर मूल्यमा १.९७ प्रतिशत मात्र रहेको र आयात भने २०.३५ प्रतिशतले बढेको कारण व्यापार घाटा झण्डै दोब्बरले वृद्धि भएको थियो । यो स्थितिमा सुधार गर्न नवौं योजनामा आयातको वृद्धिदर भन्दा निर्यातको वृद्धिदर उच्च गर्नै पर्ने अवस्था छ । तसर्थ नवौं योजनावधिमा वस्तु निर्यातलाई स्थिर मूल्यमा १२.५ प्रतिशतले बढाउने लक्ष्य लिइएको छ । नेपाल-भारत व्यापार सन्धिले नेपालको भारततर्फको निकासीका लागि व्यापक सम्भावनाहरु देखाएको, दक्षीण-एसियाली स्वतन्त्र व्यापार सम्झौता (SAFTA) को कार्यान्वयन भइ नेपालको दक्षिण एशियाली क्षेत्रमा नै निर्यात बजार विस्तार हुने, नेपालले विश्व व्यापार सँगठनको सदस्यता लिने मनसाय प्रस्तुत गरिसकेको पृष्ठभूमिमा विश्वव्यापार सँगठनको सदस्यताबाट प्राप्त हुने विस्तारित बजारको लाभ पनि लिनसक्ने, योजनाले अपेक्षा गरेको आर्थिक वृद्धिदर हासिल हुने स्थितिमा निर्यातयोग्य बचत र नयाँ निर्यातयोग्य वस्तुहरुको समेत विकास हुने तथा कृषि जन्य र उन्नत प्रविधि जन्य (सफटवयर जस्ता) नयाँ उत्पादनहरुको विस्तार गर्न सकिने सम्भावनालाई ध्यानमा राख्दा निर्यातको यो वृद्धिदर अपेक्षित रुपमा हासिल हुने विश्वास लिइएको छ ।

- योजनाले परिलक्षित गरेको ६.० प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न र उपयुक्त निर्यात वृद्धिदर (१२.५ प्रतिशत) प्राप्त गर्न आयात स्थिर मूल्यमा प्रति वर्ष ८.८ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । आठौं योजनामा सुन बाहेकको आयात १५ प्रतिशतले बढेको थियो भने आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहेको थियो । यसबाट कुल गाहर्स्थ्य उत्पादनको आयात सघनता (import intensity) १:३ प्रतिशत देखिन्छ । तर नवौं योजनामा यो स्थितिमा सुधार आउने अपेक्षा गरिएको छ । किनभने, प्रथमतः आठौं योजनाको सुरुमा मात्र आयात उदारीकरण गरिएकोले विगतको नियंत्रित अवस्थाबाट स्वतन्त्र व्यापार व्यवस्थामा आउंदा आयातको वृद्धिदर उच्च देखिएको हो । आगामी वर्षहरुमा सुनलगायत कतिपय विलासिताका वस्तुहरुको आयात बृद्धिदर घट्ने सम्भावना रहेकोले यस्तो उच्च आयात वृद्धिदर नरहने अनुमान गरिएको छ । दोस्रो, आन्तरिक मागको मात्र कारणले पुँजीगत तथा उपभोग्य सामानको आयात वृद्धि हुने नभइ बाह्य कारणले समेत आयात मागमा चाप पर्ने विगतको प्रवृत्ति आगामी वर्षहरुमा न्यून हुंदैजाने अनुमान छ । तेस्रो, कतिपय आयात प्रतिस्थापक उद्योगहरु (चिनी, कागज, सिमेन्ट आदि) स्थापना भइ संचालनमा आइ उत्पादन विस्तार भइरहेको सन्दर्भमा यस्ता वस्तुहरुको आयात आगामी वर्षहरुमा कम हुने अनुमान छ । चौथो, कृषिको दीर्घकालिन योजनाको कार्यान्वयन सुरु भइसकेको सन्दर्भमा खाद्यान्न, फलफूल, माछा-मासु तथा तरकारीको माग आन्तरिक उत्पादनबाट बढी आपूर्ति गर्न सकिने सम्भावनाका आधारमा यस्ता वस्तुहरुको आयात घट्ने अनुमान छ । पाँचौं, कुल गाहर्स्थ्य उत्पादनको संरचनामा केही सुधार हुने र खासगरी कृषि क्षेत्रको उत्पादन वृद्धिबाट समेत उच्च आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यको पृष्ठभूमिमा कुल गार्हस्थ्य उत्पादनको आयात सघनता घट्दै जाने अनुमान गरिएको छ । उपरोक्त कारणहरुले गर्दा नवौं योजनावधिमा कुल गार्हस्थ्य उत्पादनको आयात सघनता घट्ने र योजनाले अपेक्षा गरेको आर्थिक वृद्धिदर हासिल गर्न ८.८ प्रतिशतको आयात वृद्धि यथेष्ट हुने अनुमान छ ।

- कुल आयातको ८.८ प्रतिशत वृद्धिदर लक्षित आर्थिक वृद्धिदर हासिल गर्न चाहिने लगानीको माग पूरा गर्न पनि यथेष्ट भएको र उक्त आयातलाई खामी चालू खाता घाटालाई उपयुक्त स्तरमा

सीमित गर्न वस्तु एवं सेवा निर्यात वृद्धिदर उच्च हुनैपर्ने हुनाले योजनावधिमा सेवा आर्जन खुदको निर्यात वृद्धिदर ११.४ प्रतिशत गर्ने लक्ष्य राखिएको छ। खासगरी पर्यटन, हवाई यातायात र अन्य सेवा (वैदेशिक रोजगारी) बाट उल्लेखनीय रुपमा विदेशी मुद्रा आर्जन गर्नुपर्ने र सो भएमा मात्र सेवा क्षेत्रबाट अपेक्षा गरिएको खुद आर्जन प्राप्त हुने देखिन्छ। तसर्थ आय आर्जन र रोजगारीको अतिरिक्त विदेशी मुद्रा आर्जनको दृष्टिकोणले समेत यी क्षेत्रहरुको विकास गर्ने पर्ने भएको छ।

- ट्रान्सफर आम्दानीतर्फ नवौं योजनामा सरकारी अनुदानको वृद्धिदर कम हुने देखिए तापनि गैरसरकारी संस्थाहरुलाई प्राप्त हुने अनुदानमा अरु वृद्धि हुने अनुमान छ। त्यस्तै निजी क्षेत्रको ट्रँसफर आय पनि यस अवधिमा सामान्य रुपमा मात्र बढ्ने अनुमान छ। समष्टिमा ट्रान्सफर आयलाई खुद योजनावधिमा ६.० प्रतिशतले बढाउने लक्ष्य राखिएको छ। आठौं योजनाको तुलनामा नवौं योजनामा सरकारी विदेशी अनुदानको वृद्धिदर कम हुने अनुमानका आधारमा ट्रान्सफर शीर्षकको वृद्धिदर आठौं योजनाको तुलनामा कम हुने अनुमान गरिएको छ।

- व्यापार घाटामा वृद्धि हुँदै जाने भए तापनि सेवा तथा ट्रान्सफर आर्जन (खुद) मा हुने वृद्धिले नवौं योजनावधिमा चालू खाता घाटाको स्थितिमा केही सुधार हुने अनुमान छ। आठौं योजनाको अन्तिम वर्ष २०५३।५४ मा चालू खाता घाटा (सरकारी अनुदान र भारतीय अन्तःशुल्क फिर्ता बाहेक) कूल गाहर्स्थ्य उत्पादनको १०.७ प्रतिशत रहेकोमा यो अनुपातलाई २०५८।५९ मा ८.५ प्रतिशतमा ओराल्ने लक्ष्य रहेको छ। सेवा तथा ट्रान्सफर आयको वृद्धिको तुलनामा व्यापार घाटाको वृद्धिदर कम हुने भइ यो सम्भव हुने अनुमान छ। तसर्थ स्थिर मूल्यमा अनुदान सहितको चालू खाता घाटा रकम २०५३।५४ को रु १९.१२ अर्बबाट २०५८।५९ मा रु १८.२८ अर्बमा झर्ने र अनुदानरहितको चालू खाता घाटा २०५३।५४ को रु २९.८७ अर्बबाट २०५८।५९ मा रु ३२.४५ अर्ब पुग्ने प्रक्षेपण गरिएको छ।

- उपेक्षित आर्थिक वृद्धिदर हासिल गर्न पुँजीगत लगानी बढाउनु पर्ने हुँदा यसबाट आयातमा चाप पर्न गइ व्यापार घाटा बढ्न जाने र चालू खाता घाटामा समेत चाप पर्न गई अन्ततः शोधनान्तर स्थिति नै प्रतिकुल हुन जान सक्ने स्थितिमा निजी वैदेशिक पुँजी निवेशलाई खुला गर्दै लैजाने तथा विदेशी ऋण परिचालनमा तीव्रता ल्याउने कार्यद्वारा पुँजी खाता बचत बढाइ चालू खाता घाटा पूर्ति गर्ने र भुक्तानी सन्तुलन स्थिति अनुकुल बनाउने लक्ष्य लिइएको छ। तद्नुरुप नवौं योजनावधिमा सरकारी ऋण करिव रु ७९ अर्ब परिचालन गरिने र प्रत्यक्ष विदेशी लगानीको रुपमा पुँजीको आप्रवाहलाई उल्लेख्य रुपले बढाउने लक्ष्य लिइ पुँजी खातामा योजनाको अन्तिम वर्षमा करिव रु ३७.४५ अर्ब (अनुदान समेत) बचत हुने र यो बचतले त्यस वर्षको चालू खाता घाटा रु ३२.४५ अर्बलाई पूर्ति गरेर पनि योजनाको अन्तिम वर्षसम्ममा रु ५ अर्बको शोधनान्तर बचत हुने अनुमान गरिएको छ।

- नवौं योजनावधिमा भुक्तानी बचत प्रतिवर्ष करिव ४-५ अर्बको दरले बढ्न जांदा योजनाको अन्तिम वर्षसम्ममा विदेशी मुद्रा संचिति करिव रु ७१ अर्ब भइ त्यस वर्षको ५.८ महिनाको वस्तु आयात धान्न सक्ने देखिन्छ। हाल एसियाली मुलुकहरुमा देखिएको विदेशी मुद्रा संकटको पृष्ठभूमिमा यस स्तरको विदेशी मुद्रा संचिति विनिमयदरलाई स्थायित्व प्रदान गर्न र विदेशी लगानीकर्ताहरुलाई विनिमय सुविधाप्रति विश्वस्त तुल्याउन प्रर्याप्त हुने अनुमान छ।

मौद्रिक स्थितिको प्रक्षेपण गर्दा शोधनान्तर बचत हासिल गर्दै खुद वैदेशिक सम्पत्तिमा तद्नुरुप नै क्रमिक वृद्धि हुने प्रकारले बैंकिंग क्षेत्रको खुद आन्तरिक कर्जा प्रवाह निश्चित गरिएको छ। आन्तरिक कर्जा विस्तारबाट विदेशी मुद्रा संचितिमा बढी चाप पर्न नपाउने गरी मौद्रिक नीति तर्जुमा गरिएकोले पनि शोधनान्तर स्थिति प्रक्षेपण गरिए अनुसार अनुकुल हुने अनुमान छ। बजार मूल्यमा ६.५ प्रतिशतको

यथार्थ आर्थिक वृद्धिदर हासिल भएमा १३ प्रतिशतले बढ्ने अनुमान गरिएको संकुचित मुद्रा प्रदायले शोधनान्तर स्थितिलाई अनुकुल बनाइराख्न सघाउ पुग्ने अनुमान गरिएको छ ।

- नवौं योजनाको क्षेत्रगत कार्य नीतिमा पुँजी खाता कारोवारलाई क्रमशः खुला गर्दै लगिने र प्रत्यक्ष निजी वैदेशिक लगानीका साथै धितोपत्र बजारमा लगानी (portfolio investment) लाई पनि प्रोत्साहित गरिने उद्देश्य रहेकोले योजनावधिमा वैदेशिक लगानी वार्षिक औसत २५ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

- आठौं योजनावधिमा निजी क्षेत्रको रेमिट्यान्सको यथार्थ वृद्धिदर १७.२ प्रतिशत रहेको तुलनामा नवौं योजनावधिमा त्यस्तो आर्जनलाई बैंकिंग प्रणालीभित्र बढी आकर्षित गर्ने कार्यक्रम रहेकोले त्यस्तो ट्रान्सफर सरदर ८.० प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

- आठौं योजनावधिमा सरकारी अनुदान सरदर ४०.२ प्रतिशतले बढे तापनि परिवर्तित परिस्थितिमा यसतर्फ त्यति उत्साहित हुनसक्ने स्थिति नभएकाले योजनाको आधार-पत्रमा अनुमान गरिएको रु ३२५९ करोडको सरकारी अनुदान र गैरसरकारी संस्थाहरुलाई समेत प्राप्त हुने थप अनुदान समेत समावेश गरी नवौं योजनावधिमा अनुदान सरदर ४.५ प्रतिशतले बढी करिव रु ५६ अर्ब वैदेशिक अनुदान प्राप्त हुने अनुमान छ ।

- आठौं योजनावधिमा स्थिर मूल्यमा वार्षिक ४.३ प्रतिशत र साँवा भुक्तानी १०.१ प्रतिशतले वैदेशिक ऋण बढेकोमा योजनाले खर्चको स्रोतको रुपमा अनुमान गरेको सरकारी विदेशी ऋण योजनावधिको कुल रु ७८९५ करोडकै स्तरमा कायम राख्दा वृद्धिदर ११.६ प्रतिशत रहने र साँवा भुक्तानी वार्षिक १२.० प्रतिशतले बढ्न गई खुद ऋण ११.४ प्रतिशतले बढ्न जाने अनुमान छ ।

- बाह्य क्षेत्र कारोवारलाई पूर्ण रुपले समेट्न सक्ने तुल्याउन भुक्तानी सन्तुलन तथ्याङ्क संकलन पाचौं संशोधन निर्देशिका कार्यान्वयन गरी लेखा पद्धतिको विकास गरिने भएकाले हाल उच्च स्तरमा रहेको विविध पुँजी शीर्षक अन्तर्गतका रकमहरु सम्बन्धित शीर्षकहरुमा नै पर्न गइ यस शीर्षक अन्तर्गतको रकम भने नवौं योजनामा वार्षिक करिव २०.५ प्रतिशतले घट्न जाने अनुमान छ ।

तालिका
नवौं योजनावधि (२०५४।५५ – २०५८।५९) को प्रक्षेपित शोधनान्तर स्थिति
(आ.व. २०५३।५४ को स्थिर मूल्य दरमा)

(रु. करोडमा)

शीर्षक	आ.व.२०५३।५४	आ.व.२०५८।५९	वार्षिक औसत वृद्धिदर
निर्यात, एफ.ओ.बी	२२५०.७२	४०५५.८७	१२.५
आयात, सी.आई.ए°.	९६११.४१	१४६४७.१९	८.८
व्यापार सन्तुलन	-७३६०.६९	-१०५९१.३२	७.५
सेवा, खुद	३९३६.०७	६७३८.७२	११.४
आय	५३१८.०५	८६७३.५५	१०.३
पर्यटन	८५२.३०	१७१४.२८	१५.०
लगानीबाट प्राप्त आय	१९९.०३	३२०.५४	१०.०
अन्य	४२६६.७२	६६३८.७३	९.२
भुक्तानी	१३८१.९८	१९३४.८३	७.०
ट्रान्सफर, खुद	१५१३.०१	२०२४.२५	६.०
आय	१६३४.७३	२२३९.२४	६.५
निजी क्षेत्रको रेमिटान्स	५५९.५०	८२२.०९	८.०
विदेशी अनुदान	९७४.३२	१२१४.१८	४.५
भारतीय अन्तःशुल्क फिर्ता	१००.९१	२०२.९७	१५.०
अन्य	-	-	-
भुक्तानी	१२१.७२	२१४.९९	१२.०
चालू खाता रकम (अनुदानसहित)[१]	-१९११.६१	-१८२८.३५	-०.९
चालू खाता घाटा (अनुदानबाहेक)[२]	-२९८६.८४	-३२४५.५०	१.७
विदेशी पुँजी, खुद	८३९.०२	१४४१.३६	११.४
विदेशी ऋण	११२३.२९	१९४२.३४	११.६
साँवा भुक्तानी	२८४.२७	५००.९८	१२.०
प्रत्यक्ष वैदेशिक लगानी	१६२.०७	४९५.३५	२५.०
विविध पुँजी रकम	१२३१.९५	३९१.६४	-२०.५
खुद वैदेशिक सम्पत्तिमा परिवर्तन (-घाटा)	३२१.४३	५००.००	-

द्रष्टव्य :

१. चालू खाता घाटा/कुल गार्हस्थ्य उत्पादन -६.८ -४.८

२. चालू खाता घाटा/कुल गार्हस्थ्य उत्पादन -१०.७ -८.५

५.५ पुँजी बजार

१. पृष्ठभूमि

आर्थिक विकासका लागि दीर्घकालीन पुँजीको परिचालन गरी उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गराइ मुलुकको आर्थिक वृध्दिदर तीव्र पार्न पुँजी बजारको विकास-बिस्तार आवश्यक छ । तत्कालीन औद्योगिक नीतिअनुरुप सरकारी क्षेत्रमा २०३३ सालमा सेक्युरिटी खरिद बिक्री केन्द्रको स्थापना भइ सस्थागत रुपमा पहिलो पुँजी बजारको उदय भए तापनि छैठौ योजनासम्म पुँजी बजारसम्बन्धी कुनै योजना वा कार्यक्रम थिएन । सातौं योजनामा तत्कालीन सेक्युरिटी खरिद बिक्री केन्द्रको संक्षिप्त कार्य एवं कार्यक्रम निर्धारण गरी पहिलो पटक राष्ट्रिय योजनामा पुँजी बजारलाई समावेश गरिए तापनि आठौं योजनामा आएर मात्र यससम्बन्धी कार्यक्रमहरुलाई समावेश गरी योजनाबध्द ढंगबाट अघि बढाउन थालियो ।

दीर्घकालीन पुँजीको परिचालनद्धारा अर्थतन्त्रलाई उत्पादनशील क्षेत्रतर्फ अग्रसर गराइ प्राप्त प्रतिफललाई वढीसे बढी व्यक्तिले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्नु पुँजी बजारको मुख्य उद्देश्य हो । यससँग सम्बद्ध प्रमुख तीन पक्ष : संस्था, मध्यस्थ, तथा लगानीकर्ताको विवेकशील एवं जिम्मेवारीपूर्ण व्यवहारबाट मात्र यस उद्देश्यको प्राप्ति हुनसक्छ ।

संस्थाको रुपमा रहेका सरकार, केन्द्रीय बैंक, धितोपत्र बोर्ड, स्टक एक्सचेन्ज, बजारबाट पुँजी उठाउने संगठित संस्थाहरु मध्यस्थको रुपमा रहेका धितोपत्र निष्काशन प्रवन्धक, बजार निर्माता, लगानी प्रवन्धक, दलाल आदि धितोपत्र व्यवसायीहरु र लगानीकर्ताको रुपमा रहेका सरकारी बण्ड होल्डर, साधारण सेयरहोल्डर, अग्राधिकार सेयरहोल्डर, डिवेन्चरहोल्डर, म्युचुयल फण्ड युनिटहोल्डर आदि धितोपत्र होल्डरहरुको विवेकशील एवं उच्च नैतिक आचरण तथा जिम्मेवारीपूर्ण व्यवहारले स्वस्थ पुँजी बजारलाई विकसित गर्दै लैजान सहयोग पुऱ्याउंछ ।

आठौं योजनाले उपर्युक्त पक्षहरुको भौतिक संरचनासम्बन्धी नीति एवं कार्यक्रम तय गरेको थियो र तीमध्ये धेरै कार्य भएका पनि थिए । माथि उल्लेखित तीन पक्षबीचको समन्वयको अभाव र अन्य कतिपय कारणले गर्दा पुँजी बजारको विकास आशातीत रुपमा हुन सकेन । नवौं योजनामा सबै पक्षलाई ध्यानमा राखी पारदर्शी पुँजी बजार विकाससम्बन्धी नीति एवं कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनु आवश्यक छ ।

२. आठौ योजनाको समीक्षा

आठौ योजनामा धितोपत्र बजारको संचालन तथा नियन्त्रणका लागि कानुनी तथा संस्थागत आधारको बिकास गरी सेक्युरिटी एक्सचेन्ज बोर्डको स्थापना गर्ने लक्ष्यअनुरुप धितोपत्र कारोवार ऐन, २०४० मा संशोधन गरी धितोपत्र बोर्डको स्थापना गरियो । तत्कालीन सेक्युरिटी खरिद बिक्री केन्द्रलाई नेपाल स्टक एक्सचेन्जमा परिणत गरी स्टक एक्सचेन्ज प्रणालीको सुरुवात भयो । त्यस्तै, धितोपत्र निष्काशन गर्दा र सूचीकृत कम्पनीले सार्वजनिक जानकारीका लागि प्रकाशित गर्नुपर्ने सूचना (disclosure) को स्तर तोक्ने, ती सूचनाहरुलाई सार्वजनिक रुपमा प्रकाशित गर्ने र त्यसको प्रभावकारी अनुगमन गर्ने कानुनी तथा संस्थागत व्यवस्था मिलाउने लक्ष्यअनुरुप धितोपत्र बोर्डले धितोपत्र निष्काशन निर्देशिका जारी गरी सार्वजनिक रुपमा धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले कम्पनी ऐनले तोकेको विवरणहरुका अतिरिक्त थप विवरण एवं जानकारीहरु समावेश गरी विवरणपत्र प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ भने नेपाल स्टक एक्सचेन्जले धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकले आफूले निष्काशन प्रवन्ध गर्न लागेको विवरण पत्रमा कम्पनी ऐन, धितोपत्र बोर्डको निष्काशन निर्देशिकामा उल्लेख भएका

विवरणका अतिरिक्त सर्वसाधारण लगानीकर्ताहरुको स्वार्थसँग सम्बन्धीत थप विविरण तथा जानकारी समावेश भएको हुनुपर्ने व्यवस्था गरेको छ । धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्जले माथि उल्लेख भएअनुसार थप विवरण एवं जानकारीहरु विवरणपत्रमा समावेश गर्नुपर्ने व्यवस्था गरेबाट संगठित संस्थाहरुले जारी गर्ने विवरणपत्रको स्तर तथा पारदर्शितामा केही सुधार आएको छ ।

तत्कालीन सेक्युरिटी खरिद बिक्री केन्द्रलाई मुनाफाबाट प्रेरित नहुने स्वनियन्त्रित स्टक एक्सचेन्ज संस्थाको रुपमा संस्थापन गरी आवश्यक भौतिक सुविधा विस्तार गर्दै लैजान क्रमिक रुपमा निजी क्षेत्रको सहभागिता वढाउने लक्ष्यअनुरुप सेक्युरिटी खरिद बिक्री केन्द्रलाई नेपाल स्टक एक्सचेन्जमा परिणत गरी निजी क्षेत्रका धितोपत्र मध्यस्थहरुलाई समेत नेपाल स्टक एक्सचेन्जको सेयर पुँजीमा सहभागी गराइ उनीहरुको प्रतिनिधिहरुसमेत संचालक समितिमा राखी स्टक एक्सचेन्ज संचालन भएको छ ।

वित्तीय क्षेत्रमा रहेको साधन धितोपत्रतर्फ प्रवाहित गराउन कर्मचारी संचयकोष, बिमा कम्पनीहरुका साथै अन्य वित्तीय संस्थाहरुलाई पनि सेयर, डिबेन्चर र धितोपत्रहरुमा लगानी गर्न प्रोत्साहन गर्ने लक्ष्य रहेकोमा कर्मचारी संचयकोष ऐन, २०१९ मा संशोधन भइ कोषले बैंक तथा वित्तीय संस्थाहरुको सेयर पुँजीमा मात्र लगानी गर्नसक्ने व्यवस्था भएको हुँदा कोषले यस्ता केही कम्पनीमा सेयर लगानी गरेको वाहेक यसतर्फ खास प्रगति भएको देखिँदैन ।

पुँजी बजारका मध्यस्थ संस्था र सेवाको बिस्तार गर्न नागरिक लगानीकोष एवं अन्य वित्तीय संस्थाहरुले प्राथमिक निष्काशन प्रवन्ध, प्रत्याभूति, दलाल, बजार निर्माण जस्ता कार्यहरु गर्ने, गराउने लक्ष्यअनुरुप नेपाल स्टक एक्सचेन्जले धितोपत्र दलाल, धितोपत्र निष्काशन प्रवन्धक, बजार निर्माता, पोर्टफोलियो मैनेजर जस्ता धितोपत्र मध्यस्थहरु स्टक एक्सचेन्जको सदस्यता प्राप्त गरी कारोवारमा संलग्न छन् ।

धितोपत्र बजारलाई विस्तार गर्न आवश्यक जनशक्तिलाई तालिम दिने व्यवस्था मिलाउने लक्ष्यअनुरुप नेपाल स्टक एक्सचेन्जले एक पटक धितोपत्र दलाली, बजार निर्माण, निष्काशन तथा बिक्री प्रवन्धक, प्रत्याभूति, कोष व्यवस्थापन आदि बिषयहरुमा तालिम कार्यक्रम संचालन तथा एक्सचेन्जका कर्मचारीहरुलाई स्वदेशी विदेशी संस्थाहरुमा अध्ययन, अवलोकन तथा तालिममा पठाउने व्यवस्था गरेको छ ।

बिभिन्न बचत योजना संचालन गरी स-साना लगानीकर्ताहरुको बचत धितोपत्रतर्फ प्रवाहित गर्न नागरिक लगानीकोष वा यस्ता स्किम संचालन गर्न स्वीकृति पाएका संस्थाले विभिन्न बचत योजना परिचालन गरी संस्थागत क्षेत्रमा पुँजी लगानी र अन्य वित्तीय सेवा प्रदान गरी प्राप्त भएको मुनाफा सहभागीहरुमा वितरण गर्ने समेत व्यवस्था मिलाउने लक्ष्य रहेको थियो । यसमा अपेक्षित उपलब्धि हासिल नभए तापनि नागरिक लगानीकोषले कर्मचारी बचत वृध्दि कार्यक्रम, नागरिक एकांक योजनाजस्ता बचत योजना संचालन गरेको छ भने एउटा वित्त कम्पनीले एन.सी.एम.म्युचुयल फण्ड नामक बचत योजना संचालन गरी योजना अवधिमा ३ बचत योजना कार्यान्वयनमा आएको छ । त्यस्तै, ट्रष्ट ऐनको विकास गरी अन्य ट्रष्ट कम्पनीको संचालन गर्न अनुमति दिने सम्बन्धमा भने योजना अवधिमा कुनै प्रगति हुन सकेन ।

मध्यम र दीर्घकालीन पुँजीका लागि धितोपत्र बजारलाई उपयोग गर्ने, श्री ५ को सरकारले सरकारी संस्थानहरुलाई अनुदान, ऋण र सेयर पुँजी प्रदान गर्ने नीतिमा पुनरावलोकन गरी प्रतिस्पर्द्धात्मक मूल्यमा धितोपत्र जारी गर्ने प्रथालाई प्रोत्साहित गर्ने, नेपाल औद्योगिक विकास निगम, कृषि विकास बैंकजस्ता संस्थाले लगानीका लागि आवश्यक भएका साधन धितोपत्र जारी गरी प्राप्त गर्ने परम्पराको विकास गर्ने आदि लक्ष्य रहेकोमा यसमा खास उपलब्धि हुन सकेन । मध्यम र दीर्घकालीन पुँजीका लागि धितोपत्र बजारलाई उपयोग गर्नेतर्फ निजी क्षेत्रका कम्पनीहरुमा सक्रियता आइ योजना अवधिभरमा उल्लेखनीय रुपमा धितोपत्र बजारबाट पुँजी संकलन हुन सकेको देखिन्छ भने नेपाल

औद्योगिक विकास निगम, कृषि विकास बैंकलगायत अन्य सरकारी संस्थानहरुले बजारबाट पुँजी उठाउनेतर्फ भने योजना अवधिमा कुनै प्रगति गर्न सकेको देखिदैन । त्यस्तै, स्थानीय नगर एकाइहरुले विभिन्न विकास निर्माण कार्य गर्दा संभाव्यताका आधारमा धितोपत्र जारी गर्ने प्रथा अपनाउने लक्ष्य रहेकोमा यसतर्फ कुनै कार्य हुन सकेन ।

व्यावसायिक प्रतिष्ठानहरु खारेज हुने, एउटाले अर्को खरिद (take-over), गर्ने एक अर्कासँग गाभ्ने उचित मूल्य र स्वस्थ कारोवार पद्धति, टाट पल्टने, संपत्ति अधिकार र त्यस्तो अधिकार हस्तान्तरण हुने गतिविधिसँग संवन्धित कानुनी, प्रशासनिक व्यवस्था गर्न आवश्यक निकाय खडा गर्ने भन्ने लक्ष्य रहे तापनि यसतर्फ योजना अवधिमा कुनै उपलव्धि हुन सकेन ।

सर्वसाधारणबाट कम्पनीहरुले डिपोजिट लिने प्रथाको विकास गर्ने र सोको अनुगमन गर्न प्रभावकारी कानुनी र संस्थागत व्यवस्था मिलाउने सम्बन्धमा योजना अवधिमा कुनै कार्य हुन सकेन ।

व्यापक जनसहभागिता भएका कम्पनीहरुको स्थापना तथा संचालनलाई प्रोत्साहन दिने भन्ने योजनाको लक्ष्य विपरित जनसाधारणको समेत व्यापक सहभागिता रहेको तथा स्टक एक्सचेन्जमा सूचीकरण भएका संगठित संस्थाहरुले विगत एक दशकभन्दा अघिदेखि प्राप्त गर्दै आएको आयकर सुविधामा कटौती गरी प्राइभेट लिमिटेड कम्पनी र सूचीकृत कम्पनीलाई बराबर कर लाग्ने व्यवस्था योजना अवधिमा हुन गएको छ ।

कम्पनी प्रशासनमा सुधार ल्याउने उद्योग विभाग र वाणिज्य विभागले छुट्टाछुट्टै कम्पनी रजिष्टर गर्ने प्रथामा सुधार ल्याई एकीकृत रजिष्ट्रेशन एकाइको स्थापना गर्ने लक्ष्यअनुरुप कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना गरी एकीकृत रजिष्ट्रेशन एकाईको व्यवस्था भएको छ ।

धितोपत्र कारोवारलाई गतिशील सेयर डिपोजिटरी तथा रजिष्ट्रेशन एकाइको संभाव्यता हेर्ने भन्ने लक्ष्य रहे तापनि योजना अवधिमा यसतर्फ खास कार्य भएन ।

पुँजी बजारलाई उपयोग गरी सर्वसाधारण समेतबाट धितोपत्रहरुको माध्यमबाट पुँजी उठाइ उद्योगधन्दा संचालन गर्नेतर्फ उद्यमीहरु आकर्षित भएका छन् भने वित्तीय बजारमा प्रतिस्पर्धात्मक प्रतिफल दिनसक्ने वा दिदैआएका कम्पनीहरुले सेयर जारी गरी पुँजी उठाउन सक्ने वातावरणको सिर्जना आठौं योजना अवधिमा भएको छ ।

धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हकहित संरक्षण गर्नेतर्फ आठौं योजनाकालमा उल्लेखनीय कार्य भएको छ । सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरी पुँजी उठाउने कम्पनी, पुँजी उठाउन मध्यस्थ सेवा प्रदान गर्ने धितोपत्र व्यवसायीलगायत धितोपत्र बजार र यससँग सम्बध्द पक्षलाई लगानीकर्ताहरुप्रति संवेदनशील भइ काम गर्नु गराउनु पर्ने व्यवस्था भएको छ । यसका लागि धितोपत्र कारोवार ऐन, धितोपत्र कारोवार नियमावली, धितोपत्र बजारको सदस्यता तथा कारोवार विनियम, धितोपत्र सूचीकरण विनियम आदिलाई समसामयिक बनाइएको छ । त्यस्तै धितोपत्र निष्काशन निर्देशिका, धितोपत्र वाँडफाँट निर्देशिका लागू गरी प्राथमिक बजारलाई पारदर्शी एवं विश्वसनीय बनाउने प्रयास भएको छ ।

पुँजी बजारको स्वस्थ्य विकासमा संस्थागत लगानीकर्ताहरुको सहभागिता अत्यन्त महत्वपूर्ण हुन्छ । धितोपत्र कारोवारमा बैंक तथा वित्तीय संस्थाहरुको सहभागिताले सर्वसाधारण लगानीकर्ताहरुलाई समेत सकरात्मक प्रभाव पारी धितोपत्रहरुमा लगानी गर्न उत्साहित पार्ने वातावरण सिर्जना गर्नेतर्फ आठौ योजनामा महत्वपूर्ण कार्यहरु भएका छन् । बैंक तथा वित्त कम्पनीहरुले धितोपत्र व्यवसायीको रुपमा स्टक एक्सचेन्जको सदस्यता लिइ बजार निर्माण, लगानी व्यवस्थापन जस्ता कार्य गर्नुका अतिरिक्त

कम्पनीहरुको सेयरहरु कारोवार गर्ने प्रथाको सुरुवात भएको छ । पुँजी बजारको स्वस्थ विकासका लागि यो उत्साहजनक संकेत हो ।

३. दीर्घकालीन अवधारणा

- विकासको लागि पुँजी बजार अवधारणाअनुरुप सडक, विद्युत, जल व्यवस्थापन, संचार तथा विकासका लागि अत्यावश्यक अन्य पूर्वाधार परियोजनाहरुको विस्तारका लागि आवश्यक पर्ने साधनको महत्वपूर्ण हिस्सा पुँजी बजारबाट आपूर्ति गरिनेछ ।
- कम्पनीहरुको स्वामित्वमा व्यापकता ल्याइ आमजनताले सेयरमा लगानी गर्ने र त्यसबाट प्राप्त हुने प्रतिफल उनीहरुले समेत उपयोग गर्ने अवसरको सिर्जना गर्न आधुनिक व्यवस्थापनअनुरुप कम्पनी संचालन गर्ने सुदृढ संस्थागत निजी क्षेत्रको विकास गरिनेछ ।
- प्राविधिक, आर्थिक तथा वित्तीय दृष्टिकोणबाट उपयुक्त एवं प्रतिस्पर्द्धात्मक प्रतिफल दिनसक्ने स्तरीय परियोजनाहरु मात्र पुँजी बजारमा प्रवेश हुन सक्ने गराइ धितोपत्रमा लगानी गर्न आमजनतालाई पूर्ण विश्वस्त गराउने वातावरणको सिर्जना गरिनेछ ।
- परियोजना परिचालन, तर्जुमा तथा मूल्यांकनमा संलग्न हुने परामर्शदाता, बैंक, वित्तीय संस्थालगायत धितोपत्र व्यवसायीहरुको पेशागत क्षमतामा बृध्दि गरी नेपाली कम्पनीहरुले अन्तर्राष्ट्रिय पुँजी बजारमा समेत प्रतिस्पर्द्धा गरी पुँजी उठाउने प्रचलनको विकास गरिनेछ ।
- नेपाल स्टक एक्सचेन्जको भौतिक एवं संस्थागत क्षमतामा बृध्दि गरी विद्युतीय कारोवार प्रणालीको माध्यमबाट पचहत्तरै जिल्लाबाट कारोवार गर्ने गराउने व्यवस्था गरिनेछ ।
- हाल कुल जनसंख्याको करिव १ प्रतिशत मात्र साधारण सेयरवाला भएको अनुमानको आधारमा यसमा उल्लेखनीय बृध्दि गरी ५ प्रतिशत वा सोभन्दा वढी पुऱ्याइनेछ ।
- सेयर बजारमा हुने कुल कारोवारको ९९ प्रतिशत कारोवार साना लगानीकर्ता (retail investors) वीच हुने हालको अवस्थामा सुधार गरी म्युचुयल फण्ड, पेन्सन फण्ड, संचयकोष, बिमा कम्पनीजस्ता संस्थागत लगानीकर्ताहरुलाई कारोवारमा संलग्न गराइ कुल कारोवारको ५० प्रतिशत कारोवार यस्ता लगानीकर्ताहरुबाट गराइनेछ ।

नवौं योजना

४. उद्देश्य

- उद्योग, व्यापार, कृषि, वित्तीय तथा अन्य व्यवसायहरु बढी मात्रामा जनसाधारण समेतको सेयर लगानीमा स्थापित कम्पनीहरुमार्फत संचालन गर्ने ।
- निजी क्षेत्रका साथै श्री ५ को सरकार, सरकारी संस्थाहरु र नगरपालिकाले मध्यम वा दीर्घकालीन ऋणबाट गर्ने लगानी रकमको महत्वपूर्ण अंश धितोपत्रहरुको माध्यमबाट पुँजी बजारबाट परिचालन गर्ने ।
- उद्यमीहरुको आवश्यकता र बचतकर्ताहरुको रुचिबीच समन्वय ल्याइ विभिन्न प्रकारका धितोपत्र निष्काशन गर्ने ।
- धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुका साथै कम्पनी संस्थापकहरुको हकहित संरक्षण गरी धितोपत्र बजारप्रति आमजनताको विश्वासमा अभिवृध्दि गर्ने ।

- धितोपत्र बजारलाई पूर्ण पारदर्शी एवं विश्वसनीय बनाइ धितोपत्रमा तरलता वृध्दि गर्ने ।

५. नीति तथा कार्यनीति

- मुद्रा बजार, विदेशी विनिमय बजार, पुँजी बजार, बिमा बजारलगायत अन्य वित्तीय क्रियाकलापको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने उच्च निकायहरुबीच समन्वय राखी पुँजी बजारलाई वित्तीय प्रणाली सँग आवध्द गरिनेछ ।

- धितोपत्र निष्काशन गर्ने कम्पनीका संस्थापक तथा संचालक, व्यवस्थापक, धितोपत्र बजार र यसका सदस्य, कानुनविद, एकाउन्टेन्ट, लेखापरीक्षक, सल्लाहकार आदिको आचारसंहिता, जिम्मेवारी, दायित्व संवन्धमा समसामयिक व्यवस्था गरी स्वस्थ बजारको विकास गरिनेछ ।

- अधिराज्यभर छरिएर रहेका बचतकर्ताहरुलाई आफ्नो बचतको केही अंश धितोपत्रमा लगानी गरी पुँजीनिर्माण प्रक्रियामा सहभागी हुन पाउने अवसर सिर्जना गर्न अधिराज्यभर धितोपत्र कारोवारसम्बन्धी सुविधा पुऱ्याइनेछ ।

- बैंक तथा वित्तीय संस्थाहरुसँग रहेको साधनमध्ये उपयुक्त अंश धितोपत्र बजारमा प्रवाहित गराइ धितोपत्रहरुको तरलतामा वृध्दि गरिनेछ ।

- धितोपत्रीकरण (securitisation) प्रथाको विकास गरी बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको दीर्घकालीन ऋृणहरुमध्ये वित्तीय रुपमा सफल कम्पनीहरुसँग रहेको पूर्ण सुरक्षित ऋृणको जमानतमा डिवेन्चर जारी गरी बैंक तथा वित्तीय संस्थाहरुले पुँजी उठाउन सक्ने व्यवस्था गरिनेछ ।

- मध्यस्थको रुपमा कार्य गर्ने धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकहरुलाई परियोजना मूल्यांकन, कम्पनी मूल्यांकन, सेयर मूल्यांकनजस्ता कार्यहरुमा दक्ष बनाइ प्रतिस्पर्द्धात्मक प्रतिफल दिनसक्ने कम्पनीहरुको धितोपत्र मात्र सार्वजनिक रुपमा निष्काशन हुनसक्ने गरिनेछ ।

- बचतकर्ता वा लगानीकर्ताको किसिम र प्रकृतिअनुसार जोखिम सहित वा जोखिमरहित विभिन्न विशेषतायुक्त धितोपत्रहरुको पहिचान गर्ने तथा यस्ता धितोपत्र माध्यमबाट पुँजी उठाउने कार्यमा सहयोग पुऱ्याउन धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकलाई सुदृढ बनाइनेछ ।

- म्युचुयल फण्ड संचालन गर्न स्वदेशी, विदेशी वित्तीय संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

- भित्री खवर (Inside Information) को आधारमा हुने कारोवारको पहिचान गर्ने र यस्ता कारोवारमा संलग्न पक्षहरुमाथि तदारुकताका साथ कानुनी कार्यवाही गर्ने व्यवस्था मिलाइनेछ ।

- साधारण सेयरको निष्कासनद्वारा सार्वजनिक रुपमा पुँजी उठाइ धितोपत्र बजारमा सूचीकरण हुने वा भएका कम्पनीहरुको सेयर स्वामित्वमा कम्पनीको कुनै संस्थापक वा संचालक वा व्यवस्थापन जिम्मा लिने व्यक्ति वा समूहले कायम राख्नसक्ने स्वामित्वको अधिकतम सीमा तोकिनेछ ।

- धितोपत्र प्रमाणपत्र तथा कारोवारसम्बन्धी लिखत आदिमा हुनसक्ने किर्ते, जालसाजी जस्ता कुरालाई न्यून गर्नुका साथै धितोपत्रमा तत्काल तरलता (instant liquidity) प्राप्त हुने तथा कारोवार भएका धितोपत्रको नामसारी तुरुन्ते हुने व्यवस्था मिलाइनेछ ।

- पूर्ण सुरक्षित सरकारी ऋृणपत्रहरुको प्रतिफललाई आधार (benchmark) मानी संगठित संस्थाहरुले डिवेन्चरहरु जारी गर्ने प्रथाको विकास गर्न सरकारी ऋृणपत्रहरु धितोपत्र बजारमा कारोवार हुने व्यवस्था मिलाइनेछ ।

- कम्पनीहरुको विश्वसनीयता बढाउन अन्तर्राष्ट्रियस्तरको लेखा प्रणाली लागू गरी औद्योगिक, कृषि, निर्माण जस्ता क्षेत्रमा कार्यरत कम्पनीहरु वित्तीय लेखापरीक्षण र लागत लेखापरीक्षण गराइ पूर्ण पारदर्शी बनाइनेछ ।

- विदेशी लगानीकर्ताहरुका लागि धितोपत्र बजार खुला गर्न अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जबीच समन्वय राखी आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्थाहरु मिलाउने प्रयास गरिनेछ ।

- धितोपत्र निष्काशन गर्ने कम्पनी वा धितोपत्र कारोवारमा संलग्न हुने मध्यस्थ वा ग्राहकबाट हुनसक्ने जालसाजी, धोखाधडी वा अन्य कुनै प्रकारबाट लगानीकर्ताहरुमा पर्न जाने नोक्सानीको क्षतिपूर्ति गर्ने व्यवस्था मिलाइ धितोपत्रमा लगानी गर्न सर्वसाधारणलाई प्रोत्साहित गरिनेछ ।

६. कार्यक्रम

- मुद्रा बजार, विदेशी विनिमय बजार, पुँजी बजार, बिमा बजारलगायत वित्तीय बजार प्रणालीभित्र पर्ने अन्य कार्यहरुबीच समन्वय राखी स्वस्थ ढंगबाट वित्तीय क्षेत्रको विकास गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा अर्थ सचिव गभर्नर, नेपाल राष्ट्र बैंक, अध्यक्ष धितोपत्र बोर्ड, अध्यक्ष बिमा समितिसम्मिलित एक उच्चस्तरीय वित्तीय सेवा तथा अनुगमन समितिको स्थापना गरिनेछ ।

- निजी क्षेत्रको संस्थागत विकासबाट मात्र मुलुकको आर्थिक उन्नतिमा तीव्रता ल्याउन सकिने हुनाले आर्थिक क्रियाकलाप संचालन गर्ने कम्पनीहरुको स्वामित्वमा व्यापकता ल्याइ बढी जनसाधारणलाई समेत सेयरको माध्यमबाट स्वामित्वमा सहभागी गराउन निजी क्षेत्रको संस्थागत विकाससम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- निजी क्षेत्रको संस्थागत विकास गर्न स्वामित्व र व्यवस्थापन छुटयाइ शुद्ध पेशेवार आधुनिक व्यवस्थापनबाट कम्पनीहरु संचालन गर्ने परम्पराको विकास गरिनेछ ।

- धितोपत्र निष्काशन गर्ने कम्पनीका संस्थापक तथा संचालक, व्यवस्थापक, धितोपत्र बजारका पदाधिकारी, धितोपत्र व्यवसायी, कानुनविद्, लेखापरीक्षक, सल्लाहकार आदिलाई आ-आफ्नो पेशागत मूल्य र मान्यताअनुरुप कार्य गर्न गराउन आचारसंहिता लागू गरी स्वस्थ, स्वच्छ बजारको विकास गर्न धितोपत्र बोर्डलाई अरु सुदृढ गराइनेछ ।

- पुँजी बजारमा प्रवेश गर्ने कम्पनीले अवलम्वन गर्नुपर्ने लेखा प्रणालीसम्बन्धी निर्देशिका तर्जुमा गरी अन्तर्राष्ट्रिय स्तरको लेखा प्रणाली लागू गरिनेछ ।

- धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको सुरक्षार्थ लगानीकर्ता सुरक्षाकोष स्थापना गरिनेछ ।

- सूचीकृत कम्पनी, धितोपत्र व्यवसायी र नेपाल स्टक एक्सचेन्ज बीच कम्प्यूटर माध्यम सम्पर्क स्थापना गरी कम्पनीको स्थिति, बजार स्थिति, धितोपत्र व्यवसायीको कारोवार आदि कुराको

जानकारी एवं विवरणहरु अध्यावधिक रुपमा तत्काल सार्वजनिक हुनसक्ने व्यवस्था मिलाइ बजारलाई पूर्ण पारदर्शी गराइनेछ ।

- धितोपत्र लगानीतर्फ जनविश्वास बृध्दि गर्न "लगानीकर्ता शैक्षिक कार्यक्रमहरु" संचालन गरिनेछ । सूचीकृत कम्पनीको स्थिति, धितोपत्र कारोवार विविरण, बजार स्थिति आदि कुराका सम्बन्धमा व्यापक प्रचार प्रसार गर्ने कुरालाई सरकारी संचार नीतिमा समावेश गरी रेडियो, टेलिभिजन जस्ता संचार माध्यमबाट समेत लगानी चेतना (investment awareness) कार्यक्रम संचालन गरिनेछ ।

- अधिराज्यका विभिन्न भागमा रहेका बचतकर्ताहरुलाई धितोपत्र कारोवारमा संलग्न हुन पाउने अवसरको सिर्जना गर्न नेपाल स्टक एक्सचेन्जको शाखा विस्तार गरी संभाव्यताको आधारमा प्रत्येक विकास क्षेत्रबाट धितोपत्र कारोवार गर्न सक्ने सुविधा उपलब्ध गराइनेछ ।

- नेपाल स्टक एक्सचेन्जको कार्यक्षमतामा थप बृध्दि ल्याउन आवश्यक भौतिक एवं वित्तीय व्यवस्था गरिनेछ ।

- धितोपत्रको केन्द्रीय दर्ता प्रणाली तथा धितोपत्र निक्षेप प्रणालीको स्थापना गर्न आवश्यक अध्ययन गरी कानुनी एवं संस्थागत व्यवस्था गरिनेछ ।

- धितोपत्र बजारमा कारोवार हुने धितोपत्रहरुमध्ये सरकारी ऋणपत्रहरु प्रमुख धितोपत्रको रुपमा रहने भएकाले यस्ता ऋणपत्रहरुको कारोवार नेपाल स्टक एक्सचेन्जमा गराइ सरकारी ऋण पत्रबाट प्राप्त हुने प्रतिफललाई आधार मानी संगठित संस्थाहरुले डिवेन्चर जारीगर्ने प्रथाको विकास गरिनेछ ।

- बैंक तथा वित्तीय संस्थाहरुसँग रहेको साधनमध्ये उपयुक्त अंशलाई धितोपत्र बजारमा प्रवाहित गराइ बजारको तरलतामा बृध्दि ल्याउन कर्मचारी संचयकोष, राष्ट्रिय बिमा संस्थान, कर्जा सुरक्षण निगम, नागरिक लगानीकोष आदि संस्थासँग रहेको साधनलाई परिचालन गरिनेछ ।

- प्राथमिक बजारसँग आवध्द धितोपत्र व्यवसायीहरुको परियोजना मूल्यांकन गर्ने क्षमतामा बृध्दि ल्याइ प्रतिस्पर्द्धात्मक रुपमा प्रतिफल दिनसक्ने कम्पनीहरुको धितोपत्र मात्र सार्वजनिक रुपमा निष्काशन हुन पाउने व्यवस्था मिलाइनेछ ।

- पुँजी बजारमा संलग्न हुने सरकारी निकायका धितोपत्र बजार, कम्पनीका कर्मचारी, कानुनविद्, लेखापाल तथा धितोपत्र व्यवसायीहरुलाई पुँजी बजारका विभिन्न पक्षमा तालिम प्रदान गरी दक्ष जनशक्ति विकास सम्बन्धी कार्यक्रम संचालन गर्न उपयुक्त संस्थागत व्यवस्था गरिनेछ ।

- स्वदेशी तथा विदेशी वित्तीय संस्थाहरुलाई विभिन्न प्रकारका लगानीकोष (mutual fund) स्थापना एवं संचालन गर्न उपयुक्त कानुनी सस्थागत तथा प्रशासनिक व्यवस्था मिलाइनेछ ।

- बैक तथा वित्तीय संस्थाको दीर्घकालीन साधनमा तरलता बृध्दि गर्न यस्ता बैंक तथा संस्थाहरुले प्रदान गरेको दीर्घकालीन ऋणहरुमध्ये वित्तीय रुपमा सफल कम्पनीसँग रहेको पूर्ण सुरक्षित ऋणको जमानतमा डिवेन्चर जारी गरी बैंक तथा वित्तीय संस्थाहरुले पुँजी उठाउन सक्ने गर्न धितोपत्रीकरण पद्धतिको कानुनी एवं सस्थागत व्यवस्था गरिनेछ ।

- स्थिर सम्पत्तिमा जस्तै धितोपत्रहरुको खरिद बिक्रीकार्य अधिकृत वारेसनामाबाट गर्न गराउन आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

- कम्पनीहरुको मूल्यांकन गरी उनीहरुले जारी गर्ने धितोपत्रहरुमा विद्यमान जोखिमको स्तर निर्धारण गर्न शाख मूल्यांकन पध्दति (credit rating system) को व्यवस्था गरिनेछ ।

- कम्पनीले हकप्रद निष्काशन (right issue) द्वारा जारी गर्ने सेयर खरिद गर्ने हक पाएका सेयरवालाहरुले आफूले सेयर खरिद नगरी त्यस्तो हक अन्य कसैलाई बिक्री गरी हस्तान्तरण गर्न पाउने कानुनी व्यवस्था गरी नेपाल स्टक एक्सचेन्जमा त्यस्तो हक पनि खरिद बिक्री हुन सक्ने व्यवस्था गरिनेछ ।

- आठौ योजना अवधिमा भएका पुँजी बजार विकाससम्बन्धी भौतिक, प्रशासनिक कानुनी एवं संस्थागत व्यवस्थाहरु र योजना अवधिमा धितोपत्रको माध्यमबाट परिचालन भएको थप पुँजीको परिमाण, आगामी दिनहरुमा यससम्बन्धमा अपनाइने नीति कार्यक्रम तथा बजारको उपयोग गरी पुँजी उठाउन चाहने कम्पनीहरुको स्थापनामा भएको बृध्दि तथा बैंक, वित्त कम्पनी र बिमा कम्पनीहरुको हुनुपर्ने न्यूनतम चुक्ता पुँजी आदिलाई ध्यानमा राख्दा नवौ योजना अवधिमा पुँजी बजारबाट ठूलो रकम उठाउन सकिने देखिन्छ । आठौं योजना अवधिमा रु.७० करोड थप पुँजी उठाइएकोमा यसमा बृध्दि गरी रु.५०० करोड उठाउने लक्ष्य राखिएको छ ।

- आठौं योजनाको अन्तसम्ममा नेपाल स्टक एक्सचेन्जमा रहेको कुल धितोपत्र सूचीकरण मूल्य रु.४७२ करोडबाट बृध्दि गरी नवौं योजनाको अन्त्यसम्ममा रु.१५०० करोड पुऱ्याइनेछ ।

- आठौं योजना अवधिमा ३५ नयाँ कम्पनी सूचीकरण भएकोमा यसमा बृध्दि गरी थप ५० कम्पनीको सूचीकरण गरिनेछ ।

सार्वजनिक रुपमा सेयर बिक्री गर्न योग्य कम्पनीहरुलाई मात्र पुँजी बजारमा प्रवेश गराउने तथा यस्ता कम्पनीहरुलाई अन्तर्राष्ट्रियस्तरको लेखा पध्दति अवलम्वन गराइ लागत लेखापरीक्षण (cost auditing) समेत गराउनुपर्ने व्यवस्था गरिएपछि सूचीकृत कम्पनीहरुको आर्थिक एवं वित्तीय स्थितीमा सुधार आइ सेयरवालाहरुलाई प्रतिस्पर्द्धात्मक रुपमा प्रतिफल दिनसक्ने अवस्थाको सिर्जना हुन जानेछ । यसबाट उद्योगपति, उद्यमी एवं सर्वसाधारण लगानीकर्ताहरुमा पुँजी बजारप्रति विश्वास वढ्न गइ कम्पनी स्थापनाका साथै सेयर लगानीमा उल्लेखनीय बृध्दि हुन जानेछ । यसबाट सूचीकृत कम्पनीको संख्यामा बृध्दि हुनुका साथै उनीहरुको स्थितिमा उल्लेखनीय सुधार आउनेछ ।

बचतकर्ताहरुको किसिम र उनीहरुको रुचिअनुसार विभिन्न प्रकारका धितोपत्रहरु निष्काशन गरी पुँजी उठाउने परम्पराको थालनीबाट पुँजी बजारको गहिराइ तथा चौडाइमा बृध्दि हुन जानेछ । नवौं योजना अवधिमा बैंक, वित्तीय संस्था तथा अन्य औद्योगिक , व्यवसायिक कम्पनीहरुले साधारण सेयरका अतिरिक्त मतसहित/रहित, (voting/non-voting), फिर्ता भुक्तानी हुने/नहुने (redeemable/Irredeemable), साधारण सेयरमा परिवर्तनीय/अपरिवर्तनीय (convertible/non-convertible), कम्पनी संचालन (संचालक समिति)मा सहभागी हुने/नहुने (participatory/non-participatory) अग्राधिकार सेयरहरु, परिवर्तनीय/अपरिवर्तनीय, वेरर/रजिष्टर्ड सुरक्षित डिवेन्चरहरु, सामुहिक लगानीकोष एकाइ (mutual fund units), निक्षेप रसिद (depository receipt) तथा धितोपत्रीकृत (securitised) उपकरणहरुले प्रवेश गर्नेछन् । त्यस्तै सरकारले जारी गर्ने सरकारी ऋणपत्रहरुको किसिम र विशेषताहरु बचतकर्ताहरुको प्रकृतिअनुरुप हुने गरी निष्काशन हुनेछ ।

धितोपत्र लगानीकर्ताहरुको हित संरक्षणका लागि आवश्यक व्यवस्थाहरु गर्ने क्रममा स्तरीय कम्पनीलाई मात्र सेयर निष्काशन अनुमति दिने, कम्पनी स्थापना संचालनमा संलग्न संस्थापक/संचालकहरुलगायत धितोपत्र व्यवसायीहरुले जिम्मेवारीपूर्वक पेशागत मूल्य र मान्यताको आधारमा कार्यहरु गर्नु गराउनपर्ने, नियमित रुपमा सूचना एवं जानकारी प्रचार प्रसार गरी पूर्ण पारदर्शी हुनुपर्ने जस्ता व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनबाट लगानीकर्ताहरुको हकहित संरक्षण तथा सुरक्षा हुन जानेछ ।

म्युचुयल फण्ड, भेन्चर क्यापिटल फण्ड, व्यक्तिगत पोर्टफोलियो व्यवस्थापन, धितो पत्रीकरण पुँजी बजार सपोर्ट सर्भिसेज जस्ता व्यवसायहरुको विकास तथा विस्तारले योजना अन्त्यसम्ममा नेपाली पुँजी बजार विश्वका अन्य उदीयमान (emerging) पुँजी बजारसँग तुलनायोग्य (comparable) हुन जानेछ।

स्तरीय कम्पनीहरुको मात्र धितोपत्र बजारमा प्रवेश, बजारमा संलग्न व्यक्ति निकायहरुले अवलम्वन गर्नुपर्ने अनुशासन, कम्पनीहरुको पूर्ण पारदर्शिता, विविध विशेषतायुक्त धितोपत्रहरुको प्रचलन जस्ता कुराले धितोपत्र बजारको संख्यात्मक एवं गुणात्मक पक्षहरुमा उल्लेखनीय बृध्दि हुन जानेछ। फलस्वरुप, माग र आपूर्तिको सिद्धान्तमा आधारित बजार व्यवस्थाको विकास भइ अर्थतन्त्रमा रहेको बचतको कुशल विनियोजन (allocational efficiency) एवं उपयोग पध्दतिको विकास हुनेछ।

शाख मूल्याङ्कन पद्धति (credit rating system) को प्रचलनबाट बचतकर्ताहरुको प्रकृतिअनुसार धेरै/मध्यम/कम जोखिम भएका विभिन्न प्रकारका धितोपत्रहरुले बजारमा प्रवेश भइ बचतकर्ताहरुको रुचिअनुसारका धितोपत्रहरुको विकास हुनेछ।

विभिन्न भुक्तानी अवधि तथा व्याजदर भएका सरकारी ऋणपत्रहरु एकै मूल्य अर्थात् सममूल्य (par value) मा स्टक एक्सचेन्जबाहिर कारोवार गर्ने वर्तमान परिपाटीलाई समाप्त पारी बजार सिध्दान्त (principle of yield to maturity) को आधारमा स्टक एक्सचेन्जमा कारोवार हुने व्यवस्था गरिने उद्देश्य अनुरुप यसबाट सरकारी ऋणपत्रको प्रतिफल दरलाई आधार मानी सरकारी तथा निजी क्षेत्रका संस्थाहरुले डिवेन्चर जारी गर्ने प्रथाको विकास हुनेछ।

५.६ सार्वजनिक संस्थान र निजीकरण

१. पृष्ठभूमि

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको अभ्युदय पश्चात जनताका आवश्यकता र आकाङ्क्षालाई महत्व दिएर सरकारी क्रियाकलापहरु सञ्चालन हुने वातावरण बन्यो । यस अनुरुप सरकारले सम्पादन गर्ने नियमित सरकारी कार्यहरुबाहेक वस्तु तथा सेवाको उत्पादन र वितरण व्यवस्थामा समेत प्रत्यक्ष सहभागी भइ आर्थिक विकासको अभियानलाई द्रुततर गराउने उद्देश्यले ठूलो रकम लगानी गरी श्री ५ को सरकारले विभिन्न सार्वजनिक संस्थानहरुको स्थापना र सञ्चालन गर्ने परिपाटीको विकास गऱ्यो । निजी क्षेत्रको लगानी आकर्षण हुन नसकेका कतिपय सामाजिक र आर्थिक आधारभूत सेवाहरुमा सरकारी क्षेत्रको अग्रसरता कायम हुनुपर्ने विगतको अवस्थामा अर्थतन्त्रमा संस्थानहरुको आवश्यकता पनि रहेको थियो । फलस्वरुप विभिन्न योजना अवधिमा अर्थतन्त्रका विविध क्षेत्रहरु समेट्ने गरी सरकारी संस्थानहरु स्थापना भए । कतिपय संस्थानहरु विदेशी दातृ राष्ट्रहरुको सहयोगबाट स्थापित गरिए । औद्योगिक, व्यापारिक, सेवा, सामाजिक र जनपयोगी क्षेत्रहरुमा कार्यरत यस्ता संस्थानहरुको संख्या ६० भन्दामाथि नै पुग्यो ।

वि.सं.२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् गठित जननिर्वाचित सरकारले देशको अर्थतन्त्रमा संस्थानहरुले निर्वाह गरेको भूमिकाको मूल्याङ्कन र विश्लेषण गर्दै हालसम्मको अनुभवबाट सरकारी क्षेत्रमा सञ्चालित संस्थानहरुको आर्थिक स्थिति र वित्तीय कार्यकुशलता सन्तोषजनक नभएको निष्कर्ष निकाल्यो । यसो हुनुको प्रमुख कारणमा संस्थानको मौलिक संरचना र कार्यपद्धतिमा व्यावसायिक संस्कृतिको विकास हुने आधारभूत तत्वहरुको अभाव रहनु नै देखियो । सार्वजनिक संस्थानहरुमा देखिएका विभिन्न समस्या र अवरोधहरु जस्तै व्यवस्थापकीय स्वायत्तताको अभाव, साधन र स्रोतको असक्षम उपयोग, राजनैतिक नेतृत्वको कमजोरी र अदूरदर्शिता, न्यूनस्तरीय वस्तु तथा सेवाको उत्पादन, अनियन्त्रित प्रशासकीय खर्च, प्रतिस्पर्द्धात्मक क्षमताको अभाव, कार्यरत जनशक्तिमा उत्प्रेरणाको अभाव, परम्परागत प्रविधिको अवलम्बन, व्यवसायीकरणमा न्यूनता आदि कारणहरुले गर्दा सरकारको ठूलो लगानी अनुत्पादक हुनगई प्राप्त प्रतिफलमा दिन-प्रतिदिन ह्रास हुँदै गएको पाइयो ।

संस्थानहरुको समग्र आर्थिक अवस्था र खासगरी औद्योगिक तथा व्यापारिक क्षेत्रमा सञ्चालित संस्थानहरुको स्थिति अत्यन्तै नाजुक रहेको तथ्याङ्कबाट समेत प्रष्ट हुन्छ । त्यस्तै सामाजिक क्षेत्रमा सञ्चालित संस्थानहरुको कार्यकुशलता पनि नकारात्मक नै रहेको छ । सेवा, जनपयोगी र वित्तीय क्षेत्रमा रहेका संस्थानहरुको समग्र स्थिति तुलनात्मक रुपमा केही राम्रो देखिए तापनि सन्तोषप्रद भने देखिदैन । उदाहरणका लागि, आर्थिक वर्ष २०५३।५४ मा खुद पुँजी लगानीको अनुपातमा औद्योगिक संस्थानहरुमा सञ्चालन घाटा ९.४ प्रतिशत र व्यापारिक संस्थानहरुमा सञ्चालन घाटा ५५.७ प्रतिशत रहेको छ । सामाजिक संस्थानहरुमा सञ्चालन मुनाफाको प्रतिशत १.६ छ भने वित्तीय क्षेत्रमा ४.० प्रतिशत रहेको छ । जनपयोगी र सेवाक्षेत्रमा भने सञ्चालन मुनाफाको प्रतिशत क्रमशः ५.६ र ५.१ छ । आ.व. २०५३।५४ सम्ममा संस्थानहरुमा रु. ६९ अर्ब लगानी भएकोमा सञ्चालन मुनाफा र खुद पुँजी लगानीको अनुपात भने २.३ प्रतिशत मात्र रहेको देखिन्छ । यस्तो न्यून प्रतिफल प्राप्त हुनुबाट सञ्चालित संस्थानहरु चरम आर्थिक समस्याबाट ग्रसित भएको स्पष्ट हुन्छ ।

सरकारी संस्थानहरुको बिग्रँदो आर्थिक अवस्थाका लागि विभिन्न तत्व जिम्मेवार छन् । संस्थानको व्यवस्थापकीय पक्ष व्यवसायमुखी नभइ प्रशासनमुखी र राजनीतिमुखी रहेको छ । उच्च व्यवस्थापनको गठनविधि राजनैतिक निष्ठा र प्रतिवद्धताको आधारमा गरिएको कारण व्यवस्थापनको निर्णय प्रक्रियामा

कार्यकुशलता र दक्षताको अभाव देखिएको छ । साथै व्यवस्थापकीय उत्तरदायित्व र जवाफदेही न्यून रहन गएको छ । फलस्वरुप आन्तरिक कार्यसञ्चालन र नियन्त्रण व्यवस्था व्यावसायिक आदर्श र सिद्धान्त अनुकूल हुनसकेको छैन । व्यवस्थापकीय स्वायत्तताको अभावमा व्यवस्थापकीय कार्यशैली र सरोकार संस्थानको हित अभिवृद्धि गर्नेभन्दा यसलाई कमजोर बनाउने दिशातर्फ बढी उन्मुख भएको देखिन्छ । यी सबै कारणले गर्दा सामाजिक सेवा र जनकल्याण अभिवृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, आर्थिक र सामाजिक पूर्वाधार तयार पार्ने, प्राकृतिक एकाधिकारका सेवाहरु सक्षम तरिकाले उपलब्ध गराउने, निजी क्षेत्रको पथप्रदर्शक बन्ने, मूल्य स्थितिमा अनुकूल प्रभाव पार्ने, सरकारी दायित्वको निर्वाहमा टेवा पुऱ्याउने, राजस्वमा अनुकूल योगदान पुऱ्याउने, क्षेत्रीय विकासमा गति दिने र राष्ट्रिय स्रोत र साधनको समुचित परिचालन र उपयोग गरी आर्थिक विकासको अभियानमा सशक्त भूमिका निर्वाह गर्ने उद्देश्यमा संस्थानहरु असफल भएका छन् ।

संस्थानहरुले आफ्ना उद्देश्य पूरा गर्न नसकेको मात्र नभइ अर्थतन्त्रका लागि यिनीहरु ठूलो भार पनि बनेका छन् । लगानीको प्रतिफल अधिकांश संस्थान र क्षेत्रगत रुपमा ऋणात्मक नै रहेको छ भने सरकारले व्यहोर्नु परेको वित्तीय दायित्व वर्षेनी बढ्दै गइरहेको छ । खासगरी सन्चालन र पुँजीगत अनुदानको रकम सरकारी बजेटले धान्नै नसक्ने गरी विस्तार भएको छ । विगतको ऋण जमानत र वित्तीय नोक्सानी तथा बैंकिंग क्षेत्रमा समेत बजेट मार्फत राष्ट्रले व्यहोर्नु परेको नोक्सानी संस्थानको आर्थिक दुर्बलताको प्रतिफलको रुपमा रहेका छन् । संस्थानहरु अव्यवसायिकता र अदक्षताले ग्रसित छन् । संस्थानमा प्रतिस्पर्द्धात्मक क्षमताको अभाव तथा राजनैतिक हस्तक्षेपको कारण उच्च व्यवस्थापनका साथै संस्थानको कर्मचारी व्यवस्थापन, आर्थिक र वित्तीय व्यवस्थापन (जिन्सी, आसामी, नगद व्यवस्थापन समेत) समस्यै समस्याले पिडित छन् । बजार प्रणालीको आदर्श र अनुशासन विपरित काम गर्दा पनि निर्णयकर्ताहरु व्यक्तिगत रुपबाट पुरस्कृत हुने त्रुटिपूर्ण व्यवहारको कारण संस्थानहरुको भविष्य समेत अनिश्चित हुन पुगेको छ । संस्थानको उद्देश्य विपरित हचुवा र व्यक्तिगत स्वार्थबाट प्रेरित निर्णय प्रक्रियाले गर्दा ऐन, कानुन र नियमावलीको प्रयोगमा एकरुपताको अभाव रहन गएको छ । आर्थिक अनुशासनको अभावले आर्थिक संस्थान राजनैतिक संस्थाको रुपमा रुपान्तरण भएको छ । खर्चमा चुहावट छ र त्यसमा नियन्त्रणको अभाव छ भने व्यक्तिगत लाभोन्मुखी निर्णय र संस्थानको साधनको व्यक्तिगत उपयोगबाट वित्तीय व्यवस्थापनको खेलवाड भइरहेको छ । वास्तविक कारोवारमा आधारित वहीखाता र लेखा प्रणाली तथा सोको स्वतन्त्र र नियमित परिक्षणको अभावमा संस्थानको वास्तविक स्थिति अनुमान गरिएभन्दा अझ गम्भिर बन्न पुगेको देखिन्छ । यसरी संस्थानमा कार्यकुशलताको पूर्ण अभाव खड्किएको छ तथा यस्तो स्थितिमा सुधार हुने अपेक्षा गर्ने आधारहरु पूर्णतया लुप्तप्रायः भइसकेका छन् ।

सार्वजनिक संस्थानहरुले सम्पादन गर्दै आएका कार्यहरुमा स्थापनाको समयमा केही क्षेत्रमा एकाधिकार प्राप्त भएता पनि निजी क्षेत्रबाट अर्थतन्त्रका विभिन्न क्रियाकलापहरुमा प्रतिस्पर्द्धा बढ्दै आएको छ । साथै अब सरकारीस्तरबाट नितान्त व्यावसायिक कार्यहरु सम्पादन गर्न र यस्ता कार्यहरु निजीक्षेत्रका लगानीकर्ताहरुबाटै सम्पादन गराउने नीतिले व्यापक रुपमा स्वीकृति प्राप्त गरिसकेको छ । यो वास्तविकतालाई मनन गरी श्री ५ को सरकारले अर्थतन्त्रका विविध क्षेत्रहरुमा संरचनात्मक सुधार ल्याई सीमित स्रोत तथा साधनको उपयुक्त ढंगबाट प्रयोग गरी सर्वसाधारण जनताको जीवनस्तर उकास्न आर्थिक उदारीकरणको नीति अवलम्वन गरेको र यसै क्रममा सार्वजनिक संस्थानहरुमा निजी क्षेत्रलाई सहभागी गराउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । यसै क्रममा आठौ योजना (२०४९।०५४) मा सार्वजनिक संस्थानहरुमा निजी क्षेत्रको सहभागिता कायम गराउने नीति अवलम्वन गरेअनुरुप योजना अवधिमा जम्मा १६ संस्थानहरुलाई विभिन्न प्रक्रिया अपनाइ निजी क्षेत्रमा हस्तान्तरण गरिसकिएको छ । हालसम्म निजीकृत १६ संस्थान मध्ये ३ (हरिसिद्धि ईंटा तथा टायल कारखाना, भृकुटी कागज कारखाना र वांसवारी छाला तथा जुत्ता कारखाना) लाई प्रथम चरणमा र वांकी १३ दोस्रो चरणको निजीकरण कार्यक्रम अन्तर्गत निजी क्षेत्रलाई हस्तान्तरण गरिएको हो ।

२. आठौ योजनाको समीक्षा

आठौ योजना अवधिमा निजीकरण गरिएका संस्थानहरु र निजीकरणको प्रक्रिया निम्न बमोजिम छ :

क्र.सं.	नाम	निजीकरणको प्रक्रिया
१.	भृकुटी कागज कारखाना	सम्पत्ति तथा व्यवसाय बिक्री*
२.	हरिसिद्धि इँटा टायल कारखाना	सम्पत्ति तथा व्यवसाय बिक्री
३.	बाँसवारी छाला जुत्ता कारखाना	सम्पत्ति तथा व्यवसाय बिक्री
४.	नेपाल चलचित्र विकास संस्थान	सेयर बिक्री**
५.	बालाजू कपडा उद्योग	सेयर बिक्री
६.	काँचो छाला संकलन तथा प्रशोधन केन्द्र	सेयर बिक्री
७.	नेपाल विटुमिन तथा व्यारेल उद्योग	सेयर बिक्री
८.	नेपाल ल्यूव आयल	सेयर बिक्री
९.	सुर्ती विकास कम्पनी	लिक्वीडेशन ***
१०.	जुट विकास संस्थान	लिक्वीडेशन
११.	नेपाल ढलौट उद्योग	सेयर बिक्री
१२.	श्री रघुपति जुट मिल्स	सेयर बिक्री
१३.	कृषि औजार कारखाना	सेयर बिक्री
१४.	नेपाल बैंक लिमिटेड	सेयर बिक्री
१५.	भक्तपुर इँटा कारखाना	लिज ****
१६.	विराटनगर जुट मिल्स	व्यवस्थापन करार*****

* सम्पत्ति तथा व्यवसाय विक्री गर्दा संस्थानमा रहेको श्री ५ को सरकारको सम्पूर्ण स्वामित्व निजी क्षेत्रमा हस्तान्तरण हुन्छ र पुरानो संस्थान भङ्ग भइ नयां कम्पनी खडा हुन्छ ।

** सेयर विक्री गर्दा संस्थानमा रहेको श्री ५ को सरकारको सम्पूर्ण स्वामित्व निजी क्षेत्रमा हस्तान्तरण हुन्छ तर पुरानो कम्पनी सञ्चालनमा रहिरहन्छ ।

*** लिक्विडेशन गर्दा संस्थानको अस्तित्व समाप्त भइ सञ्चालित व्यवसाय समेतको अन्त्य हुन्छ ।

**** लिजमा दिंदा संस्थानको स्वामित्व सरकारमै रहन्छ र सरकारले वार्षिक भाडावापत केही रकम प्राप्त गर्दछ तर सञ्चालन नाफा नोक्सानको भागीदार भाडामा लिने व्यक्ति नै हुन्छ ।

*****व्यवस्थापन करारमा दिँदा संस्थानको स्वामित्व श्री ५ को सरकारमा रहन्छ र नाफा नोक्सानको भागीदार श्री ५ को सरकार नै हुन्छ । व्यवस्थापन सञ्चालन वापत व्यवस्थापन करारमा लिनेलाई निश्चित रकम वार्षिक रुपमा संस्थानले वुझाउनु पर्दछ ।

विक्री रकम र रकमको उपयोग

निजीकरण गरिएका उपर्युक्त संस्थानहरुबाट हालसम्म जम्मा रु. ७२.४६ करोड प्राप्त भएको छ । यसमध्ये रु. ४३.५० करोड खर्च भई रु. २८.९६ करोड धरौटी खातामा जम्मा रहेको छ । खर्च भएको

रकम मुख्य रुपमा निजीकरण भएका संस्थानहरुलाई ऋण प्रदान गर्न, संस्थानहरुले बहन गर्नुपर्ने दायित्व भुक्तानी गर्न, कार्यरत जनशक्तिलाई तलव भत्ता प्रदान गर्न, सेवाबाट अवकाश पाएका जनशक्तिको उपदान, निवृत्तिभरण आदि वापतको रकम भुक्तानी गर्न र अन्य मसलन्द तथा भैपरी आउने खर्चहरुको भुक्तानी गर्न प्रयोग गरिएको छ । निजीकरण भएका संस्थानहरुमा श्री ५ को सरकारले प्रत्यक्ष रुपमा आर्थिक भार बेहोर्नु परेको छैन । संस्थान बिक्रीबाट प्राप्त भएको रकम संस्थानसंग सम्बन्धित कार्यमा खर्च भएकोले यस्ता संस्थानहरुको आर्थिक स्थितिमा सुधार ल्याउन निकै सघाउ पुगेको छ ।

निजीकृत संस्थानहरुको कार्यप्रगति :

निजीकरण गरिएका संस्थानहरुको विविध पक्षलाई विश्लेषण गर्दा समग्रमा स्थिति सुधारोन्मुख भएको पाइएको छ । यस्ता संस्थानहरुको औसत पुँजी लगानी, रोजगारी तथा उत्पादनमा क्रमशः १४२.५ प्रतिशत, २५.४ प्रतिशत र ७०.७ प्रतिशतले बृद्धि भएको छ, नयाँ प्रविधिको अनुशरणबाट गुणस्तरीय वस्तुको उत्पादन तथा वस्तु विविधीकरण भएको छ, उत्पादित वस्तुको बजार विस्तारित भएको छ, यी संस्थानबाट उत्पादित वस्तु तथा सेवाहरुले बजारमा प्रतिस्पर्धा गर्न सक्षम हुदै गएका छन र वित्तीय स्थितिमा सुधार आएको छ । क्षमता उपयोगतर्फ अधिकांश संस्थानहरुको क्षेमता उपयोग स्थितिमा उल्लेखनीय रुपमा बृद्धि भएको छ । केही निजीकृत संस्थानहरुमा प्रोत्साही अवकाश (golden handshake) को माध्यमबाट स्वेच्छिक अवकाश लिई अन्य वैकल्पिक रोजगारीतर्फ आकृष्ट हुने जनशक्तिको संख्या पनि उल्लेखनीय रहेको छ ।

संस्थानमा कार्यरत कर्मचारी/कामदारलाई व्यवस्थापनमा सहभागी गराउने उद्देश्यले संस्थानको ५ प्रतिशत सेयर कर्मचारीहरुलाई उपलव्ध गराइएको छ । यसअनुसार भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा तथा टायल कारखाना, नेपाल चलचित्र विकास कम्पनी, नेपाल बैंक लिमिटेड, नेपाल ल्यूव आयल लिमिटेड, बालाजू कपडा उद्योग आदि संस्थानहरुको ५ प्रतिशत सेयर कर्मचारीलाई बेच-बिखन गरिएको छ । यसबाट संस्थानको व्यवस्थापनमा प्रत्यक्ष वा परोक्ष रुपमा सकारात्मक प्रभाव परेको छ । संस्थानहरुमा औद्योगिक संस्कारको विकास भइनसकेकोले निजीकरण भइसकेका संस्थानहरुमा व्यवस्थापन र जनशक्तिका बीचमा यदाकदा असमझदारीहरु बढेको देखिएको छ । अधिकांश रुग्ण अवस्थाका र आकारमा सानो रहेका संस्थानहरु नै हालसम्म निजीकरण गरिएका छन् । निजीकरण गर्नुपूर्व यस्ता संस्थानहरुको स्थिति सन्तोषजनक थिएन । त्यसैले आकारमा केही साना, कारोवार स्थिति सामान्य तथा आर्थिक रुपमा समेत रुग्ण रहेका संस्थानहरुलाई निजीकरण गर्दा प्राथमिकता दिने नीतिबाट अर्थतन्त्रमा उल्लेखनीय प्रभाव पर्न नसक्नु स्वाभाविकै देखिन्छ ।

निजीकरणपश्चात यी संस्थानहरुबाट प्राप्त हुने राजस्वमा स्वभावतः वृद्धि भएको, निजीकरण नगरेको भए श्री ५ को सरकारले ऋण, अनुदान, लगानीवापत व्यहोर्नु पर्ने रकम हाल वचत भएको, रोजगारीको अवसर र सेवाको शर्त र सुविधाको अवस्थामा निजीकरणपश्चात् वृद्धिनै देखिएको, उत्पादित वस्तु तथा सेवाको गुणस्तरमा सुधार भएको, मूल्य प्रतिस्पर्धी भएको, थप पुँजी लगानी भई व्यवसायमा विस्तार भएको, संस्थानको वित्तीय स्थितिमा सुधार देखिएको, पुँजी बजारको विकासमा सघाउ पुगेको, सर्वसाधारण जनताको सेयर स्वामित्वमा वृद्धि भएको जस्ता पक्ष सकारात्मक उपलब्धिका रुपमा रहेका छन् । तथापि निजी क्षेत्रमा गइसकेपछि पनि केही संस्थाहरु आफ्नो व्यावसायिक कुशलता र सक्षमतामा सुधार गर्नुपर्ने अवस्थामा रहेका छन् ।

निजीकरणका सम्बन्धमा हालैका वर्षहरुमा सिर्जना भएको सहमतियुक्त वातावरणलाई मनन गर्दा भविष्यमा अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्नेगरी यसलाई एउटा सवल आर्थिक कार्यक्रमको रुपमा अगाडि बढाउन सकिने स्थितिको सिर्जना भएको छ । भविष्यमा निजीकरण गर्नु अगावै संस्थानहरुको आवश्यकता अनुसार विविध पक्षको पुनर्संरचना गर्ने र निजी क्षेत्रको लगानी आकर्षित हुनसक्ने क्षेत्रहरुको पहिचान गरी संस्थानहरुलाई निजीकरण गरिने रणनीति अवलम्बन गर्न सकिएमा लगानी,

रोजगारी, उत्पादन एवं उत्पादकत्व जस्ता विविध पक्षमा उल्लेखनीय वृद्धि हुन गई समग्र अर्थतन्त्रको विकासमा योगदान पुग्ने देखिन्छ ।

निजीकरण गरिएका संस्थानहरुमध्ये एक वा दुईवाहेक कुनैले पनि लगानीकर्ताहरुलाई लाभांश वितरण गर्नसकेका छैनन् । धितोपत्र बजारमा यी कम्पनीहरुका सेयर मूल्य गिर्दो अवस्थामा रहेको छ । केही संस्थानहरु आफ्नो दायित्व यथासमयमा भुक्तानी गर्न नसकेर समस्यामा परेका छन् । निजीकरण भएको केही समयपश्चात् नै एउटा कम्पनीले आफ्नो कारोवार बन्द गर्न वाध्य भई यसमा कार्यरत करिव ५०० कर्मचारीको रोजगारी समाप्त भएको छ । निजीकृत कम्पनीहरुमा नयाँ व्यवस्थापन र पुराना कर्मचारीहरुबीचको सम्बन्ध राम्रो हुन नसकेकाले समस्याहरु सिर्जना भइरहेको छ । निजीकरण गरिएका केही संस्थानको कतिपय काम-कारवाही अझै पनि टुंङ्गिन सकेका छैन । तथापि संस्थानका लगानीकर्ताहरु भने आफ्नो संस्थाको भविष्यप्रति आशावादी देखिन्छन् । निजीकरणको हालसम्मको अनुभवलाई संस्थान सुधारको क्रममा सही दिशातर्फ नै उन्मुख रहेको व्यावसायिक रणनीतिको रुपमा स्वीकार्नु पर्दछ ।

३. विद्यमान चुनौती

सरकारी संस्थानहरुलाई निजी क्षेत्रमा हस्तान्तरण गर्दा मुलभूत रुपमा आवश्यकताभन्दा बढी जनशक्ति, अत्यधिक ऋणभार, अनुत्पादक सम्पत्तिहरु, उपयुक्त लगानीकर्ताको अभाव, पुँजी बजारको अर्द्धविकसित अवस्था आदि समस्याको रुपमा देखिएका छन् । यी समस्याहरुको निराकरणका लागि कार्यरत जनशक्तिलाई सेवाबाट अवकाश दिंदा थप सुविधा दिने, संस्थानले भुक्तानी गर्नुपर्ने दायित्वहरु श्री ५ को सरकारले स्वीकार्ने, अनुत्पादक सम्पत्तिको वैकल्पिक प्रयोग गर्ने आदि जस्ता उपाय अलवम्वन गरेको देखिन्छ । पुँजी बजारको विकासमा सहयोग पुर्‍याउने उद्देश्यले निजीकरण गरिएका संस्थानको सेयर अनिवार्य रुपमा सेयर बजारमा सूचीकृत गर्नुपर्ने नीति लिइएको भए तापनि सेयर बजारको अन्तर्निहित कमी कमजोरीले गर्दा सेयरको मूल्य भने अप्रत्याशित रुपले कम कायम हुनेगरेको पाइएको छ । हालसम्म भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा टायल कारखाना, नेपाल चलचित्र विकास कम्पनी, बालाजू कपडा उद्योग र बाँसवारी लेदरेजका सेयरहरु सर्वसाधारणलाई बिक्री गरिसकिएको छ । यसबाट थोरै भए पनि सर्वसाधारणले सेयरमा लगानी गर्ने थप अवसर प्राप्त गरेका छन् तर अपेक्षित रुपमा राष्ट्रिय साधन निजीकृत संस्थान मार्फत पुँजी बजारमा परिचालित भइ औद्योगिक लगानी वृद्धि गर्न भने सकिएको छैन ।

४. दीर्घकालीन अवधारणा

सार्वजनिक संस्थाहरुमा लगानी भएको स्रोत तथा साधनको उपयुक्त ढंगले प्रयोग गरी संस्थाहरुलाई आर्थिक सुदृढीकरणतर्फ अग्रसर गराउने विकल्पको रुपमा निजीकरण कार्यक्रम लागू गरिएको हो । यसै क्रममा निजीकरणको दीर्घकालीन अवधारणाको उद्देश्य सरकारी स्वामित्वमा रहेका सम्पूर्ण संस्थानहरुलाई निजी क्षेत्रमै हस्तान्तरण गरी अर्थतन्त्रलाई बढी गतिशील र सक्षम बनाउनु रहेको छ । सरकारी भूमिका भने व्यावसायिक वस्तु र सेवा उत्पादन तथा वितरण गर्नेभन्दा अर्थतन्त्रलाई सही ढंगले परिचालन गरी बजार व्यवस्थाका कमजोरीहरुलाई हटाउनेतर्फ निर्दिष्ट भएको हुनु पर्दछ ।

निजीकरण कार्यक्रम सुरु भएको करिव सात वर्ष भइसकेको छ । यस अवधिमा विभिन्न कारणवश करिव १५ महिना निजीकरणको कार्य अघि बढ्न सकेन । तैपनि करिव पाँच वर्षको अवधिमा जम्मा १६ संस्थान आंशिक वा पूर्णरुपमा निजी क्षेत्रमा हस्तान्तरण भइसकेका छन् । नेपालका ६२ संस्थानमध्ये यो संख्या करिव एक चौथाई हुन आउँछ । यस क्षेत्रका अन्य मुलुकहरुको तुलनामा हाम्रो मुलुकको निजीकरणको गतिलाई सुस्त भन्नु पर्ने अवस्था छैन । भविष्यमा यो प्रक्रियालाई बढी गतिशील र प्रभावकारी वनाई व्यावसायीकरणको विकास र विस्तार गर्नुपर्ने आवश्यकता छ ।

निजीकरण आफैमा कुनै अल्पकालीन वा मध्यकालीन आर्थिक रणनीति नभई एक दीर्घकालीन प्रक्रिया हो । खासगरी प्राकृतिक एकाधिकार भएका, ठूलो लगानीको आवश्यकता पर्ने, एकैपटक निजी क्षेत्रको लगानी उचित परिमाणमा आकर्षण गर्न नसकिने तथा कार्यरत ठूलो संख्याका कर्मचारीहरुको सरोकारका विषयहरुलाई समेत हेरी विश्लेषण गर्दा श्री ५ को सरकार संलग्न रहेका कतिपय संस्थानको निजीकरण कार्य लामो समयावधिमा मात्र सम्पन्न हुने देखिन्छ । निजीकरणको दीर्घकालीन कार्यक्रमलाई सुचारु रुपले अघि बढाउनको लागि हाल देखा परेका समस्याहरु जस्तै आवश्यक स्रोतको अभाव, उपयुक्त लगानीकर्ताको कमी र अनावश्यक राजनीतिकरण, ठूला परिमाणको अनुत्पादक स्थिर सम्पत्ति, संस्थानहरुको ठूलो ऋणभार, बिक्रीबाट प्राप्त हुने रकमको निर्धारण, सम्बन्धित निकायका नीति निर्माणकर्ताको वास्तविकताप्रतिको अनभिज्ञता, अज्ञानता, दोधार र नियन्त्रणमुखी संस्कार-ग्रस्तता, निजीकृत संस्थानहरुलाई उपलब्ध गराउनुपर्ने वित्तीय तथा अन्य सुविधाहरु, आवश्यकताभन्दा बढी रहेको कर्मचारी संख्या र कर्मचारीहरुको कार्यगत मनस्थितिमा परिवर्तन जस्ता विषयहरुमा निश्चित समाधानको बाटो तय गर्नु आवश्यक छ ।

५. रणनीति

निजीकरणका सिलसिलामा विभिन्नप्रकारका अध्ययन तथा वित्तीय विवरणहरु अध्यावधिक रुपमा तयार पार्नुपर्ने हुन्छ । यसैगरी सम्पत्ति तथा व्यवसायको मूल्याङ्कनकार्य विभिन्न विशेषज्ञहरुबाट मात्र सम्पादन गराउन सकिन्छ । यो कार्य सजिलो नभई जटिल र महँगो पनि छ । त्यस्तै निजीकरणको सिलसिलामा आवश्यकताभन्दा बढी देखिएका जनशक्तिलाई थप रकम दिएर भए पनि अवकाशको लागि प्रेरित गर्नुपर्ने हुन्छ । यसका लागि ठूलो धनराशीको आवश्यकता पर्दछ । तर यी सबै कार्यका लागि आवश्यक पर्ने रकम जुटाउन सकिएको छैन । आवश्यक स्रोतको अभावले गर्दा हालसम्म धेरै कर्मचारी भएका ठूला उद्योगहरुको निजीकरण गर्नमा खास अग्रसर हुन सकिएको छैन । निजीकरण कार्यक्रमलाई गति प्रदान गर्न एकातर्फ कर्मचारीहरुको बारेमा ठोस नीति अवलम्बन गरी थप सुविधा समेत दिएर सेवाबाट अवकाश दिनुपर्ने देखिन्छ भने अर्कोतर्फ कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने थप साधनको व्यवस्था गर्न पनि आवश्यक छ ।

संस्थानलाई निजी क्षेत्रमा हस्तान्तरण गर्दा प्राप्त हुनसक्ने मूल्य प्रतिस्पर्धात्मक बजारबाट निर्धारण हुनुपर्दछ । संस्थानको स्वामित्वमा रहेको अनुत्पादक सम्पत्ति र ठूलो ऋणभारले गर्दा लगानीकर्ताहरु निरुत्साहित भई लगानी गर्न अघि नसर्ने सम्भावना रहेको छ । सम्बन्धित विशेषज्ञहरुबाट संस्थानको व्यवसाय तथा सम्पत्तिको मूल्याङ्कन गराई संस्थानको बिक्रीबाट प्राप्त हुनसक्ने सम्भावित मूल्यको अनुमानसम्म गर्न सकिन्छ तर केकति मूल्य प्राप्त भएमा मात्रै संस्थान हस्तान्तरण गर्ने हो यकिन साथ भन्न सकिदैन । निर्णयकर्ताहरुले स्वेच्छाले मूल्य निर्धारण नगरी प्रतिस्पर्द्धात्मक बजारबाट निर्धारित व्यवसायिक मूल्यलाई नै उपयुक्त मूल्य कायम गर्नसक्ने नीतिको अवलम्बन गरी यो समस्याको समाधान गरिनेछ ।

निजीकरणको सिलसिलामा निजी क्षेत्रका लगानीकर्ताहरुले थप लगानी गर्नुपर्ने हुन्छ र यस्तो लगानीबाट केही वर्षसम्म राम्रो प्रतिफल प्राप्त नहुनसक्दछ । साथै अधिकांश सरकारी संस्थानहरुको वित्तीय तथा अन्य स्थिति ज्यादै नाजुक अवस्थामा भएकोले यी संस्थानहरुलाई निजी क्षेत्रले तुरुन्तै राम्रो स्थितिमा पुऱ्याउन सक्ने सम्भावना देखिदैन । तसर्थ, निजी क्षेत्रलाई आकर्षित गर्न र संस्थानहरुको स्थितिमा सुधार ल्याउन सरकारले पनि केही थप सुविधाहरु प्रदान गर्नुपर्ने देखिन्छ । वर्तमान स्थितिमा यस्ता संस्थानहरुलाई निजीकरणको सिलसिलामा नयाँ कम्पनीको दर्जा दिई कानुन बमोजिम पाउने वित्तीय तथा अन्य सुविधा उपलब्ध गराउनेतर्फ जमर्को गर्नुपर्ने समेत देखिन्छ । यसैले यस्तो वित्तीय स्रोत जुटाउने क्रममा सरकारी भूमिका सकारात्मक बनाउँदै लगिनेछ ।

कुनै पनि संस्थानलाई निजीकरण गर्नु अगावै बढी भएको जनशक्तिलाई अवकाश दिनुपर्ने भएमा उचित मुआव्जा दिएर मात्र सेवाबाट अवकाश दिने तथा हस्तान्तरित कर्मचारीहरुलाई निजी क्षेत्रको व्यवस्थापन पद्धति सम्बन्धमा थप ज्ञान तथा सीप वारे प्रशिक्षित गराउने व्यवस्था गरिनेछ ।

निजीकरणको अपरिहार्यता वारे देशका प्रमुख राजनैतिक दलहरुबीच राष्ट्रिय सहमति कायम गराई देशको आर्थिक हित अनुकूल हुनेगरी निजीकरण प्रक्रियालाई अगाडि बढाइनेछ ।

दीर्घकालीन लक्ष्य र कार्यक्रम

निजीकरणको सन्दर्भमा श्री ५ को सरकारले हाल गर्दै आएका कतिपय वस्तु र सेवाको उत्पादन र वितरण तथा अन्य आर्थिक सामाजिक र क्षेत्रको लगानी र सञ्चालनमा समेत सक्षमताको दृष्टिले निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्नु राष्ट्रिय साधनको उपयोगको दृष्टिले सान्दर्भिक हुने देखिन्छ । यस्ता क्षेत्रहरुमा हुलाक सेवा, नागरिक उड्डयन, राजमार्ग, पुल, सिचाई, कुलो, अस्पताल, स्कूल, क्याम्पस, विश्वविद्यालय, सञ्चारका माध्यम, खानेपानी, ढल, यातायात व्यवस्था, स्थानीय कर असुली व्यवस्था, ट्राफिक नियन्त्रण व्यवस्था, टोल, गाउँ, वडा सरसफाइ र सुरक्षा व्यवस्था, वनजंगल व्यवस्थापन, नदी नियन्त्रण र तटबन्धन व्यवस्था, बाढी पहिरो र धनजनको आपतकालीन उद्धार व्यवस्था (disaster management), आगलागी नियन्त्रण व्यवस्था, औषधी वितरण व्यवस्था, खाद्यान्न, मल, इन्धन र पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्थापन, खानी तथा भूगर्भसम्बन्धी अध्ययन, अनुसन्धान र अन्वेषण तथा व्यवसायीकरण, स्कूल परीक्षा नियन्त्रण, मानवीय साधन र स्रोतको तालिम व्यवस्थापन, श्री ५ को सरकारको भौतिक साधन र सेवाको व्यवस्थापन, श्री ५ को सरकारको छापाखाना सन्चालन, मठ मन्दिर धर्मस्थलको सुरक्षा, जिर्णोद्धार र दैनिक सञ्चालन व्यवस्था, राष्ट्रिय निकुञ्जको व्यवस्थापन, पार्क, फार्म, पशुपालन केन्द्र आदिको व्यवस्थापन, पुरातात्विक महत्वका वस्तु, राष्ट्रिय पुस्तकालय, वाचनालय, सभागृह, म्यूजियम, चिडियाखाना, हनुमान ढोका र अन्य पुराना दरवारहरुको व्यवस्थापन, रंगशाला र खेलकुद सुविधा, परेड ग्राउण्ड, हिमाल आरोहण र क्षेत्र प्रवेश अनुमति व्यवस्थापन, पारवहन व्यवस्थापन, राष्ट्र ऋण व्यवस्थापन, श्री ५ को सरकारका मुद्रण एवं प्रकाशन कार्य आदि महत्वपूर्ण छन् । यस अनुरुप निजीकरण सम्बन्धमा दीर्घकालीन लक्ष्य र सम्भाव्य कार्यक्रमहरुको विश्लेषण गरिनेछ ।

नवौ योजना

६. उद्देश्य

निजीकरणको मूल उद्देश्य साधनको उत्पादनशील उपयोग बढाउने भए तापनि मुलुकको आर्थिक, सामाजिक तथा राजनैतिक स्थितिको यथार्थतालाई दृष्टिगत गर्दा निजीकरणका विभिन्न उद्देश्य हुन सक्छ । हाम्रो परिप्रेक्ष्यमा निजीकरण कार्यक्रमले राजनैतिक, आर्थिक, वित्तीय, सामाजिक आदि सबै क्षेत्रलाई समेटेको तथा खास उद्देश्य प्राप्तिका लागि यस कार्यक्रमलाई अघि बढाइएको भए तापनि त्यसको असर प्रत्यक्ष वा परोक्ष रुपमा अर्को क्षेत्रमा समेत पर्न गएको सन्दर्भमा निजीकरण कार्यक्रमलाई विभिन्न उद्देश्य प्राप्ति तर्फ अग्रसर गराउने लक्ष्य लिइएको छ । यस अनुरुप निजीकरणका दिशामा नवौं योजनाले निम्न लक्ष्य निर्धारण गरेको छ ।

- सरकारी स्रोत तथा साधनको प्रभावकारी ढङगले सदुपयोग गरी त्यसको प्रभावकारिता तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

- आर्थिक विकासमा निजी क्षेत्रको सहभागिता र अभिप्रेरणालाई प्रोत्साहित गरी सरकारको भूमिकालाई सहजकारीको रुपमा क्रमशः स्थापित गर्दै जाने ।

- संस्थान माथिको सरकारी राजस्वको व्ययभार क्रमशः घटाउदै लगी सरकारी क्षेत्रको वित्तीय अनुशासनद्वारा आर्थिक स्थायित्व कायम गर्न सघाउ पुऱ्याउने ।

- निजीकरणको माध्यमद्धारा सर्वसाधारण जनतालाई आर्थिक विकासमा वढी सहभागी गराउने ।

७. नीति तथा कार्यनीति

निजीकरणको प्रक्रियाबाट धेरै पक्ष प्रभावित हुने भएकोले यी पक्षहरुको उचित राय र आग्रहलाई समेत ध्यानमा राख्नुपर्ने हुँदा निजीकरणको माध्यमबाट प्राप्त हुने अवसर र यसबाट हुने प्रतिकुल परिस्थितिका सम्बन्धमा सम्बद्ध पक्षलाई जानकारी गराउने व्यवस्था गरी एक सर्वसम्मत वातावरण सिर्जना गरिनेछ ।

- निजीकरणका तरिकाको प्रत्यक्ष सम्बन्ध यसको उद्देश्यसँग गाँसिएकाले निजीकरणको उद्देश्यअनुरुप इच्छुक सबै लगानीकर्ताहरुले उचित अवसर पाउने गरी उपयुक्त तरिका अवलम्बन गरी निजीकरण प्रक्रिया सञ्चालन गरिनेछ ।

- निजीकरण गरिने संस्थानहरुको छनौट गर्दा संस्थानले हाल सम्पादन गर्दै आएको व्यवसायको प्रकृति, व्यवसायको भविष्य, संस्थानको वर्तमान आर्थिक स्थिति, संस्थानको व्यवसायमा निजी क्षेत्रका लगानीकर्ताहरु आकर्षित हुनसक्ने सम्भावना, थप लगानीको आवश्यकता र परिमाण, नयाँ प्रविधि र कुशल व्यवस्थापनको आवश्यकता, सरकारी क्षेत्रले खेल्नुपर्ने भूमिका, उपभोक्ताहरुको आवश्यकता आदि कुराहरुलाई मुख्य आधार बनाइनेछ । यस अतिरिक्त कुनै निश्चित संस्थान निजी क्षेत्रमा हस्तान्तरण गर्ने उपयुक्त समय हो होइन, कुन संस्थानलाई अघि र कुन संस्थानलाई पछि पार्ने तथा कुन गतिमा संस्थानहरुलाई निजी क्षेत्रमा हस्तान्तरण गर्ने भन्ने कुराको समेत विश्लेषण गरी निजीकरणको प्राथमिकता निर्धारण गरिनेछ ।

- लगानीकर्ताको व्यावसायिक र प्राविधिक दक्षता, सीप, ज्ञान र अनुभव, उसले प्रस्तुत गरेको व्यावसायिक योजना, वित्तीय स्थिति तथा साख, व्यवस्थापकीय कार्यकुशलता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहूँच प्रतिस्पर्द्धात्मक क्षमता जस्ता पक्षमाथि दृष्टिगत गरी लगानीकर्ताको छनौट गर्ने आधारहरु तय गरिनेछ ।

- संस्थानको निजीकरणबाट सरकारले उपयुक्त मूल्य प्राप्त गर्न संस्थानसँग सम्बन्धित सम्पूर्ण विवरणहरु यथार्थ रुपमा सम्भावित लगानीकर्तालाई उपलब्ध गराउने व्यवस्था गरिनेछ । संस्थानको व्यवसायको मूल्य, सम्पत्तिको मूल्य, संस्थानका सवल पक्षहरु, संस्थानलाई उपलब्ध हुनसक्ने अवसरहरु आदि विषयको सही विवरण दिई प्रतिस्पर्द्धात्मक तवरले संस्थानको उपयुक्त मूल्य प्राप्त गर्नका लागि निजीकरणसम्बन्धी सूचनाको प्रचार प्रसार र यस कार्यक्रमप्रति विश्वसनीयता बढाउँदै लगिनेछ ।

- कतिपय सरकारी संस्थानहरु आवश्यक पुँजी तथा प्रविधिको अभावमा उपयुक्त ढंगले सञ्चालन हुन सकेको सन्दर्भमा ठूलो पुँजी र आधुनिक प्रविधिको आवश्यकता भएका संस्थानहरुमा राष्ट्रिय हित अनुकूल हुने गरी विदेशी लगानीलाई समेत प्रोत्साहित गरिनेछ ।

- स्वामित्वसहित संस्थानको व्यवस्थापन जिम्मामा लिने लगानीकर्तासँग के कस्ता शर्तमा हस्तान्तरण सम्झौता गर्ने हो सो स्पष्ट रुपमा उल्लेख गर्ने व्यवस्था गरिनेछ । यसका लागि व्यवसायको निरन्तरता, सम्पत्ति वेचविखनमा रोक, कर्मचारीले प्राप्त गरेको सुविधा कटौती गर्न नपाउने, मूल्यको भुक्तानी, लगानीकर्ताको कर्तव्य तथा अधिकार, श्री ५ को सरकारको अधिकार, सर्वसाधारण

तथा कर्मचारीहरुलाई जारी गर्नुपर्ने सेयर, विवादको निराकरण, लागू हुने ऐन आदि महत्वपूर्ण विषयहरु समावेश गर्ने गरी सम्झौता गर्ने परिपाटी अपनाइनेछ ।

- सरकारी संस्थानहरुको निजीकरण गर्दा त्यहाँ कार्यरत जनशक्तिको हकहितको सुरक्षा तथा आवश्यक अन्य सुविधाहरुको सम्बन्धमा स्पष्ट नीति तथा धारणा सुनिश्चित गरिनेछ ।

- सरकारी स्वामित्वमा रहेका संस्थान र निजी क्षेत्रमा रहेका व्यावसायिक संस्थाहरुको कार्यपद्धतिमा देखिएको अन्तरलाई ध्यानमा राखी सम्भव भएसम्म निजीकरण गरिने संस्थानहरुलाई व्यवसायीकरण गर्न व्यवस्थापकीय व्यवहार (work culture) को विकास गर्दै जाने र विभिन्न प्रक्रियाको अवलम्वनद्धारा संस्थानको कार्यकुशलतामा सुधार गर्ने र सरकारी स्वामित्वमा रहेको संस्थानको पुनःसंरचना समेत गरेर यस्ता संस्थानलाई पनि व्यवसायीकरण गर्दै जाने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- निजीकरणपश्चात् निजीकृत संस्थानले पालना गर्नुपर्ने शर्तहरु पालना भए नभएको र उपलव्ध गराउनुपर्ने वस्तु तथा सेवा उपयुक्त ढङगले उपलव्ध गराए नगराएको कुराहरुको अनुगमन गरी सार्वजनिक गरिनेछ । साथै संस्थानको कार्यकुशलता रोजगारी, स्थिति वस्तु तथा सेवाको गुणस्तर, मूल्य, व्यवसाय विस्तार, राजस्वमा वृद्धि, आर्थिक स्थिति आदि पक्षको सही जानकारी सर्वसाधारणलाई उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

- निजी क्षेत्रको विकासको लागि लगानीका अवसर खुला राख्ने, उपयुक्त ऐन कानुन, नियमको तर्जुमा गरी लागू गर्ने, आवश्यक स्रोत जुटाउन सहयोग पुऱ्याउने हेतुले बैंक तथा वित्तीय क्षेत्रको विकासमा जोड दिने, सेयर तथा ऋणपत्र जस्ता उपकरणहरु जारी गरी स्रोत परिचालन गर्न सुविधापुऱ्याउने उद्देश्यले पुँजी बजारको विकासमा टेवा पुऱ्याउने जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

- सरकारी वा निजी क्षेत्र दुबैमा रहने एकाधिकार एउटै खालको हुनेभएकोले एकाधिकारको स्थिति सिर्जना हुन नदिन एकाधिकार भएका संस्थानहरुको निजीकरण गर्नु अगावै निजी क्षेत्रको एकाधिकारलाई उपयुक्त ढङ्गले नियमित गर्न आवश्यक ऐन, नियमहरुको तर्जुमा गरिनेछ ।

- हाल प्रचलनमा रहेको निजीकरण ऐनलाई बढी प्रभावकारी वनाउन विगतका अनुभव र दीर्घकालीन अवधारणाको आधारमा आवश्यक संशोधन गर्दै सोहीअनुरुप व्यावहारिक, वैज्ञानिक र पारदर्शी नियमावलीको तर्जुमा गरी लागू गरिनेछ ।

- काम कार्वाही कानुनसंगत हुनुपर्ने, कार्यक्रममा सहभागी हुन इच्छुक सबैले समान अवसर पाउनुपर्ने, काम कार्वाही र निर्णय प्रक्रिया सम्बन्धमा कसैले जानकारी लिन चाहेमा कुनै वाधा, व्यवधान विना नै जानकारी लिनसक्ने गरी निजीकरणसम्बन्धी विविध तथ्यलाई सार्वजनिक रुपमा प्रकाशित गर्ने गरी यस कार्यक्रमलाई पारदर्शी बनाइनेछ ।

८. कार्यक्रम :

उपर्युक्त आधारभूत अवधारणाअनुरुप निर्दिष्ट उद्देश्यको परिपूर्तिका लागि नवौ योजना अवधिमा अध्ययनका आधारमा निम्न संस्थानहरुलाई निजीकरण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

(१)नेपाल चिया विकास निगम (२) पोखरा दुग्ध विकास आयोजना (३) गोरखापत्र संस्थान (४) हिमाल सिमेन्ट कम्पनी लि. (५) नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. (६) नेपाल बैंक लि. (७) साल्ट ट्रेडिङ्ग लिमिटेड (८) राष्ट्रिय वीमा संस्थान (९) राष्ट्रिय वाणिज्य बैंक (१०) वुटवल पावर कम्पनी लि. (११) लुम्बिनि चिनी कारखाना लि (१२) जनकपुर चुरोट कारखाना लि. (१३) नेपल यातायात संस्थान (१४) नेपाल आवास विकास वित्त कम्पनी (१५) औद्योगिक व्यवस्थापन लि. (१६) कृषि चून उद्योग (१७) कृषि आयोजना सेवा केन्द्र (१८) विरगंज चिनी कारखाना लि. (१९) दुग्ध विकास संस्थान (२०) कपास

विकास समिति (२१) जडीवुटी उत्पादन तथा प्रशोधन कम्पनी (२२) हेटौडा कपाडा उद्योग लि. (२३) मोरंग चिनी मिल लि. (२४) नेपाल दूरसञ्चार संस्थान ((२५) शाही नेपाल वायु सेवा निगम (२६) वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (२७) नेपाल ओरिण्ड म्याग्नेसाइट (२८) हेटौडा सिमेन्ट कम्पनी (२९) उदयपुर सिमेन्ट कम्पनी (३०) नेपाल विद्युत प्राधिकरण निजीकरण क्रार्यक्रमअन्तर्गत हाल सरकारी क्षेत्रमा नै रहने संस्थानहरुका विभिन्न सुधारका उपायद्धारा साधन र स्रोतको उपयोगमा वृद्धि गर्नुपर्ने देखिन्छ । संस्थानहरुमा संरचनात्मक सुधारको लागि व्यावसायिक दक्षता वृद्धि, उत्पादित वस्तु र सेवामा सुधार, मूल्य निर्धारण प्रक्रियामा परिमार्जन, आर्थिक अनियमितता र चुहावटमा नियन्त्रण, राजनैतिक र सरकारी संलग्नता संस्थानको हित अनुकूल हुनुपर्ने व्यवस्था तथा संस्थानको क्षमता र आकार बजारमुखी तथा बजार अनुकूल बनाउँदै लगिनेछ ।

९. निष्कर्ष :

निजीकरणसम्बन्धी विविध पक्ष जस्तै उद्देश्य, नीति, प्रक्रिया, मूल्याङकन, लगानीकर्ताको छनौट, कर्मचारीसम्बन्धी व्यवस्था, निजीकरण गरिने क्षेत्र र कार्यको छनौट आदिका बारेमा विविध जानकारीलाई सार्वजनिक गराई यस कार्यक्रममा बढीभन्दा बढी जनसहभागिता कायम गरी निजीकरणको कार्यान्वयन प्रक्रियालाई अघि बढाइनेछ ।

- तत्काल निजीकरण हुन नसक्ने संस्थान तथा निजीकरणको दीर्घकालीन अवधारणा अन्तर्गत निजीकृत हुने संस्थानहरु तथा सरकारी क्षेत्रका अन्य क्रियाकलापहरुलाई व्यावसायिक रुपमा प्रतिस्पर्द्धात्मक वातावरणमा सञ्चालन गराइनेछ ।

५.७ वैदेशिक लगानी

१. पृष्ठभूमि

देशको बढ्दो पुँजी मागको आपूर्तिका लागि विदेशी पुँजी र प्रविधि प्रवाह एक सबल माध्यम हो । त्यसैले छैठौ योजनाले विदेशी पुँजी र प्रविधि प्रवाहलाई एक उपयोगी माध्यमको रुपमा उपयोग गर्ने नीति प्रतिपादन गरेको थियो । विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको माध्यमबाट देशको आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले छैठौं योजना अवधिको सुरुमा कानुनी पूर्वाधार खडा गरी विदेशी लगानीलाई औद्योगिक विकासको एउटा सबल रणनीतिको रुपमा स्वीकार गरियो । उदार तथा खुला नीति अनुकूलको नीतिगत तथा संस्थागत सुधार गर्न २०४९ सालमा संशोधित विदेशी लगानी तथा एकद्वार नीति, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र उद्योग नीति तथा औद्योगिक व्यवसाय ऐन कार्यान्वयनमा ल्याइयो ।

विगत वर्षहरुमा केही मात्रामा विदेशी लगानी तथा प्रविधि भित्रिएको भए तापनि पर्यटन, जलस्रोत र पूर्वाधारहरुको विकासका लागि आवश्यक मात्रामा पुँजी प्रवाह हुनसकेको छैन । स्वदेशी बचत परिचालनको सीमितता र आर्थिक विकासको लागि लगानीको बृहत् मागलाई ध्यानमा राख्दा देशलाई विदेशी पुँजी र प्रविधिको अझै ठूलो खाँचो रहेको छ ।

२ आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा विदेशी लगानी तथा एकद्वार नीति २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र उद्योग नीति तथा औद्योगिक व्यवसाय ऐन कार्यान्वयनमा ल्याइयो । विदेशी लगानी तथा एकद्वार नीतिले मुख्यतः लगानी वातावरणलाई सहज र अनुकूल बनाउनुका साथै सेयर लगानी, ऋण लगानी, प्रविधि हस्तान्तरण र व्यवस्थापन सेवा आदि लगानीका स्वरुपलाई समेत स्पष्ट पारी तिनको प्रवाहलाई सरल पारेको छ । विदेशी लगानी भित्रिने क्रममा देखापरेका अवरोधहरु हटाउन उद्योगको इजाजत तथा दर्ता प्रक्रियालाई सरल गरी निश्चित अवधि अर्थात् ३० दिनभित्र इजाजत प्रदान गर्ने वचनबद्धता प्रकट गरिएको छ । प्रतिस्पर्द्धात्मक क्षमता बढाउने उद्देश्यले उद्योगले पाउने सुविधा तथा सहुलियतलाई सरल र सहज रुपमा उपलब्ध गराउन कानुनी आधार तयार गरी तदनुरुपको सङ्गठनात्मक संरचना खडा गरिएको छ । यसै क्रममा नीति निर्माण एवं कार्यान्नयका लागि निजीक्षेत्रको समेत सहभागिता भएको औद्योगिक प्रवर्द्धन बोर्डको गठन गरिएको छ भने सुविधा एवं सहुलियत प्रदान गर्न एकद्वार समिति कार्यरत छ । नेपाललाई विदेशी लगानीको क्षेत्रमा प्रतिस्पर्द्धी मुलुकको रुपमा परिचित गराइ लगानीकर्ताहरुको विश्वास आर्जन गर्ने उद्देश्यले उद्योगको राष्ट्रियकरण नगरिने वचनबद्धता प्रकट गरिनुका साथै नकारात्मक सूचीमा परेकाबाहेक अरु उद्योगमा शत-प्रतिशतसम्म विदेशी लगानी हुनसक्ने गरी खुला गरिएको छ । सबै स्तर तथा वर्गका उद्योगमा प्रविधि हस्तान्तरण खुला गरिएको छ ।

विदेशी लगानीको लागि अनुकूल वातावरण सिर्जना गर्न समष्टिगत आर्थिक सुधार अन्तर्गत प्रथम चरणमा निजी क्षेत्रको विकास अनुकूलको नीति तथा कार्यक्रम सञ्चालन र वित्तीय संस्थाहरुको विकास निर्माणमा ध्यान पुऱ्याइयो । भौतिक पूर्वाधारहरुको विकास तथा सुधारमा समेत विदेशी लगानीलाई आकर्षित गर्ने उद्देश्यले पूर्वाधार विकासलाई निर्माण उद्योगको रुपमा स्थापित गरिएको छ ।

विदेशी लगानी आकर्षित गर्ने क्रममा अन्तर्राष्ट्रिय समुदायले अपेक्षा गरेका केही मुलभूत आधारहरुमा नेपालले ध्यान दिएको छ । लगानीको सुरक्षा तथा प्रतिफल फिर्ता लैजाने ढrepatrtation) व्यवस्थाको प्रत्याभूतिका लागि नेपालले बहुराष्ट्रिय लगानी प्रत्याभूति संस्था (multilateral investment guarantee agency) को सदस्यता प्राप्त गरिसकेको छ । लगानीकर्तालाई नेपालमा सम्मानित ढंगबाट रहनका लागि

सरल रुपमा व्यवसायिक भिसा उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसैगरी जर्मनी, फ्रान्स र बेलायत आदि मुलुकसंग (reciprocal encouragement for the promotion and protection of investment agreement) भएको छ भने भारत, नर्वे र थाइलैंडसँग (agreement for avoidance of double taxation and the prevention of fiscal evasion with respect to taxes on income) सम्पन्न भइसकेको छ । विदेशी लगानीका सम्बन्धमा उठेको विवादको समाधानका लागि कानुनमा स्पष्ट व्यवस्था गरी अन्तर्राष्ट्रिय व्यापार कानुनसम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (UNCTRAL) को मध्यस्थता नियमवमोजिम विवाद समाधान गर्ने प्रावधान गरिएको छ भने ठूला परियोजनाहरु अर्थात हाल ५० करोड रुपैयाभन्दा बढी स्थिर जेथा भएका उद्योगमा लगानीका सम्बन्धमा उठेका विवादको समाधानको बारेमा लगानी सम्झौतामा उल्लेख भएबमोजम गर्न सकिने गरी लगानीकर्ताहरुलाई नै स्वायत्तता प्रदान गरिएको छ । संस्थागत सुधारको क्रममा नीति निर्माण एवं कार्यान्वयन समेतमा संलग्न रहेको औद्योगिक प्रवर्द्धन बोर्ड र उद्योगले ऐनवमोजिम पाउने सुविधा तथा सहुलियत एकै ठाउँवाट उपलब्ध गराउनका लागि एकद्वार समिति गठन गरिएको छ । ऐनवमोजिम उद्योगले पाउने सुविधामा मुख्यत: आयकर छुट र शुल्क फिर्ता (duty draw back) सुविधा नै हो । लगानीकर्ताले यी सुविधाका अतिरिक्त एकद्वार (one window) को माध्यमवाटै पूर्वाधार सेवालगायत सवै सुविधा प्राप्त हुने अपेक्षा गरेकोमा लगानीकर्ताको आकांक्षा र कानुनी व्यवस्थाको तादात्म्यतामा अन्तर पर्न गएको कारणले एकद्वार सीमितको कार्य सीमित हुन गएको थियो । गतवर्ष ऐनमा संशोधन गरी पूर्वाधारका सेवा उपलब्ध गराउने विषयमा सिफारिस गर्ने अधिकार समितिलाई प्रदान गरिएको छ । उद्योगले पाउने सुविधा सहुलियत छिटो र स्थानीय तहमा उपलब्ध गराउने उद्देश्यले एकद्वार समितिले उपसमितिको व्यवस्था गरी विगत वर्षदेखि नै केही जिल्लामा काम सुरु गरिसकेको छ ।

२०४९सालमा घरेलु उद्योग र दुई करोड रुपैयाँसम्म स्थिर जेथा भएका उद्योगमा विदेशी लगानी हुन नसक्ने व्यवस्था भएकोमा २०५२ सालमा स्थिर जेथामा लगानीको सीमालाई हटाइ नकारात्मक सूचीको व्यवस्था गरी उक्त सूचीमा परेका उद्योगवाहेक अरु उद्योगमा विदेशी लगानी खुला गरिएको छ । विदेशी लगानीका परियोजनाहरुको समयमै स्वीकृति प्रदान गर्न सुरुमा ५० करोडसम्म स्थिर जेथा भएका उद्योगको हकमा उद्योग विभागवाटै लगानीको स्वीकृति हुने व्यवस्था भएकोछ ।

तालिका १

विदेशी लगानी स्वीकृति

आ.व.	उद्योग संङख्या	कुल पुँजी लगानी (रु. दसलाखमा)	विदेशी लगानीको अंश (रु. दसलाखमा)	रोजगारी सङ्ख्या
सुरुदेखी २०४८।०४९ सम्म	१५०	१२२३६	१८६१	२८६९०
२०४९।५०	६३	१७८८४	३७५२	१३८६७
२०५०।५१	३८	३३२३	९०९	४७३४
२०५१।५२	१९	१६२७	४७८	२३८६
२०५२।५३	४६	९७५०	२२२०	८०३२
२०५३।५४	७४	७६०४	२३७३	९२१३
आठौं योजना अवधिको जम्मा	२४०	४०१८८	९७३२	३८२३२
जम्मा	३९०	५२४२४	११५९३	६६९२२

आ.व. २०४८।४९ सम्म विदेशी लगानी तथा प्रविधि संलग्न भएका स्वीकृत उद्योगहरुको सङ्ख्या १५० र ती उद्योगमा हुने कुल पुँजी लगानी १२ अर्ब २४ करोड भएकोमा आठौं योजना अवधिभरमा थप रु. ४० अर्ब १९ करोड पुँजी लगानी हुनेगरी २४० परियोजनामा स्वीकृति प्रदान गरिएको छ । उदार तथा खुला नीति अवलम्वन गर्नेवित्तिकै अर्थात् आठौं योजनाको पहिलो वर्षमै ६३ उद्योगमा करिब रु. १७ अर्ब ८८ करोड लगानी हुने औद्योगिक परियोजनाहरु स्वीकृत भएको छ । विदेशी लगानीको यो उत्साहजनक स्थिति दिगो हुनसकेन । फलस्वरुप: त्यसपछिका दुई वर्षमा अनपेक्षित किसिमले लगानीको मात्रामा ह्रास आएको छ । आ.व. २०५२।५३ देखि केही सुधार हुने लक्षण देखिए तापनि सन्तोषप्रद स्थिति भने छैन ।

माथि प्रस्तुत तालिकामा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन अन्तर्गत उद्योगमा भएको विदेशी लगानीलाई मात्र समावेश गरिएको छ । छुट्टै कानुनी प्रावधान अन्तर्गत वैंक तथा वित्तीय संस्थामा भएको विदेशी लगानी यसमा समावेश छैन ।

विदेशी लगानीमा सञ्चालन हुन आ.व.२०५३।५४ सम्ममा स्वीकृत कुल उद्योग सङ्ख्या ३९० मध्ये १८८ उद्योग सञ्चालनमा रहेको र ४५ उद्योग निर्माणाधीन अवस्थामा रहेको हुनाले स्वीकृत भएको औद्योगिक परियोजनाहरुमध्ये करिब ६० प्रतिशत कार्यान्वयनमा आउने देखिन्छ । अनुमति वा स्वीकृति पाएर पनि ४० प्रतिशत उद्योग कार्यान्वयनमा आएका देखिदैनन् । (तालिका २)

तालिका २

स्वीकृत विदेशी लगानी परियोजनाको स्थिति
सुरुदेखि २०५४ असार मसान्तसम्म

उद्योगको स्थिति	उद्योग सङ्ख्या	कुल पुँजी लगानी (रु. दसलाखमा)	रोजगारी सङ्ख्या
सञ्चालनमा रहेका	१८८	१९८७६	३५१८३
निर्माणाधीन	४५	१६५९९	७७६०
अनुमति लिएका	९५	१२२९४	१६४५८
स्वीकृति लिएका	३४	१६२८	५२७३
बन्द तथा खारेज	२८	२०२७	२२४८
जम्मा	**३९०**	**५२४२४**	**६६९२२**

खुला तथा आर्थिक व्यवस्था अनुसरण गर्ने नीति अन्तर्गत बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा विदेशी लगानीलाई अनुमति दिइएको छ । आठौं योजना अघि विदेशी समेतको संयुक्त लगानीमा तीन बैंक स्थापना भएका थिए र तिनमा कुल जारी पुँजी रु. ४७.२७ करोडमध्ये रु. २०.० (४२.३%) विदेशी लगानी रहेको थियो । आठौं योजना अवधिमा विदेशी समेतको संयुक्त लगानीमा सात बैंक तथा तीन वित्त कम्पनीहरु स्थापना भए । सात बैंकको कुल जारी पुँजी रु.१ अर्ब १९ करोडमध्ये रु. ४८.५ (४०.७५%) करोड विदेशी लगानी रहेको छ । त्यस्तै तीन वित्त कम्पनीहरुको कुल जारी पुँजी रु. १८.० करोडमध्ये रु. ४.४ करोड विदेशी लगानी रहेको देखिन्छ ।

विदेशी लगानीको क्षेत्रगत उपयोग हेर्दा सबभन्दा बढी उत्पादनमूलक उद्योगमा लगानी भएको देखिन्छ । (तालिका ३)

तालिका ३
स्वीकृत कुल विदेशी लगानीको क्षेत्रगत विभाजन
(सुरुदेखि २०५४ असार मसान्तसम्म)

उद्योगको स्थिति	उद्योग सङ्ख्या	कुल पुँजी लगानी (रु. दसलाखमा)	विदेशी लगानीको अंश (रु. दसलाखमा)
उत्पादनमूलक	२१८	२२५३२	४३३१
पर्यटनमूलक	८६	९५६७	२१५०
सेवामूलक	६४	७६६५	२४३०
कृषिजन्य	१०	३३०	७५
निर्माणमूलक	५	२९४	९३
ऊर्जामूलक	४	१०८८३	१८०८
खेतीजन्य	३	११५३	४६
जम्मा	३९०	५२४२४	१०९३३

उपर्युक्त तालिकाअनुसार कुल स्वीकृत परियोजनाहरुमध्ये सङ्ख्याको हिसावले उत्पादनमूलकमा ५६ प्रतिशत, पर्यटनमूलकमा २२ प्रतिशत र सेवा तथा अन्यमा २२ प्रतिशत छ भने पुँजी लगानीको हिसावले

उत्पादनमूलकमा ४३ प्रतिशत, पर्यटनमूलकमा १८ प्रतिशत, ऊर्जामूलकमा २१ प्रतिशत र सेवा तथा अन्यमा १८ प्रतिशत रहेको छ । साथै बैंकिंग तथा वित्तीय क्षेत्रतर्फ कुल रु. ७२.९ करोड विदेशी लगानी भएको देखिन्छ ।

विदेशी लगानी भित्र्याउने क्रममा विगत केही वर्षदेखि गरिएको प्रयासको फलस्वरुप केही उपलब्धि हासिल भए तापनि अपेक्षाअनुरुप विदेशी लगानी भएको छैन । प्राप्त उपलब्धिलाई दृष्टिगत गर्दा खुला नीतिको अवलम्वनपश्चात् विदेशी लगानीको सङ्ख्यात्मक तथा गुणात्मक रुपमा भएको वृद्धि, केही वहुराष्ट्रिय कम्पनीहरुको नेपालमा आगमन, व्यवस्थापन सीप र प्रविधि हस्तान्तरण, औद्योगिक सम्पत्तिको क्षेत्रमा भएको प्रगति, थप रोजगारीका अवसरको सिर्जना र खास गरेर भारततर्फको निकासी व्यापारमा भएको वृद्धिलाई सकारात्मक पक्षको रुपमा लिन सकिन्छ ।

३. विद्यमान चुनौती

अन्य विकासोन्मुख मुलुकहरुले जस्तै विदेशी लगानी आकर्षित गर्ने क्रममा नेपालले पनि आफूलाई प्रतिस्पर्द्धात्मक स्थितिमा उभ्याउने कोसिस गरिरहेको छ । लगानी आकर्षणका लागि आवश्यक पर्याप्त भौतिक पूर्वाधार तथा साधनको न्यूनता रहे पनि नीतिगत सुधार, संस्थागत सुदृढीकरण तथा नयाँ स्रोतको पहिचान र उपयोग गर्ने प्रयास गरिएको वावजूद छ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरणका लागि नीतिगत व्यवस्था, सुविधा सहूलियत जस्ता कुराहरुलाई धेरै खुकुलो र सरल बनाइ अन्य दक्षिण एसियाली मुलुकहरुको तुलनामा प्रतिस्पर्द्धात्मक बनाइएको भए तापनि विदेशी लगानी अपेक्षित मात्रामा भित्रिएको छैन ।

नेपालको लगानीको वातावरणलाई विभिन्न मापदण्ड (parameter) जस्तै पूर्वाधारको अवस्था, नीतिगत स्थायित्व, कानुनी संरचना, बैंकिंग तथा वित्तीय क्षेत्रको क्षमता, जनशक्तिको स्थिति, कर्मचारीतन्त्रको प्रत्युत्तरदायित्व (responsiveness)) कर प्रशासनको व्यवस्था तथा ऋण प्रवाहमा सुगमता आदिका आधारमा हेर्दा सुधार गर्नुपर्ने ठाउँहरु प्रशस्त रहेको छन् ।

विदेशी लगानी र प्रविधि हस्तान्तरण गर्न नीतिगत पूर्वाधार व्यवस्था अनुरुप कार्यान्वयन तहको आधारलाई सुदृढ बनाई नीतिगत व्यवस्था अनुरुप कार्यान्वयन पूरा गर्ननसक्नु हाम्रो मूल समस्याको रुपमा रहेका छ । संस्थागत सुधारको क्रममा कार्यन्वयन तहमा रहेको सेवा तथा सुविधा प्रवाह गर्ने सरकारी निकायलाई कानुनी तवरले सुदृढ र संस्थागत तवरले सबल र सक्षम तुल्याउनु आवश्यक छ ।

४. दीर्घकालीन अवधारणा

विदेशी लगानी आकर्षित गर्न अब प्रतिस्पर्द्धा नै गर्नुपर्ने स्थिति छ । यस्तो विदेशी लगानी आकर्षित गरी आ-आफ्नो देशतर्फ प्रवाह गराउने होडबाजी अथवा प्रतिस्पर्द्धा भइरहेको अवस्थामा नेपालजस्तो सानो र भूपरिवेष्टित मुलुकले विशेष प्रयास गर्नुपर्ने कुरामा दुई मत हुन सक्तैन । यसकारण देशको बढ्दो लगानीको आवश्यकतालाई स्वदेशी लगानीका साथै विदेशी लगानी समेत आकर्षण गरी परिपूर्ति गर्न लगानी-मैत्री वातावरण बनाइ त्यसलाई स्थायित्व दिने तर्फ विशेष ध्यान पुऱ्याइनु जरुरी छ । यसका लागि निम्न कुराहरुमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

- देशको तुलनात्मक लाभका क्षेत्र र विषयहरुको पहिचान गरी विदेशी लगानीको लागि प्राथमिकताका क्षेत्रहरु निर्क्यौल गर्ने ।
- उदार ऐन खुला अर्थव्यवस्थाअनुरुपका नीतिगत तथा कानुनी व्यवस्था गरी त्यसलाई स्थायित्व दिने ।

- नीतिगत र कानुनी व्यवस्था सही रुपमा कार्यान्वयन गर्न प्रशासनयन्त्रलाई सक्षम, जाँगरिलो र चुस्त बनाउने ।
- आवश्यक भौतिक पूर्वाधार खासगरी विद्युत् र सडक यातायात व्यवस्थामा ध्यान पुऱ्याउने ।
- बैकिंग तथा वित्तीय क्षेत्रलाई फराकिलो, सक्षम र सरल बनाउने ।
- उद्योग व्यवसाय फस्टाउन अनुकूल हुने गरी वातावरण संरक्षण तथा श्रमसम्बन्धी कानुनको व्यवस्था गर्ने ।
- उद्योगमा दक्ष जनशक्तिको आपूर्ति तथा उत्पादकत्व वृद्धिमा ध्यान दिने ।

नवौं योजना

५. उद्देश्य

- खासगरी उद्योग, पर्यटन, जलस्रोत र पूर्वाधार विकासका लागि विदेशी पुँजी, प्रविधि र व्यवस्थापकीय तथा प्राविधिक सीप भित्र्याउने ।
- विदेशी लगानी परिचालनद्वारा निजीक्षेत्रको सहभागिता वढाइ औद्योगीकरणको प्रक्रियालाई तीव्र पार्ने ।
- औद्योगिक वस्तुको उत्पादन, उत्पादकत्व र गुणस्तर बढाइ अन्तर्राष्ट्रिय बजारमा निर्यात बढाउने ।
- रोजगारी तथा आय आर्जनका थप अवसरको सिर्जना गरी जीवनस्तर उकास्नमा टेवा पुऱ्याउने ।

६. नीति तथा कार्यनीति

- विदेशी लगानीको लागि प्रवेश र निवेश प्रक्रियालाई सरल र पारदर्शी बनाईनेछ ।
- विदेशी लगानीअनुकूल खुला एवं प्रतिस्पर्द्धात्मक बजार व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- लगानी र त्यसको प्रतिफलको सुरक्षित वातावरण बनाइराख्न ध्यान दिइनेछ ।
- राष्ट्रिय आर्थिक व्यवस्थापन पारदर्शी बनाउनुका साथै आर्थिक उदारीकरण, निजीक्षेत्र विकास र विश्वव्यापीकरण प्रक्रियालाई दृढ रुपमा अघि बढाइनेछ ।
- आर्थिक र खासगरी वित्तीय स्थायित्व कायम गर्ने कुरामा विशेष जोड दिइनेछ ।
- बैकिंग र वित्तीय क्षेत्रको व्यवस्थापनलाई कुशल, विश्वसनीय र पारदर्शी बनाउन प्रोत्साहित गरिनेछ ।
- लगानी अभिवृद्धिमा सघाउन पुग्नेगरी प्राविधिक एवं सीपयुक्त जनशक्तिको विकास गर्न प्रोत्साहित गरिनेछ ।
- विदेशी लगानी आकर्षित गर्ने क्रममा तुलनात्मक लाभको क्षेत्रलाई पहिचान गरेर यस्ता क्षेत्रको प्रवर्द्धनमा ध्यान पुऱ्याइनेछ ।
- उद्योग स्थापनाका लागि अवरोधको रुपमा रहेको भौतिक पूर्वाधारको कमीलाई हटाउने प्रयास गरिनेछ ।
- तुलनात्मक लाभका आधारमा सेवा व्यवसायमा समेत विदेशी लगानी प्रवाहित गराइनेछ ।

- भौतिक पूर्वाधारको निर्माण तथा सुधारका क्षेत्रमा विदेशी लगानीलाई आकर्षित गर्न आवश्यक पर्ने कानुनी तथा अन्य आवश्यक संरचना खडा गरी निजी क्षेत्रको पूर्वाधारहरुको निर्माण र सञ्चालनको अवधारणा मार्थि जोड दिइनेछ ।

- उद्योगलाई पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा एकद्वार समितिलाई प्रभावकारी बनाइनेछ । एकद्वार समिति अन्तर्गतको उपसमितिको सेवालाई आवश्यकतानुसार अरु जिल्लामा पनि उपलब्ध गराइनेछ र यसको कार्यक्षेत्र पनि विस्तार गरिनेछ ।

- उद्योगले आफूलाई आवश्यक पर्ने प्रविधि तथा सीप विनाअवरोध भित्र्याउन सरकारले आवश्यक सहयोग पुऱ्याउनेछ ।

- प्रतिस्पर्द्धालाई मूल आधार बनाइ लगानी वातावरणलाई स्वच्छ राख्न अन्तर्राष्ट्रिय मान्यता तथा सन्धिअनुरुप बौद्धिक सम्पत्तिको संरक्षणमा सुधार गरी कानुनी आधार समेत खडा गरिनेछ ।

- बढी राष्ट्रहरुसँग लगानी प्रवर्द्धन तथा संरक्षण र दोहोरो कर नलाग्ने व्यवस्था गर्न सम्झौताहरु गरिनेछ ।

- औद्योगिक व्यवसाय, सेवा, भौतिक पूर्वाधार निर्माण, बैंकिंग तथा वित्तीय सेवा आदि विभिन्न क्षेत्रमा विदेशी लगानीलाई आकर्षण गर्ने कार्यहरुको समन्वयात्मक रुपमा सञ्चालन गर्न उपयुक्त कानुनी एवं संस्थागत व्यवस्था गरिनेछ ।

- आर्थिक गतिविधिहरुको जानकारी एवं तथ्यांक प्रवाहलाई सरल, भरपर्दो र बढी स्वतन्त्र बनाइनेछ ।

- विदेशी लगानी प्रवर्द्धन कार्यक्रम प्रतिस्पर्द्धात्मक बन्दैगएको सन्दर्भमा लगानी अनुकूल वातावरण तयार गर्न प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गरिनेछ ।

- लगानीकर्ताहरुले आफ्नो लगानी तथा लगानीबाट आर्जित आय फिर्ता लैजान पाउने व्यवस्थालाई अरु सरल र पारदर्शी बनाइनेछ ।

- छिमेकी मुलकहरुको बृहत् बजार तथा निकटतालाई दृष्टिगत गरी मूल्य बढी अभिवृद्धि हुने बस्तुहरुको उत्पादन गरी निकासी गर्ने केन्द्रको रुपमा विकास गरिनेछ ।

- निकासीमूलक उद्योगहरुको प्रवेश तथा कार्यान्वयनमा अझै सरल प्रक्रिया अपनाइ स्वत: प्रवेश पाउने अवधारणालाई अंगीकार गरिनेछ । निकासीमा प्राप्त हुने शुल्क फिर्ता लिने (duty draw back) सुविधालाई निकासीकर्ताले सजिलैसँग पाउने व्यवस्था मिलाइनेछ ।

- विदेशी लगानी संलग्न भएका ठूला उद्योगहरु तथा पूर्वाधार निर्माण तथा सुधारको आयोजनाको समयवद्ध स्वीकृति तथा कार्यान्वयनमा परेका वाधा अड्चन फुकाउनका लागि अन्तर-मन्त्रालय समन्वय हुनेगरी एउटा उच्चस्तरीय समिति गठन गरिनेछ ।

परिच्छेद ६

गरिबी निवारण तथा रोजगारी प्रवर्द्धन

६.१ गरिबी निवारण

१. पृष्ठभूमि

नेपालका सामु गरिबी एक चुनौतीपूर्ण समस्याको रुपमा रहेको छ । नेपाली जनताको आय, उपभोग लगायत समग्रमा जीवनस्तर साह्रै न्यूनस्तरको छ । मुलुकमा विद्यमान गरिबी निवारण गरी सम्पूर्ण जनताको जीवनस्तर दिगोरुपमा माथि उकास्नुनै सबैभन्दा ठूलो चुनौती भएको छ । अधिकांश जनसंख्या गाउँमा बस्ने र वहुसंख्यक जनता गरिब भएको परिप्रेक्ष्यमा जनजीवनको स्तरमा सुधारका लागि योजनाबद्ध विकासको प्रारम्भदेखि नै कृषि, पूर्वाधार र ग्रामीण विकासमा जोड दिइँदै आएको देखिन्छ । यसै सन्दर्भमा सातौं योजनामा जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्ने उद्देश्य राखी विस्तृत कार्यक्रम समेत तयार पारिएको थियो । आठौं योजनामा मूलतः गरिबी घटाउने एक प्रमुख उद्देश्य राखी योजनाबद्ध आधारबाट गरिबी निवारणका लागि नीति तथा बृहत् एवं लक्षित कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएको हो । आठौं योजना प्रारम्भ गर्दा गरिबी रेखामुनि रहेका अनुमानित ४९ प्रतिशत जनसंख्यालाई ४२ प्रतिशतमा झार्ने लक्ष्य राखिएको थियो । २०५३ सालमा गरिएको जीवनस्तर सम्बन्धी अध्ययनबाट नेपालमा गरिबीको रेखामुनि रहेका जनसंख्या ४२ प्रतिशत देखिए पनि उत्साहप्रदरुपमा गरिबी निवारण भएको मान्न सकिन्न । त्यसैले आगामी नवौं योजनादेखि गरिबी निवारणको दीर्घकालीन लक्ष्य निर्धारण गरी सोही आधारमा तर्जुमा गरिएका गरिबी निवारणका विस्तृत कार्यक्रमहरुलाई अभियानकै रुपमा कार्यान्वयन गर्नु अनिवार्य देखिएको छ । वहुआयामिक क्रियाकलापहरुबाट मात्र सम्भव हुने गरिबी निवारण कार्यक्रमलाई सबै क्षेत्रबीच उचित समन्वयका साथ अघि बढाउनुपर्ने देखिन्छ । गरिबी निवारणका निम्ति आर्थिक गतिविधिको विस्तार अपरिहार्य पूर्वावस्था हो भने त्यसबाट उत्पन्न अवसरको लाभ अति गरिब समूहसम्म पुऱ्याउन आवश्यक सामाजिक सुरक्षा संयन्त्रको निर्माण पनि उत्तिकै आवश्यक कुरा हो । साथै निजी क्षेत्रलाई अवसर र सुविधा उपलब्ध गराई आर्थिक गतिविधिमा सक्रिय हुने उपयुक्त वातावरण निर्माण र समान व्यवहार गर्नु जत्तिकै आवश्यक यस क्षेत्रबाट उत्पन्न अवसरमा अति गरिब समूहको पहुँच सुनिश्चित गर्नु पर्ने पनि हुन्छ ।

हाम्रो देशको सन्दर्भमा गरिबीको स्तर क्षेत्रीय हिसाबले फरक फरकछ तर गरिबीका मुख्य कारणहरु सामाजिक तथा आर्थिक संरचनामा देखिएका विसँगतिहरु नै हुन् । सामान्यतया शिक्षा र स्वास्थ्यको स्तर ज्यादै न्यून रहेको र त्यसमा पनि पिछडिएका वर्ग एवं जनसमुदायको स्थिति अझै दयनीय देखिन्छ । आय आर्जनको आधार आर्थिक स्रोत र त्यसको वितरण प्रणालीमा देखिएको असमानताका कारण भूमिहीन सीमान्त कृषक परिवारको स्थिति चिन्ताजनक छ । यी समस्याहरुलाई निर्मूल नपारी दिगो र द्रुततररुपमा गरिबी निवारण हुन सक्दैन । साथै गरिबी निवारण वाह्य प्रयास वा माथिबाट संचालित कार्यक्रमहरुबाट मात्र सम्भव छैन । गरिबी निवारणका विभिन्न कार्यक्रमहरुमा गरिबहरुकै सक्रिय सहभागिता अपरिहार्य छ र उनीहरुलाई नै सक्षम र सवल बनाई परिचालन गर्नु जरुरी छ । यसका लागि आर्थिक, सामाजिक साधन एवं स्रोत र सुविधाहरुमा गरिबहरुको अधिकाधिक पहुँच सुनिश्चित गर्नु अत्यावश्यक छ । विकास सम्बन्धी क्रियाकलापहरुको निर्णय प्रक्रिया, कार्यक्रम तथा नीति निर्माण र कार्यान्वयन समेतमा गरिबहरुले सक्रिय ढंगमा संलग्न हुन पाउने अवसर सिर्जना गर्नु जरुरी छ ।

हाम्रो परिप्रेक्ष्यमा गरिबी निवारणका लागि योजना एवं कार्यक्रमहरुको तर्जुमा गर्दा मूलभूतरुपमा सम्पूर्ण विकास प्रक्रियालाई गरिबी निवारणतर्फ निर्देशित गर्ने दृष्टिकोण राख्नुपर्ने देखिन्छ । गरिबहरुलाई नै सँगठित गरी सक्षम र सबल बनाउने, सम्पत्ति एवं आयको असमानता कम गर्ने एवं न्यायोचित

वितरणलाई सघाउ पुऱ्याउने खालको र व्यापक आधार भएको दिगो र द्रुततर आर्थिक विकास प्रक्रियालाई प्रोत्साहित गर्दै जानुपर्ने देखिन्छ । सामाजिक आर्थिक साधन, स्रोत , सुबिधा र सेवाहरुमा गरिब, महिला, र अन्य पछौटे बर्गको पहुंच सुनिश्चित गर्न उपयुक्त नीति र कार्यक्रमहरु अपनाउने, सूचना र सीपमूलक क्रियाकलापमा अति गरिब र गरिब वर्गको पहुंच सुनिश्चित गर्ने, ग्रामीण क्षेत्रमा थप भौतिक, सामाजिक र संस्थागत पूर्वाधारहरु सिर्जना गर्दै जानु पनि उत्तिकै जरुरी छ । क्षेत्रीय असन्तुलनका साथै विभिन्न वर्ग र समुदायका बीच रहेका असमानता र असन्तुलनलाई क्रमशः न्यून गर्दै विकास प्रक्रियामा सम्पूर्ण जनतालाई सक्रिय सहभागी बनाउने, भौगोलिक विविधता तथा स्थानीय आवश्यकताअनुरुप उपयुक्त कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने र शहरी क्षेत्रमा थप रोजगारीका अवसर सिर्जना गरी गरिबी निवारण कार्यक्रमलाई अघि बढाउनेजस्ता आधारभूत सिद्धान्तहरु अवलम्बन गर्नु पनि वान्छनीय देखिन्छ ।

२. आठौं योजना अवधिको समीक्षा

आठौं योजना सुरु हुँदा कुल जनसंख्याको ४९ प्रतिशत गरिबीको अवस्थामा रहेको अनुमान गरिएकोमा योजना अवधिमा यसलाई ४२ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरिएको थियो । यसका लागि योजनामा गरिबहरुका लागि स्वयंलक्षित कार्यक्रमहरु संचालन गर्ने, उत्पादन साधनमा गरिबहरुको पहुँच बढाउने, प्राविधिक दृष्टिकोणले सरलखालका निर्माणकार्यहरुमा गरिबहरुको समूहलाई सोझै ठेक्का दिन सकिने व्यवस्था गर्ने, समाजमा रहेका कुरीतिहरु हटाउन कानुनी व्यवस्था गर्ने र जनचेतना जागृत गर्ने, दीनहीन र असहायहरु प्रति हुने शोषणका विरुद्ध प्रभावकारी कानुनी व्यवस्था गर्ने, विदेशी राष्ट्रहरुमा काम गर्न चाहने दक्ष तथा अदक्ष श्रमिकहरुका निम्ति आवश्यक सम्झौताका लागि सरकारीतहमा वार्ता गर्ने, खाद्य सुरक्षामार्फत गैर-कृषि क्षेत्रमा रोजगारी सिर्जनाको व्यवस्था गर्ने र गरिबी निवारणका लागि आवश्यक सहयोग पुऱ्याउन संस्थागत व्यवस्था गर्ने नीतिहरु राखिएका थिए । योजनामा प्रस्तावित नीतिहरुमध्ये स्वयंलक्षित कार्यक्रमहरुको सञ्चालन, उत्पादन साधनमा गरिब वर्गको बढ्दो पहुँच, जनचेतनाको अभिवृद्धि, खाद्य सुरक्षा, गरिबीको स्थिति निगरानीका लागि संस्थागत प्रबन्ध जस्ता नीतिहरु कार्यान्वयन भैरहेका छन् । सरलखालका निर्माणकार्य गरिबहरुलाई सोझै ठेक्का दिने व्यवस्था, समाजमा व्याप्त कुरीति र शोषणविरुद्ध प्रभावकारी कानुनी व्यवस्था, समुद्रपार रोजगारीका लागि सरकारी तहमा वार्ता जस्ता नीतिहरु कार्यान्वयनमा आउन सकेनन् ।

सामाजिक एवं भौतिक पूर्वाधारको निर्माण तथा आर्थिक गतिविधिमा हुने लगानीको प्रतिफल गरिब समुदायले कम पाउने हुनाले ती समूहको उत्थानका लागि यस योजनामा विशेष लक्षित कार्यक्रमहरु संचालन गर्ने कार्यनीति रहेको थियो । कार्यक्रम संचालनका लागि सँगठनात्मक स्वरुपमा सुधार तथा कार्यप्रणालीमा दक्षता ल्याउने, कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन गराउन संस्थागत व्यवस्थाको विकास गर्ने तथा गैरसरकारी संस्थाहरु परिचालन गर्ने कार्यक्रमहरु पनि तय गरिएका थिए । योजना अवधिमा विशेष लक्षित कार्यक्रमहरुको सञ्चालन, गैरसरकारी संस्थाहरुको परिचालन र कार्यप्रणालीमा दक्षता बढाउने जस्ता प्रयास भएको देखिन्छ ।

आठौं योजना अवधिमा आर्थिक वृद्धिका कारण सिर्जित थप अवसर र क्षेत्रगत कार्यक्रमहरुबाट गरिबीको सघनतालाई न्यून गराउन केही सहयोग पुगेकोछ । यस क्रममा सहकारी विकास, कृषि तथा ग्रामीण कर्जा, गरिबी निवारण कर्जा, महिला कृषक विकास, साना किसान विकास आयोजना जस्ता कृषिक्षेत्रका कार्यक्रमहरुबाट गरिबी निवारणमा प्रत्यक्ष सघाउ पुगेको देखिन्छ ।

वन उपभोक्ता समूहमार्फत वनको सुरक्षा र सदुपयोगले पनि इन्धनको माग परिपूर्ति भई गरिबी निवारणमा मद्दत पुगेकोछ । सामुदायिक वन तथा अन्य ग्रामीण विकास आयोजनाअन्तर्गत कार्यान्वयनमा आएका वन उपभोक्ता समूहद्वारा संचालित वन विकास कार्यक्रमले पनि गरिबी

निवारणका प्रयासहरुलाई सघाउ पुग्न गएकोछ । लघु तथा साना जलविद्युत् आयोजना र वायोग्यास जस्ता वैकल्पिक ऊर्जा विकास कार्यक्रमबाट पनि गरिबी निवारणमा मद्दत पुगेको पाइन्छ ।

स्थानीय जनताबाट स्तरयुक्त पर्यटन सेवा उपलब्ध गराउने हिसाबले विभिन्न किसिमका तालिम कार्यक्रमहरु संचालन गर्ने, पर्यटकहरुका लागि आवश्यक खासगरी खाद्य सामग्रीहरु स्थानीय जनताबाटै उत्पादन गराउन सामूहिक आधारमा आय आर्जन कार्यक्रमतर्फ उन्मुख गराउने, पर्यटन विकास कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्दा निजी क्षेत्र, स्थानीय जनता तथा सरकारको संयुक्त प्रयासमा गर्ने जस्ता नीतिहरु समेत अवलम्बन गरिएको छ । यसबाट अन्नपूर्णा क्षेत्र, स्याब्रु वेंसी (लाङटाङ क्षेत्र) आदि क्षेत्रका जनता लाभान्वित भएका छन् । साहसिक पर्यटन विकासमा बढ्दो स्थानीय जनसहभागिताले पछौटे क्षेत्रका जनताको गरिबी निवारणमा टेवा पुग्न गएको छ । पर्यटन क्षेत्रको स्थानगत विस्तारले रोजगारी र आय आर्जनमा वृद्धि भै केही मात्रामा गरिबी निवारणमा सहयोग पुग्न गएको छ ।

गरिबी निवारणलाई सघाउ पु-याउने अन्य प्रयासहरुमा साना तथा घरेलु उद्योगहरुको प्रवर्द्धन हो । यसबाट साना व्यवसाय प्रवर्द्धनका साथै थप रोजगारीका अवसरहरु पनि सिर्जना भएका छन् ।

गरिबी घटाउने उद्देश्यले योजना अवधिमा संचालित केही लक्षित कार्यक्रमहरुको प्रगतिको संक्षिप्त चर्चा गरिएको छ :

भौतिक पूर्वाधार :

गरिबी निवारणका लागि ग्रामीण क्षेत्रहरुमा भौतिक पूर्वाधारहरु विकास गरी विभिन्न क्षेत्रका बजारहरुलाई एक अर्कासँग आवद्ध गर्न र क्षेत्रीय र स्थानीय आर्थिक क्रियाकलापलाई राष्ट्रिय अर्थव्यवस्थासँग संयोजन गर्दै लैजान जिल्लाको सदरमुकाममा सडक पुऱ्याउने र बजार र उत्पादनका स्थानहरु जोड्ने ग्रामीण एवं कृषि सडक निर्माणजस्ता कार्यक्रम चालू रहेका छन् । जिल्लातहमा सम्पन्न ग्रामीण पूर्वाधार कार्यक्रमहरु र केन्द्रीय अनुदान र स्थानीय साधन परिचालनवाट सम्पन्न ग्रामीण पूर्वाधार विकास कार्यक्रमबाट गरिबी निवारणका प्रयासहरुमा प्रत्यक्ष रुपमा सघाउ पुगेको छ ।

दुर्गमक्षेत्र विकास कार्यक्रम : यस कार्यक्रमअन्तर्गत योजना अवधिमा हिमाली क्षेत्रका २२ जिल्लामा खानेपानी, सिंचाइ, झोलुङ्गे पुल, गोरेटो, घोडेटो, विद्यालय मर्मत, जडिवुटी, दुग्ध प्रशोधन, फलफूल भण्डारण, वृक्षरोपण र यान्त्रिक घट्टसंचालन जस्ता कार्यक्रमहरु सम्पन्न गरिएका छन् ।

एकीकृत ग्रामीण विकास कार्यक्रम : ग्रामीण क्षेत्रको वहुपक्षीय विकास र गरिबी निवारण गर्दा स्थानीय जनजीवनको स्तरमा सुधार ल्याउने हेतुले एकीकृत ग्रामीण विकासको ढाँचामा गुल्मी-अर्घाखाँची, धादिङ्ग, गोरखा, लमजुङ्ग, सेती र कर्णाली परियोजनाहरु संचालन भइरहेका छन् ।

उत्पादन साधनमा गरिबहरुको बढ्दो पहूँच :

साना किसान विकास आयोजना : दुई दशकदेखि संचालित यो आयोजना सामूहिक कर्जाको सिद्धान्तमा आधारित छ । अधिराज्यका ६५२ गा.वि.स. हरुमा करिब २ लाख परिवारलाई यसले कर्जाका साथै अन्य विभिन्न प्रकारका सेवा पनि उपलब्ध गराउँदै आएको छ । आयोजनाका विस्तारको गति बढाउने र संचालन खर्च घटाउने उद्देश्यले आठौं योजनाको सुरुदेखि जी.टी.जेड. को सहयोगमा साना किसानहरुको संस्थागत विकास कार्यक्रम संचालन हुँदै आएको छ ।

ग्रामीण महिलाका लागि उत्पादन कर्जा : संस्थागत ऋण, तालिम र सामुदायिक विकासको माध्यमद्वारा विपन्न ग्रामीण महिलाहरुको सामाजिक एवं आर्थिक अवस्था सुधार्ने यस कार्यक्रमको उद्देश्य

रहेको छ । यो कार्यक्रम १५ वर्षदेखि संचालित छ । हाल ६७ जिल्लाका ६२० गा.वि.स.मा यो कार्यक्रम संचालन गरिएको छ । आठौं योजना अवधिमा १,३४,५०५ महिलालाई विभिन्न तालिम दिने लक्ष्य रहेकोमा ९६,६५५ महिलाले तालिम प्राप्त गरेको देखिन्छ । यसै गरी ७,९१२ समूह गठन गर्ने लक्ष्य रहेकोमा १२,४०९ समूह गठन गरिएको र रु. २० करोड लगानी भएको छ । योजना अवधिमा एसियाली विकास बैकको सहयोगमा १२ जिल्लामा महिला लघु ऋण आयोजना पनि संचालन गरिएको छ ।

ग्रामीण विकास बैक : गरिबी निवारण कार्यमा कर्जा प्रवाहको महत्वपूर्ण भूमिकालाई दृष्टिगत गरी ग्रामीण क्षेत्रका विपन्न जनतालाई स्वरोजगार एवं आयमूलक कामको लागि यस बैंकले सरलरुपमा कर्जा सेवा उपलब्ध गराउँदै आएको छ । अधिराज्यका पाँचै विकास क्षेत्रमा छुट्टाछुट्टै रुपमा स्थापित ५ ग्रामीण विकास बैंकबाट २६ जिल्लाका ३०० भन्दा वढी गा.वि.स.मा १,४०० केन्द्र र ८,००० समूहमार्फत ४०,००० सदस्यलाई ऋण उपलव्ध गराई स्वरोजगारद्वारा आय अभिवृद्धिमा सघाउ पु-याएको छ ।

साथै, गैरसरकारी क्षेत्रमा पनि विभिन्न संघ-संस्थाहरुले ग्रामीण बैंक पद्धतिको अनुसरणद्वारा गरिब तथा विशेषगरी महिलाहरुलाई ऋण सुविधा प्रदान गरी आय अभिवृद्धिमा सहयोग पुऱ्याएका छन् । योजना अवधिमा यी गैरसरकारी ग्रामीण बैंकहरुले जम्मा ३४ जिल्लाका ४९७ गा.वि.स.मा ६७,००० भन्दा बढी विपन्न वर्गका व्यक्तिहरुलाई समूहगत धितोको आधारमा करिब रु.१ अर्ब ४ करोड ऋण सुविधा प्रदान गरेको देखिन्छ ।

सघन बैकिंग कार्यक्रम : यस कार्यक्रमअन्तर्गत नेपाल बैकका १८४ शाखा, राष्ट्रिय वाणिज्य बैकका १६८ शाखा र नेपाल अरब बैकका २ शाखागरी जम्मा ३५४ शाखामार्फत अधिराज्यका ७५ जिल्लाका विपन्न वर्गलाई ऋण सुविधा उपलव्ध गराइएको छ ।

गरिबका लागि बैकिंग : अष्ट्रेलियाको विकास सहयोग संस्थाबाट तयार भएको नमूनाअनुरुप संचालन भइरहेको यस कार्यक्रमले १५ जिल्लाका ६८ स्थानमा ३६०० गरिबलाई सेवा प्रदान गरिरहेको छ ।

शिक्षा र तालिम :

दुर्गम क्षेत्र विकास कार्यक्रम, महिला विकास कार्यक्रम, अन्य ग्रामीण विकास कार्यक्रमहरुमार्फत विभिन्न किसिमका सीप विकास तालिमहरु दिइएका छन् । तालिम कार्यक्रमअन्तर्गत योजना अवधिमा २५९ जनालाई सीप दक्षता प्रवर्द्धन तालिम, ३८ जनालाई आय आर्जन तालिम ६२ जनालाई जडिबुटी तालिम तथा २३५ जनालाई उद्यमी तालिम प्रदान गरिएको छ । साथै स्वास्थ्य, पोषण, जनसंख्या शिक्षा तथा परिवार कल्याण विषयक ८१ प्रशिक्षण कार्यक्रम सञ्चालन भएको छ । सिकर्मी र उपभोक्ता तालिम तथा ग्रामीण महिलाहरुका लागि घुम्ती सीपमूलक प्रशिक्षण कार्यक्रम पनि संचालन गरिएका छन् ।

सामाजिक सञ्चार कार्यक्रम :

गरिब समुदायलाई स्थानीय तहका विकास कार्यक्रमहरुमा सहभागी गराई उनीहरुको आय आर्जन अभिवृद्धि गर्न र समूहमा सँगठित भई सामुदायिक उत्थानमा संलग्न रहन सामाजिक परिचालन, सहकारी र स्थानीय तहमा संस्थागत विकास जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिएको पाइन्छ ।

जनसंख्या कार्यक्रम :

जनसंख्या वृद्धिको दर उच्च भएमा विकास प्रयास निष्फल हुनजाने हुँदा आठौं योजनामा जनसंख्या नियन्त्रणमा जोड दिइएको पाइन्छ । योजना अवधिमा कुल प्रजनन् दरमा केही मात्रामा कमी आए तापनि शिशु तथा बाल मृत्युदरको लक्ष्य हासिल गर्न निकै कठिनाई हुने निश्चित छ । मातृ मृत्युदरमा कमी आएको छ तापनि यो दर अझै उच्च नै देखिन्छ ।

जनसंख्या समस्यासम्बन्धी जनचेतना जगाउने, सानो परिवारप्रतिको भावना जागृत गराउने र परिवार नियोजनका सेवाहरुको माग बढाउने उद्देश्यले शिक्षा, स्वास्थ्य, स्थानीय विकास, श्रम, कृषि, वन तथा उद्योग क्षेत्रमार्फत जनसंख्या शिक्षा कार्यक्रमहरु संचालन गरिएका थिए । जनसंख्याको उच्च वृद्धिबाट मुलुकको आर्थिक, सामाजिक तथा वातावरणीय पक्षहरुमा पर्न गएको नकारात्मक असरहरुबारे जनचेतना जगाई 'सानो परिवार' को धारणालाई लोकप्रिय तुल्याउन सँचालन गरिएको विभिन्न संचार कार्यक्रमहरु निकै सफल रहेका छन् । यसबाट परिवार नियोजनका सेवाहरुको मागमा वृद्धि हुँदैगएको देखिन्छ ।

रोजगारी सिर्जना :

मानवीय संसाधनको विकासका लागि प्राथमिक शिक्षा तथा स्वास्थ्यमा जोड दिई रोजगारी बढाउन उपयुक्त जनशक्तिको विकासका लागि प्रयास भएको देखिन्छ । गरिबहरुका लागि रोजगारीका अवसरहरु अभिवृद्धि गर्न विभिन्न क्षेत्रगत तथा लक्षित कार्यक्रमहरु स्थानीय स्तरसम्म विस्तार भएका छन् । यसका लागि सधन कृषि कार्यक्रम, निर्माणकार्यमा वृद्धि, प्रशोधन तथा औद्योगिक प्रतिष्ठानहरुको स्थापना र विविध गैर कृषि क्षेत्रहरुद्वारा गरिबहरुलाई रोजगारी उपलव्ध गराउने प्रयास भएको देखिन्छ । विविध कर्जा कार्यक्रमहरु, सामुदायिक वन, सुकुम्बासी कार्यक्रमअन्तर्गत जग्गा वितरण आदि कार्यक्रमहरुवाट गरिब परिवारहरुलाई आर्थिक स्रोतमा पहुँच पुऱ्याउने प्रयास गरिएको छ । विदेशमा काम गर्न चाहने श्रमिकहरुको बढ्दो आकांक्षा र स्वदेशको बेरोजगारी समस्या हटाउने उद्देश्यबाट योजना अवधिमा वैदेशिक रोजगारीका लागि सरकारी तथा निजी क्षेत्रहरुमा संस्थागत विकासमा जोड दिइएको देखिन्छ ।

खाद्य सुरक्षा :

कामका लागि खाद्यान्न : विभिन्न जिल्लाहरुमा भौतिक पूर्वाधारको निर्माणद्वारा सर्वसाधारणलाई रोजगारी उपलव्ध गराउन र ज्यालावापत खाद्यान्न दिई उनीहरुको आय अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो । यस कार्यक्रममा उपभोक्ता समितिहरुलाई सक्रिय तुल्याई स्थानीय तहमा रोजगारी सिर्जना गरी आय अभिवृद्धि गर्नमा जोड दिइएको छ ।

खाद्यान्न ढुवानी तथा बिक्री-वितरण : खाद्यान्न अभाव भइरहने पहाडी र हिमाली क्षेत्रका ३८ जिल्लामा नियमितरुपले खाद्यान्न ढुवानी गर्न यो कार्यक्रम संचालन भइरहेको छ । यस कार्यक्रम अन्तर्गत सरकारी अनुदानमा नेपाल खाद्य संस्थानबाट खाद्यान्न ढुवानी एवं बिक्री-वितरण गरी दुर्गम भेगमा जनताका लागि खाद्यान्न अभाव हुन नदिन जोड दिइएको छ ।

पौष्टिक आहार कार्यक्रम : प्राथमिक विद्यालय स्तरमा विद्यार्थी भर्ना कम भएको ठाउँमा दिउँसो खाजा खुवाउने व्यवस्था गरी विद्यार्थीहरुको पोषण स्थितिमा सुधार गर्न र विद्यालयमा विद्यार्थीहरुलाई आउन प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम धनुषा, पर्सा, रुपन्देही, डोटी, डडेलधुरा, अछाम, रुकुम र दैलेखमा संचालन गरिएको छ।

पिछडिएका समुदायका लागि कार्यक्रम :

प्रजा एवं अन्य आदिवासी विकास कार्यक्रम : चेपाङ, राउटे, मुसहर, झाँगड, डुम, चमार, दुसाद, सतार जस्ता पछौटे र आदिवासी जातिहरुको आर्थिक एवं सामाजिक स्थिति सुधार्नका लागि यो कार्यक्रम अधिराज्यका २१ जिल्लामा संचालन भइरहेको छ ।

उपेक्षित, उत्पीडित र दलित समुदाय उत्थान कार्यक्रम : उपेक्षित समुदायका परिवारको सीप विकासद्वारा रोजगारी उपलब्ध गराई उनीहरुको जीवनयापनमा सहयोग पुऱ्याउन २२ जिल्लामा गैरसरकारी संस्था र उपभोक्ता समितिमार्फत यो कार्यक्रम संचालन भइरहेको छ ।

राष्ट्रिय जनजाति उत्थान कार्यक्रम : देशका विभिन्न जनजातिको आर्थिक, सामाजिक स्थिति, परम्परागत रीति-रिवाज, भाषा र संस्कृतिको अनुसन्धान, जर्गेना तथा समष्टिगत विकास गर्न आ. व. २०५२।५३ बाट संचालित यो कार्यक्रमअन्तर्गत जनजाति उत्थान प्रतिष्ठान स्थापनाका लागि सम्भाव्यता अध्ययन कार्य पूरा गरिएको छ ।

कमैया वृत्ति-विकास तथा वसोवास कार्यक्रम : जीवन धान्न र सामाजिक व्यवहार चलाउन धनीहरुबाट ऋण लिई कमैया वस्ने गरिआएका बाँके, वर्दिया, दाङ, कैलाली र कञ्चनपुर जिल्लाका थारु जातिका अति गरिब व्यक्तिहरुको उत्थानका लागि संस्थागत विकास, समूह ऋण, बचत र सीप विकास तालिमको व्यवस्थाद्वारा आयमूलक गतिविधिमा उनीहरुलाई लगाउन र घरजग्गाविहीन कमैयाहरुका लागि आवास एवं जग्गाको व्यवस्था गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको छ ।

कमैया महिला सीप विकास कार्यक्रम : कमैया महिलाहरुको आर्थिक एवं सामाजिक अवस्थामा सुधार ल्याई उनीहरुलाई स्वरोजगारीमा लगाउने यस कार्यक्रमको उद्देश्य रहेको छ । यस कार्यक्रमअन्तर्गत महिलाहरुलाई सिलाई, वुनाई, साक्षरता, स्वास्थ्य र शिक्षा जस्ता विषयहरुमा तालिम उपलब्ध गराइएको छ ।

३. विद्यमान समस्याहरु

अहिलेसम्मको अवस्थालाई दृष्टिगत गर्दा नेपालको गरिबी निवारण प्रयास व्यापक एवं प्रभावकारीरुपमा गरिब एवं अति गरिब वर्गमा केन्द्रित हुनसकेको देखिदैन । लक्षित कार्यक्रमहरुले समेटेको गरिबवर्ग कुल गरिब जनसंख्याको अनुपातमा ज्यादै न्यून रहेको छ । गरिबहरुका लागि लक्षित कार्यक्रमहरु वाह्य सहयोगबाट सञ्चालित भएका र ती कार्यक्रमहरुमा गरिबहरु सक्रियरुपले सहभागी हुन नसकेको हुँदा यी कार्यक्रमहरु फलदायी हुन नसक्ने देखिएको छ । सञ्चालित कार्यक्रमहरु पनि खास गरिब व्यक्तिको पहिचान हुन नसक्नाको कारण र बढी गरिबीको चाप भएका क्षेत्रमा पुग्न नसकेकोले लक्षित वर्गले वाञ्छित प्रतिफल पाउन सकेको देखिदैन । सरकारी तथा गैरसरकारी संस्थाहरुवाट सञ्चालित कतिपय कार्यक्रमहरुवारे स्थानीय स्तरमा ज्ञान नहुने र जनचेतनाको अभावको कारणले यी कार्यक्रमहरुले गरिब परिवारहरुको सामाजिक, आर्थिक अवस्थामा अपेक्षित सुधार ल्याउन सकेको छैन । साथै यस्ता कार्यक्रमहरु स्थानीय स्तरमा ज्यादै छरिएर रहेको हुँदा प्रभावकारी ढंगले अनुगमन गर्न कठिनाई परेको र लागतका अनुपातमा प्रतिफल पनि ज्यादै कम भएको देखिन्छ ।

गरिबी निवारणका लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजी संस्थाहरु संलग्न भए तापनि यी निकायहरुवीच आपसी समन्वयको अभाव र सूचनाको यथेष्ट आदानप्रदान हुन नसकेको हुँदा कार्यक्रम सञ्चालनमा दोहोरोपना, निकायहरुबीच आपसी सहयोगको अभाव र कार्यक्रमहरुको स्थानगत सन्तुलित वितरण हुन नसकेको देखिन्छ । समग्रमा राष्ट्रिय उत्पादनमा वृद्धि हुन नसक्नु, उत्पादन वृद्धिको कार्यक्रममा साधन र साध्यका रुपमा गरिबसमूह समेटिन नसक्नु, उपलब्ध सीमित अवसर र सुविधामा गरिबहरुको पहुँच सरल र सुगम नहुनु र नीति निर्माणमा उनीहरुको सहभागिता निर्णायकरुपमा नहुनु जस्ता कारणहरु वर्तमान अवस्थामा गरिबी निवारणका निम्ति चुनौतीका रुपमा रहेका छन् ।

गरिबीको वर्तमान स्थिति : सर्वप्रथम गरिबीको रेखामुनि रहेका जनसंख्याको अनुमान राष्ट्रिय योजना आयोगवाट वि.सं. २०३४ सालमा गरिएको आय वितरण, रोजगारी तथा उपभोग ढाँचा सम्वन्धी अध्ययनले गरेको थियो । अध्ययनबाट अधिराज्यमा ३६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान भएको थियो । वि.सं. २०४२ मा नेपाल राष्ट्र वैंकवाट गरिएको पारिवारिक वजेट सर्वेक्षणबाट ४१.५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको पाइएको थियो । आठौं योजना तयार गर्ने सिलसिलामा गरिबीको रेखामुनि रहेका जनसंख्याको अध्ययन गर्दा जनसंख्याको बढ्दो चाप र आर्थिक वितरणको असमानताको प्रभावका कारण गरिबीको रेखामुनि रहेको जनसंख्या ४९ प्रतिशत पुगेको अनुमान गरिएको थियो ।

२०५३ सालमा केन्द्रीय तथ्यांक विभागबाट भएको नेपाल जीवनस्तर सर्वेक्षणबाट गरिबीको रेखामुनि रहेको जनसंख्याको स्थितिको विस्तृत अध्ययन गरिएको छ । यसबाट गरिबीको अवस्था र गरिबीलाई प्रभाव पार्ने प्रक्रिया उपभोगमा हुने खर्चको आधारमा गरिबी रेखामुनि रहेको जनसंख्याको अनुमान गरिएको छ । प्रतिव्यक्ति उपभोग खर्चको आधार तयार गर्दा खाद्यवस्तुमा हुने खर्च, आवास उपभोगबापत हुने खर्च र अन्य वस्तुमा हुने खर्च गरी कुल उपभोग खर्च अनुमान गरिएको छ । अध्ययनको क्रममा अधिराज्यको औसत उपभोग खर्च प्रतिव्यक्ति प्रतिवर्ष रु. ६,१७८ भएको पाइएको छ ।

नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्याको अनुमान गर्दा प्रतिव्यक्ति उपभोग स्तरलाई नै मूल आधार मानिएको छ । उपभोग्य सामग्रीमा हुने खर्चले मानिसको सम्पन्नतालाई जनाउंछ । उपभोगमा हुने खर्च दैनिक एवं निरन्तर भइरहने हुँदा आयको आधारमा गरिबी निर्धारणभन्दा यो आधार वढी विश्वसनीय र ग्रहणीय मानिन्छ । उपभोगको आधारवाट गरिबी निर्धारण गर्दा खाद्यवस्तुको उपभोगवाट प्राप्त हुने क्यालोरीलाई गरिबी मापनको आधार मानिएको छ । जीवनस्तर सर्वेक्षणवाट प्रतिव्यक्ति प्रतिदिन २१२४ क्यालोरी आवश्यक हुने अनुमान गरेअनुरुप उक्त क्यालोरी वरावरको खाद्यवस्तुहरुका लागि प्रतिव्यक्ति वार्षिक रु. २,६३७ उपभोग खर्च हुने गरेको पाइन्छ । यसमा गैर-खाद्यवस्तुको खर्च समेत जोड्दा प्रतिव्यक्ति प्रतिवर्ष रु. ४,४०४ आवश्यक हुने अनुमान गरिएको छ । यस आधारमा गरिबीको रेखामुनि परेका जनसंख्या ४२.० प्रतिशत रहेको पाइन्छ । यस मध्ये २४.९ प्रतिशत गरिब र १७.१ प्रतिशत अति गरिब रहेको अनुमान छ ।

गरिबीको रेखामुनि रहेको जनसंख्याको भौगोलिक विभाजनअनुसारको स्थिति तलको तालिकामा दिइएको छ । भौगोलिक क्षेत्रअनुसार पहाड र तराईमा जनसंख्याको क्रमशः ४१.० र ४२.० प्रतिशत गरिबीको रेखामुनि रहेको देखिन्छ भने हिमालमा सर्वाधिक अर्थात् जनसंख्याको ५६.० प्रतिशत गरिबीको रेखामुनि रहेको पाइन्छ । शहरी र ग्रामीण क्षेत्रहरुमा जनसंख्याको क्रमशः २३.० र ४४.० प्रतिशत जनता गरिबीको रेखामुनि रहेको देखिएको हुंदा गरिब जनसंख्याको चाप शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा बढी तीव्र भएको पाइएको छ ।

गरिबी रेखामुनि रहेको जनसंख्या

	क्षेत्रगत विवरण	**गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत)**		
		कुल	गरिब	अति गरिब
क.	भौगोलिक क्षेत्रअनुसार			
	हिमाल	५६.०	२९.३	२६.७
	पहाड	४१.०	२१.३	१९.७
	तराई	४२.०	२८.७	१३.३
ख.	शहरी तथा ग्रामीण क्षेत्र			
	शहरी क्षेत्र	२३.०	१३.२	९.८

	ग्रामीण क्षेत्र	४४.०	२६.४	१७.६
ग.	**राष्ट्रिय औसत**	**४२.०**	**२४.९**	**१७.१**

४. दीर्घकालीन अवधारणा

बृहत् दृष्टिकोणका आधारमा निर्धारण गरिने उद्देश्य, नीति र कार्यक्रमहरुले मात्र गरिबी निवारणतर्फ वाञ्छित परिणाम दिन सक्छ । यही दृष्टिकोणले यस योजनादेखि गरिबी निवारणका लागि बीसबर्षे दीर्घकालीन लक्ष्य र सीमा निर्धारण गरिएको छ । दीर्घकालीन सोचअनुरुप निर्धारण गरिएको लक्ष्य चरणबद्ध रुपमा हासिल गर्ने नीति लिइनेछ । गरिबीको गम्भीर समस्यालाई निवारण गर्न यसका वास्तविक कारणहरु पहिल्याई सम्पूर्ण क्षेत्रबाट उपयुक्त कदम चालिनेछ । गरिबीका मुख्य कारकतत्वहरु देशको सामाजिक आर्थिक संरचनामै व्याप्त भएकोले गरिबी निवारणका लागि गरिबहरुकै अग्रसरता र सक्रिय सहभागितालाई फराकिलो तुल्याउँदै लगिनेछ ।

हाल, ४२ प्रतिशत गरिबीको रेखामुनि रहेको जनसंख्यालाई आगामी २० वर्ष आर्थिक वर्ष २०७३।७४ को अन्तसम्ममा १० प्रतिशतमा झार्ने दीर्घकालीन दृष्टिकोण राखिएको छ । गरिब समुदायको आर्थिक तथा सामाजिक अवस्था सुधार्न समष्टिगत उच्च आर्थिक वृद्धिदर हासिल गर्नुका साथै जनसंख्या वृद्धिदरलाई पनि नियन्त्रण गरिनेछ । साथै, दीर्घकालीन लक्ष्य हासील गर्नका लागि रोजगारी वृद्धि, उत्पादकत्व वृद्धि, सुशासन, मानवीय साधन विकास, जनसबलीकरण तथा सामाजिक-आर्थिक, एवं भौतिक पूर्वाधारका लागि उपयुक्त कार्यक्रमहरु तर्जुमा गरी लागू गर्दै लगिनेछ ।

नवौं योजना :

५. उद्देश्य

- गरिबीको रेखामुनि रहेको जनसंख्याको जीवनस्तर क्रमशः उठाउँदै लगी गरिबीको चापलाई न्यून गर्ने ।
- उत्पादन एवं आय आर्जनको साधन नभएका अति गरिब परिवारको जीवनस्तर माथि उठाउन विशेष क्षेत्र तथा विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- समाजका पिछडिएका, उपेक्षित र कमजोर वर्गलाई सामाजिक एवं आर्थिकरुपले सबल तुल्याउने ।
- पिछडिएका दुर्गम क्षेत्रमा भौतिक, सामाजिक एवं आर्थिक पूर्वाधारको विकास गरी विद्यमान गरिबीको उच्च चापलाई कम गर्ने ।

६. रणनीति

हाल अनुमान गरिएको गरिबी रेखामुनि रहेका ४२ प्रतिशत जनसंख्यालाई १० प्रतिशत विन्दुले घटाई ३२ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरिएको छ । उक्त लक्ष्य हासिल गर्न निम्न रणनीतिहरु अख्तियार गरिनेछ :

- नवौं योजना अवधिमा अर्थतन्त्रका सबै क्षेत्रमा सम्पूर्ण विकासका क्रियाकलापहरुलाई गरिबी निवारण तर्फ नै उन्मुख गरिनेछ । यसका लागि उच्च आर्थिक वृद्धिदर हासिल गर्नु अनिवार्य

देखिन्छ । गरिबी निवारण कार्यमा दीर्घकालीन कृषि योजनाले अगुवा भूमिका खेल्नेछ । यसका साथै उद्योग, पर्यटन, निर्माण यातायात, सेवा आदि क्षेत्रहरुमा व्यापकरुपमा रोजगारी सिर्जना गर्नमा जोड दिइनेछ । त्यस्तै उत्पादनशील प्रक्रियामा जनसहभागिता परिचालन गर्न र स्वरोजगार सिर्जना गर्न सामाजिक एवं आर्थिक पूर्वाधारको विकास गरी, उत्पादन साधन र सीप विकासको समुचित व्यवस्था गरिनेछ ।

- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने प्रयासका साथै पिछडिएका, दुर्गम क्षेत्रका र उपेक्षित कमजोर वर्गको सामाजिक एवं आर्थिक अवस्थामा सुधार ल्याउन प्राथमिक स्वास्थ्य, शिक्षा एवं खानेपानीको सुविधा पुऱ्याउनमा विशेष जोड दिइनेछ । चालू रहेका विभिन्न लक्षित कार्यक्रमहरुमा आवश्यक संरचनात्मक सुधार गरी कार्यक्रमहरुलाई प्रभावकारी ढंगले संचालन गरिनेछ ।

- विकासको प्रतिफल समाजको निम्न वर्गमा स्वतः प्रवाहित नहुने कुरा विगतका अनुभवबाट सिद्ध भएको सन्दर्भमा विकासको प्रतिफलको समन्यायिक वितरणमा विशेष ध्यान दिइनेछ ।

- हाल गरिबी रेखामुनि रहेका जनसंख्यालाई दुई वर्गमा गरिब र अति गरिबमा विभाजन गरिएको छ । यसै वर्गीकरणअनुसार गरिबी निवारण गर्ने प्रयास गरिनेछ । यद्यपि यी रणनीतिहरुको समग्र प्रभाव एक अर्काको परिपूरक,समन्वयात्मक एवं एकीकृत हुनेछ ।

- गरिबी रेखामुनि रहेका गरिब समूहका २४.९ प्रतिशत जनसंख्यालाई क्षेत्रगत कार्यक्रम एवं खुला बजार प्रक्रियामा आवद्ध गराई उनीहरुको रोजगारी, आय तथा जीवनस्तर उकास्न जोड दिइनेछ ।

- अति गरिब १७.१ प्रतिशत जनसंख्याका लागि स्थानीय स्तरमा जुटाइने वैंकिंग सेवा तथा अन्य विकास कार्यक्रमबाट संस्थागत सहयोग पु-याउनमा जोड दिइनेछ । साथै, सामाजिक परिचालनद्वारा पिछडिएका वर्ग एवं जनसमुदाय र पिछडिएका महिलाहरुको सबलीकरणमा जोड दिई सामाजिक, आर्थिक विकासको मूलधारमा उनीहरुलाई समाहित गर्दै लगिनेछ । उत्पादनका साधनमा बढी पहुँचका लागि साधनमा सरकारी क्षेत्रबाट प्रत्यक्ष सहयोग पुऱ्याई यस समूहभित्रका परिवारहरु किटान गरी क्षेत्रगत र लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- ग्रामीण क्षेत्रमा गरिबी निवारणका लागि कृषि, कृषिजन्य घरेलु उद्योग, कृषि व्यापार, सामुदायिक ग्रामीण पर्यटन एवं ग्रामीण पूर्वाधारको विकास आदि कार्यक्रमहरुमा जोड दिइने ।

- सीपमूलक तालिम र लघु ऋणको विस्तार गरी रोजगारी र आय आर्जनका अवसरहरुको विस्तार गर्ने ।

७. नीति तथा कार्यनीति_

- गरिबी निवारण प्रयासलाई दिगो गराउन र निरन्तरता दिनका लागि समष्टिगत आर्थिक विकासलाई सुदृढ गराई गरिबीको रेखामुनि रहेको जनसंख्यालाई रोजगारीको माध्यमद्वारा वितरण प्रक्रियालाई प्रभावकारी गराइनेछ । यसका लागि दीर्घकालीन कृषि योजनाको सफल कार्यान्वयनमा जोड दिई कृषि र गैर कृषि दुवै क्षेत्रको आर्थिक वृद्धिदर उच्च राख्न टेवा पुऱ्याइनेछ ।

- कृषिमा सघनता, विविधीकरण र व्यावसायीकरण ल्याई पशुपालन तथा अन्य उच्च प्रतिफल दिने कृषि व्यवसायमा जोड दिई सिंचाइ, उन्नत बीऊबेर्ना, माछाका भुरा, कर्जा, मल आदि कृषि सामग्रीहरुको आपूर्ति बढाई गरिब परिवारहरुका लागि कृषि क्षेत्रमा रोजगारी तथा आयका थप अवसरहरु सिर्जना गरिनेछ । उत्पादनका साधनमा गरिबहरुको पहुँच बढाउन अध्ययनका आधारमा प्रगतिशील करद्वारा बढी भूमि ओगट्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ । जग्गा बाँझो राख्ने प्रबृत्तिलाई हतोत्साहित गरी करार खेती गर्ने प्रथाको थालनी गरिनेछ । कृषिजन्य उत्पादन बेचबिखनका लागि बजारमा पहुँच बढाउन कृषि सडकहरुको निर्माणमा जोड दिइनेछ ।

सामुदायिक वन विकासमा जोड दिई इन्धन तथा आवास निर्माणका लागि काठको आपूर्ति बढाइनेछ ।

- गरिबी, प्रजननदर, मृत्युदर, बसाइ सराइबीचको अन्तरसम्बन्धलाई अझ प्रष्ट पार्न अध्ययन/अनुसन्धानमा जोड दिई गरिबी निवारण कार्यक्रमहरु र जनसंख्या नियन्त्रणका प्रयासहरुलाई साथै लगिनेछ । साथै गरिबीको रेखामुनि रहेको जनसंख्याका लागि लक्षित प्रजनन स्वास्थ्य सेवालाई प्रभावकारीरुपले विस्तार गरी परिवार नियोजन सेवा विस्तार र वातावरणको संरक्षणमा जोड दिइनेछ ।

- साक्षरता बढाउन अभियानकै रुपमा साक्षरता कार्यक्रम संचालन गरिनेछ । शिक्षा क्षेत्रमा सरकारको लगानी वृद्धि गरी गरिबीको रेखामुनि रहेका परिवारका छात्रछात्रालाई माध्यमिक स्तरसम्मको अध्ययनका लागि प्रोत्साहन दिइनेछ ।

- स्वास्थ्य क्षेत्रमा सरकारी क्षेत्रको लगानी बढाइने, प्राथमिक उपचार, खोप तथा पोषण कार्यक्रमहरुलाई बिस्तार गर्ने, स्वच्छ पिउने पानी एवं सरसफाई सुलभ गराउने र गरिब परिवारका सदस्यहरुलाई निःशुल्क आधारभूत स्वास्थ्य उपचारको व्यवस्था सुलभ तथा प्रभावकारी बनाइनेछ । साथै, गरिब बाल बालिकाको पोषण, शिक्षा तथा स्वास्थ्यका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- गरिबी निवारण सम्बन्धी कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ । यस्तो कार्यक्रममा अति पिछडिएका दुर्गम क्षेत्रका अति गरिबहरुलाई ध्यानमा राखी उनीहरुलाई पु-याउने सेवा टेवाहरुमा उनीहरुको पहुंच बढाउन प्राथमिकता दिइनेछ ।

- रोजगारीको अवसर प्रवर्द्धनका लागि गर्न वैदेशिक रोजगार सहयोग प्राप्त गर्न सरकारी क्षेत्रबाट उपयुक्त कदम चालिनेछ । त्यस्ता अवसरको उपयोग गर्न सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

- गरिब जनसमुदायमा बैकिंग सेवा सुविधाको बिस्तार गरी सुलभ कर्जा प्रवाहित गरिनेछ ।

- विकेन्द्रीकरणको माध्यमद्वारा ग्रामीण तहका जनतालाई सबल बनाई थप आय आर्जनका लागि उनीहरुलाई आत्मनिर्भर तुल्याउन सामाजिक परिचालन कार्यक्रमहरु संचालन गरिनेछ ।

- दीनहीन र असहायहरुप्रति हुने बिभिन्न शोषणका बिरुद्ध प्रभावकारी कानुनी व्यवस्था गरी त्यस्ता बर्गलाई कानुनी संरक्षण दिइनेछ ।

- महिलाहरुको सीप विकास र शिक्षाका साथै आर्थिक एवं कानुनी अधिकारको प्रवर्द्धन गरी महिला सबलीकरणलाई गरिबी निवारणको अभिन्न पक्षको रुपमा अघि बढाइनेछ ।

- ग्रामीण विद्युतीकरण कार्यक्रमलाई सिंचाईसँग आवद्ध गरी लगिनेछ र इन्धनको मागबाट वनमा परिरहेको अत्यधिक चाप कम गर्न वैकल्पिक उर्जाको प्रचलनलाई प्रोत्साहित गरिनेछ ।

- श्रममूलक प्रविधि एवं कृषिजन्य उद्योगहरुको विकासमा जोड दिई त्यस्ता उद्योगहरुलाई निश्चित अवधिसम्म कर छुट दिएर साना तथा घरेलु उद्योगलाई निर्यातमुखी बनाई रोजगार तथा आम्दानीमा वृद्धि गर्दै यस्ता उद्योगहरुको स्थायित्वमा बल पुऱ्याइनेछ ।

८. कार्यक्रम

गरिबी निवारणका लागि रोजगारी सिर्जना हुने खालका वहुक्षेत्रगत, उच्च उत्पादन हासिल हुने क्षेत्रगत एवं गरिब वर्गलाई प्रत्यक्ष प्रभाव पार्ने किसिमका लक्षित कार्यक्रमहरु संचालन गरिनेछन ।

बिषयगत कार्यक्रम :_

रोजगारी सिर्जना : कृषि क्षेत्रमा उपयुक्त सिँचाइ र अन्य सुविधा विस्तार गरी उत्पादकत्व वृद्धिका साथै थप रोजगारीका अवसर सिर्जना गर्न खासगरी साना किसानको आवश्यकतामाथि विशेष ध्यान दिइनेछ । ग्रामीण, लघु तथा घरेलु उद्योगहरुलाई पूर्वाधार विकास, सुलभ ऋण, प्राविधिक सहयोग र बजार व्यवस्था तथा सूचना प्रवाहको माध्यमद्वारा प्रोत्साहित गरी ग्रामीण क्षेत्रमा गैर-कृषि रोजगारीका अवसरहरु बढाइनेछ । व्यापक तालिम र ऋण तथा प्राबिधिक सहयोग कार्यक्रमद्वारा ग्रामीण जनता र खासगरी महिलाहरुलाई समान सहभागी बनाई स्वरोजगारका अवसरहरु सिर्जना गरिनेछ । ग्रामीण क्षेत्रमा "कामको लागि खाद्यान्न" जस्ता पूर्वाधार विकास र रोजगारी सिर्जनाका कार्यक्रमलाई देशव्यापीरुपमा विस्तार गरिनेछ । कामका लागि खाद्यान्न कार्यक्रमको अन्न आपूर्ति गर्दा यथासंभव स्वदेशमा नै अन्न खरिद गर्नेतर्फ जोड दिइनेछ । यसमा स्थानीय अन्न खरिद कार्यक्रमलाई प्राथमिकता दिइनेछ । खाद्यान्न ढुवानीका लागि स्थानीय रोजगार सिर्जनालाई प्रोत्साहित गरिनेछ । अशिक्षित र अदक्ष कामदार र श्रमिक व्यक्तिलाई श्रम बजारको आवश्यकताअनुरुप शिक्षा र तालिम प्रदान गरी रोजगार योग्य वनाइनेछ । सबै निर्माणकार्य र पूर्वाधार विकासकार्यमा उच्चतम रोजगारी सिर्जना हुने प्रबिधि र प्रक्रिया अपनाइनेछ । व्यापक रोजगारी सिर्जना गर्ने खालका अरु पनि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

जनशक्ति विकास : जनशक्ति विकासका लागि प्राथमिक तथा आधारभूत शिक्षा, प्रौढ साक्षरता, आधारभूत र प्राथमिक स्वास्थ्य सेवा, मातृ शिशु स्वास्थ्य सेवा, पोषण तथा गाउँ गाउँमा खानेपानी सुबिधा पुऱ्याउनेजस्ता कार्यक्रमहरु अधिराज्यभर व्यापकरुपमा संचालन गरिनेछ । खासगरी साक्षरता न्यून भएका र बालिका तथा महिलाहरुको शैक्षिकस्तर न्यून भएका जिल्लाहरुमा बालिका र महिलाको शिक्षालाई प्रोत्साहित गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् । जनशक्ति विकासमा स्थानीय निकाय तथा गैरसरकारी सामाजिक संघसंस्था र समुदायमा आधारित संस्थाहरुलाई पनि परिचालन गरिनेछ । सामान्यतया सरकारले कार्यक्रमको स्वामित्व मात्र लिई स्थानीय निकायलाई सुपरिवेक्षकको भूमिका दिने र गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरुबाट कार्यक्रम कार्यान्वयन गराइने नीति लिइनेछ ।

क्षेत्रगत कार्यक्रम :_

कृषि तथा वन : कृषि क्षेत्रमा प्रमुख वालीहरु, वागवानी, पशुपालन जडीबूटी उत्पादन एवं प्रशोधन आदि सबैको उत्पादकत्व अभिवृद्धिका लागि आधुनिक उत्पादन सामग्रीहरुको प्रयोगमा जोड दिइनेछ । यस क्षेत्रमा उत्पादकत्व अभिवृद्धि हुन सक्ने पर्याप्त सम्भावना रहेको हुँदा गरिबी निवारण र उच्च आर्थिक वृद्धिदर हासिल गर्न कृषिलाई नै अगुवा क्षेत्रको रुपमा अगाडि बढाइनेछ । कृषिका केही खास संभाव्य क्षेत्रमा मात्र एकीकृतरुपमा यथेष्ट लगानी गर्ने दीर्घकालीन कृषि योजनाको अवधारणामा जोड दिइनेछ । ग्रामीण स्तरमा रोजगारी एवं आय अभिवृद्धि गर्न सामुदायिक वन विकास कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्नमा जोड दिइनेछ । विपन्न वर्गका लागि कबुलियती वन विकास कार्यक्रमलाई प्रभावकारीरुपमा विस्तार गरिनेछ । वातावरणीय एवं पर्यावरणीय संरक्षण एवं सम्बर्द्धन कार्यक्रमहरुको सञ्चालनमा रोजगारी सिर्जना उन्मुख वनाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

गैर-कृषि उत्पादनशील क्षेत्र कार्यक्रम : घरेलु तथा साना उद्योगहरुको विस्तारमा जोड दिनुका साथै श्रममूलक प्रविधिको उपयोगद्वारा रोजगारी अभिवृद्धिमा जोड दिइनेछ । कृषिजन्य उद्योगहरुको विस्तारमा जोड दिई उद्योग र कृषिबीच अन्तरसम्बन्धको विकासद्वारा रोजगारी सिर्जनामा जोड दिइनेछ ।

पूर्वाधार : यातायात, सञ्चार, सडक, सिँचाइ आदि पूर्वाधारको विकासलाई पनि गरिबी निवारणसँग आवद्ध गरिनेछ । मूलतः ग्रामीण विकासका लागि आवश्यक कृषि एवं ग्रामीण सडकको निर्माणमा श्रममूलक प्रविधिको अवलम्बनद्वारा रोजगारी सिर्जना गरिनेछ । यसरी ग्रामीण पूर्वाधारको द्रुततर विकास

गरी ग्रामीण क्षेत्रलाई शहरी क्षेत्र र बजारसँग आवद्ध गरिनेछ । स्वदेशी र विदेशी लगानीलाई व्यापकरुपमा परिचालन गरी जलविद्युत विकासमा नयाँ आयाम थपिनेछ । यसबाट ग्रामीण क्षेत्रलगायत सम्पूर्ण देशमा विद्युत उपलब्ध भई व्यापकरुपमा उद्योग व्यवसाय विस्तार हुने वातावरण तयार हुनेछ । त्यस्तै स्वदेशी तथा बिदेशी लगानी उत्पादनशील क्षेत्रतर्फ प्रवाहित भई थप रोजगारीका अवसरहरु सिर्जना हुनुका साथै उच्च उत्पादकत्व रहेका कामदारहरुको वास्तविक ज्यालादरमा पनि सुधार आउनेछ । साना र मध्यम सिँचाइ व्यवस्थालाई कृषकहरुकै व्यवस्थापनमा बिस्तार गरिनेछ ।

सामाजिक सेवा : प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य सुविधा र स्वच्छ खानेपानीको सर्वसुलभताको अभावका कारण सर्वसाधारण जनताको अवस्था ज्यादै कष्टकर भएको हुँदा खासगरी गरिब जनसमुदायलाई यी सुविधाहरु उपलब्ध गराउन विशेष जोड दिइनेछ ।

जनसंख्या नियन्त्रण : उच्च जनसंख्या वृद्धिको कारणले देशको अर्थतन्त्रमा परिरहेको जनसंख्याको चाप पनि विद्यमान गरिबीको एक मूल कारकतत्व भएको र यसबाट गरिब वर्ग अझै बढी दुष्प्रभावित भएका हुँदा जनसंख्या नियन्त्रणका लागि परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी एवं व्यापकरुपमा अघि बढाउन जोड दिइनेछ ।

लक्षित कार्यक्रमहरु :

गरिबीको अत्यधिक चाप भएका भौगोलिक क्षेत्रहरु अति पिछडिएका दुर्गम क्षेत्रहरु र जाति, जनजाति तथा समुदायका लागि विद्यमान लक्षित कार्यक्रमहरुमा सुधार गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्ने व्यवस्था गर्नुका अतिरिक्त केही विशेष नयाँ कार्यक्रमहरुको थालनी गरिनेछ । प्राथमिकताका क्षेत्र र समूहहरु निम्नानुसार हुनेछ :

सडक नपुगेका अति पिछडिएका दुर्गम क्षेत्रहरु : सडकको अभावले दुर्गम रहेका क्षेत्रहरुमा उत्पादन र रोजगारीका अवसर न्यून रहेको र गरिबीको चाप पनि बढी भएको हुँदा जिल्ला सदरमुकामहरु जोड्ने सडकहरु र ग्रामीण कृषि सडकको विस्तारमा जोड दिइनेछ । यी क्षेत्रका गरिब जनताहरुको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

उपेक्षित जनजाति तथा दलित जाति : अत्यधिक गरिबीको चापमा परेका मुसहर, दुसाध, डुम, चमार, केवट, दमाइ, कामी, सार्की आदि जातिको जातीय परम्परा, संस्कृति, रीतिरिवाज आदि अध्ययन अनुसन्धान गर्न र उनीहरुको आर्थिक तथा सामाजिक उन्नतिका विशेष कार्यक्रमहरु सञ्चालन गर्न जनजाति प्रतिष्ठान स्थापना गरिनेछ ।

सामाजिक तथा अन्य उत्पीडित समुदाय : सामाजिक कुरीतिले उत्पीडित र अन्य कारणले उत्पादन र रोजगारीमा सहभागी हुन नपाएका जनताका लागि गरिबी निवारणका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

जग्गाविहीन ग्रामीण परिवार : जग्गाविहीन ग्रामीण परिवारहरुका लागि विभिन्न रोजगारी तथा स्वरोजगारीका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । यस्ता परिवारहरुलाई जग्गा खरीद गर्न बजारमुखी प्रक्रियामा आवद्ध गराई बैंकिंग क्षेत्रमार्फत सुविधा उपलब्ध गराइनेछ र यसका लागि संस्थागत आधार खडा गरिनेछ ।

सानो जग्गा क्षेत्रफल भएका परिवार : साना कृषक परिवारहरुलाई समग्र विकासका माध्यमका साथै उत्पादन वृद्धिका लागि कृषि ऋण उपलब्ध गराउने लक्षित कार्यक्रमहरु दीर्घकालीन कृषि योजनाको माध्यमबाट सञ्चालन गरी यस्ता परिवारको आर्थिक स्तर उकास्न जोड दिइनेछ ।

निश्चित समूहहरु : अधिराज्यका विभिन्न जिल्लाका विद्यमान कमैया प्रथाअन्तर्गत र मजदुरका रुपमा रहेका कमैया परिवाहरु प्रायशः गरिबीको रेखामुनि रहेकाछन् । यस्ता पीडित परिवारहरुको सही पहिचान गरी शोषणमुक्त रोजगारी सिर्जना र वसोवासको व्यवस्था गर्दै कृषि जग्गामा पहुँच पुऱ्याउने कार्यक्रमहरु रहनेछन् । साथै, देशका अन्य भागमा अरु समुदायमा पनि यस्तो शोषणयुक्त श्रम सम्बन्धको पहिचान गरी श्रमिक परिवारहरुको हितका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

शहरी क्षेत्रका गरिब र बेरोजगारहरु : शहरी क्षेत्रको गरिबी निवारणका लागि सेवामूलक तथा उत्पादनशील स्वरोजगारका अवसरहरुको सिर्जना र शिक्षित तथा युवा बेरोजगारका लागि विशेष कार्यक्रमहरुको सञ्चालनमा जोड दिइनेछ ।

सामाजिक परिचालन कार्यक्रम : स्थानीय तहमा हाल संचालन भैरहेका संस्थागत विकाससम्बन्धी विभिन्न आयोजनाहरुको अनुभवको आधारमा समूह सँगठन, सीप विकास, क्षमता विकास, सामुहिक बचत एवं पूँजीको सिर्जना आदि गतिविधिहरुलाई व्यापकरुपमा स्थानीयस्तरमा विस्तार गर्दै जान सामाजिक परिचालनको कार्यक्रममा जोड दिइनेछ । यस कार्यमा स्थानीय निकायहरु एवं गैरसरकारी संस्थाहरुलाई समन्वयात्मक ढङ्गले संलग्न गराइनेछ । साथै, यसका लागि सामाजिक उत्प्रेरकहरुको परिचालन गरी अति गरिब परिवार र महिला वर्गको सशक्तीकरणतर्फ विशेष ध्यान दिइनेछ ।

संस्थागत व्यवस्था :

गरिबी निवारण आयोग : मुलुकमा विद्यमान गरिबीको विभिन्न पक्षको अनुसन्धान, नक्शांकन, कार्यक्रम तर्जुमा, अनुगमन र मूल्यांकन कार्यलाई समन्वयात्मक ढंगले अघि बढाउन सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा एक "गरिबी निवारण आयोग" गठन गरिनेछ । यस आयोगले गरिबी निवारणका लागि नीतिगत मार्गदर्शन दिनुका साथै सरकारी तथा गैरसरकारी क्षेत्रका नीति र कार्यक्रमहरुबीच समन्वय ल्याई कार्यक्रम तर्जुमा गर्न लगाउन तथा संस्थागत समन्वय जुटाउन र आवश्यक स्रोत साधन परिचालन गर्न मद्दत पुऱ्याउनेछ ।

गरिबी निवारण कोष : गरिबी निवारणको लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउन एक गरिबी निवारण कोषको स्थापना गरिनेछ । स्वायत्त संरचनाको रुपमा स्थापना हुने यस कोषले गरिब जनसमुदायको आवश्यकता परिपूर्ति तर्फ आफ्ना क्रियाकलापहरु निर्देशित गर्नेछ । कोषले आन्तरिक एवं वाह्य साधन र स्रोतहरुको परिचालन गरी स्थानीय निकायका साथै सरकारी एवं गैरसरकारी संस्थाहरुको माध्यमद्वारा गरिबी निवारण सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गराउन जोड दिइनेछ ।

गरिबी अनुगमन प्रणाली : गरिबीको गहनता, फैलावट एवं कारकतत्वबारे अध्ययन भैरहेमा मात्र प्रभावकारी गरिबी निवारणका कार्यक्रम तर्जुमा हुन सक्ने हुँदा नेपाल जीवनस्तर सर्वेक्षण जस्ता अध्ययन कार्यलाई निरन्तरता दिइनेछ । गरिबी निवारणको नियमित अनुगमन गर्न गरिबी अनुगमन प्रणालीको विकास गरी गा.वि.स. स्तरसम्म विस्तार गर्ने व्यवस्था मिलाइनेछ । हरेक गा.वि.स.मा गरिबी निवारणका लागि विभिन्न आर्थिक तथा सामाजिक सूचकहरुको आधारमा प्रगति अनुगमन गर्ने प्रणाली लागू गरिनेछ । गरिबी निवारण प्रयासका लागि लिइने राष्ट्रिय एवं वृहत् सामाजिक आर्थिक नीतिहरुको स्थानीय स्तरमा पर्ने जीवनस्तरको सुक्ष्म प्रभाववारे नियमितरुपमा प्रभाव मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

भौगोलिक सूचना प्रणाली : गरिबीको वस्तुस्थितीवारे स्थानगत (spatial) तथ्याङ्क एवं जानकारी संकलन गरी गरिबीको चापको अध्ययन गर्न भौगोलिक सूचना प्रणालीको माध्यमबाट गरिबी नक्शांकन (poverty mapping) गरिनेछ । यस्ता अध्ययनलाई जीवनस्तर मापन गर्नेतिर अग्रसर गराई गरिबीको स्थितिको वस्तुपरक तथा स्थानगत तथ्याङ्कहरु संकलन गरिनेछ र यी तथ्याङ्कहरुको आधारमा एक वार्षिक कार्यक्रमको तर्जुमा गरी उपयोगमा ल्याउने संस्थागत व्यवस्था गरिनेछ । साथै, समष्टिगत

नीतिबाट गरिबीमा पर्नसक्ने प्रभावको लेखाजोखा गर्ने पद्धतिको समेत विकास गरी त्यसको आधारमा गरिबी निवारण सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई परिमार्जन गर्दै जाने व्यवस्था मिलाइनेछ । उदार बजारमुखी अर्थतन्त्र र संरचनात्मक समायोजन जस्ता कार्यक्रमहरुले गरिबहरुमाथि परेको प्रभावको नियमित अनुगमन र मूल्यांकन गर्ने संयन्त्रको विकास गरिनेछ ।

६.२ श्रमशक्ति तथा रोजगार प्रबर्द्धन

१. पृष्ठभूमि

देशमा विद्यमान गरिबीको मुख्य कारण व्याप्त बेरोजगारी र अर्द्ध बेरोजगारी समस्याहरु नै देखिएको छ । हाल देशको कुल श्रमशक्ति मध्ये ४.९ प्रतिशत बेरोजगार र ४७ प्रतिशत अर्द्धबेरोजगार रहेको देखिन्छ । उच्च आर्थिक वृद्धि, आय, वचत एवं लगानीमा वृद्धि, माग र उत्पादनमा विस्तार आदिबाट व्यापकरुपमा रोजगार सिर्जना हुनु पर्नेमा त्यसो हुन सकेको छैन । सरकारद्वारा उदार तथा खुलानीति अवलम्बन गरिए पनि एकातिर उत्पादनशील क्षेत्रमा अपेक्षित लगानी हुने गरी अर्थतन्त्र गतिशील हुन नसक्नु र अर्कातिर जनसंख्याको चाप वढ्दै जानु, श्रम बजारमा महिला श्रमिकहरुको प्रवेशमा बढोत्तरी आउनु र निजी क्षेत्र अपेक्षाकृत रुपमा फष्टाउन नसक्नु आदि कारणले बेरोजगारी समस्या गम्भीर स्थितिमा रहेको देखिन्छ । यसको न्यूनिकरण विना न्यायपूर्ण समाजको निर्माण हुन नसक्ने निर्विवाद छ ।

आठौं योजनाको अन्तमा नेपालको श्रमशक्ति १ करोड १६ लाख ६९ हजार रहेको अनुमान छ । आर्थिक रुपले सक्रिय रहेको उक्त श्रमशक्तिमध्ये ४.९ प्रतिशत पूर्ण बेरोजगारीको अवस्थामा छ । कुल रोजगार प्राप्त श्रमशक्तिमध्ये ८१ प्रतिशत कृषि क्षेत्रमा, ५ प्रतिशत उद्योग, खानी, विद्युत र निर्माणमा, र १४ प्रतिशत, व्यापार, होटल, यातायात, सञ्चार, वित्त, घर जग्गा र सामाजिक सेवा क्षेत्रमा संलग्न छन् । रोजगारीमा संलग्न रहेको जनशक्तिमध्ये एक ठूलो हिस्सा अर्थात ४७ प्रतिशत अर्द्धबेरोजगारीको स्थितिमा भएको र त्यसमध्ये अधिकांश कृषि क्षेत्रमा नै रहेको अनुमान गरिएको छ । एकातिर श्रम बजारमा अकुशल श्रम शक्ति र सामान्य शिक्षा प्राप्त जनशक्ति दिनानुदिन थपिंदै छ भने अर्को तिर उत्पादनशील कार्यमा जुट्न सक्ने उच्च बौद्धिक स्तर भएको, सक्षम, सीपयुक्त, स्वस्थ्य र कर्मनिष्ठ जनशक्तिको अभाव खट्किंदै छ । कृषि, वन, उद्योग, निर्माण, यातायात, पर्यटन, सेवा जस्ता अर्थव्यवस्थाका विभिन्न क्षेत्रमा जनशक्तिको माग र आपुर्तिको समुचित लेखा जोखा हुन नसक्दा कामका अवसर र उत्पादित जनशक्ति बीच उपयुक्त संयोजन हुन सकेको छैन । जनशक्ति विकासका लागि गुण स्तरीय शिक्षा, व्यावसायिक सीप विकास र प्रशिक्षण सर्व सुलभ स्वस्थ्य सेवा, सुरक्षित खानेपानीको आपूर्ति, स्वच्छ र सफा आवास तथा पोषण जस्ता आधारभूत कुराहरु जुटाउन सकिएको छैन । रोजगारी र जनशक्ति विकास बीच सह सम्बन्ध सिर्जना गर्नु पर्ने भएको छ ।

बेरोजगारीको वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न दुई मुख्य स्थिति देखापर्दछन् :

बेरोजगारी : ग्रामीण तथा शहरी क्षेत्रमा वर्ष भरिनै काम नपाई कामको खोजीमा रहेका कुल श्रमशक्तिको ४.९ प्रतिशत पूर्ण रुपले बेरोजगार रहेको अनुमान गरिएको छ । हालका वर्षहरुमा शिक्षित युवाशक्तिलाई काम दिन समानुपातिक रुपमा आधुनिक क्षेत्रको विस्तार हुन नसकेकोले शिक्षित बेरोजगारी बढ्दै गएको पाइन्छ । एकातिर सीपमूलक शिक्षाको अभावमा यस्तो युवाशक्तिले बजारको माग आपूर्ति गर्न सकेको छैन भने अर्कोतिर यस्तो सीप र श्रम विदेशबाट आयात गर्नु पर्ने परिस्थिति सिर्जना भई शिक्षित बेरोजगारीको समस्या बर्षेनी बढ्दै गएको छ ।

अर्द्ध बेरोजगारी : पूर्ण बेरोजगारी भन्दा अर्द्ध बेरोजगारीको स्थिति झन् व्यापक रहेको देखिन्छ । कृषि क्षेत्रमा आश्रित जनसंख्यामा यो समस्या बढी गम्भीर देखिएको छ । यसको मूल कारणमा कृषि श्रमिकलाई पूरा समय काम उपलव्ध नहुनु र भूमि माथिको आश्रय छोड्न वैकल्पिक रोजगारका अवसर पनि नहुनु देखिएको छ । आठौं योजनाको अन्तसम्ममा नेपालमा ४७ प्रतिशत श्रमशक्ति अर्द्ध बेरोजगारीको स्थितिमा रहेको देखिएको छ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा बेरोजगार एवं अर्ध बेरोजगार व्यक्तिहरुलाई रोजगार एवं स्वरोजगारम लाग्न सक्षम तुल्याउने हेतुले विभिन्न प्रशिक्षण निकायहरुद्वारा विविध सीप विकास तालिमहरु सञ्चालन गरिए । साथै, कृषि, पर्यटन, निर्माण, यातायात, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको क्रियाकलापहरुको कारण केही हदसम्म रोजगार सिर्जना भएको देखिन्छ । जनशक्ति विकास तथा रोजगार सम्बन्धी अद्यावधिक विस्तृत तथ्याङ्कको अझै कमी नै रहेको छ । यस क्षेत्रमा योजना अवधिमा खासै ठोस र सुनियोजित कार्यको थालनी भने हुन सकेन ।

३. रणनीति

- हाल नेपालमा व्याप्त गरिबीको समस्याको एक प्रमुख कारण बेरोजगारी र अर्धबेरोजगारी देखिन आएकोले यसको निराकरणको लागि वहुसंख्यक नेपालीको जीवनयापनको प्रमुख स्रोतको रुपमा रहेको कृषिको दीर्घकालीन योजनाको कार्यान्वयनबाट ग्रामीण क्षेत्रमा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछन् । साथै सीप, पुँजी र बजारको व्यवस्था गरी गैर कृषि क्षेत्रमा स्वरोजगारका सम्भावनाहरु बढाइनेछन् ।

- गरिबी निवारण नवौं योजनाको मुख्य उद्देश्य रहेको हुँदा रोजगारी प्रवर्द्धन कार्यलाई उच्च प्राथमिकता साथ अगाडि बढाइने छ । नेपालको जनसंख्या वृद्धिदर ज्यादै उच्च रहेको हुँदा यसै अनुपातमा श्रम बजारमा श्रमशक्तिको आपूर्ति दर पनि उच्च रहेको छ । आर्थिक वृद्धि न्यून रहेकोले एकातिर वार्षिक रुपमा प्रवेश गर्ने करिब ३ लाख श्रम शक्तिलाई रोजगारीका अवसरहरु सुलभ छैनन् भने अर्को तिर श्रम बजारको आवश्यकता र उत्पादित श्रमशक्तिको सीप बीच अझै पनि समुचित तालमेलको अभाव रहेको छ । यस स्थितिमा रोजगारी प्रवर्द्धनलाई तीव्र गतिमा अगाडि बढाउन विभिन्न व्यावसायिक तालीमहरुलाई व्यापकरुपमा विस्तार गरिनेछ । सेवा र स-साना व्यापार जस्ता अनौपचारिक क्षेत्रको अपेक्षित विस्तार गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ र यसलाई खासगरी शहरी क्षेत्रमा रोजगार प्रबर्द्धन गर्न विशेष जोड दिइनेछ ।

- गैरकृषि रोजगारीका अवसरहरु अति न्यून रहेको र कृषिमा संलग्न श्रमशक्ति ४ देखि ५ महिना सम्म बेरोजगार रहनु पर्ने ग्रामीण क्षेत्रबाट रोजगारीको खोजीमा ठूलो श्रमशक्ति स्वदेश तथा विदेशका शहरी क्षेत्र तर्फ जाने गरेको हुंदा गैर कृषि रोजगारीका अवसरहरु बढाउन ग्रामीण क्षेत्रमा विकासका न्यूनतम आधारशीलाहरु यातायात, बिजुली, र अन्य जन-सुविधाहरुको विकास गरी साना तथा घरेलु उद्योगहरुको प्रवर्द्धनद्वारा रोजगारीका अवसरहरु विस्तार गरिनेछ । साथै यसबाट सीप, पुँजी र बजारको आधारहरु सबल भई कुटीर तथा लघु उद्योगको विकास र विस्तार हुन गई स्वरोजगारका सम्भावनाहरु व्यापक गराइनेछ ।

- गरिबी निवारण रोजगारीसँग प्रत्यक्ष रुपले आवद्ध छ । अतः सरकारी क्षेत्रबाट रोजगारी प्रवर्द्धनका लागि कार्यक्रम निर्धारण गर्दा समाजमा अति पछाडि परेका तथा अति गरिब समूहमा परेका जनसंख्याको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । कामका लागि खाद्यान्न, दलित एवं पिछडिएका वर्गका लागि कार्यक्रम तथा ग्रामीण पूर्वाधार निर्माणका कार्यहरुमा यस्ता समूहको रोजगारीलाई विशेष जोड दिइनेछ । उत्पादनका साधनहरुमा पहूंच बढाउन समेत बैंकिङ्ग क्षेत्रबाट प्रवाहित हुने कर्जा एवं प्रदान गरिने सीपमूलक तालिम पनि यी वर्गका लागि लक्षित गरिनेछ ।

- सम्भावनाका आधारमा ग्रामीण क्षेत्रको विकास अवधारणा अगाडि बढ्न नसकेकोले ग्रामीण अर्थतन्त्रको परम्परागत स्वरुपमा उल्लेखनीय परिवर्तन हुन र ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरु सिर्जना हुन नसकेका, र साथै, ग्रामीण क्षेत्रबाट गैर कृषि रोजगारीका लागि बाहिर जाने श्रम

प्रतिस्पर्धात्मक श्रम बजारमा पछाडि परेको र माग अनुसारका सीपहरुको अभावको कारण बेरोजगार रहनु परेको देखिएको छ । यस अवस्थामा राष्ट्रिय अर्थतन्त्रका विभिन्न क्षेत्रमा आवश्यक पर्ने विभिन्न तहको जनशक्तिको माग र आपूर्तिको लेखाजोखा गरी आउंदा वर्षहरुमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्न योजनाबद्ध प्रयास गरिनेछ ।

- हालका वर्षमा युवा श्रमशक्ति विदेशी रोजगारी प्रति निकै आकर्षित भएको तर विदेशी श्रम बजारमा नेपाली श्रमिकहरु पठाउन उपयुक्त संस्थागत संरचना र प्रवन्ध र श्रमको उत्पादनशीलता बढाउन प्रशिक्षण कार्यक्रम नभएको कारण एकातिर न्यूनतम तलब सुविधामा श्रमिकहरु विदेश तिर जाने गरेका छन् भने अर्कोतिर कठिन, खतराजन्य र अस्वस्थ्यकर काममा संलग्न हुनु पर्ने स्थिति देखिएको छ । साथै, वैदेशिक रोजगारीमा समुचित अनुगमनको अभावका कारण कतिपय विदेश गएका श्रमिकहरु अलपत्र परी ठगिएको र असुरक्षित स्थितिमा रहेको देखिएकोछ । अतः आवश्यक स्तरीय जनशक्ति स्वदेश भित्र उत्पादन गर्दै जाने र स्वदेशमा खपत गर्न नसकिने जनशक्ति विदेशमा पठाउने तर्फ संस्थागत व्यवस्था गरिनेछ ।

- शिक्षाको विस्तारसँगै शिक्षित श्रम शक्तिको आपूर्ति पनि निकै बढिरहेको पाइन्छ । यस्ता शिक्षित व्यक्तिहरु कार्यालयमुखी काम (white collar job) को खोजीमा रहने र आधुनिक सँगठित क्षेत्रमा मात्र काम गर्न चाहने देखिएको छ । श्रम बजारमा कामको खोजीमा आउने १५ देखि २५ वर्षको युवा श्रम शक्तिलाई रोजगारीमा सुरु प्रवेश पाउन ज्यादै कठिन भएको पाइएको छ । साथै, सरकारी क्षेत्र, आधुनिक क्षेत्र तथा औद्योगिक क्षेत्रहरुको विस्तार अपेक्षित रुपमा हुन नसकेकोले शिक्षित बेरोजगारको संख्यामा अत्यधिक वृद्धि भइराखेको देखिन्छ । अतः सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा रोजगारीका लागि ग्रामीण क्षेत्रका शिक्षित युवाहरुले समेत रोजगारी पाउन र प्रतिस्पर्धात्मक श्रम बजारमा सबैले समान अवसर पाउन सूचना को समुचित व्यवस्था गरिनेछ ।

- रोजगारी प्रवर्द्धन वहुआयामिक सामाजिक आर्थिक विकासका पक्षहरुसँग जाडिएको छ । अतः अर्थतन्त्रका सबै क्षेत्रहरुसँगको समग्र समन्वयको आकार खडा गरी सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालन गरिने प्रत्येक क्रियाकलापमा रोजगारमूलक विधि एवं प्रविधिको उपयोग गरिनेछ ।

- सरकारको भूमिका क्रमशः सहजकारी रुपमा परिवर्तित हुंदै जाने मान्यता अनुरुपमा रोजगारी प्रवर्द्धन क्षेत्रमा कार्यान्वयनमा संलग्न स्थानीय सरकारहरु, गैरसरकारी संस्थाहरु तथा आर्थिक क्रियाकलाप मार्फत निजी क्षेत्रहरुको भूमिकालाई प्रधानता दिइनेछ । साथै यी निकायहरुका क्रियाकलापलाई सशक्त रुपमा अगाडि बढाउन उपयुक्त वातावरण सिर्जना गर्न जोड दिइनेछ ।

४. दीर्घकालीन अवधारणा

- बेरोजगारी र गरिबी बीचको अन्योन्याश्रित सम्बन्धलाई दृष्टिगत गरी आयका आधारहरु बलियो बनाई नेपाली जनताको जीवनस्तर बढाउन रोजगारी प्रवर्द्धनका सफल प्रयासहरुद्वारा आगामी २० वर्षमा पूर्ण बेरोजगारीको स्थितिलाई वर्तमानको ४.९ प्रतिशतबाट घटाई ३ प्रतिशतमा झारिनेछ भने अर्द्ध बेरोजगारीको स्थितिलाई ४७ प्रतिशतबाट १० प्रतिशतमा ओरालिनेछ ।

- स्थायी रोजगारी सिर्जनाका लागि उच्च आर्थिक वृद्धिदर, सबै क्षेत्रहरुमा बढी रोजगारी सिर्जनाका लागि श्रममुखी कार्यक्रमहरुको सञ्चालन, श्रमशक्तिको प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि, औद्योगिक प्रतिष्ठानहरु, गैरसरकारी संस्थाहरु, र अन्य सेवा क्षेत्रहरुवाट स्वरोजगार र स्थायी रोजगारीका अवसरहरुको सिर्जनाका लागि प्रोत्साहन, उत्पादनका साधनहरुमा सर्वसाधारणको बढ्दो पहुँच आदि द्वारा स्वरोजगार अभिवृद्धि गरिनेछ । अर्थतन्त्रका विभिन्न क्षेत्रमा आवश्यक पर्ने

जनशक्तिको लेखा जोखा गरी सकेसम्म त्यस्तो सीपयुक्त स्तरीय जनशक्ति स्वदेश भित्रैबाट उत्पादन र आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

नवौं योजना :

५. उद्देश्य

श्रमशक्ति विकास र रोजगार प्रवर्द्धनका लागि नवौं योजनामा निम्न उद्देश्यहरु लिइनेछन् :

- राष्ट्रिय खांचो अनुरुप जनशक्ति विकास गरी त्यसको उत्पादनशीलता अभिवृद्धि गर्दै लाने ।
- देशको आर्थिक तथा सामाजिक विकासका विभिन्न क्षेत्रहरुमा उत्पादनशील रोजगारीका अवसरहरु बढाई बेरोजगारी तथा अर्द्ध बेरोजगारी न्यून गर्ने ।
- आन्तरिक श्रम बजारको माग अनुरुप वदलिंदो प्रविधि ग्रहण गर्न सक्षम र दक्ष जनशक्तिको विकास र परिचालन गर्ने ।
- वैदेशिक रोजगारीका लागि श्रमशक्तिको प्रतिस्पर्धात्मक क्षमता विकासमा जोड दिने ।
- सीपमूलक श्रमशक्ति विकास कार्यलाई प्रभावकारी तुल्याउनुका साथै पुँजी एवं उत्पादनशील साधनमा श्रमशक्तिको पहुंच बढाई स्वरोजगार प्रवर्द्धन गर्ने ।
- अति गरिब वर्ग केन्द्रीत रोजगार अभियान सञ्चालन गर्ने ।

६. नीति तथा कार्यनीति

क्षेत्रगत

- रोजगारी प्रवर्द्धनको मूल आधार कृषि क्षेत्रको व्यावसायीकरण तथा विविधीकरण गरिनेछ ।
- दिगो प्रकृतिका थप रोजगारीका अवसरहरु सिर्जना गर्न कृषि विकासमा गतिशीलता एवं निरन्तरता ल्याई कृषिजन्य उद्योगहरुको विकास तथा विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- वेरोजगारी तथा अर्द्धबेरोजगारी समस्याको निराकरणको लागि गैर कृषि क्षेत्रको विकासमा निजी क्षेत्रलाई बढी आकर्षित एवं परिचालित गराइनेछ ।
- पर्यटन व्यवसायको विकासबाट आयमूलक रोजगारी सिर्जना गर्न र शिक्षित रोजगार प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

वहुक्षेत्रगत

- उपलव्ध जनशक्ति उपयोगका लागि शिक्षा, तालिम र अनुभवको आधारमा उपयुक्त कार्य क्षेत्रमा परिचालन गर्न जोड दिइनेछ ।
- जनशक्ति विकासका लागि मूलभूत आवश्यकता, प्राथमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा र स्वच्छ खानेपानी सुविधाको विस्तार गर्न जोड दिइनेछ ।

- जनशक्ति विकास गर्दा पिछडिएका वर्ग र महिला लाई प्राथमिकता दिइनेछ र विभिन्न क्षेत्रका रोजगारी कार्यक्रमहरुमा उनीहरुको सहभागिता प्रोत्साहित गरिनेछ ।

- जनशक्तिको विकास गर्न वहुपक्षीय समन्वय कायम गरी समष्टिगत नीति र कार्यक्रम तर्जुमा गरिनेछ ।

- ग्रामीण तथा शहरी क्षेत्रका प्रत्येक गरिब परिवारका न्यूनतम एक व्यक्तिलाई पूर्ण रोजगार उपलव्ध गराउन "एक परिवार एक रोजगार" को नीति अवलम्बन गरिनेछ ।

- श्रममूलक घरेलु उद्योगको विकास र विस्तारमा सरकारी क्षेत्रवाट सीपको विकास र पूंजी परिचालनमा आवश्यक सहयोग जुटाइनुका साथै निजी क्षेत्र एवं गैरसरकारी संस्थाहरुलाई पनि सोही दिशामा निर्देशित गरिनेछ ।

- ग्रामीण पूर्वाधार विकास निर्माणलाई स्थानीय योजनासँग आवद्ध गरी श्रममूलक प्रविधिको प्रयोगद्वारा रोजगार प्रवर्द्धनमा जोड दिइनेछ ।

तालिम

- प्रशिक्षण कार्यक्रमहरुलाई गुणस्तरयुक्त तुल्याइ तीव्र रुपमा परिवर्तनशील प्रविधि ग्रहण गर्न सक्ने प्रशिक्षित र दक्ष जनशक्तिको विकास गरिनेछ ।

- रोजगारी प्रवर्द्धनका लागि उपयुक्त तालिम कार्यक्रमलाई व्यापक एवं विस्तार गर्न ग्रामीण तथा शहरी क्षेत्रमा तदनुरुप कार्यक्रम संचालन गरिनेछ ।

संस्थागत व्यवस्था

- नेपाली श्रमशक्तिलाई वैदेशिक रोजगारीका अवसरहरु सुलभ र व्यवस्थित रुपमा उपलव्ध गराउन आवश्यक संस्थागत व्यवस्था गरिनेछ ।

- रोजगारी प्रवर्द्धनका कार्यक्रमहरुमा समन्वय ल्याउन विभिन्न निकायहरुका नीति एवं कार्यक्रमहरुसँग सामञ्जस्य र समन्वय कायम गरिनेछ ।

७. कार्यक्रम

जनशक्ति विकास

- जनशक्ति विकास कार्यमा संलग्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायहरुका क्रियाकलापहरुलाई समन्वय, अनुगमन तथा मूल्यांङ्कन गरी आवश्यक नीति निर्देशन दिन संस्थागत कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- जनशक्ति विकास सम्वन्धी प्रशिक्षण कार्यक्रमहरु संचालन गर्दा महिला र पछौटे वर्गको सहभागिता वढाउन प्राथमिकता दिइनेछ ।

- जनशक्ति विकासका लागि जनस्तरसम्म शिक्षा, स्वास्थ्य र खानेपानीका सुविधाहरु व्यापक गर्न सामाजिक क्षेत्रमा लगानीको ढाँचालाई परिवर्तन गरिनेछ र आधारभूत सामाजिक सेवाका क्षेत्रहरुमा गैरसरकारी तथा निजी क्षेत्रहरुको भूमिका वृद्धि गर्दै ती क्षेत्रहरुको कार्यक्रम व्यापक गराइनेछ ।

- श्रमशक्तिको वढ्दो चाप र वेरोजगारी तथा अर्द्धवेरोजगारीको एक मूल कारण उच्च जनसंख्या वृद्धि रहेको हुँदा जनसंख्या नियन्त्रण कार्यक्रमलाई व्यापक गराइनेछ र ग्रामीण स्तरमा साक्षरता

कार्यक्रम, जनसंख्या शिक्षा, वातावरणीय शिक्षा, स्वास्थ्य शिक्षा जस्ता जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।

रोजगारी विस्तार एवं प्रवर्द्धन

- "एक परिवार एक रोजगार" को नीतिलाई मूर्तरुप दिन सरकारी, गैरसरकारी तथा अन्य तहबाट सञ्चालन हुने विकास निर्माण कार्यक्रमहरुमा थप रोजगारीका अवसरहरु सिर्जना गर्न उपयुक्त व्यवस्था मिलाइनेछ । ग्रामीण तथा शहरी क्षेत्रका प्रत्येक गरिब परिवारका एक व्यक्तिलाई रोजगारी दिन गरिब परिवारको पहिचान गर्ने र रोजगारीका निम्ति आवश्यक सीप मूलक तालिम दिने कार्यक्रमहरु तर्जुमा गरिनेछन् ।

- कृषि क्षेत्रमा व्यावसायीकरण र विविधीकरण ल्याई कृषि रोजगारीलाई व्यापक गराउन बालीको सघनता र उत्पादकत्व बढाउने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ । कृषि क्षेत्रमा रोजगारीका थप अवसरहरु सिर्जना हुने र उत्पादन बढाउन पनि सहायक हुने कार्यक्रमहरुको कार्यान्वयनलाई अगाडि बढाइनेछ ।

- गैर कृषि क्षेत्रमा पनि निजी क्षेत्रलाई बढी आकर्षित तुल्याई रोजगार प्रवर्द्धन गर्न उद्योग तथा व्यवसायसँग सम्बन्धित नीति नियमहरुमा आवश्यक सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- भौगोलिक तथा स्थानगत विशेषताका आधारमा विशिष्टीकरण प्राप्त गर्न सकिने श्रममूलक कृषिजन्य उद्योगहरुको स्थापनामा निजी क्षेत्रलाई प्रोत्साहन दिइनेछ र ग्रामीण क्षेत्रमा दिगो रोजगारीका आधारहरु सिर्जना गर्न थप कार्यक्रहरु सञ्चालन गरिनेछन् ।

- साना तथा घरेलु उद्योगहरुवाट उत्पादनशील रोजगारीका अवसरहरु बढाउन सम्भाव्य घरेलु उद्योगहरुको विकास तथा विस्तारका कार्यक्रमहरु राखिनेछन् ।

- अति साना कुटीर उद्योगबाट स्वरोजगार बढाउन वित्तीय निकायहरुबाट गरिब परिवारहरुलाई आवश्यक पर्ने पूंजीको लागि ऋण सुविधा कार्यक्रमहरु प्रभावकारी रुपमा विस्तार गरिनेछन् ।

- रोजगारमूलक एवं ग्रामीण पर्यटन व्यवसायको विकासमा रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछन् ।

- बेरोजगार र अर्द्ध बेरोजगारहरुलाई उत्पादनशील रोजगारीका अवसरहरु प्रदान गर्न स्थानीय स्तरमा चरणबद्ध रुपमा रोजगारी प्रबर्द्धन परियोजना संचालन गर्न 'रोजगार प्रबर्द्धन कोष' को स्थापना र परिचालन गरिनेछ ।

- ग्रामीण पूर्वाधारको विकास र निर्माण कार्यहरुमा श्रममूलक प्रविधिलाई प्रोत्साहित गर्न रोजगारीका लागि उपयुक्त वित्तीय नीतिहरु तयार गरिनेछन् ।

- विभिन्न क्षेत्र अन्तर्गतका रोजगारी कार्यक्रमहरुमा महिलाहरुको पहुँच र सहभागिता बढाउने, महिला रोजगारी अभिवृद्धि गर्ने, सीपमूलक तालिमलाई ग्रामीण स्तरसम्म व्यापक तुल्याउने र तालिम प्राप्त महिलाहरुका लागि ऋण उपलब्ध गराउने कार्यक्रमहरुलाई विस्तार गरी अझ प्रभावकारी गराइनेछ ।

तालिम तथा अध्ययन अनुसन्धान

- विभिन्न निकायहरुमा छरिएर रहेका सीप तथा रोजगारमूलक तालिम कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा सञ्चालन गराउन केन्द्र र स्थानीय तहमा सरकारी, गैरसरकारी तथा निजी

क्षेत्र समेतको संलग्नता हुने गरी तालिम परिषद्को गठन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- देशमा विद्यमान मानवीय स्रोतवारे विस्तृत अध्ययन अनुसन्धान विभिन्न क्षेत्रहरुमा विद्यमान माग र आपूर्ति स्थितिवारे अध्ययन र यसको विकास सम्बन्धी समस्या एवं सवालहरुको विश्लेषण गरिनेछ । यस्ता अध्ययन एवं अनुसन्धानको आधारमा जनशक्ति विकास गर्न उपयुक्त कार्य प्रक्रिया अवलम्बन गरिनेछ र यस्ता प्रक्रियामा निजी क्षेत्र एवं गैरसरकारी संस्थाहरुलाई पनि संलग्न गराइनेछ ।

- देश भित्र कार्यरत विभिन्न प्रशिक्षण प्रतिष्ठान एवं तिनीहरुको प्रशिक्षण नीति एवं कार्यक्रममा समन्वय कायम गरी अर्थतन्त्रको विभिन्न क्षेत्रका जनशक्तिको माग पूरा गर्न विभिन्न तह एवं बिषयको प्रशिक्षण दिने व्यवस्था गरिनेछ र यस कार्यमा निजी क्षेत्र एवं गैरसरकारी संस्थाहरुलाई अधिकाधिक परिचालन गरिनेछ ।

- विद्यमान शिक्षित बेरोजगार युवाहरुलाई आधिकाधिक उत्पादनशील र आयमूलक व्यवसायमा अग्रसर तुल्याउन रोजगारीका नयाँ-नयाँ क्षेत्रहरु पहिचान गरी स्वरोजगारमूलक व्यावसायिक तालिमका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- बदलिंदो प्रविधि र मागको प्रवृत्तिलाई ध्यानमा राखी हाल प्रचलित प्रशिक्षणको बिषय क्षेत्र, पाठ्यक्रम र तरिकामा आवश्यक सुधार ल्याई समयानुकुल वनाइनेछ । साथै प्रशिक्षित व्यक्तिहरुलाई व्यवहारिक रुपमा कार्य सक्षम बनाउन गुणस्तरीय तालिमहरु सञ्चालन गरिनेछन् ।

<u>संस्थागत व्यवस्था</u>

- प्राविधिक सीप भएका बेरोजगार व्यक्तिहरुलाई आवश्यक ऋण एवं अन्य सहयोग प्रदान गरी स्वरोजगार तुल्याउन प्रोत्साहित गरिनेछ ।

- नेपाली कामदारहरुलाई वैदेशिक रोजगारीमा प्रतिस्पर्धात्मक रुपले सक्षम बनाउन र वैदेशिक रोजगारीका अवसरहरु सुलभ र व्यवस्थित रुपमा उपलब्ध गराउन सरकारी तथा निजी क्षेत्रको भूमिका प्रभावकारी गराइनेछ ।

- देशमा उपलब्ध जनशक्तिको उपयुक्त र प्रभावकारी परिचालनका लागि अनुगमन तथा अध्ययनको व्यवस्थित पद्धतिको प्रारम्भ गरी सुदृढ गरिनेछ ।

- विभिन्न तहका रोजगारी सम्बन्धी विवरण एवं सूचनाहरु संस्थागत रुपमा प्रवाह हुने कार्यव्यवस्था अपनाई समय सापेक्ष नीति निर्धारणका साथै कार्यान्वयनमा गतिशीलता ल्याउन रोजगारी कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ र प्रभावकारी तुल्याइनेछ । यसका लागि मूलतः रोजगार प्रबर्द्धन विकास समितिलाई परिचालन गरिनेछ ।

परिच्छेद ७

जनसंख्या तथा मानव संसाधन

७.१ जनसंख्या

१. पृष्ठभूमि

राष्ट्रिय विकासमा जनसंख्याको उच्च वृद्धिदरले नकारात्मक प्रभाव पर्दै गएको कारण सामाजिक सेवाको विस्तार तथा आर्थिक विकासले धान्न सक्ने गतिमा जनसंख्या वृद्धिदरलाई नियन्त्रण गरी परिवार, समाज र राज्यमा त्यसको अनुकुल प्रभाव पार्ने उद्देश्यले आवधिक योजनाहरुमा जनसंख्या कार्यक्रमलाई समावेश गरिदै आएको छ ।

जनसंख्या वृद्धि आफैमा समस्या नभए पनि यसको अव्यवस्थित वृद्धिले विभिन्न समस्या उत्पन्न गराउँछ । जनसंख्या व्यवस्थापनको समस्या बहुआयामिक एवं बहुपक्षीय भएकाले यसको समाधानमा पनि यसैअनुरुपको दृष्टिकोण लिइनु आवश्यक छ । यसर्थ जनसंख्या र विकासलाई एकीकरण गर्ने अवधारणाअनुरुप जनसंख्या समस्या र कार्यक्रमलाई बहुआयामिक र बहुपक्षीय रुप दिइएको हो । सुरुमा जनसंख्या वृद्धि राष्ट्रिय विकासको समस्या भएकाले जनसंख्या कार्यक्रमलाई राज्यको दायित्वको रुपमा लिइएको थियो । तर अहिले आएर यो पारिवारिक र वैयक्तिक समस्या पनि हो भन्ने कुरा प्रष्ट भैसकेको छ । नेपालको संविधानले दिएको अधिकार र नेपाल सहभागी भएको जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, १९९४ (कायरो, इजिप्ट) ले तय गरेको मार्गनिर्देश र कार्ययोजनाअनुरुप व्यक्तिगत स्वतन्त्रता र मर्यादाको रक्षाका निम्ति जनसंख्या कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता प्रकट गरिएको छ ।

दश वर्षका अवधिदेखि नेपालको जनसंख्या वृद्धिदर गत लगभग यथास्थितिमा छ । तर प्रजननदरमा भने घट्ने क्रममा छ । जनसंख्या वृद्धि कम गर्न प्रजननदरमा हुने ह्रासको भूमिका महत्वपूर्ण हुन्छ । नारी शिक्षाको विस्तार, नारीहरुप्रतिको सामाजिक दृष्टिकोणमा भएको सकारात्मक परिवर्तन, विवाहको उमेरमा भएको सामान्य वृद्धि, गर्भनिरोधसम्बन्धी ज्ञानको विस्तार र सेवाको चाहना तथा यसको अभ्यासमा वृद्धि, सीमित मात्रामा नै भए पनि आर्थिक गतिविधिको विस्तार तथा नेपाली परिवारमा आधुनिक सञ्चार प्रविधिको प्रवेश आदि विभिन्न कारकले वर्तमान प्रजननदरमा ह्रास ल्याउन सहयोग पुऱ्याएको छ । प्रजननदर घट्ने क्रम आरम्भ भएपछि यसले निरन्तरता लिइ रहन्छ भन्ने कुरा विभिन्न अध्ययनवाट साबित भएको छ । वर्तमान प्रजननदरको ह्रासोन्मुख प्रवृत्ति विगत योजनाहरुमा भएको जनसंख्या कार्यक्रमको आंशिक सफलताको प्रतिफल हो ।

विगतका आवधिक विकास योजनाहरुबाट जनसंख्या व्यवस्थापनमा भएका उपलब्धि, कमी कमजोरी, यस क्षेत्रमा श्री ५ को सरकारले देखाएका अन्तर्राष्ट्रिय प्रतिवद्धता र २१ औं शताब्दीमा प्रवेश गर्न लागेको आधुनिक विश्वले यस क्षेत्रमा भोग्नुपर्ने समस्याहरुलाई समेत दृष्टिगत गरी प्रजननदर घटाउने, औसत आयु बढाउने, विद्यमान उच्च बालमृत्युदर घटाउने, शिशुमृत्युदर घटाउने र मातृमृत्युदर कम गर्नेजस्ता कार्यक्रमहरुलाई सरकारी एवं गैरसरकारी क्षेत्रको संयुक्त प्रयास बाट सफल बनाउन जनसंख्या व्यवस्थापनलाई नवौं योजनामा प्राथमिकता दिइएको छ ।

जनसंख्याको वर्तमान स्थिति :

नेपालको कुल जनसंख्या तीव्ररुपमा बढिरहेको छ । २०४८ सालको जनगणनाअनुसार नेपालको कुल जनसंख्या करिव १.८५ करोड पुगेको थियो भने २०५३/०५४ मा २,१०,८१,५०३ पुगेको अनुमान छ । उमेरको वनावटको हिसावले केटाकेटीको संख्या धेरै देखिएको छ । प्रजनन्दर घट्ने क्रममा भए पनि यस प्रवृत्तिबाट जनसंख्यामा तत्काल कमी आउने देखिदैन । तीव्र शहरीकरणको प्रक्रिया सँगै शहरीक्षेत्र विस्तारबाट शहरी जनसंख्यामा पनि निकै वृद्धि हुने देखिन्छ । यस अतिरिक्त अन्यत्रबाट नेपालमा बसाइँ सर्नेहरुको संख्यामा पनि तीव्र वृद्धि भइरहेको छ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजनाको सुरु वर्ष २०४९ सालमा मुलुकको जनसंख्या १ करोड ८९ लाख पुगेको अनुमान गरिएको थियो । जनसंख्याको उच्च वार्षिक वृद्धिदर घटाउँदै जनसंख्या वृद्धि र आर्थिक एवं सामाजिक विकास तथा वातावरणबीच सन्तुलन कायम गरी जनताको मानवोचित आवश्यकताहरुको परिपूर्ति गर्न सहयोग पुऱ्याउने उद्देश्य आठौं योजनाले लिएको थियो । यी उद्देश्य परिपूर्तिका लागि निम्न जनसांख्यिक लक्ष्यहरु राखिएका थिए ।

- कुल प्रजनन्दरलाई ५.८ बाट ४.५ मा ल्याउने ।
- औसत आयु ५४.४ वर्षबाट ६१ वर्ष पुऱ्याउने ।
- शिशुमृत्युदरलाई १०१ बाट ८० (प्रतिहजार जीवित जन्म) मा झार्ने ।
- ५ वर्ष मुनिको बालमृत्युदरलाई १६५ बाट १३० मा (प्रतिहजार जीवित जन्म) ओराल्ने ।
- मातृमृत्युदर ८५० बाट ७२० मा (प्रतिलाख) झार्ने ।
- आन्तरिक बसाइँ सराइ व्यवस्थित गर्ने ।

उपर्युक्त लक्ष्य प्राप्तिका लागि महिला सबलीकरण, जनसंख्या सूचना, शिक्षा र सञ्चार कार्यक्रम, एकीकृत जनसंख्या कार्यक्रम, दक्ष जनशक्तिको विकास, जनसंख्या व्यवस्थापन, सूचना केन्द्रको विकास र विस्तार, लक्षित समूहमा परिवार नियोजनका साधन तथा मातृशिशु सेवाको सहज उपलब्धता, अध्ययन/अनुसन्धान तथा तथ्यांक व्यवस्थापन जस्ता विविध पक्षमा कार्यक्रमहरु सञ्चालन गरिएको थियो । आठौं योजना अवधिको जनसंख्या क्षेत्रको उपलब्धिको समीक्षा गर्दा यिनै लक्ष्य र कार्यक्रमहरुलाई आधार मानी गर्नुपर्ने हुन्छ ।

मुलुकको आवश्यकता, यसक्षेत्र प्रति राष्ट्रको कटिबद्धता तथा जनसंख्या र विकास विषयक अन्तर्राष्ट्रिय सम्मेलनद्वारा निर्धारित जनसंख्या कार्यक्रमलाई एकीकृत रुपमा अघि बढाउन आठौं योजनाको चौथो वर्षमा जनसंख्या तथा वातावरण मन्त्रालयको स्थापना भयो । मन्त्रालयलाई मार्गनिर्देशन गर्न सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय जनसंख्या समितिको पुनर्गठन समेत गरियो । यस योजना अवधिमा जनसंख्या र विकासलाई एकीकृत गर्ने खालका कार्यक्रमहरुलाई अघि बढाइए । यस्ता कार्यक्रमहरुमा कृषि, स्थानीय विकास, महिला तथा समाज कल्याण, उद्योग, श्रम, शिक्षा तथा बन क्षेत्रका कार्यक्रमहरुमा जनसंख्या पक्षलाई एकीकरण गरिएका कार्यक्रमहरु पर्दछन् । औपचारिक शिक्षाअन्तर्गत विद्यालय शिक्षा र उच्च-शिक्षातहमा जनसंख्या शिक्षाको पाठ्यक्रम समावेश गरिएको छ भने अनौपचारिक शिक्षामा पनि जनसंख्या शिक्षालाई एकीकृत गरिएको छ ।

योजना सुरु हुनु १ वर्ष पूर्व सन्तान जन्माउने उमेरका कुल विवाहित महिलामध्ये ९२.७ प्रतिशतलाई मात्र परिवार नियोजनका बारेमा जानकारी थियो भने योजना अवधिमा सञ्चालित सूचना, शिक्षा र

सञ्चार कार्यक्रमको परिणामस्वरुप यो प्रतिशत बढेर योजनाको अन्त्यमा करिव ९९ प्रतिशत पुगेको छ । यसैगरी यस अवधिमा परिवार नियोजनको साधनको प्रयोगदर पनि बढेको देखिन्छ । परिवार नियोजनको साधन प्रयोगदरमा अस्थायी साधनहरुको अनुपातलाई क्रमश बढाउँदै लैजाने दीर्घकालीन नीतिअनुरुप यस अवधिमा अस्थायी साधनको अनुपातमा कमशः वृद्धि हुदै गएको छ ।

जनसंख्या कार्यक्रममा गैरसरकारी क्षेत्रलाई प्रोत्साहित गर्दै जाने नीतिअनुरुप यस योजना अवधिमा जनसंख्या क्षेत्रमा काम गर्ने संस्थाहरुलाई सघाइएको छ । नेपालमा जनसंख्या क्षेत्रमा काम गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको संख्यामा पनि वृद्धि भएको छ । यस योजना अवधिमा जनसंख्या कार्यक्रममा सरकारी र गैरसरकारी क्षेत्र संयुक्तरुपमा कार्यरत हुने अवधारणालाई अघि बढाइएको थियो ।

जनसंख्या क्षेत्रमा दक्ष जनशक्ति तयार गर्ने कार्यक्रम अन्तर्गत यस योजना अवधिमा विभिन्न प्रशिक्षण तथा गोष्ठी सञ्चालन गरियो । उच्च-शिक्षामा जनसंख्या शिक्षाको पाठ्यक्रम सञ्चालन गरी आवश्यक उच्च जनशक्तिको आपूर्ति बढाइयो ।

अन्तर्राष्ट्रिय क्षेत्र खासगरी एसिया तथा प्रशान्त क्षेत्रको जनसंख्या सूचना प्रणालीसँगको सम्बद्धतालाई अझै दरिलो रुपमा अघि बढाइएको छ । यसैगरी जनसंख्या सूचनाका क्षेत्रमा उपक्षेत्रीय सहयोग र सम्बन्ध बढाउन हालै स्थापित दक्षिण-पश्चिम एसिया उपक्षेत्रीय जनसंख्या सूचना केन्द्रको पनि नेपाल सदस्य भएको छ । मुलुकभित्र क्षेत्रीयस्तरमा क्षेत्रीय सूचना केन्द्रहरु स्थापना गर्ने सोचाइअनुरुप योजनाको अन्तिम वर्षमा तीन विकास क्षेत्रमा क्षेत्रीय जनसंख्या एकाइको स्थापना गरिएको छ । मुलुकभित्र र बाहिर जनसंख्या सूचनाहरुको सहज प्रवाह सुनिश्चित गर्ने लक्ष्यतर्फ यी कार्यक्रमहरु उपयोगी देखिएका छन् ।

आवश्यक भौतिक पूर्वाधार खडा गरी शहरी सुविधाहरु पुगेको क्षेत्रलाई क्रमशः नगरमा परिणत गर्दै जाने सोचाइ अनुरुप योजना सुरु हुंदाका ३६ नगरपालिकाको संख्या बढेर योजनाको अन्त्यमा ५८ पुगेको तथा कुल जनसंख्यामा शहरी जनसंख्याको अनुपात करिब १२ प्रतिशत पुगेको छ ।

आठौं योजनाको अन्त्यमा जनसांख्यिक सूचकाङ्कहरुको अनुमानित स्थिति निम्न बमोजिम छ ।

कुल प्रजनन्दर	४.५८
शिशुमृत्युदर (प्रत्येक १००० जीवित जन्ममा)	७४.७
बालमृत्युदर (५ वर्ष मुनिका, प्रत्येक १००० जीवित जन्ममा)	११८

उपर्युल्लिखित तथ्याङ्कबाट यस योजना अवधिमा शिशुमृत्युदर र बालमृत्युदरमा पर्याप्त सुधार भएको देखिन्छ । कुल प्रजनन्दरमा लक्ष्यअनुसार प्रगति हुन नसके तापनि यसको घट्ने क्रम सुरु भएको छ ।

३. विद्यमान चुनौती

आठौं योजनावधिमा प्रजनन्दर घटाउन उल्लेखनीय सफलता प्राप्त भएको छ तापनि दुई सन्तानको अवधारणा र चाहनालाई वास्तविकतामा परिणत गर्ने लक्ष्यमा सफलता हासिल गर्न सकिएको छैन । २०५२ मा सन्तानको चाहना ३.३ सन्तान प्रतिदम्पती रहेको थियो । दुई सन्तान प्रतिदम्पतीको चाहनालाई वास्तविकतामा परिणत गर्ने कार्य अझै चुनौतीकै रुपमा रहेको छ ।

महिलाहरुको बढी उमेरमा विवाह गर्ने सामाजिक प्रवृत्ति बद्दै गएमा यसबाट प्रजनन्दर घट्न जाने हुन्छ । विवाहको उमेरलाई बढाउन कानुनमा संशोधनका साथै सूचना, शिक्षा तथा सञ्चार कार्यक्रमद्वारा जनचेतना जगाउने कार्यमा आठौं योजनावधिमा अपेक्षित सफलता प्राप्त हुन सकेको देखिएन । परिवार

नियोजन सम्बन्धी सूचना प्रेषण कार्यका अनुपातमा सेवा र साधन सर्वसुलभ गराउने र खोजेको बेला रोजेको साधन पुऱ्याउने तथा अस्थायी साधनको प्रयोगदर बढाउने कार्य पनि अझै चुनौतीका रुपमा नै रहेको छ । परिवार नियोजनको अपरिपूर्त मागलाई कसरी पूर्ति गर्ने र मागमा कसरी वृद्धि गराउने भन्ने कुरा पनि थप चुनौतीको रुपमा रहेको छ ।

आठौं योजनावधिमा संस्थागत विकासका क्षेत्रमा केही उपलब्धि त भएको छ तर विकास र वातावरणका अरु पक्षसँग जनसंख्यालाई एकीकरण गर्ने प्रभावकारी प्रक्रिया र संयन्त्र भने तयार हुन सकेको छैन । गैरसरकारी संस्था तथा स्थानीय निकायहरुलाई समन्वित र प्रभावकारी रुपमा परिवार नियोजन सेवा तथा साधनहरु प्रदान गर्ने कार्यमा परिचालन गर्ने र सहभागी बनाउने कार्यमा पनि आठौं योजनावधिमा उपलब्ध अवसरका तुलनामा उल्लेखनीय उपलब्धि हासिल हुन सकेन । जनसंख्या कार्यक्रम बहुपक्षीय र बहुआयामिक भएकाले यसमा सबै क्षेत्रको उत्तिकै सहयोग र समन्वयको आवश्यकता पर्दछ । त्यसैले जनसंख्या तथा वातावरण मन्त्रालयले मन्त्रालयस्तरवाट जनसंख्या व्यवस्थापन कार्यक्रमलाई अघि वढाउन समन्वयकर्ताको भूमिका प्रभावकारी रुपमा निर्वाह गर्नुपर्ने देखिन्छ ।

बढ्दो जनसंख्यालाई आवश्यक पर्ने आधारभूत आवश्यकता, सामाजिक सेवा तथा सुविधाहरुको आपूर्ति गर्न देशमा उपलब्ध साधन र स्रोत अपर्याप्त देखिएका छन् भने उपलब्ध साधन स्रोतको सही र उत्पादनमूलक प्रयोग गर्नुपर्ने देखिएको छ । जनसंख्या वृद्धिको कारणबाट वातावरणीय स्वच्छतामा ह्रास आउने र विकास गतिविधिहरु अवरुद्ध हुँदै जाने समस्या देखा पर्न थालेकाले जनसंख्या, वातावरण र विकासको त्रिकोणात्मक धारलाई एउटै प्रवाहमा समेटी राष्ट्र उत्थानका लागि उपयोग गर्नुपर्ने भएको छ । अधिकतम रोजगारीका अवसरहरु प्रदान गरी गरिवी निवारणको लक्ष्य हासिल गर्नका लागि जनसंख्या व्यवस्थापन कार्यमा अझ बढी जोड दिनु जरुरी भएकोछ । सेवा र साधनको आपूर्ति प्रणालीमा सुधार र विस्तार गर्नुका साथै सूचना, शिक्षा तथा सञ्चार कार्यक्रमलाई व्यापक र प्रभावकारी बनाएर परिवार नियोजनको अपरिपूर्त मागलाई पूर्ति गरी, मागमा वृद्धि गराउनु पर्ने देखिएको छ ।

४. दीर्घकालीन अवधारणा

दुई सन्तानको धारणालाई मूर्त रुप दिन आउँदो २० वर्षमा कुल प्रजनन्दर (TFR) लाई विस्थापनस्तर (replacement level) मा ल्याउने ।

नवौं योजना :

५. उद्देश्य

- दुई सन्तानको अवधारणाअनुरुप सानो परिवारप्रति सर्वसाधारण जनतालाई आकर्षित गराउने ।
- आउंदो २० वर्षमा कुल प्रजनन्दरलाई विस्थापनस्तरमा ल्याउन आवश्यक देखिएका विभिन्न जनसंख्या कार्यक्रमहरु सञ्चालन गर्ने ।
- परिवार नियोजनका साधनहरुका साथै मातृशिशु स्वास्थ्यसम्बन्धी स्तरीय सेवाहरु सरल एवं सहज रुपमा उपलब्ध गराउने ।

६. लक्ष्य

आ.ब.२०५३/०५४ को स्थिति, २०५३ सालमा भएको परिवार स्वास्थ्य सर्वे (family health survey 1996) तथा त्यस अघि भएका सर्वेक्षण र जनगणनालाई आधार मानी लक्ष्य प्रक्षेपण गरिएको छ । नवौं योजना अवधिमा प्रत्येक वर्षका लागि लक्ष्य निर्धारण गर्दा विगत वर्षहरुमा भएका उपलब्धि र नवौं योजनामा प्रस्तावित कार्यक्रमहरुलाई ध्यानमा राखिएको छ ।

सि.नं.	विवरण	२०५३/०५४ को स्थिति	नवौ योजना २०५८/०५९) को लक्ष्य
१	कुल प्रजनन्दर	४.५८	४.२०
२.	परिवार नियोजनका साधन प्रयोगकर्ता (प्रतिशतमा)	३०.१	३७.०
३.	१५ देखि १९ वर्षसम्मका महिलाहरुमा विवाहित महिलाहरुको प्रतिशत	४२.१	३६.१
४	शिशुमृत्युदर (प्रत्येक १००० जन्ममा)	७४.७	६१.५
५.	वाल मृत्यु दर (५ वर्ष मुनिका प्रत्येक १००० जन्ममा)	११८	१०२.३

आगामी २० वर्षमा प्रजनन्दरलाई ३.०५ मा ल्याउने दीर्घकालीन लक्ष्यअनुसार प्रजनन्दर एक दशकमा एक बच्चाभन्दा बढीको दरमा घट्नुपर्ने देखिन्छ । तसर्थ नवौं योजनामा जनसंख्या क्षेत्रले विगत वर्षहरुभन्दा पनि बढी प्रभावकारी र द्रुतगतिमा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । धेरै वर्षको लगानी र प्रयत्न पछि दम्पतीहरुमा सानो आकारको परिवारको चाहना बढ्दै गएको देखिएको छ । यसका साथै परिवार नियोजन सेवाको माग पनि क्रमशः बढ्दै गएको छ । परिवार नियोजनको विद्यमान र पछि बढ्दै जाने मागको समयमा नै सुलभ र गुणात्मक किसिमको सेवा दिइ पूर्ति गर्न सकेमा र कानुनमा प्रावधान भएअनुसार विवाहको उमेरलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा प्रजनन्दर घट्न सक्ने देखिन्छ ।

नवौं योजनाको अन्तिम वर्षमा २ करोड ३६ लाख ७० हजार पुग्ने अनुमान गरिएको छ । नवौं योजनाको अवधिमा जनसंख्याको वृद्धिदर प्रतिवर्ष २.३६ ले हुने अनुमान छ ।

उपर्युक्त जनसांख्यिक लक्ष्यका साथै नवौं योजनाले जनसंख्या व्यवस्थापनमा गुणात्मक सुधार गर्ने लक्ष्यलाई पनि अवलम्बन गरेको छ । यस सम्बन्धमा लक्षित समूहको सन्तुष्टि बढाउने, सानो परिवारको फाइदाहरुका सम्बन्धमा जनचेतना वृद्धि गर्ने, जनसंख्या र स्रोत व्यवस्थापनबीच सन्तुलन आवश्यक छ भन्ने धारणाको विकास (तल्लो निकायसम्म) गर्ने, शिशुहरुको स्याहारसुसार र जनसंख्या व्यवस्थापनमा पुरुषहरुको सहभागितामा वृद्धि गर्ने तथा सूचना प्रवाह गर्ने, गुणात्मक सेवा प्रदान गर्ने कार्यमा स्थानीय निकायहरुको संलग्नतालाई प्रभावकारी रुपमा अभिवृद्धि गर्ने र मातृमृत्यु दर तथा शिशुमृत्युदरमा कमी ल्याउन प्रशुतिपूर्व सेवा (antenatal care), प्रशुतिपश्चात सेवा (postnatal care), सुर्रक्षित मातृत्व र स्तनपानको महत्व वारे जनचेतना वृद्धि गरी गुणात्मक सेवा उपलब्ध गराउने जस्ता कार्यहरुलाई नवौं योजनाले गुणात्मक लक्ष्यको रुपमा आत्मसात गरेको छ ।

७. नीति तथा कार्यनीति

- सानो परिवारको चाहनालाई प्रोत्साहित गर्ने खालका आर्थिक, सामाजिक कार्यक्रमहरुमा जोड दिई हरेक दम्पतीले दुई मात्र सन्तानमा सीमित रहने अवधारणाको विकास गराउने ।
- जनसंख्या, विकास र वातावरणका कार्यक्रमहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने ।
- राष्ट्रिय स्वास्थ्य सेवामा प्रजनन् तथा बालस्वास्थ्यलाई विशेष जोड दिने ।
- परिवार नियोजनका गुणात्मक सेवा र साधनहरु साधन प्रयोगकर्ताको सुविधा अनुकुलको स्थान र समयमा उपलब्ध गराउने ।
- ग्रामीणस्तरमा कार्यरत स्थानीय निकाय र गैरसरकारी संस्थाहरुलाई जनसंख्या तथा प्रजनन् स्वास्थ्य कार्यक्रमहरुमा अधिकाधिक मात्रामा सरिक गराउने ।
- बाल तथा मातृ मृत्युदर घटाउनका लागि ग्रामीण क्षेत्रमा उपचारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रदान गर्ने ।
- जनसंख्यासम्बन्धी विविध पक्षका साथै प्रजनन् स्वास्थ्यसेवा अन्तर्गत सुरक्षित मातृत्व, परिवार नियोजन र प्रजनन्सम्बन्धी रोगहरुका साथै यौनरोग, एड्सको रोकथाम नियन्त्रण गर्न उत्प्रेरित गर्ने सूचना तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले प्रजनन् स्वास्थ्य, मातृशिशुसेवा, यौनरोग सेवामा योगदान गर्न चाहेमा नेपाली गैरसरकारी संघसंस्थाहरुसँग संलग्न भई काम गर्न प्रोतसाहित गर्ने ।
- महिला शिक्षा र रोजगारीमा वृद्धि गर्ने ।
- जनसंख्या कार्यक्रममा स्थानीय निकायहरुका साथै गैरसरकारी र सामुदायिक संस्थाहरुलाई प्रोत्साहित गरी प्रभावकारी रुपमा परिचालन गर्ने ।
- जनसंख्या व्यवस्थापन तथा महिला सबलीकरण कार्यक्रमलाई उल्लेखनीय रुपमा अघि बढाउन, जिल्ला विकास समिति र गा.वि.स. लाई आवश्यक सहयोग दिने ।
- अन्तर्राष्ट्रिय बसाइँ सराइसम्बन्धी विस्तृत अध्ययन, अन्तरक्रिया र नीतिगत छलफल गरी उपलब्ध निष्कर्ष एवं तथ्यको आधारमा नीति तथा कार्यक्रमहरु बनाई अन्तर्राष्ट्रिय बसाइँ सराइलाई नियमित गर्ने ।
- औसत आयुमा क्रमशः वृद्धि भैरहेको तथ्यलाई दृष्टिगत गरी जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा तथा कल्याणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- औपचारिक र अनौपचारिक शिक्षामार्फत जनसंख्या शिक्षासम्बन्धी ज्ञान बढाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- परिवार नियोजन, प्रजनन् स्वास्थ्य एवं बालबच्चा हुर्काउने कार्यमा समेत पुरुषहरुको सहभागिता बढाउने प्रकारका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- जनसंख्या र वातावरण सम्वन्धी उपर्युक्त कार्यक्रमको उचित अनुगमन र मूल्यांकन गर्नका लागि नियमित अनुगमन प्रक्रिया, संयन्त्र र संस्थागत व्यवस्था समेतको विकास गरी सञ्चालन गर्ने र त्यसमा सरकारी, गैरसरकारी र निजी क्षेत्रका विशेषज्ञहरुलाई संलग्न गराउने ।
- जनसंख्यासम्बन्धी अध्ययन अनुसन्धान गर्ने प्राज्ञिक र व्यवसायिक संस्थाहरुलाई प्रोत्साहित गर्ने ।

८. कार्यक्रम

दीर्घकालिन जनसंख्या योजना तर्जुमा : विभिन्न अध्ययनबाट आगामी २० वर्षमा नेपालको जनसंख्या ३ करोड २० लाखभन्दा बढी हुने अनुमान गरिएको छ । जनसंख्या बहुआयामिक र बहुपक्षिय विषय भएकाले अरु क्षेत्रहरुलाई पनि सुदृढ गरी एकीकृत रुपमा लगी लक्ष्यअनुरुप कुल प्रजनन्दरलाई विस्थापन स्तरमा ल्याउन नयाँ कार्यक्रमे समेतको आवश्यकता पर्ने हुँदा जनसंख्या व्यवस्थापनका निम्ति दीर्घकालीन दृष्टिकोण आवश्यक छ । यिनै उद्देश्य पूर्तिका लागि जनसंख्यासम्बन्धी दीर्घकालीन योजनाको यसै योजना अवधिमा तर्जुमा गरी कार्यान्वयन सुरु गरिनेछ ।

किशोर किशोरी तथा युवा युवतीहरुका लागि विशेष कार्यक्रम : नेपालमा प्रजनन्दरबढी भएको कारणले किशोर किशोरी तथा युवा युवतीहरुको संख्या पनि बढी छ । यसर्थ आगामी २०-२५ वर्षसम्म हुने जनसंख्या वृद्धिको कारकतत्व २५ वर्ष मुनिका किशोर किशोरी तथा युवा युवती नै हुने भएकाले उनीहरुलाई केन्द्रित गरी नवौं योजनामा जनसंख्या तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

विवाह उमेर : कानुनी रुपमा विवाहको न्यूनतम उमेर महिला तथा पुरुषका लागि अभिभावकको सहमति लिइ क्रमशः १६ र १८ र अभिभावकको सहमतिविना क्रमशः १८ र २१ वर्ष तोकिए पनि सामाजिक व्यवहारमा अझै पनि सानै उमेरमा विवाह गर्ने चलन कायमै रहेकोले यसतर्फ सचेतता जगाउनुका साथै महिला र पुरुषको बिवाहको न्यूनतम उमेर बढाउन सघाउने कार्यक्रमहरुलाई बिशेष प्राथमिकता दिइनेछ । साथै जनसंख्याको गतिलाई घटाउन विवाहपश्चात् पहिलो सन्तान जन्माउने अन्तरललाई बढाउने कार्यक्रमलाई पनि प्रथमिकता दिइनेछ ।

परिवार नियोजन सेवा : जनताको चाहनाअनुरुप सुविधायुक्त स्थान र समयमा परिवार नियोजनको गुणात्मक सेवा प्रदान गरी यस सेवालाई अझै विस्तार गरिनेछ । १५-२९ वर्ष उमेरसमूहका महिलाहरुमा केन्द्रित गरी परिवार नियोजनका अस्थायी साधनहरुको वितरण सर्वसुलभ गराउन प्राथमिक स्वास्थ्यसेवा कार्यक्रम अन्तर्गत नै परिवार नियोजनका साधन र सेवाहरु उपलब्ध गराइनेछ । जिल्लास्तरीय स्वास्थ्य संस्थामा व्यक्तिको स्वतन्त्र चाहनाअनुसार बन्ध्याकरण सेवा पनि उपलब्ध गराइनेछ । परिवार नियोजनको अपरिपूर्त माग पूर्ति गर्ने र माग बढाउने कार्यक्रमलाई पनि प्राथमिकता दिइनेछ ।

सूचना शिक्षा तथा सञ्चार रणनीति : विशेषतः दुई सन्तानको अवधारणा, विवाहको उमेर वृद्धि र महिलाको सामाजिकस्तरमा सुधार ल्याउने सूचना शिक्षा सञ्चार रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

व्यक्तिगत घटना दर्ता : व्यक्तिगत घटना दर्ता (जन्म,मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँ सराइ) प्रणालीलाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

महिला शिक्षा र रोजगारमा जनसंख्या तथा प्रजनन् स्वास्थ्य शिक्षा : महिला शिक्षा र रोजगारीले प्रजनन्दर कम गर्न अहं भूमिका निर्वाह गर्ने भएकाले त्यस्ता कार्यक्रमहरुमा प्रजनन् स्वास्थ्य एवं जनसंख्या, सूचना तथा शिक्षाको पक्षहरुलाई समावेस गरिनेछ ।

अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढीकरण : जनसंख्यासम्बन्धी कार्यक्रमको तर्जुमा, अनुगमन, मूल्यांकन आदि क्षेत्रमा कार्यमूलक अनुसन्धान गरिनेछ । साथै उपर्युक्त लक्ष्यहरुको निरन्तर अनुगमन र मूल्यांकन गर्न सम्बन्धित विशेषज्ञहरुसहितको केन्द्रीयस्तरको एक अनुगमन तथा मूल्यांकन एकाइ गठन गरिनेछ ।

७.२ मानव संसाधन विकास

१. पृष्ठभूमि

मानवीय विकास नै कुनै पनि विकासको अन्तिम उद्देश्य हो । आर्थिक विकास मानवीय विकासको निमित्त एक साधन मात्र हो । त्यस्तै देशको आर्थिक विकासकोलागि मानवीय संसाधन एउटा ज्यादै महत्वपूर्ण साधन हो । मानवीय संसाधन भनेको देशका नागरिकहरुमा अन्तर्निहित ज्ञान, सीप, दक्षता र काम गर्नसक्ने भौतिक तथा मानसिक क्षमता हो । मानव संसाधन देशको मानवीय विकासको लागि एका साधन हुनुको साथै मानवीय विकासको एउटा पक्ष पनि हो ।

देशको अगाडि अहिले विकराल चुनौतीको रुपमा रहेको गरिवीको एउटा मुख्य कारण हाम्रो मानवीय संसाधन तथा प्राकृतिक स्रोतहरुको उपयुक्त परिचालन नहुनु हो । प्राकृतिक स्रोत परिचालनको निमित्त पनि उपयुक्त मानवीय संसाधनको आवश्यकता हुन्छ । वास्तवमा कतिपय देशहरुले प्राकृतिक स्रोत र साधनहरुको न्यूनता हुँदाहुँदै पनि आफ्नो मानवीय संसाधनकै आधारमा उच्च मानवीय तथा आर्थिक विकास हासिल गरेका छन् । तसर्थ देश विकासमा मानवीय संसाधन विकासको सर्वोपरि भूमिका हुन्छ ।

मानवीय संसाधनसंग गाँसिएको एउटा महत्वपूर्ण पक्ष यसको परिचालन पनि हो । मानवीय संसाधन विकसित भएर पनि यसको परिचालन हुनसकेन भने गरिवी र देश विकासको समस्या हल हुनसक्दैन तसर्थ कुन किसिमको मानवीय संसाधन विकास हुँदा यसको पूर्ण र उपयुक्त परिचालन हुन सक्छ भने वारे विचार गरिनु ज्यादै नै आवश्यक छ । यसको लागि देशको प्राकृतिक स्रोतहरु हालको र भविष्यमा विकसित हुने देशको आर्थिक संरचना, हालको र भविष्यमा विकसित हुन सक्ने प्राविधिहरुको वारेमा ज्यादै संवेदनशील भई राम्ररी सोंच्नु आवश्यक छ ।

२. मानवीय संसाधन विकासको वर्तमान स्थिति

नेपालको मानवीय संसाधनको स्थिति ज्यादै नै अविकसित स्थितिमा छ । देशमा पोषण र स्वास्थ्य सेवाको स्थिति खराव भएको कारण जन्मने वाल वालिकाहरुको मृत्यु दर उच्च हुने र पोषणको कमीले उनीहरुको भौतिक र मानसिक विकास अन्तर्निहित क्षमताभन्दा धेरै कम हुनेगरेको छ । त्यसमाथि शिक्षा र तालिमको अभावमा अधिकांश नेपाली, खास गरी महिलाहरु, संसारमा भएका नयाँ ज्ञान, सूचना तथा प्रविधिहरुबाट वञ्चित भएर बस्नु परिरहेको स्थिति छ । निरक्षरताको साथै शिक्षा सुविधाको कमीले गर्दा खास गरी ग्रामीण क्षेत्रको मानव संसाधनको स्तर ज्यादै असन्तोषजनक छ । त्यस्तै फोहर खानेपानी तथा बस्ने वातावरण र न्यूनतम स्वास्थ्य सुविधा पनि आवश्यक मात्रामा उपलब्ध नहुनाले नेपालीहरु तुलनात्मक रुपमा वढी विरामी भइरहने र विरामी नहुँदा पनि क्षमता अनुसारको काम गर्ने फूर्ति र जाँगर नहुने स्थिति रहेको छ । साथै, नेपालमा दिइने शिक्षाको गुणस्तर ज्यादै कम भएको र देशको आर्थिक संरचनासंग शिक्षाको तालमेल राम्रो नभएकोले एकातर्फ शिक्षित युवाहरु वेरोजगार भएर बस्नुपर्ने स्थिति छ भने अर्कोतर्फ देशमा चाहिने दक्ष जनशक्तिको परिपूर्ति वाह्य जनशक्तिबाट गर्नुपर्ने वाध्यता छ ।

नवौं योजना :

३. उद्देश्य

उपयुक्त मानवीय संसाधनको विकास गरी देशको गरिवी घटाउने र मानव विकासको स्थितिमा सुधार ल्याउने मूल लक्ष्य हासिल गर्न निम्न उद्देश्यहरु लिइएका छन् :

- देशको मानव संसाधनको आधारभूत स्तर बढाउने ।
- मानव संसाधनको स्थितिमा रहेको वर्तमान लैङ्गिक, क्षेत्रीय, वर्गीय र सामुदायिक असमानताहरुलाई कम गर्दै लैजाने ।
- देशको प्राकृतिक स्रोतहरुको अधिकतम परिचालन गर्नसक्ने मानव संसाधन तयार गर्ने ।
- राष्ट्रिय र अन्तराष्ट्रिय आवश्यकता अनुरुप देशको मानवीय संसाधन विकास गर्ने ।
- नेपाली जनशक्तिमा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने क्षमता वृद्धि गर्ने ।
- तीव्र रुपमा परिवर्तनशील प्रविधि र आर्थिक संरचना अनुरुप आफ्नो सीप र दक्षतालाई निरन्तर रुपमा अभिबृद्धि गर्दै लैजानसक्ने जनशक्ति तयार गर्दै लैजाने ।

४ नीति तथा कार्यनीति

दीर्घकालीन तथा नवौं योजना अवधि र रुपमा मानव संसाधन विकास सम्बन्धी निम्न नीति/कार्यनीति हुनेछन् ।

<u>शिक्षा र तालिम</u>

- कम्तिमा प्राथमिक स्तरको शिक्षा सबै बालबालिकालाई निशुल्क र अनिवार्य रुपले उपलब्ध गराउने । न्यूनतम दिइने शिक्षाको स्तरलाई देशको आवश्यकता र साधनको उपलब्धता अनुसार क्रमशः बढाउँदै लैजाने ।
- आर्थिक वर्ष २०३७।७४ अर्थात बाह्रौं योजनाको अन्त्यसम्ममा निरक्षरता निर्मूल गर्ने लक्ष अनुरुप साक्षरता कार्यक्रम व्यापक रुपमा सञ्चालन गर्ने ।
- उपयुक्त खालका स्तरीय व्यावसायिक तालिमका अवसरहरु बढाउँदै लैजाने ।
- शैक्षिक स्तर वा दक्षता अभिवृद्धि गर्ने अवसरहरु बढाउँदै लैजाने ।
- शिक्षाको क्षेत्रमा रहेको वर्तमान लैङ्गिक, क्षेत्रीय, वर्गीय र सामुदायिक असमानतालाई कम गर्दै लैजाने।
- आधारभूत शिक्षा उपलब्ध गराउन र व्यावसायिक तालिमका अवसरहरु बढाउँदै लैजान सरकारी लगानी बढाउने र निजी, गैरसरकारी तथा सामुदायिक लगानीलाई पनि यसतर्फ उन्मुख हुन प्रोत्साहन गर्ने नीति लिने ।
- विभिन्न तहको गुणस्तरीय शिक्षा देशमै उपलब्ध गराउन स्वदेशी निजी, गैरसरकारी र सामुदायिक क्षेत्रलाई प्रोत्साहन गर्ने ।

- उच्च स्तरको गुणस्तरीय शिक्षा केन्द्रहरु नेपालमा स्थापना गर्न विश्वसनीय विदेशी संघ संस्थालाई पनि प्रोत्साहन दिने नीति लिने ।

स्वास्थ्य, पोषण र सरसफाइ

- आधारभूत तथा प्राथमिक स्वास्थ्य सेवा सबैलाई सर्व सुलभ रुपमा उपलब्ध गराउने ।
- पोषणको स्थिति सुधार्दै लैजाने ।
- शुद्ध पिउने पानी २०५९ सम्ममा सबैलाई पुऱ्याउने ।
- सरसफाइको व्यवस्था ४० प्रतिशत जनसङ्ख्यालाई पुऱ्याउने ।

अन्य

- बाल श्रम उन्मूलन गर्ने ।
- उपयुक्त व्यक्ति उपयुक्त ठाउंको नीति अपनाउने ।
- श्रमको उत्पादकत्व बढाउने खालको उपयुक्त प्रविधि अपनाउने ।
- रोजगारी अभिवृद्धि गर्ने खालको श्रममूलक निर्माण प्रविधि अपनाउने ।
- श्रममूलक उद्योग व्यवसाय क्षेत्र (जस्तै पर्यटन, कम्प्यूटर software व्यवसाय) लाई प्रोत्साहन दिई रोजगारी बढाउने ।
- उद्योग व्यवसायहरुलाई आफ्नो कामदारहरुको दक्षता र उत्पादकत्व बढाउनेतर्फ उन्मुख गराउन प्रोत्साहन दिने ।
- श्रम कानुनमा समसामयिक सुधार गर्ने र त्यसलाई प्रभावकारी ढङ्गले लागू गराई स्वदेशी कामदारहरुको रोजगारी अभिवृद्धि गर्ने ।
- प्रभावकारी बहुआयामिक जनसंख्या कायक्रम सञ्चालन गरी दीर्घकालीन रुपमा श्रमशक्तिको अत्यधिक वृद्धिलाई कम गर्ने ।
- सुमधुर औद्योगिक सम्बन्धको विकास हुने वातावरण सिर्जना गर्ने ।

६. कार्यक्रम

शिक्षा र तालिम

- आधारभूत शिक्षा उपलब्ध गराउन र व्यावसायिक तालिमका अवसरहरु बढाउन सरकारी लगानीमा थप गरिनेछ ।
- यो क्षेत्रमा हुने लगानीको सक्षमता बढाउन शिक्षा र तालिम व्यवस्थापन तथा संचालनमा अभिभावकहरु, स्थानीय निकायहरु र निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन दिइनेछ ।
- सरकारी क्षेत्रबाट यस क्षेत्रका समन्वय अनुगमन, मूल्यांकन रे विकासको निमित्त अनुकुल वातावरण सिर्जन दिनेछ । विद्यालय व्यवस्थापनको जिम्मेवारी स्थानीय निकायलाई सुम्पदै लगिनेछ ।
- वर्तमान लैङ्गिक, क्षेत्रीय, वर्गीय र सामुदायिक असमानताहरु हटाउन परिलक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- उच्च स्तरको जनशक्ति विकासमा लागत असूली सिद्धान्त अपनाइने छ । आर्थिक अभावको कारण योग्य व्यक्तिहरु उच्च शिक्षा वा तालिमबाट बंचित नहोउन् भन्नाका लागि छात्रवृत्ति र ऋण सुविधाहरु उपलब्ध गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- समसामयिक नीतिगत सुधारहरु गर्न राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा चाहिने विभिन्न किसिमका जनशक्तिको आवश्यकता तथा प्रक्षेपण आवधिक रुपमा गरिनेछ । अहिले भइराखेका निकायहरुबाट यस किसिमको प्रक्षेपण हुननसक्ने भएमा छुट्टै निकायको स्थापना गरिनेछ ।

- अत्याधुनिक शिक्षाको विकासका साथै नेपालको शिक्षाको स्तर बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गरी अध्ययनका लागि विदेश जाने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ गर्ने कायर्क्रम सञ्चालन गरिनेछ ।

- नेपालको मनोरम प्राकृतिक सम्पदा पर्यटनको लागि मात्र नभई शैक्षिक केन्द्रहरुको स्थापनाको लागि उपयुक्त हुनसक्ने सम्भावनालाई पनि मूर्त रुप दिन स्वदेशी तथा विश्वसनीय विदेशी संघ संस्था तथा निजी क्षेत्रलाई आकृष्टगर्न विभिन्न शर्त र सुविधाहरुको प्याकेज तयार गरी लागू गरिनेछ ।

- गैरसरकारी र निजी क्षेत्रमा संचालित प्राविधिक शिक्षालयको गुणस्तर बढाउन उनीहरुलाई ऋण सुविधा तथा अरु किसिमको सहयोग दिन कार्यक्रम सञ्चालन गरिनेछ । साथै यस्ता शिक्षालयहरुको अनुगमन परिपाटीलाई सुदृढ गरिनेछ ।

- छोटो अवधिका तालिमहरुमा बढी जोड दिइनेछ । साथै भइराखेका सीप अभिवृद्धि गर्ने अवसरहरु बढाइनेछ ।

स्वास्थ्य, पोषण र सरसफाइ

- स्वास्थ्य सेवा, पोषण र सरसफाइमा सरकारी लगानी बढाउँदै लैजलगिनेछ ।

- यी क्षेत्रहरुमा हुने लगानीको सक्षमता बढाउन उपभोक्ता समूह, गैरसरकारी संस्थाहरु र स्थानीय निकायहरुलाई पनि कार्यक्रम तर्जुमा र कार्यान्वयनमा संलग्न गराइनेछ ।

- कुनै समूह, गैरसरकारी संस्था वा स्थानीय निकायले स्वास्थ्य सेवा पुथ्याइराखेको भए वा पुऱ्याउने कार्यक्रम चलाउने विचार गरेमा उनीहरुलाई वित्तीय र अरु किसिमको सहयोग पुथ्याउन कार्यक्रम सञ्चालन गरिनेछ ।

- यस क्षेत्रमा चाहिने थप लगानी परिचालन गर्न लागत असूली सिद्धान्तको आधारमा सेवा उपलब्ध गराइनेछ ।

- स्वास्थ्य सुविधाको गुणस्तर उठाउन र सेवालाई राम्रो र भरपर्दो पार्न साधारण स्वास्थ्य वीमा र सामुदायिक औषधि योजनाको विस्तार गरिनेछ ।

- औषधिको समुचित प्रयोगको सिद्धान्त लागू गर्न स्वास्थ्य सेवकहरुलाई आवश्यक तालिमका साथै जनचेतना बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

- प्रतिरोधात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य कार्यक्रमहरुबाट नेपाली जनताको स्वास्थ्य स्तर छिटै र कम लगानीमै अभिबृद्धि गर्नसकिने सम्भावनालाई दृष्टिगत गरी यस्ता कार्यक्रमहरुलाई विशेष जोड दिई लागू गरिनेछ ।

- स्वास्थ्य सेवामा संलग्न विभिन्न तहका जनशक्तिको नेपालमा निकै नै अभाव छ । खास गरी नर्स, स्वास्थ्य सहायक, प्रयोगशाला प्राविधिकहरु, डाक्टरहरुको निकै कमी भएकोले यस किसिमका तालिम सञ्चालन गर्न निजी तथा गैरसरकारी क्षेत्रलाई पनि प्रोत्साहित गरिनेछ । मेडिकल कलेज, अस्पताल

र नर्सिङ होमहरुमा विदेशी जनशक्तिको प्रयोग क्रमश न्यूनगर्दै नेपालको जनशक्ति विकासद्वारा प्रतिस्थापित गराईदै लगिनेछ ।

- हालसालै नेपालमा स्वास्थ्य क्षेत्रका जनशक्ति तयार गर्ने थुप्रै तालिमहरु र मेडिकल कलेजहरु सञ्चालन भए पनि यी तालिमहरुको गुणस्तर वारेमा प्रश्न चिन्ह उठिराखेको संस्था छ । यसका लागि सम्बन्धित व्यावसायिक परिषदहरु (जस्तै नेपाल मेडिकल काउन्सील) लाई पनि संलग्न गरी तालिमहरुको कडाईका साथ अनुगमन गर्ने प्रक्रिया तयार गरी लागू गरिनेछ ।

अन्य

- बालश्रम र बालशोषण निवारण गर्न विभिन्न बाल-कल्याणकारी एवं पुनर्स्थापन सम्बन्धी कार्यक्रमहरु सरकारी र गैरसरकारी संघ संस्थाहरु मार्फत सञ्चालन गरिनेछ ।
- ग्रामीण सडकहरु उपभोक्ता समूहहरु मार्फत श्रममूलक (labor intensive) प्रविधिद्वारा कार्यान्वयन गरिनेछ ।
- व्यावसायिक कृषिलाई जोड दिई कृषकहरुलाई नयां व्यावसायिक कृषि सम्बन्धि सीप हासिल गर्ने वातावरण बनाइनेछ । साथै आवश्यक तालिम सुविधा पनि उपलब्ध गराइनेछ ।
- श्रम र सीपप्रति सम्मानको भावना जागृत गराउन हरेक तहको शिक्षाको पाठ्यक्रममा सो सम्बन्धी व्यवस्था गरिनेछ । साथै श्रमिक र सिल्पीहरुलाई कदर गर्ने परिपाटीलाई बढाउन कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।
- उद्योग मन्त्रालय, श्रम मन्त्रालय, अर्थ मन्त्रालय, रोजगार प्रवर्धन समिति प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद, रोजगार दाता परिषद नेपाल उद्योग वाणिज्य महासंघ र श्रम संगठनहरुको संयुक्त कार्यदल गठन गरी उद्योग व्यवसायलाई आफ्नो श्रमिकहरुको सीप र दक्षता अभिवृद्धि गर्न प्रोसाहित गर्ने खालको वित्तीय नीति नियमहरु तयार गरी लागू गरिनेछ ।

परिच्छेद ८

क्षेत्रीय तथा स्थानीय विकास

८.१ क्षेत्रीय विकास

१. पृष्ठभूमि

योजनाबद्ध विकासमा क्षेत्रीय पक्षलाई तेस्रो योजनाकालदेखि समेट्न खोजिएतापनि क्षेत्रीय विकासको विस्तृत एवं वास्तविक अवधारणा चौथो योजनाकालदेखि मात्र अगाडि सारिएको हो । प्रारम्भदेखि नै नेपालको योजनाबद्ध विकासको मूल उद्देश्य उत्पादनको अभिवृध्दि गर्नु रहेको छ । यस उद्देश्य अनुरुप क्षेत्रगत नीतिहरु तर्जुमा गरी कार्यक्रमहरु कार्यान्वयन हुदै आएका छन् । विगत दशकमा भएका यस्ता योजनाबद्ध विकास प्रयासहरुबाट आर्थिक तथा सामाजिक क्षेत्रहरुमा केही भौतिक उपलब्धिहरु भएतापनि यी उपलब्धिहरु अत्यधिक रुपले सम्पन्न क्षेत्रहरुमा केन्द्रित हुनुको साथै यसबाट विपन्न बर्ग लाभान्वित हुन सकेन । विकास प्रक्रियामा यस्ता विसगति हटाउन क्षेत्रीय विकासको अवधारणा प्रारम्भ गरिएको हो । क्षेत्रीय असन्तुलनलाई कम गर्दै क्षेत्रीय विकासका आधारशीलाहरु तयार गरी द्रुत गतिमा समानुपातिक विकास गर्ने अभिप्राय नै नेपालको क्षेत्रीय योजनाको मूल आधार रहेको छ ।

क्षेत्रीय विकासको अवधारणा अवलम्बन गरिएको करीब तीन दशकको योाजनाबद्ध विकास क्रममा क्षेत्रीय स्तरमा आर्थिक तथा सामाजिक पक्षमा केही भौतिक उपलब्धिहरु र कतिपय विकासका पूर्वाधारहरु निर्माण भएतापनि क्षेत्रीय असन्तुलनका समस्याहरु आज पनि उत्तिकै प्रखर रुपमा देखिएका छन् । मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरु तुलनात्मक रुपले अन्य विकास क्षेत्रहरुको दांजोमा ज्यादै पछाडि परेका छन् । कैयौ हिमाली र पहाडी जिल्लाहरु र ती अन्तर्गतका भागहरु ज्यादै पिछडिएको अवस्थामा छन् । तराई क्षेत्रमा जनसंख्याको वृद्धि दर उच्च रहनुको साथै आप्रवासका कारण यस क्षेत्रमा जनसंख्याको अत्यधिक चाप बढ्दै गएको छ । यस क्षेत्रमा जनसंख्या बृद्धिकै कारण अव्यवस्थित रुपमा गाउंहरु ठूला ग्रामीण बस्ती तथा साना शहरहरु अत्याधिक रुपमा परिणत हुदैछन् । वस्ती तथा शहरहरुमा योजनाबद्ध भौतिक विकास नभएको र आर्थिक सामाजिक सुविधाहरुको अभाव छ भने केहीक्षेत्रमा अव्यवस्थित रुपले विकसित भएको छ । विभिन्न स्थानमा विपन्न अवस्थाको कारण गरीबी रेखामुनी रहेको जनसंख्या धेरै छ । नीतिगत रुपमा चौथो योजनादेखि नै क्षेत्रीय विकासका उपयुक्त सिद्धान्त तथा नीतिहरु प्रतिपादन भएको देखिएतापनि नीति कार्यान्वयन पक्षमा गंभीर प्रयास नभएको कारण क्षेत्रीय विकासको प्रयासहरु प्रभावकारी हुन नगएको र साथै, जिल्ला तथा स्थानीय स्तरका कार्यक्रमहरुको संचालनमा पनि पर्याप्त नीतिगत आधारहरु सिर्जना नभएको देखिन्छ । यिनै कारणले गर्दा क्षेत्रीय असन्तुलन कम गर्न तथा गरिबी निवारणमा आशातित उपलब्धि हुन सकेको देखिदैन ।

२ आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा देशका विभिन्न क्षेत्रमा छरिएको स्रोत सम्पदा परिचालन गरी क्षेत्रीय एवम् राष्ट्रिय उत्पादनमा बृद्धि गर्ने, क्षेत्रीय असन्तुलनलाई कम गर्दै लैजाने, तथा कम विकसित ग्रामीण तथा पिछडिएका क्षेत्रको आर्थिक अवस्थामा सुधार गरी स्थानीय स्तरमा भइरहेका विकास प्रक्रियालाई राष्ट्रिय अर्थतन्त्रमा आबद्ध गर्दै लैजाने उद्देश्यहरु लिइएको थिए ।

यी उद्देश्यहरु पूरा गर्न क्षेत्र तथा उपक्षेत्रमा विद्यमान स्रोत सम्पदा र साधनको अनुकूलतम विकास गरिने, क्षेत्रीय असन्तुलन कम गर्न लगानीको ढांचामा सुधार गरिने, उपलब्ध वा निर्माण हुने पूर्वाधार तथा सुविधालाई उत्पादनमूलक आर्थिक क्रियाकलापसंग सामञ्जस्यता गरिने, ग्रामीण शहरी अन्तरसम्बन्ध स्थापित गरिने, तहगत बस्ती प्रणालीको व्यवस्था गरिने नीतिहरु लिइएका थिए ।

साथै, क्षेत्र-उपक्षेत्रका आयोजनाहरुमा राष्ट्रिय प्राथमिकता परिचालन गरिने, विकेन्द्रत योजना प्रक्रिया अनुशरण गरिने, आन्तरिक यातायात, वातावरणको संरक्षण सम्बर्द्धन, योजनाबद्ध शहरीकरण तथा ग्रामीण विकासमा टेवा पुऱ्याउन स-साना शहरहरुको विकासमा जोड दिने, सेवा केन्द्र तथा इकाईको उपयुक्त दूरीमा स्थापनाका लागि जोड दिइने, वातावरणीय सन्तुलनका लागि भू-उपयोग योजनामा ध्यान दिइने, क्षेत्रीय कार्यालयहरुलाई योजना प्रक्रियामा सक्रिय गराइने तथा गैर-सरकारी संस्थाहरुलाई क्षेत्रीय स्तरमा कार्यक्रमहरु सन्चालन गराउन परिचालन गरिने नीतिहरु लिइएका थिए ।

यी नीतिहरु यथार्थमा विभिन्न क्षेत्रीय, उपक्षेत्रीय तथा जिल्ला स्तरीय विभिन्न कार्यक्रमहरुबाट संचालित गारए । ग्रामीण पूर्वाधारको विकासका लागि सडक विस्तार, ग्रामीण विद्युतीहरुको विस्तार, अधिराज्यका प्रत्येक गा.वि.स मा न्यूनतम एक स्वास्थ्य चौकीको व्यवस्था, न्यूनतम शिक्षाका लागि विद्यालय पूर्वाधारको विकास र विस्तार, सञ्चारका लागि अतिरिक्त हुलाक सेवाको गाविस स्तरसम्मको विस्तार, ग्रामीण विकास बैंकहरुको स्थापना तथा गैर-सरकारी संस्थाका रुपमा स्थापित ग्रामीण बैंकहरुबाट ऋण सेवामा सर्वसाधारणको पहुंच, रोजगारी विस्तारका लागि ग्रामीण पूर्वाधारमा व्यापकता, स-साना सिंचाई आयोजनाहरुको सख्यात्मक बृद्धिद्धारा खास गरी पहाडी सिंचाईमा जोड, सामुदायिक वन विकासमा आएको व्यापकताद्वारा प्राकृतिक सम्पदाको संरक्षण आदि क्षेत्रीय विकासको क्रममा आठौं योजनामा उल्लेख प्राप्ति भएको अनुमान गरिएको छ ।

यी सफलताहरुको बाबजूद्ध पनि समानुपातिक क्षेत्रीय विकास प्रभावकारी हुन सकेको छैन । अन्तर क्षेत्रीय, क्षेत्र भित्रै वा जिल्लास्तरमा स्थानागत विकास स्थितिमा देखिएको भिन्नताले विकास प्रक्रियालाई नै जटिल बनाएको छ । यी स्थानहरुमा गरीवीको चाप भिन्न भए पनि वा मानवीय विकास सूचकांकको आधारमा यी स्थानहरुको विकास स्थिति भिन्न देखिएतापनि यी भिन्नताहरुको आधारमा लगानी प्रवाहित हुन सकेको छैन । विकेन्द्रीकरणको प्रभाावकारीताको अभावमा जनसशक्तीकरण सवल बन्न सकेको छैन र परिमाणतः विकास पराबलम्वी प्रक्रियाको द्योतक बन्न पुगेको छ ।

३. विद्यमान चुनौती

- राष्ट्रिय उत्पादन वृध्दि गर्ने दृष्टिकोणबाट मात्र विकास कार्य संचालन हुन गई यस्ता कार्यक्रमहरु साधन र स्रोतले सम्पन्न स्थानहरुमा मात्र सीमित हुने प्रवृत्ति देखिएकोले विभिन्न क्षेत्र तथा वर्ग उपेक्षित हुने गरेको देखिन्छ ।

- उपयुक्त नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा क्षेत्रीय असन्तुलनको स्थितिको निरंतर रुपले समीक्षा हुन सकेको देखिदैन ।

- विद्यमान अवस्थामा मध्य पश्चिमाञ्चल र सूदुर पश्चिमाञ्चलका पहाड तथा हिमाली क्षेत्रहरु, मध्यमाञ्चलको हिमाली क्षेत्र तथा पूर्वाञ्चलका हिमाली क्षेत्रहरु सापेक्षीक रुपले बढी पिछडिएका छन् । विभिन्न उपक्षेत्रहरुमा पनि अति पिछडिएका जिल्ला तथा इलाकाहरु छन् । यस्ता स्थानहरुमा विकास कार्यक्रम प्रवाह हुने गरी नीति तथा कार्यक्रमहरुको तर्जुमामा व्यापकता आउन सकेको देखिदैन ।

- मध्यपश्चिमाञ्चलका पहाडी तथा हिमाली जिल्लाहरु, सूदुर पश्चिमाञ्चलका हिमाली जिल्लाहरु र मध्यपश्चिमाञ्चलका हिमाली जिल्लाहरुमा गरीबी रेखामुनी परेका, परिवारहरुको संख्या सापेक्षिक

रुपले बढी भएको देखिन्छ । प्रत्यक्ष अर्थात लक्ष्यीत कार्यक्रमहरुले प्रभावमा ल्याउन खोजेको समुदाय कुल गरीव जनसंख्याको तुलनामा ज्यादै न्यून रहेकोले यस्ता कार्यक्रमहरुको प्रतिफल प्रभावकारी हुन सकेको देखिदैन । परोक्ष कार्यक्रमहरुलाई समग्ररुपमा क्षेत्रगत कार्यक्रमहरुबाट कार्यान्वयनमा ल्याउने प्रयास गरिएकोमा यी कार्यक्रमहरु विस्तृत क्षेत्र एवम् बहुसंख्यक जनताका लागि प्रभावकारी बन्न सकेको देखिदैन ।

- गैर सरकारी संस्थाहरुबाट गरिवी निवारणका लागि ल्याइएका कार्यक्रमहरु अनियन्त्रित हुनुका साथै भिन्न भिन्न स्थानहरुमा समानुपातिक रुपमा वितरित हुन नसकेकाले गैर-सरकारी संस्थाहरुको भूमिका प्रभावकारी बन्न सकेको देखिदैन । सीपमूलक तालीम तथा लगानीका माध्यमहरुको अभावमा अनौपचारिक क्षेत्रमा अपेक्षित रोजगारीका अवसरहरु सिर्जना हुन सकेका छैनन् ।

- पहाडी क्षेत्रहरुमा रोजगारीका अवसरहरुको न्यूनता तथा कष्टमय जीवन धान्नु पर्ने वाध्यताको कारण पहाडबाट तराई र शहरी क्षेत्रमा बसाई सर्नेक्रम तीव्र गतिमै रहेको देखिन्छ । सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको आधारमा ७५ जिल्लाको विकास स्थिति हेर्दा अधिकांश हिमाली तथा पहाडी जिल्लाहरु र खासगरी मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका पहाडी तथा हिमाली जिल्लाहरु अति पिछडिएका देखिन्छन् । पिछडिएका जिल्लामा गरीबी रेखामुनी रहेको जनसंख्याको चाप पनि तुलनात्मक रुपले बढी छ ।

- विभिन्न क्षेत्र एवम् उपक्षेत्रमा छरिएर रहेका स्रोत सम्पदाको पहिचान एवम् उपयोग गरी क्षेत्रीय तथा राष्ट्रिय स्तरमा उत्पादन र आयमा वृद्धि ल्याई राष्ट्रिय विकासमा टेवा पुऱ्याउनुको साथै क्षेत्रीय असमानतालाई क्रमिक रुपमा कम गर्ने तर्फ खास उपलब्धी हुन सकेको देखिदैन ।

३. दीर्घकालीन अवधारणा

उपर्युक्त आधारमा नेपाल अधिराज्यको मौजूदा र भू-राजनैतिक, सामाजिक एवम् आर्थिक स्थितिलाई दृष्टिगत गर्दा क्षेत्रीय विकासको लागि क्षेत्रीय सन्तुलन, गरीवी निवारण, सामाजिक आर्थिक एकीकरण, र स्थानीय स्रोत साधनको अधिकतम परिचालनलाई दीर्घकालीन उद्देश्यको रुपमा लिइएको छ ।

विकास कार्यक्रमको स्थानगत क्षेत्रीय दृष्टिकोण ज्यादै महत्वपूर्ण भौगोलिक क्षेत्रहरु तथा विभिन्न वर्ग वर्ग वीच रहेको असमानता कम गर्न बढी क्षेत्रका जनताले विकास कार्यमा सहभागिता हुने गरी विभिन्न क्षेत्र, उपक्षेत्र तथा भागहरु सम्म विकासको प्रवाह फैलाई स्थानीय तहमा निहीत स्रोत सम्पदाको अधिकतम परिचालन तथा विकास गरी राष्ट्रिय अर्थतन्त्रलाई एकीकरण गर्दै योजनाबद्ध विकासमा क्षेत्रीय दृष्टिकोण हुनु अति आवश्यक छ ।

क्षेत्रीय असन्तुलन कम गर्ने प्रयासको लागि विभिन्न क्षेत्रगत विकासमा उपयुक्त नीति तथा कार्यक्रमको आवश्यकता पर्दछ । यस दृष्टिकोणबाट अधिराज्यका विभिन्न क्षेत्र तथा उपक्षेत्रहरुमा सम्भाव्य कार्यक्रमहरुको प्राथमिकता निर्धारण गरी कार्यक्रम संचालन गर्नुको साथै ज्यादै पिछडिएका स्थानहरुमा कल्याणकारी कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । क्षेत्रीय विकासको दृष्टिकोणबाट क्षेत्रगत कार्यक्रमको स्थानगत पक्ष सम्बन्धी नीतिहरुको तर्जुमा गर्नुको साथै उपयुक्त तरीकाबाट कार्यक्रमहरु संचालन गर्नु आवश्यक हुन्छ ।

क्षेत्रीय विकासको दोस्रो दीर्घकालीन उद्देश्य क्षेत्रीय स्तरमा गरीवी निवारण गर्नु हो । गरीब वर्गको स्थानगत पहिचान र उपयुक्त स्थानगत गरीवी निवारणको कार्यक्रम संचालन हुने तरिकाबाट क्षेत्रीय विकासको अवधारणालाई अगाडि सार्न आवश्यक छ । उत्पादन एवं रोजगारी सिर्जनाका लागि खडा गरी सामाजिक परिचालन, सामुदायिक संगठन र जनसशक्तीकरणको माध्यमबाट गरीवी निवारणलाई स्वसाध्य गराउने तर्फ संस्थागत प्रयास गर्नु पर्ने आवश्यकता देखिएको छ । अति गरीव जनसमुदायलाई

लक्ष्यीत गरी खोलिएका ग्रामीण विकास बैंकहरु, साना किसान विकास कार्यक्रम र ग्रामीण महिलाहरुलाई उत्पादन कर्जा कार्यक्रम आदिले ओगटेको घर परिवार हाल ज्यादै सीमित भएको हुंदा यसलाई व्यापक गराई उत्पादन साधनमा गरीब जनताको पहूँच बढाउन जरुरी देखिएको छ ।

सामाजिक आर्थिक एकीकरणका सन्दर्भमा विभिन्न स्थानको लागि सामाजिक, आर्थिक एवम् भौतिक पूर्वाधारको न्यूनतम आवश्यकताको पहिचान गरी दीर्घकालीन सोचाइ राखी पूर्वाधार निर्माणका लागि आधार किटान गरी कार्यक्रम संचालन गरिनेछ । पिछडिएका जिल्लाहरुका इलाकाहरुमा सेवा केन्द्रका रुपमा निर्धारित ठाउंहरुलाई साना बजार बस्तीका रुपमा विकास गरी त्यहांबाट विविध सेवा उपलब्ध गराइनेछ । गरीब जनतालाई रोजगारी तथा आय दिन सक्ने ग्रामीण र शहरी क्षेत्रहरु बीचको आर्थिक अन्तर सम्बन्धलाई दीगो बनाउन सार्वजनिक तथा निजी क्षेत्रका उद्योगहरु स्थापना र विस्तार गर्न प्रोत्साहन दिइनेछ ।

स्थानीय स्रोत साधनको अधिकतम परिचालन क्षेत्रीय विकासको एक मूलभूत उद्देश्य हो । विभिन्न क्षेत्र एवम् उपक्षेत्रमा छरिएर रहेका स्रोत सम्पदाको पहिचान एवम् उपयोग गर्न क्षेत्रीय तथा राष्ट्रिय स्तरमा उत्पादन र आयमा वृद्धि ल्याई राष्ट्रिय विकासमा टेवा पुऱ्याउनुको साथै क्षेत्रीय असमानतालाई क्रमिक रुपमा कम गर्दै लग्नु आवश्यक देखिन्छ । यस उद्देश्य अनुरुप क्षेत्रीय स्तरमा उपलब्ध स्रोत, सम्पदा र संभाव्यताका आधारमा सामञ्जस्य पूर्ण ढंगले क्षेत्रीय विकास कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै जानु पर्ने हुन्छ । यसो गर्दा विकास लगानीबाट उत्पादकत्व बढ्ने मात्र नभै आशातीत रुपमा विकासका प्रतिफलहरु अधिराज्य व्यापी वितरण हुनुको साथै स्थानीय सशक्तीकरणको आधारशीला तयार हुनेछ । विभिन्न क्षेत्र, उपक्षेत्र तथा स्थानहरुको भौगोलिक विशेषताहरु अनुरुप विकास कार्यक्रमहरु संचालन हुन गएमा विभिन्न साधनहरुको समानुपातिक रुपले विकास गर्न क्षेत्रीय विकास योजनाको तर्जुमा एवम् कार्यान्वयन गर्दै लगिने छ ।

४. नवौं योजनाको उद्देश्य

उपयुक्त दीर्घकालीन दृष्टिकोण अनुरुप नवौं योजनाको क्षेत्रीय विकासका उद्देश्यहरु निम्न वमोजिम तोकिएका छन् :

- विद्यमान क्षेत्रीय असन्तुलन कम गर्ने ।
- गरीवी निवारण गर्ने ।
- रोजगारी तथा आय वृद्धिमा योगदान पु-याउने क्रिया-कलापहरुको प्रवर्द्धन गरी सामाजिक-आर्थिक विकासलाई व्यापक गरी सामाजिक तथा आर्थिक क्षेत्रमा राष्ट्रिय एकीकरण गर्ने ।
- भौगोलिक क्षेत्रको विशिष्टता अनुरुप स्थानीय स्रोत तथा साधनको पहिचान गरी उत्पादन प्रणालीलाई जोड दिने ।

५. नीति तथा कार्यनीति

- विभिन्न क्षेत्र तथा उपक्षेत्रमा क्षेत्रीय विकासको लागि स्रोत साधनको न्यायोचीत बांडफांड गरिनेछ । विभिन्न क्षेत्रहरुमा स्थानीय स्रोत साधन र श्रमको अधिकतम परिचालन हुने प्रकृतिका आयोजनाहरुको छनौट गरी क्षेत्रीय लगानीको ढांचा निर्धारण गरिनेछ ।

- क्षेत्रीय असन्तुलनलाई क्रमिक रुपमा निराकरण गर्न स्थानगत विशेषता अनुरुप क्षेत्रीय स्तरमा उत्पादन बृद्धि गरिनेछ। क्षेत्रीय विकासको लागि आवश्यक उत्पादनमूलक सवै क्षेत्रमा लगानी गराउन नीजी क्षेत्रलाई आकर्षित एवम् प्रोत्साहित गरिने छ।

- क्षेत्रगत विकासको लागि क्षेत्रीय तथा उपक्षेत्रीय तहमा प्राथमिकता निर्धारण गरी क्षेत्रगत कार्यक्रमहरु संचालन गरिनेछ।

- क्षेत्रीय विकास एवम् राष्ट्रिय एकीकरणको विस्तार गर्ने हेतुले विभिन्न क्षेत्र र उपक्षेत्र बीच तथा ग्रामीण र शहरी क्षेत्र वीच कार्यमूलक अन्तर सम्बन्धहरु विकसित गर्दै लगिनेछ। यसको लागि तहगत राष्ट्रिय शहरी प्रणालीको व्यवस्था गरिनेछ।

- तहगत वस्ती प्रणाली र गाउं शहर अन्तर सम्बन्धको आधारमा जिल्ला उपक्षेत्र तथा क्षेत्रीय स्तरमा विकास कार्यक्रमहरु संचालन गरिनेछन्। बजारमुखी शहर प्रणालीलाई क्षेत्रीय विकासलाई टेवा पुग्ने किसिमबाट विकास गराउन उपयुक्त कार्यक्रम संचालन गरिनेछ तथा वस्ती प्रणालीको आवश्यकता अनुरुप शहरी वस्तीहरुको योजनाबद्ध तरीकाले भौतिक विकास गरिनेछ।

- विभिन्न क्षेत्र, उपक्षेत्र तथा जिल्लाहरुमा गरीवी ग्रस्त स्थानहरुको पहिचान गरी स्थान विशेषको गरिवी निवारण कार्यक्रम संचालन गरिनेछ र विद्यमान गरीवी निवारण उन्मुख कार्यक्रमहरुलाई व्यापकता दिइनेछ साथै, ज्यादै कम विकसित स्थानहरुमा लक्षित समूहको लागि विशेष कल्याणकारी गरीवी निवारण कार्यक्रमहरु संचालन गरिनेछन्।

- सामाजिक तथा आर्थिक विकासमा सवै वर्गको सहभागिता जुटाउन कार्यक्रमहरुमा व्यापकता ल्याइनेछ ।

- प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्योपचार तथा स्वच्छ खानेपानी आदिको अभावको मार अधिकांश रुपमा अति पिछडिएका क्षेत्र र जनसमुदायमा परेको हुंदा मानवीय साधनको विकासलाई तल्लो निकायसम्म पुऱ्याउन पिछडिएको क्षेत्र तथा समुदायहरु स्पष्ट किटान गरि कार्यक्रमहरु लक्ष्यीत क्षेत्र एवं जनसमुदायमा प्रत्यक्ष रुपमा पु-याइने छ।

- क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा रहेका प्राकृतिक स्रोतको पहिचान गरी तुलनात्मक लाभको सिद्धान्त अनुरुप स्रोत साधनको परिचालन एवम् उपयोग गरिनुका साथै विकाससंग आवद्ध गरिनेछ।

- जिल्ला स्तरीय कार्यक्रमहरुको तर्जुमा कार्यान्वयन र मूल्यांकनमा विकेन्द्रीकरणको आधारमा जिल्लाहरुको भूमिकालाई अझ सशक्त तुल्याई क्षेत्रीय विकासमा जिल्लालाई महत्वपूर्ण निकायको रुपमा विकास गराइनेछ। साथै, स्थानीय निकाय बीच समन्वय गर्नको लागि विभिन्न क्षेत्रगत क्षेत्रीय कार्यालयहरुको भूमिकालाई प्रभावकारी बनाइने छ।

- क्षेत्रीय विकासको संस्थागत व्यवस्थाको लागि क्षेत्रीय विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन कार्य गर्न राष्ट्रिय योजना आयोागको सचिवालयमा क्षेत्रीय योजना महाशाखा स्थापना गरिने छ र सचिवालयको क्षेत्रीय योजना कार्यालयहरुलाई क्षेत्रीय योजना तर्जुमा, अनुगमन र मूल्यांकन गर्न सुदृढ गराइने छ।

६. कार्यक्रम

- क्षेत्रीय स्तरमा दिगो विकासको अवधारणालाई मूर्त रुप दिन क्षेत्रीय स्रोत साधनहरुको सही परिचालन गरी क्षेत्रीय उत्पादन गरिनेछ। सन्तुलित क्षेत्रीय विकास गर्न पिछडिएका क्षेत्र वा जिल्लाहरुलाई हाल केन्द्रबाट दिदै आएको विकास अनुदानमा बृद्धि गरिनेछ।

- विभिन्न भौगोलिक क्षेत्रका सम्भावना, विशेषता र क्षमता पहिचान गरी तदनुरुप विकास कार्य अगाडि बढाइनेछ ।

- विभिन्न विकास क्षेत्र तथा उपक्षेत्रहरुको विशेषता र सम्भावनाको आधारमा प्राथमिक क्षेत्र निर्धारण गरि कार्यक्रम संचालन गरिने छ । हाल यस्ता प्राथमिकताहरुका सन्दर्भमा पूर्वाञ्चल विकास क्षेत्रलाई चीया तथा अलैंची जस्ता नगदेवालीको विकास, पश्चिमाञ्चल विकास क्षेत्रलाई पर्यटन क्षेत्रको विकासमा मध्यमाञ्चल विकास क्षेत्रलाई सेवामूलक उद्योग र पर्यटन विकासमा तथा मध्यपश्चिमाञ्चल र सूदूर पश्चिमाञ्चललाई ठूला जलविद्युत शक्तिको विकासमा प्राथमिकता दिइनेछ ।

- ग्रामीण विकास बैंक, साना किसान विकास तथा ग्रामीण महिलाहरुलाई उत्पादन कर्जा जस्ता स्थान विशेषसंग आवद्ध कार्यक्रमहरुलाई बढी गरीबी निवारण उन्मुख गराई व्यापक गरिने छ । विभिन्न स्थानहरुमा गरीब जनतालाई संलग्न गराउने गरी निर्माण कार्यहरु संचालन गरिनेछ । पिछडिएका ग्रामीण क्षेत्रहरुमा श्रममूलक उद्योगहरुको विस्तार गरिनेछ ।

- विकास कार्यसंग सम्बन्धित गैर सरकारी संस्थाहरु सुगम क्षेत्रमा मात्र केन्द्रित हुने गरेकोले त्यस्ता संस्थाहरुको कार्यक्षेत्र निर्धारण गर्दा क्षेत्रीय सन्तुलनलाई ध्यानमा राखिनेछ ।

- स्थानीय स्तरमा विकास आयोजना र कार्यक्रमहरुमा तर्जुमा गर्दा स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग गर्नुका साथै जनसहभागिता, स्थानीय सशक्तीकरण तथा संस्थागत विकासको आधारमा विकासको दिगो आधार तयार गर्न जोड दिइनेछ ।

- स्थानागत स्तरमा विकास कार्यक्रमहरुलाई व्यापकता एवं प्रभावकारीता दिन दिगो एवम उत्पादनमूलक स्थानीय शहरी प्रणालीको पहिचान गरी विकास गरिनेछ ।

- यस्ता वस्ती प्रणालीहरु राष्ट्रिय शहरी प्रणालीको अंगको रुपमा विकास गरिनेछ । स्थानीय स्तरका वस्ती प्रणालीको सिर्जित क्षेत्रीय स्वरुपलाई विकास कार्यक्रमको संचालनको लागि उपयोग गरिनेछ ।

- विभिन्न क्षेत्र र उपक्षेत्रमा मौजूदा पूर्वाधार र सेवा तथा सुविधाको अधिकतम उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने खालको लगानीलाई प्राथमिकता दिइनेछ र नयां पूर्वाधार निर्माणलाई उत्पादनसंग आवद्ध गर्दै लगिनेछ ।

- देशमा संचालन गरिने विकास आयोजनाहरुलाई राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरमा वर्गीकरण गर्न उपयुक्त मापण्दण्ड तय गरिनेछ । स्थानीय, क्षेत्रीय र केन्द्रीय योजना तर्जुमा गर्दा विभिन्न स्तरका निकायहरु बीच अन्तर सम्बन्धहरुको पहिचान र समन्वय कायम गरिनेछ ।

- विभिन्न सेवाहरुको विकासमा व्यापकता ल्याइनेछ र छरिएर रहेका जनसंख्यालाई सेवा सुविधाहरु वितरण गर्न ज्यादै कठिन हुने भएकोले एकत्रित वस्तीहरुको विकास गर्न प्रयास गरिनेछ ।

- क्षेत्रीय कार्यालयहरुको आवश्यक सुदृढीकरणद्वारा विकास क्षेत्रभित्र पर्ने जिल्ला स्तरीय योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न ती निकायहरुलाई सशक्त रुपमा परिचालन गरिनेछ ।

- क्षेत्रीय विकासको अवधारणा अनुरुप क्षेत्र भित्रको विकास प्रक्रियालाई सुदृढ रुपमा अगाडि बढाउन क्षेत्रीय स्तरमा समन्वयात्मक संयन्त्रको स्थापना र विकास गरिनेछ । विकेन्द्रीकरणको माध्यमद्वारा हुने स्थानीय विकास दिगो हुने हुंदा योजनाको समग्र क्षेत्रीय विकास तथा विकेन्द्रीकरण नीतिलाई एक अर्काको परिपूरक बनाउन आवश्यक संस्थागत व्यवस्था गरिने छ ।

- क्षेत्रीय योजनालाई राष्ट्रिय विकासको एक उपयुक्त विधिको रुपमा स्थापित गर्न राष्ट्रिय स्तरमा क्षेत्रीय विकास नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न क्षेत्रीय स्तरमा सूचना तथा तथ्यांकको आधार,

अनुसन्धान र समन्वयका लागि संस्थागत व्यवस्था गरी जिल्लास्तरमा एकीकृत विकास योजनाको अवधारणालाई अघि सारिने आवश्यक तथ्यांकीय आधार र सीपको विकास गरिने छ ।

८.२ स्थानीय विकास

१. पृष्ठभूमि

स्थानीय तहमा उपलव्ध साधन, स्रोत र प्रविधि परिचालन गरी ग्रामीण क्षेत्रको विकासका साथै स्थानीय जनतालाई आवश्यक पर्ने सेवा सुविधाहरु उपलब्ध गराउनु नै वास्तवमा स्थानीय विकास कार्यक्रमको प्रमुख उद्देश्य हो । स्थानीय जनता नै स्थानीय विकास निर्माणका समग्र आधार हुन् । त्यस्तै विकास कार्यमा जनसहभागिताको प्रवर्द्धन र स्थानीय विकास योजनाप्रति उपभोक्ताहरुमा स्वामित्व-अनुभूति गराउनु स्थानीय विकास कार्यक्रमको महत्वपूर्ण पक्ष हो । स्थानीय जनताका आवश्यकताका लागि सहायक हुने विकास कार्यक्रमहरुको पहिचान र सम्भावनाहरुको खोजी, स्थानीय स्रोत र साधनको परिचालन, स्थानीय सीप र प्रविधिको उपयोग हुने गरी कार्यक्रम सञ्चालन नै स्थानीय विकासका मूलभूत पक्ष हुन् । स्थानीय तहका आयोजनाहरुको छनौट, तर्जुमा, कार्यान्वयन, र मर्मत संभारमा स्थानीय जनताको प्रत्यक्ष संलग्नताबाट विकासमा दिगोपन ल्याउनु स्थानीय विकासको मुख्य अवधारणा हो ।

स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्न रोजगारमूलक प्रविधिमा आधारित उत्पादनमुखी कार्यक्रमहरुमा लगानी बढाउने गरी स्थानीय विकास कार्यक्रमहरुलाई अग्रगति दिन सकिएमा यसबाट वहुसंख्यक जनता लाभान्वित भई गरिबी निवारण कार्यमा समेत प्रत्यक्ष सघाउ पुग्न जानेछ । स्थानीय जनताको संलग्नतामा ग्रामीण क्षेत्रमा आधारभूत पूर्वाधारहरुको विकासवाट जनजीवनको स्तरमा सुधार ल्याउन सकिन्छ । जनजीवनको आर्थिक एवं सामाजिक स्तरमा सुधार ल्याउने माध्यम नै स्थानीय विकास र जनसहभागिता हो । ग्रामीण क्षेत्रमा जीविकोपार्जनका अवसरहरु विस्तारित र सुलभ गर्ने कुरालाई यसले अंगीकार गर्दछ ।

नेपालमा स्थानीय विकास कार्यक्रमको सञ्चालन चार दशक अघिदेखि हुँदै आएको छ । यस्ता कार्यक्रमभित्र विभिन्नप्रकारका लक्षित आयोजना तथा अन्य ग्रामीण विकास पर्दछन् । ग्रामीण विकासका पूर्वाधारहरुको सिर्जनामा यी कार्यक्रमहरुले महत्वपूर्ण योगदान दिदै आएका पनि छन् । ती पूर्वाधारहरुको विकासले ग्रामीण क्षेत्रमा थोरै मात्रामा भए पनि रोजगारीका अवसरहरु वृद्धि भई ग्रामीण जनताको जीवनस्तर उकास्न सघाउ पुग्न गएको छ । तर अझै पनि कतिपय स्थानीय विकास कार्यक्रमहरु केन्द्रीय तहका निकायहरुबाटै सञ्चालन गरिने परिपाटी रहेकाले कार्यक्रमहरुको कार्यान्वयनमा स्पष्टता र प्रभावकारिता तथा जनभावना र विकास कार्यक्रमवीच वान्छित तालमेल आउन भने सकेको छैन । स्थानीय निकायहरुको क्षमता अभिवृद्धिमा स्थानीय तहमा योजना तर्जुमा र सञ्चालन प्रक्रियाको संस्थागत विकास आवश्यक हुन आएको छ । त्यसैले स्थानीय विकास मन्त्रालयले कार्यक्रमको अनुगमन, मूल्याङ्कन, समन्वय तथा उत्प्रेरकको भूमिका निर्वाह गरी स्थानीय विकासको सम्पूर्ण उत्तरदायित्व क्रमिकरुपमा स्थानीय तहमा हस्तान्तरण गर्नु जरुरी भएको छ ।

२ आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा स्थानीय विकासअन्तर्गत सञ्चालन गरिएका आयोजना तथा कार्यक्रमहरुको प्रगति समीक्षा निम्नानुसार छ ।

महिला विकास कार्यक्रम आठौं योजना अवधिसम्ममा अधिराज्यका ६७ जिल्लाका ६२० गाउँ विकास समितिमा सञ्चालन गरिएको छ । यस कार्यक्रमअन्तर्गत आठौं योजना अवधिमा गठित १२,६३४ आय अभिवृद्धि समूहमार्फत विभिन्न वैंकहरुबाट करिब रु. ४१ करोड रुपैयां कर्जा प्रवाह भएको छ । यसबाट झण्डै ४०,९०६ परिवार लाभान्वित भएका छन् । यसैगरी १३२ शिशु स्याहार केन्द्र स्थापना भएका

छन् । ५ हजार सुलभ शौचालय निर्माण भएका छन् । करिब ६ हजार उपयुक्त प्रविधियुक्त उन्नत चुल्हो, गोबर ग्याँस प्लाण्ट निर्माण भएका छन् । ९८५ सामुदायिक विकास समूह गठन भएका छन् । सामुदायिक विकास कार्यक्रमअन्तर्गत ७०१ स्थानमा संचालित खानेपानी आयोजनाबाट ७५,००० व्यक्ति लाभान्वित भएका छन् । यसै कार्यक्रमअन्तर्गत स्वास्थ्य, पोषण, जनसंख्या शिक्षा एवं परिवार कल्याण तालिन करिब १७,७३८ जना र सीपमूलक तालिम १४,७०२ महिलालाई प्रदान गरिएको छ । महिला समूहहरुबाट करिब रु. २ करोड बचत तथा रु. ९४ लाख १७ हजार चालू कोष परिचालन भएको छ । यसबाट विकासमा महिलाहरुको सहभागिता र पहुँच बढ्न गएको छ र महिला नेतृत्वको विकासमा पनि सहयोग पुगेको छ ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान स्थापना भएयता आठौं योजना अवधिमा स्थानीय निकायका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुका अतिरिक्त महिला विकास कार्यमा संलग्न महिला कार्यकर्ताहरुसमेत जम्मा २२,६४४ जनालाई प्रशिक्षण तथा गोष्ठीको माध्यमबाट ज्ञान तथा सीप प्रदान गरिएको छ । जनसंख्या शिक्षा कार्यक्रमलाई व्यापकरुपले परिचालन गर्ने क्रममा आठौं योजनाकालमा जिल्ला विकास समिति सभापति एवं जिल्ला विकास समितिका सदस्यहरुको अनुशिक्षण गोष्ठी सम्पन्न गरिएको छ । करिब २५०० गाउँ स्तरीय परिवार कल्याण घुम्ती तालिम शिविर सञ्चालन भएको छ । यसैगरी ९० जनाले जनसंख्या शिक्षा सम्बन्धी प्रशिक्षक प्रशिक्षण प्राप्त गरेका छन् ।

दुर्गम क्षेत्र विकास कार्यक्रमअन्तर्गत २५९ जनालाई सीप दक्षता प्रवर्द्धन तालिम, ३८ जनालाई आय आर्जन तालिम, ६२ जनालाई जडिवुटी तालिम प्रदान गरिएको छ । २३५ जनाले सीप दक्षता प्रवर्द्धन तथा उद्यमी तालिम प्राप्त गरेकाछन् भने स्वास्थ्य, पोषण, जनसंख्या शिक्षा तथा परिवार कल्याण विषयमा ८१ वटा तालिम सञ्चालन गरिएको छ । यस अवधिमा दुर्गम क्षेत्र कार्यक्रमअन्तर्गत अधिराज्यका दुर्गम क्षेत्रमा आर्थिक सामाजिक सेवा पुऱ्याउन १३९ वटा खानेपानी योजना, ७४६ हेक्टरमा सिंचाइ योजना, ४६ झोलुङ्गे पुल, १८५ कि.मि. घोडेटो बाटो नव निर्माण एवं मर्मत र ९५ हेक्टर जमिनमा वृक्षरोपण कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रमअन्तर्गत ८१ गुम्बा, मन्दिर, विद्यालय, धर्मशाला आदिको निर्माण कार्य सम्पन्न भएको छ ।

आठौं योजनाको दोस्रो वर्षदेखि ग्रामीण स्वाबलम्बन कार्यक्रम सञ्चालन भई अधिराज्यका प्रत्येक गाउँ विकास समितिलाई विकास निर्माणका लागि सोझै रकम उपलब्ध गराउन थालिएको छ । सानातिना विकास निर्माण काम सञ्चालन गरी गाउँको दैनिक आवश्यकता पूर्ति गर्न सघाउ पुऱ्याउने यस कार्यक्रमअन्तर्गत आठौं योजनाकालमा १६१० कि.मि. ग्रामीण सडक निर्माण तथा मर्मत सुधार कार्य सम्पन्न भएको छ । यसैगरी ७७२ कि.मि. गोरेटो घोडेटो बाटो निर्माण भएको छ । खानेपानीतर्फ ८१ कुवा/ट्यूवबेल जडान र १७१ कि.मि. लामो पाइप विछ्याउने कार्य सम्पन्न भई ३५४९ धारा जडान भएको छ । ६६०० हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको छ र ८०८ पुल पुलेसा एवं ५१४ गाउँ विकास समिति भवन निर्माण भएका छन् ।

स्थानीय विकास निर्माण आयोजनाअन्तर्गत स्थानीय जनसहभागिता जुटाई ४७३ कि.मि. ग्रामीण सडक एवं घोडेटो बाटो निर्माण भएको छ । यसैगरी स्थानीय मार्ग झोलुङ्गे पुल कार्यक्रमअन्तर्गत १५ झोलुङ्गे पुल निर्माण सम्पन्न, २९ निर्माणाधीन, १२६ फेब्रिकेशन तहमा र ७७ सर्भे, डिजाइन तथा लागत अनुमान तयारीका अवस्थामा रहेका छन् ।

गुम्बा व्यवस्थाकार्यक्रमअन्तर्गत आठौं योजनाकालमा १२० गुम्बाको मर्मत-सम्भार गरिएको छ । १९७ लामालाई देशदर्शन कार्यक्रममा समावेश गराई अधिराज्यका विभिन्न स्थानमा भ्रमण गराइएको छ । तिब्बती भाषामा पुस्तक प्रकाशन गरिएको छ । गुम्बाहरुको तथ्याङ्क लिने क्रममा १३ जिल्लामा तथ्याङ्क संकलन कार्य पूरा भएको छ ।

विश्व खाद्य कार्यक्रमको खाद्यान्न सहयोग तथा जर्मन प्राविधिक सहयोगमा ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम २० जिल्लामा संचालित छ । यसअन्तर्गत करिब ३६१ कि.मि., ग्रामीण सडक, ४८८ कि.मि. घोडेटो बाटो, ९७ कि.मि. साना सिंचाइ कुलो निर्माण, २३ कि.मि. नदी नियन्त्रण सम्बन्धी निर्माण सुधार गरिएको छ भने ४८ माछा पोखरी निर्माण, १.५ हेक्टरमा अलैंची खेती, ६५ हेक्टरमा कृषि वन सञ्चालन र ०.५ हेक्टरमा विद्यालय मैदान निर्माण सम्पन्न भई ६६,२२८ परिवार लाभान्वित भएका छन् । एसियाली विकास वैंकको ऋण सहयोगमा आ.ब. २०५३।५४ देखि ग्रामीण पूर्वाधार विकास कार्यक्रम प्रारम्भ भएको छ । विश्व वैंकको ऋण सहयोग तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा संचालित सघन श्रममूलक सडक आयोजना अन्तर्गत ४० कि.मि. सडकको निर्माण कार्य सम्पन्न भएको छ । यसैगरी आइफाडको ऋण सहयोगमा बाढीपीडित पुनःनिर्माण तथा पुनःस्थापना आयोजनाअन्तर्गत ग्रामीण सडक १३९ कि.मि., १६० पुल पुलेसा र १९६४८ हेक्टरमा सिंचाई सुविधा पुऱ्याइएको छ ।

धादिङ्ग, गोरखा, लमजुग, गुल्मी, अर्घाखाँची, कालिकोट, हुम्ला, मुगु, डोल्पा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाहरुमा विभिन्न वैदेशिक स्रोतअन्तर्गत संचालित ग्रामीण विकास कार्यक्रमबाट खासगरी ७,२९२ हेक्टर जमिनमा सिंचाइ, २५६ कि.मि. ग्रामीण सडक, ८,३६१ कि.मि. गोरेटो घोडेटो र १३४ सार्वजनिक भवन निर्माण योजनाहरु सम्पन्न भएका छन् । यसैगरी करिब ४१ हजार व्यक्तिले सीपमूलक तालिम प्राप्त गर्नुका साथै ५३ वटा सामुदायिक योजना सञ्चालन गरी करिब रु. २६ लाख सामुदायिक बचत संकलन भएको छ ।

३. विद्यमान चुनौती

स्थानीय आवश्यकता परिपूर्तिका लागि स्थानीय तहमा सञ्चालन गरिने कार्यक्रम नै स्थानीय विकास कार्यक्रम भए तापनि स्थानीय विकास मन्त्रालयअन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु मात्रै स्थानीय विकास कार्यक्रम हुन् भन्ने अवधारणाको विकास भएको छ । यसैगरी स्थानीय विकास कार्यक्रम र केन्द्रीय कार्यक्रमको अवधारणामा स्पष्टता देखिदैन ।

स्थानीय स्तरमा सेवा सुविधा वितरण प्रयोजनको लागि विषयगत मन्त्रालयहरुले जिल्ला तहमा आ-आफ्ना निकायहरु स्थापना गर्न होडवाजी गरेको पाइन्छ । यसले गर्दा विभिन्न निकायहरुको संलग्नतामा स्थानीय विकास कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेका छन् । विभिन्न निकायहरुमार्फत सञ्चालन हुने कार्यक्रमवीच समन्वय नहुने, स्रोत र साधनको अपव्यय हुने, कार्यक्रममा दोहोरोपन आउने तथा सन्तुलित विकासको धारणा गौण हुनजाने जस्ता समस्याहरु उत्पन्न भएका छन् ।

अनुगमन तथा मूल्यांकन पद्धति आयोजना व्यवस्थापनको अङ्ग हुन नसकेकाले आयोजनाको कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन । यसैगरी विद्यमान सूचना प्रणालीमा सुधार हुन नसकेकाले साधनको उपयोगितामा पनि प्रभावकारिता आउन सकेको छैन ।

स्थानीय विकास कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता ल्याउन मानव स्रोत र स्थानीय प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । दक्ष जनशक्तिको अभावमा स्थानीय निकायहरुले आ-आफ्ना कार्यक्रम कुशलतापूर्वक सञ्चालन गर्न नसकेकाले स्थानीय विकासका कार्यक्रमको उत्पादनशीलता वढ्न सकेको छैन । त्यसैले स्थानीय विकास कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहका निकायहरुको संस्थागत विकास, व्यवस्थापन क्षमता विकास, आर्थिक प्राविधिक क्षमताको प्रबर्द्धन, कार्यक्रमको उत्पादनशीलता अभिवृद्धि जस्ता पक्ष ज्वलन्त समस्याका रुपमा छन् ।

स्थानीय स्तरमा निर्माण भएको पूर्वाधारहरु एवं उपलव्ध सेवा र सुविधाहरु केन्द्र/जिल्ला वा विदेशी दातृसंस्थाले हात झिक्नासाथ अलपत्र मात्र परेका नभई स्थानीय जनताको प्रत्यक्ष संलग्नता बेगर

उपलव्ध सेवा/सुविधा विस्तार गर्ने प्रवृत्तिले सर्वसाधारण जनता एवं स्थानीय निकायमा परमुखापेक्षी भावनाले जरो गाड्ने दिएको समेत देखापरेको छ ।

४. दीर्घकालीन दृष्टिकोण

वहुसंख्यक जनता वसोवास गर्ने ग्रामीण क्षेत्रको आर्थिक सामाजिक विकास कार्यमा स्थानीय तहमै उपलव्ध स्रोत साधन र प्रविधिलाई कुशलता साथ परिचालन गरी विकासलाई स्वचालित ढंगमा सञ्चालन गर्नु तथा स्थानीय जनतालाई आवश्यक पर्ने सेवा स्थानीय तहबाटै उपलव्ध गराउन स्थानीय निकायहरुलाई सक्षम, स्वायत्त र स्थानीय विकासका लागि स्थानीय जनताप्रतिपूर्ण उत्तरदायी तुल्याउनु एवं स्थानीय विकासका लागि आवश्यक र उपयुक्त नेतृत्व तथा जनशक्ति विकास गर्नु नै स्थानीय विकास कार्यक्रमको दीर्घकालीन दृष्टिकोण हुनेछ ।

नवौं योजना :

स्थानीय विकास प्रक्रियालाई संस्थागतरुपमा अघि बढाउने क्रममा स्थानीय निकायहरुमार्फत ग्रामीण जनताले आफ्नै सक्रियतामा स्थानीय प्रविधि, स्रोत र साधनको अधिकतम उपयोग गर्दै जानुपर्ने देखिन्छ । स्थानीय निकायहरुको प्राविधिक एवं आर्थिक क्षमता वृद्धि नभई त्यस्ता निकायहरुमार्फत जनताको दैनिक जीवनको आवश्यकता प्रभावकारी ढंगले परिपूर्ति गर्न नसकिने हुन्छ । यसका लागि सहभागितामुखी विकास प्रक्रियालाई संस्थागतरुपमा तल्लो तहसम्म पुऱ्याई सामुदायिक विकासलाई राष्ट्र निर्माणको एक अभिन्न अंगको रुपमा अगाडि बढाउन आवश्यक छ । स्थानीय निकायहरुमार्फत सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समुदायको जीवनस्तर सुधार्न जरुरी भएको छ । स्थानीय निकायको सुदृढीकरण, कार्यक्षमता वृद्धिलगायत सामुदायिक विकासका लागि आवश्यक व्यवस्थापन, प्रविधि एवं स्रोत साधनको उपयुक्त व्यवस्था गर्ने क्रमलाई निरन्तरता दिइनु पनि त्यतिकै जरुरी छ । यसै परिप्रेक्ष्यमा नवौं योजनामा स्थानीय विकास सम्बन्धी निम्न उद्देश्य, नीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

५. उद्देश्य

- जिल्ला विकास समितिहरुलाई जिल्लाको समष्टिगत विकासको केन्द्र बिन्दु बनाउने ।
- आर्थिक एवं सामाजिक विकासको दृष्टिले पछि परेका भौगोलिक क्षेत्रहरुको विकासलाई सर्वोपरी प्राथमिकता दिनुका साथै ग्रामीण क्षेत्रमा वसोवास गर्ने खासगरी आदिवासी जनजाति र पिछडिएका समुदायको आर्थिक तथा सामाजिक स्तरमा वृद्धि गर्ने ।
- स्थानीय आवश्यकताअनुरुप उपयुक्त प्रविधिको विकास, तथा प्राविधिक जनशक्तिको विकास गर्ने ।
- स्थानीय जनताको संलग्नतामा ग्रामीण क्षेत्रमा आधारभूत पूर्वाधारहरुको विकास गर्ने । स्थानीय तहमा खाद्यान्नलगायत कृषि क्षेत्रको सर्वतोमुखी विकास , खानेपानी तथा सरसफाई, आधारभूत स्वास्थ्य एवं शिक्षा र वातावरण संरक्षण जस्ता सेवा उपलव्ध गराई स्थानीय जनतालाई आत्मनिर्भर बनाउने ।

६. रणनीति

- स्थानीय विकास मन्त्रालयले सम्पर्क विन्दुका रुपमा काम गर्नेगरी स्थानीय विकासका सम्पूर्ण उत्तरदायित्व क्रमिकरुपमा स्थानीय तहमा हस्तान्तरित गर्दै लगिनेछ ।

- दुर्गम क्षेत्रको स्थितिगत परिवर्तन दृष्टिगत गरी वैज्ञानिक मापदण्डको प्रयोगद्वारा त्यसको पुनरावलोकन गरिनेछ र सोही आधारमा दुर्गम क्षेत्रको वर्गीकरण गरी विकास कार्यक्रम तयार गरिनेछ ।

- उपयुक्त विकास कार्यक्रमहरुको कार्यान्वयनद्वारा दुर्गम क्षेत्रमा बसोवास गर्ने जनताको सामाजिक-आर्थिक स्तर उकासी उनीहरुलाई राष्ट्रिय विकास प्रवाहमा समाहित गर्दै लगिनेछ ।

- समानुपातिक विकास तथा क्षेत्रीय सन्तुलनलाई प्रोत्साहित गर्न स्थानीय विकास कार्यक्रमहरुलाई पिछडिएका जाति, जिल्ला तथा ग्रामीण क्षेत्रहरुमा बढी केन्द्रित तुल्याउनेतर्फ जोड दिइनेछ ।

- समाजका आर्थिक र सामाजिक दृष्टिले कमजोर वर्ग, जनजाति तथा महिलावर्गको हितका लागि विशेष प्रकारका सामाजिक आर्थिक विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- स्थानीय स्रोत उपलब्धता समेतको दृष्टिकोण राखी स्थानीय दक्षता प्रोत्साहित हुने गरी उपयुक्त मापदण्डहरुको आधारमा स्थानीय विकासको लागि एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ ।

- स्थानीय विकास प्रक्रियालाई दिगो र द्रुततर बनाउन आवश्यक दक्ष जनशक्ति तयार पारिनेछ ।

- स्थानीय तहको तथ्यांक संकलन विश्लेषणलाई अध्यावधिक गर्नमा विशेष जोड दिइनेछ । संकलित तथ्यांकहरुलाई योजना तर्जुमा प्रक्रियामा अनिवार्यरुपले प्रयोगमा ल्याइनेछ ।

७. नीति तथा कार्यनीति

- स्थानीय निकायहरुको प्रत्यक्ष संलग्नतामा स्थानीय विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- स्थानीय तहमा समुदायलाई प्रभावकारी र समन्वयात्मक ढंगमा परिचालन गरी स्वरोजगारतर्फ उन्मुख गरिनेछ ।

- सामुदायिक स्तरमा रोजगारी सिर्जना गर्नेखालका ग्रामीण पूर्वाधार विकास कार्यक्रमहरु सञ्चालन गरी सेवा सुविधामा स्थानीय समुदायको पहुँच वृद्धि गरिनेछ ।

- आवश्यक प्रोत्साहनद्वारा सरसफाइ व्यवस्थापनका लागि स्थानीय नगरपालिकाहरुलाई नै क्षमता सम्पन्न गराइनुका साथै निजी क्षेत्रको संलग्नताद्वारा फोहर मैलालाई स्रोतको रुपमा परिचालन गरिनेछ ।

- स्थानीय विकास कार्यमा सकेसम्म स्थानीय प्रविधिलाई नै वढावा दिनुका साथै उत्पादन र उत्पादकत्व वृद्धि एवं रोजगारी अभिवृद्धिमा सहायक सिद्ध हुने उपयुक्त स्थानीय प्रविधिको खोजी गरी तिनको विकास र विस्तारमा सघाउ पु-याउनेखालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- स्थानीय विकास कार्यक्रमहरुको पहिचान र छनौटदेखि कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन आदि सवै कार्यमा स्थानीय निकायहरुलाई जिम्मेवार वनाइनेछ । स्थानीय निकायहरुको कार्यक्षमता वृद्धि गर्न आवश्यक तालिम, प्राविधिक एवं आर्थिक टेवा केन्द्रले प्रदान गर्नेछ । स्थानीय विकास कार्यक्रमहरुको सम्पूर्ण व्यवस्थापन स्थानीय निकायहरुवाटै गराइनेछ ।

- दुर्गम क्षेत्रमा उपलब्ध प्राकृतिक सम्पदाहरुवाट उत्पादनमुखी एवं आय आर्जन तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।

- स्थानीय विकास कार्यका लागि आवश्यक जनशक्ति तयार गर्न विद्यमान प्रशिक्षण प्रतिष्ठान र अन्तर्गतका प्रशिक्षण केन्द्रहरुको कार्यक्षमता वृद्धि गर्नुका साथै यस कार्यमा अन्य सरकारी, अर्द्धसरकारी वा गैरसरकारी क्षेत्रमा विद्यमान प्रशिक्षण संस्थाहरु समेतलाई परिचालन गरिनेछ ।
- दलित उपेक्षित जनजाति र उत्पीडित समुदायको सीप र ज्ञान प्रयोग हुने विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

कार्यक्रम :

नवौं योजनामा स्थानीय विकासअन्तर्गत निम्नानुसार कार्यक्रमहरु संचालन गरिनेछ ।

महिला विकास कार्यक्रम : महिला विकास कार्यक्रम खासगरी विपन्न महिलाको आर्थिक सामाजिक स्तर माथि उठाउने उद्देश्य लिई २०३९ सालदेखि सञ्चालन गरिएको हो । विगतमा महिलाहरुलाई समूहमा आवद्ध गराई सामाजिक उत्थानसम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिएकोमा नवौं योजना अवधिमा गरिबीको रेखामुनि रहेका महिला समुदायको सामाजिक र आर्थिक स्तर वृद्धि गरी उनीहरुको जीवनस्तर माथि उठाउने, आफ्नो तथा समुदायको विकास गर्न सक्षम वनाउने र यस्ता समुदायलाई विकासको मूलप्रवाहमा संलग्न गराउने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ । नवौं योजनामा थप जिल्लामा कार्यक्रम विस्तार गर्नुभन्दा पनि लागू भएका जिल्लाहरुमा नै थप परिवारहरुका लागि सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

नवौं योजनामा यस कार्यक्रमअन्तर्गत महिलाहरुको परम्परागत भूमिकामा परिवर्तन ल्याई आर्थिक तथा सामाजिकरुपमा उनीहरुलाई सक्षम वनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ । महिलाहरुलाई संस्थागत कर्जासँग आवद्ध गराई स्व-रोजगार सिर्जना गर्नुका साथै आय आर्जनमा उनीहरुलाई संलग्न गराइनेछ । स-साना समूहको रुपमा संगठित महिलाहरुको संस्थालाई महासंघमा आबद्ध गर्दै लैजाने प्रक्रिया अपनाई स्व-स्फूर्त संस्थाको माध्यमबाट स्वरोजगार उन्मुख हुने अवसर प्रदान गर्न योजना अवधिमा १०० यस्ता संघको स्थापना गरिनेछ । प्रजनन स्वास्थ सम्वन्धी कार्यक्रमलाई यस कार्यक्रमअन्तर्गत एकीकृत गरी सञ्चालन गरिनेछ । महिलाहरुको श्रम तथा समय बचत गराई परिवार, बालबालिकाको विकास तथा अन्य कार्यमा उनीहस्लाई लगाउने वातावरणको सिर्जना गरिनेछ । विभिन्न सरकारी, गैरसरकारी तथा वित्तीय संस्थाहरुसँग महिलाहरुको सम्वन्ध स्थापित गराई सुरक्षित सेवा लिनसक्ने क्षमतामा वृद्धि गराउने , महिलाहरुबिरुद्ध हुने भेदभावलाई हटाउन जनचेतना जगाउने र महिला र पुरुषको समविकासको अवधारणलाई कार्यक्रमको प्रत्येक तहमा कार्यान्वयन गर्दै लगिनेछ । यसै गरी सरसफाइ , स्वास्थ र वातावरण संरक्षणमा अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । ९० गैरसरकारी संस्थालाई ऋण प्रवाह एवं जनचेतना अभिवृद्धि गर्ने जस्ता कार्यहरुमा संलग्न गराइनेछ । यस्ता गैरसरकारी संस्थाहरुमध्ये करिव २५ संस्थालाई वित्तीय मध्यस्थको रुपमा विकास गरिनेछ ।

महिला विकास कार्यक्रम र विभिन्न विभागअन्तर्गत सञ्चालन हुने कार्यक्रमवीच निकट सम्वन्ध स्थापना गर्न महिला विकास कार्यक्रम सञ्चालन गर्ने विभिन्न मन्त्रालय / विभाग/कार्यालयवीच पारस्परिक सम्वन्ध कायम गर्ने तर्फ कदम चालिनेछ ।

योजनावधिमा यस कार्यक्रमअन्तर्गत विभिन्न क्रियाकलापहरुको लक्ष्य निम्नानुसार रहेको छ :

क्र.सं.	क्रियाकलापहरु	लक्ष्य
१	घर धुरी सर्वेक्षण र विश्लेषण	२८६,५४५ धुरी
२	नयाँ समूह गठन	२४,००३ वटा

३	आधारभूत तालिम	१२१,२९७ जना
४	सीपमूलक तालिम	२४,००३ जना
५	बालबालिका कार्यक्रम सञ्चालन	३८७ स्थान
६	पूर्व-बालविकास सम्बन्धी लैंगिक चेतना कार्यक्रम सञ्चालन	१६,३०२ जना
७	जनसंख्या शिक्षा तथा परिवार कल्याण तालिम	८७,५३६ जना
८	संस्थागत विकास तालिम	८३,८४६ जना
९	कर्जा लगानी	रु. १,४८,७८,००,०००

दुर्गम क्षेत्र विकास कार्यक्रम : नेपाल अधिराज्यको उत्तरी सीमावर्ती क्षेत्रसँग जोडिएका र अति विकट २२ जिल्ला अरु जिल्लाको तुलनामा आर्थिक-सामाजिकरुपमा पिछडिएको अवस्थामा रहेकाले ती क्षेत्रको विकास गर्न क्षेत्रलक्षित कार्यक्रमको रुपमा दुर्गम क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको छ । विगतमा दुर्गम क्षेत्र विकास समितिलगायत अन्य विषयगत निकायहरुसमेतले कार्यक्रम सञ्चालन गर्दा स्थानीय संभाव्यता एवं विकासका अवसरहरुको विश्लेषण नगरी हचुवाको आधारमा कार्यक्रम सञ्चालन गर्ने गरेकाले लगानीको तुलनामा प्रतिफल ज्यादै कम हुन गयो । यसरी दुर्गम क्षेत्रमा विकासको दर कम भएको, ग्रामीण पूर्वाधारको विकास नभएको, शिक्षा र अन्य सामाजिक सेवाको अभाव रहेको हुँदा यी क्षेत्रहरुको अत्यधिक जनसंख्या गरिबीको रेखामुनि रहेको छ । यसैले यी क्षेत्रहरुको गरिबी र पछौटेपन हटाउन विशेष प्रयास गरिनुका साथै दुर्गम क्षेत्रको विकासको लागि दुर्गम क्षेत्रको स्थितिगत परिवर्तनका आधारमा त्यसको पुनरावलोकन गरी निश्चित् मापदण्ड अवलम्बन गरी दुर्गम क्षेत्रको वर्गीकरण गर्दै लगिनेछ ।

नवौं योजनामा दुर्गम क्षेत्र विकास कार्यक्रमअन्तर्गतका कार्यहरु खास गरी गरिबी निवारण तथा सामाजिक एवं सामुदायिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरुलाई समावेश गरिनेछ । गरिबी निवारण कार्यक्रमको लागि स-साना सिंचाइ आयोजनाको माध्यमबाट खाद्यान्न न्यून भएको क्षेत्रमा उत्पादन वृद्धि तर्फ जोड दिइनेछ । सामुदायिक संगठनलाई परिचालन गरी आय आर्जनका कार्यक्रम सञ्चालन गरिनेछ । फलफूल, करेसावारी, नगदेवाली, घरेलु उद्योग जस्ता क्रियाकलापलाई सघाउ पुऱ्याउने तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछन् र स्थानीय स्रोतको परिचालन गर्न सकिने उपयुक्त प्रविधिको विकास गरिनेछ । नेपालकै भूभागमा चरन विकासलाई सर्वोपरि प्राथमिकता दिइनेछ । दुर्गम क्षेत्रको पर्यावरणमा हुने प्रतिकूल असर न्यून गर्न भैरहेका वन सम्पदाको संरक्षण एवं सवर्द्धन गरिनेछ । यसका लागि आवश्यक वाटोघाटो पुल-पुलेसा, पानी आदिको विकास गरी स्थानीय तहमा चरन विकासको कार्यमा टेवा पुऱ्याइनेछ । सामाजिक पूर्वाधार सम्बन्धी कार्यक्रमअन्तर्गत गोरेटो, घोडेटो, झोलुङ्गे पुल, खानेपानी, विद्यालय तथा छात्रावास निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछन् । दुर्गम क्षेत्रको विकासमा गैरसरकारी क्षेत्रको सहभागिता बढाउने प्रयास गरिनेछ । दुर्गम क्षेत्र र अन्य क्षेत्रका बीच व्यापारिक सम्बन्धको विकास गर्ने कार्यक्रम ल्याइनेछ ।

योजनावधिमा यस कार्यक्रमअन्तर्गत सञ्चालन गरिने विभिन्न क्रियाकलापहरुको लक्ष्य निम्नानुसार हुनेछ ।

क्र.सं.	क्रियाकलाप	लक्ष्य
१	लघु जलविद्युत अयोजना	३० वटा
२	झोलुङ्गेपुल निर्माण	५० वटा,
३	खानेपानी आयोजना निर्माण	२०० वटा
४	सिंचाइ सुविधा	१६५० हेक्टरमा
५	घोडेटो बाटो निर्माण	२५० कि.मि
६	आयमूलक कार्यक्रम	१०० वटा
७	प्रविधि विकास तथा विस्तार	१० वटा
८	कृषि कार्यक्रम	४५ वटा
९	चरण विकास	१० वटा
१०	वृक्षरोपण कार्यक्रम	५० वटा
११	विद्यालय छात्रावास निर्माण	१० वटा
१२	आयवृद्धि तथा सीपमूलक तालिम	३५० जना
१३	कर्मचारी तालिम	३२५ जना
१४	उपभोक्ता तालिम	२५० जना

दुर्गम क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गर्न यस कार्यक्रमलाई जिल्ला विकास समितिको कार्यक्रमसँग आवद्ध गरिनेछ । दुर्गम क्षेत्रमा सञ्चालन गरिने विभिन्न कार्यक्रमबीच प्रभावकारी समन्वयको व्यवस्था मिलाइनेछ । अन्य क्षेत्रको तुलनामा दुर्गम क्षेत्रमा जाने विकास अनुदानको अनुपात बढाइनेछ । दुर्गम क्षेत्रमा संचालन गरिने विकास कार्यक्रमको निर्णय प्रक्रियामा जनतालाई सहभागी बनाई स्थानीय योजनाप्रति स्वामित्वको बोध गराउन सहभागितामूलक विकास प्रक्रियालाई संस्थागत गरिनेछ । स्थानीय निकायहरुलाई तालिम र प्राविधिक सेवा प्रदान गरिनेछ र खर्च गर्नसक्ने क्षमता अभिवृद्धि गरिनेछ । दुर्गम क्षेत्र विकास समितिको विद्यमान संगठनात्मक स्वरुपमा आवश्यक सुधार गरी यसलाई बढी उद्देश्यमूलक र प्रभावकारी पारिनेछ । निरन्तर अनुगमनको संस्थागत व्यवस्था मिलाइनेछ । दुर्गम क्षेत्र विकास कार्यक्रमको नियमित प्रभाव मूल्यांकनको व्यवस्था मिलाइनेछ । दुर्गम क्षेत्रमा हालसम्म भएका कार्यको लेखाजोखा गरी अव गर्नु पर्ने निर्माण सुधारको अभिलेख तयार पारी उत्पादनमुखी र आय एवं रोजगारमुखी कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

स्थानीय विकास प्रशिक्षण कार्यक्रम : स्थानीय विकास कार्यक्रमलाई प्रभावकारीरुपले सञ्चालन गर्न स्थानीय निकायहरुको प्रशासनिक, व्यवस्थापकीय तथा प्राविधिक क्षमता अभिवृद्धि गर्नु र आवश्यक सुसूचित, प्रतिबद्ध र दक्ष जनशक्ति तयार गर्नु नवौं योजनामा स्थानीय विकास प्रशिक्षणको प्रमुख उद्देश्य रहनेछ । नवौं योजना अवधिमा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्दा आठौं योजना अवधिमा सञ्चालन गरिएका कार्यक्रमहरुको समीक्षाबाट देखिएका कमी कमजोरीको सुधार गरी कार्यक्रमहरुलाई गुणस्तरयुक्त वनाइनेछ । स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानअन्तर्गत सञ्चालन हुने यस्ता कार्यक्रमहरुलाई सहभागितामूलक विकास नीति तथा स्थानीय निकायहरुमा निर्वाचित भइआउने प्रतिनिधिहरुको आवश्यकता समेतलाई विचार गरी सञ्चालन गरिनेछ । वर्तमान अवस्थामा गाउँ विकास समितिको प्राविधिक क्षमता अभिवृद्धि गर्नुपर्ने टड्कारो आवश्यकता रहेकाले प्रतिष्ठानअन्तर्गतका केन्द्रहरुमध्ये एउटा केन्द्रलाई प्राविधिक विकास प्रशिक्षण केन्द्रको रुपमा विकसित गरिनेछ ।

स्थानीय निकायहरुको महासंघहरुको स्थापना भइसकेको परिप्रेक्ष्यमा यस्ता महासंघहरुसँग सम्बन्ध स्थापित गरी उनीहरुको मागलाई समेत दृष्टिगत गरी तालिम कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागतको केही निश्चित प्रतिशत स्थानीय निकायहरुले समेत व्यहोर्ने किसिमले तालिम साझेदारी सम्बन्धको आधारमा उपयुक्त कार्यक्रमहरुको पहिचान तथा विकास गरिनेछ । नवौं योजना अवधिमा स्थानीय विकास प्रशिक्षण कार्यक्रमअन्तर्गत गाउँ विकास समितिस्तरीय १ लाख ५१ हजार, नगरस्तरीय ९ हजार र जिल्ला विकास समितिस्तरीय करिब १० हजार गरी जम्मा १ लाख ७० हजार व्यक्तिको अनुशिक्षण, प्रशिक्षण एवं गोष्ठी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएको छ । यसका अतिरिक्त ग्रामीण विकास, स्थानीय स्वशासन, स्थानीय स्रोत परिचालन, जनसहभागिता आदि बिषयमा निरन्तर अध्ययन अनुसन्धान र परामर्श सेवा उपलव्ध गराइनेछ ।

जनसंख्या शिक्षा कार्यक्रम : स्थानीय विकास सम्बन्धी प्रशिक्षणको अभिन्न अंगको रुपमा जनसंख्या शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रम २५ जिल्लाका ९०० गाउँ विकास समितिमा सञ्चालन गरिनेछ । यसअन्तर्गत प्रजनन, स्वास्थ, जनसंख्या शिक्षा तथा लैङ्गिक समानता सम्बन्धी तालिम प्रदान गरी स्थानीय निकायका २२,५०० पदाधिकारीमा जनसंख्या चेतना अभिवृद्धि गरिनेछ । साथै स्थानीय निकायका पदाधिकारीहरुका लागि अनुशिक्षण तथा गोष्ठी सञ्चालन , जनसंख्या तालिम, प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिनेछ । गाउँस्तरीय परिवार कल्याण घुम्ती तालिम शिविर सञ्चालन गरिनेछ ।

गुम्वा विकास तथा व्यवस्था कार्यक्रम : गुम्वा विकास तथा व्यवस्था कार्यक्रमअन्तर्गत नवौं योजना अवधिमा नेपाल अधिराज्यका विभिन्न भागमा छरिएर रहेका गुम्वाहरुको संरक्षण एवं सम्वर्द्धन गरिनेछ । साथै वौद्ध धर्मालम्वी लामाहरुलाई राष्ट्रिय विकासमा सहभागी गराउने समेत गुम्वाहरुको संरक्षण, संवर्द्धन तथा उनीहरुको धर्मसंस्कृतिको जगेर्ना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

योजनावधिमा यस कार्यक्रमअन्तर्गत सञ्चालित गरिने विभिन्न क्रियाकलापहरुको लक्ष्य निम्नानुसार रहेको छ :

क्र.सं.	क्रियाकलापहरु	लक्ष्य
१	गुम्वाहरुको मर्मत सुधार	२२५ वटा
२	लामा देश दर्शन	२०० जना

३	बुद्ध धर्म संस्कृति रीति रवाज सम्बन्धी प्रशिक्षण	५५० जना
४	चित्रकला र जडिबुटी सम्बन्धी तालिम	२५० जना

जनशक्ति विकास कार्यक्रम : स्थानीय निकायको क्षमता वृद्धि गर्न स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरुको प्रशिक्षण तालिम, सम्मेलन आदि कार्य सञ्चालन गरिनेछ । स्थानीय जनशक्तिको विकास गरी स्थानीय विकास कार्यक्रममा सघाउ पुऱ्याउन डकर्मी, सिकर्मी, प्लम्बर जस्ता जनशक्तिको लागि सीप तथा प्रविधि विकास तालिम सञ्चालन गरिनेछ ।

ग्रामीण पूर्वाधार विकास कार्यक्रम : ग्रामीण पहाडी क्षेत्रमा सडक यातायात सुविधा उपलब्ध गराई आय आर्जनको अवसर बढाएर गरिबी कम गर्न वातावरणलाई प्रतिकूल असर नपर्ने गरी ग्रामीण सडक निर्माण गरिनेछ । यस कार्यक्रमअन्तर्गत कृषि उत्पादकत्वमा वृद्धि ल्याउने र आधारभूत भौतिक पूर्वाधारहरु निर्माण गर्ने तथा कृषि क्षेत्रमा रोजगारीका अवसरहरु प्रदान गर्ने उद्देश्यले एसियाली विकास वैंकको ऋणसहयोगमा बाग्लुङ्ग काभ्रेपलान्चोक र तनहूं जिल्लामा जनसहभागितामा आधारित कम खर्चिलो ग्रामीण सडक निर्माण गरिनेछ जसअन्तर्गत २५० कि.मि ग्रामीण सडक निर्माण गर्नुका साथै गाउँ स्तरीय विकासमा सहयोग पुऱ्याउन ९० बहुउद्देश्यीय भवन निर्माण गरिनेछ ।

ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम : विश्व खाद्य कार्यक्रमको सहयोगमा ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम ४५ जिल्लामा चरणवद्धरुपमा कार्यान्वयन गरिनेछ । यो कार्यक्रमको प्रमुख उद्देश्य गरिब ग्रामीण परिवारहरुको खाद्यान्न उपलब्धतामा सुधार गर्नु, खाद्यान्न अभाव भएका क्षेत्रमा सामुदायिक पूर्वाधारहरुको निर्माण तथा सुधार गर्नु, ग्रामीण समुदायको स्वाबलम्बन क्षमताको अभिवृद्धि गर्नु र कार्यक्रमको कार्यान्वयनमा सम्बन्धित स्थानीय निकायहरुको व्यवस्थापन क्षमतामा वृद्धि गर्नु हो । ग्रामीण समुदायको आधारभूत सेवाहरुको पहुँचमा सुधार गर्न ग्रामीण सडकलाई मुख्य सडक र बजार केन्द्रसँग जोड्ने, समुदायमा आधारित सिंचाइ योजना संचालन गर्ने, बाढीबाट कृषक तथा कृषि जमिनलाई बचाउन नदी नियन्त्रण गर्ने आदि कार्यक्रमहरु संचालन गरिनेछ । पहाड तथा तराईका जिल्लाहरुमा सिंचाइका लागि स-साना नहर र पोखरी निर्माण तथा मर्मत सुधार, मध्यपहाडी भागमा घोडेटो वाटो र ट्याक्टर सडक, नदी किनारको संरक्षण र स-साना पहिरो नियन्त्रण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसमा खाद्यान्न न्यून भएका क्षेत्रहरुमा खाद्यान्नको परिचालन गरी कामको लागि खाद्यान्न उपलब्ध गराई समुदायको कुपोषण हटाउन सहायक हुने कार्यक्रम सञ्चालन गरिनेछ । यसवाट ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना भई आय आर्जनमा वृद्धि गर्न सघाउ पुग्नेछ । यस कार्यक्रमअन्तर्गत जनसमुदायमा आधारित २३०० क्रियाकलाप सम्पन्न गर्ने लक्ष्य रहेको छ । साथै खाद्यान्न न्यून हुने करिब २ लाख परिवारले कामको लागि खाद्यान्न कार्यक्रममा सहभागी भई प्रत्यक्ष लाभ प्राप्त गर्नेछन् ।

लुम्बिनी अंचल ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना : लुम्बिनी अंचलको ग्रामीण क्षेत्रमा स्थानीय निकायलाई सहभागी बनाई सामुदायिक विकास प्रबर्द्धन तथा स्वच्छ खानेपानी एवं सरसफाइ कार्यक्रम संचालन गर्न लुम्बिनी अंचल ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाको सञ्चालनलाई निरन्तरता दिइनेछ । यस कार्यक्रमको सञ्चालनमा गैरसरकारी संस्थालाई सहभागी गराइनेछ । योजना अवधिमा करिब १८० वटा आयोजना सञ्चालन भई करिब १ लाख जनता लाभान्वित हुनेछन् ।

पश्चिमी तराई गरिबी निवारण आयोजना : पश्चिमी नेपालका ८ जिल्ला दाङ्ग, रुपन्देही, वाँके, कैलाली, कञ्चनपुर, बर्दिया, नवलपरासी र कपिलवस्तुमा भूमिहीन तथा साना कृषक र ग्रामीण महिलाहरुको आयवृद्धि र कल्याणमा सुधार गरी गरिबी निवारणमा सहयोग पुऱ्याउन पश्चिमी नेपाल गरिबी निवारण आयोजना सञ्चालन गरिनेछ । यस कार्यक्रमअन्तर्गत लक्षित समुदायलाई ऋणसुविधा उपलव्ध गराउने, सामूहिक स्यालो ट्यूववेल जडान गर्ने, उत्पादन तथा रोजगारमूलक सीप विकास तालिम प्रदान गर्ने र सामुदायिक विकास, संस्थागत सुदृढीकरण आदि कार्यक्रम सञ्चालन गरिनेछ । यस आयोजना सञ्चालनबाट २८,८३३ महिला कर्जा सुविधाबाट ५८७५ किसान परिवार समूहगत स्यालो ट्यूववेल सुविधाबाट र सञ्चालित विभिन्न तालिम कार्यक्रमबाट ८४,००० गरिवव्यक्ति लाभान्वित हुनेछन् ।

एकीकृत ग्रामीण विकास परियोजना : ग्रामीण पूर्वाधारको विकास र ग्रामीण जनतालाई एउटै द्वारबाट समन्वयात्मकरुपमा विभिन्न सेवा सुविधाहरु प्रदान गरी उनीहरुको जीवन स्तरमा सुधार गर्न एकीकृत ग्रामीण विकास परियोजनाहरु सञ्चालन हुँदै आएको छ । नवौं योजनामा गरिबी घटाउने, जनसहभागिता बढाई कार्यक्रमको उत्पादकत्वमा वृद्धि गर्ने, स्थानीय निकायको संस्थागत क्षमताको विकासमा मद्दत पुऱ्याउने, उपभोक्तासमूह आफैले सञ्चालन गर्ने, ग्रामीण रोजगारीको सिर्जना गर्ने आयोजनाहरुलाई परियोजनामा प्राथमिकता दिइनेछ । यस्ता आयोजनाहरु खासगरी पिछडिएका क्षेत्र र पिछडिएका तथा गरिव समुदायप्रति केन्द्रित हुनेछ । जिल्ला विकास समितिको निर्धारित प्राथमिकताअनुरुप आयोजनाको छनौट गर्नु पर्नेछ ।

नवौं योजना अवधिमा ५ जिल्लामा सञ्चालन हुने ४ एकीकृत ग्रामीण विकास परियोजनामा गुल्मी अर्घाखांची ग्रामीण विकास परियोजना, गोरखा विकास परियोजना, लमजुङ्ग विकास परियोजना, धादिङ विकास परियोजना छन् ।

सधन श्रममूलक सडक पुनः निर्माण आयोजना : यस कार्यक्रमअन्तर्गत पश्चिमाञ्चलका कपिलवस्तु, रुपन्देही, नवलपरासी र स्याङ्गजा जिल्लाका विभिन्न ठाउँमा श्रममूलक नमूना सडक, ट्रेलसडक, र स्ट्याण्डर्ड सडकको निर्माण तथा मर्मत सुधार गरिनेछ । यस कार्यक्रमअन्तर्गत सडक निर्माण कार्यमा संलग्न कर्मचारी, स्थानीय ठेकेदारहरु, लाभान्वित समुदायहरु, श्रमिकहरु आदिलाई सडक निर्माण तथा व्यवस्थापनका विविध पक्षमा तालिम दिइनेछ । यस आयोजनाले ग्रामीण रोजगारी सिर्जना गर्नेमा सहयोग पुऱ्याउनेछ ।

फोहरमैला व्यवस्थापन : बढ्दो नगरपालिका संख्या र त्यहाँ उत्पन्न हुने फोहरमैलाको परिमाणलाई दृष्टिगत गरी गैरसरकारी संस्था तथा निजी उद्यमीहरु समेतलाई यस कार्यमा संलग्न गराइनेछ । नगर क्षेत्रभित्र निस्कने फोहरमैलालाई प्रांगारिक मल उत्पादनमा उपयोग गर्ने, फोहर मैला व्यवस्थापनको लागि तोकिएको प्रावधान (norms and standards) लाई सवै नगरपालिकाहरुमा लागू गर्न प्रोत्साहित गरिनेछ ।

पिछडिएका वर्ग र जनजाति सम्बन्धी कार्यक्रम : नवौं योजनामा समाजका पिछडिएका जनजाति तथा आदिवासीको सामाजिक आर्थिक तथा सांस्कृतिक विकासका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस क्रममा योजनामा मुलुकका विभिन्न जनजातिको सामाजिक तथा आर्थिक स्तरको अध्ययन गरी तिनको रहनसहन तथा संस्कृतिको सम्वर्द्धन तथा विकासका लागि एउटा राष्ट्रिय जनजाति प्रतिष्ठानको गठन गरिनेछ । यस प्रतिष्ठानद्वारा जनजातिहरुको आर्थिक उत्थानको लागि उपयुक्त कार्यक्रम गर्नेछ र ती कार्यक्रमहरुलाई श्री ५ को सरकारको सम्वन्धित निकायमार्फत सञ्चालन गर्ने

व्यवस्था मिलाइनेछ । जनजातिहरुको उत्थानको कार्यक्रममा गैरसरकारी संस्थाहरुलाई पनि सहभागी गराइनेछ ।

यसैगरी प्रजा विकास कार्यक्रमलाई क्रमिकरूपमा सञ्चालन गर्दै लगिनुका साथै, देशका विभिन्न भागमा रहेका राउटे, प्रजा, मुसहर, झांगर, डोम, दुसाध, सतार, धिमाल जस्ता विभिन्न अल्पसंख्यक आदिवासीहरुको उत्थानका लागि उपयुक्त कार्यक्रमहरुको छनौट गरी सञ्चालन गरिनेछ । यस्ता किसिमका कार्यक्रमको सञ्चालनमा गैरसरकारी संस्थालाई प्रोत्साहित गरिनेछ । आदिवासीहरुको सांस्कृतिक रीतिरिवाजको अध्ययन अनुसन्धान गराउने र तिनीहरुको संरक्षण र संवर्द्धनका लागि सम्बन्धित निकायमार्फत आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका अतिरिक्त नवौं योजना अवधिमा मुलुकमा रहेका विभिन्न जनजातिका सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्नुको साथै पर्यटकहरु आकर्षित गर्न एउटा जनजाति संग्रहालय स्थापना गर्नेतर्फ पनि आवश्यक कदम चालिनेछ ।

जनसहभागितामा आधारित विकास कार्यक्रम : ग्रामीण विकासमा स्थानीय जनताको सहभागिता जुटाउन सकिएमा मात्र दिगो विकास सम्भव हुन्छ । यसैले नवौं योजनामा स्थानीय जनताको आवश्यकताको आधारमा स्थानीय उपभोक्ता समूह, गाउँ विकास समिति र नगरपालिकाहरुले तयार पारेको योजनामा सम्बन्धित त्यस्ता निकायहरुको नगद योगदान समेत रहने गरी साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमअन्तर्गत स्थानीय जनताको मागको आधारमा खानेपानी, सिंचाइ, सडक तथा अन्य आय आर्जनलाई सघाउ पुऱ्याउने आयोजनाहरु सञ्चालन गरिनेछ । यस्तो कार्यक्रम स्थानीय उपभोक्ता समितिको स्वामित्व र नियन्त्रणमा सञ्चालन गरिनेछ र स्थानीय प्रविधिको परिचालनमा जोड दिइनेछ ।

कृषिसडक : दीर्घकालीन कृषि योजनामा व्यवस्था भएअनुरुप कृषि उत्पादनका दृष्टिले महत्वपूर्ण पकेट क्षेत्रहरुमा उत्पादन र बजार प्रक्रियालाई सघाई निजी क्षेत्रको आर्थिक क्रियाकलाप बढाउन उत्पादन थलो र नजिकको मोटर चल्ने मूलसडकलाई जोड्न कृषिसडक आयोजना संचालन गरिनेछ । स्थानीय जन सहभागिताको आधारमा संचालन गरिने यस कार्यक्रमले कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउनेछ । नवौं योजनावधिमा २२३८ कि.मि. ग्रामीण कृषिसडक निर्माण गरिनेछ । ग्रामीण कृषिसडक आयोजनाको अनुगमन तथा मूल्यांकन गर्न र कार्यान्वयन तहमा आवश्यक प्राविधिक सहयोग पुऱ्याउन स्थानीय विकास मंत्रालयको प्राविधिक पक्षलाई सुदृढ तुल्याइनेछ । यसको लागि ग्रामीण पूर्वाधार विकास तथा कृषि सडक विकासको स्थापना गरिनेछ ।

स्थानीय विकास निर्माण कार्यक्रम : स्थानीय विकासका लागि ग्रामीण पूर्वाधार महत्वपूर्ण पक्ष हो । श्रममूलक प्रविधि अपनाई निर्माण गरिने यस्ता पूर्वाधारहरुको निर्माण कार्यमा ग्रामीण क्षेत्रमा रोजगारीको सिर्जना भई गरिबी निवारणका साथै स्थानीय स्रोत, साधन तथा सीपको परिचालन भई स्थानीय अर्थव्यवस्थाको विकासमा सघाउ पुग्न जानेछ । गाउँदेखि सदरमुकाम वा वरपर जोड्ने, पर्यटन उद्योगमा महत्व राख्ने स्थानीय ग्रामीण सडक तथा घोडेटो बाटो निर्माण तथा पहाडी भेगमा रहेको स्थानीय मार्गमा पर्ने साना ठूला नदीहरुमा झोलुङ्गे पुलहरुको निर्माण गरी स्थानीय जनतालाई आवागमनको सुविधा उपलब्ध गराइनेछ । ग्रामीण विकासका लागि थप पूर्वाधार खडा गर्ने उद्देश्य राखी नवौं योजना अवधिमा यस कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ । यो कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय निकायको प्रत्यक्ष सहयोग र सहभागितामा श्रममूलक प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।

योजना अवधिमा ४७० कि. मि. स्थानीय ग्रामीण सडक सर्वेक्षण तथा मर्मत सुधार र ७०० कि. मि. घोडेटो बाटो सर्वेक्षण, निर्माण तथा मर्मत सुधार र अन्य सडक निर्माण सुधार १५३० कि. मि. गरी जम्मा २००० कि.मि. बाटो निर्माण सुधार गर्ने लक्ष्य राखिएको छ । यसैगरी झोलुङ्गे पुल निर्माणतर्फ

नवौं योजना अवधिमा क्रमागत र नयाँ गरी जम्मा ४०० निर्माण तथा सुधार कार्य गर्न लक्ष्य राखिएको छ ।

स्थानीय बिकास अनुदान : नवौं योजना अवधिमा स्थानीय निकायको आफ्नो स्रोत साधन तथा सीपको परिचालनमा सहयोग पुऱ्याउन स्थानीय निकायलाई दिइने अनुदानलाई निरन्तरता दिइनेछ । यसअन्तर्गत जिल्ला विकास समिति अनुदान, गाउँ विकास समिति अनुदान तथा नगरपालिका अनुदान दिइनेछ । प्रवाहित हुने अनुदान रकमबाट उत्पादन एवं उत्पादकत्व वढाउने कार्यक्रम र जनशक्ति विकास, सामाजिक सुरक्षा, गरिबी निवारण र रोजगारमूलक कार्यक्रमतर्फ लगानी गर्न अभिप्रेरित गर्ने कार्यक्रम राखिनेछ ।

जिल्ला विकास समिति अनुदान

जिल्लामा सञ्चालन हुने जिल्लास्तरीय कार्यक्रमहरुलाई प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधन उपलव्ध गराइने क्रममा जिल्लाको जनसंख्या, भौगोलिक विकटता, विद्यमान विकासको पूर्वाधारका आधारमा अनुदान उपलब्ध गराइने क्रमलाई नवौं योजनामा पनि जारी राखिनेछ । जिल्ला विकास समितिहरुलाई जिल्लाको समष्टिगत विकासको केन्द्रविन्दु बनाइनेछ । यसवाट जिल्लाको विकास कार्यमा सघाउ पुग्नेछ । स्थानीय विकास कार्यक्रम सञ्चालन गर्नको लागि जिल्ला विकास समितिको क्षमता वृद्धि गर्दै लगिनेछ र स्थानीय विकास प्रक्रियामा जिल्ला विकास समितिलाई पूर्ण स्वायत्तता प्रदान गरिनेछ ।

गाउँ विकास समिति अनुदान

गाउँ विकास समितिलाई विकास केन्द्रको रुपमा अघि वढाउने र गाउँका सानातिना आवश्यकता आफ्नै श्रम सीप र पूँजी लगाएर समाधान गर्न सक्षम तुल्याउने उद्देश्यले प्रत्येक गाउँ विकास समितिलाई एकमुष्टरुपमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । गाउँ विकास समितिको क्षमता आभिवृद्धि गर्ने, गाउँको विकास निर्माण कार्य गुणस्तरयुक्त तुल्याउने र गाउँ विकास समितिले आफ्नो सानातिना आवश्यकता पूर्ति गर्न अरुको मुख ताक्नु नपर्ने स्थितिको सिर्जना गर्ने कार्यमा यस कार्यक्रमले सघाउ पुऱ्याउने विश्वास लिइएको छ ।

नगरपालिका अनुदान

न्यून आय भएका नगरपालिकाहरुलाई आ-आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास निर्माण कार्यका लागि अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिकाहरुको आफ्नो आन्तरिक स्रोत परिचालन गर्ने क्षमताको वृद्धि गरिनेछ । नगरपालिकाहरुको स्थानीय कर आधारलाई फराकिलो पार्दै लगिनेछ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम : प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरुको भावनाअनुरुप आ-आफ्नो क्षेत्रको विकास निर्माणमा सांसदहरुको सक्रिय सहभागिता वढाउनको लागि निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई यथावत् सञ्चालन गरिनेछ । जिल्ला विकास समितिले सञ्चालन गर्ने कार्यक्रम र यस कार्यक्रमबीच समन्वय ल्याउन आवश्यक संस्थागत तथा प्रक्रियागत व्यवस्था मिलाइनेछ ।

८.३ पिछडिएका विशेष क्षेत्रको विकास

१. पृष्ठभूमि

नेपालको भौगोलिक वनोट आफ्नै ढंगको विशिष्ट खालको छ । उत्तर-दक्षिण गरी करिव ८०-८५ कि.मि. को दूरीमा फैलिएको भूतल समुद्र सतहबाट १५० देखि ८,००० मिटरसम्म रहेको छ । पूर्वबाट पश्चिम विस्तारित जमिनको उँचाइ दक्षिणबाट उत्तरतर्फ बढ्दै गएको छ । उत्तरबाट दक्षिण बग्दै आएका प्रमुख नदीनालाहरुले गर्दा भौगोलिक रुपमा मुलुक स-साना भागमा छुट्टिएको छ । एकदमै विकट, डाँडाकाँडाले भरिएको र उर्वर भूमिको निकै अभाव भएको नेपालको ठूलो भूभाग भौतिक आर्थिक एवं सामाजिक रुपले अत्यन्त पिछडिएको छ । भौगोलिक कारणले गर्दा यस्ता क्षेत्रको वसोवास स्थिति यत्र-तत्र छरिएर रहेको अवस्थामा छ । यसबाट यातायात, स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता आधारभूत सुविधाहरु ती ठाउँमा पुऱ्याउने काम एकदमै खर्चिलो हुन गएको छ । अति दुर्गम तथा विकट क्षेत्रमा वसोवास गर्ने जनतालाई राष्ट्रिय विकासको मूलधारमा समेट्दै जाने विगतमा प्रयास गरिएको भए तापनि यस्ता क्षेत्रको वास्तविक समस्या पहिचान हुन नसक्नु र यी क्षेत्रमा वसोवास गर्ने जनताप्रति विगत योजनाहरुले खास सम्वेदनशीलता ग्रहण नगर्नु आदि इतयादि कारणले यी क्षेत्रहरु राष्ट्रिय आर्थिक विकासको मूलप्रवाहमा समाहित हुन सकेनन् र विकासको प्रतिफल तीसमक्ष पुग्न सकेन । पूर्वाधारहरुको नितान्त अभाव, आर्थिक पछौटेपन जस्ता कारणलाई ध्यानमा राखी नवौं योजनाले देशको २५ जिल्लाका ६३२ गा.वि.स. लाई विशेष क्षेत्रको रुपमा अंगीकार गरेको छ । अंगीकृत यी क्षेत्रमा साधन स्रोतको कमी छैन । स्थानअनुसार यी क्षेत्रमा पशुपालन, जडीबुटी, बीउबीजन, कस्तुरी आदिको व्यावसायिक उत्पादन गर्न सकिने प्रचुर सम्भावना छ । धेरै ठाउँलाई पर्यटनस्थल क्षेत्रको रुपमा पनि विकास गर्न सकिन्छ । यिनै सम्भावनाहरुलाई ध्यानमा राखी साधन र स्रोतको समुचित उपयोगद्वारा यी क्षेत्रको विकास कार्यक्रमलाई अघि वढाउँदै लैजाने सोच नवौं योजनाले राखेको छ ।

२. विद्यमान समस्याहरु

भौगोलिक विकटता विशेष क्षेत्रको रुपमा लिइएका ठाउँहरुको प्रमुख समस्या हो । यी क्षेत्रमा गाउँ विकाससमितिको एक वडाबाट अर्को वडामा पुग्न १-२ दिनसम्म हिड्नु पर्ने स्थिति छ । यी सवै क्षेत्र दक्षिण महाभारत श्रृँखला र उत्तर हिमाली क्षेत्रमा पर्दछन् । पूर्वदेखि पश्चिम फैलिएको अग्ला पहाडहरुको श्रृँखला र उत्तरबाट दक्षिणतर्फ बगेका नदीनालाहरुका कारण यी क्षेत्रको भौगोलिक वनोट एकदमै विकट छ ।

विकट पहाड र हिमालको अवस्थितिका कारण यी क्षेत्रमा खेतीयोग्य जमिनको कमी भए तापनि अधिकांश क्षेत्रमा वनजंगल विकास एवं जडीबुटी खेतीलगायत पशुपालन र लघु उद्योग व्यवसायको यथेष्ट सम्भावना छ । यसका लागि छरिएर रहेको वसोवासलाई खास खास ठाउँमा व्यवस्थित गराइनु जरुरी छ ।

यातायात, विद्युत् एवं संचारजस्ता सेवाको अनुपलब्धता यी क्षेत्रको सर्वाङ्गीण विकासको बाधक कारकको रुपमा रहेको छ र स्वास्थ्य, शिक्षा जस्ता आधारभूत सामाजिक सेवाको अभावमा यी क्षेत्रमा वसोवास गर्ने जनताको जीवन एकदमै पछाडि परेको छ ।

यी क्षेत्रमा केही मात्रामा उत्पादन भइरहेका र बृहत् सम्भावना भएका फलफूल, तरकारीका बीउ-बीजन, जडीबुटी उत्पादनलाई बजारसम्म पुऱ्याउने पूर्वाधारको कमीले गर्दा यस्ता उत्पादनहरुको व्यावसायिक विकास हुन सकेको छैन ।

क्षेत्रगत विकटताका कारण सरकारले यस्ता क्षेत्रमा उपलब्ध गराएको विभिन्न सामाजिक सेवा तथा स्थानीय निर्माण कार्यक्रमहरुको प्रभावकारिताको अनुगमन हुन सकेको छैन । यसबाट सरकारले आफ्नो स्रोतले भ्याएसम्म सञ्चालन गरेको कार्यक्रम र तिनमा भएको खर्चको प्रतिफल यी क्षेत्रमा वसोवास गर्ने जनताले पाउन सकेनन् । राजनैतिक रुपले सवै जनतालाई परिचालन गर्न पनि सकिएन ।

३. दीर्घकालीन अवधारणा

देशका पिछडिएका क्षेत्रमा वसोवास गर्ने जनतालाई समग्र राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित नगरेसम्म लक्षित विकास हासिल हुन नसक्ने टड्कारो तथ्यलाई ध्यानमा राखी यी क्षेत्रको विकास कार्यक्रमहरुलाई एकीकृत ढंगबाट अघि बढाउँदै लैजाने दीर्घकालीन अवधारणा राखिएको छ । यसअनुरुप सरकारी एवं अन्य क्षेत्र समेतबाट विशेष स्रोत एवं साधनहरु परिचालन गरी २० वर्षभित्र देशका अन्य सुगम क्षेत्रसरह यी क्षेत्रको विकास गरिनेछ । विशेष क्षेत्रमा परेका जिल्लाहरुमा क्रमिक रुपमा विकास निर्माणका पूर्वाधार तथा आर्थिक–सामाजिक विकासका आधारशिलाहरु सिर्जना गर्दै लगिनेछ । साथै यी क्षेत्रमा रहेका साधन स्रोतहरुको अधिकतम उपयोगद्वारा त्यहाँका वासिन्दाहरुमा रहेको सीप र क्षमताको समेत परिचालन गरी राष्ट्रको समग्र विकास प्रक्रियामा उनीहरुलाई सहभागी गराइनेछ ।

नवौं योजना

४. उद्देश्य

- विशेष क्षेत्रमा वसोवास गर्ने र अन्य क्षेत्रका वासिन्दाहरुबीच रहेको आर्थिक, सामाजिक असमानतालाई हटाउने ।
- विशेष क्षेत्रमा उपलब्ध स्रोत-साधनहरुको अधिकतम परिचालन गरी ती क्षेत्रका जिल्लाहरुलाई चरणवद्ध रुपमा सुगम जिल्लामा रुपान्तरण गर्ने ।
- विशेष क्षेत्रभित्रका सम्भाव्य स्रोत सम्पदाहरुको समुचित प्रयोग र मानव संसाधनको विकास गरी गरिबी र पछौटेपन निर्मूल गर्ने ।
- विशेष क्षेत्रका वसोवासीहरुको सामुदायिक एवं संस्थागत क्षमतामा वृद्धि गर्ने ।

५. नीति तथा कार्यनीति

- विशेष क्षेत्रभित्र उपलब्ध प्राकृतिक सम्पदाहरुबाट उत्पादनमुखी एवं आय आर्जन तथा रोजगारमुखी कार्यक्रमहरु संचालन गरिनेछ ।
- उपयुक्त विकास कार्यक्रमहरुको कार्यान्वयनद्वारा विशेष क्षेत्रमा वसोवास गर्ने जनताको सामाजिक-आर्थिकस्तर उकासी उनीहरुलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्दै लगिनेछ ।
- विशेष क्षेत्रभित्र समावेश गरिएका जिल्लाहरुमा पूर्वाधार निर्माण, मानव संसाधन विकास एवं जनचेतना वृद्धि जस्ता कार्यक्रमहरु संचालन गरी ती जिल्लाहरुलाई क्रमिक रुपमा सुगम जिल्लामा रुपान्तर गर्दै लगिनेछ ।
- विशेष क्षेत्रमा सहभागितात्मक तथा एकीकृत विकास योजनामार्फत् उपलब्धिमूलक लगानी गर्ने नीति लिइनेछ ।
- विशेष क्षेत्रका जिल्लाहरुमा विकासका सम्भावनाहरुको पहिचान गरी यसैका आधारमा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- विशेष क्षेत्रभित्र उत्पादित वस्तुहरुको विक्रीका निम्ति बजारको पहुँच नभएको हुँदा यातायातका पूर्वाधारहरु विकास गरी ती क्षेत्रमा उत्पादित वस्तुहरुका लागि बजार-प्रवर्द्धन गरिनेछ ।

- विशेष क्षेत्रभित्रका वासिन्दाहरुलाई आफ्नो आवश्यकता पहिचान, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । यसका लागि आवश्यक प्राविधिक सहयोग श्री ५ को सरकारका सम्वन्धित निकायहरु मार्फत् उपलब्ध गराइनेछ ।

६. कार्यक्रम

पूर्वाधार विकास :_

- पूर्वाधार विकासका दृष्टिले विशेष क्षेत्रहरु निकै पछाडि परेका छन् । सडक यातायातको व्यवस्था नभएका कारणले यी क्षेत्रमा उत्पादित वस्तुहरुले उपयुक्त बजार पाउन सकिरहेका छैनन् । नवौं योजनाकालको तेस्रोदेखि पाँचौ वर्षसम्ममा विशेष क्षेत्रमा वर्गीकृत क्षेत्रका विशेष सामरिक केन्द्रहरुमा सडक यातायात पुऱ्याउने गरी कार्यक्रम संचालन गरिनेछ । साथै सडक यातायातको पूर्वाधार नभएसम्मका लागि उपयुक्त स्थानमा घोडेटो बाटो निर्माणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ । यसैगरी ग्रामीण पूर्वाधार विकासका लागि ग्रामीण यातायात विकास कार्यक्रमहरु चरणवद्ध रुपमा संचालन गरिनेछ ।

- यी क्षेत्रभित्र सिँचाइ हुन वाँकी जग्गाहरुमा लघु सिँचाइ कार्यक्रम संचालन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

- यस क्षेत्रमा उपलब्ध साधन स्रोतहरुको परिचालन गरी औद्योगिक वस्तु उत्पादन गर्न ग्रामीण स्तरमा "ग्रामीण उद्यमी विकास कोष" खडा गरिनेछ । उद्यमी विकास एवं लघु ऋण कार्यक्रमका माध्यमबाट स्थानीय उत्पादन प्रवर्द्धन एवं बजार व्यवस्थापनको विशेष व्यवस्था गरिनेछ ।

- यस क्षेत्रभित्र सम्भाव्य देखिएका साना जलविद्युत् आयोजनाहरु निजी र समूहक्षेत्रको सहभागितामा निर्माण गराइ औद्योगिक एवं अन्य व्यवसायका लागि पूर्वाधार खडा गर्ने व्यवस्था गरिनेछ ।

- विशेष क्षेत्रभित्र साना तटवन्ध र वृक्षरोपण, स्कूल भवन, मन्दिर, गुम्बा आदिको मर्मत, नर्सरी, तरकारी तथा फलफूल विकास, उन्नत पशुपक्षी-पालनजस्ता सानातिना पूर्वाधार र आयमूलक कार्यक्रमहरु संचालन गर्न सम्बद्ध लाभान्वित वर्गलाई अभिप्रेरित गरिनेछ ।

मानवीय संसाधन विकास :

- शैक्षिक दृष्टिले पनि विशेष क्षेत्रका वासिन्दाहरु निकै पछाडि छन् । यत्रतत्र छरिएर रहेको वसोवासका कारणले यस क्षेत्रको जनघनत्व पनि एकदम कम छ । शैक्षिक संस्थाहरुमा विद्यार्थी संख्या कम भएका कारण यस्ता सस्थाहरुको संचालन खर्च निकै बढी रहेको छ । तर शैक्षिकस्तर भने धेरै न्यून छ । यस तथ्यलाई दृष्टिगत गरी छरिएर रहेका विद्यालयहरुलाई कसरी सघनीकृत गर्न सकिन्छ भन्ने सम्बन्धमा विस्तृत अध्ययन गरिनेछ । घुम्ती शिक्षक, चरण क्षेत्र शिक्षण आदिको सम्भाव्यता अध्ययन गरिनेछ ।

- यी क्षेत्रमा शैक्षिक चेतनाको कमी रहेकाले औपचारिक एवं अनौपचारिक शैक्षिक कार्यक्रमहरुलाई विशेष कार्यक्रमका रुपमासंचालन गरिनेछ । सचेतना कार्यक्रमहरुमार्फत् बालबालिकाहरुलाई विद्यालय पठाउन अभिप्रेरित गरिनेछ ।

- भाषा, जलवायु आदिका कारणबाट शिक्षामा बाधा परेको ठाउँमा त्यसको निराकरण गर्ने प्रयत्न गरिनेछ ।

- श्रमबजारको आवश्यकता पहिचान गरी यस क्षेत्रका युवायुवतीहरुलाई रोजगारीउन्मुख एवं श्रममूलक तालिम तथा प्रशिक्षण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । क्षेत्रभित्रका महिलाहरुलाई प्राथमिक स्वास्थ्य तालिम उपलब्ध गराइ जनसंख्या शिक्षा, मातृशिशु स्वास्थ्य, सरसफाइ आदि कार्यक्रमहरुमार्फत चेतना अभिवृद्धि गर्ने कार्यमा संलग्न गराइनेछ ।

- क्षेत्रभित्रका प्राविधिक विद्यालयहरुमा सम्बन्धित क्षेत्रकै वासिन्दाहरुलाई भर्नामा प्राथमिकता दिइ उनीहरुलाई प्रशिक्षित र उनीहरुको क्षमता वृद्धि गरिनेछ ।

- स्वच्छ खानेपानी, शौचालय व्यवस्था र घर वरिपरिको वातावरण स्वच्छ राखी रोगहरुको रोकथामका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

व्यवस्थित वसोवास र स्थानीय साधन परिचालन :

- यी क्षेत्रभित्रका धेरैजसो जिल्लामा वसोवास निकै छरिएर रहेको हुँदा आर्थिक, सामाजिक विकासका कार्यक्रमहरु एवं पूर्वाधार निर्माणकार्य निकै जटिल र खर्चिलो हुन गएको छ । यस स्थितिमा सुधार ल्याउन सम्भाव्य देखिएका क्षेत्रहरुमा विकास निर्माणका पूर्वाधारहरु सिर्जना गरी वसोवासलाई सघनीकृत गर्न अभिप्रेरित गरिनेछ । यसपछि विकास निर्माणका कार्यक्रमहरुलाई खासखास स्थानमा केन्द्रित गरी संचालन गर्ने र स्थानीय स्रोत साधनहरुको संरक्षण एवं अव्यवस्थित उपयोग गराउने सोचअनुरुप कार्यक्रम संचालन गरिनेछ ।

- विशेष क्षेत्र अन्तर्गतका जिल्लाहरु स्थानीय स्रोत सम्पदाका हिसाबले विपन्न छैनन् । स्रोत सम्पदाहरुको सदुपयोग एवं व्यावहारिक उपयोग ल्याउन नसकिएको स्थिति मात्र छ । त्यसैले यस क्षेत्रभित्रका स्रोत साधनहरुको व्यावसायिक प्रयोगका सम्भावनाहरु माथि अध्ययन गरी चरणवद्ध रुपमा तिनीहरुको परिचालन गरी स्थानीय जनताको जीवनस्तर उकास्ने खालका विभिन्न कार्यक्रम संचालन गरिनेछ । पशुपालन, काठ-पात जडीबुटी, बीउ-बीजन, कस्तुरी आदिको व्यावसायिक उत्पादनमा जोड दिइ तिनका लागि उपयुक्त बजार व्यवस्था मिलाइनेछ । आवश्यकताअनुसार सम्बन्धित जिल्लाहरुमा यी वस्तुहरु प्रशोधन गरी उपभोग्यवस्तु उत्पादन गर्ने उद्योगहरु स्थापना गरिनेछ ।

- यी क्षेत्रभित्रका जिल्लाहरुमा पर्यटनस्थल विकास गर्न सकिने स्थानहरुको पहिचान गरी तिनको विकासमा जोड दिइनेछ । सम्भाव्य स्थानहरुमा क्रमशः आरक्षित क्षेत्र एवं राष्ट्रिय निकुञ्ज स्थापना गरी स्थानीय जनताको सहभागितामा सञ्चालन गरिनेछ । साथै उपयुक्त देखिएका स्थानहरुमा सरकारी क्षेत्र, गैरसरकारी क्षेत्र एवं उपभोक्त वर्गबीच समन्वय कायम गरी संयुक्त व्यवस्थापनमा स्थानीय स्रोत साधनहरुको संरक्षण र उत्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

अन्य कार्यक्रम :

- यस क्षेत्रभित्र चरणवद्ध रुपमा उत्तरी क्षेत्र पर्यटन विकास आयोजना, दुर्लभ वन, वनस्पति, जडीबुटी र जनावर संरक्षण प्रवर्द्धन आयोजना, उत्तरी क्षेत्रतर्फ व्यापार विकास योजना सामाजिक, सांस्कृतिक विकास आयोजना जस्ता कार्यक्रम/आयोजनाहरुको चरणबद्ध रुपमा विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

कार्यक्रम कार्यान्वयनका लागि विशेष व्यवस्था :

- विशेष क्षेत्रमा विद्यमान कष्टकर समस्याहरुको समाधानका लागि जनचेतना अभिवृद्धि कार्यक्रम अभियानका रुपमा संचालन गरिनेछ । राष्ट्रिय स्वयंसेवक कार्यक्रम संचालन गरी क्षेत्रभित्रका प्रत्येक

गाउँ विकास समितिमा जनचेतना बढाइनेछ । यसै कार्यक्रममार्फत् स्थानीय जनतालाई उनीहरुको आवश्यकता पहिचान गरी आफ्नै सहभागितामा विकास निर्माणका कामहरु संचालन गर्न शिक्षक, उत्प्रेरक र प्राविधिकको भूमिका खेलिनेछ । यो कार्यक्रम यस क्षेत्रभित्रका ६३२ गा.वि.स.मा नवौं योजनाको दोस्रो वर्षदेखि नै प्रारम्भ गरिनेछ ।

- विशेष क्षेत्र विकाससम्बन्धी विषयगत कार्यक्रम सम्बन्धित निकायले गर्ने र अन्य कार्यक्रम दुर्गमक्षेत्र विकास समितिमार्फत् सम्बन्धित जिल्ला विकास समितिको सम्पर्कमा रही संचालन गराइनेछ । यसका निम्ति आवश्यकताअनुसार गैरसरकारी संस्थाहरुलाई परिचालन गरिनेछ । श्री ५ को सरकारका जिल्लास्तरका निकायहरुमार्फत आवश्यक प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।

- श्री ५ को सरकारका विभिन्न निकायद्धारा संचालन गरिने विषयगत कार्यक्रमहरुलाई संयोजित गरी प्रभावकारी बनाइनेछ ।

- जिल्लास्तरमा गठन हुने जिल्ला विकास समस्या समाधान समितिले कार्यक्रमहरुको नियमित समीक्षा गर्ने व्यवस्था मिलाइनेछ । साथै स्थानीय विकास मन्त्रालयबाट कार्यक्रमहरुका नियमित अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था गरिनेछ । राष्ट्रिय योजना आयोगमा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने एक छुट्टै एकाइ गठन गरिनेछ । नियमित अनुगमन तथा मूल्याङ्कनका लागि सूचना एवं प्रतिवेदन प्रणालीलाई व्यवस्थित, भरपर्दो र नियमित गराइनेछ ।

८.४ मानव बसोबास तथा शहरी विकास

१. पृष्ठभूमि

शहरीकरणको प्रक्रिया नेपालमा क्रमिक रुपले बढ्दै गइरहेको छ । केही समय यतादेखि काठमाडौं उपत्यकाको तीव्र शहरीकरण हुनुका साथै प्रमुख राजमार्गहरुका आसपास धेरै नयां शहर बजारहरुको विस्तार भइरहेको छ । तर शहरी जनसंख्याको वृद्धिको अनुपातमा आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारहरु बढ्न सकेका छैनन् । सरसफाइ तथा सेवा सुविधाको अभावले अधिकांश शहरी क्षेत्रको वातावरण दूषित र अस्वस्थ्यकर हुँदैगएको छ । बढ्दो ग्रामीण जनसंख्यालाई कृषि पेशाले मात्र धान्न सक्ने स्थिति नरहेको हुंदा आन्तरिक बसाइँ-सराइ बढिरहेको छ । यसबाट शहरी क्षेत्रमा पहिले नै अपर्याप्त रहेको सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरुमा थप चाप पर्न गएको छ ।

शहरी क्षेत्रमा करीव २४ प्रतिशत परिवार अर्काका घरमा र ७.३ प्रतिशत परिवार सार्वजनिक जमीनमा अनधिकृत कब्जा गरी झुपडी बनाई वसिरहेका छन् । नेपाल अधिराज्यमा हाल ३० लाख आवासीय घर भएको र यसमध्ये २७ लाख घर ग्रामीण क्षेत्रमा र ३ लाख घर शहरी क्षेत्रमा भएको अनुमान छ । सीमित साधन र स्रोत भएको हाम्रो जस्तो देशमा सरकार आफैले घर बनाएर जनतालाई उपलब्ध गराउन नसक्ने हुंदा सरकार र निजी क्षेत्रको संयुक्त सहभागितामा मात्र आवास विकासको कार्यलाई अघि बढाउन सकिने हुन्छ ।

सरकारी, अर्ध सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा गरी भवन निर्माणमा वर्षेनी ठूलो रकम लगानी भइरहेको छ । मुलुकमा उपलब्ध निर्माण सामग्री र प्रविधिको अध्ययन, परीक्षण र अनुसन्धान गरी स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोगका साथै किफायती, सरल, सुलभ र वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने वैकल्पिक निर्माण सामग्रीको प्रयोग र सुरक्षित निर्माण प्रविधिको विकास एवम् विस्तार गर्नु अति आवश्यक भएको छ । केन्द्रदेखि जिल्लास्तरसम्म श्री ५ को सरकारका अधिकांश कार्यालय भवनहरु भाडाका घरमा रहेका छन् । केही सरकारी कार्यालय भवनहरु जीर्ण एवम् पर्याप्त भौतिक सुविधाविहीन हुंदा ती कार्यालयहरुमा काम गर्ने उपयुक्त वातावरण छैन । सरकारी कार्यालय भवन र कर्मचारी आवासगृहको आवश्यकतालाई ध्यानमा राखी श्री ५ को सरकारले दीर्घकालीन लगानी योजना तयार गरी मुलुकभर कार्यान्वयन गर्नुपर्ने र सवै भवनमा काम गर्ने उपयुक्त वातावरणको सिर्जना गरिनु आवश्यक छ ।

२. आठौ योजनाको समिक्षा :

आठौं योजना अवधिमा नेपाल अधिराज्यमा तीव्र रुपमा बृध्दि हुँदै गइरहेको शहरीकरणलाई एक भौतिक विस्तारको रुपमा मात्र नहेरी राष्ट्रिय अर्थतन्त्रको दिशामा योगदान पुग्न सक्ने मान्यताको रुपमा लिइएको थियो । यसका लागि मूलतः निजी क्षेत्रकै सशक्त सहभागितामा शहरीकरण कार्यक्रमलाई संचालन गर्नुपर्ने पक्षमाथि जोड दिइयो । योजनामा शहरीकरण प्रक्रियामा राष्ट्रिय पूर्वाधारहरु र वित्तीय नीतिको प्रभाव, शहरी केन्द्रहरुको विकासबाट वरिपरिका ग्रामीण क्षेत्रहरुमा पुऱ्याउन सकिने सेवा सुविधा र ग्रामीण क्षेत्रमा सिर्जना हुने कृषि रोजगारी एवं अन्य गैर कृषि रोजगारीको अवसर आदि पक्षलाई नीतिका रुपमा लिइयो । जनजीवनको गुणस्तरको दृष्टिकोणबाट मौजुदा ग्रामीण आवासमा क्रमिक सुधार ल्याउनुपर्ने आवश्यकता, सुनियोजितरुपमा शहरी आवास निर्माण, अत्यावश्यक सेवा सुविधाको उपलब्धी, नगरवासीहरुको आयस्तर र आवासको न्यूनतम मूल्यबीचको सन्तुलन आदि कुरा तर्फ सुधार ल्याउन नीतिगत रुपमा विशेष जोड दिइएको थियो ।

आठौं योजना अवधिमा शहरी विकासको सन्दर्भमा सवैजसो नगरपालिकाहरुको भौतिक विकास योजनाको परिमार्जन एवं अद्यावधिक गर्ने कार्य सम्पन्न गर्नुका साथै १२ वटा नगरपालिकाको एकीकृत कार्यमूलक योजना तयार गरिएको छ । शहरी विकास व्यवस्थापन सहयोगद्वारा आयोजनाहरुको पहिचान र तर्जुमा गर्न नगरपालिकाहरुको क्षमता विकास, काठमाडौं उपत्यकाको अव्यवस्थित र तीव्र शहरीकरणको कारणले उत्पन्न वातावरणीय समस्यालाई निराकरण गर्न पूर्वाधार सुधार तथा विकास संरक्षण कार्यहरु र शहरी विकास सम्बन्धी मौजुदा ऐन नियमहरुमा आवश्यक सुधार गरिएका छन् ।

ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँ-सराइको गति बढ्दो क्रममा छ । अर्कोतर्फ ग्रामीण क्षेत्रकै सामाजिक, आर्थिक एवं वातावरणीय समस्याहरु दिन प्रतिदिन जटिल हुदै गएका छन् । यस परिप्रेक्ष्यमा साना शहर बजारहरुको विकासको माध्यमबाट ग्रामीण क्षेत्र र शहरी क्षेत्रबीच अन्तर्सम्बन्ध विकास गर्न विगत केही बर्षदेखि केही प्रयास भएता पनि बहुसख्यक ग्रामीण क्षेत्र र जनसमुदाय कार्यक्रमको परिधि भित्र पर्न सकेका छैनन् ।

नगरपालिकाहरुको विकास योजना तथा कार्यक्रमहरुको निर्धारण, कार्यान्वयन एवं मूल्यांकनका लागि नगर विकास कोषमार्फत करीव रु. १३.४६ करोडको ऋण लगानी र करीब रु ९.६० करोडको अनुदान प्रवाहित भएको छ ।

राष्ट्रिय आवास नीति तर्जुमा गरी लागू गरिएको छ । आवास क्षेत्रमा सरकारी र गैरसरकारी निकायहरुको भूमिका स्पष्ट गरिनुका साथै मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरु समेत किटान गरिएको छ । राष्ट्रिय स्तरका केही मन्त्रालय भवनहरु, वीरेन्द्र अन्तर्राष्ट्रिय सभागृह आदिको निर्माण पूरा गरिनुका साथै सांसद आवास निर्माण सम्बन्धी गुरुयोजना तयार गरिएकोछ । भवन निर्माण संहिता तयार गरिएको छ र यसको कार्यान्वयन तर्फ आवश्यक पूर्वाधार तयार गरिएकोछ । साथै, काठमाडौ उपत्यकाभित्रका केही सांस्कृतिक तथा धार्मिक क्षेत्रहरुको पहिचान गर्नुका साथै केही क्षेत्रहरुमा गुरुयोजना तयार गरी योजनाबद्ध रुपमा वतावरण सुधार र दीर्घकालीन संभार एव्म संरक्षणको व्यवस्था गरिएको छ ।

२०४५ सालको भूकम्पबाट प्रभावित विद्यालयहरुको पुनः निर्माण कार्यक्रमअन्तर्गत विश्व बैंकको ऋण सहयोगमा आवाससम्बन्धी केही संगठनात्मक सुधार र विद्यालय पुनःनिर्माण कार्यक्रम संञ्चालन भएका छन् । यस कार्यक्रमअन्तर्गत भूकम्पबाट प्रभावित पूर्वान्चल तथा मध्यमाञ्चलका २९ जिल्लामा गरी ७६९७ दुई कोठे विद्यालय भवनहरुको निर्माण कार्य सम्पन्न भएको छ ।

आठौं योजनामा आवास क्षेत्रतर्फ सुविधायुक्त आवासीय घडेरीहरुको विकास, आवासीय भवनहरुको आपूर्ति, मौजुदा घरहरुको मर्मत तथा सुधार, भवन निर्माण सम्बन्धी अनुसन्धान, विकास तथा आवास क्षेत्रमा लगानी बढाउने आदि कार्य भएका छन् । स्थानीय निर्माण सामग्री र प्रविधिको विकासका लागि सीपमूलक तालिम, उपयुक्त निर्माण सामग्रीको विकास र विस्तारका साथै केन्द्रीय स्तरमा भवन अनुसन्धान केन्द्रको स्थापना गरिनुका साथै राष्ट्रिय कार्य योजनाको तर्जुमा गरिसकिएको छ ।

नयाँ घरको निर्माण गर्नुभन्दा विद्यमान घरहरुको मर्मत-संभारकार्य किफायत भएको कुरालाई आठौ योजनामा स्वीकार गरिए तापनि यस दिशामा योजनाबद्धरुपमा आवास सुधार कार्यक्रम लागू हुन सकेन । आवास विकासको लागि अति आवश्यक आवास ऋण तथा अन्य वित्तीय व्यवस्थापन विकास तर्फ उल्लेखनीय कार्य हुनसकेको देखिदैन । शहरीक्षेत्र र विशेषगरी राजधानीमा बढ्दैगएको अव्यवस्थित तथा अनधिकृत बसोबासले शहरी वातावरणलाई प्रतिकूल असर पारेको छ । आठौं योजनामा त्यस्ता वस्तीहरु सुधार गर्नेतर्फ उल्लेखनीय कार्यक्रम लागू हुन सकेको देखिदैन ।

शहरी क्षेत्रमा बढ्दो सवारीको चाप, वायु, ध्वनि एवं जलसम्बन्धी प्रदूषण र सार्वजनिक जग्गाहरुको अतिक्रमण कम गर्नेतर्फ आठौ योजनामा थालिएका प्रयासहरु अपर्याप्त देखिएकाछन् ।

३. विद्यमान चुनौतीहरु

- काठमाडौं उपत्यकाको विकासका लागि एकीकृत नीतिको अभाव, विभिन्न निकायहरुको काममा दोहोरोपन तथा समन्वयको कमीले गर्दा सन्तुलित र योजनाबद्ध विकासमा बाधा पर्न गएको देखिन्छ

- बढ्दो जनसंख्याको चापको कारण अधिराज्यभर नगरपालिका, नगरोन्मुख गाउँ, कतिपय घनावस्ती एवं अन्य शहरबजारहरुको संख्या बढ्दैछ तर उपलब्ध सीमित स्रोत एवम् साधनद्वारा आवश्यक भौतिक सेवा सुविधाहरु जुटाउनेतर्फ भइरहेको प्रयास प्रभावकारी हुन सकेको छैन ।

- महानगरपालिका, उप-महानगरपालिका र अन्य नगरपालिकाहरुमा पर्याप्त सुविधाहरुको विकास हुन सकेको छैन । नगरपालिका सदरमुकाम र अन्य शहरबजारहरुलाई ग्रामीण क्षेत्रको समष्टिगत विकासको केन्द्रविन्दुको रुपमा विकसित गरी शहरी क्षेत्र र ग्रामीण क्षेत्रबीच अन्तर्सम्बन्ध बढाउँदै लैजानेगरी व्यापकरुपमा कार्यक्रमहरु कार्यान्वित हुन सकेका छैनन् ।

- आवास एकाइहरुको बढ्दो माग आपूर्ति गर्नेतर्फ हालसम्म सरकारी र निजी क्षेत्र दुवैबाट संस्थागत रुपमा भएका प्रयासहरु अपर्याप्त देखिएका छन् ।

- नगरपालिका तथा शहरी क्षेत्रमा देखिएको अनियन्त्रित भू-विखण्डन र डोल क्षेत्रमा समेत घडेरीको विस्तार गर्ने खालको अनियन्त्रित क्षेत्र विभाजनद्वारा आवास तथा शहरहरुका नयां वस्तीहरु पनि अव्यवस्थित हुँदै गएका छन् ।

- भवन निर्माणतर्फ आयातित निर्माण सामग्रीहरुको प्रयोग व्यापक छ र यसै आधारमा निर्माण प्रविधिको विकास भइरहेको छ । सरकारी भवनहरुको निर्माणमा पनि स्थानीय स्रोत साधन र उपयुक्त प्रविधिको प्रयोग गर्नेतर्फ खास ध्यान पुग्न सकेको देखिँदैन । सरकारी भवनहरुको डिजाईन तथा निर्माण सुपरिवेक्षणमा निजी क्षेत्रका परामर्शदाता तथा निर्माण व्यावसायीहरुको उल्लेखनीय भूमिकाको विस्तार हुन नसकेकाले सरकारी तथा निजी क्षेत्र बीचको अन्तर्सम्बन्ध मजबूत हुन सकेको देखिँदैन ।

- विकेन्द्रीकरणको सिद्धान्तअनुसार शहरी योजनाको तर्जुमा, विकास तथा व्यवस्थापनमा नगर-पालिकाहरुले बढी जिम्मेवारी बहन गर्नुपर्नेमा नगरविकास समिति र नगरपालिकाको काम कर्तव्य अधिकार स्पष्ट हुन नसक्नाले शहरी विकासमा नगरपालिकाहरुको भूमिका न्यून हुन पुगी साधन र स्रोतको परिचालन प्रभावकारीरुपमा हुन सकेको पाइँदैन ।

- शहरी विकासलाई सरकारी क्षेत्रबाट सहयोग जुटाउने निकायहरुबीच समन्वयात्मक प्रयासहरु हुन नसकी नगरपालिका तथा अन्य शहरबजारको एकीकृत विकास प्रयासमा अन्यौल देखिएको छ ।

काठमाडौं उपत्यकाको शहरीकरण प्रक्रियामा जनसंख्याको अत्यधिक चाप बढ्दैगएको समस्या भन्दा पनि भौतिक पूर्वाधार, शहर प्रणालीका आधारभूत मान्यता र कुशल व्यवस्थापनको अभावमा सुव्यवस्थित विकास हुन सकेको छैन । यस्तै काठमाडौं उपत्यका विकास परिषद् पनि संस्थागत विकासको अभावमा प्रभावकारी हुन सकेको देखिँदैन ।

सरकारी निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रको भूमिका स्पष्ट हुन नसकेकोले निजी क्षेत्रमा छरिएको साधन र स्रोतलाई शहरी विकासतर्फ बाञ्छितरुपमा आकर्षित गर्न सकिएको देखिदैन ।

आवास वित्त कम्पनीको आफ्ना सेवाहरु काठमाडौं र ललितपुरमा मात्र सीमित भएको र आवास विकासका लागि सुविधायुक्त घडेरीहरुको व्यवस्था पर्याप्त मात्रामा जग्गा विकास कम्पनीहरुमार्फत गराउन सकिएको छैन ।

४. दीर्घकालीन अवधारणा

नेपालका शहरहरुलाई स्वस्थ्यकर, सुविधायुक्त, स्वच्छ, उत्पादनशील र सुरक्षित, तुल्याई एक सन्तुलित शहरी प्रणाली (balanced urban system) को स्थापना गरिनेछ । सांस्कृतिक, पर्यटकीय राजधानी शहरकारुपमा काठमाडौं उपत्यकाको विकास, अन्य महत्वपूर्ण क्षेत्रहरुमा सुनियोजित शहरीकरणको प्रवर्धन, शहर र ग्रामीण क्षेत्रबीच अन्तरसम्बन्धको स्थापना, साना शहरबजार केन्द्रहरुको विकास र विस्तारद्वारा रोजगारी प्रवर्धन नै शहरीकरणको दूरगामी लक्ष्य हुनेछ ।

राष्ट्रिय आवास नीतिअनुरुप मुलुकको आर्थिक विकासमा टेवा दिने, गरिबी निवारण गर्ने र जनताको जीवनस्तर उकास्ने महत्वपूर्ण माध्यमको रुपमा आवास क्षेत्रलाई अगाडि बढाई अघि तथा शहरी क्षेत्रमा जमीन तथा भौतिक पूर्वाधार, सेवा सुविधाहरु, उपयुक्त निर्माण प्रविधिको विकासका साथै आवश्यक वित्तीय व्यवस्था र संस्थागत सुधार गरी सुविधायुक्त र किफायती आवासीय घरहरुको विकास गरिनेछ । आवास क्षेत्रलाई आत्मनिर्भर गराई विद्यमान स्वआवासनिर्माण प्रणालीलाई सवल बनाउन सरकारी क्षेत्रले नियमकानुन पालना गराउनुका साथै उत्प्रेरक र सहजकारीको अग्रणी भूमिका बढाई निजी क्षेत्रको भूमिकालाई मूल रुपमा प्रबर्ध्दन गरिनेछ ।

दुर्गम पहाडी इलाकाहरुमा भौगोलिक दृष्टिकोणले उपयुक्त स्थानहरुमा घना वस्तीहरुको विकास गर्न आवश्यक पूर्वाधारहरुको व्यवस्था गरिनेछ । साथै जलविद्युत केन्द्र तथा राजमार्ग जस्ता ठूला खालका परियोजना कार्यान्वयन संगै त्यसबाट प्रभावित क्षेत्रमा ग्रामीण वस्तीहरुको विकासलाई एकीकृत रुपमा अघि वढाइनेछ ।

स्थानीय निर्माण सामग्री तथा सीपको अधिकतम उपयोग हुने तथा स्थानीय वास्तुकला झल्किने गरी सरकारी कार्यालयहरुको कमश: आफ्नै भवन निर्माण गरिनेछ । समयानुकूल निर्माण मापदण्ड संहिताका आधारमा निजी क्षेत्रको भवन निर्माण क्रियाकलापलाई व्यवस्थित गरिनेछ । देशका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण एवं सम्बर्द्धन गरिनेछ ।

नवौं योजना

५. उद्देश्य

शहरीकरण प्रक्रियालाई सुनियोजितरुपमा विकास गर्न र शहरी जीवनलाई सुविधायुक्त, उत्पादनशील तथा स्वस्थकर बनाउन भौतिक योजना प्रणालीको माध्यमद्वारा एकीकृत भौतिक तथा सामाजिक पूर्वाधारहरुको विकास गरिनेछ ।

राष्ट्रिय शहरी विकास नीतिअनुरुप राष्ट्रिय उत्पादनमा शहरी क्षेत्रको भूमिकालाई बढी सक्षम, दिगो तथा रोजगारीमूलक तुल्याई ग्रामीण विकासको परिपोषकको रुपमा शहरी विकास गरी गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।

आन्तरिक बसाई सराइलाई सुव्यवस्थित गराउन नगरपालिका तथा अन्य शहरहरुमा पूर्वाधार तथा जनसुविधाहरु (public utilities) को विकासमा जोड दिइनेछ ।

ग्रामीण तथा शहरी क्षेत्रमा आवास सुविधालाई सुव्यवस्थित बनाउन आवास सुविधा विकासमा निजी क्षेत्रलाई बढी सक्रिय गराइनेछ । साथै, कम खर्चिलो, सुरक्षित, स्वस्थ्यकर,सुविधायुक्त तथा वातावरण अनुकूल आवास प्रविधिको विकास गरी आवास सुविधाको स्तर बढाइनेछ ।

सरकारी कार्यालय भवन तथा कर्मचारी आवासको समुचित व्यवस्था गरिनेछ । साथै ऐतिहासिक सांस्कृतिक, धार्मिक स्थलहरुको संरक्षण तथा संभार गरिनेछ ।

सरकारी, अर्धसरकारी तथा गैरसरकारी भवन निर्माण क्षेत्रलाई बढी किफायती, सुर्रक्षित तथा उत्पादनमुखी बनाउन भवन निर्माण प्रविधिको अनुसन्धानमा व्यापकता र राष्ट्रिय भवन संहितालाई कार्यान्वयनमा ल्याइनेछ ।

६. नीति तथा कार्यनीति

- शहरीकरण प्रक्रियामा देखापरेको असन्तुलनलाई न्यून गराउनुका अतिरिक्त शहरी केन्द्र र ग्रामीण क्षेत्रको अन्तरसम्बन्ध बढाउँदै लैजानमा जोड दिइनेछ । सम्भावनाका आधारमा केही क्षेत्रहरुलाई ठूला शहरहरुसँग आवद्ध साना शहरका रुपमा विकास गरिनेछ । साथै दुर्गम पहाडी इलाकाहरुमा भौगोलिक दृष्टिकोणले उपयुक्त स्थानमा घना वस्तीहरुको विकास गरिनेछ ।

- काठमाडौं उपत्यकालाई सांस्कृतिक, पर्यटकीय तथा राजधानी क्षेत्रको रुपमा विकास गरिनुका साथै वातावरणीय सन्तुलन नखलबल्याउने खालको भौतिक विकासद्धारा सुव्यवस्थित गराइनेछ ।

- नगरपालिकालगायत शहरबजारहरुको पूर्वाधार तथा सेवाहरुको योजनाबद्ध विकास गर्न वित्तीय व्यवस्था एवं व्यवस्थापनतर्फ निजी क्षेत्रको सहभागिता अभिवृद्धि गरी निजी एवं सार्वजनिक शहरी जग्गाको विकासतर्फ उपयुक्त वित्तीय साधनहरु प्रवाहित गरिनुका साथै ऐननियम तथा मापदण्डको कार्यान्वयनद्वारा शहरी वातावरणमा सुधार गरिनेछ ।

- राष्ट्रको समग्र आर्थिक विकाससँग आवास विकासलाई आवद्ध गर्न स्थानीय निर्माण सामग्री तथा सुधारिएको प्रविधि प्रयोग गरी प्राकृतिक प्रकोपबाट सुरक्षित एवं विभिन्न भौगोलिक क्षेत्र सुहांउदो आवास निर्माण गरी प्रदर्शन गरिनेछ र आम संचार माध्यमलाई परिचालन गरी त्यसको व्यापक प्रचार प्रसार गरिनेछ । संयुक्त आवास प्रणालीको संस्थागत विकास गरी आवास व्यवस्था सुदृढ गराइनेछ ।

- शहरी क्षेत्रहरुमा सार्वजनिक स्थलहरुको संरक्षण, सम्बर्द्धन, मर्मत सुधार र संचालनका लागि निजी एवं गैरसरकारी संस्था एवं समुदायको संलग्नतालाई प्रोत्साहित गर्न आवश्यक नीति तय गर्नुका साथै ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको वातावरण सुधारका लागि नियमित मर्मत सम्भार तथा संरक्षणको व्यवस्था मिलाइनेछ ।

- शहरी विकास तथा आवासको समुचित व्यवस्थाका लागि सरकारी क्षेत्रको सहजकारी तथा सहयोगीको भूमिका सशक्त तुल्याई गाउँ विकास समिति, जिल्ला विकास समितिहरुका साथै नगरपालिकाहरुलाई पूर्ण जिम्मेवार गराइनेछ ।

- देशमा रहेका ठूला तथा मझौला शहरहरुमा उपलब्ध स्रोत र साधन, भौगोलिक वनावट, जनसंख्या तथा वातावरण, धार्मिक तथा सांस्कृतिक अवस्थाहरुको अध्ययन गरिनेछ । अध्ययनको आधारमा शहरहरुको आर्थिक भूमिका किटान गरी आधारभूत सेवा सुविधाहरुको विस्तारमा टेवा दिइनेछ ।

नगर विकास कोष समितिबाट नगरपालिका एवं शहरबजारहरुको पूर्वाधारको सुधार र विकासमा आवश्यक पर्ने वित्तीय साधन प्रवाह गरिनेछ ।

- शहरी विकासमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संयुक्त सहभागितालाई प्रोत्साहन गरिनेछ । साथै एकीकृत रुपमा शहरी पूर्वाधारहरुको विकासमा निजी क्षेत्रको सहभागिता अभिवृध्दि गर्न निर्माण, संचालन र हस्तान्तरण (build, operate and transfer) मा आधारित नीतिलाई प्रोत्साहित गरिनेछ र यससम्वधी आवश्यक ऐननियम तर्जुमा गरिनेछ ।

- गाउँ, नगर साझेदारीको भावनाअनुरुप विकास प्रक्रियालाई सुव्यवस्थित गर्न सघाउ पुऱ्याउन गाउँ-नगर अन्तरसम्बन्धमा आधारित आर्थिक विकासका अवसरहरुको पहिचान एवं निजी र सामुदायिक क्षेत्रको परिचालनसम्बन्धी विविध पक्षको अध्ययन अनुसन्धान गराइनेछ । सरकार, स्थानीय निकाय, निजी क्षेत्र र समुदायलाई विकासको सहकर्मीको रुपमा सम्मिलित गराई विकासलाई साझा अभियानको रुपमा अघि बढाउन प्रेरणात्मक र नमूनामूलक कार्यक्रमहरु संचलन गराइनेछ ।

- ग्रामीण वस्ती विकास कम्पनीमार्फत सुकुम्वासी तथा भूमिहीन किसानहरुलाई सुविधायुक्त घडेरी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

- शहरी क्षेत्रमा गरिने लगानी स्वीकृत भौतिक विकास योजना अनुसार गर्न गराउन र पूर्वाधार विकाससँग सम्वद्ध निकायहरुवीच समन्वय कायम गर्न नगरपालिका, नगर विकास समिति तथा सम्वन्धित निकायहरुले त्यस क्षेत्रको गुरु योजना तयार गरी सो को आधारमा मात्र लगानी कार्यक्रमहरु कार्यान्वयन गर्ने परिपाटी बसाल्न राष्ट्रिय योजना आयोग तथा सम्वन्धित मन्त्रालयबाट नियमित रुपमा अनुगमन गरिनेछ । साथै सम्वन्धित निकायहरुको शहरी योजना तर्जुमा र कार्यान्वयनमा देखिन जाने काम, कर्तव्य, अधिकार र जिम्मेवारी किटान गरिनेछ ।

- शहरी विकासको दायित्व मूलतः नगरपालिकाहरुको भए पनि नगरपालिकाहरु सक्षम तथा स्रोत र साधन सम्पन्न नहुञ्जेल सम्म केन्द्रबाट नै साझेदारीको आधारमा विशेष टेवा दिन संस्थागत व्यवस्था गरिनेछ ।

- आवास, भवन तथा शहरी विकासको क्षेत्रमा संगठनात्मक सुधार तथा जनशक्ति विकास कार्यलाई जोड दिइनेछ ।

- आवास ऋण प्रवर्द्धन गरी किफायती, सुरक्षित तथा आधुनिक प्रविधिको माध्यमबाट थप आवासगृहहरु निर्माण तथा मर्मत-संभार गरिनेछ । आवासीय घरको निर्माण संचालन र संभारमा गृहिणीहरुको भूमिकालाई बढाउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

- भवन नीति तर्जुमा गरिनुका साथै भवन ऐनमार्फत राष्ट्रिय भवन संहिता लागू गर्न सम्वन्धित निकायहरुलाई सहयोग उपलब्ध गराई त्यसको कार्यान्वयनको नियमित रुपमा अनुगमन गरिनेछ ।

- आन्तरिक र वाह्य स्रोत परिचालन गरी सरकारी तथा सार्वजनिक भवन निर्माणसम्बन्धी आयोजनाहरु योजनाबद्ध तरिकाले संचालन गर्दै लगिनेछ ।

- जीर्ण अवस्थामा रहेका ऐतिहासिक महत्वका सरकारी भवनहरुको जीर्णोद्धार तथा पुनर्स्थापना गरिनेछ ।

- वातावरण सुहाउँदो एवं प्राकृतिक प्रकोपबाट सुरक्षित नमूना भवन निर्माण गरी त्यस्ता घर निर्माण गर्न जनचेतना अभिवृद्धि गराइनेछ ।

- भवनहरुको डिजाइन तथा निर्माण कार्यमा संलग्न हुने परामर्शदाता तथा निर्माण व्यावसायीहरुको क्षमता तथा दक्षतामा गुणस्तर कायम गर्न आवश्यक ऐन, नियम तथा नीति तर्जुमा गरिनेछ ।
- ठूल्ठूला आयोजनाहरुबाट वरपरका वस्तीहरुमा पर्ने असरवारे अध्ययन गरी प्रतिवेदनका आधारमा व्यवस्थितरुपमा पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ ।
- केन्द्र , क्षेत्रीय सदरमुकाम र जिल्ला सदरमुकामहरुमा श्री ५ को सरकारको कार्यालय भवन तथा कर्मचारी आवासगृह निर्माण गर्न दीर्घकालीन योजना बनाई यसै योजना अवधिदेखि कार्यान्वयन गर्दै लगिनेछ । साथै यस कार्यक्रमलाई उपयुक्त प्रविधि विकासको नमूना प्रदर्शनको रुपमा पनि प्रयोग गरिनेछ ।

७. कार्यक्रम

नीति निर्माण तथा अनुसन्धान :

अधिराज्यका विभिन्न क्षेत्रमा विकसित भैरहेको असन्तुलित र अव्यवस्थित शहरीकरणलाई व्यवस्थित गर्न राष्ट्रिय शहरी विकास नीति तथा कार्यनीति तर्जुमा गरी लागू गरिनेछ । साथै, नयाँ नगरपालिका गठन गर्दा तथा नगरोन्मुख क्षेत्रहरुको बर्गीकरण गर्दा ग्राह्य मापदण्ड निर्माण गरिनेछ ।

सरकारी, अर्ध सरकारी तथा गैरसरकारी भवन निर्माणलाई किफायती, सुरक्षित तथा वातावरण अनुकूल बनाउन र सरकारी क्षेत्रको लगानी परिचालनलगायत निजी क्षेत्रको लगानीलाई समेत सुनियोजित ढंगबाट परिचालन गर्न राष्ट्रिय भवननीति तथा कार्यनीति तर्जुमा गरी लागू गरिनेछ ।

ग्रामीण तथा शहरी क्षेत्रमा न्यूनतम सेवा र सुविधायुक्त आवासगृहहरुको उत्पादन वृद्धि गर्न कम खर्चिलो, स्तरीय, सुरक्षित र वातावरणअनुकूल निर्माण प्रविधिको विकास गरिनेछ र प्राकृतिक प्रकोप निरोधक भवन निर्माण प्रविधिको विकास गरी महिलाहरुको सहभागिता र प्रचार प्रसारका माध्यमद्वारा प्रविधि हस्तान्तरण गर्दै लगिनुका साथै प्राकृतिक प्रकोप र यसप्रतिको सावधानी तर्फ जनचेतना अभिवृद्धि गरिनेछ ।

राष्ट्रिय भवन संहितालाई ऐनको रुपमा लागू गरी सरकारी, अर्धसरकारी तथा गैरसरकारी क्षेत्रमा हांसिल गरिएका पेशागत र विषयगत अनुभवहरुलाई निर्धारित मापदण्ड र कुशल प्रक्रियाका आधारमा परिवर्तन र परिमार्जन गरिनेछ ।

सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई निजी आवासगृह उपलब्ध गराउन वित्तीय तथा संस्थागत व्यवस्था मिलाइनेछ । कर्मचारी संचय कोष तथा वाणिज्य बैंकहरुको आर्थिक स्रोतलाई यस कार्यमा परिचालन गर्न प्राथमिकता दिइनेछ ।

विभिन्न संगठित संस्थाहरुमार्फत आवासगृहहरु निर्माण गर्न प्रोत्साहित गरिनुका साथै संयुक्त आवास प्रणालीलाई नमूनाको रुपमा प्रयोग गरिनेछ ।

ऐन, नियम तथा मापदण्ड तर्जुमा :

नगर योजना तथा विकास ऐन, जग्गा चक्लाबन्दी ऐन र घर जग्गा व्यवसाय ऐन तर्जुमा गरी लागू गरिनेछ ।

राष्ट्रिय भवन संहिता र भवन ऐन लागू गरिनेछ ।

भवन, आवास तथा शहरी विकाससँग सम्बन्धित प्रचलित नेपाल ऐनहरुमा आवश्यक संशोधन गरिनेछ ।

भवन, आवास तथा शहरी विकासका लागि वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका तयार गरिनेछ ।

संगठन सुधार तथा जनशक्ति विकास :

भवन, आवास तथा शहरी विकाससँग सम्बन्धित सबै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायहरुको पहिचान गरी तिनीहरुको भूमिका, जिम्मेवारी तथा उत्तरदायित्व स्पष्ट गरिनेछ ।

जनशक्तिको समुचित विकास गर्न जनशक्ति विकास नीति तर्जुमा गरी लागू गरिनेछ ।

नगर विकास प्रशिक्षण केन्द्र, पोखराको क्षमता विस्तार गरी विभिन्न निकायहरुमा कार्यरत विभिन्न तहका कर्मचारीहरुलाई मानव वसोवास क्षेत्रसँग सम्बन्धित सेवाकालीन तालिम उपलब्ध गराइनेछ ।

भवन अनुसन्धान केन्द्रका उपलब्धिहरुलाई स्थानीय तहमा हस्तान्तरण गर्न विभिन्न जिल्लाका पेशागत कालीगढहरुका लागि तालिमको व्यवस्था गरिनेछ ।

राष्ट्रिय भवन संहिता कार्यान्वयनको पूर्वतयारीको सिलसिलामा सम्बन्धित निकाय, नगरपालिका, जिल्ला आवास तथा शहरी विकास कार्यालय, गा.वि.स. र जि.वि.स. का प्राविधिकलगायत स्थानीय डकर्मी, नकर्मी र सिकर्मीहरुलाई तालिम उपलब्ध गराइनेछ ।

उप-क्षेत्रिय विकास कार्यक्रम :

वढ्दो शहरीकरण, बसाइँ सराइ, वृहत जलविद्युत आयोजनाको निर्माण, राजमार्ग तथा सहायक राजमार्गको निर्माणलगायत मौजुदा उत्तर- दक्षिण राजमार्गहरुमा वढ्दै गैरहेको अनियन्त्रित उप-क्षेत्रीय वजार तथा वसोवास समस्यालाई सुनियोजित विकास गर्न अधिराज्यका मुख्य मुख्य शहरहरुको कार्यमूलक भूमिका एवं भावी दिशा स्पष्ट गरिनेछ र उपयुक्त क्षेत्रहरुमा पूर्वाधारको निर्माण कार्य गरिनेछ ।

काठमाडौ उपत्यका विकास कार्यक्रम :

काठमाडौ उपत्यकाभित्र रहेका महानगरपालिका, उप-महानगरपालिका तथा नगरपालिकाहरु र सबै गाउँ विकास समितिहरुलाई एक सिंगो एकाइको रुपमा समेटी भौतिक योजना प्रणालीको विकास गर्ने र उपत्यकाव्यापी विस्तृत भू-उपयोग कार्यनीति, नगरपालिका क्षेत्रमा भू-उपयोग नीति र गा.वि.स. क्षेत्रमा स्थानीय योजना (local area plan) तयार गरी लागू गराइनेछ । साथै, सरकारी, गैरसरकारी, स्थानीय निकाय तथा निजीक्षेत्रबाट हुने सम्पूर्ण विकासात्मक कार्यहरुको लागि पाँच वर्षे लगानी योजना लागू गरिनेछ ।

काठमाडौ शहरी विकास आयोजनाको प्रथम चरणका कार्यक्रमहरुलाई निरन्तरता प्रदान गर्दै विकास रणनीति योजना (development strategy plan) अनुरुप एकीकृत भौतिक पूर्वाधार निर्माण तथा सुधार गरी खानेपानी, ढल निकास, विद्युतीकरण र सडक सुधार जस्ता कार्यक्रम संचालन गरिनेछ ।

सिंहदरवार सचिवालय पुनः निर्माण कार्यक्रम अन्तर्गतकानुन तथा न्याय, रक्षा, महिला तथा समाज कल्याण, शिक्षा, अर्थ मन्त्रालयका भवनहरुको निर्माण र भवनसँग सम्बन्धित भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ । साथै, सिंहदरवार पश्चिम पुरानो लङ्गको सुधार गर्ने कार्य सम्पन्न गरी सामान्य प्रशासन मन्त्रालयको भवन निर्माण कार्य शुरु गरिनेछ ।

राजधानीभित्र खास प्रयोगमा नल्याइएका सरकारी जग्गाको उत्पादनशीलतामा वृद्धि गर्न र अव्यवस्थित एवं छरिएर बसेका सरकारी तथा गैरसरकारी कार्यालयलगायत व्यापारिक क्रियाकलापहरुलाई एकै ठाउँमा व्यवस्थित तरिकाबाट संचालन गर्न सकिने गरी सरकारी तथा निजी क्षेत्रको संयुक्त सहभागितामा कम्प्लेक्स भवन निर्माण कार्यको थालनी गरिनेछ ।

ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्व सम्पदा तथा क्षेत्रहरुको संरक्षण, सम्बर्द्धन तथा सुधारको भरपर्दो र दिगो व्यवस्था मिलाउन उपयुक्त परियोजनाहरु संचालन गरिनेछ । हाल चालू अवस्थामा रहेका चांगुनारायण, सूर्यविनायक, ज्ञानेश्वर महादेव र नीलवाराही क्षेत्रहरुको संरक्षण सम्बर्ध्दनको कार्य पूरा गरिनेछ ।

सार्वजनिक खुला क्षेत्र तथा पोखरीहरुको सूची तयार गरी संरक्षण तथा विकास गरिनेछ ।

शहरी क्षेत्रका उपयुक्त स्थानमा रहेका ५ वटा अव्यवस्थित वस्तीलाई व्यवस्थित गरी तिनको भौतिक सुधार गरिनेछ ।

उपत्यकाको उपयुक्त क्षेत्रमा एक वा दुई उपनगरको विकासमा जोड दिइनेछ । काठमाडौ उपत्यका कार्यनीति योजना (Kathmandu Valley Strategy Plan) ले पहिचान गरेका नगरकोट, साँखु, चापागाउँ, टोखा र थानकोट क्षेत्रहरुको पुनः निर्माण, विस्तार र संरक्षण गरिनेछ ।

उपत्यकाका उपयुक्त स्थानहरुमा जग्गा एकीकरण कार्यक्रम संचालन गरी विकसित घडेरी उपलब्ध गराइनेछ ।

उपत्यकाका प्रमुख नदीहरुको खुला क्षेत्रहरुमा क्रमिक रुपले वातावरण सुधार कार्यक्रम संचालन गरिनेछ ।

जिल्ला व्यापी एकीकृत भौतिक विकास कार्यक्रम :

क्षेत्रीय र स्थानीय आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले ग्रामीण अर्थतन्त्रको परिपूरकको रुपमा शहरी विकास प्रक्रियालाई अघि बढाउन जम्मा २० जिल्लाको एकीकृत भौतिक योजना तर्जुमा गरी सम्बन्धित निकायहरुमार्फत कार्यान्वयन गराइनेछ ।

जिल्लास्तरमा सरकारी कार्यालय भवन तथा कर्मचारी आवासको आवश्यकता परिपूर्ति गर्दै जाने लक्ष्यअनुरुप विभिन्न भौगोलिक क्षेत्रअन्तर्गत पर्ने १५ जिल्लामा भवन निर्माण कार्य सञ्चालन गरिनेछ ।

संकलित अभिलेखका आधारमा सरकारी कार्यालयहरुको उपयोगमा ल्याइएका वा ल्याउन नसकिएका ऐतिहासिक महत्वका जीर्ण अवस्थामा रहेका सरकारी भवनहरुको आवश्यक जीर्णोद्धार गरी सरकारी सम्पत्तिको संरक्षण र प्रयोग गरिनेछ ।

शहरी क्षेत्र विकास कार्यक्रम :

आ.व. २०५३।५४ मा गठित २२ नगरपालिकाको आधार नक्शा तयार गरी ती नगरपालिकाहरुको आर्थिक भूमिकाको स्पष्ट रेखाङ्कनसहित नगर योजना तर्जुमा गरिनेछ ।

नगर विकास योजना तर्जुमा नभएका जम्मा २० नगरपालिकाको एकीकृत कार्ययोजना (integrated action plan) तर्जुमा गरिनेछ र संभावित क्षेत्रहरुमा साना शहर (secondary cities) को अवधारणाअनुरुप भौतिक पूर्वाधारहरुको विकासमा जोड दिइनेछ ।

अधिराज्यका विभिन्न नगरपालिकाहरुमा भौतिक पूर्वाधारहरुको सुधार तथा विकास गर्नको लागि नगर विकास कोषमार्फत तर्जुमा गरिएका आयोजनाहरुमा ऋण लगानी गरिनेछ ।

सार्वजनिक खुला क्षेत्र संरक्षणअन्तर्गत काठमाडौं उपत्यकाबाहिरका प्रत्येक नगरपालिकामा सार्वजनिक खुला क्षेत्र (चउर, पोखरी, वन क्षेत्र) को सूची तयार गरी प्राथमिकताक्रमअनुसार कम्तिमा पच्चीस नगरपालिकाको एक एक स्थानमा संरक्षण र विकास कार्य संचालन गरिनेछ ।

सम्बन्धित नगर विकास समितिहरुमार्फत जग्गा विकास कार्यक्रमहरु संचालन गरी जम्मा १५,००० घडेरी विकसित गरिनेछन् ।

निर्धारित आय वर्गभित्र पर्ने परिवारहरुलाई आवासीय घरसुधार, विस्तार वा नयाँ घर निर्माण गर्नका लागि नेपाल आवास विकास वित्त कम्पनी लिमिटेडलाई अझ सक्रिय गराई आवास ऋण प्रवाह, गराइनेछ । उक्त कम्पनीको क्षमता र कार्यक्षेत्रमा व्यापक वृद्धि र विस्तार गरिनेछ ।

साना शहर, नगरोन्मुख गाउँतथा बजार केन्द्र विकास कार्यक्रम :

विकासको प्रतिफललगायत सरकारले प्रदान गर्ने, सवै सेवा र सुविधाहरुलाई एकीकृत रुपमा गाउँसम्म व्यवस्थितरुपले पुऱ्याई ग्रामीण क्षेत्र र शहरी क्षेत्रको अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन, गैरकृषि क्षेत्रमा थप रोजगारी सिर्जना गर्न, कृषि उत्पादनको बजारको व्यवस्था गर्न र राष्ट्रिय शहरी वस्ती प्रणालीमा तहगत सुधार गर्न निम्न कार्यक्रमहरु संचालन गरिने छन् :

विभिन्न बजार क्षेत्रको भौतिक योजनाहरु (physical development plans) तयार गरी सम्बन्धित निकायहरुमार्फत कार्यान्वयन गराइनेछ ।

स्वीकृत योजना र प्राथमिकताका आधारमा नगर विकास समितिलाई योजना कार्यान्वयन गर्न प्राविधिक जनशक्ति उपलब्ध गराई घुम्ती कोषमार्फत ऋण तथा अनुदान सहयोग उपलब्ध गराइनेछ ।

विभिन्न स्थानमा खुला क्षेत्रको व्यवस्था, हाटबजार स्थलको विकास, वस विसौनी र यात्रु प्रतीक्षालय निर्माण लगायत बैंक, हुलाक, प्रहरी तथा संस्थागत क्षेत्रको विकास समेत गरिनेछ ।

आवासगृहहरुको मर्मत तथा सुधार गर्न र थप नयाँ घरहरुको निर्माण गर्न आवश्यक कोषको व्यवस्था मिलाइनेछ ।

नगरोन्मुख गाउँ तथा बजार केन्द्र वरिपरिको ग्रामीण क्षेत्रसँग सम्पर्क बढाउन सम्बन्धित निकायहरु मार्फत ग्रामीण सडकको निर्माण, सुधार र पुलपुलेसाहरु निर्माण गरिनेछ।

जग्गा विकास कार्यक्रमहरुको संचालनद्वारा जम्मा ६००० घडेरीको विकास गरिनेछ ।

ग्रामीण आवास तथा घना बस्ती कार्यक्रम :

अधिराज्यका ग्रामीण क्षेत्रवाट वसाई सरी शहरी क्षेत्रमा वढ्दै गैरहेको जनसंख्याको चापलाई कम गर्न र न्यूनतम आधारभूत सेवा सुविधाहरु जनस्तरसम्म लैजान दुर्गम पहाडी क्षेत्रको २-४ ठाउँमा घनावस्ती कार्यक्रमहरु संचालन गरिनेछ । यस्ता कार्यक्रमहरु संचालन गर्दा सुधारिएका स्थानीय निर्माण सामग्रीहरुको प्रयोग, महिला सहभागितालगायत भवन अनुसन्धान केन्द्रका उपलब्धिहरुलाई पनि प्रचार प्रसारको रुपमा प्रयोगमा ल्याइनेछ ।

अधिराज्यको विभिन्न स्थानमा ग्रामीण आवास तथा वस्ती विकास कम्पनीमार्फत योजनाबद्ध वस्ती एवं बजार केन्द्रहरुको विकास गर्न जम्मा १४ हजार घडेरीका लागि आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ । मानव वसोवासका लागि सुविधायुक्त नमूना गाउँको विकास गरी ग्रामीण विकासमा टेवा पुऱ्याउन पांचै विकस क्षेत्रमा कुल ७५० परिवारका लागि एक एक नमूना गाउँविकास कार्यक्रम संचालन गरिनेछ । समाजका पिछडिएका जनजाति, भूमिहीन किसान तथा वास्तविक सुकुम्वासीहरुगरी जम्मा ५०,००० परिवारलाई सहुलियतयुक्त घडेरी उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

नगर विकास कोष :

नेपाल अधिराज्यका विभिन्न नगरपालिकाहरुमा पूर्वाधारहरुको निर्माण तथा आयमूलक आयोजनाहरुको लागि नगर विकास कोषमार्फत ऋण तथा अनुदान सहयोग उपलव्ध गराइनेछ । यसबाट नगरपालिकाहरुको वित्तीय एवं व्यवस्थापकीय क्षमता सुदृढ हुने अपेक्षा राखिएको छ ।

अन्य कार्यक्रमहरु :

काठमाडौंको शंखमूलदेखि टेकू दोभानसम्मको वागमती नदीको दुवै किनारामा एक स्वच्छ पार्क बनाउने, वागमती नदीको दुवै किनारामा रहेको सरकारी र सार्वजनिक जग्गा अतिक्रमण हुनबाट बचाउने, नदी नियन्त्रण गर्ने, वागमती नदीको दुवै किनारामा रहेको सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरु र स्मारकहरुको सम्वर्द्धन र विकास गर्नुका साथै ती क्षेत्रको वातावरणमा सुधार गर्न ढल प्रणालीको व्यवस्था गरी वागमती नदीको सांस्कृतिक तथा धार्मिक महत्वको जगेर्ना गरी संयुक्त राष्ट्र संघ पार्कको निर्माण कार्य पूरा गरिनेछ ।

जनकपुरधामलाई एक धार्मिक शहरको रुपमा विकास गर्न वरिपरिका ग्रामीण क्षेत्रमा रहेका धार्मिक स्थलहरुको समेत उपयुक्त ढंगमा विकास गरी बृहत्तर जनकपुर क्षेत्र विकास परियोजनाका चालू कार्यक्रमहरुको प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

परिच्छेद ९

वातावरण तथा दिगो स्रोत

९.१ वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन

१. पृष्ठभूमि

नेपाली जनताको चाहना र प्रतिबद्धतामा नेपालको वातावरणको भविष्य निर्भर गर्दछ र यसैमा नेपालीको भविष्य निर्भर हुन्छ । अतः वातावरणीय स्रोत साधनको उपयोगबाट नेपाली जनताले के पाइरहेका छन् अथवा के पाउने अपेक्षा गरेका छन् भन्ने कुरा महत्वपूर्ण छ । यसर्थ नेपाली जनताको सुख सम्वृद्धि तथा शान्तिपूर्ण जीवनयापन गर्ने अवस्था सिर्जना गर्नेतर्फ वातावरण संरक्षणको कार्यक्रमहरु निर्देशित हुनु जरुरी छ । गाउँनै गाउँले भरिएको नेपालमा गाउँले जनताको पिरमर्का खासगरी वाढी, पैह्रो, वन विनास, भूक्षयका कुराहरु तथा काठ-दाउरा, घाँस जस्ता दैनिक आवश्यकता पूर्तिका कुरालाई विशेष ध्यान पुऱ्याउनु जरुरी छ । यसैगरी शहरीकरणको क्रममा उब्जिएका समस्याहरु खासगरी फोहरमैला, वायु प्रदुषणका तथा पानी प्रदुषणको समस्या निराकरण गर्न पनि त्यतिनै जरुरी छ । यिनै चाहना र आवश्यकतालाई दृष्टिगत गरी वातावरण कार्यक्रम तर्जुमा गर्न सो को कार्यान्वयनको लागि आवश्यक जनसहभागिता जुटाउनु तथा आवश्यकतानुसार ऐन नियम कार्यान्वयन गर्नु राष्ट्रिय आवश्यकता भएको छ ।

दिगो स्रोत व्यवस्थापन (sustainable resource management) को अवधारणाले प्राकृतिक प्रणाली (eco-system) को धान्न सक्ने क्षमता (carrying capacity) को सिद्धान्तलाई आत्मसात गरेको छ । मानवले उपभोग गरेका स्रोतहरुलाई प्राकृतिक जीवन चक्र अनुसार प्रकृतिले पुनः सिर्जना गर्न सक्छ र मानवले उपभोग गरी बाँकी रहेका फोहोरजन्य पदार्थलाई सोसेर ग्रहण गर्न सक्दछ । यो सिद्धान्त विशेषतः नवीकरणीय स्रोतको उपभोगसंग आवद्ध छ । दिगो स्रोतको अवधारणा अनुरुप प्राकृतिक जीवन चक्रलाई यथावत राखेर मात्र स्रोतहरुको उपयोग गर्नुपर्दछ ताकी प्रकृतिले प्राकृतिक स्रोतहरुको निरन्तर सिर्जना गर्न सकोस् ।

दिगो आर्थिक विकासको अवधारणा अनुरुप स्रोत व्यवस्थापन भन्नाले, उपलब्ध स्रोतको भण्डार (stock) लाई ह्रास (deplete) हुन नदिई, वर्तमान तथा भविष्यको माग र आवश्यकतालाई परिपूर्ति गर्नु हो । यसर्थ स्रोत व्यवस्थापन भन्नाले संरक्षण मात्र नभई यसको वुद्धिमत्तापूर्ण उपयोग पनि हो जसले वर्तमान पिढीको आवश्यकतालाई परिपूर्ति गर्दछ र भविष्यको आवश्यकतालाई पनि परिपूर्ति गर्ने प्रत्याभूति गर्दछ । नेपालको सन्दर्भमा दिगो स्रोत व्यवस्थापन भनेको नेपालीको चाहना र आवश्यकतालाई परिपूर्ति गर्दै यहाँ उपलब्ध स्रोत र साधनको संरक्षणमा दिगोपना हासिल गर्नु हो । ग्रामीण क्षेत्रमा भूक्षय, बाढी, पहिरो तथा वन विनास जस्ता समस्या विद्यमान छन् भने शहरी क्षेत्रमा धुवाँ, धूलो, पानी प्रदुषण, फोहर मैलाको समुचित व्यवस्था नहुनाले प्राकृतिक स्रोतमा नकारात्मक प्रभाव परिरहेको छ ।

साझा स्रोतहरु (common resources) उपभोगका सम्बन्धमा स्वामित्व (property rights) को अभावमा व्यवस्थापकीय प्रयासहरु असफल भएका प्रशस्त उदाहरणहरु पाइन्छन् । सामुदायिक वनको अवधारणाले उपभोक्तालाई नै वनको मालिक र वन व्यवस्थापक बनाई दिएको छ र यसतर्फ उल्लेखनीय सफलता पनि भएकोछ । स्वामित्वको सिर्जना हुनु स्रोत व्यवस्थापनको एक सफल प्रयोग हो । वन व्यवस्थापनमा हामीले प्राप्त गरेको सफलताले यो पुष्टि गर्दछ । यसरी नै साना साना नदी, खोला र भू-जलाधार व्यवस्थापनमा स्वामित्व सिर्जना गरी सीप र ज्ञान समुदायमा हस्तान्तरण गरेमा निश्चय नै शुभ परिणामहरु आउन सक्दछन् । शहरी क्षेत्रमा सवारी साधन सम्पन्न व्यक्तिहरुको कारण सडकमा हिड्ने आम नागरीक प्रदुषित वायु उपभोग गर्न वाध्य छन् । परिणाम स्वरुप स्वास्थ्यमा नकारात्मक प्रभाव परेको हुन्छ । यसका लागि आर्थिक र कानुनी नीतिको प्रयोगले व्यक्तिगत सवारी साधनलाई निरुत्साहित गर्ने अथवा आम नागरिकलाई क्षतिपूर्ति दिने व्यवस्थाबाट समतामूलक समाजको निर्माण गर्न सकिन्छ ।

विगतमा विभिन्न किसिमका स्रोत व्यवस्थापन तथा संरक्षण योजना तयार भएर कार्यान्वयनमा आए पनि विकास आयोजनाहरुको आफ्नो स्रोत व्यवस्थापन योजना चाँही प्रभावकारी भएका छैनन् । विगतका विकास योजनाहरुले सघन खेती प्रणाली (intensive agriculture) र एक वाली प्रणाली (mono culture) लाई ज्यादा महत्व प्रदान गरेको हुँदा जमिनको उर्वरतामा ह्रास एक प्रमुख समस्या वन्दै गएको छ भने जैविक विविधतालाई पनि यसले असर गरिरहेको छ । भू-उपयोग योजनाको अभावमा जमिनको जथाभावी प्रयोगले यसमा अझ जटिलता थपेको छ ।

परम्परागत प्रविधि, सीप तथा ज्ञान पनि विस्तारै लोप हुदैं गइरहेका छन् । कतिपय आधुनिक प्रविधिहरुको कुप्रभाव पनि हाम्रो सामु देखिएका छन् । परम्परागत सीप, ज्ञान तथा प्रविधिलाई परिमार्जित गरी अघि बढाउन स्रोत व्यवस्थापनको दृष्टिकोणले पनि नितान्त आवश्यक भएको छ । ग्रामीण क्षेत्रमा साना-साना स्रोतहरु जस्तै कूलो, धारा, मठ मन्दिरहरुको संरक्षणमा महत्वपूर्ण भूमिका रहेता पनि परम्परागत धार्मिक, सांस्कृतिक संगठनहरु विस्तारै टुक्रिदै गएका छन् । अतः यस्ता संगठनहरु (micro organization) लाई जीवित र प्रभावकारी वनाउन पनि जरुरी भएको छ ।

विज्ञान तथा प्रविधिको बढ्दो प्रयोगले उपभोगको संरचना (consumption pattern) लाई परिवर्तित गर्दै लगेको छ र समाज उपभोगमुखी हुदै गइरहेको छं । स्रोत र साधनको कम उपभोग गर्ने प्रविधि र पुनर्उपयोग र पुनः परिचालन (recycling) गर्ने प्रविधिमा बढी जोड दिनु परेको छ । देशमा व्याप्त गरिबी र जनताका अपरिपूर्त आवश्यकताहरु नै वास्तवमा हाम्रो स्रोत संरक्षणको सबैभन्दा ठूलो चुनौती हो । अतः प्रयासहरु जनतामा आधारित कार्यक्रम (people based) हरु तर्फ लक्षित हुनुपर्दछ । यिनै समस्याहरुले ग्रामीण क्षेत्रका मुख्य स्रोतहरु माटो पानी र जंगलको व्यवस्थापनमा अवरोध खडा गरेका छन् ।

वातावरण संरक्षणमा आर्थिक, सामाजिक तथा प्राकृतिक एवं मानवीय स्रोत र संसाधन वीचको अन्तरसम्बन्धलाई दृष्टिगत गरी यिनीहरुबीच सामञ्जस्यता ल्याउन नसक्दासम्म आर्थिक तथा वातावरणीय दिगो विकास सम्भव हुन सक्तैन । विकास कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यून गर्ने पद्धति आत्मसात गर्नुपर्दछ र विकास र वातावरणलाई अभिन्न एवं अन्योन्याश्रित अङ्गको रुपमा स्वीकार गर्नु पर्दछ । नेपालको आर्थिक विकास र मानवीय जीवनस्तर (quality of life) लाई दिगो रुपमा विकसित गर्न वातावरण संरक्षण हुनुपर्ने कुरामा दुई मत हुन सक्तैन। परम्परागत रुपमा देश विकासको लागि आर्थिक विकास र मानवीय जीवनस्तरलाई मात्र विशेष ध्यान दिदै आएकोमा अव वातावरण पक्षलाई पनि प्रमुख तथा सह-उद्देश्यको रुपमा हेर्नु उत्तिकै जरुरी छ ।

पृथ्वीमा उपलब्ध जैविक सम्पदाहरुबाट मानिसले खान, लाउन, बस्न र औषधि लगायतका सेवाहरु निरन्तर रुपमा प्राप्त गरिरहेका छन् । त्यसका अतिरिक्त जीवनयापनका आधारभूत पञ्च तत्व (जल, स्थल, वायु, आकाश र तेज/प्रकाश) को निर्वाध उपभोग गर्ने अवसर पनि प्राप्त हुन जरुरी छ । वातावरण र मानवबीच अन्योन्याश्रित सम्बन्ध रहेकोले विभिन्न गतिविधि एवं विकासका प्रयासहरुलाई वातावरणीय सन्तुलन कायम राखी अघि बढाउनु आजको आवश्यकता हो । यस परिप्रेक्ष्यमा विकास योजनाको प्रारम्भिक अवस्थामा नै वातावरणीय योजना र व्यवस्थापनलाई आवद्ध गर्नु पर्ने आवश्यकता देखिन्छ ।

यसको अलावा वातावरणीय विकास तथा स्रोत संरक्षणमा जनसमुदायलाई सक्रियरुपमा सहभागी गराउनका साथै वातावरण संरक्षणमा जागरुकता सिर्जना गर्न वृहतरुपमा वातावरण शिक्षा तथा जनचेतना कार्यक्रमलाई विकास कार्यक्रमहरुसंग आवद्ध गरी अघि वढाउनु जरुरी भएको छ ।

२. वातावरणको वर्तमान स्थिति

नेपालको वातावरणीय स्थिति देशको आर्थिक अवस्था, सामाजिक संरचना तथा भौगोलिक वनावट र तिनमा निहित प्रक्रियासंग सम्बन्धित छ । विभिन्न प्रयासहरुका वावजूद पनि जनसंख्या वृद्धिवाट वातावरणमा परिरहेको नकारात्मक प्रभाव र प्राकृतिक स्रोत माथि अधिकतम भर पर्नु पर्ने वाध्यताले नेपालको वातावरणीय स्थिति बिगारेको छ । ग्रामीण क्षेत्रमा भू-क्षय, वाढी पहिरो, कृषि उत्पादनमा ह्रास तथा वन फडानीको समस्या छन् भने शहरी क्षेत्रमा धुँवा, धुलो तथा फोहरमैला जस्ता प्रदुषण दिनहुँ वढ्दै जानाले विकास र वातावरणबीच आवश्यक तादाम्यता वस्न नसकेको यथार्थता हामी सामु प्रष्ट छ ।

जनसहभागिताको माध्यमबाट सामुदायिक वन व्यवस्थापनमा केही उत्साहजनक परिवर्तन आएपनि समष्टिगत रुपमा वनस्रोत ह्रास भइरहेको छ र वनमा आश्रित जनसंख्या बढ्दो छ । वन्य पदार्थ काठ, दाउरा, घाँसको माग र आपूर्तिबीचको अन्तर झन बढ्दै छ । वन फडानी र भू-उपयोग परिवर्तन हुने क्रममा खासै फरक आउन सकेको छैन । वातावरण संरक्षण प्रति जनचासो बढ्दै छ तापनि आर्थिक विकासको क्रममा नेपालको अतुलनीय प्राकृतिक सुन्दरता र अपार जैविक विविधता संरक्षण गर्न कठिन परिश्रम गर्नुपर्ने अवस्था छ ।

विगतका वातावरण संरक्षण सम्बन्धी नीति नियम तथा विभिन्न जनचेतनामूलक कार्यक्रमहरुको तर्जुमा एवं कार्यान्वयनबाट निश्चयनै वातावरणीय चेतनामा अभिवृद्धि भएको छ र वातावरण अनुकूल कृयाकलाप अघि वढाउने र वातावरण प्रभाव मूल्यांकन गर्ने प्रकृया शुरु भइसकेको छ । तथापि वातावरणको गुणस्तर दिनानुदिन घटदै गएबाट जनस्वास्थ तथा पर्यटन विकास जस्ता महत्वपूर्ण क्षेत्रमा नकारात्मक प्रभाव परिरहेको छ । त्यस्तै अव्यवस्थित तवरले उद्योग, कल कारखानाको स्थापना हुदै जानु, र तिनीहरुवाट वातावरणमा पर्ने असरको सही मूल्यांकन र लागत निर्धारण नहुनाले समस्या चर्कदो छ । शहरी क्षेत्रमा अनियन्त्रित रुपमा सवारीसाधन वढ्नु र वातावरणीय नियमहरुको कमी एवं नियम उलंघनबाट खासगरी शहरी जनजीवन आक्रान्त वन्दै गएको छ ।

३. आठौं योजनाको समीक्षा

विकास आयोजनाहरुमा वातावरणीय पक्षलाई समावेश गर्न वातावरणीय प्रभाव मूल्याङ्कन तथा नीतिगत वातावरणीय मूल्यांकन (strategic environmental assessment) प्रक्रिया अवलम्बन गर्नु विश्वव्यापी रुपमा उपयोगी साधनको रुपमा देखापरेको छ । गत पाँच वर्षमा वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्रमा उल्लेख्य कार्य भएको छ । भौतिक विकाससंग सम्बन्धित केही मन्त्रालयहरुमा वातावरण इकाई/शाखाको गठन भई वातावरण शाखा नभएका निकायहरुमा योजना शाखालाई वातावरण सम्बन्धी कार्य गर्नेगरी तोकिएको छ । निकायगत रुपमा हेर्दा वातावरण सम्बन्धी कार्य प्रारम्भिक रुपमा मात्र शुरुवात गरिएको पाइएको छ । केही मन्त्रालयहरुमा वातावरण वा योजना शाखा गठन भएका छन् र यस्ता इकाईहरुलाई सक्षम र सक्रिय वनाउनेतर्फ यथोचित कार्य हुन नसक्नाले तर्जुमा भएका निर्देशिकाहरु कार्यान्वयन हुन सकेका छैनन ।

वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ लागू भएका छन् । आयोजना तर्जुमा गर्दा वातावरणीय प्रभाव न्यून राख्न सघाउने औजारको रुपमा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका तर्जुमा गरी लागू गरिएको छ । क्षेत्रगत रुपमा पनि वन तथा उद्योग क्षेत्रका लागि छुट्टा-छुट्टै वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिकाहरु तयार गरी लागू गरिएको छ । वातावरण संरक्षण ऐन २०५३ मा वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण गर्न विभिन्न प्रावधानहरुको व्यवस्था भएता पनि विभिन्न क्षेत्रगत निकायहरुको प्रक्रियागत एवं प्रणालीगत अवस्थामा तदनुरुप सुधार गर्ने तर्फ प्रयास भएको छैन । त्यस्तै जनशक्तिको कार्य क्षमता अभिवृद्धि गर्न र मनोवृत्ति परिवर्तन गर्न आवश्यक ज्ञान र सीप प्रवर्द्धन हुन सकेको छैन । हाल प्रयोगमा रहेका वातावरणीय प्रवर्द्धनका विभिन्न

प्रावधानहरुलाई सफल रुपमा कार्यान्वयनमा उतार्न सम्बन्धित निकायहरु वाञ्छित रुपमा सक्षम भइसकेका छैनन् ।

दिगो विकासको अवधारणालाई आत्मसात गरी वातावरण संरक्षणका लागि विभिन्न कानुनी व्यवस्था गरिएता पनि विभिन्न क्षेत्रमा "वातावरणीय नीति एकीकरण" गर्ने सन्दर्भमा वातावरणीय व्यवस्थापन गर्ने निकायहरुबीच "अन्तरनिकाय-समन्वय"को अभाव र समग्र दृष्टिकोण (holistic approach) अवलम्बन हुन नसक्नाले वातावरणसंग समवन्धीत ऐन र नियमावली प्रभावकारी हुन सकेका छैनन् ।

सवारी साधन प्रजनित धुवाँ प्रदुषण सम्बन्धी प्रदुषक तत्वहरुको अधिकतम निष्कासनस्तर तोकिएको छ तर सो प्रक्रिया अधिराज्यभर लागू नभएकोले यसको कार्यान्वयन पनि प्रभावकारी हुन सकेको छैन । केही औद्योगिक प्रतिष्ठानबाट उत्सर्जन हुने प्रदुषित वायू र जलको गुणस्तर निर्धारण गर्न स्वीकार्य न्यूनतम सीमा (tolerance limit) निर्धारण गरिएको छ तर यसको प्रभावकारी रुपमा पालन हुन बाँकी छ ।

सरकारी एवं गैरसरकारी निकायहरुबाट राष्ट्रिय जीवनका विभिन्न तहमा वातावरणीय जनचेतना अभिवृद्धि गर्नेतर्फ वातावरण संरक्षण सम्बन्धी प्रचार-प्रसार गर्ने कार्य भइरहेका छन् । भू-उपयोग, वृक्षारोपण, जैविक विविधता संरक्षण एवं सम्वर्द्धन, जलस्रोत संरक्षण, जनस्वास्थ्य सुधार र घरेलु तथा साना उद्योग विकास आदि क्षेत्रमा गैरसरकारी संस्थाहरुको तथा स्थानीय समुदाय वा उपभोक्ताहरुको सहभागिता बढ्दै गएको पाइएको छ । औपचारिक वातावरण शिक्षाका क्रममा शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र विश्व संरक्षण संघ तथा अन्य केही गैरसरकारी संस्थाको उपलब्धी उत्साहजनक छ । प्राथमिक तहको पाठ्यक्रम तयार गरी लागू गरी सकिएको तथा माध्यमिक तथा उच्चमाध्यमिक तहको पाठ्यक्रम तर्जुमा भइसकेको छ । विश्वविद्यालयमा वातावरण विषय पनि समावेश गरिएको छ । तथापि जनस्तरमा विभिन्न माध्यमबाट जनचेतना र जानकारी पुऱ्याउने लक्ष प्रभावकारी रुपमा गाउंस्तरसम्म पुग्ने गरी परिचालन हुन सकेको छैन । यस परिप्रेक्ष्यमा गैरसरकारी संस्था, समुदाय र निजी क्षेत्रलाई सामुदायिक सहभागितातर्फ अभिप्रेरित गर्न पर्याप्त व्यवस्था भएको छैन ।

विगतका सफल कार्यक्रमहरुका रुपमा साना जल विद्युत आयोजना, सामुदायिक वन, भू-जलाधार व्यवस्थापन तथा कृषि क्षेत्रका आयमूलक कार्यक्रमहरु रहेका छन् । कार्यसूची २१ (Agenda 21) को भावनालाई आत्मसात गरी तयार पारिएको कार्यक्रम Capacity 21 लाई पनि लिन सकिन्छ । यो कार्यक्रम हाल पश्चिमका ३ जिल्लाहरु दाङ, सुर्खेत र कैलालीमा संचालित छ । गाउँ स्तरमा समूह गठन गरी आर्थिक विकास, सामाजिक विकास, वातावरण तथा स्रोत संरक्षणमा ग्रामीण जनसमुदायलाई परिचालन गरीएको यस कार्यक्रमले ग्रामिण विकास, स्रोत संरक्षण तथा ग्रामिण जनताका जीवन स्तर उकास्न मद्त गरेको छ ।

पहिलो पटक २०५० सालमा स्थापना भएको "वातावरण संरक्षण परिषद्" को समय समयमा पुनर्गठन भएको छ । परिषदले नेपाल वातावरणीय नीति, योजना तथा कार्यनीतिको तर्जुमा एवं प्रकाशन गर्ने गरेको छ । २०५२ सालमा जनसंख्या तथा वातावरण मन्त्रालयको स्थापना गरियो र सो मन्त्रालयले परिषद्को सचिवालयको रुपमा कार्य गर्दै आएको छ । वातावरण संरक्षण ऐनमा परिषद्को गठन, काम, कर्तव्य विस्तृतरुपमा व्यवस्था गरी परिषद्लाई प्रभावकारी वनाउन वातावरणीय व्यवस्थापन क्षेत्रमा नीतिगत मार्गदर्शन, अन्तर क्षेत्रगत समन्वय, अनुगमन तथा मूल्याङ्कन र समस्या समाधानमा सहयोग गर्ने कार्यमा सक्रिय गराई वातावरणीय नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनु पर्ने देखिएको छ । योजना अवधिमा श्री ५ को सरकारले वातावरण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको आफ्नो सहमति दिए तापनि ती महासन्धि अनुरुप राष्ट्रको विकास नीतिमा पर्ने प्रभाव र सरकारले निर्वाह गर्नु पर्ने भूमिकालाई अगाडि वढाउन आवश्यक गृहकार्य भएको छैन ।

वातावरणीय क्षेत्रमा आवश्यक जनशक्तिको व्यवस्था र प्रशिक्षणका अवसर पर्याप्त हुन सकेका छैनन् । श्री ५ को सरकारका कार्यक्रमहरु कार्यान्वयन गर्दा श्रम वजारमा औपचारिक तालिम प्राप्त जनशक्ति पर्याप्त रुपमा उपलव्ध हुन सकेको छैन । फलस्वरुप वातावरणीय व्यवस्थापनमा तालिमप्राप्त जनशक्तिको अभाव कायमै रहेको पाइएको छ । थप जनशक्ति तथा स्रोत साधन व्यवस्था गर्ने सन्दर्भमा उपयुक्त कदम चाल्न सकिएको छैन ।

जैविक विविधता सम्वन्धी महासन्धिका प्रावधानलाई पूर्ण प्रयोग गरी जैविक विविधताको क्षेत्रलाई केवल संरक्षित क्षेत्रमा मात्र सीमित नराखी यसको उपयोगवाट प्राप्त हुने आर्थिक उपलव्धी जनसमुदायसम्म पुऱ्याउने न्यायोचित व्यवस्था बसाल्नु जरुरी भएको छ । साथै, जनसमुदाय तथा गैरसरकारी संस्थाहरुको सहभागिता जुटाउने कुरालाई प्राथमिकता दिनुपर्ने देखिएको छ ।

वातावरण संरक्षणको लेखाजोखा गर्न अन्तर-इकाई समन्वयको अभावमा आठौं योजना अवधिमा क्षेत्रगत नीति तर्जुमा र कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न सकिएको छैन । वातावरणीय कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्न आवश्यक देखिएको छ । वातावरण विषयक तथ्याङ्क र सूचनाहरु श्री ५ को सरकारका विभिन्न निकायहरु तथा गैरसरकारी संस्थाहरुमा समेत संकलित छन् । यी निकायहरुले सङ्कलन गरेका तथ्याङ्कहरुलाई राष्ट्रिय प्रणालीमा आवद्ध गरी राष्ट्रिय तथ्यांक भण्डार (National Data Bank) को स्थापना गर्ने कार्य आठौं योजना कालमा हुन सकेन ।

४. दीर्घकालीन अवधारणा

दीर्घकालीन उद्देश्य भनेको उपलव्ध प्राकृतिक स्रोतहरुको संरक्षण तथा व्यवस्थापन गरी दीर्घकालसम्म यिनीहरुको उपभोग गर्ने र स्रोत संरक्षणमा दिगोपन हासिल गर्नु हो । यसका लागि विकास तथा वातावरणलाई एकिकृत गरी सरकारी, गैरसरकारी, स्थानीय निकाय, उपभोक्ता साथै निजीक्षेत्रलाई सक्रिय गराई सहभागितामूलक कार्यक्रमहरुका माध्यमवाट कार्यान्वयन गर्ने दीर्घकालीन नीति रहेको छ । मूलतः देशमा व्याप्त गरिबी र जनताका अपरिपूर्त आवश्यकताहरुले नै स्रोत व्यवस्थापनमा मुख्य चुनौती खडा गरेको हुँदा गरिबी घटाई जनताका आवश्यकता परिपूर्ति गर्ने र जनतालाई प्रत्यक्ष रुपमा व्यवस्थापकीय कार्यमा संलग्न गराउने दृष्टिकोण रहनेछ ।

विकास तथा वातावरणलाई एकीकृत गरी वातावरण अनुकुल दिगो विकास हासिल गर्न वातावरणीय अवधारणालाई विभिन्न क्षेत्रगत विकास कार्यक्रमहरुमा समावेश गरी कार्यान्वयनमा ल्याउनु दीर्घकालीन दृष्टिकोण हुनेछ । यसका लागि सरकारी संस्थाहरु, स्थानीय निकाय, गैरसरकारी संघ तथा संस्थाहरु, उपभोक्ता समूहहरु र निजी क्षेत्रलाई संयुक्त एवं साझेदारीको रुपमा कार्य गर्ने अवस्था सिर्जना गरी जनमानसमा वातावरण संरक्षणप्रति चेतना जगाई प्रत्येकको व्यक्तिगत चासो र सामुहिक जिम्मेवारी हो भन्ने भावना जागृत गराई स्वैच्छिक एवं सहभागितात्मक रुपमा वातावरण संरक्षण सम्वर्द्धन तथा व्यवस्थापन गरिनेछ ।

नवौं योजना :

५. उद्देश्य

देशको समग्र आर्थिक विकास र वातावरणीय सन्तुलनका लागि विभिन्न मन्त्रालयहरुका वातावरण वा योजना शाखाहरुको कार्यप्रणाली सुदृढ गर्ने, वातावरण क्षेत्रमा काम गर्ने जनशक्तिको कार्यक्षमता विकास

गर्ने, वातावरणीय व्यवस्थापनमा संलग्न निकायहरुबीच समन्वय कायम गर्ने, वातावरण र विकासका लागि एकीकृत दृष्टिकोण अवलम्वन गर्ने, राष्ट्रिय स्रोत संरक्षण सम्बन्धी कानुनी व्यवस्था तर्जुमा तथा समन्वय गर्ने, जैविक विविधताको क्षेत्रलाई व्यापक वनाउने, वन व्यवस्थापनमा वैज्ञानिकीकरण गर्दै जाने, प्रदुषण तत्वहरुको निष्कासनस्तर तोकी प्रदुषण नियन्त्रण कार्यक्रम लागू गर्न वाध्यात्मक तथा स्वैच्छिक प्रावधानहरुको व्यवस्था गर्ने, वातावरणीय जनस्वास्थ्य तथा फोहर-मैला व्यवस्थापन कार्यमा गैरसरकारी र निजी क्षेत्रलाई प्रभावकारी रुपमा परिचालन गर्न कानुनी व्यवस्था गर्ने, आर्थिक तथा वित्तीय नीतिहरुलाई वातावरण नीति अनुकूल पार्दै जाने र प्राकृतिक प्रकोपबाट हुने असरलाई न्यून गरी जनधनको सुरक्षा तथा राष्ट्रिय सम्पदा एवं विकासका पूर्वाधारहरुको संरक्षण गर्ने तथा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि उपयुक्त संस्थागत संरचनाको विकास गरी प्रकोप नियन्त्रण तथा न्यूनीकरणका क्षेत्रमा राष्ट्रिय क्षमता अभिवृद्धि गर्ने नवौं योजनाको उद्देश्य हुनेछ ।

६. नीति तथा कार्यनीति

- वातावरण सम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा सामुदायिक सहभागितामा आधारित कार्यक्रमहरु र महिला तथा विपन्नवर्गको सहभागिता र हित हुने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

- ग्रामीण जनताको आर्थिक अवस्थामा प्रत्यक्ष फाईदा पुऱ्याउने वातावरणीय कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- वातावरणसम्बन्धी जनचेतना विकास, सामूहिक सहभागिता विकास र वातावरण मूल्याङ्कन जस्ता कार्यमा स्थानीय निकाय, समुदाय, सरकारी, गैरसरकारी र निजी क्षेत्रलाई साझेदारीको रुपमा परिचालन गरी स्वैच्छिक अग्रसरता विकास गर्न आवश्यक व्यवस्था गरिनेछ ।

- देशको दुर्गम क्षेत्रको वातावरणलाई विशेष कार्यक्रम अन्तर्गत संरक्षण र सम्वर्द्धन गरिनेछ । दुर्गम क्षेत्रको विकास कार्यक्रममा वातावरणीय प्रभाव मूल्यांकन गरी त्यहांको जैविक विविधतालाई सुरक्षित राखी विकास प्रक्रिया अघि वढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

- सामुदायिक सहभागिता तथा उपभोक्ता समूहको संलग्नतामा वन व्यवस्थापन, जलाधार विकास, जैविक विविधता संरक्षण एवं धार्मिक तथा सांस्कृतिक महत्वका राष्ट्रिय सम्पदाहरुको संरक्षण गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।

- वातावरण संरक्षणमा स्वेच्छिक अग्रसरता सिर्जना गर्न आर्थिक सहुलियत तथा अन्य उपयुक्त प्रोत्साहन तथा दण्डको व्यवस्था गरिनेछ । प्राकृतिक स्रोत र साधनको खपतसंग निर्भर रहने जनसमूहका लागि वैकल्पिक अवसर तथा आयमूलक कार्यक्रमहरु तर्जुमा एवं कार्यान्वयन गरी वातावरण संरक्षणमा अग्रसर गराइनेछ ।

- जैविक विविधता संरक्षण कार्यलाई व्यापकता दिइनेछ र तत्सम्बन्धी कार्यमा स्थानीय निकाय, समुदाय, गैरसरकारी क्षेत्र र निजी क्षेत्रलाई प्राथमिकता दिइनेछ । सो कार्यको लागि आवश्यक कानुनी सुधार गरिनेछ ।

- वातावरण संरक्षण र सम्वर्द्धन क्षेत्रमा वातावरण शिक्षा एवं तालिम प्रदान गरी जनस्तरसम्म वातावरणीय चेतना विकास गरिनेछ । वातावरण क्षेत्रमा अनुसन्धान र विकासका लागि संस्थागत व्यवस्था गरिनेछ । वातावरणसम्बन्धी अनुसन्धान, प्रशिक्षण, अनुगमन तथा मूल्याङ्कन, व्यवस्थापन प्रणाली विकास, वातावरणीय परीक्षण आदि कार्य गर्न र आवश्यक जनशक्ति विकास गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रलाई संलग्न गराउन प्रोत्साहन गरिनेछ ।

- वातावरण संरक्षणमा गैरसरकारी संघ संस्थासंग साझेदारीको सम्बन्ध विकास गरी यस्ता संघसंस्थालाई स्थानीय वातावरण संरक्षण, फोहरमैला तथा प्रदुषणको रोकथाम आदिमा संलग्न गराउन गैरसरकारी संस्थालाई स्पष्ट काम, कर्तव्य र उत्तरदायित्व प्रदान गर्नुका साथै व्यवस्थापन पारदर्शी वनाउन श्री ५ को सरकारको भूमिकाको प्रष्ट व्यवस्था मिलाईनेछ ।

- फोहरमैला व्यवस्थापनमा स्थानीय निकायहरुलाई सक्रियताका साथ संलग्न गराई निजी क्षेत्र र संयुक्त लगानी प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

- राष्ट्रको दिगो विकासका लागि आफ्नो सांस्कृतिक तथा परम्परागत मान्यतामा आधारित वातावरण संरक्षण प्रक्रिया तथा प्रविधिको महत्वलाई आत्मसात गरी आधुनिक समाजमा यी प्रविधिहरुको समुचित प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

- महिलाहरुको सक्रियतामा संचालित वातावरणीय गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

- वातावरण संरक्षण कोषको प्रभावकारी उपयोग र वृद्धि गर्न कोषको व्यवस्थापन संरचना पुनरावलोकन गरिनेछ ।

- वातावरणीय प्रदुषणहरुबाट भएका प्रतिकूल असरलाई न्यूनीकरण गर्दै जनमानसलाई प्रतिरोधात्मक स्वास्थ्य सेवा तथा ज्ञान दिलाउन वातावरणीय स्वास्थ्य कार्यक्रम तयार गरिनेछ ।

- वातावरण एवं स्रोत संरक्षण शिक्षालाई विद्यालय र विश्वविद्यालयस्तरमा विकास गर्दै लगिनेछ र अनौपचारिक क्षेत्रमा समेत वातावरण शिक्षासम्बन्धी पक्षहरु समावेश गरी दक्ष जनशक्तिको उत्पादन बढाइनेछ ।

- ग्रामीणस्तरमा रहेका प्राथमिक स्कूलहरुमा वातावरणसंग सम्बन्धित चित्र पाठ्य-पुस्तक तथा अन्य श्रव्य दृष्य सामग्री पुऱ्याई स-साना वातावरण सूचना केन्द्र बनाइनेछ, साथै घुम्ती पुस्तकालयहरुको व्यवस्था गरिनेछ ।

- वातावरण प्रभाव मूल्याङ्कन प्रक्रियालाई सहभागितात्मक बनाई स्थानीयस्तरदेखि नै आर्थिक योजना तथा विकास कार्यमा प्रभावकारी समायोजन गरिनेछ ।

- वातावरण अनुकूल औद्योगिक विकास गर्न औद्योगिक प्रतिष्ठानहरुबाट उत्सर्जन हुने जल र वायुको निष्कासनस्तर निर्धारण गरी उचित व्यवस्थापनका योजनाहरु तर्जुमा एवं कार्यान्वयन गरिनेछ । सवारी साधन प्रजनित प्रदुषण नियन्त्रण कार्यलाई प्रभावकारी वनाईनेछ । प्रदुषण (जल, वायु, जमीन) सम्बन्धी मापदण्ड निर्धारण गरी सोको कार्यान्वयनतर्फ आवश्यक स्वैच्छिक तथा वाध्यात्मक नीतिहरुको सिर्जना गरिनेछ तथा तत्सम्बन्धी कानुनी व्यवस्था मिलाइनेछ ।

- तीव्र रुपमा परिवर्तनको क्रममा रहेका क्षेत्र (transition zone) र बस्तीहरुको पहिचान गरी त्यहांको वातावरण संरक्षणलाई विशेष ध्यान दिइनेछ ।

- वातावरण सम्बन्धी क्षेत्रगत नीति एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्न संस्थागत प्रणाली अवलम्वन गरिनेछ । सामाजिक र आर्थिक विकास कार्यक्रमलाई वातावरण अनुकूल वनाउन मन्त्रालयस्तरमा रहेका वातावरण शाखालाई सक्षम वनाउँदै लगिनेछ । वातावरण प्रभाव मूल्याङ्कन पद्धतिलाई विकास कार्यक्रमको अभिन्न अङ्ग हुनुपर्ने कानुनी व्यवस्था भइसकेको परिप्रेक्ष्यमा क्षेत्रगत निकायहरुलाई सोही अनुरुप सुदृढ पारिनेछ ।

- राष्ट्रिय स्रोत संरक्षण सम्बन्धी विद्यमान कानुनी प्रावधानहरुको मूल्यांकन गरी समन्वयात्मक नीति अपनाइनेछ ।

- श्री ५ को सरकारले अनुमोदन गरेका वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरुको कार्यान्वय गर्न आवश्यक कानुनी एवं प्रकृयागत व्यवस्था मिलाइनेछ ।

- सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुलाई वातावरण संरक्षण, व्यवस्थापन र शिक्षा सम्बन्धी परियोजनाहरुमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

- वनक्षेत्र, सिमसार क्षेत्र, कृषि जैविक विविधता एवं पशु वंशाणु स्रोतको विविधताका प्रमुख स्थलहरु पहिचान गरी संरक्षणको उचित व्यवस्था मिलाइनेछ ।

- भन्सार, कर तथा लगानी नीतिहरुको वातावरणीय परिप्रेक्ष्यमा अध्ययन अनुसन्धान गरी वित्तीय एवं आर्थिक नीतिलाई वातावरणीय नीति अनुकूल वनाउन प्रयास गरिनेछ ।

- वातावरण मन्त्रालयमा रहेको वातावरणीय तथ्यांक केन्द्रलाई सुदृढ बनाई सूचना तथा तथ्यांकहरुलाई नियमित रुपमा अध्यावधिक गरिनेछ र तथ्यांकहरुको प्रवाहलाई प्रभावकारी बनाई सर्वसाधारणको पहूंच बढाइनेछ ।

- वातावरण संरक्षण र जनसंख्या व्यवस्थापनका कार्यक्रमहरु बीच समन्वय स्थापना गरी अघि बढाइनेछ ।

- प्रयोग भइसकेका वस्तुहरु जम्मा गरेर पुनः प्रयोगमा ल्याउने व्यवसाय तथा त्यसमा संलग्न व्यवसायीहरुलाई प्रोत्साहन दिइनेछ ।

- "प्राकृतिक प्रकोप व्यवस्थापन सूचना प्रणाली" को विकास गर्ने , भूकम्प, वाढी पहिरो जस्ता विपत्तीहरुबाट वढी प्रभावित हुन सक्ने क्षेत्रको खतरा नक्शाङ्कन, भौगर्भिक, जलीय तथा मौसमीय अध्ययनका आधारमा एकीकृत रुपबाट प्रकोप न्यूनीकरण, रोकथाम तथा नियन्त्रणका प्रयासहरु, तथा प्रकोप व्यवस्थापन कार्यक्रम आवश्यकतानुसार राष्ट्रिय सो साधनका अतिरिक्त अन्तरराष्ट्रिय सहयोग समेत प्राप्त गरी परिचालन गरिनेछ ।

९.२ भू-उपयोग योजना तथा भूमिसुधार

९.२.१ भू-उपयोग

१. पृष्ठभूमि

भू-उपयोग सामाजिक तथा आर्थिक विकासका लागि अति महत्वपूर्ण पक्ष हो । देशमा विद्यमान विविध प्राकृतिक सम्पदाहरुको सन्तुलित उपयोगका लागि विगतमा धेरै प्रयास भइसके तापनि राष्ट्रिय स्तरमा भू-उपयोग योजना दिगो एवं सफलरुपमा कार्यान्वयन हुन सकेको छैन । हिमाल, पहाड तथा तराई जस्ता विविध भू-बनौटमा विकसित हावापानी तथा माटोका विविध विशिष्टताहरु सफल भू-उपयोग योजनाको तर्जुमाका बाधक तत्वका रुपमा देखिएका छन् । अनियन्त्रित जनसंख्या बृद्धिले गर्दा पनि स्थिति अरु गम्भीर हुन पुगेको छ ।

भू-उपयोगको समुचित व्यवस्था गर्न सकेमा यसबाट कृषि उत्पादनमा विशिष्टीकरण र विविधीकरण ल्याई तुलनात्मकरुपमा बढी आर्थिक लाभ प्राप्त गर्न सकिनेछ । यसबाट एकातर्फ कृषि उत्पादकत्वमा बृद्धि गर्न सकिन्छ भने अर्कोतर्फ विद्यमान बिग्रदो अवस्थाको भू-वातावरणमा समेत सन्तुलन ल्याउन सकिने हुन्छ । यसका लागि जमिनको गुण र क्षमताका साथै सामाजिक र आर्थिक संरचनाअनुरुप वैज्ञानिक भू-उपयोगबाट भूमिको उपयोग, वन, जल, र जैविक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु अपरिहार्य छ ।

भू-उपयोग नीति तर्जुमा गर्दा अनियन्त्रितरुपमा वृद्धि भइरहेको जनसंख्याको असरबाट उत्पन्न भूमिमाथिको उच्च चापलाई ध्यान दिनुपर्ने देखिन्छ । अझ यसरी बढी जनघनत्वको कारण मानिस र भू-स्रोतबीच असन्तुलन भई भू-क्षयको दृष्टिले अति सम्वेदनशील क्षेत्रमा समेत भू-अतिक्रमणमा वृद्धि भइरहेको देखिन्छ । उदाहरणका लागि कृषि भूमिको करिब ६५ प्रतिशत भू-भाग पाखो तथा बारीले ओगटेको देखिन्छ । यसमा मकै र कोदो खेतीबालीको नै प्रधानता रहेको र बाँकी ३५ प्रतिशत भू-भाग पर्यावरणीय दृष्टिले ज्यादै सम्वेदनशील सीमान्त भूमिमा रहेको पाइन्छ ।

देशको कृषि उत्पादन संरचना प्रत्यक्ष र परोक्षरुपमा वन सम्पदामा आधारित छ । वर्तमान अवस्थामा आएको वन सम्पदाको ह्रासले जलस्रोत र कृषि तथा पशु उत्पादकत्वमा समेत प्रतिकूल असर पारेको छ । वातावरणीय दृष्टिले ज्यादै सम्वेदनशील भू-भागमध्ये पहाडी र चुरे क्षेत्रबाट उत्पन्न भएको भू-क्षय, बाढी र पैह्रोले ती क्षेत्रका अतिरिक्त पहाडको वेसी, नदी किनारामा रहेका खेतका फांट र तराईको उर्वर भूमिलाई माटो कटान, तथा बगरबाट गम्भीररुपमा क्षतविक्षत पारिरहेको छ । यसबाट सिंचाइ तथा जलविद्युत आयोजनाहरु, सडक निर्माण, यातायात तथा पर्यटन विकास आदि क्षेत्रमा समेत ज्यादै प्रतिकूल असर परेको देखिन्छ ।

तसर्थ भौगोलिक विशेषता तथा जमिनको गुण र भू-क्षमताअनुरुप भू-उपयोग गरी कृषि उत्पादनमा विशिष्टीकरण र विविधीकरण गर्न, जैविक विविधतालाई संरक्षण, सम्बर्द्धन र विकास गर्न, वातावरण संरक्षण र सन्तुलन गर्न, र बसोबासबीच सन्तुलन र स्थायित्व कायम गर्न भू-उपयोग योजनाको कार्यान्वयन नितान्त आवश्यक छ ।

२. आठौ योजनाको समीक्षा

आठौं योजना अवधिमा भू-साधनको प्रयोगद्वारा रोजगारी अभिवृद्धिमा प्राथमिकता दिइने, भू-आकृति र जलवायुको भिन्नताको आधारमा क्षेत्रगत साधनहरुको अधिकतम उपयोग गर्न जोड दिइने, क्षेत्रीय तथा राष्ट्रिय कृषि अनुसन्धानलाई भू-पर्यावरणसँग आबद्ध गर्दै लगिने, वातावरण संरक्षण, भू-स्खलन एवं नदी कटान नियन्त्रण गरिने, उद्योग, शहरीकरण र व्यवसायिक खेतीलाई सडकको प्रभाव क्षेत्रभित्र विस्तार गरिने, शहरी क्षेत्र विस्तारमा भू-उपयोग योजना अनुशरण गरिने, स्थानीय स्तरमा भू-उपयोग तर्जुमा गर्न नीति निर्धारण र समन्वय बढाइने, भूमि बन, कृषि, वातावरण र विकासबीच समन्वयका लागि गुरुयोजना तयार गर्न प्रयास गरिने, भू-उपयोगको जानकारी जिल्ला तथा केन्द्र स्तरमा राखिने तथा भू-उपयोग सम्बन्धी वर्तमान कानुनमा परिमार्जन र नयाँ कानुन र नियमहरु लागू गरिने नीति लिइएको थियो । भू-उपयोगका प्रयासहरु दीर्घकालीन प्रकृतिका हुने हुंदा यस क्षेत्रमा भएका प्रयासहरुको प्रभावको मूल्यांकन गर्न नसकिए पनि क्षेत्रगत कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयनमा आठौं योजना अवधिमा यी नीतिहरुको पहल गरिएको देखिन्छ ।

३. दीर्घकालीन अवधारणा

हिमाल पहाड, तथा तराईका विविध पर्यावरणीय क्षेत्रहरुको संरक्षण एवं सम्वर्द्धन गरी भू तथा अन्य प्राकृतिक सम्पदाहरुको अधिकतम सदुपयोगद्वारा दिगो विकासमा जोड दिइनेछ ।

४. रणनीति

- तथा जलवायुको भिन्नताका आधारमा क्षेत्रगत साधनहरुको अधिकतम प्रयोग गर्न विभिन्न निकायहरुबीच आवश्यक समन्वय गराई आर्थिक सामाजिक विकासका लागि भू-उपयोगलाई प्रभावमूलक गराइनेछ । नेपालमा भू-उपयोगको प्रभावकारिताका लागि जिल्ला तथा स्थानीय निकाय तहसम्ममा यसको प्रयोगमा विस्तार गरिनेछ ।

- भौगोलिक एवं पर्यावरणीय विविधताका साथै बढ्दो भूस्खलन, भूक्षय तथा उच्च जनसंख्या वृद्धिका कारण प्राकृतिक वातावरणमा परिरहेको प्रतिकूल प्रभावलाई नियन्त्रण गर्न जोड दिइनेछ । राष्ट्रिय स्तरमा विस्तृत भू-उपयोग योजना तयार गर्न र जिल्ला तथा गाउँ शहरसम्म भू-उपयोग नक्शा बनाउन संस्थागत व्यवस्था गरिनेछ । भूमि तथा अन्य प्राकृतिक सम्पदाको उत्पादकत्व बढाउन भू-उपयोग योजना तयार गरी यी स्रोतहरुको अधिकतम तथा उपयुक्त प्रयोग गर्न प्राथमिकता दिइनेछ ।

नवौं योजना :

५. उद्देश्य

नवौं योजनामा भू-उपयोगका मुख्य मुख्य उद्देश्यहरु निम्नानुसार हुनेछन् ।

- कृषि, वन, चरन, बसोबास, शहरी विकास, औद्योगिक क्षेत्रलगायत अन्य प्रयोजनका लागि जमिनको वर्गीकरण गर्ने,

- भौगोलिक विशेषता, जमिनको क्षमता र माटोको गुणका आधारमा तुलनात्मकरुपमा बढी लाभदायी कृषिबाली उत्पादन गर्न कृषि जमिनको वर्गीकरण गर्ने ,
- विद्यमान नगरपालिका तथा शहरोन्मुख गाउँ क्षेत्रहरुमा आवास, शहर, औद्योगिक क्षेत्र तथा अन्य गैर-कृषि प्रयोजनका लागि जमिनको पहिचान तथा स्थानीयकरण (zoning) गर्ने, र जल, वन तथा जैविक सम्पदाको संरक्षण र विकास गरी वातावरणलाई संतुलन र दिगो बनाउने ।
- परिवर्तनमुखी क्षेत्र (transition zone) का मुख्य मुख्य बस्तीहरुको पहिचान गरी बातावरणीय हिसाबले योजनाबद्ध विकास गर्ने ।

६. नीति तथा कार्यनीति

- भू-उपयोगसंग सम्बन्धित केन्द्रदेखि जिल्ला स्तरसम्मका निकाय, संघ-संस्थाहरुबीच सम्बन्ध र समन्वय कायम गरी भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
- भू-स्वरुप, हावापानी, माटो आदिको आधारमा तथा कृषि उत्पादन, वातावरण संरक्षण र अन्य क्षेत्रगत विकासमा भू-उपयोग योजनाको महत्व तथा भूमिकाबारे जनमानसमा चेतना जगाइनेछ ।
- भू-क्षय तथा भू-स्खलन जस्ता राष्ट्रिय समस्या पहिचान गर्ने प्राविधिक तथा संस्थागत क्षमताको विकास गरिनेछ ।
- देशको कुल जमिनलाई कृषि, वन, चरन, बसोबास, शहरीकरण, औद्यौगीकीकरण तथा अन्य प्रयोजनका लागि उपयुक्त क्षेत्रको पहिचान तथा बर्गीकरण गरी राष्ट्रिय तथा जिल्ला स्तरसम्म भू-उपयोग नक्शाको निर्माण गरी सोअनुरुप उपयोग गर्दै लगिनेछ ।
- उपयोगमा आउने भूमिलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी भू-उत्पादकत्वमा बृद्धि गरिनेछ ।

७. कार्यक्रम

- भू-उपयोगको योजना तर्जुमा गर्दा आवश्यक क्षेत्रीय तथा जिल्लास्तरीय तथ्यांक, नक्शा, भू तथा मौसमसम्बन्धी सूचनाहरुलाई सर्भे, नापी, भौगोलिक सूचना प्रणाली (GIS), दूर सम्वेदन प्रणाली (remote sensing system) जस्ता माध्यम मार्फत भू-उपयोगको नक्शा तयार पारी सोअनुरुप जमिनको उपयोग गरिनेछ । जिल्लास्तरको भू-उपयोग नक्शा तथा योजना तयार पार्न आवश्यक भू तथा मौसम सम्बन्धी सूचना प्रणाली तथा तथ्यांकको सङ्कलन र प्रकाशन गर्ने संयन्त्रलाई सुदृढ तथा विस्तार गरिने छ ।
- हाल कृषिबाली उत्पादन भइरहेको भिरालो तथा वातावरणीय दृष्टिले ज्यादै सम्वेदनशील सीमान्त भू-भागको पहिचान गरी ती क्षेत्रमा हावापानी र माटोको गुणको आधारमा चिया, कफी, जस्ता रुखबाली तथा निजी वन जस्ता आयमूलक बालीक्षेत्रमा परिणत गरिनेछ ।
- उच्च पहाडी भेगमा जडिबुटी खास गरी उच्चमूल्यका जडिबुटीको खेती तथा प्रशोधन र फलफूल खेतीलाई विशेष जोड दिइनेछ । साथै, बेमौसम तरकारी लगाउन र तरकारीका बिउ उत्पादन र निकासी बढाउन प्रोत्साहन दिइनेछ ।
- दुर्गम तथा पिछडिएका क्षेत्रहरुका सम्भावनाको पहिचान गरी उपयुक्त भू-उपयोग योजना तयार पारिने छ ।

- उच्च पहाडी भेगमा चरनको विकास गरी पशुपालनमा जोड दिइनेछ ।
- सिँचाइ सुविधा विकास गर्न सकिने तराई तथा पहाडका बेसी क्षेत्रमा सघन कृषिबाली लगाउनेतर्फ प्रोत्साहन गरिनेछ र पहाडी भेगको सिंचाइ सुविधा प्राप्त हुने क्षेत्रमा सघन कृषि बाली योजना अपनाउंदा भू-संरक्षणको प्रविधिलाई समेत ध्यानमा राखी कार्यान्वयन गरिनेछ ।
- नगरपालिका र नगरोन्मुख गाउँ तथा नयाँ आवास र बसोबास क्षेत्रको विकास र विस्तार गर्दा भू-उपयोग नक्शाको आधारमा तुलनात्मकरुपले उपयुक्त भूमिलाई ग्राह्यता दिइनेछ । यसका लागि बृहत गुरुयोजना तर्जुमा गरी चरणबद्धरुपमा सडक, ढल निकास, खानेपानी, विद्युतीकरण, विद्यालय, स्वास्थ्यचौकी, संचार साधन जस्ता भौतिक पूर्वाधारहरुको निर्माण गरिनेछ ।
- तीव्र गतिमा भइरहेको वन विनासलाई रोक्न गा.वि.स. स्तरमा बढीभन्दा बढी सार्वजनिक जग्गा उपलब्ध गराई सामुदायिक वनको विकासमा जोड दिइनेछ ।
- भू-क्षयको दृष्टिले ज्यादै सम्वेदनशील क्षेत्रहरुको संरक्षण गर्न सामुदायिक तथा निजी चरन क्षेत्रको विकास गरी चक्र चरन प्रणाली प्रोत्साहित गरिनेछ ।
- पहाडी तथा हिमाली क्षेत्रमा छरिएर रहेका घरहरुलाई उपयुक्त स्थानमा एकीकृत वस्तीहरु विकास गर्न प्रोत्साहित गर्दै लगिनेछ ।
- पहाडी क्षेत्रमा हुने भू-स्खलनको कारण र तराई तथा वेसीक्षेत्रमा आउने बाढीबाट हुने जमिनको अत्यधिक नोक्सानीलाई नियन्त्रण गर्न ती क्षेत्रहरुको पहिचान गरी जलाधार संरक्षण गरिनेछ ।
- हिमाली क्षेत्रमा उपयोगमा नआएका जमिनलाई पर्यटन प्रवर्द्धनको दृष्टिकोणबाट मनोरञ्जन तथा खेलकुदका लागि उपयोगमा ल्याउन निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- भू-उपयोग सम्बन्धी वर्तमान कानुनमा आवश्यक सुधार गर्नुका साथै नयाँ कानुन र नियमहरु तर्जुमा गरी लागू गरिनेछ ।
- राष्ट्रिय योजना आयोगको संयोजकत्वमा भू-उपयोग परिषद् गठन गरी एक सचिवालय खडा गरिनेछ । क्षेत्रीय र जिल्लास्तरमा पनि भू-उपयोग समितिहरु गठन गरिनेछ । जिल्लादेखि राष्ट्रियस्तरमा ती निकायहरुमार्फत कृषि, वन, नापी, उद्योग, आवास, सिंचाइ जस्ता निकायहरुबीच सम्बन्ध र समन्वय कायम गरिनेछ । साथै, भू-उपयोग सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिइनेछ ।

९.२.२ भूमिसुधार तथा व्यवस्था

१ पृष्ठभूमि

नेपालको वर्तमान आर्थिक सामाजिक संरचनालाई हेर्दा जमिन नै प्रमुख सम्पत्ति तथा आर्थिक स्रोतको रुपमा रहेको पाइन्छ । देशको कृषि क्षेत्र नै उत्पादनको प्रमुख आधार हो । अधिकांश कृषकहरु सीमान्त कृषक भएका र आय पनि अति कम भएको हुँदा उनीहरुको आर्थिक स्थिति निकै कमजोर रहेकोछ । एकातिर देशको जनसंख्या तीव्र रुपमा वृद्धि भइरहेको छ भने केही वर्ष पहिले खाद्यान्न निर्यात गर्ने देश अहिले आएर खाद्यान्न आयात गर्नु पर्ने अवस्थामा पुगेको छ । जबसम्म कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रभावकारी कदम चालिदैन तबसम्म मुलुकको आर्थिक गतिविधिले गति लिन नसक्ने स्पष्ट छ ।

भूमि नै देशको प्रमुख उत्पादनको स्रोत भएकाले भूमि व्यवस्थामा सुधार नल्याइ कृषि उत्पादनमा वृद्धि र गरिबी निवारण गर्ने कार्य अधुरै रहन जान्छ । दीर्घकालीन कृषि योजनाले पनि यो समस्या समाधानका लागि भू-स्वामित्व र जोत प्रणालीमा सुधार गरी उत्पादकत्व वृद्धिद्वारा आर्थिक वृद्धिमा तीव्रता ल्याउन अनुकूल स्थिति बनाउनुपर्ने सुझाउ गरेको छ । देशको कुल कृषिभूमि करिव २६ लाख हेक्टर छ । राष्ट्रिय जोतको औसत आकार ०.९५ हेक्टर अर्थात् १८.६ रोपनी छ । १ हेक्टर भन्दा कम जमिन हुने किसानहरुको संख्या ७० प्रतिशत छ । यसमध्ये ४४ प्रतिशतसँग ०.५ हेक्टर अर्थात् १० रोपनीभन्दा कम जग्गा छ । जमिन हुनेसँग खेती गर्ने सीप कम छ । सीपहुने सँग पूरा समय काम गर्ने जमिन छैन । यस स्थितिले राष्ट्रिय उत्पादकत्व वृद्धिमा नै असर गरिरहेको छ । तसर्थ खेती गर्ने सीप हुनेहरुको पहुँचमा खेती भूमि आउनसक्ने अवस्थाको सिर्जना गरिनु जरुरी छ । भूमिव्यवस्थामा सुधारका लागि प्रभावकारी भूमिसुधार कार्यक्रमको आवश्यकता पर्ने र भूमिसुधार कार्यक्रमका साथै कृषि विकास तथा उत्पादन वृद्धिका लागि सहयोगात्मक सेवाहरु पनि पुऱ्याउनुपर्ने हुन्छ ।

२. आठौं योजनाको समीक्षा

भूमिसुधार तथा व्यवस्था क्षेत्रमा आठौं योजनामा मुख्यतया जमीनमा रहेको द्वैध स्वामित्व अर्थात् एउटै जग्गामा दोहोरो हकको अन्त्य गर्ने, भू-स्वामित्वका अभिलेखहरु कम्प्युटर प्रणालीमा आवद्ध गरी एकव्यक्तिएक जग्गाधनी लालपुर्जाको नीतिलाई कार्यान्वयन गर्ने, धेरै अघिदेखि सुरुभएको एकोहोरो नापीकार्य समाप्त गर्ने जस्ता प्रमुख लक्ष्यहरु थिए । द्वैध स्वामित्वको स्थितिको अन्त्य गर्न भूमि सम्बन्धि ऐनमा आवश्यक संशोधन गरी सकिएको छ । यस अवधिमा मोही र जग्गाधनी र मोही जग्गाधनी संयुक्त भई निवेदनहरु प्राप्त हुने गरेको र त्यस्ता निवेदनहरुमा कारवाही भई फछ्यौंट समेत भै रहेको छ । भू-स्वामित्वका रेकर्डहरु कम्प्युटर प्रणालीमा आवद्ध गर्नको लागि उपयुक्त प्रणाली पहिचान गर्न विभिन्न अध्ययन भै प्रतिवेदन तयार भएको छ । यसै कार्यक्रम अन्तर्गत उपत्यकाका तीन जिल्लामा र कास्की जिल्लाको लागि सफ्टवेयर निर्माण गरि भू-स्वामित्वका रेकर्डहरु अद्यावधिक गर्ने काम भइरहेको छ । कमैया प्रथालाई हटाउन कमैया मोचन र वृत्ति विकासका प्रयासहरु भै रहेका छन् । पचहत्तर जिल्लाको एकोहोरो नापी कार्य अव प्रायः समाप्त भै सकेको छ । उल्लिखित प्रगति स्थिति रहेपनि भूस्वामित्व, मोहियानी, भूसूचना प्रणालीहरुमा ठोस सुधार आउन सकेको छैन ।

भूस्वामित्व जस्तो संवेदनशील पक्षकालागि कार्यक्रम तर्जुमा गर्दा सरकारको हस्तक्षेप तथा शक्ति सके सम्म कम मात्रामा प्रयोग हुने गरी जनस्तरबाटै जनताको अधिक संलग्नतामा आधारित कार्यक्रम सञ्चालन हुनु बढी व्यवहारिक हुन्छ । यसबाट राष्ट्र र जनताका साधन र समय अनुत्पादक कार्यमा खर्च नभई उत्पादनशील कार्यमा लाग्न सक्ने हुन्छ । यसैगरी उब्जाउ जमिनलाई गैर कृषि प्रयोगमा

ल्याउने जस्ता हाल देखिएका विकृतिलाई हटाउन आवश्यक छ । खण्डीकरणलाई नियन्त्रण गरी चक्लाबन्दीको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने र भू-सूचना प्रणालीको विकास गरी जमिन सम्बन्धी आवश्यक योजना तर्जुमा तथा नीति निर्माण गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने जस्ता कार्यक्रम सञ्चालन हुनु पनि आवश्यक भइसकेको छ ।

भूमि सम्बन्धी ऐन २०२१ को पछिल्लो संशोधन २०५३ ले जग्गा धनी र मोही बीच आधा आधा स्वामित्व कायम गरि बाँडफाँड गर्ने व्यवस्था गरे अनुरुप जमिनमाथिको दोहोरो नियन्त्रण सदाकालागि अन्त्य गर्ने कार्यक्रम सञ्चालन भइसकेको छ । यसलाई प्रभावकारी रुपमा सञ्चालन गरी दोहोरो हकको अवस्था छिटो हटाउन परेको छ ।

यसैगरी भूमि सम्बन्धी ऐनले जग्गामा अधिकतम हदबन्दी निर्धारण गरी प्रत्येक परिवारलाई तराई र भित्री मधेशमा २५ विघा, उपत्यकामा ५० रोपनी र पहाडमा ८० रोपनी तोकिनुको साथै घरवारीको हकमा तराई पहाड र काठमाडौं उपत्यकामा क्रमशः थप ३ विघा, ८ रोपनी र १६ रोपनी तोकिएको छ । तर औद्योगिक काम, कृषि उद्योग, शिक्षण तथा स्वास्थ्य संस्थाहरु र सहकारी खेती जस्ता निश्चित उद्देश्यका लागि प्रयोग भएका जग्गामा हदबन्दीमा आवश्यकतानुसार छुट दिन सकिने व्यवस्था पनि गरेको छ । तर यो हदबन्दी व्यवस्था को उपयोग त्यति उत्पादनमूलक हुन नसकिरहेकोले यसलाई उत्पादनमूलक बनाउन पनि आवश्यक भएको छ ।

धेरै अघि भूमिसुधार कार्यक्रमको अङ्गको रुपमा सुरु भएको कित्ता नापी हाल आएर समाप्त प्राय भएको छ । यसबाट तुलनात्मक रुपमा जग्गा जमिनको आंकडाहरु बढी भर पर्दा भएका छन्। तर भू-उपयोगमा आएको परिवर्तन र स्थान विशेषमा जमिनको आर्थिक महत्वमा देखा परेको परिवर्तनहरुलाई समेटेर बढी सेवामूलक बनाउन जरुरी भएको छ । यसतर्फ केही प्रयासहरु थालनी भएका छन् । यसलाई प्राथमिकताका आधारमा बढी प्रभावकारी बनाई लानुपर्ने आवश्यकता छ ।

३. दीर्घकालीन अवधारणा

भौगोलिक सम्भाव्यता अनुरुपको तुलनात्मक लाभको भूउपयोग प्रणाली विकास गरी भूवातावरण अनुकूल कृषि भूमि र अन्य गैरकृषि उपयोगमा दीर्घकालीन स्थायित्व र सर्वसाधारणलाई भूस्वामित्वको सुरक्षाको प्रत्याभूति दिदैं भूमि व्यवस्थापन सेवामा निरन्तरता दिने भूमिसुधार तथा व्यवस्था क्षेत्रको दीर्घकालीन अवधारणा रहनेछ । यस अवधारणका आधारमा यस क्षेत्रको दीर्घकालीन लक्ष निम्न अनुसार हुनेछ ।

- भौगोलिक सम्भाव्यता अनुरुपको तुलनात्मक लाभको भूउपयोग प्रणाली विकास गरी भूवातावरण अनुकूल कृषि भूमि र अन्य गैरकृषि उपयोगमा दीर्घकालीन स्थायित्व ल्याउने आधारहरु खडागरी तिनीहरुको कार्यान्वयन गराउने ।
- आर्थिक विकासका दृष्टिबाट बढी उपयुक्त क्षेत्रहरुमा प्राथमिकता दिई नयाँ नयाँ प्रविधि अनुरुप नाप नक्सा गर्ने कार्यहरु सञ्चालन गर्ने, राष्ट्रको साँध-सिमानाको निरन्तर अनुगमन गर्ने र निजी, सरकारी, सार्वजनिक तथा गुठी स्वामित्वमा रहेका जमिनको यथार्थ तथ्याङक तयार गर्ने ।
- उपयुक्त भूमि प्रशासनबाट सर्वसाधारण जनताको सम्पत्तिको रुपमा रहेको घर-घडेरी, खेती तथा भूस्वामित्वका रेकर्डहरु संरक्षण गरी सुरक्षाको प्रत्याभूति दिने ।
- भौगोलिक सूचना प्रणालीमा आधारित गरी विकास निर्माण र भूमि व्यवस्थापन सम्बन्धी नीति निर्माण र भूमिप्रशासन सरलीकरणका लागि भूस्वामित्व, नाप-नक्सा लगायतका भूमिस्रोत तथ्याङक विकास गर्नेतर्फ निरन्तरता दिने ।

- प्रस्तुत लक्षहरु हासिल गर्दै जान पर्यावरणीय संरक्षण आवश्यकताको पृष्ठभूमिमा स्वभाविक बजार प्रकृयाद्वारा जनताको स्वस्फूर्त संलग्नतामा उपयुक्त भूउपयोग प्रणाली विकास गर्दै उत्पादन प्रणालीमा स्थायित्व ल्याउने रणनीति अवलम्वन गरिनेछ ।

नवौं योजना :

४. उद्देश्य

दीर्घकालीन अवधारणालाई क्रमशः क्रियान्वित गर्दै लाने क्रममा नवौं योजनाको उद्देश्य निम्न अनुसार हुनेछ ।

- भूमिमा रहेको दोहोरो नियन्त्रणे अवस्था हटाई मोहियानी व्यवस्था अन्त्य गर्ने ।
- उपयुक्त भूउपयोग प्रणालीको विकास गर्ने ।
- वैज्ञानिक पद्धतिमा आधारित गराई भूमि सम्बन्धी नाप-नक्साहरु अद्यावधिक गर्ने ।
- स्वामित्व, नाप-नक्सा लगायतका भूमिस्रोत तथ्यांक कम्प्युटर प्रणालीमा आधारित गरी उपलव्ध गराउँदै जाने ।
- भूमिप्रशासनलाई सरलीकरण गर्दै सर्वसाधारणलाई भू-स्वामित्वको सुरक्षाको प्रत्याभूति दिने ।

५. लक्ष्य

भूमिमा रहेको द्वैध नियन्त्रण अन्त्य गर्ने, भूस्वामित्वको ढाँचामा सुधार गर्ने अवस्था सिर्जना गर्ने, उपयुक्त भूउपयोग प्रणाली विकास गर्ने र खण्डिकरण रोक्ने व्यवस्था मिलाउने, भूमिहिन कृषकहरुको वसोवास र वृत्तिविकासको व्यवस्था गर्ने, नापनक्साहरु उपलव्ध गराउने, भूअभिलेखालय स्थापना गर्ने, भूसुचना प्रणाली विकास गर्ने जस्ता प्रमुख लक्ष्यहरु हाँसिल गर्न कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

६. रणनीति

दीर्घकालीन अवधारणा अनुरुप पर्यावरणीय संरक्षण, स्वभाविक बजार प्रकृया, जनताको स्वस्फूर्त संलग्नता, उपयुक्त भूउपयोग र उत्पादन प्रणालीमा स्थायित्वनै नवौं योजनामा भूमिसुधार तथा व्यवस्थाक्षेत्रको रणनीति हुनेछ ।

७. नीति तथा कार्यनीति

भूमिमा आश्रित कृषक परिवारलाई भूस्वामित्वको प्रमाण दिलाउँदै लगी कृषि उत्पादन र आय वृद्धिका लागि अनुकुल अवसरको सिर्जना गर्ने, विद्यमान भूस्वामित्वको वितरण प्रणालीलाई सुधार गरी सन्तुलित र उत्पादनमूलक वनाउने, जमिनमा रहेको दोहोरो हकको अवस्थालाई यथार्थमा अन्त्य गरी मोहियानी व्यवस्था अन्त्य गर्ने, जमिनको बढ्दो खण्डीकरणलाई नियन्त्रण गर्ने तथा चक्लाबन्दीलाई प्रोत्साहित गर्ने, उपयुक्त भू-उपयोग प्रणालीको विकास गरी कृषि र गैर कृषि भूमि उपयोगलाई व्यवस्थित गर्दै लाने, भूमिप्रशासनलाई सरल र वैज्ञानिकरुपले सञ्चालन गरी भू-स्वामित्वमा सुरक्षा प्रदान गर्ने, विकास निर्माण र आर्थिक क्रियाकलाप बढी हुने क्षेत्रलाई प्राथमिकता दिएर नाप-नक्सा सम्बन्धी कार्यहरु गरी भूमि सम्बन्धी आँकडाहरु उपलव्ध गराउने, अधिराज्यभरीका जग्गाको सुरु क्षेत्रफल यकिन गरी

जग्गाधनी दर्ता श्रेस्ताका आधारमा एक जग्गाधनी एक पुर्जा तयार गर्ने र महिला जग्गाधनीको आँकडा एकिन गर्ने, भूमि सूचनालाई बढी उपयोगी बनाउन कम्प्युटर प्रणालीमा आवद्धगरी आधुनिक भू-सूचना प्रणाली स्थापना गर्ने, अधिराज्यको साँध-सिमानाहरु दुरुस्त राख्ने जस्ता नीतिगत पक्षहरुको आधारमा कार्यान्वयन पक्ष निम्न अनुसार सञ्चालन हुनेछन् ।

- कृषिक्षेत्रमा वान्छित सुधार ल्याउन तथा जमिनमा जग्गाविहीन र साना किसानको पहुंच बढाई रोजगारी र आयमा वृद्धि गर्न भूमिसुधार गरिनेछ । यस्तो सुधार गर्दा भू-उपयोग र भूमिप्रशासनका विविध पक्षहरु समेटिनेछ । प्रगतिशील करको माध्यमबाट जमिनको वास्तविक उपयोगमा प्राथमिकता दिइनेछ ।

- प्रति एकाइ कृषिभूमिको उत्पादकत्व बढाउने उद्देश्यले जग्गा ओगट्ने र बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । भूस्वामित्वको आकार र उपयोग व्यवस्थित गर्न न्यायोचित किसिमले प्रगतिशील करको माध्यमलाई प्रयोगमा ल्याइनेछ । यस्तो प्रगतिशील करको प्रयोग गर्न खेतीलाई जोतको किसिम र आकारअनुरुप न्यूनतम खेती, निर्वाह खेती र व्यवसायिक तथा औद्योगिक खेतीको रुपमा वर्गीकरण गरी न्यूनतम खेतीलाई न्यूनतम करबाट सुरुगरी एक निश्चित आकारभन्दा बढी जोतको आकारलाई व्यवसायिक तथा औद्योगिक खेतीको अवधारणा अनुरुप प्रगतिशील करको दायराभित्र ल्याइनेछ । यसका लागि आधारहरु र उपयुक्त प्रक्रिया विकास गर्न अध्ययन र विश्लेषणगराई त्यस अनुरुप कार्यक्रम अगाडि बढाइनेछ ।

- श्री ५ को सरकारले २०५३ सालमा कानुनी आधार तयार गरी भूमिमा दोहोरो नियन्त्रणलाई अन्त्य गर्ने स्थितिको सिर्जना गरेको छ । त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । अव जग्गामा बढी भन्दा बढी लगानीको अवसर दिई कृषि भू-उपयोगलाई वैज्ञानिक गराउने र उत्पादकत्व अभिमुख गराउने कार्यमा जोड दिइनेछ । जग्गाको अभिलेख कम्प्युटर प्रणालीमा आवद्ध गरी एक व्यक्तिको नाममा अधिराज्यमा रहेको सवै जग्गाहरुको एउटै जग्गाधनी पूर्जा तयार गर्ने आधारहरु तयार गरिनेछ ।

- साधारणको सम्पत्तिको रुपमा रहेको भू-स्वामित्वका रेकर्डहरु सुरक्षित राख्न थप व्यवस्थाको रुपमा केन्द्रीय भू-अभिलेखालय को स्थापना गरि सुदृढ गरिनेछ ।

- भूमिको खण्डिकरण हुँदै गइरहेको समस्यालाई निराकरण गर्न निश्चित आकारभन्दा सानो हुने गरी कित्ताकाट गर्न वा बण्डा गरी लिन नपाउने व्यवस्थाका लागि अध्ययन गरी निश्चित आधार तयार गरिनेछ र कार्यान्वयनका लागि कानुनी व्यवस्था समेत मिलाईनेछ ।

- ट्युव-वेल सिंचाई कार्यक्रमका क्षेत्रहरुमा ट्युववेलको उपयोगिता बढाउन उपभोक्ता समूहको सहभागितामा चक्लावन्दी कार्यक्रमलाई अघि बढाइनेछ । यस्तो चक्लावन्दी कार्य अन्य सम्भाव्य क्षेत्रहरुमा पनि प्राथमिकताको आधारमा सञ्चालन गरिनेछ ।

- नापनक्सासम्बन्धी कार्यलाई आर्थिक गतिविधि बढी हुने क्षेत्रमा तद्अनुरुपको छिटोछरितो सेवाहरु पुऱ्याउन प्राथमिकता दिने गरी सञ्चालन गरिनेछ । सर्वसाधारणलाई भू-स्वामित्वको शुद्ध क्षेत्रफल दिलाउने, सीमानाहरुको नापनक्सा नियमितरुपमा अध्यावधिक गर्ने, विकासका लागि आवश्यक भू-सूचना प्रभावकारी रुपमा उपलब्ध गराउने, नापी जनशक्ति उत्पादनमा जोड दिने जस्ता नापी तथा भूसूचना दिने कार्यहरु प्रभावकारी बनाइनेछन् ।

- राष्ट्रिय भू-उपयोगलाई निश्चित दिशाबोध गराउन अध्ययन गराइनेछ । त्यसका आधारमा कृषियोग्य तथा सिंचित जमिन समेत गैरकृषि प्रयोजनमा बढ्दोरुपमा प्रयोग हुँदै आएको स्थितिलाई निरुत्साहित गर्न र जमिनको गुण तथा उत्पादन प्रयोग गर्ने क्षमता अनुरुप उपयोगमा ल्याई वातावरण र विकास बीच दिर्घकालीन स्थायित्व ल्याउन कृषि -भूउपयोगको योजना पनि तयार

पारी प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ । जग्गाको अवस्था र स्थितिलाई ध्यानमा राखी उपयुक्त बैकल्पिक प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

- गुठी क्षेत्रमा रहेको साधन र स्रोतलाई गुठी संरक्षण र सम्वर्धनका साथसाथै आर्थिक विकासका क्रियाकलापमा पनि सघाउ पुग्ने गरी परिचालन गर्ने दृष्टिकोण राखिनेछ । यसमा गुठी सम्पदा र सम्वद्ध कला संस्कृतिको संरक्षणका लागि समय अनुकुल स्रोत-साधन जुटाउन सहयोग पुग्ने किसिमबाट उपलब्ध पुँजी परिचालन गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । यसकालागि आवश्यक कानुनी सुधार पनि गरिनेछ ।

८. कार्यक्रम

भूस्वामित्वमा द्वैध नियन्त्रण अन्त्य कार्यक्रम

हाल मोही लागेका जग्गाहरु एक न्यायोचित बन्डाको माध्यम अपनाई मोही र जग्गाधनीको बीच बाँडफाँड गर्ने गरी भूमि सम्बन्धी ऐनमा चौथो संशोधन भई मोहीयानी व्यवस्था खारेज भइ सकेको हुँदा द्वैध नियन्त्रण अन्त्य कार्यक्रम अधिराज्य भरि लागू गरिएको छ । नवौं योजना अवधिमा मोही लागेका करिव २ लाख ४५ हजार विघा जमीनमा मोहीले सकार गर्न प्राथमिकता पाउने गरी जग्गाधनी र मोहीको हकहिस्सा छुट्याई एकल स्वामित्व कायम गर्ने कार्य विशेष कार्यक्रमको रुपमा अधिराज्यभरी सञ्चालन गरि दोहोरो नियन्त्रणको अन्त्य गरिनेछ । आइन्दा मोहियानी व्यवस्थानै खारेज भएकाले मोही कायम हुन सक्ने त्रासले गर्दा जग्गा कमाउन नदिने वरु बाँझो राख्ने विद्यमान प्रवृत्ति अव सदाको लागि अन्त्य हुने वातावरण तयार भएको छ । यसबाट कृषिमा अनुभव भएका भूमिहीन कृषकमा खेतीकालागि जग्गा उपलब्ध हुने अवसरको सिर्जना भई रोजगारमा वृद्धि ल्याउन मद्दत पुग्नेछ ।

भू-स्वामित्वको ढाँचामा सुधार

भू-स्वामित्वको सीमा भूउपयोगको औचित्यमा निर्धारित हुने व्यवस्था गर्न न्यूनतम निर्वाह खेती व्यवसायिक खेती र औद्योगिक खेतीको हद निर्धारणका लागि एक अध्ययन गराइने छ । त्यस्तो अध्ययनले सिंचाई सुविधा, जमिनको प्रचलित मूल्य, यातायात तथा अन्य पूर्वाधारहरुको विकास भूमिहीन कृषकहरुको जनसंख्या, उपलब्ध भूमि र बढ्दो जनसंख्या तथा सामाजिक न्यायको पक्षहरुलाई पनि समेटिनेछ । यसरी अध्ययनका आधारमा प्रगतिशील करको निर्धारण गरी व्यवहारिक रुपमा जमिनको प्रयोग अनुसारको भूस्वामित्वको सीमा स्वस्फूर्त रुपमा निर्धारण हुने व्यवस्था गरिनेछ । भूस्वामित्वको विद्यमान असमानतालाई हटाउन उक्त अध्ययनको आधारमा सीमान्त तथा स-साना कृषक र भूमिहीन कृषकहरुको स्वामित्वमा जग्गा प्राप्त हुन सक्ने व्यवस्थाका लागि गरिबी निवारण कार्यमा टेवा पुऱ्याउने दृष्टिबाट ऋण सुविधा परिचालन गराई त्यस्ता साना र भूमिहीन कृषकहरुले जग्गा खरिद गर्न सक्ने पूँजीको व्यवस्था मिलाइनेछ । यसका लागि उपयुक्त वित्तीय निकायको व्यवस्था गरिनेछ ।

भू-उपयोग

देशको भूभागको भौगोलिक सम्भाव्यता अनुरुप विभिन्न प्रयोजनका लागि भूउपयोग वर्गीकरण गरी भूउपयोगमा निरन्तरता दिई उपयोग प्रणालीमा स्थायित्व ल्याउन आवश्यक छ । उपलब्ध कृषि भूमिको वैज्ञानिक उपयोग गरी वातावरण संरक्षणका दृष्टिबाट उपयुक्त वनजङगल तथा आरक्षहरुको विकास र उद्योग, शहरबजार, वस्ती, सेवा आदि क्षेत्रको विकासका लागि गैर कृषि उपयोग र तुलनात्मक लाभका खेती प्रणाली विकास गराई खाद्य सुरक्षा र आय आर्जनको दिगो आधार खडा गर्दै लान उपयुक्त कृषि भूउपयोग गराउने व्यवस्था गर्न जरुरी भएको छ । किनभने कृषिभूमि गैरकृषि प्रयोगमा गइसकेपछि

पुनः उब्जाउ बनाउन कठिन हुन जान्छ । तसर्थ भूउपयोगको क्षेत्र निर्धारण गर्न कुन ठाउँमा जमिनको के कसरी उपयोग गर्दा पछिसम्म बढी भन्दा बढी आर्थिक लाभ लिन सकिन्छ भन्ने यकिन गर्न भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन एक विस्तृत अध्ययन गराइनेछ । अध्ययनका आधारमा भूउपयोग प्रणाली लागू गर्न आवश्यक कानुनी आधार समेत तयार गरी भूउपयोग योजना कार्यान्वयन सुरु गरिनेछ । यस क्रममा योजनाको अन्त्यसम्ममा नमूना को रुपमा छानिने दुई जिल्लामा योजना लागू गरिनेछ ।

जग्गाको चक्लावन्दी गर्ने र खण्डीकरण नियन्त्रण

दीर्घकालीन कृषि योजना अनुरुप विकास हुने ट्युववेल सिंचाईको उपयोगिता बढाउन प्राथमिकता दिने गरी चक्लावन्दी कार्यक्रम त्यस्ता ट्युववेल जडान क्षेत्रसँग समन्वय गरी सामुदायिक सहभागिताका आधारमा सञ्चालन गरिनेछ । कृषि उत्पादनमा लागत तथा श्रमशक्तिको वचत गर्न उन्नत प्रविधि अपनाउने कार्यलाई सरल र व्यवहारिक बनाउन व्यक्तिगत, समूहगत वा गाउँ विकास समितिहरुले स्वस्फुर्त रुपमा चक्लावन्दी गर्न चाहेमा ऋण सुविधा उपलव्ध गराउने, नाप-नक्सा शुल्क तथा रजिस्ट्रेसन दस्तुरमा छुट दिने जस्ता प्रोत्साहन दिइने कार्यक्रम सञ्चालन गरिनेछ । सानो-सानो टुक्रामा खण्डीकरण भई उत्पादनमा ह्रास आईरहेको क्रमलाई रोक्न खण्डीकरण नियन्त्रणका लागि कुन क्षेत्रमा कति निश्चित आकारभन्दा कम हुने गरी जमिन टुक्रिन नदिने, त्यस बारे अध्ययन गराईने छ । यस्तो अध्ययन गर्दा जमीन बेच-बिखन वा हक हस्तान्तरण गर्दा वा भू-सम्पत्तिको अंशबण्डा गर्दा शहरी र कृषि जमिनको क्षेत्र तोकी न्यूनतम एकाइभन्दा सानो हुने गरी टुक्राई कित्ताकाट हुन नपाउने कानुनी व्यवस्था गरिनेछ । कृषि जमीनको न्यूनतम एकाइको खरिद विक्रि गर्दा पहिलो प्राथमिकता सँधियारले पाउने गरी कानुनको तर्जुमा गरेर चक्लाबन्दी कार्यक्रममा सघाइनेछ ।

उपरोक्त पूर्वाधार तयार भएपछि योजना अवधिमा नमूना आयोजना (pilot project) को रुपमा अधिराज्यका पहाड तराई र भित्री मधेशका एक एक जिल्लामा कार्यक्रम सञ्चालन गरिनेछ । त्यसबाट प्राप्त अनुभवको आधारमा अन्य जिल्लाहरुमा क्रमशः यस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

भूमिहीन कृषि श्रमिकहरुको बसोवास तथा वृत्ति विकास तालीम

पर्यावरणीय पक्षलाई ध्यानमा राखि सरकारी सार्वजनिक जग्गा जमिनको संरक्षण गर्ने व्यवस्था लागु गर्न प्राथमिकता दिने गरि अव्यवस्थित उपयोग रोक्न र सुकुम्वासीहरुको व्यवस्थित वसोवासका लागि योजनाबद्धरुपले कार्यक्रम सञ्चालन गरिनेछ ।

भूमिहीन कृषि श्रमिकहरुको वृत्ति विकास गराउन उनीहरुको उचित वसोवास र आय आर्जनको क्षमता वृद्धि गराई गरिबी निवारणमा टेवा पुऱ्याउन स्थान विशेषमा उपयुक्त सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसक्रममा कमैयाहरुमा प्राथमिकता दिने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

भू-सूचना प्रणाली कार्यक्रम

कृषि तथा वन पैदावारको उत्पादनमा वृद्धि कार्यक्रमहरु, भूउपयोग कार्यक्रमहरु, चक्लावन्दी कार्यक्रमहरु क्षेत्रीय तथा स्थानीय आवास तथा भौतिक योजना तर्जुमा कार्यक्रमहरु, प्राकृतिक स्रोत साधनको संरक्षण सम्वर्द्धन एवम् उपयोग जस्ता वातावरणीय कार्यक्रमहरुको तर्जुमा, गरिबी निवारण र दिगो विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र प्रभाव अध्ययन जस्ता कार्यहरुमा भरपर्दो सूचना तथा तथ्याङ्क आवश्यक छ । यसकालागि सहयोग पुऱ्याउन वैज्ञानिक भूसूचना प्रविधिको माध्यमबाट नक्सा, भूस्वामित्व र भूमि सम्बन्धी तथ्याङ्क उपलव्ध गराउन सकिने किसिमबाट अध्यावधिक रुपमा कम्प्युटरमा आधारित भूसूचना प्रणालीको विकास तथा विस्तार गरिनेछ । यस्तो सूचना प्रणालीलाई

भौगोलिक सूचना प्रणालीमा आवद्ध गरिने दृष्टिकोणबाट कार्यक्रम सञ्चालन गरिनेछ । जग्गा सम्बन्धी स्वामित्वको रेकर्डलाई कम्प्युटर प्रणालीमा आवद्ध गरी जग्गाधनी दर्ता श्रेस्ताको आधारमा एक व्यक्ति एक जग्गाधनी व्यवस्था लागु गर्ने आधारहरु तयार गरिनेछन् यसमा महिला स्वामित्वको तथ्याङ्क पनि उपलब्ध गराउन सकिने व्यवस्था गरिनेछ ।

नाप-नक्सा तयारी कार्यक्रम

भूमिको लगत व्यवस्थितरुपमा तयार पारी जग्गाजमिन सम्बन्धी झैझमेला र खिचोला हटाउन सुविधा प्रदान गर्ने, भूमि सम्बन्धी कारोवारमा विश्वसनीयता कायम गरेर भूमि सम्बन्धी कारोवार बढाई राजस्व वृद्धि गराउने। जग्गाको समुचित वर्गिकरण गराउने, भूउपयोग नक्सा तयार गर्ने, चक्लाबन्दी आयोजनाहरुको लागि सूचनाहरु उपलब्ध गराउने जस्ता कार्यक्रमहरु नापी कार्यक्रम अन्तर्गत सञ्चालन गरिनेछ । जग्गाको मूल्यमा भएको वृद्धिलाई दृष्टिगतगरी न्यूमेरिकल कित्तानापीको थालनी गरिनेछ । भूसूचना प्रणालीको कार्यान्वयन गर्न माइक्रोफिल्म कार्यलाई व्यवस्थित गरिनेछ । अधिराज्यको कित्तानक्सा एवं फिल्डबुकको एमोनिया प्रिन्ट एवं फोटोकपी प्राप्त गरी नक्सा एवं जग्गा सम्बन्धी श्रेस्ताहरु सुरक्षित राख्न केन्द्रीय भू अभिलेखालयको स्थापना गरिनेछ । त्यस अभिलेखालयमा महत्वपूर्ण अभिलेखहरु संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

भूमि सम्बन्धी नीति निर्धारण र कार्यान्वयनमा सघाउ पुऱ्याउन विभिन्न प्रयोजनाकालागि आवश्यक पर्ने विभिन्न मान र नापका नक्साहरु स्वदेशभित्र तयार गर्ने र एकोहोरो नापी समाप्त गरी कित्ता नापी कार्यलाई बढी भरपर्दो र शुद्ध बनाउन आर्थिक क्रियाकलाप बढी भएका जिल्लाहरुमा प्राथमिकता दिने गरी पुनः नापीको कार्यहरु सञ्चालन गरिनेछ । नापनक्साकोलागि आवश्यक भौगोलिक विन्दुहरु स्थाापना गरिने र नापी कार्यक्रमका लागि आवश्यक जनशक्ति उत्पादन गर्न नापी तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । पश्चिम नेपालको टोपोग्राफिकल नक्सा तयार गर्ने कार्य सम्पन्न गरिनेछ ।

नापी कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रमुख कार्यहरुको विवरण निम्न तालिकामा दिइएको छ :

तालिका १
नापी कार्यक्रम र लक्ष्य

सि.नं.	कार्यक्रम	एकाई	लक्ष्य
१	पुनः नापी	हेक्टर	३,८०,०००
२	छुट नापी	हेक्टर	५,०००
३	नक्सा ट्रेस	सिट	२,५००
४	माइक्रोफिल्म	जिल्ला	७५
५	भूउपयोग नक्सा तयार गर्ने	सिट	२५०
६	नक्सा डिजिटाइज गर्ने	सिट	३३६
७	नगरपालिकाको नक्सा ठूलो नापमा तयार गर्ने	न.पा.	३८
८	पश्चिमी पहाडी क्षेत्रको १.१ माइल स्थलरुप नक्सा अद्यावधिक गर्ने	सिट	५०
९	जिल्ला नक्साको नयाँ संस्करण निकाल्ने	सिट	७५
१०	नक्सा पुनः छपाई गर्ने	सिट	७५
११	आधारभूत नापी तालिम	जना	१५०
१२	जुनियर नापी तालिम	जना	१२०
१३	सिनियर नापी तालिम	जना	२०
१४	कम्प्युटर तालिम	जना	१२०
१५	सर्भे (नापी) स्नातक तालिम	जना	२०
१६	कित्ता नापीको लागि ट्रिग सिट उत्पादन	सिट	२१,०००
१७	जि.पि.एस. (छुट नापीको लागि समेत) विन्दु सर्भेक्षण	विन्दु	३,७५०
१८	उचाई विन्दु स्थापना र सर्भेक्षण	कि.मी.	१०००
१९	भूआकर्षण विन्दु स्थापना र सर्भेक्षण	विन्दु	५००
२०	चुम्वकिय आधार विन्दु स्थापना	विन्दु	१
२१	खगोलीय सर्भेक्षण र प्रथम दर्जाको विन्दु पूनःसर्भेक्षण	स्थान	१५०
२२	वेधशाला सुदृढीकरण र सौर्य मण्डलको समय सम्बन्धी सर्भेक्षण	प्रतिशत	१००

२३	पश्चिम नेपाल टोपोग्राफिक नक्सा आयोजनाद्वारा नक्सा तयार गर्ने	सिट	३४४
२४	केन्द्रीय भूअभिलेखालय स्थापना	पटक	१

गुठी सम्पत्तिको सुरक्षा

गुठी सम्पत्तिका रुपमा रहेका जग्गा जमीनहरुको व्यवसायिक प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । यसबाट प्राप्त हुने आयबाट अक्षयकोष समेत खडा गरी गुठी संरक्षण, पूजा आजा सञ्चालन र मठ मन्दिरको जिर्णोद्धार आदि कार्यमा निरन्तरता दिन सक्ने किसिमबाट गुठी सञ्चालन गर्ने व्यवस्था मिलाइने गरी कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आवशयक पर्ने कानुनी आधारहरुका लागि ऐनमा आवशयक संशोधन गरिनेछ ।

अनुगमन तथा मूल्याङ्कन

भूमिसुधार तथा व्यवस्था सम्बन्धी कार्यक्रमहरु सशक्त रुपमा अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यस अन्तर्गत वार्षिक कार्यक्रम तयार गर्नु अघि सम्भावित नीति तथा कार्यक्रमको लेखा जोखा गर्ने, नियमित प्रगति समीक्षार समस्या समाधान समितिको बैठकहरु सञ्चालन गर्ने, सञ्चालित आयोजनाहरुको नियमित अनुगमन निरीक्षणहरु गर्ने व्यवस्था गरी कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।

जनशक्ति व्यवस्था

भुमि सुधार तथा व्यवस्था कार्यक्रम कार्यान्वयनका निमित्त आवश्यक पर्ने जनशक्ति परिपूर्तिका लागि विकास प्रशासन नीति अनुरुप आपूर्ति कार्यक्रम परिचालन गरिनेछ ।

कार्यान्वयन व्यवस्था

प्रस्तावित भूमिसुधार तथा नापी कार्यक्रमहरु श्री ५ को सरकारको सम्बन्धित विभागहरुबाट समन्वयात्मक रुपमा कार्यान्वयन गरिनेछ । भू-सूचना प्रणाली स्थापना तथा विकासको सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट छुट्टै आयोजनाको रुपमा सञ्चालन हुनेछ र भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट विभागीय कार्यक्रमहरुको समष्टिगत समन्वय गरिनेछ ।

९.३. वन विकास

१. पृष्ठभूमि

देशको आर्थिक एवं सामाजिक विकासमा वन क्षेत्रको उल्लेखनीय योगदान रहेको छ । प्राकृतिक सम्पदा एवं जैविक विविधताको दृष्टिले नेपाल अति नै धनी छ । यहां प्रति एकाई क्षेत्रफलमा अपेक्षाकृत वढी पारिस्थितिक प्रणाली (ecosystem) हरु फस्टाउन सकेको छ । प्राकृतिक नवीकरणीय स्रोत तथा सम्पदाको समुचित वैज्ञानिक व्यवस्थापन एवं सदुपयोग गर्न सके विकासलाई तीव्र गतिमा अघि वढाउन सकिन्छ । यद्यपि देशको कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदानको आवश्यक लेखाजोखा हुन सकेको छैन । वन क्षेत्र कृषि क्षेत्रको मेरुदण्डका रुपमा रहेको छ । यस क्षेत्रले कृषि प्रणालीका लागि आवश्यक पर्ने कृषि औजार, प्राङगारिक मलको लागि आवश्यक पर्ने सोतर र अन्य जैविक पदार्थ, गाईवस्तुका लागि डालेघाँस एवं चरिचरण आदिका साथै फलफूल, तरकारी, जडीबुटीको रुपमा औषधी आदि प्रदान गरी महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसका अतिरिक्त वन क्षेत्रले जलाधार एवं भौगर्भिक पानीको समेत संरक्षण गरी सिँचाई एवं विद्युत आयोजनाहरुलाई टेवा पुऱ्याउंछ । क्रमिक रुपमा भईरहेको तथा वढ्दै गएको वन क्षेत्र अतिक्रमण, भिरालो जमिनमा कृषि एवं आवासको लागि परेको चाप एवं कृषि, पशुपालन तथा वागवानी प्रणालीको उत्पादकत्वमा आइरहेको क्रमिक ह्रास जस्ता पक्षलाई मनन गर्दा वन क्षेत्रको विकासतर्फ विशेष ध्यान दिनु पर्ने भएको छ । त्यस्तै वन क्षेत्रले वातावरणीय सन्तुलन लगायत, जनतालाई आवश्यक पर्ने दैनिक काठ, दाउरा, डालेघांस आदिको आपूर्ति गर्नुका साथै कृषि क्षेत्रलाई महत्वपूर्ण टेवा पुऱ्याउँछ । साथै वनमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरुको आपूर्ति गरी देशको औद्योगिक विकासमा महत्वपूर्ण भूमिका खेल्नसक्ने प्रचुर सम्भावना यस क्षेत्रमा रहेका छ । हाम्रो परिप्रेक्ष्यमा जडी वुटीहरु प्राचीनकाल देखि नै आयुर्वेदिक औषधिको रुपमा प्रयोग हुंदै आएको छ र हाल करिव ७०० प्रजातिका जडीवुटीहरु औषधीको लागि प्रयोग भईरहेको पाइएको छ । वनमा आधारित विभिन्न प्रकारका उद्योगहरु मार्फत यस क्षेत्रले रोगजारी एवं आय आर्जनका अवसरहरु प्रदान गर्दै आएको छ । राष्ट्रिय निकुञ्ज एवं आरक्षहरु मार्फत यसले पर्यटन उद्योगलाई समेत टेवा दिंदै आएको छ । सन् १९९६ मा नेपाल प्रवेश गरेका मध्ये करिव २३ प्रतिशत पर्यटकहरु वन क्षेत्रबाट आकर्षित भइ पर्यटन (eco-tourism) का लागि आएको पाइएको छ ।

नेपालको वातावरणीय संरक्षण र सन्तुलनमा वन क्षेत्रको स्थान अग्रणी रहे तापनि विगतका केही दशकदेखि यसको स्थिति ह्रासोन्मुख भएको पाइन्छ । सन् १९६४को तथ्याङ्कमा देशको ४५ प्रतिशत भन्दा पनि वढी भू-भागमा फैलिएको वन क्षेत्र सन् १९७९ तिर ४३ प्रतिशत र सन् १९८६ मा ३७.४ प्रतिशत र हालै (सन् १९९८) गरिएको एक सर्वेक्षणले वन क्षेत्र केवल २९.० प्रतिशत रहन गएको देखाएको छ । सोही अध्ययनले नेपालको तराईको वन क्षेत्र प्रतिवर्ष १.३ प्रतिशत ले विनाश हुंदैगएको देखाएको छ । गएका दशकहरुमा आवास र पुनर्वासका लागि वन क्षेत्रको सर्पट कटान गरिए भने, कतिपय स्थानमा अवैध तरिकाले वन क्षेत्र अतिक्रमण भयो । वन पैदावारमा तस्करी पनि वढ्दै गयो । सडक निर्माण, शिक्षण संस्था र अन्य विकास निर्माण कार्यका लागि पनि वन क्षेत्रको उपयोग गरियो भने बढ्दो जनसंख्याको चाप र अन्य कतिपय कारणले समेत वन क्षेत्रलाई प्रतिकूल असर पाऱ्यो । अनियन्त्रित वसाइ सराइ, चरिचरण, आगलागी आदिको प्रभावले पनि वन क्षेत्रको उत्पादकत्वमा कमी आयो ।

तराई क्षेत्रमा रहेका वनहरु अति नै उत्पादनशील भए तापनि यी प्रतिकूल कारकतत्वहरुको कारणले वैज्ञानिक वन व्यवस्थापन पद्धति लागू गर्न सकिएन । धेरै नै गहिरो माटो, प्रचुर भूमिगत पानीको सतह उपयुक्त वर्षा, उष्ण हावापानी र समतल भू-भागमा अवस्थित तराईको वनको वैज्ञानिक व्यवस्थापन गर्नसकेको भए वनमा आधारित उद्योगहरुको संख्यामा वृद्धि भई देशलाई औद्योगीकरण तिर अग्रसर गराइ रोजगारीका अवसरहरु वढाउन सकिने थियो । साथै देशको कुल गार्हस्थ्य उत्पादन मा समेत

उल्लेखनीय वृद्धि गर्न सकिन्थ्यो । तर वन क्षेत्रप्रतिको विकर्षणले यी सब हुन पाएन र प्राकृतिक सम्पदाको सही अर्थमा सदुपयोग गर्न सकिएन ।

विगत दशकहरुमा पहाडी क्षेत्रमा अवस्थित वनहरुमा भएको प्रतिकूल प्रभाव पनि यथावत नै रह्यो । वढ्दो जनसंख्याले काठ, दाउरा एवं डालेघाँसको मागमा भएको वृद्धि एवं अति नै भिराला भू-भागमा गरिएको खेतीको कारण भू-क्षय पहिरोको अन्तिम असर वन क्षेत्रमा नै पऱ्यो भने वनजंगलको विनाशले गर्दा केही जीवजन्तु लोप हुने स्थितिमा पुगे ।

विश्व संरक्षण संघ (the world cnservation Union) ले नेपालवाट रातो शिर भएको हाँस (rhodonessa caryophylla) लोप भइसकेको घोषणा गरेको छ भने २८ किसिमका स्तनधारी, ९ किसिमका सरीसृप (reptiles) २२ किसिमका चरा, २ किसिमका कीट-पतंङ्ग (insects) र १३ किसिमका वनस्पतिहरुको अवस्था संङ्कटग्रस्त रहेको उल्लेख गरेको छ । यस्तै दुर्लभ एवं संकटग्रस्त जीवजन्तुहरुको अन्तराष्ट्रिय व्यापारसम्वन्धी महासन्धि साइट्स (convention on international trade in endangered species of flora & fauna, CITES) ले नेपालको ५८ किसिमका जन्तु एवं १३ किसिमका वनस्पतिहरुलाई सङ्कटग्रस्त मानी तिनीहरुलाई आफ्नो अनुसूचीमा समावेश गरेको छ।

काठ दाउराको माग र आपूर्ति बीच राम्रो तालमेल नमिलेका कारण अवैध चोरी निकासी फस्टाएको छ । हरेक व्यक्तिले आफ्नो आवश्यकता पूरा गरेकै पाइन्छ तर राजस्व (royalty) भने उठेको देखिंदैन । बरु चोरी निकासी नियन्त्रण गर्न वढी जनशक्ति परिचालन गर्नुपर्दा यसले अनुत्पादक खर्चलाई बढाएको छ र बढेको छ साथै लागू गरिनु पर्ने वैज्ञानिक वन व्यवस्थापन पद्धति छायांमा परेको छ ।

यस्तो स्थितिमा देशमा विद्यमान विभिन्न प्रकारका वनस्पतिहरु एवं जीवजन्तुहरुको संरक्षण गरी तिनीहरुलाई लोप हुने स्थितिवाट मुक्त गर्ने एउटा गम्भीर दायित्व वन क्षेत्रमा आइपरेको छ भने देशको वढ्दो जनसंख्यालाई आवश्यक पर्ने काठ दाउरा आदि जस्ता दैनिक उपभोग्य वस्तुको आवश्यकता पूर्ति गर्ने व्यवस्था मिलाउने चुनौती पनि थपिएको छ ।

सयौं वहुमूल्य गैरकाष्ठ वन उपजहरुका पहिचान, खेती प्रविधि आदिको सम्वन्धमा जानकारी छैन । तिनीहरुको समुचित व्यवस्थापन पद्धति लागु नहुंदा अवैज्ञानिक तरिकाले तिनको संङ्कलन हुने गरेको छ र निरन्तरता (sustainability) मा नै प्रश्नचिन्ह लागेको छ । यी वन पैदावारहरु कुन क्षेत्र वा जिल्लामा कति पाईन्छ र त्यसको सदुपयोग कति र कुन हदसम्म हुंदा जोखिमपूर्ण स्थिति आउँदैन त्यसको अध्ययन र उपयुक्त व्यवस्थापन पद्धतिको सुरुवात हुनसकेको छैन । कतिपय गैरकाष्ठ वन उपज अतिनै मूल्यवान छन् । तिनको सरकारी वा गैरसरकारी स्तरवाट राष्ट्रिय, सामुदायिक तथा निजी वन क्षेत्रमा आरम्भ गरेको खण्डमा राष्ट्रले प्रचूर वैदेशिक मुद्रा आर्जन गर्न सक्थ्यो । त्यस्ता उपजको त्यति सदुपयोग हुन सकेको छैन ।

खाद्यन्नको उत्पादन र आवश्यकतामा सामाञ्जस्य कायम गर्न वन क्षेत्रमा कृषि क्षेत्रको विस्तार र बाली सघनता वढ्दै आएको पाइएको छ । परिणामस्वरुप एकातर्फ भू-क्षयको परिमाणमा बृद्धि भैरहेको छ भने अर्कोतर्फ प्राङ्गारिक चक्रमा नै ह्रास भैरहेको छ । बाढी, पहिरो जस्ता समस्याहरुवाट विद्युत तथा सिँचाई परियोजनाहरुको आयु आशा गरिएभन्दा निकै कम छ । यी सबै तथ्यहरु माथि विचार गर्दा हाम्रा पहाडी जलाधारहरुमा भएका स्रोतहरुको वुद्धिमतापूर्ण उपयोग र व्यवस्थापनको खाँचो टडकारो रुपमा देखिएको छ । जलाधार स्रोतहरुलाई प्रभाव पार्ने कारकमा त्यहां बसोवास गर्ने जनता, भूमि, पानी र वनस्पति प्रमुख रुपमा पर्न आउँछन् । ती स्रोतहरुको व्यवस्थापन स्थानीय जनताले नै गर्ने परिपाटी बसाल्न सके विकासमा दीर्घकालीन प्रभाव पर्ने र विकास दीर्घजीवी हुने मान्यताका आधारमा भू तथा जलाधार संरक्षण कार्यक्रमहरु सञ्चालन गरिंदै आएको छ ।

सामुदायिक वन विकास कार्यक्रम लागु भएपश्चात हालसम्म कुल ३५२,३२६ हे. वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भैसकेका देखिन्छ । सामुदायिक वनहरुमा केही मात्रामा जडीबुटी खेती, स्याउ खेती, रेशम कीरापालन, मौरीपालन, खोटो सङ्कलन, रबर उद्योग, वनस्पति ध्यू उद्योग जस्ता कार्यक्रमहरु संचालन भएको देखिए तापनि यसप्रकारको कार्यक्रमले व्यापकता पाएको देखिदैन । हाल नेपालमा १५ वन क्षेत्रलाई संरक्षण प्रदान गरी नेपालको सम्पूर्ण भू-भागको करिव १६.५ प्रतिशत भू-भाग संरक्षित क्षेत्र कायम गरिएको छ । यस्तै मध्यवर्ती क्षेत्रमा जनसहभागिताको आधारमा स्रोत संरक्षण र परिचालन गर्ने परिपाटीको थालनी पनि भएको । साथै नेपालको प्राकृतिक सौन्दर्यवाट प्रभावित भइ सन १९९५ मा ८४७८७ पर्यटकले विभिन्न राष्ट्रिय निकुञ्जहरुको भ्रमण गरेका छन् । यस्तैगरी वन, वनस्पति स्रोतको जेविक विविधताको पहिचान, संरक्षण र सदुपयोग गर्ने कार्यको पनि थालनी भएको छ । हालका वर्षहरुमा taxus baccata, ginseng, withamia, ipecac जस्ता महत्वपूर्ण र अति मूल्यवान जडीबुटीको पनि व्यापक खेती गरी विदेशी मुद्रा हासिल गर्नसकिने सम्भावना देखिएको छ । यस्तै माध्यमद्धारा वन क्षेत्रमा औषधीय, सुगन्धित, शोभनीय, कन्दमूलीय बोट विरुवाहरुको विकासवाट समेत गरिबी निवारण जस्ता कार्यक्रमहरुलाई सघाउने, बजार व्यवस्था, व्यापारिक तथा उद्योग विकासको सम्भावना पहिल्याउ सकिन्छ ।

यी सबका अतिरिक्त उत्पादकत्वको दृष्टिकोणले हाम्रो देशको वन क्षेत्रमा ज्यादै नै ह्रास आएको छ । कतिपय स्थानमा अति वृद्ध रुखहरुको पनि सदुपयोग हुन वाँकीनै देखिन्छ । कतिपय स्थानमा कलिला (immature) रुखहरु अनियन्त्रित तरिकाले काटिएका छन् । यसले गर्दा गुणस्तरको काठ उत्पादन हुन पाँदैन । गुणस्तरको काठ उत्पादन नहुंदा त्यसले वजार पाउन नसकी त्यसै सडी गली जाने स्थिति छ । उत्पादित काठ दाउराहरु पनि भौगोलिक विषमताका कारणले गर्दा सहज र सुलभ ढंगले आम नेपाली नगरिकलाई उपलव्ध गराउन सकिएको छैन ।

२. आठौं योजनाको समीक्षा

आठौं योजनाले खासगरी दिगो आर्थिक वृद्धि हासिल गर्ने, गरिबी कम गर्ने र क्षेत्रीय असन्तुलन घटाउन प्रमुख उद्देश्य लिएको थियो । तदनुसार योजना अवधिमा वन क्षेत्रमा सामुदायिक वन, निजी वन, कवुलियती वन तथा चरण विकास कार्यक्रम, भू तथा जल संरक्षण कार्यक्रम, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्ष कार्यक्रम, वनस्पति तथा जडीवुटी विकास कार्यक्रम, जैविक विविधता संरक्षण तथा रोजगारीमूलक र गरिबीका रेखामुनि रहेका कृषकहरुका लागि विभिन्न आयमूलक कार्यक्रमहरु सन्चालन गरियो । (तालिका - १) ।

तालिका १
आठौं योजनाको लक्ष्य र प्रगति

कार्यक्रम	लक्ष्य	प्रगति
क) सामुदायिक वन उपभोक्ता समूह गठन	५००४ वन उपभोक्ता समूह गठन	५३९६ उपभोक्ता समूह गठन
ख) वृक्षारोपण	६७११९ हे.	२६४५६ हे.
ग) विरुवा वितरण	११.१ करोड	८.७४ करोड
घ) राष्ट्रिय वन व्यवस्थापन	६२८३०१ हे. (४० जिल्ला)	१४ जिल्लाको योजना तयार
ङ) कबुलियती वन व्यवस्थापन	२५००० परिवार	२४३२ परिवार
च) सामुदायिक भू-संरक्षण सेवा	६० जिल्ला	५० जिल्ला
छ) भू-उपयोग विकास योजना तयारी र कार्यान्वयन	५ वटा	५ वटा
ज) विकासको पूर्वाधारहरुलाई टेवा	५ क्षेत्र	५ क्षेत्र
झ) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष संरक्षण क्षेत्र व्यवस्थापन	१२ वटा	१५ वटा
ञ) वन तथा वनस्पति अनुसन्धान	५ क्षेत्र	७ संरक्षण स्थलहरुमा २९० हे.जग्गा उपलब्ध गरी संरक्षण तथा अनुसन्धान कार्य जारी

राष्ट्रिय वन व्यवस्थापनतर्फ ६२८३०१ हेक्टर वन क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा योजनाकालसम्म १४ जिल्लाको वन व्यवस्थापन कार्ययोजना तयार भइसकेको छ तर आर्थिक स्रोतको अभावमा सबै व्यवस्थापन जिल्लामा हुनसकेको छैन । तर आ.व. २०५३।५४ मा ६ जिल्लामा भने कार्य (silvicultural operation) भइरहेको छ । यसैगरी भू तथा जलाधार संरक्षण कार्यक्रमक अन्तर्गत आठौं योजनाकालमा ६० जिल्लामा भू-संरक्षण सेवा विस्तार गर्ने लक्ष्य रहेकोमा सो अवधिमा ५५ जिल्लामा सेवा विस्तार गरिएको छ । उपजलाधार स्थलमा जलाधार संरक्षण एवं भू-संरक्षण कार्यक्रमहरु जनसहभागिताको आधारमा मात्र सञ्चालित छन् ।

वनस्पति विकास कार्यक्रमतर्फ आठौं योजनामा प्रकाशन अभिलेख गर्ने कार्यका साथै जडीबुटी खेती, वनस्पति र वन्यजन्तुको विकास र जडीबुटी सङ्कलन, प्रशोधन र उद्योग विकास र व्यवस्थापनतर्फ केही कार्यको थालनी भएको छ ।

करिव २५०० प्रकारका बोट विरुवालाई शाही वनस्पति उद्यान, गोदावरीलगायत वनस्पति केन्द्रहरुको २९० हे. क्षेत्रफलमा अन्यत्र (ex-situ) तथा यथास्थान स्थिति (in-situ) मा संरक्षण गरिएको छ । साथै प्रचार प्रसार तथा जनचेतना अभिवृद्धिको लागि हाल १३ नर्सरी संचालित छन् । परिणामस्वरुप सुगन्धित तेलको उद्योगको स्थापना भएको छ र केही भूमिहीन परिवारहरुलाई फूल खेती र जडीबुटी खेतीमा संलग्न गराइएको छ । साथै हाल सम्म ७५ प्रकारका विरुवामा टिस्यूकल्चर प्रविधिवाट विरुवा प्रजनन सम्वन्धी कार्य भएको छ । यसको खेती सम्वन्धी प्रारम्भिक अध्ययन गरिनुका साथै कृषक समूह गठन गरी केशर खेती भैरहेको छ ।

आठौं योजना अवधिमा संगठनात्मक सुधार हुनुका साथै दीर्घकालीन कार्ययोजना कार्यक्रमहरुमा निरन्तरता आएको पाइन्छ । सरकारी तथा गैर सरकारी संस्थाहरु बीच साझादारी र एक आपसी सहयोग वढेको पाइएको छ जसले गर्दा विकास कार्यक्रमहरु अन्य सम्वन्धित संस्थाहरुको सहयोगमा सञ्चालन गर्ने सुअवसर वढेको छ । आठौं योजनामा वन क्षेत्र विकासको सन्दर्भमा सामुदायिक विकास र जन सहभागिताको पक्षमा ठूलो सकारात्मक प्रभाव परेको देखिन्छ । भू तथा जलाधार व्यवस्थापन, सामुदायिक वन व्यवस्थापन र जैविक विविधता संरक्षणमा जनसहभागिताको वृद्धिलाई आठौं योजनाको प्रमुख सकारात्मक पक्षमा लिनसकिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सरकारी संस्थाहरु संगको साझेदारी अर्को उल्लेखनीय पक्षको रुपमा लिनसकिन्छ ।

आठौं योजना अवधिको प्रगति समष्टिगत रुपमा संतोषजनक भए तापनि यस अवधिमा महत्वपूर्ण चुनौतीहरु पनि अनुभूत गरियो । आठौं योजनाकालमा कवुलियती वन ६७००० हे. उपलब्ध गराउने लक्ष्य रहेकोमा केही कानूनी एवं नीतिगत कठिनाइहरुले गर्दा केवल ३१००० हे. मात्र उपलब्ध गराउन सकियो । योजना अवधिमा करिव ३० लाख क्यू.फि. पुरानो काठको विक्री व्यवस्था हुनसकेन । ती काठहरु सडीगली जाने भइ राजस्व समेत उठ्न कठिन पर्ने स्थिति छ । नयां वृक्षारोपण गर्ने भन्दा प्राकृतिक वनको पुनरुत्थान र व्यवस्थापनलाई आगामी दिनमा प्राथमिकता दिदै जाने पर्ने देखिन्छ । आठौं योजना अवधिको सिंहावलोकनवाट देखिएका कमी कमजोरीहरुमा खासगरी लक्ष्य गरेअनुसारको साधन र स्रोतको अभाव हुनु, संगठनात्मक सुधारको आवश्यकता, अन्तरमंत्रालय समन्वयमा कमी, सुकुम्वासी र वन अतिक्रमणको समस्या, दरवन्दी अनुसारका कर्मचारीको पूर्ति नहुनु, दक्ष जनशक्तिको सीमितता, कर्मचारीहरुको लागि वृत्ति विकासका अवसरको कमी जस्ता कुराहरु पर्न आउंछ । यी समस्याहरुको समाधान गर्न नवौं योजनाकालमा यथार्थवादी दृष्टिकोण लिनुपर्ने देखिन्छ ।

३. दीर्घकालीन अवधारणा :

सर्वसधारण जनताका आधारभूत काठ दाउरा डालेघाँस र अन्य वन पैदावार नियमित रुपमा उपलब्ध गराउने, वन र कृषि प्रणालीमा प्रभावकारी सामन्जस्यता ल्याइ खाद्य उत्पादनमा योगदान पुऱ्याउने, भू-क्षय, बाढी, पहिरो मरुभूमिकरण र अन्य वातावरणीय असन्तुलनवाट देशको भू - भागलाई संरक्षण गर्ने, पारिस्थितिकीय प्रणाली (ecosystem) र वंशाणु स्रोतको संरक्षण गर्ने र वन व्यवस्थापन र वन पैदावारमा आधारित उद्योगहरुको विकास गरी राष्ट्रिय अर्थतन्त्रमा प्रभावकारी टेवा पुऱ्याउने उद्देश्यले भविष्यको पूर्वानुमान समेत गरी सन् १९८९ देखि सुरु गरिएको २१ वर्षे दीर्घकालीन वन विकास गुरुयोजना अनुसार वन क्षेत्र विकासको दीर्घकालीन अवधारणा रहेको छ ।

वन विकास गुरुयोजनाले निर्दिष्ठ गरेको पथ प्रदर्शनलाई समसामयिक वनाउँदै जाँदा नवौं योजनाको विकासको परिकल्पनाको परिपूरक वन्ने सामन्जस्यपूर्ण अन्तर सम्वन्ध विद्यमान छ । साथै वन क्षेत्रलाई कृषिको दीर्घकालीन योजनाले पनि स्पष्ट रुपमा प्राथमिकता पदत्त उत्पादन क्षेत्रको रुपमा अंगीकार गरी सकेको छ । यो दीर्घकालीन ढांचामा चरण र घांस विकास समेत पर्दछन् । वनलाई उदार आर्थिक नीति अनुरुप दिगो विकासको दृष्टिकोण राख्ने वैज्ञानिक उपयोग गर्ने आशय पनि नवौं योजनाको आधार पत्रमा समेत प्रतिविम्वित छ ।

वन विकास गुरुयोजनाले नेपालको वन क्षेत्रको विकासको ढांचा तयार पारेको छ । यसमा वैकल्पिक scenario हरु समेत मूल्यांकन गरी यसको प्रभाव मूल्यांकनको पूर्वानुमान समेत समाविष्ट छ । यस गुरुयोजनामा ६ प्रमुख कार्यक्रम र ६ टेवा मूलक कार्यक्रम पर्दछन् । वन क्षेत्रलाई एकीकृत र कार्यक्रममूलक ढांचा (programme approach) मा लैजानु यो गुरुयोजनाको प्रमुख विशेषता हो ।

नवौं योजना :

४. उद्देश्य

वन सम्पदाको वर्तमान स्थितिको आधारमा प्राकृतिक वातावरण र विकासलाई समग्र प्रणालीको आधार मान्दै वन क्षेत्रका स्रोत परिचालन, संरक्षण र व्यवस्थापन गरी वन पैदावारको माग र आपूर्ति वीच सन्तुलन कायम गरी गरिव एवं सीमान्त परिवारका लागि रोजगारी एवं आय आर्जनका अवसर बढाउँदै व्यापक जनसहभागिताद्धारा वन क्षेत्रको उत्पादकत्व बढाउने र उपयुक्त भू-उपयोग प्रणाली अपनाउने वन क्षेत्रको प्रमुख उद्देश्य रहेकोछ ।

५. लक्ष्य

वन क्षेत्रको दीर्घकालीन विकासको लागि नीजी क्षेत्र र खुल्ला बजारमुखी प्रणाली अनुशरण गर्ने,वन व्यवस्थापन कार्य योजना लागू गर्ने, वन क्षेत्रको विकासको लागि वन पैदावार विक्रीवाट प्राप्त हुने राजस्वको केही प्रतिशत अंश रकमले एउटा घुम्ती कोष (revolving fund) को संस्थागत व्यवस्था गर्ने, वन उद्योग र संस्थालाई कवूलियती वन प्रदान गर्ने र औद्योगिक वन विकास गर्ने, वन उत्पादन र व्यवस्थापनलाई पहाडमा लागू गर्ने गरी एकीकृत योजना वनाउने, गरिवी नियन्त्रण कार्यक्रममा कृषि वन प्रणाली (agro–forestry) र कवूलियती वनलाई टेवा पुऱ्याउने, जडीवुटी तथा वनस्पतिको व्यवस्थापन, बजार व्यवस्था, उद्योग विकास, प्रशोधन र निर्यातमा टेवा पुऱ्याउने, वैकल्पिक ऊर्जाको व्यवस्थामा समन्वयात्मक व्यवस्था अंगाल्ने जस्ता नीति एवं कार्यनीतिको अवलम्वन गरिनेछ ।

६. नीति तथा कार्यनीति

- सर्वसाधारणलाई दैनिक आवश्यक पर्ने काठ, दाउरा, डालेघाँस तथा अन्य वन पैदावारहरु परिपूर्ति गराउने कार्यमा स्थानीय उपभोक्तालाई नै अग्रसर गराई सामुदायिक वन विकासको माध्यमद्धारा व्यवस्थापन गराइ आपूर्तिमा निरन्तरता ल्याइनेछ ।
- संभाव्य रहेको सरकारवाट व्यवस्थित वनमा व्यावसायिक वन व्यवस्थापन गराउन नीजी क्षेत्रलाई आवश्यक अवसर प्रदान गरी प्रोत्सहित गरिनेछ ।
- उत्पादिन वन पैदावारहरुको समयमा नै सदुपयोग गरी राष्ट्रिय अर्थतंत्रमा योगदान पु-याउनुको साथै वनजन्य उद्योगका लागि आवश्यक पर्न कच्चापदार्थ आपूर्तिलाई निरन्तरता दिन त्यस्ता उत्पादित वस्तुको विक्री प्रक्रियामा सरलीकरण गरिनेछ ।
- कवुलियती वनमा देखापरेका नीतिगत तथा कानुनी समस्याहरु पहिल्याइ यसको प्रवर्द्धन गरी गरिवी निवारणमा सघाउ पुऱ्याइनेछ ।
- वनस्पति तथा वन्यजन्तुहरु र तिनीहरुको बासस्थान संरक्षणको माध्यमवाट पर्यटन प्रवर्द्धनका आधार विकास गर्दैलैजाने जस्ता नीति तथा कार्यनीतिहरुको अवलम्वन गरिनेछ ।
- लोप हुदै जानलागेका जडीवुटीको संरक्षण, खेती प्रवर्द्धन तथा बिस्तार गराउने उद्देश्यले आवश्यक पर्ने उपयुक्त प्रविधि सम्वन्धी अनुसन्धान तथा तथ्यांक सङ्कलनमा जोड दिइनेछ ।
- जडीवुटी सम्वन्धी व्यावसायिक खेतीको वारमा तलिम, प्रचार, प्रसार, सङ्कलन, प्रशोधन तथा प्रवर्द्धन गरी ग्रामीण एवं दुर्गम क्षेत्रका जनताहरुको रोजगारी एवं आय वृद्धिका अवसरहरु वढाइनेछ ।
- भूमिगत जल भण्डारको नवीकरणीय क्षमता कायम राख्न भू तथा जलाधार संरक्षण कार्यक्रमलाई प्राथमिकता दिई भू-क्षयको दृष्टिले संवेदनशील रहेका सिवालिक क्षेत्रको संरक्षण गरिनेछ ।
- वन विकास कार्यक्रमहरुमा वृक्षारोपण गर्दा वहुउपयोगी प्रजातिका वृक्षरोपणलाई प्रोत्साहित गरी काठ दाउरा उत्पादनका अतिरिक्त गैरकाष्ठ वन उपजको उत्पादन गरी कृषकहरुको आयमा थप वृद्धि गरिनेछ ।
- अनुगमन तथा मूल्यांकन प्रक्रियालाई प्रभावकारी वनाउन सम्वन्धित निकायहरुको संस्थागत क्षमतामा वृद्धि गरिनेछ।

- राष्ट्रिय निकुन्ज, आरक्ष तथा अन्य वन क्षेत्रको व्यवस्थापनमा सोही क्षेत्रवाट सालिन्दा दिगो तरिकाले प्राप्त हुनसक्ने स्रोत तथा सम्पदाको परिचालनवाट प्राप्त हुनसक्ने आय आर्जनवाटै आत्मनिर्भर हुन आवश्यक पहल गरिनेछ ।

- उपर्युक्त कार्यक्रमहरुको निमित्त संस्थागत आधारहरुको विकास गरी नीजी तथा गैरसरकारी क्षेत्रको भूमिका र जिम्मेवारीहरु प्रष्ट एवं पारदर्शी वनाउने जस्ता नीतिहरुको अवलम्वन गरिनेछ ।

निम्न लिखित मार्गदर्शक परिकल्पनामा आधारित छन् ।

जनसहभागिता मूलक व्यवस्थापन

यस योजनाकालमा उपभोक्ता सशक्तीकरण र स्थानीय वन कार्ययोजना कार्यान्वयन गराउने जनसहभागिताको अर्कोचरण हुनेछ । भू तथा जलाधार संरक्षण, मध्यवर्ती क्षेत्र व्यवस्थापन, जैविक विविधता संरक्षण र जडीवुटी तथा अन्य गैरकाष्ठ वन उपजहरुको विकासमा समेत जनसहभागिताको आधार फराकिलो र लचिलो पारिनेछ ।

पारिस्थितिकीय प्रणालीमा आधारित व्यवस्थापन

वन क्षेत्रका विद्यमान चुनौतीहरुलाई अद्यावधिक वैज्ञानिक प्रविधिको दृष्टिकोणवाट पारिस्थितिक प्रणालीको आधारमा एक समग्र दृष्टिकोण राखी व्यवस्थापन गर्न आवश्यक छ । यस्तो पद्धतिले व्यवस्थापनलाई समस्यामूलक, प्रणालीवद्ध र स्रोतको उत्पादकत्व वृद्धि र परिचालन गर्ने दिगो आधारशिला बनाउने भूमिका प्रदान गर्दछ । यस्तो खाकामा आयमूलक एवं गरिवी नियन्त्रणका कार्यक्रमलाई समेत समेटिनेछ ।

उत्पादनमा अभिवृद्धि, सतत विकास र गरिवी निवारण

वन क्षेत्रको संरक्षण, सम्वर्द्धन र विकासका कार्यक्रम दिगो उत्पादन र आपूर्ति तथा स्रोत विकास गर्नेतर्फ उन्मुख छ । सामुदायिक वनले वन उत्पादन एवं व्यवस्थापनमा स्थानीय स्तरमा अझ बढी योगदान पुऱ्याउने व्यवस्थापन पद्धति अंगाल्नेछ भने राष्ट्रिय वनको वैज्ञानिक व्यवस्थापनवाट हालको वृद्धिलाई औसत ६ क्यू.मी./हे. सम्म पुऱ्याउन लक्षित हुनेछ । साथै प्राकृतिक वनको व्यवस्थापन गर्दा उत्पादन पक्षका साथै डढेलो र चरि चरन जस्ता समस्यावाट वन क्षेत्रको उत्पादन क्षमता खेर जान नदिन प्रभावकारी व्यवस्था मिलाइनेछ । सफल प्रमाणित भएका विदेशका नौलो जातका विरुवा

(exotic species) हरु मा वृक्षरोपण गरिनेछ । योजना अवधिमा वनको उत्पादन व्यवस्थापनलाई दिइएको उच्च प्राथमिकताअनुरुप व्यवस्थापन तालिमलाई बढावा दिइनेछ । साथै तोकिएको कार्यक्रमबाहेक वन क्षेत्रको जग्गा अन्य कुनै कार्यक्रमका लागि प्रयोगमा ल्याइने छैन । यस्तै जडीवुटी विकास, वन्यजन्तु संरक्षण र वनस्पति विकासका कार्यक्रमका लागि स्रोतको उत्पादकत्व र परिचालनमा जोड दिइनेछ । सामुदायिक वन र कवुलियती वन देखि राष्ट्रिय निकुन्ज संरक्षण कार्यक्रममा ५० प्रतिशत उपभोक्ता पिछडिएका वा गरिबीको चपेटामा परेका वा महिला उपभोक्तको प्रतिनिधित्व हुने गरी कार्यक्रम संचालन गरिनेछ ।

आयमूलक, स्वावलम्वन र उपभोक्ता केन्द्रित व्यवस्थापन

वन व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । स्रोतको व्यवस्थापनलाई ग्रामीण जीवन पद्धतिसंग आवद्ध गरी स्वावलम्वनमा टेवा पुऱ्याउन उपभोक्तालाई व्यवस्थापनको केन्द्रविन्दु बनाइनेछ र यस्तो परिपाटीलाई आमरुपमा व्यापक गर्ने दृष्टिकोण राखिनेछ ।

राष्ट्रिय वन कोषको स्थापना

वनको वैज्ञानिक व्यवस्थापनको प्रमुख कठिनाई आर्थिक स्रोत भएको यथार्थलाई हृदयंगमम गरी वन क्षेत्रले दिने राजस्वको केही प्रतिशत रकमलाई राष्ट्रिय वन कोष स्थापना गरी सो कोषमा जम्मा गने र आवश्यकता अनुसार यस कोषमा पुनः रकम थप गरी निजीक्षेत्रको सहभागीता समेतलाई प्रोत्साहित गरी परिचालन गरिनेछ ।

आन्तरिक एवं अन्तर उपक्षेत्र समन्वय

अन्तर-उपक्षेत्र समन्वयलाई संस्थागत गरी प्रत्येक उपक्षेत्रभित्र समन्वयात्मक व्यवस्थालाई मजवुत वनाइनेछ । स्थानीयस्तरमा अन्तर-क्षेत्र समन्वय र राष्ट्रिय स्तरमा क्षेत्र-क्षेत्रवीच समन्वयको प्रभावकारितालाई व्यवस्थित गर्न एक स्रोत संरक्षण परिचालन तथा व्यवस्थापन समिति स्थापना गरी पहिलेको राष्ट्रिय स्रोत संरक्षण समितिलाई क्रियाशील र सक्षम वनाइनेछ । उद्योग, सडक तथा सिँचाई र खानेपानी सम्वन्धित क्षेत्रसंगको अन्तर-सम्वन्ध प्रभावकारी वनाउन राष्ट्रिय स्रोत संरक्षण तथा परिचालन समितिलाई क्रियाशील वनाउन कानूनी आधार तयार गरिनेछ । विभागहरुलाई पनि कार्य क्षेत्र र कार्यवोझको आधारमा बढी चुस्त र दुरुस्त वनाउदै लगिनेछ ।

साथै आवश्यक संगठनात्मक सुधारलाई वन विकास गुरुयोजना र विद्यमान वन नीतिअनुरुप क्रमिक रुपमा प्रभावकारी वनाईदै लगिनेछ । क्षेत्रीय निर्देशनालयको भूमिका र दायित्वलाई नीति नियमबाट प्रभावकारी वनाइनेछ । यस्तो समग्र समन्वयात्मक व्यवस्थाका लागि क्षेत्रगत व्यवस्थापन सूचना पद्धतिको विकास गरिनेछ ।

निजी क्षेत्रको भूमिका

निजी क्षेत्रलाई प्रभावकारी भूमिका निर्वाह गर्ने तर्फ वातावरण तर्फअग्रसर गराउन प्रभावकारी गरिनेछ । वन उद्योग तथा वन क्षेत्रमा कार्यरत गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई नीतिगत अनुगमन पद्धतिको माध्यमवाट प्रभावकारी रुपमा सरिक गराइनेछ । स्थानीयस्तरवाट विकसित गैरसरकारी संस्था वा उपभोक्ता समूहबाट विकसित भएका संस्थाहरुलाई विशेष प्राथमिकता दिइनेछ । स्वदेशी क्षमताको उपयोग गरी बन क्षेत्रको व्यवस्थापन र औद्योगीकरणमा निजी, स्वदेशी तथा संयुक्त लगानीको कार्यक्रमहरु विस्तार गरिनेछ ।

पुनःनवीकरणीय प्राकृतिक स्रोत सम्पदाको व्यवस्थापन

विभिन्न भौगोलिक क्षेत्रहरुमा रहेका वनहरुमा उपलव्ध काठ दाउरा एवं डालेघाँस दिनसक्ने रुख प्रजातिहरुका अतिरिक्त गैरकाष्ठ वन उपजहरु समेतको संरक्षण र संवर्द्धनका लागिा तराई क्षेत्रका जिल्लाहरुमा व्यवस्थापन कार्य योजनामा कार्यान्वयन गरिनेछ । पहाडी एवं उच्च पहाडी जिल्लाहरुमा यस्ता बन सम्पदालाई सरकारी, गैरसरकारी र संयुक्त स्तरवाट व्यवस्थापन गर्न लगाइ परिमाण एवं स्तरमा अभिवृद्धि गर्न प्रोत्साहित गरिनेछ । हालसम्म व्यवस्थापन र सदुपयोग हुन नसकी निष्क्रिय अवस्थामा रहेका पुनर्नवीकरणीय प्राकृतिक स्रोत सम्पदाको उपयुक्त तरिकाले व्यवस्थापन तथा सदुपयोग गरी लघु-चक्र (short-rotation) का वन पैदावारहरुलाई नगदेवालीको रुपमा परिचालन गरिनेछ ।

महिलाहरुको वृत्ति विकास

वन क्षेत्रलाई निजी, समुदाय र खासगरी ग्रामीण क्षेत्रमा रहेका विपन्नवर्ग तथा महिलाहरुको रोजगारी र आय आर्जनको प्रमुख स्रोतको रुपमा परिचालन गरिनेछ । यसको लागि वन क्षेत्रको विकास, व्यवस्थापन एवं सदुपयोगका कुनै न कुनै पक्षसंग सम्वद्ध नीजी क्षेत्र एवं समुदायहरुमा महिलाहरुको उपयुक्त वृत्ति विकासको व्यवस्था मिलाइनेछ ।

सामुदायिक वनहरुवाट प्राप्त हुने काठ, दाउरा, डालेघांस, सोतर आदिकोसङ्कलन कार्यमा महिलाहरु नै संलग्न भएका हुंदा तिनीहरुलाई वन उपभोक्ता समितिहरुमा अनिवार्य रुपले समावेश गराउने व्यवस्था मिलाइनेछ । वन क्षेत्रवाट संचालित राष्ट्रिय निकुन्ज तथा आरक्षहरुको मध्यवर्ती क्षेत्र व्यवस्थापन जस्ता सीपमूलक तालिमहरुमा महिलाहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

सामुदायिक वन मध्यवर्ती क्षेत्र व्यवस्थापन र भू तथा जलाधार व्यवस्थापनसँग सम्वन्धित तालिम, गोष्ठी र खासगरी वृत्ति विकास हुन सक्ने अवसरहरुका लागि महिलाहरुलाई प्राथमिकता दिई छनौट गरिनेछ । यी उद्देश्यहरुको परिपूर्ति का लागि नवौं योजनाकालमा कुन कुन कार्यक्रमहरु मार्फत महिलाहरुको रोजगारी एवं आय आर्जनका अवसरहरु वढ्न सक्ने संभावनाहरु छन् त्यसको संभाव्यता अध्ययन गरी महिलाहरुको भूमिका एवं तिनीहरुलाई प्रदान गर्न सकिने अवसरहरुका सम्वन्धमा स्पष्ट व्यवस्था गरिनेछ ।

उपक्षेत्र कार्यक्रम :

सामुदायिक तथा निजी वन विकास

जनताको प्रत्यक्ष सहभागितामा वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट जनतालाई आवश्यक पर्ने वन पैदावारहरुको उत्पादन गरी उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उपलव्ध गराइनुको साथै वन क्षेत्रबाट गरिब एवं सीमान्त परिवारहरुका लागि पनि रोजगारी एवं आय आर्जनका अवसरहरु वढाउदै लैजाने उद्देश्यले यस कार्यक्रमलाई अघि वढाइनेछ । यस कार्यक्रमअन्तर्गत वन क्षेत्रमा प्राकृतिक रुपमा रहेका र सम्भाव्य खेतीवाट उपलव्ध हुनसक्ने गैरकाष्ठ वन उपजहरुलाई सामुदायिक वनको कार्ययोजनाहरुमा परिमार्जन गरी व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

कार्यक्रम अन्तर्गत सामुदायिक वन व्यवस्थापन गर्न तयार गरिएका कार्ययोजनाहरु कार्यान्वयन गर्न, कार्ययोजना तयार हुनु अघि उपभोक्ताहरुलाई प्राविधिक टेवा पुऱ्याउन आवश्यक तालिम दिने र कार्ययोजना तयार भइ सामुदायिक वन हस्तान्तरण भए पछि आवश्यक प्राविधिक एवं अन्य आधारभूत सहयोग एवं सामुदायिक वन सम्वन्धी निरन्तर अनुगमन तथा मूल्यांकन गरी सामुदायिक वन विकास कार्यलाई वढी गतिशील तथा प्रभावकारी वनाउने जस्ता कार्यहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

उपर्युक्त उद्देश्यहरु पूरा गर्नका लागि प्राकृतिक वनहरुको व्यवस्थापनलाई पहिलो प्राथमिकता दिइनुका साथै त्यहीवाट पुनरुत्थान (regeneration) हुन सक्ने पद्धतिको विकास गर्ने व्यवस्था मिलाइनेछ । यसका साथै सामुदायिक वन एवं राष्ट्रिय वनमाथिको सर्वसाधारण जनताको निर्भरतालाई कम गर्न निजी वन लगाउने कार्यलाई प्रोत्साहित गरिनेछ । वन उद्यमसंग सम्वन्धित उद्यमशीलताको विकास गरिनेछ र उपयुक्त प्रविधि हस्तान्तरण गर्न आवश्यक पर्ने तालिम, प्रचार -प्रसार सेवा प्रदान गरिनेछ ।

सामुदायिक वनहरुको माध्यमले गैर काष्ठ वन उपजहरुको व्यवस्थापनका लागि मूल्य अभिवृद्धि भएका वस्तुहरु उत्पादन गर्न, रोजगारीका अवसर सिर्जना गर्न र आम्दानी बढाउन सक्ने विषयमा सम्भाव्यता अध्ययन गराई सिफारिश भएवमोजिम कार्यान्वयन गरिनेछ । स्थानीयतहमा आयुर्वेदिक जडीवुटीको माध्यमले रोगहरुको उपचार गर्ने पद्धतिप्रति स्थानीय जनतालाई आकृष्ठ गराइ कम खर्चिलो उपचार पद्धति एवं परम्परागत आयुर्वेदिक चिकित्सा पद्धति समेतलाई टेवा पु-याउनका साथै गैरकाष्ठ वन पैदावारको रुपमा रहेको जैविक विविधताको संरक्षणमा व्यापक जनसहभागिता जुटाउन आवश्यक तालिम, प्रचार प्रसार, प्रदर्शन सेमिनार, गोष्ठीहरु संचालन गरिनेछ र यसका लागि स्थानीय वैद्यहरु एवं समाजसेवीहरुलाई स्रोत व्यक्तिको रुपमा परिचालन गरिनेछ । यस्ता कार्यमा खासगरी महिला उपभोक्ता एवं सामुदायिक वन विकास कार्यक्रमसँग सम्वन्धित फिल्ड स्तरका कर्मचारीहरुलाई समावेश गराईनेछ ।

निजी वन कार्यक्रमलाई प्रोत्साहित गर्न आश्यक पर्ने प्राविधिक सहयोग प्रदान गरिनुको साथै निजीस्तरमा समेत उच्च मूल्य कम आयतनका गैरकाष्ठ वन उपजहरुका समुचित संरक्षण, सम्वर्द्धन र व्यवस्थापनका लागि आवश्यक पर्ने प्रविधि हस्तान्तरण सर्वसाधारण एवं ग्रामीण कृषकहरुलाई तालिम, सम्भाव्यता अध्ययन, यसका लागि प्राविधिक सहयोग, बजार व्यवस्थाबारे आवश्यक सूचना उपलब्ध गराउनेछ । साथै वीऊ सङ्कलन, खेती प्रविधि विकास तथा वीऊ भण्डारन प्रविधि उपलब्ध गराइने जस्ता कार्य गरिने छ । सामुदायिक वन एवं निजी क्षेत्रका सीमान्त भूमिमा गैरकाष्ठ वन उपज खेतीका लागि प्रोत्साहित गरिनेछ । यी कार्यक्रमहरुलाई प्रोत्साहित गर्नका लागि कृषकहरुले लगाएका गैरकाष्ठ वन उपज एवं सुगंधित तेलहरुको खेतीको विकास गर्न सरकारी स्तरवाट बजार व्यवस्थावारे सूचना प्रवाह गर्न सघाउ पुऱ्याइनेछ । तराईका जिल्लाहरुमा गैरकाष्ठ वन उपजहरुको खेतीसम्वन्धी सम्भाव्यता अध्ययन गराइ सिफारिश भएवभोजिमका प्रजातिहरुलाई कृषि-वन प्रणालीको रुपमा खेती गर्न र त्यसको स्वदेशमा नै प्रशोधन गर्ने कार्यलाई वनाइनेछ ।

तालिका २

कार्यक्रम

उपक्षेत्र	लक्ष्य
क . सामुदायिक वन विकास	
१. उपभोक्ता समूह गठन	७५१० गोटा
२. सामुदायिक वन व्यवस्थापन	
३. वृक्षरोपण	३०,००० हे.
४. वन उपभोक्ता समूह गठन उपरान्तको (post-formation support)	१६,००० गोटा
५. आय आर्जन वृद्धि कार्यक्रम	सम्भाव्य क्षेत्रमा आवश्यकता नुसार
६. तालिम तथा प्रचार-प्रसार	आवश्यकतानुसार
ग. राष्ट्रिय निकुन्ज तथा आरक्ष व्यवस्थापन	
१. रा. नि. तथा व. ज. आरक्षहरुको व्यवस्थापन कार्य-योजना वनाउने	१६ वटा
२. रा.नि. व्यवस्थापन	१६ वटा
३. मध्यवर्ती क्षेत्र व्यवस्थापन	५ स्थान
घ . भू तथा जलाधार संरक्षण	
१. भू-संरक्षण सेवा विस्तार	७५ जिल्ला
२. सामुदायिक एकीकृत जलाधार व्यवस्थापन	१०० उप जलाधार क्षेत्र
३. उत्पादकत्व संरक्षण, भू-उपयोग विकास र प्रदर्शन एवं प्रचार - प्रसार	७५ उपजलाधार क्षेत्र
ङ०. वनस्पति तथा जडीवुटी विकास	
१. वनस्पति संरक्षण अनुसन्धानस्थल व्यवस्थापन	१२ वटा
२. प्रविधि विकास र विस्तार	५ किसिम
३. वनस्पति तथा जडीवुटी केन्द्र विकास	१० वटा
च. जैविक विविधता संरक्षण :	
१. प्राकृतिक जैविक विविधता र वातावरण संरक्षण समन्वय	७५ जिल्ला
२. राष्ट्रिय जैविक विविधता कार्ययोजना कार्यान्वयन	७५ जिल्ला
छ. वन उद्योग विकास	
१. वन उद्योग विकास टेवा	आवश्यकतानुसार

ज . गैरकाष्ठ वन उपजमा आधारित उद्योगहरुको विकास टेवा झ. टेवामुलक कार्यक्रम :	आवश्यकतानुसार
१. योजना तर्जुमा र व्यवस्थापन सूचना पद्धति	
२. अनुगमन तथा मूल्यांकन पद्धति विकास र विस्तार	
३. तालिम प्रचार प्रसार व्यवस्थापन विस्तार	१ वटा
४. जनशक्ति तथा संगठनात्मक सुधार	१ वटा
५. अनुसन्धान तथा प्रविधि प्रचार - प्रसार	१ वटा
	आवश्यकतानुसार
	७५ जिल्ला

राष्ट्रिय तथा कवुलियती वन

राष्ट्रिय तथा कवुलियती वन कार्यक्रम वनको वैज्ञानिक व्यवस्थापन, कच्चा औद्योगिक पदार्थ उत्पादन औद्योगिक विकास रोजगारी अभिवृद्धि, वन स्रोतको उत्पादन बृद्धि जस्ता कार्यमा केन्द्रित गरेको छ । यो कार्यक्रम सुरुका वर्षमा २ जिल्लावाट सुरु गरी योजनाकालसम्ममा तराईका १८ जिल्ला (इलाम, झापा, सुनसरी, मोरंग, उदयपुर, सर्लाही, रौतहट, वारा पर्सा, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, वांके वर्दिया, कैलाली, कञ्चनपुर) मा लागु गरिनेछ ।

उपर्युक्त जिल्लाहरुको व्यवस्थापन कार्यक्रमले काठ करिव १२.० लाख क्यू.मि., दाउरा २.६ लाख क्यू.मि. उत्पादन गर्ने लक्ष्य राखेको छ । यस्तै यो कार्यक्रमले ४१.० लाख श्रम दिन रोजगारीको अवसर सिर्जना गर्नेछ । यस कार्यक्रममा गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई परिचालन गर्ने परिपाटी बसालिनेछ । वन व्यवस्थापन कार्य योजना वनाइ कार्यान्वयन गर्दा गैरकाष्ठ वन उपजहरुको व्यवस्थापनलाई पनि संगसंगै लगिनेछ ।

आठौं योजना अवधिमा राष्ट्रिय वनवाट उत्पादन भइ बिक्री हुन बाँकी रहेका पुराना करिव ३० लाख क्यू. फी. काठ र नवौं योजना अवधिमा तराई तथा भित्री मधेशका १८ जिल्लाहरुमा लागू गरिने वैज्ञानिक वन व्यवस्थापन योजनावाट प्राप्त हुनसक्ने करिव ४ करोड क्यू.फी. काठलाई स्वदेशमा नै प्रशोधन प्रक्रियावाट मूल्य अभिवृद्धि गरी सदुपयोग गर्न हालको बिक्री प्रक्रियालाई सरलीकरण गरिनेछ ।

राष्ट्रिय निकुन्ज, आरक्ष तथा संरक्षण क्षेत्र व्यवस्थापन

२०२९ सालवाट प्रारम्भ भएको राष्ट्रिय निकुन्ज आरक्ष कार्यक्रम अन्तर्गत वन्यजन्तु तथा वनस्पतिको संरक्षणको प्रयास २०५४ सालसम्म आईपुग्दा यस ८ कार्यक्रमले निकुन्ज, ३ वन्यजन्तु आरक्ष, ३ संरक्षण क्षेत्र र १ शिकार आरक्ष गरी देशको कूल क्षेत्रफलको लगभग १६.५ प्रतिशत भू-भाग ओगट्न पुगेको छ । यी क्षेत्रहरुले त्यहाँको मनोरम प्राकृतिक भू-दृश्य, वन्यजन्तु लगायत अन्य प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासमा उल्लेखनीय सघाउ र ती क्षेत्र वरपर वसोवास गर्ने व्यक्तिहरुको सामुदायिक विकासमा पनि सहयोग पुऱ्याउँदै आएका छन् । नवौं योजनाकालमा जैविक विविधता संरक्षणका लागि संवेदनशील ठहरिएका अन्य क्षेत्रलाई राष्ट्रिय निकुञ्जको रुपमा विस्तार गर्दै लगिनेछ, मध्यवर्ती क्षेत्रहरुको कार्यान्वयन तथा व्यवस्थापनमा जनसहभागितालाई व्यापक र विस्तार गर्दै लगि शिक्षा, कृषि, वन, सिलाइ, वुनाई जस्ता आयमूलक कार्यक्रम संचालन गर्न राष्ट्रिय निकुन्ज आरक्ष तथा संरक्षण क्षेत्र व्यवस्थापनको प्रमुख लक्ष्य रहनेछ ।

कार्यक्रमअन्तर्गत जैविक विविधताको संरक्षण पारिस्थितिक पद्धति अनुरुप गर्ने, मध्यवर्ती क्षेत्र व्यवस्थापनलाई व्यापक र विस्तार गर्ने, अन्तर्राष्ट्रिय सहयोग र साझेदारी अभिवृद्धि गर्ने, पर्य-पर्यटन (eco-tourism) प्रवर्द्धन गर्ने जस्ता कार्यहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

यस कार्यक्रमको सफलताको लागि निकुन्ज तथा आरक्षको वैज्ञानिक कार्ययोजनाको आधारमा व्यवस्थापन गर्ने, संरक्षण कार्यमा प्रभावकारी रुपवाट जनसहभागिता परिचालन गर्न मध्यवर्ती क्षेत्रको स्थापना गर्ने, वन्यजन्तु एवं जैविक विविधताको संरक्षणको लागि दुर्लभ वनस्पतिहरु, वन्यजन्तुहरुको वासस्थान, सिमसार क्षेत्रको संरक्षण, सुधार, व्यवस्थापन तथा विस्तार गर्ने, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षहरुवाट भएको आम्दानीको ३० देखि ५० प्रतिशतसम्म सामुदायिक विकास कार्यको लागि खर्च गरिने, पर्य-पर्यटन (eco-tourism) प्रवर्द्धन गर्नको लागि पूर्वाधारहरु खडा गर्ने जस्ता नीति र कार्यनीतिहरुको अवलम्वन गरिनेछ ।

राष्ट्रिय निकुन्ज, आरक्ष तथा संरक्षित क्षेत्रहरुको व्यवस्थापनवाट प्रतिवर्ष लगभग ७.५ करोड राजस्व प्राप्त भई उक्त क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापनको लागि करिव ३३ करोड रकम खर्च हुने गरेको परिप्रेक्ष्यमा यी निकुन्ज, आरक्ष तथा संरक्षित क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापनमा त्यहाँ उपलब्ध हुनसक्ने प्राकृतिक सम्पदाको सदुपयोग गरी प्राप्त हुने आयस्रोतवाट आत्मनिर्भरता तर्फ अग्रसर हुन उपयुक्त कदम चालिनेछ ।

भू तथा जलाधार संरक्षण कार्यक्रम

भू तथा जलाधार संरक्षण कार्यक्रम अन्तर्गत उपजलाधार क्षेत्रको ह्रासको मूल्यांकनको आधारमा प्राथमिकता तोकी ५५ जिल्लामा दिईआएको सेवालाई ७५ जिल्लामा विस्तार गरिनेछ । यसो गर्दा जनसहभागितामा संचालन भैरहेका कार्यक्रमलाई ऐन नियम आदिको तर्जुमा द्धारा व्यापक र विस्तार गर्ने व्यवस्था गरिनेछ । विकासका पूर्वाधार संरक्षण, भूमिका सदुपयोग र उत्पादनमा टेवा पुऱ्याउन कार्यक्रम एवं प्रचार प्रसार एवं एकीकृत जलाधार व्यवस्थापनका क्रियाकलापलाई उच्च प्राथमिकता दिइनेछ । साथै प्रत्येक कार्यक्रमको लक्ष्य निर्धारण र अनुगमनमा जनसहभागितासूचक मापदण्ड कायम गरिनेछ । उपजलाधार केन्द्रीय कार्यनीतिलाई सरल गराई आयमूलक, गरिवी निवारण र उत्पादनशील कार्यक्रमका साथै अन्तरएकाइ समन्वय तथा ग्रामीण जनताको बचत र स्रोत परिचालन परिपाटी अवलम्वन गरिनेछ । यसका साथै भूमि उत्पादकत्वमा वृद्धि गरिनेछ । भू-संरक्षण कार्यक्रमवाट उपभोक्तासमूह स्थापना, संचालन र सशक्तीकरणलाई वन क्षेत्रका अन्य कार्यक्रममा उप-जलाधारमा स्थलगत समन्वय र एकीकरण (integration) गरिनेछ ।

बाढी नियन्त्रण र जलाधार संरक्षणवीच अन्योन्याश्रित सम्वन्ध रहेकोले माथिल्लो जलाधारको संरक्षण नगरी तराईमा गरिने नदी नियन्त्रणलाई पृथक्रुपमा संचालन गर्दा नदी नियन्त्रण कार्य टिकाउ नहुने र जलाधारको भू-भौतिक प्रक्रियाको प्रभाव व्यवस्थापन पक्षमा समाहित हुन नसक्ने हुँदा भू तथा जलाधारको संरक्षण कार्यक्रममा नदी नियन्त्रण कार्यलाई समेत समावेश गरिनेछ ।

कार्यक्रमको सफलताका लागि ठूला जलविद्युत् तथा सिँचाई आयोजनाहरुको जलाधार क्षेत्रमा स्रोत विनाशवाट पर्न जाने नकारात्मक असरलाई न्यून गर्न प्राथमिकताका साथ जलाधार व्यवस्थापन कार्यक्रमहरु संचालन गरिनेछ । १५ देखि २५ वर्ग कि.मि. क्षेत्रफलको जनसहभागिताउन्मुख कियाशील जलाधार (functional watershed) मा एकीकृत स्रोत व्यवस्थापन तथा परिचालन गरिनेछ । चुरिया क्षेत्रको संवेदनशील भौगर्भिक बनौट र यसमा परेको चापको कारणले भावर तथा तराई क्षेत्रको जटिल अन्तरसम्वन्धमा देखापरेको नकारात्मक असरलाई दृष्टिगत गरी चूरे क्षेत्रलाई उच्च प्राथमिकता दिई भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ । नदी खोला किनारहरुको संरक्षण गरी

सम्भाव्य बाढी, पहिरोको प्रकोपवाट जमिनलाई बचाउन उपल्लो जलाधारको आधार संरक्षणसंग आबद्ध गर्ने, जलाधार व्यवस्थापनमा व्यापक जनसहभागिता संचालन गर्न र स्थानीयस्तरमा जनशक्ति विकास गर्न सहभागितामूलक जलाधार व्यवस्थापन तालिम केन्द्र (center of excellence), संरक्षण, प्रदर्शन स्थलहरु र जलाधार प्रयोगशाला स्थापना गर्ने जस्ता नीति तथा कार्यनीतिहरुको अवलम्वन गरिनेछ ।

कार्यक्रम अन्तर्गतभू-संरक्षण कायको सन्दर्भमा गरिने विकास कार्य एवं पहिरो नियन्त्रण गर्ने र जलाधार क्षेत्रको संरक्षण गर्ने जस्ता कार्यलाई टेवा पुऱ्याउनुका साथै आय आर्जनमा समेत मद्दत पुऱ्याउनसक्ने गैरकाष्ठ वनस्पतिहरुको छनौट गरी जैविक इन्जिनीयरिङ्ग पद्धतिको विकास गर्ने कार्यलाई उच्च प्रथमिकता दिइनेछ ।

वनस्पति तथा जडिवुटी विकास

वनस्पति तथा जडीवुटी जस्ता गैरकाष्ठ वनउपज स्रोतको उपयोगमा गैर सरकारी क्षेत्रलाई सहभागी गराई आयमूलक रोजगार तथा औद्योगिक व्यवसायहरुको विकासद्धारा देशको आर्थिक तथा सामाजिक क्रियाकलापमा योगदान गर्ने यस कार्यक्रमका प्रमुख उद्देश्य हुनेछ ।

कार्यक्रमको लागि व्यावहारिक वनस्पति अनुसन्धान र विकास कार्यको माध्यमवाट वनस्पति स्रोतको विविधताको पहिचान, संरक्षण, सम्वर्द्धन र उपयोगको वृद्धि गर्ने र जडीवुटी केन्द्रहरुको स्थापना गरी जनस्तरवाटै प्रशोधन गराउने र जडीवुटीको अन्तर्राष्ट्रिय वजार व्यवस्था गर्ने कार्यहरुलाई वढी प्राथमिकता दिइनेछ ।

कार्यक्रमको सफलताका लागि वनस्पति जैविक विविधताको प्राथमिकताको आधारमा वनस्पति स्रोत, वानस्पतिक परिस्थितिकीय प्रणाली र सामाजिक तथा आर्थिक वहुपक्षीय अध्ययन, अनुसन्धान, प्रकासन र विकास कार्यहरु गरिनेछ । जैविक प्रविधि विकासको माध्यमवाट बनस्पति जैविक विविधताको संरक्षण, सम्वर्द्धन, सुधार गर्दै लगिनेछ उपयोग गर्ने, वनस्पति तथा जडीवुटी अनुसन्धान, विकास तथा व्यवस्थापन कार्यक्रमहरुलाई क्षेत्रीय र जिल्ला स्तरमा विस्तारित गर्दै लगिनेछ, कार्यक्रमहरुलाई सीमान्त र गरिव तथा पिछडिएका वर्गसम्म प्रभावकारी रुपमा पुऱ्याउने र जनसहभागितातर्फ उन्मुख गराउने, वनस्पति सम्वन्धी अनुसन्धान तथा विकास कार्यको लागि शैक्षिक तथा अन्य संघ संस्थाहरुसंग समन्वय राखी मानवीय स्रोतको विकास गर्ने, वातावरणीय संरक्षण कायम गर्न उपयोगी बोट विरुवाहरुको अध्ययन अनुसन्धान गर्ने, गुरुयोजना, संभाव्यता अध्ययन, कार्ययोजना र दिग्दर्शनको माध्यमवाट कार्यान्वयन पक्षलाई सुदृढ र प्रभावकारी वनाउँदा लैजाने वनाउने जस्ता कार्यनीतिहरुको अवलम्वन गरिनेछ ।

गैरकाष्ठ वनउपजहरुको विकास एवं सदुपयोगको क्रममा विभिन्न भौगोलिक क्षेत्रमा रहेका जडीवुटी तथा सुगन्धित तेल उपलव्ध हुन गर्न सक्ने वनस्पतिहरुका सम्वन्धमा छुट्टै तथा विशिष्ट अनुसन्धान र विकास, प्राविधिक सहयोग, वजार व्यवस्थापन सहयोग तालिम तथा प्रचार-प्रसार आदि कार्यक्रम संचालन गरिनेछ । यसै क्रममा उच्च मूल्यका जडीवुटीहरुको उत्पादन कार्यक्रमलाई सरकारी र गैरसरकारी दुवै स्तरवाट प्राथमिकताका साथ अघि वढाइनेछ । यी कार्यक्रमवाट उत्तरी भेगका दुर्गम एवं अति दुर्गम क्षैत्रका ग्रामीण जनता विशेष रुपले लाभान्वित हुनेछन् । धेरैजसो उच्च मूल्यका जडीवुटीहरु यिनै क्षेत्रमा पाइने हुनाले । यी कार्यक्रममार्फत ती क्षेत्रका जनताले रोजगारी एवं आय आर्जनका प्रशस्त अवसर प्राप्त गर्न सक्नेछन् यसवाट उनीहरुको आर्थिक स्थितिमा समेत उल्लेखनीय सुधार आउन सक्नेछ ।

जडीवुटी तथा सुगन्धित तेल जस्ता गैरकाष्ठ वन उपजहरुको दिगो विकास एवं त्यस्ता सम्पदाहरुको प्रयोग ग्रामीण क्षेत्रसम्म पुऱ्याउने उद्देश्यले केन्द्रीय स्तरमा एउटा गैह्रकाष्ठ वनउपज संरक्षण तथा

परम्परागत उपयोग कोष (NTFP conservation and indigeneous knowledge fund) नामक कोषको स्थापना गरिनेछ र सो कोषको माध्यमबाट यसप्रकारका कार्यक्रम संचालन गरिनेछ ।

जैविक विविधता संरक्षण, सदुपयोग र पर्यटन उद्योगमा टेवा

नेपालमा जैविक विविधता संरक्षणको थालनी संरक्षित क्षेत्रको स्थापनासँगै भएको हो । विभिन्न दुर्लभ वन्यजन्तु तथा तिनका बासस्थानका संरक्षणका लागि स्थापित भएका विभिन्न किसिमका संरक्षित क्षेत्र प्रणालीले नेपालका प्रमुख जैविक विविधता वनस्पति एवं प्राणीको संरक्षणमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । संरक्षित क्षेत्र वाहिर रहेका महत्वपूर्ण जैविक विविधता संरक्षणलाई समेत दृष्टिगत गरी कार्यक्रमहरु संचालन भैरहेको छ । यसअतिरिक्त सन् १९९२ मा जैविक विविधतासम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल सदस्य भएपश्चात् जैविक विविधता संरक्षणका लागि अन्तर्राष्ट्रिय जिम्मेवारी समेत वढ्न गएकोले सोही अनुसार नीति तथा कार्यक्रमहरुलाई अघि बढाउँदै लगिएको छ ।

जैविक विविधता संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जिम्मेवारी वहन गर्नुपर्ने आवश्यकतानुसार दीर्घकालीन आधारमा जिम्मेवारी निर्वाह गर्दै जान खासगरी निम्न नीतिहरुलाई नवौं योजनामा समावेश गरिएको छ ।

कार्यक्रमका लागि सम्पूर्ण पारिस्थितिक प्रणालीमा आधारित व्यवस्थापन, जनसहभागिताको आधारमा नीति तथा कार्यनीतिहरु विकास गर्ने कार्यहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

दुर्लभ वनस्पतिहरु, वन्यजन्तुहरुको बासस्थान, सिमसार क्षेत्रको संरक्षण सुधार, व्यवस्थापन तथा विस्तार गर्ने, वन्य वंशाणु विविधता संरक्षण (wild genetic diversity conservation) को वैज्ञानिक तरिकाले संरक्षण सम्वर्द्धन गरी मानवीय हितमा टेवा पुऱ्याउने, जैविक विविधता रामसार (Ramsar) लगायत जैविक विविधतासम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन गर्ने, गराउने, छिमेकी राष्ट्रहरुसंग सम्पर्क राखी जैविक विविधताको प्रभावकारी संरक्षणको लागि संयुक्त प्रयास जारी राख्ने, राष्ट्रिय जैविक विविधता कार्ययोजना तयार पारी क्रमवद्ध रुपमा कार्यान्वयन गर्दै लैजाने, जैविक विविधता संरक्षणको लागि विभिन्न इकोलोजिकल जोनको प्रतिनिधित्व हुनेगरी संरक्षित क्षेत्रहरुको विस्तार तथा स्थापना गर्दै लैजाने जस्ता नीति तथा कार्यनीतिको अवलम्वन गरिनेछ ।

प्राकृतिक रुपमा प्राप्त हुने र हाल सङ्कलनमा रहेका सङ्कलन बन्देज गरिएका वनस्पति तथा गैह्रकाष्ठ वन उपजहरुको संरक्षणको स्थितिको पुनर्मूल्याँकन गरी सङ्कलन कार्य बन्द गर्नु पर्ने नपर्ने, साइटेस (CITES) वा अन्य सन्धि, महासन्धिहरुमा कबुल गरिएका वा त्यसका अनुसूचीमा परेका एवं जैविक विविधताको दृष्टिकोणले समेत उपयुक्त ठहरिएका प्रजातिहरुको सङ्कलन एवं सदुपयोग कायम राख्नुपर्ने वा वन्देज गर्नुपर्ने आदि कुराका सम्वन्धमा के गर्नु आवश्यक छ त्यसको पुनरावलोकन गरी सोही आधारमा तिनीहरुको संरक्षण तथा सदुपयोग गर्ने व्यवस्था मिलाइनेछ । यसरी उपयोग गर्दा पर्ने जाने नकारात्मक असरलाई निराकरण गर्न अथवा कम गर्न उपसमनका उपायहरु (mitigative measures) को अवलम्वन गर्नुका साथै उपयोग अवधिको निरन्तर रुपले अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।

साथै राष्ट्रिय निकुञ्ज र आरक्ष क्षेत्रभित्र रहेका कतिपय गैह्रकाष्ठ वनउपजहरु सडी गली जाने हुँदा बार्षिक एउटा निश्चित समय निर्दिष्ठ गरी स्थानीय भूमिहीन परिवारहरु वा मध्यवर्तीक्षेत्र भित्रका स्थानीय उपभोक्ताद्धारा तिनको समुचित उपयोग गर्ने व्यवस्था मिलाइनेछ ।

वन पैदावारमा आधारित उद्योग

वन पैदावारमा आधारित उद्योगहरुलाई प्रोत्साहित गर्न वन क्षेत्रको गुरुयोजना २०४६ को (क) विदेशी लगानीलाई प्रोत्साहित गर्ने (ख) उद्योगहरुलाई क्षेत्रगत रुपमा विस्तार गर्ने (ग) सरकारीस्तरका उद्योगहरुलाई निजीकरण गर्ने (घ) उद्योगहरुको वर्गीकरण गर्ने (ङ) वातावरणीय प्रदूषण नियन्त्रण गर्ने र (च) उद्योगहरुका लागि आवश्यकता अनुसार विकास गर्ने जस्ता नीति अवलम्वन गर्ने उद्देश्य अनुरुप सरकारी स्तरका उद्योगहरुका नीजीकरण गर्ने, वन उद्योग संघको विकास गर्ने, गैरकाष्ठ वनउपज उद्योगहरुको विकास गर्ने कार्यहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

वन पैदावारमा आधारित उद्योग विकासको लागि वन क्षेत्रमा आधारित उद्योगहरुलाई प्राथमिकताको आधारमा छनौट गरी तिनीहरुको वस्तुगत वर्गीकरण गर्ने गैरकाष्ठ वनउपजहरुको दिगो र सतत् सदुपयोगका लागि कार्ययोजना तयार गरी लागू गर्ने र उत्पादन वन (production forest) को हकमा जिल्ला वन कार्ययोजनाअनुरुप कार्य गर्ने, निजी उद्योगहरुलाई स्वावलम्वी वनाउने कार्यक्रम चलाउने, उद्योग विकासका पूर्वधारहरु खडा गर्ने, वनमा आधारित उद्योग एवं जडीवुटी खेतीसम्वन्धी सीप विकास गर्न आवश्यक तालिम तथा प्रचार-प्रसार कार्य गर्ने, वहुउपयोगी र मूल्यवान वन पैदावारहरुको आधार तथ्यांक (database) तयार गर्ने, वातावरणीय प्रदूषण नियन्त्रण गर्न आवश्यक उपायहरुको अवलम्वन गर्ने, वन संरक्षण, सम्वर्धन, विकास र व्यवस्थापन कार्यमा संयुक्त लगानी (joint venture) गर्ने, जस्ता नीति र कार्यनीतिहरुको अवलम्वन गरिनेछ । यस अतिरिक्त वन क्षेत्र भित्र लाहा उद्योग, रेशम उद्योग (tasar silk industry) च्याउ खेती, ट्यानिङ्ग उद्योग, वनस्पति ध्यू, रंग, रवर, मसला, कम्सेटिक्स जस्ता स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

कार्यक्रमअन्तर्गत सामुदायिक, कवूलियती तथा राष्ट्रिय वनहरुको कार्ययोजना र व्यवस्थापन योजनाहरुमा लघु-चक्र (short-rotation) मा आय दिनसक्ने वनस्पतिहरुको व्यवस्थापन गरी उपयुक्त गैरकाष्ठ वनउपजहरुलाई समावेश गरी वन पैदावारमा आधारित उद्योगहरुको विकासलाई प्रोत्साहित गरिनेछ । यसको लागि आवश्यक पर्ने प्रविधि सर्वसाधारण जनतामा हस्तान्तरण गर्न उपयुक्त तालिम तथा प्रचार-प्रसार कार्यक्रम संचालन गरिनेछ । राष्ट्रिय निकुञ्ज तथा आरक्षहरुमा सीमावर्ती क्षेत्रहरुमा अथवा त्यसका केही निश्चित दूरीसम्मका भित्री भागमा रहेका गैरकाष्ठ वन उपजहरुको सदुपयोग गरी स्थानीयस्तरमा त्यसको प्रशोधनद्धारा गरी वन पैदावारमा आधारित उद्योगको विकासमा विशेष जोड दिइनेछ ।

केही वर्षदेखि निजी क्षेत्रका फर्निचर उद्योगहरुले शोभनीय एवं टिकाऊ किसिमका केही विदेशज (नौलो) जात (exotic species) का काठहरु आयात गरी प्रयोग गर्न थालेका छन् । यसको माग वजारमा बढ्दै गइरहेको छ । विगत केही वर्षयता परीक्षणको रुपमा वृक्षरोपण हुंदै आए तापनि अहिलेको बजारको खपत कस्ता प्रकारकोविदेशज जातका काठहरुले बजार पाएका छन् भन्ने कुराको विश्लेषण गरी वन पैदावारमा आधारित उद्योगका लागि उपयुक्त हुने खालको प्रजातिहरुको विस्तारमा गर्न समेत ध्यान दिइनेछ ।

टेवामूलक कार्यक्रम :

नीति नियम तथा संस्थागत व्यवस्था

मौजुदा वन क्षेत्रको नीतिले नवौं योजनाको नीतिको प्रतिविम्वित गरेको छ । यो नीतिलाई समय सापेक्ष वनाउंदै लग्नुका अतिरिक्त वन क्षेत्रका ऐन नियममा गर्नुपर्ने सुधारहरु नवौं योजनाको वृहत्तर उद्देश्यलाई ध्यानमा राखी गरिनेछ ।

जनशक्ति तथा मानवस्रोत विकास

वन क्षेत्रको समुचित व्यवस्थापनमा संगठनलाई प्रभावकारी ढंगले परिचालन गर्नका लागि जनशक्ति विकास गर्ने सम्बन्धमा आठौं योजना अवधिमा सैद्धान्तिक एवं नीतिगत कार्यक्रमअनुसार जनशक्तिलाई स्वदेशी तथा विदेशी तालिम, अध्ययन भ्रमण, उच्च अध्ययन आदि अवसर प्रदान गरी उनीहरुको वृत्ति विकास गर्ने कार्य हँदै आएकोमा नयाँ योजना अवधिमा पनि यसप्रकारका कार्यक्रमलाई आवश्यकता अनुसार अनुसार व्यापकता दिइनेछ ।

वन क्षेत्रको समुचित विकासमा दक्ष जनशक्तिको आवश्यकता पर्ने सन्दर्भमा । यस्तो जनशक्ति स्वदेशमै उत्पादन गर्न सकेमा विदेशी मुद्राको बचत हुनुका साथै त्यस्ता सेवा पनि सर्वसुलभ हुन जाने हुंदा वन विज्ञानमा स्नातकोत्तर तहको अध्ययन अध्यापन सुरु गर्न र हाल संचालित प्रमाणपत्र तथा स्नातकतहको कार्यक्रमलाइ अझै स्तरीय र समसामयिक बनाउन जोड दिइनेछ ।

वन अनुसन्धान तथा स्रोत सूचना

वन क्षेत्रको विकासका लागि आवश्यक विषयमा सर्वेक्षण तथा अनुसन्धान कार्य गर्ने, अध्ययन तथा अनुसन्धान नतीजाको कार्यान्वनयवाट वन स्रोत र वन-कृषि प्रणालीमा सुधार ल्याइ उत्पादकत्व वढाउने र गरिबी निवारणमा सहयोग पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । यसका साथै, प्राथमिकताको आधारमा अध्ययन तथा अनुसन्धान गर्नुपर्ने विषयहरुका पहिचान गरी उपभोक्ताको आवश्यकता माथि बढी जोड दिने, सम्वन्धित विषयमा स्वदेशी तथा विदेशी निकायहरुसंग समन्वय राख्ने जस्ता मूलभूत नीति तथा कार्यनीतिको अवलम्वन गरिनेछ ।

आर्थिक दृष्टिकोणले बहूमूल्य ठहरिएका गैरकाष्ठ वन उपजहरुको देशव्यापी रुपमा संपदा सर्वेक्षण (resource assessment) गरी यस्ता जैवसम्पदाहरु संकटग्रस्त अथवा दुर्लभ कस्ता अवस्थामा छन् भन्ने कुराको अध्ययन र वर्गीकरण गरी उपभोक्तासमक्ष सूचना प्रवाह गर्ने कार्य गरिनेछ । साथै नेपालको परिप्रेक्ष्यमा विभिन्न निकायले वनसँग सम्वद्ध अथवा प्रयोग गर्न सकिने क्षेत्रमा गरेका अनुसन्धान कार्यहरुको सङ्कलन गरी सो आधारमा थप अनुसन्धान कार्यहरु गर्ने र अनुसन्धान कार्यमा दोहरोपन रोक्न "अनुसन्धान सूचना स्रोत" कार्यक्रम मार्फत सवै सूचनाहरु सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ । साथै फिल्डस्तरमा अनुभव गरिएका समस्याहरुका सम्बन्धमा आवश्यकता सर्वेक्षण (need assessment) गरी कार्यमुखी अनुसन्धान (applied research) कार्यलाई बढी प्राथमिकता दिइनेछ ।

यसअतिरिक्त वन क्षेत्रमा उत्पादन गरी विक्री व्यवस्थापन गर्न सकिने वहुमूल्य काठहरुको उत्पादन, तिनको सम्वर्द्धन तथा सदुपयोग सम्वन्धमा आवश्यक अनुसन्धान र विक्री विकास (research & development) वारे छुट्टै कार्यक्रम संचालन गरिनेछ ।

अनुगमन तथा मूल्यांकन :

अनुगमन तथा मूल्यांकनतर्फ वन क्षेत्रले आठौं योजनामा हासिल गरेका अनुभवको आधारमा यसलाई अझ प्रभावकारी बनाउन व्यवस्था मिलाइनेछ । आबद्ध प्रगति समीक्षाका अतिरिक्त विकास प्रभाव मूल्यांकन र स्थलगत अनुगमन तथा मूल्यांकन लक्ष्य तोकी टेवा कार्यक्रमलाई वन क्षेत्र व्यवस्थापन सूचना पद्धतिको महत्वपूर्ण अंगको रुपमा विकास गर्न संस्थागत एवं क्षमता विकासउन्मुख व्यवस्था मिलाइनेछ ।

स्थलगत अनुगमन तथा मूल्यांकन कार्यलाई व्यापक र विस्तार गर्ने, व्यवस्थापन सूचना पद्धतिको विकास गर्ने, आवधिक समीक्षा गर्ने, तत्सम्बन्धी अन्यप्रक्रियालाई सरल र उपयोगी बनाउने कुरालाई विशेष प्राथमिकता दिइनेछ । साथै क्षमता विकासमा जोड दिने, उपक्षेत्रीय नीति र प्रावधान तयार गर्ने,

अनुगमन निर्देशिकाको आधारमा सम्पन्न कार्यक्रमको स्तर मूल्यांकन गर्ने, कदर र पुरस्कारको व्यवस्था गर्ने जस्ता नीति तथा कार्यनीतिहरुको अवलम्वन गरिनेछ ।

सामुदायिक वन विकास कार्यक्रमलाई अझै प्रभावकारी एवं गतिशील वनाउने उद्देश्यले भौगोलिक क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी पाँचौ विकास क्षेत्रहरुमा विगतका वर्षहरुमा प्रतिनिधित्व हुनेगरी वन उपभोक्ताहरुलाई व्यवस्थापनको लागि हस्तान्तरण भएका वन कार्ययोजनाले उपभोक्ताहरुको आय आर्जनमा दिएको योगदान वारेमा स्थलगत अध्ययन गरिनेछ ।

योजना र व्यवस्थापन पद्धति विकास :

नवौ योजनाकालमा वन क्षेत्रको वार्षिक र आवधिक योजना वनाउँदा र नयां योजना तर्जुमा गर्दा योजना तर्जुमा कार्य र कार्यक्रम विकास, नीति निर्माण तथा कार्यान्वयन पक्षको अलग-अलग रुपमा विकास गरिने छ । लक्ष्य निर्धारण, स्रोत व्यवस्थापन, संरक्षण र परिचालन गर्दा वन क्षेत्रको समष्टिगत पारिस्थितिक पद्धतिको आधारमा विगतका अनुगमन र मूल्यांकन कार्यवाट प्राप्त अनुभवलाई समेत गरी वन क्षेत्रलाई, दिशावोधक र वैज्ञानिक व्यवस्थापनउन्मुख गराउन मंत्रालय स्तरवाट विशेष जोड दिइनेछ ।

वन क्षेत्रको एकीकृत पारिस्थितिक प्रणालीउन्मुख योजना वनाउने, नवौं योजनाको लक्ष्यसँग वन क्षेत्रलाई तालमेल गराउने कार्यलाई प्राथमिकता दिइनेछ । योजना तर्जुमा गर्ने, कार्यक्रम वनाउने र स्रोत साधन जुटाउने कार्य लगायत व्यवस्थापन सूचना पद्धतिको विकास, वैदेशिक सहायतामा समन्वय ल्याउन जस्ता नीति तथा कार्यनीतिहरुको अवलम्वन गरिनेछ ।

नवौं योजना अवधिमा काठ दाउराको माग आपूर्तिको स्थिति :

वन क्षेत्रको गुरुयोजना, १९८८ ले गरेको पूर्वानुमानअनुसार प्रतिव्यक्ति काठ (timber) को खपत ०.११ क्यू. मी. रहेको देखिन्छ जसअनुसार नवौं योजना अवधिभरमा मोटामोटी १.१ करोड क्यू. मी. काठ (timber) खपत हुने अनुमान गरिएको छ । यीमध्ये सरकारी वन, सामुदायिक वन एवं निजी क्षेत्रवाट समेत काठको आपूर्ति करिव ५९.२ क्यू. मी. मात्र हुनसक्ने देखिन्छ । यसप्रकार नवौं योजना अवधिभरमा जम्मा ५०.८ लाख क्यू. मी. काठ न्यून रहने अनुमान छ । सन् २००० - २००१ मा मात्र शहरी जनसंख्याको लागि २६३,००० क्यू. मी. चिरान काठ आवश्यक पर्ने अनुमान गरिएको छ जुन नवौं योजना अवधिभरमा करिव ४.५ करोड क्यू. मी. बरावर हुनआउंछ । दाउराको खपत नवौं योजना अवधिमा प्रतिवर्ष १.४७ करोड टन हुने अनुमान मध्ये २९.० लाख टन कृषि क्षेत्रवाट आपूर्ति हुने र वन क्षेत्रमा इन्धन (दाउरा) को लागि निर्भरता ५०.८ प्रतिशत रहने अनुमान छ । डाले घांसको आवश्यकता प्रतिवर्ष करिव ७९.० लाख टन तथा वन क्षेत्रमा यसका निर्भरता ३०.६ प्रतिशत हुने अनुमान छ ।
नेपालको प्लाईउड आवश्यकता प्रतिवर्ष करिव १० लाख वर्ग मी. हुनआउंछ जसको केवल ४०-४५ प्रतिशत मात्र स्वदेशी प्लाईउड उद्योगहरुवाट आपूर्ति हुन्छ र बांकी सबै भारतवाट आयात गरिन्छ । महंगो भए पनि गुणस्तरमा राम्रो भएकोले प्लाइउडको आयात गर्ने प्रवृति वढेको हो । यसर्थ प्लाईउडको लागि आवश्यक पर्ने प्रजातिका रुखहरुको पनि व्यापारिक वनमा व्यवस्थापन हुन जरुरी छ । कागजको खपत सन् १९८६ सालमा १८,३०० टन प्रतिवर्ष थियो सन् २००० तिर यसको खपत प्रतिवर्ष २१,००० टन हुने अनुमान गरिएको छ ।

पूर्वानुमान :

वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट नवौं योजनाकालमा थप २५ प्रतिशत राजस्व प्राप्त भइ राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान अपेक्षा गरिएको छ । ५० हजार हे. मात्र प्राकृतिक वनको व्यवस्थापन गरेर ७३ लाख क्यू.मि. काठ र ८.६७ लाख क्यू.मि. दाउरा उत्पादन भइ करिव ५.५ अर्व राजस्व वन

क्षेत्रवाट प्राप्त हुने अनमान गरिएको छ। राष्ट्रिय वन कोषको माध्यमवाट वन व्यवस्थापन स्वचालित र सरकारी आर्थिक स्रोतको विनियोजनवाट स्वतन्त्र क्षेत्रको रुपमा विकसित हुदै जाने पूर्वानुमान गरिएको छ। यस अवधिमा करिव २५ लाख श्रमदिनको सिर्जना हुने अनुमान गरिएकोछ।

वन तथा भू-संरक्षण मंत्रालय अन्तर्गत
वैदेशिक सहयोगमा संचलित आयोजनाहरु

आयोजनाहरु	दातृ संस्था	पूरा हुने वर्ष
वन तथा भू-संरक्षण मन्त्रालय		
१. शिवपुरी जलाधार व्यवस्थापन आयोजना (दोस्रो चरण),	नर्वे एफ.ए.ओ.	१९९७
वन विभाग		
१. सामुदायिक वन विकास आयोजना (तेस्रो चरण)	आई.डी.ए	१९९८
२. पहाडी कवुलियती वन तथा चरण विकास आयोजना	इफाद	२००१
३. वृक्ष सुधार आयोजना	डेनिडा	१९९७
४. नेपाल अष्ट्रेलियन सामुदायिक स्रोत विकास आयोजना	अष्ट्रेलिया	२००१
५. चुरिया वन विकास आयोजना	जर्मन	१९९७
६. दोलखा-रामेछाप सामुदायिक वन विकास आयोजना	स्वीस	२००१
७. वन उद्यम कार्यक्रम	यू.एस.ए.आई.डी.	२००१
८. सामुदायिक वन तालिम आयोजना	डेनिडा	१९९८
९. नेपाल यू.के. सामुदायिक वन आयोजना	ओ.डी.ए.	१९९८
१०. भूटानी शरणार्थी आयोजना	यू.एन.एच.सी.आर	१९९८
भू-संरक्षण विभाग		
१. स्याँजा-आँधीखोला जलाधार व्यवस्थापन आयोजना	केयर	१९९८
२. नेपाल अष्ट्रेलिया सामुदायिक स्रोत विकास आयोजना	अष्ट्रेलियन	२००१
३. फार्म प्रोजेक्ट	यू.एन.डी.पी.	१९९८
४. चुरिया वन विकास आयोजना	जर्मन	१९९८
५. जलाधार व्यवस्थापन आयोजना	जाइका	२००१
६. वन उद्यम कार्यक्रम	यू.एच.ए.आई.डी.	२००१
७. बाग्मती जलाधार आयोजना	ई.यू.सी.	२००२
८. सामुदायिक वन जलाधार संरक्षण आयोजना	जाइका	चालु
९. नेपाल डेनमार्क जलाधार व्यवस्थापन आयोजना	डेनिडा	१९९९
१०. सहभागितामूलक जलाधार व्यवस्थापन तालीम कार्यक्रम	एफ.ए.ओ.	१९९८
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण आयोजना		
१. वन उद्यम कार्यक्रम	यू.एस.ए.आई.डी	२००१
२. पार्क एण्ड पिपुल आयोजना	यू.एन.डी.पी.	१९९८
३. मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण आयोजना	टी.एम.आई.	१९९७
४. राष्ट्रिय जैविक विविधता कार्ययोजना कार्यक्रम	जी.ई.एफ. यू.एन.डी.पि.	१९९८
५. वर्दिया एकीकृत संरक्षण योजना	डव्लु डव्लु एफ	२०००
६. मध्यवर्ती विकास आयोजना वर्दिया	केयर नेपाल	२००२
७. अन्नपूर्ण संरक्षण आयोजना	श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष	चालु
अनुसन्धान तथा सर्वे केन्द्र		
१. वन स्रोत तथा सूचना सङ्कलन आयोजना (तेस्रो चरण)	फिनिडा	१९९९
तयारि भैरहेका आयोजनाहरु		
१. ल्याण्ड रिसोर्ज म्यानेजमेण्ट प्रोजेक्ट तराई वन व्यवस्थापन, भू-संरक्षण, जैविक विविधता र ट्रष्ट फण्ड सामुदायिक वन ३८ जिल्ला	विश्व बैंक	१९९९ (५ वर्ष)
२. भू-संरक्षण, वन विभाग, सामुदायिक तालिम, वृक्ष सुधार, २६ जिल्ला भू-संरक्षण	डेनमार्क	१९८८ (५ वर्ष)

परिच्छेद १०

कृषि

१. पृष्ठभूमि

नेपालको प्राकृतिक स्रोत साधनको पृष्ठभूमिमा अर्थतन्त्रको प्रमुख आधार रहिआएको कृषि तथा वन स्रोत अधिकांश नेपालीहरुको जीवनस्तर उठाउन योगदान दिने क्षेत्र हो । हाम्रो गैर कृषिक्षेत्रको विकासको आधार पनि यही क्षेत्र भएकोले यस क्षेत्रलाई व्यवसायिकताको आधारमा उद्योगको रुपमा विकास गराई लान नसके सम्म आम गरिबी निवारणको कुरा सम्भव हुँदैन । त्यसैले नवौं योजनाले लिएको गरिबी-निवारणको प्रमुख उद्देश्य प्राप्तिका लागि कृषि तथा वन क्षेत्रको अहम् भूमिका रहने प्रष्ट छ ।

कृषि तथा वन क्षेत्रको विकासमा प्रयोग हुने प्राकृतिक स्रोत साधनको उपयोग र यसको स्थायित्वमा ग्रामीण क्षेत्रमा बसोबास गर्ने लाखौं कृषक परिवारको निर्णय प्रकृयाले प्रभाव पार्ने गर्दछ । यस्तो स्रोत उपयोग प्रक्रियालाई प्राकृतिक श्रोतको नवीकरणीय प्रक्रियासँग तालमेल राख्न नसकेसम्म विकासमा स्थायित्व दिन पनि सकिदैन । पहाडी भू–भागको आधिक्य, भिरालोपना र कमजोर भूबनोटको कारण माटो, पानी र वन वनस्पतिको उपयोग बढी संवेदनशील रहिआएको छ भने यस्ता संवेदनशील श्रोतको उपयोगमा विभिन्न भौगोलिक उपक्षेत्रहरुमा विविध समुदाय र जनजातिहरुको आफनै मूल्य, मान्यता, धारणा, सीप र अनुभव पनि रहिआएकोले विकास प्रयासहरुले यी संवेदनशीलता र अनुभवहरुलाई समेटेर कृषि व्यवसायलाई निर्वाहमुखी (subsistence) भन्दा लाभप्रद व्यवसायमुखी (commercial) गराउन पूर्ण ध्यान दिनुपर्ने अवस्था देखिन्छ ।

हाम्रो भौगोलिक अवस्थितिको कारण एकातिर विविधता, सीमान्तता, धरातलीय तथा भौगोलिक कमजोर-पना आदि अप्ठेरोहरु रहिआएका छन् भने अर्कोतिर स-साना कृषि भू-जलवायु क्षेत्रको (agro climatic zones) अवस्थितिले विभिन्न कृषि तथा वनजन्य उत्पादनका लागि तुलनात्मक लाभका अवसरहरु पनि प्रदान गरेको छ । बाटो, विद्युत, पानी र प्रविधिहरु पुग्न सकेका ठाउँमा व्यवसायीकरण र विविधीकरणवाट कृषिमा रुपान्तरण हुने खालका संकेतहरु पनि देखा पर्न थालेका छन् । अव बढ्दो जनसंख्याको चापलाई कम गर्दै स्रोत उपयोगको तौर तरिकामा आधुनिक प्रविधिहरुको सम्मिश्रण तथा यातायात र बजार प्रक्रियाको विकासको माध्यमबाट निर्वाहमुखी खेती प्रणालीलाई उत्पादकत्वमुखी, तुलनात्मक लाभ र व्यवसायमूलक खेती प्रणालीतर्फ रुपान्तर गर्दै लगेर कृषि विकासमा स्थायित्व दिनु जरुरी छ ।

यस पृष्ठभूमिमा कृषि विकासका आधारभूत पक्षहरुलाई नियाल्दा हाम्रो कृषि प्रणालीलाई कसरी लाभप्रद व्यवसायमूलक बनाउने, कृषि भू-जलवायु क्षेत्रहरुको तुलनात्मक लाभको सम्भाव्यता कसरी उपयोग गर्ने, यातायात तथा बजार सुविधाको विकास र यसको आर्थिक उपयोग कसरी बढाउने, कृषकहरुको स्रोत र सम्पदाको (farmers resource endowment) विकास कसरी गराउने र त्यसका लागि कसरी कार्यक्रम परिचालन गर्ने, विभिन्न कार्यक्रमहरु बीच कसरी अन्तरसम्वन्ध विकास गराई एक अर्का बीच परिपुरकता र सम्बद्धता बढाउने र यी सवै क्रियाकलाप बीच समन्वय राखी उत्पादन र उत्पादकत्व प्रक्रियामा कसरी दिगोपन ल्याउने भन्ने कुराहरु नै कृषि तथा वन क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका आधारभुत पक्षहरु हुन आउँछन् । यीनै अवधारणाबाट तयार भएको दीर्घकालीन कृषि योजना अनुरुप सडक, सिँचाइ, विद्युत, मलखाद र प्रविधि जस्ता उत्पादन साधन र बढी मोल जाने कृषि वस्तुहरुको उत्पादन विकासका लागि रेसम, मह, सुन्तलाजातका फलफूल, स्याउजस्ता फलफूल खेती, माछा ताजा तरकारी तथा तरकारी बीउ खेती, गाई भैंसी, भेंडाबाखा, कुखुरा जस्ता पशुपक्षी पालन जस्ता, कृषि व्यवसाय, सामुदायिक वन तथा भू–संरक्षण र उपयुक्त जोत प्रणाली एवं भू–स्वामित्व व्यवस्था जस्ता कार्यक्रममा प्राथमिकता दिई अघि बढ्न सकेमा कृषि क्षेत्रको आर्थिक वृद्धि

तीव्र गराई गरिबी निवारण र आम जनताको आय तथा रोजगारका अवसर वृद्धि गरेर खाद्य सुरक्षाका साथै आर्थिक अवस्थामा सुधार हुन सक्ने सम्भाव्यता पनि दीर्घकालीन कृषि योजनाले प्रष्ट पारेको छ ।

२. आठौं योजनाको समीक्षा

राष्ट्रिय आय तथा रोजगारमा कृषिको अग्रणी भूमिका रहेकोले स्वनिर्वाहमुखी कृषि प्रणाली एक आकर्षक व्यवसायमूलक प्रणालीमा रुपान्तर गर्दै लानुपर्ने आवश्यकताको पृष्ठभूमिमा आठौं योजनाको मूलभूत उद्देश्य र प्राथमिकता पनि तर्जुमा गरिएको थियो । राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन खाद्यवस्तुको बढ्दो आन्तरिक माग पूरा गर्ने, कृषिजन्य कच्चा पदार्थको उत्पादन र उत्पादकत्व बढाउने, कृषि क्षेत्रमा आयमूलक रोजगारीका अवसरहरु बढाउने, तथा कृषि विकास र वातावरण संरक्षण बीच सन्तुलन कायम गर्ने उद्देश्यहरु निर्धारित भएकोमा यी उद्देश्य प्राप्तिमा टेवा पुऱ्याउन आठौं योजनावधिमा खाद्यान्न बालीतर्फ ५.४ प्रतिशत, दालबालीमा ८.४ प्रतिशत, नगदेबालीतर्फ ९.१ प्रतिशत, बागवानीतर्फ ५.४ प्रतिशत, पशुविकासतर्फ ३.८ प्रतिशत र माछातर्फ १२ प्रतिशत वार्षिक वृद्धि गर्ने लक्ष्य राखिएको थियो ।

यी लक्ष्य हासिल गर्न योजना अवधिमा कृषि विकासतर्फ बालीको सघनता, विविधीकरण र व्यवसायीकरणमा मुख्य रुपमा कार्यक्रम केन्द्रित गर्नेगरी खाद्यान्न बाली, नगदेबाली, फलफूल, तरकारी, पशुजन्य उत्पादन, माछा उत्पादन जस्ता उत्पादन कार्यक्रमहरु समावेश गरिएका थिए । यसै गरी कृषि अनुसन्धान, बजार, तालिम, ऋण वितरण लगायतका कार्यक्रमको साथै उन्नत बीउ, उन्नत पशुपक्षी, पशु औषधी, खोप, उन्नत प्रविधि, मलखाद, उन्नत बीउ बेर्ना उत्पादन र अन्य सम्बन्धित सेवा र टेवा कार्यक्रम र महिला कृषक विकास कार्यक्रमहरु सञ्चालन समेत भएका छन् । यस्ता कार्यक्रमहरुको कार्यान्वयनका लागि आठौं योजनामा समावेश भएका अधिकांश नीतिहरु कार्यान्वयन भएका पनि देखिन्छन् । तर योजना अवधिमा रासायनिक मलको मूल्यमा रहेको अनुदान हटाउने तर्फ केही प्रयास भए पनि सम्पूर्ण रुपमा अनुदान हटाउनेतर्फ अघि बढ्न नसकेकोले मलखादको आपूर्ति समस्यामा त्यति सुधार हुन सकेन । अन्य उत्पादन सामग्रीहरुको आपूर्तिमा लक्ष्य अनुरुप व्यापकता नआएको र कृषि ऋण वितरणमा पनि लक्ष्य अनुरुप अघि बढ्न सकेको देखिदैन । नयाँ कृषि बजार केन्द्रहरु फाटफुटरुपमा देखा पर्न थालेका छन् । तिनको सञ्चालन प्रक्रियालाई व्यवस्थित गराउनपर्ने छ । पशु तथा पशुजन्य पदार्थको बजार व्यवस्था र मासु तथा छाला उत्पादन तथा प्रशोधनको लागि पशुवधशालाको स्थापना हुन सकेको छैन ।

केही कृषि फार्महरुलाई निजी क्षेत्रमा कबुलियत (lease) मा सञ्चालनको लागि दिइएको थियो । यी फार्महरु अपेक्षित रुपमा सञ्चालन हुन नसकेको हुँदा तिनीहरु मध्ये अधिकांश फिर्ता लिइएको छ । यसैगरी कृषि प्राविधिक सेवा र पशु स्वास्थ्य सेवा विस्तार कार्य निजी तथा सहकारी क्षेत्रवाट उपलब्ध गराउँदै लानेतर्फ पनि खास प्रगति भएको देखिदैन । जुट विकास संस्थानलाई यस योजनामा खारेज गरियो । कृषि औजार कारखाना, निजी क्षेत्रमा लाने निर्णय भएको छ । चिया विकास निगम, कपास विकास समिति, दुग्ध विकास संस्थान आदिको निजीकरण सम्बन्धमा भने यस अवधिमा कार्यमुलक निर्णय हुन सकेको छैन । यसैगरी कृषि प्रसारतर्फ एक छानोमुनिको सिद्धान्त अनुकुल एकीकृत सेवा सञ्चालन गरी लाने नीतिको थालनी भएकोमा त्यसलाई निरन्तरता दिन सकेको देखिएन । योजना तर्जुमा अनुगमन मूल्याङ्कन प्रक्रियाको अवधारणा विकास भैसकेको भएपनि उपयुक्त तथ्याङ्क प्रवाहको कमिले प्रभावकारीरुपले कार्यान्वयन हुन सकेको पाइदैन । कृषि मूल्यका सम्बन्धमा विश्लेषण गरी उपयुक्त नीतिका लागि र कृषि व्यवसाय (agro-business) प्रवर्द्धन गर्न आधार तैयार गर्ने संस्थागत व्यवस्था ठोस रुपमा हुन सकेको देखिदैन । फलतः उत्पादन लागतको विश्लेषण गरी उत्पादन लागत कम गराउने उपायहरुको खोजी गर्ने, सीमावर्ती क्षेत्रका कृषकले पाई आएको सुविधा तथा हाम्रा कृषकले पाई आएको सुविधा र वाह्य निकासी सम्भाव्यताका अवसरहरु बारे पटके रुपमा विश्लेषण हुने गरे तापनि निरन्तर जानकारी राखी विश्लेषण गरी प्रतिस्पर्धाका क्षेत्र पहिल्याउनेतर्फ ठोस कार्यहरु हुन

सकेको छैन । कृषि अनुसन्धानको सङ्गठनात्मक पक्षलाई परिमार्जित गर्ने कार्य भै उपलब्ध स्वायत्तता अनुकूल पदपूर्ति गर्ने कार्यहरु भने भैरहेको छ । नेपाल कृषि अनुसन्धान परीषद् ऐनमा सुधारगरी व्यवस्थित गर्ने कार्य भएको छ ।

कृषि उत्पादनमा महिला कृषकहरुको महत्वपूर्ण योगदानलाई दृष्टिगत गरी कृषि विकासमा महिलाको सहभागिता र संलग्नतालाई प्रभावकारी बनाउँदै लान कृषि विकासका कार्यक्रमहरुमा महिला सहभागिताको प्रतिशत कायम गरी कार्यक्रमहरु तर्जुमा गर्ने परिपाटी सुरु गरिएको छ ।

भौतिक प्रगति स्थितितर्फ समष्टिगत रुपमा विश्लेषण गर्दा आठौं योजनामा खाद्यान्न उत्पादन प्रति वर्ष औसत ४ लाख मेट्रिक टनले बढाउँदै लैजाने लक्ष्य थियो । योजना अवधिको औसत उत्पादनको विश्लेषण गर्दा योजनाको लक्ष्य प्राप्त हुनसकेको देखिदैन । बालीगत रुपमा हेर्दा कोदो, जौ र दालबालीमा लक्ष्य भन्दा बढी प्रगति भएको छ नगदेबाली तर्फ चिया र उखुमा लक्ष्य प्राप्ति भएको छ । सुर्तीमा बाहेक अरुमा बढ्दो क्रममा प्रगति भएता पनि लक्ष्य हासिल भएको देखिदैन । कफी, च्याउ जस्ता अन्य स–साना बालीहरु पनि लक्ष्य भन्दा निक्कै पछाडी छन् । बागवानीतर्फ तरकारीमा लक्ष्य प्राप्त भएको छ भने आलु उत्पादन लक्ष्यभन्दा केही पछाडि छ । फलफूलतर्फ तथ्याङ्कको पुनःमुल्याङ्कन हुँदा आधार तथ्याङ्कमा नै कमी आएको सन्दर्भमा हेर्दा वृद्धिदरको दृष्टिवाट त्यति निरुत्साहजनक देखिदैन । पशुजन्य उत्पादनमा मासु र माछा उत्पादनमा लक्ष्य हासिल भएको छ भने दुध, फुल र ऊनमा प्रगति केहि पछि नै परेको देखिन्छ । कृषि उत्पादकत्वस्तर योजनाको निर्धारित लक्ष्यको तुलनामा अन्तिम वर्षमा सबै बालीमा लक्ष्यभन्दा पछाडि नै छ । खाद्यान्नमा प्रमुख योगदान रहेको धानको उत्पादकत्व योजनाको अन्त्यसम्ममा २.८५ मेट्रिक टन प्रति हेक्टर पुऱ्याउने लक्ष्यमा २.४६ मेट्रिक टन प्रति हेक्टर पुगेको छ । तर यी उत्पादन कार्यहरुलाई आधार वर्षको औसत स्थितिसंग तुलना गर्दा जुट, कोदो र सूर्ती वाहेक अन्य प्रमुख खाद्यान्न र नगदेबाली सबैमा सुधार भएको देखिन्छ ।

निकासीतर्फ विश्लेषण गर्दा छाला, अदुवा, दाल, पिना, जुटका सामानहरुमा केही सकारात्मक सङ्केत देखिएको छ भने तोरी, वीउमा मन्द स्थिति देखिन्छ । पशुहरुको आयातमा केही हदसम्म प्रतिस्थापन भएको छ भने दूधको स्थानीय उत्पादनले पनि केही हदसम्म धुलो दूधको आयात प्रतिस्थापनमा टेवा पुऱ्याउन थालेको छ । कुखुरा पालन व्यवसायले व्यवसायिक रुप लिन थालेकोले आयात प्रतिस्थापनमा निकै योगदान गर्न थालेको छन् ।

कृषि उत्पादकत्व बढाउनको लागि प्रविधि विकास र ती प्रविधि अनुरुपका कृषि सामग्रीहरुको आपूर्तिले प्रमुख भूमिका खेलेको हुन्छ । प्रयोगको दृष्टिकोणले नेपालमा प्रमुख कृषि सामग्रीहरुमा रासायनिक मल तथा उन्नत बीउ विरुवा, उन्नत पशु नश्ल आदि पर्दछन । रासायनिक मलको आपूर्ति सन्तोषजनक रुपले हुन सकेको छैन । उन्नत बीउ, बिरुवा, र पशु नश्लहरुको आपूर्ति परिमाणात्मक र गुणात्मक दुवै दृष्टिवाट त्यत्ति प्रभावकारी रहेन । संस्थागत नर्सरीका अतिरिक्त कृषक स्तरबाट फलफूल बिरुवा, तरकारी बेर्ना, बीउ आपूर्ति बढेको भनिएता पनि निजी क्षेत्रवाट कति कसरी आपूर्ति भएको छ त्यसको अनुगमन गरी प्रगति यकिन गर्ने व्यवस्था हुन सकेको छैन ।

कृषि ऋण लक्ष्य अनुरुप पूरा भएको छैन । कृषि विकास बैंकवाट प्रवाह गरिएको कृषि कर्जा आ.व. ०४८/४९ को मूल्यमा आ.व. २०५३/५४ मा रु.५४७.६ करोड पुऱ्याउने लक्ष्य रहेकोमा चालू मूल्यमा पनि त्यस तहमा पुग्न सकेको छैन । कृषि सामग्रीहरुको न्यून आपूर्तिले गर्दा लगानी चाप पनि कम रहेको र व्यवस्थापकीय कमीले गर्दा लक्ष्य अनुरुप प्रगति हुन नसकेको देखिन्छ ।

कृषि अनुसन्धानका कार्यहरुलाई वर्तमान र दीर्घकालीन आवश्यकता र सम्भाव्यतालाई सघाउने गरी प्राथमिकता तय गरेर अघि बढाउन जरुरी छ । यसैगरी यातायात सुविधा पुगेको क्षेत्रमा बजार अवसर र गतिविधि बढ्न गई व्यवसायीकरण र विविधीकरण हुन थालेको स्थितिलाई दृष्टिगत गरेर कृषि सडकको विकास र ग्रामीण विद्युतिकरणमा जोड दिन पनि आवश्यक छ । प्राथमिकताका उत्पादन कार्यक्रमका लागि आवश्यक तालिम र प्रसारका साथै सेवा, टेवा र उत्पादन साधनहरु एकीकृत प्याकेजका आधारमा

परिचालन हुन सकेमा लगानीको प्रतिफल सुनिश्चित हुने हुन्छ । यसतर्फ निजी क्षेत्रको पनि अहं भूमिका रहने हुँदा निजी क्षेत्रको प्रयास कुण्ठित नहुनेतर्फ विशेष ध्यान दिनु जरुरी छ ।

आठौं योजनामा भूमि व्यवस्था सम्वन्धमा "सरकारको शक्ति र हस्तक्षेप सकेसम्म कम प्रयोग गरी जनस्तरबाटै स्वाभाविक बजारमुखी प्रक्रिया र जनताको संलग्नतामा आधारित कार्यक्रम अपनाउन बढी व्यवहारिक" भन्ने कार्य नीति रहेको थियो । यस पृष्ठभूमिमा भूमिमा रहेको दोहोरो नियन्त्रण अन्त्य गर्ने दिशामा कानुनी आधार निर्माण भएको छ र कार्यान्वयन व्यवस्था मिलाउने कार्य भइरहेको छ । चक्लाबन्दी गराउने र खण्डीकरण रोक्ने जस्ता कार्यहरुमा कानुनी पुर्वाधारहरु तयार भै नसकेकोले कार्यक्रम अघि बढेको देखिदैन ।

नेपालमा क्षेत्रफल बढाई कृषि उत्पादन बढाउने क्षमता सीमित छ । यस सन्दर्भमा उत्पादकत्व र कृषि सघनता वृद्धि गर्नु नै कृषि उत्पादन वढाउने प्रमुख माध्यम हो । तर यी दुवै कुरा निक्कै जटिल छन् । सिँचित क्षेत्रफलमा वृद्धि, उपलव्ध सिँचाइको सघन उपयोग र सिँचाइ ं प्रणालीमा कृषकको नियन्त्रण, उपयुक्त प्रविधिको विकास, त्यसको समुचित प्रसार र त्यस अनुरुप चाहिने सामग्रीहरुको आपूर्ति तथा बजार व्यवस्था, एवं मौसममा हुने वार्षिक परिर्वतन अनुसार बाली व्यवस्थापन सम्वन्धी कामहरु प्याकेजका रुपमा समन्वयात्मक ढंगवाट परिचालन नभई उत्पादकत्व वृद्धि र स्थायित्व आउन सक्दैन । एकातिर यस अवधिमा पटक पटक मौसममा उतार चढाव आयोभने प्रविधि प्याकेज, सेवा र टेवा समन्वयात्मक रुपमा परिचालन गर्ने प्रयासको अभावमा आठौ योजनाको उत्पादकत्व वृद्धिमा राखेको लक्ष्य हासिल गर्न कठिनाई परेको देखिन्छ । उत्पादकत्वमा लक्ष्य अनुरुप प्रगति हासिल नभएको हुँदा आठौं योजनाले योजनाको अन्त्यसम्ममा तरकारी वाहेक विभिन्न बाली वस्तुका लागि राखेको लक्ष्य अनुस्पको उत्पादन वृद्धिदर हासिल गर्ने कार्यमा असर परेको छ ।

यसरी उत्पादन लक्ष्य प्रगति, उत्पादन साधनहरुको आपूर्ति प्रगति स्थिति, वित्तिय स्थिति र अन्य सेवा र टेवा कार्यक्रमहरुको स्थितिलाई विश्लेषण गर्दा कृषि विकास कार्यक्रममा उत्पादन साधनहरुको आपूर्ति पर्याप्त हुन सकिरहेको देखिदैन । यसैगरी उत्पादन प्रगति पनि लक्ष्य अनुरुप सन्तोषजनक रुपमा अघि वढ्न सकेको देखिदैन । उत्पादन सेवा र टेवा पुऱ्याउने अन्य कार्यक्रमहरुको अध्ययन गर्दा कार्यक्रमहरु एकीकृत नभई आ–आफ्नै हिसावमा चलेका देखिन्छन् । सघन रुपमा कार्यक्रमहरु एक आपसमा आवद्ध गरी प्राङ्गारिक गर्न सकिएको देखिदैन । यो समस्या यस योजना अवधिको मात्र नभई विगत देखि नै रहिआएको छ । आठौं योजनामा कृषि क्षेत्रलाई प्रष्ट दिशावोध गराई लाने क्रममा एक दीर्घकालीन योजना तयार गर्ने लक्ष्य पनि रहेको थियो । त्यस अनुरुप योजना तयार गर्ने कार्य यस अवधिमा पूरा भई त्यसलाई कार्यान्वयनमा ल्याउन प्रयासको थालनी भएको छ ।

कृषि क्षेत्रको उत्पादन संरचनामा केही स्थानविशेषमा परिवर्तनका सङ्केतहरु देखिन थालेका छन् । खासगरी यातायातको सुविधा र बजारको आश्वस्तता देखिएका ठाउँमा यस्ता परिवर्तनहरु देखा परेका छन् । खाद्यान्न बाली राष्ट्रिय उपभोगको निमित्त पनि आवश्यक भएकोले उत्पादकत्व बढाउने क्रममा उत्पादन जोखिम घटाउनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । आठौं योजनाको अनुभवबाट कृषकको नियन्त्रणमा रहनसक्ने र छिटो सम्पन्न गरी पानी उपलव्ध हुनसक्ने साना सिँचाइ प्रणालीमा प्राथमिकता दिनुपर्ने आवश्यकता प्रष्ट भएको छ । यसको साथै, सिँचाइ सुविधा पुगेका समथर क्षेत्रको सघन उपयोग गरी कृषि उत्पादनमा अल्प अवधिमै तीव्रता ल्याउन पोषक तत्वयुक्त रासायनिक मलखादको सुलभता र सन्तुलित उपयोगमा प्राथमिकता दिनु आवश्यक छ । यसवाट बढ्ने उत्पादनवाट थप हुन जाने आयले पहाडी क्षेत्रमा उच्च मूल्यका कृषि वस्तुको माग वृद्धि हुन गई त्यस क्षेत्रमा ती वस्तुको उत्पादन वृद्धि गर्नु वजारका दृष्टिबाट पनि सम्भाव्य हुनजाने हुन्छ । तसर्थ पहाडी क्षेत्रमा छानिएका बढी मोल जाने कृषि वस्तु उत्पादनका लागि प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नु जरुरी हुन आएको छ । यसैगरी छिमेकी मुलुकसंगको उत्पादन लागत र वस्तुको मूल्यमा प्रतिस्पर्धा गरी स्वदेशी वस्तुको निकासी प्रवर्द्धनमा निरन्तरता दिन छिमेकी मुलुकहरुको कृषि उत्पादन सामग्री उपलब्धता, व्याजदर, अनुदान तथा वस्तुकोउत्पादन लागत अनुगमन गर्न जरुरी भएको छ भने तेश्रो मुलुकहरुतर्फको निकासी सम्भाव्यता र तिनको उत्पादन सम्भाव्यता बारे निरन्तर खोजी गर्ने र विश्लेषणहरु गरी

व्यावसायिकताको विकास र निकासी प्रबर्द्धनमा टेवा पुऱ्याउने संस्थागत व्यवस्थातर्फ उन्मुख हुन पनि आवश्यक हुन आएको छ ।

तालिका १

आठौ योजनामा कृषि क्षेत्रको प्रमुख उत्पादन लक्ष्य र प्रगति स्थिति

क्र. सं	कार्यक्रम	इकाई	२०४८/४९ उत्पादन स्थिति	२०५३/५४ मा पुऱ्याउने लक्ष्य	प्रगति				
					२०४९/५०	२०५०/५१	२०५१/५२	२०५२/५३	२०५३/५४
१.	**खाद्यान्न वाली**	ह.मे.ट.	५४६४	७४५४	५०३३	५८७९	५४१३	६२४६	६३९५
	धान	"	३२२३	४४५२	२७१२	३४९३	२९२८	३५७९	३६९९
	मकै	"	१२०५	१४७६	१२९१	१२१०	१२७३	१३३१	१३१२
	गहुँ	"	७७९	१२५८	७६५	८७३	९१४	१०१३	१०५६
	कोदो	"	२२९	२३६	२३७	२७४	२६८	२८२	२८९
	जौ	"	२८	३२	२८	२९	३०	४१	३९
२.	**दाल वाली**	"	१५५	१८६	१९१	२०५	२०२	२१५	२२४
३.	**नगदे वाली**	"	१४०४	१७३८.५	१४७६	१४९६	१६२१	१७०१	१७६०
	तेलहन	"	८८	१७४	९४	९८	१०२	११६	११९
	उखु	"	१२९१	१५३०	१३६६	१४३१	१५००	१५६९	१६२२
	सुर्ती	"	६	९.५	६	६	७	६	५
	जुट रेशा	"	१९	२५	१०	११	११	१५	१४
४.	**वागवानी**	"							
	फलफूल*	"	३५४	४७८	३६६	३७७	३९८	३६७	४२८
	तरकारी	"	११२८	१२७८	११९७	११९७	१२५७	१३२७	१३५०
	आलु	"	७३३	१०३३	७३३	७८०	८४०	८९८	९६१
५.	**पशु विकास**	"							
	दुध	"	८७२	१०२८	८७७	८८५	९०४	९६२	१०१२
	फूल	लाख गोटा	३६८१	४७९८	३७०९	३७५१	४१२१	३९६४	४२१५
	मासु	मे.ट.	१४८	१७३	१५०	१५४	१५९	१६२	१७४
	ऊन	मे.ट.	६२०	८१४	६२०	६२१	६२५	६१८	६२४
	माछा	"	१६५००	२२३११	१५१९०	१५५२४	१७५७८	२१८७९	२३२००
६.	**विविध**								
	चिया संस्थानको मात्र)	मे.ट.	८६६	९७०	८६०	९८२	१००९	१०९६	९२५
	कपास	"	२९७५	७१००	१५५३	२९०७	२५४२	२६५०	१६०४
	रेसम कोया	"	२५	४००	३२	४७	४९	४९	२८
	च्याउ	"	५६	३००	८०	८०	८०	७९	८१
	अलैंची	"	२७३४	३५४०	२२००	२२४०	२२९०	३०००	३७००
	कफी	"	७५	१५३	८०	८०	४५	२९	३७
	मह				२३	२३	२४	२४	६०
	मसला	"			४५०००	४७०००	४८०००	४९०००	५०००
७.	तरकारी बीउ उत्पादन	"		१८१.६	२२६.०	३१०.४	२६१.०	४६३	४१९
	सरकारीस्तरमा			१७.६	११.०	१०.४	११.०	१३	१९
	निजीस्तरमा			१६४	२१५	३००	२५०	४५०	४००

** आ.व. २०५१/०५२ मा कृषि मन्त्रालयबाट अध्ययन भई तथ्याङ्क परिमार्जन हुदा आधार अङ्क फरक भए अनुरुप पुरानो वृद्धि क्रमकै आधारमा पृष्ठप्रक्षेपण गरिएको छ ।*

तालिका २
केही प्रमुख खाद्यान्न तथा नगदेबालीको उत्पादकत्व

वाली	२०५३/५४ को लक्ष्य	आधार वर्ष २०४८/४९	उत्पादकत्व					बृद्धि प्रतिशत	
			२०४९/५०	२०५०/५१	२०५१/५२	२०५२/५३	२०५३/५४	लक्ष्यको तुलनामा	आधारबर्षको तुलनामा
धान	२.८४६	२.२८	२.०५	२.४०	२.०६	२.३९	२.४६	–१३.५६	७.८९
मकै	१.९३९	१.५९	१.६७	१.६०	१.६५	१.६८	१.६६	–१४.३९	४.४०
गहुँ	२.०४५	१.३६	१.२५	१.४१	१.४४	१.५५	१.५९	–२२.२५	१६.९१
कोदो	१.१४०	१.१५	१.१७	१.०८	१.०७	१.०९	१.११	–२.६३	–३.४८
जौ	१.१४३	०.९३	०.९३	०.९५	०.९६	१.०५	१.०४	–७.९६	११.८३
उखु	३८.२५०	३४.५२	३५.९५	३५.४९	३५.९९	३५.०	३५.१४	–८.१३	–१.७६
सुर्ती	०.९९०	०.९२	०.८३	०.९०	०.९१	०.९०	०.७९	–२०.२०	–१४.१४
जुट	१.४०४	१.२७	१.११	१.२१	१.२१	१.३१	१.२७	–९.५४	०
आलु	१०.७६०	८.५९	८.४३	८.७६	८.६२	८.४०	८.७६	–१६.३५	४.७७
तेलहन	०.९०६	०.५७	०.५७	०.५९	०.६०	०.६३	०.६६	–०.२७	१५.७९
दलहन	०.८२३	०.५९	०.६०	०.६१	०.६५	०.६९	०.७१	–१३.७३	२०.३३

३. दीर्घकालीन अवधारणा

अवधारणा :

कृषि विकासमा धेरै अघिदेखि प्राथमिकता दिँदै आए पनि यस क्षेत्रले आशातीत गति लिन नसकेको पृष्ठभूमिमा आठौं योजना अवधिमा यस क्षेत्रलाई निश्चित दिशाबोध गर्न गराउन एक दीर्घकालीन कृषि योजना तैयार भएको छ ।

नेपालको परिप्रेक्षमा आय तथा रोजगार अभिवृद्धिको प्रमुख आधार र उत्पादनको प्रमुख स्रोत कृषि नै रहेको तर यस्तो स्रोतको उपयोग गरी उत्पादकत्व बढाउने दिशामा पर्याप्त लगानी नभएको र भएका प्रयासहरु त्यति उपलब्धि पूर्ण हुन नसकेको स्थिति छ । विगतमा कम खर्चिलो प्रविधिबाट अधिकांश कृषि भूमि सिञ्चित गर्नसकिने अवसरको उपयोगमा जोड नदिई खर्चिला प्रविधितर्फ उन्मुख भएको देखिन्छ । प्रतिहेक्टर औसत मलखादको खपत छिमेकी मुलुकहरुको तुलनामा पनि निकै कम रहन गयो । भएका कृषि प्रविधिको पर्याप्त उपयोग नहुँदा उत्पादकत्व बढाउन सकिएन भने स्थान विशेषको तुलनात्मक लाभका प्रविधिको कमी रहयो । पोषिला घाँस पातको कमीले पशुहरुको स्वास्थ्य विकास हुन नसकी उत्पादकत्व न्यून रहन गयो । निजी उद्यमीहरुको प्रबर्द्धन र प्रतिस्पर्धात्मक उत्पादन गराउन टेवा पुऱ्याउने कृषि सडक तथा ऊर्जा आपूर्ति व्यवस्थाहरु ज्यादै न्यून रहन गए ।

उचाइका दृष्टिले १०० फिट भन्दा कम भू-भागदेखि लिएर २९ हजार फिट भन्दा बढीको उचाइ भएको देशमा अनगिन्ती कृषि उपजका सम्भाव्यता रहनु स्वभाविकै हो तर प्राथमिकतालाई राम्ररी निरुपण नगरिंदा गन्तव्य पनि प्रष्ट भएन । तराइको अन्न प्रधान उत्पादन सम्भाव्यताको अधिकतम उपयोगबाट आर्थिक वृद्धि हुन गई बढ्न जाने आयले पहाडको बढी मोल जाने कृषिवस्तुको माग बढाएर त्यस्ता वस्तुको उत्पादनको आर्थिक सम्भाव्यता बढाउँदै समष्टिगत आर्थिक वृद्धि र स्थायित्व ल्याउने तर्फ पर्याप्त ध्यान पुगेन । तुलनात्मक रुपमा संस्थागत संयन्त्रहरु तल्लो तहसम्म पुऱ्याइए तापनि तिनको

परिचालनमा पर्याप्त लगानी नहुँदा प्रभावकारिता आएन । दीर्घकालीन कृषि योजनाले यिनै प्रमुख समस्याहरुलाई समाधान गरेर लानु पर्ने आवश्यकता दर्शाएको छ ।

लगानी सक्षमता हासिल गर्दै गुणनात्मक प्रभाव पर्ने क्षेत्रबाट आर्थिकवृद्धि गरी पहाड र तराईको भौगोलिक सम्भाव्यताको समुचित उपयोगबाट आर्थिक एकीकरणका अवसर बढाई गरिवी-निवारण समेत गर्दै जानुपर्ने आजको आवश्यकता रहेको छ । यस पृष्ठभूमिमा साधन र स्रोत यत्रतत्र नछरी आर्थिक वृद्धि तीव्र गराइलान सकिने थोरै क्षेत्र अँगालेर त्यस्ता क्षेत्रमा प्राथमिकता दिई विकास प्रयासहरु केन्द्रित गर्ने र त्यसैको आधारमा निर्वाहमूखी कृषिलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्दै औद्योगिक विकासको आधार मजबुत गर्न सकिने तथा रोजगार प्रवर्द्धन गरी गरिवी-निवारण गर्न सकिने अवधारणा यस योजनाले लिएको छ । यो अवधारणा विकासपथमा अग्रगामी रहेका हाम्रा एसियाली मुलुकहरुको अनुभवमा पनि आधारित छ ।

उत्पादक स्रोत एवं साधनको उत्पादकत्व बढाई आर्थिक वृद्धि गर्ने, आर्थिक वृद्धिबाट रोजगारी र आयमा वृद्धि गराई गरिवी घटाउने र जीवन स्तर उठाउने, तुलनात्मक लाभको उत्पादन प्रणाली विकास गरी व्यवसायिकता तर्फ उन्मुख गराउँदै थप पूर्वाधारहरुको विकास गराएर समष्टिगत आर्थिक परिवर्तनका अवसर बढाउने र आवधिक योजनाहरुलाई मार्ग दर्शन गर्ने उद्देश्यबाट दीर्घकालीन कृषि योजना अघि बढेको छ ।

लक्ष्य :

कृषि क्षेत्रको आर्थिक वृद्धि हालको करीव ३ प्रतिशतबाट बढाई प्रतिवर्ष ५ प्रतिशतका दरले हासिल गर्ने, प्रति व्यक्ति कृषि आय वृद्धि हालको करीव ०.५ प्रतिशतबाट ३ प्रतिशत पुऱ्याउने, प्रतिव्यक्ति खाद्यान्न उपलब्धता हालको २७० के.जी.बाट ४२६ के.जी. पुऱ्याई खाद्य सुरक्षामा सुनिश्चितता प्रदान गर्ने, क्षेत्रीय असन्तुलन कम गराउन योगदान गर्ने र कृषि विकासको माध्यमबाट बढ्दो गरिबीको क्रमलाई रोकी १४ प्रतिशतमा झार्ने जस्ता मूलभूत लक्ष्यहरु दीर्घकालीन योजनाले लिएको छ।

रणनीति :

उन्नत प्रविधिमा आधारित हरितक्रान्तिलाई द्रुततर आर्थिक विकासको आधार बनाउने, हाल सम्म विकास गरिएको स्रोत साधन तथा पूर्वाधारहरुको उपयोग र सुदृढीकरण गरी केहि थोरै प्राथमिकता अँगालेर त्यसैमा लगानी केन्द्रित गर्ने, भौगोलिक विविधता अनुकूल तुलनात्मक लाभको कृषि प्रविधि उपयोग प्रवर्द्धन गर्न सरकारी तथा निजी लगानीकर्ताहरुको प्रयासलाई समन्वयात्मक रुपमा उपयोग गर्ने, व्यापक जनसहभागिता, क्षेत्रीय सन्तुलन र महिला संलग्नतालाई सुनिश्चितता दिई कृषि विकासमा स्थायित्व कायम गर्ने र मूलतः योजनाको कार्यान्वयनका लागि निम्न अनुसारको प्राथमिकता र कार्यान्वयन पद्धति अँगाल्ने जस्ता रणनीतिहरु यस योजनाले लिएको छ ।

प्राथमिकता :

उत्पादन साधनतर्फ : रासायनिक मल सर्वसुलभ गराउने, साना सतह सिँचाइ र ट्युबवेल सिँचाइ सम्भाव्यताको छिटो उपयोग गरी कृषकहरुको नियन्त्रणमा रहन सक्ने सिँचाइ प्रणालीको विकास गराउने, स्थान विशेषको तुलनात्मक लाभ बढी प्राप्त हुने र उत्पादन खर्च कम गराउने कृषि प्रविधिहरुको विकास र उपयोग गराउने, प्राथमिकताका उत्पादन पकेटहरुमा कृषि सडक तथा ग्रामीण विद्युतीकरणको जालो विस्तार गर्ने र कृषि ऋणको आपूर्ति सुलभ गराउने कार्यहरुमा प्राथमिकता दिएको छ ।

उत्पादन क्षेत्र र सेवातर्फ : दुध तथा मासु उत्पादनकालागि दुध दिने पशुपालन, पोसिलो पशु आहार विकास तथा पशु स्वास्थ्य र कुखुरा तथा वाखा पालन कार्यहरुलाई पशु विकास क्षेत्रमा प्राथमिकता दिएको छ भने सुन्तला जात फलफूल, स्याउ, रेसम, मह, ताजा तरकारी, बेमौसमी तरकारी तथा तरकारी बीउ उत्पादन सम्बन्धी कार्यहरुलाई बढी मोल जाने कृषि वस्तु उत्पादन क्षेत्रमा प्राथमिकता दिएको छ । यसैगरी कृषि उद्योग व्यवसाय र बजार तथा बजार सम्बद्ध विविध विकास कार्यक्रम र कृषि उद्योग व्यवसाय विकासका लागि आवश्यक समष्टिगत नीति सुधारका कार्यहरु कृषिजन्य व्यवसाय विकास अन्तर्गत प्राथमिकता दिएको छ । सामुदायिक वन तथा भूसंरक्षण र संवद्ध क्षमता विकासका कार्यहरुलाई वन विकासतर्फ प्राथमिकता दिएको छ । साथै स्थान विशेषमा उद्योग वा बजारका कारण व्यवसायिक रुप लिन थालेका कृषि वस्तुहरुको उत्पादनमा निरन्तरता दिन टेवा दिने कार्यहरुतर्फ पनि जोड दिएको छ ।

कार्यान्वयनतर्फ : भैरहेका कार्यक्रमहरु र सम्वद्ध साधनहरुलाई प्राथमिकतातर्फ उन्मुख गराउने र नपुग थप लगानी गरी लगानीमा वृद्धि गर्ने कार्यहरु र संस्थागत सुदृढिकरणतर्फ सहभागी संस्थाहरु खासगरी राष्ट्रिय स्तरमा योजना अनुगमन गर्ने राष्ट्रिय सहयोग समिति, स्थानीय तहमा योजना तर्जूमा, कार्यान्वयन अनुगमन गर्न जिल्ला कृषि विकास समिति, कृषि सडक विकास निकाय र कृषि विकास विभाग, पशु सेवा विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विकास बैंकको शाखाजस्ता निकायहरुको स्थापना, क्षमता विकास र सुदृढीकरण गर्ने कार्यहरुमा प्राथमिकता रहेको छ ।

कार्यान्वयन पद्धति :

भौगोलिक सम्भाव्यता अनुरुपको क्षेत्रमा प्राथमिकताका कृषिवस्तुहरुको व्यवसायिक पकेट विकास हुनसक्ने गरी पकेट क्षेत्रहरु पहिचान गर्ने, त्यस्ता पकेटक्षेत्रहरु छनौट गर्दा सिँचाइ, कृषि सडक, विद्युत र बजार केन्द्र जस्तो पूर्वाधार भएको क्षेत्रमा पहिलो प्राथमिकता दिई त्यस्तो क्षेत्रमा उत्पादन साधन, प्राविधिक सेवा र स्रोतहरु आवद्धित प्याकेजकै रुपमा पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गर्ने, पूर्वाधार नभएको क्षेत्रमा पूर्वाधार विकास गराउँदै लगि पूर्वाधार विकास हुँदै गएका ठाउँमा कृषि उत्पादन कार्यक्रमहरु आवद्धित प्याकेजका रुपमा क्रमशः लैजाने र त्यस्ता पकेट क्षेत्रमा पुऱ्याइने प्राथमिकताका प्याकेज कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्र विशेषको समयवद्ध आयोजना/कार्यक्रम तयार गरी कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य व्यवस्था हुनपर्ने छ ।

४. नवौ योजनाको उद्देश्य

दीर्घकालीन कृषि योजनाले निर्धारण गरेको उत्पादन, खाद्यसुरक्षा, रोजगारी र आय वृद्धिका लक्ष्यहरु हासिल गर्दै लान नवौं योजनामा कृषि क्षेत्रको उद्देश्य निम्न अनुसार तोकिएको छ ।

- उत्पादक स्रोत सामाग्रीहरुको उत्पादनशीलता बढाई कृषि क्षेत्रको आर्थिक वृद्धिलाई तीव्र गरी रोजगारीका अवसरहरु वढाएर गरिवी घटाउन योगदान गर्ने ।
- कृषिजन्य वाहय उत्पादन साधनहरुको उपयोग र प्राकृतिक श्रोतको उपयोग बीच तादात्म्य राखी वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिने ।
- कृषिमा विविधीकरण र व्यवसायीकरण गराउँदै कृषिजन्य उद्योग र औद्योगिकरणका आधारहरु बलियो बनाउँदै लैजाने।
- कृषि विकासमा महिलाको संलग्नता र सहभागिता वृद्धि गरी उत्पादन कार्यक्रममा उनीहरुको नेतृत्व विकास गराउदै लैजाने ।

- खाद्यान्न एवं पौष्टिक खाद्य वस्तुहरुको उत्पादन बढाएर खाद्य सुरक्षा सम्वर्द्धन गर्दै जनताको पोषण स्थितिमा सुधार ल्याउने ।

५. रणनीति

कृषि क्षेत्रमा दीर्घकालीन योजनाले पहिल्याएको उन्नत प्रविधिमा आधारित हरितक्रान्ति, उपलब्ध पूर्वाधारहरुको व्यापक उपयोग, तुलनात्मक लाभ, व्यापक जनसहभागिता तथा महिला संलग्नता र निश्चित प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन जस्ता माथि उल्लेखित दीर्घकालीन अवधारणा अन्तर्गतका रणनीतिहरुनै यस योजनाका रणनीति हुनेछन् ।

६. नीति तथा कार्यनीति

कृषि दीर्घकालीन योजनाले बढ्दो उत्पादन र आयबाट खाद्यसुरक्षा दिलाउने, महिलाको सहभागितालाई प्राथमिकता दिइ लाने र स्थान विशेषमा स्याउ, सुन्तला जस्ता फलफूलका बागबगैंचा तथा रेसम, मह, ताजा तरकारी, तरकारी बीउ, दुधदिने पशु, वाखा, कुखुरा जस्ता बढी मोल जाने कृषिवस्तुहरुमा जोडदिई कृषकको आय तथा रोजगारीमा बृद्धि गर्दै सीमान्त भूमिमा खनीखोस्री गर्ने प्रवृत्ति स्वत: निरुत्साहित हुने अवस्था ल्याउन जोड दिएको छ । यसैगरी घाँस तथा घाँसेबाली विकास जस्ता कार्यक्रमबाट भूसंरक्षणमा अनुकूल टेवा पुऱ्याउने अठोट लिएकोछ। यसले कृषि, वन र वातावरणबीचको कमजोर सम्बन्धलाई सुधार गरी राष्ट्रले खोजेको दीर्घकालीन स्थायित्व दिनसक्ने दिशावोध गरिसकेकोछ। तसर्थ नवौं योजनामा अपनाइने समष्टिगत नीति तथा कार्यनीतिहरु निम्नानुसार हुनेछन् ।

- नवौं योजनामा कृषिक्षेत्रलाई अगुवा क्षेत्र (lead sector) को रुपमा लिई गरिबी घटाउने र सर्वसाधारण जनताको आय तथा रोजगारका अवसर बढाउने कार्यमा मुख्य योगदान दिने आर्थिक क्षेत्रको रुपमा अघि बढाइनेछ ।

- कृषि क्षेत्रको अगुवाईमा समष्टिगत आर्थिक विकासको दरलाई तीव्र गराई लाने सन्दर्भमा हाल सञ्चालित भैरहेका कार्यक्रम, थप कार्यक्रम बजेट र जनशक्ति व्यवस्थापन पक्षलाई दीर्घकालीन कृषि योजनाका प्राथमिकतातर्फ अभिमुख गराउने गरी समायोजन (restructuring) गरिनेछ । सिँचाइ, सडक, विद्युत, उद्योग वाणिज्य लगायतका सवै सम्बद्ध क्षेत्रलाई पनि मूल रुपमा कृषि क्षेत्रको उत्पादकत्व बढाउन सघाउने गरी परिचालन गरिनेछन्।

- कृषि एवं समग्र सामाजिक आर्थिक विकासका लागि भूमिसुधार कार्यक्रम कार्यान्वयन गरिनेछ । कार्यान्वयन गर्दा जमिनको द्वैधस्वामित्व, सुकुम्वासी एवं कमैयाहरुको व्यवस्था, सिँचाइ सुविधाको विस्तार, कृषि सडक, कृषि सहकारी, कृषि उद्योग जस्ता पक्षहरुमा एकसाथ ध्यान दिइनेछ ।

- साधारणको पोषण स्थितिमा सुधार गर्न र खाद्य सुरक्षाको स्थिति कायम राख्न खाद्यान्नको उत्पादन बृद्धिमा जोड दिइनेछ ।

- शहरी क्षेत्रको आयलाई ग्रामीण क्षेत्रमा पुऱ्याउन टेवा पुऱ्याउने महत्वपूर्ण कारकमध्ये पशुपक्षीं पालन व्यवसाय एक प्रमुख कारक भएकाले यसको विकासमा विशेष जोड दिइनेछ । यस अतिरिक्त बढी मोल जाने र पोसिला तरकारी तथा फलफूल खेती प्रबर्द्धन र सम्भाव्यता अनुरुपका अन्य बालीहरुमा जोड दिई बाली विविधिकरणका आधारमा बाली सघनता बृद्धिबाट रोजगारका अवसर र आय बढाएर उपलब्ध खाद्यान्नमा पहुँच पुऱ्याउने व्यवस्था गरी सर्वसाधारणलाई खाद्य तथा पोषण सुरक्षा प्रदान गर्दै लगिनेछ ।

- नगदेवालीहरुको विकासलाई कृषिजन्य उद्योगसंग आवद्ध गराउदै लगी उद्योग र उत्पादनबीच तादात्म्यता राख्न उपयुक्त नीति एवं सेवा र टेवाका कार्यक्रमहरु परिचालन गरिनेछन् । सरकारी

क्षेत्रमा सञ्चालित चिया विकास निगम जस्ता उद्योग व्यवसायहरुलाई उपयुक्तता हेरी निजी क्षेत्रमा लगिनेछ ।

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिमा तीव्रता ल्याई आर्थिक बृद्धिमा गति दिन रासायनिक मल, उन्नत बीउ बिजन, उन्नत नश्ल, कृषि ऋण आदिको सामयिकरुपमा पर्याप्त आपूर्ति नहुनुनै प्रमुख समस्या रही आएको वर्तमान अवस्थालाई निराकरण गर्न बजार प्रक्रियालाईनै प्रभावकारी गराउने गरी यस्ता उत्पादन सामग्रीको आपूर्तिमा निजीक्षेत्र, सरकारी तथा गैर सरकारी क्षेत्रलाई पर्याप्त अवसर दिइनेछ ।

- उत्पादन साधनहरुको स्थानीय कृषक वा उद्यमीहरु मार्फत् उत्पादन गराई आपूर्ति गराउन स्रोत केन्द्रहरुको विकासमा जोड दिइनेछ । यिनै स्रोत केन्द्रहरुलाई सेवा केन्द्रबाट हुने प्रविधि प्रसार र तालिमको प्रारम्भिक थलोकोरुपमा विकास गर्न आवश्यक सेवा र टेवा कार्यक्रमहरु पहिचान गरी परिचालन गरिनेछन् ।

- कृषि प्रचार प्रसार सेवाहरु उत्पादनसंग मात्र केन्द्रित नगरी तुलनात्मक लाभका उत्पादन, कृषि व्यवसाय प्रवर्द्धन (agro-business promotion) र बजार अन्तरक्रिया (market interaction) सँग सम्बन्धित पक्षहरुतर्फ विशेषरुपमा अघि बढाइनेछ । यसै गरी समष्टिगत आर्थिक नीतिहरुमा यस्ता पक्षहरुलाई अनुकूल बनाउनेतर्फ जोड दिइनेछ ।

- कृषि प्रसारमा संलग्न सेवा केन्द्रस्तरका आधारभूत कृषि प्राविधिकहरुको प्रविधि प्रसारमा गहन जिम्मेवारी हुने गर्दछ । यिनको परिचालनबिना कृषि विकासका स्थलगत नीतिहरु प्रभावकारी नहुने हुँदा यीनलाई सक्रिय बनाउने उपयुक्त व्यवस्थाहरु गरिनेछन् । यसैगरी कृषि फार्म केन्द्रहरुलाई उपलब्ध श्रोतको बढीसे बढी उपयोग गरी उत्पादनमूलक बनाउने व्यवस्थाहरु गरिनेछन् भने सम्भाव्य कृषि फार्महरुलाई निजी क्षेत्रमा लगिने छ ।

- कृषि अनुसन्धानलाई दीर्घकालीन कृषि योजनाको प्राथमिकता अनुरुप कृषकको स्थानविशेषको आवश्यकता सुहाउँदो प्रविधि विकासमा अग्रसर गराइनेछ । यस क्रममा प्राथमिकता अनुरुपका कृषिवस्तुमा प्रविधि विकास गर्ने, सिँचाइ र मलखादको आर्थिक उपयोगबाट उत्पादनखर्च कम गर्ने तथा कुल उत्पादन बढाउने र माटोको उर्वरातत्व प्रवर्द्धनका लागि प्राङ्गारिक मलको प्रयोगका विविध उपायहरु समेतलाई अभिप्रेरित गरिनेछ । कृषि अनुसन्धान र प्रविधि हस्तान्तरण गर्नेतर्फ उच्चस्तरीय जनशक्ति तैयार गर्न आन्तरिक तथा वाह्य विश्वविद्यालयसंग सम्बन्धन गरी कार्यरत लगनशील प्राविधिकहरुलाई स्नातकोत्तर तथा विद्यावारिधी उपाधी प्राप्त गर्ने अवसरहरुको व्यवस्था गरिने छ ।

- कृषक तथा उद्यमीहरुको तहमा प्रयोग हुने कृषिको उन्नत प्रविधिको गुणस्तर सुधारका लागि कृषिसंग सम्बद्ध सबै तालिम पाठ्यक्रम र तालिम कार्यक्रमहरुको गुणस्तर सुधार गरिनेछ ।

- कृषि उद्योग/व्यवसाय र बजार प्रबर्द्धनका लागि उद्यमीहरुसँग उनीहरुको समस्यामा अन्तरक्रियाहरु गर्ने र उपयुक्त पहलहरु गरी टेवा पुऱ्याउने नियमित व्यवस्था गरिनेछ । वर्तमान कृषि तथ्याङ्क, बजार विकास र आर्थिक विश्लेषण कार्यक्रमलाई सक्रिय बनाई आन्तरिक तथा वाह्य बजार अवसरहरुको विश्लेषण गर्ने क्षमताको विकास गराउन यसको संरचनामा सुधार गरी सुदृढ गरिनेछ । यस सन्दर्भमा अन्तरक्रिया गरी उद्यमीहरुलाई सघाउने, आन्तरिक बजार प्रबर्द्धन गराउने र वाह्य निकासी सम्भाव्यता सम्बन्धी निरन्तर अनुगमन कार्य गर्न कृषि मन्त्रालय अन्तर्गत एक छुट्टै निकायको स्थापना पनि गरिनेछ ।

- रासायनिक मललाई सुलभरुपमा उपलब्ध गराउन र सरकारमाथि रहेको मलखाद अनुदानको भारको कारणले आपूर्ति बृद्धि हुन नसक्ने हालको अवस्था हटाई आपूर्ति यथेष्ट हुने अवस्था सिर्जना गर्न

योजनाको पूर्वाद्ध भित्र मलखादमा रहेको अनुदान व्यवस्था पूर्णरुपमा हटाइने छ र निजीक्षेत्रको सहभागिताको अवसरलाई खुला गरिने छ ।

- स्थान विशेषको आवश्यकता अनुरुप बालीलाई चाहिने उपयुक्त पोषकतत्व मिश्रण गरी मलदाना तयार गर्न सम्भाव्यता हेरी एक रासायनिक मल मिश्रण कारखाना निजी क्षेत्रमा खोल्न प्रोत्साहित गरिनेछ ।

- मुख्य राजमार्ग तथा सहायक मार्गहरुसंग आवद्ध भएको कृषि सडक र ग्रामीण विद्युतीकरण बिना ग्रामीण क्षेत्रमा कृषि उद्योगमा लगानी गर्न निजीक्षेत्र अघिसर्ने वातावरण नबन्ने, त्यस्तो वातावरण विना कृषि जन्य उद्योग एवं व्यवसाय फस्टाउन नसक्ने र निजीक्षेत्र अघि नबढी रोजगार क्षेत्र विस्तार नहुने हुँदा यसतर्फ प्राथमिकताका कृषिवस्तुहरुको पकेट विकास हुने आधारमा क्षेत्रहरु पहिल्याई त्यस्ता क्षेत्रमा एकीकृत तथा आवद्ध प्याकेजका रुपमा कार्यक्रमहरु क्रमशः कार्यान्वयन गर्दै लगिनेछन् ।

- पहाडीक्षेत्रमा बजार विकासमा टेवा पुऱ्याउन सहयोगीको रुपमा स-साना गुरुत्वका रोपवे, तुइन, झोलुङ्गेपुलको विकास गराउने र अधिराज्यका सम्भाव्य स्थलहरुमा स्थानीय अग्रसरिता र संलग्नतामा सङ्कलन केन्द्र, बजार स्टल निर्माण, थोकबजार व्यवस्था जस्ता कार्यक्रममा जोड दिइनेछ ।

- कृषिआर्थिक बृद्धि र ग्रामीण विकासमा कृषि सडकको अपरिहार्यतालाई दृष्टिगत गरी यस्तो कार्यलाई प्राविधिक मार्गदर्शन गर्न छुट्टै संस्थागत व्यवस्था गराइनेछ । यातायात सम्पर्कको बृद्धिबाट ग्रामीण शहरी केन्द्रहरुको विकास हुँदै जाने हुँदा शिक्षा, स्वास्थ्य लगायतका सम्पूर्ण सेवा तथा उद्योग र व्यवसाय क्षेत्रमा संलग्न सवैलाई ग्रामीणक्षेत्र आकर्षक थलो बनाई शहरी क्षेत्रको चाप घटाउने र सन्तुलित विकास गराउने दृष्टिकोण राखिनेछ ।

- कृषिजन्य उद्योग व्यवसायहरुलाई कृषि उत्पादनको खपत गर्ने बजारको प्रमुख श्रोतको रुपमा विकसित गराउन जोड दिइने छ ।

- सिँचाइ विकासका कार्यक्रमहरुबाट दीर्घकालीन कृषि योजनाको प्राथमिकता अनुरुप तराईमा वाह्रैमहिना सिँचाइ सुविधा उपलब्धताका लागि यस क्षेत्रमा ट्यूबवेल सम्भाव्यताको उपयोग गराउन सम्बन्धित निकायलाई प्राथमिकता साथ अघि बढ्न लगाइनेछ । पहाडी क्षेत्रमा साना सम्भाव्य सतह, स्प्रिङ्कलर, पोखरी आदि सिँचाइ स्रोत प्रवर्द्धन गराउन र भैरहेका नहर प्रणालीको सामयिक सम्भार व्यवस्था गराउन लगाई कृषि कार्यक्रमहरुमा पानीको स्थायी आपूर्ति र बृद्धि गराइनेछ ।

- कृषिऋण लगानी कार्यक्रमहरु कृषिको विकासका लागि अपरिहार्य भएकाले ट्युबवेल लगायतका अन्य सिँचाइ क्षेत्रमा र उत्पादन तथा बजार व्यवसायहरुमा ऋण लगानी कार्यक्रमहरु आवद्ध गराई समन्वयात्मकरुपमा ऋण प्रवाह गराउने व्यवस्था मिलाइनेछ ।

- कृषिऋण सुलभ गराउन विद्यमान संस्थागत व्यवस्थालाई सुदृढ एवं विस्तार गरिनेछ । पशुबीमा सेवालाई सुदृढ गर्दै उपयुक्तता हेरी बालीबीमा सेवाको पनि थालनी गरिनेछ ।

- कृषि तथा अन्य क्षेत्रहरुबाट कार्यक्रम परिचालनका लागि गठित समूहहरु भएका स्थानमा त्यस्ता समूहलाई र नभएका स्थानमा इच्छुक समूह तैयार गरी आय तथा रोजगार बढाउन सकिने उत्पादन साधनको आपूर्ति, उत्पादित बस्तुको खरीद बिक्री, सङ्कलन, प्रशोधन जस्ता व्यवसाय प्रबर्द्धन सम्बन्धी तालिम तथा शिक्षा प्रबर्द्धन कार्यक्रमबाट यस्ता समूहलाई पूर्व-सहकारी शिक्षा समेत दिई आर्थिक क्रियाकलापमुखी बनाएर आर्थिक दृष्टिले सक्रिय उमेरको जनसमुदायलाई यथार्थमा सक्रिय पार्नेतर्फ सहकारी कार्यक्रम परिचालन गरिनेछ ।

- सहकारिताको सिद्धान्त अनुरुप सहकारी संस्थाहरु सङ्गठनात्मक रुपमा सक्षम हुनुपर्ने सन्दर्भमा श्री ५ को सरकारलाई नीतिगत टेवा दिन सहकारी विभाग र राष्ट्रिय सहकारी विकास बोर्ड जस्ता निकायहरुको भूमिका एवं कार्यक्षेत्र वारे औचित्यका आधारमा उपयुक्त कदम चालिनेछ । सहकारी क्षेत्रमा क्रमशः पुँजीकोषहरु सङ्कलन तथा लगानी समेत हुन थालेको र यस्तो कोष परिचालन गरी सहकारी संस्थाहरुको कारोवार सञ्चालन गर्ने आफ्नै वित्तीय प्रणालीको विकास गराई लगानी प्रभावकारी गराउन प्रोत्साहित गरिनेछ ।

- पोसिला खाद्य बस्तुहरुको उत्पादन तथा उपयोग प्रविधिमा जोड दिइनेछ । खाद्य बस्तुहरुमा बढ्दो मिसावट र अखाद्य बस्तुसँगको सम्पर्कबाट सार्वजनिक स्वास्थ्य, आर्थिक हित, पोषण आदिमा परेको नकारात्मक असरलाई अनुगमन गर्ने र प्रयोगशाला सुविधाहरु प्रदान गरी खाद्य ऐन अनुरुपको सेवा र टेवा पुऱ्याउनका लागि सक्षम गराई लान खाद्य प्रविधि, पोषण तथा प्रशोधन कार्यक्रमलाई प्रभावकारी गराइनेछ ।

- कृषिका कार्यक्रमहरु स्थलगतरुपमा कार्यान्वयन गर्न आवश्यक उत्पादन तथा सम्बन्धित प्राविधिक सेवा, टेवा, ऋण, रासायनिक मल, बीउ आदि कार्यक्रमहरु सञ्चालन गर्दा सिँचाइ, सडक, विद्युत र बजार केन्द्रहरुको सुविधालाई समेटेर त्यस्ता पूर्वाधारको पूर्ण उपयोग गराउन पहिलो प्राथमिकता दिइनेछ । त्यस्ता आवश्यक पूर्वाधारहरु नभएका क्षेत्रमा पूर्वाधार विकास गराई लान सम्बन्धित क्षेत्रबाट पनि प्राथमिकता दिन लगाइनेछ । त्यस्ता क्षेत्रहरुमा सम्बन्धित सबैको कटिवद्धतासाथ दीर्घकालीन कृषि योजनाले पहिल्याएको प्राथमिकताका वस्तुहरुको पकेट विकास हुनेगरी छनौट गरिनेछ र त्यस्ता पकेटमा आवद्धित रुपमा प्याकेज कार्यक्रम परिचालन गर्न प्राथमिकता दिइनेछ । यस्तो कार्यक्रमलाई पकेटक्षेत्र विशेषको स-साना आयोजनाको अवधारणामा समयबद्ध गराई कार्यान्वयन गरिनेछ ।

- दीर्घकालीन कृषि योजनाले पहिल्याएका प्राथमिकता र कार्यान्वयन पद्धति अनुरुप कार्यक्रमहरु तर्जूमा र कार्यान्वयन प्रभावकारी रुपमा भए नभएको अनुगमन गरिनेछ । यस क्रममा संलग्न निकायहरुलाई सुदृढ र सक्षम पारिने छ ।

७. प्रमुख भौतिक लक्ष्यहरु

नवौं योजनामा सञ्चालन गरिने क्षेत्रगत कार्यक्रमहरुको आधारमा समष्टिगत रुपमा प्रमुख भौतिक लक्ष्य निम्न तालिका अनुसार हुनेछन् । यस वमोजिमका आर्थिक वृद्धि हासिल भए पछि कृषि क्षेत्रवाट बढदो गरिवीको क्रमलाई रोक्नुको अतिरिक्त यस योजना अवधिमा ५ प्रतिशतले गरिबी घटाउन समेत सकिने अनुमान छ ।

तालिका ३

प्रमुख कृषि उत्पादन

(आधार वर्ष ०५३/५४ = १००)

विवरण	भार	आ.व. २०५३/५४ को उत्पादन (००० मे. टन)	आ.व. २०५८/५९ को उत्पादन लक्ष्य (००० मे. टन)	प्रतिशत			
				कूल	वार्षिक औषत	भारित वृद्धि	वार्षिक वृद्धि
खद्यान्न	**४१.१३**					**५२.९४**	**५.१८**
धान	२३.१०	३६९९	५०००	१३५.१७	६.२१	३१.४२	
मकै	९.९८	१३१३	१६००	१२१.९५	४.०४	१२.१७	
गहुँ	५.१०	१०५६	१३००	१२३.११	४.२५	६.२८	
कोदो	२.६६	२८९	३००	१०३.८१	०.८	२.७६	
जौ	०.२९	३९	४२	१०७.६९	१.५	०.३१	
नगदेवाली	**६.६२**					**९.०७**	**६.५०**
उखु	०.४६	१६२२	२१००	१२९.४७	५.३०	०.६०	
तेलहन	२.०२	११९	१५५	१३०.२५	५.४३	२.६३	
सूर्ती	०.४०	५	६.५	१३०.००	५.३९	०.५२	
जुट	०.६२	१४	१८	१२८.५७	५.१५	०.८०	
आलु	३.१२	९६१	१३००	१३५.२७	६.२२	४.२२	
दलहन	**२.१७**	**२२४**	**३००**	**१३३.९३**	**६.०२**	**२.९१**	**६.०४**
वागवानी	**१३.८४**					**१६.४७**	**३.५४**
फलफूल	७.०४	४२८	५००	११६.८२	३.१६	८.२२	
तरकारी	४.८२	१३५०	१७१६	१२७.११	४.९१	६.१३	
अन्य*	१.९८	९६	१०३	१०७.२९	१.४२	२.१२	
बाली जम्मा	**६३.७६**					**८१.३९**	**५.००**
पशुपंक्षी जन्य जम्मा	**३५.७८**					**४७.५६**	
दुध	२२.४२	१०१२	१३२६	१३१.०३	५.५६	२९.३८	
मासु	११.५६	१७४	२३५	१३५.२१	६.२२	१५.६३	
फुल (करोडमा)	१.८०	४२	५९.५	१४१.६७	७.२१	२.५५	
माछा	**०.४६**	**२३**	**३५**	**१५२.१८**	**८.७६**	**०.७०**	**८.७६**
कूल जम्मा	**१००.०० **					**१२९.६३**	**५.३३**

* अन्य :

विवरण	एकाइ	आ.व. २०५३।५४	आ.व. २०५८।५९
कफी	मे.टन	३७	११०
कपास	मे.टन	१६०४	४७२०
चिया	मे.टन	२९०५	४१०२
च्याउ	मे.टन	८१	८५
अलैंची	मे.टन	४४५६	४७००
रेसम	मे.टन	२५	४४
मसला	मे.टन	८७२०८	८९८००

दृष्टव्य: प्रस्तुत कुल वार्षिक वृद्धिदर वन क्षेत्र तथा पूँजी निर्माण वाहेक भएकोले आर्थिक क्षेत्रमा उल्लेखित वृद्धिदर सँग मिल्दैन ।

८. कार्यक्रम

८.१ प्राथमिकता कार्यक्रम :

देशमा उपलब्ध स्रोत र साधनको प्रभावकारी उपयोग गरेर कृषि विकासको गतिलाई तीव्र पार्दै स्थायित्व कायम गराई गरिवी-निवारणमा योगदान पुऱ्याउने दृष्टिकोणले दीर्घकालीन कृषि योजनाले कृषि क्षेत्रमा केही निश्चित प्राथमिकताहरु तोकेको छ । नवौं योजनामा कृषि विकास कार्यक्रमहरु यिनै प्राथमिकताका आधारमा अघि बढाइने छ । प्राथमिकता प्रदत्त कार्यक्रमहरुको कार्यान्वयन दीर्घकालीन योजनाको अवधारणा अनुरुप प्राथमिकताका पकेट क्षेत्र निर्धारण गरी त्यस्ता पकेटमा पुऱ्याइने सम्पूर्ण सेवा र साधनहरु प्याकेजका आधारमा प्रमुख प्राथमिकता कार्यक्रमका रुपमा सञ्चालन गरिनेछन् । यसरी सञ्चालन गरिने प्रमुख कार्यक्रमहरु निम्न अनुसार रहेका छन् ।

प्राथमिकता प्रदत्त उत्पादन र सेवा कार्यक्रमहरु :

बालीको सघनता र उत्पादकत्व वृद्धि कार्यक्रम

सडक यातायात सुविधाले समेटेका सिँचाइ आयोजनाहरुका प्रभावक्षेत्रहरुमा प्रति हेक्टर जमिनको उत्पादकत्व वृद्धि गराई उत्पादन वढाउन प्राथमिकता प्याकेजका आधारमा सञ्चालन गरिने सघन उत्पादन कार्यक्रम अन्तर्गतका निम्न कार्यक्रमहरु :

- बजारमूलक व्यवसायिक उत्पादन कार्यक्रम र त्यसका लागि आवश्यक पर्ने उन्नत बीउ बिजन, रासायनिक मल, पानी वितरण, बाली संरक्षण, ऋण सुविधा आवद्धित रुपमा पुऱ्याउने कार्यक्रमहरु
- माटोको उर्वरातत्व कायम राख्न मलखादको प्रयोग र बाली सघनता वृद्धिको साथ साथै माटो परिक्षण सेवालाई व्यापक गर्ने कार्यक्रमहरु
- कार्यक्रम क्षेत्रमा सञ्चालन गरीने वाहय अनुसन्धाान कार्यक्रमहरु
- बचत उत्पादनलाई बजार व्यवस्था मिलाउन कृषक समूहलाई आवश्यक बजार सूचना एवं व्यवस्थापन सेवा पुऱ्याउने कार्यक्रमहरु
- उत्पादक समूह स्थानीय व्यापारी एवं उद्योगहरु र निकासीकर्ताबीच अन्तर्राक्रिया गराउन सहयोग पुऱ्याउने कार्यक्रमहरु
- नहरहरुको मर्मत सम्भार कार्यक्रमहरु

बढी मोलजाने कृषि वस्तु उत्पादन तथा विकास कार्यक्रम

सडक यातायात सुविधाले समेटेका र स-साना सिँचाइ क्षेत्रहरुमा प्राथमिकता दिई व्यवसायिक तवरले तरकारी, फलफूल, रेसम जस्ता वालीहरुको उत्पादन प्रवर्द्धन गर्ने निम्न कार्यक्रमहरु :

- दीर्घकालीन कृषि योजना अनुरुप प्राथमिकताका पकेट क्षेत्रको विकासका लागि पकेट पहिचान, सेवाटेवाका प्याकेजका आधारमा पकेट क्षेत्र विशेषको आयोजना तैयारी, कार्यान्वयन र तिनको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यक्रमहरु
- रेसम खेतीको दस वर्षे योजना अनुरुप तोकिएका जिल्लाहरुमा सञ्चालन गरिने रेसम खेती विकास कार्यक्रमहरु

- फलफूल, बगैँचा र बीजवृद्धि कार्यक्रमहरु भएका क्षेत्रसँग आवद्ध गरी सञ्चालन गरीने मौरीपालन कार्यक्रमहरु

- मध्यपहाडी भेगका सम्भाव्य जिल्लाहरुमा सञ्चालन गरीने सुन्तलाजात फलफूल को व्यवसायीक बगैँचा विकास कार्यक्रमहरु

- शहरी क्षेत्र तथा घनावस्तीको माग र निकासी सम्भाव्यतालाई ध्यानमा राखी राजमार्ग, सहायक राजमार्ग र अन्य सडकका समिपवर्ती क्षेत्रमा सञ्चालन गरीने ताजा तरकारी तथा बेमौसमी तरकारी उत्पादनको व्यवसायिक कार्यक्रमहरु

- स्याउ खेतीको उच्च सम्भावना भएका उच्च पहाडी क्षेत्रमा सञ्चालन गरिने स्याउ खेती विस्तार कार्यक्रमहरु

- तरकारी बीउ उत्पादन कार्यक्रमहरु

- उल्लेखित कार्यक्रमहरुलाई टेवा पुऱ्याउने स्रोत केन्द्रको स्थापना तथा सुदृढीकरणका कार्यक्रमहरु

<u>पशुपक्षी उत्पादन तथा सम्वद्ध प्रसार सेवा कार्यक्रम</u>

ग्रामीण क्षेत्रमा आय र रोजगारी प्रवर्द्धन गरी गरिवी-निवारण गर्नमा पशुपंक्षी पालन कार्यक्रमको महत्वपूर्ण योगदान रहने छ । शहरी क्षेत्रको आय ग्रामीण क्षेत्रमा पुऱ्याउने महत्वपूर्ण व्यवसायमा दूध उत्पादनको प्रमुख स्रोत भएका गाई, भैँसी पालन व्यवसाय र मासु तथा फुल उत्पादनको प्रमुख स्रोत मानिने राँगा, बाखा तथा कुखुरा पालन व्यवसाय अधिराज्यव्यापी भएको र यिनको विकासवाट आर्थिक वृद्धिमा समेत टेवा पुग्ने भएकाले यी व्यवसायको विकास तथा विस्तारका लागि प्राथमिकता प्रदत्त निम्न कार्यक्रमहरु :

- दीर्घकालीन कृषि योजना अनुरुप प्राथमिकताका पकेट क्षेत्रको विकासका लागि पकेट पहिचान, सेवाटेवाका प्याकेजका आधारमा पकेट क्षेत्र विशेषको आयोजना तैयारी, कार्यान्वयन र तिनको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरु

- उद्यमी, कृषक वा कृषक समूहको व्यवस्थापनमा उन्नत प्रविधिका स्रोत सामग्री जस्तै, उन्नत घाँसे बीउ, उन्नत नश्लका पशुपक्षी, वन नर्सरी लगायत दाना विक्री औषधी विक्रि डिलर जस्ता आपूर्ति केन्द्रहरुको स्थापना र विकास गर्ने कार्यक्रमहरु

- दूध उत्पादनको निमित्त गाई र भैँसी पालन व्यवसायको प्रवर्द्धनमा सघाउ पुऱ्याउने कार्यक्रमहरु

- मासु तथा फुल उत्पादनको निमित्त राँगा, बाखा तथा कुखुरा पालन व्यवसाय प्रवर्द्धन गर्ने कार्यक्रमहरु

- पोषणयुक्त घाँस तथा आहारा विकास र पशु स्वास्थ्य सेवा विस्तार सम्वन्धी कार्यक्रमहरु र वन क्षेत्रवाट सञ्चालन हुने सामुदायिक वन विकास कार्यक्रमहरु

- उन्नत पशुहरुको आपूर्तिका लागि स्रोत केन्द्रहरुको स्थापना विकास एवं सुदृढीकरण गर्ने कार्यक्रमहरु

- नश्ल सुधारका लागि कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा पुऱ्याउने कार्यक्रमहरु

- पशु सेवालाई सुदृढ गर्न निजी पशुस्वास्थ्य व्यवसायीहरुको विकासमा सघाउने कार्यक्रमहरु

- प्रशोधन उद्योग एवं व्यवसायी र उत्पादक कृषक बीच अन्तर-सम्वन्ध बढाउने कार्यमा टेवा पुऱ्याउने कार्यक्रमहरु
- व्यावसायिक पकेट क्षेत्रहरुमा पुऱ्याइने उन्नत पशु व्यवस्थापन र सम्वन्धित तालिम कार्यक्रमहरु

कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम

कृषिमा विविधीकरण तथा व्यवसायिकता ल्याउने कार्य कृषि उद्योग व्यवसायको प्रवर्द्धनवाट मात्र सम्भव हुने भएकोले यसका लागि सहयोग पुऱ्याउने निम्न पक्ष संग सम्वन्धित कार्यक्रमहरु :

- कृषि तथा वन जन्य उद्योग प्रवर्धनका लागि समष्टिगत आर्थिक नीति सुधार र टेवा कार्यक्रमहरु
- कृषि वस्तुहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजारको सम्भाव्यताको खोजी र अध्ययन विश्लेषण गरी बजार विस्तारमा टेवा पुऱ्याउने कार्यक्रमहरु
- निजी, सहकारी एवं कृषक समूहहरुको सहभागितामा सम्भाव्य क्षेत्रहरुमा बजार पूर्वाधार विकास एवं सम्वद्ध अध्ययन अनुसन्धान गर्ने कार्यक्रमहरु
- वजारको आवश्यकता अनुरुपको उत्पादन परिमाण, मूल्य, उत्पादन खर्च, लाभ लागतका सूचना एवं तथ्याङ्कहरु सङ्कलन र विश्लेषण गरी प्रचार प्रसार गर्ने कार्यक्रमहरु
- सहकारिताका आधारमा कृषि उद्योग व्यवसाय प्रवर्द्धन गर्न सहकारी स्तरमा सञ्चालन गरिने शिक्षा तथा तालिम कार्यक्रमहरु
- कृषकस्तरमा गुणस्तरयुक्त उत्पादन गर्ने सुरक्षित रुपमा बाली भित्राउने सङ्कलन, ग्रेडिङ, प्याकेजिङ् र भण्डारण तथा विक्रि गर्ने जस्ता पक्षमा सुधारल्याई महिलाको संलग्नता बढाउने कार्यक्रमहरु
- स्थानीय खाद्य प्रशोधन, गुणस्तर निर्धारण, औद्योगिक खाद्य प्रशोधन कार्यहरुमा प्रविधि प्रसार तथा प्रयोग र उपभोक्ता सुरक्षाका विषयहरुमा नीतिगत विश्लेषण गरी उद्योगी र व्यवसायीहरुलाई टेवा पुऱ्याउने कार्यहरु

प्राथमिकता प्रदत्त उत्पादन साधन परिचालन कार्यक्रम :

सिँचाइ सुविधा विस्तार र उपयोग

- दीर्घकालीन कृषि योजनाको प्रमुख प्राथमिकतामध्ये सिँचाइ सवैभन्दा महत्वपूर्ण भएकोले यसको विकासमा सघाउ पुऱ्याउने निम्न कार्यक्रमहरु :
- तराईमा उपलब्ध भूमिगत जलको उपयोगवाट छोटो अवधिमा सम्पन्न हुने र किसानको आफ्नै नियन्त्रणमा रहने टयूबवेल सिँचाइ कार्यक्रमहरु
- तराई एवं पहाडका स-साना सिँचाइ कार्यक्रमहरु
- भूमिगत जल भण्डारको क्षमता कायम राख्न वन तथा भू-संरक्षण क्षेत्रवाट सञ्चालन हुने शिवालिक क्षेत्रको भू तथा जलाधार संरक्षणका कार्यक्रमहरु

रासायनिक मलको आपूर्ति

- विभिन्न बाली प्रणालीको आवश्यकता र माटोमा रहेको पोषक तत्व उपयोग बीच सन्तुलन कायम राखी कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा स्थायित्व ल्याउन गुणस्तरीय रासायनिक मलखाद आपूर्तिमा निरन्तरता ल्याई सर्वसुलभ गराउने कार्यक्रमहरु

- रासायनिक मलको आयात तथा विक्रि वितरणमा निजीक्षेत्रको सक्रियता वढाउन सघाउ पुऱ्याउने कार्यक्रमहरु

- रासायनिक मलको आपूर्तिमा निश्चितता ल्याउने कार्यक्रमहरु

- रासायनिक मलको सन्तुलित प्रयोग गर्ने र माटोको गुणस्तर कायम राख्न प्रोत्साहन गर्ने कार्यक्रमहरु

कृषि ऋण

दीर्घकालीन कृषि योजनाका प्राथमिकता क्षेत्रहरु मध्ये कृषिऋण प्रवाहित हुनुपर्ने पक्षहरुमा मूलतः उन्नत वीउ तथा रासायनिक मल खरीद विक्रि, स्यालो ट्यूबवेल जडान, पशुपक्षी पालन, उच्च मूल्य प्राप्तहुने बाली र कृषि उद्योग व्यवसाय स्थापना एवं सञ्चालन आदि भएकोले कृषि विकास बैङ्क र अन्य वित्तीय संस्थाहरुबाट यी क्षेत्रमा ऋण सहयोगको प्रवाह बढाउने कार्यक्रमहरु

कृषि अनुसन्धान

- बालीको सघनता वृद्धि, पशुपंक्षी तथा बढी मूल्यका कृषिवस्तु उत्पादन, कृषि व्यवसाय प्रवर्द्धन जस्ता पक्षमा सुधार ल्याई उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने निम्न अनुसन्धान कार्यक्रमहरु

- बाह्रै महिना पानी उपलब्ध क्षेत्रमा उपयुक्त जल व्यवस्थापन, रासायनिक मलको सघन एवं आर्थिक उपयोग र तुलनात्मक लाभको बाली प्रणाली विकाससंग सम्वन्धित उपयूक्त प्रविधि प्याकेज तैयार गर्ने कार्यक्रमहरु

- बढी मोल पर्ने सुन्तला, जुनार, कागती, स्याउ, रेसम , मौरी, बेमौसमी तरकारी तथा तरकारी बीउ जस्ता बालीको उत्पादकत्व वृद्धि प्रविधि र महिला सहभागिता र स्वरोजगारका अवसर वृद्धि गर्न टेवा पुऱ्याउने अनुंसन्धानहरु

- गाई, भैंसीको दूध उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने पशुआहारा, घाँसेबाली विकास कार्यक्रमहरु र पशु स्वास्थ्य, नश्ल सुधार, पशु व्यवस्थापन र मासु उत्पादनसम्वन्धी अनुसन्धानहरु

- माटोको उर्वरातत्व कायम राख्ने, उत्पादन लागत खर्च घटाउने र कम खर्चमा उत्पादकत्व वढाई कृषि उत्पादनलाई बजारमा प्रतिस्पर्धात्मक बनाउन सहयोग पुऱ्याउने अनुसन्धान कार्यक्रमहरु

- आनुवंशिक (genetic) स्रोत संरक्षण र शुद्ध स्रोत सामग्री उत्पादन तथा कृषकको घर गोठ सम्वद्ध वाह्य अनुसन्धान कार्यक्रमहरु

कृषि प्रसार

कृषि प्रसार कार्यलाई परिवर्तित आवश्यकता अनुरुप सुदृढ गरी प्रभावकारी गराउन सहयोग पुऱ्याउने निम्न कार्यक्रमहरु :

- दीर्घकालीन कृषि योजना अनुरुप प्राथमिकताका पकेट क्षेत्रको विकासका लागि पकेट पहिचान, सेवाटेवाका प्याकेजका आधारमा पकेट क्षेत्र विशेषको आयोजना तैयारी, कार्यान्वयन र तिनको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरु

- उद्यमी, कृषक वा कृषक समूहको व्यवस्थापनमा उन्नत प्रविधिका स्रोत सामग्री उत्पादन जस्तै, उन्नत बीउ उत्पादन, फलफूल तथा तरकारी नर्सरी, मलखाद विक्रि जस्ता उत्पादन सामग्री आपूर्ति गर्ने केन्द्रहरुको स्थापना र विकास गर्ने कार्यक्रमहरु

- व्यवसायिक खेतीलाई टेवा पुऱ्याउन बजार विकास, बजारमूल्य, गुणस्तरका बजार सूचना, सरकारी नीति र सरसुविधाबाट उपलब्ध अवसरको सूचना, प्रशोधन उद्योग र औद्योगिक खेतिसंग सम्वन्धित सेवाटेवा पुऱ्याउने व्यवसाय प्रवर्द्धनमुखी कार्यक्रमहरु

- स्रोत केन्द्र व्यवस्थापकलाई तालिम दिने, उन्नत स्रोत सामग्री उपलब्ध गराउने, उत्पादन तथा वितरणका वस्तुको गुणस्तर कायम गराउन प्राविधिक सेवा पुऱ्याउने र यिनीहरुको कृयाकलापमा अनुगमन गर्ने जस्ता कार्यक्रमहरु

- स्रोत केन्द्रहरुमा नया बीउ विजन, नश्ल वा अन्य प्रविधिको प्रदर्शन गर्न स-साना उपकरण बक्सा (mini-kit) वितरण गर्ने कार्यक्रमहरु

कृषि सडक विकास र विद्युतिकरण

उत्पादन प्रकृयालाई आर्थिक कारोबारमा समेटी कृषि विकासलाई औद्योगिक व्यवसायको रुप दिनको निमित्त निजी क्षेत्रलाई अग्रसर हुन उत्साहित गराउन पूर्वाधार विकास क्षेत्रहरुबाट सञ्चालन हुने निम्न अनुसारका पूर्वाधार विकास कार्यक्रमहरु :

- मूल राजमार्ग, सहायक मार्ग र जिल्ला सडकहरु र बजार केन्द्रहरुसँग सम्भाव्य उत्पादन थलोलाई आवद्ध गर्ने कृषि सडक निर्माण कार्यक्रम

- ग्रामीण क्षेत्रहरुमा ट्युबवेल तथा पम्प सञ्चालन र सम्भावित उद्योगधन्दाहरुको विकासमा सघाउ पुऱ्याउने ग्रामीण विद्युतिकरण कार्यक्रमहरु

- साना जल विद्युत केन्द्रको आसपासमा रहेका ग्रामीण क्षेत्रमा विद्युत सेवा विस्तार गर्ने कार्यक्रमहरु

- कृषि सडकहरुको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक बायो-इन्जिनियरिङ् कार्यक्रमहरु

महिला कृषक विकास कार्यक्रम :

कृषि कार्यक्रम कार्यान्वयनका मूलप्रवाहमा महिला कृषकहरुको सहभागिता एवं संलग्नता बढाई कृषि कृयाकलापमा महिलाको नेतृत्व विकास गर्न सञ्चालन गरिने निम्न प्रकारका कार्यक्रमहरु :

- आयमूलक कृषि व्यवसाय सञ्चालन गर्न उत्पादन स्रोत सामग्री एवं सेवामा महिलाको संलग्नता र पहुँच बढाउन टेवा पुऱ्याउने कार्यक्रमहरु ।

- कृषिजन्य कृयाकलापमा महिलाको क्षमता एवं नेतृत्व विकास गराउने कार्यक्रमहरु ।

८.२ अन्य कार्यक्रमहरु :

दीर्घकालीन कृषि योजनाले निर्दिष्ट गरेका उल्लेखित प्राथमिकता भित्र नपरेका तर निरन्तरता दिन आवश्यक भएका कृषि विकासका माछा, उखु, उष्ण प्रदेशीय फलफूल आदि प्रमुख पूर्व-कार्यक्रमहरुलाई समष्टिगत रुपमा कृषि विकासमा टेवा पुऱ्याउने किसिमबाट परिमार्जन एवं सुदृढ गर्दै यिनीहरुको कार्यान्वयन गतिमा सुधार ल्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

९. क्षेत्रगत विस्तृत कार्यक्रमहरु

नवौं योजनाको निर्धारित उद्देश्य प्राप्त गर्न अपनाईने नीति तथा कार्यनीतिहरुका आधारमा विभिन्न विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरु तल प्रस्तुत गरिएकोछ । यी क्षेत्रगत कार्यक्रमहरुमा विषयगत उद्देश्य, नीति र कार्यनीति तथा कार्यक्रमहरु प्रस्तुत गरिएका छन् । कार्यक्रममा दीर्घकालीन कृषि योजनाले प्राथमिकता दिएको पक्षलाई प्राथमिकता अर्न्तगत र अन्य पक्षलाई अन्य कार्यक्रमका रुपमा प्रस्तुत गरिएकोछ । छुट्टै कार्यक्रमको रुपमा रहेको तर दीर्घकालीन योजनाको प्राथमिकतामा नपरेको कार्यक्रमहरुलाई सोही अनुसार प्रस्तुत गरिएको छ ।

९.१ बाली सघनता र उत्पादकत्व वृद्धि कार्यक्रम :

नेपालको भौगोलिक अवस्थितिको पृष्ठभूमिमा वहुसंख्यक नेपालीहरुलाई आवश्यक गुण र परिमाणको खाद्यवस्तु सुलभ तरिकावाट उपलब्ध गराउन खेतीयोग्य भूमि विस्तार गर्नसकिने सम्भावना अति नै न्यून भएको हुँदा उपलब्ध खेतीयोग्य भूमीमा सिँचाइ सुविधा र बाली सघनता वढाई उन्नत बीउ, मल र उपयुक्त प्रविधिको अधिकतम प्रयोग गरी उत्पादकत्व वृद्धि गर्नु एकमात्र भरपर्दो विकल्प रहेको छ ।

केही प्रमुख खाद्यान्न तथा नगदेवालीहरुले नै देशको कुल कृषिगार्हस्थ उत्पादनमा करीब ४५ प्रतिशत योगदान पुऱ्याएको परिप्रेक्ष्यमा कृषिक्षेत्रको विकास दरलाई तीव्र तुल्याउन बालीक्षेत्रकै विकास हुन अत्यावश्यक छ । यसवाट खाद्यान्नमा आत्मनिर्भरता, खाद्यसुरक्षा र कृषिजन्य उद्योगको कच्चा पदार्थको माग पनि आन्तरिक श्रोतवाट पूर्ति हुन जानेछ ।

तराई, पहाड र उच्चपहाडको कृषिगार्हस्थ उत्पादनमा वालीक्षेत्रको क्रमशः ५२, ४१ र ७ प्रतिशत योगदान रहेको छ । उपयुक्त हावापानीको अतिरिक्त कृषि विकासका लागि आवश्यक कृषि सडक, सिँचाइ र बजार संरचनाहरु पहाड र उच्चपहाडको तुलनामा तराई क्षेत्रमा बढी भएवाट तराई क्षेत्रमा तुलनात्मक लाभका खाद्यान्न तथा नगदेबालीका उपयुक्त बालीप्रणाली अपनाई सघनरुपमा उत्पादन कार्यक्रम सञ्चालन गरी यस क्षेत्रको उत्पादन क्षमताको पूर्ण फाइदा लिनु पर्नेछ । यसै गरी पहाडी टारहरुमा सम्भाव्य स-साना सिँचाइ आयोजनाहरुको संरक्षण र सम्वर्द्धन गरी कृषि सडकहरुसँग आवद्ध गर्दै त्यस्ता सिञ्चित क्षेत्रमा सघनरुपले उत्पादन कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

दीर्घकालीन कृषि योजना अनुसार खाद्यान्न बाली क्षेत्रको उत्पादन सम्भाव्यताको अधिक उपयोगको प्रभावबाटै अन्य क्षेत्रको पनि विकास हुने सम्भावना वढि देखिएकोले खाद्यान्न बालीविकास कार्यक्रमलाई विशेष रुपमा अघि वढाउनु आवश्यक छ । सार्क क्षेत्रमै खाद्यान्न तथा नगदेबालीको माग दिनानुदिन बढिरहेको परिप्रेक्ष्यमा यी बालीको निकासीले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ । कृषि विकासबाटनै गरिबी-निवारण, रोजगारी वृद्धि तथा समष्टिमा राष्ट्रकै विकासको आधारशिला खडा हुन सक्ने यथार्थता रहेको छ । अतः बजारमुखी तुलनात्मक लाभका खाद्यान्न तथा नगदेबालीका उपयुक्त बालीप्रणाली अवलम्बन गर्दै बालीसघनता र उत्पादकत्व वृद्धि गर्नु पर्ने आजको आवश्यकता छ । यसवाटनै प्रति एकाई जमिनको उत्पादकत्व वृद्धि र कुल कृषि गार्हस्थ उत्पादनको वृद्धि दरमा तिव्रता ल्याउन सकिने र यसबाट बढ्ने आय तथा रोजगारीका अवसरवाट गरिबी-निवारणमा योगदान गर्न सकिने छ ।

बिगतका आठवटै योजनाहरुमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने मुख्य लक्ष्य राखेको भएता पनि आठौं योजनाको अन्तिम वर्षसम्ममा धान, गहुँ, मकै, कोदो, आलु, उखु, जुट, तोरी र दलहन जस्ता प्रमुख बालीको उत्पादनमा कोदो र उखु बाहेक अरुको उत्पादकत्व लक्ष्य भन्दा पछिनै रह्यो । आ.व. २०४८/४९ को दाँजोमा केही बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएता पनि कोदो र सुर्ती बालीमा ह्रासको स्थिति रह्यो । त्यस्तै कृषि सामग्रीमा खासगरी रासायनिक मलमा साह्रै न्यून प्रगति रह्यो भने कृषि ऋण र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउनेतर्फ पनि स्थिति उत्साहप्रद छैन ।

प्रस्तुत पृष्ठभूमिमा आवश्यक पर्ने भौतिक पूर्वाधारको व्यवस्था मिलाई तुलनात्मक लाभका बाली प्रणालीवाट बाली सघनता वृद्धि गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तर गरी रोजगारीका अवसर वढाएर गरिवी घटाउने, कृषि राष्ट्रिय आय वढाउन बाली क्षेत्रवाट वार्षिक

कृषिआय वृद्धि दर पहिलो पाँच वर्षमा ५ प्रतिशत र त्यसपछि औसत ४.५७ प्रतिशत हासिल गर्ने, प्रतिव्यक्ति खाद्यान्न उपलब्धता हालको २७० के.जि बाट ४२६ के.जी. पुऱ्याउने, कृषि विकासमा महिलाहरुको संलग्नता र सहभागिता वृद्धि गरी उत्पादन कार्यक्रममा उनीहरुको नेतृत्व वढाउने, बाली विकास र वातावरणबीच समन्वय वढाई कृषि विकासमा स्थायित्व दिने जस्ता दीर्घकालीन लक्ष्यहरुको पृष्ठभूमिमा नवौं योजनामा बाली सघनता र उत्पादकत्व वृद्धि कार्यक्रम अघि वढ्नु पर्ने भएको छ । तसर्थ बाली सघनताको वृद्धिवाट प्रति एकाइ खेती गरिएको जमिनको उत्पादन र उत्पादकत्व वढाई कृषि आर्थिक वृद्धिमा तीव्रता ल्याउने, सर्वसाधारण जनतालाई पोषण र खाद्य सुरक्षाका अवसर प्रदान गर्दै गरिवी निवारणमा योगदान गर्ने, कृषि उत्पादन प्रणालीलाई व्यवसायीकरण गर्दै लग्ने, वातावरणीय संरक्षण र महिला संलग्नता सुनिश्चित गर्दै कृषि विकासमा स्थायित्व दिदै जाने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिने छ ।

नीतिगत कार्यक्रमहरु :

बाली सघनता र उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गत खाद्यान्न तथा नगदेबाली उत्पादन वृद्धिको लागि मुख्यतया निम्न लिखित वुंदाहरुमा कार्यन्वयन पक्ष केन्द्रित गरी कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

- सिञ्चित क्षेत्रको सघन उपयोग गर्नेगरी खाद्यान्न तथा नगदेबालीहरुको उत्पादन र उत्पादकत्व बढाउन आवश्यक सेवा-टेवा परिचालन गराउनमा प्राथमिकता दिने र असिञ्चित क्षेत्रमा कम चिस्यान भए पुग्ने बालीको उन्नत बीउ को प्रयोग र बाली संरक्षणमा जोड दिनेगरी कार्यक्रम अघि वढाइने छ । कृषिवालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषिआर्थिक वृद्धि दर वढाउन तुलनात्मक लाभका खाद्यान्न तथा नगदेबालीका उपयुक्त बालीप्रणालीवाट सिञ्चित क्षेत्रको बालीसघनतामा वृद्धि गरिने छ ।

- गुणस्तरीय उन्नत बीउ बिजन को आपूर्तिमा जोड दिने र कृषक स्तरमा बीज वृद्धि गराउन अत्यावश्यक क्षेत्रमा सुविधा उपलब्ध गराई बीउ स्रोत केन्द्रहरुको विकास गराइने छ । पाँचवटा विकास क्षेत्रका निर्दिष्ट सिञ्चित क्षेत्रमा प्रमाणित प्रथम पुस्ताका उन्नत बीउ वृद्धि कार्यक्रम कृषक समूहद्वारा सञ्चालन गरिने छ । यस्ता बीउ को मूल्य निर्धारण गर्न उत्पादक कृषकहरु समेतको सहभागिता रहेको जिल्ला बीउ उत्पादन समिति गठन गरिने छ र उनीहरुकै सक्रियतामा उत्पादन क्षेत्रमा खपत गराइनेछ ।

- कृषि सडकको विकास र विस्तारमा सहयोग पुऱ्याउने र सिँचाइ, सडक र बजार केन्द्र आसपासका क्षेत्र समेटेर कृषिवालीमा विविधीकरण र तुलनात्मक लाभका बालीप्रणालीमा आधारित उपयुक्त कृषि-भू-उपयोगको पकेट विकास हुनेगरी व्यावसायिक खेती प्रवर्द्धन गर्नका लागि आवश्यक सेवा-टेवा प्याकेजको रुपमा पुऱ्याउन विशेष जोड दिइने छ । उपलब्ध पूर्वाधारहरु खासगरी कृषि सडक, सिँचाइ, सुविधा, रासायनिक मल र कृषि प्रविधिको अधिकतम उपयोग गरी प्राथमिकता क्षेत्रमा कार्यक्रमहरु केन्द्रित गर्दै सघन उत्पादन सेवा कार्यक्रम सञ्चालन गराइने छ । यस क्रममा पहाडका टार क्षेत्रहरु र तराईमा ट्युबवेल तथा सतह सिँचाइ क्षेत्रको अधिकतम उपयोग गरी त्यस्तो क्षेत्रवाट हरितक्रान्ति हासिल गर्दै लगिने छ ।

- दीर्घकालीन कृषि योजना अनुरुप कृषक समूह वा निजी उद्यमीहरुलाई दिइने तालिम, उत्पादन सामग्रीहरुको आपूर्ति, कृषि ऋण, बजार व्यवस्थापन आदि सेवा-टेवाहरु उत्पादनका पकेट क्षेत्रहरु पहिचान गरी निश्चित उपलब्धी हासिल गर्ने किसिमवाट समन्वयात्मक र आवद्धित (packaged) सेवा पद्धतीको आधारमा परिचालन गराईने छ । जिल्लामा उपलब्ध स्रोत साधन परिचालनको जिम्मेवार सम्वन्धित सेवा केन्द्र प्रमुखलाई गराई कार्यक्रम बढी पारदर्शी वनाईने छ । साथै कृषिजन्य उद्योग र त्यस्ता उद्योगको लागि कच्चा पदार्थ उत्पादन गर्ने पकेटक्षेत्र तथा बजार केन्द्रहरुको मागलाई लक्षित गरी व्यावसायिक ढुवानी परिमाणमा उत्पादन गर्न पहिचान भएका

पकेटक्षेत्रहरु वा निकासी प्रवर्द्धनका दृष्टिबाट उत्पादन गर्ने पकेट क्षेत्रहरुमा प्राथमिकता दिई आवद्धित रुपमा सेवा-टेवाहरु पुऱ्याइनेछ ।

- उत्पादन सामग्रीहरुको स्थानीय आपूर्ति व्यवस्थाका लागि कृषक समूह वा निजी उद्यमीहरुको व्यवस्थापनमा स्थानीय स्रोत केन्द्रहरुको विकास गराउन आवश्यक सेवा-टेवाहरु सञ्चालन गराइने छ । यिनै स्रोत केन्द्रहरुलाई प्रविधि प्रसार र तालिमको प्रारम्भिक थलोको रुपमा विकास गर्नेतर्फ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- गुणस्तरीय रासायनिक मलको आपूर्ति सर्वसुलभ गराउने र सशक्त र उपयुक्त अनुगमन व्यवस्था प्राङ्गारिक गरिने छ । सम्भाव्यता हेरी रासायनिक मलको आवश्यकतानुसारको मिश्रण गर्ने कारखाना स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

- कृषिऋृण लगानी कार्यक्रम कृषकले ऋृण लिनको लागि अनावश्यक समय र खर्च गर्ननपर्ने र उनीहरुको पहुँच बढाउनेगरी परिचालन गरिनेछ ।

- व्यवसाय उन्मुख कृषक समूह र व्यावसायिक कृषकको बेग्ला बेग्लै प्रकृतिको आवश्यकतालाई समेट्नेगरी कृषि प्रसार पद्धति, तालिम, बजार अन्तरक्रिया कार्यक्रम र अन्य सेवाहरु तद्अनुरुप परिचालन गराइने छ । तालिम केन्द्रका पाठ्यक्रम र कृषि सूचनाहरु यसै अनुरुप परिमार्जित गराइ प्राङ्गारिक गरिनेछन् ।

- कृषि प्रसार सेवा कार्यहरुलाई कृषि व्यवसाय प्रवर्द्धनमा सघाउ पुग्ने किसिमबाट प्रभावकारी रुपमा सञ्चालन गर्ने र कृषि प्राविधिक सेवा-टेवा कार्यहरु परिचालन गर्न कृषक सहभागितामा समयवद्ध कार्यक्रम तथा आयोजनाहरु तयार गरी तिनको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेत गर्न प्रभावकारी व्यवस्था गरिनेछ ।

- प्रत्येक जिल्लामा आवद्धित रुपमा कृषि विकासकार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि कृषि विकास समिति र त्यस्तो समितिलाई प्राविधिक रुपले सघाउन र पहिचान भै छनौट गरिने प्याकेज कार्यक्रमहरु कार्यान्वयन गराउन कार्यक्रम कार्यान्वयन समितिको संस्थागत व्यवस्था मिलाइनेछ ।

- कृषि विकासका लागि पारिवारिक तथा सामुदायिक निर्णय प्रकृयामा महिला संलग्नता अभिवृद्धिका लागि प्रचार प्रसार र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- कृषि उत्पादन कार्यक्रम सञ्चालनबाट वातावरणीय ह्रास हुन नदिन औचित्य र विवेकपूर्ण रुपले विषादीको प्रयोग गराउन एकीकृत विषादी व्यवस्थापन र सन्तुलित रुपमा रासायनिक मल प्रयोग सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

- जिल्लामा सञ्चालन हुने संपूर्ण कृषि विकास क्रियाकलापहरुलाई प्राविधिक रुपले समन्वय गर्न र सेवा- टेवा पुऱ्याउन कृषि फार्म केन्द्र र क्षेत्रीय तथा केन्द्रीय कार्यक्रमहरुको भूमिका वारे पुनरावलोकन गरी बढी सक्षम र सुदृढ गराइने छ ।

- कृषि जमीन वाँझो राख्न नपाउने कडा व्यवस्था प्राङ्गारिक गरी कृषि मजदूरहरुलाई करार खेती गर्न पाउने व्यवस्था मिलाई रोजगारका थप अवसर बढाएर गरिवी निर्वारणमा थप बल पुऱ्याइनेछ ।

- सेवा केन्द्रलाई उन्नत प्रविधि स्रोत केन्द्रको रुपमा विकास गर्ने र कृषक समूहलाई संस्थागत रुपमा रुपान्तरण गर्दै लगिनेछ ।

प्राथमिकताका कार्यक्रम र सेवा कार्यक्रमहरुको परिचालन :

बीज वृद्धि कार्यक्रम

जातीय विकास र बीज वृद्धि कार्य बाली सघनता र उत्पादकत्व वृद्धिको आधारशिला हो तर पनि संस्थागतरुपमा कृषि सामग्री संस्थानवाट कृषकहरुको मागको करिव ३ देखि ५ प्रतिशत उन्नत बीउ मात्र आपूर्ति हुने गरेको छ । त्यसैले यस्ता समस्या समाधानका लागि जिल्लालाई नै उन्नत बीउ उत्पादनमा आत्मनिर्भर गराउन स्थानीयस्तरमा बीउ उत्पादक र वितरक कृषक वा कृषक समूहहरु परिचालन गरी सुनियोजित र प्रभावकारीढङ्गले निर्दिष्ट सिञ्चित क्षेत्रमा बीउ उत्पादन र वितरण कार्यक्रम सञ्चालन गरी सिञ्चित र असिञ्चित दुवै क्षेत्रको उत्पादकत्व वृद्धि गरिनेछ ।

- नवौं योजनाको दोश्रो वर्ष आ.व.२०५५/०५६ देखि बीउ उत्पादन कार्यक्रमलाई निर्दिष्ट सिञ्चित क्षेत्रका कृषक समूहद्वारा व्यवसायको रुपमा सञ्चालन गरिने छ । यसको लागि नेपाल कृषि अनुसन्धान परिषद्ले आ.व २०५५/५६ देखि प्रत्येक वर्ष खाद्यान्न बालीको ८४.७३ मे.टन (धान १२, मकै ०.७३ गहुँ ७२ मे.टन) मूल बीउ बीज वृद्धि गरिने जिल्लाको जिल्ला कृषि विकास कार्यालयलाई उपलव्ध गराइने व्यवस्था गरिने छ । यस्ता मूल बीउको मूल्यमा २५ प्रतिशत अनुदान दिइने छ । बीज वृद्धि कार्यक्रम पाँचै विकास क्षेत्रका पहाडका ५ र तराईका १० गरी जम्मा १५ जिल्लाका निर्दिष्ट सिञ्चित क्षेत्रमा नियमित रुपमा सञ्चालन गरिनेछ । पहाडको ५ वटा जिल्लाले पहाड र उच्च पहाडका लागि आवश्यक पर्ने बीउ उत्पादन गर्नेछ ।

- प्रत्येक विकास क्षेत्रका निर्दिष्ट सिञ्चित क्षेत्रमा उत्पादन गरिने प्रथम पुस्ताका उन्नत बीउ जिल्ला कृषि विकास कार्यालयहरुको उन्नत बीउ ले ढाक्ने क्षेत्र विस्तार कार्यक्रम अनुसार नियमित रुपमा प्रत्येक ४ वर्षपछि त्यही क्षेत्रमा प्रथम पुस्ताका बीउ उपलव्ध गराउने चक्रप्रणाली अनुसार उत्पादक कृषक वा समूह मार्फत विक्रि वितरण गर्ने व्यवस्था गरिने छ । यसवाट बीज वृद्धि कार्यक्रम समूहगत, नियमित र व्यवसायीकरण हुन जानेछ । प्रथम पुस्ताका बीउ उत्पादक कृषक वा समूहलाई निर्धक्कका साथ बीज वृद्धि कार्यक्रममा व्यवसायीको रुपमा सरिक हुन विभिन्न प्रोत्साहनहरु उपलव्ध गराइने छन् ।

- कृषकद्वारा प्रमाणित प्रथम पुस्ताका बीउवाटै चौथो पुस्ताका बीउ सम्म प्रत्येक वर्ष करिव २५ प्रतिशत जिल्लाको क्षेत्र उन्नत बीउले ढाक्नेगरी जिल्ला कृषि विकास कार्यालयले कार्यक्रम सञ्चालन गर्नेछ । जिल्ला स्तरका सरकारी, गैह्रसरकारी तथा देशमा कार्यरत अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुवाट यिनै प्रथम पुस्ताका बीउ स्रोत केन्द्रका बीउ बिजन प्रयोग गर्न व्यापक प्रचार प्रसार गरिनेछ ।

- प्रत्येक वर्ष आवश्यक पर्ने मूल र प्रथम पुस्ताका बीउको परिमाण र जातको माग प्रयोगकर्ताले सम्वन्धित निकाय राष्ट्रिय बीउ बिजन समितिमा एकवर्ष अगावै पेशगरी बीउ उपलव्ध हुने व्यवस्था गरिनेछ । जिल्लाहरुले स्थानीय कृषकको चाहना एवं त्यहाँको हावापानी अनुसार उपयुक्त जातहरुको माग पेश गर्ने छन् । कृषक समूह मार्फत नै उत्पादित बीउ विक्रि वितरण गर्न अभिप्रेरित गरिनेछ । यस्ता बीउ व्यवसायलाई दिगो रुपमा संचालन, खरिद र विक्रि वितरण गर्न निजी बीउ व्यवसायीहरुलाई कृषक समुहसँग अन्तरक्रिया गराई आवद्ध गराइने छ । कृषकहरुलाई नियमितरुपमा बीउ फेर्नु पर्ने कुरामा आश्वस्त र अभ्यस्त गराईनेछ ।

- नेपाल कृषि अनुसन्धान परिषद्को उत्पादन स्थलदेखि बीज वृद्धि स्थलसम्म मूल बीउ ढुवानी गर्न लाग्ने रकम जिल्ला कृषि विकास कार्यालयको वजेटमा राखिने छ । कार्यक्रम सञ्चालनका लागि प्रत्येक बीउ उत्पादक समूहमा बीउ बिजन विकास चक्र कोष ९चभखयखिष्लन ।गलम० स्थापनामा टेवा दिइने र सोही कोषवाट कृषकहरुलाई बीउ खरिद विक्री गरी बजार व्यवस्था गर्न वा अन्य आवश्यक उपकरण र सामग्रीहरु खरिद गर्न समूहकै व्यवस्थापनमा ऋण उपलव्ध गराउने व्यवस्था पनि गरिनेछ ।

- पाँच विकास क्षेत्रको लागि आवश्यक मूल बीउ उत्पादन, वितरण र मूल्य निर्धारण सम्वन्धी समन्वय र अनुगमन नेपाल कृषि अनुसन्धान परिषद् तथा सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयवाट गरिने छ । बीउ छर्नुभन्दा कमसे कम एक महिनाअघि मूल बीउ बीज वृद्धि थलोमा पुग्ने व्यवस्था पनि यिनै निकायवाट गरिनेछ ।

- दैवी प्रकोप र बीउ जन्य प्राविधिक कारणवाट बीउको उत्पादन निर्धारित औसत उत्पादनभन्दा कम भएमा कम परिमाण वरावरको क्षतीपूर्ति दिने व्यवस्था गरिनेछ । यसको आधारमा वालीमा वीमा गर्ने परिपाटीको विकासका लागि अनुभव पनि संगालिनेछ ।

- जिल्ला कृषि विकास कार्यालय, बाली विकास शाखाको अगुवाईमा जिल्ला खाद्यान्न बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न सहायक कृषि प्रसार अधिकृत, सहायक बाली संरक्षण अधिकृत क्षेत्रीय बीउ बिजन प्रयोगशालाका सहायक बीउ बिजन अधिकृत तथा बीउ उत्पादक समूहको अगुवा कृषक रहेको एक प्राविधिक टोली रहने छ । यहि टोलीद्वारा प्रथम पुस्ताका बीउ उत्पादन क्षेत्रमा तालिका वनाइ नियमित भ्रमण, निरिक्षण, सुपरिवेक्षण, तालिम र प्राविधिक सल्लाह दिईने व्यवस्था गरिनेछ । प्रयोगशालावाट गुणस्तर कायम भएको उपयुक्त बीउ लाई प्रमाणित बीउको रुपमा विक्री वितरण गर्ने स्वीकृति कृषक समूहलाई जिल्ला कृषि विकास कार्यालयले दिनेछ ।

- बढी उत्पादन र बढी बजार मूल्य भएका, छोटो अवधि, सजिला प्रविधि र उपलव्ध कृषि सामग्री उपयोग गर्ने गुणयुक्त जातहरुको विकास नै अनुसन्धानको लागि मूलभूत आधार हुनेछन् । यसलाई व्यवहारिक र वास्तविक आवश्यकतामा आधारित गर्न सिफारिस भएका जातमा देखिएका समस्या र नयाँ जातमा हुनुपर्ने गुणहरु सम्वन्धी अध्ययनको लागि नेपाल कृषि अनुसन्धान परिषद् तथा बीउ उत्पादन क्षेत्रमा संलग्न प्राविधिक र कृषकहरु बीच सञ्चालन गरिने चौमासिक अन्तर्क्रिया वैठक तथा यी निकायहरुवाट हुने स्थल निरीक्षणको अतिरिक्त जिल्ला कृषि विकास कार्यालयहरुले समीक्षा गोष्ठी र पत्रहरुवाट औंल्याएका समस्याहरु समेतलाई मनन गरी नेपाल कृषि अनुसन्धान परिषद्वाट जातीय विकास अनुसन्धान कार्य सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ ।

- सम्वन्धित प्राविधिक शाखाहरुवाट कृषक तथा जे.टी/जे.टी.ए. हरुलाई बीउ उत्पादन, भण्डारण, प्याकिङ्ग र बजार व्यवस्था बारेमा तालिम दिन कार्याक्रम सञ्चालन गरिनेछ । बीउ उत्पादक कृषकहरुलाई सहयोग पुऱ्याउन सम्पूर्ण कृषि सेवा केन्द्रमा क्रमिक रुपमा (करिव ७० सेवा केन्द्र प्रतिवर्ष) आवश्यक उपकरण र सामग्रीहरुको प्याकेजको व्यवस्था गरिनेछ । यस्तो व्यवस्था गर्दा प्राथमिकताका पकेट क्षेत्रहरुमा पहिलो प्राथमिकता दिइनेछ ।

- खाद्यान्न वालीमा केही निजीस्तरका व्यापारीहरुले छिमेकी देशवाट हाइब्रीड बीउ यदाकता भित्र्याई विक्रि वितरण गर्ने गरेको पाइएको छ । यसतर्फ नेपाल कृषि अनुसन्धान परिषद्का फार्म केन्द्रहरुवाट पनि रेकर्ड राख्ने र हाइब्रीड बीउको समस्या समाधान गर्न तयारी गर्नुको साथै अन्तर्राष्ट्रिय संघ संस्थावाट हाइब्रीड बीउ सम्वन्धी जानकारी वटुली प्रसार कार्यकर्ता र कृषकलाई आवश्यक सेवा पुऱ्याइनेछ ।

- मूल बीउ र प्रथम पुस्ताका बीउ उत्पादनको लागि आवश्यक विभिन्न वालीहरुको जात अनुसारको परिमाण, क्षेत्रफल र उत्पादनस्थल तालिका ४ र ५ मा प्रस्तुत गरिएको छ ।

तालिका ४

राष्ट्रिय स्तरमा मूल बीउ तथा पहिलो र दोश्रो पुस्ता बीउ को नियमित आपूर्ति व्यवस्था

वाली	नेपाल कृषि अनुसन्धान परिषद्ले २०५४/५५ देखि नियमित रुपमा प्रत्येक वर्ष मूल बीउ उत्पादन गर्ने लक्ष्य	२०५५/५६	२०५६/५७

	क्षेत्रफल हेक्टर	उत्पादन मे.टन	आवश्यक मूल बीउ मे.टन	पहिलो पुस्ता बीउ उत्पादनको लागि क्षेत्रफल हेक्टर	पहिलो पुस्ता बीउ उत्पादन मे.टन	आवश्यक पहिलो पुस्ता बीउ मे.टन	दोश्रो पुस्ता बीउ उत्पादनको लागि क्षेत्रफल हेक्टर	दोश्रो पुस्ता बीउ उत्पादन मे.टन
धान	४.८०	१२.००	१२.००	२३६.००	४७२.००	४७२.००	९४४०.००	१८८८०.००
मकै	०.३५	०.७३	०.७३	३६.००	५५.००	५५.००	२७५०.००	४१२५.००
गहूा	३५.२५	७२.००	७२.००	६००.००	१२००.००	१२००.००	१०००.००	२०००.००
जम्मा	४०.४०	८४.७३	८४.७३	८७२.००	१७२७.००	१७२७.००	२२१९०.००	४३००५.००

तालिका ५

नवौं योजना अवधिमा कृषि सामग्री आपूर्ति लक्ष्य

कृषि सामग्री	एकाइ	२०४९/५० देखि २०५३/५४ को स्थिति	२०५३/५४ को स्थिति	२०५८/५९ सम्ममा पुऱ्याउने थप लक्ष्य	२०५४/५५	२०५५/५६	२०५६/५७	२०५७/५८	२०५८/५९
१ सिञ्चित क्षेत्र (वर्षा याम)	००० हे	१०५६		१५५	२२.४	२६.४	३०.४	३५.४	४०.४
२ रासायनिक मल (न्यूट्रिएन्स)- आपूर्ति	००० मे.टन		६४	२००	७०	१२०	१४०	१७५	२००
- उपयोग	के.जी/हे		१८	४९.५७	१७.७९	३०.२९	३५.१३	४३.५९	४९.५७
३ धानको बीउ - मूल	मे.टन			१२	१२	१२	१२	१२	१२
- पहिलो पुस्ता	,,			४७२		४७२	४७२	४७२	४७२
मकैको बीउ - मूल	,,			०.७३	०.७३	०.७३	०.७३	०.७३	०.७३
- पहिलो पुस्ता	,,			५५		५५	५५	५५	५५
गहुँको बीउ - मूल	,,			७२	७२	७२	७२	७२	७२
- पहिलो पुस्ता	,,			१२००		१२००	१२००	१२००	१२००

सिँचाइ र बाली सघनता वृद्धि कार्यक्रम :

बालीको बीउ वृद्धि कार्यक्रमको अतिरिक्त सालभरी सिँचाइ हुने क्षेत्र विकास र विस्तार नै बालीसघनता वृद्धिको मूलभूत आधारशिला हो । त्यसैले आठौं योजना अवधिसम्म तयार भएका वर्षे सिञ्चित १० लाख ५६ हजार, हिउँदे सिञ्चित ३ लाख ६३ हजार र वसन्ते सिञ्चित १ लाख ६० हजार हेक्टर तथा नवौं योजना अवधिमा क्रमशः थप विकास गरिने करिव १ लाख ५५ हजार हेक्टर क्षेत्रफलमा समेत उत्पादन, उत्पादकत्व र वालीसघनता वृद्धि गर्न रासायनिक मल, उन्नत बीउ र प्रविधिहरुको प्याकेजको सेवा उपलब्धतामा वृद्धि गरिनेछ । स्थान विशेषका तुलनात्मकलाभका प्राथमिकताका बाली प्रविधिलाई कृषि प्रसार कार्यकर्ता मार्फत प्रचार प्रसार गरिनेछ । मध्य तथा उच्च पहाडका बढी मूल्य पर्ने बालीहरुका लागि वर्षाको पानी सङ्कलन र सदुपयोग विधिवारे पनि व्यापक प्रचार प्रसार गरिनेछ । यिनै कुरालाई मनन् गरी नवौं योजना अवधिमा निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- वालीसघनता वृद्धिका लागि स्थानीय सम्भाव्यताका आधारमा स्थान विशेषका सघन उत्पादन पकेटहरु तयार गर्दा हिउँदे र वसन्ते याममा पानी उपलब्ध हुने क्षेत्रका लागि दुई वा दुईभन्दा बढी किसिमका बाली प्रणाली विशेषत वसन्ते मकै, चैते धान, छोटो अवधिमा तयार हुने तरकारी वालीमा खास गरी मसला बालीको खेतीमा आधारित बाली प्रणाली अपनाउन जोड दिइनेछ । यस्ता क्षेत्रमा कम्तीमा पनि १० प्रतिशत जग्गा सधैं तरकारी या मसला बालीको लागि प्रयोग गर्न प्रोत्साहित गरिने छ । आवश्यक मलजल, उन्नत बीउ को उपलब्धी र भण्डार लगायत प्याकिङ्ग, प्रशोधन र वजारका लागि आवश्यक पूर्वाधार विकासमा कृषक समूह, सहकारी, निजी, गैरसरकारी संघ संस्था समेतलाई समावेश गराइनेछ ।

- खाद्यान्न उत्पादन वृद्धि सम्भाव्य क्षेत्रमा सिँचाइ सुविधाको विकास र वृद्धि गरी वर्षभरी सिँचाइ उपलब्ध गराउने व्यवस्था सुनिश्चित गरिनेछ । पहाडमा सतह सिँचाइ र तराईमा स्यालो तथा डीप ट्यूबवेलमा विशेष प्राथमिकता दिई सिञ्चित क्षेत्र विस्तारमा समन्वय गरिनेछ । साथै वर्षातको पानी सङ्कलन र संरक्षण गर्न गट्टा/पोखरी वरीपरी जल सञ्चय गर्ने क्षमता वृद्धि गर्न प्रोत्साहित पनि गरिने छ । ठूला सिँचाइ आयोजनाहरु क्रमिकरुपमा कृषक उपभोक्ता समितिलाई हस्तान्तरण गरिने कार्यमा सहयोग पुऱ्याइनेछ । यस्ता ठूला सिँचाइ आयोजनाको प्रभाव क्षेत्रमा

वर्षभर पानी उपलव्ध गराउन पूरकको रुपमा हिउँदमा पानी नपुग्ने सिँचाइ प्रभाव कमाण्ड) क्षेत्रको पुछारको भागमा ट्यूबवेल जडान गर्न जोड दिईनेछ ।

- साना किसानहरुलाई सङ्गठित गरी स्यालो ट्युबवेल निर्माण, उपयोग र परिचालन गरिनेछ । कृषि कार्यक्रमसंग आवद्ध गरी कृषक व्यवस्थित सिँचाइ प्रणालीलाई प्रोत्साहन गरी जल उपयोगमा सुधार गरिनेछ । सुख्खा क्षेत्रका लागि माटोको चिस्यान संरक्षण तथा वर्षाको पानी सञ्चय र सदुपयोग गर्ने प्रविधिको उपयोग वारे व्यापक प्रचार प्रसार गरिनेछ ।

- पानीको सदुपयोगका लागि कुलो निर्माण, पानी चुहावट नियन्त्रण, कृषकको जमिनको क्षेत्रफल र योगदानको आधारमा अनुपातिक पानी वितरण तथा आलोपालो वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ । कृषकले व्यहोर्नसक्ने कम खर्चिला सिँचाइ प्रविधि तथा तरिकाको उपयोग, बाढी नियन्त्रण व्यवस्थामा पनि जोड दिईनेछ ।

- जिल्ला कृषि विकास कार्यालयहरुले सालभरी सिँचाइ हुने क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्र नक्सामा प्रष्ट देखाई उपयुक्त जात र बाली प्रणालीको लागि उन्नत बीउ, रासायनिक मल, कृषि ऋण र प्राविधिक सेवा आवद्धित रुपमा उपलव्ध गराई बाली सघनता र उत्पादन वृद्धि गरिनेछ । बाली सघनता वृद्धिका लागि प्रत्येक सिँचाई प्रणालीमा तुलनात्मक लाभका बालीको जात र वालीचक्र विधिको छनौट गरी प्रतिएकाई जमीनको उत्पादकत्व वृद्धि गराउने गरी सघन रुपमा आवद्धित कार्यक्रम (package program) सञ्चालन गरिनेछ । उत्पादन पश्चात् हुने क्षति घटाउनका लागि प्रशोधन र भण्डार कार्यमा सुधार, सन्तुलित रासायनिक र प्राङ्गारिक मलको प्रयोगमा जोड, स्थानीय बाली संरक्षण प्रविधिको खोज र स्थानीय तथा दूरस्थ वजारहरु अवसर स्थितिको प्रचार प्रसारमा जोड दिईनेछ ।

- विगतका योजनाहरुमा आधारभूत तथ्याङ्क अभिलेख तथा रिर्पोटिङ्ग प्रणालीको अभावमा ठोस र स्पष्ट कार्यक्रम अपेक्षाकृत रुपमा आउन सकेन । त्यसैले नवौं योजना अवधिमा बाली सघनतालाई उत्पादन वृद्धिको मुख्य कारकतत्वको रुपमा स्थापित गर्न आधारभूत तथ्याङ्क विकास, रिर्पोटिङ्ग प्रणाली र स्पष्ट कार्यक्रम प्रस्तुत गर्ने परिपाटिमा जोड दिइने छ । यसप्रकार मुख्यवालीहरुको बाली सघनता हालको १६० प्रतिशतवाट क्रमिक रुपमा वृद्धि गर्दै योजनाको अन्तिम वर्षमा १७२ प्रतिशतसम्म पुऱ्याइनेछ ।

- जलवायु तथा वातावरणमा भइरहेको क्षेत्रीय तथा विश्वव्यापी परिवर्त्तन सम्वन्धी जानकारी र तथ्याङ्कहरुको सङ्कलन, विश्लेषण र नियमित सर्भिलेन्स (रेख-देख र अनुगमन) गर्ने कार्य सम्वन्धित निकायवाट गराउने व्यवस्था गरिने छ । यी जानकारी तथा देशको जलवायु सम्वन्धी तथ्यांकहरु विश्लेषण गरी कृषकहरुलाई वर्षाको आगमन र अन्त्य तथा सुक्खासम्वन्धी जानकारी रेडियोवाट नियमित रुपमा प्रशारण गरिने व्यवस्था गरिनेछ ।

रासायनिक मलको सन्तुलित र व्यापक उपयोग :

दीर्घकालीन कृषि योजनाले अनुमान गरेअनुसार नै कृषिक्षेत्रको कुल उत्पादन वृद्धिमा रासायनिक मल मात्रको योगदान ४४ प्रतिशत रहने छ । यसको लागि ठूलो परिमाणमा मलखादको उपयोग गर्नु पर्ने हुन्छ । त्यसैले निजी क्षेत्रको सहभागितामा रासायनिक मलको विक्रि वितरण र उपलव्धता वृद्धि गरिनेछ । मलखाद आपूर्ति कार्यक्रम रासायनिक मलखादको सन्तुलित र व्यापक उपयोगलाई प्रभावकारी गराउन निम्न कुराहरुमा जोड दिइनेछ ।

८ सिञ्चित क्षेत्रहरुमा रासायनिक मलको व्यापक उपयोग गराई बाली उत्पादकत्व वढाउन जोड दिइनेछ । रासायनिक मलको वढ्दो उपयोगवाट माटोमा पर्ने नकारात्मक असर कम गर्न यस्तो मलको सन्तुलित प्रयोग गराउन प्राथमिकता दिइने छ । यसको उपयोगमा मात्र निर्भरता

हटाउन प्राङ्गारिक मल प्रयोग र रासायनिक मलको सन्तुलित प्रयोग सम्वन्धी व्यापक प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- कृषकहरुलाई मौसम अनुसारको वालीलाई आवश्यक पर्ने मलखादको माग सङ्कलन गरी नियमितरुपमा आयात कर्ताहरुलाई उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

- कृषक स्तरमा भएको मलखाद उपयोग स्थिति, गुणस्तरको स्थिति र त्यसको उत्पादन वृद्धिमा परेको असर वारे विश्लेषणहरु गरी सूचना प्रवाह गरिनेछ ।

सेवा कार्यक्रमहरु :

कृषि प्रसार सेवा

नवौं योजना अवधिमा कृषि सेवा केन्द्रलाई सुदृढीकरण गरी उन्नत कृषि प्रविधि प्रसार तथा स्रोत केन्द्रको रुपमा विकास गर्ने र जल उपभोक्ता या कृषक समूह मार्फत उत्पादनशील सिञ्चित पकेट क्षेत्रमा प्राथमिकता दिई सम्भाव्यताको आधारमा प्याकेज कार्यक्रम परिचालन गर्नुनै कृषि प्रसारको मुख्य भूमिका रहनेछ । कृषि प्रसार कार्यक्रम विकेन्द्रीकरण सिद्धान्त अनुरुप कृषिमा संलग्न सवै सरकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वय र सहभागितामा उन्नत प्रविधिलाई कार्यान्वयन स्थल (grassroot) मा लगी स्वचालित तथा स्वस्फूर्त रुपमा परिचालन गरिनेछ । प्रसार कार्यक्रम तर्जुमा एवं कार्यान्वयन पक्षमा समेत कृषक सहभागिता बढाइ सञ्चालन गरिने प्रचार सेवा कार्यक्रम निम्न अनुसार परिचालन गरिनेछ ।

- कृषि प्रसार, सञ्चार तथा तालिम कार्यक्रमहरु दीर्धकालीन कृषि योजनाको अवधारणा अनुसार जिल्लाले तर्जुमा गरेको प्राथमिकता कार्यक्रममा केन्द्रित गरी कार्यान्वयन गरिने छ । यसका लागि जिल्लाले प्राथमिकता पकेट क्षेत्रहरु पहिचान गर्दा बाह्रै महिना सिँचाइ, सडक, विद्युत सुविधा र बजार केन्द्र भएको क्षेत्र, बाह्रै महिना सिँचाइ र सडक सुविधा भएको क्षेत्र, सडक सुविधा भएको क्षेत्र, सिँचाइ सुविधा भएको क्षेत्र र अन्य क्षेत्रलाई क्रमशः पहिलो प्राथमिकता दिने र कम सुविधा भएको क्षेत्रलाई सुविधायुक्त बनाउन जोड दिई माथिल्लो प्राथमिकतामा ल्याउन अन्य क्षेत्रहरुसँग समन्वय गराइनेगरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- दीर्घकालीन कृषि योजनाले निर्धारण गरेका प्राथमिकताका कृषि वस्तु उत्पादन र साधन परिचालनको लागि कार्यन्वयनको प्याकेज अवधारणा अनुरुप पकेट क्षेत्र विशेषका समयवद्ध स-साना आयोजनाको आधारमा वार्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

- विगतमा समूह गठन कार्यलाई कृषि प्रसारको सशक्त माध्यमको सट्टा लक्ष्यको रुपमा लिईएकोले कार्यक्रम कार्यान्वयन प्रभावकारी हुन सकेन । त्यसैले वहुसंख्यक कृषकको लागि उपयुक्त विभिन्न बालीहरुको उन्नत कृषि प्रविधि प्रसार, तिनको तुलनात्मक लाभ र बजार व्यवस्थापनको विविध पक्षहरुको प्रचार प्रसार प्याकेजको रुपमा पहिचान गरी कार्यक्रम सञ्चालन गरिनेछ । यस क्रममा समूह कृयाकलाप वढाउने, प्रदर्शनहरु समूह मार्फत गराउने र समूहमा रहने कृषकहरुलाई विभिन्न विषय क्षेत्रमा स्थान विशेषको प्राविधिक अगुवाको रुपमा विकास गरिनेछ ।

- कृषक समूहहरुको अग्रसरता र व्यवस्थापनमा उन्नत स्रोत सामग्री उत्पादन तथा कृषि सामग्री आपूर्ति स्रोत केन्द्रहरु विकास गरिने छन् । यस्ता व्यवस्थापक कृषकको कृषक समूहलाई सेवा केन्द्रका प्राविधिक र जिल्लाका विषय विशेषज्ञहरुको सेवा उपलब्ध गराई गुणस्तरीय वनाउन जोड दिइनेछ । जिल्ला स्तरमा बीउ बिजन, विरुवा र भुरा उत्पादन, रासायनिक मल र अन्य कृषि सामग्री वितरणमा कृषक समूह तथा सहकारी संस्थाहरुलाई सक्रिय वनाईनेछ । यस्ता स्रोत केन्द्रलाई कृषक तालिम थलोको रुपमा प्रयोग गरिनेछ । उत्कृष्ट व्यवस्थापकका रुपमा छानिएको

कृषकलाई समेत प्रशिक्षकको रुपमा परिचालन गराई समूह स्तरीय कृषक तालिमहरु सञ्चालन गरिनेछन् ।

- पाँच विकास क्षेत्रका पहाडका ५ र तराईका १० गरी जम्मा १५ जिल्लाका निर्दिष्ट सिञ्चित क्षेत्रमा नियमित रुपमा वर्षैपिच्छे प्रथम पुस्ताका बीउ उत्पादन गर्नको लागि कृषकहरुमा जागरण, उत्प्रेरणा र चाख सिर्जना गरी सशक्त बीउ उत्पादक कृषक समूह गठन गरिने छ । यिनै क्षेत्रमा कार्यरत प्रा.स./ना.प्रा.स, सम्बन्धित वा तोकिएको कृषि अधिकृत तथा कृषक समूहहरुलाई बीउ उत्पादन, बाली निरिक्षण, प्रशोधन, प्रमाणिकरण र विक्रि वितरण सम्बन्धी सघन तालिम दिईनेछ । यस्ता बीउ उत्पादक कृषक समूहलाई सुदृढ र सङ्गठित गर्दै स्थायी बीउ उत्पादन र वितरण संस्थाको रुपमा विकसित गरिने किसिमबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

- सक्रिय कृषक समुहलाई वा स्रोत केन्द्रलाई वा व्यवस्थापकलाई वैधानिकता दिइ उचित पुरुस्कार, सम्मान दिइनेछ । समूहको आफ्नो बचत कोष राख्ने प्रणाली विकास गरिनेछ । उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्थानीय स्रोतको सही परिचालन गराइनेछ ।

- सरकारी, गैरसरकारी र निजी क्षेत्रका निकायहरुलाई एकअर्काका सहयोगी बनाई कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक जिल्लाका कम्तिमा १० प्रतिशत कृषक परिवारलाई समूहमा आवद्ध गर्दै पांचवर्षभित्र २० प्रतिशतसम्म पुऱ्याईनेछ । यी समूहमध्ये सम्भाव्य समूहलाई क्रमशः सहकारीको रुपमा विकसित गराई स्थानीय स्रोत परिचालनमा सहभागी बनाउँदै लगिनेछ ।

- कृषि विकासमा आवश्यक पर्ने उत्पादन सामग्री र सेवाहरु प्राथमिकताका पकेटहरुमा पहिलो प्राथमिकता दिनेगरी परिचालन गरिनेछ । कृषि प्रविधिर उत्पादन सामग्रीको प्रयोग वढाउन कृषि ऋण प्रवाह पनि तदारुकताका साथ प्राथमिकता क्षेत्रमै लैजान प्रसार कार्यक्रमले आवश्यक समन्वय गर्नेछ ।

- प्रतिएकाइ उत्पादन साधन खर्च कम गर्न र उत्पादकत्व वढाउने खालका प्रविधि कृषि अनुसन्धानबाट प्राप्त गर्नमा निरन्तरता दिने, कृषकस्तरमा प्रसार र अनुसन्धानको बीच समन्वय राख्न आपसी अन्तक्रिया गराइने र कृषक, अनुसन्धानविद् र प्रसार कार्यकर्ताहरुले एक अर्काका आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

- निर्वाहमुखी खेती गर्ने कृषकहरुलाई व्यवसायमुखी गराउने र उद्यमी व्यवसायीहरुलाई बजार अन्तरक्रिया, निकासी सम्भाव्यता, स्थानीय तथा दूरस्थ बजार अवसरहरु वारे जानकारीहरु दिने खालका कृषि व्यवसाय प्रसार पद्धतिहरु पहिल्याई जानकारी गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषि विकासमा संलग्न सरकारी, गैरसरकारी र निजी क्षेत्रका संस्थाहरुवाट सञ्चालित कार्यक्रम, नीति निर्माण र प्राथमिकता निर्धारण कार्यमा एकरुपता ल्याई एकीकृत रुपमा कार्यक्रम कार्यान्वयन गरिनेछ । यस क्रममा एकअर्कालाई पुऱ्याउने सहयोग र समन्वय वारे समझदारी पत्र मार्फत कार्यान्वयनमा अघि बढ्ने व्यवस्था गरिनेछ ।

- उर्वरा कृषिभूमिको संरक्षणका लागि उपयुक्त भू-उपयोग प्रणाली नीति निर्माण गर्न सघाउ पुऱ्याइनेछ र रासायनिक मलखाद आपूर्ति व्यवस्था परिच्छेदमा उल्लेखित माटो व्यवस्था कार्यक्रम सञ्चालन गरिने छ ।

- समाजिक पक्षमा (समूह गठन, वैठक संचालन, कार्यमूलक शिक्षा आदि) कृषक समूहहरुलाई सङ्गठित एवं ऐक्यवद्ध तुल्याउने काममा गैर सरकारी संस्थाहरुसंग समन्वय विकास गरी स्थानीय स्रोत केन्द्रहरुको स्रोत साधन परिचालन गर्ने काममा समेत यस्ता संस्थाहरुको सहयोग जुटाई कृषि उत्पादन र उत्पादकत्व वृद्धिको लागि प्रावधिक सेवा सीप तथा स्थानीय क्षमता वृद्धि गरिनेछ ।

- स/ना.प्रा.स.हरुले सेवा केन्द्र र उपकेन्द्रवाट पनि उन्नत बीउ, आवश्यक बाली संरक्षण विषादी, औजार, उपकरण, सञ्चार क्यासेट, पुस्तक, वुलेटिनहरु विक्री वितरण र अन्य सशुल्क प्रावधिक सेवा उपलव्ध गराउन पाउने सुविधा प्रथम पुस्ताका बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिने १५ जिल्लाहरुवाट परीक्षणको रुपमा शुरु गरिनेछ ।

- कृषि विकास कार्यक्रमको अनुगमन, मूल्याङ्कन र सुपरीवेक्षण कार्यमा क्षेत्रीय कार्यालयहरुको प्रमुख भूमिका रहेको परिप्रेक्ष्यमा जिल्ला स्तरमा दीर्घकालीन कृषि योजनाका प्राथमिकताका कार्यक्रमहरुमा भएको प्रगति स्थितिको सामयिक सूचना प्रवाह गराउन यी कार्यालयहरुलाई प्रमुख जिम्मेवार बनाइनेछ ।

कृषि तालिम

- कृषक र कृषि प्रसार कार्यकर्तालाई खेती प्रविधि, फार्म व्यवस्थापन कृषि वजार, कृषि उद्योग व्यवसाय व्यवस्थापन, कृषकको बाली प्रणाली सम्वन्धी ज्ञान र सीपमा दक्ष गराई कृषि उत्पादनमा गुणात्मक तथा परिमाणात्मक सुधार ल्याएर स्वरोजगारका अवसरमा वृद्धि गर्न मद्दत पुऱ्याउने खालका तालिम सञ्चालन गराइनेछ । यसका लागि तालिम सामाग्रीहरुको पनि सुधार गरिनेछ ।

- तालिम कार्यक्रम दीर्घकालीन कृषि योजना अनुरुप पहिल्याएका प्राथमिकताका पकेट क्षेत्रका कार्यक्रमहरुलाई सघाउन प्राथमिकता दिनेगरी सञ्चालन गरिनेछ । कृषि तालिम केन्द्र र सहकारी प्रशिक्षण केन्द्रको तालिम कार्यक्रमहरु आपसमा परिपूरक वनाउने गरी तालिम कार्यक्रमहरु पहिचान गरी सञ्चालन गरिनेछ ।

- प्राथमिकता पकेट क्षेत्रहरुमा आवश्यकतानुसार घुम्ती तथा स्थलगत तालिम सञ्चालन गरी महिला तथा साना र सीमान्त कृषकलाई तालिममा सहभागी हुने अवसर प्रदान गरी उत्पादन क्रियाकलापमा उनीहरुको नेतृत्व र क्षमता विकास गराइनेछ ।

- केन्द्रीय तालिम केन्द्रमा प्रशिक्षक प्रशिक्षण लगायत अधिकृतस्तरको तालिम व्यवस्था गरिने छ । केन्द्रीय तालिम केन्द्रको संयोजनमा कृषि व्यवसायमा संलग्न कृषक तथा व्यापारीहरुलाई तालिम प्रदान गर्न निजी क्षेत्रलाई तालिम प्याकेजका आधारमा टेवा पुऱ्याई प्रोत्साहित गरिनेछ । तालिम विशेषगरी खेती प्रविधि, तुलनात्मक लाभका (उत्पादन खर्चमा कमी र उत्पादत्वकमा वृद्धि गरी प्रतिस्पर्धात्मक कृषि वस्तु उत्पादन) खेती प्रणाली, कृषिजन्य उद्योग व्यवसाय प्रवर्द्धन र फार्म व्यवस्थापन विषयमा केन्द्रित गरिनेछ।

- तालिम कार्यक्रममा महिला प्रशिक्षार्थीहरुको संलग्नता सुनिश्चित गरिनेछ । योजना अवधिमा महिला तालिमीहरुको अनुपात कमसेकम एक तिहाई पुऱ्याइनेछ ।

- उत्कृष्ट कृषि प्राविधिक अधिकृत तथा सहायकहरुलाई कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा उच्च अध्ययनका लागि अवसर सिर्जना गर्न विभागीय कोटा निर्धारण गर्ने र पढ्न पठाउने व्यवस्था गरिनेछ ।

कृषि सञ्चार सेवा

- बाली लगाउने प्रक्रियादेखि काट्ने, चुट्ने, खपत गर्ने, बीउ बिजन राख्ने पशुपक्षी पालन र माछा पालनका प्रत्येक तहमा अपनाउनु पर्ने वैज्ञानिक आधारहरु वारेमा कृषि सञ्चारका विभिन्न माध्यमवाट कृषकलाई जानकारी गराउन व्यापक प्रचार प्रसार गरिनेछ । कृषि सञ्चार महाशाखावाट रेडियो, भिडियो तथा प्रकाशनको माध्यमवाट प्रचार प्रसार गरिने विषय वस्तुहरुमा

वातावरण र कृषि, कृषि र वन, पशु विकास तथा बाली, तुलनात्मक लाभ, कृषि उद्योग व्यवसाय प्रवर्द्धन र आपसी अन्तर-सम्बन्धहरुमा जोड दिइने छ ।

- उन्नत खेती प्रणाली तर्फ कृषकहरुलाई जागरुक र आकृष्ट पार्न दीर्घकालीन कृषि योजनाको अवधारणा अनुरुप माटोको उर्वराशक्ति वृद्धि गर्ने, वातावरण अनुकूल बाली संरक्षण एवं पोष्टहारभेस्ट क्षति नियन्त्रण प्रविधि, स्थानीय स्रोत परिचालन, तुलनात्मक लाभका कृषि तथा पशुजन्य वस्तु उत्पादन, सक्रिय कृषक समूह तैयारी तथा उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोगी प्रविधि आदि बारे रेडियो, टेलिभिजन, पम्पलेट, पोस्टर जस्ता विभिन्न प्रसार माध्यमबाट प्रसार गरिनेछ । यसक्रममा दीर्घकालीन कृषि योजना अनुरुप जिल्लाले छनोट गरेका प्राथमिकताका पकेट क्षेत्रहरुको विकास गतिविधि र व्यावसायीकरण बारे प्रचार प्रसारमा प्राथमिकता दिइनेछ ।

- कृषि तथा पशुपक्षी र माछा पालन प्रविधि सम्बन्धी पुस्तक पत्रिकाको जानकारी एवं सूचनाको गुणस्तरमा सुधार र संख्यामा वृद्धि गरिनुको साथै वितरणमा पनि व्यापकता ल्याइनेछ । क्षेत्रीय विविधताका आवश्यकतामा जोड दिई भए गरेका कामको क्षेत्रीयस्तरबाट पनि प्रचार प्रसारमा जोड दिइनेछ ।

- कृषि सञ्चार महाशाखाबाट प्रकाशित हुने सबै प्रकारका प्रकाशनहरुमा जनचेतना जगाउने किसिमका विभिन्न क्याप्सन छाप्ने व्यवस्था गरिने छ । कृषकहरुको चाख र मागलाई ध्यानमा राखी क्षेत्र-क्षेत्रका कृषकहरुको सफलतको कथा र स्थान विशेषका प्रविधिहरुको खोज गरी विभिन्न क्षेत्रबाट तयार गरिएका वृत्त चित्रहरुको सङ्कलन र प्रशोधन गरी प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

- कृषि सञ्चार महाशाखाबाट प्रकाशित विभिन्न पत्रिका, पुस्तिका, पर्चा, फोल्डर, पोस्टर आदि सामग्रीहरु कृषकहरु समक्ष पुऱ्याउन जिल्ला पशु सेवा तथा कृषि विकास कार्यालयहरुबाट व्यवस्था मिलाईनेछ । उन्नत प्रविधि सम्बन्धी रेडियो क्यासेट तयार गरी मूलतः फिल्डस्तरका कार्यकर्ताहरुलाई उपलब्ध गराइनेछ । यस्ता सामाग्रीको प्रभावकारिता बारे जानकारी सङ्कलन र विश्लेषणका आधारमा परिमार्जन गर्दै लगिनेछ । योजना अवधिमा मुख्य खाद्यान्न, तेल र दलहनबालीको खेतीबाट माटोको उर्वराशक्ति व्यवस्थापन, एकीकृत बाली संरक्षण र दिगो आर्थिक विकास विषयका क्यासेट तयार गरी प्रत्येक जिल्लाका सक्रिय कृषक समूह मार्फत परलमूल्यमा क्यासेट बिक्री वितरण गरिनेछ ।

बीउ बिजन परीक्षण सेवा

बीउ बिजन ऐन २०४५ र नियमावली २०५४ को परिधिभित्र रही संस्थागत रुपमा कृषकलाई गुणस्तरयुक्त बीउ प्रयोगमा आवश्यक प्राविधिक सेवा पुऱ्याइने छ । पाँचवटै विकास क्षेत्रमा स्थापित क्षेत्रीय बीउ बिजन परीक्षण प्रयोगशालाबाट कृषकहरुलाई स्तरीय सेवा उपलब्ध गराउन प्रयोगशालाहरुको सुदृढीकरण गरिनेछ । केन्द्रीय बीउ बिजन प्रयोगशालाको सुदृढीकरण गरी गुणस्तर निर्धारण र नियमन कार्यलाई प्रभावकारी गराइनेछ ।

एकीकृत बाली खाद्यतत्व व्यवस्थापन सेवा

- कृषि प्रणालीमा मिल्नेगरी सीमान्त भूमि तथा कित्ता किनाराहरुमा कम्पोस्ट मल सामग्री, हरियो मल, कोशे बाली उत्पादन, बायोग्यास र जैविक मलखाद प्रयोगका लागि आवश्यक कार्यक्रहरु सञ्चालन गरिनेछ ।

- उपयुक्त स्थानहरुलाई विशेष बाली उत्पादन क्षेत्र घोषित गरी उत्पादन क्षेत्र (agro-zonation) लाई अध्ययन परीक्षणको नतिजाको आधारमा वढी व्यवहारिक वनाइनेछ । यस कार्यक्रमको निर्विकल्पता र वर्तमान अवस्थाको प्राविधिक जनशक्ति र भौतिक सुविधालाई हेरी यस्ता कार्यक्रमहरुलाई सीमित सम्भाव्य जिल्लाहरुमा पाइलट प्रोजेक्टको रुपमा कार्यान्वयन गरिनेछ । खेती योग्य जमिनमा हुने भू-क्षयवाट खाद्यतत्वहरुको समस्याको रोकथामका लागि कृषि प्रसारमा उपयुक्त प्रदर्शन कार्य सञ्चालन गरिनेछ ।

- माटो विश्लेषणवाट प्राप्त तथ्याङ्कलाई आधारगरी माटो तथा माटोको उर्वराशक्ति अनुगमन कार्य निरन्तर रुपमा सञ्चालन गरिने छ । सघन उत्पादन कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्रहरुमा माटो विश्लेषण सेवालाई अनिवार्य गरी माटो परीक्षण सेवा परिचालन गरिनेछ ।

- देशमा प्रयोग हुने विभिन्न रासायनिक मलखादको गुणस्तर अनुगमनका लागि रासायनिक मलखाद अनुगमन कार्यलाई क्रियाशील गरिनेछ । मलखाद व्यवस्थापन कार्य कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन तयार गरिनेछ । रासायनिक मललाई अत्यावश्यक वस्तुको सूचिमा राखि आपूर्ति प्रवाह वढाई उपयोग प्रवर्द्धनमा जोड दिइनेछ ।

- सिञ्चित क्षेत्रमा एकीकृत बाली खाद्यतत्व व्यवस्थापन कार्यक्रमलाई समेटी एकीकृत बाली व्यवस्थापन सिद्धान्त अनुरुप कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । माटोको उर्वराशक्ति कायम राख्न पूरकको रुपमा हरियो मल, जैविक तथा प्राङ्गारिक मलको प्रयोगमा विशेष जोड दिइनेछ ।

एकीकृत बाली संरक्षण सेवा

- वातावरण तथा जनस्वास्थमा बाली संरक्षण विषादिको प्रतिकूल असरलाई न्यून पार्न एकीकृत बाली संरक्षण कार्यक्रम लागू गरिने छ । बाली कटानीपछि हुने नोक्सानी कमगर्ने प्रविधि विकास तथा प्रसार गर्नुका साथै उपयुक्त बाली कटानी, प्रशोधन र भण्डारण उपकरणहरुको निर्माण स्थानीय कालिगढहरुवाट नै गराउन उनीहरुलाई व्यवहारिक तालिम दिई सो को आपूर्तिमा निजी क्षेत्रको संलग्नता वढाईनेछ ।

- वालीशत्रुको सर्भे सर्भिलेन्स तथा प्रभाव नक्सा तयारीका लागि आवश्यक उपरकणको व्यवस्था गरिनेछ। सालवसाली कार्यक्रममा निरन्तरता दिई कृषकको घरखेत/परिवारको माध्यमवाट तालिम र प्रदर्शन कार्य सञ्चालन गरिनेछ ।

- विषादि नियन्त्रण तथा व्यवस्थापनका लागि विषादि ऐन २०४८ कार्यान्वयन गरी विषादि पंजिकरण, आयात इजाजत पत्र प्रदान, खुद्रा विक्रेता तथा विषादि निरीक्षक तालिम जस्ता कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । विषादि गुणस्तर जाँच गर्न एक केन्द्रीय स्तरको प्रयोगशाला स्थापना गर्नेतर्फ प्रयास गरिनेछ ।

- निकासी प्रवर्द्धनको पूर्वाधारको रुपमा रहेको प्लाण्ट क्वारेन्टिन कार्यक्रमको लागि आवश्यक उपयुक्त प्रयोगशाला, जनशक्ति र भौतिक साधनको व्यवस्था गरी वैदेशिक क्वारेन्टिन र आन्तरिक क्वारेन्टिनलाई सुदृढ गरिनेछ ।

कृषि बजार व्यवस्थापन

- स्थानीय तहमा श्रोत, सामग्री आपूर्ति तथा बजार केन्द्रहरुको विकास र परिचालन गर्न कृषि वजारलाई प्रतिस्पर्धात्मक रुपमा सञ्चालन गराई उत्पादकलाई उचित मूल्य र उपभोक्तालाई आवश्यक वस्तु सुलभ तरिकाले उपलव्ध गराउनको लागि निजी क्षेत्रहरु बीच प्रतिस्पर्धा गर्न प्रोत्साहन गरिनेछ । उत्पादक तथा उपभोक्ताहरुलाई कृषि बजार सम्वन्धी आवश्यक सूचना प्रवाह

गराईनेछ । यसमा कृषि प्रसार कार्यक्रमले व्यवसायी कृषक र उद्योगहरुबीच अन्तरक्रिया गराई समन्वय ल्याउन जोड दिनेछ ।

- बजार सूचना पद्धतिलाई सुदृढ पार्न जिल्ला कृषि विकास कार्यालयहरुवाट सङ्कलित कृषि जन्य वस्तुको थोक, खुद्रा र सीमावर्तिय र उत्पादन स्थल (फार्मगेट) मूल्य आदि सङ्कलन तथा प्रशोधन गरी विभिन्न बजार केन्द्रहरुमा प्रचलित मूल्यको सूचना प्रवाह गर्नुको साथै मागको प्रवृत्ति, बजारमा आएको परिमाण, मौज्दात स्थिति, शीत भण्डारको अवस्था तथा क्षमता उपभोक्ताको क्रय शक्ति तथा रुची, गोदामको अवस्था तथा क्षमता जस्ता विषयमा नियमित रुपले छिटो सञ्चारको माध्यमद्वारा भरपर्दो सूचना लक्षित समूहलाई उपलब्ध गराइनेछ ।

- स्थानीय स्तरमा सञ्चालित हाट वजारलाई सुदृढ गर्दै आवश्यकता अनुसार विभिन्न जिल्लामा नयाँ हाट बजारहरुको सम्भाव्यता अध्ययन गरी स्थानीय अग्रसरतामा हाट बजारहरुको स्थापना गराइनेछ । यस्ता बजार सञ्चालन समूह तैयार गरी स्थानीयस्तरवाट सञ्चालन गरिनेछ । ग्रेडिङ्ग, प्याकिङ्ग र ढुवानीको अवस्थामा सुधार गराई नोक्सानी कम गराउने विषयमा प्राविधिक टेवाहरु पुऱ्याइनेछन् । कृषि उत्पादनको स्थिति हेरी विशेषतः प्रशोधन, प्याकेजिंग र गुणस्तर अभिवृद्धि गर्ने खालका स-साना उद्योग गाउँमै स्थापना गर्न व्यापारी र कृषक समूह समेतलाई स्थान विशेषको टेवा प्याकेज पहिचान गरिनेछ र यसमा टेवा पुऱ्याई प्रोत्साहित गरिनेछ । यसवाट ग्रामीण क्षेत्रमा क्रमशः थप रोजगारीको अवसर उपलब्ध हुनेछ ।

- कृषि उपजको मुख्य उत्पादन समयमा मूल्य ज्यादै कम हुने र वेमौसममा निकै वढ्ने प्रवृत्तीलाई कम गर्न निजी क्षेत्रमा शीत भण्डार तथा गोदामको उचित व्यवस्था गरिने छ । यसको लागि विद्युतमा सुविधाका साथै प्राथमिकता दिई उपलब्ध गराईनेछ ।

- उत्पादन पकेट क्षेत्रहरुलाई सडक सुविधा उपलब्ध गराउँदै लैजान उत्पादन क्षेत्रहरुमा कृषि सडक निर्माणमा प्राथमिकता दिईनेछ । नवौं योजना अवधिमा दीर्घकालीन कृषि योजनाको आवद्धित कार्यक्रम सञ्चालन अवधारणा अनुरुप उत्पादन पकेट क्षेत्रहरुलाई बजार केन्द्र र नगिचको सडकसंग जोड्न आवश्यक क्षेत्रमा कृषि सडक निर्माणमा प्राथमिकता दिइनेछ ।

<u>महिला सहभागिता</u>

खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धि कार्यक्रममा विशेषगरी बीउ उत्पादन, प्रशोधन र वितरण कार्यमा महिला कृषकहरुको ज्ञान र सीपको विकास गरी उनीहरुलाई प्राथमिकता दिई उद्यमीको रुपमा विकास गर्दै लगिनेछ । उत्पादन पश्चातका क्रियाकलापहरुमा र बजार सञ्चालनमा महिला संलग्नता वढाईनेछ । हाट बजार र बजार क्षेत्र निर्माण र सञ्चालनमा कम्तीमा १० प्रतिशत महिला समूहवाट प्रतिनिधित्व गराइनेछ । तालिम कार्यक्रममा योजनाका अन्तसम्ममा एक तिहाई प्रशिक्षार्थी महिला हुनपर्ने व्यवस्था गरिनेछ ।

उत्पादन कार्यक्रम :

खाद्यान्नको हालको राष्ट्रिय उत्पादकत्व स्थिति र अनुसन्धान फार्म, केन्द्र र अन्तर्गत सञ्चालित विशेष उत्पादन कार्यक्रमवाट प्राप्त उत्पादकत्व र बाली सघनताको स्थिति हेर्दा मुख्य खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गर्नसकिने निकै सम्भावना रहेको देखिन्छ तर उत्पादकत्व वृद्धि गर्न मौजुदा स्रोत साधन र सिँचाइ सुविधा, बाटोघाटो, उन्नत बीउ को प्रयोग र प्राविधिक सेवाको स्थितिलाई हेर्दा यो कार्य निकै जटिल नै छ तापनि वहुसंख्यक नेपालीको आर्थिक स्थिति सुधार गर्न यो जटिलतालाई सुल्झाउन आवश्यक छ । यसकालागि कृषि क्षेत्रको विकासका साथै परिवार नियोजन, स्वास्थ्य सेवा र अन्य शैक्षिक कार्यक्रम पनि तीब्रताका साथ सञ्चालन गरिनु आवश्यक छ । दीर्घकालीन कृषि योजनाले औंल्याएका अवधारणा र रणनीति अंगाली उपलब्ध सिँचाइ क्षेत्र, प्रविधि र बाटोघाटोको उपयोगवाट

खाद्यान्न तथा नगदेबाली दुवैको उत्पादन वृद्धि गरेर व्यापकरुपमा त्यस को अनुशरण असर अन्य क्षेत्रमा समेत पर्न सक्ने वातावरण तयार गरिनेछ ।

उत्पादकत्व वृद्धिमा असर पार्ने सिँचाइ, मल, उन्नत बीउ , वजार, रोगकीरा नियन्त्रण, माटोको उर्वरा शक्ति व्यवस्थापन पक्षलाई एकीकृत प्याकेजका रुपमा सञ्चालन गरेमा खाद्यान्न उत्पादन सजिलै वृद्धि गर्न सकिन्छ । तसर्थ नवौं योजना अवधिमा जिल्ला स्तरमा खाद्यान्न तथा नगदेबाली उत्पादन कार्यक्रम सडक र सिँचाइ ं सुविधा निश्चित भएका क्षेत्रमा प्राथमिकता दिई सञ्चालन गरिने छ । मुख्यतया उपलब्ध सिञ्चित क्षेत्रमा उन्नत प्रविधि र रासायनिक मलको प्रयोगवाट उत्पादकत्व र बाली सघनता वृद्धि गरिने छ । उपरोक्त अवधारणा अन्तर्गत रही मुख्य मुख्य बाली उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रमहरु प्राथमिकता प्राप्त र अन्य कार्यक्रमको रुपमा सञ्चालन गरिनेछन् ।

- **प्राथमिकता प्राप्त उत्पादन कार्यक्रमहरु :**

धान वाली

नेपालीहरुको खाना संरचनामा महत्वपूर्ण स्थान ओगटेको चामलको स्रोत धानबालीको ५० प्रतिशत भन्दा बढी कृषि जमिनमा खेती गरिन्छ । कुल उत्पादनको लगभग ७४ प्रतिशत धान उत्पादन तराई क्षेत्रमा गरिन्छ । करीव २५ वर्षअघि १२ लाख ४० हजार हेक्टर जमिनमा मात्र धान खेती गरिन्थ्यो भने आठौं योजनाको अन्तसम्ममा १५ लाख ५ हजार हेक्टरमा धान खेती भई करिव ३७ लाख मे.टन उत्पादन भएको छ । धानमा करिव ४२ नयां धान जात सिफारिस भएका छन् । आठौं योजनाको आधार वर्षमा उत्पादकत्व २.३४ मे.टन प्रति हेक्टर थियो भने अन्तिम वर्षमा प्रति हेक्टर २.४६ रही योजना अवधिको औसत २.४२ मे.टन प्रति हेक्टर रहेकोछ ।

नवौं योजनाको अन्त्यसम्म धानको उत्पादकत्व सिञ्चित क्षेत्रमा आधार वर्षको २.७४ मे.टन वाट ३.३५ र असिञ्चित क्षेत्रमा १.८७ मे.टन वाट १.९१ मे.टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य रहेको छ भने कुल धान उत्पादन सिञ्चित र असिञ्चित दुवै क्षेत्र गरेर ५० लाख मे.टन पुऱ्याउने लक्ष्य रहेको छ । हालको कृषकवाट कृषकसम्म उन्नत बीउ प्रसारण प्रकृयावाट करिव ५८ प्रतिशत उन्नत बीउले ढाकेको क्षेत्रफल भएको अनुमान गरिएता पनि त्यस्ता बीउ स्तरीय नहुँदा उत्पादकत्वमा उल्लेखनीय वृद्धि भएको देखिदैन । त्यसैले नवौं योजनाको अन्तिम वर्षसम्म करिव ७५ प्रतिशत क्षेत्रफलमा प्रमाणित बीउ को पहिलोदेखि चौथो पुस्तासम्मका स्तरीय उन्नत बीउले ढाकिने लक्ष्य राखिएको छ । आठौं योजनाको अन्त्यसम्म उपलब्ध हुनसकेको वर्षायाम सिञ्चित क्षेत्र र वसन्तेयाम सिञ्चित क्षेत्रमा उत्पादकत्व, बाली सघनता र बीज वृद्धि कार्यक्रमहरु सञ्चालन गरिने छन् । अन्य असिञ्चित क्षेत्रमा भने उन्नत बीउ प्रसारण, रासायनिक मल र माटोको उर्वरा शक्ति कायम गर्ने तथा चिस्यान संरक्षण गर्ने प्रविधि प्रसारण, र एकीकृत बाली संरक्षण प्रविधि अपनाइ उत्पादकत्व वृद्धि गरिनेछ ।

मकै वाली

धान वालीपछि उत्पादन, क्षेत्रफल र खाद्य वस्तु संरचनाको दृष्टिकोणवाट मकै दोश्रो मूख्य बाली हो । पहाडी क्षेत्रमा ७५ प्रतिशतभन्दा बढी उत्पादन हुने यो बालीको उत्पादन र उत्पादकत्व दुवैमा सुधार हुनु जरुरी छ । मकैबालीमा सामान्यतया उन्नत बीउ, रासायनिक मल र बाली संरक्षण प्रविधि अपनाएर उत्पादकत्व वृद्धि गर्नसकिने सम्भावना छ । कुल उत्पादन वढाउन सिञ्चित क्षेत्रमा हिउँदे र वसन्ते मकैको सघन खेतीमा जोड दिनु आवश्यक छ ।

आठौं योजनाको अन्तिम वर्षमा मकैको क्षेत्रफल ७ लाख ९३ हजार हेक्टरवाट उत्पादन १३ लाख १२ हजार मे.टन भएको थियो भने उत्पादकत्व प्रति हेक्टर १.६५ मे.टन रहयो । रासायनिक मलको उपयोग र उत्पादकत्व वृद्धि प्रविधि प्रयोग गरी नवौं योजनाको अन्तसम्ममा वर्षे मकैको उत्पादन १५ लाख २१ हजार मे.टन र उत्पादकत्व आधार वर्षको १.६३ वाट १.९२ मे.टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य राखिएको छ भने वसन्ते मकैको उत्पादन ७९ हजार मे.टन हुने अनुमान छ र उत्पादकत्व आधार वर्षको १.७० वाट २.२५ मे.टन पुऱ्याइने लक्ष्य छ । त्यस्तै पहिलोदेखि चौथौं पुस्ताको उन्नत बीउले ढाक्ने क्षेत्रफल हालको करिव २० प्रतिशतवाट नवौं योजना अवधिभरमां बीज वृद्धि कार्यक्रमको व्यापकतावाट करिव ७५ प्रतिशत क्षेत्रफलसम्म पुऱ्याइने छ । निजी क्षेत्रवाट प्रचार प्रसारमा ल्याइएको मकैको वर्णशंकर बीउ (hybrid seed) र बेबी कर्न (baby corn) उत्पादन कार्यलाई प्रोत्साहन गर्न प्राविधिक सेवा उपलव्ध गराउने व्यवस्था गर्दैलगिने छ र देशभित्रै वर्णशंकर जातका बीउहरु उत्पादन गर्ने कार्यको पनि थालनी गरिने छ । साधारणतया तराईका सिँचाइ सुविधा नभएका क्षेत्रमा मकैलाई पशुदाना र हरियो घाँसको रुपमा प्रयोग गर्नको लागि बढि जोड दिइनेछ ।

गहुँ वाली

गहुँको खेती वढ्दै गइरहेको परिप्रेक्ष्यमा शुरुदेखि नै उत्पादकत्व वृद्धि गर्नेतर्फ विशेष जोड दिईनेछ । खाद्यान्न वालीमा तेश्रो स्थान ओगट्ने यो बालीको आठौं योजनाको अन्तिम वर्ष ६ लाख ६५ हजार हेक्टरमा खेती भई १० लाख ५६ हजार मे.टन उत्पादन भएको थियो भने उत्पादकत्व १.५९ मे.टन मात्र रहयो । अध्ययन परीक्षणहरुवाट यस्को उत्पादन र उत्पादकत्व वृद्धि गर्नसकिने सम्भावना टड्कारो रुपमा देखिएको छ ।

नवौं योजनामा सिञ्चित क्षेत्रमा हुने गहुँ खेती आधार वर्षको करिव ८५ हजार हेक्टरबाट वृद्धि गरी अन्तिम वर्षमा १ लाख ६० हजार हेक्टर पुऱ्याइने छ भने असिञ्चित क्षेत्रतर्फ ५ लाख ८० हजार हेक्टरवाट ५ लाख ४८ हजार हेक्टरमा घटाइने छ । यस अवधिमा उपर्युक्त क्षेत्रको उत्पादकत्व क्रमश: आधार वर्षको २.५० र १.४५ वाट २.७७ र १.५६ मे.टन प्रति हेक्टर पुऱ्याई उत्पादन ४ लाख ४३ हजार मे.टन र ८ लाख ५७ हजार मे.टन पुऱ्याइने छ । यसरी कुल उत्पादन १३ लाख मे.टन पुग्ने छ । योजनाको अन्तिम वर्षसम्ममा उन्नत बीउ ले ढाकेको क्षेत्रफल हालको करिव ५० वाट ७५ प्रतिशतसम्म पुऱ्याइनेछ ।

आलु वाली

आलु उच्च पहाडी जिल्लाहरुमा मुख्य खाद्य श्रोतको रुपमा खेती गरिदै आएको महत्वपूर्ण बाली हो । हाल उच्चपहाड, पहाड, तराई र भित्री मधेस सवै क्षेत्रमा आलु नगदेबालीको रुपमा स्थापित हुदै आइरहेको छ । यो बाली कृषकहरुको आय वृद्धि गर्ने, रोजगारी दिने र महत्वपूर्ण खाद्य श्रोतको रुपमा स्थापित हुदै गएकोले यसको उत्पादन, उत्पादकत्व र क्षेत्र विस्तार गर्नु अत्यावश्यक छ । आठौं योजनाको आधार वर्षमा ८५ हजार हेक्टरमा खेती भई ७ लाख ३३ हजार मे.टन आलु उत्पादन भएको थियो भने आठौं योजनाको अन्तमा यो उत्पादन १ लाख १० हजार हेक्टरमा खेती भई ९ लाख ६१ ह्जार मे.टन उत्पादनस्तर पुगेको छ र उत्पादकत्वस्तर आधार वर्षको ८.५९ मे.टन प्रति हेक्टर वाट ८.७६ मे.टन पुगेको छ । नवौं योजनामा आलु वाली क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि कार्यक्रम सम्भाव्य पकेट क्षेत्रहरुमा सञ्चालन गरिने छ । उत्पादन वृद्धिका लागि १ लाख ४० हजार हेक्टरमा खेती गरिने लक्ष्य रहेको छ भने उत्पादकत्व वृद्धितर्फ आ.व. २०५३/५४ को ८.७६ मे.टनवाट ९.२९ मे.टनमा पुग्ने अनुमान छ । यसवाट कुल आलु उत्पादन नवौं योजना अवधिको अन्तिम वर्षमा १३ लाख मे.टन पुग्नेछ ।

आलु उत्पादन कार्यक्रमको प्राथमिकता विशेषत सिञ्चित क्षेत्रमा केन्द्रीत गरिने छ भने असिञ्चित क्षेत्रमा उन्नत बीउ बाली संरक्षण प्रविधि अपनाइ उत्पादकत्व वृद्धि गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

आलु प्रशोधनमा निजी क्षेत्रलाई अग्रसर गराइने छ । स्वस्थ्य आलु बीउ उत्पादन कार्यक्रम टिस्यूकल्चर र विया बीउ आलु उत्पादन गरी उन्नत बीउ प्रयोगमा विस्तार गरिनेछ । आलु सञ्चयमा देखा परेका समस्या, शीत भण्डारणको अभाव र कृषकले उचित मूल्य नपाउने जस्ता समस्याहरुमा सरकारी र निजी क्षेत्रको समझदारीवाट सुल्झाउँदै लगिनेछ ।

अन्य कार्यक्रमहरु :

कोदो, जौ र अन्य सहायक बाली

कोदो, जौ, फापर जस्ता असिञ्चित क्षेत्रमा खेती गरिने सहायक बालीमा स्थानीय जातको छनौट प्रविधिवाट असल गुणस्तरयुक्त बीउ र बाली व्यवस्थापनमा ध्यान पुऱ्याई उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । वियर र विस्कुट उद्योगको माग अनुसार जौ बालीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जात छनौट र प्रचार प्रसारमा जोड दिइनेछ ।

दालबाली

माटोको स्थिति सुधारको लागि उपयोगी सिद्ध भएको दालबाली बहुसंख्यक नेपालीहरुको प्रोटिन आपूर्तिको सस्तो र सुलभ स्रोत हो । यस्को आन्तरिक र वाह्य बजारमा ठूलो माग भएको हुँदा स्तरीय र आवश्यक परिमाणमा उत्पादन गर्नसकेमा निर्यात गर्नसकिने सम्भाव्यता पनि छ । दालबालीहरुमा मुख्य स्थान ओगट्ने मास, मुसुरो, चना, भटमास र रहर बाली नै प्रमुख रुपमा रहेका छन् । यस्को उत्पादकत्व वृद्धि गर्न उन्नत एवं स्थानीय जातको छनौट र एकीकृत बाली संरक्षण कार्यक्रम संचालनमा जोड दिइनेछ । तराईका वर्षामा सिञ्चित हुने तर हिउँदमा सिँचाइ हुननसक्ने क्षेत्रमा अघिल्लो बालीको चिस्यानवाट मुसुरो खेती गर्नसकिने भएकोले त्यस्ता क्षेत्रमा मुसुरो खेती विस्तार गरी बाली सघनता र उत्पादन वृद्धि गरिनेछ । नवौं योजना अवधिमा दालको उत्पादकत्व भने आ.व. २०५३/५४ को प्रति हेक्टर ०.७२ मे.टनवाट ०.९० मे.टन प्रति हेक्टर पुऱ्याईनेछ ।

नगदे बाली

कृषिजन्य उद्योगका लागि कच्चा पदार्थको आपूर्ति गर्न र कृषकको दैनिक जीवनयापनको लागि चाहिने उपभोग्य वस्तु खरिदको लागि आवश्यक पर्ने नगद आय तथा रोजगारी समेत प्रदान गर्नमा परम्परा देखिनै नगदेवालीले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यस परिप्रेक्ष्यमा उखु, तोरी, वदाम, जूट, कपास र सुर्ती जस्ता मुख्य नगदेबाली तथा स्थान विशेषमा महत्व राख्ने लट्टे, जूनेलो, मुरलीमकै, भुसेतील जस्ता वालीहरु माग प्रधान हुने भएकाले कृषि जन्य उद्योग व्यवसायको आवश्यकता र निकासी सम्भाव्यता समेतको दृष्टिवाट आवद्ध गरी कार्यक्रमहरु सञ्चालन गरिनेछन् । उत्पादन सामग्री कृषिऋण, प्राविधिक सेवाटेवाहरु स्थान विशेषको महत्व अनुसार त्यस्ता उद्योग र निकासी व्यवासायीहरु समेतको समन्वयमा परिचालन गरिनेछ ।

तेलहन

सर्वसाधारण नेपालीको दैनिक आहारमा आवश्यक पर्ने चिल्लोपदार्थको मात्रा पुरा गर्न र अन्तर्राष्ट्रिय क्षेत्रमा यस बालीको वढ्दो माग समेतलाई दृष्टिगत गर्दा तेलबाली विकासमा विशेष कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक छ भने देशभित्रकै वनस्पती ध्यू उद्योगको लागि पनि यस वालीले कच्चापदार्थ आपूर्तिमा ठूलो सहयोग पुऱ्याउंदछ । आ.व. २०५३/५४ सम्म नगदेबालीको कुल २ लाख ५० हजार हेक्टरमध्ये १ लाख ८५ हजार हेक्टर क्षेत्रफल तेलवालीले ओगटेको देखिन्छ । आठौं योजनाको

अन्तिम वर्षमा १ लाख १९ हजार मे.टन तेलहन उत्पादन भएको छ र आन्तरिक माग पूरा भएमात्र पनि वार्षिक रु. ४० देखि ५० करोड मूल्य वरावरको विदेशी मुद्रा वचत भै अन्यक्षेत्रको विकासमा सहयोग पुऱ्याउन सकिनेछ । तेलबालीमा उन्नत बीउ आपूर्ति समस्या रही नै रहेको छ। अतः नवौं योजना अवधिमा उन्नत गुण स्तरयुक्त बीउ आपूर्ति कार्यक्रमलाई विशेष ग्राह्यता साथ सञ्चालन गरिनेछ । आधार वर्षको १ लाख १९ हजार मे.टनवाट नवौं योजनाको अन्तिम वर्षमा कुल उत्पादन १ लाख ५५ हजार मे.टन र उत्पादकत्व प्रति हेक्टर ०.८४ मे.टन पुऱ्याइनेछ ।

उखु

उखु एक प्रमुख नगदेबाली हो र यसवाट अधिराज्यमा स्थापित चिनी कारखाना, खाँडसारी तथा सख्खर मिलका लागि कच्चा पदार्थको आवश्यकता परिपूर्ति गर्नमा सहयोग पुगिरहेको छ । आठौं योजनाको अन्तिम वर्षमा प्रति हेक्टर ३५.२६ मे.टन उत्पादकत्व हासिल भइ १६ लाख २२ हजार मे.टन उत्पादन भएको छ । नवौं योजनामा उत्पादन २१ लाख मे.टन र उत्पादकत्वस्तर ४३.७५ मे.टन पुऱ्याइनेछ । यस बालीको उत्पादकत्व मुख्यतया रासायनिक मल र उन्नत जातको प्रयोगमा वढावा दिई कुल उत्पादनमा वृद्धि गरिने छ । उखु उत्पादक कृषक र चिनी तथा खाँडसारी कारखानाहरु बीच वेलावखतमा अन्तरक्रिया गराई चिनी कारखानाको आवाश्यकता र उत्पादन संभाव्यताको उपयोग वारे उत्पादन र खरीद योजना वनाउन लगाई उखूको बजार सुनियोजित गरिनेछ ।

सुर्ती

सुर्ती बालीले पनि राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याएको छ । विशेषगरी मध्य तराई क्षेत्रका बारा, पर्सा र रौतहट जिल्लाका निम्न आय भएका कृषकहरुको आर्थिक स्थिति सुधार गर्नमा यो बालीको भूमिका महत्वपूर्ण देखिन्छ तर हालको परिप्रेक्षमा सुर्ती विकासका लागि व्यवस्थित पहल गर्न नसक्नु, गुणस्तरीय उत्पादकत्व वढाउने गरी प्रविधि प्याकेज पुऱ्याउन नसकिनु र उचित वजारभाउ नपाउनु, जस्ता कारणवाट यो बालीको उत्पादन र उत्पादकत्वमा ह्रास आईरहेको छ । फलस्वरुप आठौं योजनाको अन्तिम वर्षसम्म कुल उत्पादन ५ हजार १२० मे.टन भएको देखिन्छ भने उत्पादकत्वको स्थिति प्रति हेक्टर ८३३ के.जी रहेको छ । विगतमा देखिएका विसंगति कमी कमजोरीहरुलाई समाधानको बाटो पहिल्याई नवौं योजना अवधिमा सुर्ती मूल्यको समसामयिक रुपमा पुनरावलोकन गर्ने, सुर्ती प्रशोधनमा आवश्यक इन्धन समस्या समाधान गर्ने, सुर्ती खेती गर्ने कृषकको लागि आवश्यक बीउ र मल समयमै उपलव्ध गराउने व्यवस्था मिलाई स्वदेशी चुरोट र विडी उद्योगको आवश्यकता अनुरुपको गुणस्तर र परिमाणलाई देशभित्रवाट पूर्ति गर्ने लक्ष्य राखी हालको ५ हजार मे.टनवाट कुल उत्पादन ६ हजार ५०० मे.टन र उत्पादकत्व प्रति हेक्टर १.०८ मे.टन पुऱ्याइनेछ ।

कपास

आ.व. २०२९/३० सालमा बाँकेमा कपास अनुसन्धान कार्यक्रमको रुपवाट सुरु भै हाल कपास विकास समिति अन्तर्गत कपास विकास कार्यक्रम सञ्चालन भैरहेको छ । कपास विकासलाई प्राथमिकता दिंदादिंदै पनि कपासको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिएको छैन । कपासको खेती प्रविधिमा रोग कीराको प्रकोप बढी हुने र बढी विषादी प्रयोग गर्नुपर्दा खर्चिलो हुनगै तुलनात्मक लाभ पनि आकर्षक हुन सकेको छैन । आवश्यक बाली संरक्षण प्रविधि पनि पुऱ्याउन सकिएको छैन । आठौं योजना अवधिमा करिव ४ हजार हेक्टर जमिनमा कपास उत्पादन गर्ने लक्ष्य राखिएकोमा अन्तिम वर्षमा करिव २ हजार ३०० हेक्टरमा मात्र खेती विस्तार गर्न सकिएको छ । त्यस्तै उत्पादकत्व १.४७९ मे.टन प्रति हेक्टर पुऱ्याइने लक्ष्य रहेकोमा ०.७० मे.टन मात्र हासिल हुन सक्यो । यस स्थितिलाई समेत विचार गरी नवौं योजनामा कपास खेती ४ हजार हेक्टरमानै सीमित गरी उत्पादकत्व सुधारमा जोड दिइनेछ र उत्पादकत्व प्रति हेक्टर १.१८ मे.टन पुऱ्याइने छ । उत्पादन लागत घटाउने प्रविधि विकास, सन्तुलित रासायनिक मलको प्रयोग र उन्नत बीउ बिजन को प्रयोगमा बढी जोड दिइने छ । एकीकृत बाली

संरक्षण कार्यक्रमलाई विशेष जोड दिदै ठाउँ सुहाउँदो कपासको जातको विकास गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न कपास अनुसन्धान कार्यक्रमलाई अघि बढाईनेछ ।

जुट

पूर्वाञ्चल विकास क्षेत्रको मुख्यतया मोरंग, सुनसरी, झापा, सप्तरी र उदयपुरमा जुट उत्पादन गरिन्छ भने बीउ को लागि मध्यमाञ्चल र पश्चिमाञ्चलका तराई क्षेत्र उपयुक्त पाइएका छन् । हाल नेपालमा खेती गरिने जूटका जातहरुको उत्पादकत्व धेरै कम रहेको र प्रतिस्पर्धात्मक मूल्यको कमीले ठोस आकर्षण नहुँदा आठौं योजना अवधिमा उत्पादनमा सुधार हुनसकेन । आठौ योजनाको अन्तिम वर्ष आ.व. २०५३/५४ मा उत्पादन १४ हजार मे.टन भयो भने उत्पादकत्व पनि प्रति हेक्टर १.२७ मे.टन रहयो । तसर्थ नवौं योजनामा जूटको अधिकतम उत्पादन वृद्धिका लागि कृषकस्तरमा जुट उत्पादक कृषक समूहको गठन गरी आवश्यक सहयोग उपलब्ध गराउन जुट मील व्यवसायी संघलाई अभिप्रेरित गर्दै लगिनेछ । साथै, कृषक स्तरमा जुट उत्पादनको नयाँ प्रविधि प्रवाह गर्न प्रा.स/ना.प्रा.स. हरुलाई विशेष तालिमको व्यवस्था गरिनेछ । हाल भैरहेको जुट मिलहरुको कच्चा पदार्थ उपभोग गर्नसक्ने क्षमता अनुरुपको माग पूरा गरी निर्यात समेत गर्नसक्ने अवस्थामा पुऱ्याउने उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ । यसरी योजना अवधिमा जुट उत्पादन १८ हजार मे.टन पुऱ्याइनेछ भने उत्पादकत्व प्रति हेक्टर १.६४ मे.टन पुग्ने छ ।

प्रमुख भौतिक लक्ष्य :

नवौं योजनामा प्रमुख बालीले ढाक्ने क्षेत्रफल, उत्पादन र उत्पादकत्व स्थिति तालिका ६ मा दिइएको छ ।

अनुगमन तथा मूल्याङ्कन :

जिल्लास्तरमा गठन हुने जिल्ला कृषि विकास समिति र कार्यक्रम कार्यान्वयन समितिले आवश्यक उत्पादन तथा उत्पादकत्व वृद्धिका पकेट क्षेत्र पहिचान, कार्यक्रम तर्जुमा, प्याकेज कार्यक्रम परिचालन उपलब्ध साधन र श्रोतको प्राथमिकता कार्यक्रममा प्रवाह भए नभएको अनुगमन गर्नेछन् । क्षेत्रस्तरमा क्षेत्रीय कार्यालयहरु र केन्द्रमा विभागले अनुगमन गर्नेछन् । प्रमुख कृषि बालीहरुको सघन खेती गराई बाली सघनता वृद्धि र उत्पादकत्व वृद्धिबाट हुने कुल उत्पादनको भौतिक लक्ष्यहरु तालिका ६ मा दिइएको छ । यसबाट योजना अवधिको लागि बाली क्षेत्रको वृद्धिदर हासिल हुने अनुमान छ । यो लक्ष्य हासिल गर्न जिल्लास्तरमा संस्थागत समन्वयमा सुधार गर्ने, जनशक्तिको क्षमता विकास गर्ने र आवश्यक थप जनशक्तिको परिचालन गर्ने कार्यहरु प्रभावकारी बनाई कार्यक्रमलाई गति दिइनेछ ।

बाली सघनता र उत्पादकत्व वृद्धि कार्यक्रमतर्फ विशेष गरी कृषकसमूहको कार्यक्रम, बचत रकम र समूहको स्थायित्व, प्रति एकाइ उत्पादन र उत्पादकत्व वृद्धिको स्थिति (आँकडा) र बाली सघनता वृद्धि स्थिति, रासायनिक मल, उन्नत बीउ, कृषिऋणको स्थानीय माग र आपूर्तिको स्थिति, दीर्घकालीन कृषि योजनाको प्राथमिकता अनुरुप पकेट क्षेत्र विशेषको आयोजनाको आधारमा प्याकेज कार्यक्रम सञ्चालन, कृषक समूहको आवश्यकता र प्राथमिकता अनुसार आवश्यकता परिपूर्तिमा भएका कार्यक्रम र साना तथा सीमान्त कृषकलाई उपलब्ध गराएको सेवा सुविधाहरु, कृषि उत्पादन वृद्धि कार्यक्रममा महिला संलग्नता वृद्धि, सिञ्चित क्षेत्रको विकास, सिँचाइ पानीको उपलब्धता स्थिति, ट्युबवेल जडान र प्रयोग संख्या, तोकिएका भौतिक लक्ष्य अनुसार भए गरेका प्रगति र तिनको प्रभाव जस्ता बुंदाहरुमा अनुगमन तथा मूल्याङ्कन गर्न जोड दिइने छ ।

अपेक्षित प्रमुख उपलब्धी :

प्रमुख वालीहरुको सघनता हालको १६० वाट १७२ प्रतिशत पुग्न जानेछ । प्रमुख खाद्यान्न १८ लाख ४७ हजार मे.टन थप उत्पादन हुनेछ । उत्पादकत्वमा पनि प्रति हेक्टर ४१७ के.जी. थप हुन जानेछ । प्रमुख नगदेवालीहरुमा ५ लाख २३ हजार मे.टन थप उत्पादन हुनेछ र उत्पादकत्वमा प्रति हेक्टर १.९५५ मे.टन थप हुनेछ । प्रमुख खाद्यान्नमा प्रत्येक चारवर्षपछि प्रथम पुस्ताको उन्नत बीउले निर्धारित क्षेत्रमा चौथो पुस्ताको बीउलाई पुनः प्रतिस्थापन गर्ने चक्र प्रणाली व्यवस्थाको विकास हुनेछ ।

बाली क्षेत्रमा रासायनिक मलको खपत २०५३/५४ को १८ के.जी. प्रति हेक्टर उपयोगलाई क्रमशः वढाउदै योजनाको अन्तिम वर्षसम्म ४९ सम्म पुग्ने अनुमान छ । सम्बन्धित पक्षहरुबीच समझदारी पत्रका आधारमा समन्वयात्मक रुपमा प्याकेज अवधारणामा कार्यक्रम कार्यान्वयन पद्धतिको शुरुवात हुने छ । ग्रामीण क्षेत्रमा सघन खेतीको वृद्धि भएवाट उत्पादन र उत्पादन पश्चातका बजार लगायत भण्डारण र अन्य प्रशोधन र प्याकेजिंग समेतका गतिविधि वढ्नगई रोजगारी अवसरमा पनि वृद्धि हुनेछ ।

तालिका ६

नवौं योजनामा प्रमुख कृषि बालीको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व प्रक्षेपण

एकाइ क्षेत्रफल हजार हेक्टर, उत्पादन हजार मे.टन
उत्पादकत्व : मे.टन हेक्टर

वाली	आ.व. २०५३।५४ को स्थिति	आ.व. २०५८।५९ को प्रक्षेपित लक्ष्य

	क्षेत्रफल	उत्पादन	उत्पादकत्व	क्षेत्रफल	उत्पादन	उत्पादकत्व
प्रमुख खाद्यान्न	**३२६२**	**६३९५**	**१.९६०**	**३४६८**	**८२४२**	**२.३७७**
धान	**१५०५**	**३६९९**	**२.४५८**	**१६३२**	**५०००**	**३.०६४**
वर्षे सिञ्चित	९४५	२५८८	२.७३९	११८७	३९७३	३.३४७
चैते सिञ्चित	८०	२११	२.६३७	१२०	४०६	३.३८०
असिञ्चित	४८०	९००	१.८७५	३२५	६२१	१.९११
मकै	**७९३**	**१३१२**	**१.६५४**	**८२९**	**१६००**	**१.९३०**
वर्षे	७६९	१२७१	१६३६	७९४	१५२१	१.९१५
वसन्ते ।हिउंदे	२४	४१	१.७००	३५	७९	२.२५०
गहुँ	**६६५**	**१०५६**	**१.५८८**	**७०८**	**१३००**	**१.८३६**
सिञ्चित	८५	२१३	२.५०६	१६०	४४३	२.७६९
असिञ्चित	५८०	८४३	१.४५०	५४८	८५७	१.५६०
कोदो	**२६०**	**२८९**	**१.१११**	**२६०**	**३००**	**१.१५४**
जौ	**३९**	**३९**	**१.०००**	**३९**	**४२**	**१.०७७**
आलु	**११०**	**९६१**	**८.७६०**	**१४०**	**१३००**	**९.२८६**
दाल	**३१३**	**२२४**	**०.७१६**	**३३४**	**३००**	**०.८९८**
मुसुरो	**१५८**	**११६**	**०.७२४**	**१७९**	**१८१**	**१.०११**
तराई	१४९	१०९	०.७३२	१७०	१७५	१.०२९
पहाड	९	७	०.७७७	९	९	१.०००
अन्य दाल	१५५	१०८	०.६९७	१५५	११६	०.७५०
नगदे वाली	**२५०.३**	**१७६१.६**	**७.०३८**	**२५४**	**२२८४.२**	**८.९९३**
तेलहन	१८५	१११	०.६४३	१८५	१५५	०.८३८
उखु	४६	१६२२	३५.२६१	४८	२१००	४३.७५०
सुर्ती	६	५	०.८३३	६	६.५	१.०८३
जूट	११	१४	१.२७३	११	१८	१.६३६
कपास	२.३	१.६	०.७	४.०	४.७	१.१८०
तरकारी	**१४६**	**१३५०**	**९.२४६**	**१६०**	**१७१६**	**१०.७२५**

बाली सघनता

विवरण	आ.व. २०५३।५४	आ.व. २०५८।५९
कुल वालीले ढाक्ने क्षेत्रफल *	**४०८१**	**४३५६**
कुल खेती क्षेत्रफल *	**२५५१**	**२५३४**
वाली सघनता प्रतिशत	**१६०**	**१७२**

- कुल खेती क्षेत्रफल कृषि गणना २०४८ को कुल क्षेत्रफलमा फलफूल, चिया जस्ता स्थायी बालीको क्षेत्रफल घटाई प्रस्तुत गरिएको छ ।

९.२ बढी मोल जाने कृषिवस्तु उत्पादन विकास कार्यक्रम :

देशको विभिन्न प्रकारका मौसमवाट सिर्जित जैविक विविधताका आधारमा विभिन्न भेकमा तुलनात्मक लाभ भएका र बढी मोलजाने कृषिवस्तु उत्पादन हुने प्रचुर सम्भावना रहेको छ ।

बढी मोल जाने कृषिवस्तुहरुमा विशेषत: वागवानीजन्य बालीहरु जस्तै सुन्तलाजातका फलफूल, स्याउ, मौसम तथा वेमौसमका ताजा तरकारी एवं तरकारी बीउ उत्पादन, मौरी पालन, रेसम खेती, फूल तथा फूलका गुच्छाहरुको व्यावसायिक खेती विकास र अन्य बाली जस्तै चिया, कफी र मसला बालीहरु आदि पर्दछन् । यस्ता बढी मोल जाने कृषि वस्तु मूलत: निर्यात योग्य पनि हुनेभएकोले यिनको खेतीबाट खाद्यान्नबालीको तुलनामा सडक सुविधा पुगेका पहाडी क्षेत्रमा पाँच गुणा बढी आय आर्जन गर्नसकिने र महिलावर्गले बढी रोजगार पाउने, स्थानिय जनताको आय वृद्धिबाट खाद्यान्न खरिद गर्नसक्ने क्षमता वृद्धि भई खाद्य सुरक्षा प्रदान गर्ने, भीर पहिरो र सीमान्त जमिनहरुमा समेत फलफूल वगैंचा तथा अन्य बढी मूल्यका बाली लगाउनसकिने भई भूक्षय र पहिरो रोकथाममा सहयोग पुग्ने र यसले वातावरण सुधारमा

समेत मद्दत पुऱ्याउने स्पष्ट छ । तसर्थ यी बालीहरुको विकास तथा विस्तारमा विशेष जोडदिनु आवश्यक छ ।

आठौं योजना अवधिमा बढी मूल्यजाने केही कृषि वस्तुहरुको उत्पादन स्थिति विश्लेषण गर्दा तरकारी, आलु अलैंची र किम्बुको क्षेत्रफल विस्तारमा लक्ष्यभन्दा केही अघि बढेको र फलफूल, चिया, कफीमा लक्ष्यभन्दा कम देखिन्छ। उत्पादनतर्फ फलफूलमा सुन्तलाजात फलफूलको उत्पादन लक्ष्य अनुसार हुनसकेको देखिदैन तर अन्य फलफूल लक्ष्य भन्दा बढी उत्पादन हुन गएको छ । तरकारी, अलैंची, चियामा लक्ष्य भन्दा बढी उत्पादन भएको छ भने कफी, रेसम र आलुमा कम भएको देखिएको छ ।

तालिका ७
बढी मोल जाने केही प्रमुख कृषि वस्तुहरुको आठौं योजनाको प्रगति

एकाइ क्षेत्रफल हजार हेक्टर, उत्पादन हजार मे.टन

उत्पादकत्व : मे.टन हेक्टर

	एकाई	आठौं योजनाको लक्ष्य			२०५३/५४ को स्तर		
	मे.टन	क्षेत्रफल	उत्पादन	उत्पादकत्व	क्षेत्रफल	उत्पादन	उत्पादकत्व
फलफूल	"						
सुन्तलाजात		१७४६३	१०५३२५	९.८२	१५९२४	९२९९४	९.९७
अन्य	"	४७६२०	२७५२१२	१०.२९	४६९९६	३३५२३१	१०.१७
जम्मा	"	६५०८३	३८०५३७	९.०	६२९२०	४२८२२५	१०.१३
तरकारी	"	१४१०००	१२७८०००	९.१०	१४५०००	१३५००००	९.३१
तरकारी बीउ वितरण	"	-	१८१.६	-	-	२६१	-
आलु उत्पादन	"	९६०००	१०३३०००	१०.७६	१०९८००	९६१४९०	८.७६
अलैंची	"	७४११	३५४०	-	९५५४	४४५६	-
चिया	"	४१८७	२४८५	-	३५६४	२९०५	-
कफी	"	३५०	१५३	०.३	३००	३७	-
रेसम कोया उत्पादन	"	५३३	३००	-	११२७	२४.५	-
मह उत्पादन	"	-	५०	-	-	६०	-

बढी मोलजाने कृषि वस्तुको उत्पादन तथा विकासमा प्राविधिक सेवा एवं उत्पादन सामग्री पर्याप्त मात्रामा उपलब्ध हुननसकेको र जनशक्ति एवं बजेटको व्यवस्था पनि आवश्यकता अनुसार परिचालन हुननसक्नु नै मुख्य समस्या देखिएको छ । उत्पादनमा गुणस्तरको समस्या पनि रहेको छ । प्रशोधन क्षमताको पर्याप्त विकास भैनसकेको र छरिएर रहेको उत्पादनलाई परिचालन गर्न उत्पादकहरु सङ्गठित भई खास उद्यमीको रुपमा अघि बढ्न सकेको देखिदैन। यी बालीहरुमा उपयुक्त प्रविधि पनि पर्याप्तमात्रामा उपलब्ध छैन । साधन र सेवाहरु उपलब्ध गराउने एकाइहरुको बीच कार्यगत समन्वय नभएबाट सेवा सुविधाहरु आवद्धित रुपमा परिचालन हुनसकेको छैन । कार्यान्वयनको सुपरिवेक्षण एवं मूल्याङ्कन पनि प्रभावकारी रुपमा हुन सकेको छैन ।

खाद्यान्न बालीको तुलनामा पाँच गुणा आय आर्जन गर्नसक्ने, कृषिमा विविधता र व्यवसायिकता ल्याउन सकिने र मूल्य अभिवृद्धिमा सहयोग गर्नसकिने, महिलावर्गलाई तीन गुणा रोजगार प्रदान गर्नसक्ने र आम्दानी वृद्धिवाट खाद्य सुरक्षा प्रदान गर्नुको साथै सीमान्त जमिनमा फलफूल वगैंचा लगाई वातावरणमा सुधार हुने भएकोले बढी मोल जाने कृषिवस्तुको उत्पादनको प्रमुख सम्भाव्यता रही आएको

छ । यो क्षेत्रलाई दीर्घकालीन कृषि योजनाले प्राथमिकता दिनुपर्ने क्षेत्रको रुपमा लिएको हुँदा यी सम्भावनालाई समेटेर नवौं योजनामा अघि बढ्नुपर्ने प्रस्ट छ।

उल्लेखित पृष्ठभूमिमा खाद्यान्न प्रधान निर्वाहमुखी कृषि प्रणालीलाई उपलब्ध भौगोलिक सम्भाव्यता अनुसार तुलनात्मक फाइदाका बढी मोल जाने कृषिवस्तु उत्पादन प्रणालीमा लगी कृषिमा विविधीकरण र व्यावसायीकरण गराउँदै कृषि उद्योग प्रवर्द्धन, रोजगार अभिवृद्धि र आर्थिक वृद्धिदर बढाउन महत्वपूर्ण योगदान गर्ने दीर्घकालीन अवधारणा अंगालेर बढी मोलका कृषिवस्तुहरुको व्यावसायिक तवरले उत्पादन गराई कृषिमा व्यवसायीकरण र विविधीकरणबाट कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धिमा उल्लेखनीय योगदान गर्ने, आय तथा रोजगारका अवसर बढाई गरिबी-निवारणमा टेवा पुऱ्याउने र उपलब्ध खाद्यवस्तु खरिद गर्न सक्ने क्षमता विकास गराई खाद्य सुरक्षामा बल पुऱ्याउने, कृषि उत्पादन प्रणालीलाई वातावरण अनुकूल बनाई लाने र निर्णय पक्रियामा महिला नेतृत्व विकासगराई कृषि विकासमा स्थायित्व ल्याउन टेवा पुऱ्याउने जस्ता उद्देश्यवाट बढी मोल जाने कृषि वस्तु उत्पादन विकास कार्यक्रम सञ्चालन गरिनेछन् ।

नीतिगत कार्यक्रम :

- सडक यातायातले समेटेका क्षेत्रहरुमा कृषक समूह वा निजी उद्यमीहरुलाई प्रोत्साहित गराई बढी मूल्यका कृषि वस्तुहरुको उत्पादनमा जोड दिने, बढी मोल जाने सुन्तलाजात र स्याउ जस्तो फलफूल तथा वेमौसमी महत्वका ताजा तरकारी एवं तरकारी बीउ, रेसम खेती तथा मौरीपालन व्यवसायहरुलाई प्राथमिकता दिने, यिनको व्यावसायिक विकासको लागि आवश्यक सेवा-टेवाहरु उपलब्ध गराउने र भौगोलिक सम्भाव्यताको आधारमा स्थानीय वजार, दूरस्थ बजार वा निकासीको दृष्टिवाट कमसेकम व्यावसायिक ढुवानी हुनसक्ने परिमाणमा उत्पादन गर्नसकिने दृष्टिकोण अपनाई उपयुक्त कृषि भूउपयोगका उत्पादन पकेट क्षेत्रहरुको विकास हुनेगरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

- बजार केन्द्र, प्रशोधन उद्योग र उत्पादन वीच समन्वय स्थापित गराउन अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, गुणस्तरीय स्रोतसामग्रीहरुको आपूर्तिको सुनिश्चितता दिन जोड दिने तथा स्थान विशेषका अन्य फलफूल तथा विशेष बालीहरु र बजारयोग्य पुष्प गुच्छा (cut flowers) उत्पादन कार्यक्रमहरु तुलनात्मक लाभका आधारमा अघि वढाउने गरी आवश्यक सेवा-टेवाहरु उपलब्ध गराउने कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

- सम्भाव्य उत्पादन पकेट क्षेत्रहरुलाई समेटेर कृषि सडकहरु निर्माण गराउन र ग्रामीण विद्युतीकरणको व्यवस्था मिलाउन सम्वन्धित क्षेत्रसंग समन्वय राख्ने व्यवस्था गरिनेछ । यसैगरी बढी मोल जाने प्राथमिकताका कृषि वस्तु उत्पादन कार्यक्रमका लागि आवश्यक पर्ने सोत सामग्रीको स्थानीय आपूर्तिका लागि स्रोत केन्द्र विकास गराउने, आवश्यक सुविधाहरु उपलब्ध गराउने र स्थानीय क्षेत्रमा उपलब्ध नहुने स्रेत सामग्रीको लागि स्थानीय स्रोत केन्द्र विकास नभएसम्म ढुवानीमा सुविधा दिने व्यवस्था मिलाई कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा कृषि तालिम र अन्य प्राविधिक सेवा टेवाहरुका साथै गुणस्तरका कृषि सामग्रीहरुको आपूर्ति व्यवस्थाहरु र उत्पादित वस्तुहरुको बजार व्यवस्थाका सेवा-टेवाहरु प्याकेजको रुपमा उत्पादन पकेट क्षेत्रहरुमा पुऱ्याउने र बाली संरक्षणको लागि विषादी प्रयोग गर्नुपर्दा एकीकृत बाली संरक्षण प्रविधि अपनाई वातावरणीय प्रदूषण कम गर्न विशेष ध्यान दिइनेछ।

- प्रतिफल प्राप्त गर्न लामो अवधि पर्खनुपर्ने बालीहरुको लागि कृषि ऋणको किस्ता चुक्ता प्रकृयामा सुविधा दिने व्यवस्था मिलाइनुको साथै ऋण प्राप्त गर्ने प्रक्रिया सरल र कम खर्चिलो वनाउने

वित्तीय संस्थाहरुको कार्यक्रममा समन्वय ल्याइने, प्रसार सेवा कार्यक्रमहरु, कृषिव्यवसाय प्रवर्द्धनमा सघाउ पुग्नेगरी प्रभावकारी बनाउने, कृषि प्राविधिक सेवा-टेवा कार्यक्रमहरु परिचालन गर्न पहिचान भएका पकेटहरुको कृषक सहभागितामा समयवद्ध पकेटक्षेत्र विशेषका आयोजना तैयार पारी तिनको कार्यान्वयन अनुगमन र मूल्याङ्कन समेत गर्न प्रभावकारी व्यवस्था गर्ने र जिल्ला कृषि विकास समितिका सदस्यहरुलाई यस्ता पकेट छनौट, योजना तर्जुमा कार्यान्वयन र अनुगमनको क्षमता विकास गराउन टेवा पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

- बढी मोल जाने प्राथमिकताका कृषि वस्तु विशेषको राष्ट्रिय कार्यक्रमहरु हेर्ने छुट्टै व्यवस्था गरी उत्पादन, अनुसन्धान, बजार पक्षहरुको राष्ट्रिय रुपमा कार्यक्रम तथा कार्यान्वयन समन्वय गर्न जिम्मेवार अधिकारी तोकी कार्यक्रमलाई अघि बढाउने व्यवस्था गर्नुको साथै बढी मोल जाने कृषि वस्तुहरुसंग सम्बन्धित प्राविधिकहरुलाई कृषि वस्तु विशेषको कार्यक्रममानै वृत्तिविकास गराउने दृष्टिकोण राखेर पदस्थापनाको व्यवस्था गरिनेछ ।

- वागवानी फार्महरुको उत्पादन तथा वितरण कार्यहरु लागत सक्षमता (cost effective) का आधारमा कार्य सञ्चालन कोषको अवधारणामा फार्मको स्रोतको अधिकतम उपयोग र काम गर्नेहरुलाई प्रोत्साहन उपलब्ध हुनेगरी सञ्चालन गर्ने र यस्ता फार्महरु उन्नत सामाग्रीको मुख्य स्रोतको रुपमा रहने व्यवस्था समेत गरिनेछ ।

- बढी मोलजाने कृषि वस्तु उत्पादन क्षेत्रहरुमा तथ्याङ्क सङ्कलन , प्रशोधन र प्रकाशन प्रक्रियामा रहेको कमजोरी हटाई पकेटक्षेत्र, जिल्ला र केन्द्रस्तरसम्म तथ्याङ्क प्रवाह गर्ने उपयुक्त व्यवस्था मिलाई तथ्याङ्क विकास र प्रकाशनको लागि नियमित प्रक्रिया वसाल्ने गरी कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

- कृषि अनुसन्धानबाट उपयुक्त प्रविधि विकास गरी प्रवाह गराउन आवश्यक समन्वय गर्ने, कृषि व्यवसायको निर्णय प्रकृयामा महिलाको भूमिका वढाउन उनीहरुको क्षमता विकासको लागि तालिममा प्राथमिकता दिने र स्थानीय तथा केन्द्रीय स्तरका प्राविधिक कर्मचारीहरुलाई नयाँ प्रविधि सम्बन्धित ज्ञान दिलाउन नियमित तालिमको व्यवस्था गर्नेगरी कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

प्राथमिकता कार्यक्रम :

सुन्तला जातबाली विकास

मध्यवर्ती पहाडी क्षेत्रमा सुन्तलाजात फलफूलमध्ये सुन्तला, जुनार र कागतीले बढी मूल्य दिई कृषकहरुको आय आर्जन वृद्धिमा विशेष योगदान पुऱ्याउने हुंदा सम्भाव्य पकेटक्षेत्रमा यी फलफूललाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

<u>व्यवसायिक सुन्तलाजात वगैंचा विकास कार्यक्रम</u>

- मध्यवर्ती पहाडी क्षेत्रमा राजमार्ग तथा सहायकमार्गले जोडिएको अथवा निकट भविष्यमा जोडिने जिल्लाहरुलाई मध्यनजर राखी सुन्तला जात फलफूल खेती सफल सिद्ध भएको जिल्लाहरुको सम्भाव्य पकेट क्षेत्रहरुमा व्यावसायिक वगैंचा स्थापना कार्यक्रम अभियानको रुपमा सचालन गरिनेछ । यस्ता व्यावसायिक बगैंचा विकास कार्यक्रम, राजमार्ग, सहायकमार्ग, घनाबस्ती आसपास, यातायात विकासको पूर्वाधार खडा भएको स्थान वा कृषि सडकबाट एक दिनको पैदल बाटोको आसपास क्षेत्रमा सञ्चालन गरिनेछ । अन्य क्षेत्रमा भने करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ ।

- व्यवसायिक बगैंचा स्थापना कार्यक्रम अन्तर्गत पकेटक्षेत्र विकास गर्न कृषकहरुको समूह गठन गरी कार्य सञ्चालन गरिनेछ। विरुवा लगाउनेदेखि फल विक्रीसम्मका सम्पूर्ण कार्यसँग सम्बन्धित प्रविधिहरु समूह मार्फत हस्तान्तरण गराइनेछ ।

- सुन्तला जात फलफूल खेतीमा देखिएको समस्या समाधानका लागि अनुसन्धानात्मक कार्य विभिन्न सरकारी फार्महरुमा सञ्चालन गर्न नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गरी समन्वयात्मक अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ ।

- उत्पादित फलफूलको उचित मूल्य प्रदान गर्न र उत्पादन पश्चात क्षति कम गर्न देशका विभिन्न ठाउँहरुमा कृषक समूह वा व्यवसायीहरुको अग्रसरतामा सङ्कलन केन्द्र तथा शीत भण्डार निर्माण गरी बजार व्यवस्था मिलाइनेछ । प्याकेजिङ्ग व्यवस्थामा सुधार ल्याउने टेवा पुऱ्याइनेछ । साथै सुन्तला जातफलफूलको प्रशोधन सम्बन्धी उद्योग खोल्न र ताजा फल शीत भण्डारमा संरक्षण गरी पछि विक्री गर्न आवश्यक प्याकिङ्ग सामग्री र विद्युत महसुलमा सहुलियत प्रदान गरिनेछ ।

- सुन्तला जात फलफूलको निर्यात वृद्धि गर्न निर्यात योग्य फलफूलको किसिम तथा जातको पहिचान गरी बजार खोजी गरेर त्यस सम्बन्धी जानकारीद्वारा निजीस्तरलाई प्रोत्साहित गरिनेछ ।

<u>नर्सरी स्थापना तथा सुदृढीकरण कार्यक्रम</u>

सुन्तला जात बगैंचा स्थापनाको लागि आवश्यक पर्ने स्तरीय गुणको बोट विरुवाको मागको आपूर्ति सरकारी फार्म केन्द्र तथा निजी स्तरका नर्सरीहरुबाट गरिनेछ । सुन्तला जात फलफूल विरुवाको माग स्थानीय स्रोत केन्द्रवाटनै आपूर्ति गराउन जिल्ला जिल्लामा निजी नर्सरी स्थापना तथा सुदृढीकरणमा जोड दिइनेछ । पूरक व्यवस्थाको रुपमा सरकारी फार्म केन्द्रहरुमा विरुवा उत्पादन गरिनेछ । फलफूल खेती विस्तार गरिने प्रस्तावित जिल्लाहरुमा आवश्यकता अनुसार निजी नर्सरीहरु स्थापना गरिनेछन् र हाल सञ्चालन भइरहेका पुराना नर्सरीहरुलाई भने प्रतिस्पर्धाका अधारमा स्तरीय बनाई विरुवा उत्पादन क्षमता वृद्धि गर्न नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

रोग ग्रस्त क्षेत्रवाट सुन्तला जातका फलफूल विरुवा ल्याउन वा लैजान प्रतिबन्ध लगाइनेछ । विरुवा उत्पादनको लागि उच्च तथा स्वस्थ सायनको (high quality scion) प्रमाणित गर्ने व्यवस्था मिलाउनका साथै स्तरीय गुणको विरुवा विक्री वितरणको लागि कानुनी व्यवस्था गरिनेछ ।

<u>प्रदर्शन कार्यक्रम</u>

व्यवस्थापन प्रदर्शन : व्यावसायिक कार्यक्रम सञ्चालन गरिने सम्भाव्य पकेट क्षेत्रहरुमा उत्पादक कृषकहरु छनौट गरी राष्ट्रिय सुन्तलाजात बाली विकास कार्यक्रम, (प्रस्तावित) सम्बन्धित जिल्लाको बागवानी अधिकृत र सेवा केन्द्र अन्तर्गत क्षेत्रमा खटिएका प्राविधिक कर्मचारीको संयुक्त प्राविधिक रेखदेखमा सुन्तलाजात फलफूल नमुना बगैंचा स्थापना तथा व्यवस्थापन प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ । नमुना बगैंचालाई प्रभावमूलक बनाई त्यस पकेट क्षेत्रको लागि स्थलगत तालिमको थलोको रुपमा विकसित गरिदै लगिनेछ । कृषक समूह वीच एक-एक वटा नमुना बगैंचा क्रमिक रुपले स्थापना गराई बढीमा प्रति जिल्ला १५ वटा नमुना बगैंचाको विकास गरिनेछ । स्थापित भै सकेका नमुना बगैंचाहरुलाई सुदृढीकरण गरिनेछ । यस्ता नमुना बगैंचाहरुमा प्राविधिक सेवा-टेवा निरन्तर पुऱ्याई प्रोत्साहन गरिनेछ ।

अन्य क्षेत्रमा बगैंचा व्यवस्थापन प्रवर्द्धन : सुन्तला जात फलफूल उत्पादक कृषकहरुले भोगेका समस्या समाधानकालागि समस्या निदान प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ । सुन्तला जात बगैंचामा रोग कीरा रोकथाम प्रदर्शन, काँटछाँट तथा सूक्ष्मतत्व प्रयोग, अन्तरबाली तथा हरियो मल प्रदर्शन, गोडमेल, मलचिङ र सिँचाइको प्रदर्शन कार्यहरु दक्ष जनशक्ति तथा कृषक समूहहरुको सहभागितामा परिचालन गरिनेछ । प्रदर्शन कार्यक्रमको पभावकारिता मूल्याङ्कन गर्ने परिपाटि बसाली प्रदर्शन कार्यक्रमलाई क्रमिक रुपले परिमार्जन गर्दै लगिनेछ ।

मौरीघार प्रदर्शन : मौरीबाट परागसेचनक्रिया बढाई उत्पादन बढाउन सकिने भएवाट बगैंचामा मौरीघार राखी प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता मौरीघार र मौरीपालन सम्बन्धी तालिम दिन कृषक समूहलाई सक्षम तुल्याई मौरी पालक कृषकलाई स्रोत केन्द्रको रुपमा विकसित गरिनेछ । यो कार्यक्रम मौरी विकास कार्यक्रम सहयोगवाट सञ्चालन हुनेछ ।

अन्य कार्यक्रम

करेसाबारी विकास : सुन्तला जात फलफूल खेती हुने सम्भाव्य सबै जिल्लाहरुमा फलफूल विरुवाको माग स्थानीय स्रोतबाट नै आपूर्ति गरी कृषकहरुलाई सुलभ तरिकाबाट उपलब्ध गराइनेछ । सर्वसाधारण व्यक्तिको पौष्टिक स्तरमा बृद्धि ल्याउनुका साथै कृषकहरुको आय आर्जन बृद्धि गर्ने उद्देश्य करेसा बारी कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रममा सामान्य प्राविधिक सेवाहरु पुऱ्याइने छन् ।

भौतिक लक्ष्य : नवौं योजना अवधिमा थप ३४०० हेक्टर क्षेत्रफलमा सुन्तलाजात फलफूलको व्यवसायिक बगैंचा र थप १६०० हेक्टरमा करेसावारी विकास हुनेछ । विगत वर्षहरुमा लगाइएको विरुवाहरु समेतबाट यस अवधिमा १ लाख २६ हजार मे.टन सुन्तलाजात फलफूल उत्पादन हुने प्रक्षेपण रहेकोछ । औसत उत्पादकत्व आधारवर्षको ९.९७ मे.टनबाट योजनाको अन्तसम्ममा १०.५० मे.टन पुग्ने प्रक्षेपण छ । प्राथमिकता कार्यक्रम अन्तर्गत व्यवसायिक बगैंचाहरुको उत्पादन हालको ११ मे.टन बाट ११.५ मे.टन पुग्ने छ (तालिका ८ र ९) ।

तालिका ८
नवौं योजनामा सुन्तला जात फलफूलको क्षेत्रफल विस्तार प्रक्षेपण

	कार्यक्रम	नवौं योजनाको थप क्षेत्रफल (हेक्टर)				
	२०५४।५५	२०५५।५६	२०५६।५७	२०५७।५८	२०५८।५९	जम्मा
व्यावसायिक	५८०	६२०	६८०	७४०	७८०	३४००
करेशावारी	३००	३१०	३२०	३३०	३४०	१६००
जम्मा	८८०	९३०	१०००	१०७०	११२०	५०००

तालिका ९
नवौं योजनामा सुन्तला जात फलफूल उत्पादनको प्रक्षेपण

क्षेत्रफल हे, उत्पादन मे.टन, उत्पादकत्व मे.टन हेक्टर

कार्यक्रम	२०५३।५४ सम्मको अनुमान स्थिति				नवौं योजनाको प्रक्षेपण (आ.व. २०५८।५९)			
	जम्मा क्षेत्रफल	उत्पादनशील क्षेत्रफल	उत्पादकत्व	उत्पादन	जम्मा क्षेत्रफल	उत्पादनशील क्षेत्रफल	उत्पादकत्व	उत्पादन
व्यावसायिक	९२३६	५४११	११.०	५९५२५	१२६३६	७२००	११.५	८२८००
करेसावारी	६६८८	३९१९	८.५५	३३४६९	८२८८	४८००	९.०	४३२००
जम्मा	१५९२४	९३३०	९.९७	९२९९४	२०९२४	१२०००	१०.५	१२६०००

- **स्याउ खेती विकास :**

व्यावसायिक स्याउ वगैचा विकास कार्यक्रम

- कर्णाली अञ्चलका उच्च पहाडी जिल्लाहरुको सम्भाव्य पकेट क्षेत्रहरुमा विशेष किसिमले स्याउ उत्पादन कार्यक्रमलाई केन्द्रित राखी पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रका उच्च पहाड र मध्यपहाडका सफल सिद्ध भएका पकेट क्षेत्रहरुमा स्याउको व्यावसायिक कार्यक्रम सञ्चालन गरिनेछ। प्रविधि प्रचारमा कृषक समूहको माध्यमलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ। कृषकहरुलाई आवश्यक पर्ने कृषि सामग्रीहरु कृषि सामग्री संस्थान, सहकारी संघ संस्था वा निजी क्षेत्रबाट उत्पादन थलोमै सरल तरिकाले उपलब्ध गराइनेछ। स्याउ बगैंचा स्थापना र व्यवस्थापनको प्रविधि लगायत स्याउ उत्पादक कृषकहरुलाई फल टिप्ने समय, फल टिप्ने तरिका, फल भण्डारण, प्याकिङ्ग तथा ढुवानी कार्य गर्दा अपनाउनुपर्ने सावधानी र ज्ञानबारे जानकारी गराउन विशेष तालिम प्याकेजको व्यवस्था मिलाइनेछ।

- स्याउ बगैंचाको माटोको उर्वराशक्ति व्यवस्थापन तथा जगेर्ना गर्नको लागि एकीकृत बाली पोषण व्यवस्थापनका उपायहरु उपयोगमा ल्याउन विशेष जोड दिइनेछ साथै स्याउ बगैंचामा चिस्यान कायम गर्न र प्राङ्गारिक मलको मात्रा बढाउन बाक्लो मल्चिङ्ग गराउन विशेष जोड दिइनेछ। सिँचाइ स्रोतको लागि सम्भव भएसम्म उपयुक्त पोखरी निर्माण गर्नमा कृषक/कृषक समूहहरुलाई परिचालन गरी कार्यक्रम सञ्चालन गरिने छ।

- स्याउ उत्पादन थलोहरुमा सम्भाव्य स्थानहरुमा कृषि सडक र छोटो दूरीको रोपवे, गुरुत्व रोपवे र तुइन निर्माण गराउनमा प्राथमिकता दिइनेछ।

- स्याउ विक्री वितरणको लागि आन्तरिक बजार प्रणालीलाई सुव्यवस्थित बनाइनेछ। निर्यात बजारको अवसर पनि खोजी गरिनेछ। उत्पादन स्थानहरुमा सङ्कलन केन्द्रहरु र सेलरस्टोर (cellar store) निर्माण गर्न कृषक/कृषक समूहलाई परिचालन गरिनेछ र सम्भाव्य शहरीक्षेत्रहरु र विमानस्थल क्षेत्रमा स-साना कोठा भएका शीतघर निर्माण गर्नमा आवश्यक ऋण सहयोग उपलब्ध गराइनेछ। शीतघरको लागि आवश्यक पर्ने उपकरण आयातमा न्यूनतम भंसार महसुलको व्यवस्था गरिनेछ। शीतघरलाई आवश्यक पर्ने विद्युत पनि सहुलियत दरमा उपलब्ध गराइ शीतघर सञ्चालनमा प्रभावकारिता ल्याइनेछ।

- स्याउ प्रशोधन उद्योग स्थापना गर्न निजी उद्यमीहरुलाई प्राविधिक सेवा-टेवा उपलब्ध गराई प्रोत्साहित गरिनेछ। साथै उत्पादन थलोमा स्याउ प्रशोधनका स-साना प्रविधि प्रयोग गर्ने खालका घरेलु उद्योग स्थापना गर्न महिलावर्गलाई तालिम दिई प्रोत्साहित गरिनेछ।

- स्याउ खेती तथ्याङ्क सङ्कलन तथा उत्पादन लागत अध्ययन सर्भेक्षण गरी स्याउको तथ्याङ्क अद्यावधिक राख्ने व्यवस्था मिलाइनेछ । साथै स्याउ अनुसन्धान कार्यलाई कृषक र बजारको आवश्यकता अनुसार र उत्पादनमूलक बनाउन अनुसन्धान कार्यक्रमसँग समन्वय गरिनेछ ।

नर्सरी स्थापना तथा सुदृढीकरण कार्यक्रम

स्याउ बगैंचाको निमित्त आवश्यक पर्ने बोट बिरुवा आपूर्तिको लागि निजी नर्सरीहरुबाट बिरुवा आपूर्ति गर्न गराउन विशेष प्राथमिकता दिइनेछ । सम्भाव्य जिल्लाहरुमा स्याउको बिरुवा उत्पादन गर्न उद्यमी कृषकस्तरमा कम्तीमा दुई वटा नर्सरी स्थापना गरिनेछ । पुराना स्थापित नर्सरीहरुको व्यवस्थापनलाई सुदृढ पार्न नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

नर्सरी स्थापना र व्यवस्थापन प्रविधि प्रसार किट तयार गरी नर्सरी धनीहरुलाई उपलब्ध गराईनेछ । नर्सरी व्यवसायलाई व्यवस्थित गर्न नर्सरी पञ्जिकरण गर्ने र नर्सरी व्यवस्थापन कार्यक्रम सुपरिवेक्षण र अनुगमन गर्न सम्बन्धित बागवानी केन्द्रहरुलाई जिम्मेवार बनाइनेछ । स्वस्थ, निरोगी र गुणस्तरीय बिरुवा उत्पादन वितरण व्यवस्थाकालागि नर्सरी सम्बन्धी कानुनी व्यवस्था मिलाइनेछ ।

प्रदर्शन कार्यक्रमहरु

समस्या निदान प्रदर्शन : स्याउ उत्पादन शुरु नभएसम्म बगैंचाको माटो सुधार र उर्वरा शक्तिमा सकारात्मक प्रभाव पार्ने गरी लहरा नजाने किसिमको कोसेबाली जस्तै भटमास जस्ता कोशेबाली अन्तर-बालीको रुपमा लिन प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ । स्याउ उत्पादक कृषकहरुले भोगेका समस्या जस्तै बगैंचाको पोषण सम्बन्धी समस्याको लागि एकीकृत बाली पोषण व्यवस्थापन प्रदर्शन, रोग कीरा सम्बन्धी समस्याको लागि एकीकृत बाली संरक्षण प्रदर्शन र स्याउमा काटछाँट समस्याको लागि प्रदर्शन कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

नमुना बगैंचा स्थापना तथा व्यवस्थापन प्रदर्शन : बगैंचाधनी कृषकहरुलाई आफ्नो व्यवसायिक बगैंचा व्यवस्थापन कार्यमा सघाउने उद्देश्यले स्याउ उत्पादन पकेटक्षेत्रका उत्सुक कृषकहरु छनौट गरी नमुना बगैंचा स्थापना गरिने छ । यसको व्यवस्थापनलाई प्राविधिक रेखदेखमा प्रभावमूलक बनाई त्यस पकेट क्षेत्रको लागि पथ प्रदर्शक, उत्प्रेरक र स्थलगत तालिमको निमित्त स्रोत केन्द्रको रुपमा विकसित गराई एक निर्दिष्ट आधार अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

मौरीघार प्रदर्शन : स्याउको परागसेचनक्रियामा मौरीहरुको योगदानबाट स्याउ उत्पादन बढाउन सकिने भएकाले स्याउको बगैंचामा मौरीघार राखी प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता मौरीघार र मौरीपालन सम्बन्धी तालिम दिन कृषक/कृषक समूहलाई पनि सक्षम तुल्याई स्रोत केन्द्रको रुपमा विकसित गरिनेछ । मौरीघार प्रदर्शन कार्यक्रम सञ्चालन गर्न व्यावसायिक कीट विकास कार्यक्रम र मौरी विकास कार्यक्रमबाट आवश्यक प्राविधिक सेवा-टेवा पुऱ्याइनेछ ।

अन्य कार्यक्रम

करेसावारी कार्यक्रम : बाटोले नसमेटेको क्षेत्रमा र फाटफुट विरुवा लगाउनेहरुलाई स्याउ उत्पादन हुने जिल्लाहरुमा करेसाबारी कार्यक्रम सञ्चालनमा सामान्य प्राविधिक सेवा पुऱ्याइनेछ ।

भौतिक लक्ष्य : नवौं योजना अवधिमा थप २२७५ हेक्टर क्षेत्रफल विस्तार गरिनेछ र विगत वर्षहरुमा लगाएको बगैंचाहरुको सुदृढीकरणबाट समेत कुल ३१,३९७ मे.टन स्याउ उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

तालिका १०
नवौं योजनामा स्याउको क्षेत्रफल विस्तार प्रक्षेपण

क्षेत्रफल हे.

कार्यक्रम	नवौं योजनामा थप क्षेत्रफल					
	२०५४।५५	२०५५।५६	२०५६।५७	२०५७।५८	२०५८।५९	जम्मा
व्यावसायिक	११७	१६९	२६४	६२६	८२५	२०००
करेसावारी	७२	६५	५५	४५	३८	२७५
जम्मा	१८९	२३४	३१९	६७१	८६२	२२७५

तालिका ११
नवौं योजनामा स्याउ उत्पादनको प्रक्षेपण

क्षेत्रफल हे, उत्पादन मे.टन, उत्पादकत्व मे.टन हे.

कार्यक्रम	२०५३।५४ सम्मको अनुमान स्थिति				नवौं योजनाको प्रक्षेपण (आ.व. २०५८।५९)			
	जम्मा क्षेत्रफल	उत्पादनशील क्षेत्रफल	उत्पादकत्व	उत्पादन	जम्मा क्षेत्रफल	उत्पादनशील क्षेत्रफल	उत्पादकत्व	उत्पादन
व्यावसायिक	२३५२	१५२०	१०.६	१६११२	४३५२	१६५०	१०.८	**१७८२०**
करेशावारी	२३००	१४८६	८.४	१२४८३	२५७५	१६१४	८.४	**१३५७७**
जम्मा	४६५२	३००६	९.५	२८५९५	६९२७	३२६४	९.६	**३१३९७**

- **मौरीपालन**

मौरीपालन स्वरोजगार सिर्जना गर्ने र मौरीहरुबाट परागसेचन प्रक्रिया बढाई खास गरी बागवानी बालीहरुको उत्पादकत्व वृद्धि गर्नमा महत्वपूर्ण व्यवसाय भएकाले यसको विकासलाई प्राथमिकता दिनु आवश्यक भएको छ ।

आठौं योजना अवधिसम्म यस क्षेत्रमा कृषक तालिम र क्षमता विकास गरी संस्थागत आधार केही सुदृढ गरिएको छ । सम्भाव्य केही जिल्लाहरुमा घार वितरण, कृषक तालिम, मौरी चरन व्यवस्थापन, आधार चाका निर्माण जस्ता कार्यहरु भएका छन् । नवौं योजना अवधिमा मौरी पालन विकास कार्यक्रमलाई परागसेचन बालीहरुसँग खासगरी स्याउ सुन्तला बगैंचाहरुको विकासका पकेट क्षेत्र र बीउ उत्पादन कार्यक्रमसँग आवद्धगरी प्राथमिकतासाथ कार्यक्रमलाई अघि बढाइनेछ । कार्यक्रम संचालनमा निम्न कुराहरुमा जोड दिइनेछ ।

- फलफूल तरकारी उत्पादन गर्ने जिल्लाहरुमा महिला तथा निम्न आय भएका कृषकहरुलाई प्राथमिकता दिई पकेट कार्यक्रमको रुपमा सम्बन्धित बालीको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ । साथै मौरीपालन व्यवसायको विकासलाई अनुकुल प्रभाव पुऱ्याउने फलफूल, बिरुवा तथा वन वनस्पतिहरुको वितरण तथा पकेट क्षेत्र विकास गरिएका क्षेत्रहरुका कृषकहरुलाई मौरीपालन

सम्बन्धी तालिम दिई मौरी गोला एवं सामग्री वितरण सम्बन्धी कार्यक्रम जिल्ला कृषि प्रसार र सम्बन्धित बाली विकास कार्यक्रमको समन्वयमा सञ्चालन गरिनेछ ।

- उद्यमी कृषक स्तरमा स्रोत विकास केन्द्र स्थापना गरी त्यस्ता केन्द्रलाई संस्थागत गर्दै कृषकलाई प्राविधिक सेवा-टेवा पुऱ्याइनेछ । यस्ता उद्यमी कृषकलाई उसको स्रोत केन्द्र व्यवसाय विकासका दृष्टिबाट अन्य क्षेत्रका कृषकहरुमा प्रविधि प्रसार गराउन टेवा दिने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- महको उत्पादनसँग सम्बन्धित जिल्लागत आंकडा सङ्कलन गरिनेछ । उत्पादित महको बजार व्यवस्थापनको लागि प्राविधिक टेवा पुऱ्याउने कार्य पनि गरिनेछ । मौरी पालकहरुको सङ्गठन विस्तारबाट उनीहरुको निर्णयमा नै महको मूल्य र विक्री वितरण व्यवस्था परिचालन गराउन प्रोत्साहित गरिनेछ । उनीहरुकै सक्रियतामा मह प्रशोधन प्लान्ट स्थापना गराई निकासी योग्य मह उत्पादनमा जोड दिइनेछ ।
- विपन्नवर्ग तथा महिलाहरुको मौरी पालन कृषक समूहहरु गठन गरी उनीहरुलाई प्रभावकारी सेवा पुऱ्याइनेछ ।

- कार्यक्रमका लागि आवश्यक सेवा पुऱ्याउन मौरीपालन विकास कार्यालयहरु तथा स्रोत केन्द्रहरुको सुदृढिकरण गरिनेछ । समस्यामूलक व्यवहारिक उपयुक्त प्रविधि विकास गर्ने र कार्यक्रम, कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन आदि कार्यहरु व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । आवश्यक जनशक्ति तयार गर्न पनि जोड दिइनेछ ।

भौतिक लक्ष्य : योजना अवधिमा हालको करिव ६० मे.टन मह उत्पादन स्थितिबाट २५ मे.टन थप उत्पादनभई ८५ मे.टन पुग्ने अनुमान छ ।

- **तरकारी विकास**

तुलनात्मक रुपमा तरकारी बाली बढी श्रम मूलक भएकोले रोजगारका अवसर सिर्जना गर्न टेवा पुग्ने, आय वृद्धिमा खास गरी साना कृषकहरु संलग्न हुन सक्ने र शहरी क्षेत्रको आय ग्रामीण क्षेत्रमा प्रवाहित गर्न सकिने, तरकारी तथा तरकारीका बीउहरु निकासी गर्न सकिने पोषण सुधारमा टेवा पुऱ्याउन सकिने र कम वजन तथा बढी मोलजाने बाली भएकाले तरकारी खेतीलाइ तुलनात्मक लाभको बालीको रुपमा अघि बढाउन आवश्यक भएको छ ।

आठौं योजना अवधिमा काभ्रे, धादिङ, वारा, सर्लाही, कास्की, स्याङ्जा, तनहुं, इलाम, पाल्पा, धनुषा जस्ता जिल्लाहरुका सिंचित क्षेत्रहरुमा व्यवसायिक रुपमा तरकारी उत्पादन गरी आन्तिरिक तथा भारतीय सीमा बजारहरुमा समेत केही निकासी हुन थालेको संकेतहरु देखा परेका छन् । आठौं योजना अवधिमा १४६ हजार हेक्टर क्षेत्रफलमा तरकारी खेती भई १३ लाख ५० हजार मे.टन उत्पादन भएको र तरकारी बीउ करिव ४१९ मे.टन उत्पादन भएको अनुमानछ । भौगोलिक विविधताको कारण उपलब्ध अवसरहरुको व्यापक उपयोग गरेर मौसमी तथा बेमौसमी तरकारी तथा तरकारी बीउ उत्पादन कार्यक्रमलाई अघि बढाउन नवौं योजनामा तरकारी विकास कार्यक्रम निम्न अनुसार सञ्चालन गरिनेछ ।

व्यावसायिक तरकारी उत्पादन कार्यक्रम

- स्थानीय वजारको मागलाई पुरा गरी निर्यात गर्न वेमौसमी तरकारीहरु उत्पादन गर्न सहयोग पुऱ्याउने दृष्टिबाट निर्यातमुखी पकेट स्थलहरुमा व्यवसायिक स्तर (economy of scale) मा वेमौसमी तरकारीहरु उत्पादन गरिनेछ । यो कार्यक्रम इलाम, पांचथर, धनकुटा, तेह्रथुम, मकवानपुर र पाल्पा जस्ता जिल्लाहरुमा सञ्चालन गरिनेछ ।

- व्यावसायिक खेती हुने पहाडी क्षेत्रमा प्राकृतिक भण्डारण गृह र तराईका क्षेत्रमा शीत भण्डार गृह वनाउन निजी क्षेत्रलाई प्राविधिक सेवा एवं ऋण सहयोग उपलव्ध गराइनेछ । शीत भण्डार गृहलाई आवश्यक विद्युत सहुलियत दरमा उपलव्ध गराइनेछ । ठूलो क्षमताको एउटा मात्र कोठा भएको शीत भण्डारहरुलाई स-साना भण्डार कोठामा परिणत गर्न निजी क्षेत्रलाई आवश्यक ऋण सुविधा प्रविधी उपलव्ध गराइनेछ । नयां मेसिनरिहरुमा न्यूनतम भन्सार महसुलको व्यवस्था गरिनेछ ।

- व्यावसायिक उत्पादन स्थलहरुमा निजीक्षेत्रवाट बीउ, विरुवा एवं कृषिसामग्रीहरु सुलभ तरिकाले उपलव्ध गराइने व्यवस्था मिलाइनेछ ।

- व्यवसायिक तरकारी उत्पादन कार्यक्रमहरुमा बाली संरक्षणकालागि विषादि प्रयोग बढी हुन सक्ने सम्भावनालाई दृष्टिगतगरी उचित विषादी प्रयोग प्रविधिमा विशेष ध्यान दिइनेछ र गैर विषादि प्रयोग प्रविधिहरु उपयोग गरी एकीकृत बाली संरक्षण पद्धति अपनाउन जोड दिइनेछ ।

बेमौसमी तरकारी उत्पादन कार्यक्रम

उत्तर दक्षिण राजमार्ग आसपासका क्षेत्रहरुमा बजार उन्मुख तरकारी उत्पादन गर्ने गरी यो कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालन गरिने जिल्लाहरु ताप्लेजुंग, पांचथर, इलाम, तेह्रथुम, धनकुटा, मकवानपुर, धादिंग, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, तनहुं, नुवाकोट, कास्की, स्याङजा, पाल्पा, वाग्लुङ, रोल्पा प्यूठान, दाङ डडेलधुरा र वैतडी हुनेछन् । कार्यक्रमलाई अधिराज्यको विभिन्न सिंचित पकेट क्षेत्रमा निरन्तरता दिइने व्यवस्था गरिनेछ । यस कार्यक्रमवाट साना ठूला वजारको माग अनुसारको ताजा तरकारी उत्पादन एवं बजार व्यवस्थामा सहयोग पुग्नुका साथै निर्यातमुखि समेत हुनेछ । यो कार्यक्रम सञ्चालनमा निम्न कुराहरुमा जोड दिइनेछ ।

- सम्भाव्य वेमौसमी तरकारी उत्पादन स्थलहरुमा कृषि सडक, छोटो दुरीको रोपवे, सिंचाइ, सङ्कलन केन्द्र जस्ता पूर्वाधार तयार गर्न प्राथमिकता दिइनेछ । साथै व्यावसायिक वेमौसमी तरकारी खेती गरिने स्थलहरुमा नियमित र उचित सिँचाइ उपलव्ध गराउन साना कृषकहरुलाई स्प्रिङ्कलरहरु सहुलियतमा उपलव्ध गराइनेछ ।

- बेमौसमी तरकारी खेतीको नयां प्रविधिहरु छिमेकी मुलुकवाट ल्याई परीक्षण गरिनेछ । यस्तो प्रविधिहरुलाई आवश्यक परिमार्जन गर्न तोकिएको पकेटहरुमा नै कृषि अनुसन्धानको समन्वयमा परिक्षणहरु गरिनेछ ।

- पहाडि क्षेत्रमा इलाम, पांचथर, धनकुटा, तेह्रथुम, पाल्पा, मकवानपुर जस्ता सम्भाव्य वेमौसमी तरकारी उत्पादन स्थलहरुलाई निर्यातमुखी पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । यस्ता निर्यातमुखी पकेट क्षेत्रमा कृषकहरुलाई वेमौसमी तरकारी उत्पादन वृद्धि गर्न सञ्चालन गरिने कार्यक्रमहरुमा निरन्तर प्राविधिक सेवाहरु उपलव्ध गराइनेछ । निर्यातमुखी उत्पादन स्थलका

उत्पादक समूहको प्रतिनिधि, बजार व्यवसायी, प्रशोधन कर्ता र अनुसन्धान कर्ता समेतको संलग्नतामा प्रत्येक थोक बजार केन्द्रमा वागवानी व्यापार प्रवर्द्धन समिति गठन गरी त्यस्ता समितिको परिचालनबाट उत्पादन र बजार बीच तालमेल मिलाइनेछ ।

- निर्यातमुखि उत्पादन स्थलमा महिलाको शिपलाई अभिवृद्धि गर्न तालिम प्राप्त स्वयंसेविकाहरुलाई प्राविधिक सेवा पुऱ्याई प्रोत्साहन गरिनेछ ।

आलु बीउ विकास

आलुखेती अधिराज्यको सवै जिल्लाहरुमा व्यावसायिक रुपमा हुने र सिंचित क्षेत्रहरुमा वर्षको दुई पटक पनि खेती हुने भएकोले यस कार्यक्रमले आलुको बीउको विस्तारित मांग आपूर्तिका लागि पहाडी जिल्लाहरुर्मा मूल बीउको स्रोत केन्द्रहरु स्थापना गर्न सहयोग पुऱ्याइनेछ । उच्च पहाडी जिल्लाहरुमा आलुको स्रोत बीउ उत्पादन केन्द्रको विशेष कार्यक्रम सञ्चालन गरिनेछ । बीउ आलु निजी क्षेत्रका व्यवसायीहरुवाट उत्पादन गर्न प्रोत्साहित गरिनेछ । खाद्यन्न आलु उत्पादन कार्यक्रमहरु वालि कार्यक्रम अन्तर्गत ९.१ परिच्छेदमा उल्लेख गरिएको छ ।

तरकारी बीउ उत्पादन

- विशेष पहाडी र उच्च पहाडि जिल्लाहरुमा हिउंदे तरकारीका बीउ र तराईका जिल्लाहरुमा बर्षे तरकारीका बीउ उत्पादनबाट आयवृद्धिमा योगदान पुगेको तथा प्रदर्शन भई सकेकोले यी जिल्लाहरुलाई विशेष प्राथमिकता दिई बीउ उत्पादन कार्यक्रमहरु सञ्चालन गरिनेछ । बीउको उपलब्धिमा निश्चितता ल्याउन निजी क्षेत्रको समेत संलग्नता रहने गरी केन्द्रीय स्तरमा तरकारी बीउको मौज्दात (buffer stock) राखिने व्यवस्था मिलाइनेछ । साथै वैमौसमी तरकारी खेतीको लागि हाइब्रीड बीउहरु आवश्यक पर्दा कृषि अनुसन्धान परिषद्को परामर्शमा निजी क्षेत्र मार्फत आयात र वितरण गराउन प्रोत्साहित गरिनेछ ।

- तरकारी बीउ उत्पादन गरिने जिल्लाहरुमा पूर्वाञ्चलका इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा र भोजपुर; मध्यमाञ्चलका भक्तपुर, ललितपुर, नुवाकोट, मकवानपुर, सिन्धुपाल्चोक; पश्चिमाञ्चलका मुस्ताङ, कास्की, वाग्लुङ, पर्वत, म्यार्दी, गोर्खा; मध्यपश्चिमाञ्चलका रुकुम, रोल्पा, सल्यान, प्युठान, डोल्पा र सुदुर पश्चिमाञ्चलका डडेलधुरा, अछाम र बैतडी जिल्लाहरु रहेकाले यी जिल्लाहरुमा तरकारी बीउ उत्पादनमा जोड दिइनेछ ।
- साधारणतया सरकारी फार्म र केन्द्रहरुमा मूल बीउ, बर्ण शंकर बीउ र प्रजनन् बीउ उत्पादन गरिनेछन् । कृषकहरुवाट प्रमाणित बीउ उत्पादन गराइने गरी कार्यक्रम सञ्चालन गरिनेछ । बीउको खरिद तथा विक्री वितरण कृषि सामग्री संस्थान, निजी बीउ व्यापारीहरु र स्थानीय कृषकहरुवाट गराइनेछ । बीउ उत्पादन र विक्री वितरण गर्ने संगठनले गर्दै आएको बीउको कारोवारलाई सेवा टेवा पुऱ्याई अझ बढी प्रोत्साहित गरिनेछ।

- बीउ विजन ऐनलाई प्रभावकारी रुपमा लागू गरी आवश्यकता अनुसार परिमार्जित गर्दै लगिनेछ ।

तालिका १२

मूल बीउ उत्पादन गर्ने फार्म / केन्द्रहरु

सि.नं.	कृषि विभाग		कृषि अनुसन्धान	अन्य
	त.वि.महाशाखा	त.वि.महाशाखा		
१.	त.वि.उ.के.खुमलटार	१. सर्लाही	१. धनकुटा	१. लुम्ले
२.	,, रुकुम	२. सोलु	२. पोखरा	२. पाखीबास
३.	,, डडेलधुरा	३. सिन्धुली	३. सिन्धुली	३. जुम्ला
४.	,, फिक्कल, इलाम	४. दामन	४. दैलेख	
५.	,, निगाले	५. त्रिशुली	५. तरहरा	
६.	,, डोल्पा	६. बोच	६. परवानीपुर	
		७. पाचखाल	७. नेपालगन्ज	
		८. पाल्पा		
		९. मार्फा		

अन्य कार्यक्रमहरु

विशेष तरकारी बाली उत्पादन कार्यक्रम : आयात प्रतिस्थापनका लागि तोकिएका जिल्लाहरुमा प्याज, हरियो खुर्सानि, कुरिलो, परवल र गोलभेडा उत्पादन गरिनेछ । यस कार्यक्रमवाट धनुषा, सिरहा, सप्तरी, सर्लाही, रुपन्देही, वांके र दाङमा प्याज बाली तथा काठमाडौं ललितपुर र भक्तपुरमा कुरिलो बाली, वांके, महोत्तरी, सर्लाही र नवलपरासीमा परवल बाली, सर्लाही, मकवानपुर, काभ्रे, धनुषा र महोत्तरीमा गोलभेडा बाली तथा सम्भाव्य अन्य जिल्लाहरुमा हरियो खुर्सानि बालीको विस्तार गरिनेछ ।

यस कार्यक्रममा अलैंची र अदुवा जस्ता मसला बालीहरु पनि समावेश छन् । यस अन्तर्गत इलाम, पांचथर, ताप्लेजुङ र तेह्रथुममा अलैंची बाली एवं सल्यान, तनहुं, पाल्पा, प्यूठान, तेह्रथुम र इलाममा अदुवा बालीको विस्तार गरिनेछ । अलैंची विकास केन्द्र, इलामले नर्सरी धनीहरुलाई अलैंचीको लागि स्रोत बीउ उपलब्ध गराउनेछ । अदुवा उत्पादन हुने जिल्लाहरुमा सम्भव भएसम्म एउटा स्रोत केन्द्रको स्थापना गरिनेछ ।

करेसावारी कार्यक्रम : उपयुक्त कुनै पनि कार्यक्रम नरहेका, वजारको सुविधा नभएका, दुर्गम एवं पिछडिएका वस्तिहरुमा वर्षै भरि केही मात्रामा तरकारीको उत्पादन गराई पोषणको स्तर उकास्न करेसावारी कार्यक्रममा निरन्तरता ल्याई तरकारी उत्पादन गराइनेछ ।

भौतिक लक्ष्य : योजना अवधिमा तरकारी उत्पादन क्षेत्रफल हालको १४५००० हेक्टर बाट १६०००० हेक्टर पुऱ्याइनेछ र उत्पादकत्व हालको प्रतिहेक्टर ९.३ मे. टन बाट १०.७३ मे.टन पुऱ्याई कुल उत्पादन १७ लाख १६ हजार मे.टन पुऱ्याइनेछ । तरकारी बीउको उत्पादन स्तर हालको ४१९ मे.टन वाट ७०० मे.टन पुग्नेछ ।

तालिका १३
नवौं योजनामा तरकारी र आलु उत्पादन प्रक्षेपण

क्षेत्रफल - हे. उत्पादन मे.ट.

बाली	आठौ योजना			नवौ. योजना		
बाली	क्षेत्रफल	उत्पादन	उत्पादकत्व	क्षेत्रफल	उत्पादन	उत्पादकत्व
तरकारी (बेमौसमि तरकारी मात्र)	१४५००० (१०८००)	१३५००००	९.३०	१,६०,०००	१७,१६,००० (२५०००)	१०.७२५
आलु	१०९८००	९६१४९०	८.७६	१४००००	१३०००००	९.३०

- **रेसम खेती विकास**

देशको हावापानी रेसम खेती विकास गर्न अनुकुल भएको, रेसम उत्पादन गरी निर्यात गर्न र खास गरी ग्रामीण महिलाहरुको आय तथा रोजगार बढाउने र अनुत्पादक समय उपयोग गर्न सकिने सम्भाव्यता भएकोले रेसम खेतीलाई व्यापक रुपमा अघि बढाउन सकिने दृष्टिबाट प्राथमिकता दिई कार्यक्रम अघि बढाउन आवश्यक भएको हो ।

रेसम खेती विकासकालागि व्यवसायिक किट विकास कार्यक्रमको नामबाट धेरै अघिदेखि प्रयास हुदै आएता पनि यस्ले ठोस रुपमा गति लिन सकेको छैन । प्राविधिक ज्ञानको कमी, वीज आपूर्तिको समस्या र कृषकहरुमा यसको महत्वको वोध गराउने कार्यनै प्रमुख समस्या रहेकोमा हाल यस तर्फ सुधार आएको छ । यो क्षेत्र हेर्दा सामान्य व्यवसाय देखिने भएपनि किराको आवहवाको सुक्ष्मता र त्यस्को व्यवस्थापन प्रविधि सम्वेदनशील हुने भएकोले यस्को व्यापकताकालागि संस्थागत ज्ञान र शिपको क्षमता विकासमा पर्याप्त प्रयास हुन सकेको छैन ।

आठौं योजना अवधिमा यस क्षेत्रको विकासलाई अघि बढाउन दश वर्षे रेसम विकास योजना तयार गरी कार्यक्रमको आधारहरु खडा भएको छ । रेसम किराको फूल आयातमा भरपरिरहनु परेकोमा केही मात्रामा आन्तरिक उत्पादन गर्न सक्ने क्षमता विकास गरी १०३० बक्सा वीज उत्पादन भएको, चारवटा विभिन्न स्थानमा रेसम खेती विकास केन्द्र खोलिएको, खोपासीको अतिरिक्त इटहरिमा १ किरा पालन, कोया प्रशोधन तथा तालिम केन्द्र स्थापना भएको छ । कृषक स्तरमा ९८८ हेक्टर किम्वु खेती विस्तार भएको छ । अव यीनै आधारहरुलाई सुदृढिकरण गर्दै रेसम खेती विकासलाई गति दिन आवश्यक भएको छ ।

नवौं योजनामा खासगरी महिलाहरुको रोजगारीको अवसरहरु सिर्जना गरी ग्रामीण समुदायको गरिवी निवारणमा टेवा पुऱ्याउने, ग्रामीण उद्यमी र व्यवसायीहरुलाई कोयोत्तर रेसम उद्योग सम्हाल्न र निजी क्षेत्रलाइ उत्प्रेरित गरी ग्रामीण घरेलु उद्योग विकासमा सघाउ पुऱ्याउने, आन्तरिक खपत र निर्यात प्रवर्द्धनको लागि उच्च स्तरको रेसम उत्पादन बढाउने, आयमूलक तथा रोजगारीका अवसरहरु मार्फत ग्रामीण जनजीवनको क्रय शक्तिमा वृद्धि गराई खाद्य सुरक्षा (food security) मा योगदान पुऱ्याउने, किम्वुको स्थाई बगैचा विकास अवसरबाट हरित क्षेत्र सिर्जना भई वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउने जस्ता उद्देश्यबाट रेसम खेति विकास कार्यक्रम निम्न अनुसार परिचालन गरिनेछ ।

- देशको आवहवा अनुरुप रेसम कीराको मातृस्रोत र प्रविधि विकासमा जोड दिइ फूल आपूर्तिमा सुनिश्चितता दिइनेछ । उन्नत जातका किम्वु विरुवा उत्पादन र आपूर्ति स्रोतकालागि गुणस्तरीय नर्सरीहरु विकास गराउन निजी उद्यमीहरुलाई प्राविधिक सेवा टेवा पुऱ्याइ प्रोत्साहित गरिनेछ ।

- इलाम, सुनसरी, धनकुटा, चितवन, काभ्रे, धादिङ, तनहुँ, कास्की, स्याङजा जस्ता जिल्लामा रेसम खेतीलाई व्यवसायिक रुपमा विस्तार गराउन प्राथमिकता दिइनेछ । पहिचान गरिने पकेटहरुमा आधारभूत सेवा टेवाका लागि सरकारी क्षेत्रबाट मात्र पर्याप्त दृष्टि पुऱ्याउन सम्भव नहुने भएकोले प्रसार सेवा तथा सामग्री आपूर्तिको लागि स्थानीय वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवं निजी क्षेत्रलाई समेत यस दिशामा सहभागी गराउन कार्यक्रमले पहल गर्नेछ ।

- रेसम बीजमा न्यूनतम शुल्कबाट शुरुगरी नवौं योजनाको अन्तिम वर्ष देखि परल मूल्यमा विक्री गर्ने व्यवस्था गरीनेछ । अनुसन्धान र तालिम पक्ष बाहेक अन्ततोगत्वा रेसम खेती विकास कार्यक्रमको उत्पादन र विक्री वितरण पक्षलाई व्यवसायिक वनाउन उपयुक्त प्रक्रिया अवलम्वन गरिनेछ ।

- नेपाल कृषि अनुसन्धान परिषद संगको समन्वयमा रेसम सम्बन्धी सहयोगात्मक अनुसन्धान कार्यक्रमहरु (collaborative research) सञ्चालन गरिनेछ ।

- दीर्घकालीन रेशमखेती विकास योजनाको मार्गदर्शन र आशय बमोजिम यस क्षेत्रमा प्राथमिकताको आधारमा कृषक समूहको झुण्ड (cluster) तयार गरी उनीहरुको आफ्नै व्यवस्थापन प्रणालीको विकास गराई कार्यक्रम सञ्चालन गरिनेछ । कृषक झुण्डहरुमा (cluster) रेसम चौतारी विकास गरी त्यस्ता केन्द्रमा तालिम प्राप्त कृषककै व्यवस्थापनमा फूल ओथारो राख्ने र ओथारीएका कीरा कृषकहरुलाइ उपलव्ध गराइ सहयोग पुऱ्याउने व्यवस्था गरिनेछ । यस्तो चौतारिमा कोया सङ्कलन र प्रथम चरणको प्रशोधन गर्ने व्यवस्था मिलाइनेछ ।

- रेसम खेती फार्म केन्द्रलाई प्रभावक्षेत्र तोकी कार्यक्रममा प्राविधिक सेवा टेवा पुऱ्याउने कार्यमा जिम्मेवार गराइनेछ ।

- अगुवा कृषकहरुको प्राविधिक शिपमा सक्षम र सरल तुल्याउन कम्तिमा दुई सिजन उनीहरुलाई सीपमूलक किरा पालन तालिम दिने व्यवस्था गरिनेछ । यस्तो तालिममा सकभर इच्छुक कृषकलाई फार्म श्रमिक को रुपमा बालीचक्र पुरा गर्ने गरी शिपयुक्त बनाइनेछ । महिलाहरुको क्षमता विकासका लागि रेसम चौतारिहरुमा घुम्ती तालिमको व्यवस्था गरी उनीहरुको संलग्नता बढाइनेछ ।

- रेसम खेतीमा संलग्न अग्रणी मुलुकबाट मात्र रेसम बीज खरिद गरी गुणस्तरीयता कायम राख्न जोड दिइनेछ।

<u>प्राथमिकता</u>

विगतमा सामना गर्नु परेको समस्याहरु र हाँसिल भएका अनुभवको आधारमा रेसम खेती कार्यक्रमको प्राथमिकता निम्नानुसार हुनेछ ।

वीज उत्पादन संरचना र भौतिक विकास : रेसम खेतीमा वीज (रेसम कीराको फूल) उत्पादन एउटा जटिल र चुनौतिपूर्ण कार्य हुन आउँछ। यसमा मातृस्रोत विकास, मातृस्रोत संरक्षण, स्टक सम्वर्धन र विज कोया उत्पादन तथा व्यवसायिक ग्रेनेज जस्ता विविध पक्षका चरण र चक्रहरु परिचालन गर्नुपर्ने हुन्छ । विज उत्पादनका सम्पूर्ण पक्षहरु सम्हाल्न आवश्यक पर्ने संरचना र भौतिक सुविधाको विकास गर्न जोड दिइनेछ ।

मानवीय संसाधन विकास : रेसम खेतीमा विभिन्न पक्षहरुले आ-आफ्ना विशिष्टता राख्दछन् । विभिन्न उद्देश्य तथा प्रकृतिका विशेषिकृत (specialized) मानवीय संसाधनको विकास गर्नकालागि आधारभूत मूल जनशक्ति (basic core manpower) को अतिरिक्त सामान्य प्रविधि जान्ने जनशक्तिको समेत दरकार पर्दछ । रेसम खेती कार्यक्रममा अनुभवी र तालिम भएका जनशक्तिलाई यसै क्षेत्रमा वृत्ति विकास हुने गरी परिचालन गराइनेछ । तालिम प्राप्त उच्च थप जनशक्तिको लागि आवश्यक व्यवस्थाहरु मिलाइनेछ ।

समूह प्रणाली विकास : कार्यक्रमलाई यत्रतत्र र प्राविधिक सेवाटेवा नियन्त्रण गर्न नसकिने हिसावले परिचालन गरिनेछैन र कृषकस्तरको रेसम खेति उत्पादन कार्यक्रमलाई प्रभावकारी तुल्याउन बढी से बढी स्थलगत प्राविधिक सेवा टेवा विस्तार गर्न उच्च प्राथमिकता प्राप्त जिल्लाहरुमा पकेट, समूह प्रणाली र आवद्धित प्रविधि (pocket cluster approach and package technology) अवधारणामा कार्यक्रम सञ्चालन गरिनेछ ।

महिला सहभागितामा : रेसम खेतीमा महिलाको संलग्नताको ठूलो भूमिका हुन्छ । खास गरेर गरीव महिलाहरु तर्फ आय वितरण प्रवाहित गर्न कार्यक्रमले महिला कृषक समूह तयार गर्न प्राथमिकता दिनेछ ।

भौतिक लक्ष्य : नवौं योजना अवधिमा क्षेत्रफल विस्तारमा मात्र जोड नदिई प्रभावकारिताबाट उत्पादकत्व बढाउनेगरी समेत ६०० हेक्टर थप क्षेत्रफलमा किम्वु खेती विस्तार गरिनेछ । कोया उत्पादनको वार्षिक उत्पादन स्तर हालको २४.५ मे.टन बाट ४४ मे.टन पुऱ्याइनेछ । तीन हजार छ सय चार अगुवा कृषकहरुले तालिम प्राप्त गर्नेछन् । आगामी २० वर्षमा कोया उत्पादन स्तर ४००० मे.टन पुऱ्याउने दृष्टिकोण राखी कार्यक्रम अघि बढाइनेछ ।

तालिका १४

नवौं योजनामा रेसम खेति संम्वन्धी मुख्य मुख्य कार्यको भौतिक लक्ष्य

क्र. स	कार्य विवरण	एकाइ	आधार वर्ष २०५३/०५४ को स्थिति	नवौं योजनाको लक्ष्य					
				आ.व. २०५४।५५	आ.व. २०५५।५६	आ.व. २०५६।५७	आ.व. २०५७।५८	आ.व. २०५८।५९	जम्मा
१.	कोया उत्पादन	मे.टन.	२४.५	२६	३०	३३	३७	४४	१७०
२.	किम्वुखेती विस्तार	हेक्टर	२१७	११०	१३०	१३६	१२५	१००	६००
३.	एरीखेती विस्तार	हेक्टर	२४	१०	५	५	५	५	३०
४.	अगुवा कृषक तालिम	जवान	२५०	२५५	८१८	७८३	८६४	८८४	३६०४

अन्य बढी मूल्यका कृषिवस्तुहरु :

दीर्घकालीन कृषि योजनाले निर्देशित गरेका बढी मूल्यका कृषि वस्तुहरुको कार्यक्रमहरु माथि उल्लेख भइ सकेको छ । अतः सालवसाली रुपमा सञ्चालन भइरहेका अन्य बढी मूल्य जाने कृषि वस्तुका निम्न उत्पादन कार्यक्रमहरुलाई उत्पादन घट्न नदिने र सम्भाव्यता अनुसार बढाईलाने दृष्टिबाट कार्यक्रम सञ्चालन गरिनेछन्।

- **चिया**

भौगोलिक आवहवा अनुरुप चिया खेती नेपालको पूर्वी पहाडी तथा तराई दुवै क्षेत्रमा सफल देखिएको छ । देशमा भएको चिया उत्पादनले आन्तरिक मागको ४० प्रतिशत पूर्ति गरिरहेको अनुमान छ । पहाडमा उत्पादन हुने अर्थोडक्स चिया निकासी प्रवर्द्धनका दृष्टिबाट र तराइमा हुने चिया आन्तरिक खपतका दृष्टिबाट महत्वपूर्ण हुन सक्ने देखिएको छ । चिया खेती एउटा श्रम मूलक व्यवसाय भएकोले स्थानीय रोजगार प्रवर्द्धनमा खासगरी महिलाहरुको रोजगारमा विशेष महत्व राख्दछ भने चियाबोट छायाँदार बुटा हुने कारणले यसको बगान विकासबाट भूसंरक्षण र पर्यावरण सन्तुलनमा सघाउ पुऱ्याउने हुन्छ ।

आठौं योजना अवधिमा चिया क्षेत्रफल विस्तार गराई ४१८७ हेक्टर पुऱ्याउने र उत्पादन स्तर २४८५ मे.टन पुऱ्याउने लक्ष्य भएकोमा क्रमसः ३५६४ हेक्टर क्षेत्रफल र २९०५ मे.टन उत्पादन स्तर रहन गएको छ । संस्थागत विकासका लागि चिया तथा कफी विकास वोर्डको गठन भएको छ । तर वोर्ड सशक्त रुपमा अघि बढ्न सकेको छैन । चिया विकासको क्षेत्रमा उपयुक्त अनुसन्धानको कमीका कारण गुणस्तरीय माउबोटको अभाव, दक्ष प्राविधिकहरुको कमी, यातायात र विद्युत सुविधाको कमिको कारण हरियो पत्ति ढुवानी, प्रशोधन र गुणस्तर सुधार गर्नमा समस्या आदि कारणबाट चिया खेति विस्तारले आशातित गति लिन सकेको छैन ।

प्रस्तुत पृष्ठभूमिमा नवौं योजनामा चिया क्षेत्रको विस्तार गर्ने, उत्पादकत्व वृद्धि गराउने, गुणस्तर वृद्धि गराउने र निकासी प्रवर्द्धनमा जोड दिने जस्ता उद्देश्यबाट चिया विकास कार्यक्रम निम्नानुसार सञ्चालन गरिनेछ ।

- व्यवसायिक रुपमा चिया खेति विकासका लागी आधारभूत पूर्वाधारहरु जस्तो कृषि सडक, ग्रामीण विद्युतिकरण, सुविधा पुऱ्याउन जोड दिइनेछ । चिया क्षेत्र घोषित जिल्लाका अतिरिक्त अन्य छिमेकी जिल्लाहरुमा चिया खेति सम्भाव्यताको आधारमा प्रशोधन कारखाना सहितको कम्तिमा ३००० रोपनी सम्मको बगान विस्तार योजना निजी क्षेत्रबाट प्रस्तुत भएमा त्यस्ता क्षेत्रकोलागि ऋणको व्यवस्था, प्राविधिक सहयोग, तालिम तथा छोटो दुरिका कृषि सडक एवं विद्युतिकरण पूर्वाधारहरुको विकास कार्यक्रम प्याकेज समन्वयात्मक रुपमा लान जोडदिइने छ ।

- चिया सम्बन्धी अध्ययन अनुसन्धान कार्य कृषि अनुसन्धान परिषदको समन्वयमा शुरु गरिनेछ । चियाको उन्नत स्रोत सामग्रीको विकासको निमित्त उपयुक्त देशहरुबाट सहयोग प्राप्त गर्न नेपाल कृषि अनुसन्धान परिषदको संयोजकत्वमा सरकारी तहबाट प्रयास गरिनेछ ।

- स्थानीय हरियो पत्ति खरिद गरी चिया प्रशोधन आवश्यक नयाँ उद्योगका लागी मेशिनरी औजार पार्टपूर्जा र अन्य आवश्यक कच्चा पदार्थ तथा उत्पादन सामग्रीहरुको आयातमा भन्सार महशुलमा सहुलियत दिई इच्छुक उद्यमीहरुलाई टेवा पुऱ्याइनेछ । चिया निर्यात प्रवर्द्धनकालागि समुद्रपार बजारहरुको खोजी गर्ने, नेपाली चियाको प्रचार प्रसार गर्ने र ती बजारहरु सम्बन्धी बजार सूचना

सङ्कलन गरी प्रवाह गराउने कार्यमा शाहि नेपाली दूतावास र व्यापार प्रवर्द्धन केन्द्रलाई परिचालन गरिने व्यवस्था मिलाइनेछ ।

- चिया उत्पादक कृषकहरुलाई प्रभावकारी रुपमा तालिम दिन कृषकहरुको बगैंचा तथा निजी बगानलाई प्रदर्शन थलोको रुपमा प्रयोग गरी कृषक तथा सहायक स्तरका प्राविधिकहरुलाई व्यवहारिक तालिम दिई उनीहरुको सिप अभिवृद्धि गरिनेछ । चिया खेतीहुने जिल्लाहरुमा यस्ता तालिम प्राप्त प्राविधिकहरुको व्यवस्था सुचिश्चित गरिनेछ । चिया क्षेत्रमा नै उनीहरुको वृत्ति विकासको वातावरण तयार गरिने छ ।

- चिया विकास निगमलाई उपयुक्त प्रक्रिया अपनाई निजी करण गरिने छ । चियाको आयात, निर्यात, बजार प्रबन्ध, जनशक्ति विकास, उद्योग दर्ता, ऋण सिफारिस, मेशिनरी सामान आयात-इजाजत आदि सम्पूर्ण कार्यहरुमा चिया तथा कफी विकास वोर्डको भूमिका प्रष्ट गराई दिशा वोध गर्न चिया प्रवर्द्धन सम्बन्धी छुट्टै कार्यान्वयन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

प्राथमिकता : चियाको आन्तरिक बजारमा आपूर्ति गर्नका साथै अर्थोडक्स चिया निर्यात गर्न चिया उत्पादन कार्यक्रम अधिराज्यको पूर्वाञ्चलमा प्राथमिकता दिई सञ्चालन गरिनेछ । पूर्वाञ्चलको सफलसिद्ध भइसकेका जिल्लाहरुको उत्पादन क्षेत्रहरुमा अर्थोडक्स चियाको उत्पादनको लागि कम्तीमा पनि ३००० रोपनी चिया बगानको लागि एक प्रशोधन इकाइको स्थापनाहुने किसिमबाट कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । यस्तो बगान साना कृषक समूह वा महिलाहरुको समूह वा सहकारीताको माध्यमबाट विकासहुने अवसरलाई प्राथमिकता दिई सेवा टेवाहरु पुऱ्याइनेछ ।

भौतिक लक्ष्य : नवौं योजना अवधिमा चियाको क्षेत्रफल १००० हेक्टर थप गरी ४५६४ हेक्टर पुग्ने प्रक्षेपण गरिएको छ । उत्पादन तर्फ कूल उत्पादनशील ३१५६ हेक्टरबाट ४१०१ मे.टन उत्पादन हुने प्रक्षेपण छ ।

तालिका १५

नवौं योजनामा चियाको उत्पादन र क्षेत्रफलको प्रक्षेपण

क्र.सं.	आ.व.	कुल क्षेत्रफल हे.	थप क्षेत्रफल हे.	कु उत्पादनशिल क्षेत्रफल हे.	कु उत्पादन मे.टन
१	२ २०५४।२०५५	३७६४	२००	२४०७	३१२९
२.	२ २०५५।२०५६	३९६४	२००	२५७१	३३४१
३.	२ २०५६।२०५७	४१६४	२००	२७०९	३५२१
४.	२ २०५७।२०५८	४३६४	२००	२९०८	३७८०
५.	२ २०५८।२०५९	४५६४	२००	३१५६	४१०२

- **कफी**

भौगोलिक विभिन्नताको कारण पश्चिमाञ्चल र मध्यमाञ्चलको पहाडी क्षेत्रका विभिन्न उत्पादन क्षेत्रहरुमा कफीको विकास गर्न सकिने सम्भावना देखिएकोछ । कफी उत्पादनलाई प्रभावकारी ढंगबाट सञ्चालन र विकास गर्न सकिएमा उत्पादन र उत्पादकत्व वृद्धि र आयात प्रतिस्थापन मा टेवा पुग्नुको साथै कृषकको आय तथा रोजगार वृद्धिमा योगदान दिन सकिनेछ।

आठौं योजना अवधिमा कफी खेति क्षेत्रफल ३५० हेक्टरमा पुऱ्याइने र उत्पादन योजनाको अन्तिम वर्षमा १५३ मे.टन पुऱ्याइने लक्ष्य राखिएको थियो । तथ्याङ्क सङ्कलन को व्यवस्थामा भएको कमिकोकारण तथ्यांकहरु व्यवस्थित गरिंदा प्रस्तावित लक्ष्य हरु यथार्थ देखिएनन् भने क्षेत्रफल विस्तार र उत्पादन पनि लक्ष्य को तुलनामा ज्यादै कम हुन गई क्षेत्रफलमा ३०० हेक्टर र उत्पादनमा ३७ मे.टन कफी दाना उत्पादन भएको अनुमान छ । कफीको बजारको सुनिश्चितता नभएको र कफीमा अनुसन्धान प्रसार र अन्य सेवाहरु प्रभावकारी गराउन नसकिएको कारणबाट आशातित रुपमा अघि बढ्न सकेको देखिंदैन ।

आन्तरिक तथा वाह्य उपभोक्ताको रुचि, बजार प्रणाली, आन्तरिक प्रशोधन क्षमता र यसका आवश्यकताहरु, प्राविधिक क्षमता र उदार अर्थ प्रणालीको अन्तर सम्बन्धवारे पर्याप्त विश्लेषण वेगर उत्पादन सम्भाव्यताका दृष्टिबाट बढी प्रेरित भई कार्यक्रम तर्जुमा गरिंदा आशातित प्रगति हाँसिल गर्न नसकीएको विगतको अनुभवलाई समेटेर नवौं योजनामा कफी विकास कार्यक्रमलाई निम्नानुसार अगाडि बढाइनेछ ।

- घरेलु प्रविधिबाट प्रशोधन भएको कफीको आन्तरिक खपत बढाउन उपभोक्ता रुची विकासकालागि उपयुक्त कार्यक्रमहरु पहिचान गरी सञ्चालन गरिनेछ । कफीको प्रारम्भिक प्रशोधन कार्य कृषकस्तरमा नै गर्न प्रशोधन सामाग्रीहरुको व्यवस्था मिलाउन प्राविधिक सेवा उपलब्ध गराइनेछ ।
- गुणस्तरीय कफी गेडा उत्पादन गर्ने, त्यस्तो उत्पादन प्रतिस्पर्धात्मक वनाउने, उत्पादकत्व वृद्धि र उत्पादन खर्चमा कमि ल्याउने खालको प्रविधि विकास गर्न कृषि अनुसन्धान परिषदसंग समन्वय गरिनेछ । कफी गेडा विक्री बजार र उल्लेखित आधारमा उपलब्ध हुने प्रविधि अनुसार सम्भाव्य जिल्लाका पकेटहरुमा प्राथमिकता दिई यसको व्यवसायिक खेति सञ्चालन गर्न जोड दिइनेछ । यस्ता पकेटमा आवश्यक सेवा टेवाहरु प्याकेजका आधारमा निरन्तर रुपमा पुऱ्याइने व्यवस्था गरिनेछ ।
- कफी सम्बन्धी जनशक्ति विकासमा जोड दिई तालिम अध्ययनको व्यवस्था गरिनेछ । व्यवसायिक रुपमा कफी उत्पादन हुने क्षेत्रहरुमा उपयुक्त पूर्वाधार विकासमा जोड दिइनेछ ।

प्राथमिकता : घरेलु उपयोगका लागि गरिने कफी खेती बाहेक बजारको लागि उत्पादन गरिने कफी खेतीलाई कफी प्रशोधन उद्योग वा निकासी व्यवसायी संग समन्वय राखि मागका आधारमा आपूर्तिकालागि व्यवसायिक खेती प्रवर्द्धन गर्ने कार्यलाई टेवा पुऱ्याउन प्राथमिकता दिइनेछ ।

भौतिक लक्ष्य : योजना अवधिमा थप १४४ हेक्टरमा कफी खेती विस्तार गरी ४४४ हे. पुऱ्याइनेछ । यस अनुसार योजनाको अन्त सम्ममा कुल उत्पादनशील क्षेत्रफल २५२ हेक्टरबाट करीव ११० मे.टन. कफी उत्पादनहुने प्रक्षेपण छ ।

तालिका १६

नवौं योजनामा कफी उत्पादन प्रक्षेपण

क्र. सं.	आ.व. आ.व.	कुल क्षेत्रफल	थप क्षेत्रफल (हे)	कुल उत्पादनशिल क्षेत्रफल (हें)	कुल उत्पादन सुकेको चेरी (मे.टन.)	कुल उत्पादन पार्चमेन्ट वीन (मे.टन)
१	२०५४।२०५५	३२४	२४	१३०	१७१	५७

२	२०५५।२०५५।२०५६	३५४	३०	१६०	२११	७०
३	२०५६।२०५७	४८४	३०	१९०	२५०	८३
४	२०५७।२०५८	४१४	३०	२१२	२८०	९३
५	२०५८।२०५९	४४४	३०	२५२	३३२	११०

- **अन्य फलफूलबालीहरु**

दीर्घकालिन कृषि योजनाले निर्देशित गरेका प्राथमिकताका फलफूल तरकारी कार्यक्रमहरु माथि उल्लेख भइ सकेको छ । सालवसाली सञ्चालन भई आएका अन्य बढी मूल्य दिने शितोष्ण फलफूल तर्फ नास्पाती, ओखर, आरु, आलुवखडा, हलुवावेद, अनार, कागजी वदाम र अंगुरहरु, उष्ण फलफूल तर्फ आंप, केरा, अम्वा, मेवा, रुखकटहर, भूईकटहर, लिची, सुपारी, नरिवल, मसला बालीतर्फ अदुवा, वेसार, लसुन र खोर्सानीहरु र च्याउ जस्ता कृषिवस्तुका उत्पादन कार्यक्रमहरुलाई उत्पादन प्रवर्द्धन गराउन सामान्य सेवा पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

प्राथमिकता : यी बालीहरुको उत्पादन कार्यक्रम सञ्चालन गर्दा व्यवसायिक बगैंचा विकास हुने दृष्टिबाट प्राविधिक सेवा टेवा तालिम ऋण सुविधाहरु, प्याकेजका आधारमानै परिचालन गर्न प्राथमिकता दिइनेछ

भौतिक लक्ष्य : नवौं योजनामा उल्लेखित फलफूल तथा मसला बालीहरुको क्षेत्रफल र उत्पादन प्रक्षेपण निम्न अनुसार रहेकोछ । यी भौतिक लक्ष्य हाँसिल गर्न व्यवसायिक बगैंचा विकासका रुपमा सञ्चालन हुँदा तद्अनुरुप पुऱ्याइने सेवाका साथै अन्यमा सामान्य प्राविधिक सूचना सेवा कार्यक्रम पुऱ्याई करेसावारी कार्यक्रमको रुपमा कृषक स्तरमा सञ्चालन हुने कार्यक्रमहरु समेतको योगदान रहनेछ (तालिका १७) । समष्टिगत रुपमा फलफूलको उत्पादन प्रक्षेपण तल तालिका १८ मा प्रस्तुतछ ।

तालिका १७

नवौं योजनाको अन्य फलफूल तथा मसला बाली उत्पादन लक्ष्य

कार्यक्रम	आ.व ०५३/५४को अनुमान		आ.व. ०५८/५९ को अनुमान	
	क्षेत्रफल (हे.)	उत्पादन मे.टन)	क्षेत्रफल (हे.)	उत्पादन (मे.टन)
अन्य फलफूल	४२३४४	३०६६३६	४५४६९	३४२६०३
मसलाबाली	११६३६	८७२०८	१२०००	८९८००
अलैंचि	९५५४	४४५६	१००००	४७००

तालिम र जनशक्ति विकास :

प्राथमिकताका बढी मोल जाने कृषि वस्तु उत्पादन कार्यक्रमहरुलाई प्रभावकारी रुपले सञ्चालन गर्न योजना अवधिमा आवश्यक थप जनशक्ति र तालिम को व्यवस्था मिलाइनेछ । वर्तमानमा उपलब्ध जनशक्तिको प्राथमिकता क्षेत्रमा उपयोग गरी सोही क्षेत्रमा वृत्ति विकास हुने किसिमबाट समायोजन गरी परिचालन गरिनेछ।

अनुगमन तथा मूल्यांकन :

कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयन गर्न वस्तु विशेषका कार्यक्रमहरुले आ-आफ्नो कार्यक्रममा योजना तर्जुमा र कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गरी नियमित रुपमा प्रतिवेदनहरु उपलब्ध गराउनेछन्। समष्टिगत रुपमा जिल्ला कार्यालयले उपकेन्द्र र क्षेत्रीय कार्यालयले जिल्ला कार्यालय र फार्मकेन्द्रको अनुगमन गर्नेछ । आवश्यकता हेरी केन्द्रले क्षेत्र, जिल्ला र फार्मको अनुगमन गर्नेछ । अनुगमनलाई प्रभावकारी तुल्याउन बढी मोलजाने कृषि वस्तुहरुको केन्द्रबाट दीर्घकालीन कृषि योजनाको प्राथमिकता अनुरुप कार्यक्रम तर्जुमा र कार्यान्वयन भए नभएको समष्टिगत अनुगमन मूल्याङ्कन गर्न जिम्मेवार व्यक्ति तोकिनेछ ।

तालिका १८

नवौं योजनामा प्रमुख फलफूलहरुको समष्टिगत उत्पादन प्रक्षेपण

(क्षेत्रफल हेक्टर, उत्पादन मे.टन, उत्पादकत्व मे.टन/हेक्टर)

कार्यक्रम	०५३।५४ सम्मको अनुमान स्थिति				नवौं योजनाको लक्ष्य (आ.व. ०५८।५९)			
	जम्मा क्षेत्रफल	उत्पादनशील क्षेत्रफल	उत्पादन	उत्पादकत्व	जम्मा क्षेत्रफल	उत्पादनशील क्षेत्रफल	उत्पादन	उत्पादकत्व
व्यवसायिक								
सुन्तलाजात	९२३६	५४४१	५९५२५	११.००	१४२३६	७२००	८२८००	११.५०
स्याउ	२३५२	१५२०	१६११२	१०.६०	४३५२	१६५०	१७८२०	१०.८०
अन्य	११८५६	८३८५	८७२१४	१०.४०	१३७७५	१०३५७	११०७४८	१०.६९
करेशावारी								
सुन्तलाजात	६६८८	३९१९	३३४६९	८.५५	७२३८	८४००	४३२००	९.००
स्याउ	२३००	१४८६	१२४८३	८.४०	२५७५	१६१४	१३५७७	८.४०
अन्य	३०४८८	२१५६३	२१९४२२	१०.१७	३३७२४	२५३५८	२७१७२१	१०.७१
जम्मा	६२९२०	४२२८५	४२८२२५	१०.१३	७३८७०	४८०७९	५०००००	१०.४०
सुन्तलाजात	१५९२४	९३३०	९२९९४	९.९७	२१४७४	१२०००	१२६०००	१०.५०
स्याउ	४६५२	३००६	२८५९५	९.५०	६९२७	३२६४	३१३९७	९.६२
अन्य	४२३४४	२९९४९	३०६६३६	१०.२४	४५४६९	३२८१५	३४२६०३	१०.४४

पशुपक्षी पालन तथा मत्स्य विकास कार्यक्रम :

- **पशुपक्षी पालन विकास**

परम्परागत कृषि उत्पादन प्रणालीमा पशुपक्षी पालन पेशा कृषकहरुको आयमूलक व्यवसायको रुपमा रही आएको छ । यस व्यवसायबाट प्राप्त हुने दूध, फूल र मासुबाट मात्र कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा झण्डै एक तिहाई योगदान हुनेगरेको छ । यस व्यवसायले ग्रामीण महिला तथा पिछडिएका

कृषक परिवारलाई रोजगारीका अवसर दिलाई आय आर्जन वढाउन पनि महत्वपूर्ण भूमिका खेल्दै आएको छ । दीर्घकालीन कृषि योजनाले पशुपक्षीजन्य पैदावारमा आधारित वस्तुहरुको बृद्धिदर नवौं योजना अवधिभित्र उल्लेखनीय हुने अनुमान गरेको छ । यसलाई हासिल गर्न पशुपक्षी पालन व्यवसायलाई व्यवसायीकरणतर्फ उन्मुख गराई अघि वढ्नुपर्ने आवश्यकता छ ।

आठौं योजना अवधिको अन्तिम वर्षमा दूध १० लाख २८ हजार मे.टन, मासु १७३ हजार मे.टन, फूल ४८ करोड गोटा उत्पादन गरिने र ऊन ८१४ मे.टन पुग्ने लक्ष्य भएकोमा योजना कालको अन्तिम वर्ष २०५३/०५४ सम्म दूध उत्पादनमा १० लाख १२ हजार मे.टन (९८.५%) मासु १७४ हजार मे.टन (१००%), फूल ४२ करोड गोटा (८९%) र ऊन ६३३ मे.टन (७७%) उत्पादन स्तर पुगेकोछ । आ.व. ०५३/५४ मा दुग्ध विकास संस्थानले ५८.५ हजार मे.टन र निजी क्षेत्रका दुग्ध उद्योगले ३२ हजार मे.टन दूध सङ्कलन गरी सङ्गठित क्षेत्रवाट करीव ९ प्रतिशत मात्र सङ्कलन भई प्रशोधन भएको देखिन्छ । यसमध्येबाट ३७५ मे.टन चीज उत्पादन भएको छ । ०५३/०५४ मा रु. ३० करोड २२ लाख बरावरको धूलो दूधको आयात भएको छ । यसैगरी राँगो/भैंसी, बाखा र कुखुराको फुल आयातमा सामान्य ह्रास आई आयात प्रतिस्थापनमा केही सुधार भएको छ । तिब्बततर्फको निर्यातमा बृद्धि भएको छ ।

आठौं योजना अवधीमा पशुपक्षी विकासवाट आशातीत सफलता हासिल नहुनुमा योजनामा निर्धारण गरिएका लक्ष्यहरु वार्षिक कार्यक्रममा रुपान्तरित हुन नसक्नु, सेवा सुविधाको प्रवाह वाञ्छित मात्रामा हुननसक्नु, कार्यान्वयन पक्षमा शिथिलता आउनु, कार्यक्रम संचालनमा दक्ष जनशक्तिको सही परिचालन नहुनु, कार्यक्रम कार्यान्वयनको नियमित अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी स्थलगतरुपमा समस्या समाधान गर्ने निश्चित कार्यव्यवस्था नहुनु, भरपर्दो तथ्याङ्क प्रणालीको अभाव हुनु र पशुपक्षीजन्य पदार्थको समुचित बजार व्यवस्थाको कमी, आदि कारणहरु रहेका छन् । अतः नवौं योजनामा यस्ता समस्याहरुको समाधान गर्दै पशुपक्षी क्षेत्रको समुचित विकासका निमित्त नश्ल सुधारका लागि पशु प्रजननको नीतिगत व्यवस्था, पशु स्वास्थ्य उपचार र रोग निदान, चरन तथा पशु आहार, बजार व्यवस्था, हावापानी सुहाउदो उन्नत पशु पालन पद्धतिको विकास तथा प्रचार प्रसार, सुलभ ऋण व्यवस्था र कृषकहरुको आवश्यकता अनुरुप स्तरयुक्त सीपमूलक तालिमको व्यवस्था जस्ता पक्षमा विशेष प्राथमिकता साथ कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ । दीर्घकालीन कृषि योजनामा निर्देशित नीति अनुरुप पशुपक्षी पालन व्यवसायलाई उद्योगको रुपमा विकास गर्दै लैजान पशुपक्षीजन्य पदार्थको प्रशोधन एवं उचित बजार व्यवस्थापनको निमित्त निजी क्षेत्रलाई अघि बढाउनु जरुरी छ ।

आगामी २० वर्ष भित्र दूध, मासु र फूलमा आत्मनिर्भरता हासिल गरी निकासी प्रबर्द्धन समेत गर्न पशुजन्य उत्पादनको वार्षिक वृद्धिदर हालको २.३ प्रतिशतबाट ६.२ प्रतिशत पुऱ्याइ पशुपालनक्षेत्रबाट राष्ट्रिय कृषि गार्हस्थ्य उत्पादनमा हालको योगदानमा बृद्धि गरी ४३.२ प्रतिशत पुऱ्याउने जस्ता दीर्घकालीन लक्ष्यको पृष्ठभूमिमा पशुपक्षीको उत्पादकत्व वढाइ दूध मासु र फुल उत्पादनमा बृद्धि ल्याउने र पशुपक्षीपालन व्यवसायबाट कृषकहरुको आय बढाइ गरिबी-निवारणमा टेवा पुऱ्याउने उद्देश्यवाट नवौं योजनामा पशु विकास सेवा कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

नीतिगत कार्यक्रमहरु :

कम उत्पादनशील पशुपक्षीको नश्ल सुधार गरी उत्पादकत्व वढाउने, वातावरणमा प्रतिकूल प्रभाव नपर्नेगरी पशुपक्षीजन्य पदार्थ : दूध, फूल, मासु, धूलो दूध, चीज, खुवा र मासु (packed meat) उत्पादनको गुणस्तरमा समेत सुधार ल्याई आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्ने, पशुपक्षी विकास कार्यक्रममा महिलाहरुलाई स्वरोजगारीका अवसर दिलाई उनीहरुको आय स्तरमा अभिवृद्धि ल्याउन तालिम एवं ऋण सुविधाको समुचित व्यवस्था गर्ने, पशुजन्य पदार्थ, उपपदार्थ र पशुपक्षी उत्पादनमा प्रयोग गरिने कच्चा पदार्थ, तयारी दाना, बीउ, भ्याक्सीन र औषधीको गुणस्तर निर्धारणका लागि "राष्ट्रिय गुणस्तर" विकास गरी लागू गर्ने, पशु स्वास्थ्य सेवामा प्रतिरोधात्मक सेवालाई प्राथमिकता दिने

तथा व्यवसायिक क्षेत्रमा निजी चिकित्सा सेवाहरुको विकास तथा विस्तारमा टेवा पुऱ्याउने, दुग्ध विकासमा निजीक्षेत्रको समेत सहभागिता बढाउनेगरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा श्री ५ को सरकारलाई नीतिगत सिफारिसहरु दिन राष्ट्रिय दुग्ध विकास बोर्डलाई सक्रियरुपमा परिचालन गर्ने र पशुपक्षीजन्य पदार्थको बजार व्यवस्थित गर्ने जस्ता नीतिगत पृष्ठभूमिमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

दीर्घकालीन कृषि योजनाले पहिल्याएका प्राथमिकताका पशुजन्य उत्पादनसँग सम्बन्धित दूध दिने पशुपालन, बाखा, कुखुरा र यससँग सम्बन्धित पोसिला पशु आहारा र पशु स्वास्थ्य कार्यक्रमहरुलाई सम्भावित पकेट क्षेत्रहरु पहिचान गरी त्यस्ता क्षेत्रमा व्यापकरुपमा दूध, मासु, फूल, उत्पादनको पकेट विकास हुने किसिमवाट कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ । यस क्रममा कार्यक्रमहरु मूलत : निम्न अनुसार केन्द्रित गरी सञ्चालन गरिनेछ ।

- शहरी वजारको दूध र दुग्ध पदार्थको मागलाई दृष्टिगत गरी यी क्षेत्रका आसपास रहेका भौतिक पूर्वाधारयुक्त ग्रामीण क्षेत्रहरुमा व्यवसायिक रुपमा गाई-भैंसीपालन गराई दुग्ध उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । यसबाट शहरी क्षेत्रका आय ग्रामीण क्षेत्रमा प्रवाहित हुन गई रोजगारी एवं आय वृद्धिमा सघाउ पुग्नेछ ।

- राजमार्ग तथा सहायक राजमार्गवाट चार घण्टाको पैदल दूरिभित्रका ठाँउमा वजारको माग आपूर्ति गर्ने उद्देश्यबाट दूध उत्पादन, कुखुरा पालन, दूध सङ्कलन, उन्नत घाँस उत्पादन कार्यक्रमहरु व्यवसायिक रुपमा सञ्चालन गरी रोजगारीका अवसरहरु सिर्जना गराइनेछ ।

- यातायात र विद्युत सुविधा नपुगेका ग्रामीण क्षेत्रहरुमा स्थानीय स्रोतको उचित उपयोग गरी रोजगारी बढाउन बाखा, भेडा, बंगुर, खरायो, कुखुरा पालनमा जोड दिईनेछ ।

- पशुपक्षी पालक कृषकहरुलाई समूहमा आवद्ध गराई कार्यक्रम सञ्चालन गरिनेछ । कृषक समूह तथा जे.टि, जे.टि.ए. हरुलाई क्षमता विकासका लागि तालिम दिइने छ । नश्ल सुधार, पशु आहारा, पशु स्वास्थ्य सेवा, तालिम, कर्जा सुविधा तथा बजार व्यवस्थालाई प्याकेजको रुपमा समूह मार्फत परिचालन गरिने छ । पकेट प्याकेज पहिचान र परिचालनमा जिल्ला कृषि विकास समिति र कार्यक्रम कार्यान्वयन समिति जिम्मेवार रहनेछ ।

- छिमेकी मुलुकहरुमा प्रचलित भन्सार महसुल, विक्री कर, अनुदान, गुणस्तर आदिको अध्ययन तथा अनुगमन गरी देशको आवश्यकताअनुसार पशु उत्पादनमा प्रयोग गरिने कच्चा पदार्थ र उत्पादित पशुजन्य बस्तुहरुमा महसुलमा समसामयिक परिमार्जित गरी विश्व व्यापार सङ्गठन (WTO) को नीति अनुकूल आयात निर्यात गर्ने वातावरण तयार गर्दै लगिनेछ ।

- पशु स्वास्थ्य सेवालाई सम्भाव्य क्षेत्र छनोट गरी निजी क्षेत्रवाट सञ्चालन गराउने व्यवस्था गरिनेछ ।

- दीर्घकालीन कृषि योजनाले परिलक्षित गरेको दूध उत्पादन क्षेत्रको आर्थिक वृद्धि हासिल गराउन टेवा दिने दृष्टिबाट दूध उत्पादन, सङ्कलन, दूध तथा दूधजन्य उद्योग विकास, गुणस्तर विकास, निर्यात सम्भाव्यता, लागत सक्षमता र निजीकरणका सम्वन्धमा अध्ययन, विश्लेषण र अनुगमन गरी उपयुक्त समसामयिक नीतिहरु निर्माण गरी कार्यान्वयनका लागि श्री ५ को सरकारलाई परामर्श दिने कार्यमा राष्ट्रिय दुग्ध विकास बोर्डलाई सक्रिय रुपमा परिचालन गरिनेछ ।

प्राथमिकता कार्यक्रम :

समूह विकास : नवौं योजनाको लक्ष्य हासिल गर्न थप २ हजार ४६० गाईपालन समूह, २ हजार २६० भैंसीपालन समूह, १३ हजार १०० बाख्रापालन समूह, ८२० कुखुरापालन समूह गठन गरिनेछ । प्रत्येक समूहमा १० जना कृषक परिवार रहनेछन् । (तालिका १९) । यिनै समूहमार्फत प्रविधि प्याकेज परिचालन गरी व्यवसायिक पशुपालन प्रविधि उपयोग गराइनेछ । यी समूहको सफल व्यवस्थापनद्वारा गुणनात्मक प्रभाव सिर्जना गराई उन्नत पशुपालनलाई विस्तार गराइनेछ । पशुपक्षी विकास तथा प्रचार प्रसार सेवा कार्यक्रमलाई उपलब्धिमूलक बनाउन जिल्ला स्थित ३६० पशु सेवा केन्द्र र ६३९ पशु सेवा उपकेन्द्रहरुमार्फत एकीकृतरुपमा कार्यक्रम सञ्चालन गरी पशुपालक कृषकलाई सेवा पुऱ्याइनेछ ।

तालिका १९
प्याकेज कार्यक्रम प्रयोग गर्ने कृषक समूह संख्या

विवरण	कृषक समूह	२०५४/५५	२०५५/५६	२०५६/५७	२०५७/५८	२०५८/५९	जम्मा
व्यावसायिक कार्यक्रम							
प्राथमिकता							
गाई पालन	संख्या	२६०	३००	३६०	४४०	६००	१९६०
भैंसी पालन	संख्या	२००	२६०	२८०	३८०	४४०	१५६०
बाखा पालन	संख्या	१४०	३००	६००	७२०	८६०	२६२०
कुखुरा पालन	संख्या	३०	४०	४५	५०	५५	२२०
अन्य							
बंगुर पालन	संख्या	३०	४०	५०	६०	७०	२५०
खरायो पालन	संख्या	१०	२०	२५	३०	३५	१२०
महिला विकास कार्यक्रम		०	०	०	०	०	०
प्राथमिकता							
गाई पालन	संख्या	७०	८०	१००	१२०	१३०	५००
भैंसी पालन	संख्या	८०	१००	१२०	२००	२००	७००
बाखा पालन	संख्या	२८०	६००	१२००	१४४०	१७२०	५२४०
कुखुरा पालन	संख्या	५०	५५	६०	६५	७०	३००
अन्य							
बंगुर पालन	संख्या	२०	३०	४०	५०	६०	२००
खरायो पालन	संख्या	१०	१५	२०	२५	३०	१००
गरिवी निवारण कार्यक्रम		०	०	०	०	०	०
प्राथमिकता							
बाखा पालन	संख्या	२८०	६००	१२००	१४४०	१७२०	५२४०
कुखुरा पालन	संख्या	५०	५५	६०	६५	७०	३००
अन्य							
भेडा पालन	संख्या	३०	४०	५०	६०	७०	२५०
बंगुर पालन	संख्या	२०	३०	४०	५०	६०	२००
कूल जम्मा		१५६०	२५६५	४२५०	५१९५	६१९०	१९७६०

दूध सङ्कलन र प्रशोधन : दुग्ध विकास संस्थानले दुग्ध उद्योगको विकासका क्रममा आफ्नो व्यापारिक क्षेत्र सुनिश्चित गरी नँया डेरी पकेट क्षेत्रहरुमा दूध सङ्कलन कार्य विस्तार गर्न सघाउ पुऱ्याउनेछ । आउदा दिनहरुमा मागभन्दा बढी दूध उत्पादन हुनजाने परिप्रेक्षमा दूधको खपत वढाउन नयां दूध प्रशोधन कारखाना स्थापना गर्न प्रोत्साहित गरिनेछ र भएका कारखानाको क्षमता विस्तार गरी दूध

खपत गराईनेछ । निकासी योग्य गुणस्तरीय चीज उत्पादन गर्न घरेलु स्तरका साथै ठूला चीज कारखाना स्थापना गर्ने वातावरण सिर्जना गरिने छ । आधार वर्ष ०५३/५४ मा निजी क्षेत्रबाट ३२ हजार मे.टन दूध सङ्कलन र प्रशोधन हुँदै आएकोमा नवौं योजनाको अन्त्यमा ७५ हजार मे.टन पुऱ्याउने लक्ष्य हासिल गर्न सघाउ पुऱ्याइनेछ ।

नश्ल सुधार : स्थानीय गाई, भैंसी, भेडा, बाखाको नश्ल सुधार प्राकृतिक र कृत्रिम गर्भाधान दुवै प्रविधिबाट गरिनेछ । कृषक समूहको माग अनुसार उन्नत नश्लका २ हजार ५०० राँगो, २ हजार १२० साँढे, १५ हजार ५०० बोका, २ हजार ४०० थुमा र ४५ हजार ककेरल कृषक समूहमा वितरण गरिनेछ । प्रजननको लागि पशुपक्षीहरु पकेट क्षेत्रमा ७५ प्रतिशत र अन्य क्षेत्रमा २५ प्रतिशतका दरले बितरण गरिनेछ ।

पूर्वाधार तयार भैसकेका शहरीक्षेत्रको माग अनुसार कृत्रिम गर्भाधान सेवालाई क्रमशः निजीकरण गर्दै १ लाख ३० हजार भैसीमा र ३ लाख ५० हजार गाईमा कृत्रिम गर्भाधान गरिनेछ । उत्पादकत्वमा दिगोपन ल्याउनका लागि देशको हावापानी सुहाउँदो नश्ल तयार गर्न पहाडी क्षेत्रका भैंसीमा ६२.५ प्रतिशत मूर्रा भैंसीको नश्ल र तराई तथा पहाडी क्षेत्रका गाईहरुमा ६२.५ प्रतिशत जर्सी जातबाट नश्ल सुधार गर्ने प्रजनन नीति अपनाई कार्यक्रम सञ्चालन गरिनेछ । (तालिका २०)

तालिका २०
नश्ल सुधार कार्यक्रम

विवरण	एकाई	२०५४/५५	२०५५/५६	२०५६/५७	२०५७/५८	२०५८/५९	जम्मा
कृत्रिम गर्भाधान							
गाईमा	संख्या	३००००	५००००	७००००	९००००	११००००	३५००००
भैसीमा	संख्या	१००००	१५०००	२५०००	३५०००	४५०००	१३००००
जम्मा	संख्या	४००००	६५०००	९५०००	१२५०००	१५५०००	४८०००
प्राकृतिक गर्भाधानका लागी उन्नत नश्ल वितरण							
साँढे	संख्या	३५०	३६०	४१०	४८०	५२०	२१२०
राँगो	संख्या	३७०	४२०	४९०	५८०	६४०	२५००
बोका	संख्या	८००	१७००	३५००	४३००	५२००	१५५००
थुमा	संख्या	१००	३००	५००	७००	८००	२४००
ककरेल	संख्या	५०००	१००००	१००००	१००००	१००००	४५०००

पशुआहार विकास : दूध र मासुको उत्पादन खर्च घटाउन मूलत : पोसिला घाँसमा आधारित पशुपालन प्रणाली अपनाइनेछ । नवौं योजना अवधिमा ९३२ मे.टन वर्षे तथा हिउँदे घाँसको बीउ, ४१६ मे.टन बहूवर्षे घाँसको बीउ, १६५ मे.टन. चरन घाँसका बीउ र २ करोड २१ लाख ६१ हजार डालेघाँसको विरुवा निजी क्षेत्रको सहभागिता समेतमा उत्पादन तथा वितरण गरिनेछ । मध्यपहाडमा सामुदायिक वन कार्यक्रमसँग आवश्यक समन्वय गरी कृषि वन वनेलो (agro- forestry) विकासमा जोड दिइनेछ । तराईमा दूध उत्पादन लागत कम गराउन हिउँदको समयमा खुवाउनका लागि हरियो घाँस उत्पादनमा जोड दिइनेछ । पशु जन्य पदार्थको उत्पादनलाई बजार उन्मुख गराउन तिनीहरुको उत्पादन प्रणालीमा प्रयोग गरिने कच्चापदार्थ, तयारी दाना, औषधी दानाको पूरकतत्व (feed supplement), घाँसको बीउका साथै त्यसको उपयोगवाट उत्पादित दूध, मासु र अन्य पशुपक्षीजन्य पदार्थको गुणस्तर निर्धारण, उत्पादन, प्रवर्द्धन, नियमन, अनुगमन तथा विश्लेषण गर्न एक छुट्टै उपयुक्त एकाईको स्थापना गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

तालिका २१

चरन तथा घाँसेबाली कार्यक्रम

उत्पादन/वितरण	इकाई	२०५४/५५	२०५५/५६	२०५६/५७	२०५७/५८	२०५८/५९	जम्मा
वर्षे र हिउंदे घाँस वीउ	मे.टन	१२८	१४९	१८३	२२१	२५१	९३२
बहूवर्षे घाँसको वीउ	मे.टन	३४	५३	९०	१०९	१३०	४१६
चरन घाँसको वीउ	मे.टन	८	२०	३६	४५	५६	१६५
डाले घाँसको विरुवा	हजार गोटा	१३२७	२९२०	४७८३	५९३७	७१९४	२२१६१

पशु स्वास्थ्य : कुखुरा पालन ठूलो व्यवसायको रुपमा स्थापित हुदैगएको र वार्षिक ६.२ प्रतिशतको फूल उत्पादन बृद्धि लक्ष्य भएको हुँदा यस्लाई रोगको प्रकोपबाट सुरक्षित राखिनु जरुरी छ । कुखुरामा लाग्ने रोगका कारक तत्वहरु अन्य जनावरको भन्दा भिन्न हुने हुदा एउटा छुट्टै केन्द्रीय एभियन डाइगोनोष्टिक प्रयोगशाला स्थापना गराई पशु स्वास्थ्य सेवा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ साथै स्वदेशमा उत्पादित औषधी र भ्याक्सिनको गुणस्तर निर्धारण तथा आयातित औषधीहरुको परीक्षण गर्न प्रयोगशाला सुविधा सहितको एक छुट्टै पशुस्वास्थ्य गुणस्तर नियमन एकाइको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ । वर्तमान संरचना अनुसार पशु सेवा केन्द्र/उपकेन्द्रको १० किलोमिटर परिधिमा रहेका कृषक परिवारको १० प्रतिशत पशुपक्षीमा मात्र पशु स्वास्थ्य सेवा उपलब्ध भएकोमा पशु रोगबाट संरक्षण दिन सरकारी तथा निजी क्षेत्र दुबैबाट थप सेवा पुऱ्याइने व्यवस्था गरिनेछ । निजी क्षेत्रमा ६६ वटा पशुस्वास्थ्य अभ्यास केन्द्र स्थापना गराइ परीक्षण कार्यक्रम (pilot project) को रुपमा सञ्चालन गराइनेछ । छानिएका ५० सेवा केन्द्रलाई स्तरीय सेवायुक्त बनाइ पशु चिकित्सकबाट सेवा उपलब्ध गराइनेछ । महामारी रोग भएको समयमा प्रतिरोधात्मक खोप र रोग निदान सेवा निशुल्क हुनेछ । अन्य समयमा गरिने खोप र अरु सेवा सशुल्क उपलब्ध गराइनेछ । यी कार्यक्रमहरु प्राथमिकता प्राप्त पकेटहरुमा पुऱ्याउन प्राथमिकता दिइनेछ ।

तालिका २२
पशु स्वास्थ्य कार्यक्रम

विवरण	**एकाई**	**२०५४/५५**	**२०५५/५६**	**२०५६/५७**	**२०५७/५८**	**२०५८/५९**	**जम्मा**
गाई/भैंसीका लागि							
खोरेतविरुद्ध खोप	पशु संख्या हजार	१०२	११९	१४६	१७७	२०१	७४५
चरचरेविरुद्ध खोप	पशु संख्या हजार	५१	६०	७३	८८	१००	३७२
भ्यागूतेविरुद्ध खोप	पश संख्या हजार	१०२	१२०	१४६	१७६	२००	७४४
बाखाभेडाको लागि							
खोरेतविरुद्ध खोप	पशु संख्या हजार	२०५	४१८	८४२	१०२०	१२२०	३७०५
भ्यागूतेविरुद्ध खोप	पशु संख्या हजार	२०५	४१८	८४२	१०२०	१२२०	३७०५
कुल जम्मा खोप	पशु संख्या हजार	६६५	११३५	२०४९	२४८१	२९४१	९२७१

बढ्दो व्यावसायिक पशुपक्षी पालनमा गुणस्तरीय उपचार सेवा उपलब्ध गराउन यस योजनाकालमा ४० जिल्लास्तरीय र १४ अञ्चल स्तरीय गरी ५४ जिल्लाका पशुसेवा कार्यालयहरुमा पशुरोग निदान प्रयोगशाला सञ्चालन गरिनेछ । पाँचैवटा क्षेत्रीय पशुरोग निदान प्रयोगशालाहरुलाई सुदृढीकरण गरी कार्यक्षमता बृद्धि गरिनेछ ।

देशको आवश्यकता परिपूर्तिमा स्वाइन फिभर, आइ.एल.टी., आई.बी., मरेक्स डिजिज र आई.बी.डी. जस्ता भ्याक्सिन उत्पादन कार्यक्रम हालकै लेवोरेटरीलाई सुदृढीकरण गरेर उत्पादन वढाइनेछ ।

यसप्रकारका भ्याक्सिन उत्पादन कार्यमा निजी क्षेत्रको संयुक्त लगानीलाई प्रोत्साहित गरिनेछ । खोरेत रोगको मोनोभेलण्ट भ्याक्सिन हालको खोरेत प्रयोगशाला सुदृढीकरण गरी स्वदेशमै उत्पादन गरिनेछ ।

जनस्वास्थ्यको र निकासी प्रवर्द्धनका दृष्टिकोणवाट अति महत्वपूर्ण रहेको रेविज रोग नियन्त्रण गर्न भेडाको मस्तिष्कबाट स्याम्पल भ्याक्सिन उत्पादन भईरहेकोमा मानिसमा पनि प्रयोग हुने भएकोले यसको गुणस्तरमा अझ सुधार ल्याउन अन्तरराष्ट्रिय गुणस्तरको टिसुकल्चर भ्याक्सिन उत्पादन शुरु गरिनेछ । यसका लागि हाल सञ्चालन भैरहेको प्रयोगशालालाई सुदृढीकरण गरिनेछ ।

तालिम तथा जनशक्ति विकास : पशुपक्षीपालक कृषकलाई समूहमा आवद्ध गराई उन्नत पशुपक्षी पालन प्रविधि वारे आयमूलक सीप विकास तालिम दिलाई यिनीहरुलाई ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरुको रुपमा परिचालन गरिनेछ । यस्तो कार्यक्रम प्राथमिकताका पकेट क्षेत्रहरुमा विशेष जोड दिई सञ्चालन गरिनेछ । पशु विकास सेवामा संलग्न प्राविधिज्ञहरुलाई सीप मूलक वैज्ञानिक पशुपक्षीपालन प्रणाली तथा स्वास्थ्य उपचारवारे तालिम दिई आ-आफ्नो कार्य क्षेत्रमा सवल र दक्ष बनाइनेछ । पशु प्रजनन, पशु स्वास्थ्य, चरन तथा पशु आहारा, दूध उत्पादन र प्रशोधन विषयमा स्नातक र स्नातकोत्तर अध्यापनको लागि कृषि तथा पशु विज्ञान अध्ययन संस्थान मार्फत व्यवस्था गरी पशु विकास क्षेत्रमा आवश्यक पर्ने दक्ष प्राविधिज्ञहरु स्वदेशमै तयार गर्न आवश्यक समन्वय मिलाईनेछ । उच्चस्तरीय तालिम अध्ययनको लागि विभिन्न छात्रवृत्ति कार्यक्रम र आयोजनाहरु मार्फत वैदेशिक तालिम को पनि सम्भावनाहरुको खोजि गरी उपयोग गरिनेछ ।

केन्द्रीय पशु सेवा तालिम कार्यक्रमअन्तर्गतको सवै क्षेत्रीय तालिम केन्द्रहरुमा सञ्चालन हुने सीप मूलक तालिमलाई स्तरयुक्त बनाउन आवश्यक पर्ने दक्ष जनशक्ति, प्रयोगात्मक साधन सुविधा र आवासगृह क्रमश व्यवस्था गरी सुदृढ गरिनेछ । यस कार्यक्रमबाट योजना अवधिमा ६ हजार ४२५ कृषकहरुलाई गाँउस्तरमा, ४ हजार ५१० जना कृषकहरुलाई पशु स्वास्थ्य, पशु प्रजनन, चरन तथा घाँसेबाली सम्बन्धी एक महिने तालिम क्षेत्रीय स्तरमा, ४ हजार ३५६ मध्यस्तरीय प्राविधिज्ञ र १ हजार ५६ अधिकृत स्तरका प्राविधिज्ञलाई सम्बन्धित विषयमा तालिम दिने व्यवस्था गरिनेछ । कृषकस्तरको तालिममा महिलाहरुको सहभागिता बढाउन घुम्ती तालिमको समेत व्यवस्था मिलाइनेछ । तालिम कार्यक्रमहरु प्राथमिकताका पकेट क्षेत्रहरुको आवश्यकतालाई समेट्ने गरी सञ्चालन गर्न प्राथमिकता दिइनेछ । तालिम पाठ्यसामग्रीहरुलाई उत्पादनमुखी मात्र नबनाई कृषि व्यवसायमुखी बनाइनेछ । ग्रामीणस्तरका बढ्दो पशु स्वास्थ्य सेवाको खाँचोलाई दृष्टिगत गरी छानिएका एक हजार गाँउ विकास समितिमा उनीहरुको मागको आधारमा प्रति गाँउ विकास समितिमा एक जनाको दरले एक हजार जना छनौट गरी नायब प्राविधिक सहायक स्तरको तालिम दिने व्यवस्था गरिनेछ ।

तालिका २३
पशु सेवा तालिम कार्यक्रम

तालिम स्तर	एकाई	२०५४/५५	२०५५/५६	२०५६/५७	२०५७/५८	२०५८/५९	जम्मा
अधिकृत स्तर	जवान	२१७	२१२	१७९	२०४	२४४	१०५६
प्रास/ना.प्रा.स स्तर	जवान	८७०	८७०	८७०	८७५	८७०	४३५५
कृषक स्तर : गाँउस्तर	जवान	१२८५	१२८५	१२८५	१२८५	१२८५	६४२५
कृषक स्तर : १ महिने	जवान	९०२	९०२	९०२	९०२	९०२	४५१०

पशुविकास फार्म व्यवस्थापन : पशु सेवा विभाग अन्तरगतका ११ पशु विकास फार्महरुलाई उन्नत नश्लका पशुपक्षी तथा बीउ विजनको मूलस्रोतको रुपमा स्थापित गर्दै लगिनेछ । पोखरा पशु विकास फार्ममा जस्तै अन्य फार्महरुमा पनि कार्यसञ्चालन कोष अवधारणामा कोष स्थापना गरी कार्यक्षमतामा सुधार गरिनेछ । जिरी-खिम्ति स्थित फार्मलाई समशितोष्ण (temperate) घांसबालीको बीउको मुख्य स्रोतको रुपमा विकसित गरिदै लगिनेछ । बुढितोला बाखा फार्म प्रमुख बाखा विकास केन्द्रको रुपमा

सुधार गर्दै लगिनेछ भने पानशय खोला भेडा फार्ममा भेडा र सोलोखुम्बु चौरी फार्ममा याक र नाक उत्पादनको लागि सुदृढ गरिनेछ । गौघाट, रंजितपुर र जनकपुर फार्म उष्ण जातीय घांसबाली बीउ वीजनको मुख्य स्रोत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ । चित्लाङ फार्म खरायो र बाखा उत्पादन गर्न बिस्तार गरिनेछ । यी फार्महरुबाट उत्पादित पशुपक्षी वितरणको लागि उपलब्ध गराईनेछ ।

पशु बजार विकास : व्यावसायिक कुखुरा पालन व्यवसाय विकास र बजार प्रवर्द्धनमा सघाउ पुऱ्याउन निजी क्षेत्रको व्यवस्थापनमा "नेशनल पौल्ट्री प्रोडक्सन एण्ड मार्केटिङ सेन्टर" को स्थापना गरिनेछ । यस केन्द्रको पोल्ट्री तथा ह्याचरी उद्योगमा संलग्न उद्योगीहरुको सहभागितामा कुखुरा पालन क्षेत्रको व्यवसाय विकास गर्न योजना तर्जुमा, कार्यान्वयन, अनुगमन बजार व्यवस्थापन र उपयुक्त संरक्षणको लागि सरकारी क्षेत्र र निजी क्षेत्रको सहभागिताको आधार तय गरी सरकारी क्षेत्रको नीति निमार्णमा टेवा पुऱ्याइनेछ साथै त्यसको अनुगमन तथा मूल्याङ्कन गरी प्रबर्द्धन समेत गर्नेछ । नगरपालिका र गाँउ विकास समितिहरुको सक्रिय भूमिकाबाट पशु वधशाला र शित भण्डार निजीस्तरमा स्थापना गरी स्वस्थ्यकर मासुको बजार व्यवस्थापन तथा छाला व्यवसाय प्रवर्द्धन गर्न सघाउ पुऱ्याउनेगरी पशु बजार व्यवस्था कार्यक्रम शुरु गरिनेछ ।

अन्य पशु विकास कार्यक्रमहरु :

चरन विकास : उत्तरी सीमावर्ती जिल्लाहरुमा भेडा, याक तथा चौरी पालन र चीज, छुर्पी उद्योगमा सघाउ पुऱ्याउन जनसहभागिताका आधारमा ५,००० हेक्टरमा बीउ छरी सामूहिक चरन विकास गरिनेछ । भेँडा पालन कार्यक्रमलाई प्रभावकारी रुपमा परिचालन गर्न २५० भेडापालन समूह वनाई प्रविधि प्याकेजको सेवा पुऱ्याइनेछ।

महिला विशेष पशुविकास कार्यक्रम : स्थानीय स्रोतको परिचालन गरी पिछडिएका महिला तथा कृषक परिवारको आय आर्जन बढाउन बंगुर र वहुउद्देश्यीय कुखुराको ककेरल वितरण गरी कुखुरा तथा बंगुर विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस अन्तर्गत ७,००० परिवारलाई समेटी कार्यक्रम सञ्चालन गरिनेछ । बंगुर पालन कार्यक्रमलाई ६५० कृषक समूह तयार गरी प्रविधि प्याकेज सेवा पुऱ्याइनेछ । दूध र मासु उत्पादनको लागि साना पाडा-पाडी सङ्कलन गरी निजी क्षेत्रमा हुर्काउने कार्यक्रम महिला समूहमा सञ्चालन गराइनेछ । यसका लागि कृषि कर्जा र प्राविधिक सेवा सुलभ रुपमा प्राप्त गराइनेछ ।

बाखा र कुखुरा पालन व्यवसायमा महिलासमूहको सहभागिता बढाउन समूहलाई सीपमूलक तालिम दिई उत्पादित बस्तुहरुको बजार व्यवस्थामा सहयोग पुऱ्याइनेछ । कुखुरा र बाखा पालन कार्यलाई व्यवसायीकरणतर्फ उन्मुख गराउँदै महिला वर्गको आय आर्जन क्षमतामा सुधार ल्याइने छ । यस कार्यक्रमवाट १०,००० परिवार लाभान्वित हुनेछन् ।

सीमान्त कृषक विशेष पशुविकास कार्यक्रम

कबुलियत वन तथा सामुदायिक घाँस तथा चरन विकास कार्यक्रमलाई पिछडिएका कृषक वर्गको आयस्रोत वढाउने गरी विकासका पूर्वाधार तयार नभएका क्षेत्रहरुमा वन मन्त्रालयसँग समन्वय राखी सञ्चालन गरिनेछ । यस्ता कार्यक्रम योजनाअवधिमा ७,११२ परिवारलाई समेट्ने गरी सञ्चालन गरिनेछ ।

पशु क्वारान्टाइन

देशमा विद्यमान २४ वटा पशु क्वारान्टाइन चेकपोष्टहरुमध्ये ६ वटा मूख्य नाकामा रहेका चेकपोष्टहरुमा जनावर राख्ने सुविधाका साथै अन्य आवश्यक परीक्षण किट सहितको उपयुक्त प्रयोगशाला पनि स्थापना गरिनेछ।

खरायो पालन

पकेट क्षेत्रमा खरायो पालन पेशालाई व्यवसायीकरण गर्दै लगिनेछ । यस अन्तर्गत २२०० कृषक परिवारलाई कार्यक्रमले समेट्ने छ । खरायो पालन अन्तर्गत २२० समूह तैयार गरी प्राविधिक सेवा प्याकेज परिचालन गरिनेछ । यसमा अंगोरा खरायोको प्रवर्द्धनमा जोड दिइनेछ ।

पशुविकास कर्जा र वीमा

पशु विकास कार्यक्रममा आवश्यक कृषिकर्जा कृषि विकास बैंक तथा अन्य वित्तीय संस्थाहरुसँग समन्वय गराई कृषकको लागि कम खर्चिलो वनाई परिचालन गराउन जोड दिइनेछ । कार्यक्रम अन्तर्गत हुने ऋणलगानी कृषि ऋण व्यवस्था सम्बन्धी कार्यक्रममा रहेको छ ।

पशु बीमा कार्यलाई कर्जा सुरक्षणकालागि मात्र नहेरी पशुधन संरक्षणका दृष्टिबाट परिचालन गराईनेछ । यस्तो कार्यक्रम व्यवसायिक पकेट क्षेत्रहरुमा प्राथमिकता दिई सञ्चालन गराइनेछ ।

प्रमुख भौतिक लक्ष्य

निर्धारित उद्देश्यलाई पुरा गर्न सञ्चालन गरिने नीति तथा कार्यक्रमहरुबाट नवौं योजनाको अन्त्यमा पशुजन्य उत्पादनको वार्षिक औसत बृद्धि दर दूधमा ५.५६%, मासुमा ६.२२% र फुलमा ७.२२% पुऱ्याउने लक्ष्य राखिएको छ । दूध तथा मासुको निर्धारित उत्पादन लक्ष्य हासिल गर्न भैंसी पालन व्यवसायको प्रवर्द्धनका निमित्त विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ । यसैगरी दूधको उत्पादकत्व बढाउनमा योगदान दिने उन्नत गाई र मासु उत्पादनमा २० प्रतिशत योगदान दिने बाखाको विकासका लागि विशेष जोड दिइनेछ । निर्यातमा प्रमुख भूमिका खेल्न सक्ने चीज, घिउ, र छालाको उत्पादनमा गुणस्तरीय बृद्धि ल्याउन नवौं योजनामा उपयुक्त कार्यक्रम चयन गरी सञ्चालन गरिनेछ ।

तालिका २४
नवौं योजनाको उत्पादन प्रक्षेपण

विवरण	एकाई	२०५४/५५	२०५५/५६	२०५६/५७	२०५७/५८	२०५८/५९	बृद्धि
दूध उत्पादन	हजार मे. टन	१०६८	११२८	११९०	१२५७	१३२६	५.५६
मासु उत्पादन	हजार मे. टन	१८५	१९६	२०८	२३२	२३५	६.२२
फूल उत्पादन	करोड संख्या	४५	४८	५१	५५	५९	७.२२

अनुगमन तथा मूल्याङ्कन :

पशु विकास कार्यक्रम कार्यान्वयन दीर्घकालीन कृषि योजना अनुरुप परिचालन भए नभएको र अन्य कार्यक्रमहरु व्यवसायीकरणको दिशा तर्फ लाने चरणमा अघि वढेको नवढेको अनुगमन गर्ने, त्यसको मूल्याङ्कन गर्ने र कार्यक्रम तर्जुमाहरुमा अनुकूल परिवर्तन ल्याउने कार्यमा अनुगमन तथा मूल्यांकनको महत्वलाई ध्यानमा राखी अनुकुल अनुगमन तथा मूल्याङ्कन कार्य परिचालन गरिनेछ ।

पशु विकास सम्बन्धी आंकडाहरु नियमित रुपमा सङ्कलन गरी जिल्लाको पशु विकास प्रोफाईल तयार गरिनेछ। केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक समन्वयमा सेवा केन्द्रदेखिनै उपयुक्त प्रक्रिया अपनाई तथ्याङ्क विकास र सङ्कलन गरीने व्यवस्था मिलाइनेछ । दीर्घकालीन कृषि योजनाले लक्षित गरेका दूध, मासु र फूल उत्पादन र सो उपलब्ध गर्न आवश्यक प्रजनन् सेवा, आहारा, पशु स्वास्थ्य सेवा र बजार व्यवस्थाका उपयुक्त सूचकहरु प्रयोगमा ल्याई अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

- **मत्स्य विकास कार्यक्रम**

माछापालन एउटा महत्वपूर्ण व्यवसायको रुपमा विकसित हुँदैआएको छ । माछाले पौष्टिक आहारको आपूर्तिमा योगदान गर्नुको साथै कृषकलाई कार्यमूलक रोजगार एवं आयस्रोत दिलाई गरिबी-निवारणमा समेत टेवा पुऱ्याउँदै आएको छ । देशमा उपलब्ध जलाशयहरुमध्ये पोखरी ६,२६२ हेक्टर, ताल तलैया ५,००० हेक्टर, घोल तथा दलदल जमिन १२,५०० हेक्टर, रिजरम्वायर १,५०० हेक्टर र नदीहरु ३९५,००० हेक्टर गरी जम्मा ४२०,२६२ हेक्टर जलक्षेत्र र सिञ्चित धानखेत ३९८,००० हेक्टर माछा विकासका लागि प्राकृतिक पूर्वाधारको रुपमा रहेको छ । नेपालको सम्पूर्ण जलाशयको केवल २ प्रतिशत मात्र माछापालन कार्यमा प्रयोग भएको छ । यसवाट हाल २३,२०७ मे.टन खाने माछा उत्पादन भएको छ । कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन संरचनामा माछाले ०.४२ प्रतिशत योगदान पुऱ्याएको देखिन्छ । हालसम्म यस व्यवसायमा करिव ७४,००० कृषक परिवार संलग्न रहेको अनुमान छ ।

आठौं योजनामा माछा उत्पादन तथा माछा भुरा वितरण कार्यक्रमहरुको प्रगति लक्ष्यअनुरुप भएको देखिन्छ । माछापालन व्यवसायको सम्भाव्यता एवं यस व्यवसायप्रति कृषकको वढ्दो अभिरुचिलाई दृष्टिगत गर्दा माछा उत्पादनमा उल्लेखनीय वृद्धि ल्याउन सकिने देखिएको छ । तर आवश्यक जनशक्ति, पर्याप्त वजेट व्यवस्थापनका साथै आवश्यक स्रोत केन्द्र तथा प्रयोगशालाको कमीको कारणले यो व्यवसायको प्रवर्द्धन तीव्र रुपमा हुनसकेको छैन ।

आगामी २० वर्षमा माछा उत्पादनमा हालको उत्पादनस्तर २३ हजार मे.टन वाट ७५ हजार मे.टन पुऱ्याउने अवधारणामा नवौं योजनामा उपलब्ध प्राकृतिक नदी तथा जलाशयहरुको उपयोग र थप कृत्रिम पोखरीहरु निर्माणका साथै उत्पादकत्व वृद्धिवाट माछा उत्पादन वृद्धि गरी आय तथा रोजगारीका अवसरहरु बढाई गरिबी-निवारणमा टेवा पुऱ्याउने उद्देश्यवाट मत्स्य विकास कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

नीतिगत कार्यक्रम

नदीनाला र खासगरी चिसो पानीमा हुने माछा उत्पादनमा वृद्धि गरी निकासी प्रवर्द्धन गर्न जोड दिने, उपलब्ध सम्भाव्य जलाशयमा माछापालन व्यवसाय प्रवर्द्धन गरी आयमूलक स्वरोजगारीका अवसर सिर्जना गर्ने, नदीमा पाइने आर्थिक दृष्टिकोणले महत्वपूर्ण माछाहरुको संरक्षण एवं सम्बर्द्धन गर्ने, बजारको माग अनुरुप तुलनात्मक लाभका आधारमा पोखरीमा मत्स्यपालन कार्यहरुलाई अघि वढाउने जस्ता नीतिगत कार्यक्रमका पृष्ठभूमिमा नवौं योजनामा माछा विकास कार्यक्रमहरु निम्न अनुसार सञ्चालन गरिनेछ ।

- दीर्घकालीन दृष्टिकोण अपनाई माछा कार्यक्रम सञ्चालन गर्न नदीहरुको अध्ययन गरिनेछ । कृत्रिम जलाशय तथा पोखरीहरुमा व्यवसायिक माछा पालनलाई प्रोत्साहित गर्न आवश्यक प्राविधिक सेवाका कार्यक्रमहरु प्याकेजका रुपमा सञ्चालन गराइनेछ ।

- माछा भुरा आपूर्तिमा निजीक्षेत्रको सहभागिता कम्तीमा ७५ प्रतिशत र सरकारी स्रोतकेन्द्रहरुबाट बाँकी भुरा आपूर्ति गराउनेगरी कार्यक्रमहरु सञ्चालन गरिनेछन् । निजी क्षेत्रलाई गुणस्तरका भुरा आपूर्तिमा सक्षम गराउन प्राविधिक सेवा र ऋण सहयोग उपलब्ध गराइनेछ । हाँसपालन कार्यक्रममा निजी क्षेत्रलाई प्राविधिक सेवा टेवा पुऱ्याई सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । सरकारी फार्ममा सीमित कार्यक्रम मात्र रहनेछ । माछा उत्पादक व्यवसायीलाइ आफ्नो उत्पादनको उचित बजार व्यवस्था सङ्गठितरुपमा मिलाउन प्राविधिक सेवा पुऱ्याई प्रोत्साहित गरिने छ । मागको औचित्य हेरी उत्पादन उपरान्तका सेवाहरु पनि प्रदान गरिनेछ ।

- खेर गईरहेको घोल क्षेत्र, दलदले क्षेत्र र सार्वजनिक पोखरीहरुमा माछा मारी जीविका चलाउदै आएका कम आयवर्गका माछा व्यवसायीहरुको समूह बनाई यिनीहरुलाई यस्ता जलाशय कबूलियत (lease) मा दिलाइने व्यवस्था गरिनेछ । यिनीहरुलाई आवश्यक माछा मार्ने उपयुक्त प्रविधि लगायतका अन्य प्राविधिक सेवाका साथै उपयुक्त तालिम समेत दिलाई समूहको माछा उत्पादन क्षमतामा अभिवृद्धि ल्याइनेछ । यसैगरी खोलामा माछा मारी जीविका गर्ने कम आयवर्गका माछा व्यवसायीहरुलाई खोला, नदी, भङ्गालहरुको उपयोग गरी व्यवस्थित रुपले माछा मार्ने प्रक्रियावारे तालिम दिइनेछ र त्यस्ता क्षेत्रमा माछा भुरा छोड्ने कार्यक्रम सञ्चालन गरी उनीहरुको आय बढाउन सघाएर गरिबी-निवारणमा बल पुऱ्याइने छ । जथाभावी माछा मार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । जलचर ऐन पारित गराई कार्यन्वयनमा ल्याइनेछ ।

- माछा भुरा उत्पादन तथा वितरण कार्यका लागि मत्स्य विकास फार्महरुलाई स्रोत केन्द्रको रुपमा परिचालन गरिनेछ । मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा माछा भुरा आपूर्ति र प्राविधिक सेवाको लागि स्रोतकेन्द्रको स्थापना गरिनेछ । अन्य क्षेत्रहरुमा माछा भुरा आपूर्तिको लागि निजी स्रोतकेन्द्रहरुको विकास गर्न निजी व्यवसायीहरुलाई आवश्यक प्राविधिक सेवा-टेवा पुऱ्याई प्रोत्साहित गरिनेछ ।

- कृषि प्रसार कार्यक्रम भित्र माछा सम्बन्धी छुट्टै जनशक्तिको व्यवस्था गरी प्रसार कार्यलाई बढी प्रभावकारी बनाइनेछ ।

- माछा सम्बन्धी रोग व्याध नियन्त्रण, पानीको गुणस्तर परीक्षण तथा पोषण स्थिति सम्बन्धी समस्या निदानका लागि एक केन्द्रीय मत्स्य प्रयोगशालाको स्थापना गरिनेछ । माछा पालनमा उपयोग हुने पानीपोत, विद्युत महसुल अन्य कृषिबाली सरह कायम गरिनेछ । आवश्यक उपकरणहरु ढुवानी साधन, वोरिङ, पम्प, केज, जाल, औषधी र अन्य अत्यावश्यक सरसामानमा न्यूनतम भंसार महसुल लाग्ने व्यवस्था गरिनेछ ।

भौतिक लक्ष्य :

- पोखरीको औसत उत्पादकत्व २.२८ मे.टन/हे. बाट २.५ मे.टन/हे. पुऱ्याइनेछ । सघन कार्यक्रममा यो उत्पादकत्व ३.४ बाट ४.० मे.टन/हे. पुऱ्याउने कार्यक्रम रहेकोछ । साथै पुराना र नयाँ पोखरी गरी कुल ६२०० हेक्टर, केज कल्चरमा ३०,००० घन मिटर, धानखेतमा २०० हेक्टर, घोलमा १००० हेक्टर र इनल्कोजरमा १०० हेक्टर क्षेत्रफलमा माछापालन गर्नुका साथै सम्भाव्य क्षेत्रमा माछाका भुरा छाडी गरिवहरुलाई माछा मार्न थप सघाउ पुऱ्याइनेछ ।

- कोशी, गण्डकी र कर्णाली नदी प्रणालीका मुख्य र सहायक नदीहरुको सर्भेक्षण गरी माछापालन व्यवसायमा आश्रित जनसमुदायको सामाजिक र आर्थिक स्थिति बारे अध्ययन गरेर तथ्याङ्कमा आधारित उपयुक्त माछा विकास कार्यक्रम शुरु गरिनेछ ।

- जलाशयहरुमा मत्स्य विकास कार्यक्रम विस्तार गर्न उन्नत प्रविधि र व्यवस्थापन पक्षमा सुधार गरी निजी उद्यमीहरुको संलग्नतामा माछा उत्पादन हालको २३००० मे.टन बाट ३५,००० मे.टन पुऱ्याइनेछ । जलचर संरक्षण ऐन कार्यान्वयनमा ल्याई सार्वजनिक पोखरी, घोल, नदीनाला र तालमा निजी क्षेत्रले माछा उत्पादन गर्नको लागि कानुनी व्यवस्था गरिने छ । यसवाट माछा मार्ने पेसामा संलग्न २५ देखि ३० हजार जनजाति र महिला लाभान्वित हुने अनुमान छ । (तालिका २५)

जनशक्ति :

माछा विकास कार्यक्रमलाई व्यवस्थित रुपले अघि बढाउन भैरहेका जनशक्तिको अधिकाधिक उपयोग गरी नपुग जनशक्तिहरु थप गर्ने व्यवस्था मिलाइनेछ ।

अनुगमन तथा मूल्याङ्कन :

माछा कार्यक्रमको समष्टिगत कार्यक्रम तर्जुमा, कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य माछा विकास महाशाखाको हुनेछ ।

तालिका २५
नवौ योजनामा मत्स्य विकास कार्यक्रम

सि.नं	विवरण	एकाई	आधार वर्ष २०५३/२०५४	नवौ योजना					वृद्धि प्रतिशत
				प्रथम ०५४/५५	दोश्रो ०५५/५६	तेश्रो ०५६/५७	चौथो ०५७/५८	पांचौ ०५८/५९	आधार वर्षको तुलनामा
१.	कार्यक्रमबाट ढाकिने क्षेत्रफल (पोखरी, घोल, धानखेत, इन्क्लोजर आदि)	हेक्टर	५४३३	५६००	५९५०	६७५०	७०००	७५००	३८
२.	आवश्यक माछा भुरा उत्पादन तथा वितरण (हजारमा)	संख्या	५५३४४	६०३२१	६७२९०	७१०००	७५०००	८००००	४४.५
३.	माछा उत्पादन	मे.ट.	२३२०७	२३४५८	२३७३०	२८२३०	३२५००	३५०००	५०.८
	क.माछा पालनबाट	मे.ट.	११९७७	१२२२८	१२५००	१५०००	१६५००	१७१००	४२.७
	ख.प्राकृतिक स्रोतबाट	मे.ट.	११२३०	११२३०	१३२३०	१६७००	१७९००	१७९००	५९.४

९.४ कृषि बजार, उद्योग व्यवसाय र निकासी प्रवर्द्धन कार्यक्रम :

कृषिलाई अगुवा क्षेत्र (lead sector) को रुपमा विकास गर्न सकेमा मात्र राष्ट्रिय अर्थतन्त्रको आधार सवल र सक्षम हुनसक्ने कुरामा अब दुई मत रहेको छैन । विगतमा कृषि क्षेत्रका कार्यक्रमहरुले मूलत: कृषि उत्पादन वृद्धिका लागि चाहिने प्रविधि तथा उत्पादन सामग्रीहरु आपूर्ति गर्नेतर्फ बढी जोड दिए । तर कृषकहरुका उत्पादनलाई बजार व्यवस्थापनसँग आवद्ध गर्ने र व्यवसायिक आधारमा प्रविधिको प्रयोग गर्नेतर्फ पर्याप्त प्रयास हुनसकेन । गुणस्तरयुक्त तथा उपयुक्त परिमाणमा उत्पादन गर्नसकेमा उत्पादनले राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारहरुमा स्थान प्राप्त गर्नसक्ने सम्भावनाहरु रहेका छन् । उत्पादनले बजारमा प्रवेश गर्न नसकेमा स्वनिर्वाहमुखी उत्पादन ढाँचामा परिवर्तन हुन र उत्पादकत्व वृद्धि हुन पनि सक्तैन । प्रविधि उपलब्ध भए पनि बजारमा प्रवेश गर्न चाहिने व्यवसायिक सोचको कमीले गर्दा हाम्रो कृषि प्रणालीले तुलनात्मक लाभको पहिचान गरी त्यसको यथोचित फाइदा लिन

सकिरहेको छैन । यसको लागि कृषि उत्पादन वृद्धि र कृषि बजार व्यवस्थापन प्रणाली सक्षम र प्रभावकारी गराउनु अत्यन्त आवश्यक भएकोछ । तसर्थ नवौं योजनामा उपयुक्त तथ्याङ्क प्रणाली र कृषि अर्थ विश्लेषणका आधारमा उपयुक्त सामयिक नीतिहरु अंगालेर कृषि उद्योग व्यवसाय तथा आन्तरिक बजार र निकासी प्रवर्द्धन कार्यक्रमहरु अघि बढ्नु जरुरी भएकोछ ।

आठौं योजनाको समीक्षा गर्दा कृषि बजारलाई सुव्यवस्थित गर्ने लक्ष्यमा अधिराज्यका केही स्थानहरुमा कृषि उपज बजार स्थल र कृषि उपज सङ्कलन केन्द्र जस्ता पूर्वाधार विकास गरिएको र यी बजार स्थल तथा सङ्कलन केन्द्रहरुमा बजार व्यवस्थापन समिति गठन गरी बजार सञ्चालन गर्ने प्रक्रियाको थालनी भैरहेकोछ । तरकारी तथा फलफूल सकलन केन्द्रहरुको निर्माण गर्ने लक्ष्यमा मध्यमाञ्चल विकास क्षेत्रको विभिन्न जिल्लाहरुमा १९ वटा सङ्कलन केन्द्रहरु ठूलो बजारको रुपमा रहेको काठमाडौं बजारसँग आवद्ध गर्न काठमाडौंमा कालीमाटी फलफूल तथा तरकारी थोक बजार सुदृढीकरण कार्यक्रम सञ्चालन भैरहेकोछ । विभिन्न सङ्कलन केन्द्र एवं उत्पादक कृषक थलोसँग बजार आवद्ध गराउन यस्ता थोक बजारको मूल्य सङ्कलन र दैनिक रुपमा प्रसारण गर्ने कार्य भै रहेकोछ । खाद्यान्न तथा नगदे बालीहरुको न्यूनतम समर्थन मूल्य तोक्ने लक्ष्य लिएता पनि खाद्यान्नमा धान र नगदे बाली तर्फ सूर्ती र उखुवालीको मात्र मूल्य तोक्ने गरिएको छ । तोकिएको न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने कार्य प्रभावकारी हुन सकेको छैन ।

दूध उत्पादक कृषकहरुको उत्पादनलाई उचित मूल्य एवं बजार दिलाउनेतर्फ विराटनगरमा दैनिक ३ मे.टन. क्षमताको धूलो दूध कारखानाको स्थापना, बुटवलमा नयाँदूध कारखानाको सञ्चालन, काठमाडौंमा दुग्ध विकास संस्थानमा एक लाख लिटर क्षमताको कोल्ड स्टोरेज निर्माण र इलाम तथा पांचथरमा चीज कारखानाको स्थापना भएकोछ भने अधिराज्यका विभिन्न स्थानहरुमा ४३ वटा दूध चिस्यान केन्द्रहरुको सञ्चालन गरिएकोछ । दुग्ध विकास बोर्डको गठन भएकोछ । सरकारको निजी क्षेत्रतर्फको सकरात्मक दृष्टिकोण र नीतिको फलस्वरुप निजी क्षेत्रले पनि दूध एवं दुग्धजन्य पदार्थको बजारमा महत्वपूर्ण भूमिका खेल्दै आएकोछ । तर पनि कुल उत्पादनको लगभग ९ प्रतिशत मात्र दूध सङ्कलन भई बजारमा आएको र दुग्ध पदार्थको आयात प्रतिस्थापन गर्न नसकिएकोले दूधको र दुग्धजन्य वस्तुको बजार अझै व्यापक पार्नु पर्ने स्थिति स्पष्ट रहेकोछ । स्वच्छ मासु उत्पादन तथा प्रशोधनतर्फ खास प्रगति हुनसकेको छैन । व्यवस्थित पशु वधशाला नहुनाको कारण स्तरीय होटलहरुमा मासु आयात गर्ने क्रम जारी नै रहेकोछ भने गुणस्तरयुक्त छाला उत्पादन गर्ने कार्यमा समेत सहयोग पुग्न सकेकोछैन ।

मत्स्य भुरा उत्पादन तथा बजार कार्यक्रममा हाल देश भरमा ७६ निजी नर्सरी व्यवसायीहरु तथा डिलरहरुबाट ५-६ करोड भुरा उत्पादन गरी विक्री वितरण हुने गरेकोछ । यसमा केही मात्रामा भारततर्फ पनि निकासी हुने गरेकोछ । हाल पोखरा र तराईका केही पकेट क्षेत्रमा ड्रायरको प्रयोग गरी छिमेकी बजारमा माछा लैजाने व्यवसाय पनि शुरु भएका छन् । कृषि उपजहरुको गुणस्तर वर्गीकरण गर्ने तथा उपयुक्त प्याकेजिङ्गका आधार खडा गर्ने दिशा तर्फ आठौं योजना अवधिमा खास उपलब्धि हुनसकेको छैन ।

गरिबी-निवारण हुन जाने, आयमूलक रोजगारीको अवसर बढ्ने र वातावरणमा समेत अनुकूल असर पार्ने स-साना व्यवसायहरुलाई उत्साहित गर्ने लक्ष्य लिई उत्पादन गर्न लक्षित रेसम, मौरी पालन जस्ता कृषि कार्यक्रमहरु आशातित रुपमा अघि बढ्नसकेका छैनन् । निजीकरण नीतिको प्रयास अगाडि बढाएर वस्तुगत प्रशोधन उद्योग स्थापना गर्नेतर्फ प्रगति उत्साहजनक हुनसकेको छैन ।

यसरी विभिन्न वस्तुको बजार व्यवस्थाका लागि सहयोग पुऱ्याउन कृषकहरुको समूह गठन गर्ने, भण्डारण एवं प्रशोधन कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने तथा महत्वपूर्ण उत्पादन क्षेत्र, बजार केन्द्र

वा उपभोक्ता केन्द्रमा बजार स्थल निर्माण तथा व्यवस्थापन गर्ने जस्ता पक्षमा पर्याप्त प्रगति हुन सकेको छैन ।

नेपालको निर्बाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्दै आधुनिक प्रणालीमा रुपान्तरण गर्नको लागि कृषि उत्पादनलाई श्रृंखलायुक्त उद्योग व्यवसायले ग्रहण गरी बजारमा प्रवेश गराउने स्वचालित प्रक्रियाको विकास हुन आवश्यक छ ।

साना साना भूस्वामित्व प्रणालीमा आवद्ध किसानसित सामूहिक र व्यवसायिक सोचाईका आधारमा उत्पादन गर्ने ज्ञान र सीपको कमी हुनु, किसानहरुको उत्पादनलाई पूर्णरुपमा व्यवसायिकस्तर (economic scale) मा खरिद तथा प्रशोधन गर्न र नयाँ अवसरको खोजी गरी कुनै उत्पादनलाई उद्योग व्यवसायमा रुपान्तर गर्न निजी र सहकारी क्षेत्र सक्रिय हुननसक्नु, दीर्घकालीन र आवधिक योजनाहरुले कृषिलाई व्यवसायीकरण गर्ने अवधारणा ग्रहण गरेपनि कृषि विकाससित सम्बद्ध निकायहरुको कार्यक्षेत्र मुख्यतया उत्पादनसँग सम्बन्धित प्रविधि विकास र विस्तार पक्षमा मात्र सीमित रहनु, कृषि उत्पादनलाई बजार केन्द्रित बनाउन वित्तीय, आर्थिक, प्राविधिक, व्यवस्थापकीय सूचना तथा ज्ञान, सीप र क्षमता विकास जस्ता सेवा-टेवा समन्वयात्मक रुपमा पुऱ्याउने निश्चित कार्य व्यवस्थाको अभाव हुनु र कृषि उत्पादनलाई व्यवसायमुखी बनाई कृषि उद्योगमा रुपान्तर गर्न चाहिने व्यावसायिक सोचको जनशक्तिका साथै कृषि, सडक, विद्युत जस्ता भौतिक पूर्वाधारको कमी रहनु जस्ता समस्याहरु यस क्षेत्रमा चुनौतिका रुपमा रहेका छन् ।

कृषि व्यवसाय एवं बजार विकास पक्षमा देखिएका उल्लेखित चुनौतिहरुको पृष्ठभूमिमा कृषिलाई व्यवसायीकरण गर्दै उद्योगको रुपमा विकसित गर्न आन्तरिक तथा वाह्य बजारका अवसरको उपयोग गर्ने खालको कृषि व्यवसायहरुको प्रवर्द्धन गरी आर्थिक वृद्धि, रोजगार प्रवर्द्धन र त्यसको स्थायित्व कायम गर्ने दीर्घकालीन अवधारणा राखी निजी तथा सरकारी क्षेत्रको सक्रिय सहभागिताद्वारा समष्टिगत कृषि उत्पादन प्रणालीलाई व्यवसायमूखी (business-oriented) बनाउँदै गरिबी-निवारणकार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नवौं योजनामा कृषि बजार, उद्योग व्यवशाय तथा निकासी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछन् ।

नीतिगत कार्यक्रमहरुः :

यस क्षेत्रको कार्यक्रम सञ्चालनमा कृषि विकास कार्यक्रम कार्यान्वयनलाई सोचाईलाई स्थलगत रुपमा कृषि व्यवसाय (agri-business) मुखी बनाई नयाँगति दिने, दीर्घकालीन कृषि योजनाले परिलक्षित गरेअनुरुपका बाली, बागवानी, पशुपक्षी एवं मत्स्य र बढी मूल्य दिने कृषि वस्तुहरुको व्यवसायिक उत्पादनमा जोडदिने, कृषि व्यवसाय प्रवर्द्धनका लागि बजार योग्य परिमाणमा उत्पादन तथा प्रशोधन गर्ने उद्योग तथा व्यापार व्यवसायहरुलाई वढावा दिन वर्तमान आयात निर्यात एवं आर्थिक तथा वित्तीय नीतिहरुमा आवश्यक सुधार ल्याउने, निकासी प्रवर्द्धनका लागि उपयुक्त वस्तु र पकेट क्षेत्र पहिचान गरी निकासी योग्य परिमाणमा उत्पादन गराउन जोड दिने, व्यवसायिक कृषि विकासकार्यमा कृषक उद्यमी एवं व्यवसायीहरुको प्रभावकारी सहभागिता जुटाउन कृषि वस्तु विशेषका संघ सँगठनहरुलाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहभागी गराउने, उत्पादनलाई बजारमा पुऱ्याउन कृषि सडकको विकास गराउन जोड दिने, गोदाम कोल्ड स्टोर एव बजार सँगठन जस्ता पूर्वाधारको विकासमा निजी क्षेत्र र वस्तु विशेषका संघ, संस्थाहरुलाई सक्रिय पार्न प्रोत्साहित गर्ने, कृषि व्यवसाय, शिक्षा तथा तालिमयुक्त जनशक्ति विकासका लागि विश्वविद्यालय लगायत अन्य विभिन्न निकायहरुमा सञ्चालित सीप विकास तालिम कार्यक्रमहरुमा कृषि व्यवसाय सम्वन्धी पाठ्यक्रमको विकास गरी लागू गराउन जोड दिने र कृषि अर्थ विश्लेषण र सम्बन्धित तथ्याङ्क विकासमा जोड दिने जस्ता नीतिगत व्यवस्थाहरु मिलाई नवौं योजनाको कार्यक्रम निम्न बमोजिम सञ्चालन गरिनेछ ।

- कृषि प्रसार, प्रचार र तालिम कार्यक्रम कार्यान्वयन गर्न व्यवसाय विकास र व्यवस्थापनलाई विशेष महत्व दिई कार्यक्रममा समावेश गरिनेछ । कृषि प्रसार कार्यकर्ताहरुलाई उपयुक्त तालिम दिई कृषि व्यवसाय प्रवर्द्धनमूखी गराइने छ । उत्पादन हुने कृषि जनशक्तिहरुलाई कृषि व्यवसाय मूखी बनाउन कृषि विषयका अध्ययन संस्थाहरुको पाठ्यक्रममा कृषि व्यवसाय विषयलाई समावेश गर्ने व्यवस्था मिलाइनेछ ।

- स्थानीय स्तरमा कृषि व्यवसाय प्रवर्द्धनका निमित्त कृषि सामग्री तथा साधनको उत्पादन प्रशोधन, उपज खरिद तथा विक्री वितरण कार्यमा निजी क्षेत्र, कृषि सहकारी संस्था तथा कृषक समूह एवं गैर सरकारी संस्थाहरुको संलग्नता बढाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ साथै सहकारी संघसंस्थाहरु र उद्यमी कृषक तथा कृषक समूहहरुलाई प्रविधि प्रयोग, व्यवस्थापन तालिम तथा उनीहरुको सहभागितामा पूर्वाधार विकास गर्ने कार्यमा आवश्यक सहयोग उपलब्ध गराई प्रोत्साहित गरिनेछ ।

- कृषि क्षेत्रमा पहिचान भएका व्यवसायिक (commercial) बालीहरु पशुजन्य उत्पादनहरु र बढी मूल्य दिने बालीहरुको व्यवसायिक उत्पादन गर्न चाहिने सहयोग एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था मिलाई निजी एवं सहकारी संघ संस्थाहरुलाई यस्ता कार्यक्रममा संलग्न हुन प्रोत्साहित गरिनेछ । खास खास व्यवसायिक बाली तथा पशुजन्य वस्तुहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्न सक्ने परिमाण र गुणस्तरमा उत्पादन गर्न कृषि प्रसार र पशुसेवा प्रवर्द्धन मार्फत निजी क्षेत्रको अग्रसरतामा क्षेत्र विशेषका कार्यक्रम (pocket area program) सञ्चालन गराइनेछ ।

- व्यवसायिक कृषि वस्तुको उत्पादन खरिद, अर्ध-प्रशोधन वा प्रशोधन गर्ने उद्देश्यले कुनै खास स्थान विशेषमा स्थापना गरिने उद्योगव्यवसायलाई प्राविधिक एवं ऋण सहयोग उपलब्ध गराई प्रोत्साहित गरिनेछ ।

- अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा भएको व्यापार व्यवस्था जस्तै विश्व व्यापार संघ (WTO) दक्षिण एशियाली सौविध्य व्यापार व्यवस्था (SAPTA) र दक्षिण एशियाली स्वतन्त्र व्यापार व्यवस्था (SAFTA) का अवसरहरुको बढी से बढी उपयोग हुनेगरी कृषि उत्पादन तथा व्यवसायिक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- व्यवसायिक कृषि वस्तु भनी निर्धारण गरिएका कृषि वस्तुहरु उत्पादन गर्न ह्रासोन्मुख वन क्षेत्र, बाँझो रहेको वा खाली वा आवाद लायक जग्गा निजी क्षेत्रलाई करारमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । यसका लागि आवश्यक परेमा वन तथा भूमि व्यवस्थापन नीतिमा पूनर्विचार गरिनेछ । यसैगरी निजी क्षेत्रले ठूलो क्षेत्र ढाकी कुनै कृषि वस्तुको व्यावसायिक उत्पादन गर्ने र रोजगार वृद्धि गर्ने लक्ष्य राखेमा त्यस्तो कार्यक्रमलाई सहयोग पुऱ्याउन निजी स्वामित्वमा रहेको जमिन करारमा लिनसक्ने आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

- खाद्य वस्तुको वैकल्पिक उपभोगका वारेमा आम जनतालाइ पर्याप्त जानकारी नहुँदा विभिन्न कृषि वस्तुको उत्पादन उपयुक्त परिमाणमा हुनसकेको पाइदैन । तसर्थ, खास खास वस्तुहरुको वैकल्पिक उपभोगको वारेमा केन्द्रीय खाद्य अनुसन्धानशालाबाट प्रचार प्रसारको व्यवस्था मिलाई खाद्य वस्तुको व्यवसायिक रुपमा उत्पादन वृद्धि, विविधीकरण, मूल्य अभिवृद्धि र रोजगारी प्रवर्द्धनमा टेवा पुऱ्याइनेछ ।

- कृषि अध्ययन र अनुसन्धानलाई कृषि उद्योग तथा व्यवसायको आवश्यकता परिपूर्तिमा समेत सघाउ पुऱ्याउने गरी सञ्चालन गरिनेछ । अनुसन्धान सिफारिसहरु लाभ, लागत र तुलनात्मक फाइदाका दृष्टिबाट निजी क्षेत्रले ग्रहण गर्न सक्ने आधारमा गरिनेछ । यसैगरी कृषि अनुसन्धान तथा विकासमा लगानी प्रवर्द्धन हुने अनुकूल वातावरण सिर्जना गर्न निजी क्षेत्रले आफ्नै खर्चमा वा कुनै अनुसन्धान संस्था मार्फत अध्ययन अनुसन्धान गराएमा त्यस्तो अनुसन्धानलाई नियमन गर्ने सरल कार्य प्रणाली कृषि अनुसन्धान परिषद्बाट विकास गरी लागू गरिनेछ । सरकारी स्वामित्वमा रहेका चिया तथा दुग्ध प्रशोधन जस्ता उद्योग तथा व्यवसायहरुलाई निजीकरण गर्दै लाने नीति कायमै राखिनेछ । कृषि व्यवसाय तथा सामग्री खरीद खासगरी रासायनिक मल खरिदमा वैङ्कबाट निजी क्षेत्रलाई दिइने एक व्यक्ति ऋण सीमा (single borrower limit) नीतिमा पूनर्विचार गरिनेछ । यसका साथै बजार प्रवर्द्धन गर्ने क्रियाकलापमा ऋण लगानी प्रवाहको अनुपात क्रमिक रुपमा वढाउदै लान आवश्यक व्यवस्था मिलाइनेछ । कृषि उत्पादन उद्योग एवम् व्यवसाय सञ्चालन गर्दा आउनसक्ने सम्भाव्य जोखिमलाई न्यूनिकरण गर्नका लागि पशु विकास क्षेत्रमा पशु बीमा चालू राखिनेछ । अन्य क्षेत्रमा उपयुक्त बीमा प्रणाली विकास गरी लागू गरिनेछ । यस्तो प्रणाली विज वृद्धि कार्यक्रमबाट शुरु गरिनेछ ।

- कृषि वस्तुको आन्तरिक वितरण तथा गुणस्तरयुक्त आयात निर्यातका लागि प्रभावकारी रुपमा अनुगमन गर्नका लागि केन्द्रीय खाद्य अनुसन्धानशाला, गुणस्तर तथा नाप तौल विभाग र क्वारन्टीन कार्यालयहरुबीच कार्यगत समन्वय स्थापना गर्न निश्चित कार्य व्यवस्था अपनाइनेछ । साथै कृषिवस्तुको आयात निर्यात सेवालाई सघाउन निजी क्षेत्रमा उद्यमीहरुलाई आफ्नो प्रयोगशाला स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

- सरकारले निमार्ण गरेका कृषि सङ्कलन केन्द्र र कृषि बजार केन्द्रहरु सञ्चालनका लागि किसानहरुका समूह, सहकारी संस्थाहरु वा निजी क्षेत्रलाई हस्तान्तरण गरिनेछ । अधिराज्यका विभिन्न स्थानहरुमा यस्ता सङ्कलन केन्द्र तथा बजार केन्द्रहरु निजी संलग्नतामा आवश्यकता अनुसार स्थापना गर्दै लगिनेछ । नयाँ खोलिने केन्द्रहरुमा आयोजनाको पहिचान अवस्था देखि नै उनीहरुको पनि जिम्मेवारी किटान गरी संलग्न गराउदै लगिनेछ । यस्ता केन्द्रहरुको सञ्चालन निजी क्षेत्रबाट हुने गराउन आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

- कृषिउपजहरुको प्रतिस्पर्धात्मक मूल्य कायम राख्न विना रोकतोक आन्तरिक ओसार पसार गर्नदिने र स्थानीय कर नलगाइने व्यवस्था गरिनेछ । अत्यावश्यक सेवा र वस्तुहरुको नियमन गर्ने सन्दर्भमा स्थानीय प्रशासनले कदम चाल्नु पर्दा कृषि वस्तुको हकमा कृषि मन्त्रालयको स्वीकृति लिनु पर्ने कार्यगत व्यवस्था मिलाइने छ । श्री ५ को सरकार, निजी क्षेत्र तथा सम्बन्धित कृषि सहकारी संघ-संस्थाहरुका प्रतिनिधिहरुको संलग्नताबाट सञ्चालित हुनेगरी बजार सूचना केन्द्र स्थापना गरिनेछ । निजी क्षेत्रबाट खोलिने यस्तो केन्द्रका लागि आवश्यक पूर्वाधार विकास गर्न सहयोग पुऱ्याइनेछ ।

- कृषि वस्तु विशेषका सहकारी संघ संस्थाहरुलाई उत्पादन, प्रशोधन, बजार व्यवस्थापन जस्ता पक्षमा आवश्यक प्राविधिक सहयोग पुऱ्याई यिनीहरुको कार्यान्वयन क्षमतामा सुधार ल्याईने छ । यस कार्यमा सेवा टेवा पुऱ्याउन सहकारी विकास वोर्ड, राष्ट्रिय सहकारी संघ र सहकारी विभागको वर्त्तमान संरचना र कार्यक्षेत्रलाई पूनर्परिभाषित गरी परिचालन गरिनेछ । यसमा यस्ता संघ संस्थाको आफ्नो क्रियाकलाप र विकास वारे निर्णय गर्न उनीहरुलाई नै प्राथमिकता दिने दृष्टिकोण राखिनेछ ।

- दूरस्थ तथा स्थानीय बजारका अवसर र जोखीम पत्ता लगाई त्यसै अनुरुप उत्पादन प्रणाली निर्देशित गर्न बजारलाई विहंगम दृष्टि राख्ने (market intelligence) र अरु देशको कृषि वस्तु उत्पादन, मूल्य र बजार रणनीतिको वारेमा सूचना प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

- कृषि वस्तुको प्रतिस्पर्धात्मक मूल्य कायम राख्न सघाउ पुऱ्याउन औद्योगिक उत्पादनमा प्रयोग हुने प्याकेजिङ्ग/प्याकिङ्ग सामग्रीमा भन्सार महसुल छुट दिने व्यवस्था गरिनेछ । कृषि उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ आयात गर्दा सकभर अप्रशोधित पदार्थ आयात गरी स्वदेशमा प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

- विदेशस्थित नेपालका कुटनैतिक नियोगहरुलाई, कृषि वस्तुको सम्भाव्य वैदेशिक बजार पहिचान गर्ने कार्यमा समेत परिचालन गरी यी निकायहरु र बजार सूचना केन्द्रबीच कार्यगत सम्बन्ध कायम गर्न व्यवस्था मिलाइनेछ । कृषि उपजको अन्तर्राष्ट्रिय बजार खोज्ने तथा सम्पर्क र सम्बन्ध स्थापना गर्ने कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

- कृषि तथ्याङ्कको अपरिहार्यतालाई दृष्टिगत गर्दै यसको सम्पूर्ण प्रक्रियालाई वैज्ञानिक र भरपर्दो एवं अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक समन्वयमा उपयुक्त प्रक्रिया विकास गरी लागू गरिनेछ र विभिन्न तहमा आवश्यक भौतिक पूर्वाधारको विकास गरिनेछ । कृषि तथ्याङ्क पूर्वानुमान तथा पूर्वचेतावनी स्थिति कृषि मन्त्रालयले प्रकाशन गर्ने र अन्तिम अनुमान एवं गणना गर्ने कार्य केन्द्रीय तथ्याङ्क विभागबाट गराउने व्यवस्थालाई निरन्तरता दिई सुदृढ गर्दै लगिनेछ । कृषि वस्तुको आयात निर्यात सम्बन्धी विस्तृत तथ्याङ्क नियमित रुपमा सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्ने संस्थागत व्यवस्था मिलाइनेछ । खाद्यवासलात तैयार गर्ने कार्यलाई सक्रिय बनाई नियमित रुपमा प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

- कृषि उत्पादन वृद्धि, कृषि सामग्री स्रोत विकास तथा कृषि व्यवसायमा कृषक महिला समूह तथा महिला सहकारीहरुलाई संलग्न हुनसक्ने गराउन उपयुक्त प्रोत्साहन व्यवस्था गरी महिलाहरुको आर्थिक उन्नति तथा सशक्तीकरणमा योगदान पुऱ्याइनेछ ।

- कृषि उत्पादन वृद्धि तथा कृषि उद्योग प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन गर्दा वातावरण संरक्षणका उपायहरुको अवलम्वन गरिनेछ ।

प्राथमिकता कार्यक्रमहरु :

<u>कृषि व्यवसाय प्रवर्द्धन सेवा कार्यक्रम</u>

कृषि व्यवसायहरुको प्रवर्द्धन नभई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र कृषिमा विविधीकरण तथा व्यवसायीकरण सम्भव नहुने हुँदा कृषि व्यवसाय कार्यक्रम र नीतिहरुको निरन्तर अनुगमन मूल्याङ्कन गर्ने, निजी उद्यमीहरुको लागि सम्पर्कको कार्य गरी आइपरेका समस्या र वाधा फुकाउन टेवा पुऱ्याउने, कृषि वस्तुहरुको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय बजारहरुको सम्भाव्यताको खोजी र विश्लेषण गरी निकासी बजार विस्तार समेतमा टेवा पुऱ्याउने र कृषि वस्तुहरुको आयात निर्यात स्थिति विश्लेषण गरी प्रतिवेदन तैयार गर्ने जस्ता कार्यहरु यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिनेछन् । यस कार्यमा प्रभावकारिता ल्याउन कृषि व्यवसाय प्रवर्द्धन आयोजना सञ्चालन गरिनेछ । यस आयोजनाले प्रस्तावित कृषि व्यवसाय प्रवर्द्धन समितिको सचिवालय सञ्चालनमा प्रभावकारी टेवा पुऱ्याउनेछ ।

<u>कृषि मूल्य तथा बजार सेवा कार्यक्रम</u>

यस कार्यक्रम अन्तर्गत व्यवसायिक रुपमा उत्पादन भएका कृषि वस्तुको लागि निजी क्षेत्र, सहकारी, कृषक समूह वा अन्य व्यवसायी समूहहरुको सहभागितामा सम्भाव्य क्षेत्रमा बजार पूर्वाधार विकास सम्बन्धी आयोजनाहरु छनौट गरी सञ्चालन गर्न आवश्यक अध्ययन विश्लेषण गरी सम्बन्धित विभागहरुलाई नीतिगत मार्गदर्शन गरिनेछ । तर बजार विकास निर्माण सुधार र परिचालन कार्यको रेखदेख सम्बन्धित विभागका कार्यक्रम अन्तर्गत सञ्चालन गरिनेछन् । यसैगरी बजार योग्य उत्पादन हुने स्थलहरु र प्रमुख बजारहरुको आवश्यकतालाई दृष्टिगत गरी उत्पादन परिमाण, मूल्य, उत्पादन खर्च, लाभ लागत, हाट बजार तथा कारोवार लगायतका सूचना एवं तथ्याङ्कहरु सङ्कलन गरी उत्पादक र उपभोक्ताहरु दुवैलाई उपयोग हुने खालका बजार एवं मूल्य सूचनाहरु नियमितरुपमा प्रचार प्रसार गराउने र बजार सम्बन्धी सूचना एवं तथ्याङ्क राख्ने कार्यको लागि बजार सूचना सङ्कलन, विश्लेषण तथा प्रसार आयोजना सञ्चालन गरिनेछ ।

कृषि तथ्याङ्क तथा कृषि आर्थिक विश्लेषण कार्यक्रम

कृषि विकास कार्यक्रम तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन र सम-सामयिक नीति विश्लेषणका लागि आवश्यक पर्ने कृषि तथ्याङ्कहरु सङ्कलन गर्न केन्द्रीय तथ्याङ्क विभागले प्रत्येक १० वर्षमा गर्ने गरेको कृषि गणना र प्रत्येक वर्ष तैयार गर्ने केही प्रमुख कृषि वस्तु उत्पादन तथ्याङ्क सङ्कलन कार्यमा आवश्यक सहयोग पुऱ्याउने र केन्द्रीय तथ्याङ्क विभागले तैयार नगर्ने अन्य उत्पादन तथ्याङ्क अनुमान तैयार गर्ने, केन्द्रीय तथ्याङ्क विभागले तैयार गर्ने वार्षिक उत्पादन तथ्याङ्क आउनुअघि नै आवश्यक पर्ने त्यस्ता उत्पादन तथ्याङ्कहरुको पूर्वानुमान रुपमा कृषि वस्तुको उत्पादन स्थिति प्रतिवेदन तैयार गर्ने, बाली नाली स्थिति र उन्नत पशुपंक्षि, माछापालन स्थिति विश्लेषणहरु तैयार गर्ने जस्ता कार्यहरु सम्पन्न गर्न कृषि तथ्याङ्क सङ्कलन र प्रकाशन आयोजना सञ्चालन गरिनेछ । यसैगरी विभिन्न कृषि वस्तुको प्रति एकाइ उत्पादन लागत, प्रति एकाइ रोजगार सिर्जना, प्रति एकाइ उत्पादन र मूल्य स्थितिको अध्ययन गरी कृषि उत्पादनका लागत विश्लेषण, कृषि मूल्य आय वृद्धि तथा रोजगारी प्रवर्द्धन स्थिति विश्लेषण आदिका लागि चाहिने कृषि क्षेत्रको आर्थिक विश्लेषणसँग सम्बन्धित तथ्याङ्कहरु तैयार गर्न कृषि आर्थिक विश्लेषण आयोजना सञ्चालन गरिनेछ । यी कार्यक्रमहरु अन्तर्गत हिउँदे र वर्षे बालीहरुको उत्पादन तथ्याङ्कहरुको पूर्वानुमान, पशुपंक्षी एवं माछा पालन सम्बन्धी तथ्याङ्क र केन्द्रीय तथ्याङ्क विभागबाट तैयार नहुने अन्य कृषि उत्पादन तथ्याङ्क, प्रति एकाइ खर्च, रोजगारी र लाभ लागत, कृषि वस्तुहरुको मूल्य र गार्हस्थ उत्पादन आदिको विश्लेषण लगायत विभिन्न तथ्याङ्क एवं सूचनाहरु सहितको वार्षिक प्रतिवेदन तैयार गरिनेछ ।

कार्यान्वयन व्यवस्था

कृषि उद्योग व्यवसायको विकास प्रविधि तथा पुँजीको आपूर्ति, भौतिक पूर्वाधार निर्माण तथा उच्चस्तरीय व्यवस्थापन प्रणालीको विकासमा निर्भर रहने भएकोले यसका लागि ठोस नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन निम्न व्यवस्था गरिनेछ ।

१. निजी क्षेत्र, सहकारी क्षेत्र, वस्तु विशेषका उत्पादक संघहरु, तथा श्री ५ को सरकारका सम्बन्धित निकायहरुको प्रतिनिधित्व भएको एउटा उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समिति (agri-business promotion pommittee) स्थापना गरिनेछ । यो समितिबाट निम्न कामहरु गर्ने व्यवस्था मिलाइनेछ ।

- व्यवसायिक कृषि वस्तु र बालीहरुको पहिचान गरी तिनीहरुको व्यवसायिक विकास गर्ने नीतिगत कार्यमा कृषि मन्त्रालयलाई सहयोग गर्ने ।

- निजी क्षेत्र तथा सरकारका कृषि विकासका प्रयासलाई एक अर्काको परिपूरकका रुपमा सञ्चालन गर्न सहयोग पुऱ्याउने ।
- निजी क्षेत्रलाई प्रदान गरिनुपर्ने सुविधा सहुलियतहरुको समयमा नै सरकारलाई जानकारी गराई वार्षिक विकास कार्यक्रममा त्यस्ता कुराहरु समावेश गराउने व्यवस्था मिलाउने ।
- कृषिलाई व्यवसायीकरण गर्ने दिशामा नवौं योजनाले इंगित गरेका कार्यक्रमहरुको कार्यान्वयन योजना तयार गरी त्यस अनुरुप सञ्चालन गर्न व्यवस्था मिलाउने ।
- कृषि व्यवसायका सवै पक्षहरुको, अनुगमन, समीक्षा, मूल्याङ्कन एवं विश्लेषण गरी उपयुक्त तथा ठोस सुझाव प्रस्तुत गर्ने ।
- कृषिलाई व्यवसायमुखी बनाउने क्रममा देखा परेका वाधा, अडचन र समस्यालाई निराकरण गर्न आवश्यक कदम चाल्ने ।
- कृषिजन्य उद्योग र उत्पादक वीच सम्वन्ध स्थापित गराउने र अन्तरक्रियाहर गराउने ।

२. कृषि व्यवसायको प्रवर्द्धन र कृषि उद्योग स्थापना गर्ने कार्यलाई विशेष महत्वका साथ अघि बढाउने कार्यमा सघाउ पुऱ्याउन कृषि मन्त्रालयमा एक कृषि व्यवसाय प्रवर्द्धन महाशाखा (agri-business promotion division) स्थापना गरिनेछ । कृषि मन्त्रालय र विभाग अन्तर्गत रहेका कृषि व्यवसायसँग प्रत्यक्ष रुपमा सम्वन्धित एकाइ जस्तै बजार विकास महाशाखा, आर्थिक विश्लेषण महाशाखा तथा तथ्याङ्क महाशाखालाई यस महाशाखामा आवद्ध गरिनेछ । यो महाशाखाबाट कृषि व्यवसाय प्रवर्द्धनका संवन्धमा निम्न अनुसारको कार्य गरिनेछ ।

- कृषि मन्त्रालय, विभागहरु, महाशाखाहरु, कार्यालयहरु र एकाइ कार्यालयहरुसम्म कृषि व्यवसायको अवधारणा र दृष्टि पुऱ्याई कार्यान्वयन गराउने कार्यको माध्यमको रुपमा कामगर्ने
- निजी क्षेत्र, कृषि वस्तु विशेषका संघहरु तथा कृषि व्यवसायसित सम्वन्धित गैर सरकारी संस्था, कृषक समूहहरु, सहकारी संघ-संस्थाहरुको सरकारी सम्पर्क निकायको रुपमा काम गर्ने ।
- कृषि व्यवसाय प्रवर्द्धन समितिको सचिवालयको काम गर्ने ।

अन्य कार्यक्रमहरु :

९.४.१ सहकारी विकास :

सर्वसाधारणको सानोतिनो आर्थिक क्षमतालाई एकत्र गरी सामूहिक प्रयासद्वारा कृषि विकास, घरेलु इलम र उद्योग धन्दाहरुको प्रवर्द्धन एवं सामुदायिक सेवाहरुको विस्तार र परिचालन गरी सहकारी क्षेत्रले आर्थिक दृष्टिले सक्रिय जनशक्तिलाई व्यवसाय सीप प्रवर्द्धनबाट यथार्थमा सक्रिय पार्दै राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुपर्ने कुरा हाल पनि सामाजिक आर्थिक दृष्टिले अति सान्दर्भिक रहेकोछ । नवौं योजनाको तर्जुमा गर्दा यसै अवधारणालाई आधार मानी सहकारीलाई सामाजिक आर्थिक विकासको एक महत्वपूर्ण साधनको रुपमा लिइएको छ ।

आठौं योजना अवधिमा सहकारी क्षेत्रमा सहकारी शिक्षा र तालिम, संस्थागत पूर्वाधार विकास र भौतिक पूर्वाधार विकास कार्यक्रमहरु राखिएका थिए । सहकारी शिक्षा तथा तालिम कार्यक्रम अन्तर्गत सरकारी कर्मचारी, सहकारी संघ संस्थाका पदाधिकारी, सदस्य, कर्मचारीहरु र महिलाहरु समेत गरी ५६०१७ व्यक्तिलाई शिक्षा तथा तालिम प्रदान गरिएको छ । तालिम सामग्रीको उत्पादनलाई परिमार्जित गरिएको र तालिमका लागि सरकारी लगानीमा वृद्धि पनि भएकोछ । स्थानीय, केन्द्रीय र राष्ट्रिय स्तरमा स्वेच्छिक

र स्वायत्त सहकारी संस्थाहरु गठन गर्न प्रोत्साहित गर्ने नीति अनुरुप गाउँदेखि केन्द्रसम्म योजनाको चौथो वर्षसम्ममा ३७११ प्राथमिक सहकारी संस्थाहरु ७७ वटा जिल्ला संघहरु, ३ वटा केन्द्रीय संघहरु र एउटा राष्ट्रिय संघ गठन भएका छन् । यी संघ-संस्थाहरुले यही अवधिसम्म रु.१ अर्व ८७ करोडको कारोवार गरेका छन् र वित्तीय संस्थाहरुबाट रु. ५७ करोड ७४ लाख ऋण प्राप्त गरी रु. ४५ करोड ४२ लाख लगानी गरेका छन् । सोही अवधीमा रु. ४९ करोड १२ हजार असुली भएकोछ । सहकारी बैंक स्थापना गर्ने कार्यक्रम भएता पनि यो कार्य पुरा हुनसकेन । योजना अवधिमा सहकारी क्षेत्रले दूध उत्पादन, खाद्यान्न प्रशोधन, वचत सङ्कलन जस्ता क्षेत्रमा सम्भावना देखाउन वाहेक खास योगदान गर्न सकेकोछैन ।

सहकारी संस्थाहरु स्वस्फूर्त रुपमा आफ्नै आवश्यकताका कारण उत्पन्न भई उत्पादनदेखि, प्रशोधन उद्योग तथा बजारसम्म जानसकेमा मात्र दिगो हुन सक्तछन् भन्ने कुरा विभिन्न अध्ययनले पुष्टि गरेकाछन् । यसै अवधारणा अनुरुप संस्थाहरुलाई स्वायत्तता गर्ने काम गरियो । तर संस्था सञ्चालन गर्न चाहिने पुँजी, प्रविधि तथा व्यवस्थापन क्षमता स्वायत्तताको प्रत्याभूतिले मात्र नआउने कुरा हाल स्पष्ट हुन आएको छ । एकातिर विगतको निर्देशित सहकारी संस्था सञ्चालन नीतिको कारण सिर्जित समस्याले घाटामा गएका संस्थाको दायित्व वर्तमानमा व्यावसायिक सोचबाट अघि वढ्न खोज्ने सदस्य र संस्थाहरुमा पर्नजाँदा अनावश्यक भारले अघि बढ्न समस्या भै रहेकोछ भने अर्कातिर सहकारी संस्थाहरु स्वायत्तता प्राप्ति पश्चात पनि विभिन्न समस्यामा जकडिएका छन् । विगतको प्रभावले सरकारको मुख ताक्ने प्रवृत्ति अझै कायम रहेको, सहकारी क्षेत्रको आफ्नै अल्पकालिन र दीर्घकालीन दृष्टिकोण नबनेको, सहकारीको आफ्नै उत्पादन कार्यक्रम नभएकाले गैर सहकारी व्यवसायमा संलग्न हुने गरिएको, आफैले सहकारी बजार प्रणाली विकास गर्न नसकेको, सहकारी बैंक वा वित्तीय संस्थाहरु स्थापना गरी सहकारीलाई पुँजीको अभाव हटाउन नसकिएको जस्ता समस्याहरुका साथै सरकारी क्षेत्रमा सहकारीलाई टेवा पुऱ्याउने जनशक्ति विकर्षित हुँदै गएको अवस्था पनि विद्यमान छन् ।

आर्थिक दृष्टिले सक्रिय उमेरका जनशक्तिलाई सहकारीमा संलग्न गराई सहकारी क्षेत्रलाई आवश्यक पर्ने सीप, दक्षता प्रदान गरी व्यवसायिक सम्भावनाका मार्गहरु पहिल्याईदिन सकेमा कृषि तथा गैर कृषि उत्पादन, व्यवसाय र उद्यममा आम जनताको सहभागिता भई समतामूलक आर्थिक समृद्धिका लागि सघाउ पुग्ने ठूलो सम्भावना रहेकोछ । यीनै सम्भावना लाई मूर्त रुप दिन विगतका समस्याहरुलाई समाधान गर्दै अगिवढनु पर्ने आजको आवश्यकता रहि आएको छ ।

सहकारिताको माध्यमबाट स्वायत्त, स्वेच्छिक एवं उद्यमशील संघ-संस्थाहरुको प्रवर्द्धन गर्दै विशेषगरी साना उत्पादकहरुमा बजार प्रक्रियाको लाभ लिने क्षमताको विकासद्वारा आर्थिक दृष्टिले सक्रिय जनसङ्ख्यालाई यथार्थमा आर्थिक रुपले सक्रिय बनाई आर्थिक तथा सामाजिक विकासमा तिव्रता ल्याउन टेवा पुऱ्याउने दीर्घकालीन अवधारणा अंगाली व्यावसायिक सोचका आधारमा स्वप्रेरित सहकारी संस्थाहरुको विकास गराउने, सहकारी संस्थाहरु, कृषक समूह तथा महिला कृषक समूहको उत्पादन क्रियाकलाप एकीकृत गर्दै बजारसित आवद्ध गराई उत्पादन तथा रोजगारीका अवसरको अभिवृद्धि गर्ने, उत्पादक किसान तथा उपभोक्तालाई उचित मूल्यको लाभको अवसर दिलाउने, सहकारी संघ संस्थाहरुको व्यवसायिक क्षमतामा वृद्धि गर्ने उद्देश्य बाट नवौं योजनामा सहकारी विकास कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

नीतिगत कार्यक्रमहरु :

सहकारी व्यवसायहरुमा उद्यमशीलता एवं प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धिका लागि टेवा पुऱ्याउने, व्यावसायिक सोच र उद्यमशीलताका आधारमा सक्रिय कृषकहरुद्वारा उत्पादित खाद्यान्न, फलफूल, तरकारी, दूध जस्ता वस्तुहरुको उद्योग स्थापना, प्रशोधन, सुरक्षित भण्डारण एवं बजार र विक्री वितरणमा सहकारी संस्थाहरुलाई क्रियाशील तुल्याउने, खासगरी ग्रामीण क्षेत्रमा छरिएर रहेको स-साना

पुँजी तथा सीप परिचालन गरी आर्थिक क्रियाकलापहरुमा स्थानीय जनताकै अधिकतम सहभागिता जुटाई एकीकृत, सुदृढ र प्रभावकारी सहकारी प्रणाली स्थापित गर्न सहयोग पुऱ्याउने, सहकारिताको मान्यता अनुरुप आर्थिक क्रियाकलाप सञ्चालन गराउन सदस्य शिक्षा र प्रचार प्रसारलाई व्यापक बनाई जनस्तरमा सहकारिताको भावना जागृत गराई रहकारी आन्दोलनलाई जागृत गराउने, विद्यालय स्तरको पाठ्यक्रममा समेत सहकारितालाई समावेश गर्दै लाने, सहकारी क्षेत्रबाट गैर सरकारी संस्थाहरु कृषक समूह, महिला कृषक तथा अन्य उद्यमी समूह, निजी क्षेत्र र सरकारी संस्थानहरुसित व्यवसायिक सम्वन्ध स्थापना गरी आर्थिक क्रियाकलाप अभिवृद्धि गराउने, सहकारीको कार्य प्रकृतिसित मेल खाने सार्वजनिक संस्थाहरु निजीकरण गर्दा सहकारी क्षेत्रलाई प्राथमिकता दिने, महिला सहकारी संस्थाहरु र सहकारी संस्था भित्रका महिला समूह, महिला कृषक समूहलाई सहकारी क्रियाकलाप सञ्चालन गर्ने दक्षता अभिवृद्धि गर्न महिला लक्षित तालिम कार्यक्रमहरु सञ्चालन गर्ने र परिवर्तित आवश्यकता अनुरुप सहकारी क्षेत्रको केन्द्रदेखि जिल्लातह सम्मका निकायहरुको संरचना पुनरावलोकन गर्ने र उपयुक्त जनशक्ति विकासमा ध्यान दिने जस्ता नीतिगत पृष्ठभूमिमा सहकारी विकास कार्यक्रम निम्न अनुसार सञ्चालन गरिने छन् ।

प्राथमिकता :

विगतका नीतिका कारण लामो समयदेखि रुग्ण अवस्थामा रहेका सहकारी संस्थाहरुको दायित्व खास गरी कृषि विकास बैंक सँगको दायित्वको छिनोफानो कसरी गराउने भन्ने वारे टुंगो लगाई व्यवसायिक सोचको आधारमा चल्न अघि बढ्ने संस्थाहरुको लागि नयाँ वातावरण दिने र सहकारी मार्फत वजार व्यवसाय प्रवर्द्धन गराउने खालका सघन सहकारी विकास कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ । अन्य पक्षहरुको स्थान विशेषको सम्भाव्यता एवं विशेषताका आधारमा सहकारीका क्रियाकलापहरु बढाउदै लगिनेछ ।

अन्य कार्यक्रमहरु :

<u>सहकारी शिक्षा तथा तालिम कार्यक्रम</u>

सहकारी शिक्षा तथा तालिम र व्यवस्थापन विकास कार्यलाई प्रभावकारी बनाउन तालिम प्रविधिमा सुधार गर्नुको साथै पेशागत समेत वनाइनेछ ।

युवा र महिलाहरुको सहभागितालाई प्राथमिकता दिनेगरी घुम्ती कृषक प्रशिक्षण समेतका आधारमा सहकारी संस्था तथा पूर्व सहकारीका महिला समूह तथा अन्य समूह सदस्यहरुलाई सहकारी शिक्षा, शिविर, अध्ययन भ्रमण,गोष्ठी आदिको माध्यमबाट सहकारिताको सैद्धान्तिक एवं व्यावहारिक पक्षहरुको ज्ञान दिलाइनेछ ।

सहकारी संघ संस्थाहरुको कार्यक्रमको प्रकृति अनुसार वचत तथा कर्जा परिचालन, कृषि सामग्री तथा कृषि उत्पादनको संचयन एवं प्रशोधन, उद्योग सञ्चालन, शीत भण्डार स्थापना, प्रशोधन संयन्त्र आदिको उपयोग र सुरक्षा जस्ता प्राविधिक पक्षहरुमा कर्मचारी तथा संस्थाका पदाधिकारीहरुलाई सहभागी गराई विषय विशेषका प्रशिक्षण कार्यक्रमहरु समेत सञ्चालन गरी सहकारी आन्दोलनमा प्रविधिक टेवा पुऱ्याइनेछ । सहकारी संस्थाहरुको अनुरोधमा व्यवस्थापनका विविध पक्षहरुमा सहकारी प्रशिक्षण केन्द्रद्वारा परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

स्थानीय प्रशिक्षकहरुको सीप र दक्षता विकास गर्न प्रशिक्षक प्रशिक्षणको व्यवस्था गरिनेछ । साथै लक्षित समूहको आवश्यकताअनुसार तालिम तथा शैक्षिक सामग्रीको विकासमा परिमार्जन गर्दै लगिनेछ ।

सहकारी छुट्टै पेशागत क्षेत्र भएकोले तालिमको गुणस्तरलाई प्रवर्द्धन गर्न वर्तमान सहकारी प्रशिक्षण केन्द्रलाई स्वायत्त प्राज्ञिक निकायको रुपमा विकसित गराउदै लगिनेछ । यस क्रममा यो तालिम केन्द्रलाई कृषि व्यवसाय प्रवर्द्धनका पक्षमा तालिम दिने संस्थाको रुपमा विकसित गराउने सम्भाव्यता समेत हेरिनेछ । यसको निमित्त केन्द्रको भौतिक पूर्वाधार विकास तथा प्रशिक्षकहरुको दक्षता अभिवृद्धि गर्न विशेष जोड दिइनेछ ।

सहकारी प्रशिक्षण केन्द्र तथा अन्य तालिम केन्द्र र निजी तथा सहकारी क्षेत्रबाट सहकारी तथा व्यवसाय तालिम कार्यक्रम सञ्चालन गर्दा समझदारी पत्र र अनुबन्धनको आधारमा गर्ने व्यवस्था मिलाइने छ ।

संस्थागत पूर्वाधारहरुको विकास तथा सुदृढीकरण कार्यक्रम

सहकारी संस्थाहरुको प्रवर्द्धनका लागि बजार अनुसन्धान क्रियाकलापहरु सञ्चालन गरिनेछ । साथै सहकारी संस्थालाई बजारको स्थिति, अवसर जस्ता विषयमा सूचना प्रवाह एवं प्रचार प्रसारको व्यवस्था मिलाइनेछ ।

सहकारी व्यवसायमा उद्यमशीलताको विकासकालागि तालिम, भ्रमण, अवलोकन जस्ता क्रियाकलापहरुमा जोड दिइनेछ ।

सहकारी मार्फत खाद्यान्न, दलहन, तेलहन, दूध, चिया, कफी, अलैंची, अदुवा फलफूल, तरकारी जस्ता वस्तुहरुको खरीद विक्री, प्रशोधन र शीत भण्डार स्थापना गर्ने तथा पशुदाना मल वीउ औषधी आदि आपूर्ति गर्ने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

अलैंची, चिया, कफी, अदुवा, रेसम, काष्ठकला, हस्तकला जस्ता कृषि तथा गैर कृषि निकासीयोग्य वस्तुहरुको निर्यात कारोवार क्रमशः सहकारी क्षेत्रबाट अघि बढाउन प्रोत्साहित गरिनेछ ।

सहकारी क्षेत्र आफैले विभिन्न तह र विषय क्षेत्रमा गर्नसक्ने र सहकारी, सरकारी निजी क्षेत्र र गैर सहकारी क्षेत्रसँग व्यवसायिक सम्वन्ध कायमगरी गर्नसकिने उद्योग व्यवसायहरुको क्षेत्र निर्धारण गरी तदनुरुप सहकारितालाई अघि बढाउन एक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

सहकारी संस्थाहरु संगठनात्मक रुपमा आफै सक्षम हुनुपर्ने दृष्टिकोणबाट सहकारी विभाग, सहकारी विकास वोर्ड र राष्ट्रिय सहकारी संघ जस्ता निकायको भूमिका र कार्यक्षेत्रलाई दृष्टिगत गरी संरचनात्मक सुधार गराई प्रभावकारी बनाइनेछ । विगतको निर्देशित सहकारी सञ्चालन नीतिको कारण रुग्ण अवस्थाबाट गुज्री रहेका संस्थाहरुको विषयमा अध्ययन गरी व्यवसायिक सोचको आधारमा चल्नखोज्ने नयाँ सञ्चालक सहकारी सदस्यहरुलाई उपयुक्त वातावरण दिने व्यवस्था मिलाइ सहकारी आन्दोलनमा टेवा पुऱ्याइनेछ । सहकारी विकास कोषलाई बढी अर्थपूर्ण एवं उपयोगी बनाई परिचालन गर्ने व्यवस्था पनि गरिनेछ ।

विभिन्न उत्पादन पकेट क्षेत्रहरुमा स-सानो रुपमा भएका उत्पादक समूहको उत्पादनको लागि ठूला बजार भएको क्षेत्रमा पुऱ्याउने माध्यमको रुपमा उत्पादक समूहको आपसी संलग्नतामा सहकारी बजार प्रणाली उपयुक्त माध्यम हुनसक्ने पृष्ठभूमिमा काठमाडौंको ठूला बजारलाई लक्षित गरी काडमाडौं उपत्यकामा एक सहकारी बजार प्रणाली स्थापना गर्नेतर्फ अध्ययन गरिनेछ र सम्भाव्यताको आधारमा सहकारी बजार क्षेत्रको स्थापना गर्ने व्यवस्था गरिनेछ । यस्तो वजार प्रणाली सम्भाव्यता हेरी अन्यत्र पनि लगिनेछ ।

सघन सहकारी विकास कार्यक्रम

साना-साना तर छरिएर रहेका सहकारी संस्थाहरुको उत्पादनलाई एकीकृत तथा प्रशोधन गरी बजारसम्म पुऱ्याउन सक्नेस्तरको उत्पादन गर्न प्रेरित गर्दै उत्पादनदेखि प्रशोधन र वितरणसम्म सहकारी प्रणालीलाई समेट्न सक्ने एक आयोजनाको विस्तृत विवरण तयार गरी लागुगरिनेछ । यस्तो आयोजना अन्तर्गत धुलो दूध उत्पादनको कारखाना स्थापना गर्ने, तथा दूधबाट वन्ने बैकल्पिक दुग्ध पदार्थ उत्पादन गर्ने र तरकारी तथा फलफूल, खाद्यान्न, दलहन र तेहलनको सहकारी बजार मार्फत खरीद तथा विक्री वितरण गरिनेछ ।

बचत तथा ऋण सहकारी संस्थाहरुको वचत रकम केन्द्रित गरी सहकारी वैंक स्थापना गर्ने प्रयास गरिनेछ । साथै काठमाडौं उपत्यकामा तीन सहकारी उपभोक्ता भण्डारहरु सञ्चालन गर्न सघाउ पुऱ्याइने छ । यस कार्यमा कम्तिमा दश महिला सहकारी संस्थाहरुलाई संलग्न गराइनेछ । यस्तो कार्यक्रम सञ्चालन गर्दा निजी क्षेत्रसित पनि व्यवसायिक सम्वन्ध कायम गरिनेछ । सहकारी विकासको कार्यक्रम सञ्चालन गर्दा सहकारी संस्थाहरुलाई बजार प्रक्रियामा संलग्न भई प्रतिस्पर्धाको आवधारणालाई अवलम्वन गर्नुपर्ने गरी गरिनेछ ।

अपेक्षित उपलब्धि :

माथि उल्लेख गरिएको सघन सहकारी विकास कार्यक्रमबाट कम्तिमा ४८३ संस्थाहरुका सरदर ३३५ सदस्यका हिसावले जम्मा १६१८०५ सदस्यहरु प्रत्यक्ष उत्पादन तथा प्रशोधन कार्यमा संलग्न भई आर्थिकरुपमा लाभान्वित हुनेछन् । उनीहरुमा क्रमशः भौतिक तथा वित्तीय साधनको परिचालन र उपयोग क्षमताको अभिवृद्धि हुनेछ । आय आर्जन मार्फत गैर कृषि कार्यतर्फ संलग्न हुने क्षमताको वृद्धि हुनेछ । सहकारी शिक्षा तथा तालिम कार्यक्रमबाट ४२ हजार सहकारी सदस्यहरुलाई सहकारी व्यवस्थापन विषयमा तालिम प्रदान गरिनेछ । यसबाट उनीहरुलाई सहकारी प्रणालीले स्थापित गर्ने बजार प्रक्रियामा संलग्न गराई स्थानीय स्तरमा उत्पादन वृद्धि कार्यक्रममा संलग्न गराउन मद्दत पुग्नेछ ।

अनुगमन तथा मूल्याङ्कन :

राष्ट्रिय सहकारी संघले आफ्नो सदस्यहरुको क्रियाकलापहरुको अनुगमन गर्नेछ । सहकारी क्रियाकलाप अनुगमन तथा मूल्याङ्कन सहकारी विभाग तथा कृषि मन्त्रालयबाट नियमित रुपमा गराउने व्यवस्था गरिनेछ । सहकारी विकास कार्यक्रमले दीर्घकालीन कृषि योजनाले पहिल्याएको कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमलाई के कति हदसम्म आफ्नो कार्यक्रममा समावेश गरी अघि बढेको छ भन्ने कुराहरुको अनुगमनमा जोड दिइनेछ ।

९.४.२ खाद्य प्रविधि, पोषण तथा गुणस्तर नियमन कार्यक्रम :

सर्वसाधारण जनतालाई खाद्य सुरक्षाको प्रत्याभूति दिन खाद्य वस्तुहरुको उत्पादन वृद्धिका साथै उत्पादित वस्तुहरुलाई उचित सञ्चय, संरक्षण तथा प्रशोधन गरी उत्पादन पछि हुने क्षति नोक्सानी कम गर्दै उपभोगको लागि उपलब्धता बढाउन , फलफूल, तरकारी, माछा, मासु, दूध जस्ता पौष्टिक खाद्य वस्तुहरुको उपभोग स्तर वृद्धि गर्न र खाद्य वस्तुहरुमा हुने मिसावटलाई नियन्त्रण गरी शुद्ध एवं उच्च गुणस्तर कायम राख्न नितान्त आवश्यक हुन आउँछ । साथै निकासी योग्य उच्च मूल्यका बाली विशेषहरुको गुणस्तर अभिवृद्धि गरी निकासी प्रवद्धन गर्न र बालीहरुको उचित सञ्चय तथा संरक्षण गर्नका लागि उपयुक्त प्रविधिहरुको विकास गरी प्रविधि परिचालन गर्न पनि आवश्यक छ । जनसाधारणको पोषण स्थितिमा सुधार ल्याउन खाद्य वस्तुहरुमा पाइने पोषक तत्वहरुको पहिचान गरी

सस्तो पौष्टिक आहारहरुको विकास गर्न र खाद्य वस्तुहरुको विक्री वितरणमा विशुद्धता कायम गर्नको लागि गुणस्तर नियमन कार्यलाई समेत व्यापक रुपमा विस्तार गर्नु आवश्यक छ ।

खाद्य प्रविधि पोषण तथा गुणस्तर नियमन कार्यक्रम अन्तर्गत आठौं योजनामा खाद्य ऐन २०२३ को संशोधन कार्य सम्पन्न भै खाद्य पेय तथा दाना पदार्थहरुको गुणस्तर नियमन तथा स्तर निर्धारण, खाद्य प्रशोधन एवं संरक्षण र पौष्टिक वाल आहार प्रविधि विकास गर्ने नियमित कार्यहरु भएकाछन् । खाद्यवस्तुमा प्रयोग गरिने विभिन्न अखाद्य रंगहरुको प्रयोगलाई नियन्त्रण गर्ने र जनचेतना अभिवृद्धि गर्ने कार्य सञ्चालन भैरहेकोछ । कृषि उद्यमीहरुलाई तालिम कार्यक्रम मार्फत खाद्य प्रशोधन प्रविधि हस्तान्तरण गर्ने कार्य भैरहेकोछ । तर पनि खाद्य प्रविधि तथा पोषण विकासको क्षेत्रमा कृषिजन्य उद्योग व्यवसाय प्रवर्द्धनका दृष्टिबाट उद्यमी व्यवसायीहरुलाई उपयुक्त प्रविधि पहिचान गरीउपयोग गराउन पर्याप्त प्रयास हुनसकेको छैन । कृषि उत्पादनहरु पनि व्यावसायिक रुपमा नआउदा उद्योगको लागि पर्याप्त आवसरहरु पनि उपलब्ध हुन सकेको छैन । दीर्घकालीन कृषि योजनाले व्यवसायीकरणमा जोड दिएकोले त्यसको कार्यान्वयनले कच्चा पदार्थ आपूर्ति र उद्योग प्रवर्द्धन वातावरण सिर्जना हुन जाने पृष्ठभूमिमा खाद्य प्रविधि तथा पोषण कार्यक्रमले कृषि व्यवसाय प्रवर्द्धन लाई लक्षित गरी अघि वढनु पर्ने आवश्यकता छ ।

खाद्य तथा प्रशोधनका उपयुक्त प्रविधि विकास, खाद्य गुणस्तर नियमन र उपभोक्ता हित संरक्षण गर्दै कृषि जन्य उद्योग व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याई आय तथा रोजगारका अवसर बढाउन` दीर्घकालीन सोचका आधारमा कृषि व्यवसायलाई उद्यमशील एवं बजार उन्मूख बनाउन कृषि उपजहरुको उचित संरक्षण तथा प्रशोधन र मिश्रण प्रविधि विकास गरी कृषि उद्योग व्यवसाय प्रवर्द्धनको वातावरण तयार गर्ने, कृषि उपज एवं खाद्य पदार्थको उत्पादन, प्रशोधन, वितरण र आयात निर्यातमा विशुद्धता कायम गराई आन्तरिक एवं वाह्य बजारमा नेपाली उत्पादनहरुको विश्वासनीयता अभिवृद्धि गर्ने, र गुणस्तर नियमन प्रणालीलाई सुदृढ गर्ने र पौष्टिक खाद्य वस्तुहरुको उपलब्धता वढाई जनताको पोषणस्तरमा सुधार ल्याउने उद्देश्यबाट नवौं योजनामा कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

नीतिगत कार्यक्रमहरु :

खाद्य उद्योग व्यवसायीहरुलाई आवश्यक पर्ने सङ्कलन, ग्रेडिङ्ग, प्रशोधन र विक्री वितरण प्रविधिको खोजी र परीक्षण गरी उपयुक्त प्रविधि तयार गरिनेछ । यस कार्यमा उत्पादक, उद्योग व्यवसायी र कृषि अनुसन्धान बीच समन्वय ल्याउने, कृषि उद्योग व्यवसायी, उपभोक्ता र बजारको समग्र आवश्यकता अनुरुप खाद्य पोषण, जनस्वास्थ्य र वातावरण बीच सन्तुलन ल्याउन विद्यमान कानुनी व्यवस्थालाई समय सापेक्ष बनाई गुणस्तर नियमन प्रणालीलाई प्रभावकारी बनाउने, जनताको पोषण स्थितिको पहिचान गरी पोषणस्तर अभिवृद्धि गर्न खासगरी स्थानीय वस्तुमा आधारित पौष्टिक आहाराको विकासमा निरन्तरता दिने, खाद्य अनुसन्धानको तथा विकास कार्यलाई बढी उपादेयतामूलक बनाउन सम्वन्धित सवै निकायहरु बीच समन्वय गरी कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने, पहिचान भएका प्रविधिहरुको प्रयोग बढाउन प्रभावकारी प्रचार प्रसार र यसको अनुप्रेषण (feed back) कार्यक्रमद्वारा कृषि व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने जस्ता नीतिगत कार्यक्रमको पृष्ठभूमिमा कार्यक्रमहरु निम्न बमोजिम सञ्चालन गरिने छन् ।

अन्य कार्यक्रमहरु

<u>गुणस्तर नियमन एवं सुदृढीकरण कार्यक्रम</u>

नगरपालिकाको सहभागितामा निरीक्षण संयन्त्र स्थापना गराई स्थानीय तहमा गुणस्तर नियमन कार्यमा प्रभावकारिता ल्याइनेछ । यसका लागि आवश्यक जनशक्ति र कानुनी व्यवस्था मिलाइनेछ । अधिराज्यका

सबै जिल्लाहरुमा खाद्य ऐन नियम लागु गर्ने र खाद्य वस्तुहरुमा अनिवार्य गुणस्तर तोक्ने व्यवस्था गरी गुणस्तर नियमनमा प्रभावकारिता ल्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

खाद्य उद्योग बजार तथा आयात निर्यात विन्दुहरुको नियमित निरीक्षण गरी खाद्य नमुनाहरु सङ्कलन तथा विश्लेषण गरिनेछ । साथै दाना ऐन नियम अर्न्तगत नमुना सङ्कलन गरी विश्लेषण पश्चात आवश्यक प्राविधिक सेवा पुऱ्याइनेछ ।

बढी मोल जाने कृषि वस्तुको समग्र श्रेणीकरणको विधि र प्रक्रियाको विकास गरी गुणस्तर अनुसारको मूल्य निर्धारणको लागि टेवा पुऱ्याइनेछ । साथै उपभोक्ताहरुले समेत सरल रुपमा खाद्य वस्तुहरुको गुणस्तर जाँच र विश्लेषण गर्नसक्ने गराउन परीक्षण उपकरण (test kit) को विकास गरी विक्रीवितरण गरिनेछ । उच्च गुणस्तरको वस्तुहरु उत्पादन गर्न उद्योगहरुलाई अन्तरराष्ट्रिय मापदण्ड अनुरुपको उत्पादन प्रणाली अपनाउन प्राविधिक सेवा पुऱ्याई प्रोत्साहित गरिनेछ ।

निजी उद्यमी व्यवसायीहरु आफैले प्रारम्भिक गुणस्तर नियमन कार्यहरु गर्ने वातावरणको विकासका लागि निर्देशिकाहरु बनाईदिने र निजी प्रयोगशाला विकासमा प्राविधिक सहयोग दिने व्यवस्था गरिनेछ ।

स्वदेशमा उत्पादित वस्तुहरुको गुणस्तर प्रति विश्वसनीयता वढाई अन्तरराष्ट्रिय बजारमा समेत प्रतिस्पर्धा बढाउन विद्यमान गुणस्तर नियमन प्रणालीलाई समय सापेक्ष सुधार गरिनेछ । गुणस्तर नियमन समिति गठन गरिनेछ र कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

खाद्य प्रविधि अनुसन्धान तथा विकास कार्यक्रम

माछा, मासु, दूध, फलफूल, तरकारी तथा नगदेबालीको उचित उपयोगको लागि आवश्यक प्रशोधन प्रविधि विकास गर्न कृषि विभाग र कृषि अनुसन्धान परिषदको सहभागितामा उपयुक्त प्रविधिको खोज तथा परीक्षण गरिनेछ । कृषिका विभिन्न निकायहरु एवं उद्योग व्यवसायीहरुको संलग्नता रहनेगरी कृषि व्यवसाय एंव खाद्य उद्योग समेतलाई उपयुक्त हुने प्रविधिको विकास गर्न संयुक्त रुपमा सहयोगात्मक अनुसन्धान गरिनेछ ।

खाद्य सञ्चयन र संरक्षण प्रविधि विकास गर्दा व्यवसायीकरणका क्षेत्रमा प्राथमिकता दिईनेछ । बजार सम्भाव्यता अध्ययनको आधारमा उपयुक्त प्रविधिको व्यवसायिकरण गराउन आवश्यक प्राविधिक सहयोग पुऱ्याइनेछ । यसैगरी देशका विभिन्न भौगोलिक क्षेत्र र समुदायमा प्रचनलमा रहेका परम्परागत प्रविधिहरुको खोज गरी व्यवसायिक रुपमा उपयोग गर्नसकिने प्रविधिमा आवश्यक सुधार ल्याई यसको आधारमा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

खाद्य उद्यमी व्यवसायी प्रवर्द्धनका लागि तालिम कार्यक्रम सञ्चालन गरी उद्यमीहरुलाई खाद्य उद्योग स्थापना एवं सञ्चालनमा सक्षम बनाउन सीपमूलक तालिम दिइनेछ । यस्तो तालिम उद्योग मन्त्रालय अन्तर्गतको साना व्यवसाय प्रवर्द्धन तालिमसँग समन्वय गरिनेछ । खाद्य उद्योग स्कीम स्वीकृत गराइ उद्योग खोल्न चाहने वा उद्योग सञ्चालन गरिरहेका इच्छुक उद्यमीहरुलाई त्यस्ता स्कीमको आधारमा तालिममा छनौट गरिनेछ ।

खाद्य अनुसन्धान कार्यमा प्रभावकारिता ल्याउन प्रयोगशालाहरुमा आवश्यक भौतिक साधन सुविधाहरुको व्यवस्था गरिनेछ। पहिचान भएका खाद्य प्रविधिहरुको प्रयोग बढाउन , गुणस्तर चेतना अभिवृद्धि गर्न र स्थानीय पोषणयुक्त खाद्य पदार्थहरुको प्रयोग बढाउन निजी उद्यमीहरु समेतको सहभागितामा वा उनीहरुको प्रायोजनमा समेत प्रचार प्रसार गरी कृषि व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याइनेछ ।

पोषण विकास कार्यक्रम

कृषक परिवारले उत्पादन गरेका कृषि उपजकै समानुपातिक उपभोगबाट परिवारको पोषणस्तर वृद्धि गर्नेतर्फ उत्प्रेरित गराउन गर्भवती तथा ग्रामीण महिला र आमाहरुलाई पोषण ज्ञान दिइनेछ । जैविक प्रविधिको प्रयोगबाट विभिन्न परिकार विकासको लागि प्रविधि विकास गरी यसको व्यवसायिक उपयोग गर्न सीपमूलक तालिम दिई निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । स्थानीय स्तरमा उपलब्ध हुने खाद्य पदार्थ उपभोग गरी सूक्ष्म पोषकतत्वयुक्त परिकार बनाउने तरिका बारे स्थानीय स्तरमा तालिम दिने र व्यवसायी स्तरमा समेत यस्ता परिकार तयार पार्ने नीति उद्यमीहरुलाई उत्प्रेरित गर्न प्राविधिक सहयोग पुऱ्याइनेछ ।

पोषण ज्ञान विस्तारको लागि कृषिका जिल्ला स्थित विभिन्न निकायमा कार्यरत अधिकृतहरुलाई पोषण पक्षमा तालिम दिइ यिनीहरुको माध्यमबाट गाउ विकास समिति र नगर क्षेत्रहरुमा समेत पोषण तालिम विस्तार गरिनेछ ।

पोषण अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन आवश्यक वैज्ञानिक उपकरणहरको व्यवस्था गरी पोषण अनुसन्धान प्रयोगशालालाई साधन सम्पन्न वनाउदै लगिनेछ । साथै खाद्य पोषण कार्यलयलाई थप जिल्लामा उपयुक्तता हेरी विस्तार गरिनेछ ।

तालिम तथा जनशक्ति विकास

प्रविधि विकास तथा विस्तार एवं गुणस्तर नियमनको क्षेत्रमा ठोस उपलब्धि हासिल गर्न उच्च तथा मध्यम स्तरका जनशक्तिहरु आवश्यक हुन आउँछ । नवौं योजना अवधिमा आवश्यक उच्च अध्ययन एवं तालिमको अवसरहरुको खोजी गर्ने र आवश्यकतानुसार थप जनशक्तिको समेत व्यवस्था गरिनेछ ।

संरचनात्मक सुधार

कृषि व्यवसाय प्रवर्द्धनका लागि खाद्य प्रविधि, पोषण तथा गुणस्तर नियमन कार्यक्रम सञ्चालनमा प्रभावकारिता बढाउन र कृषि व्यवसायमुखी गराउन वर्तमान केन्द्रिय खाद्य अनुसन्धान कार्यक्रमको सँगठन स्वरुपलाई पुनरावलोकन गरीसुदृढ गरिनेछ ।

अनुगमन तथा मूल्याङ्कन :

कार्यक्रमहरुलाई व्यवसाय प्रवर्द्धनमुखी वनाउदै लाने गरी तर्जुमा गर्न प्राथमिकता दिइनेछ । खाद्य प्रविधि तथा पोषण कार्यक्रम कृषि व्यवसाय प्रवर्द्धनमुखी हुन गए नगएको नियमित अनुगमन गरिनेछ । यस क्रममा उद्योगी र उपभोक्ताहरुका बीच प्रविधि उपयोगको पक्षमा आवश्यक अन्तरक्रीया गराई कार्यक्रमको सम-सामयिकता र उपयोगीता प्रवर्द्धन स्थितिको पहिचान गरीअघि वढने व्यवस्था गरिनेछ ।

उपलब्धि :

हाल ३६ जिल्लाका उपभोक्ताहरुले मात्र पाइआएको खाद्य गुण नियन्त्रण सेवा अधिराज्यका सवै जिल्लाका जनताले पाउनेछन् । उपभोक्ता ऐन लागु भए पछि उपभोक्ताहरुको चाहना अनुरुप गुणस्तर नियमन कार्य अझ प्रभावकारी हुनेछ । गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्थाबाट खाद्यवस्तु निकासी व्यापारलाई टेवा पुग्नुका साथै उद्योग स्थापना एवं सञ्चालनको लागि सीपमूलक तालिम दिने व्यवस्थाबाट निजी व्यवसायीहरु प्रोसाहित हुनगई खाद्य उद्योग प्रवर्द्धनमा सघाउ पुग्नेछ । स्थानीय स्तरमा उत्पादित खाद्य वस्तुहरुको प्रयोगवाटै सन्तुलित आहार तयार गरी उपभोग बढाउने कार्यबाट कुपोषणको स्थितिमा सुधार ल्याउन सहयोग पुग्नेछ ।

९.५ कृषि अनुसन्धान कार्यक्रम

बहुसंख्यक नेपाली कृषि पेशामा निर्भर रहेकोले गरीबी-निवारण गरी जीवनस्तर माथि उठाउन समसामयिक कृषि प्रविधि विकासको निमित्त कृषि क्षेत्रको विभिन्न पक्षमा अध्ययन अनुसन्धानको आवश्यकता पर्दछ । कृषि प्रविधिको उपयुक्त उपयोग बिना दिगो विकास नहुने हुँदा कृषि आर्थिक वृद्धि र त्यसलाई निरन्तरता दिन दीर्घकालीन कृषि योजनाले प्रविधि विकास र त्यसको उपयोगलाई प्राथमिकता दिएकोछ । दीर्घकालीन कृषि योजनाले पहिल्याएको प्राथमिकता कार्यक्रमहरुमा कृषि अनुसन्धान कार्यक्रमले पनि सोही अनुरुप आफ्नो प्राथमिकता तोकी प्रभावकारी रुपले अघि बढनु आवश्यक भएकोछ ।

आठौं योजनामा कृषि अनुसन्धान कार्यलाई व्यवस्थित रुपले अघि बढाउन सङ्गठनात्मक सुधार गर्ने, प्राथमिकता निर्धारण गरी अनुसन्धान कार्य अघि बढाउने, योजना तर्जुमा प्रक्रिया कृषक र कृषि उद्यमी समेतको सहभागिता रहनेगरी विकेन्द्रित गर्ने र आयोजना अनुदानको व्यवस्था लागू गर्नेजस्ता नीतिगत व्यवस्थाहरु गरिएकोमा लक्ष्य अनुरुपनै भएकोछ । भौतिक लक्ष्य अन्तर्गत बाली अनुसन्धान तर्फ तराई भित्री मदेस र पहाडी क्षेत्रको लागि उपयुक्त हुने धानमा ३, गहुँमा ३, आलुमा ३ किसिमका जातहरु विकास गरी सिफरिस भएको र उखुमा ३, तोरीमा २, वदाममा २, दालजातमा २, भटमासमा १ जातको सिफारिस भएकोछ । बागवानी अनुसन्धान तर्फ प्रतिस्थापन गराउन सघाउ पुऱ्याउने खालका तराई पहाड र उच्च पहाडमा उपयुक्त हुने तरकारीका २८ जातहरु सिफारिस भएकोछ ।

वातावरण सन्तुलन कायम राख्न कृषि वन (agro forestry) संरक्षण कार्य पनि शुरु भएकोछ । पशुपालन व्यवसायबाट वातावरणमा हुने असर कम गर्न वाखालाई थुनेर पाल्ने (stall feeding system) व्यवस्थापन प्रविधि विकास भएकोछ । पोषण तथा पशु आहारा तर्फ स्थानीय कृषि उपपदार्थमा आधारित सन्तुलित पशु आहारा तयार गरी उद्यमीहरुलाई सहयोग पुऱ्याउन अनुसन्धानको क्रम जारी नै छ । पशु प्रजनन तर्फ नेपाली सन्दर्भमा विभिन्न नश्लका पशुवीर्य सङ्कलन गरी त्यसलाई जमाई राख्ने र चाहिएको वेलामा त्यस द्वारा कृत्रिम गर्भाधान गर्ने प्रविधि पहिचानमा सफलता मिलेकोछ । पशु स्वास्थ्यतर्फ पशुपक्षीमा लाग्ने प्रमुख रोगहरुको नियन्त्रण गर्न ब्रुसेलोसिस, ट्युवरकुलोसिस, बाँझोपन; गम्बोरो, रानी खेत, नाम्ले आदि रोगको कारकतत्व पहिचान गरीरोग नियन्त्रण गर्ने प्रविधि विकास गर्ने कार्य जारी छ । मत्स्य अनुसन्धान तर्फ देशमा रहेको केही नदी, ताल, पोखरी तथा रिजरभ्वायरहरुको जीवाणु र तालको वैज्ञानिक (biological and limnological) अध्ययन सम्पन्न भएकोछ ।

स्थान विशेषको उपयुक्त प्रविधिको कमी, उत्पादन खर्च कम गराउने र तुलनात्मक लाभका उपयुक्त बाली प्रणालीहरुको कमी, कृषकको स्रोत साधन सापेक्ष प्रविधिहरुको कमी पूरा गर्न र अनुसन्धान कार्यक्रमलाई प्राथमिकताका आधारमा सञ्चालन गर्नु पर्ने खाँचो अझै रहेकोछ ।

देशको कृषि भू-जलवायु अनुरुप भौगोलिक सम्भाव्यताका आधारमा कृषकको लागि लागत सक्षम (cost effective) एवं वातावरण अनुकूल (environment friendly) तुलनात्मक लाभ र स्थान विशेषको आवश्यकता अनुरुपका कृषि प्रविधिहरुको विकास गरी सम्वन्धित आनुवंशिक स्रोत सामग्रीहरुको (genetic resource materials) उत्पादन र आपूर्तिमा निरन्तरता दिने दीर्घकालीन अवधारणाका आधारमा कृषि पारिस्थितिकीय क्षेत्र (agro-ecological zone) को तुलनात्मक फाइदा र राष्ट्रिय आवश्यकता अनुसार प्रमुख खाद्यान्न बाली, वागवानी, पशु, पंछी तथा मत्स्यपालन पक्षलाई बजारमुखी कृषि उद्योग व्यवसायमा रुपान्तर गर्दै लान स्थान विशेषको उपयुक्त प्रविधि विकासमा निरन्तरता दिइनछे ।

सामाजिक, आर्थिक एवं भोगौलिक विविधतालाई दृष्टिगत गरी आनुवंशिकी स्रोत संरक्षण गर्ने, भौगोलिक सम्भाव्यता अनुरुप आनुवंशिकी स्रोत (genetic material) उत्पादन सम्वर्धन तथा उपयोगमा निरन्तरता दिने, दीर्घकालीन कृषि योजनाको आर्थिक वृद्धि दर हासिल गर्न लागत सक्षम, वातावरण प्रिय

र बढी उत्पादनमूलक तथा तुलनात्मक लाभदिने स्थान विशेषका कृषि प्रविधिहरुको प्रवाह सुनिश्चित गर्ने उद्देश्यबाट नवौं योजनाका कृषि अनुसन्धान कार्यहरु परिचालत हुनेछन् ।

नीतिगत कार्यक्रमहरु :

कृषि अनुसन्धान कार्यक्रम सञ्चालनका नीतिगत व्यवस्था निम्न अनुसार हुनेछन् ।

- कृषि अनुसन्धान कार्यमा उपलब्ध पूर्वाधार र क्षमताका आधारमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रहरुको सहयोगमा समन्वयात्मक, सहयोगात्मक, सहभागितामूलक र करार अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने ।

- दीर्घकालीन कृषि योजनाले पहिल्याएका प्राथमिकता क्षेत्र अनुरुपका अनुसन्धान कार्यक्रमहरुलाई प्राथमिकता दिई सञ्चालन गर्ने ।

- निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रहरुबाट हुने अनुसन्धान कार्यहरु कृषि अनुसन्धान परिषदको स्वीकृतिमा सञ्चालन हुनसक्ने व्यवस्था गर्ने र त्यसको मूल्याङ्कन, प्रमाणिकरण परिषद्ले गर्ने व्यवस्था मिलाई अनुसन्धानका आधारहरु फराकिलो पार्ने ।

- उच्चस्तरीय जनशक्ति उत्पादन संकाय र कृषि अनुसन्धान बीच समन्वय ल्याई अन्तर-सम्बन्ध सुदृढ गर्ने ।

- कृषि जनशक्ति विकास गर्न कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र दातृ संस्थाहरुको संयुक्त सहभागिता र समझदारी पत्रको आधारमा विश्व विद्यालयसँग अनुवन्धनको व्यवस्था मिलाई अनुसन्धान कार्यमा संलग्न प्राविधिक र वैज्ञानिकहरुलाई स्नातकोत्तर र विद्यावारिधि उपाधि दिने व्यवस्थाका लागि दातृ सहयोगको खोजी गरी आवश्यक व्यवस्था मिलाउँदै जाने ।

- कृषि अनुसन्धान परिषद्का अनुसन्धान केन्द्रहरुको संस्थागत विकास एवं सुदृढीकरण गरी आनुवंशिकी स्रोत सामग्रीहरुको संरक्षणमा निरन्तरता दिने ।

- कृषि प्रविधि विकास गर्दा वातावरण प्रिय र महिलाहरुले प्रयोग गर्नसकिने गर्न अनुकूल व्यवस्था गर्ने ।

- कृषि अनुसन्धानबाट सिफारिस हुने प्रविधिबाट हुने उत्पादन बजारमा प्रतिस्पर्धात्मक हुनपर्ने हुँदा लागत खर्च कम र उत्पादकत्व बढी हुने प्रविधि विकासमा मुख्य जोड दिने । यसै गरी विद्यमान स्थानीय कृषि प्रविधि परिमार्जन र अध्यावधिक गर्दै स्थान विशेष सुहाउँदो तुलनात्मक लाभका प्रविधि विकासमा निरन्तरता दिने ।

- अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क वढाई नयाँ प्रविधिहरुको खोज र प्रविधि आदान प्रदान गर्ने ।

- परम्परागत कृषि ज्ञान, सीप र कृषकद्वारा भित्र्याइएको प्रविधिको खोजी मूल्याङ्कन र यथोचित परिमार्जन गरी सिफारिस गर्ने ।

उल्लेखित नीतिगत व्यवस्थाको पृष्ठभूमिमा कृषि अनुसन्धान कार्यक्रमहरु निम्न बमोजिम सञ्चालन हुनेछन् ।

- राष्ट्रिय एवं भौगोलिक उपक्षेत्रीय प्राथमिकताको आधारमा स्थान विशेषको आवश्यकता अनुरुप कृषकको उत्पादन व्यवस्थापन समस्यामा आधारित प्रविधि विकास गराइनेछ । यस क्रममा बजारको माग अनुरुप तुलनात्मक लाभ भएका खास गरीदीर्घकालीन कृषि योजनाले प्राथमिकता दिएका कृषि वस्तु उत्पादनसँग सम्वन्धित लागत सक्षम, वातावरण प्रिय प्रविधिहरुको विकास र त्यसको नियमित प्रवाहमा प्राथमिकता दिनेगरी अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ ।

- विभिन्न कृषि वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि आनुवंशिकी स्रोत सामग्री पहिचान गरी सम्वर्द्धन तथा वितरणमा निरन्तरता दिने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषि अनुसन्धान निकायहरुको संस्थागत सुदृढीकरण र जनशक्ति विकासमा टेवा पुऱ्याइनेछ । यस क्रममा दीर्घकालीन कृषि योजनाको प्राथमिकता क्षेत्रमा आवश्यक पर्ने भौतिक सुविधा र जनशक्ति विकासमा प्राथमिकता दिइनेछ । कृषि अनुसन्धान कार्यक्रमहरु समयवद्ध आयोजनाको आधारमा छनौट तथा मूल्याकन गर्ने र राष्ट्रिय कृषि अनुसन्धान नीति एवं प्राथमिकता अनुकूल भए नभएको हेरी परिषदलाई सिफारिस गर्न अनुसन्धान टोलीहरुलाई जिम्मेवार बनाई सक्रिय पारिनेछ ।

- कृषि अनुसन्धान परिषद् अन्तर्गत अनुसन्धान नेटवर्कहरुको समसामयिक पुनरावलोकन गरी अध्यावधिक गर्दै लगिनेछ । साथै कृषक स्तरबाट सङ्कलन भई उपयोग भइरहेका प्रविधि र गैरसरकारी तथा निजी लगानीका अनुसन्धान वारे परिषदबाट निश्चित मापदण्ड विकास गरी सो अनुसार मूल्याङ्कन एवं सिफारिस गरिने व्यवस्था मिलाइनेछ । यसैगरी निजी उद्योग व्यवासायीहरुले कृषि अनुसन्धानमा लगानी गर्ने वातावरण विकास गर्न उनीहरुले कृषि अनुसन्धान परिषदको मार्ग दर्शन र स्वीकृतिमा परियोजनामा गरेका लगानी मूल्याङ्कन गरी सिफारिस गरीदिने उपयुक्त व्यवस्थाहरु मिलाइने छ । यसबाट अनुसन्धानमा लगानी आकृष्ट गर्न दिएको कर छुट सुविधा उपयोग गर्न पनि सुविधा पुग्नेछ ।

- कृषि अनुसन्धानबाट सिफारिस हुने कुनै पनि प्रविधिहरु अनुसन्धानको शुरुदेखिनै महिला कृषकले पनि सहजै ग्रहण गर्नसक्ने आधारमा पहिचान गर्ने र सो अनुरुप सिफारिस गर्ने व्यवस्था गरिनेछ ।

- कृषि पारिस्थितिकीय क्षेत्रको आवश्यकता अनुरुप दिगो र भरपर्दो अनुसन्धान पद्धतिमा एकाङ्गी दृष्टिकोण राख्ने परिपाटीलाई परित्याग गरी गरिबी-निवारणमा दूरगामी लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउनेगरी एकीकृत अनुसन्धान प्रणालीको थालनी गरिनेछ ।

- खाद्यान्न उत्पादनका मुख्य क्षेत्र तराई भएकोले यस क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धिमा सघाउ पुऱ्याउने खालको सघन उत्पादन प्रणाली (high intensity production system) को विकास गर्न उपयुक्त हुने अनुसन्धान प्रस्तावलाई प्राथमिकता दिइनेछ । यसका अतिरिक्त तराईका स्थान विशेषमा उखु, जुट, सुर्ती, कोशेबाली, मसला बाली, तेलबालीको उत्पादन बढी हुने भएकोले कृषि उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ व्यवसायिक रुपमा विस्तार गर्नसकिने प्रविधि विकाससँग सम्वन्धित अनुसन्धान आयोजना छनौट गरिनेछ ।
- पहाडी क्षेत्रको भौगोलिक विशेषताको लाभ लिन आलु, मकै, सुन्तला जात फलफूल, स्थान विशेष सुहाउँदो रेसम खेती, मौरीपालन, पशुपालन र निर्यातयोग्य बालीलाई टेवा पुऱ्याउने उपयुक्त प्रविधि विकास र अध्ययन आयोजनाहरु सञ्चालन गरी प्रविधिको नियमित प्रवाह गराउने कार्यक्रममा

प्राथमिकता दिइनेछ । यसैगरी चिसो पानीको माछा उत्पादन र उत्पादकत्व वृद्धिमा देखा परेको समस्यामा आधारित अनुसन्धान आयोजनालाई अन्य कार्यक्रम अन्तर्गत प्राथमीकता दिइनेछ ।

- उच्च पहाडी क्षेत्रमा स्थान विशेषको सम्भाव्यता अनुरुप स्याउ खेती प्रधान वागवानी विकास, चरन व्यवस्थापन तथा विकास, पशु व्यवस्थापन, पशुजन्य पदार्थहरुको उत्पादन, एवं फलफूल प्रशोधन प्रविधिसँग सम्वन्धित अनुसन्धान आयोजनाको छनौटमा प्राथमिकता दिइनेछ ।

- बजारउन्मुख व्यवसायिक पशुपक्षी पालन, सुन्तला जात फलफूल, तरकारी, सजावटी फूल एवं निकासीमूलक मत्स्य पालनमा आधारित उद्योगलाई प्रवर्द्धन गराउन कच्चा पदार्थको उत्पादकत्व वृद्धि र लागत खर्च घटाउने प्रविधि विकास गरिनेछ । यस अतिरिक्त कृषक समस्या क्षेत्रहरुमा आर्थिक तथा सामाजिक पक्षको पनि अध्ययन गरिनेछ ।

- दीर्घकालीन कृषि योजनाले तोकेको प्राथमिकताको क्षेत्रमा वहुविषयक अनुसन्धान कार्यहरुको समन्वय र सुनिश्चितताको लागि नेतृत्व लिने जिम्मेवार व्यक्तिहरु तोकी अनुसन्धान कार्यलाई गतिशील तुल्याइनेछ ।

- प्रमुख खाद्यान्न बाली औद्योगिक बाली र स्थान विशेषका महत्वपूर्ण बालीहरुको कटानी पश्चात् (post harvest) प्रविधि, प्रशोधन प्रविधि, संरक्षण, संचयन प्रविधि, र कृषि यन्त्र विकास सम्वन्धी अध्ययन तथा परीक्षणहरु केन्द्रीय खाद्य अनुसन्धान कार्यक्रमको समन्वय समेतमा सञ्चालन गरिनेछ । कृषि वस्तुको व्यवस्थित बजार र माग तथा आपूर्तिका सम्भाव्यताहरुको आधारमा कृषि उद्योगलाई टेवा दिने खालका प्रविधि विकास कार्यक्रमहरु पनि केन्द्रीय खाद्य अनुसन्धान कार्यक्रमको समन्वयमा सञ्चालन गरिनेछ ।

- कृषक, कृषि तथा पशु प्रसार कार्यकर्ता र अनुसन्धान कर्ता बीच शुरुदेखिनै निकटतम सम्पर्कमा रही वाह्य अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट सिफारिस हुने प्रविधि कृषकको समस्या र आवश्यकता अनुकूल वनाइने छ । साथै कृषि तथा पशु प्रसार सेवाले नियमित रुपमा आवश्यक प्रविधि पाउने निश्चित कार्य व्यवस्था गरिनेछ ।

प्राथमिकताका अनुसन्धान कार्यक्रमहरु :

दीर्घकालीन कृषि योजनाका प्राथमिकता कार्यक्रमहरुलाई आवश्यक प्रविधि विकास गरी उत्पादन प्रवर्द्धन गर्ने कार्यमा टेवा पुऱ्याउन निम्न अनुसन्धान कार्यक्रमहरुमा प्राथमिकता दिइ अनुसन्धान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- वाह्रै महिना सिँचाइ हुने सघन उत्पादन प्रणालीबाट प्रति एकाइ जमिनको उत्पादकत्व वृद्धि गराई आर्थिक वृद्धिमा टेवा पुऱ्याउन धान, गहुँ, मकै, आलु जस्ता बाली प्रधान तुलनात्मक लाभका बाली प्रणालीसँग सम्वन्धित स्थान विशेषका प्रविधि प्याकेज विकास कार्यक्रम ।

- सुन्तला र सुन्तला जातको फलफूल तथा स्याउका स्वस्थ्य एवं उन्नत विरुवा उत्पादन र वगैंचा व्यवस्थापन प्रविधि प्याकेज विकास कार्यक्रमहरु, मौरीपालनसँग सम्वन्धित प्रविधि प्याकेज विकास कार्यक्रमहरु, मौसमी तथा वेमौसमी तरकारी उत्पादन र तरकारी वीउ उत्पादन विकास सँग सम्वन्धित उन्नत तरकारी खेती व्यवस्थापन र उत्पादकत्व वृद्धिका लागि स्थान विशेषका प्रविधिका प्याकेज विकास कार्यक्रमहरु ।

- किम्वु खेती, रेसम कीरापालन र गुणस्तरिय उन्नत रेसम उत्पादनसँग सम्वन्धित प्रविधि प्याकेज विकास कार्यक्रमहरु र आन्तरिक बजारमा उच्च मूल्य पाउन सक्ने र निकासी प्रवर्द्धन हुनसक्ने सजावटी फूल तथा पुष्प गुच्छा उत्पादन र सम्वन्धित प्याकेजिङ्ग प्रविधिका प्याकेज विकास कार्यक्रमहरु ।

- विभिन्न बाली प्रणालीमा रासायनिक मलखादको आर्थिक उपयोग, सिँचाइ पानीको व्यवस्थापन र माटोको उर्वराशक्ति व्यवस्थापन गर्न आवश्यक स्थान विशेषका एकीकृत बाली पोषण व्यवस्थापन, प्रविधि प्याकेज विकास कार्यक्रमहरुका साथै स्थान विशेषका आवश्यकता अनुरुप प्राथमिकताका वस्तु उत्पादन विकासका लागि एकीकृत बाली संरक्षण प्रविधि प्याकेज विकास कार्यक्रमहरु ।

- दूधको उत्पादकत्व वृद्धिका लागि गाई भैंसीहरुको उन्नत नश्ल तथा तिनको लागि आवश्यक पोसिलो घाँसपात, दाना र स्वास्थ्य उपाचार सम्वन्धित उपयुक्त पशु व्यवस्थापन प्रविधि प्याकेज विकास सम्वन्धित कार्यक्रमहरु र मासु तथा फूलको उत्पादकत्वमा वृद्धि ल्याउने व्यवसायिक कुखुरापालन व्यवस्थापन र वाखापालन व्यवस्थापन प्रविधि प्याकेज विकास कार्यक्रमहरु ।

- प्राथमिकताका उल्लेखित कार्यक्रमहरुको प्रविधि विकास गर्दा लागत खर्च कम गराउने, उत्पादकत्व वढाई प्रति एकाइ खुद उत्पादन खर्च घटाउने र उत्पादनलाई खुला बजारमा प्रतिस्पर्धात्मक बनाउने दृष्टिकोणबाट अनुसन्धानको शुरुदेखिनै प्रविधि प्याकेजको मूल्याङ्कन गर्ने व्यवस्थाहरु ।

- प्रविधि विकास गर्दा त्यसको वातावरणीय प्रभाव वारे लेखाजोखा राखिने र महिलाहरुले प्रविधि प्रयोग गर्नमा अप्ठेरो नहुने प्रविधि विकास गर्न अध्ययन पशिक्षण देखि नै ध्यान पुऱ्याइने व्यवस्थाहरु ।

अन्य कृषि अनुसन्धान कार्यक्रमहरु :

दीर्घकालीन कृषि योजनाका प्राथमिकता क्षेत्र बाहेकका अन्य उपयोगी अनुसन्धान कार्यक्रमहरु जस्तै दलहन, तेलहन, उखु, चिया, जुट, सूर्ती मसलाबाली जस्ता नगदेबालीहरु, आँप केरा भुइँकटहर, नासपाती, आरु, आलुबखडा, कागजीबदाम, ओखर, जस्ता फलफूल र विभिन्न तरकारीहरु, चिसो पानीको नदीमा माछा पालन, भेडा, अंगोरा खरायो, बंगूर, याक, चौरी जस्ता पशु व्यवस्थापनका प्रविधिहरु, ऊन उत्पादन विकास प्रविधिहरु, चरन विकास आदि क्षेत्रको प्रविधिहरुका लागि प्रविधि प्याकेज तैयार गर्ने कार्यमा बजारको मागसँग तादात्म्य राखी निश्चित लक्ष्य प्राप्त गर्नेगरी मात्र अनुसन्धान गर्न प्राथमिकता दिइनेगरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

तालिम तथा जनशक्ति विकास :

कृषि अनुसन्धान क्षेत्रमा ठोस लाभ हासिल गर्न उच्च तथा मध्यम स्तरका दक्ष जनशक्तिको आवश्यकता पर्दछ । यस क्षेत्रमा संलग्न हुने विशेषज्ञहरुको आधारभूत शिक्षामा कृषिमा स्नातक, स्नातकोत्तर र त्यस भन्दा माथिको उच्च शिक्षा आवश्यक हुनेहुँदा विद्यमान अनुसन्धान कार्यक्रमहरु पुनरावलोकन गरी प्राथमिकता अनुरुपका क्षेत्रमा उच्च तथा मध्यम स्तरका जनशक्ति तयार गर्न प्राथमिकता दिइनेछ । साथै वर्तमान अवस्थामा कृषक तालिमको स्तर पनि अभिवृद्धि गर्दै लानु उतिकै महत्वपूर्ण हुने हुनाले कृषि र पशु विकास अधिकृतहरुलाई स्तरयुक्त प्रशिक्षण/तालिम दिने प्रवन्ध गरिनेछ । विषयगत क्षेत्रहरुमा दक्षता हासिल गर्ने र उपयुक्त अनुसन्धान वातावरणको सिर्जना गर्ने

क्रममा जनशक्ति उत्पादन तथा प्रविधि क्षमता वृद्धि गर्न काठमाडौं विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय अन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, नयाँ स्थापना हुने कृषि विश्व विद्यालय तथा नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग तथा पशु सेवा विभाग अन्तर्गत रहेको कृषि तालिम केन्द्रहरु र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र कृषि अनुसन्धान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमसँग संस्थागत एवं कार्यगत समन्वय कायम गरिनेछ ।

अनुसन्धनात्मक प्रोत्साहन :

कृषि क्षेत्रको अनुसन्धानमा उच्चतम प्रतिफल प्राप्त गर्नको लागि उपयुक्त अनुसन्धान वातावरण सिर्जना गरीअनुसन्धानकर्ता र अनुसन्धान सहयोगीहरुलाई स्रोत र साधनले भ्याएसम्मको सुविधा दिई प्रोत्साहित गरिनेछ । कृषि अनुसन्धान कार्यमा प्रतिस्पर्धा हुने किसिमले नयाँ नयाँ प्रविधिको खोजीनीतिमा संलग्न हुने वैज्ञानिक तथा अनुसन्धान सहयोगीहरुलाई प्रोत्साहन स्वरुप कदरपत्र तथा पुरस्कारको समेत व्यवस्था गरिनेछ । अनुसन्धान कार्यमा दत्त चित्त भई प्रविधि विकास गर्ने वैज्ञानिकको उचित कदर गर्न त्यस्तो प्रविधिको नामाकरण योगदान गर्ने वैज्ञानिकको नाममा गर्ने परिपाटी वसालिनेछ । नेपाली मौलिक प्रविधि र वस्तु पहिचान गरी त्यस्को पेटेण्ट अधिकार लिनेतर्फ पनि प्रयास गरिनेछ । कृषि अनुसन्धानमा वाह्य अनुसन्धान केन्द्रहरु तथा विश्वविद्यालयहरु देश भित्रका अनुसन्धान निकायहरु र विश्वविद्यालयसँगको सम्वद्धता तथा समझदारीपत्रका आधारमा अनुसन्धानमा संलग्न जनशक्तिलाई स्नातकोत्तर र विद्यावारिधि दिलाउने व्यवस्था गर्न दातृ सहयोगको खोजी गरिनेछ ।

वातावरणीय व्यवस्थापन :

कृषिक्षेत्रमा देखापरेका वातावरणीय असन्तुलन नियन्त्रणका लागि बाली रोग, कीटनाशक विषादी, रासायनिक मलखाद आदिको प्रयोगमा पर्ने अवशेष असर (residual effect), सीमान्त खेतीको प्रचलनबाट उत्पादकत्व वृद्धिमा असर र अव्यवस्थित पशुपालनबाट हुने असर, सम्वन्धमा सन्तुलन कायम गर्ने अध्ययनलाई महत्वपूर्ण स्थान दिइनेछ । यी कार्यको कार्यान्वयनमा शुरुदेखि अन्त्यसम्म श्री ५ को सरकारको मन्त्रालय/विभाग/परिषद्/संस्था एवं निजी संस्था बीच सञ्चार सम्वन्ध कायम गरी विभिन्न विषयका विशेषज्ञ समावेश भएको संयुक्त टोलीबाट वातावरणीय समस्या समाधानको उपायहरु पत्ता लगाई प्रविधि परिमार्जन गर्ने कार्यक्रमहरु पहिल्याई कार्यान्वयन गरिनेछ ।

संस्थागत विकास :

कृषि प्रविधिको सामाजिक आर्थिक विश्लेषण गरी अनुसन्धान नीति अवलम्वन गर्न कृषि अनुसन्धान क्षेत्रको विद्यमान कार्य प्रणालीमा देखापरेका त्रुटीहरु सच्याई कृषकमुखी समस्याहरुमा केन्द्रित गर्न सामाजिक आर्थिक अनुसन्धान एकाइको संस्थागत विकास गरीसुदृढीकरण गरिनेछ । हाल विभिन्न उद्देश्यबाट प्रभावित कृषि अनुसन्धान नीतिमा एकरुपता ल्याई दीर्घकालीन लाभ हासिल गर्नेगरी अनुसन्धान कार्य परिचालन गर्ने व्यवस्था गरिनेछ । नवौं योजनाकालमा खाद्य तथा कृषि अनुसन्धानको जग वलियो बनाई सालबसाली चालू रहने अनुसन्धान कार्यक्रमहरुको पुनरावलोकन गरीदिर्घकालीन कृषि योजनाले निर्देशित गरेका प्राथमिकता अनुरुप परिमार्जन गरिनेछ । सुधारिएको प्रविधि प्याकेज कृषकको घर खेतमा परीक्षण भई सकेपछि सिफारिसमा ल्याइनेछ र कृषक, कृषि उद्यमी वा कृषि व्यवसायी समक्ष पूऱ्याइनेछ । जिल्ला कृषि विकास समितिले पहिचान गरेको प्राथमिकताका पकेटहरुमा वाह्य अनुसन्धान कार्य आवद्ध गर्न प्राथमिकता दिइनेछ ।

कृषि अनुसन्धान कार्यक्रममा सरकारी तथा गैर सरकारी क्षेत्रको भूमिका :

कृषि अनुसन्धान कार्यक्रममा ठोस लक्ष्य हासिल गर्न श्री ५ को सरकारको विभिन्न निकाय, गैरसरकारी संस्था, व्यापारिक प्रतिष्ठान आदि क्षेत्रको गहन भूमिका रहने भएकोले अनुसन्धानका विविध पक्षमा सम्वन्धित क्षेत्रको सहयोगका क्षेत्रहरु प्रष्ट किटान गरी सोही अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ ।

अनुसन्धान आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन व्यवस्था :

दीर्घकालीन कृषि योजनाले निर्धारण गरेका उद्देश्य हासिल गर्न कृषि अनुसन्धान आयोजना तर्जुमा, आयोजना प्रस्ताव छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया सवल पारिने छ । अनुसन्धान आयोजना प्रस्ताव अनुसन्धान टोलीहरुबाट तयार गर्दा राष्ट्रिय प्राथमिकताहरु, कृषकको स्रोत, सम्पदा, कृषकको समस्या तथा स्रोत उपलब्धिको आधारमा गरिनेछ । दातृ संघ, संस्थामा प्रस्ताव गरिने अनुसन्धान आयोजना पनि यिनै प्राथमिकता अनुरुप प्रस्तुत गरिने छन् । एउटै प्रकृतिका आयोजना प्रस्ताव विभिन्न निकायबाट छनौट गरिने परिपाटीमा सुधार गरी दोहोरोपना हटाइनेछ ।

स्थान विशेष क्षेत्रको बालीनाली र भोगेका समस्या पहिचान गरी अनुसन्धान प्रस्ताव प्राथमिकताको आधारमा छनौट गरी कार्यान्वयनमा ल्याइनेछ । यस क्रममा कृषक सहभागिताको अवसरका लागि सहभागितामूलक स्थानीय छलफलहरुको आयोजना गरिनेछन् । राष्ट्रिय/क्षेत्रगत उद्देश्य तथा लक्ष्यसँग तालमेल हुने गरी समयवद्ध आयोजना प्रस्ताव तर्जुमा गर्न वर्तमान पद्धतिमा सुधार ल्याइनेछ । अनुसन्धान आयोजनालाई चाहिने पूर्वाधारहरु जस्तै प्रयोगशाला निर्माण, आवास गृह, कार्यालय भवन, अनुसन्धान संरचनाहरुको उपलब्धता बारे बिचार पुऱ्याई अनुसन्धान प्रस्ताव तयार गरिनेछ । आयोजना प्रस्ताव व्यवस्थित गर्न सफ्टवेयर (software) को विकास गरी कम्प्यूटरीकृत गर्ने व्यवस्था मिलाइनेछ । योजनाको उद्देश्य तथा नीतिलाई नसघाउने कृषि अनुसन्धान आयोजना/कार्यक्रम वा परीक्षणहरुलाई हटाइनेछ । प्रस्तावित हुने अनुसन्धान आयोजना दीर्घकालीन कृषि योजना अनुरुप छ छैन त्यसको विस्तृत प्राविधिक अध्ययन उच्च दक्षता भएको अनुसन्धान टोलीबाट गर्ने व्यवस्था मिलाई परिषद्बाट स्वीकृत भएपछि कार्यान्वयनमा ल्याइनेछ ।

आयोजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाई लान आन्तरिक मूल्याङ्कन व्यवस्था गरिनेछ र आवश्यक मानवीय तथा भौतिक सुविधाको व्यवस्थापनमा सुधार ल्याइनेछ । निर्धारित प्राथमिकता अनुरुप अनुसन्धान कार्य भए नभएको हेर्न योजनाको चौथो वर्ष तटस्थ निकायद्वारा मूल्याङ्कन गराइनेछ । स्वीकृत आयोजनाको कार्यान्वयनमा देखा परेका कमी कमजोरीहरु समयमानै निरकारण गर्न प्रभाव अध्ययन एवं आयोजना पुनरावलोकन गर्ने कार्यलाई वार्षिक कार्यक्रमको अभिन्न अङ्ग वनाइनेछ । केन्द्र र क्षेत्रगत आयोजनाहरुको प्रभाव अध्ययनमा विषय विशेषज्ञहरुको अनुसन्धान टोली पनि समावेश गर्ने व्यवस्था गरिनेछ ।

नवौं योजनाकालमा कृषि अनुसन्धान तर्फ लगानीको विषय क्षेत्रगत वाँडफाँटको अनुपात निम्न तालिका अनुसार गर्नेगरी कार्यक्रम सञ्चालन हुनेछ ।

तालिका २६

क्षेत्र	प्रतिशत
१. बाली	४७
प्रमुख खाद्यान्न (मलाखाद र सिँचाइ प्रविधिको समेत)	३७
अन्य	१०

२. वागवानी	१७.५
सुन्तलाजात	६
स्याउ	३
तरकारी र तरकारी वीउ	४
मौरी पालन	०.५
अन्य	४
३. रेसम	२
४. पशु विकास	२७
दुग्ध विकास	४
पशु स्वास्थ्य	५
पशु आहारा	५
गाई,भैसी	४
भेडा वाखा	२
कुखुरा	२
अन्य	५
५. मत्स्य	६
६. अनुसन्धान अन्वेषण, अनुवन्धन र प्रवर्द्धन	०.५
जम्मा	**१००**

अपेक्षित उपलब्धिहरु :

एकीकृत अनुसन्धान कार्यक्रमहरुको सफल कार्यान्वयनपछि उत्पादनका पकेट क्षेत्रहरुमा आवश्यक पर्ने प्रविधि प्याकेजका रुपमा उपलब्ध हुनेछ र उत्पादकत्व वृद्धि गर्न टेवा पुग्नेछ । विभिन्न बाली तथा पशुपक्षीपालन प्रविधिमा अभिवृद्धि आउने छ । कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन र उपयोग हुने वातावरण तयार हुँदैजाने छ र कृषि वातावरणमा सुधार आउनेछ । सुन्तला र सुन्तलाजात फलफूल तथा स्याउको गुणस्तरमा सुधारका लागि वगैंचा व्यवस्थापन प्रविधिहरु उपलब्ध हुनेछ । रेसम खेती विकास तर्फ उपयुक्त प्रविधिहरु उपलब्ध हुन थाल्नेछन् । सन्तुलित पशु आहार चरन घाँस एवं पशु स्वास्थ्य प्रविधिको उपलब्धताबाट पशुपालन व्यवसाय प्रवर्द्धन हुनेछ । समष्टिमा उत्पादकत्व वृद्धिमा टेवा पुगी आर्थिक वृद्धिमा योगदान हुनजानेछ ।

९.६ रासायनिक मलखाद आपूर्ति व्यवस्था

दीर्घकालीन कृषि योजनाले द्रुत गतिको कृषि आर्थिक वृद्धि हासिल गर्ने प्रमुख कारकको रुपमा रासायनिक मलखादलाई लिएकोछ । यसैगरी सिँचाइ खास गरी ट्युबवेल सिँचाइलाई अर्को कारकतत्वको रुपमा लिएकोछ । उन्नत कृषि प्रविधिको प्रयोगबाट सिँचाइ र मलखादको सन्तुलित र सघन उपयोग गराई हासिल गरिने उत्पादन तथा उत्पादकत्व बृद्धिलाई प्रोत्साहन गरी स्थायित्व दिन कृषि व्यवसाय प्रवर्द्धन गर्नुपर्ने कुरामा पनि योजनाले उत्तिकै महत्व दिएकोछ । तुलनात्मक लाभका बाली प्रवर्द्धनबाट बढ्ने आयले बढी मूल्यका फलफूल, तरकारी, रेसम, मौरी, पशुपंछिजन्य पदार्थ आदि कृषि बस्तुहरुको मागमा पर्ने चापका कारण यी बस्तुहरुको उत्पादन आवश्यकताहरु बढ्न जाने हुन्छ । यिनै आवश्यकतालाई दृष्टिगत गरी नवौं योजनामा रासायनिक मलखादको आपूर्ति व्यवस्थालाई प्रभावकारी रुपमा परिचालन गर्ने गरी कार्यक्रम सञ्चालन हुनु पर्ने भएकोछ ।

आठौं योजनामा रासायनिक मलखादमा रहेको अनुदान व्यवस्थालाई क्रमशः घटाउँदै लगी योजनाको अन्त्यसम्ममा पूर्ण रुपले हटाउने लक्ष्य रहेकोमा यूरिया बाहेक अन्य मलमा अनुदान हटाईएको र यूरियामा अनुदान कायमै रहयो । ढुवानी अनुदान पनि यथावत रहेकोछ । योजना अवधिमा रासायनिक मलखादको प्रयोग लक्ष्य अनुरुप हुनसकेको छैन । योजनाको अन्तिम वर्षमा मलखादको आपूर्ति स्तर २ लाख ४२ हजार मे.टन पु-याउने लक्ष्यमा ६४ हजार १६० मे.टन रहन गयो (तालिका २७) ।

योजना अवधिमा रासायनिक मलको आपूर्ति सरकारी क्षेत्रबाट हुने व्यवस्था रहेको र सरकारले मलखादमा अनुदान दिदै आएकोले पर्याप्त बजेट व्यवस्था गर्न नसक्दा आपूर्तिमा नै नियन्त्रण हुन गयो भने कृषि सामग्री संस्थानले जति बढी मल बेच्यो त्यति घाटा बढ्ने स्थिति रहन गयो । अर्को तर्फ व्यवस्थापकीय कमजोरीहरुले गर्दा पनि समयमा र चाहेको परिमाणमा कृषकहरुले मलखाद प्राप्त गर्नमा समस्या रहेको फलस्वरुप प्रति हेक्टर मलखादको राष्ट्रिय औसत खपत अन्य देशहरुको तुलनामा निकै कम (२४ केजी प्रति हेक्टर) रहन गएको छ । फलस्वरुप कृषि उत्पादन तथा उत्पादकत्वमा पनि असर गरेकोछ । यो समस्या हटाउन मलखादको आपूर्ति बढाउन सकेमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिने र आर्थिक वृद्धि तीब्र बनाउन सकिने सम्भावना बिद्यमान रहेकोछ । यस समस्यालाई हल गर्न श्री ५ को सरकारले हालै मलखाद आयात र बिक्री बितरणमा निजी क्षेत्रको सहभागितालाई खुला गरेकोछ । यूरिया मलखादमा दिइने अनुदान निजी क्षेत्रले आयात गरेपनि पाउने र अनुदान रकम समायोजन गरी बिक्री मूल्य निर्धारण गर्ने स्वतन्त्रता दिएकोछ । यसबाट आपूर्ति र बिक्री बितरणमा वृद्धि हुन जानेछ ।

नवौं योजनामा बिभिन्न बाली प्रणालीको आवश्यकता र माटोमा रहेको पोषक तत्व उपयोग बीच सन्तुलन कायम राखी कृषि उत्पादन र उत्पादकत्व बृद्धिमा स्थायित्व ल्याउने र रासायनिक मलको आयात तथा बिक्री कार्यमा निजी क्षेत्रलाई सलग्न गराई प्रतिस्पर्धात्मक रुपमा आपूर्ति सर्वसुलभ गराउने दीर्घकालीन अवधारणाका आधारमा रासायनिक मलको आपूर्तिमा निरन्तरता तथा प्रभावकारिता ल्याई कृषि उत्पादनमा अभिवृद्धि ल्याउने, निजी क्षेत्रको सक्रिय सहभागितामा गुणस्तरीय रासायनिक मलखाद आपूर्ति व्यवस्थालाई निरन्तरता दिई बजार प्रक्रिया अनुरुप सर्वसुलभ गराउने र रासायनिक मलको उचित प्रयोग गर्न प्रोत्साहन गर्ने उद्देश्यबाट रासायनिक मलखाद व्यवस्था कार्यक्रम अघि बढाइनेछ ।

नीतिगत कार्यक्रमहरु :

नवौं योजनामा रासायनिक मल आयात तथा बितरण कार्यमा निजी क्षेत्रलाई पूर्णरुपमा सहभागी गराई आपूर्ति कार्यमा निरन्तरता दिने, रासायनिक मलमा मूल्य अनुदान कायम रहेसम्म कृषि सामग्री संस्थान र निजीक्षेत्रलाई समान व्यवहार गरी अनुदान रकम उपलब्ध गराउने, योजनाको पूर्वार्द्धभित्र मूल्य तथा ढुवानी अनुदान व्यवस्था हटाई लागत मूल्यमा रासायनिक मल बिक्री गर्ने व्यवस्था लागू गर्ने र रासायनिक मलखादको प्रयोग वृद्धि सँगसँगै माटो व्यवस्थापन कार्यलाई पनि जोड दिने नीतिगत व्यवस्था मिलाई रासायनिक मलखाद आपूर्ति व्यवस्था कार्यक्रम निम्न बमोजिम सञ्चालन गरिनेछ ।

- योजनाको शुरुवर्षदेखिनै निजी क्षेत्रलाई रासायनिक मल कारोबारमा सरीक गराउने वातावरण तयार गरिनेछ ।

- यूरिया बाहेक अन्य रासायनिक मलमा प्रदान गरिदै आएको मूल्य अनुदान व्यवस्था शुरुवर्षदेखिनै पूर्ण रुपमा हटाइनेछ । युरियामा प्रति मे.टन निश्चित अनुदान रकम तोकी कृषि सामग्री संस्थान र निजी क्षेत्रले समान रुपमा अनुदान रकम प्राप्त गर्न सक्ने सुविधा उपलब्ध गराइनेछ । योजनाको पूर्वार्द्धभित्र युरिया मलमा दिइने अनुदान पनि पूर्ण रुपमा हटाइनेछ । परल मूल्यमा बिक्री बितरण हुने व्यवस्था गरी आपूर्तिलाई प्रतिस्पर्धात्मक बनाई सुलभ पारिनेछ । निजीक्षेत्रको सहभागितालाई प्रतिस्पर्धात्मक बनाउन यस अवधि भित्र ढुवानी अनुदान कार्यक्रम पनि हटाई लागत मूल्यमानै मल बिक्री बितरण गर्ने व्यवस्था गरिनेछ ।

- मौसम अनुकल बिभिन्न बालीहरुको लागि आवश्यक पर्ने मलखादको अनुमान गरीप्रत्येक वर्षको माघ महिनामा मलखाद आवश्यकता बारे प्रक्षेपणहरु गर्ने, समय समयमा मलखादको अन्तरराष्ट्रिय मूल्यहरु सङ्कलन गर्ने र त्यसको सार्वजनिक रुपमा प्रकाशित गरिने व्यवस्था गरी आयातकर्ताहरुलाई टेवा पुऱ्याइनेछ । साथै रासायनिक मलको आपूर्तिमा निश्चितता र निरन्तरता दिन चालू मौसमको आवश्यकता अनुरुपको सञ्चालन मौज्दात रहने व्यवस्था सुनिश्चित गरिनेछ ।

- माटो बिश्लेषणका आधारमा आवश्यक पोषक तत्वका लागि प्रधान पोषक तत्वको रुपमा रहेका नाइट्रोजन, फस्फोरस, पोटास मल आयात तथा प्रयोगमा प्रोत्साहन गरिनेछ । कृषि अनुसन्धान, प्रसार र माटो विश्लेषण सेवा प्रभावकारी बनाई मलखादको प्रयोग र उत्पादन अनुपात बढाइनेछ ।

- रासायनिक मल खरिद बिक्रीमा स्वस्थ व्यापारिक प्रक्रियाहरु विकास गराउन मौसम अनुरुपको मलखादको वार्षिक आवश्यकताको प्रक्षेपणहरु गर्न र आपूर्ति व्यवस्थाको अनुगमन गरी सामयिक उपलब्धता सुनिश्चित गर्न, गुणस्तर नियन्त्रण कार्य गर्न र सामयिक नीति निर्माणमा टेवा पुऱ्याउन कृषि मन्त्रालयमा रासायनिक मलखाद एकाइको स्थापना गरी सुदृढ गर्दै लगिनेछ ।

आयात/आपूर्ति र बिक्री व्यवस्था :

- आन्तरिक उत्पादनको हाल व्यावसायिक सम्भाव्यता नभएकोले सम्पूर्ण रासायनिक मलखाद बिदेशबाट आयात गरी आपूर्ति हुने गरेकोछ । कृषि सामग्री संस्थानले हालसम्म रासायनिक मलखाद आयात गरी बिभिन्न माध्यमबाट बिक्री बितरण गर्दै आएकोछ । नवौं योजनाको शुरु वर्षदेखि श्री ५ को सरकारले रासायनिक मल आयात/आपूर्ति र बिक्री व्यवस्था गर्न निजी क्षेत्रलाई पनि सहभागी गराउने नीति अवलम्बन गरेकोछ । यस अन्तर्गत रासायनिक मलखाद आयात गर्न इजाजत लिनु नपर्ने र आयातका लागि बैंकमा प्रतीत पत्र खोलेको आधारमा बिदेशी मुद्रा पनि सजिलै उपलब्ध गराउने र खुद्रा मूल्य पनि आयातकर्ताले नै तोक्ने गरी खुल्ला बिक्री बितरण गर्न पाउने नीति कार्यान्वयनमा ल्याएको छ । यसबाट कृषकले सुलभ र प्रतिस्पर्धात्मक मूल्यमा समयमै रासायनिक मलखाद प्राप्त गर्ने सक्ने वातावरण सिर्जना भएकोछ । यस व्यवस्था अन्तर्गत हिउँदे र वर्षे मौसमका लागि बिभिन्न बालीलाई चाहिने वार्षिक मलखादको आवश्यकता प्रक्षेपण गरिदिन र आपूर्ति व्यवस्था बारे नियमित अनुगमन गरी आयात आपूर्ति र बिक्री व्यवस्थालाई सुनिश्चित गर्न कृषि मन्त्रालयमा रासायनिक मलखाद एकाइको व्यवस्था योजनाको शुरु वर्षमै गरिनेछ । यसैगरी मलखादमा अनुदान व्यवस्था रहेसम्म सो अनुदानको उचित बाँडफाँटका लागि निजीक्षेत्र समेतको सहभागिता रहेको एक अनुदान बाँडफाँट समिति नेपाल राष्ट्र बैंक अन्तर्गत व्यवस्था गरिनेछ ।

- सरकारी क्षेत्रमा रहेको कृषि सामग्री संस्थानसँग रासायनिक मल आयात र बिक्रीमा लामो अनुभव छ र यसले भौतिक पूर्वाधारहरु अधिराज्यभरी खडा गरेकोछ । निजी क्षेत्रले व्यापक रुपमा अनुभव सँगाल्न र गोदाम घरहरु, बिक्री प्रणालीको व्यवस्था जस्ता पूर्वाधारहरुको व्यवस्था गर्न केही समय लाग्ने हुँदा निजी क्षेत्र र कृषि सामग्री संस्थानबीच पारस्परिक समझदारीमा यस्ता पूर्वाधारको प्रयोगमा समन्वय स्थापित गराउने गरी बिक्री व्यवस्था परिचालन गराइनेछ ।

- निजी क्षेत्रको सहभागितामा रासायनिक मल आपूर्ति गर्ने व्यवस्था भए पछि मलखाद व्यवसायीहरुलाई ठूलो परिमाणमा वित्तीय स्रोतको आवश्यकता पर्ने भएकोले यसका लागि वित्तीय स्रोत उपलब्ध गराउन विशेष गरीबाणिज्य बैंकहरुलाई निजी क्षेत्रको क्षमता, कारोबारको स्थिति, विश्वसनीयता तथा अन्य बैंकिङ्ग व्यवस्था अनुसार कर्जा प्रवाह गर्न अग्रसर गराइनेछ । भविष्यमा रासायनिक मल कुनै एउटा निजी आयात कर्ताले ठूलो परिमाणमा आयात गर्न चाहदा वर्तमान बैकिङ्ग ऋण कर्जाको सीमा अप्रर्याप्त हुनसक्ने हुँदा वर्तमान एक ऋणीको लागि भएको ऋण सीमा व्यवस्थामा पुनरावलोकन गरिनेछ । साथै संयुक्त वित्तीय सहयोग (consortium finance) को अवधारणालाई रासायनिक मल आयात व्यवसायमा पनि लागू गर्ने व्यवस्थाहरु नेपाल राष्ट्र बैंक, बाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरु मार्फत मिलाइनेछ ।

- रासायनिक मल सुगम र सरल रुपमा कृषकहरुको घर दैलोसम्म पुऱ्याउन आयातकर्ताले मध्यस्थको रुपमा डिलर वा एजेन्टहरुको व्यवस्था गर्नसक्ने हुँदा यस्ता डिलर वा एजेन्टहरुलाई पनि रासायनिक मल बिक्री बितरण गर्न अल्पकालीन ऋण बैकिङ्ग तथा वित्तीय संस्थाहरुबाट सहजै उपलब्ध हुनसक्ने व्यवस्था गरिनेछ ।

संस्थागत व्यवस्था :

रासायनिक मलको प्रयोग बढाउनु कुनै एक निकायको प्रयासले मात्र संभव हुदैन । सरकारी, अर्द्ध सरकारी, बैकिङ्ग क्षेत्र र निजी क्षेत्र सबैको उत्तिकै सहभागिता हुनु आवश्यक भएकोले रासायनिक मलखादको आपूर्ति एवं बिक्री बितरण कार्यसँग सम्वन्धित प्रत्येक निकायले आफ्नो जिम्मेवारी सुगम र सरल ढंगबाट सम्पन्न गरेनगरेको हेर्ने र कार्यन्वयनमा देखिएका समस्या एवं वाधा अड्चन समयमा नै निराकरण गर्न कृषि मन्त्रालयमा सम्वद्ध क्षेत्रको प्रतिनिधित्व भएको एक मलखाद प्रवर्द्धन समिति गठन गरिनेछ । यस समितिको सचिवालयको कार्य मलखाद अनुगमन एकाइले गर्नेछ ।

घ. माटो व्यवस्थापन

किसान स्तरमा माटो परीक्षण गरी आवश्यक पर्ने रासायनिक मलको प्रयोग गर्ने परिपाटी नेपालमा त्यति विकसित भएको छैन । साथै प्राङ्गारिक मल र रासायनिक मलको मिश्रित प्रयोगमा पनि उचित ध्यान पुग्नगएको छैन । त्यसैले माटोको उर्वरा शक्तिमा निक्कै ह्रास आएको देखिएकोछ । उर्वर माटोको क्षय हुने परिस्थितिमा सुधार ल्याउन पनि पर्याप्त ध्यान पुग्न गएको छैन । दीर्घकालीन कृषि योजनाको कार्यान्वयनको फलस्वरुप मलखाद खपतको परिमाणमा आउने बृद्धिलाई दृष्टिगत गर्दा माटोको गुणस्तर र उर्वराशक्ति कायम राख्न माटो व्यवस्थापन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनुपर्ने हुँदा मलखादको प्रयोग र माटो व्यवस्थापन कार्यक्रममा उचित समन्वय स्थापित गर्न कृषि प्रसार सेवा कार्यक्रम अन्तर्गत निम्न व्यवस्थाहरु गरिनेछ ।

- माटो परीक्षण सेवा कार्यक्रमलाई कृषि प्रसारसँग आवद्ध गरी व्यापक रुपमा सञ्चालन गराईनेछ । प्रत्येक जिल्लामा माटोको उर्वरा शक्ति बढाउन सहयोग पुऱ्याउने कार्यक्रम जरुरी कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

- सिंचित क्षेत्रमा प्राथमिकता दिई सञ्चालन गरिने सघन प्याकेज उत्पादन कार्यक्रम क्षेत्रहरुमा माटो परीक्षणलाई अनिवार्य गरी परीक्षणको आधारमा मलखादको मात्रा सिफारिस गरीप्रयोग गराईने व्यवस्था गरिनेछ ।

- माटो परीक्षणको आधारमा मल र मलखादको प्रयोगमा सुधार ल्याउन कृषक, कृषि प्राविधिक तथा कार्यकर्ताहरुलाई तालिम दिई सक्षम बनाइनेछ । यस्तो तालिममा महिला कृषकलाई संलग्न गराउन विशेष जोड दिइनेछ । माटो परीक्षण प्रयोगशालाहरुको क्षमता विकासका निमित्त आवश्यकता अनुसार सुदृढीकरण गराइनेछ ।

- रासायनिक मल प्राङ्गारिक मलको बिकल्प नभई माटोमा घट्दै गएको पोषकतत्वको पूरक भएकोले प्रागांरिक मललाई समेत बढावा दिई सन्तुलित प्रयोग गर्नुपर्नेतर्फ कृषि प्रचार मार्फत कृषकहरुलाई जानकारीहरु व्यापक रुपमा उपलब्ध गराइने छ ।

- रासायनिक मलको उपयुक्त मिश्रणबाट सन्तुलित प्रयोग प्रवर्द्धन गरी माटोको गुणस्तर कायम राख्न टेवा पुऱ्याउने दृष्टिकोणले रासायनिक मल मिश्रण कारखाना स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

- रासायनिक मलखादको गुणस्तर, आयात, बिक्री बितरण व्यवस्थालाई नियमित गर्न रासायनिक मलखाद कानुन तर्जुमा गरी लागू गरिनेछ । रासायनिक मललाई आवश्यकीय वस्तुको श्रेणीमा राखिने व्यवस्था गरिनेछ ।

ङ. भौतिक लक्ष्य

रासायनिक मलखाद आयात र बिक्री व्यवस्था कार्यक्रम अन्तर्गत नवौं योजनामा बिक्री बितरण हुने बिभिन्न मलको प्रक्षेपण कुल खपत र पोषणयुक्त खपत तालिका २८ र २९ मा दिईएको छ । उक्त प्रक्षेपण अनुसार योजनाको अन्तीम वर्षमा रासायनिक मलखादको आपूर्ति पोषणयुक्त हिसाबले नाईट्रोजन १२८२०२ मे.टन., फस्फोरस ४७१८६ मे.टन र पोटास २६७१ मे.टन हुनेछ । यसबाट प्रति हेक्टर मलखादको प्रयोग हालको करीव २४ के.जी.बाट बढेर ६८ के.जी. पुग्नेछ (तालिका २८ र २९) ।

च. अनुगमन तथा मूल्याङ्कन

रासायनिक मलखादको नियमित आपूर्ति व्यवस्था, आपूर्ति स्थिति र गुणस्तर स्थितिको निरन्तर अनुगमन गरी आपूर्ति व्यवस्थामा निरन्तरताको स्थिति ल्याउने कार्यमा कृषि मन्त्रालयमा रहेको मलखाद एकाइलाई प्रभावकारी रुपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

तालिका २७
आठौं योजना अवधिमा बिक्री भएको रासायनिक मलको बिबरण (पोषक तत्वमा)

(मे.टनमा)

आ.ब.	नाईट्रोजन	फस्फोरस	पोटास	जम्मा
२०४९/५०६०४४७	२१५९५	१२८९	८३३३१	
२०५०/५१५५३८५	१७१४९	१२७८	७३८१२	
२०५१/५२६४३८५	२४३००	१५७८	९०२६३	
२०५२/५३४६४४८	२१३०७	२४००	७०१५५	
२०५३/५४४३२४२	१९२८३	१६३५	६४१६०	
कुल जम्मा :	२६९९०७	१०३६३४	८१८०	३८१७२१

तालिका २८
नवौं योजनामा कुल रासायनिक मलको(ग्रस)खपतको प्रक्षेपण

(मे.टनमा)

आ.ब.	यूरिया	डि.ए.पी	म्युरेट अफपोटास	जम्मा
२०५४/५५१४४१४२	६१९७८	२६९०	२०८८१०	
२०५५/५६१६३४९१	७०२९८	३०५१	२३६८४०	
२०५६/५७१८५४३७	७९७३४	३४६०	२६८६३१	
२०५७/५८२१०३२९	९०४३८	३९२५	३०४६९२	
२०५८/५९२३८५६२	१०२५७७	४४५१	३४५५९०	
कुल जम्मा :	९४१९६१	४०५०२५	१७५७७	१३६४५६३

तालिका २९
नवौं योजनामा कुल रासायनिक मलको पोषणयुक्त खपतको प्रक्षेपण

(मे.टनमा)

आ.ब.	नाईट्रोजन	फस्फोरस	पोटास	जम्मा
२०५४/५५७७४६१	२८५१०	१६१४	१०७५८५	
२०५५/५६८७८५९	३२३३७	१८३०	१२२०२६	
२०५६/५७९९६५३	३६६७८	२०७६	१३८४०७	
२०५७/५८११३०३०	४१६०१	२३५५	१५६९८६	
२०५८/५९१२८२०२	४७१८६	२६७१	१७८०५९	
कुल जम्मा :	५०६२०५	१६३१२	१०५४६	७०३०६३

९.७ कृषि ऋण लगानी व्यवस्था :

दीर्घकालीन कृषि योजनाले द्रुत गतिको कृषि आर्थिक वृद्धि हासिल गर्ने प्रमुख कारकको रुपमा रासायनिक मलखादलाई लिएकोछ । यसैगरी सिँचाइ खास गरी ट्युबवेल सिँचाईलाई अर्को कारकतत्वको रुपमा लिएकोछ । उन्नत कृषि प्रविधिको प्रयोगबाट सिँचाइ र मलखादको सन्तुलित र सघन उपयोग गराई हासिल गरिने उत्पादन तथा उत्पादकत्व बृद्धिलाई प्रोत्साहन गरी स्थायित्व दिन कृषि व्यवसाय प्रवर्द्धन गर्नु पर्ने कुरामा पनि योजनाले उत्तिकै महत्व दिएकोछ । तुलनात्मक लाभका बाली प्रवर्द्धन बाट बढ्ने आयले बढी मूल्यका फलफूल, तरकारी, रेसम मौरी, पशुपक्षीजन्य पदार्थ आदि कृषि बस्तुहरुको मागमा पर्ने चापका कारण यी बस्तुहरुको उत्पादन आवश्यकता बढ्न जाने हुन्छ । कृषिमा विविधिकरण र व्यवसायिकरण तर्फ रुपान्तरित हुने वातावरण सिर्जना गराउँदै लान यी क्षेत्रहरुमा लगानी व्यापक गराइ लानुपर्नेछ । यिनै आवश्यकतालाई दृष्टिगत गरी नवौं योजनामा कृषि ऋण लगानी व्यवस्थालाई प्रभावकारी रुपमा परिचालन गर्नेगरी कार्यक्रम सञ्चालन हुनु पर्ने भएकोछ ।

आठौं योजनाको प्रगति स्थिति विश्लेषण गर्दा लक्षित नीतिगत व्यवस्थातर्फ स्थानीय स्रोत परिचालन गर्ने दिशामा थप केही वाणिज्य बैंकहरुको शाखा कार्यालयहरुको बिस्तार गरिए भने विपन्न वर्गलाई समेट्न पांच विकास क्षेत्रमा पाँचवटा ग्रामीण विकास बैंकहरुको स्थापना गरियो । वाणिज्य बैंकहरुले प्राथमिकता क्षेत्रमा लगानी गर्न नसकेको रकम केही मात्रामा अन्य बैंक र गैर सरकारी संस्थाहरुलाई लगानी गर्न उपलब्ध गराईयो । सहकारी वित्तीय निकायहरुको स्थापनामा जोड दिइयो र बिभिन्न सहकारी वित्तीय निकायहरु खडा गरिए । वित्तीय निकायहरुलाई आफ्नो व्याजदर निर्धारणमा पूर्ण स्वतन्त्रता दिइने व्यवस्था भयो । बैंकको माध्यमबाट दिने व्याज अनुदानको व्यवस्था आ.ब. २०५३।५४ देखि खारेज गरियो । प्याकेज ऋण स्विकृत गरीपास बुक उपलब्ध गराइ ऋण लगानी गर्ने कार्य सञ्चालन सुरु भएको भएतापनि पूर्ण प्रभावकारी ढंगबाट कार्यान्वयन भएको देखिएन । कृषि कर्जा तालिम केन्द्रले अन्य बैंकको लागि पनि तालिम सुविधा उपलब्ध गराएता पनि यस्मा ठोस नीति बन्न सकेको देखिएन ।

वित्तीय लक्ष्यतर्फ योजनाको अन्तिम वर्षमा रु. ५ अर्ब ४७ करोड ६८ लाख कृषि विकास बैंकको ऋण लगानी स्तर पु-याउने र असुली स्तर रु. ४ अर्ब ८२ करोड ६४ लाख पु-याउने लक्ष्यमा लगानी स्तर रु. ३ अर्ब ८५ करोड २७ लाख पुगेको र असुली स्तर रु. २ अर्ब ७६ करोड २८ लाख पुगेको छ । यसैगरी वाणीज्य बैंकहरुबाट प्राथमिकता क्षेत्रमा रु. १ अर्ब २५ करोड १५ लाख लगानी स्तर पु-याउने र असुली रु. १ अर्ब ४ करोड १० लाख गर्ने लक्ष्यमा लगानी रु. १ अर्ब २२ लाख पुगेको र सांवा असुली रु. ४५ करोड ४५ लाख मात्र पुग्न गएको देखिएकोछ ।

आठौं योजना अवधिमा खुलेका ग्रामीण विकास बैंकहरुबाट कुल रु. ९१ करोड ४७ लाख कर्जा प्रवाह भएको थियो भने कुल असुली रु. ६६ करोड ५० लाख भई राम्रो शुरुवात हुन गएको देखिएकोछ ।

कृषि ऋण लगानीतर्फ लक्ष्यको हाराहारीमा लगानी प्रगति स्तर अन्तिम वर्षमा आए पनि त्यो स्थिर मूल्यमा हेर्दा त्यति उत्साहप्रद छैन । कृषकहरुले समयमा र सरल तरीकाबाट ऋण प्राप्त गर्ननसकेको कुराहरु बराबर जानकारीमा आएकाछन् । भएका लगानीको प्रभावकारी प्रयोग भएकोछ भन्न नसकिने अवस्थाहरु धितो लिलामीका बढ्दो सूचनाहरुले औंल्याई रहेका छन् भने बढ्दो भाखा नाघेको ऋण र कमजोर असुली दरको स्थितिले पनि प्रष्ट पारेको छ । यी कमी कमजोरीहरुलाई सुधार गरी अघि बढ्नु पर्ने आवश्यकता टड्कारो रुपमा रहेकोछ ।

नवौं योजनामा कृषक तथा कृषि व्यवसायी एवं उद्यमीहरुलाई आयमूलक व्यवसायमा आवश्यक पर्ने लगानीका लागि सरल र सुलभ तरिकाबाट कृषि तथा ग्रामीण कर्जाको प्रवाहद्वारा आय तथा रोजगार

अवसरमा वृद्धि ल्याई गरिबी-निवारणमा योगदान गर्ने, स्रोत परिचालनमा प्रभावकारिता ल्याउन ऋण असुली प्रक्रियालाई लगानी प्रवर्द्धनको अपरिहार्य आवश्यकताको रुपमा लिई ऋण अनुशासन कडाईका साथ पालन गराई वित्तीय सेवा कार्यक्रममा स्थायित्व ल्याउने र महिला वर्गले ऋण सुबिधा प्राप्त गर्ने आयमूलक कार्यहरुमा प्राथमिकता दिने जस्ता दीर्घकालीन दृष्टिकोण राखी कृषक व्यवसायी तथा उद्यमीहरुलाई संस्थागत ऋण लगानी प्रवाह सुनिश्चित गर्ने, उनीहरुलाई आयमूलक उत्पादन तथा व्यवसायहरुमा आवश्यक पर्ने वित्तीय स्रोत सरल र सुलभ रुपमा प्रवाह गरी कृषि आर्थिक बृद्धिका साथै आय तथा रोजगार बृद्धिमा टेवा पुऱ्याउने तथा रोजगारी प्राप्त गर्न टेवा पऱ्याउने खालका आयमूलक कृषि व्यवसायहरुमा दिइने ऋण सुबिधामा महिला र विपन्न वर्गको पहुँच बढाई गरीबी-निवारणमा योगदान गर्ने उद्देश्यबाट नवौं योजनामा कृषि ऋणलगानी व्यवस्था कार्यक्रमहरु निर्देशित गरिनेछन् ।

नीतिगत कार्यक्रमहरु :

उत्पादन स्रोत तथा सामग्रीहरुको उत्पादनशीलता बढाई कृषि क्षेत्रको वार्षिक बृद्धिदरलाई तीब्र गरी रोजगारीका अवसर बढाएर गरिबी घटाउन दीर्घकालीन कृषि योजनाले निर्धारण गरेको प्राथमिकता क्षेत्रमा संस्थागत कृषि ऋण लगानीको प्रवाह बढाउने र यस्ता क्षेत्रमा सरकारी, अर्धसरकारी, निजी क्षेत्र र गैर सरकारी क्षेत्रबीच समन्वय कायम गरी लगानी प्रवर्द्धन गर्न प्राथमिकता दिने, ऋण लगानी कार्यक्रममा गरिब वर्ग र महिलाहरुको पहुँचलाई सुनिश्चित गराउने प्रणाली बसाल्ने, लगानीको निमित्त आवश्यक पर्ने पुंजीका लागि आन्तरिक तथा बाह्य स्रोत परिचालनमा जोड दिने, उत्पादन एवं आयमूलक कार्यहरुमा ऋण लगानी गरी ऋण असुली सुनिश्चित गर्ने, अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई सुदृढ गर्ने नीतिगत व्यवस्थाका आधारमा कृषि ऋण लगानी कार्यक्रम निम्न अनुसार सञ्चालन गरिनेछन् ।

- दीर्घकालीन कृषि योजनाले निर्दिष्ट गरेको प्राथमिकता अनुसार रासायनिक मल, स्यालो ट्युबवेल, पशुपक्षी पालन, पहाड र उच्च पहाडी भागमा बढी मूल्य प्राप्त हुने बालीहरु स्याउ खेती, सुन्तला जात, फलफूल खेती, तरकारी र तरकारीको वीउ उत्पादन, मौरीपालन तथा रेसम खेती जस्ता पक्षमा सम्बन्धित कृषि कार्यक्रमको पकेट कार्यक्रमसँग आबद्ध गरी आवश्यक ऋण रकमको निश्चितता दिइ ऋणको प्रवाह बढाइनेछ ।

- कृषि ऋण लगानी गर्ने प्रमुख वित्तीय संस्थानहरुमा कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक, ग्रामीण बैंकहरु हुनेछन् । ऋण प्रवाह गर्ने कार्यलाई अझ बढी फराकिलो बनाउन गैर सरकारी संस्थाहरु, गैर संस्थागत माध्यमहरु (informal sector) तथा ग्रामीण बचत र कर्जा कार्यक्रम सञ्चालन गर्ने सहकारी संघ संस्थालाई पनि लगानी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

- कृषि ऋण प्रवाह गर्ने वित्तीय संस्थाहरुको बर्तमान कार्यक्षमतामा अभिवृद्धि ल्याउन उपयुक्त तालिम कार्यक्रमहरु सञ्चालन गरिने छन् । दीर्घकालीन कृषि योजनाको मूलभूत अवधारणा, प्राथमिकता र कार्यान्वयन पद्धति बारे तालिम कार्यक्रमले समेट्नु पर्ने व्यवस्था गरिनेछ । यसतर्फ कृषि विकास बैंकको कृषि कर्जा तालिम केन्द्रको सुदृढीकरण गरी बिभिन्न वित्तीय निकायका जनशक्तिलाई समेत तालिम दिने व्यवस्था गरिनेछ ।

- स्यालो ट्युबवेल कार्यक्रममा कृषि विकास बैंकको बर्तमान क्षमतालाई अरु सुदृढ गरी सक्षम बनाइनेछ । अन्य बैंकहरुले यस क्षेत्रमा देखाएको अभिरुचिलाई अनुगमन गरी योजनाको मध्यावधीतिर थप क्षमता विकासतर्फ ध्यान दिइनेछ ।

- दीर्घकालीन कृषि योजना अन्तर्गतको ऋण लगानी लक्ष्य हासिल गर्न वित्तीय संस्थाहरुलाई आवश्यक पर्ने पुँजीका निमित्त आन्तरिक स्रोत परिचालनलाई मुख्य स्रोतको रुपमा लिइनेछ । अन्तर वित्तीय संस्थाहरुको उपलब्ध स्रोतको उपयोग सम्भाव्यताहरु बढाउन उपयुक्त नीतिहरु अवलम्बन

गरिनेछन्। नपुग स्रोतका लागि दातृ संस्थाहरुसँग विभिन्न आयोजना तथा लगानी कार्यक्रमहरु मार्फत सहयोग प्राप्त गर्न जोड दिइनेछ ।

- गरिब वर्ग र महिलावर्गको ऋण कार्यक्रममा पहुँच बढाइनेछ । यसका लागि समूह अवधारणामा न्यून आय भएका किसानहरुलाई समेटेर समूहको जमानीमा बिनो धितो ऋण दिने, दिएको ऋणको उपयोग स्थिति हेर्ने, ऋण तिर्ने भावना जगाउने दृष्टिबाट नियमित अनुगमन गर्ने व्यवस्थाहरु गरिनेछ।

- स्यालो ट्युबवेल जडान, ऋण परिचालन र ग्रामीण विद्युतिकरणलाई खासगरी तराई क्षेत्रमा समन्वयात्मक रुपमा कार्यक्रम क्षेत्र पहिचान गरीपरिचालन गराउने व्यवस्था मिलाइनेछ ।

- कृषि तथा ग्रामीण कर्जा प्रवाह प्रवर्द्धनका लागि गैरबैकिङ्ग कार्य गर्नुपर्ने अवस्थामा जस्तै- स्यालो ट्युबवेलमा बैंकले दक्ष प्राविधिक खटाउनु पर्ने, तालिम व्यवस्थापन आदि गर्नुपर्ने भएकोले तोकिएको क्षेत्रमा कुल ऋण प्रवाह हुने रकमको ५ प्रतिशत बराबर रकम श्री ५ को सरकारले शिरोभार खर्चको रुपमा शोधभर्ना प्रदान गर्ने व्यवस्था मिलाइनेछ । यस्तो व्यवस्था ग्रामीण विकास बैंकको लागी पनि लागु गरिनेछ । पहाडी क्षेत्रमा पनि तराईको जस्तै ग्रामीण विकास बैंक खोल्ने तर्फ विचार गरिनेछ ।

- प्रतिस्पर्धाको आधारमा व्याज दर निर्धारणमा बैकहरुलाई स्वतन्त्रता दिइने परिपाटी कायम राखिनेछ । ग्रामिण क्षेत्रमा जाने बैकहरुको कमीले गर्दा लगानी अदक्षता र बढी शिरोभारका कारण व्याज दरमा चाप पार्ने प्रबृत्तिलाई कम गराउने तर्फ अध्ययनहरु गरी उचित व्याज दर कायम हुने अवस्थाहरु ल्याइनेछन् । तर लाभ लागतका दृष्टीबाट सक्षम व्यवसायमा पनि व्याज कम हुनुपर्छ भन्ने भावना हटाउन उपयुक्त प्रचार प्रसार गराईनेछ ।

- ऋण सुबिधा सरल र कृषकको लागि कम खर्चिलो बनाउन उत्पादन वा व्यवसायका लागि प्याकेज ऋण स्वीकृत गर्ने र प्रगति अनुगमनका आधारमा किस्तावन्दीमा लगानी गर्दै जाने पद्धति लागु गरिनेछ । यसबाट लगानीकर्ता र ऋणी दुबैको हित सुरक्षित गर्न सघाउ पुग्नेछ । कृषि ऋण लगानी पछि ऋणीहरुको ऋण उपयोग स्थितिको अनुगमन गर्ने उचित पद्धतिको कमीको कारणले असुलीमा प्रतिकुल असर पर्ने गरेको र ऋणको पूर्ण सदुपयोग नभएबाट धितो लिलामी जस्ता प्रक्रिया बढ्दै गएको छ । यसले दिगो वित्तीय प्रणालीमा असर पर्नसक्ने हुदा ऋण उपयोग स्थितिको अनुगमन गर्ने नियमित अनुगमन प्रणाली लागु गरीअसुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ । साथै बिभिन्न वित्तीय संस्थाबाट दीर्घकालीन कृषि योजनाका प्राथमिकता क्षेत्रमा भएको लगानी असुली क्रियाकलापको जानकारी नियमित रुपमा प्राप्त हुनसक्ने पद्धति अपनाई सूचना प्रवाहको व्यवस्था मिलाइनेछ । यसका लागि सम्बन्धीत वित्तीय संस्थाहरु मार्फत अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ गरिनेछ ।

- वित्तीय क्षेत्रबाट कृषि क्षेत्रमा भए गरेको लगानीका साथै खासगरी दीर्घकालीन कृषि योजनाका प्राथमिकतामा लक्षित लगानी र भए गरेको प्रगति स्थिति आदिबारे समष्टिगत रुपमा लेखाजोखा गरी स्थिति प्रतिबेदन तैयार गराई समीक्षा गराउने परिपाटीको विकास गरिनेछ । यसका लागि बिभिन्न वित्तीय निकायहरुको प्रतिनिधित्व भएको एक अनुगमन समिति गठन गरिनेछ । यस कार्यमा नेपाल राष्ट्र बैकबाट मुख्य भूमिका खेल्न लगाईनेछ ।

ऋण प्रवाह हुने मुख्य शिर्षकहरु र भौतिक लक्ष्य :

विगतमा प्रवाह भएको ऋण रकम र नवौं योजनाका कार्यक्रमहरुले दिएको जोडलाई दृष्टिगत गरी उक्त लगानीको भौतिक लक्ष्यहरु निर्धारण गरिएका छन् (तालिका ३०) । विभिन्न विषय क्षेत्रमा ऋण लगानी कार्यक्रम निम्न अनुसार सञ्चालन हुने छन् ।

क) प्राथमिकता

रासायनिक मल

नवौं योजनामा रासायनिक मलको प्रयोगमा वृद्धि ल्याउनका लागि सरल ढंगबाट संस्थागत कर्जा उपलब्ध गराउन विशेष व्यवस्था गरिनेछ । कुल बिक्री हुने रासायनिक मलमा प्रथम वर्ष २० प्रतिशतका दरले रासायनिक मलको ऋण वृद्धि गर्दै योजनाको अन्तिम वर्षमा ४० प्रतिशत पुऱ्याइनेछ ।

यसरी रासायनिक मलमा जाने ऋण छोटो अवधिको हुने हुँदा बाली अनुसार ऋण असुलीमा बढी जोड दिने व्यवस्था सहभागी वित्तीय संस्थाहरुलाई गर्न लगाइनेछ । साथै रासायनिक मलको उचित मिश्रणको प्रयोग प्रभावकारी बनाउन जिल्ला कृषि प्रसार कार्यक्रमलाई बढी क्रियाशिल बनाइनेछ ।

हाल भएको यूरिया मलको अनुदान क्रमशः कम वा शुन्य भए पछि ऋण मागको परिमाण पनि क्रमशः वढ्ने भएकोले वित्तीय संस्थानहरुमा स्रोतको अभाव हुन नदिन निरन्तर अनुगमन गरिनेछ । वित्तीय संस्थानहरुले प्रदान गर्ने रासायनिक मलको लागि रु ६ अर्व ६३ करोड ऋणको प्रक्षेपण तालिका ३० मा दिइएको छ । कुल आवश्यक पर्ने मलको परिमाण तालिका २८ र २९ मा दिइएका छन् ।

स्यालो ट्युबवेल

तराईको २० जिल्लामा पाँच वर्षभित्र ३२००० स्यालो ट्युबवेल जडान गरिनेछ । यसका लागि करीव १ अर्व ५१ करोड ऋण लगानी गरिनेछ । स्यालो ट्युबवेलबाट ८० हजार हेक्टर जमिनमा सिँचाइ पुग्ने लक्ष्य राखिएको छ । स्यालो ट्युबवेल सिँचाइमा ऋण प्रवाह गर्दा निम्न कुरामा ध्यान पुऱ्याइनेछ ।

- नवौं योजना अवधिमा निर्धारित भौतिक लक्ष्य हासिल गर्न कृषि विकास बैंकका अतिरिक्त अन्य वित्तीय संस्थाहरुलाई समेत स्यालो ट्युबवेलमा लगानी गर्न प्रोत्साहित गरिनेछ । अन्य वित्तीय संस्थाहरु पनि ट्युबवेल लगानी कार्यमा संलग्न भएपछि श्री ५ को सरकारबाट व्यहोरिने लागत भौतिक संख्याको आधारमा उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

- स्यालो ट्युबवेल ऋण ९५ प्रतिशत जति व्यक्तिगत ऋणमा जानेगरेको हुँदा स-साना किसानहरुलाई थोरै जग्गामा सिँचाइ उपलब्ध गराउन खर्चिलो हुने भएकाले समूहगत रुपमा स्यालो ट्युबवेल जडान गर्न जोड दिइनेछ । समूहको व्यवस्थापनमा पानी वितरण र विक्रि व्यवस्थामा समूहलाई आवश्यक परामर्श सहयोग पुऱ्याइ सामुहिक ट्युबवेल व्यवसाय विकास गराइनेछ । प्राविधिक सम्भावनाको आधारमा आर्थिक दृष्टिकोणले उपयुक्त कम क्षमता भएका स्यालो ट्युबवेल पनि जडान गर्न प्रोत्साहित गरिनेछ । स्यालो ट्युबवेल जडानमा मुख्यतया पम्पसेट बोरिङ्ग पाइप र जाली प्रयोग हुने हुँदा ती वस्तुको बजारमा कमी आउन दिने व्यवस्था मिलाइनेछ । पम्पसेट एसेम्ब्लिङ गर्ने आवश्यकता अनुसार थप कारखाना निजी क्षेत्रमा स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

- स्यालो टयुबवेल जडान गर्दा सतह सिँचाइ आयोजनाहरुको प्रभाव क्षेत्रमा हिउँदमा पानी नपुग्ने क्षेत्रहरुमा जडान गर्न जोड दिई वाह्रै महिना पानी पुग्ने पकेट क्षेत्र विस्तारमा टेवा पुऱ्याइनेछ । साथै स्यालो ट्युबवेल ऋण मध्यम अवधि अर्थात ३ देखि ५ वर्ष सम्मको हुने हुँदा, टयुबवेल सिँचित क्षेत्रमा सघन कृषि कार्यक्रम सञ्चालन गरी समयमानै भुक्तानी कार्यक्रम अनुसार किसानबाट ऋण असुली गर्ने व्यवस्थामा बढी ध्यान दिइनेछ ।

पशुपक्षी पालन

पशुपक्षी पालन व्यवसाय अन्तर्गत खासगरी गाई, भैसी, बाखा र कुखुरापालन कार्यमा प्राथमिकता दिई ऋण प्रवाह गरिनेछ । साना एवं गरिब किसान र महीलाहरुको यस व्यवसाय प्रति बढी आकर्षण

देखिएको हुँदा ती वर्गमा बढी ऋण प्रवाह गर्न जोड दिइनेछ । साथै व्यवसायिक रुपमा पशुपक्षी पालन गर्ने ठूल-ठूला फर्महरुलाई पनि ऋण सुविधा प्रदान गर्न बढी ध्यान दिइनेछ । पशुपक्षी पालन व्यवसायको प्रवर्द्धनमा सघाउ पुऱ्याउन उचित बजार व्यवस्था र पशु स्वास्थ्य एवं पशुधन बीमा व्यवस्थामा उचित ध्यान पु-याइने छ । नवौं योजनामा पशुपक्षी व्यवसायमा कुल रु. ५ अर्ब ८९ करोड ३० लाख ऋण प्रवाह गरिने प्रक्षेपण गरिएको छ ।

बढी मोलजाने कृषि वस्तुहरु (high value commodities)

बढी मोल जाने कृषि वस्तुहरुको उत्पादन तथा विकास कार्यक्रमसँग समन्वय राखी स्याउ खेती, सुन्तला जातका फलफूलहरु, तरकारी खेती र बिउ उत्पादन, मौरीपालन र रेसम खेतीमा विशेष प्राथमिकता दिई ऋण प्रवाह गरिनेछ ।

उच्च मूल्य पर्ने उपरोक्त बालीहरुमा तरकारी खेती र बिउ उत्पादन बाहेक अन्य बालीहरुको लागि मध्यम र दीर्घकालीन ऋण आवश्यक पर्नेहुँदा समयमा नै ऋण सुगम र सरल ढंगमा प्रदान गर्न विशेष जोड दिइनेछ । आठौं योजना अवधिभरको तथ्याङ्कले यी शिर्षकहरुमा बढी ऋण प्रवाह भएको नदेखाएता पनि मुलुकमा यसको विकासको प्रचुर सम्भावना रहेको र यी बस्तुको उत्पादन प्रवर्द्धन बाट बढी आय आर्जन गर्नसकिने समेत भएको हुँदा यी शिर्षकमा वार्षिक २० प्रतिशतका दरले ऋण प्रवाह वृद्धि गर्दै लगी योजना अवधिभरमा रु. ३८ करोड ४० लाख ऋण प्रदान गर्ने लक्ष्य राखिएको छ ।

कृषि उद्योग र प्रशोधन व्यवसाय प्रर्वद्धन

कृषि उद्योग र प्रशोधन व्यवसाय क्रमिक रुपमा देशमा फस्टाउन थालेको र यसले देशमै उपलब्ध हुने कच्चा पदार्थ बढी उपयोग गर्ने हुँदा यस्ता उद्योग व्यवसायको विकास तथा विस्तार गर्न निजी क्षेत्रलाई बढी प्रोत्साहित गरिनेछ । यस कार्यक्रमका लागि नवौं योजना अवधिमा रु. २ अर्ब ७३ करोड ६० लाख ऋण प्रवाह गरिने लक्ष्य रहेकोछ (तालिका ३१)

ख) स्रोत व्यवस्था

प्रस्तुत लगानीका लागि आवश्यक पर्ने आर्थिक साधनको आन्तरिक एवं वाह्य स्रोतको परिचालन गरी पूरा गरिनेछ ।

कृषि ऋण लगानी प्रक्षेपण

नवौं योजना अवधिमा दीर्घकालीन कृषि योजनाका प्राथमिकता क्षेत्रहरु (रासायनिक मल, स्यालो ट्यूवेल, पशुपक्षीपालन, बढी मोल जाने कृषि वस्तु, कृषि उद्योग व्यवसाय (agro-business) स्थापना र सञ्चालन) को लागि रु. १७ अर्ब १५ करोड २० लाख आवश्यक पर्ने प्रक्षेपण रहेकोछ । यसमा कृषि विकास बैंक, बाणिज्य बैंक र पांचवटा ग्रामीण बैंकहरुको क्रमशः ७५ प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत सहभागिता रहने छ । यो रकम क्रमशः रु. १३ अर्ब १५ करोड २० लाख, रु. २ अर्ब ३४ करोड ६० लाख र रु. १ अर्ब ५६ करोड ४० लाख हुन आउँछ । स्यालो ट्युवबेलमा कृषि विकास बैंकको मात्र लगानी प्रक्षेपण उपलब्ध भएकोले अन्य वित्तीय संस्थाहरुको प्रक्षेपण समावेश गरिएकोछैन ।

अन्य ऋण लगानी कार्यक्रम

अन्य कार्यक्रम अन्तर्गत प्राथमिकता बाहेकको अन्य माछा लगायतका कृषि कार्यहरुमा हुने ऋण लगानी कृषि विकास बैंकको जम्मा १८ अर्ब १० करोढ ४० लाख हुने प्रक्षेपण छ । यसरी नवौं योजना अवधिमा कुल कृषि ऋण लगानी रु. ३५ अर्ब २५करोड ४० लाख हुने प्रक्षेपण छ । प्रस्तुत प्रक्षेपणमा रासायनिक मल तर्फ कुल बिक्री मूल्यमा कर्जाबाट जाने प्रतिशत ५ वर्षभित्र क्रमश २०, २५, ३०, ३५ र ४० प्रतिशत पु-याउने लक्ष्य रहेकोछ । बैंकबाट रासायनिक मलतर्फ जाने ऋणलाई पनि नगदमै राखिने व्यवस्था भएअनुसार खाद्यन्न बाली, नगदे बाली र बिशेष बालीमा कृषि विकास बैंकले प्रदान गर्ने भिन्न भिन्न आधारमा सरदर छुट्याइएको रकमको ३५-४० प्रतिशतसम्म रकम रासायनिक मलखादमा प्रयोग हुने आधार पनि लिईएकोछ ।

ग. अनुगमन तथा मूल्याङ्कन

दीर्घकालीन कृषि योजनाले परिलक्षित गरेको प्राथमिकताको आधारमा नवौं योजनामा समाविष्ट भएका लगानी गर्नुपर्ने उद्देश्यहरुमा सबै वित्तीय संस्थाहरुबाट एकरुपले तथ्याङ्क प्रवाह हुने व्यवस्था गरी लक्ष्य अनुसार भौतिक उपलब्धि भएको नभएको र त्यसबाट गरिबी-निवारणमा योगदान पुगेको नपुगेको नियमित रुपमा अनुगमन एवं मूल्याङ्कन गरिने छ । यस क्रममा कृषि तथा ग्रामीण क्षेत्रमा लगानी गर्ने विभिन्न वित्तीय निकायहरु र गैर सरकारी संस्थाहरु समेतको प्रतिनिधित्व भएको एक अनुगन समिति नेपाल राष्ट्र बैंकमा गठन गरिनेछ ।

तालिका ३०
संस्थागत कर्जामा शिरोभार खर्चको अनुमान

(रु. लाखमा)

वर्ष	०५४/५५	०५५/५६	०५६/५७	०५७/५८	०५८/५९	जम्मा
स्यालो ट्युबवेल ऋण	१०९०	२०००	३०००	४०००	५०००	१५०९०
माथिको ऋणमा ५% का दरले लागतको शोधभर्ना कृषि विकास बैंकलाई दिने	५०	१००	१५०	२००	२५०	७५०
तालिम :						
स्यालो ट्युबवेल	९०	९०	९०	९०	४५०	
उच्च मूल्यको बालीहरुमा	१०	२०	२०	३०	३०	११०
स्थानीय संस्थाहरुलाई ऋण र बचत कार्यक्रमको लागी	१४०	१४०	१४०	१५०	१५०	७२०
जम्मा लागत :	२९०	३५०	४००	४७०	५२०	२०३०

तालिका ३१
नवौं योजनामा
प्रवाह हुने ऋणको प्रक्षेपण

(रु. दश लाखमा)

उद्देश्य	०५४/५५	०५५/५६	०५६/५७	०५७/५८	०५८/५९	जम्मा	कृ.वि.बैं.	वाणिज्य बैंकहरु	ग्रामीण बैंकहरु	
रासायनिक मल	५१७	८६०	१३००	१७२१	२२३१	६६२९	४९७२	९९४	६६३	
स्यालो ट्युबवेल	१०९	२००	३००	४००	५००	१५०९	१५०९	-	-	
पशुपक्षी	९६२	११४४	१२०१	१२६२	१३२४	५८९३	४४२०	८८४	५८९	
उच्च मूल्यको बाली	५२	६१	७५	८९	१०७	३८४	२८८	५८	३८	
कृषि उद्योग तथा प्रशोधन	४४८	४९३	५४२	५९७	६५७	२७३६	२०५२	४१०	२७४	
जम्मा :	२०८८	२७५८	३४१८	४०६९	४८१९	१७१५२	१३२४१	२३४६	१५६४	

९.८ सिँचाइ, कृषि सडक र ग्रामीण विद्युतीकरण :

प्राथमिकता कार्यक्रम :

कृषि आर्थिक वृद्धिलाई हासिल गर्न कृषि उत्पादन र उत्पादकत्व वृद्धि प्रमुख आवश्यकता हो भने सिँचाइ विकास मलखाद उपयोग समेतको लागि अपरिहार्य आवश्यकता हो । उत्पादित वस्तुलाई बजार र उद्योग व्यवसायहरुले उपभोक्ता समक्ष पुऱ्याउने कार्यमा प्राथमिकता नदिएसम्म उत्पादनले प्रोत्साहन पाउदैन । उत्पादित वस्तुको प्रति एकाइ उत्पादन खर्च कमसेकम नगरिकन उत्पादन बजारमा प्रतिस्पर्धात्मक पनि हुदैन र यसतर्फ लगानी आकृष्ट हुन पाउदैन । तसर्थ उत्पादन साधनहरुमा हुने खर्च कम गर्न र उत्पादित वस्तु कम खर्चमा बजारमा पुऱ्याउन उत्पादन थलोलाई कृषि सडकले जोड्नु पर्ने अत्यावश्यक छ । यसैगरी ट्युबवेल सिँचाइ तथा पम्प प्रवर्द्धन गरी कृषकको नियन्त्रणमा बाह्रै महिना पानी उपलब्ध गराउन र ग्रामीण स्तरमा ससाना प्रशोधन उद्योग व्यवसाय विकास गराई रोजगार प्रवर्द्धन गर्न ग्रामीण विद्युतीकरण उत्तिकै जरुरी भएकोले यिनै पूर्वाधार उत्पादन पकेटहरुमा पुऱ्याउन प्राथमिकता दिनुपर्ने कुरा दीर्घकालीन कृषि योजनाले औंल्याएको छ । नवौं योजनामा पूर्वाधार क्षेत्रको सम्बन्धित कार्यक्रमहरुमा यी कार्यक्रमहरुलाई प्राथमिकता दिनेगरी सञ्चालन गरिने व्यवस्था मिलाइएकोछ । नवौं योजना अवधिमा यस्ता पूर्वाधार विकास अन्तर्गतका कुल लक्ष्यमा निम्न वमोजिमका लक्ष्यहरु समावेश रहनेछन् ।

प्राथमिकता सिँचाइ कार्यक्रम (हेक्टर)

कार्यक्रम	तराई	पहाड	उच्च पहाड	जम्मा लक्ष्य
१. कृषक व्यवस्थापन प्रणाली पुनरुद्धार	३८०००	१८०००	५०००	६१०००
२. स्यालो ट्युबवेल	८००००			८००००
३. डिप ट्युबवेल	१००००			१००००
४. नयाँ साना सिँचाई		३०००	१०००	४०००
५. जम्मा	१२८०००	२१०००	६०००	१५५०००

कृषि सडक (कि.मी)

कार्यक्रम		लक्ष्य		
१.	तराई (२० जिल्ला)	१५७७	२.	
	पहाड (२९ जिल्ला)	५३०	३.	उच्च पहाड (४ जिल्ला) १३१
४.	दैलेख जुम्ला रोपवे	४५	५.	सम्भार -
	जम्मा	**२२८३**		

ग्रामीण विद्युतीकरण

ग्रामीण विद्युतीकरणको नियमित कार्यक्रमलाई तराईमा ट्युबवेल जडान क्षेत्रहरुको समूह (cluster) मा प्राथमिकता दिई सञ्चालन गरिने र पहाड र उच्च पहाडहरुमा पनि उत्पादन पकेटहरुलाई सुविधा पुऱ्याउन जोड दिइनेगरी सम्वन्धित क्षेत्रबाट कार्यक्रम सञ्चालन गराइनेछ ।

१०. महिला कृषक विकास

कृषि विकासमा महिला कृषकको संलग्नता यर्थाथमा पुरुषहरुकोभन्दा बढी रहेकोछ । तर उन्नत कृषि प्रविधिबाट ज्ञानसीप क्षमता विकास गराउने र कृषि सामग्री तथा कृषि ऋण सुविधाहरुको उपलब्धतामा महिला संलग्नता निकै कम रहेकोले उनीहरुको पहुँच बढाइनेछ ।

आठौं योजनामा कृषि विकासमा महिला संलग्नता वृद्धि गराउन खासगरी तालिम कायक्रमहरुमा ३५ प्रतिशत र गठनहुने कृषक समूहरुमा ३० प्रतिशतसम्म महिला सदस्य गराउने लक्ष्य राखेकोमा तद्अनुरुपको सूचना प्रवाहमै कमी रहयो भने प्रगति निकै पछि रहनगएको अनुमान छ । महिला कृषक विकास महाशाखाबाट विभिन्न कृषि क्रियाकलापहरुमा महिला योगदान वारे स–साना अध्ययनहरु भएको,कृषि विकासमा महिलाहरुको अवधारणा वारे गोष्ठि गरी प्राथमिक आधार योजना वनाएको र कार्यन्वयनकर्ताहरुमा जागरुकता ल्याउन क्षेत्रीय स्तरमा गोष्ठि गराइएको र महिला आय प्रवर्द्धन र रोजगार प्रवर्द्धनका लागि घुम्ती कोषको माध्यमबाट क्रीयाशील गराउन परीक्षणको रुपमा केहि जिल्लाहरुमा कार्यक्रम शुरु भएकोछ । क्षेत्रीय कार्यक्रम गोष्ठिहरुमा महिला सम्वद्ध कार्यक्रमहरु ल्याउन निर्देशनहरु दिनेगरिएकोछ । तर पनि कार्यक्रमहरुमा महिला सम्वन्धित लक्ष्य किटान गर्न नसकेको र सूचना प्रणालीमा महिला तथ्याङ्कहरु खुलाउने व्यवस्था नभएकोले यथार्थ स्थिति देखिन सकेकोछैन । यो तथ्याङ्क प्रणाली मूल कृषि कार्यक्रम प्रणालीमा पनि व्यवस्थित हुनसकेको छैन ।

वार्षिक कार्यक्रमहरुमा महिला संलग्नताका कार्यक्रम तथा लक्ष्यहरु प्रष्टरुपमा किटान नहुदाँ प्रगतिमा खुलाउन वाध्य नहुनु, सामाजिक आर्थिक परिस्थिति सहयोगी नहुनु, तालिम कार्यक्रम आफै तालिम केन्द्रमुखी हुँदा गाउँमा वस्ने कृषकहरुको पहुँचमा नहुनु जस्ता प्रमुख कारणले कृषि विकासमा महिला संलग्नता अभिवृद्धि गराउने कार्य आशातितरुपमा अघि वढ्नसकेको छैन । नवौं योजना अवधिमा यिनै समस्याहरु समाधान गराउँदै जान विशेष जोड दिई अघि वढनुपर्ने छ ।

कृषि विकासका लागि हुने पारिवारिक निर्णय प्रक्रियामा महिला पुरुष दुवैको समान भूमिका रहने वातावरण सिर्जना गर्ने दीर्घकालीन दृष्टिकोण अपनाई नवौं योजनामा महिलाहरुको आय तथा रोजगारका अवसर वृद्धि गराउने, कृषि विकासका विभिन्न कार्यक्रमहरुमा महिला संलग्नता अभिवृद्धि गराउने र कृषिका विभिन्न उन्नत प्रविधि अपनाई उत्पादन र उत्पादकत्व वृद्धिगर्न महिलाहरुलाई बढी सक्षम बनाउने उद्देश्यबाट नवौं योजनामा महिला कृषक विकास कार्यक्रम अघि वढाइनेछ ।

कृषि विकासका विभिन्न उपक्षेत्रहरुमा सञ्चालन हुने उत्पादन तथा उत्पादन उपरान्तका विभिन्न क्रियाकलापहरुको मूल प्रवाहमा महिला संलग्नता बढाउने, कृषिसँग सम्वन्धित तालिम कार्यक्रमहरु लगायत कृषिका उन्नत प्रविधि, प्रविधिक सेवा, कृषि सामग्री, कृषि ऋणको उपलब्ध गर्नमा महिलाहरुको पहुँच बढाउने, कृषक समूह गठनमा महिला मिश्रित समूह र महिला विशेष समूह तैयार गर्न प्राथमिकता दिने, सीमान्त महिला कृषक समूहरुमा स्थान विशेषको आय आर्जनका विशेष कार्यक्रमहरुबाट टेवा पुऱ्याउने, सूचना तथा तथ्याङ्क प्रणालीमा महिला कियाकलाप र उपलब्धि पक्षका

जानकारीहरुको प्रवाह हुनसक्ने व्यवस्था गर्ने र महिला कृषक विकास कार्यक्रमहरुमा विभिन्न क्षेत्र बीच समन्वय स्थापित गर्ने जस्ता नीतिगत व्यवस्थाहरुका आधारमा महिला कृषक विकास कार्यक्रम निम्न अनुसार सञ्चालन हुनेछन् ।

- कृषि बाली, वागवानी, पशुपक्षीपालन, माछा, मौरी, रेसम, आदि उत्पादन कार्यक्रम र उत्पादन पछिका बाली भित्र्याउने, ग्रेडिङ्ग गर्ने, सञ्चय गर्ने प्रशोधन गर्ने, विकी वितरण गर्ने खाद्य परिकार तैयार गर्ने आदि विभिन्न व्यवसायहरुमा पुऱ्याइने, कृषि सामग्री, कृषि ऋण, प्राविधिक सेवा टेवा कार्यक्रमहरुमा कृषक समूह गठन गर्दा वा व्यक्तिगत रुपमा कार्यक्रममा संलग्न गराइदा ३५ प्रतिशत महिला संलग्न हुन पर्ने व्यवस्था गरिनेछ ।

- कृषि क्रियाकलापमा महिलाहरुको क्षमता विकास गराउन सञ्चालन हुने तालिम कार्यक्रम सम्भव भए सम्म घुम्ति तालिमको माध्यमबाट उत्पादन क्षेत्रमा तालिम दिने व्यवस्था गरिनेछ । यसरी कृषितालिममा महिला प्रशिक्षार्थीहरु कम्तिमा एक तिहाई पुऱ्याइनेछ । यसबाट पुरुष कृषक तालिमीको संख्यामा पनि वृद्धि हुनसक्ने छ ।

- विभिन्न कृषि क्रियाकलापहरुमा महिलाहरुको पहुँच बढाउन आयोजना तर्जुमा तहदेखिनै महिला सम्बन्धित लक्ष्यहरु सम्भव भएसम्म किटान गर्नुपर्ने र तिनको वार्षिक कायक्रम मार्फत कार्यान्वयन गर्दा पनि महिला संलग्नताको लक्ष्य खुल्ने व्यवस्था गराइनेछ । साथै आय तथा रोजगार वृद्धि गराउन विज वृद्धि कार्यक्रम र स-साना ग्रामीण कृषि जन्य प्रशोधन उद्योग, महिला सहकारी तथा ग्रामीण बजारका पक्षहरुमा महिला कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नमा जोड दिइनेछ ।

- कृषक समूह गठन गर्दा समूहमा महिला सहभागिता वृद्धि गर्न र आवश्यकता परे महिला विशेषका छुट्टै समूह गठन गर्न पनि प्रोत्साहित गरिनेछ । यसका लागि महिला उत्प्रेरण गराउने कार्यक्रमहरु पनि सञ्चालन गरिनेछन् ।

- गरिबी-निवारणमा वल पुऱ्याउन सीमान्त महिला कृषक समूह तैयार गरी स्थान विशेषको आयआर्जन क्रियाकलाप बढाउने खालका कार्यक्रम तर्जुमा गरीकार्यान्वयन गराइनेछ ।

- कृषिका विभिन्न क्षेत्र उपक्षेत्रहरुमा हुने क्रियाकलापहरुको विभिन्न आयोजना तह र कार्यक्रम तह तथा सेवा केन्द्रदेखि जिल्ला र क्षेत्रहरुबाट कार्यक्रम सञ्चालन हुँदा भएगरेका गतिविधीबाट विभिन्न सूचना तथा जानकारीहरुको आधारमा अनुगमन तथा मूल्याङ्कनका लागि तथ्याङ्क सिर्जना गरी त्यसको प्रवाह गराइनुपर्ने हुन्छ । यस क्रममा महिला सम्बन्धित सूचना तथा जानकारीहरु पनि प्रष्ट खुल्नेगरी तथ्याङ्क विकास गर्ने र प्रवाह गराउने व्यवस्था गरिनेछ ।

- कृषि विकासमा महिला संलग्नता अभिवृद्धि गर्नमा देखा परेका विभिन्न समस्याहरुमा आधारित अध्ययन विश्लेषणहरु गर्ने र कृषि कार्यक्रमहरुमा महिला सम्बन्धी नीति तथा कार्यक्रमहरुको अनुगमन तथा समन्वय गर्ने कार्यमा महिला कृषक विकास महाशाखालाई सुदृढ गर्दै लगिनेछ ।

११. वातावरण र कृषि

दीर्घकालीन कृषि विकास योजनाले कृषि विकासको उच्च आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएकोछ । यो लक्ष्य हासिल गर्न योजनाले कृषि विकासका निश्चित प्राथमिकताका पक्षहरु तोकी तिनको प्रभावकारी कार्यान्वयनका निमित्त नीतिगत, कायक्रमगत एवं संस्थागत पक्षहरुमा आवश्यक सुधार ल्याउने दृष्टिकोण लिएकोछ । यसो गर्दा वातावरण पक्षमा प्रतिकुल प्रभाव पर्न नदिई यस्तो संरक्षण एवं

सवर्द्धनमा सघाउ पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न विशेष जोड दिएकोछ । यसै अनुरुप नवौं योजनामा कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्दा वातावरण संरक्षणमा सघाउ पुऱ्याउने दृष्टिकोणले निम्न पक्षसँग सम्वन्धित कायक्रमहरुलाई प्राथमिकताका साथ अघि वढाईनेछ ।

- माटोमा पोषण तत्व अभाव रहेको अवस्थामा बालीको विस्तारित सघनताबाट माटोको उर्वरा शक्तिमा ह्रास आई उत्पादकत्व घटने र अन्ततोगत्वा माटो (soil structure) विग्रन गई वातावरणमा प्रतिकुल असर पर्ने भएकोले यो अवस्थामा सुधार ल्याउन सन्तुलित मलखादको प्रयोग बढाई माटोको उर्वरा शक्ति कायम गर्न एकीकृत बाली पोषण तत्व व्यवस्थापन (IPNM), कृषि अनुसन्धान एवं प्रसार पक्षसँग सम्वन्धित कार्यहरु विशेष प्राथमिकता साथ सञ्चालन गरिनेछ ।

- बालीको आवश्यकता अनुसार विषादी औषधिको प्रयोग वैज्ञानिक ढंगबाट गराई वातावरणमा प्रतिकुल प्रभाव पर्न नदिन विशेष जोड दिईनेछ । यस क्रममा एकीकृत रोगकीरा व्यवस्थापन (integrated pest management) कार्यक्रमलाई व्यापक गराइनेछ ।

- भू-उपयोग सम्वन्धी निश्चित योजनाको अभावमा उर्वरायुक्त कृषि भू-भाग गैह्र कृषि कार्यमा प्रयोग हुने प्रक्रिया विस्तारित रुपमा वढदै गएको छ । यो स्थितिमा सुधार ल्याई विद्यमान सीमित खेती योग्य जमिनको उपयुक्त उपयोगबाट वातावरण संरक्षणमा समेत सुधार ल्याउन दीर्घकालीन भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रक्रिया शुरु गरिनेछ ।

- दीर्घकालीन कृषि योजनाले टयुबवेल सिँचाइलाई विशेष जोड दिएकोछ । यस अनुरुप भूमिगत जल स्रोत संरक्षण र वातावरण सुधारमा समेत योगदान पुऱ्याउन सिवालिक क्षेत्रको संरक्षणमा विशेष जोड दिइनेछ ।

- स्थानीय जनताद्वारा दाउरा तथा घाँस पातको दैनिक आवश्यकता परिपूर्तिका लागि विद्यमान वन जङ्गलमा हुने गरेको अतिक्रमणले खास गरी मध्य पहाडी भेगमा भू-क्षयको समस्या दिन प्रतिदिन वढदै गएको र यसले वातावरणमा समेत प्रतिकुल प्रभाव पुऱ्याई आएको हुँदा यो अवस्थामा सुधार ल्याउन जनसहभागिताको आधारमा सञ्चालन गरिदै आएको सामूहिक वन एवं कवुलियत वन विकास कार्यक्रमहरुलाई अझ बढी सुदृढ गर्दै वन क्षेत्रको कार्यक्रम मार्फत विस्तारित रुपमा अघि वढाईनेछ ।

- दीर्घकालीन कृषि योजनाले दिएको प्राथमिकता अनुरुप निर्माण गरिने कृषि सडकहरुवाट पहिरो एवं भू-क्षय हुनबाट रोक्न सडक निर्माण गरिने आसपासका क्षेत्रमा वायो-इञ्जिनियरिङ्ग पक्षलाई विशेष जोड दिई वन क्षेत्रको सहयोगमा उपयुक्त प्रविधिको प्रचार प्रसार कार्यक्रमहरु सञ्चालन गरिनेछन् । सडक निर्माण गर्दा वातावरण अनुकूल वनाउन उपयुक्त मार्गदर्शनहरु संम्वन्धित कार्यक्रमहरु मार्फत पुऱ्याइनेछ ।

- देशको भौगोलिक अवस्था अनुसार उच्च पहाड एवं मध्य पहाडी भेकहरुमा फलफूल एवं बढी मूल्य दिने बहु वर्षीय बालीहरुको व्यवसायिक विकास गराउन विशेष जोड दिइनेछ । यसबाट समेत त्यस भेगको भू-संरक्षण एवं वातावरण सुधारमा योगदान पुग्नेछ ।

१२. कार्यान्वयन व्यवस्था

नवौं योजनामा कृषि विकास कार्यक्रमको कार्यान्वयन दीर्घकालीन कृषि योजनाको अवधारणा अनुरुप हुनेछ । यसरी सञ्चालन गरिने कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनमा प्रभावकारिता ल्याउन निम्न अनुसारको व्यवस्था गरिएकोछ ।

- कृषि क्षेत्रको उपलब्धिमूलक विकासका लागि खाद्यान्न, पशुपक्षीजन्य उत्पादन, बढी मोल जाने फलफूल तरकारी, तरकारी वीउ, रेसम एवं मौरीपालन जस्ता उच्च प्राथमिकता प्राप्त कृषि वस्तुको उत्पादन पकेट क्षेत्रहरुको विकास गर्ने दृष्टिकोण अपनाई उत्पादन थलो निर्धारण गर्ने, सो अनुरुप कार्यक्रम तर्जूमा गर्ने, कार्यक्रमको लागि आवश्यक पर्ने उत्पादन सामग्री, प्रविधि प्रसार, कृषि ऋण एवं बजार जस्ता सेवा टेवा प्याकेजको रुपमा पुऱ्याउने र त्यस्ता क्षेत्रमा यी सेवाहरु समन्वयात्मक रुपमा पुगेनपुगेको निरन्तर अनुगमन गर्ने जस्ता कार्यहरु जिल्ला कृषि विकास समितिद्वारा गराइने छ । यसका अतिरिक्त कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु स्थलगत रुपमानै निराकरण गर्ने व्यवस्थाका लागीा जिल्ला कृषि कार्यक्रम कार्यान्वयन समितिलाई जिम्मेवार गराइएकोछ । क्षेत्रीय स्तरबाट पनि यसको अनुगमन गर्ने व्यवस्था रहेकोछ ।

- उत्पादन थलोमा स्रोत केन्द्रको विकास तथा सुदृढीकरणलाई विशेष जोड दिईएकोछ । यी स्रोत केन्द्रहरुको विकासबाट उत्पादन पकेट क्षेत्रहरुमा उत्पादन सामग्रीको आपूर्तिमा निश्चितता आउनेछ ।

- दीर्घकालीन योजनाको अवधारणा अनुरुप कृषि व्यवसायलाई व्यवसायीकरणको दिशातर्फ उन्मुख गराउने क्रममा कृषि एवं पशु प्रसार सेवा कार्यक्रम सोही अनुरुप परिचालन हुने व्यवसाय अपनाइएकोछ ।

- सिँचाइ सुविधाको विस्तारमा सघाउ पुऱ्याउने क्रममा स्यालो टयुबवेल जडान कार्यमा तिव्रता ल्याउन यस कार्यमा संलग्न रहने संस्थाहरुको सुदृढीकरण गर्ने व्यवस्था गरिएकोछ । यसैगरी मलखादको आपूर्तिमा व्यापकता ल्याउन नीतिगत सुधार गरी त्यसको अनुगमन गर्ने निश्चित संस्थागत व्यवस्थाहरु मिलाइएका छन् ।

- उत्पादन खर्च र उत्पादित वस्तुको बजार खर्च घटाई कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक तुल्याउन योगदान पुऱ्याउने कृषि सडक निर्माण कार्यलाई व्यवस्थित रुपले अघि बढाउन छुट्टै संस्थागत व्यवस्था मिलाइएको छ । यस संस्थाले सम्वन्धितहरुसँग समन्वय गरी कृषि सडक छनौट प्रक्रिया तय गरी कार्यान्वयनमा अघि वढ्नेछ ।

- कृषि अनुसन्धान कार्यक्रमलाई योजनाले निर्दिष्ट गरेको पक्षहरुमा केन्द्रित गरी प्रविधि विकास गर्ने दिशातर्फ उन्मुख हुनुपर्ने व्यवस्था गरिएकोछ ।

- कृषि ऋण लगानीलाई योजनाले निर्दिष्ट गराएका प्राथमिकता क्षेत्रहरुमा लगानी प्रवाह सुनिश्चित गर्ने व्यवस्था मिलाईएकोछ ।

- कृषि उत्पादनलाई बजारसँग आवद्ध गराउन कृषिजन्य उद्योग तथा व्यापार व्यवसायी एवं उद्यमीहरुलाई प्रवर्द्धन गर्ने कार्यमा सघाउ पुऱ्याउने नीतिगत पक्षका साथै कार्यक्रम पक्षमा समेत समय सापेक्ष सुधारल्याई अनुगमन समेत गर्न कृषि व्यवसाय प्रवर्द्धन समितिको व्यवस्था गरिएको छ ।

- उल्लेखित व्यवस्थाका अतिरिक्त विद्यमान संस्थागत संरचनामा आवश्यक समायोजन गरी सुदृढ गर्दै संस्थागत क्षमताको विकास गर्ने व्यवस्था समेत रहेकोछ ।

- कार्यक्रम कार्यान्वयनमा गतिशीलता ल्याउन आवश्यक जनशक्ति एवं वजेट व्यवस्थाका लागि उपलब्ध स्रोत एवं साधनको समायोजन (restructuring) गरी प्राथमिकता क्षेत्रतर्फ प्रवाहित गरिने व्यवस्थाका साथै आवश्यक थप साधन जुटाउने व्यवस्था समेत हुनेछ ।

- प्रस्तुत कार्यान्वयन व्यवस्था अन्तर्गत प्रभावकारीरुपमा कार्यक्रम कार्यान्वयन गर्न गराउन सम्वन्धित मन्त्रालय विभागहरुले आ-आफ्नो क्षेत्रमा जिम्मेवार निकायको भूमिका निर्वाह गर्नेछन् ।

- दीर्घकालीन योजना अनुरुप कृषि विकासको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन व्यवस्था र त्यसको प्रभावकरिता रहेनरहेको अनुगमन गरी मार्गदर्शन गर्न राष्ट्रिय योजना आयोगमा एक उच्चस्तरीय राष्ट्रिय सहयोग समितिको व्यवस्था रहेकोछ । मन्त्रालयस्तरमा विभागीय मन्त्रीको अध्यक्षतामा नियमित व्यवस्था अन्तर्गत रहेको समस्या समाधन समितिबाट समेत कार्यान्वयनलाई गति दिने व्यवस्था हुनेछ ।

१३. योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

दीर्घकालीन कृषि योजनाको अवधारणा अनुरुप कार्यक्रम पहिचान गर्ने, विभिन्न सम्वद्ध निकायहरु बीच अन्तरक्रिया र समन्वय गरी प्राथमिकता प्रदत्त कार्यक्रम प्याकेज तयार गर्ने, कार्यान्वयन गराउने र त्यसको मन्त्रालय विभाग, क्षेत्रीय, जिल्ला र सेवा केन्द्र स्तरमा नियमित रुपले अनुगमन र मूल्याङ्कन गराउने व्यवस्था मिलाइनेछ ।

योजना तर्जुमा र कार्यान्वयन पछिको मूल्याङ्कनका लागि सरल प्रक्रियाबाट तथ्याङ्कहरुको विकास र सङ्कलन गर्ने व्यवस्था गरिनेछ । यसक्रममा आयोजना तहमा नै तथ्याङ्क विकास र सङ्कलनलाई अभिन्न कार्यक्रमको रुपमा परिचालन गराउने परीपाटी शुरु गरिनेछ । सेवा केन्द्र स्तरसम्मका संरचना र जनशक्तिको उपयोग गरी सरलरुपमा तथ्याङ्क सङ्कलन गर्न केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक समन्वयमा तथ्याङ्क सङ्कलन प्रक्रिया तय गरीनियमितरुपमा सङ्कलन र विश्लेषण गर्ने व्यवस्था गरिनेछ । दीर्घकालीन कृषि योजनाको प्राथमिकता क्षेत्रका पकेटहरुमा भएका गतिविधिहरुको तथ्याङ्क सङ्कलनमा विशेष जोड दिई तथ्याङ्क कार्यक्रमलाई अघि वढाइनेछ ।

जिल्ला स्तरमा सम्भाव्य, क्षेत्रको उत्पादन पकेट पहिचान, प्राथमिकता निर्धारण कार्यान्वयन र अनुगमन गर्ने कार्यमा जिल्ला कृषि विकास समिति र कार्यान्वयन उप-समितिलाई क्रियाशील तुल्याइनेछ । साथै कार्यक्रम कार्यान्वयनमा निकटतम सम्वन्ध भएका निकायहरुको कार्यसमूह गठन गरी त्यस समूहबाट समेत स्थलगत निरिक्षण एवं अनुगमन गर्ने निश्चित व्यवस्था अपनाई कार्यान्वयन तहका समस्याहरु स्थलगत रुपमै निराकरण गर्ने व्यवस्था गरिनेछ । क्षेत्रीयस्तरमा क्षेत्रीय निर्देशक र केन्द्रस्तरमा सम्बन्धित विभागहरु कार्यान्वयन र अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

यसरी स्थानीय स्तरदेखि कार्यान्वयन स्थितिको अनुगमन गरी नियमित रुपमा सूचना र तथ्याङ्कहरुको प्रवाह गराई कृषि योजनाको कार्यान्वयन स्थितिको समीक्षा गर्ने र त्यसको प्रतिवेदन नियमित रुपमा राष्ट्रिय योजना आयोगमा पठाउने व्यवस्था गरिनेछ । यस कार्यका लागि सम्वन्धित मन्त्रालयमा सम्पर्क अधिकारी तोकिने व्यवस्था गरिनेछ । जिल्लास्तरमा कृषि विकास अधिकृत सम्पर्क अधिकारी हुनेछ ।

समष्टिगत रुपमा मन्त्रालय र अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुको नियमित सुपरिवेक्षण, निर्देशन, प्रगति तथा तथ्याङ्क सङ्कलन, विश्लेषण प्रक्रियालाई सुदृढ गरिनेछ र समस्या समाधान समितिको बैठकहरु नियमित रुपमा सञ्चालन गराई दीर्घकालीन कृषि योजना कार्यान्वयनलाई गति दिने व्यवस्था गरिनेछ ।

१४. अपेक्षित उपलब्धि

नवौं योजनामा कृषिक्षेत्रलाई अगुवा क्षेत्रको रुपमा ग्रहण गरी कृषि विकासका कार्यक्रमहरु सोही अनुरुप निर्धारण गरिएका छन् । कार्यक्रमको सफल कार्यान्वयनबाट समष्टिगत रुपमा कृषिको उत्पादन एवं उत्पादकत्वमा अभिवृद्धि आई कृषिक्षेत्रको आर्थिक वृद्धिदरमा तीव्रता आउनेछ । साथै सर्वसाधारण जनताको लागि आय एवं रोजगारीका अवसरहरु वढन गै गरिबी निवारणमा विशेषरुपले योगदन पुग्ने अपेक्षा गारिएकोछ । बढ्दो गरिबीको क्रमलाई रोक्नुको अतिरिक्त कृषि क्षेत्रको विकासको माध्यमद्वारा समष्टिगत रुपमा ५ प्रतिशतले गरिबी घट्न जाने अनुमान छ । यसका अतिरिक्त निर्धारित कार्यक्रम सञ्चालनमा अपनाईने उत्पादन साधन र प्राकृतिक स्रोत बीचको तादात्म्यताले वातावरण संरक्षणमा समेत सघाउ पुग्नेछ । साथै कृषिउत्पादन एवं व्यवसायमा व्यवसायिक क्रियाकलापहरुले महिलाको सहभागिता एवं संलग्नताको अभिवृद्धिमा सकरात्मक प्रभाव पर्नेछ । यस अनुरुप खास गरी गरिबी-निवारण, रोजगारी प्रवर्द्धन, महिलाको संलग्नतामा अभिवृद्धि र वातावरण व्यवस्थापन जस्ता पक्षमा प्रस्तुत कार्यक्रमले निम्न अनुसार ठोस योगदान पुऱ्याउनेछ ।

कृषि विकास कार्यक्रम कार्यान्वयन बाट नवौं योजनाको अन्तमा अपेक्षित केही प्रमुख उपलब्धिहरु

कार्यक्रम	उत्पादन अभिवृद्धि	गरीवी निवारणमा योगदान	रोजगारी प्रवर्द्धन	महिला
१	२	३	४	
बाली सघनता उत्पादकत्व अभिवृद्धि कार्यक्रम (खाद्यान्न नगदे बाली उत्पादन)	सिँचाइ सुविधाको सुदृढीकरण बाट बालीको सघनता १६० प्रतिशत बाट १७२ प्रतिशत पुग्नेछ । खाद्यान्न तथा नगदे बालीको वार्षिक वृद्धिदर क्रमश ५.१८ प्रतिशत र ६.५ प्रतिशत हुनेछ । उन्नत वीउको प्रयोगमा व्यापक विस्तार आई प्रमुख बालीले ढाकेको क्षेत्रफलको ७५% उन्नत वीउले ढाक्नेछ । यस क्षेत्रमा रासायनिक मलको प्रयोग हालको १८ केजी बाट ५० के.जि. पुग्नेछ सिँचाइ, उन्नत प्रविधियुक्त वीउ र रासायनिक मलको प्रयोग विस्तारबाट खाद्यान्न बालीको उत्पादकत्व २१ प्रतिशतले वढनेछ । खाद्यान्नको (आलु र दाल समेत) उत्पादन ७५८० हजार मे.टन बाट वृद्धि भई ९८४२ हजार मे.टन पुग्नेछ । प्रति व्यक्ति खाद्यान्न उपलब्धतामा ३५४ के.जी बाट ४०५ के. जी (ग्रस) पुग्नेछ ।	निवार्हमुखी बाली उत्पादन प्रणालीबाट व्यवसायिक प्रणालीमा रुपान्तरण गर्दै कृषिजन्य उद्योग वीच सम्वन्ध कायम गरिनाले कृषकको आय वृद्धिमा ठोस योगदान पुग्नेछ ।	विज वृद्धि, वीउ आपूर्ति , सिँचाइ र बालीको सघनता विस्तारबाट थप रोजगारीका अवसरहरु वृद्धि हुनेछन् ।	व्यवसायिक क्रियाकला प्रसार, कृ वीउ उत महिलाको वृद्धि हुनेछ

कृषि विकास कार्यक्रम कार्यान्वयन बाट नवौं योजनाको अन्तमा हुने अपेक्षित उपलब्धि

कार्यक्रम	उत्पादन अभिवृद्धि	गरीवी निवारणमा योगदान	रोजगारी प्रवर्द्धन	म
१	२	३	४	
पशुपक्षीपालन तथा माछा विकास	पशु जन्य पदार्थको वार्षिक वृद्धि दर दूधमा ५.५५ प्रतिशत, मासुमा ६.२२ प्रतिशत र फूलमा ७.०३ प्रतिशत हुनेछ ।	८० प्रतिशत जनताको जीवन यापनको एक प्रमुख आधार पशु पालन व्यवसाय पनि रहेको परिप्रेक्षमा यस व्यवसायको व्यवसायिकरण बाट सर्वसाधारणको आय अभिवृद्धिमा उल्लेखनीय योगदान पुग्नेछ । यसका अतिरिक्त महिला विशेष पशु विकास कार्यक्रम र सीमान्त कृषक विशेष पशु विकास कार्यक्रमबाट महिला एवं निम्न आय भएका परिवारको आयस्तरमा वृद्धि आई गरिवी निवारणमा योगदान पुग्नेछ ।	दूध, मासु तथा फूलको उत्पादन कार्य व्यवसायिकरण तर्फ उन्मूख गराईने भएकोले यस क्षेत्रमा स्वरोजगार एवं पूर्ण रोजगारका थप अवसरहरु सिर्जना हुनेछन् । यसका अतिरिक्त गरीव समुदाय एवं महिला वर्गको लागि लक्षित कार्यक्रमबाट २६ हजार परिवारले थप प्रत्यक्ष रोजगारीका अवसरहरु पाउनेछन् ।	पशु प महिला । यस कार्यक्र सँगठित संलग्न
	माछा उत्पादन २३ हजार मे.टन बाट ३५ हजार मे.टन पुग्नेछ ।	नदीमा माछा भुरा छाडने तथा सार्वजानिक घोल/पोखरीमा माछा मानें सीमान्त व्यवसायीहरुलाई टेवा पुऱ्याइने हुँदा गरिवी निवारणमा टेवा पुग्नेछ ।	माछा पालन व्यवसाय वढ्न गई थप रोजगारका अवसर वढनेछ ।	माछा मानें पाउने

कृषि विकास कार्यक्रम कार्यान्वयनबाट नवौं योजनाको अन्तमा हुने अपेक्षित उपलब्धि

कार्यक्रम	उत्पादन अभिवृद्धि	गरिबी-निवारणमा योगदान	रोजगारी प्रवर्द्धन	महि
१	२	३	४	
बढी मूल्य दिने कृषि वस्तुको उत्पादन :				
(१) सुन्तला जात फलफूल	योजना अवधिमा थप ५००० हेक्टर जमिनमा खेती हुने र ३३००६ मे.टन थप उत्पादन हुनेछ।	यसबाट प्रति हेक्टर ४ जनाले रोजगार पाई २० हजार थप रोजगारी दिन उपलब्ध हुनेछ । यसबाट आयआर्जनको अवसर वढन्गई गरीवी निवारणमा योगदान पुग्नेछ।	५००० हेक्टर जमिनमा स्थापना गरिने व्यवसायिक एवं करेसावारी वगैंचाबाट वार्षिक २० हजार रोजगारी र वगैचाले फल दिन थाले पछि प्रति हेक्टर १ व्यक्तिले पूर्ण समय रोजगारी पाउनेछन् ।	प्रसार, क करेसावा संलग्नत
(२) स्याउ खेती	स्याउ खेती थप २२७५हेक्टरमा हुनेछ । योजना अवधिमा २८०२ मे.टन थप उत्पादन हुनेछ।	यसबाट प्रति रोपनी रु ४,४०० आमदानी भई ८००० कृषक परिवारहरु लाभान्वित हुनेछन् । वगैंचा विकासमा उपलब्ध रोजगारीले गरिवी निवारणमा वल पुग्नेछ।	२२७५ हेक्टरमा थप स्थापना गरिने स्याउ वगैंचाबाट शुरुमा ५,२०० व्यक्ति वर्षले र वगैचाले फल दिन थाले पछि १६०० व्यक्तिले पूर्ण समय रोजगारी पाउनेछन् ।	यस क रोजगारी महिलाह हुनेछन्
(३) तरकारी	तरकारी खेती १४५ हजार हेक्टरबाट योजनाको अन्तमा १६० हजार हेक्टर पुग्नेछ । यसबाट ३ लाख ६६ हजार मे.टन थप उत्पादन हुनेछ।	तरकारी खेती अरु बालीको तुलनामा बढी रोजगारी र आम्दानी दिने भएकोले यस्ले खास गरी स–साना किसानको आयस्तर वृद्धिमा विशेष योगदान पुऱ्याउनेछ र गरिबी निवारणमा वल पुग्नेछ।	योजनाको अन्तमा १,६०,००० हेक्टरमा हुने तरकारी खेती बाट थप २८,१७० व्यक्ति पूर्ण रोजगार हुनेछन् ।	तरकारी संलग्नत अर्न्तगत संलग्न

कृषि विकास कार्यक्रम कार्यान्वयनबाट नवौं योजनाको अन्तमा हुने अपेक्षित उपलब्धि

४. मौरी पालन	आधार वर्षको ६० मे.टन बाट योजनाको अन्तिम वर्षमा ८५ मे.टन मह उत्पादन स्तर पुग्नेछ।	सीमान्त कृषक तथा महिलाको जगेडा श्रमको समुचित उपयोग गरी उनीहरुको आयस्तर अभिवृद्धि गर्न यस व्यवसायले प्रत्यक्ष योगदान पुऱ्याउनेछ।	यसबाट २०८५ व्यक्तिलाई आंशिक रोजगारी उपलब्ध हुनेछ।	यस संल
५. रेसम	किम्बु खेती क्षेत्रफल ६०० हेक्टरमा र एरि खेती ३० हेक्टरमा हुनेछ। कोया उत्पादन हालको २५ मे.टनबाट ४४ मे.टन पुग्नेछ।	यसबाट प्रति के.जि. कोयाबाट रु.१५० आम्दानी हुने भै खास गरी महिला वर्गको आय वृद्धिमा टेवा पुग्नेछ।	यसबाट २९२८ जनाले प्रत्यक्ष रोजगारी पाउनेछन्। कोयोत्तर उद्योग व्यवसायमा पछि ३७०८ जनाले अप्रत्यक्ष रुपमा पूर्ण रोजगारी पाउन सक्नेछन्।	यस संल
६ चिया खेती	नवौं योजनाको अन्तसम्म थप २००० हेक्टरमा चिया खेती हुने र उत्पादनशील क्षेत्रफल ३७१८ हे. पुगी कुल ४१०१ मे.टन तयारी चिया उत्पादन हुनेछ।	थप २००० हेक्टरमा हुने चिया खेतीबाट प्रति कृषक परिवार ०.२५ हेक्टर लगाएमा औषत ८००० कृषक परिवार लाभान्वित भई गरिबी निवारणमा वल पुग्नेछ।	थप कार्यक्रमबाट ४१०० व्यक्ति/वर्ष बराबरले योजनाको अन्त सम्ममा रोजगारी पाउने छन्। पुरानो रोपन क्षेत्रबाट चिया टिपाईमा करिब ८९००० श्रम दिन बराबरको रोजगार प्राप्त हुनेछ।	चि आ संल वग कि मह रह
७. कफी खेती	योजना अवधिमा ४४४ हेक्टरमा कफी खेती भै २५२ हेक्टर उत्पादनशील क्षेत्रबाट उत्पादनस्तर ११० मे.टन पुग्नेछ।	प्रति ५ रोपनी व्यवसायिक कफी खेतीले पूर्ण उत्पादन अवस्थामा वार्षिक रु १०,००० आम्दानी दिने र यस कार्यक्रमबाट ५७६ थप घर परिवारको आय अभिवृद्धि हुनेछ र गरिबी निवारणमा टेवा पुग्नेछ।	यसबाट योजनाको अन्त सम्ममा लगाएको थप क्षेत्रफलबाट उत्पादन दिन थालेपछि ४१८ व्यक्ति बराबर लाई पूर्ण रोजगार उपलब्ध हुनेछ।	यस संल
८. अन्य बढी मूल्य दिने बाली	दीर्घकालीन कृषि योजनाले निर्दिष्ट नगरेको तर स्थान विशेषको सम्भाव्यता अनुरुप कृषकले लगाउँदै आएका अन्य फलफूल एव यस्ता कार्यक्रमले समेत किसानको आयस्तर सुधार एवं रोजगारीका अवसर सिर्जनामा थप सघाउ पुऱ्याउनेछ।			

१५. विकास खर्चको विनियोजन :

कृषि क्षेत्रमा नवौं योजना अवधिमा विकास खर्चको लागि मोटामोटी वजेट विनियोजन निम्न अनुसार हुने अनुमान छ ।

सि.नं.	कार्यक्रम	रकम (रु. करोडमा)	प्रतिशत
१.	बाली सघनता र उत्पादकत्व वृद्धि कार्यक्रम	५००	२३.२३
२.	बढी मोल जाने कृषि वस्तु उत्पादन विकास	२५०	११.६२
३.	पशुपक्षी पालन तथा माछा विकास	४००	१८.५९
४.	कृषि बजार उद्योग व्यवसाय तथा निकासी प्रवर्द्धन	५०	२.३२
५.	कृषि अनुसन्धान	३००	१३.९४
६.	रासायनिक मलखाद आपूर्ति व्यवस्था	१५०	६.९७
७.	कृषि ऋण लगानी (शिरोभार)	२५	१.१६
८.	महिला कृषक विकास समन्वय	२	०.१०
९.	योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन	७५	३.४८
१०.	पकेट क्षेत्रमा स-साना पूर्वाधार विकास सहयोग*	४००	१८.५९
	जम्मा:-	**२१५२**	**१००.००**

* दीर्घकालीन कृषि योजना अनुरुपका प्राथमिकताका वस्तु विकासका पकेटहरुमा स्थान विशेषको आवश्यकता अनुसार अति स-साना दूरीका कृषि सडक, कलभर्ट, पुल-पुलेसा, सामुदायिक ढुवानी व्यवस्था, स-साना औजार तथा प्रशोधन उपकरणहरु सम्वन्धित अध्ययन, तालिम तथा परामर्श सेवा जस्ता सुविधा जुटाउने टेवा कार्यक्रमहरु ।

द्रष्टव्य:

१. ट्युववेल तथा साना सिँचाई, सामुदायिक वन तथा भूसंरक्षण, भूमि व्यवस्थामा सुधार, ग्रामीण विद्युतिकरण (कृषि) कृषि सडक जस्ता दीर्घकालीन कृषि योजना सम्वद्ध कार्यक्रमहरु समेतको कुल कार्यक्रम र बजेट सम्वन्धित परिच्छेदहरुमा पर्ने हुँदा यहाँ समावेश छैन ।

२. बढी मोल जाने कृषि वस्तुहरुको भइरहेका संस्थागत व्यवस्थाहरु र बाली सघनता तथा उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गतका तालिम, प्रसार र प्राविधिक सेवा सम्बन्धी भईरहेका संस्थागत व्यवस्थाहरु आपसमा परिपुरक रहेकाले विकास खर्चहरु सो अनुसार प्रक्षेपित छन् ।

३. संस्थागत व्यवस्थाहरु र तीनको परिचालन दीर्घकालीन कृषि योजनाका प्राथमिकताका लागि छुट्टा छुट्टै गर्न व्यवहारिक नभएकाले प्रक्षेपित खर्चहरु दीर्घकालीन योजनाका प्राथमिकता तर्फ उन्मुख गराई योजनाको अन्त सम्ममा समष्टिमा कम्तिमा ७५ प्रतिशत पुऱ्याउने दृष्टिकोण राखी साधनको परिचालन गरिनेछ ।

परिच्छेद ११

११.१ उद्योग

१. पृष्ठभूमि

आर्थिक क्रियाकलापलाई तिव्रतर रुपमा विस्तार गर्दै लान साविकको कृषिमा आधारित अर्थ-ढाँचाले मात्र सम्भव भएकोले अर्थतन्त्रलाई प्रभावित पार्ने अन्य क्षेत्रहरु खास गरी उद्योग क्षेत्रलाई समानान्तर हिसाबले अघि वढाउनु पर्ने आवश्यकता रहन्छ । त्यसैले उद्योग क्षेत्रले आर्थिक विकास अभियानको नेतृत्व लिनुपर्ने यथार्थतालाई स्वीकृति दिई तीन दशक अघि देखि नै नीतिगत सुधार गरिए तापनि उद्योग क्षेत्रले अर्थतन्त्रमा वाञ्छित प्रभाव पार्नसकेन । कुल गार्हस्थ्य उत्पादनमा उत्पादनशील उद्योग क्षेत्रको योगदान दस प्रतिशतकै हाराहारीमा मात्र रह्यो । विगतमा अवलम्वन गरेको आयात प्रतिस्थापनको नीतिले (क) स्थानीय उद्योगहरु सीमित आन्तरिक बजारका कारणले विस्तार गरी उत्पादनको अनुपातमा लागत (cost/output) घटाई प्रतिस्पर्धी हुन सकेनन् (ख) उच्च संरक्षणका कारणले स्वदेशी उद्योगहरुले प्रतिस्पर्धी हुनु पर्ने खाँचो भएन र (ग) आधुनिक प्रविधि भित्र्याई प्रतिस्पर्धी बनाउने कुनै आकर्षण भएन ।

आठौं योजनामा अघिल्ला अढाई दशकको नीतिगत त्रुटिलाई सच्याउने जमर्को गरियो । उद्योग क्षेत्रलाई प्रतिस्पर्धी वनाउन (क) आयातमा उदारीकण गरी स्वदेशी उद्योगहरुलाई प्रतिस्पर्धी वनाउने नीति अवलम्वन गरियो (तर स्वदेशी उद्योगहरुलाई प्रभावकारी संरक्षण दिने नीति भने कायमै राखियो) (ख) निर्यातमाथि जोड दिइयो (ग) निजीक्षेत्रको विकास र उद्योगमा निजीक्षेत्रको नेतृत्व हुनुपर्ने धारणालाई मान्यता दिई सरकारी संस्थानहरुको निजीकरण प्रक्रियालाई अघि बढाउने नीति अवलम्वन गरियो (घ) औद्योगिक प्रशासनलाई खुकुलो र लगानी-मैत्री बनाइयो (ङ) स्वदेशी लगानीको पूरकको रुपमा वैदेशिक लगानीलाई औद्योगिक विकासको महत्वपूर्ण अङ्गको रुपमा मान्यता दिइयो । यी नीतिगत सुधारहरुले केही सकारात्मक परिणाम सिर्जना गरेका छन् । आठौं योजनाकालमा स्वदेशी तथा विदेशी लगानीको आयतन बढेको छ । लगानी प्रवर्द्धनमा उत्साह बढाउन multilateral investment guarantee agency (MIGA) को सदस्यता लिई विश्वसनीयता बढाउने काम भएको छ । सफ्टवेयर लगायतका वस्तुहरुको निकासी बढाउन औद्योगिक सम्पत्ती सम्वन्धी कानुन संशोधन र परिमार्जनको अवस्थामा पुगेको छ र औद्योगिक सम्पत्तिको अन्तगार्हस्थ्य व्यवस्थालाई मान्यता दिन World Intellectual Property Organization (WIPO) को सदस्यता लिनु पनि आठौं योजनाकालको उल्लेख्य उपलब्धि नै हो । निर्यात व्यापार बढाउन थप सुविधा र प्रवर्द्धनका कामहरु पनि थालिएका हुन् तर निर्यात व्यापार भने अपेक्षित किसिमले बढ्नसकेन । छिमेकी मुलुक (विशेष गरी भारत) को बजार समेतलाई ध्यानमा राखी उत्पादन बढ्नसकेन । नेपाल भारत व्यापारमा यसै अवधिमा नयाँ सन्धि भयो । यस सन्धि का विभिन्न प्रावधानहरुले स्वतन्त्र र समान र निष्पक्ष व्यापारहरुलाई प्रश्रय दिएकाले भारतीय बजारमा domestic content obligations बेगर नै निर्वाध प्रवेश पाउने व्यवस्थाले औद्योगिक नीतिका प्रावधानहरुलाई अझ खँदिलो र नतिजामुखी बनाएका छन् ।

२०४९ को औद्योगिक नीति र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीतिले ल्याएका सुधारका कारणले पछिल्ला तीन वर्षसम्म केही सकारात्मक परिणाम देखा परे । उद्योग दर्ता, अनुमति प्रक्रिया र सहुलियतका कारणले साविकको भन्दा बजार प्रवेश लगानीकर्ताहरुको निम्ति सुगम हुनगयो । तर पछिल्ला दुई वर्षसम्म सोही गति कायम हुनसकेन । नीतिगत स्थायित्व, सरकारको क्रमिक फेरबदल, उच्च व्याजदर र पुँजीको सुलभ अप्राप्यता जस्ता बाधक कुराहरुले त्यो गतिलाई स्थिरता दिनसकेन ।

नीतिगत सुदृढीकरण, संस्थाहरुको हैसियत र ल्याकत वृद्धि तथा कार्यप्रक्रियामा पारदर्शिता जस्ता कुराहरु गुनासाका रुपमा अद्यावधिक छन् ।

आठौं योजनाकालका उपलब्धिहरु र सकारात्मक नीतिहरुलाई कायमै राखी नवौं योजनालाई निम्न पृष्ठभूमिमा बाँधिएको छ ।

- औद्योगिक विकास बहु-आयामिक र बहुसंस्थासँग सम्बद्ध भएकाले कच्चा पदार्थको उपलब्धता, पुँजीको प्राप्यता, व्यवसायीहरुको जोखिम उठाउने क्षमता र जनशक्तिको सुलभ उपलब्धतामा मात्र नीहित नभई कर लगायतका राजस्व तथा समष्टिगत अर्थतन्त्रको सवल अवस्थासँग पनि सोझै सरोकार राख्ने हुँदा औद्योगिक विकासको प्रक्रियालाई अपेक्षित दायराभित्र हासिल गर्न समय राजस्व र मौद्रिक नीतिसँग गाँसेर हेर्ने ।

- बढ्दो वेरोजगारी र ग्रामीण गरिबीका कारणले शिथिलता देखापरेको अर्थतन्त्रमा उद्योग क्षेत्रले नै निर्णायक भूमिका निर्वाह गर्नसक्छ । गैह्रकृषि रोजगार सिर्जना गरी कृषि उद्यम र उपलब्ध जनशक्तिलाई उद्योग व्यवसाय सँग आवद्ध गराई ग्रामीण-शहर अन्तर्सम्बन्धको विकास गराउन तल्लो तहमा लघु उद्योगहरु (micro-enterprises) र अनौपचारिक क्षेत्रको विकास गर्दै लाने र त्यसैको अग्र सम्बन्ध (forward linkages) को रुपमा माध्यमिक सामान (intermediate goods) उत्पादन गरी तुलनात्मक लाभका ठूला तथा मझौला उद्योगहरुसँग आवद्ध गर्दै लाने नीति अपनाउने हो भने गरिबी निवारणको ग्राहस्थ्य अभीष्ट प्राप्ति र तुलनात्मक लाभका क्षेत्रहरु विकसित भै अर्थतन्त्रमा गुणनात्मक प्रभाव (multiplier effect) सिर्जना हुने तथा तदनुसार अन्तग्राहस्थ्य व्यापारमा मुलुकको पहिचान कायम राख्न संभव हुन्छ । त्यसर्थ, उपलब्ध कच्चा पदार्थका आधारमा उपयुक्त प्रविधि स्थानान्तरण गरी स्थानीय जनशक्तिको सीप सम्बन्धित क्षेत्रमा विकास गराई कम लागतका लघु उद्योगहरु व्यापक रुपमा विकास गर्दै लाने । त्यस्ता क्षेत्रहरुमा महिला उद्यमशीलता र कमजोर आर्थिक वर्गका सम्भावित उद्यमीको विकास गराउने ।

- स्थानीय आवश्यकता परिपूर्ति गर्ने लघु व्यवसाय तथा लघु उद्योगहरुका निम्ति चाहिने सीप, उद्यमशीलता, लगानी र प्रविधिको एकीकृत कार्यक्रम तयार गरी बजारसँग आवद्ध गर्दै लाने ।

- तुलनात्मक लाभका क्षेत्रहरुमा प्रतिस्पर्धी क्षमता बढाउनका लागि स्थानीय जनशक्तिलाई मुख्य कच्चा पदार्थको रुपमा विकास गराउन सीप विकास कार्यक्रमलाई उद्योगसँग आवद्ध गराउने ।

- जलशक्ति, पर्यटन र सफ्टवेयर जस्ता विशेष लाभकारी क्षेत्र (exclusive advantageous areas) लाई विशेष प्रवर्द्धन गर्ने ।

- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको पृष्ठ-सम्बन्ध (backward linkages) लाई विशेष सहुलियत दिने ।

- निर्यातका नयाँ क्षेत्रहरु पहिचान गरी द्विपक्षीय वा बहुपक्षीय आधारमा निर्यात व्यापारलाई स्थानीय उत्पादनसँग आवद्ध गराउने ।

- औद्योगिक पुनःसंरचना (industrial restructuring) गर्दै समय सापेक्ष बनाउने ।

२. आठौं योजनाको समीक्षा

उदार अर्थतन्त्रको खाकामा उद्योग क्षेत्रलाई प्रतिस्पर्धी बनाउँदै लान आवश्यक पर्ने नीतिगत र संस्थागत आधारशीला (policy and institutional infrastructures) आठौं योजनाकालमा तयार गरिए । मूल रुपमा औद्योगिक विकासलाई सघाउने निम्न कानुनहरु ल्याइए ।

- औद्योगिक नीति, २०४९ तथा औद्योगिक व्यवसाय ऐन, २०४९
- विदेशी लगानी नीति, २०४९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
- कम्पनी ऐन, २०५३

औद्योगिक विकासका सहायक नीतिहरु जस्तै वाणिज्य नीति र निजीकरण ऐन पनि आठौं योजनाकालमै प्रकाशनमा आएका हुन् ।

लगानीकर्ताहरुलाई झै-झन्झट विना कानुनले दिएका सुविधा दिलाउने उद्देश्यले केही नयाँ संस्थाहरुको आवश्यकतावोध भई सिर्जना गरिएका छन् ।

उद्योग क्षेत्रलाई प्रतिस्पर्धी बनाउन अपनाइएका संस्थागत आधारशीलाहरु :

- एकै थलोबाट राजस्व छुटको मुल्याङ्कन र सुविधा प्रदान गर्ने उद्देश्यले एकद्वार समितिको सचिवालय स्थापना गरिएको यस संस्थाले पूर्ण प्रभावकारिता देखाउन नसके पनि यस संस्थाको उद्देश्यमा भौतिक आधारशीला (पानी, विजुली, सडक, फोन/सञ्चार) को उपलब्धता समेत एकै थलोबाट दिने गरी थप गरिई कार्य सञ्चालन गरिएको छ ।
- जनशक्ति र प्रविधिलाई उत्पादकत्वसँग आवद्ध गराई उत्पादकत्व सम्वन्धी चेतना विकास र कार्यक्रम सञ्चालन गर्ने संस्थागत ग्राहस्थ्य उत्पादकत्व परिषद व्यवस्था भएको छ ।
- उद्योगलाई चाहिने प्रविधिको सूचना उद्यमीलाई दिने र प्रविधि हस्तान्तरणको अवस्था सुगम गराउन आवश्यक परामर्श दिने प्रविधि विकास तथा हस्तान्तरण आयोजनाको काम यो संस्थाले थालेको छ ।
- उद्यमशीलता विकास, साना व्यवसाय प्रवर्द्धन र बजार सम्वन्धी अध्ययन अनुसन्धानका साथै प्रशिक्षक प्रशिक्षण समेत गराई औद्योगिक जनशक्ति विकासका क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्र (center of excellence) को भूमिका निर्वाह गर्ने औद्योगिक व्यवसाय विकास प्रतिष्ठान संस्थाले जिम्मा लिएको छ ।
- व्यवसाय तथा उद्योग दर्ताको संस्थागत ढाँचा र सम्पूर्ण कम्पनी व्यवसायलाई एउटै थलोवाट दर्ता, मनिटरिङ्ग र आवश्यक परामर्श दिने केन्द्रको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना भएको छ ।

उपर्युक्त नीतिगत र संस्थागत व्यवस्थाले निजी क्षेत्रको विकासको प्राथमिक कार्यको थालनी भएको छ । यसले लगानीकर्ताहरुमा प्रशासनिक झै-झन्झटमा कमी आएको अनुभूति दिलाएको छ भने बजार प्रवेशको अवस्था सरल बनाएको छ ।

औद्योगिक उत्पादन :

आठौ योजनामा औद्योगिक उत्पादन वार्षिक औसत १२.४ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएकोमा ५.२३ प्रतिशतले स्थिर मूल्यमा वृद्धि भएको छ । आठौं योजनामा स्थिर मूल्यमा औद्योगिक उत्पादन मूल्य अभिवृद्धि औसत १०.८ प्रतिशतका दरले हुने लक्ष्य राखिएकोमा ६.८ प्रतिशतले बृद्धि भएकोछ । औद्योगिक उत्पादन र त्यसको वार्षिक वृद्धि दर निम्नलिखित तालिकामा देखाइएकोछ ।

तालिका नं. १

आठौं योजनामा औद्योगिक उत्पादन सूचकांक

	आ.व. २०४३/ ४४	**आ.व. २०४८/ ४९**	**आ.व. २०४९/ ५०**	**आ.व. २०५०/ ५१**	**आ.व. २०५१/ ५२**	**आ.व. २०५२/ ५३**	**आ.व. २०५३/५ ४**	**वार्षिक औसत वृद्धिदर %**
औद्योगिक सूचकांक	१००	१४१.७	१४३.६८	१५०.२५	१६४.०७	१७९.९७	१८२.८६	५.२३
(वृद्धिदर %)			(१.४०)	(४.५७)	(९.२०)	(९.६९)	(१.६०)	

कुल ग्राहस्थ्य उत्पादनमा उद्योगक्षेत्रको योगदान आ.व. २०४८/४९ मा ८.४ प्रतिशत रहेको थियो । यसै वमोजिम कुल ग्राहस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वार्षिक ४.८ प्रतिशतले वृद्धि हुने अनुमानको आधारमा आठौं योजनाको अन्त्यमा उद्योग क्षेत्रको योगदान ८.५ प्रतिशत पुग्ने अनुमान गरिएको थियो । साथै प्रक्षेपित अनुमान अनुसार आ.व. २०४८/४९ को मूल्यमा योजनाको अन्त्यमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिबृद्धि रु. १२.१७ अर्व हुने अनुमान गरिएको थियो । आठौं योजनाको अन्त्यमा कुल ग्राहस्थ्य उत्पादनमा उद्योग तथा खानी क्षेत्रको योगदान ९.२२ प्रतिशत पुगेको छ । आठौं योजना अवधिमा उद्योग तथा खानी क्षेत्रको योगदान र वार्षिक वृद्धिदर निम्न तालिकामा दिईएको छ ।

तालिका २

आठौं योजनामा उद्योग तथा खानी क्षेत्रको योगदान र वार्षिक वृद्धिदर

(२०४१/४२ को स्थिर मूल्यमा)

(रु. करोडमा)

सिनं		आठौ योजनाको वार्षिक वृद्धिदरको लक्ष्य	२०४८ /४९	२०४९/ ५०	२०५०/ ५१	२०५१/ ५२	२०५२/ ५३	२०५३/ ५४	वार्षिक वृद्धिदर
१	उद्योग तथा खानी क्षेत्र	१२.४	५२५.१	५५६.६	६२३.३	६३६.०	६६७.१	७४४.६	-
२	वार्षिक वृद्धिदर	१०.८	-	६.००	११.९८	२.०४	८.८२	५.६६	६.८
३	उद्योग क्षेत्रको ग्राहस्थ्य उत्पादनमा योगदान (प्रतिशत)(	८.५	८.४०	८.६२	८.९४	८.८७	९.१०	९.२२	९.८

आठौं योजनाको आधार बर्ष २०४८।४९ को दाँजोमा आठौं योजनाको अन्तिम बर्ष २०५३।५४ मा औद्योगिक उत्पादनतर्फ चीनी, मैदा, चाउ,चाउ, स्टेनलेस स्टील सामान, सिन्थेतीक कपडा र कागज (अखवार कागज बाहेक) उत्पादनमा उल्लेखनीय बृद्धि भएको छ भने वनस्पती ध्यू, खाने तेल, वनस्पति तेल, प्रशोधित दूध, चिया, पशु आहार, हल्का पेय पदार्थ, वीयर, मदिरा (रेक्टीफाइद), चुरोट, सुर्ती कपडा, जुटका सामान, तयारी पोशाक, चीरान काठ, टुठ पेष्ट, पाउदर, सलाई, सावुन, चप्पल, ल्पाष्टीक सामान पोलितीन पाइप, ईटा, सिमेन्ट फलामे छड र विलेट, जी.आइ. वायर जस्ता पाता, विजुली तार, वैट्रीको उत्पादनमा साामान्य मात्र बृद्धि भएको देखिन्छ। तर विस्कुट, वीडी, उनी गलैचा, उनी धागो, छालाका जुक्ता प्रशोधित छालाका उत्पादनमा कमी आएको पाइएको छ।_

रोजगारी सिर्जना :

आठौं योजनाको अन्तिम वर्ष सम्ममा उद्योग तथा खानी क्षेत्रमा थप १,२८,००० रोजगारी सिर्जना भई कुल रोजगारी सङख्या ३,९५,००० पुग्ने अनुमान गरिएकोमा योजनाको चौथो वर्ष सम्ममा उद्योग विभागमा दर्ता भएका १३४५ मझौला तथा ठूला उद्योगहरु मध्ये ७० प्रतिशत परियोजनाहरु कार्यान्वयन हुने आधारमा १,१५,००० र घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका ३४,४३९ औद्योगिक परियोजनाहरु मध्ये ३० प्रतिशत कार्यान्वयन हुने आधारमा १,२०,००० गरी जम्मा २,३५,००० थप रोजगारीको अवसर सिर्जना हुने अनुमान गरिएकोछ।

लगानी :

आठौं योजना अवधिमा उद्योग तथा खानी क्षेत्रमा आ.व. २०४८/४९ को स्थिर मूल्यमा करीव रु. १५ अर्व लगानी हुने र प्रचलित मूल्यमा रु. २२ अर्व लगानी हुने अनुमान गरिएको थियो।

योजना अवधिमा दर्ता भएका मझौला एवं ठूला र घरेलु तथा साना उद्योगहरुवाट निम्न वमोजिमको लगानी हुने अनुमान भएको छ (तालिका ३) ।

तालीका नं. ३

आठौं योजना अवधिमा भएका उद्योगहरुको दर्ता र त्यसमा प्रस्तावित लगानी

(रु. करोडमा)

	आ.व. २०४९/५०		आ.व. २०५०/५१		आ.व. २०५१/५२		आ.व. २०५२/५३		आ.व. २०५३/५४		जम्मा	
	दर्ता सङख्या	स्थिर पूंजी लगानी	दर्ता सङख्या	स्थिर पूंजी लगानी	दर्ता सङख्या	स्थिर पूंजी लगानी	दर्ता सङख्या	स्थिर पूंजी लगानी	दर्ता सङख्या	स्थिर पूंजी लगानी	दर्ता संख्या	स्थिर पूंजी लगानी
१. घरेलु तथा साना उद्योग	६७८१	३१५	९४८९	५७२	८५१९	५३७	९६५०	७२२	६३५८	४८१	४०७९७	२६२७
२. मझौला तथा ठूला उद्योग	६१४	४४७	१४६	१५८५	२१३	१०७०	३७२	१५७२	९८	८१५	१४४३	५४८९

तर उक्त अनुमानित स्थिर लगानीको परिमाण उद्योगहरु दर्ता गर्दा प्रस्तावित लगानीको रकम मात्र हुन् । योजना अवधिमा के कति उद्योगहरु स्थापना भै सञ्चालन भएका छन् र तिनमा के कति लगानी भएको भन्ने कुरा यकिन हुन सकेको छैन । त्यसै गरी आठौं योजना अवधिमा कम्पनी रजिष्ट्रारको कार्यालयले ७०१३ प्रा.लि र ६६५ पब्लिक लिमिटेड कम्पनीहरु दर्ता गरेको छ ।

आठौं योजना अवधिमा संयुक्त वा विदेशी लगानीवाट करीव २०० वटा विदेशी लगानी परियोजनाको प्रवर्द्धन गरिने र त्यसमा रु. २४३ करोड वराबरको विदेशी लगानी हुने अनुमान गरिएकोमा आठौं योजना अवधिमा २३८ वटा परियोजनाहरु प्रवर्द्धन भै कुल ९६९.९ करोड वैदेशिक लगानी हुने भएको छ । आ.व. २०४९/५० मा विदेशी लगानीकर्ताहरुको वैठक (innvestment forum) पनि आयोजना भई सकेको छ । आठौं योजना अवधिमा प्रवर्द्धन भएका विदेशी लगानी सम्वन्धी परियोजनाहरुको सङख्या र लगानी सम्वन्धी विवरण निम्न तालीकामा (तालिका ४) देखाइएको छ ।

तालीका नं. ४

आठौं योजनामा प्रवर्द्धन भएका विदेशी लगानी आयोजना सङख्या र त्यसमा प्रस्तावित लगानी

(रु.करोडमा)

आर्थिक वर्ष	आयोजना सङख्या	कुल परियोजना लागत	कुल स्थिर लगानी	विदेशी लगानी
२०४९/५०	६२	१७८७.३	१६२०.०	३७३.१
२०५०/५१	३८	३३२.३	२७३.५	९०.९
२०५१/५२	१८	१५७.१	१२०.८	४७.७
२०५२/५३	४५	९७१.५	९१०.८	२२०.५
२०५३/५४	७५	६११.४	५८१.९	२३७.७
जम्मा	२३८	३८५९.६	३५०७	९६९.९

आठौं योजनामा स्वीकृत र कार्यान्वयनमा रहेको विदेशी लगानी परियोजनाहरुको सङख्या ३०० नाघिसकेको र ती परियोजनामा हुने कुल लगानी करिव रु. ४२ अर्व पुगेको छ । उपरोक्त आयोजनाहरु मध्ये ६० प्रतिशत उत्पादनशील, २१ प्रतिशत पर्यटन, १३ प्रतिशत सेवा उद्योगहरुसँग सम्वन्धित छन् । उक्त आयोजनाहरुमा लगानी गर्ने देशहरुको सङख्या ४८ पुगेको छ ।

आठौं योजना अवधिमा उद्योगक्षेत्रमा वाणिज्य बैंकहरुवाट जम्मा रु. २४७०.३४ करोड ऋण प्रवाह भएको छ भने नेपाल औद्योगिक विकास निगवाट रु. १८९ करोड लगानी गरेको देखिन्छ ।

विकास कार्यक्रम तर्फको प्रगति :

घरेलु तथा साना उद्योग विभाग अन्तर्गत सञ्चालित छाला उद्योग समन्वय एकाइवाट उक्त अवधिमा ६५ जनालाई छाला सम्वन्धी व्यवसाय तर्फ तालिम प्रदान गरिएको छ । त्यसै गरी विदेशी लगानी सम्वन्धी सूचना सामग्री र निर्देशिका एवं औद्योगिक तथ्याङ्क नियमित रुपमा प्रकाशन भै आएको छ । उद्योग मन्त्रालयवाट औद्योगिक प्रदूषण सम्वन्धी एक निर्देशिका प्रकाशन गरिएको र औद्योगिक प्रदूषण सम्वन्धी एकाइको स्थापना गरिएको छ । आठौं योजनाको अवधिमा साना व्यवसाय प्रवर्द्धन आयोजना अन्तर्गत १२४० जनालाई उद्यमी र व्यवस्थापन विकास तालिम दिइ ११२१ वटा उद्योगहरुलाई परामर्श सेवा प्रदान गरिएको छ । त्यसै गरी ऊर्जा व्यवस्थापन र ऊर्जा स्रोतको दक्ष उपयोग गर्ने तर्फ विश्व वैङ्कको सहयोगमा एक परियोजना सुरु गरिएको छ । उक्त अवधिमा औद्योगिक नीतिगत प्रभाव अध्ययन कार्य पूरा भै ओद्योगिक सूचना प्रणालीको स्थापना गरिएको छ । सूचना प्रविधि पार्क स्थापना गर्ने तर्फ कार्यहरु सुरु गरिएको छ भने औद्योगिक व्यवसाय विकास केन्द्र अन्तर्गत प्रविधि विकास तथा हस्तान्तरण केन्द्रको स्थापना गर्नेतर्फ प्रारम्भिक कार्य सुरु गरिएको छ ।

गुणस्तर तथा नापतौल कार्यक्रम :

गुणस्तर सम्वन्धी क्रियाकलापलाई सुदृढ र प्रभावकारी वनाउन आठौं योजना अवधिमा तोकिएको लक्ष्य अनुसारको ९ वटा प्रयोगशाला निर्माण, ३६ जिल्लमा मेट्रिक प्रणाली कार्यान्वयन र १७८० वटा उत्पादन नमुना सङ्कलन र विश्लेषण गर्ने कार्य पूरा भइ सकेको छ ।

खानी तथा भूगर्भ :

आठौं योजना अवधिमा धातु तथा अधातु खनिज गरी कुल ६००० व.कि.मि क्षेत्रमा खनीज अन्वेषण कार्य गर्ने लक्ष्य राखिएकोमा योजना अवधिमा जम्मा ५९०२ वर्ग किलो मिटर क्षेत्रमा कार्य सम्पन्न भैसकेको छ । काठमाडौं उपत्यकाको ग्याँस भण्डारको व्यापारिक उपयोगको लागि विस्तृत सम्भाव्यता अध्ययन कार्य गर्ने लक्ष्य राखिएकोमा सो सम्पन्न भएको छ । अधिराज्यको विभिन्न भागहरुको १७४५० वर्ग किलोमिटर क्षेत्रमा विभिन्न भूवैज्ञानिक अध्ययन कार्य गर्ने लक्ष राखिएकोमा १९५०० वर्ग किलोमिटर क्षेत्रमा कार्य सम्पन्न भएको छ र अधिराज्यभरी थप १२ वटा साइस्मिक स्टेसनहरु (भूकम्पमापन केन्द्र) स्थापना गर्ने लक्ष्य सम्पन्न भई सवै स्टेसनहरु सञ्चालनमा आइसकेका छन् । स्तरीय भौगर्भिक नक्सा तयार गर्न सहायक मानिएको रिमोट सेन्सिङ तथा जियोग्राफिक इनफरमेसन सिस्टम (जि.आइ.एस) प्रविधि प्रयोग गर्न सक्ने क्षमताको विकास भएको छ । पेट्रोलियम अन्वेषणको लागि ३१,००० वर्ग किलो मिटर क्षेत्रमा विभिन्न भूवैज्ञानिक अध्ययन कार्य सम्पन्न हुनुका साथै डाटा प्याकेज विक्री भएका छन् । पेट्रोलियम अन्वेषणकै लागि विदेशी सहयोगमा रिकनेसन्स साइस्मिक सर्भेक्षण, ड्रिलिङ, एसोम्याग्नेटिक सर्भेक्षण गर्ने लक्ष्य राखिएकोमा विदेशी सहयोग प्राप्त हुन नसकेकोले सो कार्य सम्पन्न हुन सकेन । यसै अवधिमा पश्चिमाञ्चल विकास क्षेत्र भित्र पर्ने ९००० वर्ग कि.मि क्षेत्रको स्तरयुक्त भौगर्भिक नक्सा तयार गरी १:५०,००० स्केलमा १४ वटा सिटहरु प्रकाशित गर्ने लक्ष्य राखिएकोमा ६ थान नक्साको ड्राफ्ट तयार भएता पनि वजेट तथा कार्टोग्राफर जस्ता प्राविधिक जनशक्तिको कमी हुनुका साथै छपाईका लागि यथेष्ट सुविधा नभएको कारण केवल २ वटा नक्सा प्रकाशन गर्न सकियो । सोही कारणले गर्दा वाँकी १२ थान नक्साहरु प्रकाशन गर्न नसकिने अवस्था रहेको छ । सुर्खेत, अर्घाखाँची र धनकुटाको चुनढुंगा सञ्चितिमा आधारित सिमेन्ट उद्योगहरु प्रवर्द्धन गर्ने कार्य भैरहेको छ । त्यसै गरी खनीज पदार्थ सम्वन्धी ऐन, २०४२ मा संशोधन भएको र खानी तथा खनिज पदार्थ नियमावली २०५२ को मस्यौदा तर्जुमा गरिएको छ ।

घरेलु तथा साना उद्योग :

घरेलु तथा साना उद्योग विकास कार्यक्रम (२७ तराईका जिल्लाहरु)

आठौं योजनामा घरेलु तथा साना उद्योग विभागको कार्यक्रम उल्लेख भए अनुसार २५००० घरेलु उद्योग र १००० साना उद्योग दर्ता गर्ने लक्ष्य रहेकोमा आठौं योजना अवधिमा जम्मा ४३,२५० घरेलु तथा साना उद्योगहरु दर्ता भएका छन् । ती दर्ता भएका उद्योगहरुबाट त्यस क्षेत्रमा वैकल्पिक रोजगारी करिव चार लाख जनालाई प्राप्त हुने अनुमान गरिएको थियो ।

घरेलु तथा साना उद्योग विभागवाट योजनावधिमा जम्मा २५२१९ जनालाई सीप विकास तालिम प्रदान भएको छ । विदेशी सहायता अन्तर्गत ग्रामीण लाभदायक तालिम कार्यक्रम टुगा आयोजना), महिला वर्गको लागि घरेलु उद्योग परियोजना र सेरामिक्स प्रवर्द्धन आयोजना आठौं योजनामा चालू राखिने उल्लेख भएकोमा टुगा आयोजनाको वदलामा यू.एन.डि.पी. को सहयोगमा ग्रामीण रोजगारीमूलक

तालिम आयोजना (ट्रे) सञ्चालन भइ रहेको र सेरामिक्स प्रवर्द्धन आयोजना जर्मन सहयोगवाट सञ्चालन भइ रहेको छ । सेरामिक्स प्रवर्द्धन आयोजनावधीमा ४०७ जनालाई पोटरी डिकोरेसन, ग्लेज, मोडल डिजाइन, पेण्टिङको तालिम दिइसकेको छ । त्यसै गरी ट्रे आयोजनाले ४६५९ जनालाई सीप विकास तालिम दिएको छ । तयारी पोसाक तथा हाते कागज परियोनाबाट उक्त अवधिमा १६३३ जनालाई तयारी पोसाक र ४३२ जनालाई हाते कागज उत्पादन सम्वन्धी तालिम दिइएको छ । यसरी घरेलु उद्योग दर्ता, तालिम र रोजगारीका अवसर सिर्जना एवं जिल्ला कार्यालय विस्तार तर्फ सकारात्मक प्रगति भएको देखिन्छ ।

घरेलु तथा साना उद्योग विकास कार्यक्रम (४८ बाँकी जिल्लाहरु)

यस आयोजनाले जम्मा ४८ जिल्लामा कार्यालयहरु स्थापना गरी सीप विकास, उद्यमी विकास तालिम जम्मा १४५५० लाई प्रदान गर्ने र ३००० उद्योगलाई प्राविधिक सहयोग पुऱ्याउने, ४५०० परियोजना कार्यक्रम तयार गर्ने, १५०० उद्योगलाई परामर्श सेवा पुऱ्याउने आठौं योजनाको लक्ष्य रहेकोमा आठौं योजनावधिमा ४८ जिल्लामा कार्यालयहरु स्थापना भएको, जम्मा २६,५२१ जनालाई शीप विकास र उद्यमी तालिम दिइएको छ ।

कुल राष्ट्रिय उत्पादनमा उद्योग तथा खानी क्षेत्रको योगदान अपेक्षित मात्रामा बढ्दै गएको छ । आठौं योजनामा रोजगारीको सिर्जना, उद्योग क्षेत्रमा लगानीको प्रवर्द्धन तथा वैदेशिक लगानीमा वृद्धि भएको देखिन्छ । उद्योग व्यवसाय तर्फ निजी क्षेत्रलाई आकृष्ट गर्न आठौं योजनाको सुरुमा तर्जुमा गरिएको औद्योगिक व्यवसाय ऐन, तथा औद्योगिक नीति सकारात्मक रुपमा लिन सकिन्छ । त्यस्तै वैदेशिक लगानी अभिवृद्धि गर्नुमा नयाँ वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा वैदेशिक लगानी सरलीकरण गर्न तर्जुमा गरिएको एकद्वार प्रणालीले पनि सकारात्मक भूमिका खेलेको देखिन्छ । नयाँ खुल्न लागेको उद्योगहरुको सङख्या र लगानीको परिमाणमा सुधार भएको छ । वैदेशिक लगानी र कम्पनी कानुनमा समयोचित सुधार गरी लगानी-मैत्री वातावरण तयार गर्ने सिलसिलामा विदेशी लगानी सम्वन्धी ऐनमा आवश्यक संशोधन भइसकेको छ ।

औद्योगिक क्षेत्रको विकास गर्न विभिन्न संस्थागत प्रयासहरु जस्तै औद्योगिक व्यवसाय विकास केन्द्रको स्थापना राष्ट्रिय उत्पादकत्व परिषद्को गठन, विभिन्न आयोजनाहरुद्वारा सञ्चालन गरिएका सीपमूलक तालिम कार्यक्रमहरु, औद्योगिक सर्वेक्षण अध्ययन र अनुसन्धानहरुले पनि औद्योगिक क्षेत्रको भूमिका बढाउनमा सकारात्मक योगदान दिएको देखिन्छ । औद्योगिक प्रवर्द्धन र समन्वयमा सहायक हुने गरी उच्चस्तरीय उद्योग विकास परिषदको गठन गरिएको छ ।

आ.व.२०४९/५० मा वैदेशिक लगानीकर्ताहरुलाई आकृष्ट गर्ने उद्देश्यले एउटा वृहत् वैदेशिक लगानीकर्ताहरुको वैठक आयोजना गरिएको र उक्त वैठकमा ११५ वटा सम्भाव्य औद्योगिक परियोजनाहरु पनि प्रस्तुत गरिएको थियो । त्यस्तै आयोजनाको प्रथम ४ वर्ष सम्ममा ८ वटा संस्थानहरुलाई पूर्ण रुपमा निजीकरण गरिएको छ । पर्यावरण प्रदूषण नियन्त्रण सम्वन्धमा पर्यावरण प्रभाव मूल्याङ्कन मार्ग दर्शन, रुग्ण जुट मिलहरुको अध्ययन, राजविराज औद्योगिक क्षेत्रको निर्माण एवं ६ वटा जिल्लामा औद्योगिक क्षेत्र स्थापना गर्ने संभाव्यता अध्ययनको कार्यहरु पनि सम्पन्न भएको छ । खनिजमा आधारित उद्योगहरुको प्रभाव मूल्याङ्कन गर्ने कार्य चालू रहेको छ । नेपाल ओरिण्ड म्याग्नेसाइट उद्योगले यसै योजनाकालमा व्यावसायिक उत्पादन गर्ने सम्पूर्ण कार्य पूरा गरेको छ ।

देशको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको भूमिका वढ्दै गएको भए तापनि योजनाले लक्षित गरेको उत्पादन वृद्धि भने हुन सकेको छैन । औद्योगिक क्षेत्रको उत्पादन सूचकाङ्क अपेक्षित रुपमा वढ्न सकेको छैन । आठौं योजनाको थालनी गर्दा नेपाल भारत व्यापार पारवहन समस्यामा सुधार भइसकेता पनि विद्युत् आपूर्तिको समस्याले गर्दा औद्योगिक उत्पादनमा नकारात्मक प्रभाव पर्न गएको देखिन्छ । त्यस्तै साविक देखि सञ्चालन भइआएका औद्योगिक प्रतिष्ठानहरु देशले अंगालेको आर्थिक उदारीकरण नीतिको अनुरुप

प्रतिस्पर्धात्मक वातारणमा चल्नु परेकोले नयाँ नीति वातावरणमा उद्योगहरुले उत्साहित ढङगले उत्पादन बढाउन सकेको देखिदैंन ।

खानी क्षेत्र तर्फ आठौं योजनाको लक्ष्यमा ठूलो महत्व दिइएता पनि लगानीको अभावको कारण प्रगति त्यति सन्तोषजनक हुनसकेको छैन । औद्योगिक विकास र त्यो पनि क्षेत्रीय विकासको सन्दर्भमा हेर्ने हो भने भौतिक पूर्वाधारहरुको कमी निक्कै खट्किंदो छ । विद्युत, सडक, यातायात, सञ्चार जस्ता पूर्वाधारहरु देशका अन्य भागहरुमा त्यति विकसित हुन नसकेको हुँदा विशेष गरी निर्यात हुने वस्तुहरुको उत्पादन केही ठाउँहरुमा मात्र केन्द्रित रहन गएको छ । औद्योगिक नीति तथा राजस्व नीतिमा प्रभावकारी समन्वय नहुनु तथा निजी क्षेत्र र श्री ५ को सरकारवीच आपसी विश्वास पूर्ण विकसित नभइसक्दा नीति तर्जुमा र कार्यान्वयनको चरणमा यी दुई पक्षवीचको दृष्टिकोणमा एकात्मकता आउन सकेको छैन । औद्योगिक नीतिले औद्योगिक वर्गीकरण, आयकर र अन्य कर महसुल छुट दिने आधारलाई सवै किसिमका उद्योगहरुमा समान रुपमा लागू गरेको हुँदा स्वदेशी श्रम र स्रोतको सदुपयोग गरी तुलनात्मक लाभ आर्जन गर्ने निकासीमूलक तथा प्राथमिकताप्राप्त उद्योगहरुको विकासमा अपेक्षित योगदान दिन सकेन ।

उत्पादनमूलक श्रम शक्तिको विकास, श्रमिकहरुमा औद्योगिक अनुशासन, पारिश्रमिक र उत्पादकत्ववीचको सम्वन्धको विकास हुननसकेकोले उद्योगको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि हुन सकेन । आर्थिक प्रतिष्ठानहरुमा श्रमिकहरुको प्रवेश र प्रस्थानमा श्रम ऐन र अन्य नीतिगत व्यवस्थाले उब्जाएका प्रक्रियागत समस्याहरुले गर्दा यसको असर उद्यमशीलताको विकासमा पर्न गएको छ । स्वदेशी उद्यमीहरुमा विदेशी श्रमिकहरुलाई प्रश्रय दिने प्रवृत्तिले गर्दा स्वदेशी रोजगारको विकासमा उत्साहवर्द्धक वृद्धि हुन सकेको छैन । साथै, निजी क्षेत्रका उद्यमहरुमा श्रमिक र व्यवसायिक पारदर्शिता खुला र प्रतिस्पर्धात्मक व्यावसायिक वातावरण अनुरुप उजागर हुनसकेको छैन ।

देशभित्र उत्पादन हुन सक्ने खनिज संञ्चिति सहित अन्य कच्चा पदार्थको पहिचान, प्रवर्द्धन, उत्पादन र आपूर्ति एवं स्थानीय सीपको प्रवर्द्धनात्मक कार्यक्रमहरुको अभावले गर्दा औद्योगिक विकास तुलनात्मक लाभ हुने क्षेत्रतर्फ उन्मुख हुन सकेको छैन । त्यसै गरी उत्पादित वस्तुको गुणस्तर वृद्धि, वस्तु विकास र डिजाइनमा सुधार गर्न निजी क्षेत्रमा प्रविधि हस्तान्तरण, अनुसन्धान र विकास, निजी प्रयोगशालाहरुको विस्तार र तद्नुरुपको जनशक्तिको विकास हुन सकेको छैन ।

औद्योगिक पुँजीको मागमा आएको विस्तारको अनुपातमा वित्तीय संस्थानहरुको पुँजीको आधारमा वृद्धि हुन नसक्दा वित्तीय संस्थानले न त माग अनुसारको पुँजी उद्योग क्षेत्रमा प्रवाह गर्न सकेका छन् न त पुँजीको लागत कम गर्न सकेका छन् । यसको पनि प्रत्यक्ष असर औद्योगिकरण र निजी क्षेत्रको लगानी विस्तारमा पर्न गएको छ ।

उपरोक्त समस्याहरुलाई दृटिगत गरी भौतिक पूर्वाधार, लगानी र अन्य आर्थिक पूर्वाधार, जनशक्ति विकास, कानुनी र नीतिगत ढाँचा, वैदेशिक व्यापार र क्षेत्रीय विकास जस्ता पक्षहरुलाई समन्वयात्मक ढङगवाट एक अर्काको परिपूरक हुने किसिमले विकास गरी नवौं योजनामा औद्योगीकरणको प्रक्रियालाई एक निश्चित दिशा दिनुपर्ने देखिन्छ ।

आठौं योजनामा देखा परेका समस्याहरु :

- औद्योगिक लगानी प्रवर्द्धन गर्ने तथा सुविधाको प्रत्याभूति दिलाउने संस्थाहरुको प्रभावकारिता न्यून रहेको ।
- औद्योगिक लगानीसँग सामञ्जस्य हुने राजस्व नीति अपर्याप्त रहेको ।

- औद्योगिक लगानी अनुकुल वित्तीय, आर्थिक र मौद्रिक नीतिको विकास हुन नसकेको ।
- उद्योग क्षेत्रमा दीर्घकालीन नीतिगत दृष्टिकोण नलिइएको ।
- नीतिगत अस्थिरता र अन्यौलको स्थिति रहेको ।
- सीप विकास, उद्यमशीलता-प्रविधि, बजार र पुँजीको प्राप्यता वीच अन्तर्सम्बन्ध विकसित नगराइएको ।
- जनशक्ति र औद्योगिक लगानीवीच तालमेल नभएको ।
- श्रम ऐनको उत्साह लगानीमुखी नभएको ।
- सरकार र निजी क्षेत्रबीच पत्यार सिर्जना हुन अझै वाँकी देखिएको ।
- खनिज सम्पदा र औद्योगिक लगानीवीच सूचनाको अभाव देखिएको ।

३. दीर्घकालीन अवधारणा

अवधारणा :

सन् २०१५ सम्म कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान दोव्वर गर्न (१० प्रतिशतवाट २० प्रतिशतमा पुऱ्याउन) तुलनात्मक लाभका क्षेत्रहरुमा प्रतिस्पर्धी क्षमता बढाइ निजी क्षेत्रको अहं भूमिका स्थापना गर्न आवश्यक स्रोत परिचालन गर्नुका साथै नीतिगत सामन्जस्य ल्याइ एकीकृत ढङगले दिगो औद्योगिक विकासका निम्ति दीर्घकालीन नीति प्रयोगमा ल्याउने ।

लक्ष्य :

- बजार, पुँजी, प्रविधिलाई लगानीको अंश बनाएर निजी क्षेत्रको विकासमा स्रोत परिचालन गरी उद्योग क्षेत्रलाई प्रतिस्पर्धी, स्वचालित, र बजारमुखी बनाउने ।
- स्थानीय कच्चा पदार्थ र जनशक्तिसँग उद्योगलाई आवद्ध गराइँ मूल्य अभिवृद्धिको स्थानीय अंश बढाउँदैलाने ।
- स्थानीय स्रोतलाई बजारको आवश्यकता अनुरुप बनाउन स्थानीय सीप र उद्यमशीलतालाई लघु उद्योगको क्षेत्रमा रुपान्तरित गर्दैलैजाने ।
- उत्पादकत्व अभिवृद्धि र वातावरणलाई आवद्ध गराई दिगो औद्योगिक विकासको धारणा अनुसार औद्योगिक वातावरण सिर्जना गर्ने ।

४. रणनीति

श्रम बजार विकास :

निजी क्षेत्रको नेतृत्वमा सञ्चालन हुने खुला प्रतिस्पर्धात्मक अर्थतन्त्रमा अनुशासित र दक्ष र जनशक्तिको आपूर्ति, श्रम बजारको विकास तथा कार्य दक्षताको आधारमा श्रमको मूल्य निर्धारण गर्न श्री ५ को सरकारले श्रम क्षेत्रका विभिन्न पक्षहरुको सिंहावलोकन गरी व्यवस्थित श्रम बजार, दक्ष श्रमिकलाई सरल र सुगम रोजगारी, श्रमिकहरुको सामाजिक र आर्थिक स्थिति न्यायपूर्ण हुने गरी तथा

उद्यमीहरुलाई उद्योग सञ्चालनमा अभिप्रेरित हुने गरी औद्योगिक प्रतिष्ठानहरुमा श्रमिक र उद्यमीहरुको प्रवेश र निवेश सरल हुने किसिमको नीति लागू गर्नेछ । साथै विस्थापित जनशक्तिको पुनः प्रशिक्षण दिने प्रविधिक प्रतिष्ठानहरु निजी र सरकारी क्षेत्रमा स्थापना गर्ने नीति पनि कार्यान्वयन गरिनेछ ।

जनशक्ति विकास :

उद्योग क्षेत्रको माग र आवश्यकता अनुसार सीप विकास तालिम सञ्चालन गरिनेछ । श्री ५ को सरकारका सबै किसिमका जनशक्ति प्रशिक्षण कार्यक्रमहरुलाई एकीकृत गरी रोजगारसँग आवद्ध गरिनेछ । निजी क्षेत्रलाई सीप विकास तथा व्यवस्थापन तालिममा लगानी गर्न सहुलियतका कार्यक्रमहरु ल्याइनेछ ।

आवश्यक कानुनी पूर्वाधार :

ग्राहस्थ्य दृष्टिले महत्वपूर्ण ठहरिएका रोजगारी प्रवर्द्धन, उत्पादनको आधार विस्तृत गर्ने, वस्तु विविधीकरण र स्वदेशी कच्चा पदार्थ र खानी सञ्चिति प्रशोधन गर्ने ग्राहस्थ्य उद्योगलाई संरक्षण दिने नीति श्री ५ को सरकारले कायमै राख्नेछ । त्यसै गरी पूर्वाधार विकास र क्षेत्रीय असन्तुलन घटाउनमा योगदान दिने औद्योगिक प्रतिष्ठानहरुलाई समेत श्री ५ को सरकारले यथोचित सुविधा र सहुलियत प्रदान गर्नेछ । स्वस्थ व्यावसायिक प्रतिस्पर्धा, उपभोक्ताको हित र ग्राहस्थ्य उद्योगको संरक्षणार्थ एकाधिकार तथा प्रतिस्पर्धा सम्वन्धी नीति anti dumping law and anti trust law तर्जुमा गरि कार्यान्वयन गर्नेछ । त्यसै गरी श्रम ऐन, करार ऐन, कम्पनी ऐन, विदेशी विनिमय ऐन, राजस्व र कर नीतिहरुलाई समयानुकुल र व्यावहारिक वनाइनेछ ।

पारदर्शिता :

श्री ५ को सरकारबाट अपनाइएको खुला बजार तथा स्वस्थ प्रतिस्पर्धात्मक व्यवस्थामा निजी क्षेत्रलाई अग्रणी नेतृत्व दिएपछि निजी क्षेत्रले पनि आर्थिक कारोवार र औद्योगिक प्रतिष्ठानहरुको सञ्चालनमा न्यूनतम पारदर्शिता देखाइ उत्तरदायित्व वहन गर्न आवश्यक हुने हुँदा सीमित दायित्व भएका कम्पनीहरुले आफ्नो आर्थिक कारोवार, रोजगारी, नाफा नोक्सानी सम्वन्धी विवरण अनिवार्य रुपमा श्री ५ को सरकार समक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था गरिनेछ । औद्योगिक इजाजत र दर्ता तथा अन्य औद्योगिक प्रशासन सम्वन्धी वर्तमान व्यवस्था लचिलो र सरल वनाइनेछ ।

वातारण तथा प्रदूषण नियन्त्रण :

औद्योगिक वातावरण प्रदूषण नियन्त्रण तथा औद्योगिक प्रतिष्ठान भित्र सुरक्षा स्वच्छता कायम गर्ने एवं मनिट्रिङ गर्न निजी क्षेत्र समेतको सहभागितामा मापदण्डहरु तयार गर्ने, मूल्याङ्कन विधिहरु तयार गर्ने र निष्पक्ष प्रयोगशालाहरुवाट परीक्षण तथा अनुगमन (Monitoring) गर्ने कार्यनीतिहरु कार्यान्वयनमा गरिनेछ । स्वच्छ उत्पादन प्रविधिलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रमहरु समेत कार्यान्वयन गरिनेछ । प्रदूषण शुल्कको व्यवस्था लागू गरी वातावरण स्वच्छतालाई सहयोग पुऱ्याउने कार्यक्रमहरु थालिनेछन् ।

घरेलु तथा साना उद्योग प्रवर्द्धन :

घरेलु तथा साना उद्योगको निजी क्षेत्र आकर्षित नभएका क्षेत्रमा आर्थिक-प्राविधिक सहयोगको एकीकृत

कार्यक्रम पनि लागू गरिनेछ । घरेलु तथा साना उद्योगको प्रवर्द्धन हुने गरी ठूला ग्राहस्थ्य वा वहुग्राहस्थ्य उद्योगले आफ्नो उत्पादन प्रक्रियामा यस्ता उद्योगलाई सहभागी गराएमा कर सुविधा दिइने नीति लिइनेछ । स्वरोजगार सिर्जना हुने लघु उद्योग (microenterprises) को विकासको लागि व्यवस्थापन सीप तथा उद्यमी विकास तालिम र ऋण सुविधा सम्वन्धी विशेष व्यवस्था गरिनेछ । घरेलु तथा साना उद्योग विकास वैङ्कको क्रियाकलापमा विस्तार गर्न सहुलियत दरमा पुनर्लगानीको व्यवस्था गरिनेछ ।

खनिज अन्वेषण तथा विकास :

खनिज अन्वेषण भौगर्भिक अध्ययन तथा खनिज सञ्चितिको विकास कार्यलाई सुसङ्गठित र सुनियोजित ढङ्गवाट सञ्चालन गर्न विकसित प्रविधि तथा विदेशी लगानीलाई प्रोत्साहन दिइनेछ ।यसको लागि आवश्यक पर्ने पूर्वाधार सेवाको विकासमा श्री ५ को सरकार सहभागी हुनेछ । उपलब्ध खनिज सञ्चितिको उपयोग गरी सम्भाव्य उद्योगको विकास गर्न चाहिने प्रयोगशाला तथा लजिस्टिक सेवा लाई सुव्यवस्थित गर्दै लगिनेछ । विदेशी वहुग्राहस्थ्य कम्पनीहरुको सहयोगमा पेट्रोलियम तथा भूमिगत ग्याँसको भण्डारणलाई अन्वेषण र उपयोग गर्न लाभ लागतको आधारमा विशेष नीति तर्जुमा गरिनेछ ।

उत्पादकत्व तथा प्रविधि हस्तान्तरण :

उत्पादकत्व वृद्धि तथा प्रभावकारी प्रविधि हस्तान्तरणबाट हुने लगानीमा कर सहुलियत दिनुकोसाथै आन्तरिक उत्पादकत्व र प्रविधि विकासमा गरिने अध्ययन र अनुसन्धानमा पूर्व स्वीकृत योजनाको लागि आर्थिक र प्राविधिक सहयोग दिइनेछ । साथै, यस्तो कार्यमा सरकारी तथा निजी क्षेत्रवाट संयुक्त कार्यक्रम कार्यान्वयन गरिनेछ ।

त्यसै गरी नीजी क्षेत्रका अनुसन्धानमूलक प्रतिष्ठानहरु एवं प्रयोगशालाहरुको विस्तारको लागि श्री ५ को सरकार र औद्योगिक संघ-सङगठनहरुका संयुक्त सहयोगलाई प्राथमिकता दिई यस्ता प्रयोगशालाहरुको स्तर र विश्वसनीयताको मूल्याङकनको आधारमा आर्थिक र प्राविधिक सहयोग श्री ५ को सरकारले उपलब्ध गराउने र विदेशी संस्थाहरुसँग यिनीहरुको सम्वन्धनलाई विशेष जोड दिइनेछ ।

श्री ५ को सरकारले प्रविधि हस्तान्तरण र स्थानीय प्रविधिको विकासको लागि खासगरी कम्प्यूटर र सफ्टवेयर तथा सञ्चार प्रविधि विकासको लागि निजी क्षेत्र सम्मिलित गराई टेक्नोलोजी पार्क र प्रविधि हस्तान्तरण तथा विकास केन्द्रको स्थापना गर्नेछ ।

गुणस्तर :

खाद्य वस्तु तथा जनस्वास्थ्य सम्वन्धी औद्योगिक उत्पादनमा अन्तर्राष्ट्रिय गुणस्तर सम्वन्धी मापदण्डहरुलाई कडाइका साथ कार्यान्वयन गर्न कानुनी प्रावधानको व्यवस्था गरिनेछ । उच्च गुणस्तर तथा मूल्यका वस्तुहरुको निकासीमा श्री ५ को सरकारले उचित प्रोत्साहन दिनुको साथै स्वदेशमा उत्पादन भई वितरण हुने वस्तुहरुको प्याकिङमा गुणस्तर सम्वन्धी आवश्यक विवरण अनिवार्य रुपमा राख्ने व्यवस्था गरिनेछ ।

प्रवर्द्धन गरिने उद्योगहरु :

उद्योग तथा खानीक्षेत्रको विकासको लागि दीर्घकालीन योजना अवधिमा निम्न उद्योगहरुको विस्तार एवं

प्रवर्द्धनको लागि आवश्यक टेवा र जोड दिइनेछ ।

- जलशक्ति उत्पादन
- पर्यटन व्यवसायमा आधारित उद्योगहरु
- ऊर्जामूलक उद्योग
- कम्प्यूटर सफ्टवेयर
- स्थानीय अधातु खानीमा आधारित उद्योगहरु
- कृषि पैदावारमा आधारित उद्योगहरु
- वन क्षेत्रको व्यावसायीकरण
- छालामा आधारित उद्योगहरु
- वित्तीय सेवा
- सेरिकल्चर, फ्लोरिकल्चर

नवौं योजना

विगतका योजनाकाल देखिनै रोजगारीका अवसर सिर्जना गर्ने, निकासी क्षेत्रको दिगो विकास गर्दै ग्राहस्थ्य अर्थतन्त्रमा योगदान दिने गरी उद्योग क्षेत्रको विस्तार गर्न प्राथमिकता दिदै आएता पनि ग्राहस्थ्य अर्थतन्त्रमा यसले अपेक्षित योगदान दिन सकेको छैन । स्वदेशमा उपलब्ध स्रोत र साधनको अत्यधिक उपयोग गर्दै उत्पादन र बजारको विविधीकरणद्वारा ग्राहस्थ्य अर्थतन्त्रमा गुणनात्मक असर (multiplier effect) सिर्जना गर्न अपेक्षित रुपमा उद्योग क्षेत्र सक्षम भइसकेको छैन । देशको भू-राजनैतिक अवस्थिति, भौगर्भिक संरचना, उत्पादक स्रोतहरुको कमी र अदक्ष मानवीय साधनको कारणले उद्योगको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमतामा अपेक्षित विकास हुन सकेको छैन ।

खुल्ला एवं उदार अर्थसंरचनालाई नीतिगत टेवा दिन औद्योगिक नीति र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति कार्यान्वयनमा ल्याइए तापनि कार्यान्वयन तहमा निर्दिष्ट संस्थाहरु प्रभावकारी हुन नसक्नु, लक्ष्य प्राप्ति तर्फ अन्तर निकाय समन्वय नहुनु, योजनाका प्राथमिकता र लगानीकाबीच तालमेल नहुनु र दह्रो प्रतिवद्धताका साथ निरन्तरता पाउन नसक्नु कारणहरुले गर्दा लक्ष्यअनुरुप प्रगति हुन सकेन । असल नीतिहरु पनि कार्यान्वयन तहमा देखिएका कमजोरीका कारणले प्रभावकारी हुन सकेनन् । त्यस्तै औद्योगिक लगानीलाई अनुकुल प्रभाव पार्ने अन्य क्षेत्रहरु खुल्ला हुन सकेनन् । साथै, औद्योगिक नीति र राजस्व नीतिमा प्रभावकारी सामञ्जस्यता हुन नसक्दा वचनवद्ध ढङगवाट निजी क्षेत्रको लगानीलाई उत्प्रेरित गर्ने मार्गमा केही कठिनाई देखियो । मुलुकको आर्थिक विकासको संवाहक उद्योग क्षेत्र हुँदा लगानीको मार्ग प्रसस्त गराउन निजी क्षेत्रलाई अगाडी नबढाई सम्भव छैन । त्यसकारण विगतका उपलब्धिहरुलाई समेट्दै र उदार तथा बजारमुखी अर्थतन्त्रका निम्ति चाहिने नीतिगत तथा संस्थागत हैसियत र क्षमता बढाई निजी क्षेत्रको विकास तर्फ केन्द्रित रहनु उद्योग क्षेत्रको विकासको पूर्वशर्त मानिएको छ । औद्योगिक लगानी, सुविधा र सहुलियत तथा उद्योग प्रशासनका विभिन्न पक्षहरुमा निजी क्षेत्रलाई सधाउन उद्योग मन्त्रालयले अग्रणी भूमिका खेल्नुपर्ने कुरा महसुस भइ आएको छ ।

उद्योग क्षेत्रलाई प्रशासनिक झै-झण्झटबाट मुक्त गर्न उदार र खुला अर्थसंरचना दर्ता र इजाजत

प्रक्रियाको सरलीकारण, औद्योगिक कच्चा पदार्थ र प्रविधि आयातमा सुगमता जस्ता व्यवस्थाहरुले लगानीकर्ताहरुले खुकुला अनुभव गरेको र स्वदेशी तथा विदेशी निजी लगानीको आयतनमा वृद्धि हुनु आठौं योजनाको उल्लेखनीय उपलब्धिहरु हुन् । तर, लक्ष्य अनुरुप रोजगारी बृद्धि हुन नसक्नु, निकासी उन्मुख उद्योगमा लगानी तथा निकासीको आयतनमा वृद्धि भई व्यापार सन्तुलनको स्थितिमा सुधार हुन नसक्नु, कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान उल्लेखनीय रुपमा वृद्धि नहुनुले उद्योग क्षेत्रका यी कमी कमजोरीलाई सुधार गर्दै यसमा हुने लगानी र यसवाट सिर्जना हुने रोजगारीमा वृद्धि गराउनु अत्यावश्यक भै सकेको छ ।

त्यसैले नवौं योजनामा निजी क्षेत्रलाई आर्थिक विकासको संवाहक मानी स्वदेशी तथा विदेशी औद्योगिक लगानी प्रवर्द्धन गर्दै ग्राहस्थ्य अर्थतन्त्रको विकासमा उद्योग तथा खानी क्षेत्रको योगदान वढाउन श्री ५ को सरकारले सबल प्रवर्द्धक एवं सहयोगीको भूमिका निर्वाह गर्नेछ । त्यसैगरी औद्योगिक प्रवर्द्धनको निमित्त आवश्यक यातायात, विद्युत्, सञ्चार जस्ता पूर्वाधारको विकास गरी कम लागतको अर्थ व्यवस्थाको संरचनामा जोड दिइनेछ ।

५. उद्देश्य

- नीजी क्षेत्रलाई आवश्यक प्रोत्साहन र सहयोगको माध्यमवाट औद्योगिक उत्पादन र आन्तरिक तथा विदेशी बजारको विविधीकरण र विस्तार गरी ग्राहस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदानमा अभिवृद्धि गर्ने ।
- तुलनात्मक लाभ हुने वस्तुहरु तथा अन्य प्रतिस्पर्धी क्षमता भएका वस्तुहरुको पहिचान गरी निकासीजन्य र पैठारीमूलक वस्तुहरुको उत्पादन वृद्धि गरी विदेशी मुद्राको आय र संञ्चितिमा वृद्धि गर्ने ।
- स्वदेशी कच्चा पदार्थ र खानी संचितिहरुको प्रशोधनलाई बढावा दिन आवश्यक पूर्वाधार र सहयोग जुटाई यस्ता प्रशोधित वस्तुको उत्पादनमा वृद्धि गर्ने ।
- साना तथा घरेलु व्यवसायहरुको माध्यमवाट ग्रामीण क्षेत्रमा गैर कृषि रोजगार सिर्जना गरी ग्रामीण जनताको आय र क्रयशक्ति वृद्धि गर्ने ।

६. लक्ष्य

आर्थिक वृद्धिदर वार्षिक ६ प्रतिशतले बढाउन गर्न औद्योगिक उत्पादन ११ प्रतिशत देखि १५ प्रतिशतका दरले दिगो रुपमा वढाउँदै लानु पर्ने देखिन्छ । यसका निम्ति वचतदरलाइ १७ प्रतिशतमा पुऱ्याउनु पर्ने र लगानीलाई कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशतमा पुऱ्याउनु पर्ने हुन्छ । आन्तरिक औद्योगिक लगानी २ अर्व र वैदेशिक लगानी ५ अर्व गरी वार्षिक ७ अर्वका दरले नवौं योजना अवधिमा कुल ३५ अर्व लगानी हुने अनुमान छ । यसले थप ३,५०,००० रोजगार सिर्जना हुने अनुमान गरिएको छ ।

वार्षिक सरदर १३ प्रतिशतका दरले औद्योगिक बृद्धि दर हुँदा नवौं योजनाअवधिको अन्त्यमा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १४ प्रतिशतसम्म पुग्ने लक्ष्य राखिएको छ ।

७. नीति

- अन्य आर्थिक क्षेत्रहरु कृषि, वन, खानी आदिको व्यवसायीकरण गर्ने र ती क्षेत्रहरुको सम्वन्ध उद्योग क्षेत्रसँग गराई औद्योगिक उत्पादनमा विस्तार र विविधीकरण गर्ने ।

- विदेशी लगानीलाई तुलनात्मक लाभ भएका क्षेत्रहरुमा हुने गरी प्रोत्साहन गर्ने ।
- उद्योगमा निजी क्षेत्रको अग्रसरता बढाउन विद्यमान औद्योगिक प्रशासन सम्वन्धी व्यवस्था, श्रम ऐन, करार ऐन, कम्पनी ऐन, विदेशी विनिमय ऐन, राजस्व र कर नीतिहरुलाई समयानुकुल र व्यावहारिक वनाउने । साथै औद्योगिक व्यवसाय ऐनमा स्पष्ट नभएका विषयहरुलाई स्पष्ट गरी पारदर्शी बनाउने ।
- सरकारी क्षेत्रका उद्योग, आर्थिक र अनुसन्धानमूलक संस्थानहरु उचित प्रक्रियाद्वारा निजीकरण गर्ने । निजी क्षेत्रको प्रवर्द्धनमा सहायक भइरहेका सार्वजनिक संस्थाहरुलाई सुदृढ वनाइ तिनको कार्यक्षेत्रलाई विस्तार गर्ने ।
- एकद्वार प्रणालीलाई वढी क्रियाशील र सुदृढ वनाइ यसको कार्यक्षेत्र अन्तरगत निजी क्षेत्रलाई पूर्वाधार सेवा समेत उपलब्ध गराउने तर्फ उन्मुख गर्ने ।
- घरेलु तथा साना उद्योगलाई आवश्यक प्राविधिक र टेवा सम्वन्धी एकीकृत कार्यक्रमको माध्यमवाट विस्तार र विकास गर्ने ।
- अधिराज्यका भौतिक पूर्वाधार सेवा पुगिसकेको केही क्षेत्रहरुलाई विशेष औद्योगिक क्षेत्र (special industrial zone) घोषित गरी निजी क्षेत्रको सहयोगमा थप पूर्वाधार सेवा जुटाइ औद्योगिक गतिविधिलाई प्रोत्साहित गर्ने ।
- उद्योगहरुलाई पुँजीको प्राप्तिमा सुगमता ल्याउन स्वदेशी वित्तीय संस्थानहरुमा विदेशी वित्तीय संस्थानहरुको समेत पुँजीको प्रवाह गराएर पुँजीको आधार वृद्धि गर्ने र वित्तीय संस्थानहरुको लगानीलाई उद्योग उन्मुख वनाउने ।
- वस्तुगत औद्योगिक ग्राम, टेक्नोलोजी पार्क र निकासी प्रशोधन क्षेत्र सम्वन्धी नीतिगत व्यवस्थाको माध्यमवाट उच्च गुणस्तरका निकासीमूलक वस्तुहरुको उत्पादन गर्ने ।
- प्राविधिक दक्षता र सीपको मागको आधारमा जनशक्तिको वर्गीकरण गरी प्राथमिकता प्राप्त जनशक्ति उत्पादन गर्न निजी क्षेत्रका प्रशिक्षण प्रतिष्ठानहरुलाई आवश्यक सहयोग, सुविधा सहुलियत उपलब्ध गराउने ।
- ग्राहस्थ्य उद्योग, उपभोक्ता र साना उद्योगहरुको हितको संरक्षणार्थ anti dumping, anti trust / monopoly and restrictive trade practices, fair trading नीति debt-settlement tribunal जस्ता ऐन र नीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- औद्योगीकरणबाट वातावरणमा हुने नकारात्मक असरलाई न्यून गरी स्वच्छ उत्पादन प्रविधिलाइ प्रोत्साहन गर्ने ।

८. कार्यक्रम

उद्योग क्षेत्र अन्तर्गत हाल चालू रहेका अधिकांशमा योजनाहरु चालू रहनेछन् । नवौं योजना अवधिमा योजनाले निर्दिष्ट गरेका उद्देश्य हासिल गर्न निम्न योजना सञ्चालन गरिनेछन् ।

औद्योगिक योजना तथ्याङ्क तथा अनुगमन आयोजना :

औद्योगिक सम्भाव्यता अध्ययन एवं बजार अध्ययन गरी उत्पादन, उत्पादकत्व र गुणस्तर प्रवर्द्धन र प्रोजेक्ट प्रोफाइल तयारी जस्ता कार्य सम्पन्न गरिनेछ । अधिराज्यका मुख्य १० वटा शहरी क्षेत्र र छिमेकी राष्ट्रका ६ वटा नगरको आवश्यकता अध्ययन गरी विक्री प्रवर्द्धन रणनीति तयार गरिनेछ ।

योजना अवधिमा २० वटा जिल्लामा विद्यमान स्रोतको आधारमा सम्भाव्य उद्योग क्षेत्र पहिचान गरिनेछ । १०० वटा परियोजनाको विवरण (प्रोफाइल) तथा विदेशी लगानी प्रवर्द्धनका लागि पुस्तिका तयार गरी स्वदेशी एवं विदेशी लगानीकर्ताका लागि वितरण गरिनेछ । औद्योगिक तथ्याङ्क सङ्कलन र अनुगमन कार्य गरी औद्योगिक तथ्याङ्क प्रकाशन र ट्रेडमार्क डाइरेक्टरी प्रकाशन गरिनेछ ।

प्रविधि हस्तान्तरण तथा विकास आयोजना :

उद्यमीहरुलाई प्राविधिक तालिम उपलब्ध गराउने, उपयुक्त प्रविधि पहिचान गरी हस्तान्तरण गर्ने, अधिराज्यका विभिन्न जिल्लामा प्रविधि पसल (Technology shop) खोल्ने जस्ता कार्य गर्ने लक्ष्य राखिएको छ ।

टेक्नोलोजी पार्क आयोजना :

सूचना प्रविधि सम्वन्धी आवश्यकता अध्ययन गरी पूर्वाधार विकास गर्ने र सूचना प्रविधि विकासको लागि निजी क्षेत्रसँग संयुक्त रुपमा कार्य गरी सफ्टवेयर उत्पादन र निकासीमा सहयोग गर्ने लक्ष्य

लिइएको छ । यसका निम्ति VSAT सञ्चालन र वितरण तथा औद्योगिक सम्पत्ति कानुन जस्ता पूर्वाधारहरुको विकास गरिनेछ ।

घरेलु तथा साना उद्योग कार्यक्रम :

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा विस्तारका निमित्त योजना अवधिमा एक लाख जनालाई विभिन्न आयमूलक विषयहरुमा बजारमूलक सीप विकास कार्यक्रम प्रदान गर्ने, सीप विकास कार्यक्रम बजारमूलक बनाउन बजारको अध्ययन गरिने र यस्ता कार्यक्रमका पाठ्यक्रममा उद्यमशीलता र व्यवस्थापन विषय समावेश गरिने, एकीकृत ग्रामीण उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरी ग्रामीण क्षेत्रमा १२ हजार जनालाई उद्योग सिर्जना तथा विकास गर्न अभिप्रेरित गरिने, दुई लाख जनालाई थप रोजगारीका अवसर उपलब्ध गराउने, कुल गार्हस्थ्य उत्पादनमा घरेलु तथा साना उद्योग क्षेत्रको योगदान समानुपातिक ढङगले बढाउँदै लाने, तथा घरेलु तथा साना उद्यमहरुलाई टेवा सेवा पुऱ्याउने गरी आवश्यक विस्तार सेवाको व्यवस्था गर्ने लक्ष्य राखिएका छन् ।

खानी तथा भूगर्भ कार्यक्रम :

खानी तथा भूगर्भ विभाग अन्तर्गत खनिज अन्वेषण तथा विकास, भूवैज्ञानिक सर्भेक्षण तथा अन्वेषण आयोजना, ग्राहस्थ्य भूकम्प मापन केन्द्र, पेट्रोलियम अन्वेषण आयोजना, सञ्चालन गरिनेछन् ।

पेट्रोलियम अन्वेषण परियोजना :

देशमा विद्यमान खनिज तेलको सङ्कटलाई दृष्टिगत गरी नेपाल अधिराज्यको चुरे तथा तराईका विभिन्न भागमा पेट्रोलियम अन्वेषण तथा प्रवर्द्धनको लागि वैदेशिक स्रोत र साधनवाट थप भौगर्भिक तथा भू-भौतिकी कार्यहरु क्रमवद्ध रुपमा सञ्चालन गरी तेल तथा प्राकृतिक ग्याँसको भण्डार पहिल्याउने तर्फ प्रयास गरिने उद्देश्य रहेको छ । पेट्रोलियम अन्वेषणको क्रममा सोर्स, सिल र रिजरभ्वायर रहेको स्टडीको लागि जियोलजिकल सेक्सन मेजरमेण्ट तथा पेट्रोजियोकेमिकल स्याम्पलिङ्ग कार्य जारी राखिनुको साथै भू-सतह मुनि रहेका चट्टानहरुको भौगर्भिक बनोट तथा पेट्रोलियम पदार्थको लागि सम्भाव्य स्थल पत्ता लगाउन ग्राभिटी सर्भे कार्य गर्दै जाने कार्यक्रम रहेको छ ।

नेपाल गुणस्तर तथा नापतौल आयोजना :

विभिन्न वस्तु पदार्थ, सेवाको गुणस्तर निर्धारण तथा निर्धारित गुणस्तरमा संशोधन गरिने नेपाल गुणस्तर अनुरुप उत्पादित पदार्थ र सेवामा गुणस्तर प्रमाणीकरण गरी निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ र सेवाको उत्पादन विक्री वितरणमा निरीक्षण, सुपरिवेक्षण गरिने, मेट्रोलोजी प्रयोगशालाको लागि भौतिक व्यवस्था गर्ने, निकासी अग्रिम जाँच तथा पैठारी सम्वन्धी व्यवस्था गर्ने, १० उद्योगको गुणस्तर अभिवृद्धि गरी उत्पादकत्व स्तर उकास्न आवश्यक अनुसन्धान तथा विकास गर्ने, औद्योगिक इञ्जीनीयरिङ तथा केमिकल मेट्रोलोजी सम्वन्धी कार्य गर्ने, गुणस्तर सम्वन्धी प्रवर्द्धन कार्य गर्ने, गुणस्तर सम्वन्धी आँकडा आधार (Data Base) तयार गर्ने, खेप प्रमाणीकरण गर्ने, प्रयोगशाला विस्तार तथा साझा प्रयोगशाला स्थापनाको अवधारणालाई साना उद्यमीहरुमा प्रवर्द्धन गर्ने तथा प्राविधिक सहयोग गर्ने कार्यक्रम राखिएको छ ।

उत्पादकत्व प्रवर्द्धन आयोजना :

उत्पादकत्व विकासका लागि प्रोत्साहन गर्न उत्पादकत्व पुरस्कारको व्यवस्था उत्पादकत्व चेतना कार्यक्रम, परामर्श सेवा, गोष्ठी, तालिम, प्रचार-प्रसार, प्रकाशन र ग्राहस्थ्य उत्पादकत्व परिषद् सचिवालय एवं APO को सम्पर्क कार्यहरु गरिनेछन् ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (साना व्यवसाय प्रवर्द्धन आयोजना) :

उद्यमी विकास तालिम, प्रशिक्षकको लागि प्रशिक्षण, परामर्श सेवा, व्यवस्थापन सुधार तालिम, प्राविधिक सूचना उपलब्ध गराउने, उद्यमशीलता सम्वन्धी अनुसन्धान जस्ता कार्य गर्ने लक्ष्य राखिएको छ ।

औद्योगिक प्रदूषण नियन्त्रण आयोजना :

औद्योगीकरणबाट वातावरण पर्ने प्रभाव न्यून गर्न उद्योगहरुको उप-क्षेत्रगत रुपमा निष्कासन स्तरहरु विकास गर्ने, नयाँ प्रस्तावित उद्योगहरु प्रदूषण गर्ने खालका भएमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको विधि अपनाइ न्यूनतम प्रदूषण हुने गरी सञ्चालन गर्ने । सञ्चालन हुने र भइरहेका उद्योगहरुलाई प्रदूषण सम्वन्धी प्रमाणपत्र प्रदान गर्ने, नियन्त्रण आदेश जारी गर्ने र मापदण्ड र शर्तहरु पालना गर्न लगाउने, उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धिको साथै वातावरणमा पर्ने नकारात्मक असर न्यून गर्न स्वच्छ उत्पादन विधि प्रवर्द्धन गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

लघु व्यवसाय विकास कार्यक्रम :

अधिराज्यका तराइका ५ र पहाडका ५ गरी जम्मा १० जिल्लामा लघु व्यवसाय सिर्जना र विकास कार्यक्रम सञ्चालन गरी कुल ७,००० नयाँ लघु व्यवसाय स्थापना गरिने कार्यक्रम रहेको छ । यो कार्यक्रम UNDP को सहयोगमा सञ्चालन गरिनेछ ।

उद्योग क्षेत्रको दीर्घकालीन योजना तर्जुमा कार्यक्रम :

आगामी २५ वर्षको उद्योग क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गरी सोही अनुसार औद्योगिक विकास रणनीति तर्जुमा गर्ने कार्य गरिनेछ । यो कार्यक्रम UNDP को सहयोगमा सञ्चालन गरिनेछ ।

औद्योगिक ऊर्जा व्यवस्थापन आयोजना :

औद्योगिक ऊर्जा व्यवस्थापन सन्दर्भमा होटेल लाइटिङ र रिट्रोफिट डिजाइनको कार्य, इण्डष्ट्रियल लोड म्यानेजमेण्ट एण्ड फर्नेश एण्ड किल्न एफिसिएन्सी सुधार कार्य, व्वाइलर एण्ड स्टिम सिस्टम इफिसिएन्सी इम्प्रुभमेण्ट, नेपाल इनर्जी कन्जरभेसन सेन्टर स्थापना र सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

नवौं योजनाको उद्योग तथा खानी क्षेत्रको अपेक्षित नतीजा (क) नीतिगत सुधार (ख) संस्थागत सुदृढीकरण (ग) कार्यक्रम अनुसार विनियोजन, र (घ) कार्यान्वयन एकाइको क्रियाशीलतामा भर पर्ने हुँदा यसलाइ समन्वित र एकीकृत रुपमा हेरिनु पर्छ । प्रस्तावित लक्ष्य महत्वाकांक्षी होइन, व्यावहारिक नै छ । खास गरी नेपाल-भारत व्यापार तथा पारवहन संन्धीको परिप्रेक्षमा नेपालको औद्योगिक उत्पादन भारतीय बजारमा लोकप्रिय वनाउने दृष्टिकोणले प्रवर्द्धनात्मक कार्यक्रम थालिने हो भने अपेक्षित नतीजाको प्रभावकारीता देखा पर्छ ।

११.२ वाणिज्य तथा बैदेशिक ब्यापार

१. पृष्ठभूमि

नेपालको आर्थिक विकासको सन्दर्भमा वाणिज्य क्षेत्रको योगदान महत्वपूर्ण रहि आएको छ । योजनावद्ध विकासको थालनी भएपछि बैदेशिक ब्यापारमा तीव्रता ल्याउने उद्देश्यले विभिन्न नीति तथा कार्यक्रमहरु सञ्चालन गरिए । मूलतः वाणिज्य क्षेत्रलाई उदार, प्रतिस्पर्धात्मक एवं बजारमुखी बनाउने नीतिअनुरुप २०४९ सालमा नयाँ वाणिज्य नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । आठौं योजनाको सुरुका वर्षहरुमा नै नेपाल-भारतबीच ब्यापार सन्धि तथा अनधिकृत ब्यापार नियन्त्रणसम्बन्धी सम्झौताहरुको नबीकरण तथा तिनमा व्यापक संशोधनहरु गरिए । अन्तर्राष्ट्रिय ब्यापारमा बस्तुहरुको प्रभावकारी परिचालन एवं ढुवानी लागतमा कमी ल्याउने र बैदेशिक ब्यापार एवं पारवहनसम्बन्धी प्रक्रियालाई सरल एवं छरितो बनाई यस कार्यमा संलग्न निकायहरुको दक्षता अभिबृद्धि गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय विकास संस्था (IDA) को सहयोगमा नेपाल मल्टिमोडल ट्रान्जिट तथा ट्रेड फेसिलिटेशन आयोजना सञ्चालन गर्ने सहमति आठौं योजनाको अन्तिम वर्षमा भयो । यति हुँदाहुँदै पनि निर्यात ब्यापारको क्षेत्रमा खास सुधार हुन सकेन । आठौं योजना अवधिमा कुल ब्यापारको आयतनमा बृद्धि भए तापनि निर्यात गार्हस्थ उत्पादन अनुपात (export GDP ratio) मा सुधार हुन सकेको छैन । अर्कोतर्फ, आयात गार्हस्थ उत्पादन अनुपात (import GDP ratio) मा बृद्धि भैरहेको छ भने ब्यापार स्थिति (terms of trade) पनि नेपालको पक्षमा नरहेको तथ्यांकहरुले देखाउँछन् । भारतलाई छोडेर दक्षिण एसियाका सबै राष्ट्रहरुभन्दा कम निर्यात गहनता (export intensity) नेपालमा रहेको पाइएको छ ।

आठौं योजना अवधिमा वाणिज्य क्षेत्रमा देखापरेका प्रमुख समस्याहरुमा निर्यातयोग्य बस्तुहरुको उत्पादनमा बिबिधीकरण नहुनु नै हो । बस्तु निर्यातबाट आर्जन हुने कुल विदेशी मुद्राको ९० प्रतिशत आर्जन सातवटा (गलैंचा, तयारी पोशाक, रुमाल, हस्तकलाका सामान, ऊन र ऊनबाट निर्मित बस्तु, सुन र चाँदीबाट बनेका बस्तु र कागज र कागजबाट बनेका बस्तुहरु) बस्तु निर्यातबाट मात्र हुने गरेको छ । यी बस्तुहरुमध्ये कतिपय बस्तुहरुको गुणस्तरमा बृद्धि हुन सकेको छैन भने तयारी पोशाक निर्यातमा पनि स्थायित्व आउन सकेको छैन । बजार बिबिधीकरण हुन नसक्नु नेपाली अर्थतन्त्रका लागि अर्को प्रमुख चुनौती हो ।

निर्यातबाट आर्जन हुने कुल विदेशी मुद्राको ८० प्रतिशत संयुक्त राज्य अमेरिका, जर्मनी र स्विटजरल्याण्डबाट मात्र प्राप्त हुन्छ । देशगत तथा बस्तुगत बिबिधीकरण हुन नसकेकाले यी बस्तुहरुको निर्यातमा दिगोपना हासिल हुन सकेको छैन । नेपालबाट निर्यात हुनसक्ने कृषिउपजहरुको उत्पादनमा कमी, गुणस्तर परीक्षणको अभाव, सानो परिमाण, उच्च मूल्य भएका बस्तुहरु उत्पादन हुन नसक्नु जस्ता कतिपय कारणले परम्परागतरुपमा निर्यात हुँदै आएका कृषिजन्य बस्तुहरुको निर्यातमा ह्रास आएको छ । कृषिजन्य बस्तुको आयातलाई प्रतिस्थापन गरी निर्यात बृद्धि गर्नु नेपालका लागि थप प्रमुख चुनौती हो ।

२. आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा वाणिज्य क्षेत्रलाई उदार, प्रतिस्पर्धात्मक एवं बजारमुखी बनाउने नीतिअनुरुप २०४९ सालमा नयाँ वाणिज्य नीति तर्जुमा गरी कार्यान्वयन गरियो । यस नीतिका प्रमुख उद्देश्य खुला तथा उदार वातावरणको सिर्जनाद्धारा निजी क्षेत्रको बढ्दो सहभागिताबाट आन्तरिक तथा अन्तर्राष्ट्रिय ब्यापार अभिबृद्धि गर्ने, निकासी ब्यापारलाई प्रतिस्पर्धात्मक तथा दिगोरुपमा बढाउन पृष्ठ आर्थिक सम्बन्धहरु (backward linkage) लाई बढावा दिई नयाँ निकासीयोग्य बस्तुहरुको पहिचान, विकास

तथा उत्पादन गरी व्यापार बिबिधीकरण गर्ने, व्यापार असन्तुलनलाई क्रमशः कम गर्दै दिगोरुपमा व्यापार विस्तारगर्ने, रोजगारमूलक व्यापार विस्तार गरी यस क्षेत्रको सामञ्जस्यतालाई अन्य क्षेत्रसँग आबद्ध गर्ने रहेको थियो । यी उद्देश्यहरुको परिपूर्तिका लागि व्यापार नीति, निकासी नीति, पैठारी नीति, विदेशी विनिमय व्यवस्था नीति एवं आन्तरिक व्यापार नीति समेत तर्जुमा भए । यस अतिरिक्त निर्यात कार्यमा संलग्न विभिन्न निकायहरुबीच समन्वय कायम गर्ने उद्देश्यले निजी क्षेत्रको बाहुल्य रहेको वाणिज्य परिषद् पनि गठन भयो ।

योजना अवधिमा मौद्रिक तथा विनिमय व्यवस्थाअन्तर्गत बस्तु र सेवा निकासीबाट आर्जित परिवर्त्य विदेशी मुद्रा नेपाली मुद्राको विनिमयसँग पूर्ण परिबर्त्य गरियो । निकासीबाट आर्जित रकमलाई करमुक्त गरिनुका साथै निकासीयोग्य सामान उत्पादन गर्न आवश्यक कच्चा पदार्थहरुको पैठारीमा लाग्ने भन्सार निकासीको आधारमा फिर्ता दिन (duty drawback system) लाई प्रभावकारी बनाउने प्रयासहरु भए । नेपाली मुद्राको चालू खातामा पूर्ण परिवर्त्यता भएपछि आयातका निम्ति प्रचलित बोलकबोल प्रथा खारेज गरी पैठारी खुला गरियो ।

बैदेशिक व्यापारमा विद्यमान असन्तुलन एवं विसंगतिहरुलाई हटाई निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले निर्यात प्रवर्द्धन कोषको स्थापना गरी निर्यात प्रवर्द्धनात्मक कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन समेत गर्न निजी क्षेत्रको बाहुल्यता रहने गरी निर्यात प्रवर्द्धन समिति गठन भयो र बस्तु विकास, बजार बिबिधीकरण, निकासी प्रोत्साहन तथा निकासीयोग्य बस्तुको गुणस्तर विकाससम्बन्धी कार्यक्रमहरु सञ्चालन भए । यसै सिलसिलामा निर्यात अभिबृद्धि गर्न तत्काल अवलम्वन गरिनुपर्ने कार्यहरुअन्तर्गत विभिन्न मित्रराष्ट्रहरुमा आयोजित मेलाहरुमा सहभागिताको लागि स्टल भाडामा उपलब्ध गराउने, झिण्डु प्रयोग गरी उत्पादित गलैंचामा जी.एस.पी. सुविधा उपलब्ध नगराउने, निकासी सेवा शुल्क ०.५ प्रतिशत मात्र लगाउने जस्ता कार्यक्रमहरु सञ्चालन गरिए ।

नेपाली अर्थतन्त्रमा नेपाल र भारतबीच परम्परादेखि चलिआएको व्यापारको महत्वपूर्ण स्थान छ । सन् १९९१ मा नेपाल-भारतबीच सम्पन्न व्यापार सन्धि तथा अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौताको म्याद समाप्त भएकोले योजना अवधिमा सो को नबीकरण हुनुका साथै यसमा व्यापक संशोधनहरु भए । नयाँ व्यवस्थाअनुसार व्यापार सन्धि ५ डिसेम्वर २००१ सम्मका लागि कायम रहने र तत्पश्चात् उक्त सन्धि ५।५ वर्षको लागि स्वतः नबीकरण हुँदै जाने, नेपालमा उत्पादित बस्तु भारत निकासी गर्दा ५० प्रतिशत बस्तुगत सम्मिश्रणको प्रावधान रहेकोमा सो प्रावधान हटाई उत्पत्तिको प्रमाणपत्रको आधारमा नेपाली बस्तुहरुले भारतीय बजारमा रियायती प्रवेश सुविधा पाउने, पहिले सातवटा बस्तु नकारात्मक सूचीमा रहेकोमा हालको व्यवस्थामा केवल मदिरा, परफ्युम तथा कस्मेटिक्स र चुरोट तथा तमाखु मात्र रहेको, नेपालमा उत्पादित बस्तुहरु भारत निकासी हुँदा अतिरिक्त महसुल लाग्ने प्रावधान हटाई भारतीय बस्तुले पाएसरहको छुट नेपाली बस्तुहरुले पाउने थप नयाँ व्यवस्था भएको छ ।

नेपाल-भारतबीच सम्पन्न पारवहन सन्धिमा भएको थप व्यवस्थाअनुसार समुद्रपारबाट आयातीत सामानहरु भारतीय बन्दरगाहमा आएपछि कन्टेनरमा शिपरले लगाएको (one-tie-lock) दुरुस्त भएमा भन्सार अधिकारीले जाँच नगरी छोड्ने व्यवस्था भएको छ । नेपालमा इनल्याण्ड कन्टेनर डिपोहरु (ICDs) खडा भएपछि पनि यो व्यवस्थालाई कायमै राख्ने र आवश्यकतानुसार सुधार गर्ने प्रावधानहरु समावेश गरिएका छन् । यी व्यवस्थाहरुबाट नेपालमा उत्पादित बस्तुहरु सोझै आउन र निकासी हुन सक्ने अवस्था कायम भएको छ ।

भारतबाट आयात भएका बस्तु ५० प्रतिशतभन्दा बढी अंश समावेश गरी नेपालमा तयार भएको बस्तु नेपालले तेस्रो मुलुकमा निकासी गर्न नपाउने र तेस्रो मुलुकबाट आयात भएका बस्तु ५० प्रतिशतभन्दा बढी अंश समावेश गरी नेपालमा तयार भएका बस्तु भारतमा निर्यात गर्न नपाइने व्यवस्था हटाइएको छ । तेस्रो मुलुकबाट आयात गरिएका सामानबाट नेपालमा बनेका बस्तु भारतमा रियायती प्रवेशको

आधारमा निर्यात गर्न पाइने व्यवस्थाहरुले नेपाल-भारतबीच सम्पन्न नयाँ सन्धिले भारतसँगको व्यापार घाटा कम हुने मात्र नभई तेस्रो मुलुकसँगको व्यापारमा समेत अनुकुल प्रभाव पर्ने अपेक्षा गर्न सकिने अवस्था उत्पन्न भएको छ ।

३. दीर्घकालीन अवधारणा

अवधारणा :

उच्च तथा दिगो आर्थिक वृद्धिदर हासिल गर्न वाणिज्य क्षेत्रको भूमिका प्रमुख रहने कुरा निर्विवाद छ । निर्यात व्यापार वृद्धिबाट नै औद्योगीकरण नीतिलाई सफलतापूर्वक कार्यान्वयन गर्न सकिने कुरामा दुईमत हुन सक्तैन । प्रजातन्त्रको पुर्नस्थापनापश्चात् अन्य राष्ट्रहरुझैं नेपालले पनि बहिर्मुखी औद्योगिक रणनीति (outward looking industrial strategy) अवलम्वन गरेको छ । तदनुरुप नेपालले अर्थतन्त्रमा विद्यमान नकारात्मक प्रवृत्तिलाई न्यून गर्दै मुलुकले संकल्प गरेअनुरुप प्रतिस्पर्धात्मक एवं बजारमुखी अर्थतन्त्रको माध्यमबाट व्यापार अभिवृद्धि गर्न दीर्घकालीन सोचाई राखी तदनुरुपका उद्देश्य एवं कार्यक्रमहरु सञ्चालन गर्ने अवधारणा लिइएको छ ।

लक्ष्य :

यस अवधिमा वाणिज्य क्षेत्रलाई पूर्ण प्रतिस्पर्धात्मक एवं बजारमुखी बनाई विश्वव्यापीकरण (globalisation) को प्रक्रियामा आबद्ध गर्ने लक्ष्य राखिएको छ । विश्व व्यापारमा नेपालको स्थान नगण्य रहेको हुँदा यस अवधिमा नेपालले विश्व व्यापारमा एक प्रतिशत हिस्सा हासिल गर्ने लक्ष्य निर्धारण गरेको छ । विश्वमा देखापरिरहेका हालका प्रतिस्पर्धात्मक तथा बजारमुखी अर्थव्यवस्थाले गर्दा नेपालले आगामी दिनहरुमा उत्पादनको आधार फराकिलो पार्दै तुलनात्मक लाभ हुने बस्तुहरुको उत्पादनमा बैशिष्ठ्यता हासिल गरी निर्यात व्यापारमा वृद्धि गर्नुपर्ने हुन्छ । यसको लागि उत्पादन कार्यमा संलग्न निकायहरुबीच समन्वयात्मकरुपले कार्यक्रम तर्जुमा गरी आगामी वर्षहरुमा कार्यान्वयन गरिनेछन् । खुला विश्व बजारबाट लाभ हासिल गर्ने उद्देश्यअनुरुप दीर्घकालीन उद्योग, कृषि तथा वन योजनाहरु तदारुकताका साथ कार्यान्वयन गरी कम वजन र बढी मूल्य पर्ने बस्तुहरु उत्पादन गरी निर्यात गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

विद्यमान व्यापार घाटालाई न्यून गर्दै सन् २०१५ सम्ममा बैदेशिक व्यापार स्थिति (terms of trade) नेपालको पक्षमा ल्याइने लक्ष्य राखिएको छ । आगामी सन् २०१५ सम्ममा दक्षिण एसियाली क्षेत्रीय सहयोग सँगठनका राष्ट्रहरुबीच स्वतन्त्र व्यापार हुने र विश्व व्यापार सँगठन (WTO) मा सदस्यता प्राप्त गरिसकेपछि विश्व व्यापार प्रतिस्पर्धामा सञ्चालन हुनेछ । यसको तयारीका रुपमा पूर्वाधार निर्माण तथा विस्तारमा यथेष्ट ध्यान दिदै निर्यात व्यापार अभिवृद्धि गर्न त्यसअनुरुपका कार्यक्रमहरु सञ्चालन गरिने लक्ष्य रहेको छ ।

नेपालको बैदेशिक व्यापारमा छिमेकी मुलुक भारतसँगको व्यापारमा महत्वपूर्ण हिस्सा रहिआएको छ । भारतीय उत्पादनसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न सकेमा नेपालको लागि भारतको विशाल बजार प्राप्त हुने सम्भावना रहेको छ । यसको लागि कृषिमा आधारित वा सकेसम्म नेपालमै कच्चापदार्थ उपलब्ध हुन सक्ने खालका उद्योग को स्थापना र विस्तारमा जोड दिई समन्वयात्मक रुपमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

रणनीति :

आर्थिक विकासको दरलाई उच्च र स्थायित्व प्रदान गर्न वाणिज्य क्षेत्रको प्रमुख भूमिका रहने हुँदा यस अवधिमा वाणिज्य क्षेत्रलाई पूर्णरुपमा, उदार, प्रतिस्पर्धात्मक एवं बजारमुखी बनाइनेछ ।

निर्यात अभिबृद्धि गर्न र गुणस्तरयुक्त बस्तुहरुको आपूर्ति व्यवस्था गर्न उद्योग, व्यापार, कृषि तथा अन्य आर्थिक क्षेत्रहरुबीच अन्तरसम्बन्ध कायम गरिनुका साथै आधुनिक प्रविधि एवं व्यवस्थापनलाई नेपालभित्र सरलरुपमा प्रवाह गराउने नीति अवलम्वन गरिनेछ ।

निर्यात व्यापारलाई अभिबृद्धि गर्न आवश्यक संस्थागत व्यवस्था र सूचना प्रणालीमा सुधार गरी निर्यातकर्ताहरुलाई सक्षम बनाई अन्तर्राष्ट्रिय बजार स्थितिबारे जानकारी गराइनेछ ।

यस अवधिमा नेपाली मुद्रालाई पूर्ण परिवर्त्यता प्रदान गरिनेछ र सो कार्यका लागि मौद्रिक तथा विनिमय नीतिहरुमा आवश्यक सुधार गरिनेछ ।

नेपालले आगामी दिनहरुमा विश्व व्यापार संगठन (WTO) को सदस्यता लिने र सन् २००१ मा दक्षिण एसियाली राष्ट्रहरुले दक्षिण एसियाली स्वतन्त्र व्यापार व्यवस्था (SAFTA) कार्यान्वयन गर्ने हुँदा यसबाट अधिकतम लाभ हासिल गर्नको लागि आवश्यक पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ ।

नवौं योजना

नेपालले उच्च तथा दिगो आर्थिक बृद्धिदर हासिल गर्न हाल विद्यमान रहेका चुनौतीहरुलाई क्रमिकरुपमा समाधान गर्दै जानुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर मुलुकले तुलनात्मक लाभ हासिल गरेका क्षेत्रहरुको पहिचान गरी त्यसबाट उच्च प्रतिफलहरु लिनेतर्फ प्रयत्नशील रहनु पनि त्यतिकै जरुरी छ । विगत वर्षहरुमा निर्यातयोग्य बस्तुहरुको बिबिधीकरण हुनुको साटो केही बस्तुहरुको निर्यातमा मात्र वाह्य व्यापार आश्रित रहेको हुँदा देशले उपलब्ध गरेको तुलनात्मक लाभ एवं प्रतिस्पर्धात्मक क्षमताको आधारमा वाणिज्य क्षेत्रको विकास गर्दै औद्योगीकरणको प्रक्रियालाई तीव्र बनाई विश्वव्यापारबाट बढीभन्दा बढी फाइदा दिने दृष्टिकोणले अर्थतन्त्रका अन्य उत्पादन क्षेत्र उद्योग, कृषि तथा वनसँग निकटतम सम्बन्ध कायम गरी समन्वयात्मक रुपले कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । बैदेशिक व्यापारलाई खुला, पारदर्शी र सरलीकृत गर्दा वित्तीय नीति, निकासी उद्योगहरुलाई उपलब्ध गराइने सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था तथा निजी क्षेत्रलाई यस दिशातर्फ सक्रिय गराई वाह्य व्यापारमा तीव्रता ल्याउने किसिमले वाणिज्य नीतिको तर्जुमा एवं कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

उद्देश्य :

- देशको समग्र आर्थिक विकासका लागि वाणिज्य क्षेत्रको अधिकतम उपयोग गर्नुका साथै बैदेशिक व्यापारको प्रतिफल ग्रामीण तहसम्म पुऱ्याउनु वाणिज्य क्षेत्रको विकासको प्रमुख उद्देश्य हुनेछ ।

- निकासी व्यापारलाई स्थायित्व प्रदान गर्न पृष्ठ आर्थिक सम्बन्धहरु (backward linkages) लाई दरिलो बनाउँदै अन्तर्राष्ट्रिय व्यापारमा बिबिधीकरण गरिनेछ ।

लक्ष्य :

- तुलनात्मक लाभ भएका निर्यातयोग्य बस्तुहरुको पहिचान र विकास गरी निर्यात व्यापार अभिबृद्धि गरिनेछ । स्थानीय तहमा उपलब्ध स्रोत र साधनमा आधारित बस्तुहरुको उत्पादन तथा निर्यातमा जोड दिई क्रमिकरुपमा बढ्दैगएको व्यापार घाटा न्यून गरिनेछ । बढी मात्रामा विदेशी मुद्रा आर्जन गर्न कम वजन र बढी मूल्य प्राप्त हुने बस्तु तथा सेवाको उत्पादन तथा निर्यातमा जोड दिइनेछ ।

- निकासी व्यापारलाई दिगो र भरपर्दो बनाउन निकासीयोग्य बस्तुको उत्पादनलाई परिमाणात्मक र गुणात्मकरुपमा बृद्धि गर्न पृष्ठ आर्थिक सम्बन्धहरु (backward linkages) र अग्र आर्थिक सम्बन्धहरु (forward linkages) लाई बढावा दिई देशगत र बस्तुगत व्यापारलाई बिबिधीकरण गरिनेछ ।

- वढ्दो आयातलाई व्यवस्थित गरी आन्तरिक खपतका बस्तुको आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाइनेछ ।

- वैदेशिक व्यापारको प्रतिफल ग्रामीण क्षेत्रसम्म पुऱ्याएर रोजगारीका अवसरहरु बढाई गरिवी निवारण कार्यमा योगदान पुऱ्याइनेछ ।

- देशको भू-परिवेष्ठित भौगोलिक स्थितिलाई ध्यानमा राखी पारवहन सुविधा विस्तार गर्दै लगेर यसलाई कम खर्चिलो, विश्वशनीय तथा सरल पार्ने लक्ष्य अनुरुप वैकल्पिक पारवहन तथा बन्दरगाहको खोजी गरी ढुवानी सेवालाई सरल बनाइनेछ ।

रणनीति :

- नवौं योजना अवधिमा नेपाली मुद्रालाई पूर्ण परिवर्त्यता प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ । यसरी पूर्ण परिवर्त्यता लागू भएपछि विदेशी विनिमयको सम्पूर्ण कारोबार बजारद्धारा सञ्चालित हुनेछ ।

- निकासी गरिने सामानहरुमा सेवा शुल्कबाहेक अन्य कुनै कर लगाइने छैन । तर आधारभूत आवश्यकताका बस्तुहरुको निर्यातलाई करद्धारा व्यवस्थित गरिनेछ ।

- निर्यातका लागि उत्पादन गर्न चाहिने कच्चा तथा सहायक कच्चापदार्थको पैठारीमा लाग्ने कर निर्यातको आधारमा फिर्ता दिने प्रणाली (duty drawback scheme) प्रभावकारीरुपमा लागू गरिनेछ । हाल सञ्चालनमा रहेको बण्डेड वेयरहाउस व्यवस्थामा सुधार तथा यसको विस्तार गरिनेछ ।

- यातायात तथा सञ्चारको सुविधा भएका स्थान र इनल्याण्ड कन्टेनर डिपोहरु स्थापना भएका स्थान नजिकै करमुक्त निर्यातक्षेत्र (tax free export zone) स्थापना गरी यस्ता क्षेत्रहरुमा स्थापना हुने निर्यातमूलक उद्योगहरुलाई सम्पूर्ण सुविधा उत्पादन स्थलबाटै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

नीति तथा कार्य नीति :

- देशभित्र निर्यातयोग्य बस्तुको उत्पादन बढाई दिगोरुपमा निर्यात अभिबृद्धि गर्न र आन्तरिक मागको आपूर्ति गर्न कृषि, उद्योग र व्यापारबीचको अन्तरसम्बन्धलाई बढावा दिइनेछ ।

- अन्तर्राष्ट्रिय बजारमा निकासीयोग्य बस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि गर्न तुलनात्मक लाभ भएका बस्तुको छनौट, उत्पादन र गुणस्तर बृद्धि गरिनेछ ।

- विदेशी मुद्रा बढी आर्जन गर्न कम वजन र बढी मूल्य प्राप्त हुने बस्तु तथा सेवाको उत्पादन विस्तार तथा निकासी अभिबृद्धि गरी व्यापार घाटा कम गर्ने नीति अवलम्वन गरिनेछ ।

- हाल निकासी भैरहेका बस्तुहरुका अतिरिक्त नयाँ बस्तुको पहिचानद्वारा वैदेशिक व्यापारमा बस्तुगत र देशगत बिबिधीकरण गरी निकासी बढाउन प्रयत्न गरिनेछ ।

- निर्यात क्षेत्रमा लगानी बढाउन र प्रविधि विकास गर्नका लागि आन्तरिक स्रोत परिचालनका साथै विदेशी लगानी र प्रविधि आयातलाई प्रोत्साहन दिइनेछ ।

- देशको वैदेशिक व्यापार सन्तुलित राख्न सम्बन्धित ऐन, नियम परिमार्जन गरी छुट्टै वैदेशिक व्यापार ऐन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- निकासी व्यापार विकासका लागि कच्चापदार्थको आपूर्ति एवं उत्पादित वस्तुको बिक्री वितरण प्रक्रियालाई प्रतिस्पर्धात्मक, सरल र व्यवस्थित पार्न आन्तरिक बजार व्यवस्थालाई सुदृढ बनाइनेछ ।

- देशको भू-परिवेष्ठित भौगोलिक स्थितिलाई ध्यानमा राखी पारवहन सुविधा विस्तार गर्दै लगेर यसलाई कम खर्चिलो, विश्वसनीय तथा सरल पार्दै लगिनेछ । यसका साथै विद्यमान बन्दरगाहको अतिरिक्त वैकल्पिक बन्दरगाहहरुको पहिचान गरी प्रयोगमा ल्याउने प्रयत्न गरिनेछ ।

- खुला तथा बजारमुखी नीतिलाई निरन्तरता दिई वाणिज्य क्षेत्रको विकासमा थप टेवा दिन वीमा र वित्तीय व्यवस्थालाई सुदृढ पारिनेछ ।

- वाणिज्य क्षेत्रमा निजी क्षेत्रको अग्रणी भूमिकालाई निरन्तरता दिई सरकारी क्षेत्रको भूमिकालाई सघाउकर्ता (facilitator) को रुपमा विस्तार गरी व्यापारिक सूचना प्रवाह, अनुगमन तथा मूल्याङ्कन कार्यमा विशेष जोड दिइनेछ ।

- विभिन्न मुलुक एवं अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थाहरुसँग सम्पन्न व्यापारिक सन्धि र सम्झौताहरुको कार्यान्वयन प्रभावकारीरुपमा गरिनेछ । साथै, विभिन्न मित्रराष्ट्रहरुसँग आवश्यकतानुसार नयाँ सन्धि र सम्झौता गरी व्यापार अभिवृद्धि गरिनेछ ।

- निकासी बस्तुहरुमा सेवा शुल्कबाहेक भन्सार महसुल नलगाउने व्यवस्थालाई निरन्तरता दिँदै निकासीकर्ताहरुलाई थप प्रोत्साहन दिने नीति अवलम्वन गरिनेछ ।

- निकासी प्रक्रिया तथा प्रलेखलाई छोटो र सरल बनाउन निकासीसम्बन्धी सम्पूर्ण सेवाहरु एकै स्थानबाट उपलब्ध गराइनेछ ।

- निकासी प्रवर्द्धन गराउने कार्यमा विदेशस्थित नेपाली नियोगहरुलाई परिचालन गरी आवश्यकताको आधारमा वाणिज्य निकायहरु स्थापना गरिनेछ ।

निकासी नीति :

- हाल निकासी भैरहेका बस्तुहरुको अतिरिक्त नयाँ निकासीयोग्य बस्तुहरुको पहिचान गरेर त्यस्ता बस्तुहरुको उत्पादन र विकास कार्यमा संलग्न कृषि तथा उद्योग क्षेत्रसँग समन्वय कायम गरी उत्पादन वृद्धिद्वारा निकासीलाई दिगो पारिनेछ ।

- फलफूल, तरकारी, कच्चा ऊन तथा अन्य कृषि पैदावारहरुसमेत आयात हुन थालेको अवस्थामा आन्तरिक आपूर्तिका लागि यस्तो बस्तुहरुको पर्याप्त उत्पादन गरी निकासी समेत गर्न सकिने गरी समन्वयात्मक रुपमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- अर्न्तराष्ट्रिय बजार बढी प्रतिस्पर्धात्मक हुँदै गइरहेको परिप्रेक्ष्यमा उत्पादित बस्तुहरुको गुणस्तर उच्च हुनु जरुरी भएकाले गुणस्तर परीक्षण पश्चात् मात्र उत्पादित बस्तु निकासी गर्नसकिने परिपाटीको सुरुआत गरिनेछ ।

- हाल निर्यात हुने गरेका बस्तुहरुको बजार संरक्षणका साथै सम्भाव्य बस्तुहरुका लागि समेत नयाँ बजारको खोजी गरिनेछ । यस निम्ति सरकारी तथा निजी क्षेत्रको संयुक्त प्रयासबाट सूचना प्रवाहमा विशेष ध्यान पुऱ्याइनेछ ।

- निकासीमूलक उद्योगहरुमा विदेशी लगानी तथा प्रविधिलाई अधिकतमरुपमा आकर्षित गरी त्यस्ता उद्योगबाट उत्पादित बस्तुहरुलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराइनेछ ।

- निकासीयोग्य बस्तुहरुको उत्पादन गर्न चाहिने कच्चापदार्थ र माध्यमिक सामानको पैठारीमा लाग्ने कर निकासीको आधारमा फिर्ता दिने (duty draw back) प्रणालीलाई प्रभावकारी ढङ्गले लागू गरिनेछ ।

- निर्यात प्रवर्द्धन कोष परिचालन गरी बस्तु विकास तथा बजार प्रवर्द्धनको कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ । यसै कोषको माध्यमबाट एक दीर्घकालीन निकासी योजना तर्जुमा गरी सोहीअनुरुप कार्यक्रम सञ्चालन गरिनेछ ।

- निकासीजन्य बस्तुको उत्पादन लागतमा कमी ल्याउन र स-साना परिमाणमा उत्पादित बस्तुहरुलाई एकीकृत गरी निकासीयोग्य बनाउन निकासी प्रशोधन क्षेत्र र निर्यातमूलक गाउँको विकास गरी त्यस्ता क्षेत्रमा सञ्चालित उद्योग वा व्यवसायमा भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु तदारुकताका साथ सञ्चालन गरिनेछ ।

- विदेशस्थित नेपाली नियोगहरुलाई निर्यात प्रवर्द्धन सम्बन्धी कार्यमा परिचालन गरी कार्यसम्पादनको मूल्याङ्कन, निकासी बृद्धि र वाह्य लगानी प्रवर्द्धनसँग नियोगहरुलाई आबद्ध गराइनेछ । साथै कार्यवोझ र निकासीको मागअनुसार सम्बन्धित नियोगमा वाणिज्यको निकाय नै स्थापना गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- बैदेशिक व्यापार प्रवर्द्धनका लागि सुविधा प्रदान गर्न एक छुट्टै निर्यात-आयात बैंक (export-import bank) स्थापना गरी व्यापारिक कर्जा प्रवाह गरिनेछ ।

- निकासी प्रक्रिया तथा प्रलेखलाई छोटो तथा सरल बनाई सम्पूर्ण निकासी सेवा एकै स्थानबाट उपलब्ध गराइनेछ ।

- निर्यात व्यापारमा बृद्धि हुने गरी मौद्रिक, विनिमय तथा वित्तीय नीतिको पुनरावलोकन तथा तर्जुमा गरिनेछ । प्रशासनिक प्रक्रियामा आवश्यकताअनुरुप सुधार गर्दै लगिनेछ ।

- अन्तर्राष्ट्रिय मेला तथा प्रदर्शनीमा भाग लिनुका साथै व्यापार प्रतिनिधिमण्डलको आदान-प्रदान, आयात-निर्यातकर्ताबीच अन्तरक्रिया, तथा स्वदेशी बस्तुहरुको प्रदर्शनीमार्फत निकासी प्रवर्द्धनमा गर्न जोड दिइनेछ ।

पैठारी नीति :

- पैठारीलाई निकासीसँग आबद्ध गरी निर्यातयोग्य बस्तुको उत्पादनका लागि स्वदेशमै उपलब्ध साधनको समुचित उपयोगद्वारा कच्चा तथा सहायक कच्चा पदार्थको आयातलाई प्रोत्साहित गरेर आवश्यक सामानहरुको आपूर्तिलाई सरल बनाइनेछ ।

- विद्यमान खुला पैठारी नीतिलाई निरन्तरता दिई पैठारी कार्यविधि तथा प्रलेखलाई अझै, सरल र वैज्ञानिक बनाइनेछ । आयातित बस्तुहरु विचलन हुन नदिन प्रभावकारी मूल्याङ्कन प्रक्रियाको व्यवस्था गरिनेछ ।

- आयात हुने बस्तुहरुको भन्सार महसुललाई दक्षिण पूर्वी एसियाली स्वतन्त्र व्यापार व्यवस्था (SAFTA) तथा विश्व व्यापार सँगठनको अवधारणाअनुरुप आवश्यकताअनुसार परिवर्तन गर्दै लगिनेछ ।

- सम्पूर्णरुपमा पैठारी खुला गरिनेछ र सर्वसाधारण जनताको हित प्रतिकूल हुने बस्तुहरुको आयातमा भने पूर्ण रोक लगाइनेछ ।

पारवहन, गोदाम तथा ढुवानी सम्बन्धी नीति :

- नेपाल भू-परिवेष्ठित भएको कारण तेस्रो मुलुकसँगको बैदेशिक व्यापारका लागि भारतसँगको निकटतम सम्बन्ध रहेको पृष्ठभूमिमा हाल प्राप्त पारवहन सुविधाका अतिरिक्त भारतबाट अन्य थप मार्ग उपलब्ध गर्न आवश्यक प्रक्रियाहरु पूरा गरिनेछ । काकडभिट्टा-फुलवारी-बङ्गलावन्ध पारवहन मार्ग पूर्णरुपमा उपयोग गर्ने सम्पूर्ण कार्य सम्पन्न गरिनेछ ।

- समुद्रपारका देशहरुसँगको बैदेशिक व्यापार बृद्धि गर्न हाल उपयोगमा आइरहेका बन्दरगाहका अतिरिक्त उपयोग गर्न सम्झौता भएका बन्दरगाहको पूर्ण उपयोग गर्नका लागि आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ ।

- पारवहन खर्च घटाई डेमरेज (Demurrage) शुल्क कम गर्न आवश्यक अध्ययन गरी तदनुरुपका कार्यहरु सञ्चालन गरिनेछ ।

- सिमावर्ती भन्सार क्षेत्रहरुमा पारवहनका लागि गोदाम सुविधाका अतिरिक्त अन्य आधारभूत सुविधाहरुको निर्माण तथा सुदृढीकरण गरिनेछ ।

- समुद्रपारका देशहरुसँगको बैदेशिक व्यापार अभिबृद्धि गर्न कलकत्ता बन्दरगाहबाट सिर्सियासम्म ब्रोडगेज रेल्वे निर्माण भारतीय पक्षबाट शीघ्रताका साथ सम्पन्न गराउन प्रयत्न गरिनेछ । नेपाली भूमिमा इनल्याण्ड कन्टेनर डिपोहरुको निर्माण गरी पारवहन कार्यलाई सरल र सुव्यवस्थित गराइनेछ ।

- हाल प्रयोगमा आइरहेका स्थलमार्गका अतिरिक्त वैकल्पिक पूर्वाधारको रुपमा जलमार्ग र हवाईमार्गको सम्भाव्यता अध्ययन गरी सम्भाव्य मार्गलाई उपयोगमा ल्याइनेछ ।

- पारवहन खर्चलाई न्यूनतम गराउन हाल सञ्चालित क्लियरिङ्ग, फर्वार्डिङ्ग तथा अण्डरटेकिङ्ग सेवालाई अझ बढी विश्वसनीय, तथा प्रभावकारी ढङ्गबाट अघि बढाउँदै लगिनेछ ।

कार्यक्रम :

ब्यापारको क्षेत्रमा विश्वमा आएको परिवर्तनसँगै नेपालले पनि आफ्नो अर्थब्यवस्थाको पुर्नसंरचना गर्न नसकेमा विश्वव्यापीकरण प्रक्रियाबाट उपलब्ध हुने लाभबाट वन्चित हुनुपर्ने हुन्छ । यस तथ्यलाई ध्यानमा राखी नवौं योजना अवधिमा वाणिज्य क्षेत्रमा निजी क्षेत्रको भूमिकालाई अग्रणी बनाइनु जरुरी छ । तसर्थ, सरकारी क्षेत्रबाट बैदेशिक ब्यापारलाई दिगो गराउन निजी क्षेत्रलाई सहयोग पुऱ्याई निकासी ब्यापारलाई प्रोत्साहित गर्नका लागि विभिन्न निकायहरुबीच समन्वय कायम गर्ने, निजी क्षेत्रबाट सम्भव नहुने आधारभूत संरचनाको निर्माण गर्ने र अनुगमन तथा मूल्याङ्कन कार्यहरुलाई विशेष प्राथमिकता दिने उद्देश्य राखी आगामी वर्षहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- **बस्तु विकास कार्यक्रम :**

<u>कृषि बस्तुतर्फ</u>

देशको अर्थतन्त्र मुख्यरुपले कृषिमा आधारित भएको हुँदा यस क्षेत्रमा गरिएको लगानीलाई दृष्टिगत गरी भविष्यमा पनि कृषिक्षेत्रको उपलब्धिलाई निकासी व्यापारमा समेत प्रयोग गर्नु पर्ने देखिन्छ । विगतमा विदेशी बजारमा निर्यातयोग्य बस्तुका रुपमा आफ्नो पहिचान कायम गरिसकेका कृषिजन्य बस्तुहरुको उत्पादनलाई गुणात्मक एवं परिमाणात्मकरुपमा बृद्धि गर्ने कार्यक्रम वृहतरुपमा सञ्चालन गरिनेछ । यसको लागि कृषिक्षेत्रसँग समन्वय राखी योजना अवधिमा प्रतिवर्ष तीन प्रकारका कृषि उत्पादनको निकासी व्यापकरुपमा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । हालसम्मका अध्ययनहरुबाट केही कृषि उत्पादन वाह्य बजारमा निकासी हुनसक्ने र यिनको उत्पादनमा पनि बृद्धि गर्न सकिने गुञ्जायस रहेकाले यस्ता उत्पादनको गुणस्तर विकास, प्याकिङ्गमा आधुनिकता, उत्पादन स्थलमै साधन पुऱ्याउने जस्ता उपायको अवलम्वन गरी साझा, सहकारीताको माध्यमबाट उत्पादित सामग्री एकत्रित गरी यी बस्तुहरुका निर्यातलाई बढाइनेछ । यस्ता बस्तुहरुमा मुसुरोको दाल, झुसेतील (niger seed), चिया तथा कफी, अदुवा, सुठो र अलैंची, तरकारीका वीऊ, फूल तथा बेर्ना, रेसम तथा त्यसबाट उत्पादित सामान, च्याउ, केशर, फलफूल, औषधीजन्य तथा जडीवुटीहरु प्रमुखरुपमा रहनेछन् । अन्य निकासीयोग्य कृषि उत्पादनको अध्ययन अनुसन्धान अघिल्लो वर्ष गरेर त्यसको नतिजाअनुरुप अर्को वर्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

औद्योगिक बस्तु

नेपालको निकासी व्यापारमा ऊनी गलैंचा र तयारी पोशाकको स्थान महत्वपूर्ण रहिआएको छ । यी बस्तुहरुको उत्पादन तथा निर्यातलाई स्थायित्व दिन आवश्यक कच्चापदार्थको उत्पादन स्वदेशमै गर्न सकेमा यसबाट समाजका तल्लो तहको जनजीवनमा समेत सकारात्मक प्रभाव पर्न जाने स्पष्ट छ । अतः यी दुई बस्तुको गुणस्तरीय उत्पादनका लागि हावापानी र माटो सुहाउँदो क्षेत्रमा कृषिक्षेत्रको समन्वयमा कम्तिमा एक वर्षमा एक जिल्लामा कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमबाट तयारी पोशाक र ऊनी गलैंचाको मात्र निर्यात अभिबृद्धि हुने नभई निकै राम्रो निकासी सम्भावना रहेको छाला तथा छालाका सामानहरु र अन्य सुती सामान, ऊनी स्वेटर, ऊनी मफलर आदिको निर्यातमा समेत सकारात्मक असर पर्नेछ । यसर्थ कृषिजन्य बस्तुहरुको निकासीका लागि उत्पादन तथा प्रशोधनमा अग्रणी स्थान ओगट्ने जिल्ला वा गाउँलाई निकासीउन्मुख जिल्ला वा गाउँ घोषणा गरी तदनुरुप सुविधा पुऱ्याइनेछ ।

परम्परागत बस्तु

नेपालबाट परम्परागतरुपमा निकासी हुँदै आएका हस्तकलाका सामानहरुको उत्पादनमा जोड दिई अन्तर्राष्ट्रिय बजारको माग र चाहनाअनुरुपको ढाँचा अनुसारको सामान उत्पादन गर्ने परिपाटीको विकास गराइनेछ । यसका निम्ति परम्परागत नेपाली शैलीअनुरुपका बस्तुहरु र आधुनिक ढाँचाका सामानहरुको विकासका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ । यसका साथै उत्पादन लागतमा कमी ल्याई अन्तर्राष्ट्रिय माग र चाहनाअनुरुप स्तरीय सामानहरु उत्पादन गर्नका लागि सूचना प्रवाह गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

साना तथा घरेलु उद्योगबाट उत्पादित बस्तु

विभिन्न भौगोलिक क्षेत्रमा छरिएर रहेका श्रम, सीप र कच्चापदार्थको सदुपयोग गरी स-साना तथा घरेलु उद्योगबाट उत्पादित सामानहरु वाह्यबजारमा निकासी गराउन सकिएमा यसबाट ग्रामीण विपन्नवर्गको आर्थिक अवस्थामा अनुकूल प्रभाव पर्नेछ । यस सन्दर्भमा बेतबाँसका सामान, विभिन्न प्रकारका कलात्मक बस्तु, नेपाली कपडाको जुत्ता र चप्पल, ढाका कपडा आदिको निकासी सम्भावना रहेको र केही मात्रामा निकासी समेत भएकोमा यस्ता उत्पादनलाई बढावा दिने कार्यक्रम सञ्चालनबाट बढी

निर्यात हुने सम्भावना देखिन्छ । यसका निम्ति यस्ता उत्पादनहरुलाई गन्तव्य बजारसम्म कार्यक्रमलाई पुऱ्याउने कार्यक्रमलाई छिटफुट (random) रुपमा नगरी एउटा एकीकृत प्याकेज कार्यक्र तयार गरी लागू गरिनेछ । यो कार्य घरेलु उद्योगसँग सम्बन्धित निकायको सक्रिय सहभागिताबाट सञ्चालन गरिनेछ । यसरी कार्यक्रम सञ्चालन गर्दा निकासी सम्भाव्य बस्तुको वृहत् परिमाणमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

अन्य बस्तुहरु

नेपालमा उत्पादन हुन सक्ने र विदेशमा पनि राम्रो बजार सम्भावना रहेको कम्प्युटर सफ्टवेयरको विकास गरी निर्यात बढाउने कार्यक्रमहरुमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । यसका लागि सरल वित्तीय सहयोग उपलब्ध गराइनेछ । यसका अतिरिक्त अन्य बस्तुहरुको अध्ययन गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

• बजार विकास तथा विस्तार कार्यक्रम :

नेपालबाट हाल निकासी भैरहेका प्रमुख बस्तुहरुको बजार स्थिति हेर्दा एक बस्तु एक बजारमा सीमित रहेको पाइन्छ । हाल संयुक्त राज्य अमेरिका र जर्मनीतर्फ मात्र नेपालको निकासी व्यापार केन्द्रित रहेको छ । यसरी प्रमुख निर्यात बस्तुको बजार सीमित रहनुले कुनै पनि समयमा अप्रत्याशित घटनाबाट निकासी व्यापारमा प्रतिकूल प्रभाव पर्न सक्ने भएकोले क्यानाडा, जापान, नवविकसित र आर्थिकरुपले समृद्ध देशहरुमा समेत बजार विस्तार गर्न सकिने पर्याप्त सम्भावनालाई ध्यानमा राखी बजार बिबिधीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

युरोपीय समुदायका प्रमुख बजार, अमेरिका, जापान, क्यानाडा, अष्ट्रेलिया जस्ता व्यापारिक महत्वका बजारहरुमा प्रदर्शनी तथा व्यापार मेलाको आयोजना गरिनेछ । निकासी सम्भावनाको आधारमा यी देशका प्रमुख बजारमा अवस्थित डिर्पाटमेण्टल स्टोरमा नमूना प्रदर्शन तथा विक्रीकक्षको स्थापना गरिनेछ । यसरी स्थापित प्रदर्शनी तथा विक्रीकक्षमा प्रचार प्रसारको समेत उचित प्रवन्ध गरिनेछ । यस्ता नमूना प्रदर्शनी तथा विक्रीकक्ष योजना अवधिमा कम्तिमा वर्षको एक स्थानमा स्थापना गरिनेछ ।

विदेशस्थित शाही नेपाली राजदूतावासहरुमा व्यापार कुटनीतिको प्रभावकारी सञ्चालनका लागि वाणिज्य क्षेत्रमा कार्यरत दक्ष, अनुभवी र निकासी प्रवर्द्धनात्मक प्रविधिको कार्यशैलीसँग परिचित अधिकृतको नियुक्ति गरी एउटा छुट्टै एकाइ खडा गरिनेछ । यस्तो एकाइमा कार्यरत कर्मचारीलाई तालिमको सुविधा दिइनेछ र नेपालका प्रमुख निकासीयोग्य बस्तुहरुको प्रदर्शनीकक्ष समेत स्थापना गरिनेछ । यसका अतिरिक्त निकासी प्रवर्द्धनका लागि आवश्यक सूचना आदान प्रदान गर्ने कार्य पनि सञ्चालन गरिनेछ । योजना अवधिमा कमसे कम तीन स्थानमा यस्ता कार्यक्रमको थालनी गरिनेछ र त्यसको प्रभावको मूल्याङ्कन गरी अन्य स्थानमा पनि कार्यक्रम विस्तार गरिनेछ ।

अन्तर्राष्ट्रिय बजार विकास र विस्तार कार्यक्रमको निम्ति प्रमुख बजारमा व्यापार प्रतिनिधिमण्डलको आदान प्रदानले महत्वपूर्ण भूमिका खेल्न सक्ने भएकाले प्रमुख बजारहरुका क्रेता र विक्रेताबीच समय समयमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

• निर्यातयोग्य बस्तुहरुको गुणस्तर निर्धारण तथा सुधार कार्यक्रम :

अन्तर्राष्ट्रिय बजारका उपभोक्ताहरु गुणस्तरीयतामा बढी सम्वेदनशील देखिदै आएको परिप्रेक्ष्यमा नेपालबाट निकासी हुने बस्तुहरुको गुणस्तरमा ह्रास आएको खण्डमा विश्वसनीयतामा असर पर्ने र प्रतिस्पर्धा पनि गर्न नसक्ने भएकोले निकासीयोग्य बस्तुहरुको गुणस्तर कायम राख्न गुणस्तर निर्धारण र सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ । सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासमा निर्यातयोग्य

बस्तुहरुको निर्धारित गुणस्तरलाई कडाइका साथ लागू गर्न आवश्यक सुपरिवेक्षणको व्यवस्था मिलाइनेछ । विकसित देशहरु हानिकारक रङ्ग वा प्रतिवन्धित रसायनिक पदार्थको प्रयोगप्रति बढी सम्वेदनशील देखिएकाले यस्ता बस्तुहरु प्रयोग भए नभएको कुराको राम्रोसँग परीक्षण गरेर मात्र निर्यात गर्नसक्ने परिपाटीलाई कडाइका साथ लागू गर्ने गरी हाल सञ्चालित गुणस्तर प्रयोगशालालाई अत्याधुनिक प्रयोगशालाको रुपमा सुदृढ गरिनेछ । निकासीयोग्य बस्तुहरुको सम्वेष्ठन (प्याकेजिङ) का लागि उपयोग गरिने सिन्थेटिक बस्तुको सट्टा उपलब्ध कच्चा पदार्थमा आधारित बस्तु प्रयोग गर्ने सम्भावनाका लागि अध्ययन अनुसन्धान गरिनेछ ।

- **निर्यात प्रवर्द्धन विशेष कार्यक्रम :**

कोषको रकम कुनै संघ/संस्था वा उद्योग धन्दालाई अनुदानस्वरुप उपलब्ध नगराई चक्र कोष (Revolving fund) को रुपमा प्रयोग गर्न पाउने व्यवस्था लागू गरिनेछ । प्रमुख निकासीयोग्य बस्तुहरुको उत्पादक वा निकासीकर्तालाई प्रोत्साहित गर्न प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गरिनेछ । यसका अतिरिक्त निजी क्षेत्रबाट निकासी प्रवर्द्धन कार्यमा आधारभूत व्यवस्था गर्न उत्सुकता देखाएमा त्यस्ता कार्यक्रममा पनि कोषको रकम उपयोग गरिनेछ ।

- **पैठारी व्यवस्थापन तथा सरलीकरण कार्यक्रम :**

खुला बजार नीतिअनुरुप आयात व्यापारलाई सरलीकृत गरे पछि पनि कुल व्यापारमा आयातको हिस्सा बढी नै रहेको छ । आयातीत बस्तुहरु मध्ये निकासीयोग्य बस्तु उत्पादनमा उपयोग गर्न सकिने कच्चाबस्तुलाई प्रोत्साहित गरी विनाइजाजतपत्र आयात गर्ने नीतिलाई निरन्तरता दिदै सरलीकरण गर्नुपर्ने क्षेत्रको अध्ययन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । अध्ययन कार्यक्रम सञ्चालन गर्दा विशेषतः छिमेकी मुलुकहरु भारत र चीनको स्वशासित क्षेत्र तिब्बत, सार्क राष्ट्रहरु र समुद्रपारका केही प्रमुख तथा नवऔद्योगिक राष्ट्रहरुको आयात नीति अध्ययन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । अध्ययनको आधारमा पैठारी व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

- **पूर्वाधार निर्माण :**

पारवहन सुविधालाई सुरक्षित एवं सुविधायुक्त बनाउन र गोदाम व्यवस्थालाई सरल पार्न र बन्दरगाहको सुविधा नभएको परिप्रेक्ष्यमा सुख्खा बन्दरगाह निर्माण गरी, आयात निर्यात कार्यलाई सुविधायुक्त बनाउन विभिन्न प्रकारका टेवामूलक कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक भएकोले योजना अवधिमा वाणिज्य क्षेत्रलाई विकसित र प्रतिस्पर्धी बनाउन विगतमा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिनुका साथै थप नयाँ सुविधायुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

<u>पारवहन तथा गोदाम व्यवस्था कार्यक्रम</u>

बैदेशिक व्यापारको क्षेत्रमा पारवहन तथा गोदाम सुविधाको महत्वपूर्ण भूमिका रहने हुँदा पारवहन खर्च कम गरी यो सुविधालाई बढी विश्वसनीय बनाउने सम्बन्धमा विस्तृत अध्ययन गरिनेछ । भूपरिवेष्ठित राष्ट्रको नाताले हाल प्राप्त भएका समुद्री बन्दरगाहहरुमा भौतिक पूर्वाधार विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ । नेपालको बैदेशिक व्यापारका लागि हाल भारतको कलकत्ता बन्दरगाह नै प्रमुखरुपमा उपयोग हुँदै आएकोमा त्यहाँको अत्यधिक चापलाई दृष्टिगत गरी वैकल्पिक बन्दरगाहको उपयोग गर्न भौतिक पूर्वाधारहरुको विकास गरी बङ्गलादेशको बङ्गलावन्ध बन्दरगाहको पूर्ण उपयोगको लागि भारत तथा बङ्गलादेशसँग सम्पन्न सन्धिअनुरुपका कार्यहरु सम्पादन गरिनेछ ।

पारवहन खर्च घटाउन तथा बन्दरगाहमा समयमा सामान छुटाउन नसक्दा तिर्नु परेको डेमरेज (demurrage) शुल्क कसरी कम गर्न सकिन्छ भन्नेतर्फ निजी क्षेत्र समेतको संलग्नतामा अध्ययन गरी सो अध्ययनबाट देखिएका बुँदाहरुको आधारमा कार्यक्रम तर्जुमा गरी यसलाई तदारुकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

हाल विद्यमान गोदाम सुविधा र सहुलियतलाई अझै सुविधायुक्त बनाउन सिमावर्ती नेपाली भन्सार कार्यालयहरु नजिक रहेका गोदामहरुको सुदृढीकरण तथा विस्तार गरी थप गोदामहरु निर्माण गरिनेछ । सिद्धार्थनगर भन्सार क्षेत्रमा १००० मे.टन क्षमताको, तातोपानी भन्सार क्षेत्रमा १००० मे.टन क्षमताको, नेपालगञ्जमा १००० मे.टन क्षमताको सुविधायुक्त आधुनिक गोदामहरु निर्माण गरिनेछन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा हवाईमार्गबाट आयात निर्यात हुने बस्तुहरुको चापलाई दृष्टिगत गर्दा हालको उपलब्ध भन्सार विभागको गोदाम व्यवस्था अपर्याप्त भएकोले योजना अवधिमा करीव २५०० मे.टन क्षमताको अत्याधुनिक गोदाम निर्माण गरी सञ्चालन गरिनेछ ।

नेपाल मल्टि मोडल ट्रान्जिट तथा ट्रेड फेसिलिटेशन आयोजना

अन्तर्राष्ट्रिय व्यापार परिचालनमा बस्तुहरुको प्रभावकारी व्यवस्थापन एवं ढुवानी लागतमा कमी ल्याउने र बैदेशिक व्यापार एवं पारवहन सम्बन्धी प्रक्रियालाई सरल एवं छरितो बनाई यस कार्यमा संलग्न निकायहरुको दक्षता अभिबृद्धि गर्ने उद्देश्यले (IDA) को सहयोगमा आ.व. २०५४/५५ सालदेखि नै एक आयोजना कार्यान्वयनमा ल्याइएको छ । वीरगञ्ज, विराटनगर र भैरहवामा इनल्यान्द कन्टेनर डिपो (Inland Container Depot) हरुको निर्माण, त्यसमा आवश्यक पर्ने औजारहरुको व्यवस्था, अंकटाड (UNCTAD) को परामर्शमा Trade Facilitation, Installation of Automated System for Custom Data (ASYCUDA) र Installation of Advanced Cargo Information System (ACIS) को स्थापना गरिने लक्ष्य राखिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा शित भण्डार निर्माण कार्यक्रम

नेपालमा उत्पादित ताजा तरकारी तथा फलफूल, फूल तथा फूलका बेर्ना जस्ता छिटो बिग्रने बस्तुहरुको निकासीको प्रबल सम्भावना रहेको पृष्ठभूमिमा यस्ता उत्पादनको निकासी अभिबृद्धिका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिकै करीव १००० मे.टन क्षमताको शीत भण्डार (cold storage) निजी क्षेत्रको संलग्नतामा निर्माण गरी निजी क्षेत्रबाटै सञ्चालन गराइनेछ ।

कर मुक्त निर्यात क्षेत्र (tax free export zone) को स्थापना

व्यापारिक महत्व रहेका केही स्थानहरुमा करमुक्त निर्यात क्षेत्रको स्थापना गरी निर्यात अभिवृद्धिमा टेवा पुऱ्याइनेछ । यस्ता क्षेत्रहरु स्थापना गर्दा सकेसम्म यातायातको सुविधा, सञ्चार सुविधा भएका स्थान तथा इनल्यान्ड कन्टेनर डिपो स्थापना भएका क्षेत्र नजिक स्थापना गर्न प्राथमिकता दिइनेछ । यस्ता क्षेत्रमा स्थापना हुने उद्योगहरुलाई आवश्यक सम्पूर्ण भौतिक सुविधा उत्पादनस्थलबाटै उपलब्ध गराई विशेष थप प्रोत्साहन समेत उपलब्ध गराउने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस्ता कार्यक्रममा निजी क्षेत्रका वाणिज्यसँग सम्बन्धित संघसंस्थालाई समेत संलग्न गराइनेछ ।

- **सङ्गठनात्मक व्यवस्था :**

योजना अवधिको लागि प्रस्तावित नीति तथा कार्यक्रम सञ्चालन गर्न विद्यमान सङ्गठनात्मक व्यवस्थालाई प्रभावकारी भूमिका निर्वाह गर्नेतर्फ अभिप्रेरित गरिनेछ । वाणिज्य क्षेत्रमा अनुदानबाट सञ्चालित सँगठनहरुलाई आत्म निर्भरता तर्फउन्मुख गराइनेछ ।

११.३ पर्यटन तथा नागरिक उड्डयन

१. पृष्ठभूमि

नेपालको प्राकृतिक सुन्दरता, भौगोलिक विविधता र सांस्कृतिक एवं कलात्मक विशिष्टताका कारण पर्यटन उद्योगको विकास एवं विस्तारको असीमित सम्भावनाहरु रहेका छन् । सगरमाथा जस्तो विश्व प्रसिद्ध हिमशिखर, एकसिङे गैंडा जस्तो दुर्लभ वन्यजन्तु, श्री पशुपतिनाथको अवस्थिति, गौतम बुद्धको जन्मस्थल र असङ्ख्य ताल र नदीनालाले पर्यटकहरुलाई थप आकर्षण प्रदान गरिरहेका छन् ।

पर्यटन उद्योग नेपालको तुलनात्मक लाभ प्राप्त उद्योगको रुपमा रहेकोले देशको अर्थतन्त्रमा यसको महत्वर्पूण स्थान रहेको छ । यस उद्योगको विकासबाट रोजगारी बृद्धि र आय आर्जनका, साथै देशको शोधनान्तर स्थितिको सुधारमा ठोस मद्दत पुगिआएको छ । यस क्षेत्रको विकासले ऐतिहासिक एवं धार्मिक स्थलहरुको सम्वर्द्धन र वातावरण संरक्षणमा समेत प्रत्यक्ष सघाउ पुऱ्याउनसक्ने देखिन्छ ।

नयाँ नयाँ पर्यटन स्थलहरुको सिर्जनाले विश्व पर्यटन बजारमा आएको अत्यन्त प्रतिस्पर्धात्मक स्थितिलाई दृष्टिगत गर्दा गुणात्मक पर्यटनको विकासमा ध्यान दिनु जरुरी भएको छ । यसैले पर्यटन क्षेत्रको भौतिक वातावरण र सेवाको गुणस्तरमा सकारात्मक सुधार तर्फ विशेष ध्यान पुऱ्याउन आवश्यक भइसकेको छ । यसका लागि आवश्यक भौतिक पूर्वाधार विकास, वातावरण संरक्षण, नयाँ आकर्षक पर्यटन स्थलहरुको विकास, सेवाको गुणस्तर र मूल्य निर्धारण प्रक्रिया, आदि विषयमा स्पष्ट नीतिगत व्यवस्था गर्न जरुरी भइसकेको छ । देशको पर्यटन सम्भावनाको अधिकतम उपयोग गर्न गराउन स्वदेशी विदेशी लगानी अभिबृद्धि गर्ने गराउनेतर्फ पनि जोड दिनुपर्ने देखिन्छ । अव्यवस्थित शहरीकरण, पर्यावरणीय ह्रास र वातावरणीय प्रदूषणले पर्यटन विकास र विस्तारलाई चुनौतीपूर्ण पनि बनाएको छ । पर्यटकहरुलाई नेपाल भित्र्याउने सर्वाधिक महत्वपूर्ण माध्यमको रुपमा रहेको हवाई यातायात सेवालाई सुदृढ र स्तरयुक्त बनाउनु जरुरी छ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजनाले पर्यटन क्षेत्रको विकासद्वारा अधिकतम विदेशी मुद्रा आर्जन गर्ने, देशको अरु भागमा समेत पर्यटन विस्तार र विकास गर्ने, बेरोजगारी र गरिबी निवारण गर्न मद्दत पुऱ्याउने पर्यटन प्रवर्द्धनको लागि विविध प्रचार प्रसार कार्य गर्ने, विदेशी हवाई सेवालाई सञ्चालन गर्न बढावा दिने, पर्यटन सेवाको गुणस्तर बृद्धि गर्ने आदि नीतिहरु समावेश गरिएका थिए ।

आठौं योजनामा पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने नीति अनुरुप पर्यटकको आगमन सङ्ख्यामा बृद्धि गर्न पूर्वि एशिया, दक्षिण पूर्वी एशिया, अष्ट्रेलिया, पश्चिम यूरोप एवं अमेरिकामा विभिन्न पर्यटन व्यापार मेला एवं प्रदर्शनी कार्यक्रममा भाग लिइएको थियो । यसैगरी रेडियो नेपालबाट पर्यटन कार्यक्रम प्रसारण, इन्टरनेट मार्फत सूचना प्रवाह, पोस्टर पुस्तिका र विभिन्न भाषामा लिफलेट प्रकाशन र वितरण, पत्रिका, रेडिया, टि.भि. मा विज्ञापन, स्टार टि.भि.बाट विज्ञापन प्रसारण जस्ता माध्यमबाट नेपालको पर्यटकीय स्थल एवं वस्तुहरुको व्यापक प्रचार प्रसार गरिएको थियो । यस्तै लुम्बिनी र पोखरा महोत्सव जस्ता कार्यक्रम सञ्चालन गरी पर्यटन गतिविधिलाई विस्तार गर्ने प्रयास गरिएको थियो । पर्यटन उद्योगलाई गुणात्मक रुपमा विकास गरी उल्लेखनीय आय वृद्धि गर्न सन् १९९८ लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने तयारी कार्यहरु चालू राखियो ।

पर्यटन उत्पादन विकास गर्ने नीति अनुरुप आठौं योजना अवधिमा भारतीय पर्यटन बजार अध्ययन एवं नेपालका म्याग्दी र सुनसरीको पर्यटन स्थलहरुको सुदृढीकरण कार्यक्रम सञ्चालन भयो । आठौं

योजनामा साहसिक पर्यटन विकासका लागि हवाई मनोरञ्जनको रुपमा काठमाडौंमा एउटा हट एयर बेलुन र पोखरामा एउटा पावर ग्लाईडर सञ्चालन प्रारम्भ भयो । पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन स्थलहरु विस्तार गर्ने क्रममा पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत पोखरामा विमानस्थल सुधार र गोरखामा दरबार क्षेत्रको संरक्षण कार्य गरियो ।

पर्यटन क्षेत्रमा सरकारी र निजी व्यवसायीको भूमिका स्पष्ट गर्न निजी क्षेत्रको सहभागितामा श्री ५ को सरकारले पर्यटन नीति २०५१ जन समक्ष ल्यायो ।

आठौं योजनामा पर्यटन क्षेत्रमा निजी क्षेत्रको परिचालन गर्ने नीति अनुरुप आन्तरिक हवाई यातायातमा निजी क्षेत्रलाई प्रोत्साहन र अन्तर्राष्ट्रिय हवाई उडानमा उदार आकास नीति अवलम्वन गरिएको थियो । यस नीति अन्तर्गत १४ वटा एयरलाईन्स हवाई सेवा (एभिएसन) लाई स्पोर्टस् र वेलुनिङमा समेत गरी आन्तरिक हवाई सेवा सञ्चालन गर्न अनुमति दिइएको छ । ती मध्ये अधिकांशले आफ्नो सेवा सञ्चालन गरिसकेका छन् । यसै नीति अनुरुप देशको दुर्गम क्षेत्रमा हेलिकप्टर सेवा पनि सञ्चालन गरियो ।

आठौं योजना अवधिमा प्रशासनिक सुदृढीकरण गर्ने नीति अनुरुप पर्यटन विकास वोर्ड ऐन २०५३ र नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ पारित गर्नुका साथै गैर सैनिक हवाई उडान (सिभिल एभियसन) ऐन २०५३ लागू भएको छ । यसैगरी आन्तरिक विमानसेवाहरुको स्वस्थ विकास र उड्डयन सुरक्षासमेतलाई मध्यनजर राखी राष्ट्रिय हवाई नीति २०५० लाई आवश्यक संसोधन गरी लागू गरिएको छ ।

शाही नेपाल वायुसेवा निगमको सेवा बृद्धि गर्ने नीति अनुसार निगमले विभिन्न ९ वटा मुलुकका ११ स्थानहरुमा आफ्नो सेवा सञ्चालन गरिरहेको छ । यसैगरि सिंगापुर, थाइलैण्ड, कतार, पाकिस्तान, भारत, वङगलादेश, चीन, भूटान, रसियन फेडेरेशन आदि मुलुकका विमान सेवाहरुले पनि काठमाडौंमा उडान सेवा सञ्चालन गरी आइरहेका छन् ।

हवाई सेवामा त्रिभुवन विमानस्थललाई देशको केन्द्रविन्दुको रुपमा विकास गर्न विमानस्थलको गुरुयोजना अनुसार स्तर र सुविधा बृद्धि गरिएको छ । यसै गरी त्रि.अ.वि.स्थलमा ग्रीनच्यानलको स्थापना गरी पर्यटकहरुको आवागमन छिटो छरितो गराउनमा मद्दत पुऱ्याइएको छ । साथै यो विमानस्थललाई २४ सै घण्टा खुल्ला राखी सेवा सञ्चालन गर्नेतर्फ पूर्व तयारी भइरहेको छ ।

प्राकृतिक प्रकोप तथा आपतकालीन अवस्थामा हवाई सेवाको उचित परिचालन गर्ने उद्देश्य अनुरुप आठौं योजना अवधिमा देशमा भएको अप्रत्याशित प्राकृतिक प्रकोपबाट सर्वसाधारण तथा पर्यटकहरुको जीउज्यान र सम्पत्तिको बचाउ गर्ने कार्यमा निजी क्षेत्रका वायुयान, शा.ने.वा.नि., शाही नेपाली सैनिक एवं प्रहरी समेतको सहयोगमा आवश्यक खोज तथा उद्धार कार्य गरेको छ ।

आठौं योजना अवधिमा कुल १९,०७,७४५ पर्यटकहरु आगमन हुने प्रक्षेपण गरिएकोमा कुल १७,६४,७३९ पर्यटकहरुको आगमन भई लक्ष्यको ९२.५ प्रतिशत प्रगति भएको देखिन्छ । त्यसैगरी योजना अवधिको प्रथम चार वर्षमा अमेरिकी डलर ३७.५४ करोड आर्जन गर्ने लक्ष्य राखिएकोमा उक्त अवधिमा अमेरिकी डलर ३७.४६ करोड आर्जन भई लक्ष्यको करिव शत प्रतिशत प्रगती भएको छ ।

आठौं योजना अवधिमा पर्यटकहरुको आगमन र विदेशी मुद्रा आर्जनको लक्ष्य र प्रगति तालिका १ मा देखाइएको छ ।

तालिका १

पर्यटकहरुको आगमन र विदेशी मुद्रा आर्जनको लक्ष्य र प्रगति

वर्ष	जम्मा पर्यटक सङ्ख्या		प्रगति वार्षिक बृद्धिदर	विदेशी मुद्रा आर्जन यू.एस.डलर करोडमा	
	लक्ष्य	प्रगति		लक्ष्य	प्रगति
१९९२।९३	३२४,१०९	३०६,२८६	-५.५६	७.२४	६.७७
१९९३।९४	३५०,९७४	३१६,९७२	३.४९	८.५२	६.९३
१९९४।९५	३८०,४४८	३४६,१८०	९.२१	१०.०५	११.८५
१९९५।९६	४१०,०००	३८०,३०१	९.८६	११.७३	११.९०
१९९६।९७	४४२,२१४	४१५,०००	९.१२	१३.७०	-
	१९,०७,७४५	१७,६४,७३९			-

आठौं योजनामा पर्यटन क्षेत्रको विकासको लागि समावेश गरिएका विभिन्न कार्यक्रमहरुको प्रगति तल उल्लेख गरिएको छ ।

पर्यटन पूर्वाधार विकास आयोजना :

आठौं योजना अवधिमा एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित पर्यटन पूर्वाधार विकास आयोजनाले पोखरामा सराङ्गकोट सडक सुधार पोखरा संरक्षण क्षेत्र सुधार, घलेगाउँ-सिक्लेस पर्यावरणीय पर्यटन (ecotourism) विकास, पोखरा विमानस्थलको धावनमार्ग र टर्मिनल भवन निर्माण जस्ता कार्यक्रमहरु सम्पन्न गरेको छ । त्यसैगरी काठमाडौंमा पर्यटक सूचनाकेन्द्रको भवन निर्माण र होटल व्यवस्थापन तथा तालिम केन्द्रको भवन निर्माण सम्पन्न भएको छ भने गोरखा दरवार क्षेत्रमा संरक्षण एवं सुधार कार्यहरु भएका छन् ।

पर्वतीय पर्यटन विकास :

पर्वतीय पर्यटन विकास कार्यक्रम अन्तर्गत हिमालय उद्धार संघ, सगरमाथा प्रदूषण नियन्त्रण र अन्नपूर्ण क्षेत्र संरक्षण सम्बन्धी कार्यहरु भएका छन् । आठौं योजना अवधिमा पोखरामा अन्तर्राष्ट्रिय पर्वताहरोण सङ्ग्रहालय भवन निर्माण कार्य प्रारम्भ भइसकेको छ । सगरमाथा प्रदूषण नियन्त्रण आयोजना अन्तर्गत वातावरण व्यवस्थापन खुम्बु क्षेत्रमा हिमाल सरसफाई, जनचेतना जागरण कार्यक्रम र पर्यटक सूचना केद्रको स्थापना, सामुदायिक सेवा र सांस्कृतिक सम्पदा संरक्षण जस्ता कार्यक्रमहरु सञ्चालन भएका छन् । त्यस्तै अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना अन्तर्गत प्राकृतिक स्रोत संरक्षण, सम्पदा संरक्षण, वैकल्पिक ऊर्जा र सामुदायिक विकासका कामहरु सञ्चालन भएका छन् ।

अन्तर्राष्ट्रिय सम्पर्क तथा पर्यटन बजार व्यवस्था : पर्यटन बजार प्रवर्द्धनतर्फ विश्व पर्यटन दिवसमा जन चेतना अभिबृद्धि, विदेश स्थित शाही दूतावास र नियोगहरुलाई पर्यटन प्रवर्द्धन कार्यमा परिचालन तथा अन्तर्राष्ट्रिय पर्यटन बजार अध्ययन कार्यहरु भएका छन् ।

होटेल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र : पर्यटन क्षेत्रको लागि आवश्यक जनशक्ति तयार गर्न र यस क्षेत्रमा कार्यरत जनशक्तिको गुणस्तर उच्च गरी उत्पादकत्व बृद्धि गर्न होटेल तथा पर्यटन व्यवसाय सम्बन्धी आभारभूत तथा उच्च स्तरीय तालिम सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । आठौं योजनामा यस केन्द्रबाट होटेल सम्बन्धी टुर/ट्राभल्स सम्बन्धी तालिम, पर्यटकीय क्षेत्रमा घुम्ती तालिम र अन्य तालिमहरु स्तरीय र प्रभावकारी ढङ्गबाट प्रदान भएका छन् । यस योजना अवधिमा मात्रै जम्मा ५१०६ जनालाई तालिम प्रदान गरिएको छ । साथै नयाँ भवन निर्माण र आवश्यक भौतिक सुविधा उपलब्ध गराउने कार्यहरु सम्पन्न गरी एक वर्षे उच्चस्तरीय तालिम कार्यक्रमहरु सुरु भएका छन् ।

पर्यटन प्रवर्द्धन कार्यक्रम :

आठौं योजना अवधिमा पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न अन्तर्राष्ट्रिय पत्र-पत्रिकाहरुबाट र स्टार टि.भि.बाट विज्ञापन गरिएका छन् । भारत, कोरिया, जापान, अष्ट्रेलिया, संयुक्त राज्य अमेरिकाका पर्यटन व्यवसायीहरु, पत्रकारहरुलाई नेपालको पर्यटकीय क्षेत्रको जानकारी गराउन आमन्त्रण गरी जानकारी (familiarization) भ्रमण गराइएका छन् । भारतको मुम्बई, तिब्बतको ल्हासा, जर्मनीको बर्लीन, संयुक्त अधिराज्यको लन्डन, स्पेन, संयुक्त राज्य अमेरिका, सार्क क्षेत्र र एशिया प्यासिफिक क्षेत्रहरुमा आयोजित पर्यटन व्यापार मेलाहरुमा भाग लिई नेपालको पर्यटन सम्बन्धी सूचना आदान प्रदान एवं प्रचार गरी पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएका छन् । लुम्बिनी तथा अन्य पर्यटकीय स्थानमा महोत्सवहरुको आयोजना गरी पर्यटकीय आकर्षण थप गरिएको छ । साथै प्रचार प्रसारका लागि आवश्यक पोस्टर, पुस्तिका, स्टिकर तथा ब्याज प्रकाशन, कालो टोपी, झोला, क्यालेण्डर वितरण, वृत्तचित्र निर्माण, स्लाइड, भिडियो क्यासेटहरु तयार गरी वितरण गरिएका छन् ।

हवाई यातायात सेवा :

पर्यटकहरुलाई नेपाल भित्र्याउने महत्वपूर्ण यातायातको माध्यमको रुपमा रहेको हवाई यातायात सेवालाई आठौं योजना अवधिमा सक्षम, सुरक्षित, सुविधायुक्त तथा स्तरीय बनाउने उद्देश्य अनुरुप देशमा जम्मा विमानस्थल सङ्ख्या ४४ पुगेको छ । दुर्गम जिल्लाहरु मुगु, कालिकोट, अछाम, खोटाङ र डोल्पामा विमानस्थलहरु निर्माणका चरणमा छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमको गुरु योजना अनुसार स्तर, सुविधा बृद्धि र क्षमता बृद्धिका लागि सुधार कार्यहरु सञ्चालन गरिएका छन् । दुर्गम क्षेत्रहरुमा करिब १२५ वटा हेलीप्याड परीक्षण अवतरण सम्पन्न गरिएको छ । साथै वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि आवश्यक सम्भाव्य स्थल छनौटका लागि पूर्व सम्भाव्यता अध्ययन कार्यहरु भएका छन् । हवाई सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ पारित भई नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापनाका लागि नियम तर्जुमा र अन्य व्यवस्थाहरु भैरहेका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजना :

एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजना अन्तर्गत २९,९५३ व.मि. क्षेत्रमा अन्तर्राष्ट्रिय एप्रोन विस्तार कार्य, २५,५०० व.मि. आन्तरिक एप्रोन निर्माण, धावन मार्ग चौडाईमा १५ मिटर थप गरी ६० मिटर चौडाइको बनाउने कार्य, सम्पूर्ण धावनमार्गमा ४० मि.मि.को बिटुमिन हाल्ने कार्य, विभानस्थल भित्र सन् २००० सम्मलाई खानेपानीको माग आपूर्ति हुन सक्ने गरी पानी सञ्चालन गर्न इनार निर्माण कार्य, आन्तरिक टर्मिनल भवनमा नयाँ

२२१६ व.मि. क्षेत्रफल थप तथा १२०० व.मि. क्षेत्रफलमा सुधार गर्ने कार्य र त्रि.अ.वि.को लागि अधिग्रहण गरिएको जग्गामा २७०० मिटर चेनलिंक फेन्स (बार) लगाउने कार्य सम्पन्न गरिएको छ ।

अग्नि निवारण तथा जीवनोद्धार सेवा विस्तार :

आठौं योजना अवधिमा विमान स्थलहरुमा अग्नि निवारणका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उड्डयन सङगठनद्धारा निर्धारित ७ क्याटेगोरीको सेवा पुऱ्याइएको छ र विराटनगर, नेपालगंज, पोखरा र भैरहवामा ५ क्याटेगोरीको सेवा प्रदान गर्न सकिने गरी वारुण यन्त्र (फायर भेहिकल एम्वुलेन्स) उपलब्ध गराइएको छ ।

प्राविधिक जनशक्ति उत्पादन :

हवाई यातायात विकासका लागि मध्यम तथा निम्नस्तरका प्राविधिक जनशक्ति स्वेदशमै तयार गर्न आठौं योजना अवधिमा ए.टि.सी. लगायत रेडियो, अग्नि निवारण, सञ्चार, हवाई सुरक्षा जस्ता विषयमा ६०१ जनालाई तालिम उपलब्ध गराइएको छ ।

आन्तरिक विमानस्थलहरुको भौतिक सुविधा विस्तार :

विराटनगर विमानस्थलमा क्रस फायर एक्सेस रोड, नेपालगंजमा प्यारालल ट्याक्सी वे, फायर स्टेशनका निर्माण कार्यहरु पूरा हुनुका साथै चन्द्रगढी, सिमरा र फाप्लुमा विमानस्थल निर्माण-सुधार कार्यहरु सञ्चालन भई रहेका छन् । विभिन्न विमानस्थलहरुमा टर्मिनल भवन, कर्मचारी गृह, खानेपानी, धावनमार्ग सुधार चेनलिंक फेन्सिङ आदि कार्यहरु भएका छन् । हाल चालू रहेको पोखरा विमानस्थलमा नयाँ टर्मिनल भवन निर्माण, धावन मार्ग सुधार कार्यहरु पूरा भई सेवामा ल्याइएको छ । पोखरामा नयाँ विमानस्थल निर्माण गर्न जग्गा अधिग्रहण, फेन्सिङ र जग्गा विकासका प्रारम्भिक चरणका कार्यहरु भएका छन् ।

सञ्चार तथा उड्डयन सहाय :

सुरक्षित हवाई उडानको लागि आवश्यक सञ्चार तथा उड्डयन सेवाका उपकरणहरु जडान तथा सम्भार गर्दै लैजाने क्रममा काठमाडौं, नेपालगंज, सिमरा, भैरहवा, विराटनगर, रुकुम, सल्ले लगायत अन्य विभिन्न हिमाली विमानस्थलहरुमा सञ्चार तथा उड्डयन उपकरणहरु जडान, पुनर्नविकरण तथा मर्मत सम्भार भएका छन् ।

हवाई उडान सूचना तथा नियन्त्रण सेवा विस्तार :

चालू विमानस्थलहरु मध्ये त्रि.अ.वि. लगायत ८ विमानस्थलहरुमा प्राविधिक जनशक्तिद्धारा हवाई नियन्त्रण सेवा तथा २४१ ओटा विमानस्थलमा उडान सूचना सेवा (एरोड्रम फ्लाईट इन्फर्मेशन सर्भिस) उपलब्ध गराइएको छ ।

भू-उपग्रहमा आधारित नयाँ कम्युनिकेशन, नेभिगेशन सर्भिलेन्स/एअर ट्राफिक म्यानेजमेन्ट प्रणाली क्रमिक रुपमा लागू गर्ने कार्यक्रमहरु सञ्चालन गरिएका छन् । अष्ट्रेलियन सहायता अन्तर्गत काठमाडौं, पोखरा, सिमरा, भैरहवामा VOR/DME जडान भई चालू रहेको र विराटनगरमा फ्रेन्च सहायता अन्तर्गत VOR/DME जडान भई सञ्चालन भएको छ ।

समस्या र चुनौती :

योजना अवधिमा पर्यटन क्षेत्रको विकासमा माथि उल्लेख गरिए वमोजिम विभिन्न उपलब्धिहरु हासिल गर्नमा सफलता प्राप्त भएता पनि निम्न लेखिए बमोजिमका समस्या देखिएका छन् :-

- नेपाललाई प्रत्यक्ष रुपबाट अन्तर्राष्ट्रिय जगतसँग जोड्ने बाह्य हवाई यातायात सेवा र यसको क्षमतामा कमी रहेको छ ।
- आन्तरिक हवाई सेवालाई सुरक्षित र स्तरीय बनाउन भौतिक सुविधा तथा आधुनिक सञ्चार एवं उड्डयन सहाय उपकरणहरुको पर्याप्त व्यवस्था गर्न सकिएको छैन ।
- हाल निश्चित समयमा मात्र सीमित रहेको पर्यटन याम (seasonality) को असरलाई कम गरी पर्यटकहरुको आगमनको चापलाई वर्षभरिनै समान रुपमा आकर्षण गर्न सकिएको छैन ।
- पर्यटकहरुको समय-सापेक्ष माग अनुरुपका पर्यटन स्थल र सेवा विकास हुन सकेको छैन ।
- अन्तर्राष्ट्रिय पर्यटन बजारमा बढ्दो प्रतिस्पर्धा अनुरुप ब्यापक प्रचारका कार्य हुन सकेको छैन ।
- पर्यटकहरुको नेपाल बसाईलाई लम्ब्याउने पर्यटकीय गतिविधिहरुको कमी रहेको छ ।
- केही सीमित भौगोलिक स्थानमा मात्र पर्यटन पूर्वाधारको विकास केन्द्रीत भएको छ ।
- पर्यटन क्षेत्रबाट हुने आम्दानीलाई पूर्ण रुपमा संङ्ग्रहित (retention) गर्न सकिएको छैन ।
- अन्य देशहरुको दाँजोमा पर्यटकको प्रतिदिन खर्च अझ निकै न्यून छ ।
- पर्यटन क्षेत्र र अन्य आर्थिक क्षेत्रहरु बीच आवश्यक अग्र र पृष्ठ सम्बन्ध विकास हुन सकेको छैन ।
- पर्यटन विकासको लागि गन्तव्य स्थलको आकर्षण कायम राख्न आवश्यक भू-उपयोग योजना र प्रदूषण नियन्त्रण प्रभावकारी हुन सकेको छैन ।
- पर्यटन विकासको लागि आवश्यक सरकारी एवं निजी क्षेत्रको संस्थागत व्यवस्था सुदृढ हुन सकेको छैन ।

३. दीर्घकालीन अवधारणा

पर्यटन क्षेत्रको आठौं योजना अवधिको उपलब्धि, विद्यमान समस्याहरु र यस क्षेत्रको सम्भावनाहरुलाई दृष्टिगत गर्दा यस क्षेत्रको दीर्घकालीन सोचाई राखी त्यस अनुरुप नीति कार्यक्रमहरु तर्जुमा गर्न आवश्यक देखिएको छ । त्यसकारण पर्यटन क्षेत्रको दीर्घकालीन विकासको सोचाई राख्दा निम्न बमोजिमको दीर्घकालीन उदेश्य राखी निम्न रणनीतिहरु अवलम्वन गर्दै जानु पर्ने देखिएको छ ।

दीर्घकालीन उद्देश्यहरु :

- देशको समग्र आर्थिक विकासको एक महत्वपूर्ण अङ्गको रुपमा पर्यटन क्षेत्रको विकास गर्ने ।
- विश्व पर्यटन बजारमा नेपाललाई एक पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित गर्ने ।
- पर्यटन क्षेत्रबाट प्राप्त लाभहरुलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने ।

दीर्घकालीन रणनीति :

- नेपालको परिप्रेक्ष्यमा पर्यटन विकासको लागि अन्तर्राष्ट्रिय एवं आन्तरिक हवाई यातायातको महत्वपूर्ण भूमिका रहने भएकोले स्तरयुक्त अन्तर्राष्ट्रिय हवाई सेवाको लागि आवश्यक पर्ने विमानस्थलको भौतिक निर्माण, सञ्चार उपकरण एवं हवाई क्षेत्र व्यवस्थापको लागि प्राथमिकता दिई आन्तरिक विमानस्थलहरु मध्ये केही उपयुक्त विमानस्थलहरुको स्तर बढाई छोटो दूरीका अन्तर्राष्ट्रिय उडानहरु गर्न सकिने क्षेत्रीय विमानस्थलको रुपमा स्थापित गरी त्यहाँबाट अन्य साना विमानस्थलमा खेप (shuttle) सेवा र अन्य दुर्गम क्षेत्रमा त्यहाँबाट हेलिकोप्टर सेवा उपलब्ध गराई हवाई यातायातको राष्ट्रिय प्रणाली (network) तयार गर्ने ।
- छिमेकी राष्ट्रहरु जोडिएको स्थलगत सडक यातायातबाट आवागमन बृद्धि गर्ने उद्देश्यले आवश्यक सम्झौता एवं समझदारी कायम गर्ने ।
- अधिराज्यका पर्यटकीय एवं सांस्कृतिक महत्वका शहर र गाउँ क्षेत्रमा क्षेत्रविशेष (zoning) को आधारमा मात्र भौतिक विकासको प्रयास गर्ने ।
- विशिष्ट गन्तव्य स्थलको रुपमा स्थापित गर्न स्थानीय मूल्य र मान्यतामा आधारित (indigenous/valuebased/endemic) पर्यटकीय गतिविधिबाट विविधताल्याई नयाँ पर्यटकीय स्थलहरुको विकास र विस्तार गर्ने ।
- वढी से वढी स्थानीय समुदाय एवं निकायलाई पर्यटनमा संलग्न एवं सहभागी बनाई ग्रामीण पर्यटनलाई एक आर्थिक विकल्पको रुपमा स्थापित गर्ने ।
- परम्परागत आतिथ्य सहितको विशिष्ट सेवा प्रदान गरी पर्यटकीय सेवाको गुणस्तरमा अभिबृद्धि गर्ने
- पर्यटकीय प्रयोजनको लागि स्रोतको रुपमा रहेको प्राकृतिक सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुलाई स्थानीय निकाय, पर्यटन व्यवसायी एवं सांस्कृतिक निकाय बीच समन्वय गराई संरक्षण एवं सम्बर्द्धन गर्ने ।

पर्यटन क्षेत्रको पक्षहरुको दीर्घकालीन प्रक्षेपण :

उपरोक्त विभिन्न नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट आगामी २० वर्षमा निम्न उपलब्धिहरु प्राप्त गर्न सकिने अनुमान छ ।

तालिका २

बीस वर्षे प्रक्षेपण

सि.नं	विवरण	आ.व.२०५४/५५ (सन् १९९७)	आ.व २०५९/६० (सन् २००२)	आ.व.२०६४/६५ (सन् २०१५)
१	पर्यटन आगमन सङ्ख्या	४,२०,००	६७६४१४	१२,४७,८३०
२	पर्यटक बसाई दिन	११.२७	१३	१५
३.	प्रतिव्यक्ति पर्यटक खर्च /यू.एस.डलर/दिन	४५	६०	१३३.३
४.	विदेशी मुद्रा आर्जन करोड यू.एस.डलरमा	२१.३०	५२.७६	१६६.३६

५.	रोजगारी (प्रत्यक्ष)	७५,०००	१,११,३२९	२,०५,२२७
६.	रोजगारी (आंशिक)	१,०७,७००	१,६२,०२९	२,९८,६८८
७.	रोजगारी (प्रत्यक्ष/अप्रत्यक्ष) जम्मा	२,५७,०००	३,७१,५९८	६,८५,०१३

नवौं योजना :

देशमा मौजुद पर्यटकीय आकर्षण भौगोलिक अवस्थितिलेगर्दा तुलनात्मक लाभको आधारमा पर्यटन क्षेत्रलाई नेपालको एक महत्वपूर्ण आर्थिक क्षेत्रको रुपमा विकास गर्न सकिने देखिएकोले नवौं योजना अवधिमा सामाजिक, प्राकृतिक, धार्मिक एवं सांस्कृतिक वातावरण अनुकूल पर्यटकीय गतिविधिलाई विकास विस्तार गर्नु पर्नेछ ।

उद्देश्य :

- देशको समग्र आर्थिक विकासको एक महत्वपूर्ण अङ्गको रुपमा पर्यटन क्षेत्रको विकास गर्न अग्र र पृष्ठ सम्बन्ध विकास गर्ने ।
- विश्व बजारमा नेपाललाई एक विशिष्ट पर्यटन गन्तव्य स्थलको रुपमा स्थापित गर्न प्रभावकारी प्रचार प्रसार गर्ने ।
- पर्यटन क्षेत्रबाट रोजगारीको अवसर आय आर्जन एवं विदेशी मुद्रा आय आर्जन बृद्धि गरी यी लाभहरुलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने ।

लक्ष्य :

योजना अवधिमा वर्षिक सरदर १० प्रतिशतका दरले पर्यटक आगमन सङ्ख्या बढ्ने र २० प्रतिशतका दरले विदेशी मुद्रा आर्जनमा बृद्धि हुन सक्ने अनुमान छ । यस अनुसार योजनाको पहिलो वर्षमा करिव ४,२०,००० पर्यटकहरुलाई नेपाल भित्र्याउने लक्ष्य रहेको छ भने योजनाको अन्तिम वर्षमा यो सङ्ख्या बढेर ६,७६,४१४ पुग्ने अनुमान छ । यसैगरी योजनाको पहिलो वर्ष पर्यटनबाट अमेरिकी डलर २१ करोड ३० लाख आर्जन हुने लक्ष्य राखिएको छ । यस अनुसार योजनाको अन्तिम वर्षमा अमेरिकी डलर ५२ करोड ७६ लाख आर्जन हुने अनुमान छ ।

नीति :

माथि उल्लिखित उद्देश्यहरु प्राप्तका लागि नवौं योजनामा निम्न नीतिहरु अवलम्वन गरी भौतिक लक्ष्यहरुमा आधारित कार्यक्रमहरु निर्देशित गरिनेछ ।

पर्यटनस्थल विकास तथा विस्तार

- सम्भाव्यता अध्ययनको आधारमा थप पर्यटकीय गन्तव्य स्थलहरुको विकास विस्तार गरिनेछ ।

- नेपाल अधिराज्यभरका ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक महत्वका भवन, मठ मन्दिरहरुलाई राष्ट्रिय सम्पदास्थलको रुपमा पञ्जीकरण गराई संरक्षण एवं सम्भार गरेर पर्यटकीय प्रयोजनमा ल्याइनेछ ।
- अधिराज्यभरका ताल तलैया, गुफा, झरना, गढहरुको अभिलेख तयार गरी यिनलाई पर्यटन स्थलको रुपमा विकास गर्दै लगिनेछ ।
- देशको मौलिक संस्कृति, परम्परागत आतिथ्य एवं जनजातीय रहन सहनहरुलाई सम्बर्द्धन गरी पर्यटकीय आकर्षणको रुपमा प्रस्तुत गरिनेछ ।
- नयाँ पदयात्रा कार्य तथा हिम शिखरहरुलाई योजनाबद्ध तरिकाले खुल्ला गर्दै लगिनेछ ।
- प्रत्येक विकास क्षेत्रमा नमुना ग्रामीण पर्यटन स्थलको विकास गर्न स्थनीय निकायलाई प्रोत्साहन गरिनेछ ।
- अधिराज्यको मध्यभागमा विकास भएका पर्यटकीय उत्पादन तथा सेवाको गुणस्तरमा बृद्धि गर्नुका साथै पूर्व र पश्चिम क्षेत्रहरुमा विशेष रुचिपूर्ण पर्यटन स्थल (special interest tourism spots) को विस्तार गरिनेछ ।
- काठमाडौं उपत्यका भित्रका सांस्कृतिक सम्पदा, चाडपर्व र सांस्कृतिक तथा धार्मिक परम्पराहरुको खोजी गरी "चाडपर्व अवलोकन" (festival tourism) लाई प्रोत्साहित गरिनेछ ।
- पर्यटन क्षेत्रमा भएको लगानी र प्राप्त प्रतिफल तथा असर बारे आवधिक रुपमा अध्ययन एवं मूल्याङकन गरिनेछ ।
- अधिराज्यका प्रमुख नदीहरुको सम्भाव्य स्थलहरुमा प्रदूषणरहित च्याफ्टीङ (जलयात्रा) विस्तार गरिनेछ ।

<u>पर्यटकीय पूर्वाधार विकास</u>

- पर्यटकीय स्थलहरुमा न्यूनतम सुविधाहरुको विकास गर्न स्थानीय वासिन्दालाई प्रोत्साहन गरिनेछ ।
- पर्यटकहरु बढी आगमन गर्ने स्थलहरुमा सञ्चार व्यवस्थालाई सर्वसुलभ र आधुनिक गराइनेछ ।
- पर्यटन स्थलहरुमा निर्माण हुने पूर्वाधारहरुको न्यूनतम स्तर निर्धारण गरी सुपरिवेक्षणको व्यवस्था मिलाइनेछ ।
- जनसहभागितामा बनाइएका पर्यटकीय महत्वका सडक/बाटोलाई प्राथमिकताका आधारमा स्तरीय बनाउँदै लगिनेछ ।
- भौतिक पूर्वाधारको निर्माण, संरक्षण र सञ्चालनमा सरकारी लगानीको साथसाथै निजीक्षेत्र र स्थानीय/सस्था तथा गैर सरकारी संस्थाहरुलाई परिचालन गरिनेछ ।
- पर्यटन स्थलहरुमा वातावरण अनुकूलित यातायात सेवा प्रोत्साहन गरिनेछ ।
- प्रत्येक पर्यटकीय स्थलका स्थानीय निकायको सहभागीतामा विशेष क्षेत्र zoning तय गरी भू-उपयोग योजना बनाउन लगाइनेछ ।
- देश भित्रका केही राजमार्गहरुलाई दृष्यावलोकन राजमार्गको रुपमा स्थापित गरी यसका लागि छुट्टै नियम (code) लागू गरिनेछ ।

पर्यटकीय आकर्षण विस्तार तथा विविधिकरण

- स्वदेशमा उत्पादित वस्तु एवं हस्तकला जस्ता सामग्रीहरुलाई पर्यटकीय उपभोगका लागि उत्पादन र खपत गर्न गराउन विशेष जोड दिइने छ ।
- पर्यटन उपज बस्तु तथा सेवाहरुको वर्गीकरण गरेर गुणस्तरका मापदण्डहरु तर्जुमा गरी लागू गरिनेछ ।
- हाल प्रचलित पर्यटकीय गतिविधिहरुलाई अरु विस्तार गर्ने क्रममा हट एयर बेलूनिङ, तातो झरना, पुतली र चरा अवलोकन, स्थानीय रहन-सहन अवलोकन (hot air balooning, hot spring, honey hunting, butterfly/bird and watching, anthropological tours), लालीगुँरास अवलोकन तथा लुप्त हुन लागेको परम्पराको अवलोकन आदि पर्यटकीय कार्यक्रम सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- नयाँ पर्यटकीय क्रियाकलाप, जस्तै eco-tourism, medical/tourism, convention and conference tourism (MICE Tourism), cultural tourism, festival tourism, scientific tourism, village tourism, adventure tourism, holiday tourism, endemic tourism, sports tourism and value based tourism प्रवर्द्धन गरिनेछ ।
- विभिन्न जात जातिका सांस्कृतिक एवं धार्मिक चाडपर्वहरुको विवरण सङ्कलन गरी पर्यटकहरुलाई देखाउन विशेष भ्रमण (package tour) को व्यवस्था विशेष गतिविधिका रुपमा गरिनेछ ।
- शहरी पर्यटन क्रियाकलाप अन्तर्गत दृश्यावलोकनको अलावा करमुक्त पसलमा किनमेल र क्यासिनो गतिविधिलाई आवश्यक नियन्त्रणका मापदण्ड तोकी सञ्चालनमा उदारीकरण गरिनेछ । सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक क्षेत्र, पार्क, म्यूजियम, चिडियाखाना आदिमा पर्यटकहरुको भ्रमण प्रवर्द्धन गरिनेछ ।
- पदयात्रा मार्गहरुमा क्याम्प साईट (बासस्थल) लगायतका अन्य सेवाहरुको संरक्षण, मर्मत तथा सम्भार गरी सञ्चालन गर्न दिइनेछ । नयाँ खुला गरिएका क्षेत्रहरुमा सञ्चालन भएको पदयात्रा कार्यक्रमको अनुगमन गर्नका लागि गैरसरकारी संस्था वा उक्त क्षेत्रकै समुदायलाई अग्रसर गराइनेछ ।
- नदीहरुलाई प्रदूषण मुक्त गरी समुचित रुपमा जलयात्रा क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- वातावरणीय प्रभावको अध्ययनको आधारमा मात्र आरक्षित तथा वरिपरिका क्षेत्रहरुमा पर्यटकीय गतिविधि सञ्चालन गर्न निर्दिष्ट गरिनेछ ।

पर्यटन बजार प्रवर्द्धन तथा विस्तार

- अन्तर्राष्ट्रिय पर्यटन बजारको विश्लेषणात्मक अध्ययनको आधारमा बजार क्षेत्र यकिन गरी यूरोप, उत्तरी अमेरिका, एसिया तथा प्रशान्त क्षेत्रका देशहरुका निजी क्षेत्र समेतको संयुक्त सहभागितामा प्रचार प्रसार गरी बजार प्रवर्द्धन गरिने छ । साथै आन्तरिक र भारतीय पर्यटकहरुलाई आकर्षित गरी पर्यटन उद्योगलाई दिगो बनाइनेछ ।
- अन्तर्राष्ट्रिय पर्यटन बजार अध्ययनको आधारमा मात्र पर्यटन र बजार प्रवर्द्धन गरिनेछ ।

- विभिन्न विकास क्षेत्रहरुबीच आर्थिक तथा सामाजिक सन्तुलन कायम गराउन आन्तरिक पर्यटन प्रोत्साहन गरिनेछ ।

- पर्यटन र बजार प्रवर्द्धनमा निजी क्षेत्रलाई अग्रणि भूमिका खेल्न प्रोत्साहन गरिने छ । यसै सन्दर्भमा पर्यटन उद्योगलाई गुणात्मक रुपमा विकास गरीं उल्लेखनीय आय अभिबृद्धि गर्न सन् १९९८ लाई नेपाल भ्रमण बर्षको रुपमा मनाईने कार्यक्रम रहेकोछ ।

- उत्तर अमेरिकी तथा पश्चिम यूरोपीय बजारमा नेपालको प्रचारलाई व्यापक गरिने छ भने एशिया प्रशान्त क्षेत्रका नयाँ बजारमा प्रवर्द्धन कामलाई बिस्तार गरिनेछ ।

- बजार प्रवर्द्धन गर्ने कार्य सुनियोजित गर्न उपयुक्त बजार क्षेत्र (market segmentation) को आधारमा लक्षित समूहको अभिरुचिलाई ध्यानमा राखी पर्यटन प्रवर्द्धन गरिनेछ ।

- पर्यटन बजार प्रवर्द्धन गर्ने कार्यमा विदेश स्थित नेपाली कूटनैतिक नियोगहरु, अवैतनिक महावाणिज्य दूत, मैत्रीसंघ, वायु सेवा सम्बन्धी कार्यालय, एजेन्ट, विदेश स्थित नेपालीहरुको संघ संस्थाहरुलाई सक्रिय गरिनेछ ।

- बजार प्रवर्द्धनका कार्यमा नयाँ प्रचारका माध्यमहरु होम पेज, इन्टरनेट, इ-मेल जस्ता प्राविधिक सूचना-सञ्चार माध्यमहरुको पनि उपयोग गरिनेछ ।

- बजार प्रवर्द्धन प्रचार प्रसार सामाग्रीहरुको वितरणलाई अझ प्रभावकारी बनाइनेछ ।

- विदेशी पत्रकार, यात्रावृत्तान्त लेखक, टेलिभिजन कार्यक्रम समूहलाई नेपाल भ्रमण गराई नेपालको प्रचार गराईने छ ।

- प्रत्येक पर्यटक प्रवेशविन्दुमा पर्यटन सूचना केन्द्र तथा अध्यागमन कार्यालय खोल्नुको साथै ती कार्यालयलाई "स्वागत द्वार" का रुपमा विकास गरिने छ ।

- पर्यटक वर्गलाई आन्तरिक पर्यटक, सार्क क्षेत्रका पर्यटक र अन्तर्राष्ट्रिय पर्यटक गरी तीन वर्गका पर्यटक कायम गर्न प्रयास गरिनेछ ।

- हवाई विकास :

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई विस्तार तथा सुदृढीकरण गरी सुरक्षित एवं सुविधासम्पन्न स्तरीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा विकास गरिनेछ ।

- क्षेत्रीय तथा आन्तरिक विमानस्थलहरुको विस्तार र सुदृढीकरण गरिनेछ ।

- निजी क्षेत्रलाई आन्तरिक र अन्तर्राष्ट्रिय विमानसेवा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) माप दण्ड अनुरुप जीवनोद्धार सेवा तथा अग्नि निवारण सेवा विस्तार एवम् सुदृढीकरण गरिनेछ ।

- नागरिक उड्डयनसँग सम्बिन्धत प्राविधिक जनशक्तिको समायानुकूल विकास गरिनेछ ।

- आन्तरिक तथा वाह्य हवाई यातायातमा स्वस्थ प्रतिस्पर्धा ल्याई सेवाको स्तर बृद्धि गरिनेछ ।

- स्वदेशी, विदेशी एवं संयुक्त लगानीमा आन्तरिक तथा बाह्य विमान सेवाहरु बिस्तार एवं सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

- निजी क्षेत्रलाई विमानस्थल तथा विमानस्थलसँग सम्बन्धित सेवाहरुको सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

- हिमालयपार उडान लगायत पूर्व-पश्चिम अन्तर्राष्ट्रिय उडानहरुले नेपालको आकाशको अधिकतम उपयोग गर्न सक्ने गरी हवाई मार्गहरुको प्रवर्द्धन गरिनेछ ।

- फ्लाइङ्ग क्लब, बेलुनिङ्ग, ग्लाइडिङ्ग जस्ता सामान्य उडान सम्बन्धी क्रियाकलापहरुलाई प्रोत्साहन दिई लागू गर्दै लगिनेछ ।

- प्राकृतिक प्रकोप तथा आपतकालीन अवस्थामा पर्यटकहरुको खोज तथा उद्धार कार्यलाई भरपर्दो र प्रभावकारी बनाउन नागरिक खोज तथा उद्धार सेवाको विकास गरिनेछ ।

वातावरण संरक्षण

- पर्यटन प्रवर्द्धनको लागि स्वच्छ वातावरण जगेर्ना गर्ने कार्यमा स्थानीय निकाय र निजी व्यवसायीहरुलाई संलग्न गराई पर्यटकीय गतिविधिलाई अनुगमन गर्न सम्बन्धित सरकारी निकायहरुसँग समन्वय गरिनेछ ।

- वातावरणीय दृष्टिकोणबाट महत्वपूर्ण एवं सम्वेदनशील पर्यटक स्थलहरुमा वातावरणीय संरक्षणको लागि सम्बन्धित सरकारी निकाय, सामाजिक निकाय एवं निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

- पर्यटकीय स्थलहरुलाई स्वच्छ र सुन्दर कायम राख्ने कार्यमा स्थानीय निकायहरुलाई बढी सक्रिय बनाउनमा जोड दिइनेछ ।

- पर्यटनस्थलहरुमा स्तरीय सशुल्क बिश्रामस्थलहरु निर्माण गर्नमा स्थानीय निकायहरु एवं निजी क्षेत्रहरुलाई सक्रिय तुल्याइने छ ।

- पर्यटकीय सेवा प्रदान गर्ने निजी व्यवसायीहरुले वातावराणपक्षमा अपनाउनु पर्ने आचार संहिता तयार गरी पालन गर्न लगाइने छ ।

- पदयात्रा तथा पर्वतारोहण जस्ता प्राकृतिक वातावरण सम्वेदनशील गतिविधिहरुबाट हुने प्रदूषण नियन्त्रण कार्यमा विशेष अनुगमन गरिनेछ ।

- ऐतिहासिक तथा धार्मिक क्षेत्रका रुपमा रहेको उपत्यकाका शहरहरुको भित्री भागलाई प्रदूषणमुक्त राख्न यातायात निषेधित क्षेत्र बनाउने जस्ता उपायहरु अपनाइनेछ ।

निजी क्षेत्रको परिचालन

- पर्यटन उद्योग, उत्पादन सेवा र गतिविधिमा निजी क्षेत्रको लगानी आकर्षित गर्न नयाँ स्थल एवं सेवाको विस्तारका लागि थप सुविधा दिई प्रोत्साहित गरिनेछ ।

- पर्यटन उद्योग, उत्पादन, सेवा तथा गतिविधिमा लगानी अभिबृद्धि गर्नका लागि निजी क्षेत्रलाई विभिन्न सहुलियत उपलब्ध गराई प्रोत्साहन गरिनेछ ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रको सहभागितामा प्रोत्साहित भ्रमण बिदा तथा सहुलियतको व्यवस्था तर्फ प्रयास गरिनेछ ।
- उपत्यका र बाहिरका विभिन्न धार्मिक सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण र विकासका लागि स्थानीय निकायहरु, नगरपालिका, विभिन्न गाँउ विकास समिति र गैरसरकारी संस्थाहरुको सहभागिता परिचालन गरिनेछ ।
- होटल लगायत पर्यटनक्षेत्र एवं स्थलहरुमा पर्यटन सेवाको गुणस्तर तथा क्षमता बढाउन निजी क्षेत्रको सहभागितामा मार्गदर्शन एवं मापदण्डहरु तयार गरिनेछ ।
- अधिराज्यको नयाँ क्षेत्रहरुमा पर्यटन विकासको लागि र थप सुविधा तथा सहुलियत बढाउनको लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न नयाँ क्षेत्रमा ऋण सुविधाहरु प्रदान गरिनेछ ।
- पर्यटन व्यवसायबाट विदेशी मुद्रा आर्जन गरेको केही निश्चित प्रतिशतसम्म आफ्नै पर्यटन प्रयोगको लागि खर्च गर्न पाउने व्यवस्था मिलाईने छ ।
- पर्यटन उद्योगलाई प्राथमिकता प्राप्त क्षेत्रको मान्यता दिई लगानी परिचालन गरिनेछ ।

कार्यक्रम :

नवौं योजना अवधिमा पर्यटन क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरुमा श्री ५ को सरकारको भूमिका विशेषत: भौतिक पूर्वाधारहरुको निर्माण तथा सुदृढीकरण तथा संस्थागत र नीतिगत व्यवस्थामा केन्द्रीत गरिने छ । पर्यटन प्रवर्द्धन, बजार व्यवस्थापन जस्ता कार्यक्रमहरु सञ्चालनमा नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । देशको केही भागमा सिमित रहेको पर्यटन स्थलको चापलाई हटाउन नयाँ पर्यटन स्थलको निर्माण तथा पूर्वाधार विकासमा जोड दिनुका साथै ग्रामीण अर्थतन्त्रलाई टेवा दिने पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

पर्यटन स्थल विकास :

पर्यटन प्रवर्द्धन गर्न आवश्यकता अनुसार अध्ययन, सर्भेक्षण र पर्यटन स्थल विकास कार्यक्रमहरु तर्जुमा गरी सम्भाव्यताको आधारमा नयाँ नयाँ पर्यटन स्थलहरुको विकास गरिनेछ । यस सिलसिलामा पर्यटन विकास कोषबाट स्थानीय निकाय र जनसहभागिताको आधारमा पर्यटन स्थल विकास सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ ।

पर्यटन पूर्वाधार विकास :

पर्यटकीय आकर्षणका स्थलहरुको विकासमा प्रत्यक्ष मद्दत पुऱ्याउने सडक, हवाई मैदान, गोरेटो, सरसफाइ, धार्मिक स्थल संरक्षण र वातावरण संरक्षणका विविध कार्यहरु सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत पोखरा, लुम्बिनी, गोरखा क्षेत्रमा विविध पर्यटकीय पूर्वाधार विकासका कार्यहरु गरिनेछ । जुम्ला, लुक्ला जस्ता पर्यटकीय क्षेत्रमा आवागमन सुधिवा बढाउन हवाई मैदान र धावन मार्गहरु सुधार गरिनेछ ।

पर्यटन नमुना गाउँ :

पर्यटकीय गतिविधि ग्रामीण स्तर सम्म विस्तार गर्न गाउँमा आधारित पर्यटन लाई बढावा दिई देशका सवै भौगोलिक क्षेत्रहरुको प्रतिनिधित्व हुने गरी पर्यटकीय दृष्टिकोणबाट उपयुक्त गाउँहरुमा आन्तरिक र वाह्य पर्यटकहरुलाई गन्तव्यस्थलको रुपमा विकास गर्ने व्यवस्था गरिने छ ।

पर्वतीय पर्यटन विकास :

विश्व प्रसिद्ध शिखर सगरमाथा लगायत उच्च हिमशिखरहरु र आसपासका क्षेत्रहरु पर्यटकीय क्रियाकलापबाट प्रदूषित हुँदै गएका र यसबाट पर्यटन क्षेत्रको दीर्घकालीन विकासमा नकारात्मक असर पर्न सक्ने भएकाले वातावरण संरक्षण तथा स्थानीय रोजगारी अभिबृद्धि गर्ने लक्ष्य लिई पर्वतारोहण सम्बन्धी कार्यक्रम तथा उपयुक्त व्यवस्थाहरु सञ्चालन गरिनेछ । यस योजनाबाट सगरमाथा प्रदूषण नियन्त्रण समिति, अन्नपूर्ण संरक्षण क्षेत्र लगायत पर्यटन व्यवसायमा सम्वद्ध विभिन्न संघ संस्थाहरुलाई सरसफाइका लागि परिचालन गर्ने, रेडियोबाट पर्वतारोहण सम्बन्धी जानकारी प्रसारण गर्ने, हिमालयको विवरण तयार गर्ने, पर्वतारोहण सम्बन्धी तथ्यांङ्क पुस्तिका छपाई गर्ने, पर्यटन संग्रहलय निर्माण गर्न सहभागी हुने, पर्वतीय पर्यटन सम्बन्धी आधुनिक सूचना तथा वितरण प्रक्रिया मिलाउने, पदयात्रा मार्ग सम्बन्धी प्रशासनिक तथा अन्य व्यवस्था मिलाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

पर्यटन प्रवर्द्धन कार्यक्रम :

नेपाल पर्यटन बोर्डमा संलग्न निजीक्षेत्र समेतको सहभागितामा अन्तर्राष्ट्रिय क्षेत्रमा पर्यटन प्रवर्द्धन र प्रचार प्रसार गर्ने उदेश्यबाट सञ्चालन हुने यस कार्यक्रम अन्तर्गत इन्टरनेट र अन्तर्राष्ट्रिय टेलिभिजनद्धारा श्रव्यदृश्य प्रसार सम्बन्धी कार्य, प्रचार सामग्री उत्पादन र वितरण, पर्यटन व्यापार मेलामा भाग लिने, अन्तर्राष्ट्रिय परिचयात्मक भ्रमण,आन्तरिक प्रवर्द्धन तथा जनचेतना एवं पर्यटकीय आकर्षणको महोत्सव आयोजना गर्ने कार्यहरु सञ्चालन गरिनेछ ।

अन्तर्राष्ट्रिय सम्पर्क :

पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका निमित्त सरकारी क्षेत्रका दायित्वहरु पूरा गर्न यस आयोजना अन्तर्गत विश्व पर्यटन दिवस मनाउने, सार्क बृत्तचित्र संयोजन गर्ने विश्व पर्यटन सङ्गठनको बैठकमा भाग लिने, विदेशस्थित राजदूतावास र नियोगहरुलाई परिचालन गर्ने, विदेशी लगानी प्रवाहित गर्न उपयुक्त आयोजनाहरुको पहिचान गरी दातृ संस्थाहरुलाई परिचालन गर्ने कार्यक्रमहरु समावेश गरिनेछ ।

पर्यटन जनशक्ति विकास :

पर्यटन क्षेत्रको विकासको लागि देशभित्रै आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यबाट सञ्चालित होटेल व्यवस्थापन तथा तालीम केन्द्रलाई सशक्त र प्रभावकारी वनाईनेछ । यस केन्द्रले विभिन्न स्तरका होटेल एवं रेष्टुराँ सम्बन्धी र भ्रमण र यात्रा सम्बन्धी अल्पकालीन र दीर्घकालीन तालिमहरु सञ्चालन गर्नेछ । निजी क्षेत्रमा सञ्चालित यस प्रकारका तालिम एवं अन्य सरकारी निकायका तालिम सँग आवश्यक सम्वद्धता कायम गरी तालिमको स्तर कायम गर्नेछ ।

हवाई उड्डयन कार्यक्रम :

नवौं योजनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई सुदृढीकारण गरी अन्तर्राष्ट्रिय स्तरको सुरक्षित, भरपर्दो र सुविधायुक्त विमानस्थलको रुपमा विकसित गरिनेछ । एसियाली विकास बैङ्कको ऋण सहयोगमा सञ्चालन हुने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजनाले अन्तर्राष्ट्रिय टर्मिनल

भवन निर्माण, अपरेशन हवाई सेवा विस्तार, विमान स्थल तथा ह्याङगर क्षेत्र विकास, विमानस्थल परिसर सडक निर्माण, विमान स्थल अग्नि तथा हवाई मैदान सम्भार भवन निर्माण, हवाई ढुवानी क्षेत्र (air cargo complex) तथा एप्रोन विस्तार, सिभिल इञ्जिनियरिङ्ग उपकरण खरिद एवं जग्गा अधिग्रहण कार्य गर्नेछ । साथै त्रिभुवन विमानस्थलमा जडान भएको राडारलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

खास गरेर छिमेकी मुलुक भारतका विभिन्न शहरहरुमा छोटो दूरीको सीधा हवाई सम्पर्क गर्न समर्थ हुने गरी विराटनगर, भैरहवा र नेपालगञ्ज विमानस्थलको भौतिक सुविधामा विस्तार गरेर क्षेत्रीय विमानस्थल (hub airport) को रुपमा विकसित गर्दै लगिनेछ ।

अधिराज्यको ४४ वटा चालू आन्तरिक विमान स्थलहरुलाई सुरक्षित र भरपर्दो बनाउन ती विमानस्थलहरुमा आधुनिक उपकरणहरुको जडान, जीवनोद्धार तथा अग्नि निवारण सेवा, टर्मिनल भवन निर्माण, धावन मार्ग सुधार, चेनलिंक फेन्सिङ्ग, कर्मचारी एवं प्रहरी आवासगृह निर्माणका कामहरु गरिनेछ । यस आयोजनामा निर्माणाधीन कालीकोट विमानस्थल र कमलबजार (अछाम) विमानस्थल निर्माण पूरा गरिनेछ ।

सडक र हवाई यातायात सेवाबाट वञ्चित भएका देशका दुर्गम स्थानहरुमा हेलिकप्टर सेवा उपलब्ध गराउन हेलिप्याडहरु निर्माण गरिनेछ ।

नवौं योजनामा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको लागि सम्भाव्य स्थानहरुको सर्वेक्षण गरिनेछ ।

११.४ श्रम तथा मजदुर कल्याण

१ पृष्ठभूमि :

देशमा वार्षिक झण्डै तीन लाखका दरले श्रमशक्ति थप भइरहेको अनुमान गरिएको छ । देशमा राष्ट्रिय उत्पादन वृद्धि गर्नमा औद्योगीकरणको ठूलो योगदान रहेको पाइएको छ भने औद्योगिक विकासको लागि सरकार, व्यवस्थापन र श्रमिक समेत तीन वटै पक्षको सामाजिक साझेदारीको रुपमा आ-आफ्ना क्षेत्रको अग्रणी भूमिका रहन्छ । अतः औद्योगिक विकासका यी तीन पक्षको त्रिपक्षीय भूमिका देशमा औद्योगिक शान्ति कायम गर्ने तर्फ उन्मुख हुनु जरुरी हुन्छ ।

राष्ट्रको कुल राष्ट्रिय उत्पादनमा कृषिपछि महत्वपूर्ण स्थान ओगट्ने उद्योग क्षेत्रमा सीपयुक्त एवं दक्ष श्रमशक्ति परिचालन गर्ने आवश्यकता रहेको छ । माथि देशमा बढ्दै गएको बेरोजगारीलाई कम गरी समष्टिगत रुपमा गरिबी निवारणतर्फ केन्द्रित हुनु पनि आवश्यक छ । औद्योगिक शान्ति कायम गरी औद्योगिक विकासको लागि सीपयुक्त दक्ष श्रमशक्तिको उत्पादन गर्नु र बढ्दै गएको बेरोजगारको संख्यालाई कम गर्न बढी भन्दा बढी स्वरोजगारका अवसरहरु सिर्जना गर्नुपर्ने आवश्यकता देखिएकोछ ।

२ आठौं योजनाको प्रगति समीक्षाः

आठौं योजना अवधिमा श्रम तथा मजदुर कल्याणतर्फ विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको पाइन्छ ।

- सीप विकास तालिम केन्द्रहरु र दुई व्यावसायिक प्रशिक्षण केन्द्रहरुबाट सञ्चालित विभिन्न व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमबाट २२,९७३ जनालाई तालिम दिइएको छ ।
- अशिक्षा तथा गरिबीको कारण विभिन्न प्रलोभनमा परी अमर्यादित पेशामा लाग्नसक्ने सम्भावित जिल्लाहरुका १२५ जना महिलाहरुलाई काठमाडौं स्थित नारी कल्याण गृहमा आवासीय सुविधा सहित सीपमूलक तालिम प्रदान गरी एका एक थान हाते सिलाई मेशिन वितरण गरिएको छ ।
- दांङ, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरुमा सदियौंदेखि चल्दै आएको कमैया प्रथा अन्त्य गर्ने कार्यमा सघाउ पुऱ्याउन आ.व. २०५२।५३ देखि सञ्चालित कमैया महिला सीप विकास तालिम कार्यक्रम अन्तर्गत जम्मा ३९६ जना कमैया महिलाहरुलाई सीपमूलक तालिम प्रदान गरी एका एक थान हाते सिलाई मेशिन वितरण गरिएकोछ ।
- दश वटा श्रम कार्यालयहरुमा रोजगार सूचना केन्द्रहरु स्थापना गरिएका छन् ।
- सम्भावित औद्योगिक दुर्घटनाबाट बचाउन अपनाउनु पर्ने बचाउका उपायहरु बारे सम्बन्धित पक्षमा चेतनाको अभिबृद्धि गर्न, औद्योगिक प्रतिष्ठानको कार्यस्थलमा धूवाँ, धूलो, प्रकाश, ध्वनि आदि जाँच गर्न अत्याधुनिक यन्त्र उपकरण सहितको प्रयोगशाला स्थापना गर्न व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजनाको प्रयोगशाला एवं कार्यालय भवन निर्माण गर्ने कार्य भएको छ । यस बारेमा जनचेतना अभिबृद्धि गर्न पर्चा, पोस्टर, क्यालेण्डर आदि छपाई वितरण गर्नुका साथै गोष्ठी सञ्चालन गरिएको छ ।
- ऊनी गलैंचामा बढ्दो बालश्रमको पुनर्स्थापन गर्ने कार्यमा सघाउ पुऱ्याउन काठमाडौं उपत्यका स्थित ऊनी गलैंचा कारखानाहरुमा नियमित निरीक्षण तथा अनुगमन गरी बालश्रम प्रयोग गरेका कारखानाहरुलाई आवश्यक कारवाही गर्ने कार्य गरिएको छ ।

- व्यवस्थापन र कामदार बीच सुमधुर औद्योगिक सम्बन्ध कायम गर्न अधिराज्यका औद्योगिक क्षेत्र रहेका विभिन्न १२ स्थानमा औद्योगिक सम्बन्ध गोष्ठी सञ्चालित गरिएको छ ।
- वैदेशिक रोजगारको प्रलोभनमा परी नठगिउन भन्नाका लागि विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नुको साथै पाँच स्थानमा वैदेशिक रोजगार गोष्ठी पनि सञ्चालन गरिएको छ । साथै थप बैदेशिक रोजगार बजार प्राप्त गर्न पूर्वी एसिया तथा मध्यपूर्वका केही राष्ट्रहरुमा वैदेशिक रोजगार बजार अध्ययन टोली पठाईएको छ ।

आठौं योजना (२०४९-५४) को प्रगति तालिका

कार्यक्रम	लक्ष्य (जना)	प्रगति (जना)
सीपमूलक तालिम (व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरुबाट)	११,७७५	२२,९७३
श्रमजीवी महिला सीप विकास तालिम कार्यक्रम (५ विकास क्षेत्रका ५/५ वटा जिल्लाहरुमा सम्पन्न)	७५०	७४६
अशिक्षा र गरिबीले गर्दा अमर्यादित पेशामा लाग्नसक्ने सम्भावना रहेका जिल्लाका महिलाहरुलाई आवासीय सुविधा सहितको तालिम (नारी कल्याण गृहमा)	१२५	१२५
कमैया महिला सीप विकास तालिम कार्यक्रम (वर्दिया, दाङ, कञ्चनपुर र कैलाली)	४००	३९६

विद्यमान समस्या :

- देशको कृषि, उद्योग, पर्यटन आदिक्षेत्रहरुको आवश्यकता अनुरुपका दक्ष श्रम शक्ति तयार हुन सकेको छैन भने श्रम शक्तिको केही अंश अर्धबेरोजगार रहेको छ ।
- प्रजातन्त्र पुनर्स्थापनापछि लागू भएको श्रम तथा मजदुर कल्याण सम्बन्धी कतिपय ऐन, नियम, कानुनको कार्यान्वयनमा सक्रियताको अभाव देखिन्छ ।
- श्रम शक्तिलाई बजारको माग अनुरुप प्रशिक्षित र दक्ष पारी रोजगार हुन मदत् पुग्ने गरी प्रशिक्षण र श्रम प्रशासनका कार्यहरु सञ्चालन हुन सकेको छैन ।
- श्रम बजारको माग अनुसार तालिमहरुको संरचनामा समसामयिक सुधार हुन सकेको छैन ।
- स्थानीय स्तरका श्रम प्रशासन कार्यालयहरुलाई सुदृढ गर्नसकिएको छैन ।
- तालिम र रोजगारीको बिचमा अन्तरसम्बन्ध कायम गर्न सकिएको छैन । तालिम प्राप्त दक्ष श्रमिकहरुले कति मात्रामा रोजगारी पाएका छन् भन्नेबारे कुनै यकिन जानकारी प्राप्त गर्नसकिएको छैन । श्रम सम्बन्धी दिइने तालिमहरुलाई अन्य क्षेत्रहरु जस्तै विद्युत्, यातायात, कृषि, उद्योग, शिक्षा, स्वास्थ्यसँग आवद्ध गर्न सकिएको छैन ।
- विद्यमान श्रम ऐनले अनौपचारिक क्षेत्रका श्रमशक्तिलाई समेट्न नसकेको कारणले बेरोजगारीको चाप बढदै गएको छ ।

- व्यवस्थापन र कामदार कर्मचारी बीच समग्ररुपमा अझ पनि सुमधुर औद्योगिक सम्बन्ध कायम हुनसकेको छैन ।
- मान्यता प्राप्त ट्रेड युनियनहरु आफूले निर्वाह गर्नुपर्ने दायित्वप्रति बढी सजग देखिएका छैनन् ।
- बालश्रमिकहरुलाई शिक्षा एवं स्वरोजगारतिर उन्मुख गराउन प्रभावकारी सीपको विकासका लागि तालिमको व्यवस्था भएको छैन ।
- गैर सरकारी संस्थाहरुले बालश्रमिकहरुको शिक्षा एवं सीप विकासका लागि गरिने प्रयासहरुमा पारदर्शीता नहुनुको साथै यिनका क्रियाकलापहरुमा सरकारी पक्षबाट मूल्याङ्कन एवं प्रभावकारी अनुगमनको व्यवस्था सक्रियता साथ लागू भएको छैन ।
- श्रमिक हक सम्बन्धमा ऐन कानुनहरुले उपलब्ध गराएका हक एवं अधिकारहरुलाई व्यवस्थापन पक्षबाट सकारात्मक रुपमा नलिएको पाइन्छ ।
- श्रमिकहरुले मानवोचित जीवनयापन गर्न सक्ने आधारभूत आवश्यकताहरु सुनिश्चित गर्नसकिएको छैन ।
- गलैंचा, तयारी पोसाक, यातायात आदि क्षेत्रमा कार्यरत श्रमिकहरुको शिक्षा, सुरक्षा, स्वास्थ्य र उत्पादनमूलक सीप विकास कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न सकिएको छैन । साथै, ऐन कानुनद्वारा प्रदत्त अधिकार समेतलाई कार्यान्वयन गर्नसकिएको छैन ।
- श्रमशक्तिको उत्पादकत्व बढाउने सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी बनाउन सकिएको छैन ।

३. दीर्घकालीन अवधारणा

देशमा विद्यमान श्रमशक्तिमा आधुनिक प्राविधिक र सीपको अभाव भएको कारण राष्ट्रिय उत्पादकत्व न्यून रहेको सत्यतालाई नकार्न सकिदैन । देशमा एकातिर बेरोजगारको संख्या दिन प्रतिदिन बढ्दै गएको छ भने अर्कोतिर नेपालको श्रम बजारमा विदेशी मूलका नागरिकहरुसँग स्वदेशी श्रमशक्तिले प्रतिस्पर्धा गर्ननसकी रोजगारीको ठूलो क्षेत्रमा छिमेकी तथा अन्य देशका नागरिकहरुबाट नेपाली श्रमिक, कामदारहरु विस्थापित हुँदै गएको पाइएको छ । अन्तर्राष्ट्रिय श्रम बजारमा देशको श्रमशक्तिको प्रतिस्पर्धा खास-खास क्षेत्रमा वाहेक ज्यादै न्यून रहेको छ । अतः यस क्षेत्रमा विद्यमान कमी कमजोरीलाई हटाउन सीपयुक्त दक्ष जनशक्तिको विकास गरी बेरोजगारीलाई कम गर्न सरकारी क्षेत्रबाट नेतृत्वदायी भूमिका निर्वाह गरेर श्रमशक्तिलाई मावन पुँजी को रुपमा विकास गर्नसक्नु परेको छ । यसको अतिरिक्त विश्वव्यापीकरण र उदारीकरणको वर्तमान युगको चुनौती तथा सम्भावनालाई सामना र ग्रहण गर्न सक्षम प्रतिस्पर्धी, दक्ष एवं बदलिँदो प्रविधिसँग स्वयं नवीकरण गर्न सक्ने र तुलनात्मक लाभ दिन सक्ने श्रमशक्तिको विकास गर्ने दीर्घकालीन अवधारणा लिइएको छ ।

औद्योगिक शान्ति कायम गर्नु, स्वस्थ र सुरक्षित कार्य वातावरण सिर्जना गरी श्रमको प्रतिष्ठामा अभिवृद्धि गर्नु, एक्काइसौं शताब्दीको चुनौती सामना गर्न सक्षम, दक्ष, सिर्जनशील, बहु-सीपयुक्त, ग्रहणशील (adaptive) एवं सकारात्मक मूल्य अभिवृद्धि गर्ने श्रमशक्तिको विकास गर्नु र यी कार्यहरुद्वारा राष्ट्रिय उत्पादकत्वमा वृद्धि गर्नु श्रम क्षेत्रको दीर्घकालीन अवधारणा रहेको छ ।

देशमा बढ्दो बेरोजगारी स्थितिको सामना गर्न स्वदेशी र विदेशी लगानीकर्तालाई आकर्षित गर्ने वातावरण सिर्जना गरिनेछ । दीर्घकालीन कृषि नीति अनुरुप कृषि उद्यममा स्वरोजगारमूलक रोजगारीको अवसरहरु सिर्जना गर्नेतर्फ शिक्षा र तालिम कार्यक्रमहरु सञ्चालन गर्ने नीति निर्देशित गरिनेछ । यसका अतिरिक्त गैर नेपाली श्रमिकहरु नियन्त्रण गर्ने, उत्पादनमा श्रम प्रधान प्रविधिलाई प्राथमिकता दिने,

भौगोलिक तथा लैङ्गिक समानताका आधारमा रोजगारीका अवसरहरु प्रदान गर्ने र जातीय भेदभावको अन्त्य गर्ने नीति र कार्यक्रम अपनाइनेछ । यसका अतिरिक्त ग्रामीण र शहरी क्षेत्रको सन्तुलित विकास गर्ने शिक्षा तथा तालिमको व्यवस्था गर्न नीति एवं कार्यक्रम तय गरिनेछ ।

घरेलु तथा साना उद्योग र पर्यटन उद्योगमा बढी श्रमप्रधान प्रविधिको प्रयोग हुने देखिएको हुँदा यस क्षेत्रको लागि आवश्यक जनशक्ति तयार गर्ने रणनीति लिइनेछ । यसका अतिरिक्त देशभित्र सञ्चालित विभिन्न विकास-निर्माण कार्यमा नेपाली श्रमिकहरुलाई नै प्राथमिकता दिइने नीति अवलम्वन गरिनेछ ।

नवौं योजना

४. उद्देश्य :

- श्रमिकहरुको न्यायोचित हकहित र सामाजिक सुरक्षाको संरक्षण गर्ने, उनीहरुको सीप प्रविधियुक्त बनाउने, उनीहरुमाथि शोषणको अन्त्य गर्ने तथा श्रमशक्तिलाई देश र विदेशमा रोजगारीको अवसर उपलब्ध गराई राष्ट्रिय उत्पादनमा बृद्धि गर्ने उद्देश्य लिइनेछ ।

- श्रमिकहरुको माग र आपूर्तिको आधारमा सन्तुलित रुपमा बेरोजगारीको संख्या कम गरिनेछ ।

- सीपमूलक तालिमको माध्यमबाट सीपयुक्त श्रमशक्ति उत्पादन गरी स्वरोजगार तथा अन्य रोजगारका अवसर सिर्जना गरी गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।

- विदेशी श्रम बजारमा नेपाली श्रमिकहरुले अवसर पाउने वातावरण सिर्जना गर्दै प्रतिस्पर्धात्मक रुपमा वैदेशिक रोजगारलाई विश्वासिलो तुल्याई विकसित गरिनेछ ।

- बालश्रम निवारण गर्ने क्रममा बालश्रमिकहरुलाई शिक्षाको अवसर उपलब्ध गराउने र पुनर्स्थापनाको कार्यमा सहयोग पुऱ्याइनेछ ।

- औद्योगिक सम्बन्धको विकासका लागि जनचेतनाको अभिबृद्धि गरी औद्योगिक शान्ति कायम गरेर उत्पादकत्वमा बृद्धि ल्याइनेछ ।

५ नीति तथा कार्यनीतिः

- कृषि श्रमिकको जीवनस्तरमा आमूल सुधार गर्न कृषि श्रमिकका लागि न्यूनतम ज्यालाको व्यवस्था, सङ्गठनको निर्माणमा प्रोत्साहन तथा सीप विकासका लागि आवश्यक कदमहरु चालिने छन् ।

- कृषि तथा ग्रामीण क्षेत्रमा विद्यमान "कमैया", "हलिगोठाला" प्रथा जस्ता शोषणमुखी श्रम प्रणाली र श्रम-सम्बन्धहरुको अन्त्य गर्न आवश्यक कानुनी तथा प्रशासनिक व्यवस्था गरिने छ । त्यस्ता श्रमिकहरुका लागि आवश्कता अनुसार कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्वरोजगारमा संलग्न जनशक्तिको उत्पादकत्वमा बृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- सङ्गठित तथा अन्य क्षेत्रमा श्रमबजारको माग अनुरुप श्रमिकहरुलाई आधारभूत तथा व्यवसायिक तालिम प्रदान गरी त्यस्ता श्रमिकहरुका लागि स्वरोजगारी र रोजगारीका अवसरहरुको सिर्जना गरिनेछ ।

- श्रमिकको आन्तरिक तथा बाह्य माग तथा आपूर्तिलाई सन्तुलनमा राख्न रोजगार विनिमय तथा श्रमबजार सम्बन्धी सूचना सङ्कलन कार्यक्रमहरुलाई अझै व्यवस्थित र सुदृढ गरिनेछ । यसका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

- देशमा उद्योग पर्यटन लगायतका आर्थिक व्यवसाय फस्टाउन अनुकूल हुने र बढी मात्रामा श्रम शक्तिले रोजगार पाउन सक्ने व्यवस्था सिर्जना गर्न ध्यान दिइनेछ ।

- सुमधुर औद्योगिक सम्बन्ध प्रवर्द्धनका लागि श्रम प्रशासन तथा ट्रेड यूनियन सम्बन्धी व्यवस्थालाई सुदृढ गरिनेछ । द्विपक्षीय नीतिलाई प्राथमिकता दिनको लागि आवश्यकतानुसार विद्यमान ऐन नियमहरुमा संसोधन गरिनेछ ।

- ग्रामीण तथा पिछडिएका श्रमजीवी महिलाहरुलाई सीपमूलक तालिम प्रदान गरी कृषि तथा गैरकृषि क्षेत्रहरुमा स्वरोजगारीका अवसरहरु उपलब्ध गराइनेछ ।

- बालश्रम निवारणका लागि बालकल्याण सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- परम्परागत नेपाली सीपलाई प्रवर्द्धन गरी यस्ता सीप प्रयोग हुने अवसरहरुलाई प्रोत्साहन दिइनेछ ।

- कामदारहरुको सीपमा अभिवृद्धि गर्ने रोजगारदाताहरुलाई प्रोत्साहन स्वरुप कर सुविधा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

- वैदेशिक रोजगार प्रवर्द्धन गर्न र विश्वसनीयता कायम गर्न एक स्वायत्त संस्थाको स्थापनाका लागि आवश्यक कदम चालिनेछ । वैदेशिक रोजगारको बजार विस्तार गर्न, यसको विश्वसनीयतामा बृद्धि गर्न तथा विदेशमा नेपाली कामदारहरुको हक, हितको संरक्षण र सुरक्षाका लागि वैदेशिक रोजगारका बढी सम्भावना भएका केही मुलुकहरुमा नेपालका कुटनैतिक नियोग वा अन्य सरकारी निकायलाई परिचालन गरिनेछ ।

- श्रम सम्बन्धी विभिन्न सान्दर्भिक अनुसन्धान कार्यका लागि जनशक्ति तयार गरी आवश्यक संस्थागत व्यवस्था गरिनेछ । यो संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय स्थापित गरी रोजगारी प्रवर्द्धन तथा श्रमिकको हितका लागि नीति तथा कार्यक्रमहरु तर्जुमाका लागि कार्य गर्नेछ ।

- उत्पादन व्यवस्थापनमा श्रमिकहरुको सहभागिता बढाउने नीति र कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्दै लगिनेछ ।

- श्रम ऐन र ट्रेड युनियन ऐनलाई श्रमिकहरुको हकहितको पक्षमा र व्यवस्थापनसँग सुमधुर सम्बन्ध कायम रहने गरी समयानुकूल परिवर्तन गर्दै लगिनेछ ।

- श्रमिकहरुको जीवनयापन प्रक्रियालाई सरल, सुलभ र सुविधायुक्त बनाउन बीमा निवृत्तिभरण, सामाजिक सुरक्षा लगायत सबै प्रकारको व्यवस्थाहरु पुनरावलोकन गरी समयानुकूल सुधार गरिनेछ ।

- रोजगार श्रमिकहरुको सीपलाई उत्पादनमूलक कार्यमा लगाउन योजना अवधिमा बिना धितो सहुलियत दरमा ऋण उपलब्ध गराई स्वरोजगार विस्तारलाई अभियानको रुपमा अगाडि बढाइनेछ ।

- वैतनिक तथा स्वरोजगारमा अभिवृद्धि गर्ने हेतुले विद्यमान सीप विकास तालिम केन्द्रहरुलाई सुदृढ गरेर अर्थतन्त्रले अपेक्षा गरेअनुसारका दक्ष जनशक्ति उत्पादन गरी वैदेशिक कामदारहरुलाई प्रतिस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

- रोजगारीमा लैंङ्गिक विभेदको अन्त्य गर्न कानुनी प्रावधानबाट मात्र सम्भव नहुने भएको हुँदा महिलाहरुलाई सुशिक्षित बनाउने कार्यक्रम सञ्चालन गरी उनीहरुलाई सीप विकासका लागि तालिममा पहुँच बढाउन विशेष प्राथमिकता दिइनेछ ।

- असङ्गठित क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सङ्गठित हुनसक्ने वातावरण सिर्जना गरिनुको साथै कानुनी प्रक्रियालाई सुदृढ तुल्याउने नीति लिइनेछ ।

- मान्यता प्राप्त ट्रेड युनियन महासंघ मार्फत श्रमिक शिक्षामा ब्यापकता ल्याएर राष्ट्रिय महत्वका नीतिगत प्रश्नहरु, आफ्ना वर्गको अधिकार र कत्तर्व्य प्रति वोध र चेतना अभिबृद्धि गराईने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- श्रम उत्पादकत्व र गुणस्तरमा सुधार ल्याई प्रतिस्पर्धामा टिक्न समय बनाउने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । व्यवस्थापन पक्ष एवं सुमधुर सम्बन्ध कायम राख्नुको साथै प्रोत्साहन कार्यक्रम (incentive scheme) लागू गर्ने गराउने कार्यत्रम सञ्चालन गराउने नीति लिइनेछ ।

- श्रम क्षेत्रलाई बढी प्रभावकारी एवं सीपमूलक बनाउन श्रम ऐन, कानुनमा समयानुकूल संशोधन गरिनेछ ।

६. कार्यक्रम:

तालिम : स्वरोजगार र वैतनिक रोजगारको अवसर सिर्जना गर्न अधिराज्यका १६ वटा सीप विकास र व्यवसायिक तालिम केन्द्रहरुबाट ३७,४३८ जनालाई विभिन्न व्यावसायिक विषयहरुमा तालिम प्रदान गरिनेछ ।

प्रत्येक विकास क्षेत्रका ५-५ स्थान गरी अधिराज्यका विभिन्न २५ स्थानमा श्रमजीवी महिला सीप विकास तालिम कार्यक्रम मार्फत ९८५ जना महिलाहरुलाई सीप विकास तालिम प्रदान गरिनेछ ।

नवौं योजनाको सर्वोपरी उद्देश्य गरिबी-निवारण रहेको परिप्रेक्ष्यमा गरिबीका रेखामुनि रहेका जनसंख्याको पहिचान गरी उनीहरुलाई स्वरोजगार र रोजगारमूलक व्यवसायमा संलग्न हुनसक्ने तुल्याउन प्रतिष्ठानको ग्रामीण निर्धन तालिम शिविर अन्तर्गत घुम्ती तालिम सञ्चालन गरेर गरिबीका रेखामुनीका लक्षित समूहका लागि प्रत्येक निर्वाचन क्षेत्रका २०-२० जना गरी प्रतिवर्ष ४,१०० जनाका दरले आ.व. २०५६।५७ देखि ३ वर्षमा जम्मा १२,३०० जनालाई विभिन स्वरोजगारमूलक र रोजगारमूलक तालिम प्रदान गरिनेछ ।

सीप विकास तालिम केन्द्र र व्यवसायिक प्रशिक्षण केन्द्रका तालिमका प्रशिक्षार्थीहरु ७,५०० तथा औद्योगिक प्रतिष्ठानहरुमा कार्यरत कामदारहरु २,५०० गरी जम्मा १०,००० जनालाई जनसंख्या नियन्त्रण, परिवार नियोजन, एड्स तथा यौनरोग, दूषित वातावरण नियन्त्रण, शिक्षाको आवश्यकता तथा महत्व जस्ता विषयमा शिक्षा प्रदान गरी देशको जनसंख्या वृद्धिमा नियन्त्रण गर्न सघाउ पुऱ्याइनेछ ।

औद्योगिक शान्ति तथा श्रमिक अधिकार : औद्योगिक विवाद उद्योग स्तरमै समाधान हुनसकेमा कामदार र व्यवस्थापनबीच समझदारीमा वृद्धि हुनुको साथै विवाद समाधान छिटो छरितो हुने देखिन्छ । यसको लागि यस्ता विवादहरुमा मध्यस्थता गर्ने तेस्रो पक्ष अर्थात् सरकारको संलग्नतालाई कम गर्दै श्रमिक र व्यवस्थापनको द्विपक्षीय संलग्नता रहने सिद्धान्त (bipartism) मा जोड दिइनेछ । गम्भीर प्रकृतिका औद्योगिक विवाद र प्रभावको विस्तार अन्य क्षेत्रमा पनि हुने किसिमका विवादमा भने सरकारी संलग्नता अनिवार्य गराइनेछ ।

असल औद्योगिक सम्बन्धको स्थापना कानुन लागू गरेर मात्र प्राप्त हुननसक्ने यथार्थतालाई दृष्टिगत गरी श्रमिकहरुलाई प्रतिष्ठानको स्वामित्वमा सरिक गराउने, लाभाँश बाँडफाँटमा हिस्सेदार बनाउने र उनीहरुलाई सङ्गठित नागरिक (corporate ccitizen) को रुपमा व्यवहार गरिने स्थितिको सिर्जना गरिनेछ ।

सामूहिक सौदावाजी सम्बन्धी कार्यमा संलग्न हुने आधिकारिक प्रतिनिधिहरुलाई वार्ता तथा सम्झौता सम्बन्धी सीपमा दक्ष तुल्याउन आन्तरिक र वाह्य तालिमको व्यवस्था गरिनेछ ।

श्रम प्रशासनलाई सुदृढ एवम् पूर्व-क्रियाशील (pro-active) बनाई सकभर औद्योगिक विवादको सिर्जना हुन नदिने र श्रम कानुनको पूर्ण कार्यान्वयन हुने स्थितिको सिर्जना गरिनेछ ।

श्रमिकहरुको जीवनयापन प्रक्रियालाई सरल र सुविधायुक्त बनाउन विमा, निवृत्तिभरण, सामाजिक सुरक्षा लगायत सबै प्रकारका व्यवस्थाहरुमा पुनरावलोकन गरी समयानुसार सुधार गरिनेछ ।

देशमा विद्यमान राष्ट्रिय स्तरका ट्रेड युनियनहरुलाई औद्योगिक शान्ति कायम गरी श्रमिकहरुको हक हित संरक्षण गर्न उपर्युक्त कार्यक्रमहरुमा आवश्यकता अनुसार संलग्न गराइनेछ ।

बालश्रम : बालश्रम निवारणका लागि योजनावद्ध कार्यक्रमहरु अगाडि बढाउन आवश्यक देखिएकोले एक छुट्टै बालश्रम सम्बन्धी राष्ट्रिय नीति, कार्ययोजना र रणनीतिको तर्जुमा गरिनेछ । बालश्रमको कारण र बालश्रमको सम्भावना बढी देखिएका क्षेत्रहरुको पहिचान गरी जनचेतना अभिवृद्धि गर्ने, अभिभावकको आयवृद्धि गर्ने, प्रत्यक्ष हस्तक्षेप, पुनर्स्थापन कार्यक्रम, शिक्षा र व्यवसायिक तालिम जस्ता वहुआयामिक रणनीतिको अवलम्बनद्वारा बालश्रमको स्थितिमा उल्लेख्य सुधार गरिनेछ ।

ऊनी गलैंचा कारखाना, चिया बगान र इँटा भट्टाहरुमा बालश्रम निवारण गर्नुका साथै बालबालिका विकास तथा पुनर्स्थापना कोष मार्फत बालश्रममा संलग्न बालबालिकालाई अनौपचारिक शिक्षा प्रदान गर्ने र परिवारमा पुनर्स्थापना गरिनेछ ।

वैदेशिक रोजगार : वैदेशिक रोजगारलाई नियमित, व्यवस्थित र प्रवर्द्धन गर्न वैदेशिक बजार विस्तार, तालिम, जनचेतना अभिवृद्धिका साथै कानुन व्यवस्थालाई कडाईका साथ लागू गर्ने व्यवस्था मिलाइनेछ । वैदेशिक रोजगार व्यवसायलाई बढी विश्वसनीय तथा भरपर्दो तुल्याई थप वैदेशिक रोजगार बजार प्राप्त हुने सम्भावना भएका विदेशी मुलुकहरुमा वैदेशिक रोजगारलाई विस्तार तथा व्यवस्थित गरिनेछ ।

श्रम मन्त्रालय, श्रम विभागबाट इजाजतपत्र प्राप्त नगरेका वैदेशिक रोजगार कम्पनी तथा व्यक्ति विशेषका माध्यमबाट गैरकानुनीरुपमा वैदेशिक रोजगारको लागि जान नहुने वारेमा सर्वसाधारणमा विभिन्न सञ्चार माध्यमबाट जानकारी गराई जनचेतना अभिवृद्धि गर्न अधिराज्यका विभिन्न १५ प्रभावित स्थानमा वैदेशिक रोजगार सम्बन्धी गोष्ठी सञ्चालन गरिनेछ ।

वैदेशिक रोजगारका लागि सम्भावित देशहरुको पहिचान गरी कूटनैतिक स्तर यी मुलुकहरुमा नेपाली कामदारहरुलाई पठाउने व्यवस्था मिलाइने छ । यसका लागि निजी क्षेत्रलाई बढी व्यवस्थित र भरपर्दो बनाइनेछ । यसरी जाने नेपालीहरुलाई सीपमूलक तालिम प्रदान गर्न संस्थागत व्यवस्था मिलाइनेछ ।

संस्थागत व्यवस्था: औद्योगिक प्रतिष्ठानमा कार्यरत कामदार तथा कर्मचारीहरु, श्रम प्रशासन हेर्ने कार्यमा संलग्न कर्मचारीहरु र ट्रेड यूनियनका पदाधिकारीहरुलाई बदलिँदो आयुनिक प्रविधि र श्रम सम्बन्ध विषयमा परिचित गराई श्रमशक्ति सम्बन्धी अनुसन्धानात्मक कार्य गर्न र परामर्श सेवा उपलब्ध गराउन एक उच्चस्तरीय राष्ट्रिय श्रम प्रतिष्ठान गठन गरिनेछ । यस प्रतिष्ठानलाई आधुनिक प्रविधियुक्त तालिम तथा अनुसन्धान केन्द्रकोरुपमा विकसित गर्दै लगिनेछ ।

सूचना, अनुगमन तथा तालिम व्यवस्थापन: सीपमूलक र व्यवसायिक तालिम प्रदान गर्ने उद्देश्यले लामो समयदेखि विभिन्न मन्त्रालय अन्तर्गत भिन्दा भिन्दै निकाय र कार्यक्रमहरु सञ्चालित छन् । यस्तो अवस्थामा एउटै उद्देश्य र स्तरका तालिम सञ्चालनमा विभिन्न निकायहरु संलग्न हुनुबाट

मन्त्रालयहरुका उद्देश्य कार्यमा दाहोरोपनाको समस्या देखा पर्नगएको छ । यस्तो अवस्थाको अन्त्य गर्न तालिम सम्बन्धि छुट्टै नीति तय गरी विभिन्न सेवा क्षेत्र र प्रतिष्ठानहरुलाई आवश्यक पर्ने आधारभूत मध्यम र उच्चस्तरको तालिम प्रदान गर्ने संस्थाहरु स्पष्ट किटान गरिनेछ । एउटै निकायबाट तालिमको उपाधि निर्धारण गर्ने व्यवस्था मिलाइनेछ ।

निजी क्षेत्र समेतको सहभागितामा राष्ट्रिय श्रम प्रतिष्ठान परिषद्को गठन गरी उक्त परिषद्को सिफारिसमा तथा रोजगार सम्बन्धी अनुसन्धानलाई सुदृढ तुल्याएर तालिम कार्यक्रमलाई मागद्वारा निर्देशित गराइनेछ ।

तालिम दिने सरकारी र गैरसरकारी संस्थाहरु बीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी यसको गुणस्तरमा सुधार ल्याउन सरकारी क्षेत्रबाट विशेष लक्षित समूहलाई दिइने तालिमलाई क्रमशः भौचर प्रणालीद्वारा विस्थापित गरी स्वयं प्रशिक्षण संस्था चयन गर्न दिइनेछ । साथै बदलिँदो प्रविधि र मागको प्रवृत्तिलाई मध्यनजर राखी हालका तालिमका विषयहरु र तालिम दिने तौरतरिकामा सुधार ल्याउन पाठ्यक्रम सुधार, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनमा जोड दिइनेछ ।

योजना अवधिमा निजी क्षेत्र समेतको संलग्नता हुनेगरी गठन गरिएको राष्ट्रिय श्रम प्रतिष्ठान परिषद्को सिफारिसमा विभिन्न प्रतिष्ठानहरुमा कार्यरत कामदार, कर्मचारीहरुको लागि शुल्क लिई आवश्यकतानुसार विभिन्न विषयको तालिम सञ्चालन गरिनेछ ।

अधिराज्यका श्रम सम्बन्धी गतिविधिहरुको सूचना संङ्कलन गरी आवश्यकतानुसार सूचना प्रवाह गर्ने उद्देश्यले श्रमसँग सम्बन्धित कार्यक्रमहरु र प्रगति वितरण सम्बन्धित निकायहरुबाट संङ्कलन गरिनेछ ।

औद्योगिक प्रतिष्ठानका व्यवस्थापन पक्ष र कर्मचारी एवं कामदारहरुलाई सहभागी गराई सुमधुर औद्योगिक सम्बन्धको विकास गर्न अधिराज्यका २० स्थानमा औद्योगिक सम्बन्ध विषयमा गोष्ठी सञ्चालन गरिनेछ ।

औद्योगिक प्रतिष्ठानहरुमा हुनसक्ने सम्भावित औद्योगिक दुर्घटनाबाट बच्न र बचाउन औद्योगिक प्रतिष्ठानहरुमा धूलो, धूवाँ, प्रकाश, ध्वनि आदिको मापदण्ड अनुरुप स्तर कायम गर्न औद्योगिक प्रतिष्ठानहरुको आवश्यक निरीक्षण गरी यस्ता तत्वहरुको नमूना सङ्कलन गरेर परीक्षण तथा विश्लेषण गरिनेछ । औद्योगिक वातावरण स्वच्छ तथा स्वस्थ राख्न आवश्यक प्रचार प्रसार गरी यस सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सम्बन्धित पक्षहरुलाई जानकारी गराइनेछ ।

अधिराज्यका विभिन्न जिल्ला स्थित रोजगार सूचना केन्द्रहरुबाट रोजगारदाता र बेरोजगारहरुलाई आवश्यक सूचना तथा परामर्श उपलब्ध गराई रोजगार विनियम सेवालाई प्रभावकारी बनाइनेछ ।

श्रम मन्त्रालयमा श्रमशक्ति सम्बन्धी सूचना प्रणाली खडा गरिनेछ । यसलाई अत्याधुनिक सुविधा र साधनयुक्त गराउन आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था गरिनेछ । साथै यस प्रणालीको माध्यमबाट तालिम र रोजगारको अन्तर्सम्बन्धको बारेमा नियमितरुपले अनुगमन गरिनेछ ।

११.५ आपूर्ति

१. पृष्ठभूमि

सर्वसाधारण जनताको जीवनस्तर उकास्नका लागि विशेष गरी दैनिक जीवनयापनका लागि आवश्यक पर्ने उपभोग्य वस्तु, विकास निर्माण सामग्री, उत्पादन सामग्री एवं तिनको निरन्तर, स्तरीय र सुपथ उपलब्धताको व्यवस्था गर्नु आवश्यक हुन्छ । यस्ता वस्तु र सामग्रीमा पहुँच कम भएका न्यून आयस्तरका जनसमुदाय तथा दुर्गम र पिछडिएका भेगमा बसोबास गर्ने जनसमुदायका लागि राहत पुग्न सक्ने गरी आपूर्ति व्यवस्था परिचालित गर्नु अति आवश्यक हुनका साथै यो कार्य चुनौतीपूर्ण पनि छ । यसर्थ मुख्य रुपमा गरिबीको रेखामुनि रहेका दुर्गम क्षेत्रमा बसोबास गर्ने जनसमुदायका साथै देशको सुगम क्षेत्रमा बसोबास गर्ने अपेक्षाकृत साधनसम्पन्न जनसमुदाय समेतलाई दैनिक जीवनयापनका लागि चाहिने अत्यावश्यक वस्तुको आपूर्तिलाई निरन्तर रुपमा व्यवस्थित र विस्तार गर्दै जानु आवश्यक छ । हाल देशमा स्तरयुक्त र भरपर्दो आपूर्ति व्यवस्था सुदृढ नभइसकेको हुँदा विगतका अनुभव र वर्तमान एवं दीर्घकालीन आवश्यकतालाई समेत परिलक्षित गरी आपूर्ति गर्नुपर्ने वस्तुहरुको किसिम र परिमाणको पहिचान, आपूर्ति प्रणालीमा सुधार, आपूर्ति व्यवस्थापन कार्यलाई सक्षम, पारदर्शी र मितव्ययी बनाउनु, आपतकालीन अवस्थाका लागि खाद्यान्न एवं अत्यावश्यक उपभोग सामग्री सञ्चय गर्ने व्यवस्था र उपभोक्ता हित संरक्षित हुने गरी राष्ट्रिय आपूर्ति व्यवस्थामा निजीक्षेत्रलाई संयमित र अनुशासित रुपमा सहभागी बनाउँदै जानु आवश्यक भएको छ । यसै पृष्ठभूमिमा नवौं योजनाको अवधारणा, उद्देश्य र नीतिसँग सामञ्जस्य रहने गरी दीर्घकालीन दृष्टिकोणबाट राष्ट्रमा आपूर्ति र आपूर्तिसम्बद्ध विविध क्रियाकलापहरुलाई अगाडि बढाउँदै जानु अपरिहार्य हुन गएको छ ।

२. आठौं योजनाको समीक्षा :

आठौं योजना अवधिमा आपूर्ति व्यवस्थातर्फ खाद्यान्न आपूर्ति, अभावग्रस्त क्षेत्रमा खाद्यान्न ढुवानी व्यवस्था, खाद्यान्न डिपो सञ्चालन, सहकारी प्रायोजित बाली विकास कार्यक्रम, खाद्यान्न उपज खरिद, गोदाम निर्माण र सञ्चय व्यवस्थाजस्ता कार्यहरु सञ्चालन गरियो । यसैगरी पेट्रोलियम पदार्थ, काठ दाउरा, निर्माण सामग्री, उत्पादन सामग्री र यन्त्र उपकरणको आपूर्तिलाई लक्ष्य अनुरुप संस्थागत निरन्तरता दिइयो । निजीक्षेत्रबाट दुर्गम क्षेत्रमा आपूर्तिलाई निरन्तरता दिन आवश्यकताअनुसार ढुवानी अनुदान व्यवस्था, आयात व्यवस्था र बजार व्यवस्था गर्नुका साथै उपभोग्य वस्तुहरुको गुणस्तर अनुगमन निरीक्षण, खाद्यान्न तथा नगदेबालीको न्यूनतम समर्थन मूल्य निर्धारण तथा उपभोक्ता हित संरक्षणका लागि सस्थागत व्यवस्था गर्ने जस्ता कार्य सम्पन्न भए ।

आठौं योजना अवधिमा कुल २,३८,१०७ मे.टन खाद्यान्न खरिद, ३५,४५८ मे.टन खाद्यान्न बिक्री, करिब १,१०,००० मे.टन क्षमताका १७ गोदाम निर्माण र दुर्गम क्षेत्रका ३८ जिल्लामा ६५,१८९ मे.टन खाद्यान्न आपूर्ति गर्ने कार्य सम्पन्न भए । योजना अवधिमा खाद्यान्न अभाव क्षेत्रमा खाद्यान्न ढुवानी गर्न रु ७३ करोड ३६ लाख ढुवानी अनुदान र रु २० करोड ७० लाख व्याज अनुदानको व्यवस्था गरियो । जगेडा राख्नका लागि नेपाल खाद्य सस्थानबाट ७८,००० मे.टन खाद्यान्न व्यवस्था गर्ने लक्ष्य राखिएकोमा सो लक्ष्यअनुसार काम हुन सकेको देखिएन । आठौं योजना अवधिमा नेपाल आयल निगमबाट विभिन्न पेट्रोलियम इन्धन २५६१ हजार किलो लिटर आयात भइ २४५४ हजार किलो लिटर आपूर्ति गरियो । राष्ट्रिय व्यापार निगमबाट रु. ३०३.८३ करोड मूल्य बराबरका विभिन्न उपभोग्य वस्तु र निर्माण सामग्री खरिद गरी आपूर्ति गर्ने व्यवस्था गरियो । यस खरिद अन्तर्गत रु २५६.९८ वरावरको सामग्री पैठारी र रु. १४३.६५ बराबरको स्वदेशमा उत्पादित सामग्री समावेश छ । आठौं योजना अवधिमा काठ, दाउराको

आपूर्ति कार्य र कोइला आपूर्ति व्यवस्था विभिन्न सस्थागत व्यवस्थापनका समस्याले गर्दा लक्ष्यभन्दा निकै कम रहेको देखियो ।

३. विद्यमान चुनौती

- दुर्गम जिल्लाहरुमा खाद्यान्न ढुवानी गर्ने साधनहरु भरपर्दो हुन सकेको छैन ।
- गरिबी निवारण गर्न र रोजगारी दिन सघाउने किमिसका परम्परागत ढुवानी साधनहरुको व्यवसायिक विकास एवं सुदृढीकरण गर्न सकिएको छैन ।
- पेट्रोलियम पदार्थको मागअनुरुप सञ्चय भण्डार निर्माण हुन सकेको छैन ।
- इन्धनका लागि दाउरा र निर्माणका लागि काठको आपूर्तिलाई प्रभावकारी रुपमा व्यवस्थित गर्न सकिएको छैन ।
- दुर्गम तथा ग्रामीण क्षेत्रहरुमा खाद्यान्नलगायत अन्य दैनिक आवश्यकताका वस्तुहरु सुलभ गराउन दिगो आपूर्ति प्रणालीको विकास गर्न सकिएको छैन ।
- आपूर्ति प्रणालीलाई सुनियोजित, निरन्तर एवं जनआवश्यकता अनुकूल हुने गरी संस्थापित गर्न आपूर्ति मन्त्रालय अन्तर्गत सङ्गठनात्मक संरचनालाई सुदृढ पार्न सकिएको छैन ।

४. दीर्घकालीन अवधारणा

- नियमित र सर्वसुलभ रुपमा अत्यावश्यक वस्तुहरुको आपूर्ति हुने वातावरणको सिर्जना गर्ने ।
- उपभोक्ता हित संरक्षण गर्न अत्यावश्यक बस्तुहरुको गुणस्तर, आपूर्तिमा विस्तार र मूल्य जस्ता पक्षहरुको अनुगमन गर्ने ।
- खाद्यान्न सुरक्षाका लागि क्षेत्रीयस्तरमा न्यूनतम आवश्यक परिमाणमा खाद्यान्न सञ्चयको व्यवस्था गर्ने ।
- उपभोग्य बस्तुहरु विशेष गरी अत्यावश्यक बस्तुहरुमा हुने कालोबजारी, कृत्रिम अभावको सिर्जना र अवाञ्छित मुनाफा गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने ।
- आपूर्तिको आवश्यकता अनुसार कृषिजन्य र औद्योगिक बस्तुको उत्पादन क्षमता वृद्धि गर्ने कार्यमा सघाउने ।
- पहाडी तथा दुर्गम क्षेत्रहरुमा सहकारी निर्यातमूलक खेती र सहकारी प्रायोजित बाली विकास कार्यक्रमहरु लागू गर्दै जाने ।
- सार्क खाद्यान्न भण्डारको व्यवस्था गर्ने ।
- आपूर्ति र मूल्य स्थितिको उत्तार-चढावबाट अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभाव न्यून गर्ने ।
- आपूर्तिसँग सम्बद्ध सार्वजनिक संस्थानहरुलाई क्रमशः निजीकरण गर्दै लैजाने ।

नवौं योजना

५. उद्देश्य

- नियमित र सर्वसुलभ रुपमा अत्यावश्यक वस्तुहरुको आपूर्ति गर्ने ।
- उपभोक्ता हित संरक्षण गर्न अत्यावश्यक वस्तुहरुको आपूर्ति तथा लागत अनुगमन गर्ने ।
- खाद्यान्न सुरक्षाका लागि क्षेत्रीयस्तरमा न्यूनतम खाद्यान्न सञ्चयको व्यवस्था गर्ने ।
- निजी क्षेत्रबाट हुने आपूर्ति व्यवस्थालाई प्रोत्साहित गर्न सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- अत्यावश्यक बस्तुहरुमा हुने कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्ने ।

६. नीति तथा कार्यनीति

- अत्यावश्यक वस्तुहरुको नियमित र सर्वसुलभ आपूर्ति गर्ने पूर्वाधार सुविधाहरु व्यवस्थित गर्न ध्यान पुऱ्याइनेछ ।
- बजारमा अत्यावश्यक वस्तुहरुको आपूर्ति र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता सहकारी संस्थाहरुलाई परिचालन गरिनेछ ।
- आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन प्रमुख भूमिका खेल्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- उपभोक्ता हित संरक्षण गर्न आपूर्ति र वस्तुको लागत अनुगमन गरी बजार अनुशासन कायम गराइनेछ ।
- क्षेत्रीयस्तरमा आपूर्ति व्यवस्था र मूल्य अनुगमन गर्ने कार्य आपूर्ति आयुक्तको कार्यालयले र जिल्लास्तरमा यो कार्य आपूर्ति निरीक्षण शाखा कार्यालयले गर्ने व्यवस्था मिलाइनेछ ।
- कृषकको हित र गरिबी निवारण गर्न समयमा नै खाद्यान्नको न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय कृषकहरुबाट धान खरिद गरी क्षेत्रीयस्तरमा न्यूनतम खाद्यान्न सञ्चयको व्यवस्था मिलाइनेछ ।
- सार्क खाद्य भण्डार र खाद्यान्न सुरक्षाको व्यवस्था गरिनेछ ।
- प्राकृतिक प्रकोपबाट हुनसक्ने अभाव र आपतकालीन स्थितिमा अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था गर्न खाद्यान्न, पेट्रोलियम पदार्थ जस्ता वस्तुहरुको आवश्यक परिमाणमा जगेडा राख्न सञ्चय भण्डारको स्थापना र विस्तार गरिनेछ ।
- देशमा खाद्यान्न बचत भएको बेला निजी क्षेत्रबाट नै निर्यात गर्न दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन आपूर्ति मन्त्रालयमा आपूर्ति डाटा बैंकको स्थापना गरिनेछ । यस कार्यमा कृषि मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघसँग सम्पर्क, संलग्नता र समन्वय कायम गरिनेछ ।
- खाद्यान्न अभाव क्षेत्रमा खाद्यान्नको नियमित आपूर्ति गर्नुका साथै विपन्नवर्गका लागि खाद्यान्न आपूर्ति गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था प्रभावकारी तुल्याउन अनुसन्धान अध्ययन र विश्लेषण गर्ने तथा प्रशिक्षण दिने व्यवस्था मिलाइनेछ ।

- दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्ति गर्नका लागि लेभी प्रणाली लागू गरी खाद्यान्न खरिद गर्ने नीति लिइनेछ ।

- माग प्रक्षेपणको आधारमा स्वदेशमा उत्पादन भएका बस्तुबाट मात्र माग पूरा नहुने भएमा निजी तथा सरकारी निकायबाट समेत आयात गर्ने व्यवस्था गर्री आपूर्ति अनुगमनको व्यवस्था मिलाइनेछ ।

- खाद्यान्न खरिद गर्न विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी उपभोक्ता संरक्षण परिषद् अन्तर्गत पाँच विकास क्षेत्रमा राष्ट्रिय खाद्यान्न खरिद समिति गठन गर्ने व्यवस्था गरिनेछ ।

- साधारण जनतालाई राहत र खाद्य सुरक्षा दिने उद्देश्यले तोकिएका अत्यावश्यक बस्तुको बजार स्थिरीकरण, खाद्यान्न सुरक्षा र सार्क खाद्यान्न भण्डारका लागि खाद्यान्न सञ्चय गर्ने व्यवस्था मिलाउन लगाइनेछ ।

- दुर्गम क्षेत्रहरुमा बजार तथा मूल्य स्थिरीकरणका लागि खाद्यान्न तथा अन्य आवश्यक बस्तु सञ्चय गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

- दुर्गम क्षेत्रहरुमा वर्षायाम अगावै अत्यावश्यक बस्तुहरुको आपूर्ति तथा सञ्चय व्यवस्था मिलाउन निजीक्षेत्र तथा सहकारी संस्थाहरुलाई प्रेरित गरिनेछ ।

- अत्यावश्यक वस्तुहरुको सञ्चयका लागि गोदामघर र शीत भण्डार स्थापना र सञ्चालन गर्न निजी क्षेत्र र सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ ।

- बजारमा वस्तुको मूल्य सामान्यतया स्वतन्त्र बजारको आधारमा नै निर्धारण हुने परिपाटी कायम गरिनेछ । वस्तुको मूल्य श्री ५ को सरकारले निर्धारण गर्नुपर्ने अवस्थामा त्यस्ता वस्तुको मूल्य निर्धारण गर्दा उत्पादक, उपभोक्ता र विक्रेताको सामूहिक हितलाई आधार मानी सर्वेक्षण तथा अनुसन्धान गरी मूल्य निर्धारण सल्लाहकार समितिको सिफारिशको आधारमा उपभोक्ता संरक्षण परिषद्ले मूल्य तोक्नेछ । उक्त परिषद्को सचिवालयको कार्य उपभोक्ता संरक्षण विभागले गर्ने व्यवस्था मिलाइनेछ ।

- धान, गहुँ र मकै जस्ता मुख्य बाली लगाउनु अघि हरेक वर्ष न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने व्यवस्था गरिनेछ ।

- सीमावर्ती बजारमा अत्यावश्यक बस्तुको मूल्यमा हुने घटबढबाट स्वदेशी बजारको मूल्यमा पनि असर पर्न सक्ने भएकाले वस्तुको मूल्य निर्धारण गर्दा सीमावर्ती बजारको मूल्यलाई समेत दृष्टिगत गरिनेछ ।

- अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्था सरल, सुलभ र निरन्तर बनाउन, र उपभोक्ताहरुको हित संरक्षण गर्न ग्रामीण तथा शहरी क्षेत्रहरुमा बजार विकास गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- अत्यावश्यक वस्तुहरुको खुद्रा र थोक बजार विकास र विस्तारमा सहकारी र निजी क्षेत्रहरुलाई प्रोत्साहित गरिनेछ ।

- प्रमुख शहरहरुमा थोक बजारको रुपमा सहकारी खाद्यान्न भण्डारको विकास गरिनेछ ।

- देशका विभिन्न सम्भाव्य क्षेत्रहरुमा बिशिष्ट थोक बजारको स्थापना र विस्तार गरी आपूर्ति व्यवस्थालाई सुदृढ गर्न प्रोत्साहित गरिनेछ ।

- उपभोक्ता हित संरक्षण र बजार वातावरण अनुशासित राख्नका लागि आपूर्ति, मूल्य, गुणस्तर, तौल र लागतको अनुगमन कार्य उपभोक्ता संरक्षण विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग,

केन्द्रीय खाद्य अनुसन्धानशाला, आपूर्ति आयुक्त कार्यालय र जिल्ला आपूर्ति निरीक्षण शाखा कार्यालयहरुले समन्वयात्मक रुपमा सम्पादन गर्ने व्यवस्था गरिनेछ ।

- आपूर्ति व्यवस्था प्रभावकारी बनाउन जिल्लागत आपूर्ति अनुगमन प्रणाली लागू गरिनेछ ।
- तेस्रो मुलुकबाट आयात गरिएका वस्तु र कच्चापदार्थ नेपाल नल्याइ पारवहन अवस्थामा नै विचलन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न निगरानी र अनुगमनको व्यवस्था मिलाइनेछ । साथै अत्यावश्यक बस्तु उत्पादन गर्ने उद्योगलाई कच्चा पदार्थ आयात गर्न दिएको सुविधाको आधारमा देशभित्र उत्पादन गरे नगरेको ठहर गर्न अनुगमन गरिनेछ ।
- अत्यावश्यक वस्तुहरुको लागत अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।
- बजारमा एकाधिकारी प्रवृत्ति, कृत्रिम अभाव, मुनाफाखोरीलगायत आपूर्तिमा हुने व्यवधान रोक्न आवश्यक अनुगमन र नियन्त्रण गरिनेछ ।
- उपभोक्ता हित संरक्षण गर्न जन चेतना अभिवृद्धि, सुझाउ प्रणाली र प्रचार-प्रसारसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- उपभोक्ता संरक्षण विषयमा अध्ययन, अनुसन्धान , प्रशिक्षण दिने व्यवस्थाका साथै आपूर्ति तथा मूल्य अनुगमन नीति र कार्यक्रमहरुको अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।
- अत्यावश्यक उपभोग्य वस्तु एवं निर्माण सामग्रीहरुको आपूर्ति सर्वसुलभ एवं नियमित गर्न गराउन, उत्पादन, आयात, निर्यात र बिक्री मूल्यसम्बन्धी सूचना प्रवाह प्रणालीलाई विकसित गरिनेछ ।

७. कार्यक्रम

नेपाल खाद्य संस्थान

- नेपाल खाद्य संस्थानलाई अत्यावश्यक खाद्यान्न सुरक्षा तथा भण्डार गर्ने निकायको रुपमा परिचालन गरिनेछ ।
- खाद्य नीतिअनुरुप अधिराज्यका दुर्गम क्षेत्रका जनताका लागि सरल र सहुलियत रुपमा खाद्यान्न बिक्री वितरण गर्न सहकारी संस्थाहरुलाई परिचालन गर्दै लगिनेछ ।
- गरिबी निवारण र रोजगारी वृद्धि गर्न हवाई ढुवानीलाई न्यून गरी दुर्गम क्षेत्रहरुमा समयमा नै स्थल मार्गबाट खाद्यान्न ढुवानी गर्ने व्यवस्था गरिनेछ ।
- देशमा खाद्यान्न अभाव भएको अवस्थाका लागि राष्ट्रिय खाद्यान्न जगेडा कार्यक्रम अन्तर्गत ३०,००० मे.टन. खाद्यान्न मौज्दात राखिनेछ ।
- अति दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्ति गर्ने लक्ष्य अन्तर्गत ४८,७१४ मे. टन सम्मको परिमाणको खाद्यान्न ढुवानीका लागि आवश्यकताअनुसार ढुवानी अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

नेपाल आयल निगम

- नेपाल आयल निगमको सञ्चयक्षमतामा ३०,००० किलो लिटरबाट वृद्धि गरी एक लाख किलो लिटर पुऱ्याइनेछ ।
- मट्टीतेलको आपूर्ति व्यवस्थालाई सुगम क्षेत्रमा मात्र सीमित नगरी दुर्गम क्षेत्रका जिल्लाहरुमा पनि आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

- ऊर्जाको खपतमा मितव्ययिता ल्याउन अनुसन्धान, अध्ययन, प्रशिक्षण तथा जनचेतनामूलक प्रचार प्रसार कार्य गरिनेछ ।

- पेट्रोलियम पदार्थ गुणस्तर अनुसन्धान तथा परीक्षण केन्द्रको माध्यमबाट वातावरण प्रदूषण हटाउन अनुगमन कार्य गरिनेछ ।

- नेपाल आयल निगमले संयुक्त लगानीमा ग्याँस उद्योगको प्रवर्द्धन गर्ने सम्भाव्यता तर्फ ध्यान पुऱ्याइनेछ ।

टिम्बर कर्पोरेसन

- काठ, दाउराको आपूर्ति विस्तार गर्न टिम्बर करपोरेशन (टी.सी.एन.) लाई काठ, दाउरा आपूर्ति गर्न लगाइनेछ । कबुलियती वनक्षेत्र उपलब्ध गराएर वृक्षरोपण, तिनको संरक्षण र वन व्यवस्थापन गर्न लगाइनेछ ।

- सामुदायिक वन, कबुलियती वन, निजी वन राष्ट्रिय वन जस्ता संरक्षित तथा व्यवस्थित वनबाट उत्पादित विक्री गर्न सकिने काठ दाउराको बजार व्यवस्था गर्नका लागि त्यस्ता वन व्यवस्थापन समूहलाई टी. सी. एन. बाट सघाउ पुऱ्याइनेछ ।

संस्थागत व्यवस्था

सर्वसाधारण जनताका लागि दैनिक उपभोगका आवश्यक बस्तुहरु ग्रामीणस्तरसम्म सरल, सुपथ, सुव्यवस्थित तथा प्रभावकारी रुपमा आपूर्ति तथा विक्री वितरण व्यवस्था मिलाउन आपूर्ति मन्त्रालय अन्तर्गत पाँचै विकास क्षेत्रमा आपूर्ति आयुक्तको कार्यालय स्थापना गरिनेछ । यस क्रममा पाँच आपूर्ति आयुक्त कार्यालय विराटनगर, काठमाडौं, सिद्धार्थनगर, नेपालगंज र धनगढीमा तथा १२ आपूर्ति निरीक्षण शाखा कार्यालय चन्द्रगढी, मलङ्गवा, राजविराज, जनकपुरधाम, पोखरा, कृष्णनगर, तुल्सीपुर, वीरेन्द्रनगर, मुसीकोट (जुम्ला), दीपायल र महेन्द्रनगरमा खोलिनेछ । आपूर्ति व्यवस्थासँग सोझै सरोकार राख्ने सरकारी निकाय तथा नेशनल ट्रेडिङ्ग, साल्ट ट्रेडिङ्ग जस्ता संस्थानहरुलाई सक्षम बनाउन दक्ष जनशक्ति, एवं अन्य साधन र संयन्त्र उपलब्ध गराइ बढी उत्तरदायी र कार्यमूलक संस्थाका रुपमा विकसित गर्न विशेष प्रयत्न गरिनेछ ।

परिच्छेद १२

१२.१ विद्युत् विकास

१. पृष्ठभूमि

देशको आर्थिक विकासमा विद्युत्को महत्वपूर्ण भूमिका रहन्छ । एकातिर विद्युत्शक्तिको उपलब्धताले देशको चौतर्फी विकासमा ठूलो टेवा पुऱ्याएको हुन्छ भने अर्कोतिर विद्युत्शक्तिको खपतले देशको आर्थिक स्थितिलाई प्रतिविम्वित गरेको हुन्छ । यसरी देशको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्ने विद्युत्को आपूर्तिका लागि विद्यमान विशाल जलभण्डारलाई विद्युत्शक्तिमा परिणत गरिनु नितान्त जरुरी भएको छ ।

देशमा विद्यमान जलस्रोतको परिमाण ठूलो भए तापनि हालको जलविद्युत्को उत्पादन क्षमता माथि दृष्टिगत गर्दा संभाव्य क्षमताको दांजोमा यसको उत्पादन नगण्य छ । जलविद्युत् उत्पादनको संभाव्य क्षमता ८३,००० मेगावाट रहेको छ । तर हाल संचालित विभिन्न जलविद्युत् केन्द्रहरूको कुल क्षमता केवल २५३ मेगावाट पुगेको छ, जुन संभाव्य क्षमताको ०.३ प्रतिशत मात्र छ । यस कुराले नेपालमा जलविद्युत् विकासको संभावना र अवसर यथेष्ट मात्रामा रहेको कुराको पुष्टि गर्दछ । विद्युत्ले कृषि, उद्योग एवं अन्य क्षेत्रहरूको सन्तुलित विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले एकातिर उचित मूल्यमा विद्युत् आपूर्ति हुनु आवश्यक छ भने अर्कोतिर यसको प्रभावकारी उपयोग पनि त्यतिकै जरुरी छ । मुलुकको सन्तुलित विकास प्रक्रियामा विद्युत्को विकासले गतिशीलता ल्याउने कुरा यस प्रसंगमा निर्विवाद छ । विद्युत् क्षेत्रको विकासमा ठूलो वित्तीय लगानी आवश्यक पर्ने हुनाले यसको लागि उपलब्ध वित्तीय साधनको अधिकतम सदुपयोग गर्ने व्यवस्था गरिनु पनि आवश्यक छ ।

मौजुदा विद्युत् आपूर्तिको अधिकांश उपयोग शहरी जनसमुदायबाट भइरहेको छ । तर देशको जनसंख्याको अधिकांश भाग ग्रामीण इलाकामा छ र अधिकांश कृषिजन्य उद्योग, सिंचाइ एवं घरेलु उद्योग पनि यतैतिर केन्द्रित छ । ग्रामीण क्षेत्रको विकासमा नै देशको समग्र विकास निर्भर हुने भएकाले शहरी तथा ग्रामीण इलाकामा विद्युत् उपभोगको समान अवसर उपलब्ध गराएमा मात्र सन्तुलित विकास संभव हुन्छ ।

तुलनात्मक हिसावले सस्तो पर्ने जलविद्युत् आयोजनाहरूको संचालनवाट राष्ट्रिय उत्पादन बढ्नुका साथै विद्युत् शक्ति निर्यातबाट प्रसस्त आर्थिक लाभ आर्जन गर्न सकिन्छ । यसअतिरिक्त प्रदूषणरहित प्राकृतिक इन्धन (जलविद्युत्) ले खनिज इन्धन (तेल, कोइला, ग्यांस) लाई विस्थापित गरी विदेशी मुद्रा खर्च लगायत वायु प्रदुषण कम गर्न पनि सहयोग गर्दछ ।

विद्युत् विकासमा सार्वजनिक क्षेत्रको लगानी अपर्याप्त भएकाले आठौं योजना अवधिमा निजी क्षेत्रलाई पनि यस तर्फ अग्रसर गराउने प्रयासका थालनी गरिएको थियो । यस कार्यक्रमलाई नवौं योजना अवधिमा पनि निरन्तरता दिइने नीति लिइएको छ । यसबाट सरकारी स्रोत साधनको उचित अंश सामाजिक क्षेत्र तथा ग्रामीण विकासमा लगानी गर्ने अवसर मिल्नेछ ।

यसरी देशको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्ने विद्युत्शक्तिलाई मुलुकको आर्थिक विकासको सेवाहरुको रुपमा हेरी यस क्षेत्रको विकासलाई नवौं योजनामा उच्च प्राथमिकता दिनु पर्ने कुरा स्पष्ट छ ।

२. आठौं योजनाको समीक्षा

कानुनी व्यवस्था एवं संस्थागत विकास :

आठौं योजनामा विद्युत् विकासलाई उद्योगको रुपमा हेरी यसमा निजी क्षेत्रलाई पनि संलग्न गराउने अवधारणा अनुरुप रणनीतिमा मूलभूत परिवर्तहरू गरियो । यस निम्ति विद्युत् विकासका लागि निर्दिष्ट सिद्धान्तहरु जलविद्युत् विकास नीति २०४९, जलस्रोत ऐन २०४९, विद्युत् ऐन २०४९, विद्युत् नियमावली २०५० र विद्युत् महसुल निर्धारण नियमावली २०५० लाई अस्तित्वमा ल्याइयो । यी कानुनी प्रावधानहरुमा विद्युत् उद्योगको स्थापना र संचालन प्रक्रियालाई स्तरीय, समयनिर्दिष्ट तथा पारदर्शी बनाइनुका साथै निजी क्षेत्रलाई दिइने सुविधा, सहुलियत, सहयोगलाई कानुनी रुप दिइएको छ र यस्तो प्रक्रिया तथा सुविधा आदिका लागि एकद्वार प्रणाली अपनाइएको छ । साथै १,००० किलोवाटभन्दा माथिको विद्युत् उत्पादन, प्रसारण र वितरण र सो का लागि सर्वेक्षण गर्न निजी तथा सार्वजनिक क्षेत्र दुवैले अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको छ ।

जलविद्युत् विकास गर्न गराउन र यसको अनुगमनको लागि तथा यस प्रयासमा निजी क्षेत्रका उद्यमीलाई प्रोत्साहित गर्न २०५० सालमा विद्युत् विकास केन्द्रको स्थापना गरियो । साथै विद्युत् उपभोक्ताले तिर्ने विद्युत् महसुल निर्धारण गर्ने प्रक्रियालाई सरकारी नियन्त्रणबाट बाहिर राखी व्यवस्थित तथा पारदर्शी बनाउन २०५१ सालमा विद्युत् महसुल निर्धारण आयोगको गठन गरियो ।

नेपाल विद्युत् प्राधिकरणको संस्थागत सुदृढीकरणतर्फ व्यवस्थापनमा समयानुकूल सुधार, कर्मचारीहरूको सेवाकालीन तालिम संचालन, भौतिक सुविधाको व्यवस्था, कम्प्युटराइज्ड बिलिङ्ग प्रणालीको विकास, विद्युत् चुहावट नियन्त्रण तथा विद्युत् ऊर्जा खपतमा कमी, आवश्यक उपकरणहरूको प्रयोगको प्रचार प्रसार आदि कार्यहरू संचालन भएका छन् । नेपाल विद्युत् प्राधिकरणको ऐनमा संशोधन गरी बढी स्वायत्तता प्रदान गरिएको छ र प्राधिकरणलाई व्यापारिक सिद्धान्तको आधारमा संचालन गर्ने अध्ययनकार्य सुरु गरिएको छ ।

सार्वजनिक तथा निजी क्षेत्रबाट भएका प्रयासहरु :

आठौं योजना अवधिमा जलविद्युत् आयोजनाहरूको विकास निर्माण एवं अध्ययन गर्ने क्रममा अरुण-३ (४०२ मेगावाट) तथा कालीगण्डकी -"ए" (१४४ मेगावाट) जस्ता मझौला खालका आयोजनाहरूका साथै पुवा (६ मेगावाट), चिलिमे (२० मेगावाट), मोदी (१४ मेगावट) जस्ता साना आयोजनाहरूलाई सार्वजनिक क्षेत्रबाट कार्यान्वयन गर्ने प्रयास गरियो । यीमध्ये अरुण-३ आयोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था मिलाउने काम अन्तिम चरणमा पुगिसकेपछि दातृसंस्थाहरुले हात झिकेकाले कार्यान्वित हुन सकेन । अन्य आयोजनाहरू भने आठौं योजनाकालमा थालनी भएको र यसबाट आन्तरिक प्राविधिक जनशक्तिको अधिकतम परिचालन भई विद्युत् उत्पादन क्षमतामा वृद्धि गर्न सघाउ पुगेको छ ।

विद्युत् विकासमा सरकारी क्षेत्रको प्रयास मात्र पर्याप्त नहुने तथ्यलाई दृष्टिगत गरी निजी क्षेत्रको सहभागितालाई बढावा दिने नीति आठौं योजनाले अख्तियार गरेअनुरुप विद्युत् विकासमा निजी क्षेत्रको

आगमन र यस क्षेत्रले देखाएको उत्सुकता उत्साहजनक रहेको छ । छोटो समयमा नै खिम्ती (६० मेगावाट) तथा भोटेकोशी (३६ मेगावाट) आयोजनाहरू निजी क्षेत्रबाट कार्यान्वयन भैरहेकोछ भने इन्द्रावती (५ मेगावाट) आयोजना पनि संचालन हुने अवस्थामा पुगेको छ । यस्तै पश्चिम सेती जस्तो जलाशययुक्त निर्यातमूलक जलविद्युत् आयोजना (७५० मेगावाट) पनि निजी क्षेत्रको सहभागितामा संचालन हुने स्थितिमा पुगेको छ ।

नेपाल र भारतबीच सम्पन्न "महाकाली नदी एकीकृत विकास" सम्बन्धी सन्धिले पंचेश्वर जस्ता वृहत् बहुउद्देश्यीय आयोजनामा विदेशी लगानीको संभावना बढेको छ भने दुई देशबीच सम्पन्न विद्युत् व्यापार सम्झौताले दुवै देशका निजी वा सार्वजनिक क्षेत्रका निकायहरूले एक आपसमा गरेको सम्झौताबाट विद्युत् आयात वा निर्यात गर्नसक्ने आधार तयार भई विद्युत् क्षेत्रको विकासमा नयां आयाम थपिने वातावरणको सिर्जना भएको छ ।

प्रगति :

<u>विद्युत् निर्यात</u>

भारतमा विद्युत् निर्यातहेतु मूल आधारको रुपमा नेपाल-भारतबीच विद्युत् व्यापार सम्झौता सम्पन्न भएको छ । यस सम्झौताअनुसार एक देशको कुनै सरकारी, अर्धसरकारी वा निजी पक्षले अर्को देशको सरकारी, अर्धसरकारी वा निजी पक्षसँग विद्युत् व्यापार सम्बन्धी सम्झौता गर्न सक्नेछ । यस्तो सम्झौताका शर्तहरुलगायत के कति विद्युत् कुन मूल्यमा आयात वा निर्यात् गर्ने भन्ने बारे एक अर्का पक्षले निर्धारण गर्नेछन् । आ-आफ्नो देशका कानुनी प्रावधानअन्तर्गत रही एक अर्का पक्षले आ-आफ्नो देशमा विद्युत् व्यापारका लागि आवश्यक सुविधाहरु प्राप्त गर्ने छन् र यस्तो कार्यमा सम्बन्धित सरकारले सम्बन्धित पक्षलाई आवश्यक सहयोग पुऱ्याउनेछ । यस सम्झौताले निर्यातमूलक पश्चिम सेती जलविद्युत् आयोजनामा संलग्न निजी क्षेत्रका साथै नेपाल विद्युत् प्राधिकरणलाई भारतीय निकायहरुसँग विद्युत् निर्यात/आयात विषयमा सोझै वार्ता गर्न ढोका खोलिदिएको छ ।

<u>विद्युत् उत्पादन, सुदृढीकरण तथा आपूर्ति व्यवस्था</u>

जलविद्युत् उत्पादनक्षमता विस्तारतर्फ १२.५ मेगावाट क्षमताका मझौला जलविद्युत् केन्द्र तथा कुल ५ मेगावाट क्षमताका साना जल- विद्युत् केन्द्रहरूको निर्माण पूरा गर्ने एवं १०० मेगावाटको कालीगण्डकी "ए" र २०१ मेगावाटको अरुण-३ पहिलो चरणको निर्माण सुरु गर्ने लक्ष्य रहेकोमा कारणवश अरुण-३ आयोजना कार्यान्वयन गर्ने व्यवस्था हुननसके तापनि १२.५मेगावाट क्षमताको झिमरुक जलविद्युत् आयोजना पूरा भएको छ र १४४ मेगावाट क्षमताको कालीगण्डकी "ए" आयोजनाको निर्माणकार्य सुरु गरिएको छ । त्रिशूली-देवीघाट जलविद्युत् केन्द्रहरुको सुदृढीकरण गर्ने कार्य पूरागरी ती केन्द्रहरुको उत्पादन क्षमतामा १२.२ मेगावाट थप गर्ने लक्ष्य रहेकोमा सुदृढीकरण आयोजना पूरा भई क्षमतामा ११ मेगावाट थप हुन गएको छ ।

<u>विद्युत् प्रसारण लाइन निर्माण, विस्तार तथा सुदृढीकरण</u>

प्रसारण लाइन निर्माण तथा सुदृढीकरण कार्यतर्फ कोहलपुर -महेन्द्रनगर १३२ के.भी. प्रसारण लाइनको बांकी काम सम्पन्न गर्ने तथा अतरिया-डडेलधुरा-दिपायल ६६ के.भी. प्रसारण लाइनको १०५ किलोमिटर र विभिन्न स्थानमा ३३ के.भी. प्रसारण लाइनको १०० किलोमिटर लाइन निर्माण गर्ने लक्ष्य रहेकोमा कोहलपुर-महेन्द्रनगर प्रसारण लाइनको बाँकी काम पूरा हुनुका साथै अतरिया-डडेलधुरा-दिपायल प्रसारण लाइन र ३३ के.भी. प्रसारण लाइनको ५४ किलोमिटर निर्माणकार्य पूरा भएको छ । नेपाल र भारतको विद्युत् प्रणाली जोडाइतर्फ दुहबी-कटैया १३२ के.भी. प्रसारण लाइनको ४२

किलोमिटर खण्ड तथा उच्च भोल्टेज ग्रिड सब-स्टेशनहरूको निर्माण गर्ने लक्ष्य रहेकोमा हेटौंडा-विराटनगर १३२ के.भी. प्रसारण लाइनको २७ किलोमिटर लामो दुहबी-कुशाहा खण्डमा दोस्रो सर्किट थप गर्ने कार्य र सोही लाइनको १४ किलोमिटर कुशाहा-भण्टाबारी सिंगल सर्किट एवं कुशाहामा १.५ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण तथा ५६ एम.भी.ए. उच्च भोल्टेज सब-स्टेशन निर्माण कार्य पूरा भएको छ ।

वितरण प्रणालीको सुदृढीकरण

काठमाडौं उपत्यकाको वितरण प्रणालीलाई योजनाबद्ध ढंगले सुदृढीकरण गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्दै जाने, विराटनगर, जनकपुर, पोखरा एवं नेपालगंजको वितरण प्रणाली सुदृढीकरण कार्य सम्पन्न गर्ने तथा धरान, हेटौडा, परवानीपुर, बीरगंज, बुटवल एवं भैरहवा भेगको वितरण प्रणालीको सुदृढीकरण एवं व्यापक विस्तार गर्ने लक्ष्य रहेकोमा काठमाडौं उपत्यकाको वितरण प्रणाली सुदृढीकरणको पहिलो र दोस्रो चरणको कार्य पूरा भएको छ ।

ग्रामीण विद्युतीकरण

छैटौं तथा सातौं विद्युत् आयोजनाअन्तर्गत २० जिल्लाका करिब १,२०० गाउँमा विद्युतीकरण गर्ने, साना जलविद्युत् आयोजना निर्माण तर्फ नाम्चे (६०० किलोवाट), अछाम (४०० किलोवाट) र तातोपानी दोस्रो (१,००० किलोवाट) को निर्माण पूरा गर्ने तथा खोटाङ (५०० किलोवाट), कालीकोट (६०० किलोवाट) र डोल्पा (१६० किलोवाट) को निर्माण सुरु गर्ने लक्ष्य रहेकोमा छैटौं विद्युत् आयोजना संपन्न भएको छ र सातौं विद्युत् आयोजनातर्फ ५१३ गाउँ तथा ५ नगर क्षेत्रमा विद्युतीकरण भएको छ । त्यस्तै सातौं योजनाअन्तर्गत ३३ के.भी. स्तरका नयाँ सवस्टेशन १२ को निर्माण तथा १३२ के.भी., ६६ के.भी., ३३ के.भी. स्तरका ९ सवस्टेशनको पुनर्निर्माण तथा क्षमता विस्तार कार्य पूरा भई सवस्टेशनको क्षमतामा १७१ एम.भी.ए. थप भएको छ । त्यस्तै ११ के.भी. क्षमताको प्रसारण लाइन १५१० कि.मि. र ४०० भोल्ट क्षमताको वितरण लाइन २४८७ कि.मि. थप निर्माण पूरा भएको छ । साना जलविद्युत्तर्फ नाम्चे, अछाम तथा तातोपानी दोस्रो जलविद्युत् आयोजनाहरूको निर्माण सम्पन्न भएको छ र कालीकोट तथा डोल्पा साना जलविद्युत् आयोजनाहरूको निर्माणकार्य सुरु भएको छ । गाईघाटदेखि खोटाङसम्म र सिन्धुलीदेखि रामेछापसम्म ३३ के.भी. क्षमताको प्रसारण लाइनहरु निर्माण गर्ने कार्यको थालनी भएको छ ।

सर्वेक्षण, सम्भाव्यता अध्ययन तथा इन्जिनियरिंग डिजाइन

सर्वेक्षण, सम्भाव्यता अध्ययन तथा इन्जिनियरिंग डिजाइनतर्फ सिंचाइ समेत समावेश गरी बहुउद्देश्यीय आयोजनाको रूपमा सप्तगण्डकी (२२५ मेगावाट) र विद्युत् आयोजनाको रूपमा पश्चिम सेती (३६० मेगावाट) को विस्तृत इन्जिनियरिंग डिजाइन गर्ने, माथिल्लो कर्णाली (२४० मेगावाट), बाग्मती (१४० मेगावाट), कमला र बूढीगण्डकी (६०० मेगावाट) को विस्तृत इन्जिनियरिंग अध्ययन गर्ने तथा भोटेकोशी, खिम्ती, नौमुरे र तल्लो अरुण जलविद्युत् आयोजनाहरूको संभाव्यता अध्ययन गर्ने कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा पश्चिम सेतीमा निर्यात समेतको संभाव्यतालाई ध्यानमा राखी ७५० मेगावाटको विद्युत् आयोजना निजी क्षेत्रबाट सञ्चालन गर्नेगरी कारवाही अघि बढाइएको छ । माथिल्लो कर्णाली (३०० मेगावाट) को संभाव्यता अध्ययन पूरा भएको छ, भोटेकोशी (३६ मेगावाट) र खिम्ती (६० मेगावाट) जलविद्युत् आयोजनाहरूको संभाव्यता अध्ययन निजी क्षेत्रबाट भएको छ । साना जल- विद्युत् गुरुयोजना तयार गर्ने र आवश्यकताअनुसार थप अध्ययन गर्ने लक्ष्य रहेकोमा साना जलविद्युत् गुरुयोजना तयार भई ५७ आयोजनाको पहिचान गरिएको छ । यसमध्ये २८ साना जलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण ग्रिडमा जोड्नसकिने र २९ आयोजनालाई पृथ्करूपमा विकास गर्नसकिने देखिएको छ । यी आयोजनाहरूमध्ये ३ आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन पूरा भैसकेको र २

आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन पूरा हुने अवस्थामा छ । अन्य ३ आयोजनाको डिजाइनकार्य संचालन भइरहेको छ । यस्तै ७ साना जलविद्युत् आयोजनाको संभाव्यता अध्ययन पूरा भएको छ र एउटाको सम्भाव्यता अध्ययन कार्य चालू रहेको छ ।

उपलब्धि :

आठौं योजनाको अन्त्यसम्ममा ३४७ मेगावाट लक्ष्यको तुलनामा देशको विद्युत् उत्पादनको कुल क्षमता जलविद्युत्तर्फ २५३ मेगावाट र तापीय विद्युत्तर्फ ४७ मेगावाट गरी जम्मा ३०० मेगावाट पुगेको छ । त्यस्तै विद्युत् आपूर्तितर्फ १,५२,२० लाख युनिट लक्ष्यको तुलनामा १,३३,५९ लाख युनिट आपूर्ति गरिएको छ । सिङ्गल र डबल सर्किट गरी विभिन्न भोल्टेजका प्रसारण लाइनको कुल लम्बाइ २,९०२ किलोमिटर र सब-स्टेशन क्षमता ६०२ एम.भी.ए. पुगेको छ ।

आठौं योजनाकालको अन्त्यसम्ममा कुल ग्राहक संख्या ५,२५,००० पुग्नगएको छ । यसअनुसार देशको करिब १४ प्रतिशत जनताले विद्युत् सेवाको उपभोग गरिरहेको अनुमान छ । यसरी आपूर्ति गरिएको कुल विद्युत् ऊर्जाको २६.५ प्रतिशत गार्हस्थ क्षेत्रमा, ३० प्रतिशत औद्योगिक क्षेत्रमा, ५ प्रतिशत व्यापारिक क्षेत्रमा, १३.५ प्रतिशत निर्यात एवं अन्य क्षेत्रमा खपत भएको छ । यसरी जम्मा उत्पादित विद्युत्को ७५ प्रतिशत सदुपयोग भएको छ भने २५ प्रतिशत प्राविधिक एवं गैरप्राविधिक चुहावटमा गएको छ ।

विद्युत् मागको आपूर्ति गर्न सार्वजनिक स्रोत अपर्याप्त भएकोले निजी क्षेत्रका विद्युत् उत्पादकहरुसँग विद्युत् खरीद तथा भारतबाट समेत आयात गरी उच्चतम मागको आपूर्ति गरिएको छ ।

आठौं योजनाको सुरु र अन्त्यमा विद्युत्को माग, आपूर्ति, जडित क्षमता, प्रसारण लाइन लम्बाइ आदि तुलनात्मकरूपमा तालिका १ मा प्रस्तुत गरिएको छ ।

आठौं योजनाकालमा सार्वजनिक क्षेत्रबाट विद्युत् उत्पादनतर्फ जम्मा रु. ७९ अर्ब ७ करोड ९६ लाख खर्च हुने अनुमान गरिएकोमा रु. ८ अर्ब ४१ करोड २५ लाख यथार्थ खर्च भएको छ । अरुण-३ आयोजना कार्यान्वयन नभएको र कालीगण्डकी "ए" आयोजनाको निर्माण सुरु हुन ढिला भएको कारण अनुमानको अनुपातमा यथार्थ खर्च घट्न गएको हो । प्रसारण लाइन विस्तारतर्फ रु. १ अर्ब ६१ करोड ४० लाख खर्च हुने अनुमान गरिएकोमा यथार्थ खर्च रु. ४६ करोड २२ लाख मात्र भएको छ । यस्तै प्रणाली सुदृढीकरणतर्फ रु. १ अर्ब ९ करोड अनुमानको तुलनामा रु. २ अर्ब ५० करोड ५ लाख, वितरण तथा ग्रामीण विद्युतीकरणतर्फ रु. १ अर्ब ८० करोड अनुमानको तुलनामा रु. २२ करोड ९३ लाख र सर्वेक्षण संभाव्यता अध्ययनतर्फ रु. २ अर्ब खर्च हुने अनुमान गरिएकोमा रु. १० करोड ५ लाख यथार्थ खर्च भएको छ । (तालिका २)

विद्युत् आपूर्ति खर्च तथा विद्युत् महसुल :

आठौं योजनाको समीक्षा गर्दा यस अवधिमा विद्युत् आपूर्ति खर्च र विद्युत् महसुलमा भएको परिवर्तनलाई पनि समीक्षा गर्नु आवश्यक छ । यस समीक्षाले विद्युत्को वित्तीय पक्ष कुन दिशातिर उन्मुख छ भन्ने कुरा प्रष्ट हुन्छ । सातौं योजनाको अन्तिम वर्ष तथा आठौं योजनाको अन्तिम वर्षमा विद्युत् आपूर्ति खर्च तथा विद्युत् महसुलको तुलनात्मक विवरण क्रमश तालिका ३ र तालिका ४ मा दर्शाइएको छ । यस अवधिमा विद्युत् आपूर्तिमा ३६.२% तथा विद्युत् बिक्रीमा ३५.७% ले वृद्धि भएको छ, अर्थात् विद्युत्

चुहावटमा करिब १ % ले वृद्धि भएको छ (तालिका १)। यसै अवधिमा विद्युत् आपूर्ति खर्चमा ५९% ले वृद्धि भएको छ भने विद्युत् महसुलमा १४८ % ले वृद्धि भएको छ। भारतलाई बिक्री गरिने विद्युत्लाई अलग गरी हेर्ने हो भने आन्तरिक विद्युत् महसुलमा १६६ % ले वृद्धि भएको छ।

विद्युत् आपूर्ति खर्चको तुलनात्मक विवरणलाई केलाएर हेर्दा आठौं योजनाको अवधिमा कर्मचारी खर्च तथा संचालन खर्चमा भएको वृद्धिले विद्युत् क्षेत्रको कुशलता वृद्धिमा प्रश्न चिन्ह खडा गरेको छ। विद्युत् ऐन, २०४९ बमोजिम विद्युत् क्षेत्रले अब रोयल्टी तिर्नुपर्ने भएको छ। यसबाट पनि विद्युत् महसुलमा असर पर्नेछ। विद्युत् आपूर्तिको कुल खर्चमा ह्रास खर्चको अनुपात हेर्दा विद्युत् क्षेत्रको स्थिर पुँजीको प्रत्येक वर्ष प्रचलित मूल्य वृद्धिदरले पूनर्मूल्यांकन गर्ने प्रक्रियामा पुनर्विचार गर्नुपर्ने देखिन्छ। ब्याज खर्चमा खास अन्तर नदेखिएकोले विद्युत् क्षेत्रको पुँजीगत संरचनामा खास परिवर्तन भएको छैन। इन्धन खर्चमा वृद्धि विद्युत् क्षेत्रभन्दा बाहिरको कारणले हो भने विद्युत् खरिद खर्चमा वृद्धि मुख्यतया भारतसँग विद्युत् खरिद गर्ने मूल्यमा वृद्धि भएकोले हो।

आठौं योजना अवधिमा औद्योगिक तथा व्यापारिक गतिविधिले गार्हस्थ्य तथा गैरव्यापारिक वर्गभन्दा बढी विद्युत् खपत गर्न थालेको देखिन्छ। तर खानेपानी तथा सिंचाईको विद्युत् खपतमा ह्रास आई अनुत्पादक सडकबत्तीको विद्युत् खपत्मा वृद्धि भएको छ। व्यापारिक तथा गैरव्यापारिक वर्गले विद्युत् महसुलमा अन्य वर्गलाई अन्तरअनुदान (cross subsidy) प्रदान गरिरहेको तथ्य कायम नै छ। केवल यसको मात्रा केही कम भएको छ। गार्हस्थ्य र खानेपानी तथा सिंचाइ वर्गलाई दिइने अन्तरअनुदानमा कमी आएको छ भने औद्योगिक वर्गले पाएको अन्तरअनुदान यथावत् छ। अब आएर सडकबत्ती वर्गले पनि अन्तरअनुदान पाएको देखिन्छ। भारततर्फ निर्यात गरिने विद्युत् महसुल आन्तरिक विद्युत् महसुलको तुलनामा निकै कम छ। यस अवधिमा विद्युत्को आन्तरिक महसुलमा २०४९ साल चैत १ २०५० साल चैत १ तथा २०५४ साल जेठ १ गते गरी जम्मा ३ पटक वृद्धि भएको छ।

उपर्युक्त विवरणको संयुक्त अध्ययनबाट सातौं योजनाको अन्त्यमा वित्तीय दृष्टिले विद्युत् क्षेत्र घाटामा चलिरहेको थियो भने आठौं योजनाको अन्त्यमा नाफामा चलिरहेको कुरा स्पष्ट हुन आउँछ। यसो हुनाको एक मात्र कारण यस अवधिमा विद्युत् महसुलमा भएको वृद्धि हो। विद्युत् क्षेत्रको कौशलता वृद्धिबाट भएको होइन।

३. विद्यमान चुनौती

जलविद्युत् आयोजनाहरूको विकासमा उठेका मुद्दा एवं व्यहोरिएका समस्याहरूको पहिचान गरी त्यस्ता मुद्दा एवं समस्याका समाधानको लागि उपयुक्त नीति एवं कार्यनीति तर्जुमा गरी सोहीअनुसार कार्यक्रम संचालन गरिएमा विद्युत् क्षेत्रको विकासको गतिमा तीव्रता आउनेछ। विगतमा जलविद्युत् क्षेत्रमा उठेका मुद्दा एवं आइपरेका समस्याहरू तल उल्लेख गरिएको छ।

- जलविद्युत् आयोजनाहरूको विकासका लागि हाल विद्यमान कानुनी प्रावधानहरुले निजी क्षेत्रको आकर्षण एवं सहभागितामा बृद्धि गरे तापनि यी प्रावधानहरुमा कतिपय कमी कमजोरीहरु देखापरेका छन्। विद्यमान ऐनमा श्री ५ को सरकारलाई प्राप्त हुने रोयल्टी रकम पुनर्मूल्यांकन गर्नु आवश्यक भएको, विद्युत् निर्यातमा लाग्ने निर्यात करबारे स्पष्ट व्यवस्था नभएको, बहुउद्देशीय आयोजनाको बिकास निजी क्षेत्रबाट गराउँदा तल्लो तटीय राष्ट्रलाई हुने लाभबारे के कस्तो प्रक्रिया अपनाउने संवन्धमा कुनै व्यवस्था नभएको, जलविद्युत् आयोजनाको विकासमा निजी क्षेत्रका कम्पनीहरुबिच प्रतिस्पर्धा गराउनेतर्फ कुनै व्यवस्था नभएकोले यी विषयहरुमा हालसम्मको अनुभवको आधारमा आवश्यक परिमार्जन गरी ऐन संशोधन हुनु आवश्यक देखिएको छ।

- निजी लगानीकर्ताहरूले अनुमतिपत्रलगायत आयोजना कार्यन्वयनका लागि आवश्यक सुविधा एवं स्वीकृतिहरू जस्ता सबै कार्य एउटै सरकारी निकायमार्फत गराउन रुचाउने र यसबाट समयको बचत भई छिटो छरितो रूपमा आयोजना कार्यान्वयन गराउन सकिने हुँदा श्री ५ को सरकारले विद्युत् विकास केन्द्र मार्फत यी सबै सुविधा एवं स्वीकृतिहरु प्रदान गर्ने उद्देश्य राखे तापनि सम्बन्धित निकायहरूसँग समन्वय राख्न र आन्तरिक निर्णय प्रक्रियाहरूमा ढिलाइले गर्दा यस किसिमको एकद्वार प्रणाली यथार्थमा प्रभावकारी हुन नसकेकोले निजी क्षेत्रलाई आकर्षण गर्नमा प्रतिकूल प्रभाव परेको छ ।

- विद्यमान विद्युत् सम्बन्धी नीति एवं कानुनी प्रावधानहरु र विद्युत् विकाससँग सम्बन्धित अन्य सरकारी क्षेत्रका नीति एवं कानुनी प्रावधानहरुबीच केही विसंगतिहरु देखापरेका छन् । यसले विद्युत्को समुचित विकासमा बाधा उत्पन्न भएको छ ।

- विदेशी निजी लगानीकर्ताहरूले दोहोरो कर प्रणालीलाई नरुचाउने सन्दर्भमा नेपालले एकतर्फी कर प्रणालीको व्यवस्थाका लागि केही देशसँग मात्र संझौता गरेको छ । त्यस्तै विदेशी निजी लगानीकर्ताहरू बिना संरक्षण लगानी गर्न अग्रसर नहुने र त्यस्तो संरक्षण (protection)बापत सम्बन्धित मुलुकहरूसँग द्विपक्षीय संझौतालाई विदेशी निजी लगानीकर्ताले प्राथमिकता दिने गरेको भए तापनि त्यस्तो संझौता नेपालले केही मुलुकहरूसँग मात्र गरेको छ । एकतर्फी कर प्रणालीको व्यवस्था नेपालले हाल सम्म भारत, नर्वे र थाइलैण्डसँग मात्र गरेको छ भने द्विपक्षीय लगानीको सुरक्षाको व्यवस्था जर्मनी, फ्रान्स र बेलायतसँग मात्र भएको छ ।

- निजी लगानीकर्ताले विद्युत् उत्पादन गरी सोझै कुनै ठूलो उपभोक्ता वा वितरणकर्तालाई विद्युत् बिक्री गर्न अथवा विद्युत् निर्यात गर्न या त अलग प्रसारण लाइन निर्माण गरी वा विद्यमान राष्ट्रिय प्रसारण ग्रिडबाट प्रसारण गरी विद्युत् बिक्री वा निर्यात गर्नुपर्ने हुन्छ । तर प्रसारण शुल्क (wheeling charge) नतोकिएको र ग्रिड कोडको व्यवस्था नभएकोले ग्रिडको त्यस्तो उपयोग गर्नमा कठिनाइ परेको छ ।

- जलविद्युत् आयोजनाको कार्यान्वयनमा व्यापारिक, कानुनी, राजनैतिक तथा प्राकृतिकप्रकोप जस्ता जोखिमहरूको सामना गर्नुपर्ने अवस्था छ । यी मध्ये के कस्ता जोखिम निजी क्षेत्रले र के कस्ता जोखिम सरकारले उठाउने भन्ने बारे स्पष्ट नीतिको अभावमा निजी लगानीकर्तासँग संझौतामा पुग्न कठिनाइ उत्पन्न भएको छ ।

- विद्यमान विद्युत् प्रणालीमा run-off-river जलविद्युत् आयोजनाको तुलनामा जलाशययुक्त जलविद्युत् आयोजनाको क्षमता कम भएको र निर्माणाधीन सबै जलविद्युत् आयोजनाहरु पनि run-off-river जलविद्युत् आयोजना नै भएकाले विद्युत्को माग र आपूर्तिबीच रहेको मौसमी असन्तुलन अर्थात वर्षायाममा आवश्यकताभन्दा बढी विद्युत् शक्ति उत्पादन हुने स्थिति झन् बढ्दै जाने देखिएको छ ।

- सरकारी क्षेत्रमार्फत गरिने विद्युत् विकासको निम्ति उपलब्ध ऋण सहयोगमा विदेशी मुद्रा विनिमयबापतको जोखिम सरकारमाथि पर्न गएको छ, जबकि निजी क्षेत्रद्वारा विकसित विद्युत् आयोजनामा यस्तो जोखिमको भार उपभोक्ताले व्यहोर्नुपर्ने अवस्था छ ।

- विद्यमान विद्युत् प्रणालीमा हाल करिब २५ प्रतिशत चुहावट देखिएकोमा यसमध्ये केही प्राविधिक कारणबाट हुने भए पनि त्यसको अधिकांश भाग विद्युत् चोरीबाट हुने गरेको छ । चुहावटमा कमी ल्याउने प्रयास भएमा पनि अपेक्षित सफलता प्राप्त हुन सकेको छैन ।

- विद्युत् प्रणालीको विस्तार एवं यथेष्ट विद्युत् आपूर्तिको अभावमा विगतमा भएको विद्युत् खपतलाई आधार मानी गरिने विद्युत् मागको प्रक्षेपणले यथार्थ स्थिति नझल्कने हुँदा यसले विद्युत् आपूर्तिको योजना तर्जुमाको साथै आपूर्ति र मागबीच सन्तुलन ल्याउन कठिनाइ परेको छ ।

- सरकारी कार्यालय तथा संस्थानहरु र नगरपालिकाहरूबाट विद्युत् महसुल यथासमय असुल गर्न कठिनाइ परेको छ ।

- विद्यमान विद्युत् प्रणालीको विस्तारको क्रममा ग्रामीण विद्युतीकरणतर्फ जोड दिइआएकोमा यस्तो विद्युतीकरण गर्दा कृषि तथा घरेलु उद्योग क्षेत्रमा हुने विद्युत् खपततर्फ ध्यान नपुगेकोले लगानीअनुरूप प्रतिफल प्राप्त हुन सकेको छैन । ग्रामीण विद्युतीकरण तथा ट्युबवेल सिंचाइ आयोजनाबीच समन्वयको अभावमा कृषि विकासमा विद्युत् क्षेत्रको योगदान अपर्याप्त देखिएको छ ।

- विद्युत् उत्पादनमा सरकारी एवं निजी क्षेत्रबाट यथेष्ट लगानी गर्न थालिए तापनि त्यसको तुलनामा प्रसारण एवं वितरण प्रणालीको विस्तारमा यथेष्ट लगानी हुन सकेको छैन ।

- निजी क्षेत्रबाट विद्युत् विकास गर्दा आवश्यक लगानी पुँजीको केही अंश स्थानीय स्रोतबाट उपलब्ध हुन सकेमा विदेशी मुद्राको प्रतिस्थापन (repatriation) मा कमी ल्याउन सकिने संभावना भए तापनि स्थानीय पुँजी बजारबाट विद्युत् क्षेत्रमा लगानी गर्नेतर्फ अनुकूल वातावरणको सिर्जना हुन सकेको छैन ।

- आठौ योजनाकालदेखि नै विद्युत् उत्पादनमा सार्वजनिक तथा निजी क्षेत्र दुबैको संलग्नतालाई दृष्टिगत गर्दा जलविद्युत् आयोजनाको तर्जुमा एवं छनौट गर्ने प्रक्रिया (system planning) अपनाउँदा देशको विद्युत् माग एवं संभाव्य आयोजनाहरुमध्ये के कस्ता आयोजना छनौट गर्दा सस्तोमा विद्युत् उपलब्ध गराउन सकिन्छ भन्ने यथेष्ठ विचार पुग्न सकेको छैन

४. दीर्घकालीन अवधारणा र रणनीति

नेपालमा ऊर्जाको प्रमुख स्रोतको रुपमा जलविद्युत्लाई लिन सकिने भएतापनि हालसम्म जलविद्युत्बाट उत्पादित ऊर्जाले देशको कुल ऊर्जा खपतको १ प्रतिशत मात्र पूर्ति गरिरहेको छ । यसबाहेक दाउराबाट ६८ प्रतिशत, कृषिजन्य अवशेषबाट १५ प्रतिशत, गुइँठाबाट ८ प्रतिशत र आयातित पेट्रोलियम पदार्थ र कोइलाबाट ८ प्रतिशत पूर्ति भइरहेको अनुमान छ । ऊर्जा खपतमा भएको यस्तो स्थितिले गर्दा वातावरणमा परिरहेको प्रतिकूल प्रभावलाई कम गर्दै लैजान र विदेशी मुद्राको शोधनान्तर स्थितिमा सुधार गर्दै लैजान समेत देशको ऊर्जा आवश्यकताको बढीभन्दा बढी भाग जलविद्युत्बाट पूर्ति गर्नका लागि यसको विकासको गतिलाई तीव्र पार्नु परेको छ ।

भारतमा प्रशस्त भूमि भए पनि सुख्खा याममा पानीको कमी भएको, बाङ्गलादेशमा जलपरिवहनको पर्याप्त संभावना भए पनि पानीको अभावमा त्यसको समुचित उपयोग हुन नसकेको र नेपालमा भूमिको कमी भए पनि जलस्रोत पर्याप्त मात्रामा उपलब्ध भएको तथ्यलाई विचार गर्दा नेपालमा जलस्रोतको विकासबाट भारतमा सिंचाइको पर्याप्त व्यवस्था हुने र बाङ्गलादेशमा जलपरिवहनको सुविधा बढ्न जाने देखिन्छ । यसका साथै उत्तरी भारतको बढ्दो औद्योगीकरणका कारण विद्युत्को बढ्दो मागलाई दृष्टिगत गर्दा नेपालको जलस्रोतको विकासबाट यथेष्ट विद्युत् उत्पादन भई यस क्षेत्रको विद्युत् मागको आपूर्तिमा ठूलो योगदान पुग्ने देखिन्छ ।

यिनै तथ्यहरुलाई ह्रदयङ्गम गरी उपयुक्त नीति तथा कार्यनीतिहरुको अवलम्बन द्वारा कार्यान्वयन पक्षलाई प्रभावकारी रुपमा अघि बढाउँदै लगिनेछ र विद्युत् क्षेत्रको विकासमा निजी क्षेत्र (स्वदेशी तथा विदेशी) को लगानीलाई बढी मात्रामा आकृष्ट गर्ने प्रयास गरिनेछ । यसका साथै छिमेकी राष्ट्रहरुसँग सहयोग र समन्वय कायम राखी निजी लगानीलाई समेत प्रोत्साहित गरी नेपालमा जलस्रोतसम्बन्धी बहुउद्देश्यीय आयोजनाहरु कार्यान्वयन गर्नेतर्फ आवश्यक कदम चालिनेछ ।

मुलुकको उत्पादन क्षेत्र (कृषि/गैरकृषि) र उपभोग क्षेत्र (आन्तरिक/निर्यात) जस्ता विविध क्षेत्रको आवश्यकता पूर्ति गर्ने क्रममा आगामी बीस वर्षका लागि जलविद्युत् विकास निम्न दिशातर्फ उन्मुख हुनेछ :

- देशभित्र विद्युत्को बढ्दो माग तथा विदेशतर्फ विद्युत् निर्यातको संभावना समेतलाई दृष्टिगत गरी विद्युत् क्षेत्रको विकास गरिनेछ । यसरी जलविद्युत् आयोजनाहरुको विकासबाट देशको कुल ऊर्जा खपतमध्ये विद्युत्ले पूर्ति गरिरहेको १ प्रतिशतबाट आगामी २० बर्षमा कुल उर्जा खपतको ३.५ प्रतिशत विद्युत्बाट पूर्ति गर्ने प्रयास गरिनेछ । त्यस्तै निर्याततर्फ पनि पंचेश्वर, कर्णाली, सप्तकोशी जस्ता बृहत् बहुउद्देशीय आयोजनाहरुको विकास गरी करिब २२,००० मेगावाट क्षमताका विद्युत्गृहहरु निर्माण गरी विद्युत् निर्यातका साथै भारत तथा बंगलादेशमा समेत सिंचाइ एवं जलपरिवहनको सुविधा उपलब्ध गराइ सोवापत यथोचित आर्थिक लाभ लिनेतर्फ आवश्यक कदम चालिने छ ।
- विद्युत् आपूर्तिलाई भरपर्दो बनाउन जलाशययुक्त र run-off-river जलविद्युत् आयोजनाहरुबीच सन्तुलन कायम गरिनेछ ।
- साना जलविद्युत् आयोजनाहरूलाई प्राथमिकताका साथ स्थानीयस्तरमा जनसहभागिता र गैरसरकारी संस्थाहरुको माध्यमबाट समेत संचालन गर्ने नीति अपनाइनेछ ।
- विद्युत् उत्पादन, वितरण र व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता बढाउँदै लगिनेछ । यसका लागि नेपाल विद्युत् प्राधिकरणलाई विद्युत् उत्पादन, राष्ट्रिय प्रसारण प्रणाली तथा वितरण प्रणाली गरी तीन निकायमा विभाजित गरी क्रमैसँग निजीकरण गर्नेतर्फ कदम चालिनेछ ।
- विद्युत् विकासमा निजी क्षेत्रको लगानीलाई आकर्षित गरी व्यापकरुपमा लगानी प्रवर्द्धन गर्दे लगिनेछ । यसका निम्ति निजी क्षेत्रका लगानीकर्ताहरुका लागि अनुकूल वातावरण तयार गर्न आवश्यक नीतिगत सुधार गर्दै विद्यमान कानुनी प्रावधानमा समेत परिमार्जन तथा सुधार गर्दै लगिनेछ ।
- निजी क्षेत्रका लगानीकर्ताहरुलाई दिइने सुविधा आदिमा कुनै प्रशासनिक झन्झट र व्यवधान बिना स्वतः प्राप्त हुनसक्ने नीतिगत र संस्थागत व्यवस्था मिलाइनेछ । यसका लागि एकद्वार प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- विदेशी लगानीकर्ताहरुसँग स्वदेशी लगानीकर्ताहरुको संलग्नता राख्ने वा बढाउने भन्ने नीति अंगीकार गरिनेछ । यसका लागि स्थानीय पुँजी बजारबाट विद्युत् क्षेत्रमा लगानी गर्नेतर्फ अनुकूल वातावरण तयार गरिनेछ ।
- विद्युत् विकासमा निजी क्षेत्रको सहभागिताको प्रक्रियालाई प्रतिस्पर्द्धात्मक तथा पारदर्शी बनाइनेछ ।

नवौं योजना

५. उद्देश्य

नवौं योजनाकालमा विद्युत् क्षेत्रको उद्देश्य निम्नबमोजिम राखिएको छ :

- किफायती लागतमा जलविद्युत्को पर्याप्त विकास गरी कृषि, उद्योग, यातायात, गार्हस्थ्य, व्यापारिक एवं अन्य विविध क्षेत्रको विद्युत् आवश्यकता पूर्ति गर्ने ।

- विश्वसनीय एवं गुणस्तरीय जलविद्युत्को यथेष्ट उत्पादन गरी व्यहोर्न सक्ने मूल्य (affordable price) मा आन्तरिक विद्युत् आपूर्ति गर्ने र प्रतिस्पर्द्धात्मक मूल्य (competitive price) मा विद्युत् निर्यात गर्ने ।
- ग्रामीण अर्थतन्त्रको विकासका लागि ग्रामीण विद्युतीकरणलाई ग्रामीण आर्थिक कियाकलापसँग आबद्ध गर्ने ।
- विद्युत् आपूर्तिमा ग्रामीण-शहरी असन्तुलन समेत कम गर्ने गरी क्षेत्रीय सन्तुलन कायम गर्ने ।
- जलविद्युत् विकासको वातावरणीय पक्षप्रति विशेष ध्यान दिइ वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई न्यूनतम गर्नेगरी जलविद्युत्को विकास गर्ने ।

६. लक्ष्य

नवौं योजना अवधिमा जलविद्युत्को विकास तथा विस्तार गर्ने क्रममा उत्पादन तथा आपूर्ति, विद्युत् प्रसारण, प्रणाली सुदृढीकरण, ग्रामीण विद्युतीकरण, सर्वेक्षण, संभाव्यता अध्ययन तथा डिजाइन जस्ता विभिन्न विषयमा केन्द्रित रही कार्यक्रमहरु संचालन गरिनेछ । यस सन्दर्भमा राष्ट्रिय विद्युत् प्रणालीमा आबद्ध जलविद्युत् केन्द्रहरुको कुल जडित क्षमतालाई वर्तमान २५३ मेगावाटबाट बढाइ ५३८ मेगावाट पुऱ्याइनेछ । यसमध्ये ३ आयोजना (१६४ मेगावाट) लाई सार्वजनिक क्षेत्र र ४ आयोजना (१२१ मेगावाट) लाई निजी क्षेत्रबाट संचालन गराइनेछ । तापीय विद्युत् केन्द्रहरुको कुल जडित क्षमता वर्तमान ४७ मेगावाटबाट ६० मेगावाट पुऱ्याइनेछ ।

नवौं योजनाकाल पश्चात्का बर्षहरुमा विद्युत् मागको आपूर्तिका लागि निजी क्षेत्रलाई समेत आकर्षित गरी विद्युत् विकासमा तीव्रता ल्याउने नीतिअनुरुप यस योजनाकालमा सार्वजनिक र निजी क्षेत्रको सहभागितामा आन्तरिक विद्युत् आपूर्ति एवं निर्यातका लागि २० देखि ७५० मेगावाट सम्मका ८ वटा आयोजना (१७१८ मेगावाट) लाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनेछ । यसका अतिरिक्त विभिन्न जिल्लामा संचालित साना जलविद्युत् आयोजनाहरुको कुल जडित क्षमता १४ मेगावाट पुऱ्याइनेछ ।

विद्युत् प्रसारण एवं विस्तारतर्फ हालको लम्बाइ २,९०२ किलोमिटर रहेकोमा त्यसमा वृद्धि गरी ३,९२६ किलोमिटर पुऱ्याइनेछ । यसैगरी ६०६७ किलोमिटर वितरण लाइनहरु थप गरिनेछ ।

आठौं योजनाको अन्त्यसम्ममा रहेको कुल ग्राहक संख्या ५ लाख २५ हजारमा वृद्धि गरी नवौं योजनाको अन्त्यसम्ममा कुल ग्राहक संख्या ८ लाख २८ हजार पुऱ्याइनेछ । आठौं योजनाको अन्त्यसम्ममा जम्मा ७३ जिल्लामा विद्युत् सेवा पुऱ्याइएकोमा नवौं योजनाकालमा देशका पचहत्तरै जिल्लामा विद्युत् सेवा पुऱ्याइनेछ । यसरी यस योजनाकालमा देशको कुल जनसंख्याको २० प्रतिशतलाई विद्युत् सेवा उपलब्ध गराइनेछ । यसमध्ये शहरी क्षेत्रमा १० प्रतिशतबाट बढाइ १२ प्रतिशत जनतालाई विद्युत् सेवा उपलब्ध गराइनेछ भने ग्रामीण क्षेत्रमा ४ प्रतिशतबाट बढाई ८ प्रतिशत जनतालाई यो सेवा उपलब्ध हुनेछ । यसरी नवौ योजनाकालमा ग्रामीण क्षेत्रमा विद्युत् सेवा विस्तारतर्फ विशेष जोड दिईनछ । (अनुसूची-५)

७. नीति तथा कार्यनीति

नवौं योजनाका उपर्युक्त उद्देश्यहरूको परिपूर्तिका लागि योजनाकालमा निम्नलिखित नीति तथा कार्यनीतिहरूको अवलम्बन गरिनेछ :

संस्थागत सुधार

विद्यमान विद्युत् प्रणालीको अधिकतम उपयोग गर्न, विद्युत् महसुलबाटै विद्युत्मा हुने लगानी असुल गर्न, स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्न, निजी लगानीकर्ताहरूलाई अरु आकर्षित गरी आन्तरिक विद्युत् आपूर्तिका साथै विद्युत् निर्यात गरी देशको अर्थतन्त्रलाई मजबुत पार्न विद्युत् क्षेत्रमा आवश्यक संस्थागत सुधार गरिनेछ । यसै क्रममा विद्यमान चुहावटको मात्रालाई घटाउन वितरण केन्द्रहरुलाई क्रमैसँग निजी क्षेत्रबाट संचालन गराउँदै जानेतर्फ आवश्यक कदम चालिने छ । सार्वजनिक तथा निजी क्षेत्रबाट संचालित आयोजनाहरुको तर्जुमा एवं छनौट प्रक्रिया (system planning) अपनाउन, निरीक्षण एवं अनुगमन गर्न विद्युत् विकास केन्द्रलाई अझ बढी प्रभावकारी बनाइने छ । नेपाल विद्युत् प्राधिकरणका शाखा व्यवस्थापनलाई बढी अधिकार दिई जिम्मेवार बनाई, पुरस्कार एवं दण्ड समेतको व्यवस्था गरी चुहावट नियन्त्रण तथा संचालन सम्भार खर्चमा कटौती गराई उत्तरदायी केन्द्र (Responsible Centre) को रुपमा संचालन गराइने छ । विद्युत् विकासमा निजी क्षेत्रको सहभागिता गराउँदा विद्युत् उत्पादनको लागत घटाउन प्रतिस्पर्धात्मक प्रक्रियाबाट निजी लगानीकर्ताको छनौट गरिने छ । विद्यमान विद्युत् प्रणालीको पीक लोड घटाउन र अफ पीक समयमा उच्च भोल्टेजमा बढी विद्युत् खपत गर्ने ग्राहकहरुलाई सहुलियत मूल्यमा विद्युत् सेवा उपलब्ध गराउन time-of-day (TOD) मिटर जडान गरी पीक-अफ पीक महशुल दर लगाउने तर्फ आवश्यक कदम चालिने छ ।

विद्युत् निर्यात

निर्यात बजारको आवश्यकता अनुरूप प्रतिस्पर्धात्मक मूल्यमा विद्युत् निर्यात गर्न तुलनात्मक दृष्टिले लाभदायी हुने वृहत् बहुउद्देशीय आयोजनाहरूलाई अघि बढाउने प्रयास जारी राखिने छ । नेपाल-भारत बीच सम्पन्न "महाकाली नदीको एकीकृत विकास" सम्बन्धी सन्धि र विद्युत् व्यापार सम्बन्धी संझौताबाट उत्पन्न अवसरलाई नेपालको अधिकतम हितमा उपयोग गरिने छ । भारतसित विद्युत् आदान-प्रदानको विद्यमान व्यवस्थाको पुनरावलोकन गरी यसलाई अझ बढी प्रभावकारी बनाइने छ । विदेशी मुद्रा प्रतिस्थापन (repatriation) को भारलाई कम गर्न निर्यातमुलक विद्युत् आयोजनाहरु निजी क्षेत्रबाट कार्यान्वयन गराउँदा विदेशी मुद्रा प्रतिस्थापन सम्बन्धी सुरक्षण (guarantee) विद्युत् आयात गर्ने मुलुकबाट नै लिनुपर्ने व्यवस्था गरिनेछ ।

निजी क्षेत्रको प्रवर्द्धन

स्वदेशी लगानीकर्तालाई विद्युत् विकासतर्फ आकर्षित गर्ने सन्दर्भमा लगानीका लागि नयाँ क्षेत्रको अभावमा उपयोग हुन नसकेको व्यक्तिगत बचत पूंजीलाई आकर्षित गर्न निजी लगानीकर्ताबाट बण्ड एवं सेक्युरिटी जारी गराउने व्यवस्था मिलाइनेछ । यसबाट आन्तरिक पुँजी बजारको विस्तार हुन गई विद्युत् आयोजनामा स्वदेशी लगानी बढ्ने र विदेशी मुद्रा प्रतिस्थापनको भार घट्न जानेछ । यसका साथै विद्युत् क्षेत्रमा लगानी प्रवर्द्धन गर्न सार्वजनिक स्तरमा एक विद्युत् विकास कोष (power development fund) को स्थापना गरिनेछ । जलविद्युत्को विकास एवं प्रसारलाई बढी प्रभावकारी बनाउन र यसका विविध पक्षहरुमा निजी क्षेत्रको भूमिकामा वृद्धि गरी अरु सक्रिय बनाउन विद्यमान जलविद्युत् विकास नीति, विद्युत् ऐन र नियमावलीमा सुधार गरी यथोचित रोयल्टी तोकिने, निर्यात करबारे स्पष्ट व्यवस्था गर्ने, बहुउद्देशीय आयोजनाबाट तल्लो तटीय राष्ट्रलाई हुने लाभबारे स्पष्ट व्यवस्था गर्ने जस्ता ठोस कदम चालिनेछ । विद्युत् क्षेत्रमा विदेशी लगानीकर्ताहरूको आकर्षण बढाउनका लागि लगानीको सुरक्षा गर्न तथा दोहोरो कर प्रणाली हटाउन विकसित मुलुकहरूसँग द्विपक्षीय संझौता गर्नेतर्फ आवश्यक कदम चालिनेछ । निजी लगानीकर्ताहरूलाई अनुमतिपत्र लगायत अन्य सुविधा एवं स्वीकृतिहरू जस्ता सबै कार्यहरू एउटै सरकारी निकायमार्फत उपलब्ध गराउन एकद्वार प्रणालीलाई बढी प्रभावकारी बनाइनेछ । विद्युत् क्षेत्रमा निजी लगानीलाई बढी प्रोत्साहित गर्नका लागि जलविद्युत् आयोजनाको कार्यान्वयनमा आइपर्ने व्यापारिक, कानुनी, राजनैतिक तथा प्राकृतिक प्रकोप जस्ता जोखिमहरूको लेखाजोखा गरी त्यस्ता जोखिममध्ये कुन श्री ५ को सरकारले व्यहोर्ने र कुन निजी

क्षेत्रलाई ब्यहोर्न लगाउने भन्ने बारे स्पष्ट व्यवस्था गरिनेछ । निजी क्षेत्रबाट उत्पादित विद्युत् निर्यात गर्न वा सोझै कुनै ठूलो उपभोक्ता वा वितरणकर्तालाई बिक्री गर्नका लागि विद्यमान राष्ट्रिय प्रसारण ग्रिडको उपयोग गर्न चाहेमा प्रसारण शुल्क तोकी स्वीकृत ग्रिड कोडअनुरुप ग्रिडको उपयोग गर्न दिइनेछ । निजी क्षेत्रका कम्पनीहरुद्धारा जलविद्युत् आयोजनाको कार्यान्वयन गर्दा देखापरेका पशासनिक तथा अन्य समस्याहरुको निदान गर्न श्री ५ को सरकार तथा निजी क्षेत्रको सहभागितामा आयोजना संचालन गर्नेतर्फ आवश्यक कदम चालिनेछ । यसकिसिमको प्रयासबाट आयोजनाको लागि वितीय व्यवस्था गर्न सजिलो पर्ने र आयोजना कार्यान्वयनमा तीव्रता आइ लागत समेत घट्न जाने विश्वास गरिएकोछ । निजी क्षेत्रलाई आकर्षित गर्न विद्युत् महसुल निर्धारण प्रक्रिया पारदर्शी हुनुपर्ने तथ्यलाई दृष्टिगत गरी विद्युत् महसुल निर्धारण आयोगमार्फत् आवश्यक अध्ययन गरी आवश्यक प्रक्रिया अपनाइने छ ।

ग्रामीण विद्युतीकरण

ग्रामीण विद्युतीकरणलाई आर्थिक दृष्टिकोणबाट बढी प्रभावकारी बनाउन घरेलु उद्योग, भूमिगत सिंचाइ तथा खानेपानी आयोजनाका साथै अन्य व्यापारिक प्रयोजनका लागि समेत उपयोगी हुने गरी आयोजनाको तर्जुमा एवं कार्यान्वयन गरिनेछ । ग्रामीण विद्युतीकरणलाई प्रभावकारी बनाउन यसको तर्जुमा, कार्यान्वयन तथा संचालनमा उपभोक्तासमूहलाई संलग्न गराइनेछ । दुर्गम पहाडी क्षेत्रमा लघु तथा साना जलविद्युत् आयोजनाहरूको निर्माणमा जोड दिइनेछ । यस्ता आयोजनाहरुलाई स्थानीयस्तरमा जनसहभागिता र गैरसरकारी संस्थाहरुको माध्यमबाट समेत संचालन गर्दै लगिनेछ र तिनलाई वित्तीय दृष्टिले संभाव्य बनाउन वर्तमान अनुदान प्रणालीमा सुधार गरिनेछ । अध्ययनबाट उपयुक्त देखिएमा पहाडी भेगका केही क्षेत्रमा स्थानीय प्रसारण ग्रिडको स्थापना गरी विद्युत् सेवा उपलब्ध गराउनेतर्फ आवश्यक कदम चालिनेछ ।

विद्युत् आपूर्ति

विद्युत् माग र आपूर्तिबीच सन्तुलन कायम राख्न निजी एवं सार्वजनिक क्षेत्रमार्फत यथासम्भव क्षेत्रीय सन्तुलन कायम राख्ने अवधारणसहित जलविद्युत् आयोजनाहरूको तर्जुमा, अध्ययन एवं कार्यान्वयन गरिनेछ । विद्युत् माग र आपूर्ति बीचको मौसमी असन्तुलन हटाउन जलविद्युत् आयोजनाहरूको तर्जुमा तथा विकास गर्दा जलाशययुक्त जलविद्युत् आयोजना कार्यान्वयन गर्ने प्रयास गरिनेछ । विद्युत् आपूर्ति सुनिश्चित तथा सुलभ गर्न विद्यमान विद्युत् प्रसारण तथा वितरण प्रणालीको सुदृढीकरण तथा विस्तार कार्यमा जोड दिइनेछ ।

विद्युत् प्रसारणको विस्तार

विद्युत् उत्पादनतर्फ सार्वजनिक एवं निजी क्षेत्रको संलग्नतामा भविष्यमा हुने उपलब्धिलाई दृष्टिगत गरी उत्पादन अनुरुप विद्युत् खपतमा बृद्धि गर्न विद्युत् प्रसारणतर्फ पनि निजी क्षेत्रलाई संलग्न गराइनेछ ।

जलाधार व्यवस्थापन

जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत्को मात्रालाई दिगो राख्न जलाधारको व्यवस्थापन तथा संवर्धनतर्फ विशेष ध्यान दिइनेछ । वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनतम गर्न जलस्रोतको विकास र संरक्षणलाई जलाधार क्षेत्रको व्यवस्थापन (watershed management) सँगसँगै कार्यान्वयनमा लगिनेछ ।

स्थानीय स्रोत, सीप र साधनको उपयोग

विद्युत् उपभोक्ताले ब्यहोर्नसक्ने मूल्यमा विद्युत् आपूर्ति गर्न विद्युत् उत्पादन प्रसारण तथा वितरणमा विद्युत्को उत्पादन मूल्य कम गर्नका लागि जलविद्युत् आयोजनाहरूको स्थानीय स्रोत, सीप र साधनको अधिकतम उपयोग गर्नेतर्फ आवश्यक कदम चालिनेछ । जलविद्युत् विकासका कार्यक्रमहरुको परिचालनबाट देशभित्र रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने, मानव संसाधनको विकास गर्ने र निर्माण (ठेकेदारी र सामग्री उत्पादन) उद्योगको विस्तार गर्ने तर्फ जोड दिइनेछ ।

कानुनी प्रावधानहरुमा सामन्जस्यता

विद्युत् क्षेत्र र विद्युत् विकाससँग सम्बन्धित अन्य सरकारी क्षेत्रबाट प्रतिपादित नीति एवं कानुनी प्रावधानहरुबीच देखापरेका विसँगतिहरुलाई हटाइ सामन्जस्य कायम गरिनेछ ।

विद्युत् चुहावट नियन्त्रण

विद्युत् क्षेत्रमा भएको लगानीबाट बढी प्रतिफल लिन विद्युत् प्रणालीमा भइरहेको चुहावटलाई हालको २५ प्रतिशतबाट घटाई २० प्रतिशतमा ल्याउने प्रयास गरिनेछ । यसका लागि ऊर्जा परीक्षण (energy audit), राष्टिय प्रसारण प्रणालीको सुदृढीकरण, असलखालका इनर्जी मिटर जडान, ने.वि.प्रा. को आन्तरिक विद्युत् खपतमा नियन्त्रण, विद्युत् चोरी रोक्न कानुनी ब्यवस्थामा सुधार गर्ने र दण्ड एवं पुरस्कार दिनेतर्फ आवश्यक कदम चालिनेछ । यसका अतिरिक्त प्रयोगको रुपमा वितरण प्रणालीको संचालनमा निजी क्षेत्रलाई संलग्न गराउनेतर्फ आवश्यक कदम चालिनेछ ।

विद्युत् महसुल नियन्त्रण

विद्यमान विद्युत् महसुलको चर्को भारलाई दृष्टिगत गरी भविष्यमा जनतालाई बढ्दो विद्युत् महसुलबाट राहत दिलाउन आयोजना कार्यान्वयनमा निजी क्षेत्रका कम्पनीहरुबीच प्रतिस्पर्द्धा गराउने, time-of-day (TOD) महसुलको ब्यवस्था, कम विद्युत् खपत हुने विजुलीका सामानहरुको आयातमा सहुलियत, विद्युत् चुहावटमा नियन्त्रण, महसुल बक्यौता कम गर्ने, ने.वि.प्रा. को जिन्सी मौज्दात घटाउने, स्थानीय पुँजी बजारको उपयोग गरी ने.वि.प्रा. को आन्तरिक स्रोत बढाउने, प्रशासनिक एवं इन्धन खर्चमा कटौती गर्ने जस्ता कदमहरु चालिनेछ ।

८. कार्यक्रम

नवौं योजनाकालमा उपर्युक्त नीति एवं कार्यनीतिको माध्यमबाट उल्लिखित लक्ष्य प्राप्तिका लागि श्री ५ को सरकार, नेपाल विद्युत् प्राधिकरण तथा निजी क्षेत्रको सहभागितामा निम्न कार्यक्रमहरु संचालन गरिनेछ :

सर्वेक्षण, संभाव्यता अध्ययन तथा इन्जिनियरिंग डिजाइन

मझौला जलविद्युत् आयोजनाहरुको अध्ययनबाट उत्कृष्ट ठहरिएका ७ जलविद्युत् आयोजनाको संभाव्यता अध्ययन कार्य नवौं योजनाको पूर्वार्द्धमा नै सम्पन्न गरिनेछ । गत योजनाकालमा सुरु गरिएका अन्य ८ जलविद्युत् आयोजनाको संभाव्यता अध्ययन कार्य पनि सम्पन्न गरिनेछ र अन्य १२ जलविद्युत् आयोजनाको संभाव्यता अध्ययन कार्य सुरु गरी पूरा गरिनेछ । यी आयोजनाहरुमा आन्तरिक मागको आपूर्ति र विद्युत् निर्यात गर्ने दुवै खालका आयोजना समावेश छ । "महाकाली नदीको एकीकृत विकास" सम्बन्धी सन्धिअन्तर्गत रहेको पंचेश्वर बहुउद्देश्यीय आयोजना (६,४८० मेगावाट) को विस्तृत आयोजना प्रतिवेदन (detailed project report) भारतीय पक्षसँग संयुक्तरुपमा तयार गरिनेछ । कर्णाली

बहुउद्देश्यीय आयोजना (१०,८०० मेगावाट) को लाभ र लागतलाई अद्यावधिक गरी आर्थिक संभाव्यताको पुनर्अध्ययन गरिनेछ । सुनकोशी -कमला डाइभर्सन (१३०० मेगावाट) समेत भएको सप्तकोशी बहुउद्देश्यीय आयोजना (३४०० मेगावाट) को विस्तृत आयोजना प्रतिवेदनका लागि आवश्यक सर्वेक्षण कार्य भारतीय पक्षसँग संयुक्तरुपमा सुरु गरिनेछ । (अनुसूची-८)

विद्युत् उत्पादन तथा आपूर्ति व्यवस्था

आन्तरिक विद्युत् मागको आपूर्तिका लागि सार्वजनिक क्षेत्रअन्तर्गत निर्माणाधीन कालीगण्डकी 'ए' (१४४ मेगावाट), पुवा खोला (६ मेगावाट), मोदी खोला (१४ मेगावाट) र निजी क्षेत्रअन्तर्गत निर्माणाधीन चिलिमे (२० मेगावाट), खिम्ती (६० मेगावाट), भोटेकोशी (३६ मेगावाट) तथा इन्द्रावती (५ मेगावाट) जलविद्युत् आयोजनाहरू सम्पन्न गरी २८५ मेगावाट विद्युत् उत्पादन गरिनेछ । कुल ३,७७५ किलोवाट क्षमताका साना जलविद्युत् आयोजनाहरूमध्ये कालीकोट (५०० किलोवाट) र डोल्पा (१६० किलोवाट) को निर्माण पूरा गरिने र दैलेख (३०० किलोवाट), लोमान्थाङ (६५ किलोवाट), खोटाङ (२,३०० किलोवाट), गमगढी (२०० किलोवाट) र हेल्दुंग (२५० किलोवाट) को निर्माण सुरु गरिनेछ । निर्माणाधीन तापीय विद्युत् आयोजनाबाट १३ मेगावाट थप विद्युत्शक्ति उत्पादन गरिनेछ । नवौं योजनाकालपछिको विद्युत् मागको आपूर्तिका लागि सम्भाव्यता अध्ययन भइसकेका आयोजनाहरुमध्येबाट छनौट गरी ८ वटा आयोजनाको (१७१८ मेगावाट) सार्वजनिक तथा निजी क्षेत्रबाट निर्माण कार्य सुरु गरिने छ ।

उपर्युक्तमध्ये निर्यातमूलक जलविद्युत् आयोजनाहरुको हकमा निजी क्षेत्रबाट पश्चिम सेती (७५० मेगावाट) आयोजनाको निर्माण सुरु गराउने प्रयासलाई अघि बढाइनेछ भने विस्तृत इन्जिनियरिङ्ग डिजाइन समेत सम्पन्न भईसकेको अरुण-३ (४०२ मेगावाट) आयोजनाको निर्माण निजी क्षेत्रबाट सुरु गराउने प्रयासको थालनी गरिनेछ । यस्तै अन्य निर्यातमूलक जलविद्युत् आयोजनाहरुको निर्माण सुरु गराउने प्रयास गरिनेछ । पंचेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयारीपश्चात् यसको निर्माण सुरु गर्नका लागि भारतीय पक्षसँग संयुक्तरुपमा आवश्यक अन्य व्यवस्थाहरु गरिनेछ । कर्णाली बहुउद्देश्यीय आयोजनालाई पनि निर्माणको क्रममा लैजानका लागि आवश्यक व्यवस्था गरिनेछ । (तालिका ९)

विद्युत् प्रसार तथा विस्तार

देशका शहरी क्षेत्रहरुमा विद्युत् सेवा पुगिसकेको तर ग्रामीण क्षेत्रमा भएको अभावलाई दृष्टिगत गरी विद्युत्को प्रसार एवं विस्तारलाई अत्यधिक ग्रामीण क्षेत्रमा पुऱ्याउनेतर्फ विशेष जोड दिइनेछ । यसका अतिरिक्त शहरी क्षेत्रमा पनि विद्युत् मागअनुरुप प्रसारण लाइनहरुमा सुदृढीकरण गर्नु पर्ने भएको छ । ग्रामीण क्षेत्रमा विद्युत् सेवाको विस्तार गर्दा त्यस क्षेत्रमा दीर्घकालीन कृषि योजना (agricultural perspective plan), कृषि विकासका लागि ट्युवेल सिंचाइको आवश्यकता, घरेलु उद्योगको स्थापना, खानेपानीको आवश्यकता तथा अन्य व्यापारिक उद्देश्यको परिपूर्तिका लागि आवश्यक पर्ने विद्युत् मागको विचार गरी विद्युत् सेवाको विस्तारतर्फ जोड दिइनेछ ।

उपर्युक्त उद्देश्य परिपूर्तिका लागि उच्च भोल्टेज लाइन निर्माणतर्फ जम्मा १०२४ किलोमिटरमध्ये १४० किलोमिटर २२० के.भी., ८१४ किलोमिटर १३२ के.भी. र ७० किलोमिटर ६६ के.भी. प्रसारण लाइन निर्माण गरिनेछ । यसैगरी सब-स्टेशन निर्माण तथा विस्तारतर्फ उच्च भोल्टेजको कुल २६० एम.भी.ए. तथा ३३ के.भी. र ११ के.भी. तर्फ कुल ३५० एम.भी.ए. क्षमताको सब-स्टेशन निर्माण गरिनेछ । "महाकाली नदी एकीकृत विकास" सम्बन्धी सन्धिअन्तर्गत टनकपुर विद्युत्गृहबाट नेपाललाई प्राप्त हुने विद्युत्शक्ति उपलब्ध गर्नका लागि आवश्यक प्रसारण लाइन तथा सब-स्टेशनको निर्माण तदारुकताका साथ सम्पन्न गरिनेछ । (तालिका १०)

केन्द्रीय भार प्रेषण केन्द्रको सुदृढीकरण कार्य सम्पन्न गरिनेछ । विद्युत् वितरण प्रणालीको सुदृढीकरणतर्फ काठमाडौं उपत्यका विद्युत् प्रसारण तथा वितरण सुदृढीकरण आयोजनाको तेस्रो चरण सम्पन्न गरिनेछ ।

ग्रामीण क्षेत्रमा विद्युत् सेवाको विस्तार गर्ने उद्देश्यले विद्युत् विकास आयोजना (power development project), ग्रामीण विद्युतीकरण सदृढीकरण आयोजना (rural electrification & distribution project), ने.वि.प्रा. को विद्युत् उत्पादनवापतको लगानीबाट, सातौ विद्युत् आयोजना, देवीघाट-धादिङ् तथा सिंधुवा-खाँदवारी विद्युत् आयोजनाहरु संचालन गरी प्राय सबै जिल्लाका ग्रामीण क्षेत्रहरुमा आंशिकरुपमा विद्युत् सेवा पुऱ्याइनेछ । यी आयोजना अन्तर्गत करिब ६०६७ किलोमिटर वितरण लाइनहरु निर्माण गरी ग्रामीण क्षेत्रका करिब ११ लाख जनतामा विद्युत् सेवा पुऱ्याइनेछ । नवौ योजनाकालमा यी आयोजनाहरुको कार्यान्वयनमा रु ७ अर्ब ८३ करोड ३० लाख खर्च हुने अनुमान छ । (अनुसूची-११)

<u>विविध</u>

यसअन्तर्गत चालू रहेको कुलेखानी संरक्षण आयोजना सम्पन्न गरिनेछ । नेपाल विद्युत् प्राधिकरणको संस्थागत सुदृढीकरण जारी रहनेछ । जलविद्युत् विकासमा निजी क्षेत्रलाई अरु आकर्षित गर्ने र यस क्षेत्रको भूमिकालाई वृद्धि गर्ने तर्फको अध्ययन कार्यलाई पनि जारी राखिनेछ । नवौ योजनाकालमा यी कार्यमा रु ६ अर्ब ७२ करोड ९३ लाख खर्च हुने अनुमान छ ।

तालिका १

आठौं योजनाको उपलब्धि

विवरण	आ.व.२०४८।४९	आ.व.२०५३।५४	वृद्धि अंकमा (%)
१. देशको कुल जडान क्षमता (किलोवाट)			
क. जलविद्युत् केन्द्र	२३८५६३	२५२४१८	१३८५५ (५.८%)
ख. डिजेल वा मल्टिफ्यूल	६८३	४७२६६	४६।५८३ (१३.५%)
ग. सौर्य शक्ति	१३०	१३०	-
जम्मा	२३९३७६	२९९८१४	६०४३८ (२५.२%)
२. प्रसारण लाइन लम्बाइ (किलोमीटर)			
१३२ के.भी. सिंगल सर्किट	११९१	११७८	(१३ (१.०९%)
१३२ के.भी. डबल सर्किट	-	४३	४३
६६ के.भी. सिंगल सर्किट	६४	१७९	११५(१७९.७%)
६६ के.भी. डबल सर्किट	१५८	१५३	५ (३.२०%)
३३ के.भी. सिंगल सर्किट	१०९६	१३४९	२५३(२३.१%)
जम्मा	२५०९	२९०२	३९३(१५.७%)
३. सबस्टेशन क्षमता (एम.भी.ए.)			
१३२/११ के.भी	२८	२८	-
१३२/३३ के.भी	१४५	१७५	३० (२०.७६%)
१३२/६६ के.भी	१०३	१०३	-
१३२/११ के.भी	१९४	२७४	८०(४१.२०%)
६६/११ के.भी	१२	१२	-
१३२/६६/११ के.भी	१०	१०	-
जम्मा	४९२	६०२	११० (२२.४%)
४ ग्राहक संख्या			
क. गार्हस्थ्य	३३७७१५	५०००७०	१६२३५५ (४८.१%)
ख. औद्योगिक	९७५७	१४१४२	४३८५ (४४.९%)
ग. व्यापारिक	१३७८	२४३०	१०५२ (७६.३%)
घ. अन्य	७१०३	८३५८	१२५५ (१७.७%)
जम्मा	३५५९५३	५२५०००	१६९०४७ (१७.७%)
५. उच्चतम माग (किलोवाट)	२१६०००	३००११०	८४११० (३८.९%)
६. विद्युत् आपूर्ति (युनिट हजारमा)			
क. जलविद्युत्	८६९९८०	१०८५११०	२१५१३० (२४.७%)
ख. डिजेल विद्युत्	३१५४०	३९३००	७७६० (२४.६०%)
ग. भारतबाट आयात	५४९९८	१२९४००	७४४०२ (१३५.३०%)
घ. बुटवल पावर कंपनीबाट खरीद	२४६४७	८२०५०	५७४०३ (२३२.९%)
जम्मा	९८११६५	१३३५८६०	३५४७५५ (३६.२०%)
७. विद्युत् चुहावट (युनिट हजारमा)	२४३७३५	३३५२९०	९१५५५ (३७.६%)
(प्रतिशत)	२४.८४%	२५.१०%	१.०५%
८. विद्युत् बिक्री (युनिट हजारमा)			
क. गार्हस्थ्य	२७५२४८	३५४६१३	७९३६५ (२८.८%)
ख. औद्योगिक	२७५५८५	३९७३१३	१२१७२८ (४४.२%)
ग. व्यापारिक	४५२००	६७१८०	२१९८० (४८.६%)
घ. अन्य	१४१३१९	१८१४५४	४०१३५ (२८.४%)
जम्मा	७३७३५२	१०००५६०	२६३२०८ (३५.७%)
९. विद्युत् सेवा पुगेको जिल्ला	६८	७३	५ (७%)
१० लाभान्वित जनसंख्या (प्रतिशत)	१०	१४	४ (४०%)

तालिका २

आठौं योजनाको अनुमानित तथा यथार्थ खर्चको विवरण
सार्वजनिक क्षेत्रतर्फ

सि.नं.	भौतिक लक्ष्य	भौतिक प्रगति	आठौं योजनाको खर्च अनुमान (रु० लाखमा)	आठौं योजनाको खुद खर्च (रु.लाखमा)
क. **विद्युत् उत्पादन , सुदृढीकरण तथा आपूर्ति व्यवस्था**				
	मझौला जलविद्युत् केन्द १२.५ मेगावाट तथा साना जलविद्युत् केन्द्र ५,००० किलोवाट निर्माण पूरा गर्ने ।	झिम्रुक (प्यूठान) केन्द्र १२.५ मेगावाट वुटवल पावर कंपनीवाट निर्माण संपन्न भएको । पुवा खोला (इलाम) ६.२ मेगावट तथा मोदी खोला (पर्वत) १४ मेगावट सार्वजनिक क्षेत्रवाट तथा चिलिमे २० मेगावाट निजी क्षेत्रवाट निर्माण सुरु ।		
	अरुण-३ (संखुवासभा) पहिलो चरण २०१ मेगावाट तथा कालीगण्डकी "ए" (स्याङजा) १०० मेगावाट निर्माण सुरु	विश्व बैंक बाट स्वीकृत प्राप्त नभएकोले अरुण-३ को निर्माण स्थगित तथा कालीगण्डकी "ए" १४४ मेगावाट जलविद्युत् आयोजना निर्माण सुरु ।	१६,८३,००	४,०९,८४
	त्रिशूली तथा देवीघाट जलविद्युत् केन्द्रहरुको सुदृढीकरण कार्य संपन्न गरी फर्म पावर १२.२ मेगावाट थप विद्युत् शक्ति उत्पादन गर्ने ।	सुदृढीकरण कार्य संपन्न तथा त्रिशूली तथा देवीघाट जलविद्युत् केन्द्रहरु थप वार्षिक ९ करोड ५३ लाख युनिट विद्युत् शक्ति (फर्म पावर ११ मेगावाट उत्पादन गर्न सक्षम ।	६०,९०,९६	२,८९,६२
		दुहवी मल्टीफ्युल दोस्रे चरण १३ मेगावाट निर्माण सुरु ।	१,३४,००	१,४१,७९
ख.विद्युत् प्रसारण लाइन निर्माण, विस्तार तथा सुदृढीकरण				
	कोहलपुर-महेन्द्रनगर १३२ के.भी. प्रसारण लाइनको वांकी कार्य, अत्तरिया-डडेल्धुरा-दिपायल ६६ के.भी. को १०५ र विभिन्न स्थानमा ३३ के.भी. को १०० किलोमिटर लाइन निर्माण संपन्न गर्ने । नेपाल भारत अन्तरजोडाई को ४२ किलोमिटर १३२ के.भी. प्रसारण लाइन तथा उच्च भोल्टेज सवस्टेशनहरु निर्माण गर्ने ।	कोहलपुर-महेन्द्रनगर १३२ के.भी. प्रसारण लाइनको वांकी कार्य, पूरा तथा अत्तरिया-डडेल्धुरा-दिपायल ६६ के.भी. को १०५ र विभिन्न स्थानमा ३३ के.भी. को ५४ किलोमीटर लाइन निर्माण संपन्न । नेपाल भारत अन्तरजोडाइ अन्तर्गत ४२ किलोमीटर १३२ के.भी. प्रसारण लाइन तथा ५६ एम्भीए उच्च भोलटेज सवस्टेशनहरुको निर्माण कार्य पूरा भएको ।	१,६१,४०	४, ६२२
ग. वितरण प्रणालीको सुदृढीकरण				
	काठमाडौं उपत्यका विद्युत् प्रणाली सुदृढीकरण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै जाने । विराटनगर, जनकपुर, पोखरा र नेपालगंजको वितरण सुदृढीकरण संपन्न गर्ने एवं धरान, हेटौंडा, परवानी पुर, वीरगंज, वुटवल र भैरहवा भैगको वितरण प्रणाली सुदृढीकरण एवं विस्तार गर्ने ।	काठमाडौं उपत्यका विद्युत् प्रणाली सुदृढीकरणको पहिलो र दोस्रो चरणको कार्य सम्पन्न । सातौ विद्युत् आयोजना अन्तर्गत विराटनगर, जनकपुर, पोखरा र नेपालगंजको वितरण सुदृढीकरण एवं धरान, हेटौंडा, परवानीपुर, वीरगंज, वुटवल र भैरहवा भेगको वितरण प्रणाली सुदृढीकरण एवं विस्तार गर्ने कार्य प्राय संपन्न ।	१,०९,००	२,५०,०५

सि.नं.	भौतिक लक्ष्य	भौतिक प्रगति	आठौं योजनाको खर्च अनुमान (रु० लाखमा)	आठौं योजनाको खुद खर्च (रु.लाखमा)
घ. वितरण तथा ग्रामीण विद्युतीकरण				
	विभिन्न २० जिल्लाका करिब १,२०० गाउंहरुमा विद्युतीकरण गर्ने । सातौं विद्युत् योजना अन्तर्गत १३२ के.भी., ६६ के.भी., ३३ के.भी. स्तरका नयां सवस्टेशन निर्माण तथा भई रहेको सवस्टेशनहरुको पुनर्निर्माण तथा क्षमता विस्तार गर्ने । गाईघाट-खोटाङ ३३ के.भी. तथा सिन्धुली-रामेछाप ३३ के.भी. प्र.ला. निर्माण गर्ने । साना जलविद्युत् आयोजना निर्माण तर्फ नाम्चे ६०० किलोवाट, अछाम ४०० किलोवाट एवं तातोपानी दोस्रो १,००० किलोवाटको निर्माण पूरा तथा खोटाङ ५०० किलोवाटको, कालीकोट ६०० किलोवाट एवं डोल्पा १६० किलोवाटको निर्माण सुरु गर्ने ।	सातौं विद्युत् आयोजना अन्तर्गत ५१३ गाउं तथा ५ नगर क्षेत्रहरुमा विद्युतीकरण विस्तार भएको । ३३ के.भी. क्षमताका १२ वटा सवस्टेशनहरुको निर्माण, १३२ के.भी., ६६ के.भी., ३३ के.भी. समेत गरि ९ वटा सवस्टेशनहरुको पुनर्निर्माण तथा क्षमता विस्तार भएको । गाईघाट-खोटाङ ३३ के.भी. तथा सिन्धुली-रामेछाप ३३ के.भी. प्र.ला. को निर्माण सुरु भएको । नाम्चे ६०० किलोवाट, अछाम ४०० किलोवाट एवं तातोपानी दोश्रो १,००० किलोवाट निर्माण पूरा तथा कालीकोट ६०० किलोवाट एवं डोल्पा १६० किलोवाटको निर्माण सुरु भएको ।	१,८०,००	२२,९३
ङ. सर्वेक्षण, संभाव्यता अध्ययन तथा इन्जिनीयरिङ्ग डिजाइन				
	सप्तगण्डकी २२५ मेगावाट वहुउद्देश्यीय आयोजना र पश्चिम सेती ३६० मेगावाट विद्युत् आयोजनाको रुपमा विस्तृत इन्जिनीयरिङ्ग डिजाइन गर्ने । माथिल्लो कर्णाली २४० मेगावाट, वाग्मती १४० मेगावाट, कमला .. मेगावाट र वुढीगण्डकी ६०० मेगावाट विद्युत् आयोजनाहरुको विस्तृत इन्जिनीयरिङ्ग अध्ययन गर्ने र भोटेकोशी, खिम्ती, नौमुरे तथा तल्लो अरुण जलविद्युत् आयोजनाहरुको संभाव्यता अध्ययन कार्य संपन्न गर्ने । साना जलविद्युत् गुरुयोजना तयार गर्ने र थप अध्ययन गर्ने ।	पश्चिम सेती ७५० मेगावाट विद्युत् आयोजना विद्युत् निर्यातको दृष्टिकोण ले निजी क्षेत्रवाट कार्यान्वयन गर्ने गरी कारवाही अगाडि वढाइएको । माथिल्लो कर्णाली ३०० मेगावाट जलविद्युत् आयोजनाको संभाव्यता अध्ययन पूरा भएको तथा भोटेकोशी ३६ मेगावाट र खिम्ती ६० मेगावाट जलविद्युत् आयोजनाहरु निजी क्षेत्रवाट निर्माण भैरहेको । साना जलविद्युत् गुरु योजना तयार भई ३ वटा आयोजनाहरुको विस्तृत इन्जिनीयरिङ्ग डिजाइन पूरा भएको र ५ वटा को डिजाइन कार्य चालू रहेको एवं ७ वटा आयोजनाहरुको संभाव्यता अध्ययन पूरा भई १ को चालू रहेको ।	२,००,००	१०,०५

तालिका ३
विद्युत आपुर्ति खर्चको तुलनात्मक विवरण

विवरण		**आ.व. २०४८।४९** खर्च रु./ युनिट	**आ.व. २०५३।५४ खर्च वृद्धि** खर्च रु./ युनिट
	%		
कर्मचारी खर्च*	३३	०.३०	०.४०
संचालन खर्च*	१४२	०.१२	०.२९
ईन्धन**	३७	२.६९	३.६८
विद्युत खरिद***	७१	१.४०	२.३९
रोयल्टी****	-	–	०.२१
ऱ्हास खर्च*	२०	०.९७	१.१६
ब्याज*	३	०.६४	०.६६
कुल*	५९	२.२२	३.५२

* प्रति युनिट विद्युत् आपूर्ति (विद्युत आपूर्ति=जलविद्युत उत्पादन +ताप विद्युत् उत्पादन +विद्युत् खरिद)
** प्रति युनिट ताप विद्युत् उत्पादन
*** प्रति युनिट विद्युत् खरिद
**** प्रति युनिट जलविद्युत् उत्पादन

तालिका ४

विद्युत महसुलको तुलनात्मक विवरण

ग्राहक वर्ग	आ.व. २०४८।४९			आ.व. २०५३।५४			महसुल बृद्धि %
	विद्युत बिक्री %	महसुल रु/युनिट	अन्तर अनुदान %	विद्युत बिक्री %	महसुल रु/युनिट	अन्तर अनुदान %	
गार्हस्थ	४२.२	१.७८	११	३९.४	४.९९	२	१८०
औद्योगिक	३७.८	१.९२	४	४०.८	४.८९	४	१५५
व्यापारिक	६.९	३.०२	(५२)	७.४	६.६६	(३०)	१२१
गैरव्यापारिक	७.२	३.०२	(५२)	६.५	६.६२	(२९)	११९
खानेपानी तथा सिंचाई	४.२	१.१३	४३	३.१	३.४९	३२	२०९
सडक बत्ती	१.२	२.००	०	२.३	३.८९	२४	९४
अन्य	०.५	२.३४	(१८)	०.५	५.०३	२	११५
आन्तरिक	१००.०	१.९९		१००	५.११		१६६
भारत निर्यात	-	१.७१		-	२.४२		४२
कुल	-	१.९५		-	४.८४		१४८

तालिका ५

नवौं योजना
विद्युत् विकासको भौतिक लक्ष्य

विवरण	कुल	२०५४।५५	२०५५।५६	२०५६।५७	२०५७।५८	२०५८।५९
१. विद्युत् उत्पादन तथा आपूर्ति व्यवस्था						
क. ठूला तथा मझौला जलविद्युत् आयोजना (मेगावाट)	२९३	-	६	१०४	१८३	-
ख. साना जलविद्युत् आयोजना (किलोवाट)	६६०	१६०	५००	-	-	-
ग. मल्टिफयूल विद्युत् केन्द्र विस्तार (मेगावाट)	१३	१३	-	-	-	-
२. विद्युत् प्रसारण लाइन निर्माण तथा विस्तार (किलोमीटर)	१०२४	-	-	२८६	२६७	४७१
३. ग्रामीण विद्युतीकरण (किलोमीटर)	६०६७	१२२०	५९७	१६२०	१६५०	९८०
४. सर्भेक्षण संभाव्यता अध्ययन तथा विस्तृत इन्जिनीयरिङ्ग डिजाइन (संख्या)	३१	७	५	८	७	४

तालिका ६
नवौं योजना विद्युत् विकास
सार्वजनिक क्षेत्रको वित्तीय लक्ष्य

(रु. लाखमा)

विवरण	कुल	२०५४।५५	२०५५।५६	२०५६।५७	२०५७।५८	२०५८।५९
१. विद्युत् उत्पादन तथा आपूर्ति व्यवस्था						
क. ठूला तथा मझौला जलविद्युत् आयोजना	३८,४३,७२	७,६१,३६	८,३८,०७	७,३४,६८	८,२१,४०	६,८८,२१
ख. साना जलविद्युत् आयोजना	९९,०७	३,५४	२०,१८	३७,६८	२८,२६	९,४१
ग. मल्टिफयूल विद्युत् केन्द्र विस्तार	२३,१०	२३,१०	-	-	-	-
जम्मा	३९,६५,८९	७,८८,००	८,५८,२५	७,७२,३६	८,४९,६६	६,९७,६२
२. विद्युत् प्रसारण लाइन निर्माण तथा विस्तार	४,६९,४५	४५,९६	१,३८,८४	९९,१९	८३,८२	१,०१,६४
३. ग्रामीण विद्युतीकरण	७,८३,३०	६९,५२	३८,३८	२,६७,४०	२,७३,५०	१,३४,५०
४. सुदृढीकरण						
क. प्रसारण वितरण सुदृढीकरण	१,२१,२५	३०,९८	६०,१८	३०,०९	-	-
ख. भार प्रेषण केन्द्र	७३,४२	९,८७	१०,४६	२९,५८	२३,५१	-
जम्मा	१,९४,६७	४०,८५	७०,६४	५९,६७	२३,५१	-
५. सर्भेक्षण संभाव्यता अध्ययन तथा विस्तृत इन्जिनीयरिङ्ग डिजाइन	६६,००	२५,६२	१४,३८	१३,००	१३,००	-
६. विविध						
क. कुलेखानी संरक्षण आयोजना विविध अध्ययन तथा अन्य	३,०८,१७	१,०३,००	१,०४,००	१,०१,१७	-	-
ख. विद्युत् विकासमा निजी क्षेत्रको प्रवर्धन	५,४५	१,०५	१,०८	१,०७	१,१०	१,१५
ग.	३,५९,३१	७०,००	७१,००	७१,००	७२,००	७५,३१
जम्मा	६,७२,९३	१,७४,०५	१,७६,०८	१,७३,२४	७३,१०	७६,४६
कुल जम्मा	६१,५२,२४	११,४४,००	१२,९६,५७	१३,८४,८६	१३,१६,५९	१०,१०,२२

तालिका ७
नवौं योजना विद्युत विकास
निजी क्षेत्रको अपेक्षित वित्तिय लक्ष्य

(रु. लाखमा)

विवरण	कुल	०५४।५५	०५५।५६	०५६।५७	०५७।५८	०५८।५९
१. विद्युत उत्पादन तथा आपूर्ति व्यवस्था						
क) नवौ योजनाकालमा सम्पन्न हुने आयोजनाहरु	११,२७,९३	२,८०,५०	४,०७,३०	४,२२,५७	१७,५६	-
ख) नवौ योजनाकालमा शुरु भै चालु रहने आयोजनाहरु	५०,८०,००	-	-	१३,२०,००	१६,९५,००	२०,६५,००
कुल जम्मा	६२,०७,९३	२,८०,५०	४,०७,३०	१७,४२,५७	१७,१२,५६	२०,६५,००

तालिका ८
सर्वेक्षण तथा संभाव्यता अध्ययन कार्यक्रम

	जलविद्युत आयोजना	क्षमता (मेगावाट)	क्षेत्र
१.	कुलेखानी तेस्रो	१३	सार्वजनिक
२.	माथिल्लो मोदी	१४	सार्वजनिक
३.	तल्लो मोदी खोला	२०	निजी
४.	बुढी गंगा	२२	सार्वजनिक
५.	राहु घाट खोला	२४	सार्वजनिक
६.	ठुलो ढुंगा	२५	निजी
७.	खिम्ती-२	२५	निजी
८.	चमेलिया	३०	सार्वजनिक
९.	लिखु-४	३४	सार्वजनिक
१०.	कावेली-ए	३५	सार्वजनिक
११.	माथिल्लो मर्स्याङ्दी -ए	४३	निजी
१२.	सिम्बुवा खोला	५३	निजी
१३.	कन्काई	६०	-
१४.	मध्य मर्स्याङ्दी	६१	सार्वजनिक
१५.	तमोर	७२	सार्वजनिक
१६.	शारदा	७५	सार्वजनिक
१७.	भेरी-बवई	८२	सार्वजनिक
१८.	सेती-३	१०७	निजी
१९.	मध्य भोटेकोशी	१२०	निजी
२०.	माथिल्लो मर्स्याङ्दी-३	१२१	निजी
२१.	आंधी खोला	१५४	सार्वजनिक
२२.	तामा कोशी-२	२८७	सार्वजनिक
२३.	माथिल्लो त्रिशुली-२	३००	निजी
२४.	माथिल्लो कर्णाली	३००	सार्वजनिक
२५.	दूधकोशी	३००	सार्वजनिक
२६.	बुढी गण्डकी	६००	निजी
२७.	काली गण्डकी-२	६६०	निजी
२८.	पश्चिम सेती	७५०	निजी
२९.	सप्तकोशी	४,७००	सार्वजनिक
३०.	पंचेश्वर	६,४८०	सार्वजनिक
३१.	कर्णाली	१०,८००	-

तालिका ९

विद्युत् उत्पादन कार्यक्रम

जलविद्युत् आयोजना	क्षमता (मेगावाट)	सम्पन्न हुने वर्ष वि.सं.	क्षेत्र
मझौला आयोजनाहरु :			
नवौं योजनाकालमा सम्पन्न हुने :			
१. इन्द्रावती-तेस्रो	५	२०५८	निजी
२. पुवा खोला सार्वजनिक	६	२०५६	
३. मोदी खोला सार्वजनिक	१४	२०५८	
४. चिलिमे	२०	२०५८	निजी
५. माथिल्लो भोटेकोशी	३६	२०५७	निजी
६. खिम्ती-१	६०	२०५६	निजी
७. काली-गण्डकी "ए" सार्वजनिक	१४४	२०५८	
८. टनकपूर	८	२०५७	सार्वजनिक
जम्मा	२९३		
नवौ योजनाकालमा शुरु भई चालु रहने : (आन्तरिक आपूर्ति एवं निर्यातका लागि)			
१. कुलेखानी - ३	१४	चालु रहने	
२. खिम्ती-२	२७	,,	
३. लिखु - ४	४४	,,	
४. मध्य मर्स्याङदी	६१	,,	
५. मध्य भोटेकोशी	१२०	,,	
६. माथिल्लो कर्णाली	३००	,,	
७. अरुण - ३	४०२	,,	
८. पश्चिम सेती	७५०	,,	
जम्मा	१७१८		

साना आयोजनाहरु :	क्षमता (किलोवाट)	सम्पन्न हुने वर्ष वि.सं.	क्षेत्र
१. कालीकोट सार्वजनिक	५००	२०५६	
२. डोल्पा सार्वजनिक	१६०	२०५५	
३. दैलेख सार्वजनिक	३००	-	
४. लोमान्थाङ सार्वजनिक	६५	-	
५. खोटाङ सार्वजनिक	२,३००	-	
६. गमगढी सार्वजनिक	२००	-	
७. हेल्दुंग सार्वजनिक	२५०	-	
जम्मा	३,७७५		

तालिका - १०
विद्युत् प्रसारण कार्यक्रम

	आयोजना		लम्बाइ (किलोमीटर)	सम्पन्न हुने वर्ष	क्षेत्र
	२२० के.भी. :				
१.	हेटौंडा-दुम्कीबास सार्वजनिक		१४०	२०५९	
	१३२ के.भी. :				
१.	कुशाहा-ढल्केबर सार्वजनिक		१२०	२०५६	
२.	ढल्केबर-हेटौंडा सार्वजनिक		१३७	२०५८	
३.	दुम्कीबास-बुटवल सार्वजनिक		४३	२०५८	
४.	खिम्ती-भक्तपुर-बालाजु सार्वजनिक		४७	२०५६	
५.	मोदी-पोखरा सार्वजनिक		४०	२०५७	
६.	काली गण्डकी"ए"- पोखरा सार्वजनिक		५८	२०५८	
७.	काली गण्डकी "ए"-बुटवल सार्वजनिक		४८	२०५८	
८.	पोखरा-मर्स्याङदी सार्वजनिक		८५	२०५८	
९.	भक्तपुर-स्युचाटार सार्वजनिक		२०	२०५८	
१०.	पथलैया-परवानीपुर सार्वजनिक		१५	२०५६	
११.	ढल्केबर-सितामढी (.भारत) सार्वजनिक		३०	२०५८	
१२.	बुटवल - सुनौली (भारत) सार्वजनिक		३०	२०५८	
१३.	महेन्द्रनगर-टनकपुर (भारत) सार्वजनिक		११	२०५८	
१४	भोटेकोशी-सुनकोशी निजी		२५	२०५७	
१५.	खिम्ती - ढल्केवर सार्वजनिक		८०	२०५८	
१६.	मध्य मर्स्याङदी - डुम्रे सार्वजनिक		२५	२०५८	
		जम्मा	८१४		
	६६ के.भी. :				
१.	चिलिमे-त्रिशुली-देवीघाट सार्वजनिक		३९	२०५७	
२.	इन्द्रावती-पाँचखाल निजी		३१	२०५८	
		जम्मा	७०		
		कुल जम्मा	१०२४		

तालिका ११
विद्युत् वितरण तथा ग्रामीण विद्युतिकरण

विवरण	खर्च (रु. लाखमा)	लाभान्वित जिल्ला	निर्माण	ग्राहक संख्या	लाभान्वित जनसंख्या
१. विद्युत विकास आयोजना	२,९५,७५	२१*	३३/११ के.भी-१००० कि.मी. ४०० भोल्ट- १७०० कि.मी.	६८,३००	४,१२,०००
२. ग्रामीण विद्युतिकरण सुदृढिकरण आयोजना	३,२५,००	२१**	३३/११ के.भी-११५० कि.मी. ४०० भोल्ट- १८०० कि.मी.	७५,१००	४,५२,०००
३. अन्य ग्रामीण विद्युतिकरण	७६,००	सबै जिल्ला	३३/११ के.भी- ३८० कि.मी. ४०० भोल्ट- ८२० कि.मी.	१७,६००	१,०८,०००
४. ने.वि.प्रा. बाट विद्युत उत्पादन बापत लगानी	१२,००	१३***	३३/११ के.भी- १२० कि.मी. ४०० भोल्ट- ३६० कि.मी.	२,८००	१८,०००
५. सातौ विद्युत आयोजना	६६,९२	२५****	३३/११ के.भी- १९९३ कि.मी. ४०० भोल्ट- १३११ कि.मी.	१५,५००	९४,०००
६. देवीघाट- धादिङ्ग आयोजना	३,७५	धादिङ्ग	३३/११ के.भी- ३० कि.मी. ४०० भोल्ट- ३६ कि.मी.	८००	६,०००
७. सिंधुवा- खांदवारी आयोजना	३,८८	भोजपुर संखुवासभा	३३/११ के.भी- ३२ कि.मी. ४०० भोल्ट- ४० कि.मी.	९००	७,०००

* दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, अछाम, दैलेख, सुर्खेत, बर्दिया, बांके, सल्यान, रोल्पा, दाङ, प्यूठान, कैलाली, कंचनपुर, बाग्लुङ्ग, पर्वत, स्याङजा, ललितपुर, भक्तपुर, काभ्रे ।

** इलाम, पांचथर, तेह्थुम, संखुवासभा, धनकुटा, सप्तरी, उदयपुर, सिन्धुली, खोटाङ, झापा, मोरङ्ग, सुनसरी, रामेछाप, बारा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा, चितवन, पर्वत ।

*** काठमाण्डौ, नुवाकोट, सिन्धुपाल्चोक, मकवानपुर, गोर्खा, तनहुं, परासी, स्याङजा, धनकुटा, सुर्खेत, पर्वत, रसुवा, ईलाम ।

**** इलाम, झापा, सुन्सरी, सिराहा, सर्लाही, रौतहट, चितवन, परासी, गुल्मी, अर्घाखांची, मोरङ्ग, उदयपुर, धनुषा, महोत्तरी, बारा, पर्सा, धादिङ्ग, नुवाकोट, तनहुं, पाल्पा, कपिलवस्तु, सुर्खेत, रुपन्देही, बांके, सिन्धुपाल्चोक ।

१२.२ सिँचाइ

१. पृष्ठभूमि :

कृषकहरुको सर्वाङ्गीण समुन्नति तथा राष्ट्रिय कृषि उत्पादन वृद्धिको लागि सिँचाइको भुमिका महत्वपुर्ण हुने कुरा आवधिक योजनाकालको सुरुदेखि नै पहिचान गरिएको हो । त्यसैले सिँचाइ क्षेत्रमा विगत चालीस वर्षदेखि ठुलो लगानी हुदैआएको छ । लगानीको तरिका हेर्दा हाम्रा धेरै जसो पुर्वप्रयासहरु वर्षायाममा उपयुक्त हुने पुरक सिँचाइ विस्तारमा विशेष केन्द्रित रहेको देखिन्छ । हालसम्म विकसित पुर्वाधारहरुले कुल विकास भएको सिंचित क्षेत्रको ३७ प्रतिशत क्षेत्रमा मात्र वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउन सक्षम रहेको कुराले यसलाई पुष्टि गरेको पाइन्छ । बढदो जनसंख्याको चाप तथा बाली विविधीकरणका लागि हाल देखा परेको कृषकहरुको चाखलाई समेत दृष्टिगत गर्दा वर्षैभर सिँचाइ सुविधा पुऱ्याउनसक्ने खालको प्रविधिको क्रमिक रुपमा विकास गर्दैलग्न र उपलब्ध संरचनाहरुको अधिकतम उपयोग गर्ने तर्फजोड दिन आवश्यक भएको छ ।

एकातर्फ समग्र जलस्रोत क्षेत्रको दीघकालीन विकास रणनीति अनुरुप सिँचाइ विकासको क्रियाकलापहरुलाई आवद्द गर्न आवश्यक भैसकेको छ भने अर्कोतर्फ कम खर्चिलो तथा छिटो सम्पन्न हुने, उपभोक्ताहरु आफैले संचालन गर्नसक्ने आयोजनाहरुको कार्यान्वयन गरी कृषि उत्पादनमा शिघ्रातिशिघ वृद्वि ल्याउन जोड दिनुपरेको छ । यसलाई परिपुर्ति गर्न तराईमा उपलब्ध भुमिगत जलस्रोतको उपयोगवाट छोटो अवधिमा कम लागतमा सम्पन्न हुने एवं किसानहरुको आफ्नै नियन्त्रणमा रहने ट्युववेल सिँचाइ कार्यक्रमलाई प्राथमिकता दिई परिचालन गर्नुपरेको छ ।

सिँचाइ विकास आयोजनाहरुबाट अधिकतम लाभ प्राप्त गर्न कृषि सम्वध सवै कार्यक्रमहरु एकीकृत रुपमा जल उपभोक्ता संघ मार्फत समन्वय कायम गर्ने गरी संञ्चालन हुन जरुरी छ । सिँचाइ प्रणालीहरुको पहिचान, सम्भाव्यता अध्ययन, छनौट र कार्यान्वयनमा कृषकहरुको सहभागिता जुटाएर सिँचाइ प्रणालीको सञ्चालन र व्यवस्थापनको जिम्मा क्रमिक रुपमा उपभोक्ता कृषकहरुलाई दिदै जाने नीतिलाई सशक्त रुपमा अधि बढाउन आवश्यक छ । यस्को सफलताको लागि व्यापक जनशक्ति विकासका कार्यक्रमहरु हुनु पर्दछ ।

देशमा खेती भैरहेको जमिन २६,४१,००० हे. रहेकोमा हाल खेती भैरहेको सिँचाइ योग्य जमिन १७,६६,००० हे. मात्र रहेको तथ्यांकबाट देखिन्छ । आठौं योजनाको प्रारम्भसम्ममा ६,०३,९४० हेक्टर क्षेत्रमा सिँचाइको पुर्वाधार विकास भएको देखिएता पनि कतिपय आयोजनाहरु बाढी, पहिरो आदिवाट क्षति हुनगइ पुनः निर्माण गरिंदा दोहोरो तथ्यांक समावेश हुनाका साथै जडान गरिएका सम्पुर्ण स्यालो ट्युववेलहरुबाट सिँचाइ उपलब्ध भइरहेको अनुमानको आधारमा सो सिँचाइ तथ्यांक समावेश भएको पाइएको छ । यसरी विगतमा सिँचाइ विकास भएको दोहोरो क्षेत्र र हाल सिँचाइ दिननसक्ने गरी विग्रिएको स्यालो ट्युववेलवाट हुने सिँचाइ लाई कटाउँदा हालको विद्यमान स्थितिअनुसार विभिन्न सतह सिँचाइ आयोजना तथा भुमिगत जल सिँचाइ आयोजनावाट गरी कुल ४,६७,४०२ हेक्टर क्षेत्रमा सिँचाइको पुर्वाधार विकास भएको देखिन्छ । सातौं योजनाको अन्त्यसम्म सिँचाइको पुर्वाधार विकास भएको क्षेत्र तालिका १ मा दिइएको छ ।

तालिका नं. १
सातौ योजनासम्म सिँचाइको पुर्वाधार विकास भएको क्षेत्र (हेक्टरमा)

१.	सिँचाइ विभाग	३,९५,८५७
क	सतह सिँचाइ	(३,४६,४४४)
ख	भूमिगत सिँचाइ	४९,४१३)
२	कृषि विकास बैंक	७१,५४५
क	सतह सिँचाइ	(११,८६०)
ख	भूमिगत सिँचाइ	५९,६८५)
ग	कृषि विकास बैंकको अन्य कार्यक्रम	१९,२८९
घ	कृषि विकास बैंकको लिफ्ट पम्प	५,७७७
ङ	कृषकहरुवाट निर्मित ट्युववेल	२४,९०९
	जम्मा	४,६७,४०२
३	कृषकहरुद्धारा विकसित सिँचाइ क्षेत्र	३,८१,८१४
क	सतह सिँचाइ	(३,५७,०९८)
ख	भूमिगत सिँचाइ	(२४,७१६)
	कुल जम्मा	८,४९,२१६

नोटः- कृषकहरुद्धारा विकसित सिंचाइको तथ्यांक जल तथा शक्ति आयोगबाट तयार गरिएको जिल्ला पार्श्व पृष्ठ (district profile) बाट लिइएको छ जसमा सतह सिँचाइ प्रणालीहरुको सुधार गरिएको तथ्यांकलाई हटाई वांकी क्षेत्र मात्र देखाइएको छ । माथि उल्लेखित १ (क) को तथ्यांक विवरणमा स्थानीय विकास मन्त्रालय, कृषि मन्त्रालय अन्तर्गत निर्माण भएका सिँचाइ आयोजनाको तथ्यांक समावेश भएको छ भने १ (ख)को विवरणमा जनकपुर कृषि विकास आयोजना अन्तर्गत ट्युववेलवाट उपलब्ध भएको सिँचाइको तथ्यांक समेत समावेश भएको छ ।

२. आठौं योजनाको समीक्षा :

भैतिक लक्ष्य तथा प्रगति

आठौ योजनाअवधिमा विभिन्न नयाँ तथा निर्माणाधीन सिँचाइ आयोजनाहरुबाट कुल २,९३,८९५ हेक्टर क्षेत्रमा थप सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको थियो । उक्त लक्ष्यमध्ये सिँचाइ विभाग अन्तर्गत संचालित सतह सिँचाइवाट १,४४,०४२ हेक्टर र भुमिगत सिँचाइबाट १७,०९० हेक्टर गरी जम्मा १,६१,१३२ हेक्टर क्षेत्रमा र कृषि विकास वैंक मार्फत सतह सिँचाइबाट ४९,००० हेक्टर र

भूमिगतवाट ७०,७०० हे. गरी जम्मा १,१९,७०० हे. क्षेत्रमा र यसको अलावा विभिन्न गैरसरकारी क्षेत्र अन्तर्गतका आयोजना निर्माण गरी १३,०६३ हे. मा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको थियो ।

उक्त लक्ष्यमध्ये तालिका नं. २ बमोजिम थप सिँचाइ क्षेत्रका पुर्वाधारहरु विकास गरी सिँचाइ सुविधा उपलब्ध भएको छ ।

तालिका नं. २
आठौं योजनाको भौतिक लक्ष्य तथा प्रगति (हेक्टरमा)*

		लक्ष्य	प्रगति
(क)	सिँचाइ विभाग	१,६१,१३२	१,३८,२४५
१.	सतह सिँचाइ	(१,४४,०४२)	(१३०,४८४)
२	भूमिगत सिँचाइ	(१७,०९०)	(७,७६१)
ख	कृषि विकास बैंक	१,१९,७००	७६०९८
१.	सतह सिँचाइ	(४९,०००)	(१५,६९४)
२.	भूमिगत सिँचाइ	(७०,७००)	(५२,४६२)
३.	अन्य विभिन्न कार्यक्रम		७,९४२
४.	लिफ्ट पम्प		२२,७२७
ग	गैर सरकारी क्षेत्र	१३,०६३	
	कुल जम्मा	२,९३,८९५	२,०६,४०१

आठौं योजना अवधिमा सिँचाइ विभागबाट पुर्वाधार विकास भएको सतह सिँचाइ क्षेत्र १,३०,४८४ हे. मध्ये ९३,८५३ हे. क्षेत्रमा कृषक प्रणालीहरुको सुधार गरिएको छ भने कृषि विकास बैंक अन्तर्गत पुर्वाधार विकास भएको सतह सिँचाइको क्षेत्र १५,६९४ हे. मध्ये ११,०९३ क्षेत्रमा कृषक प्रणालीहरुको सुधार गरी व्यवस्थित रुपमा सिँचाइ पुऱ्याइएको छ । बाँकी क्षेत्रमा मात्र नयां सिँचाइ आयोजनाहरु निर्माण गरी थप सिँचाइको पुर्वाधार तयार गरिएको छ ।

वित्तीय लक्ष्य तथा प्रगति

आठौ योजना अवधिमा सिँचाइ आयोजना कार्यान्वयन र सिँचाइ सम्बन्धित अन्य विकास कार्यको लागि रु. ११,९६,६० लाख खर्च हुने अनुमान गरिएकोमा सिँचाइ विभाग अन्तर्गत विभिन्न कार्यक्रममा रु. १२,२०,९७.०५ लाख खर्च भएको छ । यस्तै कृषि विकास बैंक अन्तर्गत संचालित विभिन्न कार्यक्रममा रु. १,००,४०.८८ लाख खर्चभइ कुल रु. १३,२१,३७.९३ लाख खर्च भएको देखिन्छ ।

आठौं योजनाको अन्त्यसम्ममा सिँचाई विकास भएको हालको स्थिति तालिका नं .३ मा देखाइएको छ ।

तालिका नं. ३

आठौं योजनाको अन्त्यसम्मको स्थिति (हेक्टरमा) *

		सातौं योजनाको अन्त्यसम्मको स्थिति	आठौं योजनाको प्रगति	आठौं योजनाको अन्त्य सम्मको स्थिति
१.	सिँचाइ विभाग	३,९५,८५७	१,३८,२४५	५,३४,१०२
क	सतह सिँचाइ	(३,४६,४४४)	१,३०,४८४)	(४,७६,९२८)
ख	भूमिगत सिँचाइ	(४९,४१३)	(७,७६१)	(५७,१७४)
२	कृषि विकास बैंक	७१,५४५	६८,१५६	१,३९,७०१
क	सतह सिँचाइ	(११,८६०)	(१५,६९४)	(२७,५५४)
ख	भूमिगत सिँचाइ	(५९,६८५)	(५२,४६२)	(१,१२,१४७)
ग	अन्य विभिन्न कार्यक्रम	१९२८९	७,९४२	२७,२३१
घ	लिफ्ट पम्प कार्यक्रम	५,७७७	२२,७२७	२८,५०४
	जम्मा	४,६७,४०२	२,०६,४०१	६,७३,८०३
३	कृषकहरुद्धारा विकसित सिँचाइ क्षेत्र	३,८१,८१४		३,८१,८१४
१	सतह	(३,५७,०९८)		(३,५७,०९८)
२	भूमिगत	(२४,७१६)		(२४,७१६)
	कुल जम्मा	८,४९,२१६	२,०६,४०१	१०,५५,६१७

विद्यमान समस्याहरु

सिँचाई क्षेत्रमा विद्यमान समस्याहरु निम्न अनुसार छन् :

- निर्मित सिँचाइ आयोजनाहरुमा मरम्मत संभार, संचालन र व्यवस्थापन कार्यमा कमी कमजोरीको कारणले सिँचाइ सेवा भरपर्दो हुन नसकेको ।
- सतह र भुमिगत जलसिँचाइ आयोजनाबाट लक्षित कमाण्ड क्षेत्रमा सिँचाइ सेवा नपुग्नमा जलउपयोग क्षमता (water utilization efficiency) अपेक्षाकृत कम हुनु ।
- सिँचाइ आयोजनाको तर्जुमा, डिजाईन र निर्माण गुणस्तरमा कमी कमजोरीको कारणले सिँचाइ आयोजनाहरुबाट अपेक्षित लाभ प्राप्त नहुनु ।
- सिँचाइ हुने भुमि स-सानो टुक्रामा विभाजित र विभिन्न स्वामित्वमा रहेको हुनाले सिँचाइ व्यवस्थापनमा कठिनाइ हुनु ।
- सिँचाइ आयोजनाको निर्माण लागत खर्चमा वृद्धि हुनु ।
- अन्तराट्रिय सन्धि/सम्झौतामा उल्लेखित दफा अनुसार नेपालले पाउनुपर्ने सिँचाइ सम्बन्धी फाइदा प्राप्त नहुनु ।
- मझौला र ठुला नदीमा निर्मित सिँचाइ आयोजनामा वैदेशिक आर्थिक स्रोत प्राप्त नहुनु ।
- नदीको जलाधार क्षेत्र र भुमिगत जलस्रँतको पुनरजलीय क्षेत्र (recharge zone) मा जंगल विनाश deforestation को कारणले पहाडी क्षेत्रमा पहिरो, तराई क्षेत्रमा बाढीको प्रकोप र भुमिगत जलस्रोतको भण्डारमा प्रतिकुल प्रभाव पर्नु ।
- ट्रान्सवेशीन र ठुला बहुउद्देश्यीय आयोजनाहरुको सम्भाव्यता अध्ययनको लागि वैदैशिक आर्थिक स्रोत उपलब्ध नहुनु ।
- सिँचाइ आयोजनाहरुको तर्जुमाको लागि जल तथा मौसमसम्बन्धी तथ्यांक आवश्यक मात्रामा उपलब्ध नहुनु ।
- सिँचाइ विभागको तालिम कार्यक्रमका लागि केन्द्रदेखि क्षेत्र एवं जिल्ला/आयोजनास्तरसम्म संगठनको कमी हुनाले प्रविधि, स्रोत, साधन र जनशक्तिको सही उपयोगमा कमी हुनु ।

३. दीर्घकालीन अवधारणा :

हरितक्रान्ति ल्याउने प्रयोजनका लागि जोखिम कम हुने र बढी उत्पादन हुने कृषि बालीका जातहरुको खेती गर्ने प्रचलन ल्याउन कृषकहरुको पुर्ण नियन्त्रणमा रहने किसिमका सिँचाइको उचित व्यवस्था हुनु आवश्यक देखिएको सन्दर्भमा उत्पादन वृद्धिको लागि यस किसिमको सिँचाइ सुविधालाई एक आवश्यक पुर्वाधारको रुपमा लिन सकिन्छ । उत्पादन वृद्धिको लागि खेती गर्ने जमिन थप गर्ने सम्भावना नरहेको वर्तमान सन्दर्भमा वर्षैभरी नियन्त्रित र यथेष्ट सिँचाइ सुविधा उपलब्ध गराएर प्रति वर्ष प्रति एकाई (चक्ला) जमिनमा बढी वालीहरु लगाउनु द्रुततर कृषि उत्पादन वृद्धि गर्ने एक मात्र भरपर्दो र सजिलो उपाय हुनसक्दछ । अतः लाभप्रद खेतीपातीको लागि वर्षैभरी सिँचाइ हुने सुव्यवस्थित जलप्रवाह एक अनिवार्य आवश्यक प्रावधान हुनपुग्छ । नेपालको हालको परिप्रेक्ष्यमा कृषि आय अभिवृद्धि गराउन वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराई सघन बाली विकास गरी बाली सघनता बढाउन कृषकहरुलाई प्रोत्साहित गरिनेछ । कृषकहरुवाट निर्माण भै संचालनमा रहेका प्रणालीहरुको सुदृढीकरण गरी त्यस्ता योजनाहरुको क्षमतामा वृद्धि गरिनेछ ।

दीर्घकालीन कृषि योजनाको अवधारणाअनुसार कृषकद्धारा नियन्त्रण गर्नसकिने र वर्षैभर सिँचाइ हुने जमिनको क्षेत्रफलमा वृद्धि गरिनेछ ।

कृषि उत्पादन तथा कृषकहरुको आय बृद्धि गर्न तराईमा उपलब्ध भुमिगत जलस्रोतको उपयोग गरी वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने नीति राखिएको छ। भुमिगत जलस्रोत कार्यक्रम संचालन गर्दा व्लक (cluster) मा ट्युबवेलहरु विकास गरिने र ग्रामीण विद्युतीकरणलाई ट्युबवेलको ब्लक (cluster) संग आवद्ध गरिनेछ।

कृषक महिलाहरुलाई प्रोत्साहित गरी उनीहरुलाई जलउपयोग समुह गर्न गर्दा प्राथमिकता दिइनेछ। साथै उनीहरुलाई सिँचाइ र जलाधार क्षेत्र व्यवस्थापनमा तालिम दिइ महिला सहभागितालाई प्रोत्साहित गरिनेछ।

जलस्रोतको गुणस्तरलाई सन्तोषजनक स्तरमा कायम राख्ने प्रयास गरिने छ।

नदीमा मौसमी कारणले सिँचाइको पानी अपर्याप्त भएमा माग र आपुर्तिअनुसार पानीको व्यवस्थापन गर्न र पानीको संरक्षण (water conservation) गर्न उपभोक्ता समुहलाई प्रोत्साहन गर्ने तरिका (Incentive Mechanism) बाट व्यवस्था मिलाइने छ।

वैज्ञानिक आधारमा सिँचाइ शुल्क निर्धारण र असुल गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ। सिँचाइको विकास गर्दा स्थानीय नेतृत्व र सहभागितालाई संलग्न गर्नेगरी कार्यक्रम बनाइनेछ।

२० वर्षे दीर्घकालीन योजनाको लक्ष्य अनुसार सतह सिँचाइअन्तर्गत नयाँ योजनाहरुबाट थप १७ हजार हे. क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराइनेछ भने कृषक कुलोहरुको नवीकरण सुधारबाट थप १ लाख ५५ हजार क्षेत्रमा गरी कुल १ लाख ७२ हजार हे. क्षेत्रमा वर्षभरी थप सिँचाइ सुविधा पुऱ्याउने गरी कार्यक्रम संचालन गरिने छ। भुमिगत जल सिँचाइबाट थप ४ लाख ७१ हजार हे. क्षेत्रमा वर्षभरि सिँचाइ सुविधा पुऱ्याउने कार्यक्रम छ। उक्त लक्ष्य अनुसार बाह्रौ योजनाको अन्त सम्ममा थप जम्मा ६ लाख ४३ हजार हे. क्षेत्रमा वर्षभर सिँचाइ सुविधा पुऱ्याइनेछ।

४. नवौं योजनाको उद्देश्य

- मौसमी वर्षामा निर्भर रहेको कृषि प्रणालीमा सुधार गर्न बालीको आवश्यकताअनुसार सिँचाइ उपलब्ध गराई कृषि उत्पादनको वृद्धिमा सघाउ पुऱ्याउने।
- सतह र भुमिगत आयोजनाहरुको पानी उपयोग क्षमता (water utilization efficency) मा वृद्धि गर्ने।
- सिँचाइ आयोजनाहरुको मरम्मत संभार, संचालनमा सरकारको लगानी घटाउन उपभोक्ता कृषकहरुलाई सो कार्यमा संलग्न गराउन आयोजनाहरु हस्तान्तरण गर्दैजाने।

५. नीति / कार्यनीति

भुमिगत सिँचाइ विकास

- दीर्घकालीन कृषि योजनाको अवधारणाअनुसार तराईमा उपलब्ध भुमिगत जलस्रोतको उपयोगबाट छोटो अवधिमा कम लागतमा सम्पन्न हुने तथा किसानको आफनै नियन्त्रणमा रहने टयुववेल सिँचाइ कार्यक्रमलाई प्राथमिकता दिई परिचालन गरिनेछ। टयुववेल कार्यक्रमको संचालन गर्दा ब्लक (cluster) मा आधारित गरी कृषिसडक र ग्रामीण विद्युतीकरणलाई पनि सोसंग आबद्ध गरिने

छ । टयुववेलबाट नियन्त्रित रुपमा वर्षभरी नै पानी उपलव्ध हुने भएकोले टयुववेल सिँचाइ क्षेत्रमा खाद्यान्न बालीको साथै नगदेवालीको पनि विकास गरिनेछ ।

- ऋण उपलब्ध गराई संचालन गरिने स्यालो टयुववेल, डगवेल, स्प्रींकलर, ड्रीप तथा टैंकरपोखरी कार्यक्रममा क्रमिक रुपमा श्री ५ को सरकारको अनुदानको रकम घटाउदै लगिने छ । स्यालो ट्युववेल निर्माण हुने क्षेत्रमा कृषकहरुको समुह गठन गरी ऋण दिने र अन्य प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ । यसमा गैरसरकारी र सामुदायिक संघ संस्थाहरुलाई समेत संलग्न गराइनेछ ।
- उपर्युक्त कार्यक्रमको प्राविधिक पक्षमा सघाउ पुऱ्याउन सिँचाइ विभागले उपयुक्त ड्रिलिंग प्रविधि पहिचान गरिदिने र ड्रीलर एवं कृषकहरुलाई तालिमको व्यवस्था मिलाउनुको साथै ट्युववेल निर्माण सम्वन्धी समुहगत तथा अन्यरुपमा संचालन गरिने सम्पुर्ण कार्यको अगुवाई सिँचाइ विभागले गर्नेछ । यस कार्यक्रमको अनुगमन सिँचाइ विभाग, कृषि विभाग र ऋण प्रवाह गर्ने बैंकले समन्वयात्मक रुपमा गर्नेछ ।
- तराई क्षेत्रमा हाल विद्यमान सिँचाइ आयोजनाहरु तथा नयाँ निर्माण गरिने आयोजनाहरुमा सतह सिँचाइ स्रोत अपर्याप्त भएको क्षेत्रमा ट्युववेलहरु जडान गरी सतह र भुमिगत जलस्रोतलाई एक अर्काको परिपुरकको रुपमा उपयोग गरिनेछ ।

सतह सिँचाइ विकास :

- कृषक उपभोक्ताहरुको मागको आधारमा उनीहरुको समेत सहभागिता उपलब्ध गराई साना तथा मझौला सिँचाइ आयोजनाहरुको अध्ययन गरी निर्माण गरिनेछ । निर्माण पुरा भएपछि त्यस्ता आयोजनाहरु उपभोक्ता समुहहरुले नै मर्मत संभार तथा संचालन गर्ने छन् ।
- कृषकहरुद्धारा निर्माण भएका सिँचाइ योजनाहरुको मर्मत संभारको कमीले उपयोगमा आउन नसकेका प्रणालीहरुको नवीकरण सुधार गर्ने कार्य कृषक उपभोक्ताहरुको मागको आधारमा उनीहरुको समेत सहभागिता गराइनेछ ।
- नेपाल सिँचाइ सेक्टर तथा दोस्रो सिँचाइ सेक्टर कार्यक्रमअन्तर्गत साना तथा मझौला सिँचाइ योजना सञ्चालन गरिंदा पहाडी भेगका योजनाहरुलाई विशेष प्राथमिकता दिइनेछ । यी कार्यक्रमहरु एक निश्चित प्रक्रियाको आधारमा आयोजनाहरु सञ्चालन गरिनेछन् ।

- नदीघाटीको समष्टिगत विकासको सिद्धान्त (holistic river basin approach) का आधारमा जलस्रोतको सर्वाङ्गीण विकासमा जोड दिइनेछ । यस आधारमा वर्षभरी र दिगोरुपमा सिँचाइ सुविधा उपलब्ध गराउन चालु ठूला बहुउद्देश्यीय जलस्रोत आयोजना र सिँचाइका ठुला जलाशययुक्त आयोजनाहरुको कार्यान्वयन गर्दै लगिनेछ । बहुउद्देश्यीय आयोजनाहरुमा सिँचाइ, विद्युत् उत्पादन, बाढी नियन्त्रण, जलयातायात तथा अन्य उपयोग सम्भाव्यताको आधारमा समावेश गरिनेछन् । यसरी गरिने वृहत सिँचाइ अयोजनाहरुमा स्थानीय उपभोक्ताहरुको सहभागिता समेत सिँचाइ नीति २०४९ (संसोधित २०५३) अनुसार लिइनेछ ।
- सरकारी व्यवस्थापनमा रहेका सिँचाइ प्रणालीहरुको क्षमताको अधिकतम उपयोग गरिनेछ । यसका लागि प्रणालीको नवीकरण एवं आधुनिकीकरणका साथै ससाना कुलाहरुको निर्माणमा जोड दिइनेछ । उपभोक्ता कृषकहरुलाई सिँचाइ नीति अनुसार उपभोक्ता समुहमा संगठित गराई पानी वितरण प्रणालीमा नियमितता ल्याउन निर्णायक भुमिका दिइनेछ ।
- वर्षाको पानी संचय गर्ने प्रविधि (water harvesting technique) परीक्षणको रुपमा प्रयोग गरिने छ । सतह तथा भुमिगत जलस्रोत उपलब्ध नहुने क्षेत्रमा वर्षाको पानी संचय गरी त्यसबाट सिँचाइ सुविधा उपलब्ध गराइनेछ । यस कार्यक्रम सुरुमा सानो क्षेत्रको लागि मात्र संचालन गरिनेछ ।

- पहाडी एवं दुर्गम क्षेत्रको नगदेवाली विकास गरिने ठाउँहरुमा स्प्रिंक्लर तथा ड्रिप सिँचाई थोपा (sprinkler, drip) जस्ता प्रविधिवाट सिँचाइ सुविधा उपलब्ध गर्न ऋण प्रवाहगर्ने वैंकले अध्ययन गरी आयोजना कार्यन्वयन गरिनेछ ।
- सरकारी व्यवस्थापनमा रहेका साना तथा मझौला सिँचाइ प्रणालीहरुलाई नवीकरण/सुधार गरी उपभोक्ता समुहहरुलाई हस्तान्तरण गरिँदै लगिनेछ । यसका लागि उपभोक्ता समुहहरुलाई आवश्यक तालीम दिई उनीहरुको क्षमता वृद्धि गरिनेछ । यस्तै ठुला सिँचाइ प्रणालीहरुमा उपभोक्ता समुहहरुलाई संलग्न गराई संयुक्तरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- सिँचाइ आयोजनाहरुको तर्जुमा, निर्माण, तथा मर्मत संभारमा पनि उपभोक्ता किसानहरुको सहभागिता बढाउँदै लगिने छ । सिँचाइ आयोजनाहरुको छनौट तथा कार्यान्वयन गर्दा बढी जनसहभागिता जुट्ने, कम खर्चिलो र बढी फाइदा हुने आयोजनाहरुलाई प्राथमिकता दिइनेछ । साथै सिँचाइ क्षेत्रमा महिलाहरुलाई प्रशिक्षण दिई उनीहरुको सिँचाइ व्यवस्थापन कार्यक्षमतामा वृद्धि गरिनेछ । निजहरुको कार्यक्षमतालाई जलाधार क्षेत्रको भु तथा जल व्यवस्थापन र योजना संचालन काममा प्रयोग गरिनेछ ।
- सिँचाइ योजनामा दिगोपना कायम राख्न सम्वद्ध पर्यावरण, प्राविधिक, आर्थिक र सामाजिक पक्षको निरन्तर अनुगमन अनिवार्य गरिने छ । यसका लागि आवश्यक तथ्यांक संकलन गरी समग्र सुचना प्रणाली (comprehensive information system) को विकास गरिनेछ ।

सिँचाइ सेवा शुल्क संकलन :

सिँचाइ सेवाशुल्क उठाउने व्यवस्थामा आवश्यक सुधार गरी शुल्क असुलीमा जोड दिइने छ । उपभोक्तालाई सिँचाइका लागि उपलब्ध प्रतियुनिट पानीको वास्तविक मोल (opportunity cost of water) र पानी पनि एउटा आर्थिक साधन (economic goods) हो भन्ने विषयमा जानकारी गराइनेछ । पानीको उपयोगलाई (rational) समुचित तरिकाबाट उपयोग गर्नमा उपभोक्तालाई प्रोत्साहित गरिनेछ । सिँचाइ सेवालाई दिगो र भरपर्दो गर्नको लागि आवश्यक पर्ने सालवसाली मरमत, सम्भार र संचालन खर्च सिँचाइ सेवा शुल्कको रुपमा उपभोक्ताहरुबाट तिर्नुपर्ने कुराको महत्व बारे पनि जानकारी गराइनेछ ।

श्री ५ को सरकार र उपभोक्ता समुहको संयुक्त व्यवस्थापनमा रहेका सिँचाइ आयोजनाको सिँचाइ सुविधा पुगेको क्षेत्रमा सिँचाइ सेवाशुल्क उठाउने कामको जिम्मा प्रचलित सिँचाइ नीतिअनुसार जल उपभोक्ता समूहलाई दिइनेछ ।

विभिन्न बालीका लागि आवश्यक पानीको माग बारे सिँचाइ विभाग र कृषि विभागका स्थानीय निकाय तथा जलउपभोक्ता समुहबाट आपसी छलफलको आधारमा निर्धारण गराइनेछ । सिँचाइ विभागको सम्बन्धित निकायले जल उपभोक्ता समुहसंग भएको संझौताअनुरुप व्लकको मुहानमा पानी उपलब्ध गराउने छ । व्लकभित्र पानी वितरणगर्ने जिम्मेवारी जल उपभोक्ता समुहलाइ दिइनेछ। सिँचाइ प्रणालीको मुहान र व्लकको मुहानमा जल मापन गरिनेछ । ब्लकभित्रको सिँचाइ शुल्क उठाउने जिम्मेवारी उपभोक्ता समुहको हुने छ । यस सिँचाइ शुल्कवाट प्रचलित सिँचाइ नीतिअनुसार उपभोक्ता समुहले आफ्नो भाग पाउनेछ । आफ्नो जिम्मामा वुझिलिएका नहर प्रणालीको संभार र संचालन गर्ने काम उपभोक्ता समूहहरुलाई नै दिइनेछ ।

जल उपभोक्तासमुहले जिम्मा लिएको नहर प्रणालीमा प्राप्त हुने पानीको न्यायोचित वितरणको (equitable distribution) व्यवस्थापन प्रत्येक उपभोक्ता समुह आफैले गर्नेछ । जल उपभोक्तासमुहको कार्यदक्षता बढाउनको लागि सो समुहले सिफारिस गरेका व्यक्तिहरुलाई सिँचाइ विभागले सिँचाइको पानी मापन तथा समुचित वितरण र माग व्यवस्थापन, सिंचित क्षेत्रको नक्सा तैयार गर्ने, लाभान्वित किसानहरुको लगत आवधिक पार्ने र सिंचित क्षेत्रको लगत तयार गर्ने, सेयर प्रणालीको विकास गर्ने

आदि विविध विषयमा प्रशिक्षण दिइ जल उपभोक्तासमुहको क्षमता वृद्धि गरिनेछ । सो नभएसम्म आवश्यक दक्षजनशक्ति सिँचाइ विभागले उपभोक्ता समहुलाई उपलव्ध गराउने छ ।

सिँचाइ उपभोक्ता समुहलाई नीति निर्धारण, निर्णय प्रक्रिया, योजना संचालन, व्यवस्थापन, अनुगमन र पृष्ठपोषण (feed back) मा सहभागी गराइनेछ । उपभोक्तासमुहलाई उनीहरुको हक हित संरक्षणको लागि जिल्ला तथा राष्ट्रियस्तरमा संघ स्थापना गर्नमा प्रोत्साहित गरिनेछ ।

लागत घटाउने व्यवस्था :

सिँचाइ विभागले तैयार गरेको डिजाइन पुस्तिका (design manual) तथा श्री ५ को सरकारले स्वीकृत गरेको मापदण्डमा पुनरावलोकन गरी आयोजनाको आकार, प्रकार र अनुभवका आधारमा सुधार, परिमार्जन गरिनेछ ।

तथ्यांकको अभावको कारणले पनि योजनाको लागत बढ्ने भएकोले सिँचाइ योजनाको तर्जुमा र डिजाइनका लागि चाहिने तथ्यांक संकलन गर्ने परिपाटीलाई अझै परिष्कृत गर्दै लगिनेछ। यस्ता तथ्यांकहरु संकलन गरीराख्न आवश्यक सुचना प्रणाली (information system) को विकास गरी आवश्यक भएको बेलामा जिल्ला र क्षेत्रीय निकायहरुलाई समयमा उपलव्ध गराउने व्यवस्था गरिनेछ । ठुला र बहुउद्देश्यीय आयोजनाहरुको हकमा जलसोत तथा हावापानी सम्बन्धी लामो अवधिसम्मको तथ्यांकहरु संकलन गर्नुका साथै यीलगायत अरु थप तथ्यांकहरुको आधारमा सम्भाव्यता अध्ययन गरिनेछ ।

पहाडी र हिमाली क्षेत्रको संवेदनशील भु-भौगोलिक वातावरण सुहाउंदो कम खर्चिलो प्रविधिको विकासका लागि विद्यमान प्रविधिमा आवश्यक सुधार गरी स्थानीय पर्यावरणअनुकुल तथा उपभोक्ताहरुको संचालन क्षमताअनुकुल उपयुक्त प्रविधिको विकासमा जोड दिइनेछ । सो प्रविधिमा बढी भन्दा बढी स्थानीय निर्माण सामग्रीहरु र स्थानीय श्रमको प्रयोगमा जोड दिइनेछ।

सिँचाइ विभागको केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयको योजना तर्जुमा, डिजाइन मुल्यांकन र अनुगमन महाशाखालाई बढी प्रभावकारी बनाइनेछ । आयोजनाको तर्जुमा गर्दा नै कृषि, भु-संरक्षण, जलवायु तथा मौसम विज्ञान विभागको निकाय र उपभोक्तासमुहको सहभागिता अनिवार्य रुपमा लिने परिपाटी वसाल्दै लगिनेछ ।

स्थानीय परामर्शदातृ संस्थाहरुको क्षमता वृद्धिका लागि बहुउद्देश्यीय तथा अन्य ठुला योजनाको प्लानिंग डिजाइनमा विदेशी परामर्शदातृ संस्थाहरुसंग स्थानीय परामर्शदातृ संस्थाहरु र श्री ५ को सरकारको निकायहरुको सहभागितामा वृद्धि गर्ने व्यवस्था मिलाइनेछ । त्यस्तै विदेशी निर्माण कम्पनीहरुसँग स्थानीय निर्माण कम्पनीहरुलाई पनि संलग्न गराइ यी कम्पनीहरुको क्षमतामा कमशः वृद्धि गर्न बढी जोड दिइनेछ ।

योजना तर्जुमा, डिजाइन, अनुसन्धान, तालिम, प्रणाली व्यवस्थापन, अनुगमन तथा मुल्यांकन व्यवस्थाको सुधारबाट पनि लागत घटाउन सकिने हुँदा यी कार्यहरु गर्ने व्यक्तिहरुलाई प्रोत्साहन दिने संयन्त्रको विकास गरिनेछ । प्रविधि विकास सम्बन्धमा अनुसन्धानको क्षेत्रमा स्वदेशी वा विदेशी शिक्षण संस्था तथा अनुसन्धान समुदायहरुसंग सम्बन्ध स्थापित गर्न जोड दिइने छ ।

बाह्य आर्थिक सहयोगबाट संचालित आयोजनाहरुमा पुरक रकम (counter part fund) पुरा नभै आयोजना अवधि लम्बिन जाने स्थिति आउननदिन आयोजनाहरुको प्राथमिकता तोकी रकम उपलब्ध गर्ने व्यवस्था मिलाइनेछ ।

स्यालो ट्युववेलको निर्माणका लागि चाहिने निर्माण सामग्री तथा उपकरणहरुको स्वदेशमा उत्पादन गर्न तथा तथा ट्युववेल उपकरणको मर्मत संभारको लागि निजी क्षेत्रबाट कार्यशाला स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

साना तथा मझौला सतह सिँचाइ आयोजनाहरुमा श्रममुलक प्रविधि अपनाइ कार्यान्वयन गर्नेतर्फ विशेष ध्यान दिइनेछ ।

ठुला र मझौला सिँचाइहरुमा आयोजनाहरुको मर्मत संभारको लागि नहर संचालन बन्द को अवधि कम भएकोले सोही अवधिमा मर्मत संभार पुरा गर्नु परेकाले यान्त्रिकीकरणलाई प्रोत्साहन दिइनेछ ।

सिँचाइको पानीको उपयोग क्षमता वृद्धि

सिँचाइमा पानीको उपयोग क्षमता बढाउन नहर प्रणालीबाट चुहावट रोक्न आवश्यक सुधार गरिनेछ । मुलनहरमा थिग्रेनी जम्माभइ नहरको पानी वहन गर्ने क्षमतामा ह्रास हुने भएकोले समयमै थिग्रनी निकाली पानी वहन गर्ने क्षमता घट्न नदिने आवश्यक व्यवस्था गरिनेछ । साना नहर कुलेसाहरुको मर्मत संभारमा नियमितता ल्याइनेछ । अनधिकृत रुपमा नहरवाट पानी लिने प्रवृतिलाई निरुत्साहित गरिनेछ । सिंचित जमिनको सतह सम्याउने र चक्ला वन्दी गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

सिँचाइको निमित्त उपलब्ध गराइएको पानीलाई कृषि उत्पादन वृद्धिसंग मिलाएर हेर्ने र जल उपभोक्ता संघ मार्फत कृषि विभागले समुहगत कृषि विकास कार्यक्रम लैजाने परिपाटीको विकास गरिनेछ । यसको लागि परिमाणका आधारमा सिँचाइ शुल्क लिने प्रचलन शुरु गरिनेछ । कृषिबालीको आवश्यकता अनुसारको पानी प्रयोग गर्न लगाउन कृषकहरुलाई प्रशिक्षण दिइनेछ ।

सिंचित क्षेत्रमा कृषि उत्पादन र पानी उपयोग क्षमतामा वृद्धिको लागि नेपाल कृषि अनुसन्धान परिषद (NARC) सँग समन्वय राखी कृषि अनुसन्धान केन्द्रबाट अनुसन्धान गरिनेछ । प्राप्त जानकारीको आधारमा सिँचाइ क्षेत्रमा जल व्यवस्थापनको काम गरिनेछ ।

६ नबौं योजनाको लक्ष्य तथा कार्यक्रम

भौतिक लक्ष्य

नवौं योजना अवधिमा समावेश गरिएका निर्माणाधीन आयोजनाहरु तथा नयाँ निर्माण हुने आयोजनाहरुबाट कुल २,४९,४०० हेक्टर क्षेत्रमा व्यवस्थित रुपमा सिँचाइ पुऱ्याइनेछ । यसमध्ये कृषक कुलाहरुको सुदृढीकरण गरी व्यवस्थित रुपमा सिँचाइ पुऱ्याउनुका साथै नयाँ आयोजनाहरु निर्माण गरी थप क्षेत्रमा सिँचाइ सुविधा उपलव्ध गराइनेछ । यसमा सतह सिँचाइ, भुमिगत सिँचाइ तथा कृषक कुलाहरुको सदृढीकरण गरी व्यवस्थित सिँचाइ पुऱ्याइने लक्ष्य रहेको छ । (तालिका नं. ४)

तालिका नं. ४

नवौं योजना अवधिको लक्ष्य ख

सि.नं.	निकाय	नयाँ क्षेत्र थप हुने (हेक्टर)	कृषक कुलो सुधार (हेक्टर)	कुल जम्मा (हेक्टर)
१.	सिँचाइ विभाग			
(क)	सतह सिँचाइ	५२,४००	८१,५००	१३३,९००
(ख)	भूमिगत सिँचाइ	३०,०००	५००	३०,५००
	(i) डिप ट्युववेल	(११६५०)		(११६५०)
	(ii) स्यालो ट्युववेल	(१८३५०)		(१८३५०)
	जम्मा	८२४००	८२,०००	१६४,४००
(२)	कृषि विकास बैंक			

	सतह		१५,०००	१५,०००
	भूमिगत	६०,०००		६०,०००
(३)	गैरसरकारीक्षेत्रको सिँचाइ		१०,०००	१०,०००
	कुल जम्मा	१,४२,४००	१,०७,०००	२,४९,४००

उपर्युक्त लक्ष्यबाहेक सिँचाइ विभागको जिम्मा रहेका विभिन्न ११ सिँचाइ आयोजनाको (६८००० हेक्टर) व्यवस्थापन कृषक उपभोक्ता संस्थाहरुलाई हस्तान्तरण गरिनेछ भने ३,००,००० क्षेत्र अन्तर्गत उपयोग भइरहेका सिँचाइ आयोजनाहरुको मर्मत संभार तथा संचालन कार्य गरिनेछ । सुनसरी मोरंग सिँचाइ तेस्रो चरण अन्तर्गत १५,१०० हे. क्षेत्रमा कमाण्ड क्षेत्र विकास कार्य गरिनेछ । यसको अलावा इरिगेशन लाइन अफ केडिटबाट निर्माण भएका टयुववेलमध्ये ५,०० हे. मा सुधारकार्य गरिनुका साथै अन्य विभिन्न आयोजनाअन्तर्गत ५००० हे. क्षेत्र कृषक उपभोक्ताहरुलाई हस्तान्तरण गरिनेछ ।

सिँचाइ विकास कार्यक्रम :

चालू आयोजनाहरु :

सिद्धार्थनगर लुम्विनी भुमिगत जल परियोजना (तेस्रो चरण): यस आयोजनाअन्तर्गत रुपन्देही जिल्लाको जम्मा ८,६०० हेक्टर जमिनमा भुमिगत जलवाट सिँचाइ गर्ने लक्ष्यअनुसार आठौं योजनावधिमा तेस्रो चरणवँट जम्मा १९०० हेक्टरमा सिँचाइ सुविधा पुग्ने अनुमान छ । नवौं योजनावधिमा बाँकी कार्यहरु सम्पन्न गरी थप ६७०० हेक्टरमा सिँचाइ सुविधा पुऱ्याइनेछ ।

वागमती सिँचाइ आयोजना :रौतहट (२३,०००हे.) र सर्लाही (१४,००० हे.) जिल्लाहरुको ३७,००० हे. जमीनमा सिँचाइ सुविधा पुऱ्याउने हिसावले २०३८ सालदेखि श्री ५ को सरकारको स्रोतबाट सुरु गरिएकोमा पछि आएर साउदी विकास कोषको ऋण सहयोगमा आयोजनाको निर्माण संचालन भैरहेकोछ । २०५१ सालको अप्रत्याशित बाढीबाट यस आयोजनाको प्रायशः सम्पन्न बेरेजलाई निकै ठुलो क्षति पुऱ्याएकोले आवश्यक पुर्नस्थापन कार्य सम्पन्न गरी आठौ योजनामा करिव १२,००० हे. मा सिँचाइ सुविधा उपलब्ध गराउनसकिने भएको छ । नवौं योजनावधिमा वांकी नहर प्रणालीको निर्माणका कार्य सम्पन्न गरी थप २५,००० हे. जमीनमा व्यवस्थित सिँचाइ सुविधा पुऱ्याइनेछ । यसको अलावा २०,००० हे. क्षेत्रमा कमाण्ड क्षेत्र विकासको कार्य गरिनेछ ।

पुर्वी राप्ती सिँचाइ आयोजना : ८६ मौजुदा कृषक प्रणालीहरुलाई सुदृढीकरणगरी करिव छ,२०० हे. जमिनमा व्यवस्थित सिँचाइ सुविधा पुऱ्याउनका साथै ९०० वटा स्यालो टयुववेल निर्माण गरी १,८०० हेक्टर जमिनमा सिँचाइ पुऱ्याउने लक्ष्य राखी योजनाको निर्माण कार्य सुरु गरिएको हो । हाल यस आयोजनाअन्तर्गत ७२ कृषक प्रणालीहरुको सुदृढीकरण गर्नेगरी कार्यक्रम संचालन भैरहेकोमा ३९ वटा कृषक प्रणालीहरुको सुदृढीकरणगर्ने कार्य पुरा भएको छ । यसका अतिरिक्त पुर्वी राप्ती नदी नियन्त्रण कार्यको साथै ६० कि.मी. ग्रामीण सडकमा विभिन्न संरचनाहरु निर्माण गर्नेगरी कार्यक्रम संचालन भै रहेको छ । आठौं योजनावधिमा करिव ६,०६० हे. जमीनमा व्यवस्थितरुपमा सिँचाइ पुऱ्याइएको छ । नवौं योजनावधिमा विभिन्न ३३ वटा कृषक प्रणालीको सुदृढीकरण गरी थप १,५०० हेक्टर क्षेत्रमा व्यवस्थित सिँचाइ पुऱ्याइनेछ ।

तालिका नं. ५
नवौं योजनाकालमा संचालन हुने सिँचाइ आयोजनाहरुको विवरण

क्र.सं	ऋण योजनाको विवरण	जम्मा सिंचित क्षेत्रफल (हेक्टर)	कैफियत सिंचित क्षेत्रको प्रकार
१.	चालू आयोजनाहरु		
२.	सिद्धार्थनगर लुम्विनी भूमिगत जल परियोजना (तेस्रो)	६,७००	नयाँ
३.	वाग्मती सिँचाइ आयोजना	२५,०००	नयाँ
४.	पूर्वी राप्ती सिँचाइ आयोजना	१,५००	कृषक कुलो सुधार
५.	महाकाली सिँचाइ आयोजना (दोस्रो)	३,९००	नयाँ
६.	मर्चवार सिँचाइ आयोजना (दोस्रो)		क्माण्ड क्षेत्र विकास
७.	राजापुर सिँचाइ आयोजना	१३,०००	नयाँ+कुलो सुधार
८.	ववइ सिँचाइ आयोजना	१७,१००	नयाँ+कुलो सुधार
९.	चन्दमोहना सिँचाइ आयोजना	१,८००	कृषक कुलो सुधार
१०.	दोस्रो सिँचाइ सेक्टर आयोजना	३८,७००	नयाँ+कुलो सुधार
११.	सुनसरी मोरङ्ग हेडवर्क्स		हेडवर्क्स निर्माण
१२.	सामुदायिक स्यालो नलकुप सिं आयोजना	३,८००	नयाँ
१३.	सिँचाइ व्यवस्थापन हस्तान्तरण आयोजना	६८,०००	हस्तान्तरण
१४.	नदी नियन्त्रण कार्यक्रम		
१५.	बाणगंगा नदी नियन्त्रण कार्यक्रम (तिलौराकोट)		
१६.	बाग्मती तटवन्ध निर्माण		
१७.	यान्त्रिक कार्यशाला		
१८.	बक्राहा नदी नियन्त्रण आयोजना		
१९.	जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्र (प्रथम)		
२०.	प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम		
२१.	व्यवस्थापन सूचना प्रणाली र अनुगमन मूल्यांकन		
२२.	संचालन तथा मर्मत संभार	३००,०००	

२३.	भूमिगत जल अन्वेषण कार्यक्रम		
२४.	**नयाँ आयोजनाहरु:**		
२५.	सुनसरी मोरङ्ग सिँचाइ आयोजना (तेस्रो)	१५,१००	कमाण्ड क्षेत्र विकास
२६.	नेपाल सिँचाइ सेक्टर आयोजना	३९,५००	नयाँ+कुलो सुधार
२७.	भूमिगत जल सिँचाइ सेक्टर	११,६००	
२८.	मध्यपश्चिमान्चल क्षेत्र सिँचाइ विकास आयोजना	१,८००	नयाँ
२९.	सम्भाव्यता अध्ययन		
३०.	जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्र (दोस्रो)		
३१.	महाकाली सिँचाइ (तेस्रो)		

३२.	त्रिशुली सिँचाइ		
३३.	प्रगन्ना कुला		
३४.	वीरगंज भूमिगत जल सिँचाइ		
३५.	लालवकैया तटबन्ध निर्माण आयोजना		
३६.	कमला तटबन्ध निर्माण आयोजना		
३७.	खांडो तटबन्ध निर्माण आयोजना		
३८.	कन्काई तटवन्ध निर्माण आयोजना		
३९.	वेरिङ तटवन्ध निर्माण आयोजना		
४०.	नदी नियन्त्रण गुरुयोजना अध्ययन		
४१.	सिँचाइ संस्थागत विकास		
४२.	जनशक्ति विकास तथा तालिम केन्द्र		विभिन्न योजनावाट रकम उपलव्ध हुने
४३.	सिँचाइ विकास अनुदान		
४४.	कृषि विकास बैंक (ऋणप्रवाह)	७५,०००	नयाँ+कुलो सुधार
४५.	प्रशासन		
४६.	तालिम		
४७.	गैरसरकारी संस्था	१०,०००	नयाँ+कुलो सुधार
४८.	अन्य कार्य		
४९.	कन्टिन्जेन्सी		
५०.	प्रशासनिक एवं व्यवस्थापन खर्च_		
	कुल जम्मा	२४९,४००	

नोट: कमाण्ड क्षेत्र विकास, मर्मत संभार तथा हस्तान्तरण कार्यक्रम भएकाले कुल जम्मामा जोडिएको छैन ।

महाकाली सिँचाइ आयोजना (दोस्रो चरण) :कन्चनपुर जिल्लाको ६,८०० हे. जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले संचालित यस आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । आठौं योजनाकालमा २,९०० हे.मा र नवौं योजनावधिमा बाँकी ३,९०० हे. जमिनमा सिँचाइ सेवा उपलब्ध गराइनेछ ।

मर्चवार सिँचाइ आयोजना (दोस्रो चरण) :रुपन्देही जिल्लाको ३,६०० हे. जमिनमा तिनाउ नदीबाट पम्प प्रणालीद्वारा सिँचाइ गर्ने संशोधित लक्ष्यअनुसार संचालित यो आयोजना छैठौ योजनाकालमा सुरु गरिएको हो । संयुक्त राष्ट्र पुँजी विकास कोषको अनुदान सहयोगमा संचालित यस आयोजनाले २,९०० हे. जमीनमा व्यवस्थित सिँचाइ सुविधा पुऱ्याएको छ । यस आयोजनाअन्तर्गत निर्माणाधीन पम्प संचालन तथा संभार ३० महिनासम्म आयोजनावाट गरिनुपर्ने सम्वन्धमा श्री छ को सरकारको संयुक्त राष्ट्र पुँजी विकास कोषसँग भएको संझौताअनुसार यस आयोजनाको संभार तथा संचालनको लागि कार्यक्रम समावेश गरिएको छ ।

राजापुर सिँचाइ आयोजना :बर्दिया जिल्लाको राजापुर क्षेत्रका कृषक कुलाहरुको सुदृढीकरण तथा कमाण्ड क्षेत्रलाई कर्णाली नदीको बाढीवाट सुरक्षा पुऱ्याउन नदी नियन्त्रणको कार्य समेत गर्ने गरी एसियाली विकास वैंकको ऋण सहयेागमा यो आयोजना संचालन गरिएको छ । नवौं योजनावधिमा यस आयोजना अन्तर्गत भै रहेका कृषक कुलाहरुलाई सुदृढीकरण गरी १२,००० हे.मा व्यवस्थित सिँचाइ सुविधा पुऱ्याउनुका साथै थप १००० हे.मा नया थप सिँचाइ पुऱ्याउने लक्ष्य रहेको छ ।

बवइ सिँचाइ आयोजना (प्रथम चरण) :बर्दिया जिल्लाको बवइ नदीको पुर्वी भागमा १३,२०० हे. जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले आयोजनाको प्रथम चरणको कार्यअन्तर्गत बवइ नदीमा बाँध तथा पुलको निर्माणका साथै २३ कि.मी. मुल नहर निर्माण कार्य सम्पन्न भई ४,१०० हे. जमीनमा सिँचाइ सुविधा उपलब्ध भएको छ । बाँकी ९,१०० हे. जमीनमा सिँचाइ प्रणालीको विकास गर्ने कामको साथै बवइ नदी पश्चिमको ९,००० हे. क्षेत्रमा सिँचाइ पुऱ्याउने कृषक प्रणालीहरुमा निर्मित बाँधवाटै व्यवस्थित पानीको आपुर्ति गर्न बवइ नदीमा साइफन र इन्टेकहरु निर्माणकार्य समेत यसै योजनाकालमा सम्पन्न गरिनेछ ।

चन्दामोहना सिँचाइ आयोजना :सुनसरी जिल्लाको करिव १८०० हे. जमिनमा सिँचाइ सुविधा पुऱ्याउने गरी ओपेक कोषको ऋण सहयोगमा संचालन सुरु गरिएको यस आयोजनाको निर्माण कार्य यस योजनावधिमा सम्पन्न गरिनेछ ।

दोस्रो सिँचाइ सेक्टर आयोजना :यस आयोजनाअन्तर्गत पुर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका ३छ वटै जिल्लाका विभिन्न साना तथा मझौला कृषक सिँचाइ प्रणालीहरुको नवीकरण सुधारद्वारा ३२,००० हेक्टरमा र केही नयाँ प्रणालीहरुवाट ९,००० हेक्टर गरी जम्मा ४१,००० हे. जमीनमा व्यवस्थित सिँचाइ सुविधा पुऱ्याइनेछ । आठौं योजनाको अन्तिम वर्षमा सुरु गरिएको यस आयोजना नवौ योजनावधिमा सम्पन्न गरिनेछ । यसअन्तर्गत विभिन्न क्षेत्रमा कृषक कुलाहरुको सुदृढीकरण तथा नयाँ योजनाहरुको निर्माण कार्य पुरा गरी ३८,७०० हे. क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइनेछ । जल उपभोक्ता समिति र जिल्ला सिँचाइ कार्यालयहरुलाई सुदृढीकरण गर्ने र कृषि प्रसार सेवा उपलब्ध गराउने कार्यक्रमहरु पनि यस आयोजनाअन्तर्गत समावेश गरिनेछ ।

सुनसरी मोरङ्ग हेर्डवर्क्स :यस आयोजनाको निर्माणकार्य आ.व. ०५०।५१ देखि सुरु गरिएको हो । यसअन्तर्गत १००० मी. कलभर्टको निर्माण डिसेल्टीङ वेसिन तथा ड्रेजर संचालनको लागि ३.५ मेगावाट विद्युत शक्तिको लागि विद्युतगृहको निर्माण कार्य पुरा भैसकेको छ । वाँकी केही कामहरु नवौ योजनाको प्रथम वर्षमा पुरा हुनेछ ।

सामुदायिक स्यालो नलकुप सिँचाइ आयोजना :सुनसरी, सिराहा, सप्तरी, सर्लाही तथा रौतहट जिल्लाहरुमा सामुदायिक स्यालो नलकुपको माध्यमबाट करिव ४,८०० हे. जमिनमा सिँचाइ सुविधा पुऱ्याउने हिसावले आ.व. २०५१।५२ देखि यो आयोजना अन्तराष्ट्रिय कृषि विकास कोषको सहयोगमा सुरु गरिएको छ । यसले आऊँ पञ्चवर्षीय योजनावधिमा करिव ९०० हे. जमीनमा सिँचाइ सुविधा पुऱ्याउनेछ भने नवौंमा वांकी ३,८०० हेक्टरको कार्य सम्पन्न गरिनेछ ।

सिँचाइ व्यवस्थापन हस्तान्तरण आयोजना :अधिराज्यका ११ विभिन्न सिँचाइ प्रणालीहरुमा सक्षम, सवल, सुदृढ र क्रियाशील जलउपभोक्ता संस्थाको गठन एवं सुदृढीकरणगर्ने, ती नहर प्रणालीहरुमा अति आवश्यक संरचनाहरुको पुनर्निर्माण तथा सुधार गर्ने, साना तथा मझौला सिँचाइ आयोजनाहरु उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने तथा यी आयोजनाहरुको संस्थागत विकासका लागि आवश्यक साधनहरु जुटाउने उद्देश्यले एसियाली विकास वैंकको ऋण सहयोग तथा अमेरिकी सहयोग नियोगको प्राविधिक सहयोगमा आ.व. ०५२।५३ देखि यो आयोजना संचालन गरिएको हो । यस आयोजनाको प्रथम चरण अन्तर्गतका कार्यक्रमहरु यस योजनावधिको पहिलो वर्षमा सम्पन्न गरी तत्पश्चात द्वितीय चरण अन्तर्गतको कार्यक्रमहरु संचालन गरिनेछ । यस कार्यक्रमवाट ६८,००० हेक्टर क्षेत्र ओगटेका खगेरी, पञ्चकन्या, नेपाल गण्डक पश्चिमी नहर, कमला, वाणगंगा, पथरैया, मोहना, चौरजहारी आदि लाभान्वित हुनेछन् ।

नदी नियन्त्रण कार्यक्रम :स्थानीय स्तरमा जन सहभागिता परिचालन गरी संचालन गरिने नदी नियन्त्रण कार्यहरुका लागि साधन र स्रोतले भ्याएसम्म जी.आई. तार जस्ता वस्तुगत अनुदान जिल्ला सिँचाइ कार्यलयहरुमार्फत उपलब्ध गराइदै आएको छ । यी कार्यक्रमहरुलाई यस योजनावधिमा पनि निरन्तरता दिइनेछ । साथै यस्ता कार्यक्रमहरुलाई अझ वढी प्रभावकारी बनाउन वायो.इन्जिनियरीङ्ग आदि उपयुक्त प्रविधिको प्रयोगलाई समेत जोड दिनाको साथै संलग्न कर्मचारीहरुलाई आवश्यक तालिम दिने व्यवस्था समेत मिलाइनेछ । वस्तुगत अनुदानको लागि वाह्य स्रोतहरुको पनि परिचालन गरिनेछ । आकस्मिक नदी नियन्त्रण गर्ने कार्य उपलव्ध स्रोत र साधन अनुसार गरिनेछ ।

वर्षेनी अधिकतम हानी-नोक्सानी पुर्याउने गरेका अधिराज्यका विभिन्न नदीनालाहरुको आन्तरिक र वाह्य स्रोतबाट अध्ययन गरी गुरुयोजना तर्जुमा गरिनेछ र तयार गरिएका योजनाहरुको आधारमा मित्रराष्ट्रहरुको सहयोग/आन्तरिक स्रोतबाट नदी नियन्त्रणका कार्यक्रमहरुको थालनी गरिनेछ ।

मित्रराष्ट्रबाट प्राप्त वस्तुगत अनुदानका सामानहरुबाट नदी नियन्त्रणका कार्य योजनाबद्ध तरिकाबाट सञ्चालन गरिनेछ । नदी नियन्त्रण कार्यमा जनसहभागिता र वातावरणीय संरक्षणको नीति अनिवार्य रुपमा लागु गरिनेछ ।

वाणगंगा नदी नियन्त्रण, तिलौराकोट (कपिलवस्तु) :वाणगंगा नदीले कपिलवस्तु जिल्लास्थित ऐतिहासिक क्षेत्र तिलौराकोटमा पुऱ्याएको क्षतिबाट सो स्थानलाई संरक्षण गर्न गुरुयोजना तर्जुमा गरी नदी नियन्त्रण कार्यको थालनी भएको छ । आ.व. २०५५।५६ भित्र सो कार्य पुरा गर्ने लक्ष्य रहेको छ ।

वागमती तटबन्ध निर्माण आयोजना :बाग्मती नदीबाट नेपालको सर्लाही र रौतहट जिल्लाहरुका साथै भारतीय भु-भागमा वर्षेनी क्षति पुऱ्याउने गरेकोले धनजनको क्षतिलाई न्युनीकरण गर्दै जान दुवै देशका प्राविधिकहरुको सहमतिको आधारबाट तयार गरिएका योजनाअनुसार बाग्मती नदीमा दुवैतर्फ तटवन्ध निर्माण कार्य भारतीय अनुदानबाट गरिनेछ । भारतीय अनुदान प्राप्त हुन ढिलो भएकोले रौतहट जिल्लामा बाग्मती नदीबाट भएको क्षतिलाई रोक्न स्थानीय जनताको माँग अनुसार श्री ५ को सरकारले रौतहट जिल्लामा तटबन्धको कार्य दुवै देशको प्राविधिकहरुको प्रतिवेदनको आधारमा क्रमिक रुपमा सञ्चालन गरिएको छ । भारतीय अनुदानमा बढी ढिलो हुने सम्भावना देखिएमा भारतीय पक्षसँग समझदारी कायम गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

बक्राहा नदी नियन्त्रण योजना :मोरङ्ग जिल्लाको वक्राहा नदी नियन्त्रणको लागि आवश्यक गुरुयोजना तयार गरी निर्माणकार्यहरु गर्ने उद्देश्यले आ.व. २०५२।५३ देखि ओपेक कोषको ऋण सहयोगमा यस योजनाको कार्यान्वयन संचालन गरिएको हो । यस योजनावधिमा निर्माणकार्य सम्पन्न गरिनेछ ।

जलउत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्र :बाढी, पहिरो भु-क्षय आदि जलउत्पन्न प्राकृतिक प्रकोप नियन्त्रण तथा न्युनीकरण गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने, उपयुक्त प्रविधिको विकास गर्न यस क्षेत्रमा संलग्न सरकारी तथा गैरसरकारी निकायहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम दिने उद्देश्यले स्थापित जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्दलाई आवधिक विकास योजनाको रुपमा संचालन गरी आएकोमा हाम्रो देशको संरचना जलप्रकोप प्रभावित भएकोले आफ्नै भवन, प्रविधि विकास प्रयोगशाला, उपकरण आदिबाट सम्पन्न भैसकेको यस केन्द्रलाई स्थायित्व प्रदान गरी जल उत्पन्न प्रकोपको क्षेत्रमा निरन्तरता कायम राखी अझै व्यापक तथा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम :निर्माणकार्य सम्पन्नभई संचालनमा रहेका कृषक सिँचाइ कुलाहरु, संयुक्त व्यवस्थापनमा रहेका वृहत् सिँचाइ आयोजनाहरु तथा उपभोक्ताहरुलाई हस्तान्तरण भईसकेका र भविष्यमा हुने साना तथा मझौला सिँचाइ प्रणालीहरुको व्यवस्थापन पक्षलाई क्रमशः सुदृढ गर्दैजाने उद्देश्यले यस कार्यक्रम संचालन गरिएको हो । आठौं योजनावधिमा जम्मा १०,००० हेक्टर ढाकेका सिँचाइ प्रणालीहरुमा यो कार्यक्रम संचालन भयो । यस योजनावधिमा थप ९०,००० हेक्टर जमीनमा ढाकेको सिँचाइ प्रणालीमा यो कार्यक्रम लागू गरिनेछ । क्षमता वृद्धिका लागि विद्यमान सिँचाइ व्यवस्थापन महाशाखा अन्तर्गतको जनशक्ति विकास तथा तालिम शाखालाई सिँचाइ तालिमहरुलाई एकद्धार प्रणाली (one window system) बाट लैजान जनशक्ति विकास ताथ तालिम केन्द्रको रुपमा संस्थागत सुदढीकरण गरिनेछ । यस योजनाको अन्त्यसम्ममा सिँचाइ तालिम केन्द्रलाई स्वायत्त संस्थाको रुपमा विकास गर्ने तर्फ कारवाही गरिनेछ ।

व्यवस्थापन सुचना प्रणाली र अनुगमन मुल्यांकन :सिँचाइ विकास, विस्तार, व्यवस्थापन र व्यवस्थापन हस्तान्तरण सम्वन्धी एकीकृत व्यवस्थापन सुचना प्रणाली (management information system) लाई सुदृढ बनाउने, तथ्यांक आधार (database) अद्यावधिक बनाउन र अनुगमन र मुल्यांकन शाखालाई सुदृढ बनाउने उद्देश्यले कार्यक्रम संचालन गरिनेछ । यसबाहेक सिँचाइ योजनामा दिगोपना कायम राख्न सम्वद्ध पर्यावरण, प्रविधिक, आर्थिक र सामाजिक पक्षको समेत लगातार अनुगमन अनिवार्य रुपमा गरिनेछ । यसको लागि पनि आवश्यक तथ्यांक संकलन र विस्तृत सुचना प्रणालीको कार्यक्रम संचालन गरिनेछ ।

संचालन तथा मर्मत सम्भार :पुरा भएका आयोजनाहरुको उपादेयतालाई घट्न नदिन प्रत्येक वर्ष यस्ता आयोजनाहरुको मर्मत, संभार तथा सुधार गर्दै जानु आवश्यक भएकाले कृषक समुहलाई हस्तान्तरण नभएका अधिराज्यका विभिन्न सिँचाइ आयोजनाहरुको संरचनाहरुको संभार तथा व्यवस्थापन कार्य चालू राखिनेछ ।

भुमिगत जल अनुसन्धान कार्यक्रम :तराईका जिल्लाहरुमा रहेको भुमिगत जलस्रोत सिँचाइ विकासका लागि हालसम्म उपलब्ध तथ्यांकहरुमा अझै पनि कमी-कमजोरीहरु रहन गएकाले तिनलाई हटाउन अनुगमन तथा अनुसन्धान कार्य नियमित रुपमा संचालन गर्नुपर्ने हुन्छ । यस कार्यको लागि आवश्यक स्रोत तथा साधन जुटाइ कार्यक्रम संचालन गरिनेछ ।

नयाँ आयोजनाहरु :

भूमिगत सिँचाई कार्यक्रम : कृषिको दीर्घकालीन योजनाले निर्धारण गरेको लक्ष्य अनुरुप तराईमा स्यालो ट्यूबवेल तथा डिप ट्यूबवेलहरु निर्माण गरी भूमिगत जल सिंचाई विकास कार्यक्रमलाई व्याापक रुपमा सञ्चालन गरिनेछ । सार्थ, कृषि सडक निर्माण तथा ग्रामीण विद्युतीकरण कार्यक्रमहरुलाई भूमिगत जल सिँचाई कार्यक्रमसँग आवद्ध गरी एकीकृत रुपमा सञ्चालन गरिनेछ । दीर्घकालीन कृषि योजनाको लक्ष्य तालिक नं. ६ मा दर्शाइएको छ ।

तालिका ६
२० वर्षे दीर्घकालीन कृषि योजनाअन्तर्गत प्रस्तावित थप सिँचाइको क्षेत्रफल

(हजार हेक्टरमा)

नवौं योजना							जम्मा
भौगोलिक क्षेत्र	सतह जलस्रोतवाट वर्षभरी सिँचाइ हुने क्षेत्रफल			भूमिगत जलस्रोतवाट वर्षभरी सिँचाइ हुने क्षेत्रफल			क्षेत्रफल
	नयां आयोजना बाट थप क्षेत्रफल	नवीकरण गरिएका आयोजनाबाट थप क्षेत्रफल	जम्मा	नयाँ अयोजना बाट थप क्षेत्रफल	नवीकरण गरिएका आयोजनाबाट थप क्षेत्रफल	जम्मा	
उच्च पहाड	१	५	६				६
पहाड	३	१८	२१				२१
तराई	०	३८	३८	९०		९०	१२८
जम्मा	४	६१	६५	९०	०	९०	१५५
दशौं योजना							
उच्च पहाड	१	१	२				२
पहाड	४	१८	२२				२२
तराई	०	२९	२९	१३९		१३९	१६८
जम्मा	५	४८	५३	१३९		१३९	१९२
एघारौं योजना							
उच्च पहाड	१	१	२				२
पहाड	३	१९	२२				२२
तराई	०	५	५	१३६		१३६	१४१
जम्मा	४	२५	२९	१३६		१३६	११३
बाह्रौं योजना							
उच्च पहाड	१	१	२				२
पहाड	३	१३	१६				१६
तराई	३	१३	१६				१६
जम्मा	४	२१	२५	१०६		१०६	१३१
कुल जम्मा	१७	१५५	१७२	४७१		४७१	६४३

सुन्सरी मोरङ्ग सिँचाइ आयोजना (तेश्रो चरण) :सुनसरी र मोरङ्ग जिल्लाको ६६,००० हे. जग्गामा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य भए तापनि प्रथम तथा दोश्रो चरणको कार्यक्रमअन्तर्गत कमाण्ड क्षेत्र विकास गरी २७,००० हेक्टरमा मात्र व्यवस्थित सिँचाइ सुविधा पुऱ्याइएको छ । वाँकी क्षेत्रमा हाललाई २०० हेक्टरसम्मको चक्लामा मात्र प्रणाली निर्माण भएको कारण आंशिक सिँचाइ मात्र उपलब्ध छ । तेश्रो चरणको कार्यक्रम अन्तर्गत थप १५,१०० हेक्टरमा ४ हेक्टरको चक्लासम्मको प्रणाली निर्माण गरी सुव्यवस्थित सिँचाइ पुऱ्याइनेछ ।

नेपाल सिँचाइ सेक्टर आयोजना :पश्चिमका तीन विकास क्षेत्रका ४० जिल्लामा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले विश्व वैंकको ऋण सहयोगमा यस योजनावधिको सुरु देखि नै यो आयोजना संचालन गरिनेछ । यस अन्तर्गत ३१,५०० हे. जमिन ढाक्ने कृषक कुलाहरुको नवीकरण सुधारका साथै ७,५०० हे. जमीनमा नयाँ भुमिगत जल सिँचाइ प्रणालीको विकास र ५०० हे. मा पुनस्थापन कार्य गर्ने लक्ष्य रहेको छ । साथै श्री छ को सरकारवाट संचालित आयोजनाहरुमा संयुक्त व्यवस्थापन तथा हस्तान्तरण कार्य (करिव ५,००० हे.) समेत सम्पन्न गरिने छ । यसको अतिरिक्त यस आयोजना अन्तर्गत साना नदीहरुको जलस्रोत तथा जलवायु सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापन गर्नको लागि जलवायु विज्ञान विभागलाई सुदृढीकरण गर्ने र सिंचित क्षेत्रमा कृषि प्रसार तथा विस्तारको लागि आवश्यक साधन र स्रोत कृषि विभागलाई उपलब्ध गराउने समेत लक्ष्य रहेको छ । नवौं योजनावधिमा कृषक प्रणालीहरुको सुदृढीकरण गरी ३१५०० हे. र भुमिगत सिँचाइबाट ४१०० हे. क्षेत्रमा सिँचाइ पुऱ्याइनेछ ।

भुमिगत जल सिँचाइ सेक्टर आयोजना :पुर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रमा तराईका जिल्लाहरुको करिव ६०,००० हे. जमिनमा स्यालो तथा मिडियम नलकुपद्वारा सिँचाइ सुविधा पुऱ्याउने गरी एसियाली विकास वैंकको ऋण सहयोगमा संचालन गर्न यो आयोजना तर्जुमा गरिएको छ । यस योजनावधिमा स्यालो टयुववेलबाट ११,६०० हे. मा व्यवस्थित सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ ।

मध्यपश्चिमाञ्चल सिँचाइ विकास आयोजना : दैलेख, कालिकोट, सुर्खेत तथा वांके जिल्लाको १८०० हे. जमिनमा सिँचाइ सुविधा पुऱ्याउनुका साथै अन्य गरिवी निवारण कार्यक्रम समेत संचालन गर्ने उद्देश्यले युरोपीय संघको सहयोगमा यस आयोजनाको तर्जुमा गरिएको हो । नवौं योजनाकालमा नै यस आयोजनाको निर्माणकार्य सम्पन्न गरिनेछ ।

सम्भाव्यता अध्ययन: अधिराज्यभर छरिएर रहेका सतहगत तथा भुमिगत जलस्रोतको अधिकाधिक उपयोग गर्न विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन गरिनेछ । पंचेश्वर तथा सुनकोशी कमला डाइभर्सन, भेरी ववई डाइभर्सन जस्ता वृहत बहुउद्देश्यीय आयोजनाहरुको सम्भाव्यता अध्ययन विद्युत विकास केन्द्रको नेतृत्वमा सिँचाइ विभागको समेत सहयोगमा संचालन गरिनेछ ।

जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्र (दोस्रो चरण) :बाढी, पहिरो, भुक्षय आदि जल उत्पन्न प्राकृतिक प्रकोप नियन्त्रण तथा न्युनीकरण गर्न आवश्यक अनुसन्धान, उपयुक्त प्रविधिको विकास तथा सरकारी निकायहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम दिने र संचालन भैरहेको कार्यक्रमबाट प्राप्त अनुभवको आधारमा यस कार्यक्रमको दोश्रो चरणको कार्य संचालनको लागि वैदेशिक स्रोत जुटाई कार्यक्रम सुरु गरिनेछ ।

महाकाली सिँचाइ आयोजना (तेस्रो चरण) :महाकाली सन्धीको प्रावधानअनुरुप टनकपुर र शारदा ब्यारेजवाट प्राप्त हुने पानीलाई यथाशक्य शीघ्र उपयोगमा ल्याउने हिसावले करिव २८,००० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन महाकाली सिँचाइ आयोजना (तेस्रो चरण) को विस्तृत अध्ययन सम्पन्न गरी कार्यान्वयन सुरु गरिनेछ । उक्त क्षेत्रमा वर्षैभर सिँचाइ सुविधा पुऱ्याउन भुमिगत जलस्रोतको समेत सहउपयोग गरिनेछ ।

त्रिशुली सिँचाइ आयोजना :हेक्टर क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको वट्टार लिफ्ट सिँचाइ आयोजनाबाट अत्यधिक मर्मत संभार खर्चका कारण केवल २० देखि ३० हेक्टर क्षेत्रमा मात्र सिँचाइ सुविधा उपलब्ध भइआएको छ । यस लिफ्ट आयोजनालाई सतहगत आयोजनामा परिणत गर्न त्रिशूली जलविद्युत आयोजनाको पावर च्यानलबाट विद्युत आयोजनालाई असर नपर्ने गरी विदुर र वट्टारको १,००० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउन सम्भाव्यता अध्ययन कार्य हालै सुरु गरिएको छ । उक्त अध्ययनबाट आयोजना सम्भाव्य देखिएमा यस योजनावधिमा निर्माण कार्य संचालन गरिनेछ ।

प्रगन्ना कुलो सुदृढीकरण आयोजना :राप्ती नदीबाट सुनियोजित किसिमबाट सिँचाइ उपलब्ध गराउन स्थायी किसिमको मुहान निर्माण गरी नहरहरुको सुधार तथा ठाउँ ठाउँमा प्रारुपहरुको निर्माण गरी यसबाट ५,००० हे. क्षेत्र सिँचाइ जमीनमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध हुनेछ । यो आयोजना कुवेती कोषको सहयोगमा निर्माण गर्ने लक्ष्य रहेको छ ।

वीरगंज भुमिगत जल सिँचाइ आयोजना :यस आयोजनाबाट वारा तथा पर्सा जिल्लाको ७,५०० हे. जमिनमा स्यालो तथा गहिरो नलकुपद्वारा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ । यस योजनावधिमा यस आयोजनाको कार्य संचालन गरिनेछ ।

लालबकैया तटबन्ध निर्माण आयोजना :रौतहट जिल्लाको लालबकैया नदीले नेपाल भारत सीमा क्षेत्रमा वर्षेनी ठुलो क्षति पुऱ्याउने गरेकोले यसको निराकरणका लागि नेपाल तथा भारत सरकारबीच विभिन्नस्तरमा छलफल तथा अध्ययन पश्चात् सहमति भएअनुरुप उक्त नदीमा भारत सरकारको अनुदान सहयोगमा तटबन्ध निर्माण कार्य सम्पन्न गरिनेछ ।

कमला तटबन्ध निर्माण आयोजना :कमला नदीले नेपालको सिराहा र धनुषा तथा भारतीय सीमाना समेत बर्षेनी ठुलो क्षति पुऱ्याउने गर्दै आएकोले यसवाट हुने धनजनको क्षतिलाई न्युनीकरण गर्न दुवै देशवीच प्राविधिक सहमतिअनुसार उक्त नदीको दुवै तटवन्ध निर्माण गर्ने आयोजना तयार गरिएको छ । भारत सरकारबाट कार्यक्रम सञ्चालनमा ढिलाई भएको र कमला नदीले सिराहा जिल्लामा निकै क्षति गरेको हुनाले स्थानीय जनता, संस्था, सिंचाइ विभाग तथा जर्मन सहयोग संस्था (GTZ) को सहयोगमा तटवन्ध निर्माणकार्य नेपाल-भारतको प्राविधिक अध्ययन अनुसार स्थानीय बिकास मन्त्रालय समेतको संलग्नतामा सञ्चालन गरिएको छ । भारतीय अनुदानमा ढिलो हुने सम्भावना भएमा उक्त नदीमा तटबन्ध निर्माण भारतीय पक्षसंग समझदारी कायम गरी सोही आधारबाट गरिनेछ ।

खाँडो तटवन्ध निर्माण आयोजना : भारतले निर्माण गरेको कोशी व्यारेजको कारण खांडो नदीले सप्तरी जिल्लामा आफ्नो धार वरावर वदल्ने गरेको छ । यस नदीलाई तोकिएको सीमाभित्र बग्ने गरी तटबन्ध निर्माण कार्य गराउन नेपाल तथा भारत सरकार बीच विभिन्न स्तरमा भएका छलफल तथा अध्ययन पश्चात् भारतको अनुदान सहयोगमा निर्माणकार्य सुरु गर्ने कार्यक्रम राखिएको छ ।

कन्काइ तटबन्ध निर्माण आयोजना : कन्काई नदीले किनारा कटानद्धारा झापा जिल्लाको विभिन्न गाउँ विकास समितिमा निकै ठुलो खतरा पुऱ्याउदैआएको छ । फलस्वरुप हजारौ विघा खेती लगाइएका जमिनहरु वगरमा परिणत भएका छन् र घना आवादी भएका गाउँहरुलाई खतरा पुगेको छ । नवौं योजनामा नदी नियन्त्रण कार्यको गुरुयोजना बनाइ तटबन्ध निर्माणकार्य गराउदै लगिनेछ ।

वेरिङ तटबन्ध निर्माण आयोजना :झापा जिल्लाको शनिश्चरेलगायत अन्य गाउँ विकास समितिलाई बेरिङ नदीको बाढीले वरावर खतरा पुऱ्याउदै आएकोले नियन्त्रण गुरुयोजना तयार गरी तटबन्ध निर्माण कार्य सुरु गरिनेछ ।

नदी नियन्त्रण गुरुयोजना अध्ययन :उपलब्ध सीमित स्रोत र साधनलाई योजनावद्ध तरिकाले बाढी नियन्त्रण तथा व्यवस्थापन कार्यमा लगाउन गुरुयोजनाको खाँचो महसुस भएको छ । स्रोत अपर्याप्त भएका कारणले आठौं योजनावधिको अन्त्यतिर वाह्य स्रोत समेत जुटाउने क्रममा केही प्रगति भएको छ । यस योजनावधिमा नदी नियन्त्रण गुरुयोजनाको अध्ययन कार्य सम्पन्न गरी नदी नियन्त्रण आयोजनाहरुको छनौंट गरी केही आयोजनाको कार्यान्वयन गरिनेछ । यसका साथै नेपालको पुर्वी सिमानाका मेची नदी र पश्चिमी सिमानाका महाकाली नदीमा बर्षेनी नदी कटानबाट सीमा समस्या उत्पन्न भइरहेकाले ती नदीहरुको गुरुयोजना तयार गरी योजनाबद्ध तरिकाबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

सिँचाइ विकास अनुदान (कृषि विकास वैंक, ग्रामीण वैंक) : स्यालो नलकूप, साना व्यक्तिगत सिँचाइ आयोजना तथा गैरसरकारी क्षेत्रवाट कार्यान्वयन गरिने सिँचाइ योजनाहरुमा सिँचाइ नीति, २०४९ (प्रथम संशोधन २०५३) को प्रावधानअनुरुप अनुदान सहयोग उपलब्ध गराइनेछ । अनुदान रकम क्रमश: हटाइदै जाने नीतिअनुसार लक्ष्यअनुरुप कार्य संचालन गर्न आवश्यक ऋणको प्रवाहको व्यवस्था वाणिज्य बैंकहरुवाट गरिनेछ ।

कृषि विकास बैंकवाट संचालन गरिने साना सिँचाइ आयोजनाहरु :कृषि विकास वैंकले साना सिँचाइ आयोजनाहरु प्रभावकारी रुपमा सञ्चालन गर्दै आएको तथ्यलाई ध्यानमा राखी कृषि विकास बैंकवाट यस योजनावधिमा नलकुप, सतहगत, स्प्रिकलर प्रणाली आदिबाट कुल ७५ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ ।

गैरसरकारी संस्था एवं निजी क्षेत्रवाट संचालन गरिने सिँचाइ कार्यक्रम :पिछडिएको अवस्थामा दुर्गम क्षेत्रमा रहेका विपन्न समुदायलाई सिँचाइ सुविधालगायत आय आर्जन वृद्धि गर्ने कार्यमा संलग्न गैरसरकारी संस्था एवं निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । भु-वनोट एवं भौगोलिक अवस्थालाई हेरी स्प्रिंकलर, ड्रिप, हाइड्रोलिक रेम आदि प्रविधि प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याइनेछ । यसप्रकारका कार्यक्रमवाट करीव १०,००० हे. क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइने लक्ष्य छ ।

योजनाको अन्त्यसम्ममा अपेक्षित उपलब्धिहरु

नवौं योजना अवधिमा सतहसिँचाइ अन्तर्गत ५२,४०० हे. क्षेत्रमा सिँचाइको पुर्वाधार तयार गरी थप क्षेत्रमा सिँचाइ पुऱ्याउने कार्यक्रम रहेको छ भने १,०७,००० हे.क्षेत्र क्षेत्रमा कृषक प्रणालीहरुको सुदृढीकरणगरी भैरहेका सिँचाइ प्रणालीमा व्यवस्थित रुपमा सिँचाइ पुऱ्याउने लक्ष्य राखिएको छ भने १५,१०० हेक्टरमा कमाण्ड क्षेत्र विकास गरिनेछ । भुमिगत सिँचाइ अन्तर्गत डिप ट्युववेल तथा स्यालो ट्युववेल गरी सिँचाइ विभाग अन्तर्गत ३० हजार हेक्टरमा र कृषि विकास वैंकबाट ६० हजार हेक्टर समेत गरी जम्मा ९० हजार हेक्टरमा थप सिँचाइ पुऱ्याउने लक्ष्य रहेको छ । लक्ष्य अनुसार कार्यक्रम पुरा भएमा नवौं योजनाको अन्त्यसम्म थप सिँचाइको पुर्वाधार तयारभै सतह तथा भुमिगत जलसिँचाइबाट सिँचाइ हुनसक्ने जम्मा क्षेत्र तल तालिका नं. ७ देखाइएको छ ।

तालिका नं. ७
नवौं योजनाको अन्त्यसम्मको स्थिति

		आठौं योजनाको अन्त्यसम्मको स्थिति	नवौं योजनाको लक्ष्य	नवौं योजनाको अन्त्यसम्मको स्थिति

१.	सिँचाइ विभाग	५,३४,१०२	८२,४००	६१,६५०२
क.	सतह सिँचाइ	(४,७६,९२८)	(५२,४००)	(५,२९,३२८)
ख.	भूमिगत सिँचाइ	(५७,१७४)	(३०,०००)	(८७,१७४)
२.	कृषि विकास बैंक	१,३९,७०१	६०,०००	१,९९,७०१
क.	सतह सिँचाइ	(२७,५५४)		(२७,५५४)
ख.	भूमिगत सिँचाइ	(१,१२,१४७)	(६०,०००)	(१,७२,१४७)
ग.	ऋन्य विभिन्न कार्यक्रम**	२७,२३१		२७,२३१
घ.	लिफ्ट पम्प कार्यक्रम**	२८,५०४		२८,५०४
३.	कृषकहरुद्धारा विकसित सिँचाइक्षेत्र	३,८१,८१४		३,८१,८१४
क	सतह	(३,५७,०९८)		(२४,७१६)
ख	भूमिगत	(२४,७१६)		(२४,७१६)
	कुल जम्मा	१०,५५,६१७	१,४२,४००	११,९८,०१७

अन्य विभिन्न कार्यक्रम तथा लिफ्ट पम्पवाट भएको सिँचाइ विकासलाई कुल जम्मामा जोडिएको छैन ।

नवौं योजनाको लक्ष्य २,६४,५०० हे. मध्ये १,४२,४०० हेक्टर क्षेत्रमा मात्र थप सिँचाइ सुविधा उपलब्ध हुनेछ । १५,१०० हेक्टरमा कमाण्ड क्षेत्र विकास कार्य हुनेछ भने १,०७,००० हे. क्षेत्रमा कृषक प्रणाली सुधार कार्य गरी व्यवस्थित रुपमा सिँचाइ उपलब्ध गराइने कार्यक्रम छ । कृषि विकास वैंकको अन्य विभिन्न कार्यक्रम तथा लिफ्टपम्पबाट उल्लेखित क्षेत्र कुल जम्मामा जोडिएको छैन ।

१२.३ यातायात

१. पृष्ठभूमि

यातायात क्षेत्र खासगरी सडक उप-क्षेत्र भौतिक पूर्वाधारको एक अभिन्न अङ्ग मात्र नभै यसले अन्य अङ्गहरुको विकासमा समेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यातायात क्षेत्रको विकासले उत्पादनमूलक र सामाजिक क्षेत्रहरु जस्तै कृषि, उद्योग, वाणिज्य, शिक्षा र स्वास्थ्य क्षेत्रहरुको विकासमा प्रत्यक्ष प्रभाव पार्छ । नेपालको योजनाबद्ध विकासको प्रारम्भकालदेखि नै यातायात क्षेत्रको विकासलाई उच्चतम प्राथमिकता दिइएकोले यस तर्फ निकै उपलब्धि हासिल भएको छ । तर पनि देशको १४ जिल्लामा मोटर वाटो अझै पुग्नसकको छैन । यस्तै, देशका १८ जिल्लाका सदरमुकामहरुमा मोटर वाटो पुग्नसकेको छैन । बाटो पुगिसकेका कतिपय दुर्गम पहाडी जिल्लाहरुमा समेत आर्थिक उन्नतिको आभास भएको छैन । वाटो मर्मत सम्भारमा आर्थिक स्रोत जुटाउने समस्या झन जटिल हुँदैछ । सडक बाटो निर्माण अत्यधिक खर्च हुने र निर्माण समय अति लामो हुनेहुंदा जनतामा प्रतिफल ज्यादै नै ढिलो पुग्ने तथा लगानी को अनुपातमा प्रतिफल हासिल नहुने स्थिति पनि देखापरेका छन । दुर्गम र विकट पहाडी वसोवास र पहाडको भिरालो अवस्थाले ल्याएको स्थायित्वको समस्याले गर्दा स्रोत परिचालन, पूर्वाधार विकास र दुर्गम पहाडी क्षेत्रको जनताको जीवनस्तर विकास एउटा चुनौतीको रुपमा खडा भएको छ ।

अतः भूवनौट सुहाउदो, टिकाउ, कम खर्चिलो र स्थानीय स्तरमा नै निर्माण एवं मर्मत सम्भार गर्नसकिने पुर्वाधार तथा सडक निर्माण प्रविधिको विकासको साथै साँघुरो पहाडी सडकमा चलाउन सजिलो हुने र कम खतरा हुने भारी यातायात र ढुवानीका साधनको विकासतर्फ समेत ध्यान पुऱ्याउन आवश्यक भएको छ ।

खाद्यान्न अभाववाट ग्रस्त भैरहने र सडक यातायात नपुगेका दुर्गम पहाडी क्षेत्रहरुमा सामाजिक न्यायको अवधारणा समेत अवलम्वन गरी वहु पक्षिय (multimodel) यातायातको अवधारणा समेत अवलम्वन गरी हवाई यातायात को माध्यमवाट राहत पुराउनु पर्ने देखिएको छ । यी क्षेत्रहरुमा पर्यटकिय गतिविधिमा तीव्रता ल्याई स्थानीय आर्थिक गतिविधिमा टेवा पुरयाउदै क्रमिक रुपमा सडक यातायात विकास गर्नुपर्ने हुन्छ ।

कृषि क्षेत्रलाई प्राथमिकता दिएर देशको विकासको गतिलाई अगाडि वढाउने राष्ट्रिय उद्देश्य एवं गरिवी निवारण गर्ने सर्वोपरि उद्देश्य नवौं योजनाले लिएको हुँदा यसै मुख्य उद्देश्यलाई संगठन गरी यातायात क्षेत्रको योजना तर्जुमा गर्न जरुरी हुन्छ । साथै यातयात क्षेत्रमा हाल सम्म भएका लगानी र अव हुने लगानीको अधिकतम प्रतिफल हासिल गर्नेतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । विगतका अनुभवहरुवाट सिकेको पाठहरु माथि ध्यान पुऱ्याउँदै उद्देश्य, रणनीति, नीति, कार्यक्रम र अुगमन तथा मूल्याँकनमा स्पष्ट तालमेल हुनेगरी नवौं योजनामा कार्यव्यवस्था गर्नुपर्दछ ।

राष्ट्रिय यातायात प्रणालीको स्थिति

विभिन्न स्तरका सडकहरु, रोपवे, रेलमार्ग र हवाई मार्ग राष्ट्रिय यातायात प्रणालीका मुख्य अङ्गहरु हुन् जसमा पुल, झोलुङ्गे पुल, टवीन वे, केवल वे पनि समावेश भएका छन् । राष्ट्रिय सडक यातायात प्रणाली अन्तर्गत सडकहरुको वर्गीकरण भै लागू भै सकेको छ । राष्ट्रिय यातायात प्रणालीका विभिन्न अङ्गहरु मध्ये सडक यातायातको अग्रिम भूमिका रहन्छ । यो कुरा चैत २०४८ देखि असार २०५४ सम्मको मोटर गाडीहरुको तथ्याङ्कलाई केलाएर हेर्दा थाहा हुन्छ । यस अवधिमा बस ११५.६ प्रतिशतले, मोटरसाइकल ११८.५ प्रतिशतले र जम्मा सवारी साधन संख्या ९१.० प्रतिशतले वृद्धि भएको थियो । (अनुसूची-१) । मोटर गाडीको अनुपातमा नेपालमा सडक यातायातको विकासक्रम केलाएर हेर्दा आठौं योजना अवधिमा सडकको लम्बाइ कालोपत्रे १५.५ प्रतिशत, खण्डास्मित ३४.२ प्रतिशत, कच्ची

४६.६ प्रतिशत गरी जम्मा ३२.३ प्रतिशत ले वृद्धि भएको देखिन्छ (अनुसूची-२)। सडकको स्वामित्व (जनसङ्ख्याको अनुपातमा सडकको लम्बाइ) १६.२ प्रतिशतले र सडकको घनत्व ३२.३ प्रतिशतले वृद्धि भएको छ । विभिन्न योजना अवधिहरुमा सडकहरुको क्षेत्रगत विकासको स्थिति अनुसूची-३ मा दिइएको छ । अन्य यातायातमा रोपवे ४२.६ कि.मि., रेलमार्ग ५१ कि.मि. र ट्रलीबस १३ कि.मि. छ । सडक यातायात को साथै हवाइ यातयातले राष्ट्रिय यातायात प्रणालीमा महत्वपुर्ण भुमिका खेलेको छ । आन्तरिक हवाई यातयात तर्फ २०४६।४७ मा ११,८११ हवाईजहाज, ३२६ कार्गो र २१५,९५७ यात्रु आवागमन (ovement) भएको थियो भने २०५२।५३ मा ३३,८५१ हवाईजहाज, ११८४९ टन कार्गो र ५७६,९७३ यात्रु आवागमन भएको थियो । खाद्यान्न ढुवानी, उद्धार र प्राकृतिक प्रकोपको समयका मा प्रकोप उद्धार सहयोग (disaster relief) तर्फ हवाई यातयात विकल्परहित भएको छ ।

२. आठौं योजना को समीक्षा

भौतिक प्रगति

आठौं योजनामा सडक निर्माणको भौतिक लक्ष्य वर्गीकरण अनुसार राजमार्ग ७६३ कि.मि., सहायक मार्ग ९१५ कि.मि., शहरी सडक १०० कि.मि. र विभिन्न स्तर अनुसार कालोपत्रे १८७ कि.मि., खण्डास्मित ३७९ कि.मि., कच्ची १२९२ कि.मि. र कुल जम्मा १७७८ कि.मि. रहेको छ । भौतिक प्रगति वर्गीकरण अनुसार राजमार्ग ४७१ कि.मि. (६१.७ प्रतिशत), सहायक मार्ग ४८७ कि.मि. (५३.२ प्रतिशत) र शहरी सडक १३४ कि.मि. (१३४.० प्रतिशत) रहेको छ । स्तर अनुसार कालोपत्रे ११९ कि.मि. (६३.६ प्रतिशत), खण्डास्मित २३१ कि.मि. (६०.९ प्रतिशत), कच्ची ७४२ कि.मि. (६१.२ प्रतिशत) र कुल जम्मा १०९२ कि.मि. (६१.४ प्रतिशत) निर्माण भएको छ, (अनुसूची ४ र ५) । यसको अलावा आठौं योजनामा उल्लेख नभएका सडकहरु कालोपत्रे ३७२ कि.मि., खण्डास्मित ५३७ कि.मि., कच्ची ८६२ कि.मि. गरी जम्मा सडक १७७१ कि.मि. निर्माण भई आठौं योजनाको जम्मा प्रगति कालोपत्रे ४९१ कि.मि. (२६२.६ प्रतिशत), खण्डास्मित ७६८ कि.मि. (२०२.६ प्रतिशत) कच्ची १६०४ कि.मि.(१३२.३ प्रतिशत) र कुल जम्मा २८६३ कि.मि.(१६१.० प्रतिशत) हुनगएको छ ।

हवाई यातायात क्षेत्रमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल क्रमिक सुधारको लागि जम्मा २२ राष्ट्र संग हवाई संझोता भइसकेको छ । आन्तरिक हवाई यातायात तर्फ ४३ विमानस्थल पुग्नजानुको साथै ४ वटा विमानस्थल निर्माणाधिन रहेको र कुल १२० वटा प्रमाणित certified हेलीप्याड रहेका छन् भने ३० वटा आन्तरिक विमानस्थलमा हवाई सेवा चालु रहेको छ । पर्यटक नजाने दुर्गम क्षेत्रका विमानस्थलमा न्यूनतम हवाईसेवा पनि चालु नराख्ने निजी क्षेत्र का विमान कम्पनीहरुको प्रवृत्तिमा सुधार गर्ने उपायहरु पहिचान गरी दृढताका साथ लागू गर्न जरुरी भएको छ । नागरिक उड्डयन प्राधिकरण स्थापनाका लागि ऐन पारित भएको छ ।

आठौं योजनामा २५ वटा मोटर चल्ने पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ५० वटा (२००.० प्रतिशत) निर्माण भएको छ । मूल बाटोमा पर्ने १०० वटा र स्थानीय बाटोमा पर्ने ४०० वटा गरी जम्मा ५०० वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य रहेकोमा झोलुङ्गे पुल डिभिजनबाट ११४ वटा (११४.० प्रतिशत) र स्थानीय विकास मन्त्रालयबाट २४ वटा (६.० प्रतिशत) निर्माण भएको छ । (अनुसूची ७) ।

वित्तीय प्रगति

आठौं योजना अवधिमा सडक र पुलको निर्माण तथा मर्मतको लागि वित्तीय लक्ष्य रु. १२ अरब ३२ करोड ९० लाख (श्री ५ को सरकारको स्रोतवाट रु. ७ अर्व ८७ करोड २८ लाख र वैदेशिक स्रोतवाट रु. ४ अर्व ४५ लाख) रहेकोमा सडक विभाग अन्तर्गत विभिन्न कार्यक्रममा रु. १२ अर्ब १७ करोड ९७ लाख ६७ हजार खर्च (९८.७८%) भएको छ ।

अन्य यातायाततर्फ काठमाडौं-हेटौंडा रोपवेको १३ कि.मि. खण्डको मर्मत एवं सुदृढीकरण भएको छ । जयनगर-जनकपुर-बिजलपुरा रेलमार्गको क्षतिग्रस्त खण्ड मर्मत सम्भार एवं नयाँ चार वटा डिजेल लोकोमोटिभ इन्जिन र १८ वटा बोगी विशेष किसिमको ट्रक उपलब्ध भएको छ । काठमाडौं-भक्तपुर ट्रलीबस सेवामा नयाँ १० वटा ट्रलीबसहरु उपलब्ध भएका छन् । आन्तरिक जलमार्ग सम्बन्धमा नारायणी नदीको नारायणघाट-भैंसालोटन खण्डमा विस्तृत ईन्जिनियरिङ्ग सर्भेक्षण गरी नदीको रुपरेखा र प्रभावक्षेत्र तयार गर्ने कार्य भइरहेको छ । कन्टेनराइज्ड यातायात सम्बन्धमा वीरगञ्ज, भैरहवा र विराटनगरमा आन्तरिक कन्टेनर डिपो निर्माण गरी मल्टिमोडल यातायात सेवाको व्यवस्था एंव रक्सौल देखि ब्रोडगेज रेलमार्ग विस्तार गर्न विस्तृत अध्ययन एवं ईन्जिनीयरिङ्ग कार्य सम्पन्न भएको छ । सवारी प्रदूषण नियन्त्रण गर्ने सिलसिलामा सवारी साधनहरुको प्रदूषण परीक्षण गर्ने र प्रदूषण रहित सवारी साधनहरुको उपयोग गर्ने कार्य सुरु गरिएको छ । सुव्यवस्थित रुपमा यातायात क्षेत्रको विकासको लागि २०५४ साल वैशाखमा राष्ट्रिय यातायात नीति कार्यदल गठन गरी कार्यदलवाट प्राप्त मस्यौदा प्रतिवेदनलाई दृष्टिगत गरेर नीति तर्जुमा गरिएको छ ।

विद्यमान समस्याहरु

पहिलो योजना देखि आठौं योजनाको अन्तसम्ममा (जनसङ्ख्याको अनुपातमा सडकको लम्बाइ बढेर साढे सात गुना भएको छ भने सडकको घनत्व बढेर करिब १८ गुना भएको छ। यसरी सडक यातायातको वृद्धिले आवागमनमा निकै वृद्धि भएको छ भने अर्कोतिर सडक दुर्घटना एवं सवारी प्रदूषणको चाप त्यत्तिकै बढेको छ । सवारी तथा यातायात व्यवस्थामा ध्यान नपुग्नु कार्यान्वयन व्यवस्थाको कमजोर पक्ष हो । यसको अतिरिक्त यातायात क्षेत्रमा देखिएका अन्य प्रमुख समस्याहरु निम्न बमोजिम छन् ।

१. सडक यातायात लगायत विभिन्न अन्य यातायात प्रणालीहरु बीचको अन्तरसम्बन्ध र १५।२० वर्षे दीर्घकालीन योजना अविधिमा न्यूनतम यातायात खर्चवाट अधिकतम यातायात सुविधा तथा आर्थिक हासिल हुनेगरि समन्वयात्मक तथा एकीकृत यातायात प्रणालीको विकासको स्पष्ट गुरु योजना तथा कार्यक्रम यकिन हुननसक्नु ।

२. हवाई यातायात तथा पर्यटकीय गतिविधिवाट दुर्गम क्षेत्रहरुको लागी तत्काल राहत पु-याउन सक्ने र वातावरण अनुकूल हुने गरी आर्थिक गतिविधि विस्तार हुन सक्ने उपायहरुको कमी रहेको ।

३. उद्देश्य, लगानी, प्रतिफल, र अनुगमन तथा मूल्याङ्कनमा स्पष्ट तालमेल हुने गरी यातायात प्रणाली तथा उपप्रणालीहरुको विकास तर्फ उन्मुख संस्थागत संरचना विकास नहुनु ।

४. सडक यातायाततर्फ आशातीत ट्राफिक वृद्धि नहुनु, भूबनौट र वातावरणअनुकूल डिजाइन (Terrain Specific and evironmentally suitable design) नअपनाउनु, मर्मत सम्भारको भार थाम्नै नसक्ने गरी बढदै जानु र जायजेथाको ह्रास बढनु, स्थानीय स्तरमा मर्मत सम्भार क्षमताको संस्थागत विकास नहुनु, सडक पुनरोत्थान र पुनः निर्माण कार्य (Road Rehablitation and Reconstruction) वढदै जानु, सवारी प्रदूषण तथा दुर्घटना वढदै जानु तथा शहरी सडकको अनुपातिक सुधार तथा विस्तार हुन नसक्नु, सडक सीमा अतिक्रमण वढदै जानु, ठेक्का सम्बन्धीदावी (Contract Claims) बढदै जानु, सडक तथा पुलहरुको आयु छोट्टिनु, उपयुक्त प्रविधिको विकासतर्फ अनुसन्धान तथा तालिम पर्याप्त नहुनु ।

५. हवाई यातायत तर्फ दुर्गम क्षेत्रमा भर पर्दो सेवा प्रदान गर्ननसक्नु ।

६. दूरगामी दृष्टिकोण वाट यातायात खर्चमा वचत गर्न तथा पर्यटकीय आवागमन तथा गतिविधि बढाइ यातायात तथा अन्य आर्थिक वृद्धि गर्न ध्यान नपुग्नु ।

३. नवौं योजना

३.१ उद्देश्य

१. राष्ट्रिय यातायात खर्चलाई न्यूनतम गर्न उपयुक्त निर्माण, मर्मत सम्भार तथा संरक्षण गरी राष्ट्रिय यातयात प्रणालीको विकास गरिनेछ ।

२. निर्माण भएका तथा निर्माण हुन लागेका राजमार्ग तथा सहायक मार्गहरुलाई शिघ्र पूरा गरी कृषि क्षेत्रमा टेवा पुऱ्याउनको लागि चाहिने परिपूरक नेटवर्क complimentary network) को अवधारणा अनुरुप कृषि सडक नेटवर्कको विकास गरिनेछ ।

३. कृषि उत्पादन वृद्धिमा स्पष्ट योगदान पुऱ्याउने तर कृषि क्षेत्रको आयोजना तथा वजेटमा नपरेका सडकहरुको नयँ निर्माण गरिनेछ ।

४. देशका सवै क्षेत्रहरुलाई आवद्ध गर्ने तथा जलविद्युत पर्यटन तथा औद्योगिक लगानीका आधारमा ती क्षेत्रको विकासमा टेवा दिन सक्ने उपयुक्त यातायात सरंचनाको पहिचान एवं समन्वयात्मक यातायात प्रणाली अन्तर्गत यसको विकास गरिनेछ ।

५. सामाजिक सडकको अवधारणा अनुरुप गरिबी निवारण तथा क्षेत्रिय असन्तुलन कम गर्ने प्रयासलाई सघाउन दुर्गम क्षेत्रका सडकहरु कम खर्चिलो र अधिकतम स्थानीय सहभागितामा निर्माण गर्ने ।

६. आत्मनिर्भर हुनसक्ने बढी ट्राफिक चाप भएको र प्रमुख सडक (high traffic road/strategic road) कृषि क्षेत्रसंग स्पष्ट एवं प्रत्यक्ष सम्वन्ध राख्ने अन्य सडक र गरिवी निवारणमा सघाउने कम ट्राफिक भएका सामाजिक सडकहरुको अलग-अलग अस्तित्व देखिनेगरी संस्थागत व्यवस्था गर्ने अवधारणा अगाडी वढाइनेछ ।

७. सडक यातायात नपुगेका तथा चाँडो पुग्न नसकिने जिल्लाहरुमा आधारभूत यातायात र हवाई सेवा भर पर्दा गराइनेछ ।

८. आयात र निर्यातका लागि राष्ट्रिय यातायात खर्च न्यूनतम हुने गरी वहु प्रणाली यातायात व्यवस्था (multimodal transport network) को अवधारणा अगाडी बढाइनेछ ।

९. उत्तर तर्फको व्यापार र सीमापारी तीवत क्षेत्रमा भएको यातायातको विकासबाट व्यापार तथा पर्यटनमा पर्नसक्ने असरको अध्ययन गरि उत्तरका दुर्गम क्षेत्रलाई सुविधायुक्त यातायात व्यवस्था गरिनेछ ।

३.२ नीति

(क) सडक यातायात

(१) घना ट्राफिक भएका तथा कृषि सामग्री वितरण तथा कृषि उत्पादनमा प्रत्यक्ष सघाउ पुऱ्याएको राजमार्ग र सहायक मार्गको सम्भार सम्वर्धन, तथा पुनरुत्थान गरी सेवा स्तरमा वृद्धि गरेर सडक उपयोग खर्चमा (user cost) मा कमी ल्याउने ।

(२) घना ट्राफिक भएका सडक तथा महत्वपुर्ण सडकहरुमा सेवा स्तर वृद्धि गर्ने ।

(३) पूर्व-पश्चिम राजमार्ग को वांकी खण्ड पूरा गर्ने ।

(४) कृषि क्षेत्रको अलग कार्यक्रम अन्तर्गत परेका वाहेकका तथा कृषि क्षेत्रलाई ठोस योगदान पुऱ्याउने सडक कृषि क्षेत्रको लेखा जोखा तथा प्राथमिकताको आधारमा नयां निर्माण गर्ने र यस्ता सडकहरुलाई कृषि उत्पादकत्व सँग आवद्ध गराई मर्मत सम्भार गराउने व्यवस्था गर्ने।

(५) महत्वपूण जल विद्युत आयोजना, पर्यटकीय स्थल तथा सिँचाई आयोजना सँग प्रत्यक्ष सम्वन्ध राख्ने सडकहरु सोही सडकसंग आवद्ध गरी निर्माण तथा मर्मत सम्भारका आधार तयार गर्ने ।

(६) न्यून ट्राफिक भएका उत्तर-दक्षिण राजमार्गका खण्डहरु र जिल्ला सदरमुकाम जोड्ने सडकहरुलाई कम खर्चिलो, स्थानीय सामनको अधिकतम उपभोग र श्रममूलक किसिमले निर्माण र मर्मत सम्भार गर्दै जाने ।

(७) गरीवी निवारणलाई सघाउने सामाजिक सडकहरुको पहिचान गरी निश्चित आधारमा प्राथमिकताको कम निर्धारण गरी श्रममूलक, कम खर्चिलो र अधिकतम स्थानीय सहभागीता हुने गरी निर्माण र मर्मत सम्भार गर्ने ।

(८) न्यून ट्राफिक भएका मौजुदा सडकहरुको न्यूनतम मर्मत सम्भार गरी जगेर्ना गर्ने ।

(९) पहाडी क्षेत्रमा कम खर्चिलो हुने र वातावरण संरक्षणमा अनुकुल प्रभाव पार्ने गरी उपयुक्त यातयात प्रणाली विकास गर्ने, अनुसन्धान गर्न, नमूना वा प्रदर्शन आयोजना संचालन गर्ने, तथा तालिम प्रदान गरी जनशक्ति विकास गर्ने कार्यमा निरन्तरता दिने ।

(१०) माटे सडकलाई खण्डास्मित, खण्डास्मित सडकलाई कालोपत्रे सडकमा स्तरोन्नतिका लागि कार्यक्रम तर्जुमा गर्दा हालका दैनिक सवारी संख्यालाई आधार बनाइनेछ । सामान्यतः विद्यमान मापदण्ड अनुरुप ५० दैनिक सवारी भएका पहाडी सडक तथा १५० दैनिक सवारी भएका तराई सडकहरुलाई माटे सडकबाट खण्डास्मित सडकमा स्तरोउन्नति गरिनेछ । त्यस्तै दैनिक १०० सवारी भएका पहाडी सडक तथा दैनिक २५० सवारी भएका तराई सडकहरुलाई खण्डास्मिथ सडकबाट कालोपत्रे सडकमा स्तरोन्नती गरिनेछ ।

(११) माटे सडक निर्माणपछि त्यसमा गरिने आवश्यक सम्भार कार्यमा उपयुक्त डिजाइन र ढुंगा मिश्रित आडिलो माटो प्रयोग गरी न्यूनतम सवारी चाप भएका सडकहरुलाई क्रमिक सुधार गर्दै लगिनेछ ।

(१२) सडक तथा पुलहरुको मर्मत तथा सम्भार कार्यमा प्राथमिकता निर्धारण गरिनेछ । उच्च चाप भएका सडकहरुमा आवागमनको लागि न्युनतम सेवा स्तर तोकी आवागमन शुल्क उठाउने व्यवस्था अन्तर्गत सडक तथा पुल मर्मत तथा सम्भार कार्यमा सडक प्रयोगकर्ताको संलग्नता बढाइनेछ ।

(१३) सडकलाई निश्चित चक्रकोमा आधारमा नियमित र पटके मर्मत सम्भार कार्य गरिनेछ । आवधिक सम्भार (reseal) कार्य सामन्यतया पहाडी सडकमा प्रत्येक ५ वर्ष तथा तराई सडकमा प्रत्येक ६ वर्षमा गरिने नीति लिइनेछ ।

१४) पहाडी क्षेत्रमा न्यून ट्राफिक भएका र हुने सडकहरुमा निर्माण गर्दा न्यूनतम सुरु लगानीवाट सवारी आवागमन सेवा प्रदान हुनसक्ने दृष्टिकोण राखी मापदण्ड अनुसारको न्यनतम निर्माणस्तर अपनाउने, भूक्षय, बाढी, पहिरो, वसाइ सराइको बढदो प्रवृत्ती जस्ता कतिपय कारणले पर्नजाने लगानीको जोखिमलाई कम गर्ने र साधारणतया १० वर्षको विश्लेषण अवधि अपनाई, संम्भाव्यता अध्ययन, डिजाइन तथा आर्थिक विश्लेषण गरिनेछ ।

१५) एकिकृत यातायात (integrated transport system) प्रणाली विकास गर्नेगरी विस वर्षे दीर्घकालीन यातायात योजना तयार गरिने क्षेत्रगत जिम्मेवारी र उत्तरदायित्व तथा संस्थागत स्वायत्तता स्पष्ट पारिनेछ ।

१६) राजमार्ग तथा अन्य सडकहरुमा बोझ नियन्त्रण तथा व्यवस्थापन प्रणाली अनुरुप सवारी व्यवस्थीत गर्ने ।

१७) साँगुरो पहाडी सडकमा चलाउन सजिलो र कम जोखिम हुने किसिमका गाडीहरु प्रयोग गर्न सकिने सम्भावनाहरुको खोजी गरिनेछ ।

१८) शहरी सडकमा दुर्घटना र वातावरण प्रदूषण नियन्त्रण हुनेगरी ट्राफिक व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

१९) शहरी क्षेत्रमा नयां सडकहरु निर्माण कार्यलाई व्यवस्थित बनाउन निर्देशिका तयार गरी ऐन नियममा व्यवस्था गरेर निर्माण कार्यलाई निर्देशित गरिनेछ ।

२०) शहरी सडक विकास गुरु योजनाका विभिन्न चरणहरुमा जग्गा अधिग्रहण तथा थप निर्माण भएका घरहरु अधिग्रहण गर्ने समस्या समयमै निराकरण गर्न जग्गा अधिग्रहण र ट्रयाक खन्ने जस्ता कार्यको थालनी गरिनेछ ।

ख) हवाई यातायात

(१) हवाई यतायातको माध्यमवाट पर्यटकीय गतिविधिको विस्तार गर्ने तथा वातावरण संरक्षणप्रति जागरुकता विकास गर्ने कार्यलाई सडक यातायात विकासंग समन्वित गरिनेछ ।

२) बिकट र दुर्गम क्षेत्रमा नजिकको मोटर पुगेको ठाउं सम्म र विमानस्थलसम्म भरपर्दो हवाईसेवा प्रदान गर्न सम्भाव्य हुने भएका क्रमशः हवाईयान (airship) प्रयोगमा ल्याउने व्यवस्था गरिनेछ ।

३) आन्तरिक हवाईसेवामा प्रयोग मूल्य (user cost) कम गर्नहवाईयान (airship) को उपादेयतावारे अध्ययन गर्ने र उपयोगी देखिएका हवाईयानहरु क्रमिक रुपमा प्रयोगमा ल्याउने व्यवस्था गरिनेछ ।

(ग) अन्य यातायात

(१) नेपालको सिमानाको भन्सार क्षेत्रलाई भारतीय ब्रोड गेज रेलवेसँग जोड्ने प्रयास चालू राखिनेछ ।

(२) पूर्व-पश्चिम रेल मार्गको सम्भाव्यता अध्ययन गराइनेछ ।

(३) वैदेशिक व्यापारमा सुरक्षा र प्रभावकारितामा वृद्धि गर्न कन्टेनराइज्ड यातायात प्रणालीको विकास गर्ने कार्य चालू राखिनेछ । उपयुक्त स्थानहरुमा आन्तरिक कन्टेनर डिपोको सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ ।

(४) मुख्य-मुख्य नदीहरुमा प्राविधिक तवरले सम्भाव्य जलमार्गको विकास गर्ने प्रयास जारी राखिनेछ । यसको अतिरिक्त पूर्व-पश्चिम जलमार्गको सम्भाव्यता अध्ययन पनि गरिनेछ ।

(५) पर्यटन विकासको लागि केवल कारको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

(६) द्रुत तथा वृहत् यातायात प्रणालीहरु प्रयोगमा ल्याउन प्रयास गरिनेछ ।

(७) सम्भाव्य मार्गहरुमा ट्रलीबस सेवा विस्तार गरिनेछ ।

(घ) सवारी तथा यातायात व्यवस्था

(१) सवारी तथा यातायात व्यवस्था सुदृढ गर्न विस्तृत अध्ययन गरी बीस वर्षे यातायात व्यवस्थापन गुरुयोजना तर्जुमा गरिनेछ र सोही अनुरुप अल्पकालीन योजनाहरु तर्जुमा गरी कार्यान्वित गरिनेछ ।

(२) सडक दुर्घटनाको रोकथाम र सडक एवं यातायात सुरक्षाको लागि विशेष व्यवस्था गरिनेछ ।

(३) प्रदूषणरहित सवारी साधनहरुको प्रयोग एवं विकासको लागि उपयुक्त कार्यक्रम सँचालन गरिनेछ । प्रदूषण गर्ने सवारी साधनहरुलाई क्रमशः निरुत्साहित गरिनेछ ।

(ङ) विविध

(१) सम्भव भएसम्म यातायात क्षेत्रको विकासलाई कृषि क्षेत्रको विकाससंग आबद्ध गर्ने गरी यातायात सम्बन्धी कार्यक्रमहरु तय गरिनेछ ।

(२) दुर्गम विकट स्थानहरुमा यातायातका पुराना उपाय र साधनको महत्वलाई अध्ययन गरी तीनको विकास गरिनेछ ।

(३) तिव्वती क्षेत्रलाई जोड्ने नाकाहरुको अवस्थालाई अध्ययन गरी ती नाकाहरुमा सुविधाको व्यवस्था गरिनेछ ।

(४) विभिन्न स्तरका सडक रोपवे, ट्रलीवे, केबलवे, जलमार्ग, रेलमार्ग र हवाइमार्ग समेट्ने गरी एक २० वर्षे राष्ट्रिय यातायात गुरुयोजना तर्जुमा गरर क्रमशः कार्यान्वित गर्दै लगिनेछ ।

(५) यातायात व्यवस्था सम्बन्धी डिजाइन, निर्माण, मर्मत सम्भार, पुनर्स्थापन आदि कार्यमा वातावरणीय ह्रास न्यूनतम गर्ने, र सस्तो प्रविधि, स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग गर्न विशेष ध्यान दिइनेछ ।

(६) निर्माण तथा मर्मतका ठेक्कापट्टाहरुको प्रणालीमा सुधार गरिनेछ। सालवसाली वजेटको आधारमा प्रदान गर्ने ठेक्का पट्टाको वदलामा कार्यक्रम बमोजिम सालवसाली बजेटभित्र रहने गरी पाच वर्षीय कार्यक्रम भित्रका महत्वपूर्ण तथा प्राथमिकता प्राप्त प्रमुख आयोजनाहरुको ठेकका पट्टा तीन देखि पाँ वर्षको कामको आधारमा एकै पटक गर्ने नीति हुनेछ ।

(७) निजी लगानीलाई यातायात क्षेत्रमा आकर्षित गर्ने व्यवस्था गरिनेछ ।

(८) कृषि उत्पादन क्षेत्रलाई बजार बस्तीसंग जोड्ने (market centers) सडकको निर्माणमा विशेष प्राथमिकता दिइनेछ । यस्ता सडकहरुको निर्माण गर्दा समन्वयात्मक कार्यप्रणालीको अवधारणा बनाई स्थानीय निकायहरुको संलग्नता र स्थानीय आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गरी निर्माण कार्य गरिनेछ । निर्माण तथा मर्मत सम्भार कार्यका लागि सामुदायिक सहभागिता एवं आवागमन शुल्क उठाउने पूर्व-सर्तलाई समेत ध्यानमा राखिनेछ । यस्ता कृषिसडकहरुको सर्भे, डिजाइन अनुमान, निर्माण एवं मर्मत सम्भार कार्यको कार्यान्वयन, संयोजन तथा अनुगमन गर्न जनसहभागितालाई प्रोत्साहित गरिनेछ । त्यसका लागि विभिन्न निकायहरुबीच समन्वय राखी तालिम कार्यक्रमहरु सञ्चालन गर्न एउटा केन्द्रीय निकायको स्थापना गरिनेछ ।

(९) पहाडी र तराई क्षेत्रहरुमा ग्रामीण पूर्वाधार विकासको धारणा अनुरुप जनसहभागिता समेत जुटाई सर्भिस ट्रयाकहरुको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

(१०) राष्ट्रिय महत्वका आयोजनाहरुलाई केन्द्रस्तरमा र स्थानीय महत्वका आयोजनाहरुलाई जिल्लास्तरमा राखिनेछ ।

प्राथमिकता

(१) घना ट्राफिक भएका राजमार्ग, उत्तर दक्षिण मार्गहरुको मर्मत सम्भार

(२) पूर्व पश्चिम राजमार्गको वाँकी खण्ड पूरा गर्ने ।

(३) कृषि सडक तथा ग्रामीण सडकहरुको विस्तार गर्ने

(४) महत्वपूर्ण आयोजना जोड्ने सडकहरु बनाउने

(५) आन्तरिक कन्टेनर डिपो व्यवस्था गर्ने

(६) ट्राफिक व्यवस्थापन पद्धति सुदृढ गर्ने

(७) यातायात व्यवस्था विभागको संस्थागत सुदृढीकरण गर्ने

(८) सवारी साधनजन्य प्रदूषण नियन्त्रण गर्ने

(९) ठेक्का पट्टा व्यवस्था तथा निर्माण व्यवसायमा सुधार गर्ने

(१०) पर्यटन विकासको लागि पूर्वाधारको रुपमा सम्भाव्य यातायातको व्यवस्था गर्ने ।

३.३ कार्यक्रम

(क) सडक यातायात

१. सडक पुनर्निर्माण, स्तरोन्नति तथा मर्मत सम्भार

- सडकहरुको पुनर्निर्माण : देशमा विद्यमान सवारी तथा यातायात स्थितिलाई दृष्टिगत गरी चालू राजमार्ग, सहायक मार्ग तथा अन्य सडकहरुको पुनर्निर्माण कार्यक्रमलाई विशेष प्राथमिकता दिइएको छ । योजना अवधिमा ६ वटा राजमार्गहरुको ४१८ कि.मि. कालोपत्रे, आठ वटा सहायक मार्ग एवं अन्य सडकहरुको १७५ कि.मि. कालोपत्रे र तीन वटा सहायक मार्ग एवं अन्य सडकहरुको १६५ कि.मि. खण्डास्मित गरी जम्मा ५९३ कि.मि. कालोपत्रे र १६५ कि.मि. खण्डास्मित समेत गरी कुल जम्मा ७५८ कि.मि. सडक पुनर्निर्माण गरिनेछ । (तालिका १) ।

- सडकहरुको स्तर सुधार : चालू राजमार्ग, सहायक मार्ग तथा अन्य सडकहरुको स्तर सुधारको क्रममा योजना अवधिमा चार वटा राजमार्गहरुको २०५ कि.मि. कालोपत्रे, चार वटा राजमार्गहरुको १५८ कि.मि. खण्डास्मित, १६ वटा सहायक मार्ग एवं अन्य सडकहरुको ३८६ कि.मि. कालोपत्रे, चार वटा सहायक मार्ग एवं अन्य सडकहरुको २४८ कि.मि. गरी जम्मा ५९१ कि.मि. कालोपत्रे र ४०६ कि.मि. खण्डास्मित समेत गरी कुल जम्मा ९९७ कि.मि.सडकको स्तर सुधार गरिनेछ । (तालिका १)

- सडकहरुको आवधिक सम्भार : योजना अवधिमा ११ वटा राजमार्गहरुको १६०६ कि.मि. कालोपत्रे, ३ वटा राजमार्गहरुको २०२ कि.मि. खण्डास्मित, २१ वटा सहायक मार्ग एवं अन्य सडकहरुको ५२३ कि.मि. कालोपत्रे र १६ वटा सहायक मार्ग एवं अन्य सडकहरुको ६२३ कि.मि. खण्डास्मित गरी जम्मा २१२९ कि.मि. कालोपत्रे र ८२५ कि.मि. खण्डास्मित समेत गरी कुल जम्मा २९५४ कि.मि. सडकहरुको आवधिक मर्मत गरिनेछ । (तालिका १)

२. सडक निर्माण तथा सुधार

जिल्ला सदरमुकाम जोड्ने एवं अन्य सडकहरु १२९० कि.मि. र स्थानीय ग्रामीण सडक (ट्रेक्टर रोड समेत) १६९३ कि.मि. गरी जम्मा २९८३ कि.मि. सडक निर्माण गरिनेछ । साथै जिल्ला सदरमुकाम जोड्ने सडकहरुमा आठ वटा राजमार्गहरुको ५१६ कि.मि. कच्ची, यौटा सहायक मार्गको २ कि.मि. खण्डास्मित र सात वटा सहायक मार्गहरुको २१५ कि.मि. कच्ची गरी जम्मा ७३३ कि.मि. सडक निर्माण गरिनेछ । अति विकट स्थानमा रहेका बाहेक अन्य सबै जिल्ला सदरमुकामहरुमा सडक पुऱ्याइनेछ ।

योजना अवधिमा जम्मा ५५७ कि.मि. सडक निर्माण कार्य गरिनेछ । सडकहरुको स्तरोन्नतिको लागिजम्मा ८१९ कि.मी. प्रस्तावित गरिएको छ । (तालिका २) ।

३. पुल निर्माण तथा संरक्षण

- मोटर चल्ने पुल : योजना अवधिमा ८७ वटा पुलहरु निर्माण गरिनेछ । (तालिका ३)

- झोलुङ्गे पुल (मुख्य मार्ग) : योजना अवधिमा ग्रामीण यातायातलाई सुदृढ गर्न झोलुङ्गे पुलहरुको निर्माणमा जोड दिइनेछ । राष्ट्रिय सडक यातायात प्रणाली अन्तर्गत मूल बाटोहरुमा उच्च प्रविधियुक्त झोलुङ्गे पुलहरु केन्द्रीय स्तरबाट निर्माण गरिनेछ ।

४. ग्रामीण सडक निर्माण

- ग्रामीण जनतालाई यातायात सुविधा पुऱ्याउन तथा कृषि क्षेत्र विकासका लागि आवश्यक स्थानीय ग्रामीण सडक (ट्रयाक्टर रोड) निर्माणमा जोड दिइनेछ । योजना अवधिमा यस्ता २५ वटा आयोजनाहरुको जम्मा ४७० कि.मि. सडकको सर्भेक्षण, निर्माण तथा मर्मत सुधार गरिनेछ (तालिका ४)

ग्रामीण क्षेत्रको विकासको लागि सडकको विकास अत्यावश्यक भएकाले योजना अवधिमा १५७ वटा आयोजनाहरुको जम्मा १५३० कि.मि. अन्य ग्रामीण सडकहरु निर्माण गरिनेछ ।

नवौं योजना अवधिमा ७० वटा आयोजनाहरुको जम्मा ७०० कि.मि. घोडेटो सर्भेक्षण, निर्माण तथा मर्मत सुधार गरिनेछ साथै स्थानीय बाटोमा पर्ने ४०० वटा झोलुङ्गे पुल निर्माण गरिनेछ । (तालिका ५)

५. विविध

(१) सामान्य विविध

- सर्भेक्षण, डिजाइन तथा अध्ययन
- यान्त्रिक उपकरण व्यवस्थापन तथा मर्मत सम्भार
- अन्य व्यवस्था

अ) एकीकृत यातायात प्रणाली तथा संस्थागत सुधार अध्ययन

आ) काठमाण्डौं तराई हाई स्पीड सडक र नयां अन्तराष्ट्रिय विमानस्थल विकास वारे अधययन

इ) पहाडी सडक विकास प्रविधि तथा तालीम

ई) सडक यातायातमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने उपर्युक्त व्यवस्था ।

(उ) यातायात घनत्व बढी भएका केही थप राजमार्गहरुमा आवागमन शुल्क (Toll) को व्यवस्था ।

(ऊ) संस्थागत विकास (तालिम, गुणस्तर नियन्त्रण, मर्मत व्यवस्थापन प्रणाली विकास, कम्प्युटर नेटवर्किङ्ग, प्रलेख केन्द्र ।

(ए) अनुसन्धान एवं विकास

(ऐ) सडक, पुल निर्माण सुधार सम्बन्धी नीति र नियम कानूनको तर्जुमा ।

(ओ) प्राकृतिक-प्रकोपबाट सडक पुल बचावट तथा त्यसका लागि पूर्व तयारी

(औ) स्वदेशी निर्माण उद्योगको प्रवर्द्धन

(अं) ट्राफिक इन्जिनियरिङ्गमा विशेष ध्यान दिने व्यवस्था ।

(२) अन्य विविध

- ठेक्का प्रणालीको अध्ययन
- निर्माण व्यवस्थापन तथा विकास केन्द्र स्थापना
- यातायात क्षेत्रमा निजी क्षेत्रको लगानी अध्ययन

(ख) अन्य यातायात

१. रोपवे

नेपालको एक मात्र ४२ कि.मि. लामो काठमाडौं-हेटौंडा रोपवेका सुधार र निजीकरण गर्ने तर्फ कार्य थालनी गरिनेछ । पर्यटन प्रवर्द्धनको लागि रोपवेको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न पहाडी एवं दुर्गम पर्यटन स्थलहरुको पहिचान गरी रोपवे विकासको लागि सम्भाव्यताका आधारमा अगुवा आयोजनाहरु सञ्चालन गरिनेछन् ।

२. रेलमार्ग

नेपालको एक मात्र ५१ कि.मि. लामो जयनगर - जनकपुर - बिजलपुरा रेलमार्गको सुधार एवं विस्तार गरी यसलाई बढी भरपर्दो सुलभ र प्रभावकारी बनाइनेछ । यसको साथै पूर्व-पश्चिम रेलमार्ग र जनकपुर - बर्दीबास रेलमार्गको सम्भाव्यता अध्ययन गराइनेछ । पारवहनको दृष्टिकोणबाट महत्वपूर्ण रहेको रक्सौल - बीरगञ्ज ब्रोडगेज रेलमार्ग निर्माण गरी बीरगन्जमा निर्माण हुने (सुख्खा बन्दरगाह) dry port संग आबद्ध गरिनेछ ।

३. ट्रलीबस सेवा

नेपालको एक मात्र १३ कि.मि. लामो काठमाडौं - भक्तपुर ट्रलीबस सेवालाई नवौं योजना अवधिमा काठमाडौं चक्रपथमा विस्तार गरिनेछ । यसलाई निजीकरण गर्ने कार्य थालनी गरिनेछ । काठमाडौं उपत्यकामा त्रिपुरेश्वर-कीर्तिपुर, थापाथली - पाटनढोका - पुल्चोक र त्रिपुरेश्वर - महाराजगञ्ज - चक्रपथ सङ्गममा ट्रलीबस सेवा विस्तार गर्न विस्तृत अध्ययन गरिनेछ र सेवा सञ्चालन गर्न क्रमशः आवश्यक पूर्वाधार निर्माण गरिनेछ । पूर्वाञ्चलमा विराटनगर - इंटहरी - धरान र पश्चिमाञ्चलमा भैरहवा - बुटवल खण्डमा ट्रलीबस सेवा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गराइनेछ र आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

४. आन्तरिक जलमार्ग

आठौं योजना (२०४९-२०५४) मा नारायणघाट - भैसालोटन खण्डमा नारायणी नदीको विस्तृत इन्जिनीयरिङ्ग सर्भेक्षण गरी नदी विवरण तयार गर्ने कार्य भइरहेकोमा नवौं योजना अवधिमा यो कार्य सम्पन्न गरिनेछ । भैंसालोटन भन्दा तलको गंगा नदी सम्मको गण्डकी नदीको खण्डमा जलमार्गको यथार्थ वस्तुस्थितिको पहिचान गरेर भारतको राष्ट्रिय जलमार्ग प्रणालीसँग आवद्ध गरी जलमार्ग पारवहन सेवाको प्रारम्भ गर्नेतर्फ अध्ययन गरिनेछ । यसका

साथै नेपालका अन्य मुख्य नदीहरु जस्तै कोसी, कर्णाली, महाकाली आदिमा पनि जलमार्ग विकास गरी भारतको जलमार्गसंग आबद्ध गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

५. कन्टेनराइज्ड यातायात

आठौं योजना (२०४९-५४) कालमा सम्पन्न भएको बहुउद्देश्यीय यातायात सेवाको विस्तृत इन्जिनीयरिङ्ग अध्ययनको आधारमा नवौं योजना अवधिमा वीरगन्ज, भैरहवा र विराटनगरमा आन्तरिक कन्टेनर डिपाको आवश्यक भौतिक पूर्वाधार निर्माण गरेर रक्सौल देखि वीरगन्जसम्म ब्रोडगेज रेलमार्ग विस्तारगरी मल्टीमोडल कन्टेनराइजेशन आयोजना सञ्चालन गरिनेछ । साथ यातायातकोस्तर अभिवृद्धिका लागि गर्न आवश्यक नीति नियम तर्जुमा, नियन्त्रण एवं अनुगमन र कार्यक्रम सञ्चालन गर्न नेपाल बहुउद्देश्यीय यातायात प्राधिकरणको स्थापना गरिनेछ ।

(ग) सवारी तथा यातायात व्यवस्था

१. यातायात व्यवस्था विभागको संस्थागत विकास

सवारी तथा यातायात व्यवस्थालाई सुव्यवस्थित एवं सुदृढ गरी यातायात सेवालाई भरपर्दो सुरक्षित, प्रदूषणरहित र जनसेवामूलक बनाई सेवाको गुणात्मक वृद्धि गर्न स्थापित यातायात व्यवस्था विभागको प्रशासनिक तथा प्राविधिक पक्षलाई सक्षम, साधन सम्पन्न र बढी प्रभावकारी बनाउन यसको संस्थागत विकास गरिनेछ । यसको लागि निम्न आयोजनाहरु संचालन गरिनेछन् ।

यातायात व्यवस्था विभागको लागि भौतिक सुविधा

यातायात व्यवस्था विभाग र अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुको लागि काम गर्ने राम्रो वातावरण बनाउन आवश्यक सुविधायुक्त कार्यालय भवनहरुको निर्माण गरिनेछ । ती कार्यालयहरुको निरीक्षण, सुपरिवेक्षण, छड्के जांच जस्ता कार्य सुचारु एवं व्यवस्थित तवरले गर्न आवश्यक साधनहरु उपलब्ध गराइनेछ ।

- यातायात व्यवस्था विभागको कम्प्युटराइजेशन

यातायात व्यवस्था विभाग र अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट सम्पादन हुनुपर्ने कामहरु जस्तै सवारी दर्ता, सवारी जांचपास, रुट इजाजत, र नवीकरण, नामसारी, चालक अनुमतिपत्र प्रदान, प्रदूषण परीक्षण आदि सम्पूर्ण कार्यहरु कम्प्युटर विधिवाट गर्न यातायात व्यवस्था विभाग र यातायात व्यवस्था कार्यालयहरुलाई कम्प्युटरहरु उपलब्ध गराई नेटवर्किङ्ग समेत गरिनेछ । यसले यातायात सम्बन्धित पक्षहरुलाई सेवा सुविधा पुयाउने काममा नियमितता ल्याउने, राजस्व चुहावट नियन्त्रण गर्ने एवं पारदर्शी र स्वच्छ प्राविधिक एवं प्रशासनिक कार्य गर्नमा सघाउ पुऱ्याउनेछ । साथै यस व्यवस्थावाट सवारी दर्ता, रुट इजाजत, सवारी इजाजत प्रदान र राजस्व उठ्तीको व्यवस्थित अभिलेख राख्ने, यातायात व्यवस्था विभागबाट यातायात

व्यवस्था सम्बन्धी काम कारवाहीमा कम्प्युटरबाट निरीक्षण तथा नियन्त्रण गर्ने, ट्राफिक र यातायात योजना, यातायात प्रणाली योजना आदि कार्यमा सहयोग पुग्नेछ ।

- ट्राफिक इन्जिनीयरिङ्ग एकाइको स्थापना

विद्यमान ट्राफिक इन्जिनीयरिङ्ग समस्याहरु र सवारी मापदण्डको नियमित अध्ययन-अनुसन्धान गरी समस्या निराकरणका उपायहरु पत्ता लगाउने, एक्सल लोड, ट्रान्स्भर्स डिस्ट्रीव्यूशन आदिको नियमित अध्ययन गर्ने, सडक चिन्ह एवं सडकेतहरुको निर्माण सुधार एवं मर्मत गर्ने, ट्राफिक इन्जिनीयरिङ्गको प्रारम्भिक सिद्धान्तहरु कार्यान्वयन गर्ने गराउने, चालक, ट्राफिक प्रहरी एवं सडक प्रयोगकर्ताहरुलाई तालिम प्रदान गर्ने जस्ता कार्यका लागि यातायात व्यवस्था विभाग अन्तर्गत ट्राफिक इन्जिनीयरिङ्ग एकाइको स्थापना गरिनेछ । यसले सडक विभागको ट्राफिक इन्जिनीयरिङ्ग तथा सुरक्षा एकाइसंग समन्वय गरी कार्य गर्नेछ ।

२. सवारी र यातायातको अध्ययन एवं कार्यान्वयन

काठमाडौं उपत्यका र अन्य शहरी क्षेत्र लगायत देशका सबै भागमा सवारी तथा यातायात व्यवस्था सुदृढ गर्न वृहत् अध्ययन गरी सडक यातायातमा २० वर्षे यातायात व्यवस्थापन गुरुयोजना र त्यस अनुरुप अल्पकालीन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै शहरी यातायातको पूर्वाधार निर्माण सम्बन्धी गुरुयोजना तर्जुमा गरिनेछ । यस्तो गुरुयोजनामा शहरी सडकको निर्माण, सुधार तथा मर्मत कार्यमा नगरपालिकाहरुको भूमिका, शहरी विकास कार्यक्रम अन्तर्गत निर्माण सुधार गर्नु पर्ने सडकहरु, पेटी, साइकल बाटो, बस बिसौनी, पार्किङ्ग क्षेत्र, सबवे, फ्लाई ओभर तथा ओभरब्रिज निर्माण र वातावरणीय प्रदूषण कम गर्ने सार्वजनिक यातायात प्रणालीहरुको विकास समावेश हुनेछ। यात्री, यातायात व्यवसायी, यातायात मजदूर एवं पैदल यात्रीहरुका समस्याहरुको निराकरण गर्ने उपाय पत्ता लगाइनेछ । यसको लागि निम्न बमोजिम आयोजनाहरु सञ्चालन गरिनेछ ।

- देशव्यापी विस्तृत सवारी र यातायात अध्ययन एवं कार्यान्वयन

  यस कार्यक्रम अन्तर्गत बस रुट र यात्री आवागमन अध्ययन, सामान परिवहन अध्ययन आदि समावेश हुनेछ ।

- काठमाडौं उपत्यका र अन्य शहरी क्षेत्रको विस्तृत सवारी र यातायात अध्ययन एवं कार्यान्वयन ।

  कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यका र अन्य शहरी क्षेत्रको विस्तृत सवारी तथा यातायात व्यवस्थाको अध्ययन, अनुसन्धान, योजना, डिजाइन र निर्माण आदि काम समावेश हुनेछ ।

३. सवारी दुर्घटना रोकथाम र बचावट, सुरक्षा तथा यातायात सुरक्षा :

सुरक्षा दुर्घटनाको वैज्ञानिक अनुसन्धान, ब्ल्याक स्पटहरुको अध्ययन, दुर्घटनाका स्थल नक्सा बनाएर सवारी दुर्घटना रोकथाम र बचावटका उपायहरु कार्यान्वयन गरिनेछन् । यातायात व्यवस्था विभाग अन्तर्गत ६ स्थानमा दुर्घटना बचावट केन्द्र खोलिनेछ । यसका लागि

आवश्यक एम्वुलेन्सहरुको व्यवस्था गरिनेछ । यातायात व्यवस्था विभाग अन्तर्गत ३६ स्थानहरुमा यातायात सुरक्षा केन्द्रहरुको स्थापना गरिनेछ । यस केन्द्रले यातायात व्यवसायी, यातायात मजदूर एवं यात्रीहरुको सुरक्षा गर्नेछ । यसको लागि आवश्यक घुम्ती गाडीहरुको व्यवस्था गरिनेछ । साथै यी केन्द्रहरु एक आपसमा र यातायात व्यवस्था विभागसँग दूरसञ्चारको माध्यम (टेलिफोन र वाकिटकी) बाट आवद्ध गरिने छन् । विभिन्न सडकहरुको सडक सुरक्षा परीक्षण (Road Safety Audit_ व्यवस्था गरिनेछ ।

४. सवारी प्रदूषण नियन्त्रण

काठमाडौं उपत्यका लगायत नेपालका अन्य प्रमुख स्थानहरुमा सवारी प्रदूषण नियन्त्रण गर्न धूवाँ जाँच (Vehicle Emission Test) नियमित तवरले गर्ने र थलोमा गई सवारी प्रदूषण अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य यातायात व्यवस्था कार्यालयहरुबाट गरिनेछ । यातायात व्यवस्था विभागवाट सवारी प्रदूषण सम्बन्धी प्रचार, प्रसार, तालिम तथा गोष्ठीको आयोजना गरिनेछ र सवारी प्रदूषण नियन्त्रणको लागि छड्के जांच समेत गरिनेछ । प्रदूषण रहित सवारी साधन (Zero Emission Vehicle) हरुको उत्पादन, विकास एवं सेवा सञ्चालनलाई प्रोत्साहित गरिनेछ । प्रदूषण नियन्त्रणको सम्बन्धमा जनसङ्ख्या तथा वातावरण मन्त्रालय र ट्राफिक प्रहरी र उपभोक्तासँग सम्बन्धित संघ संस्थाहरुसँग समन्वय राखी कार्य गरिनेछ ।

५. विविध

यातायात व्यवस्था विभागबाट यातायात तथ्याङ्कको प्रकाशन, जर्नल अफ ट्राफिक एण्ड ट्रान्स्पोर्टेशन पत्रिका प्रकाशन र यातायात व्यवसायी, यातायात मजदूर एवं उपभोक्ताहरु बीच समय समयमा अन्तरक्रिया र गोष्ठीको सञ्चालन गरिनेछ । यातायात व्यवस्था विभागलाई सवारी र यातायात सम्बन्धी व्यवसायिक संस्थाहरुको सदस्य बनाइ जनशक्ति विकासको लागि तालिमको व्यवस्था गरिनेछ । प्रलेख केन्द्र एवं पुस्तकालयको सम्बर्द्धन र प्रविधि हस्तान्तरण कार्यलाई सञ्चालन गरी यातायात व्यवस्था विभागलाई सुदृढ बनाइनेछ ।

३.४ विनियोजन

नवौं योजनामा यातायात क्षेत्रका कार्यक्रमहरु सञ्चालन गर्नको निमित्त जम्मा रु. ३१ अर्ब ३१ करोड ३९ लाख खर्च हुने अनुमान गरिएको छ । सडक यातायात तर्फ रु. ७ अर्ब २ करोड अन्य यातायात तर्फ रु. ३ अर्ब ६९ करोड ३९ लाख र सवारी तथा यातायात व्यवस्था तर्फ रु. ६० करोड खर्च छुट्याइएको छ (तालिका ६) । उक्त तीनवटै उपक्षेत्रहरुको प्रस्तावित खर्चको बाँडफाँडको विवरण सडक यातायात तालिका ७ मा, अन्य यातायात तालिका ८ मा र सवारी तथा यातायात व्यवस्था तालिका ९ मा प्रस्तुत गरिएको छ ।

७. प्रस्तावित खर्चको स्रोत

नवौं योजनाको लागि प्रस्तावित खर्चको स्रोत तालिका ११ मा दिइएको छ। त्यस अनुसार यातायात क्षेत्रको कुल जम्मा खर्च मध्ये श्री ५ को सरकारबाट रु. १५ अर्ब ९८ करोड ९८ लाख (५१ प्रतिशत) र वैदेशिक श्रोतबाट रु. १५ अर्ब ३२ करोड ४१लाख (४९ प्रतिशत) व्यहोरिने अनुमान गरिएको छ ।

परिच्छेद १३

सामाजिक सेवा तथा सामाजिक सुरक्षा

१३.१ शिक्षा

१. पृष्ठभूमि

राष्ट्रभक्त, अनुशासित, उत्पादनशील, जनशक्ति निर्माणमा शिक्षाको अहम भूमिका रहन्छ । शिक्षित जनशक्ति नै राष्ट्रका अमूल्य सम्पदा र प्रगतिका संवाहक हुन् । देशको बहुआयामिक विकास तथा प्रगति मुलुकले अख्तियार गरेको शिक्षा नीतिमा निर्भर गर्दछ । यस परिप्रेक्ष्यमा २००७ सालमा प्रजातन्त्रको उदय भएदेखि यता समयको माग एवं जनचाहनाअनुसार प्रजातान्त्रिक मूल्य र मान्यताअनुरुप शैक्षिक कार्यक्रमहरुलाई योजनावद्ध तवरले अघि वढाई व्यापक वनाउने प्रयास हुँदै आएको छ । नवौं योजनामा शिक्षालाई गरिवी निवारणका र सम्पूर्ण विकासका निम्ति एक सशक्त माध्यमका रुपमा उपयोग गर्ने मूल नीति रहेको छ । साथै शिक्षामा समान अवसरको उपलव्धता, गुणात्मक स्तर सुधार, आन्तरिक र वाह्य सक्षमतामा अभिवृद्धि तथा शिक्षालाई विकासका आवश्यकता सापेक्ष बनाइनेतर्फ विशेष जोड दिइनेछ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजनामा लक्ष्यित गरिएका कार्यक्रमहरुको कार्यान्वयनबाट हासिल गर्न सकिएका उपलव्धि सन्तोषजनक नै देखिन्छ । आठौं योजनामा शिक्षा क्षेत्रको प्रगति तल दिइएको तालिकामा प्रस्तुत गरिएकोछ ।

कार्यक्रम विवरण	लक्ष्य	प्रगति
प्राथमिक वालबालिकाहरुको खुद भर्ना प्रतिशत	९०	६९.४ *
थप प्राथमिक विद्यालय	२०२५	३५२४
थप प्राथमिक शिक्षक	८०००	१४,८८३
निम्न माध्यमिक तथा माध्यमिक वालबालिकाहरुको भर्ना प्रतिशत (निम्नमाध्यमिक) (माध्यमिक)	४५	 ५०.३ ३४.७
शिक्षक थप निम्न माध्यमिक माध्यमिक	५४०४	६६९९ ४७९६
विद्यालय थप निम्न माध्यमिक माध्यमिक	९००	१४६१ ८२४
उच्च माध्यमिक विद्यालय विद्यार्थी संख्या	१२५ ४०,०००	२१३ २१,०४८
अनौपचारिक तर्फ साक्षरता प्रतिशत	६०	४८ * *
महिला शिक्षक नियुक्ति	५,१००	४,१५०
प्राविधिक शिक्षा- नियमित प्रशिक्षण -अल्पकालीन प्रशिक्षण	२५९५ २०३४	२२७४ ६७०९
विश्वविद्यालय	-	५
त्रिभुवन विश्वविद्यालयका आंगिक र सम्वन्धन प्राप्त क्याम्पस	-	१६६ क्याम्पस

* खुद भर्ना प्रतिशत समष्टिगत रुपमा दिइएको छ ।

* * साक्षरता प्रतिशत समष्टिगत रुपमा दिइएको छ ।

प्राथमिक शिक्षातर्फ योजना अवधिमा प्राथमिक शिक्षा उमेर ६ देखि १० वर्षका वालवालिकाहरुको खुद भर्ना (net enrollment) प्रतिशत ९० पुऱ्याउने लक्ष्यअनुरुप २०२५ प्राथमिक विद्यालय थप गर्ने र ८००० प्राथमिक शिक्षक थप गर्ने कार्यक्रम भएकोमा २०५३ सालको तथ्याङ्कअनुसार योजना अवधिमा विद्यालय संख्या ३५२४ र शिक्षक संख्या १४,८८३ थप भई खुद भर्ना प्रतिशत ६९.४ पुगेको देखिन्छ । निम्न माध्यमिक तथा माध्यमिक तर्फ योजना अबधिमा ११ वर्ष देखि १५ वर्ष उमेर समूहका ४५ प्रतिशत बालवबलिकाहरुलाई उक्त तहको शिक्षा सुविधा उपलब्ध गराउने, ९०० विद्यालय थप गर्ने र ५,४०४ शिक्षक थप गर्ने लक्ष्य भएकोमा निम्न माध्यमिक तर्फ योजनाको अन्त सम्ममा १४६१ विद्यालय र ६,६९९ शिक्षक थप भएको देखिन्छ । यस तहमा बालबालिकाहरुको भर्ना प्रतिशत ५०.३ पुगेको देखिन्छ । त्यस्तै माध्यमिक तहमा विद्यालय संख्या ८२४ र शिक्षक संख्या ४७९६ थप भएको देखिन्छ । विद्यार्थी भर्ना प्रतिशत ३४.७ पुगेको पाइन्छ ।

उच्च माध्यमिक शिक्षातर्फ योजना अवधिमा अधिराज्यका १२५ माध्यमिक विद्यालयहरुमा उच्च माध्यमिक शिक्षा सञ्चालन गर्ने लक्ष्य रहेकोमा आ.व. २०५३।५४ सम्म अधिराज्यभरी जम्मा २१३ उच्च माध्यमिक विद्यालय सञ्चालन भएको देखिन्छ । विद्यार्थी संख्याको हकमा ४०,००० पुऱ्याउने लक्ष्य भएकोमा जम्मा २१,०४८ पुगेको देखिन्छ ।

देश विकासको निम्ति निरक्षरता एक अवरोधको रुपमा रहेको तथ्यलाई दृष्टिगत गरी योजना अवधिमा साक्षरता प्रतिशत ६० पुऱ्याउने लक्ष्य लिइ साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा कार्यान्वयन गरिएको थियो । योजना अवधिमा सरकारी तथा गैरसरकारी साक्षरता कार्यक्रमहरुबाट १३ लाख ६ हजार साक्षर वृद्धि भइ देशमा ६ वर्ष र सोभन्दा माथिको जनसंख्याको साक्षरता प्रतिशत ४८ पुगेको अनुमान छ ।

प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने प्रमुख उद्देश्य लिइ सञ्चालन भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना आठौं योजना अवधिमा अधिराज्यका ४० जिल्लामा सञ्चालन भई प्राथमिक तहका सुरुका कक्षाहरुमा वीचैमा कक्षा छाड्ने प्रवृत्तिलाई घटाउने उद्देश्यले ४० जिल्लाका ५८८ विद्यालयमा पूर्व प्राथमिक कक्षा सञ्चालन गरिएको छ । सम्पूर्ण प्राथमिक विद्यालयका ९१ हजार ९६३ शिक्षकलाई सेवाकालीन तालिम प्रदान गरिएको छ । परियोजनाअन्तर्गत संस्थागत विकास तर्फ ६६९ स्रोतकेन्द्र स्थापना र ३९५ स्रोतकेन्द्र भवन निर्माण गरिएको छ । १२,१९२ नयां कक्षा कोठा निर्माण र ६०१९ कक्षाकोठा पुनर्स्थापन गरिएको छ । साथै १५ जिल्ला शिक्षा कार्यालय भवन निर्माण गरिएको छ । प्राथमिक विद्यालयमा महिला शिक्षकहरुको नियुक्तिमा प्राथमिकता दिने नीति लिइ प्राथमिक विद्यालयमा कमसे कम एकजना महिला शिक्षक अनिवार्य नियुक्ति गर्ने उद्देश्यले ४१५० महिला शिक्षक नियुक्ति गरिएको छ ।

योजना अवधिमा प्राथमिक शिक्षा विकास परियोजनाअन्तर्गत अधिराज्यका विभिन्न ९ क्षेत्रमा प्राथमिक शिक्षक प्रशिक्षण केन्द्र स्थापना गर्ने लक्ष्यअनुरुप प्राथमिक शिक्षक प्रशिक्षण केन्द्रहरु स्थापना भइ प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेको छ । परियोजनाअन्तर्गत १७,२६५ प्राथमिक शिक्षकलाई तालिम प्रदान गरिएको छ । यस्तै माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन भइरहेको माध्यमिक शिक्षा विकास परियोजनाअन्तर्गत निम्न माध्यमिक तथा माध्यमिक शिक्षकहरुका लागि अंग्रेजी, गणित, विज्ञान तथा नेपाली बिषयमा तालिम कार्यक्रम सञ्चालन गर्नुका अतिरिक्त पाठयक्रम पाठयपुस्तक परिमार्जन र सुधारका साथै परीक्षा प्रणालीमा सुधार सम्बन्धी कार्यहरु भएका छन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमतर्फ योजना अवधिमा अधिराज्यको बिभिन्न भागमा ४ नयां प्राविधिक विद्यालय स्थापना गर्ने लक्ष्य रहेकोमा डोटी, बाँके, दाङ्ग, र मुस्ताङ्ग जिल्लामा प्राविधिक शिक्षालय स्थापना गरि सकिएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालन भइरहेको प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम केन्द्रहरुबाट २५९५ जनालाई

नियमित प्रशिक्षण दिने र २०३४ जनालाई अल्पकालीन तालिम दिने लक्ष्य रहेकोमा २२७४ जनालाई नियमित प्रशिक्षण र ६७०९ जनालाई अल्पकालीन प्रशिक्षण प्रदान गरिएको छ ।

योजना अवधिमा काठमाडौं विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालय स्थापना भइ सञ्चालनमा रहेका छन् । यसैगरी पोखरा विश्वविद्यालय स्थापनाका लागि प्रस्ताव गरिएको छ । योजना अवधिसम्ममा त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालय समेत गरी कुल विश्वविद्यालय संख्या ५ र त्रि.वि. अन्तर्गत आंगिक ६१ र निजी १३५ गरी १६६ क्याम्पस सञ्चालन भएका छन् ।

३. बिद्यमान चुनौती

शिक्षा क्षेत्रमा हाल विविध समस्या विद्यमान छ । आधारभूत शिक्षाको पहुँच अझै सर्वसुलभ हुन सकेको छैन । जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा निरक्षर छ । आधारभूत तहदेखि उच्च तहसम्म शैक्षिक गुणस्तर अपेक्षित रुपमा सप्रन सकेको छैन । शैक्षिक कार्यक्रममा समान लैंगिक सहभागिता रहेको पाइदैन । शिक्षा प्रणालीका आधारभूत तहदेखि उच्च तहसम्म नै आन्तरिक र वाह्य सक्षमता उत्साहप्रद छैन । शैक्षिक व्यवस्थापन सुदृढ हुन सकेको छैन । आशा गरेअनुरुप शिक्षामा स्फूर्त र उपलब्धिमूलक जनसहभागिता प्राप्त गर्न सकिएको छैन । पाठयक्रम र पाठयपुस्तकहरुलाई विकासका आवश्यकताहरुसंग तादात्म्य गराउन र तहगत रुपमा परस्परमुखी बनाउन सकिएको छैन । शिक्षा क्षेत्रको आर्थिक व्यवस्थापन पक्षमा सरकारप्रतिको बढ्दो निर्भरतामा कमी आउन सकेको छैन । उच्च शिक्षामा लागतपूरण (cost recovery) गर्नुपर्ने हो तापनि वास्तविकतामा यसको अवधारणा कार्यान्वयन हुन सकेको छैन । खासगरी ग्रामीण क्षेत्रमा प्राथमिक विद्यालयहरुमा शिक्षक उपस्थिति न्यून रहेको पाइन्छ र विद्यालय आकर्षणको केन्द्र बन्न सकेको छैन । शिक्षक तालिम प्रभावकारी भएको पाइदैन । शैक्षिक सामग्री खासगरी कतिपय दुर्गम क्षेत्रमा पाठयपुस्तक वितरण कार्य समयमा हुन सकेको छैन ।

माध्यमिक तहदेखि उच्च तहसम्म प्रदान गरिने व्यवसायिक तथा प्राविधिक शिक्षा देशको आर्थिक विकासको क्रमसंगपूर्ण रुपले आवद्ध हुन सकेको छैन । शिक्षाको प्रत्येक तहमा बहिर्गमन विन्दु (exit point) बाट निस्केका विद्यार्थीहरु देश विकासको आवश्यकताअनुसार उपयुक्त जनशक्तिका रुपमा विकसित हुन सकेका छैनन् ।

शिक्षा क्षेत्रमा गरिएका अनुसन्धान र प्रवर्तन कार्यक्रमहरुका उपलब्धिहरुलाई वास्तविक रुपमा उपयोग गरिएको पाइँदैन । शिक्षा क्षेत्रमा संचालित ठूला परियोजनाका उपलब्धिमूलक कार्यक्रमहरुलाई दिगो राख्नेतर्फ सक्रिय कदम चालिएको पाइदैन । यसरी समस्याहरुबाट ग्रसित वर्तमान शैक्षिक प्रणालीभित्रका विद्यमान समस्याहरुलाई निम्न रुपमा राख्न सकिन्छ ।

पूर्व प्राथमिक तह :

- साधन र स्रोतको कमीका कारण अधिराज्यव्यापी रुपमा पूर्व-प्राथमिक शिक्षाको अवसर दिन सकिएको छैन ।
- पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने सक्षम शिक्षकहरु तयार गर्न सकिएको छैन ।
- पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन गर्न चाहिने शैक्षिक सामग्रीहरुको व्यवस्था गर्न सकिएको छैन ।
- जनसहभागितालाई उपलब्धिमूलक बनाउन सकिएको छैन ।
- पूर्व प्राथमिक शिक्षामा गरिएका प्रवर्तनात्मक कार्यक्रमका उपलब्धि अनुरुप कार्यक्रमलाई प्रभावकारी बनाउनेतर्फ खासै ध्यान पुऱ्याउन सकिएको छैन ।

प्राथमिक तह :

- प्राथमिक विद्यालय उमेरका करिव ३१ प्रतिशत वालबालिकाहरु विद्यालयमा भर्ना भएका पाइदैनन् ।
- खासगरी विद्यालयमा वालिकाहरुको उपस्थितिमा कमी रहेको देखिन्छ ।
- विपन्न, जनजाति, पिछडिएका वर्ग, विकट भौगोलिक क्षेत्रमा बसोवास गर्ने समुदायका वालवालिकाहरु प्राथमिक शिक्षाको अवसरबाट वञ्चित छन् ।
- प्राथमिक तहमा कक्षा छाड्ने र दोहोऱ्याउने स्थिति प्रवल रुपमा रहेको देखिन्छ ।
- प्राथमिक शिक्षाको आन्तरिक र वाह्य सक्षमता उत्साहप्रद छैन ।
- खासगरी ग्रामीण क्षेत्रका प्राथमिक विद्यालयहरुमा शिक्षक उपस्थिति उत्साहप्रद देखिदैन ।
- पाठयक्रमलाई जीवनोपयागी बनाउने कार्यमा अझै कमी रहेको छ ।
- प्राथमिक शिक्षा क्षेत्रमा कार्यान्वयन गरिएका परियोजनाका उपलव्धिहरुलाई संस्थागत गर्न सकिएको छैन ।
- शैक्षिक गुणस्तरमा अपेक्षित सुधार भएको पाइदैन ।
- प्राथमिक शिक्षामा गुणात्मक सुधारको निम्ति स्थानीय जनसहभागिता, अभिभावकको आफ्ना केटाकेटीको शैक्षिक उपलव्धिप्रति रहनुपर्ने चासो, समाजसेवी तथा अन्य सम्वन्धित निकायहरुबाट निर्वाह गरिनु पर्ने भूमिका गतिशील हुन नसकेको कारण शैक्षिक व्यवस्थापन विकेन्द्रीत हुन सकेको छैन ।
- प्राथमिक विद्यालयको सुपरिवेक्षण, विद्यालयका कार्यक्रमको अनुगमन तथा विद्यार्थी मूल्यांकनमा प्रभावकारी उपलव्धि हासिल गर्न सकिएको छैन ।
- प्राथमिक शिक्षालाई सर्वसुलभ गर्ने प्रवर्तनात्मक उपायहरु ठोस रुपमा अवलम्वन गर्न सकिएको छैन ।

माध्यमिक तह :

- पाठयक्रमलाई सामाजिक, प्राविधिक, आर्थिक र राजनैतिक परिवेशअनुरुप परिमार्जन गरी अपेक्षित रुपमा समय सापेक्ष वनाउन सकिएको छैन ।
- शिक्षक तालिम कार्यक्रमलाई व्यापक वनाउन सकिएको छैन ।
- माध्यमिक विद्यालयको सुपरिवेक्षणमा प्रभावकारिता ल्याउन सकिएको छैन ।
- विद्यार्थीको सिकाइ उपलव्धि (Learning Achievement) गुणस्तरयुक्त हुन सकेको छैन ।
- कतिपय ठाउँमा विद्यालय व्यवस्थापनमा स्थानीय जनसहभागिता सक्रिय हुन सकेको छैन ।
- व्यवस्थापन पक्षलाई फलदायी वनाउनका निम्ति बाञ्छनीय हुने कार्यक्रमहरु जस्तै विद्यालयको कार्यक्रममा अभिभावकको संलग्नता, स्थानीय निकायहरुको चासो, सामाजिक अभिरुची आदि

स्फूर्त हुन नसक्दा विद्यालय सञ्चालन केवल सरकारको मात्र दायित्व हो भन्ने अवधारणा व्याप्त रहेको छ ।

- विकेन्द्रीत व्यवस्थापन पक्ष गौण भएको छ ।

उच्च-माध्यमिक तह :

- उच्च माध्यमिक तह (१०+२) विद्यालय शिक्षाको अन्तिम तह भनी किटान भए तापनि विद्यमान संरचना विविध रुपमा रहेको छ ।
- उच्च-माध्यमिक शिक्षाको व्यवस्थापन स्पष्ट, सक्षम, प्रभावकारी, विकेन्द्रित र योगदानमूलक हुन सकेको छैन ।
- उच्च-माध्यमिक विद्यालयलाई सम्वर्द्धन गर्नका निम्ति आवश्यक पर्ने नक्सांकन र वस्तुगत आधारहरु अझै अद्यावधिक हुन सकेको छैन ।
- उच्च-माध्यमिक तहमा अध्यापन गर्ने अधिकांश शिक्षक योग्यता पुगेका र तालिम प्राप्त गरेका छैनन् ।
- शिक्षकहरुको पेशागत सुरक्षा तथा पेशागत उन्नयन, स्थायीत्व, तलव तथा अन्य सुविधाहरुबारे नीतिगत पक्ष स्पष्ट नहुंदा अन्यौलको स्थिति रहेको छ ।
- उच्च माध्यमिक तह सञ्चालनको निम्ति आवश्यक भौतिक सुविधा पर्याप्त छैन ।
- उच्च माध्यमिक तहको पाठयक्रमलाई देश विकासको आवश्यकतानुरुपको जनशक्ति उत्पादनका निम्ति अनुकूल वनाउनुपर्ने आवश्यकता पूर्णतः पूर्ति भएको छैन ।
- पाठयपुस्तकहरुको तयारी तथा उपलव्धतामा कमी रहेको छ ।
- परीक्षालाई विकेन्द्रित, व्यवस्थित, वैज्ञानिक र प्रभावकारी वनाउनु पर्ने पक्षमा कमी रहेको छ ।
- उच्च माध्यमिक शिक्षालाई माध्यमिक शिक्षाको विस्तारित स्वरुपमा लिने नीति अख्तियार गरिए तापनि यसको संगठनात्मक र व्यवस्थापन पक्ष तदनुरुप व्यवस्थित भैसकेको छैन ।
- प्रवीणता प्रमाणपत्र तहलाई उच्च माध्यमिक तहमा स्थानान्तरण गर्दा स्थानान्तरण गर्नका निम्ति आवश्यक भौतिक व्यवस्था, शिक्षक व्यवस्था र आर्थिक व्यवस्थावारे कुनै योजना वनेको छैन ।

उच्च शिक्षा :

विश्वविद्यालयहरुमा शिक्षा मन्त्रालयको प्रभाव ज्यादै सीमित छ । विद्यालय शिक्षा र उच्च शिक्षा वीच विद्यमान अन्तरले गर्दा पाठयक्रम, परीक्षा, भर्ना नीति, आर्थिक व्यवस्था आदि पक्षहरुमा कुनै अन्तरसम्वन्ध विकसित हुन सकेको छैन । त्रि.वि.वि. केन्द्रीकृत भएको छ । यसको शैक्षिक तथा प्रशासनिक व्यवस्थापन पक्ष कमजोर छ । उच्च शिक्षा क्षेत्रमा रहेका समस्याहरुलाई निम्न रुपमा इंगीत गरिएको छ ।

- त्रि.वि.वि.को प्रायः सम्पूर्ण आर्थिक भार सरकारले व्यहोरेको छ । लागतपूरण (cost recovery) गर्नेतर्फ सक्रिय कदम चालेको पाइदैन । विश्वविद्यालयका चल अचल सम्पत्तिको परिचालन गरी आर्थिक लाभ लिने तर्फ प्रभावकारी कार्यक्रम सञ्चालन गरेको देखिदैन ।

- क्याम्पस र अनुसन्धान केन्द्रहरुलाई आर्थिक रुपले स्वायत्त गराइनुपर्ने आवश्यकताप्रति सक्रिय कदम चालिएको देखिदैन ।
- उत्पादन क्षेत्रको आवश्यकताअनुसारका जनशक्ति उत्पादन गर्नको लागि सम्बन्धित क्षेत्रसंग अन्तरक्रिया गरी उनीहरुबाट समेत सहयोग लिइ आवश्यक पाठयक्रम तर्जुमा र कार्यान्वयन गर्नेतर्फ सक्रिय कार्य भएको देखिदैन ।
- पठन-पाठन कार्यमा शिक्षक संलग्नता प्रभावकारी हुन नसक्दा उच्च शिक्षाको गुणस्तर बढन सकेको पाइदैन ।
- प्राज्ञिक अनुसन्धान मूलक अध्ययन अध्यापनको कमीले गर्दा विद्यार्थीहरु नौलाज्ञानहरु हासिल गर्नबाट वञ्चित छन् ।
- क्षेत्रीय विश्वविद्यालयको अवधारणा एकातिर छ भने अर्कोतिर त्रि.वि. का विभिन्न क्षेत्रमा रहेका मुख्य क्याम्पसहरुलाई विश्वविद्यालयको रुपमा विकास गर्ने धारणा रहेको छ ।
- मौजुदा प्राविधिक अध्ययन संस्थानलाई नै विकास गरी प्राविधिक विश्वविद्यालयहरु सञ्चालन गर्नेतर्फ जागरुकता आएको देखिदैन ।
- त्रि.वि. का सक्षम र आत्मनिर्भर हुन सक्ने अनुसन्धान केन्द्र, क्याम्पस, अध्ययन संस्थान वा संकायलाई पूर्ण स्वायत्तता दिने जस्तो औचित्यपूर्ण कार्यलाई मूर्त रुप दिन सकिएको छैन ।
- त्रि.वि. बाट प्रवीणता प्रमाण पत्र तह १०+२ मा स्थानान्तरण नहुन्जेलसम्म त्रि.वि.ले ७ वर्षे उच्च शिक्षाको जिम्मेवारी वहन गर्नुपर्ने स्थिति सिर्जना भएकोछ ।
- त्रि.वि. ले लिने परीक्षाको नतिजा प्रकाशनमा विलम्ब हुंदा हजारैं विद्यार्थीहरुको पूरा प्राज्ञिक वर्ष खेर गइरहेको छ ।

प्राविधिक एवं व्यावसायिक शिक्षा :

- आर्थिक विकासको गति अनुरुप आधारभूत, मध्यम एवं उच्चस्तरीय जनशक्तिको उत्पादन सन्तुलित रुपमा हुन सकेको छैन ।
- स्थानीय तहमै विकासका आवश्यकतानुरुप जनशक्ति तयार गर्न प्राविधिक एवं व्यवसायिक शिक्षा सुलभ गर्न सकिएको छैन ।
- स्थानीय कालिगढ एवं व्यावसायिक समूह (cccupational group) का निम्ति सीप परिमार्जन गराउने प्राविधिक एवं व्यावसायिक शिक्षा बिस्तार गर्न सकिएको छैन ।
- प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम परिषद्का कार्यक्रम र निजी क्षेत्रमा संचालित प्राविधिक एवं व्यावसायिक शिक्षा कार्यक्रमवीच समन्वय कायम गरी गुणस्तरयुक्त र प्रतिस्पर्द्धी जनशक्ति सन्तुलित रुपमा उत्पादन गर्न सकिएको छैन ।
- प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम कार्यक्रम लागत प्रभावकारी (cost effectiveness) रुपमा सञ्चालन हुन सकेको छैन ।
- उत्पादन क्षेत्रको माग र आवश्यकता अनुसार प्राविधिक एवं व्यावसायिक शिक्षाको पाठयक्रमलाई समायोजन गर्ने प्रक्रिया गतिशील हुन सकेको छैन ।
- आधारभूत र मध्यमस्तरको जनशक्ति उत्पादन गर्न प्राविधिक एवं व्यावसायिक शिक्षाको अवसरलाई स्थानीय तहसम्म पुऱ्याउन सकिएको छैन ।
- देशका विभिन्न भागमा प्राविधिक एवं व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालनका निम्ति प्रतिष्ठित वाह्य शिक्षण संस्थाहरुलाई आकर्षण गर्न सकिएको छैन ।

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को संस्थागत क्षमता बढ्न सकेको छैन ।
- श्रम व्यवस्था सूचना प्रणाली (labour management information system) व्यवस्थित रुपमा विकसित हुन सकेको छैन ।

शैक्षिक प्रशासन :

शैक्षिक प्रणाली सञ्चालनका निम्ति योजना, संगठन , व्यवस्थापन , आर्थिक दायित्व र अन्य विभिन्न कार्यहरुको नियन्त्रण राज्यले नै गरेको हुँदा समुदाय र शिक्षा क्षेत्रमा प्रत्यक्ष सरोकार भएकाहरुको सहभागिता र भूमिका गौण भएकोछ । शैक्षिक योजना र कार्यक्रम, तर्जुमा र कार्यान्वयन, पाठयक्रम र पाठयपुस्तक विकास, सुपरिवेक्षण र अनुगमन, शिक्षक व्यवस्था र तालिम तथा विद्यालय प्रशासन जस्ता कार्यहरुका निम्ति अलग अलग निकाय छन् । यी निकायहरुका क्रियाकलापहरु अपेक्षित रुपमा समन्वयात्मक तवरले सञ्चालन हुन सकेको देखिदैन । क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयले प्रभावकारी शैक्षिक नेतृत्व दिन सकेका छैनन् ।

परीक्षा :

एस.एल.सी. परीक्षाको परीक्षाफल त्यति उत्साहप्रद छैन । एस.एल.सी. परीक्षा एस.एल.सी. बोर्डद्वारा र उच्च माध्यमिक तहको परीक्षा उच्च-माध्यमिक शिक्षा परिषद्द्वारा सञ्चालन गरिन्छ । परीक्षा सञ्चालन केन्द्रीयस्तरबाट गरिन्छ जसले गर्दा परीक्षा नियन्त्रण कार्यालयमा बढी चाप पर्न गएको छ । परीक्षा पास गर्ने विद्यार्थीहरु विषयवस्तु कण्ठस्थ गर्नेतर्फ नै बढी उद्यत रहेका देखिन्छन् । एस.एल.सी. लाई विकेन्द्रित गर्ने कार्यको थालनी भए तापनि परीक्षा सञ्चालन गर्न क्षेत्रीय शिक्षा निर्देशनालयहरुलाई आवश्यक रुपमा सक्षम बनाउन सकिएको छैन ।

शैक्षिक परियोजना :

शिक्षा विकासका निम्ति संचालित परियोजनाहरु जस्तै उच्च शिक्षा परियोजना, माध्यमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना एवं प्राथमिक शिक्षा विकास परियोजनाका कार्यक्रमहरु नियमित शैक्षिक संरचना भित्रका विभिन्न निकायहरुका कार्यक्रमहरु संग समानान्तर रुपमा संचालित छन् । यी परियोजनाका कार्यक्रमहरुलाई अन्ततोगत्वा संस्थागत गर्नेतर्फ खास रणनीति तयार देखिदैन ।

आर्थिक व्यवस्था :

सरकारले शिक्षामा बृहत आर्थिक भार व्यहोरेको छ । बढ्दो लागत धान्नको लागि समुदायको योगदान, जनसहभागिता र शिक्षा क्षेत्रका सरोकारवालाहरुको सहयोग वाञ्छनीय हो तापनि यस तर्फ उत्साहप्रद उपलब्धि हासिल हुन सकेको छैन ।

विद्यालय नक्साकंन :

विद्यालय नक्सांकनका आधारमा विद्यालयहरु स्थापना गर्नु उचित हुने हुंदा यस सम्बन्धमा भएका विभिन्न अध्ययनहरुलाई बिश्लेषण गरी विद्यालय नक्सांकन कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिन सकिएको छैन ।

४. दीर्घकालीन अवधारणा

शिक्षालाई समयसापेक्ष बनाउनुका साथै खोजपूर्ण, वैज्ञानिक, सिर्जनशील, उत्पादनशील, प्रविधिमूलक शिक्षा जस्ता महत्वपूर्ण शैक्षिक कार्यक्रमहरुको विकास र कार्यान्वयनमा जोड दिइनेछ । शैक्षिक संस्थाहरुलाई 'उत्कृष्ट प्राज्ञिक केन्द्र' (Centre of Excellence) को रुपमा विकास गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिश्पर्द्धी गर्न सक्ने जनशक्ति तयार गरिनेछ । यसका लागि कक्षा कोठामा गरिने पठन-पाठन विधिमा आधुनिक एवं वैज्ञानिक प्रविधिहरु उपयोग गरिनेछ । अन्तर्राष्ट्रिय स्तरमा देखा परेका नौला ज्ञानहरु तुरुन्त हासिल गर्ने सक्षमता विकास गर्नका लागि कम्प्युटर उपयोगलाई व्यापक बनाइनेछ ।

शिक्षाबाट बञ्चित पिछडिएका वर्ग, जनजाति, दुर्गम स्थानमा वसोवास गर्ने, विपन्न एवं सामाजिक मूलधाराबाट अलग रहेका विभिन्न समुदायमा समेत आधारभूत शिक्षा पुऱ्याइनेछ र राष्ट्रिय मूलप्रवाहमा सबैलाई समेटिनेछ। पाठयक्रममा आन्तरिक र वाह्य परिस्थिति अनुरुप सुधार गरी विभिन्न शैक्षिक तहका पाठयक्रमहरुलाई परस्परमुखी बनाइनेछ। शैक्षिक बेरोजगारी हुन नदिन सान्दर्भिक र विकासका आवश्यकता-केन्द्रीत शिक्षाको विकास गरिनेछ ।

आ.व. २०५३/५४ मा प्राथमिक शिक्षा प्राप्त गर्ने वालवालिकाको भर्ना प्रतिशत ७० रहेकोमा बाह्रौं योजनाको अन्त्य सम्ममा यसलाई शत प्रतिशत पुऱ्याइनेछ । त्यस्तै नि.मा.वि. र मा.वि. विद्यालय जाने उमेर समूहका बालबालिकाको लागि भर्ना प्रतिशत क्रमशः ८५ र ७५ पुऱ्याइनेछ । ६ वर्ष र सोभन्दा माथिका व्यक्तिहरुको साक्षरता नवौं योजनामा ७० प्रतिशत र वाह्रौं योजनाको अन्त्य सम्ममा शत प्रतिशत पुऱ्याइनेछ । शिक्षालाई गुणस्तरयुक्त, समय सापेक्ष एवं जीवनोपयोगी हुने गरी सञ्चालन गरिनेछ । साथै शिक्षामा रहेको असमान लैंगिक सहभागितालाई निराकरण गरिनेछ ।

प्राविधिक एवं व्यावसायिक शिक्षाको प्रभावकारी रुपमा विकास र विस्तार गरी आवश्यक आधारभूत, मध्यम तथा उच्चस्तरिय जनशक्ति देश भित्रै उत्पादन गर्न विशेष जोड दिइनेछ । यस परिप्रेक्ष्यमा ख्यातिप्राप्त वैदेशिक शिक्षण संस्थाहरुलाई नेपालमा उनीहरुका सम्वद्ध संस्थाहरु स्थापना गर्न विभिन्न सुविधा प्रदान गरी प्रोत्साहित गरिनेछ ।

अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा उच्च शिक्षाको सञ्चालनमा उत्पादन क्षेत्रको आवश्यकता प्रतिविम्वित भएका कार्यक्रमहरु सञ्चालन गरी शैक्षिक लागतको अभिभारा उत्पादन क्षेत्रले नै व्यहोर्ने नयाँ परिपाटी विकास भएकोछ । विश्वविद्यालय र औद्योगिक संस्थावीच पारस्परिक सम्वन्ध विकास गरी उच्च शिक्षाको पाठ्यक्रम तर्जुमा र कार्यान्वयनका लागि औद्योगिक संस्थाहरुले पनि महत्वपूर्ण आर्थिक दायित्व वहन गरेको पाइन्छ । यस वास्तविकतालाई हृदयङ्गम गरी उच्च शिक्षाको निम्ति दीर्घकालीनरुपमा स्रोत परिचालनका निम्ति सरकारी अनुदानमा मात्र निर्भर हुने परिपाटीबाट अलग्गिएर लागतपूरण व्यवस्था (cost recovery), जनसहभागिता, निजी क्षेत्रको सहभागिता र सरकारी अनुदान समेतलाई साझेदार बनाइ उच्च-शिक्षाको आर्थिक भार व्यहोर्न जोड दिइनेछ । उच्च शिक्षाको पहुँच सामाजिक माग अनुसार सुलभ गर्दै लैजान त्यसलाई विकास मूलक वनाउन र शैक्षिक प्रविधिमा वैज्ञानिकीकरण गर्न राष्ट्रियस्तरमा खुल्ला विश्वविद्यालय र प्राविधिक विश्वविद्यालयको स्थापना गरिनेछ ।

नवौं योजना

नेपालमा गरिबी-उन्मूलन गर्न र आर्थिक- सामाजिक उत्थानमार्फत् जीवनस्तरमा प्रभावकारी सुधार ल्याउन मानव स्रोत र साधनहरुको उचित विकासद्वारा राष्ट्रिय विकास हासिल गर्न शिक्षालाई मूल माध्यमको रुपमा विकास गर्ने, प्रजातन्त्रप्रति सचेत समर्पित, सक्षम, उत्पादनशील र अनुशासित तथा मानव अधिकार र सामाजिक दायित्वप्रति जिम्मेवार देशभक्त नागरिक उत्पादन गर्ने, प्राथमिक शिक्षा लाई क्रमशः अनिवार्य गर्ने र साक्षरतालाई राष्ट्रिय अभियानका रुपमा सञ्चालन गर्ने, माध्यमिक शिक्षाको गुणात्मक विकासमा जोड दिने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सुविधाहरु

व्यापकरुपमा विस्तार गरी देशमा कमी भएको आधारभूत तथा मध्यमस्तरीय सीपयुक्त प्राविधिक जनशक्ति आपूर्ति गर्ने , उच्चस्तरको दक्ष जनशक्ति आपूर्ति गर्न उच्च प्राविधिक शिक्षाको विस्तार गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने र शिक्षामा महिला सहभागिता वृद्धि गर्न महिला शिक्षाको पहुँच तथा विस्तारका साथै अपाङ्ग र पिछडिएका एवं विपन्न वर्गलाई शिक्षाको अवसर प्रदान गरी राष्ट्रिय मूलप्रवाहमा ल्याउन प्रोत्साहन गर्ने नीतिहरुको अवलम्वन गरिनेछ ।

शैक्षिक क्षेत्रमा हालसम्म भएका उपलब्धि, विद्यमान समस्या, नेपाल अधिराज्यको संविधान २०४७ मा शिक्षाबारे भएको व्यवस्था तथा शिक्षा क्षेत्रको राष्ट्रिय दीर्घकालीन उद्देश्य र लक्ष्यलाई समेत ध्यानमा राखी नवौं योजना तर्जुमा गरिएको छ । वाह्रौ योजना अवधिसम्ममा प्राथमिक शिक्षा उमेरका वालवालिकाहरु सबैलाई प्राथमिक शिक्षा सर्वसुलभ गर्ने र देशमा साक्षरता शतप्रतिशत पुऱ्याउने शिक्षा क्षेत्रको दीर्घकालीन उद्देश्यलाई केन्द्रविन्दु मानी नवौं योजना अवधिमा आधारभूत तथा प्राथमिक शिक्षाको विकास तथा विस्तारमा विशेष जोड दिइनेछ । विगतमा शिक्षा क्षेत्रमा उल्लेखनीय रुपमा संख्यात्मक विकास भए तापनि शैक्षिक गुणस्तर अपेक्षित रुपमा विकास हुन नसकेको परिप्रेक्षमा शिक्षाको गुणस्तर अभिवृद्धिमा प्रभावकारी भूमिका निर्वाह गर्ने कारक तत्वहरु जस्तै शिक्षक तालीम, विद्यालयको भौतिक सुधार, पाठयक्रम पाठ्यपुस्तकमा समयानुकूल परिमार्जन, नियमित तथा प्रभावकारी सुपरिवेक्षणको व्यवस्था, मर्यादित र प्रभावकारी परीक्षा जस्ता पक्षहरुका विकासमा जोड दिनु अति आवश्यक छ ।

५. उद्देश्य

- राष्ट्रको सम्पूर्ण विकासका निम्ति अपरिहार्य मानव स्रोत र साधनहरुको विकास र गरिबी उन्मुलन गर्न शिक्षालाई सशक्त माध्यमको रुपमा विकास गर्ने ।
- प्रजातन्त्रप्रति सचेत र समर्पित, व्यक्तिगत रुपमा सक्षम, उत्पादनशील र अनुशासित तथा मानव अधिकार र सामाजिक दायित्वप्रति जिम्मेवार एवं राष्ट्रियता प्रति संवेदनशील नागरिक तयार गर्ने ।
- प्राथमिक शिक्षालाई सर्वसुलभ गराई यसलाई अनिवार्य रुपमा सञ्चालन गर्ने क्रम विस्तार गर्दै लैजाने ।
- माध्यमिक एवं उच्च माध्यमिक शिक्षालाई देशको विकासका आवश्यकताअनुरुप गराई विस्तार गर्दै लैजाने ।
- साक्षरतालाई सीप, ज्ञान र सूचनाउन्मुख बनाई राष्ट्रिय अभियानका रुपमा सञ्चालन गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरु विस्तार गरी देशको निम्ति आवश्यक आधारभूत तथा मध्यमस्तरीय सीपयुक्त प्राविधिक जनशक्ति आपूर्ति गर्ने ।
- उच्चतहको दक्ष जनशक्ति आपूर्ति गर्न उच्च प्राविधिक शिक्षाको विस्तार गर्ने ।
- शिक्षामा लैंगिक समानता अभिवृद्धि गर्न महिला शिक्षाको अवसर तथा पहुँच विस्तार गर्ने ।
- अपाङ्ग, पिछडिएका जनजाति एवं दुर्गम क्षेत्रमा वसोवास गर्ने विपन्नवर्गलाई शिक्षाको अवसर प्रदान गरी उनीहरुलाई राष्ट्रिय मूलप्रवाहमा ल्याउने ।

तहगत उद्देश्य

पूर्व-प्राथमिक शिक्षा : यस तहको शिक्षाको अवसर विस्तार गरी ४।५ वर्षका बालबालिकाहरुलाई शिक्षाप्रद तथा मनोरञ्जनात्मक क्रियाकलापको माध्यमद्धारा शिक्षाप्रति उनीहरुको अभिरुचि जगाई उनीहरुलाई प्राथमिक तहमा भर्ना हुन सक्षम बनाउने ।

प्राथमिक शिक्षाको : प्राथमिक तहका विद्यार्थीहरुलाई सामान्य लेख-पढ गर्न र दैनिक हरहिसाव गर्न सक्ने तुल्याउनुका साथै स्वस्थ र स्वच्छ रहने वानीको विकास गराउने तथा राष्ट्रियताको भावना प्रस्फुरण गर्ने ।

माध्यमिक शिक्षा : माध्यमिक तहका विद्यार्थीहरुमा श्रमप्रति सकारात्मक भावना विकास गर्ने, राष्ट्र र प्रजातन्त्रप्रति सचेत र समर्पित हुने, उत्पादनशील कार्यमा कटिवद्ध हुने, वातावरण संरक्षणप्रति जागरुक रहने, नैतिक मर्यादा, संस्कृति र सामाजिक मूल्य तथा मान्यता पालना गर्ने , स्वावलम्वी नागरिकका कर्तव्य निर्वाह गर्ने र उच्च माध्यमिकतहमा अध्ययनका लागि आवश्यक ज्ञान र सीप भएका विद्यार्थीहरु तयार पार्ने ।

उच्च माध्यमिक शिक्षा : देशको चौतर्फी विकासमा मध्यमस्तरको सिर्जनशील तथा उत्पादनशील जनशक्तिको रुपमा योगदान दिनसक्ने , सचेत तथा स्वावलम्वी एवं राष्ट्र प्रेमी नागरिकमा हुनुपर्ने निष्ठा भएका र स्नातक तहमा अध्ययन गर्नको लागि आवश्यक शैक्षिक ज्ञान र सीप आर्जन गरेका बिद्यार्थीहरु तयार पार्ने ।

उच्च शिक्षा : यस तहका विद्यार्थीहरुमा प्राज्ञिक प्रखरता जगाउने, वैद्धिक विकासको निम्ति क्रियाशील रहने तथा सामाजिक दायित्व निर्वाह गर्न उद्यत रहने र देशको सर्वाङ्गीण विकासको लागि दक्ष जनशक्तिको रुपमा भूमिका निभाउने तथा सचेत स्वावलम्वी एवं सक्षम र राष्ट्रियताका निम्ति समर्पित नागरिकमा हुनु पर्ने गुण र ल्याकत प्रस्फुरण गर्ने ।

प्राविधिक तथा व्यावासयिक शिक्षा : देशको सर्वाङ्गीण विकासको निम्ति आवश्यक आधारभूत, मध्यम एवं उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने ।

६. लक्ष्य

१.	पूर्व प्राथमिक शिक्षा	१०,००० पूर्व प्राथमिक कक्षाहरु सञ्चालन गर्ने
२.	प्राथमिक शिक्षा	
(क)	खुद विद्यार्थी भर्ना प्रतिशत	९० पुऱ्याउन
(ख)	प्राथमिक विद्यालय	३००० वटा थप गर्ने
(ग)	प्राथमिक शिक्षक	१५००० जना थप गर्ने
३.	निम्न-माध्यमिक शिक्षा :	
(क)	सहजै देखिने विद्यार्थी भर्ना प्रतिशत	५५ पुऱ्याउने
(ख)	निम्न माध्यमिक विद्यालय	१५०० वटा थप गर्ने
(ग)	निम्न माध्यमिक शिक्षक	६००० जना थप गर्ने
४.	माध्यमिक शिक्षा	
(क)	सहजै देखिने विद्यार्थी भर्ना प्रतिशत	४५ पुऱ्याउने
(ख)	माध्यमिक विद्यालय	२००० वटा थप गर्ने
(ग)	माध्यमिक शिक्षक	८००० जना थप गर्ने

उच्च माध्यमिक शिक्षा : उच्च माध्यमिक विद्यालय ७५८ वटा स्थापना गर्ने सहजै देखिने विद्यार्थी भर्ना ६० प्रतिशत पुऱ्याउने

तालिम : प्राथमिक शिक्षक ५०,०००, निम्न माध्यमिक शिक्षक १०,००० र माध्यमिक शिक्षक ५,००० जनालाई सेवाकालीन शिक्षक तालिम प्रदान गर्ने । उच्च माध्यमिक शिक्षक २००० लाई तालिम प्रदान गर्ने

प्राविधिक शिक्षा : प्राविधिक शिक्षालय र व्यवसायिक तालिम केन्द्रहरुबाट ४९९५ लाई नियमित प्रशिक्षण र २०,००० लाई अल्पकालीन प्रशिक्षण प्रदान गर्ने ।

उच्च शिक्षा : देश विकासको गतिअनुसार उच्च शिक्षामा विद्यार्थी सहभागिताको स्वरुप निश्चित गर्ने ।

अनौपचारिक शिक्षा : ६ वर्ष र सोभन्दा माथिका निरक्षर जनसंख्या मध्ये ७० प्रतिशतलाई साक्षर बनाउन

७. नीति तथा कार्यनीति

- निःशुल्क शिक्षाको उपलब्धि विपन्न एवं दुर्गम क्षेत्रमा बसोवास गर्ने तथा पिछडिएका जनसमूहमा पुऱ्याइ शैक्षिक अवसरमा समान सहभागिता अभिवृद्धि गर्न जोड दिइनेछ ।
- स्थानीय निकाय तथा समुदायलाई संलग्न गराई पूर्व-प्राथमिक कक्षाहरु सञ्चालन गरिनेछ ।
- आधारभूत तथा प्राथमिक शिक्षालाई लैंगिक समानताका आवश्यकता अनुरुप तथा विपन्न वर्ग, जन जाति एवं शैक्षिक अवसरबाट वञ्चित समुदायका निम्ति समेत सर्वसुलभ गरी यसको गुणात्मक पक्षको विकासमा विशेष जोड दिइनेछ ।
- हाल सञ्चालित निःशुल्क प्राथमिक शिक्षा कार्यक्रमलाई अनिवार्य गर्ने सन्दर्भमा वर्तमान समयमा अनिवार्य प्राथमिक शिक्षा सञ्चालन भएका क्षेत्रका अनुभव अध्ययन गर्दै अनिवार्य प्राथमिक शिक्षा क्रमशः विस्तार गर्दै लगिनेछ ।
- प्राथमिक तहसम्मको शिक्षा विभिन्न राष्ट्रिय भाषामा प्रदान गर्ने व्यवस्था मिलाउने तर्फ कदम चालिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं स्थानीय निकाय र समुदाय समेतको संलग्नतामा साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा सन्चालन गरिनेछ । साक्षरता र आधारभूत प्राथमिक शिक्षा वीच अन्तरसम्बन्ध कायम गरी बालबालिकाहरुलाई साक्षरता पश्चात औपचारिक शिक्षामा प्रवेश गर्नको निम्ति पहुँच दिइनेछ ।
- समुदायको सक्रिय सहभागिता जुटाई प्राथमिक विद्यालयहरुका भौतिक, मानवीय एवं शैक्षिक आधारशीलाहरुलाई सुदृढ गरिनेछ ।
- निम्न-माध्यमिक तथा माध्यमिक शिक्षाको पहुँच क्रमशः विस्तार गर्दै यी तहका शिक्षाका अवसरहरुलाई क्षेत्रीय रुपमा सन्तुलन गर्दै शैक्षिक कार्यक्रमको गुणस्तर अभिवृद्धि गरी आन्तरिक तथा बाह्य क्षमतामा सुधार गरिनेछ ।
- मानवअधिकार शिक्षालाई माध्यमिक स्तरदेखि पाठयक्रममै समावेश गर्दै लगिनेछ । पाठयपुस्तकहरुमा सामाजिक एवं जातीय सद्भाव अभिवृद्धि गर्ने सामग्रीहरुलाई समावेश गर्दै लगिनेछ ।
- शिक्षण पेशालाई बढी मर्यादित र उत्तरदायित्वपूर्ण बनाउन शिक्षक नियुक्ति, मूल्याङ्कन, पदोन्नति र वृत्ति विकासमा सुधार गरिनेछ । शिक्षाको पेशागत पक्षलाई प्रभावकारी तालिमको माध्यमद्वारा सुदृढ

गर्दै उनीहरुमा आफ्नो पेशाप्रति आस्था, प्रतिवद्धता र आत्मविश्वास प्रस्फुरण गराउने र उत्प्रेरणा जगाउने प्रवर्तनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- शिक्षाको प्रत्येक तहमा व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण र मूल्यांकन कार्यलाई सुदृढीकरण गरिनेछ ।

- पाठयक्रम, पाठ्यपुस्तक र परीक्षा-प्रणालीमा समयोचित सुधार गरिनेछ ।

- माध्यमिक र उच्च माध्यमिक शिक्षालाई एउटै व्यवस्थापन अन्तर्गत समायोजित गरिनेछ । विद्यालय सञ्चालनको निम्ति स्थानीय व्यवस्थापन पक्षलाई शैक्षिक एवं आर्थिक दायित्व प्रभावकारी रुपमा वहन गर्न सक्ने बनाउन आवश्यक तालिम र कार्यमूलक रणनीतिको उपयोगद्वारा सक्रिय नेतृत्व लिनसक्ने बनाइनेछ ।

- उच्च-माध्यमिक शिक्षालाई विद्यालय शिक्षाका रुपमा स्वीकार गरी यसको विस्तारका निम्ति स्थानीय आवश्यकता र क्षेत्रीय संन्तुलन जस्ता कुरालाई ध्यानमा राखी यसको सुदृढीकरण र गुणस्तर वृद्धिका निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालनका निम्ति विशेष जोड दिइनेछ । उच्च माध्यमिक तहका विद्यार्थीका सक्षमता र विद्यालय सञ्चालनका आवश्यकताका आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

- लैगिक समानता कायम गरी माध्यमिक र उच्च माध्यमिक तहमा विपन्न समूह, जनजातीको सहभागिता बढाउन जीवनोपयोगी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति अख्तियार गरिनेछ ।

- प्राविधिक/व्यावसायिक/सीपमूलक शैक्षिक एवं तालिम कार्यक्रमलाई रोजगारमूलक तथा आयमूलक बनाइनेछ । माध्यमिक तह देखि उच्च तहसम्म यस्तो शिक्षा प्रदान गर्ने व्यवस्था तर्जुमा एवं कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ । यसका निम्ति आधारभूत, तथा मध्यमस्तरीय दक्ष जनशक्ति उत्पादन गर्न अल्पकालीन तथा दीर्घकालीन कार्यक्रम अन्तर्गत वहुसीप प्राविधिक शिक्षालय (polytechnic schools) सञ्चालन गर्नुका साथै निजीक्षेत्रका प्राविधिक शिक्षालयहरुका कार्यक्रमलाई उपयोगी बनाउनको निम्ति पाठ्यक्रम तर्जुमा, प्रशिक्षक प्रशिक्षण तथा मूल्यांकन जस्ता कार्यक्रमहरुको प्रभावकारीता सुनिश्चित गर्नु पर्ने हुंदा यी कार्यका निम्ति प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई सुदृढ गरिनेछ ।

- विश्वविद्यालयअन्तर्गत हालसम्म सञ्चालन भईरहेको प्रवीणता प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरुलाई योजना अवधिभित्र चरणवद्धरुपमा प्राविधिक शिक्षालय र उच्च माध्यमिक विद्यालयहरुको संरचना भित्र समाविष्ट गरी त्यस्ता शिक्षालय र विद्यालयका उद्देश्यअनुरुप शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

- देशको उच्च शिक्षालाई वढी व्यवस्थित, स्तरीय र प्रतिस्पर्धात्मक पारी राष्ट्रिय तथा क्षेत्रीय आवश्यकता पूरा गर्नका लागि पांचै विकास क्षेत्रमा वहु विश्वविद्यालयको अवधारणा अनुरुप विश्वविद्यालय स्थापना गरिनेछ । यसको निम्ति राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय तथा विश्वविद्यालय अनुदान आयोग समेत संलग्न रहेको विश्वविद्यालय स्थापना र सञ्चालन समन्वय समिति गठन गरिनेछ ।

- देशलाई आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति आपूर्ति गर्ने हेतुले कृषि र वन विश्वविद्यालय तथा सम्भाव्यता हेरी अन्य प्राविधिक विश्वविद्यालय सञ्चालन गरिनेछ ।

- सरकारले मात्र उच्च शिक्षाको आर्थिक भार धान्न नसक्ने हुदा उच्चशिक्षा हासिल गर्नेहरुबाट लागत खर्चको अंश बेहोर्न लगाइने, समुदायको योगदान उपलव्ध गर्ने र उच्च -शिक्षामा सरोकार भएकाहरुबाट सहयोग प्राप्त गर्ने नीति लिइनेछ । साथै जेहेन्दार र गरिब विद्यार्थीहरुका लागि ऋण तथा छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

- उच्चशिक्षामा प्राज्ञिक, ज्ञानोत्पादक, वैज्ञानिक एवं आधारभूत र प्राविधिक अनुसन्धान कार्यलाई प्राथमिकता दिइनेछ । अध्ययन-अनुसन्धानबाट प्राप्त ज्ञान र सीपलाई सम्बन्धित क्षेत्रमा पुऱ्याउन र कार्यरुपमा उतार्न आवश्यक संयन्त्रको विकास गरिनेछ ।

- विश्वविद्यालयहरुलाई भौतिक, मानवीय एवं उपयुक्त शैक्षिक आधारशीलाहरु खडा गर्न सरकारको क्षमता अनुसार सहयोग प्रदान गर्ने नीतिलाई कायमै राखिनेछ ।

- उच्च शिक्षाको गुणस्तर सुनिश्चित गर्न विश्वविद्यालय अनुदान आयोगले आधारहरु तोक्ने र सो पालन भएको वा नभएको हेरी अनुदान निर्धारण गर्ने तर्फ कदम चालिनेछ । श्री ५ को सरकारले अनुदानको एकमुष्ठ रकम विश्वविद्यालय अनुदान आयोगलाई उपलब्ध गराउने र आयोगले अनुदान दिने आधार तय गरी अनुदानको राशी निर्धारण गर्ने नीति लिइनेछ ।

- माध्यमिक, उच्च माध्यमिक एवं उच्चशिक्षाको अवसरलाई विस्तार गर्न तथा उच्च शिक्षामा लागत प्रभावकारिता (cost effectiveness) अनुरुप शिक्षा प्रदान गर्न खुल्ला विश्वविद्यालय र खुल्ला माध्यमिक एवं उच्च माध्यमिक विद्यालय सञ्चालन गर्ने नीति लिइनेछ ।

- शारीरिक रुपले अपाङ्ग एवं वौद्धिक र मानसिक रुपले सुस्त समूहका निम्ति साक्षरतादेखि उच्च शिक्षासम्मको अवसर प्रदान गर्न बिशेष शिक्षा कार्यक्रमलाई सुदृढ गरी तदनुरुप सञ्चालन गरिनेछ । बिशेष शिक्षाको विकासमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था एवं स्थानीय समुदाय समेतलाई सहभागी हुन अभिप्रेरित गर्ने नीति लिइनेछ ।

- पिछडिएका जनजाति एवं दलित वर्गका वालवालिकाहरुकालागि शैक्षिक अवसर सुलभ गर्ने तथा यिनीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

- दूर शिक्षालगायत बिभिन्न माध्यमबाट विद्यालय शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिनेछ । प्राथमिक तहका सबै शिक्षकहरुलाई कम्तीमा आधारभूत तालिम उपलव्ध गराइनेछ। शिक्षकहरुको क्षमतालाई आद्यावधिक तुल्याउन अल्पकालीन र पुर्नताजगी तालिम (refresher training) कार्यक्रम पनि सञ्चालन गरिनेछ ।

- विद्यालय शिक्षा र उच्चशिक्षा बीच बांडफांट हुने वित्तीय स्रोत र साधनको उपयुक्त सन्तुलन पहिचान गरी व्यवहारमा समेत सन्तुलन कायम गर्ने नीति अख्तियार गरिनेछ ।

- शिक्षाको सहभागितामा बाधा नपर्ने गरी बिभिन्न तहमा सम्बन्धित बिभिन्न पक्षले बहन गर्नुपर्ने लागतका बारे स्पष्ट नीति लागू गरिनेछ ।

- निजीक्षेत्रको भूमिकालाई पुनर्मूल्यांकन गरी शैक्षिक व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता अर्थपूर्ण बनाउन आवश्यक नियम तर्जुमा गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । निजी अगुवाइमा संचालित विद्यालयहरुलाई एउटा नीतिगत दायराभित्र समाहित गरी सोही अनुसार विद्यालयका प्राज्ञिक, आर्थिक एवं भौतिक कार्यक्रम निर्धारण गर्न लगाई सोको जानकारी सम्बन्धित सबै क्षेत्रमा दिने नीति लिइनेछ ।

- शिक्षण संस्थाहरुको व्यवस्थापन र सञ्चालनमा स्थानीय सक्रिय सहभागिता बढाउन र सक्षमतामा सुधार गर्नका लागि शैक्षिक व्यवस्थापनलाई विकेन्द्रीकरण गर्ने नीतिलाई प्रभावकारीरुपमा व्यवहारमा उतारिनेछ ।

- शैक्षिक गुणस्तर विकास गर्ने क्रममा लागू गरिएका परियोजनाहरुका कार्यक्रमहरुलाई संस्थागतरुपमा मन्त्रालयको संगठनभित्रै समावेश गर्ने गरी मन्त्रालयको संगठनात्मक स्वरुपमा सुधार गरी क्षमता बढाइनेछ ।

- शैक्षिक सञ्चार तथा सूचनाका लागि सूचना व्यवस्था प्रणाली र पुस्तकालयहरुको विकास तथा सुदृढीकरणका लागि आवश्यक नीति तर्जुमा गरी चरणवद्धरुपमा कार्यान्वयन गरिनेछ ।

- औपचारिक एव अनौपचारिक शिक्षा कार्यक्रमहरुका लागि उपयुक्त शैक्षिक नीति-निर्माण, उपयुक्त शैक्षिक कार्यक्रमको छनौट तथा प्रयोग जस्ता पक्षहरुमा केन्द्रीत शैक्षिक अनुसन्धानमा विशेष जोड दिइनेछ ।

- शिक्षामा समान लैंगिक सहभागिता वृद्धि गर्न महिला शिक्षाको पहुंच विस्तारका लागि प्रभावकारी नीति लिइनेछ ।

- शिक्षाक्षेत्रलाई टिकाउ, दिगो, निरन्तर एवं निर्वाधरुपमा अगाडि बढाउन कुल ग्रार्हस्थ उत्पादनको निश्चित हिस्सा विनियोजन गर्ने नीति लागू गरिनेछ । शिक्षा प्रणाली भित्रका प्राथमिकता पाउनु पर्ने शैक्षिक कार्यक्रम र शैक्षिक निकायलाई पहिचान गरी सोही अनुसार लगानीको राशि निर्धारण गरिनेछ ।

- उच्चशिक्षाको नीति राष्ट्रको कृषि, उद्योग तथा व्यावसायिक जनशक्तिको आवश्यकतानुरुप तर्जुमा गरिनेछ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगबाट प्राप्त हुने सुझावका आधारमा शिक्षा नीतिलाई आवश्यक परिमार्जन गरिनेछ ।

- विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा विद्यमान विसंगति एवं त्रुटीहरु निराकरण गर्दै एक तहको पाठ्यक्रमलाई अर्को तहको पाठ्यक्रमसंग तादाम्य बनाइनेछ र पाठ्यक्रमलाई वदलिंदो अन्तर्राष्ट्रिय एवं राष्ट्रिय आवश्यकतानुरुप सुधार गर्दै लगिनेछ । पाठ्यपुस्तक वितरणमा रहेको कठिनाई निराकरण गरी पाठ्यपुस्तकको वितरण व्यवस्था सरल र छिटो छरितो बनाइनेछ । प्राथमिक तहको कक्षा १ देखि ३ सम्म उदार उत्तीर्ण नीति (liberal promotion policy) सम्वन्धमा विस्तृत अध्ययन गरी अगुवा कार्यक्रम (pilot project) को रुपमा केही स्थानमा परीक्षण गरिनेछ ।

८. कार्यक्रम

पूर्व-प्राथमिक शिक्षा :

पूर्व प्राथमिक शिक्षा या शिशु कक्षाहरुको प्रभावकारी सञ्चालन र व्यवस्थापनबाट प्राथमिक तहमा बीचैमा कक्षा छाड्ने र कक्षा दोहऱ्याउने प्रवृत्तिमा ह्रास भइ शिक्षामा भएको लगानी खेर जाने क्रम कम हुनुका साथै शिक्षाको आन्तरिक सक्षमता वृद्धिमा समेत ठोस योगदान हुने भएकोले आठौं योजना अवधिमा यस्ता शिशु कक्षाहरु सञ्चालन गर्न स्थानीय निकायहरुलाई प्रोत्साहित गर्ने र बढीभन्दा बढी जन सहभागिता परिचालन गर्ने नीति लिइएको थियो । तदनुरुप नवौं योजना अवधिमा १०,००० पूर्व-प्राथमिक कक्षा सञ्चालन गरिनेछ । यस्ता कक्षाहरु खोल्दा आवश्यक पर्ने भवन, शिक्षक जस्ता आधारभूत कुराहरुको व्यवस्था स्थानीय समुदायबाट उपलव्ध गराइनेछ । साथै विद्यालय सञ्चालनको लागी आवश्यक शैक्षिक सामग्री , शिक्षक तालिम जस्ता प्राविधिक सहयोग आधारभूत तथा प्राथमिक शिक्षा परियोजनावाट उपलव्ध गराइने व्यवस्था गरिनेछ ।

प्राथमिक शिक्षा :

प्राथमिक शिक्षालाई गुणस्तरीय वनाउने तथा क्रमशः अनिवार्य गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । प्राथमिक तहको पाठ्यक्रममा आवश्यकताअनुसार नवीकरण तथा परिमार्जन गरिनेछ । विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन गर्ने प्रणालीलाई क्रमशः लागू गर्दै लगिनेछ । कक्षा १ देखि ३ सम्म कक्षा चढाउने उदार नीति (liberal promotion) प्रयोगात्मक रुपमा केही स्थानमा कार्यान्वयन गरिनेछ । पाठ्यपुस्तकहरुलाई सुलभ तरिकाले उपलव्ध गराउने उद्देश्य पूर्ति गर्न निशुल्कः पाठ्यपुस्तक वितरण

प्रणालीलाई सुगम र छिटो छरितो बनाइनेछ । विभिन्न राष्ट्रिय भाषामा प्राथमिक स्तरको शिक्षा दिने तर्फ प्रारम्भिक कार्यहरु गरिनेछ । प्राथमिक स्तरमा लिइने अन्तिम परीक्षाको लागि प्रत्येक विषयका विशेषज्ञ तयार गरी विशिष्टीकरण तालिका तयार गर्न लगाई प्रश्नपत्र निर्माणमा सुधार गरी परीक्षा प्रणालीमा सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । प्राथमिक स्तरका सबै शिक्षकहरुलाई आधारभूत तालिम उपलब्ध गराइनेछ ।

प्राथमिक शिक्षामा गुणात्मकस्तर वृद्धि गर्न हाल अधिराज्यको ४० जिल्लाहरुमा सञ्चालन भइरहेको आधारभूत तथा प्राथमिक शिक्षा परियोजनालाई योजना अवधिमा परियोजनाको दोस्रो चरण कार्यान्वयन गरी कार्यक्रमलाई अधिराज्यको सम्पुर्ण जिल्लामा विस्तार गरिनेछ । प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुको शैक्षिक वातावरणमा क्रमिक सुधार ल्याउन एक प्राथमिक शिक्षाको राष्ट्रिय मापदण्ड बनाइनेछ । विशेषत: विद्यालयहरु १ वर्षमा १८० दिन सञ्चालन हुनैपर्ने र विद्यालयमा विद्यार्थी एवं शिक्षकको नियमित उपस्थिति सुनिश्चित गरिनेछ । प्राथमिक शिक्षाको व्यवस्थापन तथा कार्यान्वयन पक्ष प्रभावकारी बनाउन विकेन्द्रीकरणलाई मूल: सिद्धान्त मानी कार्यक्रमको तर्जुमा, कार्यान्वयन एवं अनुगमन र मुल्यांकनमा अभिभावक, स्थानीय निकाय एवं जनसमुदायलाई संलग्न गराउने व्यवस्था गरिनेछ । योजना अवधिमा विद्यालयहरुको भौतिक सुविधा विस्तार गर्ने क्रममा १९,००० थप कक्षा कोठाको निर्माण गरिनेछ र १०,००० विद्यालयहरुको पुन: निर्माण गरिनेछ । थप १,००० स्रोत केन्द्रहरु स्थापना गर्नुका साथै ५०० स्रोतकेन्द्र भवन निर्माण गरिनेछ । २,००० थप महिला शिक्षकको व्यवस्था गरिनेछ । अधिराज्यभरका प्राय: सम्पूर्ण नगरपालिका तथा १० प्रतिशत गा.वि.स. हरुलाई आ-आफ्नो क्षेत्रमा प्राथमिक विद्यालय सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिइनेछ ।

अनौपचारिक शिक्षा :

राष्ट्रको चौतर्फी विकासका निम्ति निरक्षरता तगारोको रुपमा रहेको हुँदा यथाशक्य छिटो निरक्षरता हटाउने उद्देश्यले आगामी वाह्रौं योजनाको अन्त्यसम्म देशमा साक्षरता शतप्रतिशत पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्य रहेको छ । यो लक्ष्य हासिल गर्न साक्षरता कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ । योजना अवधिमा ६ वर्ष र सो भन्दा माथिका जनसंख्यामध्ये ७० प्रतिशतलाई साक्षर गर्न ३२ लाख १६ हजार निरक्षर प्रौढ तथा ७ लाख ८४ हजार विद्यालय बाहिरका बालबालिकाहरुलाई साक्षर गर्ने लक्ष्य रहेको छ । यी लक्ष्य परिपूर्तिको क्रममा प्रौढ साक्षरता तथा बालसाक्षरता कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन गर्ने, महिला पुरुषबीचको साक्षरता दरमा हाल रहेको भिन्नता ३० प्रतिशतबाट घटाएर २० प्रतिशतमा ल्याउनको लागि महिला साक्षरतामा जोड दिने, देशको भौगोलिक स्थितिको भिन्नता एवं साक्षरता दर न्यून भएको स्थानहरुलाई बढी प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गर्ने, र साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रमहरुलाई अनौपचारिक शिक्षाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । साक्षरता कार्यक्रम अवधिमा पूरा समय भाग लिने सहभागीहरुको मूल्यांकन गरी खुद साक्षरता उपलब्धि संख्या गणना गरिनेछ । साक्षरता अभियानलाई प्रभावकारी बनाउन अनुसन्धान र प्रवर्तनमा जोड दिइनेछ ।

निश्चित अवधिमा खास क्षेत्रका लक्षित जनसंख्याबाट निरक्षरता उन्मूलन गर्ने रणनीतिको रुपमा साक्षरता अभियान सञ्चालन गरिनेछ । यसरी सन्चालन गरिने अभियान समयवद्ध, छानिएका स्थान तथा क्षेत्रमै केन्द्रित एवं परिणाममुखी हुनेछ । सुरुमा यस्तो अभियान विभिन्न भौगोलिक आधारमा स-साना क्षेत्रहरु (एक वा केही जिल्ला) मा सन्चालन गरी क्रमश: बिस्तार गर्दै लगिनेछ। क्षेत्र छनौट गर्दा सम्बन्धित जिल्ला विकास समिति र गाउँ विकास समितिको सक्रियता, प्रतिबद्धता र सहभागितालाई प्रमुख आधार बनाइनेछ ।

अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनको निम्ति संलग्न व्यक्तिहरुलाई दिने तालिम कार्यक्रमलाई संस्थागत गरिनेछ । राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्ले नेपाल अधिराज्यभर अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सामाजिक संघ संगठन, क्लब

के कति छन् पूर्ण विवरण उपलब्ध गरी देशको विभिन्न जिल्ला र गाउँस्तर सम्म साक्षरता नक्सांकन बनाई विभिन्न स्थानहरुमा गैरसरकारी संस्थाहरुलाई साक्षरता अभियान सञ्चालन गर्न सक्रिय गराउनेछ । साक्षरता अभियानको निम्ति व्यापक प्रसारप्रचार गर्ने र साक्षरोत्तर कार्यक्रममा कार्यमूलक पक्ष माथि जोड दिइनेछ ।

निम्न माध्यमिक तथा माध्यमिक शिक्षा :

निम्न-माध्यमिक तथा माध्यमिक शिक्षाको विकास तथा विस्तार गरिनुका साथै उक्त तहको शिक्षामा गुणात्मक सुधार एवं बाह्य तथा आन्तरिक सक्षमता अभिवृद्धि गर्न शिक्षकहरुको पेशागत प्रतिवद्धता दरो बनाउने तथा शिक्षक तालिममा जोड दिनुको साथै सुधारात्मक निरीक्षण, अनुगमन एवं मूल्यांकन प्रणाली अपनाइनेछ ।

निम्न-माध्यमिक तथा माध्यमिक शिक्षातर्फ नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्दै लगिनेछ । सबै कक्षाहरुका लागि शिक्षक निर्देशन पुस्तिकाहरु उपलब्ध गराउन व्यवस्था मिलाइनेछ । साथै विभिन्न शैक्षिक सामग्रीको विकास तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ । विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन मूल्यांकन सुधार कार्यक्रम सन्चालन गर्ने र अन्तिम परीक्षाको लागि विषय विशेषज्ञहरुबाट तयार गरिएको विशिष्टीकरण तालिका अनुरुप उन्नत प्रश्नपत्र निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

माध्यमिक शिक्षालाई क्रमशः विस्तार गर्दै लगी यसको गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ । यसका लागि व्यवस्थापन पक्षलाई सवल र सक्षम बनाइने सन्दर्भमा सञ्चालन भइरहेका माध्यमिक शिक्षा विकास परियोजना नवौं योजना अवधिमा पनि चालू रहनेछ । माध्यमिक शिक्षाको दीर्घकालीन योजना (perspective plan) मा परिलक्षित उद्देश्य, नीति तथा लक्ष्यहरुलाई दृष्टिगत गरी परियोजनाअन्तर्गत कार्यक्रमहरु सञ्चालन गरिनेछ । योजना अवधिमा यस परियोजनाअन्तर्गत निम्न माध्यमिक तथा माध्यमिक तहका १५००० शिक्षकलाई अंग्रेजी, विज्ञान, गणित विषयमा प्रशिक्षण प्रदान गर्नुका साथै विभिन्न जिल्लामा २५ विज्ञान शिक्षा विषयका एकाइहरु स्थापना गरिनेछ । यी कार्यक्रमहरुको प्रभावकारितालाई सुनिश्चित गर्न क्रमिक रुपमा अनुगमन गरिनेछ ।

निम्न-माध्यमिक र माध्यमिक विद्यालयहरुको नियमित एवं प्रभावकारी सञ्चालनका निम्ति विद्यालय र स्थानीय समुदाय एवं अभिभावकवीच पारस्परिक सम्बन्धको विकास गरी समुदाय र अभिभावकको विद्यालयप्रति चासो जागृत गराउने र विद्यालयले समुदायको सहयोगका निम्ति आवश्यक भूमिका निर्वाह गर्ने जस्ता प्रवर्तनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

उच्च माध्यमिक शिक्षा :

उच्च-माध्यमिक शिक्षा (१०+२) को उद्देश्य देशको चौतर्फी विकासमा ठोस रुपमा सहयोग पुऱ्याउन सिर्जनशील तथा उत्पादनशील दक्ष जनशक्तिको रुपमा सचेत एवं स्वावलम्वी नागरिक तयार गर्नुको साथै स्नातक तहको अध्ययनको लागि विद्यार्थीहरुलाई तयार गराउनु हो । उच्च-माध्यमिक विद्यालयहरुलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विकास गर्ने यस तहको शिक्षाको दीर्घकालीन लक्ष्य रहेको छ ।

योजना अवधिमा विश्वविद्यालयहरुवाट क्रमिकरुपमा प्रवीणता प्रमाणपत्रस्तरलाई स्थानान्तरण गर्ने क्रममा प्राविधिक पक्षको कार्यक्रम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अर्न्तगतका प्राविधिक शिक्षालयहरुमा र अन्य कार्यक्रमहरु उच्च माध्यमिक विद्यालयमा स्थानान्तरण गरिने लक्ष्य अनुरुप आवश्यक व्यवस्था मिलाइनेछ । यसका निम्ति त्रि.वि., उच्च माध्यमिक शिक्षा परिषद् र शिक्षा मन्त्रालयबीच समन्वय कायम गरी कार्यक्रम अघि बढाइने छ । उच्च माध्यमिक तहको पाठ्यक्रम र

पाठ्यपुस्तकमा सुधार गरिनेछ । शिक्षक तालिमको निम्ति माध्यमिक शिक्षा परियोजनामा व्यवस्था गरिएको आर्थिक स्रोत उच्च माध्यमिक शिक्षा परिषद्ले स्वीकृत गरेको कार्यक्रम र खर्च बमोजिम हुने गरी परिचालन गरिनेछ । उच्च माध्यमिक विद्यालयहरुको भौतिक पूर्वाधारहरुमा सुधार गरी शिक्षक तालिमको व्यवस्था समेत गरिनेछ । प्रमाणपत्र तहलाई उच्च माध्यमिक विद्यालयमा स्थानान्तरण गर्नको लागि आवश्यक पर्ने पूर्वाधारहरु परिपूर्ति गर्न र प्राज्ञिक पक्षलाई सुदृढ गर्दै लैजान आवश्यक स्रोत परिचालन गरिनेछ ।

योजना अवधिमा थप उच्च माध्यमिक विद्यालय सञ्चालन गरी उच्च माध्यमिक तहको सहजै देखिने विद्यार्थी भर्ना करिव ६० प्रतिशत पुऱ्याइनेछ । उच्च माध्यमिक विद्यालयलाई दिइने सम्बन्धनको निम्ति विद्यालय नक्सांकन र स्थानीय आवश्यकतालाई आधार वनाइनेछ । यसको साथै उच्च माध्यमिक शिक्षाको पाठयक्रमलाई समय सापेक्ष, सान्दर्भिक र कार्योन्मुख बनाउने, महिला सहभागिता बढाउने तथा उच्च माध्यमिक विद्यालयहरु प्रभावकारी रुपमा सञ्चालन गर्न विद्यालयहरुको नियमित अनुगमन गर्ने र मूल्याङ्कन व्यवस्था प्रभावकारी बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । उच्च-माध्यमिक तह शैक्षिक प्रणालीको एक महत्वपूर्ण अंग भएको हुँदा यसको प्रभावकारी सञ्चालनमा प्राज्ञिकपक्षहरु र अन्य प्राविधिकपक्षहरुको सुदृढीकरणका निम्ति नीतिगत अवधारणा प्रष्ट पारिनेछ । विशेषत: उच्च-माध्यमिक शिक्षाको व्यवस्थापन पद्धति माध्यमिकस्तर र उच्च-माध्यमिकस्तरलाई एकीकृत गरी गरिनेछ । यसका निम्ति ऐन परिवर्तन गरिनेछ । उच्च-माध्यमिक तहका विद्यार्थीहरुका निम्ति उत्पादन क्षेत्रको आवश्यकतानुसार उपयुक्त व्यावसायिक पाठ्यक्रम पनि कार्यान्वयन गरिनेछ ।

उच्च-माध्यमिक विद्यालय सञ्चालनको निम्ति स्थानीय जनसहभागिता स्फूर्त गर्न व्यवस्थापन समितिलाई सक्रिय पारिनेछ । विद्यालय र समुदायको पारस्परिक सम्बन्ध र सहयोगको कार्यक्रम सञ्चालन गरी एक आपसको योगदान अभिवृद्धि गर्दै विद्यालयलाई आत्मनिर्भरतातर्फ उन्मुख गरिनेछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम :

देशमा सञ्चालन गरिने विभिन्न विकास कार्यक्रमका लागि आवश्यक हुने आधारभूत तथा मध्यमस्तरीय दक्ष जनशक्ति जुन ठाउँमा आवश्यक पर्छ तत्तत् स्थानमै उत्पादन गर्ने र प्राविधिक तालिम र व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालनका निम्ति तालिम केन्द्रहरु स्थापनार्थ स्थानीय तहमा मानवीय, भौतिक एवं आर्थिक स्रोत समेत परिचालन गरिनेछ । योजनावधिमा हाल सञ्चालन भइरहेका प्राविधिक शिक्षालयहरुलाई लागत प्रभावकारिताको दृष्टिबाट उपयुक्त हुने गरी सुदृढ गरिनेछ । यसको निम्ति प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्रदान गर्ने तालिम कार्यक्रमहरु कतिपय निजी क्षेत्रबाट समेत प्रदान भएको हुँदा उक्त परिषद्ले निजी क्षेत्रका तालिम प्रदान गर्ने निकायसंग समेत समन्वय राखी स्रोतको व्यवस्था र परिचालन गर्न सक्रिय भूमिका निभाउनेछ ।

हाल सञ्चालन भइरहेका र योजनावधिमा स्थापना हुने प्राविधिक शिक्षालयहरुबाट विभिन्न विषयमा करिव ५००० आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गरिनेछ । विभिन्न प्राविधिक तथा व्यावसायिक प्रशिक्षण केन्द्रबाट २०,००० व्यक्तिलाई छोटो अवधिको तालिम प्रदान गरिनेछ ।

नवौं योजना अवधिमा आवश्यक पर्ने आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति आवश्यकतानुसार उत्पादन गर्ने व्यवस्था गरिनेछ । ग्रामीण र स्थानीय जनसमुदायलाई आधारभूत विकास कार्यक्रमहरु सञ्चालनार्थ आत्मनिर्भर बनाउन अल्पकालीन तालिमहरु सञ्चालन गरिनेछ । प्राविधिक तथा व्यावसायिक तालिमसंग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुबीच समन्वय कायम गर्ने र तिनीहरुको स्तरीयकरण एवं प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ । निजीस्तरमा तालिम सञ्चालन गरेका वा गर्न चाहेका स्तरयुक्त केन्द्रहरुलाई आवश्यक प्राविधिक सहयोग प्रदान गरिनेछ । यस्तै प्राविधिक तथा व्यावसायिक तालिम परिषद्ले निजी क्षेत्रमा तालिम केन्द्र स्थापना गर्न प्रोत्साहित गरी तिनीहरुको विकासमा सक्दो प्राविधिक योगदान पुऱ्याउनेछ । स्थानीय परिप्रेक्ष्यका विकास

आवश्यकता परिपूर्ति गर्न आवश्यक पर्ने मध्यमस्तरका जनशक्ति उत्पादन गर्न पोलिटेक्निक विद्यालय स्थापना गर्ने तर्फ कदम चालिनेछ । यस्ता विद्यालय सञ्चालनको निम्ति आन्तरिक र वाह्य स्रोत परिचालन गरिनेछ । सामुदायिक विकास तथा व्यावसायिक तालिम केन्द्रहरुको विस्तार गर्दै लगिनेछ । प्राविधिक शिक्षाको विकास र विस्तारलाई सघाउन प्राविधिक प्रशिक्षकहरुलाई तालिम दिने र अद्यावधिक गर्ने कार्य प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । योजनावधिमा त्रि.वि. अन्तर्गत प्रमाणपत्रस्तरहरुमा संचालित प्राविधिक र व्यावसायिक कार्यक्रमहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत क्रमशः स्थानान्तरण गरिनेछ । यी सबै कार्यक्रम व्यवस्थित गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नीतिगत पक्षहरु स्पष्ट पारिनेछ ।

बिशेष शिक्षा :

नेपाल अधिराज्यको संविधान २०४७ मा अपाङ्ग र असक्तहरुको संरक्षण र प्रगतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको नीति अवलम्वन गरिने कुरा उल्लेख छ । यस सन्दर्भमा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धतालाई मूर्तरुप दिन आफ्नै स्रोत, साधन तथा अन्य दातृ संस्थाहरुको समेत सहयोग जुटाई विशेष शिक्षा कार्यक्रमलाई क्रमशः विकसित गर्दै लैजानु आजको महत्वपूर्ण आवश्यकता हो ।

अपाङ्ग व्यक्तिहरु नै विशेष शिक्षा कार्यक्रम अन्तर्गतका लक्षित समूह भित्र पर्ने हुनाले यस अनुरुप उनीहरुलाई शारीरिक अपाङ्ग, सुस्त मनस्थिति, बहिरा तथा सुस्त श्रवण, दृष्टिविहीन वा दृष्टिशक्ति कम, सिकाइ कठिनाइ वा असक्षमता, बोली, भाषा र सञ्चार क्षमतामा कठिनाइ र बहु-अपाङ्गता भनी बिभाजन गरिएको छ । नवौं योजना अवधिमा विशेष शिक्षालाई सबैका लागि शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ । यसका लागि अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम सन्चालित स्थान वा जिल्लामा बिशेष शिक्षा कार्यक्रम क्रमशः सन्चालन गर्ने व्यवस्था गरिनेछ । प्राथमिक स्तरदेखि उच्च शिक्षा सम्मका बिशेष शिक्षा सम्बन्धी पाठ्यक्रममा आवश्यकतानुसार परिमार्जन गरिनेछ । जेहेन्दार अपाङ्ग विद्यार्थीहरुलाई उच्च शिक्षाको अवसर प्रदान गरिनेछ । विशेष शिक्षा कार्यक्रमलाई एकीकृत र सबैका लागि विद्यालय (inclusive school) शिक्षा कार्यक्रमको रुपमा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्री एवं उपकरणहरु निर्धारण गरी उपलव्ध गराउने र आवश्यकतानुसार निःशुल्क वितरणको व्यवस्था गरिनेछ । जेहेन्दार अपांग विद्यार्थीहरुलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिको व्यवस्था समेत गरिनेछ । हाल कुल अपांग व्यक्तिहरु मध्ये १ प्रतिशत भन्दा कमले मात्र शिक्षा तथा तालिमको अवसर पाइरहेकाले यस अवधिमा कम्तिमा ५ प्रतिशत अपांगहरुलाई सो अवसर प्रदान गर्न शिक्षक तालिम सञ्चालन एवं एकीकृत र सबैका लागि विद्यालय शिक्षा कार्यक्रमको विकास र विस्तार गरिनेछ । हालसम्म बहु अपांगता भएका व्यक्तिहरुका लागि शिक्षा एवं तालिम प्रदान गर्ने संस्था नभएकाले यस अवधिमा पांचै विकास क्षेत्रमा हाल संचालित विशेष विद्यालयहरुमा यस्ता वालवालिकाहरुका लागि कार्यक्रम सञ्चालन गरिनेछ । विशेष शिक्षा कार्यक्रम लागू हुने प्रत्येक जिल्लामा अपांगता परीक्षण र लेखाजोखा गर्ने जनशक्ति तयार गरिनेछ । पाँचै विकास क्षेत्रहरुमा एक एक वटा प्रशिक्षण केन्द्र स्थापना गर्ने र विशेष अनौपचारिक शिक्षा कार्यक्रमलाई कार्यमूलक बनाइ क्रमशः विस्तार गर्दै लगिनेछ ।

पाठ्यक्रम पाठ्यपुस्तक :

पाठ्यक्रमको माध्यमबाट शिक्षाको राष्ट्रिय र तहगत उद्देश्यहरु हासिल गर्ने प्रयास गरिन्छ। बदलिंदो समय र परिस्थितिको माग अनुसार पाठ्यक्रमलाई क्रमशः सुधार गर्दै लगिएको छ । नवौं योजनामा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाअन्तर्गत रहेको प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक एकाइलाई पाठ्यक्रम विकासकेन्द्रमा गाभिनेछ । प्राथमिक तहको पाठ्यक्रम परिमार्जनको कार्य सुरु गर्ने र तद्नुरुप पाठ्यपुस्तक सुधार गरी स्तरीय बनाउने कार्यहरु गर्दै लगिनेछ । विद्यार्थीहरुको निरन्तर मूल्यांङ्कन गर्ने

प्रणालीलाई क्रमशः लागू गर्दै लगिनेछ । निःशुल्क पाठ्यपुस्तक वितरण प्रणालीलाई सुगम र प्रभावकारी बनाइनेछ । पाठ्यक्रमको आधारमा तयार गरिएका पुस्तकहरुमध्ये कुनै एउटा चयन गर्न सक्ने अधिकार विद्यालयलाई नै दिने गरी केही जिल्लामा परीक्षणको रुपमा लागू गरिनेछ । प्राथमिकस्तरमा लिइने अन्तिम परीक्षाको लागि प्रत्येक बिषयका बिशेषज्ञ तयार गरी विशिष्टीकरण तालिका तयार गर्न लगाइ प्रश्नपत्र निर्माण गराउने व्यवस्था गरिनेछ ।

माध्यमिक तहमा कक्षा दशसम्म नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक क्रमशः लागू गर्दै लगिनेछ । सबै कक्षाहरुका लागि शिक्षक निर्देशन पुस्तिकाहरु क्रमशः तयार गरी विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । विद्यार्थीहरुका निम्ति निर्देशन र परामर्शसेवा प्रदान गर्ने परिपाटि तर्फ प्रारम्भिक कार्य गरिनेछ । शैक्षिक सामग्रीको विकास तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ । विद्यार्थी मूल्यांङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

निम्न माध्यमिक तथा माध्यमिक विद्यालयस्तरको पाठ्यक्रमका साथै अनौपचारिक शिक्षा पाठ्यक्रममा लागुऔषध दुव्यर्सनसम्बन्धी दुष्परिणामका सम्बन्धमा जानकारी दिने तथा लागूऔषध दुरुपयोग नियन्त्रण सम्बन्धी विषयबस्तु समावेश गरिनेछ । विद्यालयस्तरको पाठ्यक्रममा समयको आवश्यकता अनुरुप गणित, विज्ञान र कम्प्युटर शिक्षालाई विशेष स्थान दिइनेछ । तहगत पाठ्यक्रमबीच रहेको विसंगतिको निराकरण गरी एकतहको पाठ्यक्रमलाई अर्को तहको पाठ्यक्रमसँग सामिप्य गराइनेछ । मानव अधिकार, वातावरण संरक्षण, लैंगिक समानता जस्ता मानव विकासका महत्वपूर्ण पक्षहरु माध्यमिक तहको पाठयक्रममा प्रतिबिम्बित गरिनेछ ।

पाठ्यक्रम, पाठ्यपुस्तक व्यवस्थापन प्रक्रियालाई बैज्ञानिक र व्यबस्थित बनाउन पाठयक्रम विकास केन्द्रको व्यवस्थापन पक्ष तथा अन्य भौतिक एवं मानवीय स्रोतको विकासकालागि कार्यक्रमहरु सञ्चालन गरिनेछन् । यस क्रममा पाठ्यक्रम विकास केन्द्रमा एउटा अनुसन्धान, अनुगमन र मूल्यांकन शाखाको स्थापना गरिनेछ ।

महिला शिक्षा :

महिलाहरुलाई प्राथमिक शिक्षा सर्वसुलभ गराउने, छात्रा भर्ना संख्यामा वृद्धि गर्ने, अधिकतम शिक्षित महिलाहरुलाई शिक्षक पेशा अपनाउन प्रोत्साहन गर्ने, बढी संख्यामा छात्राहरुलाई माध्यमिक शिक्षा पूरा गर्न प्रोत्साहित गर्ने उद्देश्यले बिभिन्न कार्यक्रम सञ्चालन भइरहेको छ । योजनावधिमा यी कार्यक्रमलाई अझ बढी गतिशील बनाइ महिला शिक्षक तालिम, छात्रवृत्ति बितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

योजना अवधिमा शिक्षामा महिला सहभागिता बढाउन महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रत्येक प्राथमिक विद्यालयमा कम्तिमा एक महिला शिक्षिकाको व्यवस्था गर्ने तथा नि. मा. वि. एवं मा. वि. विद्यालयमा समेत महिला शिक्षकको नियुक्तिलाई प्राथमिकता दिइनेछ । विद्यालय शिक्षाको पाठ्यक्रम तथा तालिम सामग्रीहरुमा लैङ्गिक असमानता झल्काउने बिषयवस्तुहरुलाई हटाइनेछ । महिला शिक्षा कार्यक्रमलाई अझ बढी प्रभावकारी ढंगले संञ्चालन गर्न अनुगमन तथा मूल्यांकन प्रक्रियालाई व्यवस्थित गरिनेछ । स्थानीय निकायलाई महिला शिक्षाको विकास र प्रचार प्रसारमा बढी से बढी सहभागी गराइने छ । छात्रा भर्ना संख्या र भर्ना टिकाउ गर्ने विद्यालयहरुलाई पुरस्कार दिने व्यवस्था मिलाइने छ । अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत महिला सहभागीहरुका लागि आयमूलक सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय तहका महिला शिक्षकहरुको निम्ति प्रभावकारी शैक्षिक प्रविधिबारे तालिमको व्यवस्था मिलाइनेछ ।

देशको अधिकांश भूभाग ओगटेर बसेका महिलालाई देश विकासको मूलधारामा अग्रसर गराउने उद्देश्यले शिक्षामा छात्राको सहभागिता बढाउन शिक्षाको हरेक स्तर र क्षेत्रमा छात्राहरुका लागि

छात्रवृति कार्यक्रम सञ्चालन गरिएको छ । नवौं योजनावधिमा पनि ६५ जिल्लाका प्रा. वि. छात्राहरुलाई छात्रवृति कार्यक्रम कोटाको आधारमा र १० दुर्गम जिल्लाहरुमा विद्यालय भर्ना भएका सम्पूर्ण छात्रालाई निम्न वमोजिम छात्रवृति उपलव्ध गराइनेछ ।

सि. नं.	छात्रवृति कार्यक्रम	५ वर्ष भित्र लाभान्वित हुने छात्रा संख्या
१	प्रा.वि. छात्रवृति	१६२,४०४
२	स्थानीय छात्रवृति	५८,०४१
३	क्याम्पस छात्रवृति	२,३७६
४	अपग्रेडिड० छात्रवृति	१,८०४

प्रा.वि. छात्रवृति (१० जिल्ला डोटी, अछाम, बझाड०, वाजुरा, जाजरकोट, डोल्पा, जुम्ला, हुम्ला, कालीकोट र मुगु एवं १० जिल्लामा प्राथमिक तहमा भर्ना भएका सम्पूर्ण छात्राहरुलाई छात्रवृति उपलव्ध गराइनेछ ।

दलित विद्यार्थी छात्रवृति कार्यक्रम :

नेपाल अधिराज्यमा विभिन्न जात जातिसमूह जस्तै डोम, चमार, मुसहर, दुसाध, राउटे, भागद, सतार, धिमाल, सार्की, कामी दमाई जस्ता दलित र पिछडिएका जनजातिका बालबालिकाहरुलाई विद्यालय प्रवेशका निम्ति प्रोत्साहन गर्न कक्षा १ देखि ५ सम्म भर्ना भएका बालबालिकालाई प्रतिमहिना रु.२५ का दरले १० महिनाको छात्रवृति उपलव्ध गराईनेछ । उक्त छात्रवृत्तिको कोटा संख्या वृद्धि गरी नवौं योजनाभरमा अनुमानित कोटा संख्या ४,४०,००० पुऱ्याइनेछ ।

प्राथमिक विद्यालय पौष्टिक आहार कार्यक्रम :

प्राथमिक विद्यालयहरुमा विद्यार्थी भर्ना संख्यामा वृद्धि गर्न, छात्रछात्राहरुको नियमित उपस्थिति कायम राख्न तथा सुधार गर्न एवं वीचमा कक्षा छोड्ने प्रवृत्तिलाई कम गर्न छात्रछात्राहरुलाई दिवा खाजाको प्रबन्ध मिलाइ दैनिक हाजिरीदरमा वृद्धि गर्ने, कक्षा उत्तीर्णदरमा वृद्धि गर्ने र विद्यार्थीहरुको पोषण तथा स्वास्थ्यमा सुधार गर्ने जस्ता उद्देश्य लिइ सँचालन भएका प्राथमिक विद्यालय पौष्टिक आहार कार्यक्रम आठौं योजनाको उतरार्द्ध देखि अधिराज्यका ८ जिल्लामा सञ्चालन भइरहेकोछ । नवौं योजना अवधिमा यस कार्यक्रमलाई खाद्यान्न न्यून भएका र प्राथमिक विद्यालय भर्नादर कम भएका ४ अन्य जिल्लामा पनि विस्तार गरी जम्मा १२ जिल्लाका प्राथमिक विद्यालयहरुका २ लाख ५० हजार छात्रछात्रालाई पौष्टिक आहार उपलवव्ध गराउने लक्ष्य रहेकोछ । साथै छात्रछात्राहरुलाई जुका नियन्त्रक औषधी बितरण र प्राथमिक विद्यालय तथा जनसमुदायमा स्वास्थ्य तथा पोषणसम्बन्धी जानकारी अभिवृद्धि गर्न स्वास्थ्य शिक्षासम्बन्धी सामग्री वितरण गर्ने लक्ष्य रहेको छ ।

पोषण कार्यक्रम :

बालबालिकाहरुको पोषणस्थितिमा सुधार ल्याइ उनीहरुको जीवन उकास्नका लागि पोषण शिक्षा ज्यादै महत्वपूर्ण छ । सानै उमेरदेखि ठीक तरिकाले खानेबानी अपनाउन आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्न सकेमा मात्र पोषणस्थितिमा सुधार आउन सक्छ । नेपालका कतिपय गाँउमा विद्यालय जाने उमेरको

बालबालिका मात्र परिवारको शिक्षित सदस्य हुन्छन् । तसर्थ उनीहरुलाई दिइने पोषण शिक्षासम्बन्धी सन्देशले सिङ्गै परिवारको जीवन उकास्न सघाउ पुऱ्याउँछ ।

योजना अवधिभित्रमा विभिन्न प्रशिक्षक, निरीक्षक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरुलाई पोषणसम्बन्धी तालिम प्रदान गरिनेछ । यसैगरी, पोष्टर, चार्ट तथा श्रव्य दृश्यको माध्यमबाट पोषणबारे जनसमुदायको चेतना जागरण गर्ने, सूचना प्रवाह गरी सुसूचित गर्ने र ज्ञान अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

जनसंख्या र स्वास्थ्य शिक्षा :

जनसंख्या बृद्धिको चापबाट उत्पन्न हुने समस्याहरुको सम्बन्धमा जनचेतना जगाउने उद्देश्यले सञ्चालन हुने परियोजनाअन्तर्गत योजनावधिमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्रौढ शिक्षाको पाठ्यक्रम पाठ्यपुस्तकमा जनसंख्या र स्वास्थ्य शिक्षा पाठ्यक्रम समावेश गरिनेछन् । जनसंख्या शिक्षा क्षेत्रमा शिक्षक तालीम कार्यक्रम संञ्चालन गरिनेछ । साथै सूचना तथा सञ्चारको माध्यमबाट जनचेतना जागृत गर्ने र महिला समुदायको लागि जनसंख्या/स्वास्थ्य शिक्षाको बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

अनुगमन, मूल्याङ्कन, शैक्षिक तथ्यांक तथा शैक्षिक व्यवस्थापन सुधार :

योजना अवधिमा शैक्षिक कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन व्यवस्था प्रभावकारी बनाउने, शिक्षा मन्त्रालय तथा अन्य शैक्षिक निकायहरुमा शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने र शैक्षिक सुचनांङ्क प्रणालीको सुधार तथा विकास गरिनेछ ।

शिक्षाको संगठनात्मक संरचनामा सुधार गर्ने र विद्यालय निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ । शैक्षिक योजना तर्जुमा प्रक्रियालाई विकेन्द्रीकरणको नीतिअनुरुप सुधार गरिनेछ । विद्यालयहरुको व्यवस्थापनमा निजी क्षेत्र समेतको सहभागिता बढाइनुका साथै स्थानीय समुदाय तथा निकायको सहभागिता बढाइनेछ । यसका निम्ति विद्यालय व्यवस्थापन समिति विद्यालय सञ्चालनको स्थानीय अंग भएकोले यस अंगलाई सवल रुपमा नेतृत्व प्रदान गर्नसक्ने वनाउन आवश्यक क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

उच्च शिक्षा :

योजना अवधिमा अधिराज्यका बिभिन्न भागमा खास आवश्यकता पहिचान गरी अनिवार्य देखिएको स्थितिमा मात्र उच्च शिक्षाको लागि थप शिक्षण संस्था र विश्वविद्यालय स्थापना गरिनेछ । उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने तथा प्राविधिक उच्च शिक्षाको विस्तारमा बिशेष जोड दिइनेछ । देशलाई आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति आपूर्ति गर्ने हेतुले कृषि र वन विश्वविद्यालय तथा सम्भाव्यता अध्ययन गरी अन्य प्राविधिक विश्वविद्यालयहरुको स्थापना गरिनेछ । यसबारे विद्यमान संरचनालाई नै अध्ययन गरी विश्वविद्यालयको रुपमा विकास गर्न सकिने सम्भावनाको निक्यौंल गरिनेछ । उच्च शिक्षाको विकासको क्रममा सरकारी स्रोत र साधनमाथिको दवाव घटाउन निजी तथा गैरसरकारी सहभागिता बढाउन शिक्षा क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने व्यक्ति तथा निकायहरुलाई प्रोत्साहन गर्नेतर्फ जोड दिइनेछ । लागत प्रभावकारिताको आधारमा उच्च शिक्षाको अवसरलाई विस्तार गर्न खुल्ला विश्वविद्यालय सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

उच्च शिक्षालाई गुणस्तरयुक्त बनाउन तथा विश्वविद्यालय एवं उच्च शैक्षिक संस्थाहरुलाई समन्वयात्मक रुपमा सम्वर्द्धन र प्रवर्द्धन गर्न विश्वविद्यालय अनुदान आयोगको भूमिकालाई अझ बढी सक्रिय बनाइनेछ । आयोगको संस्थागत व्यवस्था सुदृढ रुपमा विकास गरी भविष्यमा विश्वविद्यालयहरु स्थापना गर्ने सम्बन्धमा स्पष्ट नीति निर्माण गरी उपयुक्त प्रकिया निर्धारण गरिनेछ । देशमा रहेका बिभिन्न विश्वविद्यालयहरुलाई सरकारी अनुदान प्रदान गर्ने सम्बन्धमा स्पष्ट नीति एवं प्रकिया निर्धारण गर्ने र सो अनुसार अनुदान बितरण गर्ने कार्य प्रारम्भ गरिनेछ । उच्च शिक्षाको गुणस्तर अन्तर्राष्ट्रिय स्तरको बनाउन उच्च शिक्षाको विभिन्न तहमा कायम राखिनुपर्ने न्यूनतम गुणस्तर परिभाषित र निर्धारणगरी सो अनुरुप न्यूनतम गुणस्तर कायम गर्न अनुगमनको प्रकिया समेत प्रारम्भ गरिनेछ । ख्याति प्राप्त उत्कृष्ट विदेशी प्राज्ञिक संस्थाहरुले नेपालमा आई अन्तर्राष्ट्रियस्तरका शैक्षिक अवसरहरु उपलव्ध गराउने अभिरुची लिएमा त्यस्ता संस्थाहरुलाई नेपाल च्याप्टर सञ्चालन गर्न प्राथमिकता दिइनेछ । यस्तै विश्वविद्यालयहरु तथा उच्च शिक्षणसंस्थाहरुको स्वायत्तताको सन्दर्भमा यस्ता संस्थाहरु अधिकार उपयोग गर्ने पक्षमा मात्र स्वायत्त नभै आर्थिक रुपले पनि स्वायत्त हुनु पर्ने साथै बढी जिम्मेवारीपूर्ण एवं जवाफदेही हुनुपर्ने आवश्यकतानुरुपका नीति तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।

विश्वविद्यालयहरुको नीति तथा कार्यक्रम :

नीति

- देशको उच्च शिक्षालाई बढी व्यवस्थित, स्तरीय र प्रतिस्पर्धात्मक वनाई राष्ट्रिय तथा क्षेत्रीयस्तरमा उच्च शिक्षाको आवश्यकता पूरा गर्नका लागि पाँचै विकास क्षेत्रमा एक एक ओटा विश्वविद्यालय स्थापना गर्ने नीति अनुरुप स्थापना भएका पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयलाई क्षेत्रीय विश्वविद्यालयको रुपमा विकसित गरिनेछ। यी क्षेत्रहरुमा विद्यमान रहेका क्याम्पसहरुलाई क्षेत्रीय विश्वविद्यालय अन्तरगत समाहित गरिनेछ ।

- देशलाई आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति आपूर्ति गर्ने हेतुले कृषि र बन विश्वविद्यालय आवश्यकता तथा सम्भाव्यता हेरी अन्य प्राविधिक विश्वविद्यालयहरु स्थापना गरिनेछन् ।

- उच्च शिक्षा हासिल गर्नेहरु (beneficiaries) बाट लागत खर्च बेहोर्ने जनसहभागिता अभिवृद्धि गर्ने र गैर सरकारी सहयोग समेत जुटाई उच्च शिक्षामा सरकारले व्यहोर्ने व्ययभार कम गर्ने (cost sharing) नीति लिइनेछ । जेहेन्दार र गरीव विद्यार्थीहरुकालागि ऋण तथा छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

- विश्वविद्यालयहरुलाई भौतिक, मानवीय एवं उपयुक्त शैक्षिक आधारशीलाहरु खडा गर्न सरकारको क्षमता अनुसार सहयोग प्रदान गर्ने नीति कायमै राखिनेछ ।

- उच्च शिक्षाको अवसरलाई लागत प्रभावकारिताको आधारमा विस्तार गर्न खुल्ला विश्वविद्यालय सञ्चालन गर्ने नीति लिइनेछ ।

- विश्वविद्यालय अनुदान आयोगलाई सुदृढीकरण गरिनेछ । उच्च शिक्षाको निम्ती श्री ५ को सरकारबाट उपलव्ध गराईने अनुदानको राशी आयोगद्वारा निर्धारित मापदण्ड अनुरुप उच्च शिक्षण संस्थाहरुलाई वितरण गर्ने नीति अवलम्वन गरिनेछ । उच्च शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा समेत अनुदान आयोगको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

कार्यक्रम

विश्वविद्यालय अनुदान आयोग : देशमा स्थापित एवं पछि स्थापना हुने विश्वविद्यालयहरु एवं उच्च शैक्षिक संस्थाहरुवीच समन्वय कायम गर्न श्री ५ को सरकारकोतर्फबाट दिइने अनुदान समुचित

तवरले वितरण गर्न र उच्च शिक्षाको शैक्षिकस्तर कायम गर्ने आधारहरु निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न विश्वविद्यालय अनुदान आयोग ऐन २०५० अन्तर्गत २०५१ सालमा विश्वविद्यालय अनुदान आयोगको गठन भइ आयोगअन्तर्गत योजना अवधिमा विश्वविद्यालयहरुलाई प्रदान गरिने अनुदानको निमित्त बजेट छलफल गराउने तथा स्वीकृत बजेटअनुसार अनुदान प्रदान गर्ने प्रक्रिया प्रारम्भ भएको छ । खासगरी विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाको गुणस्तर बढाउन अनुदान वितरणका खास आधारहरु किटान गरी अनुदान प्रदान गर्ने, विश्वविद्यालयका कार्यक्रमहरु मूल्यांकन र अनुगमन गर्ने तथा सुधारका अन्य कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

नेपालको उच्चशिक्षालाई गुणस्तरयुक्त बनाउन विश्वविद्यालय/ उच्च शैक्षिक संस्थाहरुलाई समन्वयात्मकरुपमा सम्वर्द्धन र प्रवर्द्धन गर्न विश्वविद्यालय अनुदान आयोगको भूमिकालाई अझ सक्रिय बनाउन यसको संस्थागत विकासमा जोड दिइनेछ । साथै निम्न नीति तथा कार्यक्रमहरु लिइनेछ :

- भविष्यमा विश्वविद्यालयहरु स्थापना गर्ने सम्बन्धमा स्पष्ट नीति निर्माणगरी उपयुक्त प्रक्रिया निर्धारण गर्ने ।
- देशमा रहेका विभिन्न थरिका विश्वविद्यालयहरुलाई सरकारी अनुदान प्रदान गर्ने सम्बन्धमा स्पष्ट नीति एवं प्रक्रिया निर्धारण गर्ने र सोअनुसार अनुदान वितरण गर्ने कार्य प्रारम्भ गर्ने ।
- उच्चशिक्षाको गुणस्तरमा सुधार गरी अन्तर्राष्ट्रियस्तरको उच्च गुणस्तरयुक्त शिक्षा प्रदान गर्न सहयोग पुऱ्याउन आयोगको "गुणस्तर सुधार कार्यक्रम" लाई सुदृढीकरण गरी अरु बढी प्रभावकारी बनाउने ।
- उच्चशिक्षाको विकासमा अन्तर्राष्ट्रिय सहयोग जुटाइ छात्रवृत्ति/विद्धतवृत्ति स्थापना गर्ने प्रयास गर्ने ।
- विश्वविद्यालयहरु/उच्चशिक्षण संस्थाहरुलाई स्वायत्तताका साथै बढी जिम्मेवारपूर्ण एवं जवाफदेही बनाउन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- क्षेत्रीय विश्वविद्यालयको अवधारणालाई स्पष्ट पारी आर्थिक एवं शैक्षिक दृष्टिकोणले उच्चशिक्षा व्यवस्थापनलाई सुव्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गराउन आवश्यक कदम चाल्ने ।
- विश्वविद्यालय अनुदान आयोगको सचिवालय सुदृढीकरण गर्ने ।
- विश्वविद्यालयहरुको भौतिक सुविधा जुटाउन सक्रिय भूमिका निभाउने ।

त्रिभुवन विश्वविद्यालय : आठौं योजनाको अन्तिम वर्ष अर्थात् आ.व. २०५३।५४ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्राविधिकतर्फका पाँच अध्ययन संस्थान इञ्जिनियरिङ्ग, कृषि र पशुविज्ञान, चिकित्साशास्त्र, वनविज्ञान र विज्ञान तथा प्रविधि अध्ययन संस्थान तथा साधारणतर्फका चार संकाय कानुन, व्यवस्थापन, शिक्षा शास्त्र तथा मानविकी र सामाजिक शास्त्र संकायअन्तर्गत आंगिक ६१ र सम्बन्धन प्राप्त नीजि क्षेत्रका १३५ क्याम्पस गरी जम्मा १६६ क्याम्पस संचालित छन् । विद्यार्थी विवरणअनुसार प्राविधिक तर्फ १६०४५ र साधारणतर्फ ११७,४७६ (२०५२/५३ को तथ्यांक अनुसार) गरी जम्मा १३३५२१ जना विद्यार्थी अध्ययनरत रहेको अनुमान छ । त्रिभुवन विश्वविद्यालयमा ३० केन्द्रीय विभाग सञ्चालनमा छन् । यसका साथै चार अनुसन्धान केन्द्र आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र, नेपाल र एसियाली अनुसन्धान केन्द्र, व्यावहारिक बिज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र र शिक्षा विकास तथा अनुसन्धान केन्द्र संचालित छन् । यी अनुसन्धान केन्द्रहरुबाट सम्बन्धित विषयक्षेत्रमा अनुसन्धान तथा अध्ययन कार्यक्रमहरु सञ्चालन हुँदै आएका छ ।

योजना अवधिमा देशभित्रै कृषि, चिकित्सा, इञ्जिनियरिङ्ग, वन एवं विज्ञान तथा प्रविधिका क्षेत्रमा मध्यम र उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने क्षमता बृद्धी गरी पठनपाठनमा गुणस्तर बढाउने नीतिअनुरुप कृषि र पशुविज्ञान अध्ययन संस्थानतर्फको स्नातक तहमा वी.भी एस्सी एण्ड ए.एच. कार्यक्रम सञ्चालन भएको छ भने स्नातकोत्तर तहमा एम.एस्सी.एजी. कार्यक्रम सञ्चालन गर्न पूर्वाधार तयार गरिएको छ ।

चिकित्साशास्त्रतर्फ एम.एन. नर्सिङ्ग सञ्चालन गरिएको छ । इञ्जिनियरिङ्ग अध्ययन संस्थानतर्फ स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन भएको छ । उच्च शिक्षाको गुणस्तर अभिवृद्धि र भौतिक पूर्वाधार सुदृढ गर्न उच्च शिक्षा परियोजना तथा इञ्जिनियरिङ्ग शिक्षा विकास परियोजनाहरु सञ्चालनमा छन् ।

नेपालको सर्वाङ्गीण विकासको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न स्तरयुक्त उच्च शिक्षा प्रदान गर्ने, विविध शैक्षिक एवं प्राज्ञिक क्षेत्रमा अनुसन्धान गर्ने; राष्ट्रिय संस्कृति र परम्परालाई संरक्षण एवं विकास गर्ने; कला, विज्ञान, प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र अनुसन्धानलाई व्यापक, व्याबहारिक र समयसापेक्ष बनाउने उद्देश्यअनुरुप नवौं योजना अवधिमा त्रि.वि.वि.ले निम्न नीतिहरुको अवलम्बन गर्नेछ :

- राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखी योजना अवधिमा देशभित्रै उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादनको लागि कृषि, चिकित्सा, इञ्जिनियरिङ्ग, वन एवं विज्ञान तथा प्रविधिको पठन-पाठनको गुणात्मकस्तरलाई बढाइनेछ । राष्ट्रिय प्राविधिक क्षमतालाई प्रवर्द्धन गर्ने कामलाई प्राथमिकता दिइनेछ ।
- योजना अवधिमा अध्ययन संस्थान, संकाय तथा अनुसन्धान केन्द्रहरुका कार्यक्रममा उच्च शिक्षाका गुणस्तर वृद्धि गर्ने तथा समग्र विकासको आवश्यकता परिपूर्ति गर्न योगदान दिने खालका पाठयक्रम तथा अनुसन्धानलाई बढावा दिइनेछ ।
- साधारण तथा प्राविधिक उच्च शिक्षातर्फ जनसहभागिताको आधारमा थप नयां कार्यक्रम संञ्चालन गर्न जोड दिइनेछ ।
- सबै अध्ययन संस्थान तथा संकायका क्याम्पसहरुको पठन पाठनलाई नियमित तुल्याउन कार्यतालिका बनाइ प्रवेश मिति, शिक्षण अवधि, परीक्षा मिति तथा परीक्षाफल प्रकाशन मिति अघिबाटै निश्चित गरी सोहीअनुरुप कार्यक्रम संञ्चालनलाई प्रभावकारी बनाइनेछ र अन्तर्राष्ट्रिय प्रचलन अनुरुप एक प्राज्ञिक वर्षको कार्यावधिलाई कम्तिमा १८० दिनको गराइनेछ ।
- उच्च शिक्षालाई अझ स्तरीय तथा प्रतिस्पर्द्धात्मक तुल्याउन गुणस्तर अभिवृद्धिका लागि शिक्षण बिभागहरुको नामाकरणमा आवश्यक परिवर्तन गर्नुका साथै पाठ्यक्रम नवीकरण गर्ने जस्ता समय सापेक्ष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- देश विदेशका विश्वविद्यालय र शैक्षिक एवं अनुसन्धानमूलक संस्थानहरुसंगको सम्बन्धलाई सुदृढीकरण गर्दै आपसी सहयोगको क्षेत्रलाई विस्तार गरिनेछ ।
- विश्वविद्यालय व्यवस्थापनलाई आधुनिकीकरण गरी बढी प्रभावकारी बनाइनेछ ।
- शिक्षक तथा कर्मचारीका आत्मोन्नति र पदोन्नतिका कार्यलाई वैज्ञानिक र सरल बनाउँदै विश्वविद्यालयमा अध्यापन कार्यका लागि न्यूनतम शैक्षिक योग्यताको तह बढाइनेछ ।
- विद्यार्थीहरुको पठन पाठन कार्यलाई प्रभावकारी बनाउँदै शारीरिक, मानसिक र बौद्धिक विकासका बिभिन्न कार्यक्रमहरु तर्जुमा गरी विद्यार्थीहरुको व्यक्तित्वमा पूर्णता ल्याइनेछ ।
- विश्वविद्यालयमा प्राज्ञिक वातावरण सुदृढीकरणका लागि राष्ट्रिय सहमति कायम गरिनेछ ।
- विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरुलाई यस योजना अवधिभित्र चरणवद्ध रुपमा हटाइनेछ ।

- विश्वविद्यालयको शुल्कः प्रारुप (Fee Structure) लाई समय सापेक्ष बनाई तथा न्यायोचित आधारमा परिवर्तन गरिनेछ ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था कायम राख्नुका साथै विश्वविद्यालय आफैले स्रोत परिचालन गरी विद्यार्थी ऋणको व्यवस्था गर्नेछ ।
- योजना अवधि भित्र विश्वविद्यालयका अनुसन्धान केन्द्रहरुलाई आत्मनिर्भर बनाइनेछ । यसै गरी आंगिक क्याम्पसहरुलाई पनि आत्मनिर्भर हुने तर्फ अग्रसर हुन उत्साहित गरिनेछ ।
- विश्वविद्यालयले आफ्नो स्रोत (Resource) परिचालन गरी थप आयस्रोत जुटाउने कार्यनीति अवलम्बन गर्नेछ ।
- त्रिभुवन विश्वविद्यालयले अध्ययन संस्थान तथा क्याम्पसहरुको क्षमता हेरी स्वायत्तता प्रदान गर्नेछ । शैक्षिक निकायहरुको कार्यक्षमता अभिवृद्धि गरी विकेन्द्रीकरण कार्यक्रम विस्तार गरिनेछ ।
- क्षेत्रीय विश्वविद्यालयको रुपमा स्थापना भएका विश्वविद्यालयहरुमा सम्बन्धित क्षेत्रमा सञ्चालित त्रि.वि. का क्याम्पसहरुलाई समाहित गरिनेछ ।

इन्जिनियरिंड अध्ययन संस्थान : यस अध्ययन संस्थानले इन्जिनियरिङ्ग अन्तर्गतका सम्बन्धित विषयहरुमा मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्दै आएको छ । योजना अवधिमा पुल्चोक क्याम्पसमा पी.एच.डी. कार्यक्रम सुरु गरिनेछ । यस क्याम्पसमा इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स र मेकानिकल विषयको एम.एस्सी कार्यक्रम सुरु गरिनेछ । साथै सिभिल र आर्किटेक्चरल विषयमा एम.एस्सी तहको कार्यक्रम र प्राविधिक, जलस्रोत, वातावरणीय तथा ग्रामीण पूर्वाधार इन्जिनियरिङ्ग कार्यक्रमहरु सञ्चालन गरिनेछ । पुल्चोक क्याम्पसमा कम्प्युटर इन्जिनियरिंडमा स्नातक तहको कार्यक्रम सञ्चालन गरिनेछ । साथै केमिकल इन्जिनियरिंड र भू-वनोट विषयमा स्नातक तहको र ग्रामीण ऊर्जामा स्नात्तकोत्तर तहको कोर्षको तयारी गरिनेछ । पुल्चोक क्याम्पसको डिप्लोमलाई तहको कार्यक्रमलाई क्याम्पसहरु सारिनेछ । पूर्वाञ्चल, पश्चिमाञ्चल र थापाथली क्याम्पसमा स्नातक तहको कार्यक्रम सुरु गर्न तयारी गरिनेछ । करीव ४.५ प्रतिशत देखि २० प्रतिशतसम्म लागत असूली गर्नेतर्फ सचेत रही नियमित कोर्षको शुल्क संशोधन गर्नुका साथै प्रायोजित कोर्ष सुरु गरिनेछ । यस परिप्रेक्ष्यमा समताको सिद्धान्त अपनाइनेछ । आन्तरिक स्रोतहरुको परिचालनमा विशेष जोड दिईनेछ । अनुसन्धान तथा विकास क्रियाकलापलाई वढावा दिइ राष्ट्रिय प्राविधिक क्षमतालाई प्रवर्द्धन गर्ने कामलाई प्राथामिकता दिइनेछ । व्यवहारिक अनुसन्धान तथा विकास केन्द्रलाई सशक्त गरिनेछ ।

कृषि र पशु विज्ञान अध्ययन संस्थान : योजना अवधिमा कृषिमा एम.एस्सी. डिग्री प्राप्त जनशक्ति उत्पादन गर्ने कार्यक्रम सुरु गरिनेछ । यस अवधिमा यस अध्ययन संस्थानले निम्न कार्यक्रमहरु सञ्चालन गर्नेछ । अध्ययन संस्थान अन्तर्गतको कृषि अनुसन्धान निर्देशनालयलाई राष्ट्रको कृषि अनुसन्धान नीतिअनुरुप नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वित गरिनेछ । यसैगरी अनुसन्धानको माध्यमबाट कृषिका समस्याहरु पहिचान गरी तिनको समाधानका उपायहरुलाई कृषकहरुसम्म पुऱ्याउन कृषि शिक्षा प्रसार निर्देशनालयको स्थापना गरिनेछ । योजना अवधिमा उच्चस्तरीय कृषि जनशक्ति (एम.एस्सी. कृषि) उत्पादन गर्ने कार्यक्रम सुरु गरिनुका साथै हाल चालू रहेको मध्यमस्तरीय जनशक्ति उत्पादन कार्यक्रम वी.एस्सी. कृषि र वी.भी.एस्सी एण्ड ए.एच. लाई सुदृढीकरण गरिनेछ ।

उपर्युक्त कार्यक्रमहरु सुदृढरुपमा सञ्चालन गर्न योजना अवधिमा स्नातकोत्तर तहका विद्यार्थीका लागि छात्रावास र पशु चिकित्सकहरुको लागि छात्रावस (P.G. Hostel/Vet. Students Hostel), पशुशिक्षण अस्पताल (Veterinary Teaching Hospital) र प्रयोगशाला निर्माण गरिनेछ र आवश्यक वैज्ञानिक तथा शैक्षिक उपकरण खरिद गर्न सहयोग जुटाइनेछ ।

चिकित्साशास्त्र अध्ययन संस्थान : राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) वमोजिम स्नातक तथा स्नातकोत्तर कार्यक्रमहरु मात्र सञ्चालन गर्ने नीति तय भए तापनि प्रविणता प्रमाणपत्र कार्यक्रम

चलाउन अन्य संस्थाहरु सक्षम नभएसम्म यस अध्ययन संस्थानले प्रमाणपत्र तहका नर्सिंग, रेडियोग्राफी, फार्मेसी, हेल्थ ल्याव जस्ता कार्यक्रमहरु सञ्चालन गरिरहने लक्ष्य राखेको छ ।

योजना अवधिमा त्रि.वि. शिक्षण अस्पतालमा हृदय शल्यचिकित्सा, क्यान्सरको रेडियशन उपचार, मृगौला स्थानान्तरण न्यूरो सर्जरी सेवाहरु सञ्चालन गरिनेछ । यसैगरी हाल अस्पतालमा नभएको सी.टी. स्क्यानिंग सेवा पनि सुरु गरिनेछ । का.म.न.पा.को सहयोगमा गणेशमान ई.एन.टी. र नेक सेन्टर (ENT and Neck Centre) खोलिनेछ । गृह मन्त्रालयद्धारा निर्माण भैरहको भवनमा लागुपदार्थ दुर्व्यसनीहरुका लागि दिवा उपचार केन्द सुरु गरिनेछ । आठौं योजनामा सुरु भएको हेल्थ लर्निंग मेटेरियल सेन्टर, वि.पि.कोइराला अष्थाल्मिक सेन्टर, मेडिकल एजुकेशन विभागहरुको कार्यहरुलाई सुदृढीकरण गर्दै लगिनेछ । आठौं योजना अवधिमा सञ्चालन भएका एम.एन. नर्सिंग तथा सो अगावै सुरु भएका वी.एन. नर्सिंग कार्यक्रमहरुलाई सुदृढीकरण गर्दै साधारण वी.एस्सी नर्सिंग कार्यक्रम सुरु गर्न कदम चालिनेछ । यस अध्ययन संस्थानका केन्द्रीय क्याम्पसका २१ विभाग मध्ये ९ विभागमा स्नात्तकोत्तर कार्यक्रमहरु सञ्चालन भैसकेको र पिडियाट्रिक तथा साइक्रियाट्रिक विषयमा पनि स्नात्तकोत्तर कार्यक्रम सुरु गरिनेछ । बाँकी १० वटा विभागहरुमा सम्वन्धित विषयहरुका प्राविधिक जनशक्तिको अवस्था हेरी स्नातकोत्तर कार्यक्रम क्रमशः सञ्चालन गर्न तर्फ कदम चालिनेछ ।

आयुर्वेद क्याम्पसको सम्पूर्ण पक्षको विकासका लागि आवश्यक भौतिक संरचनाहरु खडा गरिनेछ । फिल्ड ट्रेनिंग सेन्टर, वी.पी. कोइराला अष्थाल्मिक स्टडिज सेन्टर, हेल्थ लर्निंग मेटेरियल सेन्टरलाई सुदृढ गरिनेछ । मेन्टल हेल्थ, मेडिकल एजुकेशन, कर्नेल आई इन्फेक्सन परियोजनाहरु चालू रहनेछ । क्यान्सर रेडिएसन थेरापी सेन्टरको भौतिक आवश्यकताको क्रमशः परिपूर्ति गदै लगिनेछ ।

वन विज्ञान अध्ययन संस्थान : यस अध्ययन संस्थानले राष्ट्रिय हित सम्वर्द्धन गर्नेतर्फ वन्यजन्तुहरुको संरक्षण, भू-संरक्षण, नदी कटान, माटो सदुपयोग, वनसंरक्षण, भू-उपयोग आदिका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्नुका अतिरिक्त हाल संचालित प्रमाणपत्र र स्नातक तहको कार्यक्रमलाई अझ सुदृढ गर्दै लगी योजना अवधिमा पोखरा क्याम्पसमा स्नात्तकोत्तर तहको कक्षा सञ्चालन गर्नेछ । यसका अतिरिक्त पोखरा क्याम्पसमा जी.आई.एस, आर्वेरेटिम स्थापना गरिनेछ । पोखरा क्याम्पसलाई आवश्यक पर्ने भौतिक सुविधाको विकास गरिनेछ । हेटौंडा क्याम्पसमा म्यूजियम कम लाइब्रेरी र डकुमेन्टेसन सेन्टर सञ्चालन गरिनेछ । स्नातक तहका लागि उपयुक्त हुनेगरी ल्यावको सुदृढीकरण गरिनेछ वन विज्ञान अध्ययन संस्थानको डिनको कार्यालय र निजी आवासको निम्ति भौतिक संरचना खडा गर्दै लगिनेछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान : योजनाकालमा यस अध्ययन संस्थान अन्तर्गतका क्याम्पस तथा केन्द्रीय शिक्षण विभागको शैक्षिक क्षमतामा अभिवृद्धि गरी आवश्यक दक्ष वैज्ञानिक तथा प्राविधिक जनशक्तिको खाँचो पूर्तिका लागि आवश्यक व्यवस्था गर्नुका साथै राष्ट्रिय आवश्यकताअनुसार थप कार्यक्रमहरु र थप विषयहरु क्रमिक रुपमा सञ्चालन गर्दै लैजाने कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रमाणपत्र तहको कार्यक्रम : योजना अवधिमा प्रमाणपत्र तहको कार्यक्रमलाई उच्च माध्यमिक तहमा सञ्चालन गरिनेछ ।

स्नातक तहको कार्यक्रम : भक्तपुर क्याम्पस, पद्मकन्या क्याम्पस र सूर्यनारायण सत्यनारायण मरवैत यादव क्याम्पसहरुमा तथा धनकुटामा संचालित हात्तीसारको विस्तारित क्याम्पसमा स्नातक तहको कार्यक्रम सञ्चालन गरिनेछ । तीन वर्षीय स्नातक कार्यक्रम सञ्चालन भैरहेको क्याम्पसहरुको प्रयोगशालालाई सुदृढीकरण गरिनेछ । शिक्षकहरुको शैक्षिकस्तर उकास्न आवश्यक तालिमको व्यवस्था गरिनेछ । क्षेत्रीय आधारमा क्याम्पसहरुमा सुविधा विस्तार गरी विषय थप गरिने र पाठ्यक्रम तयार

भैसकेकका वातावरण विज्ञान, कम्प्यूटर विज्ञान, वायोटेक्नोलोजी, वायेकेमेष्ट्री विषयहरुको साथै मेटेरियल साइन्स, एनालाइटिकल केमेष्ट्रीको स्नातक कार्यक्रम पनि सञ्चालन गरिनेछ ।

स्नातकोत्तर तहका कार्यक्रम : तीन वर्षीय स्नातक कार्यक्रमबाट सफल विद्यार्थीहरुको अध्ययनार्थ स्नात्तकोत्तर तहको नयां पाठ्यक्रम तर्जुमा गरी लागू गरिनेछ । महेन्द्रनगर, नेपालगंज, वुटवलमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्नुका साथै विराटनगर, जनकपुर, पोखरा र काठमाडौंमा रसायनशास्त्र, भौतिक शास्त्र, भूगर्भ शास्त्र, माइक्रोवायोलोजी विषयहरुको थप कार्यक्रम सञ्चालन गरिनेछ । विद्यावारिधी कार्यक्रमलाई व्यवस्थित गरिने छ । शिक्षकहरुको स्तर वृद्धिका लागि विकसित राष्ट्रहरुमा प्रदान गरिने गणित, रसायनशास्त्र, भौतिकशास्त्र विषयमा एम.फिल. कार्यक्रम सञ्चालन गरिनेछ । माउण्टेन रिस्क इन्जिनियरिंग विषयमा पोष्ट ग्राजुएट कार्यक्रम सुरु गरिनेछ ।

प्रविधि शिक्षा : खाद्य प्रविधि कार्यक्रमलाई स्तरीय वनाउन प्रयोगशाला सुदृढीकरण गरी डेरी टेक्नोलोजी विषयमा स्नातक कार्यक्रम सञ्चालन गरिनेछ । खाद्य विज्ञान (Food Science) विषयमा एम.टेक (M.Tech) कार्यक्रम सञ्चालन गरिनेछ ।

कानुन संकाय : योजना अवधिमा यस संकायअन्तर्गत संचालित कार्यक्रमलाई सुदृढीकरण गर्ने र क्षेत्रीय आवश्यकताअनुरुप जनसहभागिताको आधारमा उच्च-शिक्षाको प्रवर्द्धनको लागि विशेष जोड दिइ कानुन संकायमा पि.एच.डी. कार्यक्रम सुरु गरिनेछ । कानुन संकायअन्तर्गत मानव अधिकार अनुसन्धान केन्द्र स्थापना गरिनेछ । एल.एल.एम. का विषयहरु थप गरिनेछ । साथै इन्टरनेशनल स्टडी सेन्टर खोल्ने व्यवस्था गरिनेछ ।

व्यवस्थापन संकाय : यस संकायले व्यवस्थापन तथा सम्वन्धित विषयहरुमा मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गर्दै आएको सन्दर्भमा योजना अवधिमा संकायले विभिन्न कार्यक्रमको तर्जुमा गर्नेछ । बी.वी.ए., एम.वी.एस., एम.बी.ए., एम.पी.ए. र पि.एच.डी कोर्षको पाठ्यक्रममा सुधार गरिनेछ । होटल व्यवस्थापन र पर्यटन व्यवस्थापन क्षेत्रमा स्नातकतहको पाठ्यक्रम विकास गरिनेछ । यसअन्तर्गतका क्याम्पसहरुमा लाइब्रेरी र कम्प्युटरको विकास गरिनेछ । विभिन्न संकायका सदस्यहरुको योग्यता अभिवृद्धि गर्न सेमिनार र तालिम कक्षाहरु चलाउनुका साथै निजी क्षेत्रका प्रवन्धकहरुका लागि विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै पाठ्यक्रम, शैक्षिक सामग्री जस्ता क्षेत्रमा विषयगत अध्ययन (Case Study) गर्ने तथा शिक्षक शिक्षण पुस्तिका आदिको विकास गर्न अनुसन्धान कार्यक्रमहरु सञ्चालन गरिनेछ । तीन वर्षे स्नातकतहका उत्तीर्ण विद्यार्थीका लागि स्नातकोत्तर तहको पाठयक्रम तयार गरी लागू गरिनेछ ।

शिक्षा शास्त्र संकाय : योजना अवधिमा यस संकायले शारीरिक शिक्षामा एम.एड. तहको कार्यक्रम सञ्चालन हुने सवै क्याम्पसमा यस विषयलाई विशिष्टीकरणको विषयको रुपमा विस्तार गरी सुदृढीकरण गर्दै निरन्तरता प्रदान गरिनेछ । साथै एम.एड. र ३ वर्षे स्नातकमा जनसंख्या शिक्षा र वातावरणीय शिक्षालाई थप विषयका रुपमा र गणित शिक्षा, विज्ञान शिक्षा र अंग्रेजी शिक्षालाई विशिष्टीकरण विषयको रुपमा सुदृढीकरण गरी निरन्तरता प्रदान गरिनेछ । विशेष शिक्षा कार्यक्रमलाई समयानुकूल वनाउदैं निरन्तरता प्रदान गर्ने सन्दर्भमा मध्यम र उच्चस्तरीय विशेषज्ञ र शिक्षकहरु उत्पादन गर्न आवश्यक भएकोले यसका निम्ति भौतिक तथा शैक्षिक सुविधाहरुको व्यवस्था गरी कार्यक्रमलाई उपयोगी बनाइनेछ । बालबालिकाहरुलाई मनोवैज्ञानीक तरिकाले स्तरीय, भरपर्दो र गुणात्मक शिक्षा प्रदान गर्न शिक्षक प्रशिक्षणलाई महत्वपूर्ण बनाइन आवश्यक भएको हुँदा यस सम्बन्धमा खोज तथा अनुसन्धान गर्ने उद्देश्यले स्थापना गरिएको "बाल अध्ययन केन्द्र" लाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । डंडेलधुरा क्याम्पसमा एक वर्षे वी.एड. सञ्चालन गरिनेछ । सूदुर-पश्चिमान्चल क्षेत्रमा यस क्याम्पसका अतिरिक्त आवश्यकता हेरी थप क्याम्पसको व्यवस्था गर्ने कुरामा अध्ययन गरिनेछ । स्वदेशी संघ संस्थाहरुलाई संलग्न गराइ अनौपचारिक शिक्षाको अध्यापनलाई प्रभावकारी पारिनेछ। तीन वर्षे

स्नातक परीक्षा उतीर्ण विद्यार्थीहरुका लागि स्नातकोत्तरतहको पाठ्यक्रम सुधार र परिमार्जन गरी लागू गरिनेछ ।

मानविकी तथा सामाजिक शास्त्र संकाय : यस संकायअन्तर्गत संचालित कार्यक्रमहरुलाई सुदृढीकरण गर्न विषयगत अनुसन्धान र प्राज्ञिक कार्यक्रम माथि जोड दइनेंछ । प्राज्ञिक उत्थानमा बाहिरका विद्धानहरुको सम्पर्कबाट ठूलो योगदान पुग्ने हुँदा आगामी योजना अवधिमा अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस संकायअन्तर्गत अध्यापन गरिने विषयहरुमा एम.फिल. कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रको इतिहास, संस्कृति तथा भाषाभाषी एवं विभिन्न जाति जनजातिहरुबारे अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ । पत्रकारिता, दर्शनशास्त्र, स्ट्राटेजिक स्टडिज तथा पुस्तकालय विज्ञान विषयमा स्नात्तकोत्तर तहको कक्षा सञ्चालन गरिनेछ ।

आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा) : यस अनुसन्धान केन्द्रले विगतका योजना अवधिहरुमा नीतिगत तथा कार्यमूलक अनुसन्धान तथा उपयुक्त तालिमहरु सञ्चालन गरेको तथा प्रकाशनहरु निकाल्ने गरेकोमा योजना अवधिमा पनि मूलभूत रुपले त्यस्ता कार्यक्रमहरु सञ्चालन गर्नेछ । अनुसन्धान केन्द्रको उद्देश्य प्राप्तिका लागि योजना अवधिमा सञ्चालन गरिने अनुसन्धान कार्यक्रमअन्तर्गत योजना र आर्थिक नीति, ग्रामीण विकास, जनसंख्या र मानवीय पक्ष, व्यवस्थापन प्रणाली तथा प्रशासन, वातावरण तथा स्रोत व्यवस्थापन, महिला र विकास तथा कार्यमूलक अनुसन्धान जस्ता पक्षहरुमा अनुसन्धान अध्ययन गरिनेछ ।

नेपाल र एसियाली अनुसन्धान केन्द्र : यस केन्द्रले अनुसन्धानका क्षेत्रमा शिक्षण विभागहरुसँग समन्वय राखी वढी लाभदायी र जनशक्ति सम्वर्द्धन गर्ने उद्देश्यले अभिप्रेरित कार्यक्रमहरु सञ्चालन गर्नेछ । वाह्य संस्थाहरुवाट केन्द्रमा आगन्तुक भइआएका विशेषज्ञलाई केन्द्रमा मात्र सीमित नराखी वाहिरका क्याम्पसहरुमा पनि पुर्‍याउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । थप वाह्य विश्वविद्यालयहरुसित पारस्परिक हितका अनुसन्धान विषयहरुमा द्विपक्षीय अनुसन्धान गर्न सम्झौता गर्ने तथा केन्द्रको भौतिक सुविधामा वृद्धि गरी प्रकाशनका लागि समेत यस्तो स्रोतको उपयोग गर्ने व्यवस्था गरिनेछ । प्रकाशनको क्षेत्रमा हाल सुरु गरिएको राष्ट्रिय इतिहास परियोजनाअन्तर्गतका उत्कृष्ट र आवश्यक पाण्डुलिपिहरुलाई पुनः मूल्यांकन गराइ प्रकाशित गर्दै लगिनेछ । यसका अतिरिक्त मानव तथा समाज शास्त्र, राजनीतिशास्त्र, आदि विषयका नेपाली र अंग्रेजी दुवै भाषाका स्तरीय प्रतिवेदन प्रकाशित गरिनेछ । यसै क्रममा केन्द्रको मुखपत्रलाई वढी स्तरीय बनाउने र विश्ववजारमा वढी विस्तार गर्ने नीति लिइनेछ । यस अवधिमा कमसेकम समसामयिक राजनीतिक र सामाजिक विषयहरुमा गोष्ठी, छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC) मुलुकमा रहेका समान उद्देश्यका केन्द्र, र सँस्थानहरुसँग सम्पर्क राखी विद्धान तथा प्रकाशनहरुको आदान प्रदान गरिनेछ ।

व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र : यस केन्द्रले विगतमा खाद्य प्रशोधन, रेसा विकास, प्राकृतिक रंग, कम खर्चिलो निर्माण सामग्री विकास, प्राकृतिक पैदावार, वैकल्पिक उर्जा विकास तथा उपयुक्त आयमूलक प्रविधिहरुको विकास एवं परम्परागत प्रविधिको आधुनिकीकरणसंग सम्वन्धित अनुसन्धान परियोजनाहरु सञ्चालन गरिआएको छ । योजनावधिमा उपर्युक्त अनुसन्धान कार्य वाहेक कृषि विकास, वातावरण विकासमा समेत अनुसन्धान गरिनेछ । अनुसन्धानका नतीजाहरु कार्यान्वयनका निम्ति आवश्यक कार्यहरु गरिनेछ । अनुसन्धानका उपलब्धि लाई व्यापक रुपमा जन समक्ष पुर्‍याइनेछ । विज्ञान तथा प्रविधि विषयमा एम.एस्सी र पि.एच.डी. गर्नका लागि यस योजना अवधिमा अझ वढी मात्रामा विद्यार्थी तथा शिक्षकहरुलाई समेत अनुसन्धान कार्यमा सरीक गराई विज्ञान र प्रविधिको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्न सहयोग पुर्‍याइनेछ ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र : योजना अवधिमा यस केन्द्रले गरिवी उन्मुलन एवं शिशुहरुको शारीरिक तथा वौद्धिक विकासमा केन्द्रित, अनौपचारिक, पूर्व-प्राथमिक, माध्यमिक तथा

उच्च-शिक्षाका गुणात्मकस्तर वृद्धिका लागि समेत उपयुक्त हुने सान्दर्भिक शैक्षिक अनुसन्धान तथा प्रवर्तनात्मक क्रियाकलापहरु सञ्चालन गर्नेछ । अनुसन्धानका कृतिहरु, शैक्षिक विवरण एवं तथ्यांकहरुलाई दुरुस्त राख्ने कार्यका साथै केन्द्रले यस्ता तथ्यांकहरु उपलव्ध गर्न भरपर्दो शैक्षिक सूचना प्रणाली (Education Information System) को विकास गर्दै लैजानेछ । यस अवधिमा शैक्षिक अनुसन्धान, तालिम कार्यक्रम गोष्ठी एवं कार्यशाला, शैक्षिक प्रकाशन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

योजना अवधिमा केन्द्रले शैक्षिक अनुसन्धान, तालिम, गोष्ठी तथा अन्य प्रवर्तनमुखी कार्यहरु सञ्चालन गर्दा विभिन्न अध्ययन संस्थान, संकाय तथा अनुसन्धान केन्द्र र अन्य निकायहरुवाट विशेषज्ञहरुको सेवा सहयोग लिनेछ । योजना अवधिमा केन्द्रले आफ्नो भवन निर्माण आफ्नै दायित्वमा पुरा गर्नेछ । अनुसन्धानका उपजहरुलाई सुषुप्त नराखी यसलाई व्यापक छलफलमा ल्याइ शैक्षिक उत्थानका लागि यस्तो उपजहरुलाई योगदानमूलक बनाइनेछ । विभिन्न विषयका अनुसन्धान केन्द्रहरुलाई उनीहरुको कार्यक्षेत्र विविधीकरण र विस्तार गरी स्रोत आर्जनमा उन्मुख गराइ विश्वविद्यालयबाट यी केन्द्रहरुलाई दिइने योगदानमा क्रमशः कटौती गर्दै लगिनेछ ।

उच्च शिक्षा परियोजना : उच्च शिक्षाको विकासका लागि विश्वबैंकबाट प्राप्त ऋण सहयोगमा संचालित उच्च शिक्षा परियोजनाअन्तर्गत उच्च शिक्षाको गुणस्तर वृद्धि हेतु पाठ्यक्रम र परीक्षा प्रणालीमा सुधार, व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन र सञ्चालन तथा भौतिक सुविधाको व्यवस्था गर्ने क्रममा निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. संस्थागत विकास

- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) स्थापना गर्ने कार्य सम्पन्न गरिनेछ र यस लगायत अन्य माध्यमद्धारा प्रशासनमा सुधार गरिनेछ ।
- क्षेत्रीय समूहगत (Cluster) विकास स्तर १+२+३ (Stage I+II+III) लाई यस अवधिमा पुरा गरिनेछ ।
- प्रमाणपत्र तहको कार्यक्रमलाई यस अवधिमा क्रमिक रुपवाट हटाउँदै लगिनेछ ।

- भौतिक सुधार

दोस्रो चरणमा निर्माणकार्य सम्पन्न गरिनेछ ।
वैज्ञानिक तथा शैक्षिक उपकरणहरुको व्यवस्था गरिनेछ ।
विद्युतको वितरण तथा मर्मत कार्य पुरा गरिनेछ ।
खानेपानीको वितरण कार्यपूरा गरिनेछ ।
अन्य मर्मत संभार कार्य गरिनेछ ।

- शैक्षिक विकास

त्रिभुवन विश्वविद्यालयका सवै फ्याकल्टी तथा कार्यक्रमहरुमा प्रवेश परीक्षा लागू गरिनेछ ।
परीक्षामा सुधार गर्ने कार्य चालू रहनेछ ।
पाठ्यक्रममा सुधार कार्य चालू रहनेछ ।

- उच्च माध्यमिक शिक्षा सुधारमा सहयोग

आठौं योजना अवधिमा उच्च-माध्यमिक शिक्षाको २३ विषयका पाठ्यक्रम विकास गरिसकेको र वाँकी विषयका पाठ्यक्रमहरुलाई विकास गरी यस योजना अवधिमा लागू गर्न सहयोग गरिनेछ ।

काठमाडौं विश्वविद्यालय : नेपालको उच्च शिक्षाको विकासमा काठमाडौं विश्वविद्यालयले पुऱ्याउन सकेको योगदानलाई दृष्टिगत गरी यसं योजनामा निर्दिष्ट गरिएका उच्च शिक्षाका लक्ष्य प्राप्तिका लागि यस विश्वविद्यालयको सहयोग लिइनेछ ।

महेन्द्र संस्कृत विश्वविद्यालय : योजना अवधिमा प्रत्येक अञ्चलमा एक विद्यापिठको व्यवस्था गरिनेछ । प्रत्येक जिल्लामा एक संस्कृत विद्यालय स्थापना गरिनेछ । राप्तीको दाङ्गमा विद्यमान आयुर्वेद शिक्षण अस्पताललाई सुदृढीकरण गरिनेछ । योग तालिम केन्द्रको विस्तार गरिनेछ । वुद्ध दर्शन, प्राचीन ग्रन्थ, प्राचीन अर्थशास्त्रवारे अध्ययन गर्न एक अध्ययन केन्द्रको स्थापना गरिनेछ । संस्कृत भाषा तालिम केन्द्रको स्थापना गरिनेछ । विश्वविद्यालयका अन्य भौतिक पक्षको सुदृढीकरण गरिनेछ । उच्चस्तरका कर्मकाण्ड कक्षा सञ्चालन गरिनेछ ।

पूर्वाञ्चल विश्वविद्यालय : योजना अवधिमा पूर्वाञ्चल विश्वविद्यालयलाई क्षेत्रीय विश्वविद्यालयको रुपमा सृदृढीकरण गरिनेछ । यसका प्राज्ञिक कार्यक्रमहरुलाई विस्तार गर्दै लगिनेछ । विश्वविद्यालयको व्यवस्थापन पक्षमा आवश्यक सुधार गरी गुणस्तरयुक्त उच्च शिक्षाको विकासमा जोड दिइनेछ ।

पोखरा विश्वविद्यालय : पोखरा विश्वविद्यालयलाई पश्चिमाञ्चल क्षेत्रको क्षेत्रीय विश्वविद्यालयको रुपमा विस्तार गरिनेछ । योजना अवधिमा विश्वविद्यालय स्थापनाका पूर्वाधार तयार गरी सञ्चालनको व्यवस्था मिलाइनेछ ।

कृषि तथा वन विश्वविद्यालय : कृषि तथा वन विश्वविद्यालय स्थापनाका लागि विद्यमान कृषि संरचनालाई नै विश्वविद्यालयको रुपमा विकास गर्ने सम्भाव्यतावारे अध्ययन गरिनेछ । यसको विकल्पको रुपमा नयँ विश्वविद्यालय खोल्नुपर्ने भएमा यसवारे पनि प्रारम्भिक कार्य गरिनेछ । विश्वविद्यालय स्थापनाका पूर्वाधारहरुलाई व्यवस्थित गरिनेछ ।

खुला विश्वविद्यालय : खुला विश्वविद्यालय स्थापनाको संभाव्यता अध्ययन गरी यसको सञ्चालनका पूर्वाधारहरुको व्यवस्था मिलाइनेछ ।

शैक्षिक नीति कार्यान्वयन व्यवस्था :

- शिक्षा मन्त्रालयको भूमिकालाई नीति निर्धारण, योजना तर्जुमा, अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन पक्षमा केन्द्रित गराइनेछ ।
- शिक्षा विभाग खडा गरी विद्यालय शिक्षाको कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।
- क्षेत्रीय शिक्षा निर्देशनालयको भूमिकालाई अनुगमन तथा सुपरिवेक्षण तथा परीक्षा कार्यक्रमको समन्वयमा बढी केन्द्रित गराइनेछ ।
- जिल्लास्तरमा स्रोत केन्द्रहरुलाई सुदृढ गरी विद्यालय निरीक्षण प्रणालीमा प्रभावकारिता ल्याइनेछ ।
- विकेन्द्रीकरणको सिद्धान्तअनुरुप स्थानीय निकायहरुलाई शैक्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा संलग्न गराइनेछ ।
- शैक्षिक गुणस्तरको निमित्त स्थानीय स्रोत साधनको परिचालनमा जोड दिइनेछ ।
- सरकारी, गैरसरकारी निकायसमेतलाई परिचालन गरी अभियानको रुपमा साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- अनिवार्य प्राथमिक शिक्षालाई क्रमिक रुपमा २२ जिल्लामा लागू गर्ने व्यवस्था मिलाइनेछ ।

- माध्यमिक विद्यालयमा न्यूनतम संख्या मात्र वृद्धि गरी भैरहेका विद्यालयको सुदृढीकरणमा जोड दिइनेछ ।
- उच्च-माध्यमिक शिक्षालाई माध्यमिक शिक्षाको संरचनाभित्र ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- विश्वविद्यालय अनुदान आयोगमार्फत विश्वविद्यालयहरुलाई दिइने अनुदानलाई निश्चित मापदण्डको आधारमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१३.२ संस्कृति

१. पृष्ठभूमि

नेपालीहरुको जीवनपद्धति, रहनसहन, भाषा, वेशभूषा, रीतिरिवाज, कलाकौशल, धर्म, दर्शन आदि जीवनका सम्पूर्ण पक्षलाई नेपाली संस्कृतिले जीवन्त तुल्याउँछ । नेपालको सांस्कृतिक संपदाको रुपमा वास्तुकला, मूर्तिकला, शिल्पकला, चित्रकलाका अतिरिक्त ऐतिहासिक तथा पुरातात्विक स्थलहरु, वस्तुहरु, स्मारक तथा स्मारक स्थलहरु आउँछन् । सानो क्षेत्रफल भएको नेपाल अधिराज्यभरमा छरिएर रहेका असंङख्य र विविध रहनसहन, कला कौशल, भाषा, वेशभूषा, चाडपर्व, जात्रा, बाजागाजा, सङगीत, नृत्य आदि हाम्रो संस्कृतिका अभिन्न अङ्ग हुन् । यस्ता सांस्कृतिक सम्पदालाई चिरस्थायी बनाउनको लागि राखिएका स्मारक तथा अभिलेखहरुले तत्कालीन जीवनस्तरलाई प्रतिविम्वित गर्दछ । नेपालीहरुको सदाचार, सद्व्यवहार, सामाजिक अनुशासन, सच्चरित्रता, कलाकुशलता, अन्तस्करणको शुद्धता आदि जातीय गुण तथा विशेषताको कीर्तिपताकाको रुपमा पनि नेपालको सांस्कृतिक सम्पदा प्रस्तुत भइरहेकोछ ।

२. आठौं योजनाको समीक्षा

पुरातत्व :

काठमाडौं उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षणको लागि युनेस्कोको तत्वावधानमा सञ्चालन गरिएको संरक्षण अभियानको आवधिक मूल्याङकन भए तापनि यस कार्यमा व्यापकता आउनसकेको छैन । स्वयम्भू स्मारक क्षेत्रका स्मारकहरूको संरक्षण गर्ने, खानेपानी ढल निकासको व्यवस्था गर्ने, वृक्षारोपण एवं वातावरणमा सुधार गर्ने कार्यमा श्री ५ को सरकार एवं जर्मन सरकारको सहयोग एवं जनसहयोगले सन्तोषजनक प्रगति भएको छ र यी कार्यक्रमहरू चालू नै रहेका छन् । पाटन दरवार संरक्षण कार्य पूरा भई पाटन सङग्रहालयको स्थापना एवं सञ्चालन भइसकेको छ ।

निप्पन इन्स्टिच्यूट अफ टेक्नोलोजी जापानको सहयोगमा इवावही तथा जर्मन सरकारको सहयोगमा लामपाटी, बहादुर शाहको बैठकको जीर्णोद्धार गर्ने कार्य पूरा हुनुको साथै पाटन दरवार क्षेत्रमा इँटा छाप्ने इखालखुको जगन्नाथमन्दिर तथा हरिशंकर मन्दिरको संरक्षण आदि कार्यहरु पूरा भइसकेका छन् । युनेस्कोका सहयोगमा पाटन दरवारको सुन्दरीचोक, मूलचोक, तलेजु, देगु तलेजु मन्दिरको विस्तृत एवं वैज्ञानिक सर्वेक्षण कार्य पूरा भएको छ । भक्तपुर विकास परियोजना तथा श्री ५ को सरकारले जीर्णोद्धार गरेका स्मारकहरु तथा अन्य स्मारकहरुको सुरक्षण तथा जीर्णोद्धार कार्य स्थानीय जनसहभागिता तथा जर्मन सरकारको आर्थिक सहयोगमा भएका छन् ।

काठमाण्डौ उपत्यकाका मूर्ति तथा ढुङ्गेधाराहरूको सर्वेक्षण पूरा भएको छ । गोरखा दरबार क्षेत्र संरक्षण कार्यक्रम अन्तर्गत ऐतिहासिक गोरखा दरबार तथा तल्लो दरबारको जीर्णोद्धार गर्ने, पृथ्वी प्रतीमा स्थल निर्माण गर्ने, बजारको बाटो, ढल निर्माण गर्ने, सिँढीहरू बनाउने कार्यहरु पूरा भएका छन् । अन्य स्मारक क्षेत्रहरुमा पनौती एकीकृत आयोजना अन्तर्गत इन्द्रेश्वर महादेव मन्दिर सत्तल, पाटी, पौवा, ढुङ्गेधारा, विद्यालय लगायत पनौतीमा ५५ वटा स्मारकहरुको संरक्षण तथा निर्माण कार्यहरु भएका छन् । वनेपा पनौती सडक ढल, बाटो, पुल आदि निर्माण गर्ने कार्यमा पनि उल्लेखनीय प्रगति भएको छ।

विश्व सम्पदा सूचीमा परेका स्मारक क्षेत्रहरू मध्ये पाटन दरवार, पशुपति क्षेत्रका स्मारकहरूको विस्तृत सर्वेक्षण गरी गुरुयोजना तयार गरिएको छ तर भक्तपुर दरबार, हनुमानढोका दरबार, वौद्धनाथ स्मारक क्षेत्रको गुरुयोजना तयार हुन सकेको छैन ।

पुरातात्विक, ऐतिहासिक, धार्मिक सांस्कृतिक तथा कलात्मक दृष्टिले महत्वपूर्ण क्षेत्रहरूको विस्तृत सर्वेक्षण गरी लगत तयार गर्ने, स्मारकहरूको वर्गीकरण गरी राष्ट्रिय एवं स्थानीय स्तरमा संरक्षण गर्ने रणनीति तयार हुनसकेको छैन ।

संस्कृति :

नेपाली साहित्य तथा संस्कृतिको विकासमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आफ्नो लक्ष्य अनुसारको कार्य गरेको छ । सङगीतको विभिन्न विधा नृत्य, अभिनय र वाद्यवादनमा सांस्कृतिक संस्थानले तालिम कार्यक्रम सञ्चालन गर्नुका साथै राष्ट्रिय सांस्कृतिक महोत्सवको आयोजना गरी लोक गीत तथा लोक नृत्यको विकास गर्नमा महत्वपूर्ण भूमिका राख्दैआएको छ । विभिन्न जनजातिको रहनसहन, लवाइखवाइ आदि प्रदर्शन गर्ने लक्ष्य राखी जनस्तरमा जनजाति सङग्रहालय स्थापना गर्नको लागि अवधारणा तयार भई जग्गा उपलब्ध गराउने कार्य सम्पन्न भइसकेको छ ।

३. विद्यमान चुनौती

हाम्रो सांस्कृतिक सम्पदाको अन्वेषण तथा अनुसन्धान जे जस्तो रुपमा हुनुपर्ने हो त्यो हुनसकिरहेको छैन । भएका सांस्कृतिक सम्पदाहरुको पनि उचित रेखदेख, मर्मत सम्भार एवं संरक्षण हुन नसकेकोले नासिदै एवं मासिदै गइरहेका छन् । बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक परम्परा रहेको हाम्रो देशमा वेश भूषा, चाडपर्व, जात्रा, सङगीत, नृत्य, भाषा आदि परम्परागत जीवन्त संस्कृति क्रमशः लोप हुँदैछ । बाह्य संस्कृतिबाट हाम्रो जीवित सांस्कृतिक सम्पदामा अत्यधिक अतिक्रमण भैरहेको छ र मौलिकता पनि नष्ट हुँदैछ ।

आन्तरिक तथा वाह्य पर्यटन, तीर्थाटन, रोजगारीमूलक उद्योग व्यवसायको विकासको लागि हाम्रो प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई प्रयोग गर्न पूर्वाधारहरु तयार गर्ने कार्यमा यथेस्ट रुपमा लगानी गर्ने प्रक्रिया अहिलेसम्म प्रारम्भिक चरणमै रहेको छ । सांस्कृतिक तथा प्राकृतिक सम्पदाको उपयोग देशको कुल राष्ट्रिय आय आर्जनमा पूर्ण रुपमा लगाउनसकिएको छैन ।

नेपाली धातुका मूर्ति तथा ढुङगाका मूर्तिहरुको दक्षिण पूर्व एशियामै मौलिक विशेषता रहेको छ । यस्ता हस्तकला उद्योगहरुको विकास संस्थागत रुपमा गर्नुपर्ने प्रयास पर्याप्त मात्रामा हुनसकिरहेको छैन । विश्वभरिका वौद्धमार्गीहरुको प्रमुख तीर्थस्थल लुम्विनीमा गुरुयोजना अनुरुपका कार्यहरु सम्पन्न हुन बँकी नै छन् ।

लुम्बिनी, पशुपतिनाथ, स्वयम्भू, मुक्तिनाथ, हलेसी, स्वर्गद्वारी, वराह क्षेत्र, पाथीभरा, जनकपुरधाम, ऋषिकेशव, बाल्मीकि आश्रम, देवघाट त्रिवेणी जस्ता धार्मिक सांस्कृतिक तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण स्थलहरु स्वदेश तथा विदेशका सबै धर्मावलम्बीहरुका लागि अत्यन्त पवित्र तीर्थस्थलको रुपमा रहेका छन् । यस्ता तीर्थस्थलहरुको संरक्षण तथा विकास गरी धार्मिक पर्यटन वा तीर्थाटनको विकास गर्न जुन रुपमा पूर्वाधारको विकास गर्नुपर्ने हो त्यो हुनसकेको छैन । विश्वभरिका वौद्धमार्गीहरुको प्रमुख तीर्थस्थल लुम्विनीमा गुरुयोजना अनुरुपका कार्यहरु सम्पन्न हुन बाँकी नै छन् ।

हाम्रा धार्मिक क्रियाकलापहरुको सञ्चालनका लागि राखिएका गुठीगानाहरुमा खासगरी गुठीको परम्परागत चलन एवं स्रोतको सदुपयोग हुननसक्दा मठमन्दिरको पूजाआजा, जात्रा प्रचलन आदिमा ह्रास आएको देखिन्छ । गुठीगानाहरु पुरानै तरिकाले चल्न सकेनन् । यसले गर्दा गुठी सम्बन्धी व्यवस्था

शिथिल हुनगएको छ । देवगुठी, राजगुठीको जग्गा जमीनमा शहर बजार बसिरहेका छन् । यस्ता गुठीहरुको नित्य नैमित्य पूजाको लागि खर्च पुर्‍याउन नसकेकोले कतिपय मन्दिरहरुमा यस्तो पूजाआजा समेत रोकिन गएको छ । निजी स्वामित्वमा रहेका गुठीहरु अन्तर्गतका मठ मन्दिरहरु धमाधम धरासायी हुँदै गइरहेका छन् । कतिपय यस्ता स्मारकहरु लोप भइसकेका छन् र हुने अवस्थामा छन् ।

महत्वपूर्ण प्रमुख तीर्थस्थलको रुपमा रहेको मठ मन्दिरहरुमा जनसाधारणले चढाएको भेटी, पूजा प्रायः व्यक्तिगत आयको रुपमा राखिने प्रचलन रहेकोछ । मठ मन्दिरहरुको मर्मत सम्भार आदिमा यस्तो रकम प्रयोग हुनेगरेको पाँइदैन ।

मठमन्दिर, विहार, वहिल, धर्मशाला तथा सत्तलहरुको बहुमूल्य मूर्तिहरु, अभिलेखहरु नासिने र मासिनेक्रम जारी छ । यस्ता मूर्ति तथा अभिलेखहरुको राष्ट्रव्यापी लगत तयार हुन सकेको छैन । यस्ता बहुमूल्य सम्पदाको सर्वेक्षणसम्म पनि हुनसकिरहेको छैन ।

स्मारक तथा स्मारक स्थलहरुको संरक्षणका लागि चाहिने परम्परागत निर्माण सामाग्रीहरु उत्पादन गर्ने कार्यमा शिथिलता आएकोले परम्परागत सामाग्रीहरु महँगो भई संरक्षण कार्य स्तरीय रुपमा हुन सकिरहेको छैन । परम्परागत सामाग्रीहरु दुर्लभ हुनु मात्र होइन परम्परागत मूर्ति एवं चित्र बनाउने, बेलबुट्टा काट्ने शिल्पीहरु पनि आधुनिक निर्माणतर्फ लागेका हुनाले हाम्रो सांस्कृतिक संरक्षण स्तरीय रुपमा हुनसकिरहेको छैन । यसैगरी परम्परागत प्रविधिको अभिलेख डिजाइन तथा नक्सा व्यवस्थित रुपमा राख्ने परिपाटी बसिनसकेको हुँदा परम्परागत प्रविधि पनि लुप्तप्रायः भइरहेको छ ।

४. दीर्घकालीन अवधारणा

- बहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक देश नेपालको भौतिक तथा जीवित सम्पदाको अन्वेषण, अनुसन्धान, संरक्षण तथा सम्वर्द्धन गरी तिनलाई राष्ट्रिय सम्पदाको रुपमा जगेर्ना गर्दै यी संपदाहरुलाई रोजगारी र राष्ट्रिय आय बृद्धि गर्ने स्रोतको रुपमा परिचालन गर्ने ।
- नेपालको साँस्कृतिक सम्पदालाई विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतको रुपमा परिचालन गर्ने र स्थानीय जनसमुदायलाई साँस्कृतिक पर्यटनबाट प्रत्यक्ष लाभ पुर्‍याउने ।
- बिश्व सम्पदा क्षेत्र र राष्ट्रिय महत्वका स्मारकहरुको बिशिष्टता कायम राख्न आत्मनिर्भर रुपमा व्यवस्थापन र संरक्षणको व्यवस्था मिलाउने ।
- विभिन्न जनजातिको रहन सहन, वेषभूषा, साँस्कृतिक परम्परा, नाचगान, वाजागाजा, भाषा, लिपि आदिको संरक्षण गरी सङग्रहालयहरु स्थापना गर्ने ।
- काठमाडौं उपत्यकाभित्र काठमाडौं उपत्यकाको सम्पूर्ण साँस्कृतिक परम्परा झल्कने खुला सङग्रहालय स्थापना गर्ने ।
- साँस्कृतिक सम्पदालाई नेपालीको गौरवपूर्ण प्रतीकको रुपमा स्थापित गर्ने ।

नवौं योजना

५. उद्देश्य

- सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरु लगायत अन्य सांस्कृतिक सम्पदालाई संरक्षण गर्दै पर्यटकीय आकर्षणको रुपमा विकास गर्ने ।

- देशको कला कौशलको विकास कार्यलाई उद्योग व्यवसायको रुपमा सञ्चालन गरी रोजगारीका थप अवसरहरु सिर्जना गर्ने र देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने ।
- देशका साहित्य कला र संस्कृतिका कर्मीहरुलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिष्ठा प्रदान गर्ने, र उनीहरुको वैद्धिक सम्पदाको संरक्षण गर्ने ।
- विश्वसम्पदा सूचीमा परेका र प्रस्तावित भएका साँस्कृतिक सम्पदा स्थलहरुको मौलिकपन कायम राख्दै अन्तर्राष्ट्रिय ख्याति आर्जन गर्ने ।
- सम्पदा संरक्षण कार्य स्वआर्जनको आधारमा संस्थागत र सामुदायिक स्तरमा व्यवस्थापन गर्दैलग्ने ।
- बिभिन्न जाति, जनजातिका भाषा, साहित्यकला तथा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने ।

६. लक्ष्य

-	पुरातात्विक अध्ययन, अनुसन्धान र उत्खनन	आवश्यकता अनुसार
-	लुम्विनी क्षेत्रको पूर्वाधार निर्माण	सम्पन्न गर्ने
-	ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थलहरुको संरक्षण	आवश्यकता अनुसार
-	विधागत र स्थलगत सङग्रहालय स्थापना	१०
-	सामुदायिक सांस्कृतिक केन्द्र	७५
-	क्षेत्रीय साँस्कृतिक केन्द्र स्थापना	२
-	स्मारक र संरक्षित क्षेत्रहरुमा श्रव्य, दृश्य, विद्युतीय कार्यक्रम	३
-	विधागत प्रज्ञा प्रतिष्ठान स्थापना	२

७. नीति तथा कार्यनीति

- सम्भावित स्थलहरुमा पुरातात्विक सर्वेक्षण, अन्वेषण, उत्खनन् तथा संरक्षण गरी सांस्कृतिक संपदाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उजागर गर्दैलग्ने नीति लिइनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका स्मारकहरुको संरक्षण प्राथमिकताका साथ गर्ने नीति चालूनै राखिनेछ ।
- स्मारकहरुको मर्मत सम्भार तथा संरक्षणको लागि चाहिने परम्परागत निर्माण सामग्रीहरु उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
- नेपालका प्रसिद्ध कलाकार, सङगीतकार तथा साहित्यकारलाई प्रोत्साहित गर्ने र नव प्रतिभाहरुलाई प्रेरणा एवं तालिम दिने गरी साहित्य कला सङगीतको विकास गर्ने नीति अपनाइनेछ ।
- विभिन्न जनजाति, भाषा, वेशभूषा तथा सांस्कृतिक विशिष्टतालाई नेपाली संस्कृतिको अभिन्न अङ्गको रुपमा संरक्षण गर्दै लगिनेछ ।
- विश्व सम्पदा सूचीमा रहेका स्मारक स्थलहरुको मौलिकपन कायम राख्न तथा संरक्षण गर्न स्वीकृत मापदण्ड लागू गर्ने नीति लिइनेछ ।
- महत्वपूर्ण सम्पदा स्मारक एवं धार्मिक स्थलहरुको संरक्षणमा स्थानीय र सामुदायिक सहयोग परिचालन गर्ने, नगर पालिका र गा.वि.स.को सक्रीय सहभागिता जुटाउने तथा शुल्क दान -दातव्य व्यवस्थित रुपमा उपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

- सांस्कृतिक सम्पदाको संरक्षणमा निजी क्षेत्रको समेत सहभागिता गराई संस्थागत व्यवस्थालाई सुदृढ गर्दैलग्ने नीति लिइनेछ ।
- सांस्कृतिक सम्पदालाई पर्यटकीय प्रयोजनको लागि अधिकतम उपयोग गर्न पर्यटन क्षेत्रसित समन्वय गर्ने नीति अवलम्वन गरिनेछ ।
- नेपालको रीति रिवाज, रहनसहन, कला कौशल, नृत्य सङ्गीत आदिको मौलिकताको संरक्षण गर्दै पर्यटकीय सामग्रीको रुपमा समेत प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक स्थलहरु र जातजाति, वेषभूषा, रहनसहन र सांस्कृतिक परम्परालाई पर्यटन पूर्वाधारको रुपमा विकास गरी संरक्षित स्मारक क्षेत्रभित्र समन्वयात्मक रुपमा वातावरणीय संरक्षण गर्ने नीति लिइनेछ ।
- नेपालको ऐतिहासिक पुरातात्विक स्मारकस्थलहरुको सर्वेक्षण गर्नमा वैज्ञानिक प्रविधि भूभौतिक सर्वेक्षण समेत प्रयुक्त गरिनेछ ।
- विश्वसम्पदा सूचीमा परेका स्मारक क्षेत्रहरु र राष्ट्रिय महत्वका अन्य स्मारक क्षेत्रहरुको संरक्षण निश्चित मापदण्डको आधारमा गरिनेछ र यसको व्यवस्थापनको लागि स्थानीय सहभागिता समेत हुनेगरी उपयुक्त सङगठनात्मक व्यवस्था गरिनेछ ।
- स्थानीय स्मारक तथा स्मारक स्थलहरुको संरक्षणका लागि स्थानीय निकायहरुलाई संलग्न गर्नको लागि निर्देशिका तयार गरिनेछ । स्थानीय मठ मन्दिर, गुम्वा, विहार, वहिल, पाटी, धर्मशाला, सत्तल, स्मारकको रुपमा रहेका भवन, पोखरी, मूर्ति, ढुङ्गेधारा तथा ऐतिहासिक तथा सांस्कृतिक गुम्वाहरुको लगत तयार गरी विस्तृत अध्ययन, अनुसन्धान गरी संरक्षण गर्ने कार्यमा सरकारी, गैरसरकारी तथा स्थानीय संस्थाहरुलाई संलग्न गराई स्मारक संरक्षण कार्यमा जन सहभागिताको व्यापक परिचालन गरिनेछ ।
- देशका विभिन्न भागमा छरिएर रहेका र सरकारी कार्यालयहरुमा रहेका ऐतिहासिक सांस्कृतिक तथा धार्मिक ग्रन्थ तथा अभिलेखहरुको सङकलन र संरक्षण गर्दै लगिनेछ ।
- देशका राई, लिम्बु, शेर्पा, गुरुङ, थारु, मैथिली, भोजपुरी आदि विभिन्न जातजाति, आदिवासी तथा जनजातिको अमूल्य निधिको रुपमा रहेका लिपि, भाषा, वेशभूषा, लोक साहित्य, लोक संस्कृति, प्रविधि, साहित्य, सङगीत, कला, धर्म दर्शन, आर्थिक तथा सामाजिक जनजीवन, रीतिरिवाजको विशुद्ध अध्ययन अनुसन्धान गर्ने कार्यक्रममा जोड दिइनेछ । उपयुक्त सम्भाव्य क्षेत्रहरुमा यी विषय वस्तुहरुलाई समेटी सांस्कृतिक उद्योगहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ । यस्ता जीवित सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरिनेछ ।
- जीवित राष्ट्रिय प्रतिभाहरुको खोजीनीति गरी तिनको लगत राख्ने, तिनले गरी आएको कार्यको अनुशीलन गर्ने गराउने गरी नवप्रतिभाहरुको चयन गरी तिनलाई तालिम दिई साहित्य, कला र संस्कृतिको जर्गेना गर्ने र तिनको सम्वर्द्धन तथा विकास गर्ने कार्यक्रममा जोड दिइनेछ ।
- पुरातात्विक एवं सांस्कृतिक स्थल विशेषमा मनाइने मेला जात्रा, पर्व जस्ता सांस्कृतिक महोत्सवलाई प्रोत्साहित गरी पर्यटन उद्योगको विकासमा जोड दिइनेछ ।
- ऐतिहासिक, पुरातात्विक, साहित्यिक, सांस्कृतिक एवं कलात्मक कृतिहरुको संरक्षणको लागि स्थानीय तथा राष्ट्रिय स्तरमा कोष स्थापना गरिनेछ ।
- संस्कृतिका विभिन्न विधाहरुमा स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय महोत्सवको आयोजना गरिनेछ ।
- नेपालको इतिहास, साहित्य, संस्कृति, कला, धर्म, दर्शन आदि विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने विद्वानहरु तथा प्रतिभा प्रदर्शन गर्ने व्यक्तिहरुलाई प्रोत्साहित गर्दै निवृत्तवृत्ति दिने व्यवस्था गरिनेछ ।
- साहित्य, कला, संस्कृति क्षेत्रमा प्रतिलिपि अधिकारलाई सुरक्षित तुल्याउन अन्तराष्ट्रिय प्रचलनलाई समेत दृष्टिगत राखी प्रतिलिपि अधिकार ऐनमा आवश्यक परिमार्जन गरी कलाकृतिको स्वामित्व

संरक्षणको व्यवस्थालाई प्रभावकारी बनाइनेछ र यसको व्यवस्थापन पक्षलाई सुदृढ एवं सक्षम तुल्याइनेछ ।

- नेपालको सांस्कृतिक सम्पदाको महत्व र यसको संरक्षण प्रक्रिया आदि विषय विद्यालय तहदेखि उच्च तहसम्मको पाठ्यक्रममा समावेश गरिनेछ ।
- नाटक महोत्सव, सङ्गीत महोत्सव, नृत्य महोत्सव आदिको आयोजना गरी नेपालका लोक साहित्य, शास्त्रीय सङ्गीत, वेशभूषा आदिको सम्वर्धन गरिनेछ र गायन, वादन, नृत्यलाई आय आर्जन गर्नेगरी विकास गर्ने कार्यक्रममा जोड दिइनेछ ।
- विभिन्न शास्त्रीय ग्रन्थहरुको अध्ययन तथा विश्लेषण गराई पुरातात्विक स्मारक संरक्षण सम्बन्धी परम्परागत प्रविधिलाई प्रयुक्त गर्ने अनुसन्धान कार्यक्रममा जोड दिइनेछ ।
- निजी क्षेत्रमा रहेका पुरातात्विक, कलात्मक, ऐतिहासिक वहाल, वहिल, मठ मन्दिर, गुम्वा, पाटीपौवा, धर्मशाला तथा सत्तलको संरक्षणको लागि प्राविधिकको परामर्श दिने, परम्परागत निर्माण सामग्री उपलब्ध गराउने र घरजग्गा कर नलाग्ने गरी सुविधा प्रदान गरिनेछ । निजी क्षेत्रबाट यस्ता स्मारकहरुको संरक्षण नगरिएमा सार्वजनिक क्षेत्रबाट संरक्षण गरी यस्ता स्मारकहरुलाई सार्वजनिक स्मारक बनाउन कानुनी व्यवस्था मिलाइनेछ ।
- नेपाली साहित्य कला र संस्कृतिको समुत्थानका लागि मित्रराष्ट्रहरुसितको सांस्कृतिक आदान प्रदान कार्यक्रममा विशेष जोड दिइनेछ ।
- पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्मारक क्षेत्रहरुमा सांस्कृतिक, ऐतिहासिक धार्मिक महत्व दर्शाउने श्रव्य, दृश्य, विद्युतीय कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्मारक स्थलहरुमा शुल्कको व्यवस्था गरी स्वआर्जनबाट संरक्षण र उक्त क्षेत्रको आर्थिक, सामाजिक विकास गर्ने कार्यक्रम सुरु गरिनेछ ।
- ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक स्थल र जीवन्त संस्कृतिका सम्वन्धमा उपयुक्त श्रव्य, दृश्य र पाठ्य सामग्रीहरु तयार गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गरिनेछ ।
- नेपालका प्रसिद्ध देवस्थल तथा तीर्थस्थलको संरक्षण संवर्द्धन तथा विकासमा स्थानीय जनशक्तिको परिचालन गरी देवस्थलमा जनसाधारणले चढाएको भेटी, पूजाआजाबाट भएको आम्दानी चन्दा, दान, दातव्य सोही देवस्थल र तीर्थस्थको मर्मत, सम्भार तथा वातावरण संरक्षण कार्यमा लगाउने व्यवस्था गरिनेछ ।
- सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा कलात्मक स्मारक तथा स्मारक स्थलहरुको वैज्ञानिक सर्वेक्षण, विश्लेषण तथा वर्गीकरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका स्मारकहरुका साथै स्थानीय स्मारकहरुको क्रमशः वर्गीकरण गरी तिनको संरक्षण तथा विकास गर्ने निकायहरुको जिम्मेवारी तोकिनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका स्मारकहरुको संरक्षण स्थानीय सहयोग समेत लिई केन्द्रीयस्तरबाट गरिनेछ ।
- स्मारक संरक्षणमा सीपयुक्त जनशक्ति उपलब्ध गराउन काष्ठकला, मूर्तिकला धातुकला, प्रस्तरकला, चित्रकला जस्ता हस्तकलाको क्षेत्रका जनशक्तिलाई व्यावसायिक तालिम दिने कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।
- क्षेत्रीय सङ्ग्रहालयहरुको सुदृढीकरण गर्दै स्थलगत र विधागत सङग्रहालय स्थापना गरिनेछ ।
- विश्व सम्पदा सूचीमा परेका संरक्षित स्मारक क्षेत्रभित्रका निजी स्मारकहरुको संरक्षण स्वीकृत मापदण्ड अनुसार गर्नेलाई श्री ५ को सरकारको तर्फबाट उचित सुविधा, सहुलियत तथा सहयोग पुऱ्याउने व्यवस्था गरिनेछ ।
- स्थानीय सामग्रीहरुको प्रयोग गरी पर्यटकहरुलाई उपहारको रुपमा विक्री वितरण गर्नसकिने वस्तुहरु बनाउने शिल्पीहरुलाई प्रोत्साहित गरिनेछ ।
- पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्मारक क्षेत्रहरुमा स्थानीय युवाहरुलाई गाइड तालिम दिलाई रोजगारीको अवसर सिर्जना गरिनेछ ।

- भक्तपुर नगरलाई सँस्कृतिक नगरको रुपमा विकास गर्ने सिद्धान्त तय गरिनेछ ।

८. कार्यक्रम

पुरातात्विक अन्वेषण, अनुसन्धान तथा उत्खनन :

- पूर्वाञ्चल क्षेत्रमा पुरातात्विक सर्वेक्षण विस्तृत रुपमा गर्ने र विराट राजाको दरवारको नामले प्रसिद्ध मोरङ जिल्लाको रानी क्षेत्रको पुरातात्विक स्थलको उत्खनन जस्ता नयाँ सम्भावित क्षेत्रहरुमा उत्खनन् तथा संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- धादिङ्ग जिल्लाको पालुङ्गटार, चितौन जिल्लाको सोमादी पर्वत, चितौन र नवलपरासी जिल्लाको बाल्मीकि आश्रम, नवलपरासीको रामग्राम, रुपन्देहीको देवदह, सेनामैना, बुटवल, कपिलवस्तु जिल्लाका विभिन्न पुरातात्विक स्थलहरु, कास्की र लमजुङको पुरातात्विक स्थल एवं दाङ्ग जिल्लाका पुरातात्विक स्थल, गण्डकी र कर्णाली उपत्यकाका जस्ता पुरातात्विक स्थलहरुमा पुरातात्विक उत्खनन गर्ने कार्यक्रम सम्भाव्यता अनुसार सञ्चालन गरिनेछ ।
- सिंधुलीगढी, मकवानपुरगढी, चिसापानी गढी, अजमेरकोट आदि गढी गैँडाहरुको अन्वेषण, अनुसन्धान तथा संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अन्वेषण भइरहेका स्थलहरुको अनुसन्धान कार्य र उत्खनन कार्य जारी राख्दै अन्य सम्भाव्य पुरातात्विक स्थलहरुको अध्ययन अनुसन्धान कार्य गरिनेछ ।
- परीक्षण प्रयोगशालालाई सुदृढ गरिनेछ ।

भौतिक सांस्कृतिक संपदाको संरक्षण :

- केन्द्रीय तहबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका तथा विश्व सम्पदा सूचीमा समावेश भएका मठ मन्दिर भवन एवं स्मारक स्थलको संरक्षण गर्ने वाँकी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विश्व सम्पदा सूचीमा समावेश भएका संरक्षित स्मारक क्षेत्रका निजी स्मारकहरु सांस्कृतिक पर्यटनको विकास गर्ने उद्देश्य समेत राखी स्तरयुक्त रुपमा संरक्षण गर्न लघु परियोजनाको रुपमा सञ्चालन गर्न प्राविधिक तथा अन्य सहयोग दिने कार्यक्रमहरु गरिनेछन् ।
- चरणबद्ध रुपमा विभिन्न ऐतिहासिक, धार्मिक पुरातात्विक स्मारक तथा स्मारक स्थलहरुको विस्तृत सर्वेक्षण, अध्ययन, अनुसन्धान गरी वैज्ञानिक रुपमा लगत राखी त्यस्ता स्मारकहरुलाई अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्मारकको रुपमा वर्गीकरण गरिनेछ ।
- निजी स्वामित्वमा रहेका बहुमूल्य कलात्मक तथा पुरातात्विक मूर्ति तथा वस्तुहरुको लगत राख्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- वराह क्षेत्र, त्रिवेणी, रिडी, गोकर्ण, शंखमूल, पशुपति, टेकुदोभान, देवघाट जस्ता प्रसिद्ध घाटहरुको संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गोसाईकुंण्ड, रामसागर, धनुषसागर, मातातीर्थ गोकर्णेश्वर जस्ता पवित्र तीर्थस्थलको रुपमा प्रसिद्ध जलतीर्थहरुको वातावरण संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वयम्भू, पशुपतिनाथ, वौद्धनाथ, चाँगुनारायण, मुक्तिनाथ, देवघाट त्रिवेणी पनौती, मनकामना, स्वर्गद्वारी, पाथीभरा, हलेसी महादेवस्थान जस्ता प्रसिद्ध देवस्थलको धार्मिक वन जङगलको संरक्षण गरी प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गरेर ती स्थानमा गरिने कर्मकाण्ड स्वयं सञ्चालित हुनेगरी (Self sustainable) विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- अधिराज्यका महत्वपूर्ण मठ, स्थानीय स्मारक, मन्दिर तथा गुम्वाहरुको संरक्षण गर्ने कार्यक्रम जनसहभागिता समेत परिचालन गरी सञ्चालन गरिनेछ ।
- अन्तर्राष्ट्रिय र राष्ट्रिय महत्वका स्मारक र स्मारक क्षेत्रहरुको वातावरण संरक्षण गर्न, खानेपानी, ढल निकास तथा सरसफाइ जस्ता आधारभूत कुराहरु समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ ।
- लुम्बिनी क्षेत्रको उत्खनन, संरक्षण र विकास कार्यलाई निरन्तरता दिई योजना अवधिमा आवश्यक पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न गरिनेछ ।

अभिलेखहरुको संरक्षण :

अधिराज्यका विभिन्न मठमन्दिर, गुम्वा तथा निजी क्षेत्रमा रहेका अभिलेख, सरकारी अभिलेख तथा हस्तलिखित ऐतिहासिक, पुरातात्विक एवं धार्मिक अभिलेखहरु सङकलन गरी लगत राख्नुका साथै तिनको माइक्रोफिल्म बनाई सुरक्षित राख्ने कार्यक्रम सञ्चालन गर्दै लगिनेछ । यस्ता अभिलेखहरु स्थानीय तहमा समेत सुरक्षित राख्ने गरी कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

सङग्रहालयहरुको विकास :

- राष्ट्रिय सङग्रहालय र क्षेत्रीय सङग्रहालयहरुलाई सुसज्जित र व्यवस्थित तुल्याउँदै लग्नुकासाथै राष्ट्रिय स्मारक र संरक्षित क्षेत्रहरुमा स्थलगत सङग्रहालय स्थापना गरिनेछ । काठमाडौं उपत्यकामा खुला सङग्रहालय स्थापना गर्न अध्ययन गरिनेछ ।
- निजी क्षेत्रमा स्थापना गरिने जनजाति सङग्रहालय (Ethnographic Museum) एवं यस्तै अन्य सङग्रहालयलाई प्राविधिक तथा अन्य भौतिक सहयोगदिने कार्यक्रम सञ्चालन सञ्चालन गरिनेछ ।
- विधागत सङग्रहालय स्थापना गर्दै लग्ने कार्यक्रम अर्न्तगत नेपालको वेशभूषा र वाद्यवादन सङग्रहालय स्थापना गरिनेछ ।

जीवन्त संस्कृतिको संरक्षण र सम्वर्द्धन :

- नेपालका विभिन्न जातजातिको सांस्कृतिक विशेषता प्रस्तुत गर्ने गरी क्षेत्रगत रुपमा सांस्कृतिक केन्द्रहरु स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । योजना अवधिमा २ वटा यस्ता केन्द्रहरुको स्थापना गरिनेछ ।
- राष्ट्रिय, क्षेत्रीय एवं जिल्लागत सांस्कृतिक महोत्सवहरुको आयोजना गर्ने गायन, वादन, नृत्य तथा अभिनय प्रतियोगिताहरु गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- राई, लिम्बू, शेर्पा, गुरुङ्ग, थारु, मैथिली, भोजपुरी आदि नेपालका विविध जातजातिको वासोवास गर्ने क्षेत्रहरु मध्ये योजना अवधिमा पर्यटकीय दृष्टिकोणले २ वटा उपयुक्त गाउँ छनौट गरी जनजिवन सम्वन्धित जातजातीको रहन सहन, परम्परा कलाकौशल, चाडपर्व प्रदर्शित गर्ने गरी सम्पूर्ण गाउँलाइनै खुला सङग्रहालयको रुपमा विकास गरिनेछ ।
- सङगीत नाट्य प्रज्ञा प्रतिष्ठान र ललित कला प्रज्ञा प्रतिष्ठानको स्थापना गरिनेछ ।
- राष्ट्रिय स्तरमा एक अर्का क्षेत्र वीच सांस्कृतिक आदान प्रदान गर्नुका साथै विभिन्न देशहरुसितको सांस्कृतिक आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपालका विविध साहित्य, सङगीत, कला, अभिनय, धर्म, दर्शन, भाषा, संस्कृति आदि विभिन्न विधामा महत्वपूर्ण अध्ययन अनुसन्धान गर्ने, योगदान दिने राष्ट्रका प्रतिभाहरुलाई सम्मान गर्ने, पुरस्कृत गर्ने, वृत्ति विकास तथा निवृत्तवृत्ति प्रदान गर्ने कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।
- युवा कार्यक्रमसित समन्वय गरी जनजाति र पिछडिएका वर्गको वाहुल्य भएको क्षेत्रमा सांस्कृतिक एवं युवा क्रियाकलाप सञ्चालन गर्न स्थानीय सामग्री उपयोग गरी कम खर्चिला सामुदायिक सांस्कृतिक केन्द्रको स्थापना गरिनेछ ।

प्रतिलिपि अधिकारको संरक्षण :

- देशका साहित्यकार, सङ्गीतकार, कलाकार तथा चलचित्र निर्माताको वौद्धिक सम्पतिको रुपमा रहेका कृतिहरुको संरक्षण गर्न चोरी रोक्ने प्रतिलिपि अधिकार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

साँस्कृतिक पर्यटनको विकास :

- स्मारक क्षेत्र र संरक्षित क्षेत्रहरुमा पर्यटकलाई आकर्षण गर्ने सांस्कृतिक गतिविधिहरुका साथै श्रव्य, दृश्य, विद्युतीय कार्यक्रम तयार गरी प्रदर्शनको व्यवस्था गरिनेछ ।
- अधिराज्यका सांस्कृतिक पर्यटकीय स्थल एवं सो क्षेत्रको जीवन्त संस्कृतिको श्रव्य, दृश्य एवं पाठ्य सामग्रीहरु तयार गरिनेछ ।
- पदयात्रा, पर्वतारोहण, राफ्टीङ क्षेत्रमा पर्ने भौतिक एवं जीवन्त सम्पदाको संरक्षणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- धार्मिक एवं सांस्कृतिक पर्यटनको लागि उपयुक्त निश्चित क्षेत्रहरु समेटी प्याकेज कार्यक्रम तयार गरी संरक्षण तथा विकास कार्य गर्दै लगिनेछ ।

सङगठन सुदृढीकरण :

- संस्कृतिको संरक्षण र सम्वर्द्धनको लागि केन्द्रीयस्तर र क्षेत्रमा संगठनात्मक व्यवस्था सुदृढ गरिनेछ ।
- स्थानीय संस्कृति र सम्पदाको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनको लागि स्थानीय स्तरमा निजी क्षेत्रको प्रमुख सहभागितामा संगठनात्मक व्यवस्था गर्दै लगिनेछ ।

१३.३ स्वास्थ्य

१. पृष्ठभूमि :

स्वास्थ्य सेवा मानव जीवनको लागि अत्यावश्यक सेवा भएको हुँदा जनताको स्वास्थ्य सम्बन्धी अधिकारलाई मानवाधिकारको अति महत्वपूर्ण अंगको रुपमा स्वीकार गरिएको छ । विश्व स्वास्थ्य संघको "सन् २००० सम्ममा सवैका लागि स्वास्थ्य" भन्ने आव्हान र स्वास्थ्यसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा गरिएका प्रतिवद्धताहरुलाई समेत दृष्टिगत गरी नेपालले स्वास्थ्य सेवा नीति २०४८ तर्जुमा गरी लागू गरेको छ । आठौं योजनामा स्वास्थ्य संस्थाहरुलाई ग्रामीण तहसम्म विस्तार गरी प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक एवं परिवार नियोजन सम्बन्धी कार्यक्रम ग्रामीणस्तर सम्म पुऱ्याइएको छ ।

स्वास्थ्य सेवाको विकासका लागि विगतका योजनादेखि गरिएको प्रयासवाट जनसाधारणको स्वास्थ्यस्तरमा केही सुधार देखिए तापनि प्रमुख स्वास्थ्य सूचकहरुको दृष्टिकोणवाट अन्य विकासोन्मुख देशहरुको तुलनामा नेपाली जनताको स्वास्थ्यस्तर निकै कम छ । औलो, क्षय, कुष्ठ तथा खोपजन्य प्रतिकारात्मक रोगहरु धेरै हदसम्म नियन्त्रण भएका छन् तापनि नीति, कार्यक्रम तथा वजेटवीच तालमेलको कमी, व्यवस्थापकीय समस्या, अस्पतालमा औजार उपकरणको कमीजस्ता समस्याहरुले गर्दा स्वास्थ्य संस्थाहरु विस्तार भएअनुरुप अझै पनि जनताले आशातित रुपमा स्वास्थ्य सेवा प्राप्त गर्न सकेका छैनन् । तसर्थ स्वास्थ्य सेवालाई अझ बढी सेवामुखी बनाइ जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउने कार्यमा प्रतिवद्ध प्रयास गर्नुपर्ने देखिन्छ ।

२. आठौं योजनाको समीक्षा :

नेपाली जनताको स्वास्थ्यस्तरलाई क्रमशः माथि उठाउँदै "सन् २००० सम्ममा सवैका लागि स्वास्थ्य" प्रदान गर्ने जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याइ विकासका लागि स्वस्थ्य जनशक्ति उपलव्ध गराउने, मातृशिशु स्वास्थ्य तथा परिवार नियोजन सेवालाई प्रभावकारी तुल्याइ जनसंख्या नियन्त्रण गर्ने तथा विशेषज्ञमूलक स्वास्थ्यसेवा स्वदेशमै उपलव्ध गराउने उद्देश्यअनुरुप विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिएका थिए ।

आधारभूत प्राथमिक स्वास्थ्य सेवा :

महिला स्वास्थ्य स्वयंसेविका : योजना अवधिमा यस कार्यक्रमअन्तर्गत आधारभूत तालिम २६३३७ जनालाई दिइने लक्ष्य रहेकोमा १७,१५० जनालाई र रिफ्रेशर तालिम १३७,४१२ जनालाई दिने लक्ष्य रहेकोमा ९५,३१४ जनालाई यस्ता तालिम दिइएको छ ।

उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र : अधिराज्यका सवै गाउँ विकास समितिमा उपस्वास्थ्य चौकी तथा प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने राष्ट्रिय स्वास्थ्य नीति २०४८ अनुसार योजना अवधिमा ३,१९९ उपस्वास्थ्य चौकी र १०० प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा ३,१८७ उपस्वास्थ्य चौकी तथा १०० प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरिएको छ । ग्रामीणस्तरसम्म सामान्य रोगको प्राथमिक उपचार, सामान्य उपचार, सरुवा रोग विरुद्ध खोप, स्वास्थ्य शिक्षा, पोषणको साथै औलो, क्षय, कुष्ठ जस्ता संक्रामक रोगहरुको उपचारका लागि एकीकृत आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने आठौं योजनाको नीतिअनुरुप वडा, गाउँ विकास समिति र निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा पुऱ्याइएको छ । यस अनुसार उपस्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा महिला स्वास्थ्य स्वयंसेविको व्यवस्था गरिएको छ ।नेपाल जीवनस्तर मापन सर्वेक्षण,

२०५३ (Nepal Living Standard Survey - 1996) अनुसार ग्रामीण क्षेत्रमा नजिकको स्वास्थ्य संस्थामा आधाघण्टा हिडेर पुग्न सक्ने घरपरिवार संख्या ४१.४१ प्रतिशत पुगेकोछ ।

परिवार नियोजन तथा मातृ शिशु कल्याण : जनसंख्या वृद्धिदरवाट देशको आर्थिक तथा सामाजिक विकासमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यून गर्दै सर्वसाधारण जनताको जीवनस्तर क्रमशः माथि उठाउने उद्देश्यले सञ्चालित यस कार्यक्रमका निर्धारित लक्ष्यहरुको प्रगति स्थिति निम्नानुसार रहेको छ ।

सि.न	विवरण	आठौं योजनाको	
		लक्ष	प्रगति
१.	कुल प्रजननदर	४.५	४.५८
२.	दम्पतीहरुलाई परिवार नियोजन सेवा	१२,४६,८००	१२,६२,५२३
३.	परिवार नियोजन साधन प्रयोगकर्ता दर (प्रतिशतमा)	३२	३०.१
४.	मातृ मृत्यूदर (प्रति १० हजार जीवित जन्ममा)	७५.०	४७.५
५.	गर्भवती तथा सुत्केरी आमाहरु लाई सेवा	१७,०४,०००	८,३३,९५१
६.	५ वर्ष मुनिका बाल बालिकाहरुलाई सेवा	१४,८५,०००	१६,४९४१५
७.	म. स्वा.से.तयार गर्ने	६३०००	४६४२७
८.	तालिम प्राप्त सुँडिनी तयार गर्ने	१५०००	१२५५९

कूल प्रजननदर ४.५ मा झार्ने लक्ष्य रहेकोमा ४.५८ रहन गएको छ तापनि कुल प्रजननदरमा परिवार नियोजन सेवाका अतिरिक्त विवाह गर्ने उमेर, स्तनपान गराउने समय, एमोनोरिया, बाँझोपन, गर्भपतन सामाजिक मूल्य-मान्यता जस्ता कुराले समेत प्रभाव पार्ने भएकोले कुल प्रजननदरमा लक्ष्यअनुरुप प्रगति हुन नसकेको देखिन्छ ।

औलो, कालाजार र इन्सेफलाइटिस : अधिराज्यका ६४ जिल्लामा देखा परेका औलोरोग नियन्त्रणका लागि हरेक वर्ष ६ देखि ८ लाख जनसंख्याले वसोवास गरेको क्षेत्रमा वर्षको दुई पटक औषधी छर्कने, ३,५०,७५० रक्त नमूना संकलन गरी परीक्षण गर्ने, पत्ता लागेका रोगीहरुको उपचार गर्ने, अनुसन्धान गर्ने र औलोरोग नियन्त्रण कार्यमा जनसहभागिता जुटाउने कार्यहरुमा लक्ष्यअनुसार प्रगति भएको छ ।

विस्तारित खोप : आठौं योजनावधिमा विस्तारीत खोप कार्यक्रमअन्तर्गत बालजन्य ६ किसिमका रोगविरुद्ध खोप तथा १५-४२ वर्षका महिलाहरुलाई टी.टी. खोप सेवा प्रदान गरिएको छ । योजनाको पहिलो ३ वर्षको अवधिमा २ प्रतिशत र पछिल्ला २ वर्षमा १/१ प्रतिशतका दरले वढाउदै लगि योजनावधिको अन्तसम्ममा लक्षित जनसंख्याको ९२ प्रतिशतलाई खोप सेवा पुऱ्याउने लक्ष्य रहेकोमा सो अनुरुप प्रगति भएको छ । आ.व. २०५१/५२ सम्ममा शिशु धनुष्टंकारलाई पूर्णतः निर्मूल गर्ने लक्ष्य लिइएकोमा हालसम्म सुत्केरी तथा गर्भवती महिलाहरुलाई ३३ प्रतिशत मात्र टी.टी. सुई दिइएको छ । दादुराविरुद्धको खोप ५६.६ प्रतिशत बच्चाहरुलाई मात्र दिइएको हुँदा यो रोग अझै जटिल समस्याको रुपमा रहेको छ ।

सन् २००० सम्ममा विश्वबाटै पोलियो रोग उन्मुलन गर्ने अभियानअनुरुप नेपालमा पनि आ.व. २०५३/५४ मा प्रथमपटक राष्ट्रिय खोप दिवस सञ्चालन गरी ०-५ वर्ष मुनिका करिव ३३ लाख बालबालिकालाई पोलियो खोप खुवाउने कार्य भएको छ ।

क्षयरोग नियन्त्रण : क्षयरोग नियन्त्रण कार्यक्रमलाई आठौं योजनावधिमा अधिराज्यका सबै जिल्लाहरुमा विस्तार गरिएको छ । योजनावधिमा शंकास्पद ६,४३,९७६ रोगीको खकार जाँच तथा पोजेटिभ देखिएका विरामीहरुको उपचार गर्नुका साथै पुराना रोगीहरु, रेसिष्टेण्ट र रिलाप्स केश र अन्य क्षयरोगीहरुलाई उपचार सेवा पुऱ्याउने लक्ष्य रहेकोमा २,८७,९७८ क्षयरोगी पत्ता लगाई तिनीहरुको उपचार गरिएको छ । योजनावधिका प्रति १० हजार जनसंख्यामा ५ क्षयरोगी रहेको अनुमान छ । १० जिल्लामा DOTS उपचार कार्यक्रम सञ्चालन गरी उपचार सेवालाई प्रभावकारी बनाइएको छ ।

कुष्ठरोग नियन्त्रण : आठौं योजनाको अन्त्यसम्ममा कुष्ठरोगको प्रकोप दरलाई एक हजार जनसंख्यामा १ जनाभन्दा पनि कममा झार्ने लक्ष्य रहेकोमा योजनावधिको अन्त्य सम्ममा दर्ता भएका कुष्ठरोगीको दर ०.५९ मा झरेको पाइएकोले यसमा लक्ष्यभन्दा बढी प्रगति भएको देखिन्छ । कुष्ठरोग कार्यक्रम ५६ जिल्लाबाट ७१ जिल्लामा पुऱ्याउने लक्ष्य रहेकोमा अधिराज्यभर नै विस्तार गरिएको, ४० हजार स्मेयर जाँच गर्ने लक्ष्य रहेकोमा २०,९८७ स्मेयर जाँच गरिएको, १५०० स्वास्थ्य कार्यकर्तालाई तालिम दिने लक्ष्य रहेकोमा ३८१० लाई तालिम दिइएको र अन्तरंग सेवा १५५० जनालाई दिने लक्ष्य रहेकोमा १६१९ जनालाई उक्त सेवा पुऱ्याइएको छ ।

स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गरी जनसाधारणमा स्वास्थ्य चेतना अभिवृद्धि गरिएको छ । प्रचार-प्रसार तथा गोष्ठी आदि सञ्चालन गरी स्वास्थ्य शिक्षाको माध्यमबाट जनसाधारणमा स्वास्थ्य चेतना जागरण गर्ने उद्देश्यले सञ्चालित यस कार्यक्रमअन्तर्गत १ करोड २ लाख प्रति शैक्षिक सामग्री विभिन्न भाषामा उत्पादन गरी वितरण गर्ने, १४४० पटक विज्ञापन प्रकाशन गर्ने, ३५,८८६ पटक विज्ञापन प्रदर्शनी गर्ने लक्ष्य रहेकोमा यसमा शत प्रतिशतनै प्रगति भएको देखिन्छ ।

जिल्लामा स्वास्थ्य शिक्षा कार्यक्रमहरुलाई सहयोग, विस्तार र प्रवर्द्धन गर्ने शैक्षिक सामगीहरुको उत्पादन तथा वितरण, रेडियो, टेलिभिजन तथा पत्र पत्रिकामा लेख रचना विज्ञापन प्रकाशन प्रदर्शन तथा प्रसारण, समुदायमा भिडियो फिल्म प्रदर्शन, क्यालेण्डर छपाई, सिनेमा विज्ञापन, स्वास्थ्य सूचना सेवा (पुस्तकालय, इण्टरनेट, इमेल, फोटोकपी, सी.डी. रोम सर्च समेत) मा लक्ष्य अनुसार प्रगति भएको छ ।

पोषण कार्यक्रम : आठौं योजनावधिमा २७,२०,९६४ बालबालिकाहरुको शारीरिक वृद्धिको रेखदेख गरी कुपोषणको उपचार, १२,६०,५६९ गर्भवती तथा दूध खुवाउने महिलामा हुनसक्ने रक्तअल्पताको उपचार र ५२,७१४ लाई भिटामिन ए को कमीवाट हुने रोगको उपचार र आयोडाइज्ड नुन वितरण गर्ने लक्ष्य रहेकोमा यसमा निम्नानुसार प्रगति भएको देखिएको छ ।

क्र.सं	आयोजनाको विवरण	एकाइ	लक्ष्य	प्रगति
१.	वृद्धि अनुगमन	जना	२७२०९६४	१८१८७५०
२.	रक्तअल्पताको उपचार तथा रोकथाम	जना	१२६०५६८	१२६०५६०
३.	भिटामिन ए को कमीवाट हुने उपचार	क्याप्सुल		६७,९९,४२४
४.	आयोडिन इन्जेक्सन	,,	५३३५०००	५३३५०००
५.	आयोडिन क्याप्सुल वितरण	जिल्ला	४६	४६
६.	दुर्गम जिल्लामा नुन ढुवानी	क्विन्टल	५७५००	३४७५९
७.	गोदामघर निर्माण	वटा	११	१
८.	नुन आयोडाइजेसन कार्य	मे.ट	५०००००	५४५५९१

झाडापखाला रोग नियन्त्रण : आठौं योजना अवधिमा ५ वर्ष मुनिका वालवालिकाहरुको झाडापखालावाट हुनजाने मृत्युमा ३२ प्रतिशतले घटाउने लक्ष्य राखिएकोमा यस रोगबाट हुनगएको मृत्युसम्बन्धमा कुनै पनि सर्वे नभएकाले यससम्बन्धी बास्तविक स्थिति बोध हुन सकेको छैन । झाडापखालाका विरामीदर २० प्रतिशतले घटाउने लक्ष्य लिएकोमा २.९ प्रतिशत मात्र घटेको, जीवनजलको पहुँच दर ६० प्रतिशतबाट ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा लक्ष्यअनुसार प्रगति भएको छ । सही ढंगले आमाहरुले जीवनजलको प्रयोग गर्ने प्रतिशत २.२५ बाट २.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा यससम्बन्धमा पनि सर्वे नभएकोले बास्तविक प्रगति स्थिति देखाउन नसकिएको देखिन्छ । ७५ लाख पाकेट जीवनजल खरिद तथा वितरण गर्ने लक्ष्य राखिएकोमा १,४०,००,००० खरिद तथा वितरण भएको छ । २०० स्वास्थ्य चौकीमा पुर्नजलीय उपचार केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा १५०० केन्द्र स्थापना गरिएका छन् । १५,००० प्राथमिक शिक्षक र ६० हजार स्काउटलाई पुर्नजलीय उपचार सेवासम्बन्धी तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा १२,००० शिक्षकलाई तालिम दिइएको छ ।

श्वास प्रश्वास रोग नियन्त्रण : आठौं योजनामा यो कार्यक्रम ५० जिल्लाबाट ७० जिल्लामा विस्तार गर्ने लक्ष्य रहेकोमा अधिराज्यभर यो कार्यक्रम विस्तार गरिएको छ । ८८८१ स्वास्थ्य प्राविधिकलाई यो रोगसम्बन्धी तालिम दिने लक्ष्य रहेकोमा विभिन्न तहका १५४१ लाई स्वास्थ्य कार्यकर्ताहरु श्वास प्रश्वास रोग नियन्त्रण सुदृढीकरण तालिम प्रदान तथा १० जिल्लामा श्वास प्रश्वास रोग नियन्त्रण गर्न २९२९ महिला स्वयंसेविकाहरुलाई तालिम प्रदान गरिएको छ । ७० जिल्लाका राजनैतिक र सामाजिक कार्यकर्ताहरुलाई ओरियन्टेशन तालिम दिने लक्ष्य रहेकोमा ६ जिल्लाका २०५१ जनालाई ओरियन्टेशन प्रदान गरिएको छ ।

चिकित्सा कार्यक्रम : चिकित्सा सेवाको विकास गर्न प्रेषण प्रणालीको सुदृढीकरण गर्ने आठौं योजनाको लक्ष्य भए तापनि यस सम्बन्धमा नीति, नियम तथा प्रक्रियागत व्यवस्था नभई भौतिक सुविधा तथा शैया विस्तार कार्यहरु सीमित रुपमा भएको छ । आठौं योजनावधिमा जिल्ला, केन्द्र र क्षेत्रीय अस्पताल गरी जम्मा ४५० शैया थप गरिएको छ। योजनावधीमा कान्ति बाल अस्पतालमा १००, श्री ५ इन्द्रराज्य लक्ष्मी देवी प्रसुति गृहमा १००, वी.पी. कोइराला स्वास्थ्यविज्ञान प्रतिष्ठानमा २००, जनकपुरमा ५० शैया थप गरिएको छ । वि.पी. कोइराला क्यान्सर अस्पताल स्थापना गर्ने क्रममा भवन निर्माण कार्य सुरु गरिएको छ । आठौं योजनावधिको अन्तसम्ममा निजी क्षेत्रमा संचालित ५५ नर्सिङ्ग होम तथा अस्पतालहरुबाट चिकित्सा सेवा पुऱ्याउनमा सघाउ पुऱ्याएको छ ।

आयुर्वेद विकास तथा अन्य परम्परागत उपचार प्रणाली : आयुर्वेद सेवालाई पनि स्वास्थ्यसेवाको महत्वपूर्ण अंगको रुपमा लिइएको छ । यस प्रणालीको योजनावद्ध विकासको लागि राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति २०५२ ल्याइएको छ । आठौं योजनामा जिल्ला स्तरिय आयुर्वेद चिकित्सालय स्थापना गर्ने लक्ष्य रहेकोमा २५ जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र र २० औषधालय स्थापना भएको छन् र ३० औषधालयको नयां भवन तथा कम्पाउण्डवाल निर्माण गरिएको छ । अधिराज्यभरका प्राविधिक कर्मचारीहरुलाई पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ । ३ वटा क्षेत्रीय रुरल फार्मेसीहरुवाट औषधी उत्पादन सुरु गरिएको छ ।

आयुर्वेद चिकित्सालय, नरदेवीमा १०० शैया थप गर्ने लक्ष रहेकोमा ५० शैया थप गरिएको छ । सिंहदरवार वैद्यखानालाई स्वायत्तता दिई व्यवसायीकरण गर्ने नीतिअनुरुप सिंहदरवार वैद्यखाना विकास समिति गठन गरी व्यवस्थापन तथा औषधी उत्पादन क्षमतामा वृद्धिको साथै भौतिक सुधार गरिएको छ ।

औषधी व्यवस्था : आठौं योजनावधिमा औषधीको परिक्षण तथा गुणस्तर कायम गर्न औषधी विश्लेषण प्रयोगशालाको स्थापना गर्ने लक्ष्य रहेकोमा लक्ष्य अनुसार स्थापना भएको, २००० औषधी विक्रेताहरुलाई औषधीको आधारभूत ज्ञान सम्बन्धी तालिम दिने कार्यक्रम रहेकोमा २९१३ जनालाई प्रदान गरिएको, १८२ वटा औषधी उद्योगहरुको निरीक्षण गर्ने लक्ष्य रहेकोमा २१८ वटाको निरिक्षण गरिएको, १४५० ड्रग स्याम्पल परिक्षण गर्ने लक्ष्य रहेकोमा ३३५४ औषधीहरुको स्याम्पल परीक्षण गरिएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला : रोगहरुको एकीन गरी निदान गर्न र खानेपानी तथा खाद्य पर्दाथमा किटाणुहरु परीक्षण गर्ने उद्देश्यले ७ जिल्लामा प्रयोगशाला स्थापना, ४ जिल्लामा भवन निर्माण र ४३ वटा प्राथमिक स्वास्थ्य केन्द्रमा प्रयोगशाला स्थापनाका साथै ब्याक्टोरोलजिकल परीक्षण सेवा प्रदान गरिएकोछ ।

स्वास्थ्य जनशक्ति विकास : आठौं योजनावधिमा स्वास्थ्य संस्थाको आवश्यकताअनुसार तालिम प्रदान गर्न राष्ट्रिय तालिम केन्द्रको स्थापना गरी विभिन्न स्वास्थ्य प्राविधिकहरुको सेवा प्रवेश तथा सेवाकालीन तालिम एकीकृत रुपमा सञ्चालन गरिएको छ । यस अनुसार ३,६५,२०७ जनालाई विभिन्न सेवा प्रवेश तथा सेवाकालीन तालिम प्रदान गरिएको छ ।

साथै देशमा आवश्यक मध्यम तथा उच्च जनशक्ति परिपूर्तिका लागि स्वदेश तथा विदेशमा उपलब्ध आवश्यक तालिम तथा अध्ययन गराइएको छ । यसमा एम.पी.एच.,न्यूरो सर्जरी, अर्थोपेडिक सर्जरी, अस्पताल प्रशासन, प्याथोलोजी,दन्त विशेषज्ञ, रेडियोलोजी, मानसिक स्वास्थ्य, प्लाष्टीक सर्जरी आदि बिषयहरु पर्दछन । वि.पी. कोइराला अध्ययन संस्थान ४० जनाका लागि एम.वी.वी.एस. सुरु गरेको छ भने निजी क्षेत्रमा पनि २ मेडिकल कलेज तथा विभिन्न मध्यमस्तरीय जनशक्ति उत्पादनको लागि ५५ स्वास्थ्य तालिम केन्द्र स्थापना गरिएको छ ।

विविध : धूम्रपान, मद्यपान तथा लागूपदार्थ दुर्व्यसनवाट हुने नकारात्मक प्रभावसम्बन्धमा व्यापक प्रचार प्रसार भैरहेको छ । असक्त तथा अपाङ्गहरुको पुनःस्थापनाका लागि निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरुवाट कार्यक्रमहरुको तर्जुमा र तिनको कार्यान्वयन भएको छ । एड्स रोगको नियन्त्रणमा सघाउ पुर्‍याउन नेपाल रेडक्रसद्धारा सञ्चालित ब्लड वैंकलाई आवश्यक सहयोग पुरयाउने कार्य भैरहेको छ ।

३. विद्यमान चुनौती

- भौगोलिक विकटता, उच्च जनसंख्याको चाप आदिले गर्दा लक्षित जनसंख्यालाई अत्यावश्यक स्वास्थ्य सेवा पनि पुऱ्याउन सकिएको छैन । प्रत्येक गा.वि.स. मा स्वास्थ्य उपचौकीबाट स्वास्थ्य सेवा पुऱ्याउन श्री ५ को सरकारको नीति रहे तापनि खोलिएका स्वास्थ्य संस्थाहरुमा आधारभूत भौतिक सामग्रीहरु जस्तै भवन र जनशक्तिको अभावमा यी संस्थाहरु सुचारुरुपले सञ्चालन हुनसकेका छैनन् । श्री ५ को सरकारले अपनाएको एकै प्रकारको नीति (Blanket Policy) अनुरुप सबै क्षेत्रमा एउटै प्रक्रिया अपनाउँदा स्वास्थ्य सेवा प्रदान गर्न कठिनाइ महसुस गरिएको छ ।

- जिल्ला र अन्तर्गतका स्वास्थ्य संस्था तथा क्षेत्रीय र केन्द्रीयस्तरका स्वास्थ्य संस्थाहरुमा बिरामीहरुका लागि के कस्तो सेवा उपलब्ध हुने, प्रेषण प्रणालीको सञ्चालन, विरामीले यी संस्था द्धारा सेवा लिदा के कस्तो आर्थिक भार व्यहोर्नु पर्ने आदि नीतिहरु प्रष्ट नभएकोले अनावश्यक आर्थिक बोझ र समयको फजुल खर्चको मारमा जनता परेका छन् ।

- वार्षिक कार्यक्रम तथा वजेटको तर्जुमा गर्दा आवधिक योजनाका लक्ष्यहरु पूरा गर्ने गरी तयार हुनुपर्नेमा स्रोत र साधनको अभाव, आवश्यकतानुसार वजेट विनियोजित नहुनु, विनियोजित रकम समयमा पूरा निकाशा नहुनु, जस्ता कारणहरुले गर्दा लक्ष्य प्राप्त गर्न कठिनाइ महसुस गरिएको छ ।

- स्वास्थ्य क्षेत्र वहुआयमिक विषय भएकाले अन्य मन्त्रालय, संघ, संस्था तथा निकायसँग समन्वय राखी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै स्वास्थ्य मन्त्रालयअन्तर्गत स्थापित संस्थाहरुवीच उध्व-अनुप्रस्थ समन्वय (vertical and horizontal coordination) को अभाव, संचारको अभाव, सहयोगको कमी तथा प्रशासनिक समस्याले गर्दा कार्यक्रम सञ्चालनमा सन्तोषजनक प्रगति हुन सकेको देखिदैन ।

- भौगोलिक कठिनाई, विरामी संख्याको चाप, मानवीय संसाधनको अभाव, जनतामा स्वास्थ्यसम्बन्धी चेतनाको कमी, दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा पुग्न नसक्नु जस्ता कुराले गर्दा महिला, अशक्त आदिलाई अत्यावश्यक स्वास्थ्य सेवा पुऱ्याउन सकिएको छैन ।

- स्वास्थ्य संस्थाहरुको विकासमा स्वदेशी तथा विदेशी गैरसरकारी संघ संस्था, निजी क्षेत्र तथा स्थानीय समुदायवीच समन्वयको अभावले गर्दा गैरसरकारी संस्था र स्थानीय निकाय, उपभोक्तासमूह तथा सरकारी कार्यालयवीच एक आपसमा समन्वयको अभाव रहन गएको छ ।

- आयुर्वेद, युनानी, होमियोप्याथी, प्राकृतिक चिकित्सा जस्ता परम्परागत स्वास्थ्य सेवामा अध्ययन अनुसन्धानको कमी, स्रोत र साधनको परिचालनको अभाव, जनसहभागितामूलक व्यवस्थापन तथा अनुसन्धानको कमीले गर्दा स्थानीय स्रोत, साधनको पहिचान तथा परिचालन हुन सकेको छैन ।

- निजी क्षेत्रवाट संचालित सेवामा गुणस्तर सेवावाट जनतामा परेको सकारात्मक तथा नकारात्मक प्रभावउपर अनुगमन तथा मूल्यांकन नभएको र सुपरिवेक्षणको अभावले गर्दा निजी क्षेत्रको समूचित परीचालनमा कमी आएको महसुस गरिएको छ।

- माग र आपूर्तिको आधारमा जनशक्ति योजनाको अभाव, उपयुक्त व्यक्तिलाई उपयुक्त ठाउंमा पदस्थापना नगरिनु, सरुवा, बढूवा तथा वृत्ति विकासका लागि उपयुक्त अवसर नहुनु, औषधी तथा औजारवेगर दुर्गम क्षेत्रमा डाक्टर पठाउंदा उसको सीप, प्रतिभा, ज्ञान, क्षमताको ह्रास हुने समस्याले गर्दा पनि मानवीय संसाधनको विकास सही ढंगले हुन सकेको छैन ।

- स्वास्थ्य संस्थाहरुमा आवश्यकतानुसार औषधी तथा औजारहरुको कमी, अस्पताल भवन, क्वार्टर मर्मतको कमी, औजार उपकरण मर्मत संभारको समस्या रहेकै छ ।

४. दीर्घकालीन अवधारणा

- प्रत्येक नागरिकको स्वास्थ्यसेवा सम्बन्धी आवश्यकतालाई मानवअधिकारको महत्वपूर्ण अंगको रुपमा स्वीकार गरी अत्यावश्यक स्वास्थ्यसेवा (essential health care services) सम्पूर्ण जनतालाई उपलव्ध गराइ अत्यावश्यक स्वास्थ्य सेवाभन्दा माथिका विशिष्ट सेवालाई लागत प्रभावकाताको आधारमा क्रमशः विस्तार गर्दै लगिनेछ ।

- स्वास्थ्य क्षेत्रमा उदार, खुला र प्रतिस्पर्द्धात्मक स्वास्थ्य वित्तीय योजनाहरुको कार्यान्वयन प्रक्रिया अवलम्बन गरिनेछ । यस्ता नीतिहरुबाट स्वदेशी प्रतिस्पर्धात्मक क्षमता बढाउने, तथा विश्वव्यापी खुला नीतिबाट सिर्जित नयाँ अवसरहरुको लाभ लिन सक्ने गरी सुधार गर्दै जाने सोचाइ राखिनेछ ।

- स्वास्थ्य क्षेत्रका लागि आवश्यक पर्ने पूर्वाधारहरु सिर्जना गर्ने तथा निजी र गैरसरकारी संघ संस्थाहरुबाट संचालित सेवाहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । निजी क्षेत्रको भूमिकालाई सवल बनाउन राज्यले आवश्यक पूर्वाधारहरुको विकासका साथै नीतिगत व्यवस्था गर्नेछ ।

नवौं योजना :

स्वास्थ्य क्षेत्रको विकासका लागि गरिएका नीतिगत तथा संस्थागत तथा कार्यक्रमहरुको विकास तथा विस्तारबाट स्वास्थ्य स्थितिका सूचकहरुमा सुधार देखिए तापनि यस स्थितिमा बढी सुधार ल्याउन अझै ठुलो प्रयासको खांचो देखिएको छ । प्रति १००० जीवित शिशुजन्ममा ७९ शिशु मृत्युदरको रहेको सूचक यस क्षेत्रकै अधिक मृत्युदरमध्ये एक हो । एकातिर ५४.७ वर्षको औसत आयु ज्यादै कम छ भने अर्कोतिर ५३.९ प्रति १० हजार जीवित जन्मभित्र पर्ने मातृ मृत्युदर ज्यादै नै बढी छ । २.१ प्रतिशतको

जनसंख्या वृद्धिदर र कुल जनसंख्याको ४१ प्रतिशत प्रजनन उमेरका महिलासमूह रहेका छन् । रोगी अवस्था तथा मृत्युका अग्रणी कारणहरुमध्ये मूलतः आमाको स्वास्थ्य अवस्था, बाल्यकालमा देखापर्ने विकृतिहरु, आहारमा पौष्टिक तत्वको कमी र संक्रामक रोगहरु नै देखापरेको तथ्य नेपालमा रोगभार सम्बन्धी अध्ययन २०५३ को आँकडाले देखाएको छ ।

विद्यमान समस्या समाधानको लागि विगतमा विभिन्न नीति तथा योजनाको तर्जुमा गरी कार्यक्रमहरु कार्यान्वयनमा ल्याइए । स्वास्थ्य संस्थाहरुमा जनशक्ति तथा भौतिक सुविधा विस्तार गर्नेदेखि लिएर विद्यमान प्रशासनिक तथा आर्थिक व्यवस्थापनमा मुलभूत सुधारको खाँचो महसुस गरी आवश्यक रणनीति पनि तर्जुमा नभएका होइनन् तर हाल पनि यी समस्याहरु विद्यमान नै छन् । दिगो नीति लिइ अपनाइनुपर्ने प्रारम्भिक चरणहरु, प्रभावकारी कार्यान्वयन यन्त्रहरु, साधन र स्रोतको समुचित उपयोग तथा उत्पादनको कमी जस्ता बाधाहरु पनि देखापरेका छन् । यस प्रसंगमा स्वास्थ्य क्षेत्रको विकासद्धारा जनताको स्वास्थ्यस्तर माथि उठाइ गरिबी निवारणको लागि स्वस्थ जनशक्तिको वृद्धिमा देशको योगदान पुऱ्याउने वृहत सामाजिक आर्थिक विकासका लागि मानवीय संसाधन विकास गर्ने तर्फ प्रयत्नशील रहनु आवश्यक छ ।

जनताको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यमा अभिवृद्धि गरी देश विकासका निम्ति स्वास्थ्य जनबल तयार गर्ने र सम्पूर्ण जनतालाई अत्यावश्यक स्वास्थ्य सेवाको उपलब्धताद्धारा रोगीको संख्या तथा मृत्युदरमा कमी ल्याई औसत आयुमा वृद्धि गर्ने उद्देश्यले वि.स. २०३३ सालमा १५ वर्षे दीर्घकालीन स्वास्थ्य (२०३३-२०४८) योजना तयार गरिएको थियो । स्वास्थ्य क्षेत्रको लगानी र प्राथमिकता, रोगको भार र उपलब्ध स्रोतको उचित परिचालन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (२०५४-२०७४) तयार गरिएको छ ।

आवधिक तथा वार्षिक स्वास्थ्य योजनाहरु तयार पार्न, पथप्रर्दशन गर्न, राष्ट्रिय स्वास्थ्य आवश्यकता र प्राथमिकतामा आधारित रणनीति, कार्यक्रम र कार्ययोजना बनाउन सघाउ पुऱ्याउन तथा सरकारी, गैरसरकारी र दातृ संस्थाहरुबीच समन्वय गर्ने उद्देश्य दास्रो दीर्घकालीन स्वास्थ्य योजनाले लिएको छ । आत्मनिर्भरता, लैङ्गिक सचेतता, विकेन्द्रीकरण, प्रभावकारी तथा कुशल संगठन तथा व्यवस्थापन, पूर्ण जनसहभागिता, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सम्मिश्रण गराउने जस्ता नीति पनि यस योजनाले अवलम्बन गरेको छ । साथै योजनाले स्वास्थ्य क्षेत्रको विस्तृत स्थिति विश्लेषण, रोग भारको विश्लेषण, अत्यावश्यक स्वास्थ्य सेवा र अन्य विशिष्ट सेवाहरुका सम्बन्धमा अपनाउनुपर्ने दीर्घकालीन नीतिहरु, जिल्ला स्वास्थ्य प्रणाली सुदृढीकरण, स्वास्थ्य वित्तीय प्रणाली, सरकारी र निजी क्षेत्रको संलग्नता, आन्तरिक एवं अन्तर्रनिकाय संलग्नता, गुणस्तरीयता आदि पक्षलाई समेत समेटी नीति र कार्यक्रम अंगीकार गरेको छ । दीर्घकालीन स्वास्थ्य योजना यसै योजना अवधिमा लागू भइ आउँदा योजनाकालहरुमा ती नीतिहरुको संस्थागत पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने क्रममा यस योजनालाई चक्रिय स्रोत पुस्तिका (rolling source document) को रुपमा लिई कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

देशबाट गरिबी निवारण गर्ने क्रममा स्वास्थ्य क्षेत्रको विशेष भूमिका रहने हुनाले नवौं योजनामा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक सेवासम्बन्धी विद्यमान पूर्वाधारलाई सवल, सक्षम एवं गतिशील बनाइ जनताको स्वास्थ्य स्थितिमा आवश्यक सुधार लाइनेछ । जनताको स्वास्थ्यस्तरमा क्रमशः वृद्धि गर्ने तथा सन् २००० सम्ममा सवैका लागि स्वास्थ्य र श्री ५ को सरकारबाट विभिन्न समयमा अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरिएका महिला र बाल स्वास्थ्यतर्फको प्रतिवद्धता अनुरुपको लक्ष्य हासिल गर्न अझै बढी प्रयासरत हुनुपर्ने खाँचो टड्कारो महसुस गरिएको छ ।

समग्रमा यस क्षेत्रको अत्यधिक संवेदनशीलतालाई दृष्टिगत गरी प्रमुख रुपले ३ कुरामा जोड दिइनेछ । परिवारस्तरदेखि नै स्वास्थ्यसम्बन्धी चेतना जगाइ आफ्नो स्वास्थ्यस्थितिको सुधार गर्ने वातावरण सिर्जना गर्न, अत्यावश्यक स्वास्थ्यसेवा, सार्वजनिक अस्पतालहरुको उचित व्यवस्था, स्वास्थ्यसेवाको दक्षता, गुणस्तर तथा कार्य व्यवस्थामा कार्य गर्न सरकारी क्षेत्रबाट प्राथमिकता दिइनेछ । निजी क्षेत्र,

समुदाय तथा गैरसरकारी संस्थाहरुलाई यस क्षेत्रको विविधता तथा प्रतिस्पर्द्धालाई प्रवर्द्धन गरी उच्चस्तरीय तथा विशेषज्ञतामूलक स्वास्थ्यसेवा प्रदान गर्न अभिप्रेरित गरिनेछ । स्वास्थ्य क्षेत्रसँग सम्बन्धित जनशक्ति तयार पार्न आवश्यक तालिमका साथै अनुसन्धान तथा विकास (research and development) कार्यमा संलग्न गराउन सरकारले आवश्यक सहयोग गरी उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ ।

५. उद्देश्य

- जनताको स्वास्थ्यसम्बन्धी अधिकारलाई मानव अधिकारको अति महत्वपूर्ण अङ्गका रूपमा स्वीकार्दै प्रतीकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनःस्थापन तथा परिवार नियोजनसम्बन्धी सेवाहरूको विद्यमान् पूर्वाधारलाई सवल बनाइ जनताको स्वास्थ्य स्थितिमा बोधगम्य सुधार ल्याइनेछ ।
- स्वास्थ्य सेवाको विकास र विस्तारबाट जनसाधारणको स्वास्थ्यस्तरमा सुधार ल्याउने, स्वास्थ्यसम्बन्धी सेवा तथा परिवार नियोजन सेवाका माध्यमबाट सानो परिवारको अवधारणालाई व्यापक बनाई जनसंख्या वृद्धिदरमा कमी ल्याइनेछ ।
- श्रम बजारमा जाने जनताको क्षमतामा अभिवृद्धि गर्न स्वस्थ श्रमशक्ति तयार गरी आयआर्जनको वृद्धिबाट गरिबी-निवारण गर्न सहयोग पुऱ्याउने ।

६. लक्ष्य

क्र.सं	स्वास्थ्य सूचक	२०५३।५४ को स्थिति	नवौं योजनाको लक्ष्य	२० वर्षको लक्ष्य
१.	शिशु मृत्यू दर (प्रतिहजार)	७९	५०	२५
२.	बाल मृत्यूदर प्रतिहजार	११८	७०	२५
३.	कूल प्रजनन दर (प्रति महिला)	४-६	४-१	२.५
४	औषत आयु (वर्ष) पुरुष महिला	५५.९ ५३.४	६० ५९	७२ ७५
५.	मातृ मृत्यूदर (प्रति दशहजार जिवित जन्ममा)	५३.९	४०-०	२५.०
६.	परिवार नियोजन साधन प्रयोगकर्ता (प्रतिशत)	२८.९	३७.२	६५
७.	तलिम प्राप्त जनशक्तिबाट प्रसुती सेवा (प्रतिशत)	३१.५	५०	९५
८.	२५०० ग्राम भन्दा कम तौलको जन्म (प्रतिशतमा)		२३	१२
९.	कोरामृत्युदर (प्रति हजार)	११.९	१०.०	२०
१०.	कोरा जन्मदर (प्रति हजार)	३७.८	३५.०	६
११.	अत्यावश्यकीय स्वास्थ्य सेवाको उपलब्धता (प्रतिशत जनतालाई)		७०.०	९०

स्रोत : दीर्घकालीन स्वास्थ्य योजना (२०५४-२०७४)

७. नीति तथा कार्यनीति

- सन् २००० सम्ममा सबैका लागि स्वास्थ्य सेवा पुऱ्याउने र दीर्घकालीन परिप्रेक्ष्यमा पनि स्वास्थ्य सेवाको विकास गर्न स्थानीयस्तरसम्म अत्यावश्यक स्वास्थ्य सेवाहरू सर्वसुलभ गराइनेछ। अत्यावश्यक स्वास्थ्य सेवाअन्तर्गत सरुवा रोग नियन्त्रण, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य र पोषण जस्ता प्राथमिकता प्राप्त जनस्वास्थ्य तथा उपचारमूलक सेवाहरूको विकासमा जोड दिइनेछ। अत्यावश्यक स्वास्थ्य सेवालाई सर्वसुलभ गर्न र दिगोपन ल्याउनका लागि जनसहभागिता परिचालन गरी यसलाई ग्रामीण स्तरसम्म पुऱ्याइनेछ।

- संस्थागतरूपमा जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य सेवाकेन्द्र, स्वास्थ्य चौकी तथा उप-चौकीहरूका माध्यमबाट एकीकृत अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच जनस्तरसम्म पुऱ्याइनेछ।

- चिकित्सा सेवाको विस्तारमा प्रेषण प्रणालीलाई प्रभावकारी बनाउन निश्चित प्रक्रियागत व्यवस्थाको विकास गरी आधारभूत स्वास्थ्य संस्था तथा अस्पतालहरूको उपचार सेवालाई बढी प्रभावकारी बनाइनेछ। बढ्दै गइरहेको दुर्घटनाबाट हुन आउने गंभीर चोटपटकसम्बन्धी स्वास्थ्य सेवाको विकास गर्न आकस्मिक सेवालाई सुलभ गराउने नीति लिइनेछ। आकस्मिक स्वास्थ्य सेवाको विकास गर्न क्रमबद्ध रूपले सम्बन्धित स्वास्थ्य संस्थाहरूमा आवश्यक सुविधाहरूको व्यवस्था गरिनेछ।

- जनसंख्या व्यवस्थामा प्रभावकारी भूमिका रहेको प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाई मातृमृत्युदर र शिशुमृत्युदर घटाउने विभिन्न कार्यक्रमहरू स्थानीयस्तरसम्म प्रभावकारी रूपमा सञ्चालन गर्ने र परिवार नियोजन सेवालाई जनचाहनामा आधारित गरी सानो परिवारको अवधारणालाई व्यापक तथा प्रभावकारी बनाउने नीति लिइनेछ।

- स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्मका स्वास्थ्य संस्थाहरूको सेवा तथा लागतलाई प्रभावकारी बनाउन जनशक्ति, औषधी औजारको समष्टिगत नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ। लागत प्रभावकारिता नीति अपनाउदा समता सिद्धान्तलाई पनि आधार मानिनेछ।

- स्वास्थ्य क्षेत्रको विकासमा सरकारी क्षेत्रका साथै निजी तथा गैरसरकारी क्षेत्रलाई समेत परिचालन गर्ने नीति लिइनेछ। निजी तथा गैरसरकारी क्षेत्रलाई स्वास्थ्य सेवाको विकासमा ग्रामीण तथा भौगोलिक क्षेत्रका आधारमा सेवा प्रदान गर्न लगाउने नीति लिइनेछ। विशेष गरी विशेषज्ञमूलक स्वास्थ्य सेवाको विकासमा निजीक्षेत्रको संलग्नता अभिवृद्धि गर्न सरकारले सहजकर्ताको भूमिकाका साथै गुणस्तर नियन्त्रण, अनुगमन र मूल्याङ्कन कार्यको भूमिका निभाउनेछ। विशेषज्ञ सेवाका लागि विदेश जाने समूहलाई निजी क्षेत्रको सेवाले आकर्षण गराउने नीति लिइनेछ।

- विशेषज्ञमूलक स्वास्थ्य सेवा विस्तार गरी केन्द्रीय अस्पतालका साथै क्षेत्रीय र अञ्चल अस्पताललाई पनि अध्ययन-अध्यापनमा समेत संलग्न गराउने नीति लिइनेछ।

- आयुर्वेद औषधोपचार प्रणालीलाई स्वास्थ्य सेवाको अभिन्न अंगका रूपमा विकास गरिनेछ र प्राकृतिक, होमियो, युनानी जस्ता परम्परागत स्वास्थ्य सेवाको पनि क्रमशः विकास गरिनेछ।

- स्वास्थ्य सेवालाई स्तरयुक्त बनाउन वर्तमान राष्ट्रिय स्वास्थ्य नीति र कानूनी व्यवस्थामा सुधार गरी कार्यान्वयन गरिनुका साथै सुविधाहरूलाई सेवामुखी बनाइनेछ।

- विकेन्द्रीकरण नीति तथा प्रक्रियालाई आधार बनाइ स्वास्थ्य क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयन क्षमतामा प्रभावकारिता ल्याइनेछ । यसका लागि जिल्ला स्वास्थ्य प्रणालीलाई सुदृढीकरण गर्न नीति निर्माण कार्यहरूलाई केन्द्रीयस्तरमा सीमित गरी जिल्ला जनस्वास्थ्य कार्यालयहरूको प्रशासनिक, आर्थिक तथा योजना प्रक्रियासम्बन्धी अधिकार तथा दायित्वहरू स्पष्ट निर्धारण गरिनेछ । क्षेत्रीय स्तरका निकायहरूलाई केन्द्रीय नीति निर्माणमा सहयोगीको भूमिका र आ-आफ्नो क्षेत्रका जिल्लाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व प्रदान गरिनेछ । जिल्ला, गाँउ तथा नगरपालिका ऐनहरू अनुरूप स्वास्थ्यसेवाको विकासका लागि स्थानीयस्तरमा जनसहभागिता साथै स्रोत परिचालन गरिनेछ ।

- स्वास्थ्य-सेवाका लागि आवश्यक जनशक्ति व्यवस्था गर्न स्वास्थ्य जनशक्तिको सेवा सुविधाका शर्तहरू, तालिम तथा सीपको विकासका अवसर प्रदान गर्ने, स्वास्थ्य जनशक्तिको पदस्थापन, सरुवा तथा बढुवा व्यवस्थामा दुर्गम क्षेत्रमा कार्य गर्न प्रोत्साहन प्रदान गर्ने नीति स्वास्थ्य कर्मचारी प्रशासनको आधारमा बनाइनेछ ।

- गुणस्तरयुक्त आधारभूत, मध्यम तथा उच्चस्तरीय स्वास्थ्य क्षेत्रको जनशक्ति देशभित्र उत्पादन गर्ने राष्ट्रिय नीति लिइनेछ । यस क्षेत्रमा निजी क्षेत्रलाई पनि परिचालन गर्ने नीति लिइनेछ । गुणस्तर नियन्त्रणका लागि सम्बन्धित निकायलाई सक्रिय गराइ नियमित अनुगमनको व्यवस्था गरिनेछ । राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गरी मध्यम र उच्चस्तरीय स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन गर्न योजनाबद्धरूपमा सरकारी केन्द्रीय अस्पतालहरू निजी क्षेत्र र गैरसरकारी संस्थाहरू समेतलाई समावेश गरी उचित परिचालन गर्ने नीति लिइनेछ । मध्यम तथा उच्च स्वास्थ्य शिक्षाको गुणस्तर निर्धारण, नियन्त्रण तथा समन्वय गर्न एक निकायको व्यवस्था मिलाइनेछ ।

- स्वास्थ्यक्षेत्रको विकासका लागि बढी लागत आवश्यक भएको र यो क्षेत्र लगानी तथा प्रतिफल मूलक पनि भएकाले स्वास्थ्यक्षेत्रका लागि बढी खर्च प्रदान गरिनुका साथै निजी तथा जनसहभागिता परिचालनबाट पनि आर्थिक स्रोत जुटाइनेछ । विभिन्न स्तरका स्वास्थ्य संस्था एवं अस्पतालहरूको व्ययभारमा स्थानीय निकाय (जि.वि.स., गा.वि.स., नगरपालिका) को संलग्नता हुने व्यवस्था गरिनेछ ।

- औषधी नीतिको कार्यान्वयन र अनुगमनमा प्रभावकारीता ल्याइनेछ । औषधी आपूर्तिमा दिगोपन ल्याउन सामुदायिक औषधी नीतिको कार्यान्वयन चरणबद्धरूपमा गरिनेछ ।

- स्वास्थ्य क्षेत्रको दिगोपन, अन्य क्षेत्रसँगको सम्बन्ध र प्रवाह, स्वास्थ्यसँग सिधै सम्बन्ध राख्ने खानेपानी र पोषणको स्वास्थ्य क्षेत्रको विकासमा महत्वपूर्ण स्थान रहेकाले अन्य सरोकार राख्ने क्षेत्रसंग समन्वय गरी आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- स्वास्थ्य सेवाको कार्यक्रम र योजनालाई पारदर्शी बनाउदै जनसहभागिताको उच्च मूल्याङ्कन गर्दै यस्ता योजनाको कार्यान्वयनमा सामुदायिक अनुगमनलाई अभिन्न कार्यको रूपमा लिइनेछ ।

- बढ्दो वातावरणीय ह्रास र औद्योगीकरणलाई ध्यानमा राखी वातावरणीय स्वास्थ्य र व्यावसायिक स्वास्थ्यलाई स्वास्थ्य सेवासँग आबद्ध गर्ने नीति अपनाइनेछ । स्वास्थ्य संस्थाहरूबाट उत्पन्न फोहोर-मैलाको समुचित व्यवस्था गरिनेछ ।

- स्वास्थ्यक्षेत्रसँग अभिन्न संलग्नता रहेको फोरेन्सिफ साइन्स र स्वास्थ्य कानुनी (Medico-legal) विषयलाई राष्ट्रिय आवश्यकताअनुरूप प्राथमिकता दिइ यससम्बन्धी सेवाको आधुनिकीकरण र विस्तार गर्दै लगिनेछ ।

<u>जिल्ला र त्यस अर्न्तगत प्रदान गरिने अत्यावश्यकीय स्वास्थ्य सेवा</u>

अत्यावश्यकीय स्वास्थ्य सेवा प्रदान गर्न उच्च प्राथमिकता दिइनेछ । उक्त सेवा अन्तर्गत सरुवारोग नियन्त्रण, प्रजनन स्वास्थ्य, बालस्वास्थ्य, पोषण जस्ता प्राथमिकता प्राप्त जनस्वास्थ्य तथा अत्यावश्यक उपचारात्मक सेवाहरु प्रदान गरिनेछ । साथै मानसिक, आँखा, मुख तथा दाँतका सेवाहरु पनि क्रमिक रुपमा एकीकृत स्वास्थ्य सेवा अन्तर्गत समाहित गरिनेछ । यी सेवाहरु जिल्ला र अर्न्तगतका स्वास्थ्य संस्थाहरु जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी तथा उपचौकीहरुबाट एकीकृतरुपमा ग्रामीण स्तरसम्म पुऱ्याइने छ ।

जिल्ला स्वास्थ्य प्रणालीको सुदृढीकरण

जिल्लालाई केन्द्र विन्दु मानी जिल्ला स्वास्थ्य प्रणालीको सुदृढिकरण गरिनेछ । जिल्ला, गाउं तथा नगरपालिका ऐनहरु अनुरुप स्वास्थ्य सेवाको विकासका लागि स्थानीय स्तरमा जनसहभागिता साथै स्रोत परिचालन गरिनेछ । स्थानीय इकाईहरुलाई योजना तर्जुमा गर्ने, कार्यान्वयन तथा सञ्चालन गर्न बढी स्वायत्तता दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । जिल्लाभित्रका स्वास्थ्य कार्यक्रमहरुमा समन्वय ल्याउन जिल्लाका सम्पूर्ण स्वास्थ्य संस्थाहरु सरकारी, गैरसकारी र निजी क्षेत्रलाई समेत समाहित गरी जिल्ला स्वास्थ्य समिति गठन गरी कार्य सञ्चालनमा ल्याइनेछ ।

चिकित्सा सेवा

अत्यावाश्यक स्वास्थ्य सेवाहरुको सुगमता एवं पर्याप्तताको व्यवस्था गरी क्रमशः मध्यम तथा उच्चस्तरीय चिकित्सा सेवाहरु एकीकृतरुपमा उपलब्ध गराइनेछ । यस सम्बन्धमा सरकारी क्षेत्रले विशिष्ट सेवाको विकासमा निजी क्षेत्रलाई सहभागी बनाई सहयोगी संचालकको एवं सहभागी भूमिका निभाउनेछ । बढ्दो सवारी दुर्घटना तथा दैवी प्रकोपबाट हुने धनजनको क्षतिलाई दृष्टिगत गरी आकस्मिक स्वास्थ्य सेवाको विकास गर्न क्रमबद्धरुपले केन्द्रीय, क्षेत्रीय तथा जिल्लाका स्वास्थ्य संस्थाहरुमा आवश्यक सुविधाहरुको व्यवस्था गरिनेछ । औषत आयुको वृद्धि वद्लिदो जीवन शैलीवाट उत्पन्न हुने रोग जस्तै मुटु सम्बन्धि रोग, अर्वुद रोग आदि समेतलाई कम गर्न प्रभावकारी प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्यनीति अपनाइनेछ ।

संगठन तथा व्यवस्थापन

स्वास्थ्य मन्त्रालयको हालको संगठनात्मक संरचनामा सुधार तथा परिवर्तन ल्याउने उद्देश्यले अन्तर्गतका विभाग, महाशाखा तथा केन्द्रहरुलाई कामको प्रकृति एवं स्तर हेरी दोहोरोपन हटाउन पुन संरचना गरिनेछ । साथै मंत्रालयको अनुगमन र समन्वयको काममा प्रभावकारी भूमिका निर्वाह गर्न सूचना तथा तथ्यांक संकलन एवं विश्लेषण गर्ने, निजी तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थावीच समन्वय, सहमती, नियन्त्रण एवं अनुगमनका लागि एकाइहरुको गठन गरिनेछ । १४ जिल्लामा जनस्वास्थ्य शाखा र अस्पताल शाखा छुट्याइ कार्यसञ्चालन भै रहेकोमा योजना अवधिभरमा बाँकी अन्य जिल्लाहरुमा पनि जनस्वास्थ्य शाखा र अस्पताल शाखा छुट्टा छुट्टै सञ्चालन हुनेछ ।

- विकेन्द्रीकरण नीति तथा प्रक्रियालाई आधार बनाइ योजना, व्यवस्थापन तथा कार्यान्वयन क्षमतामा प्रभावकारिता ल्याइनेछ । दीर्घकालीन स्वास्थ्य योजना कार्यान्वयन गरी केन्द्रीय तथा जिल्लास्तरीय वार्षिक तथा आवधिक योजनाहरु तर्जुमा तथा अद्यावधि गर्ने सिलसिलामा यसलाई मुख्य स्रोत पुस्तिकाको रुपमा लिइनेछ ।

- स्वास्थ्य सेवाको कार्यक्रम र योजना तर्जुमा प्रक्रियालाई बढी पारदर्शी बनाउन एकीकृत सुपरिवेक्षण प्रणाली तथा सामूदायिक अनुगमन कार्यक्रम लागू गरी यस कार्यलाई बढी जनसहभागितामूलक बनाइनेछ ।

- एकीकृत सूचना व्यवस्थापन प्रणालीमा निर्णय प्रक्रियाको निमित्त आवश्यक पर्ने थप सूचना जस्तै आपूर्ति जनशक्ति, आर्थिक, मर्मत सँभार आदिलाई समावेश गरिनेछ । रोगको प्रारंभिक चरणमै

पहिचान र निदान गर्न सक्ने महामारी रोग सम्बन्धी निगरानी व्यवस्था (Epidemiological Surveillance System) को विकास गरिनेछ ।

- चिकित्सा सामग्री, उपकरण तथा औषधी आपूर्ति प्रक्रियालाई सरल, प्रभावकारी, आवश्यकमूलक एवं मागमा आधारित गरी (रोगको भार तथा वितरणको आधारमा) प्रयोगमा ल्याइनेछ । राष्ट्रिय औषधी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गरी उपचारात्मक सेवामा प्रयोग हुने आवश्यक गुणस्तरीय औषधीको उत्पादन तथा व्यवस्थापनका सरकारी तथा गैरसरकारी क्षेत्रलाई समेत परिचालन गरी कार्यान्वयन गरिनेछ ।

- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा सञ्चालन हुने स्वास्थ्य संस्थाहरुको स्थापना गर्दा प्रशासकीय क्षेत्रको विभाजन लाई मात्र आधार नमानी जनसंख्या, भौगोलिक स्थिति, रोगको भार आवश्यकतानुसार तय गर्ने नीति अपनाइनेछ । यस्ता संस्थाहरुको स्थापना गर्नु अघि विस्तृत संभाव्यता अध्ययन गरी कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

- बढ्दो बातावरणीय ह्रास र ओद्योगिकरणलाई ध्यानमा राखी वातावरणीय स्वास्थ्य र व्यावसायिक स्वास्थ्यलाई स्वास्थय सेवासंग आवद्ध गर्ने नीति अपनाइनेछ । स्वास्थ्य संस्थाहरुबाट उत्पन्न फोहोरमैलाको समूचित व्यवस्था गरिनेछ ।

- स्वास्थ्य क्षेत्रमा आवश्यक पर्ने प्राविधिक जनशक्तिको योजना, विकास तथा उपयोग आवश्यकताको आधारमा गर्ने नीति अवलम्वन गरीनेछ । गैरसरकारी, विश्वविद्यालय तथा शैक्षिक संस्थाहरुसँग समन्वय राखी गुणस्तरीय जनशक्ति उत्पादन गर्न प्राथमिकता दिइनेछ । जनशक्तिको आवश्यकता प्रक्षेपण गर्दा सेवाको लक्ष्य कार्यभार तथा भौगोलिक क्षेत्र र जनसंख्याको समेत ध्यानमा राखी जनशक्ति परिचालन गरिनेछ । गुणस्तरयुक्त आधारभूत, मध्यम तथा उच्चस्तरीय स्वास्थ्य जनशक्ति देशभित्र उत्पादन गर्ने राष्ट्रिय नीति लिइनेछ । यस क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रलाई पनि परिचालन गर्ने नीति लिइनेछ । राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गरी मध्यम र उच्चस्तरीय स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन गर्न योजनाबद्धरुपमा सरकारी केन्द्रीय अस्पतालहरु र जिल्लामा संचालित सरकारी र गैरसरकारी संस्थाहरु समेतलाई समावेश गरी उचित परिचालन गर्ने नीति लिइनेछ । मध्यम तथा उच्च स्वास्थ्य शिक्षाको गुणस्तर निर्धारण, नियन्त्रण तथा समन्वयगर्न एक निकायको व्यवस्था गरिनेछ ।

- आयुर्वेद चिकित्सा, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत चिकित्सा प्रणालीलाई स्वास्थ्य सेवाको मूलप्रवाहमा समावेश गरी क्रमबद्ध रुपमा विकास गरिंदै लगिनेछ ।

- औषधीहरुको गुणस्तर कायम गर्न केन्द्रीय औषधी अनुसन्धान प्रयोगशालालाई समयानुकूल सुदृढीकरण गरिनेछ । स्वदेशी औषधी उद्योगलाई अति आवश्यक औषधी उत्पादन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ । सरकारी तथा गैरसरकारी संस्थाहरुबाट प्रदान गरिने सेवालाई गुणस्तरयुक्त बनाउन विभिन्न उपाय अवलम्वन गरिनेछ ।

- विकेन्द्रीकरण नीति तथा प्रक्रियालाई आधार बनाइ स्वास्थ्य क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयन क्षमतामा प्रभावकारिता ल्याइनेछ ।

स्वास्थ्य वित्तीय प्रणाली

स्वास्थ्य क्षेत्रमा बढी पुँजी लगानी तथा उत्पादन वृद्धिका लागि जनसहभागिता परिचालनबाट आवश्यक स्रोत जुटाइनेछ । विभिनस्तरका स्वास्थ्य संस्थाहरुको व्ययभारमा स्थानीय निकायको सँलग्नता हुने व्यवस्था गरिनेछ । नवौं योजनाले अंगीकार गरेका लक्ष्यहरु हासिल गर्न विभिन्न वैकल्पिक स्वास्थ्य वित्तीय उपायहरुको खोजी (जस्तै- सरकारी क्षेत्रमा आन्तरिक स्रोतहरुको पुनः बाडफांड, बाह्य क्षेत्रबाट

प्राप्त हुने थप स्रोतको परिचालन, स्वास्थ्य बिमा, समुदायिक औषधी कार्यक्रम, रिभल्विंग ड्रगस्कीम, खर्चको साझेदारी/असुली आदि गरी कार्यान्वयन गरिनेछ ।

समन्वय तथा अन्तरसंस्थान सहयोग

स्वास्थ्य क्षेत्रका कार्यरत गैरसरकारी क्षेत्र तथा दातृ संस्थाहरुसँग आवश्यक सम्बन्ध र समन्वय गरी सम्पूर्ण क्षेत्रको एकीकृत प्रयासबाट स्वास्थ्य सेवाका दीर्घकालीन लक्ष्य र कार्यक्रम हासिल गर्ने वातावरण सिर्जना गर्न केन्द्र, क्षेत्र तथा जिल्लास्तरमा संस्थागत व्यवस्था गरिनेछ ।

स्वास्थ्य अनुसन्धान

स्वास्थ्य अनुसन्धानका प्राथमिकताहरु र अनुसन्धानको सूची तयार पारी गुणस्तर अनुसन्धान कार्यका निम्ति सरकारी, गैरसरकारी तथा दातृ संस्थालाई प्रोत्साहित गरिनेछ । यस किसिमको अनुसन्धान बहुसंख्यक जनताका प्रमुख स्वास्थ्य समस्याहरुलाई समाधान गरी जनताको गरीवी निवारण गर्ने लक्ष्य तर्फ केन्द्रित हुनेछ ।

८. कार्यक्रम

अत्यावश्यकीय स्वास्थ्य सेवाहरु :

अत्यावश्कीय स्वास्थ्य सेवा भन्नाले प्राथमिकताप्राप्त जनस्वास्थ्य तथा आधारभूत उपचारात्मक एकीकृत स्वास्थ्य सेवाहरु हुन र यसमा परम्परागत तथा अन्य स्वास्थ्य सेवाहरु समेत समावेश गरिएको छ । जनसाधारणको आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएपछि क्रमशः यसलाई विस्तार गरी थप जनस्वास्थ्य तथा उपचारात्मक सेवाहरु समावेश गरिनेछ । अत्यावश्यक स्वास्थ्य सेवाहरु आवश्यक जनस्वास्थ्यमा जनसाधारणको पहुँच तथा समुदाय तथा व्यक्तिहरुको सहभागिता र आत्मनिर्भरता, अन्तर क्षेत्रीय समन्वय, उपयुक्त प्रविधि र लागत प्रभाकारिताको सिद्धान्तमा आधारित छ । अत्यावश्यकीय स्वास्थ्य सेवाअन्तर्गत निम्न सेवाहरु प्रदान गरिनेछ ।

महिला स्वास्थ्य स्वयंसेविका : जनसाधारणको घरदैलोमा नै सामान्य स्वास्थ्य शिक्षा र साधारण प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले महिला स्वास्थ्य स्वयंसेविकाहरुको व्यवस्था गरिनेछ । आमा समूहबाट छानिएका यी स्वास्थ्य कार्यकर्ताहरुलाई पटक-पटक गरी १ वर्षमा २४ दिनको तालिम दिने र आफूलाई जिम्मेवारी दिइएको घर-घरमा गइ साधारण स्वास्थ्य सेवा पुऱ्याउन स्वास्थ्य किट बक्स र परिचयपत्र दिनेछ । नवौं योजनामा महिला स्वास्थ्य स्वयंसेविकाहरुको संख्यालाई ७३,००० पुऱ्याइनेछ ।

उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र : वार्डस्तरसम्म खोप, औलो, कुष्ठ, क्षयरोग, परिवार नियोजन सेवा, मातृशिशु स्वास्थ्य र वातावरणीय स्वास्थ्य शिक्षा सेवाहरु पुऱ्याउन अधिराज्यको प्रत्येक गाउँ विकास समितिका उपस्वास्थ्य चौकीहरुको सेवालाई प्रभावकारी बनाइनेछ र तिनको मूल्यांकन तथा सुपरिवेक्षण गरिनेछ ।

प्राथमिक स्वास्थ्य सेवाका साथै आकस्मिक र प्रसूति सेवाका लागि ३ शैयाको व्यवस्था गरी आठौं योजनाकालमा १०० निर्वाचन क्षेत्रमा १/१ प्राथमिक स्वास्थ्य केन्द्र स्थापनामा गरिएकोमा नवौं योजनाकालमा १०५ निर्वाचन क्षेत्रमा थप १/१ प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी ३१५ शैया थप गरिनेछ ।

साधारण रोग तथा चोटपटकहरुको उपचार : उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य सेवा केन्द्रद्धारा साधारण रोग तथा चोटपटकसम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक सेवा उपलव्ध गराइनेछ । उपचारात्मक सेवातर्फ साधारण चोटपटकको उपचार गर्ने,

झाडा पखाला रोग नियन्त्रण, पेटसम्वन्धी रोग, श्वासप्रश्वास सम्बन्धी रोगको उपचार गरिनेछ । तालिमप्राप्त सुँडिनीव्दारा सुत्केरी सेवा पुऱ्याउने तथा आमा र वच्चाको स्वास्थ्य स्याहारसम्वन्धी स्वास्थ्यशिक्षा दिन प्रोत्साहित गरिनेछ ।

लक्षित समूहका जनतालाई सामान्य उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने, जटिल र दीर्घ रोगीहरुलाई माथिल्लोस्तर (उपस्वास्थ्य चौकीवाट स्वास्थ्य चौकी, स्वास्थ्य चौकीवाट प्राथमिक स्वास्थ्य सेवा केन्द्र तथा स्वास्थ्य केन्द्रवाट जिल्ला अस्पताल) मा उपचारका लागि स्थानान्तरण गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कदम चालिनेछ । साथै अन्य विशेषज्ञ सेवा आवश्यक पर्ने रोगहरुको उपचारका लागि अञ्चल तथा क्षेत्रीयस्तरका अस्पतालहरुमा पठाइने व्यवस्था गरिनेछ ।

प्रजनन् स्वास्थ्य : वढदो जनसंख्या वृद्धिदरलाई कमश घटाउदै लैजाने, सानो परिवार सुखी परिवारको अवधारणालाई ग्रामिण जनतासम्म पुऱ्याउने र उच्च शिशु तथा मातृमृत्युदरलाई घटाउदै लैजाने लक्ष्य लिइ प्रजनन स्वास्थ्य अन्तर्गत पर्ने सुरक्षित मातृत्व, परिवार नियोजन र महिला स्वास्थ्य सेवालाई नवौं योजनामा प्राथमिकता दिई सञ्चालन गरिनेछ । हालको कुल प्रजनन् दर ४.६ बाट ४.१ मा ओराल्ने तथा मातृ मृत्युदर ५३९ प्रतिलाखवाट ४०० मा झार्ने, परिवार नियोजन साधन प्रयोगकर्ता दरलाई २८.९ प्रतिशतबाट बढाइ ३७.३ प्रतिशतमा पुऱ्याउने लक्ष्य लिइएको छ ।

गाउँघर क्लिनिकहरुलाई वडास्तरसम्म विस्तार गरी परिवार नियोजन तथा मातृशिशु सेवा उपलव्ध गराउने नीति लिइनेछ । करिव २५ जिल्लामा सर्म्पूण सुविधायुक्त प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवा कार्यक्रम लागू गरिनेछ । यसअनुसार वाँझोपनको उपचार र रोकथाम, गर्भपतनको रोकथाम तथा समस्याको निदान, किशोरवस्थाको र ४४ वर्ष उमेर नाघेका महिलाहरुको प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

योजना अवधिमा १६,९१,०२० व्यक्तिलाई परिवार नियोजन सेवा उपलबध गराउने, तालिमप्राप्त सुँनी २२,००० पुऱ्याउने, ८,९९,३२८ पटक गाउँघर किल्नीक सञ्चालन गर्ने र २० लाख ६० हजार गर्भवती आमालाई सुरक्षित मातृत्व सेवा प्रदान गरिने कार्यक्रम रहेको छ ।

घरदैलोमा गइ मातृशिशु स्वास्थ्य, गर्भिणी तथा सुत्केरी आमालाई सेवा पुऱ्याउने सुँडिनी कार्यक्रमले ठूलो भूमिका खेलेको छ । राष्ट्रिय सुँडिनी कार्यक्रमले मातृमृत्यूदर तथा शिशुमृत्युदर, साथै बच्चा तथा आमाको विरामी अवस्थामा कमी ल्याइ राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमलाई टेवा पुऱ्याएको छ । आर्थिक वर्ष २०४०।४१ मा सुरु भएको यस कार्यक्रमले २०५३।५४ सम्म ५५ जिल्लालाई समेटेको छ । राष्ट्रिय सुँडिनी कार्यक्रमले प्रतिपादित गरेको नीतिअनुसार नवौ योजना अवधिमा यस कार्यक्रमलाई अन्य जिल्लाहरुमा पनि विस्तार गरिनेछ ।

विस्तारित खोप : प्रतिहजार ७९ शिशु मृत्युदर रहेको हालको स्थितिलाई सन् २००० सम्ममा ५० मा ओराल्न विस्तारित खोप कार्यक्रमले प्रत्यक्ष सघाउ पुऱ्याउने देखिन्छ । हाल सञ्चालन गरिदै आएका वि.सि.जि., डि.पि.टि., पोलियो र दादुराको खोप १ वर्ष मुनिका शतप्रतिशत बालबालिकाहरुलाई र टी.टी. खोप प्रजनन (१५-४४ वर्ष उमेरका सवै महिलाहरुलाई दिने लक्ष्य राखिएको छ । हालको टी.टी. खोप कार्यलाई प्रतिवर्ष ५ प्रतिशतका दरले विस्तार गरिँदै लगिनेछ । साथै डि.टि. र पोलियो बुष्टरडोजको सेवालाई पनि क्रमश: विस्तार गरिनेछ ।

सन् २००० सम्ममा नेपाल र विश्वबाट नै पोलियो रोग उन्मूलन गर्न संचालित राष्ट्रिय खोप दिवसलाई २०५५ साल पछि पनि आवश्यकताको आधारमा निरन्तरता दिइनेछ । खोपसेवा संगसंगै भिटामिन ए र जुकाको औषधी समेत वितरण गरिनेछ । नजवात शिशुमा हुने धनुष्टंकार रोगलाई सन् २००० सम्ममा निर्मूल गर्न जोखिमपूर्ण भनी पहिचान गरिएका स्थानहरुमा विशेष टी.टी. खोपको अभियान चलाइनेछ । दादुरा रोगबाट हुने मृत्युदर र विरामीको संख्यालाई न्यून गर्न नियमित खोप कार्यक्रमको माध्यमबाट खोप कार्यलाई विस्तार गर्दै आवश्यक स्थानमा दादुराको खोपलाई समेत विशेष अभियानको रुपमा सञ्चालन गरिनेछ ।

खोपबाट बचाउन सकिने (विशेषगरी पोलियो, दादुरा र धनुष्टंकार) रोगहरुको सर्भिलेन्स प्रणालीलाई अधिराज्यभर सञ्चालन गरिनेछ । विस्तारित खोप कार्यक्रमलाई सुदृढ गराउन विद्यमान राष्ट्रिय खोप नीतिलाई समयानुकूल परिमार्जन गरी मध्यम तथा निम्नस्तरीय स्वास्थ्य प्राविधिकहरु सबैलाई छोटो अवधिको रिफ्रेसर तालिम दिइनेछ ।

हेपाटाइटिस वी. का रोगीहरुको संख्यामा वृद्धि भइरहेकोले यस समस्याको निराकरणका लागि विस्तारित खोप कार्यक्रममा हेपाटाइटिस वी. को भ्याक्सिनलाई पनि प्रारम्भमा केही जिल्लामा प्रयोगको रुपमा सञ्चालन गरिनेछ ।

झाडा पखाला नियन्त्रण : ५ वर्ष मुनिका बालबालिकामा झाडा पखालाको कारणबाट हुन जाने मृत्यु तथा रोगमा एक तिहाईले कम गर्ने लक्ष्य लिई कार्यक्रम सञ्चालन हुनेछ । रोग नियन्त्रण कार्यक्रमलाई जनस्तरसम्म पुऱ्याइ सञ्चालन गर्न झाडा पखाला लाग्ने कारण र रोकथामका उपायका साथै व्यवस्थापनसम्बन्धी समस्यालाई निराकरण गर्ने उपायहरु जनस्तरसम्म पुऱ्याउन व्यापक प्रचार प्रसार गरिनेछ । यस योजनावधिमा ५ वर्ष मुनिका बालबालिकाहरुको झाडा पखालाबाट हुने मृत्युदरमा ३० प्रतिशतले र रोग लाग्ने दरमा २० प्रतिशतले घटाउने लक्ष्य रहेको छ । अधिराज्यका सबै जिल्लामा जीवनजल २ करोड २ लाख ७५ हजार प्याकेट खरिद गरी वितरण गरिनेछ । २१३३ ओ.आर.टी. सेट खरिद गरी वितरण गर्ने, सबै जिल्लामा झाडा पखाला रोग महामारी नियन्त्रण गर्ने, २ जिल्लामा २५,००० आमाका लागि परमर्श कार्ड तथा २ जिल्लामा ५०,००० अभिलेख फाराम छपाइ गर्ने कार्यक्रम रहेको छ ।

श्वासप्रश्वास रोग नियन्त्रण : नेपालमा एकतिहाइभन्दा बढी बालबालिकाको मृत्यु श्वासप्रश्वाससँग सम्बन्धित रोगबाट हुने तथ्यलाई दृष्टिगत गरी श्वासप्रश्वास रोग नियन्त्रण कार्यक्रमलाई अत्यावश्यक स्वास्थ्य सेवाको एक प्रमुख अंगको रुपमा लिइएको छ । यस कार्यक्रमले ५ वर्ष मुनिका बच्चाहरुको निमोनियाबाट हुने मृत्युदर घटाउने, ५ वर्ष उमेरका बालबालिकाको विरामी दरमा कमी ल्याउने, एण्टिवायोटिक औषधीको प्रयोगलाई निरुत्साहित गर्ने तथा श्वासप्रश्वास नलीबाट हुने जटिलतामा कमी ल्याउने उद्देश्य लिइएको छ । हाल ६ जिल्लामा संचालित यो कार्यक्रमलाई नवौं योजनाको अन्त्यसम्ममा ३५ जिल्लामा विस्तार गरिनेछ ।

पोषण कार्यक्रम : झण्डै ७० प्रतिशतभन्दा बढी मानिस कुपोषणबाट पीडित रहेका र ग्रामीण क्षेत्रका बालबालिकाको पोषण स्थितिमा सुधार नगरी जनताको स्वास्थ्य स्थितिमा खासै प्रगति नहुने भएकाले नवौं योजनामा कुपोषणको स्थितिलाई एकतिहाइले घटाउने लक्ष्य लिइएको छ । सबै तहमा पोषणसम्बन्धी कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गरिनेछ । भिटामिन ए को अभावबाट हुने अन्धोपन ९० प्रतिशतले घटाउने कार्यक्रमलाई पूरा गर्न सन् २००२ सम्ममा अधिराज्यभरीका ६ महिना देखि ५ वर्षसम्मका सबै बालबालिकालाई भिटामिन ए क्याप्सुल वितरण गर्ने लक्ष्य राखिएको छ । हिमाली तथा पहाडी क्षेत्रका दुर्गम १५ जिल्लामा आयोडिनको क्याप्सुल वितरण गर्ने लक्ष्य लिइएको छ । साल्ट ट्रेडिङ्गमार्फत विक्री वितरण गरिने आयोडिनयुक्त नून तथा नूनमा आयोडिन मिसाउने कार्य उपयुक्त मात्रामा भए नभएको अनुगमन तथा मूल्यांकन गर्ने काम स्वास्थ्य मन्त्रालयले गर्नेछ । साथै खाद्य अनुसन्धानशालाबाट पनि गुणस्तर परीक्षण गरिने व्यवस्था गरिनेछ ।

क्षयरोग नियन्त्रण : आ.व. २०४४/०४५ देखि अधिराज्यका सम्पूर्ण जिल्लामा क्षयरोग निवारण कार्यक्रम कार्यक्रम सञ्चालन गर्दै आएको भए तापनि वर्षेनी ४५ देखि ५० हजार जनतामा यस रोगका किटाणु पाइएको हुनाले यसलाई गंभीर समस्याको रुपमा लिइएको छ । यसका अतिरिक्त आर्थिक दृष्टिले सक्रिय जनसंख्याको कुल ६० प्रतिशत जनता यसबाट पीडित भएका हुनाले अस्वस्थ्यका कारण छिट्टै मृत्यु हुने तथा बांचे पनि राम्रो आयमूलक काम गर्न नसक्नाले ग्रामीण क्षेत्रका जनताको आर्थिक स्थिति नाजुक अवस्थामा छ । मुलुकभरमा ७० प्रतिशत क्षयरोगीहरु पत्ता लगाउने र ती मध्ये ८५ प्रतिशत रोगीको उपचार गरी निको पार्ने लक्ष्य रहेको छ ।

क्षयरोगीको उपचारका लागि छोटो समयको निगरानी (DOTS), प्रत्यक्ष उपचार पद्धतिव्दारा उपचार प्रदान गर्ने कार्य २० जिल्लामा भएकोमा योजना अवधिमा यसलाई सम्पूर्ण जिल्लामा विस्तार गरिनेछ । क्षयरोगीको परीक्षण गर्ने, रोगीहरुलाई निगरानी उपचार पद्धतिव्दारा उपचार गर्ने, १ लाख जनसंख्या भएको ठाउँमा उपचार केन्द्र तथा उपकेन्द्रहरुको स्थापना गर्ने, पल्मोनरी क्षयरोगको समयमै खोजी गरी उपचार गर्न प्रत्येक १ लाख जनसंख्या भएको ठाउंमा खकार परीक्षण गर्ने नीति लिइएको छ । राष्ट्रिय क्षयरोग केन्द्रलाई केन्द्रीयस्तरको क्षयरोग केन्द्रको रुपमा विस्तार गर्ने, जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमार्फत निगरानी उपचार कार्यक्रम अपनाउने नीति लिइनेछ । साथै नियमित रुपमा औषधीको सेवा गरे नगरेको तथा उपचारको के कस्तो प्रभाव परेको छ भन्ने कुराको समेत अनुगमन गरिनेछ ।

क्षयरोग नियन्त्रण क्रियाकलापलाई योजनावद्धरुपमा एकीकृत गरी देशव्यापी रुपमा क्षयरोगको उपचार सेवालाई नियमित एवं सुदृढ गर्दै लैजाने नीतिलाई कार्यान्वयन गर्न नवौं योजनाकालमा २९०९२१४ शंकास्पद रोगीको खकार परीक्षण गरी पोजिटिभ देखिएका विरामीहरुको उपचार गरिनुका साथै पुराना रेसिष्टेण्ट र रिलाप्स विरामी र अन्य क्षयरोगीहरुलाई उपचार सेवा पुऱ्याउने कार्यक्रम रहेको छ । योजनावधिमा १८०,५०९ रोगीको उपचार, ८५,७५२ जनालाई तालिम तथा १४,७९० पटक सुपरिवेक्षण गर्ने कार्यक्रम रहेको छ । यसका साथै राष्ट्रियस्तरमा एक माइक्रोस्कोपी नेटर्वक केन्द्रको स्थापना गरी शंकास्पद रोगीको खकार परीक्षणको गुणस्तरमा वृद्धि गर्ने लक्ष्य रहेको छ ।

कुष्ठरोग नियन्त्रण : विद्यमान अवस्थामा दस हजार जनसंख्यामा लगभग ५.९ प्रतिशत कुष्ठरोगीहरुको संख्याबाट २०५७ सम्ममा प्रति दस हजार जनसंख्यामा एकजना वा सोभन्दा कममा झारी आयोजनाको अन्त्यसम्ममा सो दरलाई निरन्तरता दिन समयमै रोगको निदान र उपचार गरी कुष्ठरोगीमा हुनसक्ने शारीरिक विकृतिहरुलाई कम गरी समाजमा उनीहरुलाई पुनर्स्थापित गर्ने लक्ष्य लिइ स्थापित यो कार्यक्रमलाई अत्यावश्यक स्वास्थ्य सेवाको रुपमा समावेश गरिएको छ । समाजमा रहेको गलत धारणहरु हटाउने, शिक्षा, स्वास्थ्य तथा संचारको प्रविधिहरु गाउँस्तरसम्म पुऱ्याउने तथा कुष्ठरोगीहरु पनि समाजका सभ्य नागरिक हुन् भन्ने कुरामा जनचेतना जगाउने जस्ता थप कार्यक्रमहरु सञ्चालन गरी जनतामा आत्मविश्वास वढाइनेछ । यस कार्यको लागि यस योजनावधिमा १२०,००० जनाको कन्ट्याक्ट सर्वे, १००० स्कूलमा सर्वे गर्ने, १,५०० गा.वि.स.मा रापिड इन्क्वाएरी सर्वे, ४,५०० जनामा डिफल्टर विरामीको अनुगमन, १००० स्कूलमा स्वास्थ्य शिक्षा, ३३०० स्थानमा जनसमुदायलाई स्वास्थ्य शिक्षा, ७५००० प्रति स्वास्थ्य शिक्षा सामग्री उत्पादन, ५० पटक मोवाइल स्वास्थ्य शिक्षा, १४००० पटक सुपरिवेक्षण तथा मनिटरिङग तथा शतप्रतिशत एन्टिरियाक्सन औषधी व्यवस्था गर्ने कार्यक्रम रहेको छ ।

कालाजार, औलो तथा जापानिज इन्सेफलाइटिस र अन्य भेक्टरवर्न रोगहरु : अधिराज्यका ६७ जिल्लामा पूर्ण तथा आंशिक औलो रोग पाइएको छ भने कालाज्वर, इन्सेफलाइटिस जस्ता भेक्टरवर्न रोगहरुको प्रकोप विशेषगरी तराई क्षेत्रका जिल्लाहरुमा बढी रहेको छ । औलो कालाजार र इन्सेफलाईटीस जस्ता भेक्टरवर्न रोगहरुका कारणवाट जनस्वास्थ्यमा पर्न गैरहेको समस्यालाई न्यूनतम गराउने, औलोको नियन्त्रण कार्य गर्न किटनाशक औषधी छर्कने, रगत नमूना संकलन गरी परीक्षण तथा अनुसन्धान गर्ने तथा उपचार गर्ने र यी रोगहरुको रोकथामको लागि वातावरणीय स्वास्थ्य शिक्षा तथा जनसहभागिता जुटाउने कार्यक्रम रहेको छ । औलोलाई महामारी हुनबाट वचाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

इपिडेमियोलोजिकल सर्विलेन्स प्रणाली : सरुवा रोगवाट हुने रोगह तथा मृत्युदरलाई क्रमशः घटाउदै लैजाने क्रममा नियमित रुपमा प्रतिवर्ष ४ लाखका दरले रेखदेख कार्य गरिनेछ । सरुवा रोगहरुको संक्रमण तथा महामारीको विषेश खोज पड्ताल गरी इपिडेमीकसम्वन्धी सूचना सबै तहमा तत्काल उपलब्ध गराउने तथा सो क्षेत्रका सम्वन्धित निकायहरुलाई समेत संलग्न गराइ नियन्त्रणका उपाय अपनाइनेछ । महामारिको बेलामा सुरुमै रोगको जाँचपड्ताल र उपचार गरी तत्काल सेवा पुऱ्याउने टोलीको व्यवस्था गरिनेछ । ७५ जिल्लामा आपतकालीन तथा दैवीप्रकोप अवस्थामा तत्काल

औषधी पुर्याउने व्यवस्था गरिनेछ । ५ जिल्लामा सरुवा रोगको निमित्त सेन्टीनेल सर्भिलेन्स कार्यक्रम सन्चालन गरिनेछ ।

यौनजन्य रोग तथा एड्स : यौन तथा एड्स रोगको संख्यामा वृद्धि भइ यस रोगबाट उत्पन्न हुने सामाजिक तथा आर्थिक विसङ्गतिहरुलाई समयमै नियन्त्रण गर्ने, यौन रोगका बिरामीहरुको हेरचाह, तथा उपचारमा संलग्न स्वास्थ्य कार्यकर्ताहरुलाई आवश्यक तालिम, प्रारंभिक अवस्थामा यौन र एड्स रोगको पहिचान र यसको प्रारम्भिक अवस्थामा निदान र उपचारको महत्व, यौन र एड्स रोगवाट हुनसक्ने खतराहरुवाट वच्न सकिने उपाय आदिवारे समाजका विभिन्न पक्षहरुलाई स्वास्थ्यशिक्षा दिनु यस कार्यक्रमको उद्देश्य रहेको छ । नवौं योजनामा १,००० जना स्वास्थ्य कार्यकर्तालाई तालिम, २५,००० को रक्तनमुना संकलन तथा परीक्षण १,००० जनालाई सरुवा यौन रोग (S.T.D.) को उपचार, १०,००० सूचना, शिक्षा तथा पाठ्यक्रम सामग्री उत्पादन, २०० जनालाई काउन्सेलिङ् सेवा, २०० पटक निरीक्षण तथा अनुगमन गरिने कार्यकम छ । गैरसरकारी क्षेत्रहरुवाट एड्स नियन्त्रण कार्यहरुमा खेलेको भूमिकालाई समन्वयात्मक रुपमा प्रभावकारी बनाइनेछ ।

मुख तथा दन्त स्वास्थ्य : मुख तथा दन्तसम्बन्धी रोगहरु जनस्वास्थ्य समस्याको रुपमा देखापरिरहेको अवस्थामा यसको उत्पतिका कारण तथा सोवाट हुन सक्ने खतराहरुलाई रोकथाम गर्न जन चेतना जगाइ प्रचार-प्रसार गर्ने उद्देश्यले दन्तस्वास्थ्य सेवालाई पनि अत्यावश्यक स्वास्थ्य सेवामा राखिएको छ । यस्ता रोगको उपचार गर्ने कार्य जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुवाट विशेष रुपमा हुनेछ । स्वास्थ्य चौकी, स्वास्थ्य उपचौकी सवै तहका स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने कार्यक्रमहरुमा दन्त स्वास्थ्य सेवा पनि रहने छ ।

नेत्र स्याहार : नेपालमा मोतीविन्दु र ट्र्याकोमा जस्ता आखाँसम्बन्धी रोगहरु नै अन्धोपन का मुख्य कारणहरु हुन । विभिन्न अध्ययनबाट करिव ०.८ प्रतिशत नेपालीहरु यस्ता रोगवाट प्रभावित भएका पाइको छ । यसमा पनि ७२ प्रतिशत पूरै रुपमा अन्धोपन गराउनेमा मोतीविन्दु नै पर्दछ भने २.४ प्रतिशत ट्र्याकोमाले ओगटेको छ । यस्तै अन्धोपनलाई निम्त्याउने अन्य अवस्थाहरुमा कुपोषण, भिटामिन ए को कमी तथा अन्य रोग जस्तै दादुरा, झाडापखाला, श्वास प्रश्वाससंबन्धी रोगको संलग्नता आदि पर्दछ । वृद्धा अवस्थामा देखिने रोगहरुमा जलविन्दु तथा यस्तै अन्य रोगहरु बढी देखिने गरेको छ । आँखाको हेरचाह, स्याहार, सम्भार, तथा दृष्टिलाई संरक्षण तथा वचावट गर्ने उद्देश्यले यस सेवालाई अत्यावश्यक स्वास्थ्य सेवा अन्तर्गत राखिएको छ । यस योजनामा आँखा पाक्ने रोगको भाइरसवाट आंखाको स्याहार, संभार र संरक्षण, हरियो सागपातवाट आँखाको ज्योति वढन सक्ने कुराको प्रचार प्रसार गरिनेछ । साथै दुर्गम तथा पिछडिएका क्षेत्रका जनतालाई घुम्ती टोलीमार्फत उपचार समेत गरिनेछ । आँखासम्बन्धी उच्चस्तरको विशेष चिकित्सा सेवा प्रदान गर्न गैरसरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यस्ता सेवा प्रदान गर्दा दुर्गम क्षेत्रमा गइ कार्यक्रम कार्यान्वयन गर्ने गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्थालाई प्रोत्साहन गर्न विशेष सहुलियत प्रदान गर्ने नीति तर्जुमा गरिनेछ ।

श्रवण तथा बहिरोपन : केटाकेटी अवस्थामा बहिरो हुनबाट बचाउने उद्देश्यले नवौ योजनामा अत्यावश्यक स्वास्थ्य सेवामा यस कार्यक्रमलाई समावेस गरी सञ्चालन गरिनेछ । रुघाखोकी, न्यूमोनिया आदिवाट हुनसक्ने कानसम्बन्धी समस्या र कान कोट्याउने, सुतेको अवस्थामा दूध चुसाउँदा हुने खतरा, फोहर पानी तथा अन्य कसिंगर तथा कानेगुजी आदिको कारणले कानमा पर्ने असरबारे विद्यालयका विद्यार्थीहरुलाई जानकारी दिलाउने गरी विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यकतानुसार जिल्लास्तर तथा सोभन्दा मुनि घुम्ती टोली मार्फत श्रवण तथा बहिरोपनसम्बन्धी उपचार गरिने कार्यक्रम यस योजनामा रहनेछ । सुस्त श्रवण तथा वहिरोपन केन्द्र जस्ता निजी क्षेत्रबाट संचालित तथा गैरसरकारी संघसंस्थावाट उपलब्ध गराइआएको सेवालाई विस्तार गर्न सहजकर्ताको भूमिकाको निर्वाह गरिनेछ ।

मानसिक स्वास्थ्य : नेपाल अधिराज्यका कुल जनसंख्यामध्ये करिव १० प्रतिशत जनसंख्या मानसिक रोगवाट पीडित भएको आकलन गरिएको छ । यस प्रकारका रोगीहरुको पहिचान र तिनीहरुको उपचार गर्न जिल्ला र जिल्लाभन्दा तलका स्वास्थ्य संस्थाहरुमा समेत मानसिक रोगीहरुको पहिचान गरी

प्रारम्भिक उपचार सेवा प्रदान गरिनेछ । आवश्यकताअनुसार अन्चल, क्षेत्र तथा केन्द्रका स्वास्थ्य संस्थाहरुमा विशेष सेवाका निम्ति समयमै संप्रेषण गर्ने प्रभावकारी योजनाको विकास गरिनेछ ।

वातावरणीय स्वास्थ्य : बढ्दो जनसंख्या, अनियमित शहरीकरण, वसाइ सराइको चाप आदि कारणले काठमाडौं उपत्यका तथा अन्य शहरी क्षेत्रमा समेत जल, वायु, ध्वनि प्रदूषण तथा फोहोरमैलाको थुप्रो हुनजानाले यसवाट स्वास्थ्यमा प्रतिकूल असर पर्न गएको छ । तसर्थ यसलाई सुधार गर्ने क्रममा वातावरणीय शिक्षा, आफ्नो फोहोर आफैले नै व्यवस्थित रुपमा सडाउने, तथा जलाउने कार्यको लागि प्रचार प्रसार गर्ने, गाउँ / नगर पालिकाले पनि व्यवस्थित रुपमा मलखाद बनाउनमा लगाउने र बाटो घाटो शहर सफा सुग्घर गर्न लगाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

जिल्ला स्वास्थ्य प्रणाली सुदृढीकरण : जिल्ला स्वास्थ्य प्रणाली आफैमा पूर्ण स्वास्थ्य प्रणाली भएको हुनाले जिल्लालाई केन्द्रविन्दुको रुपमा लिइ यस अन्तर्गत जिल्ला आफैले गर्ने, जिल्लाको अवस्था विश्लेषण जिल्लाको स्वास्थ्य स्थिति सुधार गर्ने क्रममा केन्द्र तथा क्षेत्रको सहयोग लिइ जिल्ला स्वास्थ्य योजना बनाउने, कार्यान्वयन गर्ने तथा अनुगमन र मूल्यांकन गर्ने कार्य गरिनेछ । यस कार्यमा जिल्लास्थित सरकारी निकाय, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई उत्तरदायी वनाइनेछ ।

जिल्ला स्वास्थ्य प्रणालीलाइ मुख्यतया समानुपातिक वितरण, स्वास्थ्य सेवाको उपलव्धता, अन्तरनिकाय समन्वय, जनसहभागिता, विकेन्द्रीत व्यवस्थापन र एकीकृत स्वास्थ्य सेवा गरी ६ मुलभूत सिद्धान्तको आधारमा विकसित गरिनेछ । जिल्ला स्वास्थ्य प्रणालीको व्यवस्थापनका लागि राष्ट्रियस्तरमा प्रतिवद्धता, प्राविधिक सहयोग, आवश्यक स्वास्थ्य कानुनी व्यवस्था, आर्थिक तथा आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

जिल्ला स्वास्थ्य प्रणालीले स्वास्थ्य सेवामा संलग्न सम्पूर्ण सरकारी स्वास्थ्य संस्था, स्थानीय, अन्तर्राष्ट्रिय तथा गैरसरकारी संघ संस्था, स्वास्थ्यसंग सम्वन्धित समुदायमा आधारीत समूह क्लब, आदि, परम्परागत चिकित्सा प्रणालीमा आधारित स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरु, निजी क्षेत्रमा संचालित औषधी पसल, नर्सिङग होम, क्लिनिक, शिक्षण संस्थाहरुलाई एक अभिन्न अंगको रुपमा अंगीकार गरी जिल्लाका सम्पूण जनतालाई स्वास्थ्यसेवा प्रदान गर्न जोड दिइनेछ । नवौं योजनामा यी सम्पूर्ण संघ संस्था तथा व्यक्तिहरुलाई समेट्दै जिल्लाका स्वास्थ्यस्तर उठाउन जिल्ला स्वास्थ्य प्रणालीको सुदृढीकरण गरिनेछ । स्वास्थ्य कार्यक्रमहरुको समन्वय तथा सुसञ्चालनको लागि जिल्लामा जिल्ला स्वास्थ्य समिति र स्थानीय तहहरुमा गाउँ स्वास्थ्य समिति जस्ता स्थानीय निकायले वढीसे बढी जिम्मेवारी लिनेगरी यस्ता समितिहरु गठन गरी सञ्चालनको जिम्मा दिइनेछ । विकेन्द्रीकरणले प्रतिपादित गरेका सिद्धान्त तथा अवधारणाहरुलाई मूर्तरुप दिने, कानूनमा आवश्यक सँशोधन तथा सोबारेको जानकारी, सूचनाहरु आदि स्थानीय निकायहरुमा पुऱ्याउने तथा सोअनुरुप कार्य सम्पादनका लागि समुदायका जनतालाई अभिप्रेरित गरिनेछ ।

चिकित्सा सेवा :

चिकित्सा सेवा अन्तर्गतका सेवाहरु बढी प्राविधिक र महंगो पनि हुनाले यसलाई सेवा तथा लागत सहभागिताको अवधारणाको आधारमा विकास गर्न उपत्यकाका तथा अन्य विशेषज्ञ अस्पताल समूहको अवधारणा अपनाइनेछ । ती अस्पतालहरुमा आ-आफ्नो विशेषज्ञता विकास गरी प्रेषण प्रणालीको प्रक्रियागत व्यवस्था तथा शिक्षण सुविधाको व्यवस्था मिलाइनेछ । अस्पतालहरुबाट प्रदान गरिने सेवाहरुको शुल्कदरलाई पारदर्शी बनाइ अस्पताल सञ्चालनलाई ७५ प्रतिशत आत्मनिर्भर बनाइनेछ ।

सरकारीस्तरमा संचालित सबै अस्पताललगायत वी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान, वी.पी. कोइराला क्यान्सर समेतका अस्पतालहरुको विकास वोर्डमार्फत स्वास्थ्य मंत्रालयको सहयोगमा सञ्चालन र सेवाहरुको विस्तारसंबन्धी कार्यक्रमहरु तर्जुमा गर्दा देशको उपलब्ध स्रोत तथा साधनको उपलब्धता माथि मुख्य ध्यान दिइनेछ । अस्पताल सेवालाई प्रभावकारी गर्ने वैकल्पिक स्रोतको खोजी गर्ने क्रममा अस्पताल सञ्चालनको जिम्मा जिल्ला विकास समितिलाई उपलब्ध गराउने, विरामीहरुवाट विशेष शुल्क

तथा स्वास्थ्य कार्डहरुको व्यवस्था तथा सञ्चालन गर्ने तर्फ विशेष कदम चालिनेछ । श्री ५ को सरकारले विनियोजन गरेको रकमका साथै आफैले अन्य आयमूलक कार्यक्रमहरु सन्चालन गरी उपलब्ध स्रोतवाट अस्पताललाई आवश्यक पर्ने जनशक्तिको आफैले पूर्ववत जिम्मेवारी लिइ नियुक्ति गर्ने , सेवा विस्तार गर्ने, आवश्यक सामग्रीको आपूर्ति गर्ने व्यवस्था मिलाईनेछ ।

निजी तथा गैरसरकारी क्षेत्रबाट अस्पताल, नर्सिङ्ग होम, क्लिनिक, शिक्षण संस्था तथा निदान केन्द्रहरु सञ्चालन गरी देशको चिकित्सा सेवाको विकासमा प्रत्यक्ष योगदान पुऱ्याउँदै आएका स्वास्थ्य संस्थाहरुको विकास तथा विस्तार गर्दा नवौ योजनाले प्रतिपादन गरेको नीति तथा उद्देश्य माथि ध्यान दिइनेछ । यी संस्थाहरुले हाल प्रदान गर्दै आएका सेवाहरुवाट स्वास्थ्य प्रणाली सुदृढीकरण गर्न पुर्‌याएको टेवा र यसका लागि आवश्यक जनशक्ति तथा स्रोत आदिको समेत अध्ययन गरी कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिइने नीति अपनाइनेछ । यी संस्थाहरुबाट प्रदान गरिने सेवाको गुणस्तर कायम गर्न तथा शुल्क व्यवस्थामा सेवाअनुसार एकरुपता ल्याउन प्रभावकारी निरीक्षण तथा मूल्यांकन कार्यक्रम बनाइनेछ । निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न प्रोत्साहानात्मक नीतिहरु पनि अवलम्वन गरिनेछ । यसअनुसार सरकारीस्तरमा अस्पताल स्थापना नभएका जिल्लाहरुमा निजी तथा गैरसरकारी क्षेत्रबाट संचालित अस्पतालहरुलाई नै जिल्लास्तरीय अस्पतालको कार्यहरु गर्न नीतिगत तथा वित्तीय सहयोग प्रदान गरिनेछ ।

जिल्ला तथा अञ्चल अस्पताल : जिल्ला अस्पतालहरुको सेवालाई प्रेषण प्रणालीको रुपमा प्रभावकारी बनाउन भौतिक सुविधाको साथै औजार उपकरण तथा जनशक्तिको व्यवस्था गरिनेछ । राप्ती अञ्चलमा अस्पताल स्थापना वाग्लुङ अस्पताललाई धवलागिरी अञ्चल अस्पतालमा परिणत गर्ने तथा आवश्यक भवनलगायतका पूर्वाधारहरु पूरा गरिनेछ ।

क्षेत्रीय अस्पताल : मध्यमान्चल विकास क्षेत्रवाहेक अन्य विकास क्षेत्रमा क्षेत्रीयस्तरको अस्पताल स्थापना गर्ने नीतिअनुरुप कोशी अञ्चल अस्पताललाई पूर्वाञ्चल क्षेत्रीय अस्पतालमा परिणत गर्ने नपुग भवन निर्माण गर्ने र मध्यपश्चिमाञ्चल क्षेत्रमा क्षेत्रीय अस्पताल स्थापना गर्ने, कार्यलाई चालू राखिनेछ । पि.चन्द्र अस्पताल डोटी - जिल्ला अस्पताललाई क्षेत्रीय अस्पतालमा परिणत गर्न अस्पताल तथा आवास भवन निर्माण कार्य पूरा गरिनेछ ।

वीर अस्पताल : वीर अस्पताल विकास वोर्डलाई विस्तार तथा सुदृढीकरण गर्ने क्रममा पूर्ण शशक्तीकरणतर्फ उन्मुख गराइ अस्पताल मर्मत संभार तथा सञ्चालनका लागी आवश्यक पर्ने स्रोत र साधनको उत्पादन तथा खोजी गरिनेछ । साथै वीर अस्पताललाई राष्ट्रिय अस्पतालको रुपमा विकास गर्न र आकस्मिक तथा ट्राउमा केन्द्रको रुपमा समेत विकास गर्न २०० शैया थप गरिनेछ । अस्पतालमा स्टाफ क्वार्टरको निर्माण गरिनेछ । अस्पतालवाट प्रदान गरिने सेवालाई प्रभावकारी रुपले सञ्चालन गर्न सी.टी..स्क्यान, एम.आर.आई, ब्रोन्कोश्कोपी तथा भेन्टिलेटर उपकरणको आपूर्ति गर्ने तथा अस्पताल व्यवस्थापनलाई सुदृढीकरण गरिनेछ । हाल सञ्चालन भइरहेका उच्च विशेषज्ञहरुको एकाइबाहेक अरु थप नयां उच्च विशेष एकाइहरु खोलिनेछ ।

पोष्ट ग्रेजुयसन मेडिकल एजुकेसन कोअर्डिनेसन कमिटीलाई प्रभावकारी रुपले स्वदेशमै पोष्ट ग्रेजुयट जनशक्ति उत्पादन गर्ने कार्यलाई बढावा दिइनेछ । यसका लागि उपत्यकाभित्र रहेका अस्पताल समूहलाई शिक्षण निकायको रुपमा परिचालन गरिनेछ ।

कान्ति बालअस्पताल : कान्ति बालअस्पताललाई प्रत्यक्ष रुपमा शिशुमृत्यूदर घटाइ बालबालिकाको उपचार कार्यमा राष्ट्रियस्तरमा गर्नु पर्ने कार्यको जिम्मा दिइनेछ । नवौ योजना अवधिमा ५० शैया थप गर्ने तथा पेइङ्ग वार्डको व्यवस्था गर्ने, सपिङ्ग कम्प्लेक्स निर्माण गर्ने, २ डाक्टर क्वार्टर, २ नर्स क्वार्टर, १ निम्नस्तरीय क्वार्टर निर्माण, एउटा आठ परिवार आवासगृह, एउटा मेट्रोन क्वार्टर निर्माण गर्ने कार्यक्रम रहेको छ । यस अस्पताललाई बालस्वास्थ्यसम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान केन्द्रको रुपमा विकसित गर्न संम्भाव्यता अध्ययन गरिनेछ ।

शहीद शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल : सरुवारोग अस्पताललाई ट्रपिकल रोगहरुको सेवासुविधा तथा अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ । यस अस्पतालको सेवास्तरमा वृद्धि गर्न नवौ योजना अवधिमा एक्सरे मेसिन, अल्ट्रा साउण्ड मेसिन, इ.सी.जी. मेशीन, इण्डोस्कोपी मेशीन, एम्बुलेन्स उपलव्ध गराइनेछ ।

मानसिक अस्पताल : मानसिक अस्पतालमा भौतिक पूर्वाधारको कमीबाट उत्पन्न समस्यालाई ध्यानमा राखी नयाँ अस्पताल भवन निर्माण, स्टाफ क्वार्टर निर्माण, ढल निकास तथा पानी उपलव्ध गराउने व्यवस्था गरिनेछ । अत्यावश्यक स्वास्थ्य सेवा अन्तर्गत अस्पतालले गर्नुपर्ने मानसिक स्वास्थ्य सेवा सम्बन्धी अन्य कार्यक्रमहरु पनि तय गरिनेछ ।

नेपाल आँखा अस्पताल : नवौं योजना अवधिमा नेपाल आंखा अस्पतालको सुदृढीकरण गरिनेछ । यस अस्पतालमा जाइस सर्जिकल माइक्रोस्कोपी, भिक्ट्रोटमी मेसिन, पेरिमिटर, स्लिट ल्याप इनामी, अर्गान लेजर, फण्डर क्यामारा, अक्टासोनोग्राफी सर्जिकल माइक्रोस्पको व्यवस्था गरिनेछ । यी मेसिन, औजार, उपकरण सञ्चालन गर्न अकुलोल्पास्टिक, आइवेकिडा, अप्थोप्टिक्स, कन्ट्याक्ट लेन्स भिजन, भिट्रोरेटिना, ग्लुकोमा, न्यूरो अप्थल्मोलोजी जस्ता विषयमा तालिम प्रदान गरिनुका साथै अल्पकालीन अवधिको पुनर्ताजगी तालिम समेत प्रदान गरिनेछ । यसबाहेक अत्यावश्यक स्वास्थ्य सूचीमा परेको नेत्र स्याहारसम्बन्धी कार्यक्रम बनाई लागू गरिनेछ ।

परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मीदेवी प्रसूतिगृह : परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मीदेवी प्रसूति गृहलाई प्रजनन् स्वास्थ्य सेवाको नीतिअनुरुप प्रसुति एवं स्त्रीरोग विशेषज्ञ सेवा, प्रसुति स्त्रीरोग तथा नवजात शिशुस्वास्थ्यसम्बन्धी उच्च अध्ययन केन्द्रको रुपमा विकास गर्न योजनावधिमा १०० शैया थप गरी कुल ३५२ शैया संञ्चालन गर्ने, सर्भिस एरिया विस्तार गर्ने, अक्सिजन प्लान्ट जडान र विभिन्न प्रकारका उपकरणको आपूर्ति व्यवस्था गरिनेछ ।

शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र : २०५२ साल आयोजना सुरु भएको शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रले नवौ योजना अवधिमा २०२,००० जना मुटुरोगसम्बन्धी वहिरंग सेवा, १०० शैयाको अन्तरंग सेवा सञ्चालन गरी १२,२५० जनालाई अन्तरङ्ग सेवा औसत आयु र बदलिंदो जीवनशैलीको प्रभाववाट पर्नजाने मुटुरोगको रोकथामका लागि ५० मुटुरोगसम्बन्धी प्रतिकारात्मक कार्यक्रम, १५३७०० मुटुरोगीको पुनर्स्थापना, २५ मुटुरोगसम्बन्धी अनुसन्धान, ८० जनालाई हृदयरोगसम्बन्धी तालिम प्रदान गर्ने लक्ष्य राखेको छ । साथै यसलाई छुट्टै कानुन अन्तर्गत सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।

वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल : चितवन जिल्लाको भरतपुरमा निर्माणाधीन यस अस्पतालको भौतिक पूर्वाधार, उपकरण तथा जनशक्ति जुटाई यस योजना अवधिमा अर्वुदरोगको विशेषज्ञ सेवा उपलव्ध गराउने साथै नयां जीवन शैली, धुम्रपान, मद्यपान आदि यस रोगका प्रमुख कारकतत्व भएको हुनाले यसवाट वच्न वचाउन अत्यावश्यकीय स्वास्थ्य सेवा कार्यक्रमहरु पनि संचालित गरिनेछन् ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान : वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट संचालित एम.वी.वी.एस.कोर्षबाट २५०, वि.एस्सी नर्सिङतर्फ ६०, पोष्ट ग्रेज्युएट तहमा ३४, वी.डी.एस. तहमा २५, व्याचलर लेभलको एप्लाइड हेल्थ साइन्समा ३५ तालिम वा सेमिनार २५० जनालाई उच्च अध्ययनको मौका, १५ जनालाई प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य रहेको छ । साथै प्रतिष्ठानवाट ५ लाख जनतालाई स्वास्थ्य सेवा उपलव्ध गराउने लक्ष्य लिइएको छ ।

विभिन्न तहका अस्पतालहरुमा शैया थप गर्ने नीति अनुरुप सरुवारोग अस्पतालमा १०० शैया, मानसिक अस्पतालमा ५० शैया , सगरमाथा अञ्चल अस्पतालमा ५० शैया भक्तपुर अस्पतालमा १०० शैया, जुम्ला अस्पतालमा १० शैया तथा प्रसूति गृहमा १०० शैया, नरदेवी आयुर्वेद चिकित्सालयमा ५० शैया , कान्ति वालअस्पतालमा ६८ शैया गरी जम्मा ४७८ शैया थप गर्ने लक्ष्य रहेको छ । त्यस्तै जिल्ला

अस्पतालहरुमा पुऱ्याउनुपर्ने सेवा र जनसंख्या र रोजगारलाई समेत विचार गरी शैया सुविधा विस्तार गर्दै लगिनेछ ।

घुम्ती टोली : दुर्गम जिल्लाका अस्पतालहरुमा वर्षमा एकपटक शल्यचिकित्सा, स्त्रीरोग, नाक, कान, घाँटी, आंखा र दन्तरोग विशेषज्ञहरु समेत संलग्न विशेषज्ञ टोलीको सेवा पुऱ्याउने कार्यलाई कायमै राखिनेछ । यस्ता अवसरमा टोलीमार्फत स्थानीयस्तरमा तालिम दिइ प्रविधि र सीप हस्तान्तरण गर्ने वातावरण वनाइनेछ ।

आयुर्वेद सेवा :

जनताको स्वास्थ्यस्थितिमा सुधार ल्याइ स्वास्थ्य क्षेत्रमा आत्मनिर्भरताको लागि थप योगदान पुऱ्याउने, आयुर्वेद चिकित्सा सेवा सुविधाहरु ग्रामीण तहसम्म पुर्‌याईने छ । योजनावद्ध ढंगले **राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति २०५२** को कार्यान्वयन गरिनेछ । सेवा सम्बन्धी उपचारात्मक सेवा प्रेषण प्रणालीअनुरुप आयुर्वेद औषधालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, क्षेत्रीय चिकित्सालय र केन्द्रीय चिकित्सालयवीचमा आवश्यक समन्वय कायम गरिनेछ । १०० आयुर्वेद औषधालय, ५० जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ३ क्षेत्रीय आयुर्वेद चिकित्सालय, ५ वटा क्षेत्रीय आयुर्वेद निर्देशानालयहरु १ तालिम केन्द्र र ५ विकास क्षेत्रमा जडीवुटि उद्यानको स्थापना गरिनेछ । क्षेत्रीय रुरल फार्मेसीहरुवाट हुने औषधी उत्पादन कार्यलाई सुचारु रुपले सञ्चालनमा राखिनेछ ।

जनशक्ति उत्पादनलाई प्राथमिकता दिई निम्न तथा मध्यमस्तरीय ६५० आयुर्वेद प्राविधिक र ४० आयुर्वेद निरीक्षक उत्पादन गर्नुका साथै १०० लाई आयुर्वेदाचार्य (वी.ए.एम.एस) अध्ययन गर्न पठाइनेछ । स्नातकोत्तर (एम.डी र एम.एस) तथा कण्डेण्सड् कोर्सअध्ययन र पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ । यी कोर्सहरुलाई पूर्वसम्भाव्यता अध्ययनपश्चात् सञ्चालन गरिनेछ । आयुर्वेद विभागको लागि जग्गा खरिद गरी भवन निर्माण गरिनेछ । ७४ आयुर्वेद संस्थाको भवन निर्माण गरिनेछ । आयुर्वेद संस्थाहरुको भौतिक विकास गरी व्यवस्थापन तथा प्राविधिक क्षमतामा वृद्धि गरिनेछ । औषधी आपूर्तिका साथै ढुवानी तथा यातायात सुविधा एवं औजार तथा चिकित्सा उपकरणको व्यवस्था मिलाइनेछ । अनुसन्धान तथा सूचना केन्द्रको स्थापना सम्बन्धी प्रारम्भिक कार्य सुरु गरिनेछ ।

नरदेवी आयुर्वेद चिकित्सालय : आयुर्वेद चिकित्सासेवाको केन्द्रीय अस्पतालको रुपमा रहेको यस चिकित्सालयलमा आयुर्वेद चिकित्सासम्बन्धी विशिष्ट सेवा दिने विभिन्न चिकित्सा विभागको व्यवस्था गरिनेछ । आकस्मीक चिकित्सासेवा सञ्चालन गरिनेछ । ५० शैया थपी १५० शैया बनाइनेछ । पञ्चकर्म तथा क्षारसूत्र पद्धतिको विकासका साथै मेसिनरी औजार, उपकरण, भवन विस्तार, एम्बुलेन्स सेवा तथा यातायात सुविधा जुटाउने जस्ता कार्यहरु गरिनेछ । यस अस्पताललाई आयुर्वेदीय शिक्षण अस्पतालको रुपमा विकास गरिनेछ ।

आयुर्वेदिक चिकित्सालय : क्षेत्रीय स्तरमा ग्रामीण औषधी निर्माणशालाहरुको विकास, औषधीय बोटविरुवा तथा जडीवुटी उद्यानको विकासको साथै जिल्लामा अनुपलव्ध विशिष्ट आयुर्वेदिक सेवालाई सुलभ गराइनेछ । जिल्लास्थित आयुर्वेदिक चिकित्सालयहरुबाट सामान्य रोगहरुको उपचार र निदानका साथै पञ्चकर्म समेतको विशिष्टसेवा उपलव्ध गराइनेछ । आयुर्वेदिक औषधी विज्ञानअनुसार अत्यावश्यक औषधीहरु जिल्लामा नै उत्पादन गर्न प्रोत्साहित गरिनेछ । औषधीहरुको बोटविरुवा तथा जडीवुटीको उत्पादन, संकलन, संरक्षण तथा अत्यावश्यक औषधीहरुको स्थानीय तहमा उत्पादन गरी आयुर्वेदिक सेवालाई ग्रामीण जनता समक्ष सुलभ र सरल तरिकाले उपलव्ध गराइनेछ । स्थानीय क्षेत्रहरुमा पाइने जडीबुटीहरुको पहिचान गरी उत्पादनमा ध्यान दिइनेछ । साथै त्यस्ता जडीबुटीहरुबाट स्थानीयस्तरमा औषधीहरुको निर्माण गरी आयुर्वेदिक चिकित्सा सेवालाई विस्तार गरिनेछ ।

सिंहदरवार वैद्यखाना : आयुर्वेदिक औषधीहरुको उत्पादनको गुणस्तरमा वृद्धिका लार्गि सिंहदरवार वैद्यखानाको भौतिक सुधार, औजार उपकरणको तथा दक्ष जनशक्तिको व्यवस्था, आवश्यक तालिम तथा अनुसन्धान जस्ता कुरामा जोड दिइनेछ । यस वैद्यखानाको औषधी उत्पादन क्षमतामा वृद्धि गरी

आयुर्वेदीय औषधी उद्योगको रुपमा विकास गरिनेछ । योजनाको अन्त्यसम्ममा रु. २५ करोड बराबरको आयुर्वेद औषधी उत्पादन गर्न वैद्यखानालाई सक्षम गराइनेछ ।

अन्य परम्परागत चिकित्सा प्रणाली :

आयुर्वेद चिकित्सा प्रणाली बाहेक देशमा रहेका करिव ८ लाख धामी, झाँकी, लामा, वैद्य आदिलाई स्वास्थ्यसेवा प्रदान गर्न प्रोत्साहित गरिनेछ । अन्य परम्परागत चिकित्सा प्रणाली जस्तै होमियोप्याथी, युनानी तथा प्राकृतिक चिकित्सा पद्धतिहरुको क्रमशः विकास गर्दै लगिनेछ ।

होमियोप्याथी :

करिव २७ वर्ष अघि खुलेको पशुपति होमियो चिकित्सालय नेपालको एक मात्र राष्ट्रिय होमियोप्याथी अस्पताल हो । यस अस्पतालले मुख्यतया श्वास प्रश्वाससम्बन्धी दीर्घ रोग, झाडापखाला, छालासम्बन्धी रोग, कमलपित्त जस्ता रोगहरुको उपचार गर्दै आएको छ र योजनामा यी सेवाहरुलाई होमियोप्याथीको अत्यावश्यक स्वास्थ्य सूचीभित्र समावेश गरिनेछ । पशुपति होमियोप्याथी अस्पताललाई ६ शैयाबाट बढाइ २५ शैयाको बनाइनेछ र पाँचै विकास क्षेत्रमा यस्तो अस्पताल सञ्चालन गर्न यसको संभाव्यता अध्ययन गरिनुको साथै दक्ष जनशक्ति उत्पादनतर्फ ध्यान दिइनेछ ।

युनानी चिकित्सालय :

सरकारीस्तरमा युनानी चिकित्सा सेवा काठमाडौंको होमियोप्याथी चिकित्सालयको भवनमा रहेको युनानी चिकित्सालयबाट भैरहेको छ । यस चिकित्सालयले बहिरँग सेवाबाट विभिन्न प्रकारका रोगहरुमा उपचार सेवा प्रदान गर्दै आएको छ । नवौं योजनामा युनानी पद्धतिमा अत्यावश्यक चिकित्सा सेवाको सूची बनाइ सोअनुसार सेवा प्रदानगर्ने लक्ष्य लिइएको छ । यस अन्तर्गत पाचन प्रणालीसँग सम्बन्धित रोग, मानसिक असन्तुलन, स्त्रीरोग, अल्काइरोग, दमरोग आदिलाई समावेश गरी सेवा प्रदान गरिनेछ ।

प्राकृतिक चिकित्सा प्रणाली : पानी, माटो, सूर्य, हावा, तथा शारीरिक कसरत, योग, आहार व्यवहार आदिको माध्यमबाट रोगको उपचार गर्ने प्राकृतिक चिकित्सा प्रणालीलाई नवौं योजनामा स्वास्थ्य सेवाको मूल प्रवाहमा समावेश गरी यस प्रणालीको संस्थागत विकास गरिनेछ । यस किसिमको सेवा प्रदान गर्न गैरसरकारी तथा निजी क्षेत्रलाई पनि प्रोत्साहित गरिनेछ ।

प्रयोगशाला तथा अन्य सहायक सेवा :

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला : रोगहरुको निदान कार्यलाई प्रभावकारी वनाउन, खानेपानी तथा खाद्यपदार्थमा विषालु एवं सरुवा किटाणुहरुको परीक्षण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट नवौ योजना अवधिमा ४० स्थानमा व्याक्टेरियोलजी सेवाको स्थापना तथा सुदृढीकरण, ५४ स्थानमा वायोकेमेष्ट्री सेवाको सुदृढीकरण, १०० प्रा.स्वा. केन्द्रमा प्रयोगशाला सेवाको स्थापना, १०० जनालाई सेवाकालीन तालिम, ५ केन्द्रमा इम्यूनोलजी, तथा भाइरोलजी सेवाको विस्तार ५ केन्द्रमा राष्ट्रिय विशेषज्ञ प्रयोगशालाको विस्तार, १०० जनालाई प्रयोगशाला परीक्षणसम्बन्धी गुणस्तरको कार्यशाला गोष्ठी, ३४० स्थानमा विभिन्न स्तरको प्रयोगशाला सेवाको विस्तार तथा निरीक्षण ३५५ जनालाई स्वास्थ्य सेवा पुऱ्याउने गाउँ-एकाइ स्तरमा कार्यरत मातृशिशु कार्यकर्ताहरुवाट समेत न्यूनतम प्रयोगशाला सेवा उपलव्धगराउन तालिम दिइने लक्ष्य रहेको छ ।

क्षेत्रीय तथा अञ्चलस्तरका प्रयोगशालाहरुमा क्रमशः हेमाटोलोजी, व्याथोलोजिकल, वायोकेमीष्ट्री, हिस्टोपाथोलजी, पारासाइटोलजी सेवा सञ्चालन गरिनेछ । सरुवा रोगको निदान र क्यान्सर रोगको छानवीन गर्न प्रयोगशाला सेवा उपलव्ध गराइनेछ । जिल्लास्तरीय प्रयोगशालाहरुवाट क्रमशः हेमाटोलजी, ग्याष्ट्रोलजिकल, वायोकेमिष्टी, हिस्टोप्याथोलजी सेवा सञ्चालन गर्दै लगिनेछ । स्वास्थ्य चौकीहरुमा प्रारम्भिक प्रयोगशाला सेवा उपलव्ध गराउने लक्ष्य रहेको छ । माइक्रोस्कोप तथा अन्य विषयक प्रयोगशालासम्बन्धी सरसामानका साथै केमिकल औषधीको पनि व्यवस्था गरिनेछ । स्वास्थ्य

उपचार प्रयोगशालामा मलेरिया, पारासाइट, कुष्ठरोगका किटाणु र पोलियोको जाँच गर्ने व्यवस्थाका साथै दिसापिसाब र क्षयरोगको जाँचको व्यवस्था गरिनेछ।

औषधी व्यवस्था : राष्ट्रियस्तरमा औषधीको आवश्यकता र यसको प्रयोगको तथ्याङ्क संकलन गरी रोग र औषधी प्रयोगको पहिचान गर्ने, सर्वसाधारण जनतालाई औषधी सर्वसुलभ गराउने, औषधीको गुणस्तरबारे जनतालाई आश्वस्त गराउने जस्ता नीति लिइनेछ । भ्याक्सिन, सेरा र जीवजन्य उत्पादनहरुको गुणस्तर निर्धारण एवं ढुवानीमा गुणस्तर संरक्षण कायम गर्न निरीक्षण एवं परीक्षणको व्यवस्था गरिनेछ । औषधीको गुणस्तर कायम गर्न सरकारी, निजी तथा स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

रक्त बैंक तथा रक्त संचार सेवा : स्वास्थ्यसेवालाई प्रभावकारी बनाउन स्वास्थ्यको दीर्घकालीन अवधारणा अनुरुप केन्द्र, क्षेत्र, अञ्चल, तथा जिल्ला अस्पतालहरुमा रक्त वैक तथा रक्त संचारसेवा प्रदान गर्ने नीति लिइएको छ । रक्त विक्री सम्बन्धी विद्यमान विसंगतिलाई हटाउने, गैरसरकारी संस्था तथा स्थानीय समुदायलाई स्वःस्फूर्त रुपमा रक्तदान प्रणालीको विकासका लागि वेलावखत हुने भाषा, साहित्य, संगीत तथा सांस्कृतिक सम्बन्धी उत्प्रेरित गर्ने, कार्यक्रममा रक्तदान कार्यक्रमलाई पनि समावेश गर्न जोड दिइनेछ । आपतकालीन अवस्थामा सञ्चालन गर्ने प्रणालीलाई प्रभावकारी गराई जिल्ला अस्पतालहरुमा समेत यस प्रणालीको विकास गरिनेछ । नेपाल रेडक्रस सोसाइटीवाट संचालित व्लड बैकसंग समन्वय राखी थप कार्यक्रम गरिनेछ ।

सूचना, शिक्षा तथा सञ्चार : श्रव्य-दृष्य साँस्कृतिक कार्यक्रम तथा सञ्चारका अन्य विविध माध्यमहरुबाट एकीकृत रुपमा स्वास्थ्य शिक्षाको प्रचार-प्रसार गर्ने नीति आठौं योजनादेखि नै अपनाइएको छ । यसअनुसार खोप, झाडापखाला, औलो, कुष्ठ, क्षय जस्ता संक्रामक रोगहरु अन्धा, अपाङ्ग, मानसिक रोग तथा मातृशिशु स्वास्थ्यसम्बन्धी शैक्षिक सामग्रीहरुको उत्पादन, वितरण, प्रचार-प्रसार, तालिम गोष्ठी सञ्चालन जस्ता कुरालाई निरन्तरता दिइ जनसमुदायको स्वास्थ्य चेतनामा वृद्धि गरिनेछ ।

योजनावधिमा स्वास्थ्य शिक्षाका लागि "**हाम्रो स्वास्थ्य**" नामक पत्रिका ९०,००० प्रति प्रकाशित गर्ने, परिवार (अर्ध-वार्षिक) ८०,००० प्रति छपाइ गर्ने, खोप चौमासिक रुपमा १ लाख ५० हजार प्रति छपाइ गर्ने, ५० लाख शैक्षिक सामग्री उत्पादन तथा वितरण गर्ने, ७०० पटक रेडियोमा जनस्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, रेडियो, टेलिभिजन, पत्रपत्रिकामा क्रमशः ७०००, ११०० र १००० पटक विज्ञापन प्रकाशन गर्ने, सबै जिल्लामा जिल्ला स्वास्थ्य शिक्षालाई सुदृढीकरण एवं विस्तार गर्ने, २ लाख ५० हजार प्रति क्यालेण्डर प्रकाशित गर्ने, २० भिडियो फिल्म उत्पादन गरी समुदायमा २००० पटक प्रदर्शन गर्ने, ५००० पटक क्याम्प सूचना प्रदान गर्ने, स्वास्थ्य शिक्षाको प्रभाव ३ पटक गर्ने, १२५ पटक अनुगमन तथा मूल्यांकन गर्ने, सबै जिल्लामा स्वास्थ्य शिक्षा र सूचना प्रदान गर्ने कार्य विकेन्द्रीकरण नीतिको आधारमा सञ्चालन गरिनुका साथै यी कार्यमा बढी जनसहभागिता परिचालन गरिनेछ । मुलुकमा साक्षरता प्रतिशत कम भएको सन्दर्भमा स्वास्थ्य चेतना अभिवृद्धि मापन गर्न सर्वेक्षण गरिनेछ ।

संगठन तथा व्यवस्थापन :

संगठनात्मक संरचना : स्वास्थ्य सेवालाई समुदायस्तरसम्म प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुको संगठनात्मक संरचना एंव तिनीहरुको प्रभावकारी व्यवस्थापन अति महत्वपूर्ण पक्ष भएको र गाउँ विकास समितिदेखि केन्द्रीयस्तरसम्मका स्वास्थ्यसेवा प्रदान गर्ने संस्थाहरुको संगठनात्मक संरचना एवं कार्यकुस्शलता ती संस्थाहरुको व्यवस्थापन पक्षमा निर्भर हुने भएकोले व्यवस्थापकीय पक्षलाई प्रभावकारी बनाउन स्वास्थ्य मन्त्रालय र अन्तर्गतका विभागहरुको कार्यविश्लेषण गरी संगठनात्मक स्वरुपमा आवश्यक परिवर्तन गरिनेछ ।

केन्द्रीय अस्पतालहरुलाई क्रमानुसार विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालमा परिणत गरिनेछ र अन्य क्षेत्रीय एवं अञ्चल अस्पतालहरुलाई प्रेषण अस्पतालको रुपमा विकसित गरिनेछ । जिल्ला अस्पतालहरुलाई अत्यावश्यक स्वास्थ्यसेवा प्रदान गर्न सक्षम बनाइनेछ । यी अस्पतालहरुको समन्वय

एवं व्यवस्थापनलाई हेर्ने निकाय मन्त्रालयस्तरमा सम्पर्क केन्द्रको विकास गरिनेछ । अस्पताल र जनस्वास्थ्य शाखाहरुको कामको प्रकृति अलग अलग भएकोले हालसम्म १४ जिल्लामा मात्र जिल्ला जनस्वास्थ्य शाखा स्थापना भएकोमा योजना अवधिमा अन्य वांकी जिल्लामा पनि यस्ता कार्यालय स्थापना गरिनेछ र केन्द्रीयस्तरमा जनस्वास्थ्य कार्यक्रम हेर्ने निकायको व्यवस्था गरिनेछ ।

सूचना व्यवस्थापन : स्वास्थ्य क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक पर्ने सूचना एवं तथ्यांकहरु संकलन गर्ने, संकलित तथ्यांकहरुको विश्लेषण गर्ने, सो आधारमा वार्षिक तथा आवधिक योजनाका कार्यक्रम तथा नीति तयार पार्ने उद्देश्यले आ.व. २०५१/५२ मा स्वास्थ्य व्यवस्थापन तथा सूचना प्रणाली सुरु गरिएको थियो । यस व्यवस्थालाई स्वास्थ्य सेवा विभाग अन्तर्गतका स्वास्थ्य निकायहरुले दिएका सेवाको सूचना संकलनमा मात्रै सीमित नगरी योजना अवधिमा अन्य विभाग तथा निकायहरुवाट प्रदान गरिआएको सेवाहरुको समेत सूचना र व्यवस्थापन पक्षलाई आवश्यक पर्ने अन्य जानकारी जस्तै जनशक्ति व्यवस्थापन, आपूर्ति व्यवस्थापन आदिको सूचना संकलन गरी एकीकृत राष्ट्रिय स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ । यसलाई मन्त्रालयस्तरमा महाशाखाको रुपमा परिणत गरिनेछ । विकेन्द्रित प्रशासनको सिद्धान्त अनुरुप जिल्लास्तरमा स्वास्थ्य क्षेत्रका योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न समय समयमा तालिम दिइनेछ । यसका अतिरिक्त स्वास्थ्य क्षेत्रका कर्यक्रमहरुको सामयिक रुपमा अनुगमन तथा मूल्यांकन गरिने नीति समेत अनुशरण गरिनेछ ।

आपूर्ति व्यवस्थापन : स्वास्थ्य क्षेत्रमा अत्यावश्यक औषधी नियमित रुपमा आपूर्ति गर्ने, औजार उपकरण आपूर्ति गर्ने, तथा उपचारात्मक, प्रतिकारात्मक कार्यक्रमहरु सञ्चालन गर्न नियमित एवं प्रभावकारी रुपमा औषधी उपकरण आपूर्ति गराउने लक्ष्य रहेको छ । यसको अलावा औषधी खरिद, औजार उपकरण खरिद, संचय समेत राम्रो संग गर्ने तथा खोप सेवाहरु विभिन्न ठाउमा आपूर्ति गर्ने लक्ष्य रहेको छ ।

१० जिल्लामा जिल्लास्तरयि मेडकिल स्टोर निर्माण गर्ने र ५ विकास क्षेत्रका क्षेत्रीय स्तरका भण्डारहरु सुदृढिकरण गर्दै लगिने कार्यक्रम छ । संकटकालीन अवस्थाको लागि औषधी खरिद तथा आपूर्ति गरिने र ३० जिल्लामा सामुदायिक औषधी योजना सञ्चालन गरिनेछ । अस्पतालमा स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न एम्बुलेन्स खरिद एवं आपूर्ति गर्ने कार्यक्रम रहेको छ ।

मानव संसाधन : सरकारले स्वास्थ्य सेवालाई समुदायस्तरसम्म पुऱ्याउने वचनबद्धता जाहेर गर्दागर्दै पनि दक्ष जनशक्तिको अभाव तथा जनसंख्या बृद्धिको चर्को समस्याले पर्न गएको प्रभाव स्वास्थ्यसेवा कार्यक्रमलाई समुदायस्तरसम्म प्रभावकारी रुपमा पुऱ्याउन नसकेको कुरालाई दृष्टिगत गरी मागको आधारमा जनशक्ति आपूर्ति गर्ने सरकारको नीति रहेको छ ।

यस नीति अनुरुप राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट आधारभूत तालिम अन्तर्गत ३५० जनालाई ग्रामीण स्वास्थ्य कार्यकर्ता तालिम, १५०० जनालाई मातृशिशु कार्यकर्ता तालिम, ३०० जनालाई अ.न.मी तालिम, तथा ६८० जनालाई स्तरवृद्धि तालिम दिइनेछ । त्यसैगरी मा.शि.का. तालिम अन्तर्गत १५०० जनालाई आधारभूत र २६६० जनालाई रिफ्रेसर तालिम दिने लक्ष्य राखिएको छ । २५४,१३२ जनालाई महिला स्वास्थ्य स्वयंसेविका तालिम, २१०५ जनालाई नर्सिङ्ग विकास तालिम, ५३४६ जनालाई लजिष्टिक तालिम, ७७,५२७ जनालाई सुँडिनी तालिम, १५७६ जनालाई प्रजनन स्वास्थ्य तालिम, ९० जनालाई स्वास्थ्य शिक्षा तालिम, ६० जनालाई श्रव्य दृष्य सामाग्री तालिम, १५० जनालाई मेडिकल अस्पताल प्रशासन तालिम, २४३० जनालाई सुपरभिजन तालिम, २० जनालाई तालिम अध्ययन फलोअप, ५७१८ जनालाई परिवार नियोजन तालिम, ८२५ जनालाई प्रशिक्षक प्रशिक्षण तालिम, ५५३० जनालाई बालस्वास्थ्य तालिम र ३७५ पटक जिल्लास्तरीय डाटा प्रोसेसिंग तालिम दिने कार्यक्रम रहेको छ ।

साथै १२१०८२ प्रति तालिम सामग्रीहरु छपाई र वितरण, ४४८७ किट वक्स सामग्री वितरण, पाठ्यक्रम विकास निर्देशिका तयार गर्ने, १९३५ पटक प्रा.स्वा.का.केन्द्र गाउँघर ल्किनिक तालिम, १०० केन्द्रीय तथा क्षेत्रीय तालिम केन्द्र प्रशिक्षकहरुको रिभ्यू ल्यानिङ्ग मिटिङ्ग गर्ने लक्ष्य रहेको छ ।

मानव संसाधन परिपूर्ति गर्ने उद्देश्यले त्रि.वि.शिक्षण अस्पताल, वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा निजी स्तरमा संचालित शैक्षिक केन्द्रहरुलाई परिचालन गरेर आवश्यक जनशक्ति उत्पादन गरिनेछ । यसैक्रममा शिक्षण प्रशिक्षण एवं तालिमको लागि आवश्यक पर्ने अस्पताल र स्वास्थ्य संस्थाहरुको निमित्त सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरु प्रयोग गर्न दिइनेछ । यसको लागि आवश्यक नीति नियम तर्जुमा गरिनेछ । स्वास्थ्य जनशक्ति उत्पादनको प्रकार र संख्या हेरी केही जिल्लालाई शिक्षण जिल्लाको रुपमा विकास गरिने लक्ष्य राखिएको छ ।

वीर अस्पताल र उपत्यका भित्रका अस्पतालहरुले सञ्चालन गर्दै आएका स्नातकोत्तर तहको कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्वदेशमा उत्पादन हुन नसक्ने आवश्यक जनशक्तिको लागि विदेशमा पठाइ तालिम दिने व्यवस्थालाई कायमै राखिनेछ । नयाँ मेडिकल कलेजहरुले खपत गर्ने जनशक्तिलाई विचार गरी चिकित्साशास्त्र अध्ययन संस्थान र अन्य मेडिकल कलेजबीच विद्यार्थी भर्ना संख्या बढाउने सम्बन्धमा आवश्यक समन्वय कायम गरिनेछ । स्वास्थ्य र शिक्षा मन्त्रालयको समन्वयात्मक प्रक्रियाको आधारमा प्रभावकारी बनाइ मेडिकल कलेज र स्वास्थ्य तालिम केन्द्रहरु स्थापना गर्ने नीति अपनाइनेछ । अति दुर्गम जिल्लाहरुमा स्थानीयस्तरमा नै अ.हे.व. तथा अ.न.मि. तालिम कार्यक्रम सञ्चालन गरी स्थानीयस्तरमा मध्यमस्तरीय जनशक्ति आपूर्ति व्यवस्था गरिनेछ ।

नवौं योजनामा प्रस्तावित १०० हेल्थपोष्टमा आवश्यक हुने हेल्थ असिस्टेन्ट प्रशिक्षण चिकित्सा शास्त्र अध्ययन संस्थानले वन्द गरिसकेको हुनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग सो कार्यक्रम सञ्चालनको निमित्त समन्वय कायम गरिनेछ । साथै स्वास्थ्य जनशक्तिको मनोवल बढाउन उनीहरुको स्तर वृद्धि गर्नुपर्ने भएकोले जनशक्ति उत्पादन गर्नुपर्ने नीतिअनुरुप हेल्थ असिस्टेन्ट / सि.अ. हे.व. लाई असिस्टेन्ट मेडिकल अफिसर, अ.न.मि. लाई सि.अ.न.मि. तथा अ.हे.व. लाई सि.अ.हे.व. मा स्तर अभिवृद्धि गर्ने खालको तालिमहरु संञ्चालन गर्न संभाव्यता हेरी आवश्यक र उपयुक्त भए यसै योजना अवधिमा सुरु गरिनेछ ।

सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन : संगठन तथा व्यवस्थापनमा सुपरिवेक्षण, नियमित अनुगमन तथा मूल्यांकन गरिने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । विकास आयोजनाको कार्य प्रगति र व्यवस्थापनको दृष्टिकोणबाट सुपरिवेक्षण तथा अनुगमनल गरिनेछ । विकास आयोजनाको तर्फबाट गरिने निरीक्षण, अनुगमन तथा मूल्यांकनमा केन्द्रीय स्तरमा रा.यो.आ.को सचिवालय, मंत्रालय, विभागबाट गरिनेछ । क्षेत्रीयस्तरका कार्यालयले जिल्ला स्तरका कार्यालयहरुको र जिल्लास्तरीय कार्यालयवाट आफ्ना मातहतका संस्थाहरुको कार्यक्रम तथा व्यवस्थापकीय पक्षको सुपरिवेक्षण निर्धारित समय तालिका अनुसार गर्नेछन् । सुपरिवेक्षणको निमित्त तयार पारिएको एकीकृत सुपरिवेक्षण कार्यविधिसूची (integrated supervision checkilist) प्रयोगमा ल्याइनेछ ।

गुणस्तर निर्धारण : सर्वसाधारण जनतालाई स्तरयुक्त तथा प्रभावकारी औषधीहरु उपलब्ध गराउन औषधीहरुको गुणस्तर कायम गराउन उच्च स्तरका औषधीहरुको माग आपूर्तिको व्यवस्था गराउन तथा नक्कली एवं विषालु औषधीहरुको विक्रि वितरण निषेध गर्ने लक्ष्य नवौं योजनामा पनि लिइएको छ । यसको लागि समय समयमा नमुना परीक्षण गर्ने र औषधी ऐन नियमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । स्तरीय औषधि उपभोक्ता सम्म पुऱ्याउन र औषधीको यथोचित प्रयोग (rational use) लाई व्यापकता दिन औषधी व्यवसायीहरुको तालिम र योग्यता अभिवृद्धि गरिनेछ ।

निजी विश्वविद्यालय एवं परिषद्बाट सञ्चालन भएका शिक्षण संस्था तथा अन्य व्यावसायिक प्रशिक्षण केन्द्रहरुबाट उत्पादित स्वास्थ्य जनशक्ति र स्वास्थ्य संस्थाहरुको गुणस्तर मूल्यांकन गरिनेछ । अत्यावश्यक औषधीहरुको आपूर्तिमा आत्मनिर्भर ल्याउने तथा निजी क्षेत्रमा खुलेका औषधी निर्माताहरुलाई प्रोत्साहन गरिनेछ ।

निजी तथा गैरसरकारी क्षेत्रको भूमिका : साधारण तथा विशेष चिकित्सा सेवा देश भित्रै उपलब्ध गराउने उदेश्यले निजी तथा गैरसरकारी क्षेत्रहरुलाई प्रोत्साहान तथा परिचालन गरिनेछ । निजी क्षेत्रमा सञ्चालन हुने अस्पताल, नर्सिङ्ग होम, क्लिनिक, पोली क्लिनिक, निदान केन्द्रका साथै औषधी पसलहरुलाई समेत आवश्यक सहयोग पुऱ्याउने नीति अवलम्बन गरिनेछ । निदान केन्द्र हरुका निम्ति स्तरीय सेवा प्रदान गर्न बिभिन्न ल्किनिकतहका स्वास्थ्य संस्थाहरुको लागि प्रयोग हुने निर्देशिका मापदण्ड (standard guidelines and treatment protocols) को विकास गरिनेछ । निर्देशिका अनुसारको काम भए नभएको मूल्याङ्कन तथा अनुगमन गरिनेछ । निजी तालिम केन्द्रबाट हुने तालिमको गुणस्तर कायम राख्न जोड दिइनेछ । गैरसरकारी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुमा निजी क्षेत्रवाट कम ध्यान दिइएका प्रतिरोधात्मक तथा प्रवर्द्धनात्मक सेवाहरुलाई नवौं योजनामा निजी क्षेत्रवाट समेत प्रदान गर्न प्रोत्साहित गरिनेछ । यी सेवाअर्न्तगत विशेषगरी सुरक्षित मातृत्व, परिवार नियोजन, बालस्वास्थ्य तथा बाल उपचार कार्यक्रम, कुष्ठरोग, क्षयरोग, बहिरोपन तथा अन्धोपन निवारण तथा पुनर्स्थापन आदि रहनेछ । निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुबाट चलि रहेका स्वास्थ्य संस्थाहरुलाई सरकारीस्तरमा दिइने स्वास्थ्यसेवा दिन अभिप्रेरित गरिनेछ ।

स्वास्थ्य वित्तीय प्रणाली : स्वास्थ्य सेवा प्रवर्द्धन, र प्रतिरोधात्मक गतिबिधि तथा अत्यावश्यक चिकित्सा सेवामा लगानी गर्न अन्य सरकारी, गैरसरकारी तथा समुदायलाई उत्प्रेरित गरिनेछ । साथै वैकल्पिक स्वास्थ्य वित्तीय प्रणालीहरुलाई क्रमशः लागू गर्दै लैजाने नीति लिइनेछ । वैकल्पिक स्वास्थ्य वित्तीय योजनाहरुमा अन्य रचनात्मक उपायहरु (Innovative Approaches) अपनाइनेछ । आवश्यकता हेरी यस किसिमको कार्यक्रम सञ्चालन गर्न अक्षय कोष खडा गर्ने र त्यसको लागि अनुदान सहयोग समेत उपलब्ध गराइनेछ । नवौं योजनामा निम्नानुसारका वैकल्पिक स्वास्थ्य वित्तीय प्रणाली लागू गर्ने प्रयास गरिनेछ ।

सामुदायिक औषधी कार्यक्रम : कार्यक्रम अन्तर्गत स्वास्थ्य मन्त्रालय अन्तर्गतका सबै प्राथमिक स्वास्थ्यकेन्द्र, स्वास्थ्य चौकी तथा उप स्वास्थ्य चौकीहरुमा आवश्यकमात्रामा औषधीको आपूर्ति गर्ने व्यवस्था हुनेछ । नवौं योजनामा यो कार्यक्रम चरणबद्ध रुपमा अधिराज्यका ३० जिल्लाका सम्पूर्ण स्वास्थ्य संस्थामा लागू गरिनेछ । बर्षभरीलाई चाहिने औषधी आपूर्तिको व्यवस्था सुनिश्चित गर्ने, प्राथमिक स्तरका स्वास्थ्य संस्थाहरुमा औषधीको यथोचित प्रयोग गर्ने र जनसहभागिताको आधारमा स्थानीय स्तरमा औषधी कार्यक्रम सञ्चालन गर्ने यस कार्यक्रमको उद्देश्य हुनेछ ।

पुनर्सञ्चालित औषधी कोष : गरिबी र नाजुक स्वास्थ्यस्थितिको सुधार गर्न स्वास्थ्य क्षेत्रमा पर्याप्त आन्तरिक तथा बाह्य स्रोत र सरकारी क्षेत्रमा आन्तरिक क्षेत्रको स्रोतको पुनः वाँडफाँड, बाह्य क्षेत्रबाट थप हुने स्रोतहरुको परिचालन, निजी तथा गैरसरकारी क्षेत्रहरुको स्रोत परिचालनको आवश्यकता पर्ने हुनाले संस्थाहरुमा नियमित औषधी आपूर्तिलाई सुनिश्चितता प्रदान गर्न प्रयोगका लागि केही स्थानमा सुरु भएको पुन सञ्चालित कार्यक्रमलाई औषधी कोष नवौं योजनामा अन्य जिल्लाहरुमा विस्तार पनि गरिनेछ ।

स्वास्थ्य बिमा कार्यक्रम : वैकल्पिक स्वास्थ्य वित्तीय योजनामा स्वास्थ्य बिमा एक लोकप्रिय कार्यक्रम हो । यसलाई परीक्षणको रुपमा समुदायबाट अभिप्रेरित भइआएका क्षेत्रहरुमा क्रमशः लागू गर्दै लगिनेछ ।

साझेदारी तथा लगानी असुल कार्यक्रम : स्थानीयस्तरका स्वास्थ्य निकायहरुमा स्वास्थ्य सेवाको गुणस्तर बढाउँदै लैजान स्थानीय निकाय द्धारा सञ्चालित तथा नियन्त्रित लगानीमा साझेदारी, (cost sharing), लगानी असुल (cost recovery) जस्ता, औषधी तथा स्वास्थ्य योजनाहरु प्रयोगमा ल्याइनेछ । यस्ता योजनाहरुबाट स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धिका साथै निरन्तर औषधीको उपलब्धता कायम हुनेछ ।

स्वास्थ्य अनुसन्धान : आठौं योजना अवधिमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् तथा विज्ञान तथा प्रविधि मन्त्रालयको गठन भएबाट स्वास्थ्य अनुसन्धानको विकासमा सघाउ पुग्न गएकोछ । मुख्यतः

नेपाल स्वास्थ्य अनुसन्धान परिषदबाट विभिन्न संघ संस्था, विश्वविद्यालय, शैक्षिक संस्था, गैरसरकारी संघ संस्थाहरुलाई समेत समन्वय गर्ने र अनुसन्धानका नवीनतम प्रविधिहरु बारे जानकारी दिलाउने कार्यहरु भएका छन् । स्वास्थ्यमा लगानी गर्ने सबै निकाय तथा निर्णयकर्ताहरुलाई समाहित गरी अत्यावश्यक राष्ट्रिय स्वास्थ्य अनुसन्धानका लागि राजनीतिक व्यक्ति, योजनाविद्, कार्यक्रम अधिकृत, तथा सामान्य जनतालाई समेत सो विषयमा बृहत् जानकारी गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

अत्यावश्यक स्वास्थ्य अनुसन्धानका लागि राष्ट्रिय सहमति तथा प्रतिवद्धता हुनु जरुरी भएकोले यस किसिमको सहमति जुटाउन नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले स्वास्थ्य मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्रअध्ययन संस्थान, वी.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान, पेशागत स्वास्थ्य संघ संस्थाहरु र विभिन्नतहका जनप्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रिया गरी अनुसन्धानको राष्ट्रिय सूची तयार गर्नेछ । अनुसन्धानको क्षेत्रमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई एक केन्द्रीय निकायको रुपमा विकसित गरी यस संस्थाबाट संस्थागत सुदृढीकरण, क्षमता अभिवृद्धि, अनुसन्धान कार्यक्रमको माग तथा चेतनाको विकास गर्न जोड दिइनेछ । नवौं योजनामा गरिने कार्यक्रमहरुमा ५० स्वास्थ्य प्रणाली अनुसन्धानलाई अनुदानको व्यवस्था, ४०० स्वास्थ्यकर्मीलाई अनुसन्धान प्रस्ताव तयार गर्ने तालिम, ५० उच्च स्वास्थ्य प्राविधिकलाई स्वास्थ्य अनुसन्धान व्यवस्थापनबारे अल्पकालीन प्राविधिक तालिम, राष्ट्रिय स्वास्थ्य अनुसन्धान पुस्तकालयको विकास तथा प्रत्येक विकास क्षेत्रमा अनुसन्धान तथा तालिम केन्द्रहरुको स्थापनाबारे सम्भाव्यता अध्ययन गरिनेछ ।

विविध :

शहरी स्वास्थ्य कार्यक्रम : महानगरपालिका तथा उपमहानगरपालिका अन्तर्गत रहेका स्वास्थ्य निकायहरुसंग समन्वय राखी प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्यसेवा दिन आवश्यक सहयोग पुऱ्याउने कार्यनीति लिइनेछ । आवश्यकताअनुसार वडा स्तरमा प्राथमिक स्वास्थ्य सेवा सञ्चालन गर्नका लागि आवश्यक प्राविधिक सहयोग जुटाउन स्वास्थ्य मन्त्रालयले मध्यस्थकर्ताको भूमिका निभाउनेछ भने बढ्दो शहरीकरण तथा आन्तरिक बसाइ सराइबाट बातावरण तथा स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावहरु कम गर्न एकीकृतरुपमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

हिमाली तथा पहाडी क्षेत्रबाट जनसंख्याको वसाइ सराइ मूलतः तराई क्षेत्र र सहरी क्षेत्रमा वढि कारण रहेको अवस्थामा नगरपालिकाहरुमा जनसंख्याको चाप बढ्दै गएकोछ । अव्यवस्थित शहरीकरण, अनियन्त्रित यातायातका साधनको बृद्धि तथा बढ्दो औद्योगीकरणबाट शहरी पर्यावरणमा ह्रास आउनुको साथै सहरी क्षेत्रमा वसोवास गर्ने जनसंख्याको स्वास्थ्यमा परीराखेको प्रतिकुल प्रभावलाई दृष्टिगत गर्दा यसले स्वास्थ्यमा निकै नकारात्मक प्रभाव परिराखेको छ । स्वास्थ्य मन्त्रालयले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका लगायतका सहरबजारमा उपयुक्त योजनाहरु क्रमबद्धरुपमा विकसित गरी अन्य निकायहरुसँग आवश्यक समन्वय कायम गरिनेछ । यसप्रकारको सेवा प्रदान गर्ने आवश्यक जनशक्ति तथा संस्थाको व्यवस्था गरिनेछ । महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरुले आफ्नो स्वास्थ्य क्षेत्रको स्थिति हेरी दीर्घकालीन सहरी स्वास्थ्य योजनाको तर्जुमा गरी कार्यान्वयन गर्ने क्रममा स्वास्थ्य मन्त्रालयले आवश्यक प्राविधिक सहयोग पुऱ्याउनेछ ।

वृद्धावस्था स्वास्थ्य : जनताको औसत आयुको वृद्धिवाट वृद्ध उमेरका जनसंख्याका प्रतिशतमा उल्लेखनीय वृद्धि भएको देखिन्छ । देशमा जेष्ठ एवं वरिष्ठ नागरिकहरुको अनुभव एवं योगदानलाई राष्ट्रिय विकासमा समाहित गर्ने नीति लिईनेछ । यसका लागि अञ्चल स्तरीय अस्पतालहरुमा वृद्ध विरामी वार्ड (geriatric ward) को व्यवस्था तथा सञ्चालन गरी त्यसमा वृद्ध नागरिकको इच्छा र सीप अनुसार उत्पादनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस्ता कार्यमा संलग्न हुन गैरसरकारी तथा निजी संघ संस्थाहरु प्रोत्साहित गरिनेछ ।

असहाय तथा अपाङ्गहरुसँग सम्बन्धित कार्यक्रमहरु : अपाङ्गहरुको हक, हित र अधिकारको संरक्षणगरी तिनीहरुलाई आवश्यक पर्ने स्वास्थ्य समस्याहरुको समाधानको आवश्यक व्यवस्था गरिनेछ ।

अपाङ्गहरुको उपाचारको लागि स्वास्थ्य केन्द्रहरुमा निःशुल्क उपचारको व्यवस्था, असक्त तथा अपाङ्गहरुका लागि पारिवारिक एवं सामुदायिक पुर्नस्थापन कार्यक्रममा जोड दिइनेछ । समुदायमा आधारित सामुदयिक पुर्नस्थापन केन्द्रहरु (community rehabilitation centre) स्थापनामा सहयोग गरिनेछ । यस्ता कार्यक्रमहरुका लागि समुदायमा आधारित समूह, क्लव तथा संघ संस्थाहरुलाइ प्रोत्साहित तथा परिचालन गरिनेछ । यस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने सिलसिलामा समाज कल्याण मन्त्रालय सँग समन्वय गरी स्थानीय निकायबाट थालनी गरिएका ठाउँहरुमा स्वास्थ्य मन्त्रालयले समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछ ।

धूम्रपान, मद्यपान तथा लागूपदार्थ दुरुपयोगबाट हुने समस्या : लागूपदार्थ दुरुपयोग को उपचार पुनर्स्थापन कार्यक्रमका साथै दुर्व्यसनपीडित परिवारका लागि सरसल्लाह तथा परामर्श केन्द्रहरुको स्थापना गरी दुर्व्यसन सम्वन्धी समस्यालाई समाधन गर्न निजी तथा गैरसरकारी संस्थालाई परिचालन गरिनेछ । स्थानीय समूहका सामुदायिक अगुवाहरु तथा सम्वन्धित अधिकृतहरुबीच सहयोग तथा व्यापक जनचेतनाको सिर्जना गरी महामारीका रुपमा बढ्दै गएका समस्याहरु विशेषतः, सुर्ती सेवन मद्यपानबाट हुने रोगहरु, लागूपदार्थ दुरुपयोग दुर्व्यसन, एच.आई. भी. एड्स आदि रोगहरुको निदान, उपचार तथा पुनर्स्थापनाका लागि आधारभूत सेवा प्रदान गर्न सम्वन्धमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

व्यवसाय तथा पेशागत स्वास्थ्य : बढ्दो औद्योगीकरण, शहरीकरण, नयाँ प्रविधिको विकासको साथ साथै व्यवसाय तथा पेशागत स्वास्थ्य समस्याहरुमा पनि दिनानुदिन वृद्धि भैरहेको परिप्रेक्ष्यमा यस्ता समस्याहरुको समाधान गर्नु आवश्यक छ । मजदुर तथा पेशागत कर्मचारीहरुको स्वास्थ्यहितलाई ध्यानमा राखी कानुनी व्यवस्था, तथा काम गर्ने ठाउँ र वातावरणको सुरक्षा (safety environment at work-place) को विशेष व्यवस्था मिलाइनेछ । साथै उद्योग तथा कलकारखानामा कामगर्ने कर्मचारीहरुको सरकारी अस्पतालमा नियमित स्वास्थ्य जाँचको विशेष व्यवस्था गर्नुका साथै स्वास्थ्य बीमा र क्षतिपूर्तिका वैकल्पिक उपायहरु प्रयोगमा ल्याइनेछ । यसका लागि उद्योगपति, व्यापारी तथा मजदुरहरुको सहभागितामा नीति, नियम र सेवाहरुको व्यवस्था मिलाइनेछ ।

कानूनी व्यवस्था : स्वास्थ्य क्षेत्रमा विद्यमान विसंगतिहरु कम गर्न स्वास्थ्य क्षेत्रसँग सम्वन्धित ऐन नियमको प्रभावकारी रुपले कार्यान्वयन गरी जडीबुटीमा आधारित औषधीको उत्पादन, उपयोग एवं वातावरणीय संरक्षणलाई ध्यानमा राखी विषादी औषधीको प्रयोग र व्यवस्थापन गर्न विशेष ऐन, नियमको तर्जुमा एवं कार्यान्वयन गरिनेछ । यसको प्रभावकारी कार्यान्वयन गर्न हाल विद्यमान स्वास्थ्य ऐनमा समेत आवश्यक संशोधन एवं परिमार्जन गरि कार्यान्वयन गरिनेछ । साथै ऐन, कानुन एवं नियमहरुलाई पादर्शी बनाइ सर्वसाधारण जनतालाई यसको जानकारी गराइनेछ । जिल्ला अस्पतालहरुमा लास पोष्टमार्टम जाँचका लागि स्वास्थ्य अधिकृतहरुको तालिम तथा स्वास्थ्य संस्थाहरुलाई सुविधायुक्त बनाइनेछ । यस क्षेत्रमा विद्यमान कानुनहरुको आवश्यकतानुसार सुधारका साथै नयाँ कानुनहरु निर्माण गरिनेछ ।

परिषद्-चिकित्सा, नर्सिङ, पारामेडिकल तथा आयुर्वेद : स्वास्थ्य सेवाको स्तर अभिवृद्धि गर्न सम्वन्धित मेडिकल काउन्सिल, नर्सिङ्ग काउन्सिल, पारा मेडिकल काउन्सील एवं आयुर्वेद परिषद् जस्ता संस्थाहरुलाई सरकारी क्षेत्रबाट ऐन, नियम र नीतिहरु तर्जुमा गरी आवश्यक सम्वर्द्धन र संरक्षण दिने नीति रहनेछ । यसप्रकारका परिषद्हरुबाट जनतालाई प्रदान गर्ने सेवाको गुणस्तरमा वृद्धि गर्ने र स्वास्थ्यकर्मीहरुको व्यवसायिक दक्षता बढाउने उद्देश्य लिई नीति, नियमको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३.४ बाल बिकास

१. पृष्ठभूमि

देशको कूल जनसंख्यामा १८ वर्षसम्म उमेरका वालवालिकाको जनसंख्या ५२ प्रतिशत रहेकोछ । यस अनुसार बालबालिकाहरुको २०५४/५५ को प्रक्षेपित जनसंख्या १,१०,४७,००० रहेको छ र नवौं योजनाको अन्तसम्ममा यस उमेर समुहका जनसंख्या १,२४,३१,००० पुग्ने अनुमान गरिएको छ । बालबालिकाको विकासको लागि शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा योजनावद्ध विकास देखि कार्यक्रम संचालन गरिएको छ भने सातौं योजना देखि बालविकास नीति अपनाइएको छ । विश्व बाल शिखर सम्मेलन, १९९० मा सरकारले जनाएको प्रतिवद्धताअनुरुप सन् २००० सम्मको लक्ष्य निर्धारण गरी बालबालिका र विकास कार्ययोजना, १९९० तर्जुमा गरिएकोछ । यसरी बालबालिकाहरुको विकासको लागि प्रयासहरु गरिए तापनि विशेष गरी गरिबी तथा सामाजिक कारणहरुले गर्दा नेपाली बालबालिकाहरु कुपोषण, रोगव्याध, अशिक्षा, आर्थिक तथा सामाजिक शोषण आदिले पीडित छन् । यसको साथै अपाङ्ग, दुर्व्यसनी, अनाथ, यौन शोषण, बालश्रम, बालबालिका बेचविखन तथा सडक बालबालिका सम्वन्धी समस्या पनि उत्तिकै गम्भीर देखिन्छ ।

२. आठौं योजनाको समीक्षा

यस योजना अवधिमा बालबालिकाको विकासको लागि विश्व बाल शिखर सम्मेलनको घोषणामा नेपालले आफ्नो प्रतिवद्धता दर्शाए अनुरुप सन् १९९० दशकका लागि बालबालिका र विकास सम्वन्धी कार्य योजनामा आधारित नीतिहरु तर्जुमा गरी कार्यक्रमहरु संचालन गरिएका छन् । यस अनुसार आठौं योजनामा बालबालिकाहरुको शारीरिक तथा बौद्धिक विकासको लागि गर्भावस्थादेखि जन्मिएर हुर्किने अवधिसम्मका निम्ति आवश्यक पोषण र स्वास्थ सेवा सुविधाहरु व्यवस्था गर्ने, शिक्षाको अवसर प्रदान गर्ने, बाल्यावस्थादेखि नै असल बानीको विकास गर्ने, बालबालिकाहरुको हकहितको सुरक्षा गर्ने, आमाबाबुको आयस्तर बृद्धिगरी बालबालिकाको पालन पोषणको लागि सक्षम बनाउने नीतिहरु अपनाइएका थिए । यस नीतिअनुरुप शिक्षा, स्वास्थ्य, स्थानीय विकासजस्ता क्षेत्रगत निकायहरुले बालबालिकाहरुको विकासको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिएका थिए । यस सन्दर्भमा सन् २००० सम्ममा पोलियो रोग निराकरण गर्न राष्ट्रिय पोलियो कार्यक्रम, सुक्ष्म कुपोषणस्तरमा कमि गर्न विस्तारित भिटामिन कार्यक्रम, स्कूल खाजा कार्यक्रमहरु प्राथमिक विद्यालयहरुमा महिला शिक्षिकाको व्यवस्था जस्ता कार्यक्रमहरु उल्लेखनीय छन् । साथै बालबालिकासम्बन्धी कानुन, ऐन २०४८ अनुरुप ७५ जिल्लामा राष्ट्रिय बालकल्याण समिति र बालकल्याण समन्वय समिति गठन गरिएको छ भने अनाथ तथा कुलतमा लागेका बालबालिकाहरुको लागि बालकल्याण गृह स्थापना गरिएको छ ।

गैरसरकारी क्षेत्रतर्फ बालबालिकाहरुको विकासको लागि कार्यरत संस्थाहरु १८२ रहेका छन् र यी संस्थाहरुले अन्य बालबालिकाहरुको साथै टुहुरा, मगन्ते, असहाय, अपाङ्गहरुको लागि बालकल्याण गृह संचालन, शिक्षा, स्वास्थ्य कार्यक्रमहरु संचालन गरिएका छन् ।

बालबालिका र विकास सम्वन्धी मध्यावधि (सन् १९९६) र आवधिक (सन् २०००) लक्ष्यहरुको अनुगमन र मुल्याङ्कन गर्न नेपाल बहुसूचक सर्वेक्षण (Nepal Multiple Indicator Surveillance) संचालन गरी आठौं योजनाको अन्तसम्ममा स्वास्थ्य, पोषण, प्राथमिक शिक्षा र झाडापखाला, खानेपानी र सरसफाई विषयमा सर्भेक्षणहरु गरिएका छन् । नेपालमा बालश्रम स्थिति र सडक बालबालिकाको स्थितिसम्बन्धी अध्ययन गरिएकोछ । संयुक्त राष्ट्र संघको बाल अधिकारसम्बन्धी महासन्धी अनुसारको राष्ट्रिय प्रतिवेदन

तयार गरी संयुक्त राष्ट्र संघमा पेश गरिएको छ र यस सम्बन्धमा क्षेत्रीयस्तरको गोष्ठी संचालन गरिएको छ ।

३. विद्यमान चुनौती

बालबालिकाहरुको विकासको लागि गरिएका प्रयासहरु केही मात्रामा उनीहरुको विकासको लागि सघाउ पुऱ्याएतापनि प्रत्यक्ष उपलब्धी भने हासिल हुन सकेको छैन । अझै पनि प्रजनन् दर ४.५८ रहेको र शिशु मृत्युदर ७४.७ प्रतिहजार जिवित जन्ममा र बाल मृत्युदर ११८ प्रतिहजार रहेको छ । शिशु मृत्युजन्य रोग, झाडापखाला र श्वासप्रश्वास शिशु मृत्युका प्रमुख कारणहरुको रुपमा रहेकाछन् भने प्राथमिक शिक्षाबाट ३१ प्रतिशत बालबालिका वञ्चित छन् । बालश्रमनै घरपरिवार परिवारको आयस्रोत रहेको छ भने घरायाशी कार्यमा पनि कामदारको रुपमा रहेका नै छन् । दुर्व्यशनी, कुलत, चेलिबेटी बेचविखन अनाथ, अपाङ्ग तथा मगन्ते बालबालिकाहरुको समस्या अझै गहिरिदै गएको छ ।

४. दीर्घकालीन अवधारणा

बालबालिकाहरुको हकअधिकार र विकासको सुनिश्चित गर्ने र अपाङ्ग, अशक्त, परित्यक्त, बालश्रम तथा कठिन परिस्थितिका बालबालिकाहरुको हकअधिकार, कल्याण तथा विकासलाई राष्ट्रिय विकासको अभिन्न अङ्गको रुपमा लिने र यस प्रयासमा गैरसरकारी तथा सामाजिक संस्थाहरुको संलग्नतालाई पनि गुणात्मक रुपले बढाउने ।

नवौं योजना :

५. उद्देश्य

बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकास गरी देशका लागि भविष्यका भावी कर्णाधार बालबालिकाको हक-हित एवं अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्य लिइनेछ ।

६. नीति तथा कार्यनीति

बाल बचावट : गर्भावस्थादेखि युवावस्था नपुगेसम्म बालस्वास्थमा प्रभाव पार्ने विभिन्न प्रतीकारात्मक, प्रोत्साहनात्मक र उपचारात्मक (preventive, promotive and curative) सेवाहरूको विस्तार तथा सुधार गरिनेछ ।

संरक्षण : बालबालिकाको अधिकार संरक्षण तथा सम्बर्द्धन गर्न बालश्रमसम्बन्धी कानुनी प्रावधानलाई प्रभावकारीरूपमा लागू गरिनेछ । जोखिम परिस्थितिका बालश्रम र बधुंवा बाल मजदूर प्रचलनलाई क्रमशः निराकरण गर्न र कठिन परिस्थितिमा परेका बालबालिकाहरू
(खासगरी अन्ध-अपाङ्ग, टुहुरा, मगन्ते, सुस्त मनस्थिति आदि) लाई आत्मनिर्भर बनाउन शिक्षा, स्वास्थ, आवास, तालिम, आदि कार्यक्रमहरू विस्तार गरिनेछ । यसका लागि सरकारी, अर्धसरकारी, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा अन्य संस्थाहरूलाई परिचालन गरिनेछ । बालबालिकाको हकहित एवं अधिकारसम्बन्धित कार्यक्रमहरू सामुदायिक अवधारणा (community-based approach) का आधारमा सञ्चालन गरिनेछ । दुर्गम ग्रामीणक्षेत्रमा रहेका पाँच वर्षमुनिका बालबालिकाहरूलाई समयानुकूल सेवा-सुविधा पुऱ्याउने हेतुले निश्चित कार्यक्रमहरूका साथ बालविकास कार्यक्रमहरू संचालन गरिने छन् । साथै साना बालबालिकाहरूका लागि उपयुक्त कार्यक्रम (early childhood development programme) लागू गरिनेछ ।

विकास : योजना अवधिभरिमा प्राथमिक शिक्षालाई व्यावहारिकरूपमा पनि अनिवार्य गरिनेछ। साथै पूर्वप्राथमिकदेखि विद्यालय जाने उमेर समूहका बालबालिकाहरूको शिक्षालाई संख्यात्मक एवं गुणात्मकरूपमा वृद्धि गरिनेछ। यस क्रममा विशेषगरी छात्राको सहभागिता वृद्धिप्रति जोड दिइनेछ। साथै छात्राहरूलाई पढाइ नछोड्न प्रोत्साहनको विशेष व्यवस्था गरिनेछ।

सहभागिता : सञ्चारका साधनहरूबाट बालबालिकाको व्यक्तित्व तथा मनोविज्ञानमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले रेडियो, टेलिभिजनजस्ता सञ्चारका साधनहरूमा खासगरी बालोपयोगी कार्यक्रमहरू प्रसार तथा प्रचार गर्न सकभर बालबालिकालाई नै सहभागी बनाइनेछ। बालबालिकाको मानसिक एवं बौद्धिक स्तर वृद्धि गर्ने कार्यकलापहरूमा सकेसम्म बालबालिकाको सहभागितालाई प्रोत्साहन गरिनेछ।

समन्वय, अनुगमन तथा मूल्याङ्कन : बालबालिकाको हक-अधिकार तथा विकासका लागि सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी तथा अन्य संस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूको समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत व्यवस्था गरिनेछ।

७. कार्यक्रम

- बालस्वास्थ्य सेवाको विकासको लागि सुरक्षित मातृत्व, विस्तारित खोप, झाडापखाला तथा श्वासप्रश्वास रोग नियन्त्रण कार्यक्रमहरु विस्तार गरिनेछ। बाल चिकित्सा सेवा प्रेषण प्रणालीको आधारमा विकास गर्न प्रक्रियागत व्यवस्था अपनाइनेछ। यस सन्दर्भमा बाल स्वास्थ्य अध्ययन केन्द्रको स्थापना गरिनेछ।
- बालबालिकाहरुको शिक्षामा पहुँच सुलभ गर्न जनसहभागिता परिचालन गरी ग्रामीणस्तरमा पनि पूर्वप्राथमिक शिक्षा कार्यक्रम संचालन गरिनेछ भने कक्षा छाड्ने, दोहोऱ्याउने, प्राथमिक शिक्षक नियमित उपस्थित हुने, विद्यालय व्यवस्थापनमा सुधार गरी निःशुल्क प्राथमिक शिक्षा सर्वसुलभ तथा क्रमशः अनिवार्य गरिनेछ। निम्न माध्यमिक र माध्यमिक शिक्षाको गुणस्तर वृद्धि गरिनेछ र अंग्रेजी, गणित तथा विज्ञान विषयको शिक्षक तालिममा विशेष जोड दिइनेछ। प्राविधिक शिक्षातर्फ आधारभूत तथा मध्यमस्तरीय प्राविधिक शिक्षा प्रदान गरिनेछ।
- बालश्रम स्थिति अध्ययन, २०५४ अनुसार आफ्नो घरको कामबाट तथा आय आर्जनको लागि घरभित्र वा घरबाहिर काम गरी पढ्न बन्चित भएका बालश्रमिक कूल बालबालिकाको करिब २६ प्रतिशत भएको देखिएकोछ। यस स्थितिमा ती बालश्रमिकको अधिकार सुनिश्चित गर्न औपचारिक वा अनौपचारिक शिक्षा, स्वास्थ तथा तालिमको कार्यक्रम संचालन गराइनेछ भने पुनर्स्थापनका लागि कठिन परिस्थितिमा परेका बालबालिकाको पुनर्स्थापन केन्द्रमा आवद्ध गराइनेछ।
- कठिन परिस्थितिमा परेका वालवालिकाहरु खासगरी अन्ध-अपाङ्ग, टुहुरा, मगन्ते, सुस्त मनस्थिती, सडक बालबालिका, यौन शोषणमा परेका बालबालिका आदिलाई मर्यादापूर्ण जीवन व्यतित गर्न शिक्षा, स्वास्थ तथा समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमहरु संचालन गरिनेछ। तिनीहरुको उद्धार र पुनर्स्थापनका निम्ति ५ वटै विकास क्षेत्रमा बाल सुधार गृह स्थापना गर्ने तथा गैरसरकारी तथा सामाजिक संस्थाहरुलाई यस्ता सुधार गृह स्थापना गर्न सहयोग गरिनेछ।
- आधाभन्दा बढी बालबालिका कुपोषणको शिकार भइरहेको बर्तमान सन्दर्भमा बाल पोषणस्थिति सुधारको लागि घरपरिवार, खानपानमा सुधार, स्कूल खाजा, आयोडिनको कमी तथा भिटामिन 'ए' को कमीजस्ता सुक्ष्म पोषणको कमी र यससम्बन्धी रोगको उपचारको लागि उपस्वास्थ्य चौकी देखि उपचारको व्यवस्था गरिनेछ। पोषणतर्फ जनचेतना अभिवृद्धि गर्न प्राथमिक शिक्षादेखि सुधारिएको पोषण शिक्षा समावेश गरिनेछ।
- बालबालिका ऐन, २०४८ तथा नियमहरुको समिक्षा गरी अन्तर्राष्ट्रिय बाल अधिकारसम्वन्धी महासन्धी र सम्मेलनहरु अनुरुप सुधार गरी लागु गरिनेछ। पांच विकास क्षेत्रमा बाल अदालत/इजलास खडा गरिनेछ।

- बाल अधिकार सम्वन्धी विविध पक्षहरुवारे जनचेतना अभिबृद्धि गरिनेछ र यस कार्यका लागि अविभावक शिक्षा (parental education) को समेत व्यवस्था गरिनेछ । यस्ता कार्यहरु संचालनका लागि गैरसरकारी तथा सामाजिक संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।
- बालक र बालिकाबीच विद्यमान सामाजिक विभेद कम गर्न पाठ्यपुस्तकमा सुधार गरिनेछ ।
- बालबालिकाको यौन शोषण, बेचबिखन, चोरी हुने आदि अमानवीय र हृदयविदारक कार्य विरुद्ध उचित कानुनी व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- बाल उद्यान, बाल पत्रपत्रिका, पुस्तकालयजस्ता बालहितका कार्यमा सामाजिक तथा निजीसंघ संस्थाले कार्यक्रम संचालन गरेमा प्रोत्साहन दिइनेछ ।
- बाल अधिकार, विकास र कल्याणसम्बन्धी कार्यहरुको मूल्यांकन तथा अनुगमनको व्यवस्था केन्द्रीयस्तरदेखि स्थानीय निकायहरुबाट समेत गरिने व्यवस्था मिलाइनेछ ।
- बालबालिका सम्बन्धी अन्तरक्षेत्रगत कार्यक्रमहरुको समन्वय महिला तथा समाज कल्याण मन्त्रालयबाट गरिनेछ ।

१३.५ पोषण

१. पृष्ठभूमि

देशको सर्वाङ्गीण विकासका लागि मानसिक एवम् शारीरिक दृष्टिकोणले स्वस्थ एवं सवल जनशक्ति अपरिहार्य हुन्छ भने स्वस्थ बालबालिका देशका कर्णधार हुन् । तर दुर्भाग्यवश वर्तमानमा देशका करिव ५३ प्रतिशत बालबालिकाहरु कुपोषणको विभिन्न स्थितिमा रहेका छन् भन्ने अनुमान नेपाल बहुसूचक सर्वेक्षण, २०५४ बाट देखिएको छ । जनसङ्ख्या वृद्धि, आयमूलक रोजगारको अभावमा पोषणयुक्त खानाको कमी, गरिबी, स्वास्थ्य एवं आधारभूत सुविधाको अभाव, शिक्षा एवं जनचेतनाको कमीजस्ता कारणले गर्दा पोषण अवस्थामा ह्रास आई जनता विभिन्न किसिमका कुपोषणहरुबाट पीडित भैरहेका छन् । यस्ता कुपोषणका समस्याहरु मध्ये प्रोटिन जस्तो पोष्य तत्वको कमीबाट हुने कुपोषण प्रमुख रहेको छ । यसको अतिरिक्त नेपाली बालबालिकाहरु भिटामिन 'ए', आइरन र आयोडिन जस्ता सूक्ष्म पोषण तत्वहरुको कमीबाट प्रभावित रहेकाछन् । यस किसिमका कुपोषणका असरको कारण कतिपय बालबालिकाहरुको उमेर अनुसारको तौल र उचाईमा कमी, अन्धोपन, रक्तअल्पता, कण्ठरोग, लाटा लठ्यौरा, सुस्त मनस्थिति आदिबाट पीडित हुन बाध्य भैरहेका छन् ।

महिलाहरुमा रक्तअल्पता हुनु पनि कुपोषणको परिणाम हो । नेपालका अधिकांश महिलाहरु विशेष गरी गर्भवती र सुत्केरी आमाहरु यसबाट प्रभावित छन् । कतिपय दुर्गम स्थानका जनता आयोडिनको कमीले गर्दा हुने कण्ठरोग (गलगाँड) बाट पनि ग्रसित छन् । यसबाट तिनीहरुको मानसिक स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै शरीर पनि विकृत भएको पाइएको छ ।

२. आठौं योजनाको समीक्षा

जनसाधारणको पोषणस्तरले देशको विकासको स्तरलाई पनि औंल्याउने वास्तविकतालाई ध्यानमा राखी राष्ट्रिय विकास नीति निर्धारणको क्रममा आठौं योजनामा पहिलो पटक खाद्य तथा पोषण नीति निर्धारण भएको हो । यस नीति अनुरुप कार्यक्रम कार्यान्वयनमा खाद्यवस्तुहरुको उत्पादनमा वृद्धि ल्याई उपभोगको लागि उपलब्धता बढाउन कृषिमा सघनता र विविधीकरण गर्ने, खाद्यान्न अभाव तथा पोषणको दृष्टिले संवेदनशील क्षेत्र र वर्गमा खाद्यान्न वितरण कार्यलाई प्रभावकारी गर्ने, रोजगारीको सिर्जना तथा जनसाधनको विकास गर्ने र जनङसख्या वृद्धिमा नियन्त्रण गर्ने जस्ता जनताको जीवन निर्वाहसंग घनिष्ठ रुपमा सम्बन्ध रहेका विकासका महत्वपूर्ण क्षेत्रहरुको साथै पोषणस्तरलाई जनजीवनको सूचकको रुपमा लिने र राष्ट्रिय पोषण समन्वय समिति गठन गर्ने जस्ता नीतिहरु पोषण नीतिले लिएको छ ।

यस अनुरुप राष्ट्रिय पोषण समन्वय समितिको गठन तथा कार्यविधि सम्बन्धी कानुनी आधारको व्यवस्था भइसकेको छ । यस व्यवस्थाबाट विभिन्न निकायहरु बीच प्रभावकारी समन्वय कायम भई पोषण कार्यक्रम निर्धारण गर्न तथा कार्यान्वयनमा प्रभावकारिता ल्याउन सघाउ पुग्न जानेछ भने आयोडिनयुक्त नूनको ऐन तर्जुमा गरिएको छ । यस्तै नेपालले सन् १९९२ मा रोममा भएको अन्तर्राष्ट्रिय पोषण सम्मेलन (International Conference on Nutrition) मा देखाएको प्रतिवद्धताअनुरुप पोषण कार्ययोजना (National Plan of Action on Nutrition) तयार गरी प्रकाशित गरिएको छ । यसैगरी पोषणसम्बन्धी तथ्यांकहरुलाई अध्यावधिक गर्न विभिन्न सर्वेक्षणहरु गरिएका छन् ।

३. विद्यमान चुनौती

यस योजनावधिमा कृषि, स्वास्थ्य, शिक्षा, स्थानीय विकास आदि क्षेत्रमा पोषणसम्बन्धी तथा अन्य आयमूलक कार्यक्रमहरु सञ्चालन गरिए तापनि जनडसख्या तथा भौगोलिक दृष्टिकोणबाट यस कार्यक्रमले ढाकेको क्षेत्र (coverage) सीमित भएकोले जनसाधारणको पोषणस्तर माथि उठाउने कार्यमा खासै प्रभावकारिता आउन सकेको देखिदैन ।

४. दीर्घकालीन अवधारणा

मानव संसाधनको विकास गरी गरिवी निवारण कार्यमा योगदान प्रदान गर्न जनसाधारणको पोषणस्तरमा अभिवृद्धि गरिनेछ ।

नवौं योजना :

५. उद्देश्य

पोषणस्थितिमा सुधार ल्याई जनसाधारणको जीवनस्तर माथि उकास्नुका साथै सूक्ष्म पोषक तत्वहरुको कमीमा सुधार ल्याई स्वस्थ्य जीवनस्तरको अभिवृद्धि गर्ने उद्देश्य लिइनेछ ।

६. नीति तथा कार्यनीति

- कुपोषणलाई कम गर्दै लाने प्रतिवद्धताअनुरुप पारिवारिकस्तरमा खाद्यान्न उपलब्धतामा सुधार ल्याउनको लागि खाद्यान्न उत्पादनमा वृद्धि गर्न कृषि मन्त्रालयसंग समन्वय गरी पोषणयुक्त खाद्यवस्तुहरु उत्पादन गर्न सघाउ पुऱ्याइनेछ ।
- पोषणको स्थितिमा सुधार ल्याउन ग्रामीणस्तरमा खाद्य सुरक्षा भण्डारको व्यवस्था गरी वितरण प्रणालीमा सुधार ल्याइनेछ ।
- पोषणस्थितिमा पर्ने प्रतिकूल प्रभावलाई रोकथाम गर्नका लागि उपभोग्य खाद्य पदार्थहरुको गुणस्तरमा सुधार गर्ने तथा सन्तुलित आहारको महत्व बारे प्रचारप्रसार गर्नुका साथै न्यून गुणस्तरका खाद्य पदार्थहरुको प्रचलनलाई निरुत्साहित गर्दै लगिनेछ ।
- बालबालिकाको पोषणस्थिति अनुकूल राख्नका लागि प्रतिरोधात्मक खोपहरु दिइनेछन् । बालबालिकाहरुको उमेरका आधारमा उचाइ र तौलको मापन गरिनेछ भने गर्भवती तथा दूध खुवाउने आमाहरुको पोषणस्थितिको जाँच तथा उपचार सेवाको व्यवस्था गरिनेछ ।
- सूक्ष्म पोषकतत्वका निमित्त अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप कार्यहरु तर्जुमा गरी सूक्ष्म पोषकतत्व (प्रोटिन शक्ति, भिटामिन 'ए', आयोडिन, आइरन आदि) को उच्च समस्या भएका क्षेत्रहरुमा आपूर्ति गर्ने कार्यक्रम सञ्चालन गर्नुका साथै आयोडिनयुक्त नूनको बिक्री-वितरण कार्यका लागि कानुनी व्यवस्था गरिनेछ ।
- पोषणस्थितिमा सुधार ल्याउनका लागि प्राथमिक विद्यालय देखिनै बालबालिकालाई पोषणसम्बन्धी शिक्षा दिइनुका साथै, स्थानीयस्तरमा तालिम तथा गोष्ठीद्वारा पोषणबारे जनचेतनामा अभिवृद्धि ल्याइनेछ भने विद्यालयस्तरमा खाजा खुवाउने कार्यक्रमलाई दिगोरुपमा विस्तार गरिनेछ ।
- पोषण कार्यक्रममा निजी तथा गैरसरकारी क्षेत्रलाई सहभागी गराउन प्रोत्साहन गरिँदै लगिनेछ ।

- बहुसङ्ख्यक परिवारको आयस्तरमा वृद्धि गराउने कार्यमा सक्रियता ल्याउनका लागि स्थानीय निकायहरु (जिल्ला विकास समिति, गाउँ विकास समिति, नगरपालिका आदि) मार्फत गरिबी निवारण र पोषण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जनसञ्चारका विभिन्न माध्यमबाट पोषणको महत्व र उपलब्धताबारे व्यापक प्रचारप्रसार गरी जनचेतना जगाइनेछ र कम आय भएका परिवारका निमित्त उपयुक्त हुने पो**षणयुक्त** खाद्यवस्तुहरु पहिचान गर्न यससम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।
- पोषणस्थितिलाई जीवनस्तरको एक प्रमुख सूचकको रुपमा लिई आवधिकरुपमा यसको अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।
- विभिन्न निकायहरुबाट सञ्चालन भइरहेका पोषणसम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने र पोषणको सूचना प्रवाह, अनुगमन तथा मुल्याङ्कन आदि कार्यलाई समन्वयात्मक रुपले सञ्चालन गर्न पोषणसम्बन्धी एक छुट्टै संस्थाको स्थापना गरिनेछ ।

६. कार्यक्रम

नवौं योजनामा पोषणको स्थितिमा सुधार ल्याउने उद्देश्य प्राप्तिका लागि यससंग प्रत्यक्ष संलग्न रहने सरकारी तथा गैरसरकारी निकायहरु जस्तै- स्वास्थ्य, शिक्षा, कृषि, स्थानीय विकास, आपूर्ति आदि मन्त्रालयहरु तथा राष्ट्रिय पोषण समन्वय समिति र गैरसरकारी संस्थाहरुको समन्वय तथा सक्रियतामा निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् :

- बहुसङ्ख्यक नेपाली जनता कुपोषणको समस्याबाट प्रभावित रहेको अवस्थामा सुधार ल्याउन उपभोगको लागि अत्यावश्यक पोषणयुक्त खाद्यवस्तुको उत्पादनमा वृद्धि गर्न कृषि मन्त्रालयसंग समन्वय गरी उत्पादन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- खाद्यस्तरको व्यवस्था गर्न र प्रत्येक घरपरिवारको खाद्यान्न उपलब्धतामा वृद्धि गर्न स्थानीयस्तरमा खाद्यान्न सुरक्षा भण्डारण क्षमतामा वृद्धि गरी उचित मूल्यमा सरल एवं सुलभ रुपमा खाद्यान्न आपूर्ति हुने वातावरण मिलाइनेछ । पोषणयुक्त खाद्यवस्तुहरुको आपूर्ति बढाउन फलफूल (पहेंलो जात), तरकारी (हरियो सागपात), गेडागुडी, माछा, मासु, दूध, अण्डा आदिको उत्पादनमा वृद्धि ल्याउन कृषि मन्त्रालयसंग आवश्यक पहल गरिनेछ ।
- विभिन्न निकायहरुबाट विशेष गरी ग्रामीण महिलाहरुको लागि सञ्चालन गरिने तालिम कार्यक्रमहरुमा पारिवारिक उपभोगको लागि उपयुक्त हुने खालका पोषणयुक्त तरकारीका विउहरु कृषि मन्त्रालयको सिफारीशमा वितरण गर्ने परिपाटी बसाली पोषणयुक्त तरकारीको उपभोग्यस्तर बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- दूषित एवं न्यून गुणस्तरका खाद्य वस्तुहरुको उपभोगबाट जनताको स्वास्थ्य एवं पोषणस्थितिमा पर्न जाने नकारात्मक असर रोक्न खाद्यवस्तुहरुमा अवान्छित रुपमा गरिने मिसावटलाई नियन्त्रण गरिनेछ । यसका लागि गुणस्तर नियन्त्रण कार्यलाई अधिराज्यभर विस्तार गरिनेछ र न्यून गुणस्तरका खाद्य पदार्थहरुको प्रचलनलाई निरुत्साहित गर्न स्थानीय निकायहरुको समेत सक्रिय सहभागितामा खाद्य गुणस्तर नियमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- कुपोषणको दृष्टिले बढी संवेदनशील वर्ग विशेषतः बालबालिका, गर्भिणी महिला तथा दूध ख्वाउने आमा तथा गरिब किसानहरुको पोषणस्थितिमा सुधार ल्याउन सस्तो र सन्तुलित पौष्टिक परिकारको संरचना तयार गरी यस्ता सन्तुलित आहारको उपभोग बढाउन प्रचारप्रसार गरिनेछ । साथै खाद्य वस्तुहरुको उचित सञ्चयन, संरक्षण तथा प्रशोधन गरी खाद्य उपलब्धता बढाउन उपयुक्त प्रविधिहरुको विकास गरी प्रचारप्रसार गरिनेछ ।
- बालबालिकाहरुलाई खोपको अभावबाट हुने रोगहरुबाट बचाई बाल मृत्युदरमा कमी ल्याउन विस्तारित खोप आयोजना अन्तर्गत प्रतिरोधात्मक खोपहरु दिइनेछ । स्वास्थ्य चौकी/उपस्वास्थ्य

चौकीहरुमा बालबालिकाहरुको उमेरको आधारमा उचाईं र तौलको मापन गरी शारीरिक विकासको रेखदेख गर्नुको साथै गर्भवती तथा दूध ख्वाउने आमाहरुको पोषण स्थितिको जाँच गरी रक्त अल्पता, रतन्धो जस्ता कुपोषणको परिणाम स्वरुप हुने रोगहरुको उपचार गरिनेछ ।

- सूक्ष्म पोषकतत्वको कमीबाट हुने कुपोषणको स्थितिमा सुधार ल्याउन बालबालिकाहरुलाई भिटामिन 'ए', आइरन, प्रोटिन शक्ति आदिको कमीबाट हुने रोगहरुको उपचार गरिनेछ । साथै आयोडिनको कमीबाट हुने गलगाँड र अन्य रोगको रोकथाम गर्न हिमाली तथा उत्तरी भेगका जिल्लाहरुमा आयोडिनयुक्त नूनको विक्री वितरण गर्नुको साथै आयोडिनको कमीबाट हुने गलगाँड, सुस्त मनस्थिति तथा लाटा लठ्यौरा जस्ता विकृतिको प्रतिरोधात्मक उपचारको लागि आयोडिन सुई प्रदान गरिनेछ । आयोडिनयुक्त नूनको विक्री वितरण सुनिश्चित गर्न नूनमा आयोडिनको स्तर निर्धारण गरी न्यूनस्तरको नूनको विक्री वितरणमा बन्देज गर्न कानुनी व्यवस्था गरिनेछ ।
- झाडापखालाबाट हुने मृत्युदरमा कमी ल्याउन स्वास्थ्य चौकीहरुमा स्थापित पुनर्जलीय उपचार केन्द्र एवम् ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु मार्फत् सामुदायिकस्तरमा सुलभ तरिकाबाट जीवनजल उपलब्ध गराइनेछ । बालबालिकाहरुमा श्वासप्रश्वाससम्बन्धी रोगबाट हुने अशक्तता तथा मृत्युदर कम गर्न रोगीहरुलाई औषधिको व्यवस्था गरी उपचार गरिनेछ ।
- बालबालिकाहरुलाई स-साना उमेरदेखिनै पोषणस्थितिबारे ज्ञान दिलाउन प्राथमिक विद्यालयस्तरको पाठ्यक्रममा पोषण विषय समावेश गराई उपयुक्त पाठ्य सामग्रीहरुको प्रयोगबाट पोषण शिक्षा प्रदान गरिनेछ । साथै बालबालिकाहरुको पोषणस्थितिमा सुधार ल्याउन पौष्टिक आहार कार्यक्रम अन्तर्गत विद्यालयस्तरमा खाजा खुवाउने कार्यक्रमलाई दिगोरुपमा विस्तार गरिनेछ । यसै क्रममा पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न स्थानीयस्तरमा सम्बन्धित निकायहरुबाट तालिम, गोष्ठी तथा प्रचारप्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- नवजात शिशुका लागि पोषण र रोगसंग लड्न सक्ने क्षमताका दृष्टिले अतिउत्तम रहेको सुत्केरी आमाको विघौंति दूध खुवाउन र शिशुलाई दुई वर्षसम्म स्तनपान गराउन अभिप्रेरित गराउनको लागि आवश्यक प्रचारप्रसार गरी जनचेतनामा अभिवृद्धि गरिनेछ ।
- सर्वसाधारण जनताको पोषणस्थितिमा सुधार ल्याउन सञ्चालन गरिने पोषण कार्यक्रमहरुमा राष्ट्रिय पोषण समन्वय समितिको नीति निर्देशन तथा सुपरिवेक्षणमा कार्यक्षमता एवं दक्षताको आधारमा निजी तथा गैरसकारी संघसंस्थाहरुलाई सहभागी गराइनेछ ।
- जनताको क्रयशक्तिमा वृद्धि ल्याई पोषणस्थितिमा सुधार ल्याउन जिल्ला तथा गाउँ विकास समिति एवं नगरपालिकाहरु जस्ता स्थानीय निकायहरुलाई गरिबी निवारणको लागि स्थानीय स्रोतसाधनको परिचालन गरी स्थानीयस्तरमा आयमूलक रोजगारका अवसरहरु वृद्धि गर्ने खालका विकास-निर्माणका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
- पोषण स्थितिलाई जीवनस्तरको एक प्रमुख सूचकको रुपमा लिई आवधिकरुपमा यस्को अनुगमन तथा मूल्याङ्कन गर्न पोषणस्थिति सुधार कार्यक्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न सबै सरकारी एवं गैरसरकारी निकायहरुको सहयोगमा सूचक तयार गरिनेछ ।
- पोषण सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन कृषि, शिक्षा, स्वास्थ्य, स्थानीय विकास आदि क्षेत्रका कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा सञ्चालन गर्न र पोषणसम्बन्धी क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्न प्राथमिकता दिइनेछ । साथै पोषणस्थितिसम्बन्धी अध्ययन अनुसन्धानका कार्यहरु गर्न गराउन राष्ट्रिय पोषण समन्वय समितिलाई प्रभावकारी बनाइनेछ ।
- खाद्य तथा पोषणस्थितिमा आवश्यक सुधार ल्याउन कृषि, स्वास्थ्य, शिक्षा, स्थानीय विकास जस्ता क्षेत्रका सरकारी एवं गैरसरकारी निकायहरु बीच समन्वय कायम गरी पोषण कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गर्न र यस क्षेत्रले हासिल गरेका प्रगतिको नियमित रुपमा मूल्याङ्कन तथा अनुगमन गरी सूचना प्रवाह गर्न केन्द्रीयस्तरमा कार्य गर्न राष्ट्रिय पोषण समन्वय समितिको एक छुट्टै सचिवालयको स्थापना गरिनेछ । यसको स्थापना भएपछि पोषणसम्बन्धी कार्यहरु एकीकृत एवम् प्रभावकारी रुपमा सञ्चालन हुनेछन् ।

माथि उल्लेख गरिएका पोषण कार्यक्रमहरु समन्वयात्मक रुपले विभिन्न निकाय/मन्त्रालयहरुले तयार पारेको कार्यक्रम बजेटमा नै समावेश गरिने हुनाले पुनः यहाँ उल्लेख गर्दा दोहोरोपन देखिने हुनाले उल्लेख गरिएको छैन । तर राष्ट्रिय पोषण समन्वय समितिले गर्ने कार्यक्रमहरुबारे उल्लेख गर्न वाञ्छनीय भएकोले निम्नानुसार प्रस्तुत गरिएको छ :

- पोषकका सूचकहरु तयार पार्ने ।
- विभिन्न निकायहरुमार्फत सञ्चालन गरिने पोषणका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गरिने ।
- पोषणको क्षेत्रमा आवश्यकतानुसार अध्ययन/अनुसन्धान गर्ने/गराउने ।
- सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रको सहमागितामा पोषण सम्बन्धी गोष्ठी/बैठक गर्ने ।
- पोषणसम्बन्धी राष्ट्रिय कार्ययोजना (National Plan of Action on Nutrition) मा उल्लेख गरिएका राष्ट्रिय पोषण समन्वय समितिले गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

१३.६ खानेपानी तथा सरसफाइ

१. पृष्ठभूमि

नेपालमा खानेपानी तथा सरसफाइ क्षेत्रको विकासको लागि योजनाबद्ध विकासको थालनी देखि नै विभिन्न प्रयासहरु हुँदै आए । सातौं योजना अवधिसम्म यी प्रयासहरुमा जनसहभागिताले प्रमुखता पाउन सकेन । आठौं योजना अवधिदेखि मात्र गैरसरकारी क्षेत्र, निजी क्षेत्र र जनसहभागिताको अधिकतम परिचालनमा जोड दिइएको थियो । यसरी सुरु देखि नै विभिन्न प्रक्रियामा योजनाहरु सञ्चालन गरिए तापनि अपेक्षित सफलता हासिल गर्न सकिएन । फलतः आठौं योजनाको अन्तसम्ममा नेपाल अधिराज्यका ६१ प्रतिशत जनताले मात्र खानेपानीको सुविधा पाउन सकेका छन् । प्राप्त सुविधामा पनि सेवास्तर अभिवृद्धिका लागि अझ निकै प्रयास गर्नु पर्ने देखिन्छ । स्वच्छ खानेपानी तथा सरसफाइको अभावका कारण प्रदूषित पानीको प्रयोगले गर्दा हुने रोगहरु नियन्त्रण गर्न सकिएको छैन । यदाकदा यस्ता रोगहरु प्रकोपको रुपमा समेत देखा पर्ने गरेका छन् । जनसंख्या वृद्धि तथा शहरीकरणको बढ्दो चापले गर्दा शहरी तथा ग्रामीण क्षेत्रमा खानेपानी आपूर्तिमा बृद्धि गर्नुको साथै सरसफाइ कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्नुपर्ने देखिन्छ । यसैगरी पानीको गुणस्तर अभिवृध्दि, फोहरमैलाको समुचित व्यवस्था र प्रशोधन प्रणालीयुक्त निकास ढल तथा बर्षात ढलहरुको निर्माणमा जोड दिनुपर्ने आवश्यकता देखिएको छ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा अधिराज्यका कुल जनसङ्ख्यामध्ये ७२ प्रतिशत जनतालाई खानेपानी सुविधा र १३ प्रतिशत जनतालाई सरसफाइ सुविधा पुऱ्याउने उद्देश्य राखिएको थियो । यस योजना अवधिमा प्रमुख रुपमा साना र लागत कम भएका आयोजनाहरुमा बढी जनसहभागिता उपलब्ध हुने अपेक्षा राखिएको थियो । खानेपानी तथा सरसफाइ क्षेत्रको शीघ्र तथा दिगो विकासका लागि सामुदायिक व्यवस्थापनको आधारमा उपभोक्ताहरुलाई आयोजनाको प्रारम्भिक चरणदेखि नै संलग्न गराइ कार्यान्वयन, सञ्चालन एवं मर्मत सम्भार हुन सक्ने आयोजनाहरुको निर्माणमा जोड दिने, साना पाइप वितरण प्रणालीका आयोजना एवं स्रोत संरक्षण र हाते पम्प तथा इनार निर्माण आयोजनाहरुमा गैरसरकारी संस्था, स्थानीय निकाय र निजी क्षेत्रको संलग्नता बढाउने, खानेपानी र सरसफाइ कार्यक्रमहरु एक अर्कासित आवद्ध गरी कार्यान्वयन गर्ने, स्वास्थ्य शिक्षाको प्रचार प्रसारबाट जनस्वास्थ्य तथा सरसफाइ सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने जस्ता नीतिहरु अवलम्बन गरिएका थिए ।

आठौं योजना अवधिमा ग्रामीण क्षेत्रका ६७ लाख ५६ हजार र शहरी क्षेत्रका ४ लाख ४३ हजार गरी जम्मा ७१ लाख ९९ हजार थप जनसङ्ख्यालाई खानेपानीको सुविधा विस्तार गर्ने लक्ष्य राखिएको थियो । यस अवधिमा विभिन्न आयोजनाहरुबाट ग्रामीण क्षेत्रमा ५१ लाख ९८ हजार र शहरी क्षेत्रमा २ लाख ४८ हजार गरी कुल ५४ लाख ४६ हजार थप जनसङ्ख्यालाई खानेपानी सुविधा उपलब्ध हुन सक्यो । भौतिक लक्ष्यको अनुपातमा यस योजना अवधिमा ग्रामीण क्षेत्रमा ७७ प्रतिशत तथा शहरी क्षेत्रमा ५६ प्रतिशत उपलब्धि भएको देखिएकोले कुल लक्ष्यको ७६ प्रतिशत मात्र उपलब्धि भएको अनुमान छ । यो उपलब्धी समेतबाट आठौं योजना अवधिको अन्त सम्ममा कुल ६१ प्रतिशत जनसङ्ख्यालाई निम्न अनुसार खानेपानी सुविधा उपलब्ध भएको अनुमान छ ।

आठौं योजना अवधिसम्म लाभान्वित जनसङ्ख्या

(जनसङ्ख्या हजारमा)

सि.न	विकास क्षेत्र	ग्रामीण		शहरी		कुल	
		जनसङ्ख्या	जम्मा %	जनसङ्ख्या	जम्मा %	जनसङ्ख्या	जम्मा %
१	पुर्वाञ्चल	२२७३.०	४९.७७	३३३.२	५५.२९	२६०६.२	५०.४१
२	मध्यमाञ्चल	३२८७.०	५६.४९	१०१४.८	६९.१६	४३०१.८	५९.०५
३	पश्चिमाञ्चल	२५०८.३	६४.५७	२९२.१	५८.५५	२८००.४	६३.८८
४	मध्य पश्चिमाञ्चल	१८३६.८	७०.३६	१४२.४	६६.४५	१९७९.२	७०.०७
५	सुदूर पश्चिमाञ्चल	१४३३.६	८१.८६	९८.१	४३.३३	१५३१.७	७७.४५
	कुल जम्मा	११३३८.७	६०.८६	१८८०.६	६२.४९	१३२१९.३	६१.०८

ग्रामीण क्षेत्रका ११ लाख ५९ हजार र शहरी क्षेत्रका ४ लाख १४ हजार गरी जम्मा १५ लाख ७३ हजार थप जनसङ्ख्यालाई सरसफाइको सुविधा विस्तार गरी कुल १३ प्रतिशत जनसङ्ख्यालाई सरसफाइको सुविधा पुऱ्याउने लक्ष्य राखिएकोमा यस योजना अवधिसम्ममा कुल २० प्रतिशत जनसङ्ख्यालाई सरसफाइ सुविधा उपलब्ध भएको अनुमान छ ।

३. विद्यमान चुनौती

- स्थानीय निकाय तथा उपभोक्ता समुदायहरुमा पर्याप्त अधिकारको विकेन्द्रीकरणको साथै यथेष्ट आर्थिक अधिकार प्रत्यायोजन हुन सकेको छैन । साथै स्थानीय निकायहरु तथा उपभोक्ता समूहहरुको क्षमता सुदृढ गर्न सकिएको छैन र यी सबै निकायहरुबीच प्रभावकारी समन्वय स्थापित गर्न सकिएको छैन ।
- निजीक्षेत्रलाई यस क्षेत्रमा आकर्षित गर्नका लागि उपयुक्त वातावरण तयार हुन सकेन र गैरसरकारी संघ संस्थाहरुको परिचालनमा व्यापकता आउन सकेन । संस्थाहरुको छनौटका आधारहरु सेवा शुल्कको व्यवस्था, यस्ता संस्थाहरुको दिगो विकास जस्ता कार्यहरुमा पर्याप्त ध्यान जान सकेन र गैरसरकारी संस्थाहरुमा सेवाको भावना विकसित हुन नसकी रोजगारीको माध्यमको रुपमा स्थापित हुने प्रयास खोज्ने प्रवृत्ति विद्यमान छ । त्यस्तै उपभोक्ता समिति र गैरसरकारी संघ संस्थाहरु गठन, दर्ता प्रक्रियाको सम्बन्धमा प्रष्ट कानुनी व्यवस्था हुन सकेको देखिदैन । उपभोक्ता समुदायहरुमा आयोजनाको व्यवस्थापन, प्राविधिक तथा आर्थिक पक्षको बारेमा पर्याप्त जानकारी हुन सकेको छैन ।
- ग्रामीण क्षेत्रका उपभोक्ताले आयोजना निर्माण सञ्चालन र मर्मत सम्भारमा विभिन्न प्रकारले खर्च व्यहोर्ने गरेका छन् । शहरी क्षेत्रको खानेपानी तथा सरसफाइ सुविधाको विकासमा आयोजनाहरु निर्माण, सञ्चालन र मर्मत सम्भारमा उपभोक्ता समुदायबाटै व्यहोर्ने नीति अवलम्बन गर्ने भनिए तापनि व्यवहारमा लागू हुन सकेको देखिदैन । यसैगरी शहरी क्षेत्रको खानेपानी निकासका लागि संलग्न प्रमुख निकायहरु खानेपानी तथा ढल निकास विभाग, नेपाल खानेपानी संस्थान, उपभोक्ता समिति र नगरपालिकाहरुको खानेपानी व्यवस्थापनमा एक अर्काको जिम्मेवारी, समन्वय भूमिका आदि प्रष्ट हुन सकेको देखिदैन ।
- जिल्ला विकास योजना तर्जुमा गर्दा जिल्ला विकास समिति र जिल्लास्थित सरकारी निकायहरुले खानेपानी तथा सरसफाइसम्बन्धी कार्यक्रममा मात्र सीमित नरही गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र गाउँ विकास समितिहरु र नगरपालिकाहरुको कार्यक्रमलाई पनि दृष्टिगत गरी एकीकृत कार्यक्रम तयार गरिनु पर्नेमा पूर्णरुपमा यसअनुरुप कार्य हुन सकेको देखिदैन ।
- निर्धारित समयमा आयोजनाहरु सम्पन्न हुन नसक्दा लागत खर्च बढ्ने सेवा प्रदानमा ढिलाइ हुने महंगो प्रविधिको अवलम्बन गर्नुका साथै वैदेशिक सहायता संलग्न आयोजनाहरुमा आएका महंगा

प्राविधिकहरुको संलग्नता रहेको तथ्य ध्यानमा राखी आयोजनाहरु समयमै सम्पन्न गर्नमा प्राविधिक एवं प्रशासनिक क्षमतालाई सुदृढी गराउन सकिएको छैन ।

- सम्पन्न खानेपानीका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्न बाँकी रहेको सङख्या निकै नै छ । कतिपय आयोजनाहरु पनि अधुरै छन् । यस्ता अधुरा आयोजनाहरु पूरा गरी स्थानीय उपभोक्ताहरुलाई शीघ्र हस्तान्तरण गरिनु पर्छ । आयोजना हस्तान्तरण गर्दा उपभोक्ताहरुलाई आफ्नो योजनाको मालिक आफै हौ भन्ने धारणा जागृत गराउनु पर्ने देखिन्छ ।
- खानेपानी तथा सरसफाइको क्षेत्रमा जनसहभागिता र लगानीको स्तर नपुग देखिएकोछ । जनताको न्यूनतम आधारभूत आवश्यकताको रुपमा रहेको खानेपानी क्षेत्रको विकासका निम्ति प्राथमिकताका साथ लगानी वृध्दि गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त गाउँ विकास समिति र नगरपालिकाहरुको आयबाट यस क्षेत्रमा थप लगानी गर्न प्रेरित गर्न सकिएको छैन ।

४. दीर्घकालीन अवधारणा

नवौं योजना अवधिमा अधिराज्यका सम्पूर्ण जनतालाई खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य लिइ आठौं योजनाको लक्ष्य निर्धारण भएको थियो । यसै परिप्रेक्ष्यमा खानेपानी तथा सरसफाइ सुविधाको समुचित विकासका लागि चरणबध्द कार्यक्रम सञ्चालन गर्न दीर्घकालीन दृष्टिकोणको महत्वलाई हृदयंगम गरी आगामी २० वर्षका लागि दीर्घकालीन दृष्टिकोण तय गरिएको छ । यसै दृष्टिकोणका आधारमा नवौं योजनाको लक्ष्य निर्धारण गरिएको छ ।

खानेपानी क्षेत्रको विकासको सन्दर्भमा पानीको उपभोगको दैनिक परिमाण, उपलब्ध पानीको गुणस्तर , दैनिक उपलब्ध हुने समय र यसको विश्वसनीयता आदि सूचकहरुको आधारमा सेवा स्तरको वर्गीकरण हुनु बाञ्छनीय देखिएको छ । नवौं योजना अवधिमा अधिराज्यका सम्पूर्ण जनतालाई खानेपानीको सुविधा पु(याउने र आगामी २० वर्षमा उपलब्ध खानेपानीको सेवास्तर वर्गीकरण गरी क्रमशः सेवास्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरी खानेपानीको सेवास्तरमा सुधार गर्दै लगिनेछ ।

सरसफाइको क्षेत्रमा आगामी २० बर्षमा सम्पूर्ण शहरी क्षेत्रको घनावस्ती क्षेत्रमा प्रशोधनसहितको उपयुक्त निकास ढल निर्माण गरिनेछ । सबै शहरी क्षेत्रमा फोहर मैलाको समुचित व्यवस्थापन तथा उपयुक्त निष्कासन प्रविधिको विकास गरिनेछ । साथै, ग्रामीण क्षेत्रमा भौगोलिक बनोटको आधारमा उपयुक्त प्रविधिको सुलभ घरेलु शौचालयको निर्माण गराइ वातावरणीय सुधार गरिनेछ ।

खानेपानी तथा सरसफाइ क्षेत्रको विकासबाट उपभोक्तालाई खानेपानी सुविधा उपलब्ध हुनुका अतिरिक्त उपभोक्ताहरुको स्वास्थ्यमा पर्न जाने अनुकुल प्रभावबाट स्वस्थ जनशक्तिको उत्पादन भई राष्ट्रको अन्य प्रमुख उत्पादनमूलक कार्यहरुमा योगदान पुग्न जानेछ । स्वच्छ सफा खानेपानीको समुचित उपभोगबाट पानीजन्य रोगहरुको रोकथाम हुनेछ र स्वास्थ्य उपचारमा गर्नुपर्ने लगानी पनि निकै कम हुन जानेछ । यसैगरी खानेपानी उपलब्ध गर्न खेर गइरहेको समयको बचत गरी बचत समयलाई अन्य उत्पादनमूलक कार्यमा लगानी गरी थप अर्थोपार्जन गर्न सकिनेछ । पानी बोक्न खर्च भइरहेको समय र ऊर्जा समेत बचत हुन गइ स्वास्थ्यमा राम्रो प्रभाव पर्न जानेछ । खानेपानी तथा सरसफाइ क्षेत्रको विकासबाट समय बचत हुन गइ बचत समयलाई उत्पादनशील कार्यमा लगाई थप आर्थिक उपार्जन, स्वास्थ्य उपचारको खर्चमा कटौती, आदि लाभ भइ यसबाट नवौं योजनाले राखेको गरिबी निवारणको लक्ष्य पूरा गर्न अप्रत्यक्ष सहयोग पुग्नेछ ।

नवौं योजना :

विगत योजना अवधिहरुमा खानेपानी तथा सरसफाई क्षेत्रमा भएको उपलब्धि सन्तोषजनक भए पनि अधिराज्यका एक तिहाइ भन्दा बढी जनतालाई खानेपानी सुविधा पुऱ्याउन अझै बाँकी छ । बढ्दो शहरीकरण, औद्योगीकरण र बढ्दो जनसङ्ख्याको चापले खानेपानीको बढ्दो मागको मौजुदा स्थितिमा उपयुक्त खानेपानीको स्रोत खोज्न टाढा जानुपर्ने बाध्यताले खानेपानी आयोजनाहरु अपेक्षाकृत खर्चिला भएका छन् । उपलब्ध निर्माण सामग्रीहरुको स्तर, दक्ष जनशक्तिको उत्पादन, प्रशोधन प्रणालीको स्थापना, सूचना व्यवस्थापन प्रणालीको विकासका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँगको संलग्नता आदि जस्ता टेवामूलक कार्यक्रमलाई पनि अझै बढी सुदृढ र सुस्पष्ट गर्दै लैजानु आवश्यक छ । साथै विगत वर्षहरुमा सम्पन्न आयोजनाहरुबाट सुचारु ढङगमा सेवा पुऱ्याउने तर्फ पनि जोड दिनु आवश्यक छ । अतः खानेपानी तथा सरसफाइ क्षेत्रलाई यस योजना अवधिमा अझ बढी गतिशीलता साथ अग्रगति दिनुपर्ने देखिएको छ ।

विद्यमान पानीको चुहावट, स्रोतको संरक्षण तथा पानीको समुचित प्रयोग र वातावरणीय सरसफाइ आदिमा उपभोक्ताहरुलाई सजग गराइ आयोजना तर्जुमादेखि निर्माण, सञ्चालन कार्यसम्म सक्रिय सहभागी बनाइनु आवश्यक छ । यस्तै यस क्षेत्रलाई बढी आकर्षक गराई गैरसरकारी संघ, संस्था तथा निजी क्षेत्रलाई पनि यस क्षेत्रको विकासमा सहभागी बनाउन र सहभागितालाई निरन्तरता दिन उपयुक्त वातावरणको विकास हुनु जरुरी छ ।

स्थानीय गैरसरकारी संस्था, उपभोक्तासमूह, स्थानीय निकायहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संस्थाहरुबाट उपलब्ध हुने सहायतालाई समेत राष्ट्रिय नीतिको परिधिभित्र रहे यस क्षेत्रको विकासमा प्रयोग गर्न सक्ने वातावरणको सिर्जना गरी मौजुदा जनशक्ति र आन्तरिक तथा वाह्य स्रोतको अधिकतम परिचालनबाट खानेपानी तथा सरसफाइ कार्यक्रमलाई एकीकृत र समन्वयात्मक रुपमा अगाडि बढाइ नवौं योजनाको अन्तसम्म सम्पन्न आयोजनाहरुको सेवास्तर परिमार्जन गर्ने र स्वस्थ खानेपानी उपलब्ध हुनसक्ने स्थितिको निर्माण गर्दै अधिराज्यका सम्पूर्ण जनतालाई खानेपानी सुविधा पुऱ्याउनु पर्ने भएको छ ।

खानेपानी तथा सरसफाइ क्षेत्रको समुचित तथा दिगो विकासमा स्थानीय निकायहरुको भूमिका निकै महत्वपूर्ण हुन्छ । अधिकार एवं आर्थिक विकेन्द्रीकरणको वर्तमान सन्दर्भमा यस क्षेत्रको विकासका लागि स्थानीय निकायहरुलाई जिम्मेवार एवं उत्तरदायी बनाउन अपरिहार्य देखिएको छ । यसै गरी केन्द्रिय निकायहरुको दायित्वको पनि पहिचान गरी साङगठनिक संरचनाको विकासमा जोड दिनुपर्ने देखिन्छ । नवौं योजना अवधिमा केन्द्रीय निकायहरुको प्रशासनिक तथा प्राविधिक दक्षता एवं स्थानीय निकायहरुको साधन र क्षमताको प्रष्ट पहिचान गरी आपसी तालमेल र समन्वय कायम गरी उचित आर्थिक व्यवस्थापन, उपयुक्त शुल्क तथा महसुल संकलन व्यवस्थापन तथा विश्वसनीय सेवाको आधारमा खानेपानी तथा सरसफाइ कार्यक्रमलाई उत्पादनशील बनाउने रणनीति रहने छ ।

५. उद्देश्य

- खानेपानी सुविधा र स्तरको क्रमिक विकास गर्दै लाने गरी यस योजनाको अन्तसम्म सबै नेपाली जनतालाई खानेपानी सुविधा उपलब्ध गराउने ।
- जनचेतनाको अभिवृद्धिद्वारा शहरी एवं ग्रामीण क्षेत्रमा उपयुक्त सरसफाइ सुविधाको विकास गरी थप ३० प्रतिशत जनसङ्ख्यालाई सरसफाइ सुविधा उपलब्ध गराउने ।
- विकेन्द्रीकृत योजना प्रणालीलाई सुदृढ गरी स्थानीय स्तरमा विकेन्द्रीकरण अनुरुप योजना प्रक्रियामा उपभोक्ता समिति, गैरसरकारी संस्था एवं स्थानीय निकायहरुलाई परिचालन गर्ने ।

- ग्रामीण तथा शहरी क्षेत्रहरुमा खानेपानीको गुणस्तर क्रमशः अभिवृध्दि गरी मुलुकमा विद्यमान रहेको पानीजन्य सङक्रामक रोग निवारण गरी स्वस्थ जीवन यापनमा थप सहयोग पुऱ्याउने ।
- शहरी क्षेत्रको खानेपानी सुविधाको समुचित प्रवन्धको निमित्त निजी क्षेत्रलाई संलग्न गराउनुका साथै नगरपालिकाहरुलाई पनि विशेष जिम्मेवारी दिई खानेपानी सुविधा विकास र विस्तार गर्न सक्रिय बनाउने ।

६. लक्ष्य

खानेपानी :

नवौं योजनाको अन्तसम्म सम्पूर्ण जनतालाई न्यूनतम सेवास्तरको खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यअनुरुप यस योजना अवधिमा ग्रामीण क्षेत्रका थप ७८ लाख ५० हजार र शहरी क्षेत्रका थप १८ लाख ५० हजार गरी कुल ९७ लाख थप जनसङख्यालाई खानेपानीको सुविधा उपलब्ध गराइनेछ ।

सरसफाइ :

नवौं योजनावधिमा गार्हस्थ्य एवं वातावरणीय सरसफाइसम्बन्धी जनचेतना अभिवृध्दि कार्यक्रम सञ्चालन गर्न विशेष जोड दिइनेछ । व्यापक प्रचार प्रसार तथा तालिमको माध्यमवाट उपभोक्ताहरुलाई निजीस्तरमा स्थलगत शौचालय निर्माण गर्न अभिप्रेरित गरिनेछ । योजनाको अन्तसम्म कुल ४० प्रतिशत जनताले सरसफाइ सुविधा पाउने अनुमान गरिएको छ ।

नवौं योजनाको अन्तसम्म हुने खानेपानी तथा सरसफाइको स्थिति

(जनसंख्या हजारमा)

क्र.स.	विवरण	ग्रामीण	शहरी	जम्मा
१	खानेपानी			
१.१	आ.व. ०५३।५४ सम्म लाभान्वित हुने जनसङख्या	११३३९	१८८०	१३२१९
१.२	आ.व. ०५३।५४ सम्म लाभान्वित हुने प्रतिशत	६१	६२	६१
१.३	नवौं योजनाको अन्तमा मौजुदा प्रणालीवाट लाभान्वित हुने जनसङख्या	१२७२४	१९४४	१४६६८
१.४	नवौं योजनावधिमा लाभान्वित हुने थप जनसङख्या	७८५०	१८५०	९७००
१.५	नवौं योजनाको अन्त सम्म लाभान्वित हुने प्रतिशत	१००	१००	१००
२	सरसफाइ			
२.१	आ.व. ०५३।५४ सम्म लाभान्वित हुने जनसङख्या	२९००	१५३०	४४३०
२.२	आ.व. ०५३।५४ सम्म लाभान्वित हुने प्रतिशत	१६	५१	२०
२.३	नवौं योजनावधिमा लाभान्वित हुने थप जनसङख्या	६३६०	१३२०	७६८०
२.४	नवौं योजनाको अन्त सम्ममा लाभान्वित हुने कुल जनसङख्या	९२६०	२८५०	१२११०
२.५	नवौं योजनाको अन्त सम्म लाभान्वित हुने प्रतिशत	३६	६०	४०

७. नीति

- खानेपानीको सेवास्तरमा क्रमशः वृद्धि गर्दै लगि अधिराज्यका सम्पूर्ण जनतालाई न्यूनतम सेवा स्तरको खानेपानीको सुविधा पुऱ्याइनेछ ।
- समुदायहरुको वातावरणीय सरससफाइसम्वन्धी जनचेतना र स्वास्थ्य तथा आरोग्य शिक्षाको स्तरमा वृध्दि गरी उनीहरुकै अगुवाइमा खानेपानी तथा सरसफाइ क्षेत्रको विकास गरिनेछ । साथै खानेपानी आयोजनाहरुमा सरसफाइ कार्यक्रमलाई एकीकृत रुपमा कार्यान्वयन गरिनेछ ।

- प्रत्येक जिल्लामा खानेपानी तथा सरसफाइको स्थिति, उपलब्ध जलस्रोत, सम्भावित विकास आदि समेतको तथ्याँक सहितको जिल्ला पार्श्वचित्र (district profile) तयार गरी जिल्लागत रुपमा खानेपानी तथा सरसफाइ क्षेत्रको दीर्घकालीन कार्यक्रम तयार गरिनेछ ।
- स्थानीय उपभोक्ताहरुको क्षमताले धान्नसक्ने खालका प्रविधिहरुको विकास र विस्तारमा जोड दिइनेछ । खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास एवं सञ्चालनको लागि निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन दिई स्थानीय निकाय, गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रलाई सहकर्मीको रुपमा विकसित गरी अधिकतम परिचालन गरिनेछ । पिछडिएका क्षेत्र, वर्ग, जनजाति तथा समुदायहरुको लागि केन्द्रित हुने आयोजनाहरुमा जनसहभागिताको आधारमा खानेपानी आयोजनाहरु सञ्चालनमा विशेष प्राथमिकता दिइनेछ ।
- जनघनत्व, भू-वनोट, बस्तीको आकार तथा प्रकृति, खानेपानीको उपलब्धता तथा सेवास्तर स्थानीय निकाय र जनसमुदायको रुचि तथा संलग्नताको आधारमा अधिराज्यका विभिन्न क्षेत्रहरुमा निकास ढल, वर्षाद ढल तथा स्थलगत शौचालय निर्माणमा जोड दिइनेछ ।
- विकेन्द्रित कार्यप्रणालीको माध्यमबाट खानेपानी तथा सरसफाइ क्षेत्रको प्रभावकारी तथा छिटो छरितो सेवास्तरको विकासको निमित्त मौजुदा सङगठनहरुको कार्यक्षेत्र तथा भूमिकाको पुनरावलोकन गरी शहरी क्षेत्रमा खानेपानीको मौजुदा सेवास्तरमा वृध्दि गरिनुका साथै दिगो विकासका लागि छरितो वैकल्पिक साँगठनिक ढाँचाको विकास गरिनेछ । शहरी क्षेत्रमा खानेपानी सुविधा प्राप्त गरेवापत सोको लागत तथा मर्मत सम्भार एवं सञ्चालन खर्चको अनुपातमा शुल्क निर्धारण गरिनेछ ।
- प्राकृतिक स्रोतहरुलाई खानेपानी प्रयोजनको निमित्त प्रयोग गर्न पहिलो प्राथमिकता दिइनेछ । स्रोत प्रयोग एवं पानीको मूलसम्बन्धी विवाद बाट आयोजनाको कार्यान्वयनमा अवरोध हुनुबाट रोक्न र स्रोत प्रदूषित हुन नदिन मौजुदा कानुन तथा प्रशासनिक व्यवस्थामा सुधार गरिनेछ ।
- खानेपानी आयोजनाहरुको पानीको परिमाण, गुणस्तर, दैनिक उपलब्ध सेवा अवधि र दूरीको आधारमा सेवास्तर परिभाषित गरी सोको आधारमा खानेपानी सुविधाको वर्गीकरण गरिनेछ र खानेपानीको माध्यमबाट हुने रोगहरुको नियन्त्रण गर्न खानेपानीको गुणस्तरमा आवश्यक सुधार गरिनेछ ।
- ग्रामीण क्षेत्रको आयोजना कार्यान्वयनमा उपभोक्ताहरुको तर्फबाट पनि लागतको कम्तिमा दस प्रतिशतसम्मको जनसहभागिता वा नगद अनुदान प्राप्त हुनुपर्ने गरी आयोजनाको तर्जुमा एवं सञ्चालन गरिनेछ । आयोजना सम्पन्न भएपछि यसको सञ्चालन तथा मर्मत सम्भारका लागि उपभोक्ताहरुको प्रतिनीधिहरु भएको उपभोक्ता समिति वा स्थानिय निकायलाई जिम्मेवार गराउन योजना तर्जुमा अवस्था देखी नै संलग्न गराइ अग्रिम मर्मत सम्भार कोषको स्थापना गराइनेछ ।
- खानेपानी तथा सरसफाइ क्षेत्रको विकास कार्यक्रमबाट वातावरणमा पर्ने प्रभाव कम गर्न विशेष ध्यान दिइनेछ । वातावरण संरक्षण ऐन र नियमको प्रावधान अनुसार आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङकन अध्ययन कार्य गरिनेछ ।
- खानेपानी तथा सरसफाइ क्षेत्रको सम्बन्धित निकायहरुको लागि आवश्यक सबै प्रकारका मध्यमस्तरीय जनशक्तिको उत्पादन, मौजुदा जनशक्तिको सीप विकास, उपभोक्ताहरुको लागि अनुशिक्षण, गोष्ठी, तालिम आदिको माध्यमबाट जनशक्ति विकासमा जोड दिइनेछ ।
- खानेपानी तथा सरसफाइ आयोजनाहरुको निर्माण तथा सम्भार सञ्चालन सम्बन्धी अवस्थाको नियमित अनुगमन गरी सोको मूल्याँङ्कनको प्रभावकारितालाई बढाउँदै लगिनेछ ।

८. नीति तथा कार्यनीति

योजना तथा कार्यक्रम : खानेपानी तथा सरसफाइको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमाको लागि जिल्लाको वर्तमान स्थिति तथा भावी विकासको समेत प्रक्षेपण हुने गरी जिल्ला पार्श्वचित्र तयार

गरिनेछ । प्रस्तावित आयोजनाको खानेपानी विकट स्थिति, समुदायको आवश्यकता, स्थानीय जनचाहना तथा जनसहभागिता उपलब्धता मर्मत सम्भारमा समुदाय तथा उपभोक्ताको संलग्नताको आधारमा मूल्याङकन गरी आयोजनाको छनौट विकेन्द्रित योजना प्रणालीअनुरुप जिल्ला विकास योजनामा समावेश गर्ने परम्परा अवलम्वन गरिनेछ । खानेपानी आयोजनाहरुमा स्वास्थ्य शिक्षा एवं सरसफाइ कार्यक्रम एकीकृत तथा अभिन्न अँगको रुपमा समावेश गरी कार्यान्वयन गरिनेछ ।

यस क्षेत्रको समुचित विकास तथा आयोजना दिगो रुपमा सञ्चालन गर्न आयोजनको निर्माणचरण अगावै सामुदायिक परिचालन एवं व्यवस्थापनको निमित्त आयोजनाको विकास चरण समावेश गरिनेछ । साथै खानेपानी तथा सरसफाइ आयोजनाहरुको कार्यान्वयनवाट वातावरणमा पर्ने वा पर्न सक्ने प्रभाव वारे पनि आयोजनाको परिकल्पना गर्दा नै आवश्यकताअनुसार प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङकन अध्ययन गरेर मात्र आयोजना सञ्चालन गर्ने परिपाटीको थालनी गरिने छ । ठूल्ठूला शहरी आयोजनाहरुको कार्यान्वयनका लागि द्विपक्षीय तथा बहुपक्षीय दातृ संस्थाहरुसँग नियमित समन्वयको व्यवस्था मिलाइ आपसी सहयोगमा वृद्धि गर्दै लगिनेछ ।

प्रविधि : परम्परागत खानेपानीको स्रोतहरुको सम्वर्द्धन र संरक्षणलाई प्राथमिकता दिदै कम खर्चिलो, दिगो तथा स्थानीय उपभोक्ताहरुको क्षमताले थेग्नसक्ने खालका स-साना आयोजनाहरुको विकासलाई प्राथमिकता दिइनेछ । स्थानीय प्रविधिलाई दृष्टिगत गरी उपयुक्त प्रविधिको विकास गरी प्रयोग गर्दै लगिनेछ । खानेपानी तथा सरसफाइ क्षेत्रमा आवश्यक पर्ने सामग्री र स्थानीय स्तरमा तयार हुन सक्ने सँरचनाहरुको उत्पादन गर्ने कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । आयोजना कार्यान्वयनमा सरलता ल्याउन लागत दिग्दर्शन तयार गरिनेछ ।

पानीको गुणस्तर : विभिन्न प्रणालीबाट वितरण गरिएका पानीको जैविक, रासायनिक तथा भौतिक स्तर कायम गरी सफा तथा स्वस्थकर तुल्याउने प्रक्रिया अवलम्बन गरिनेछ र पानीको गुणस्तर कायम गराउन राष्ट्रिय आचारसंहिता तयार पारी खानेपानीको गुणस्तरको नियमित अनुगमनका लागि उपयुक्त सङगठनलाई जिम्मेवार तुल्याइ साँगठनिक क्षमता विकास गर्दै लगिनेछ । शहरी क्षेत्र तथा जिल्ला सदरमुकामहरुमा स्थानीय आवश्यकता अनुसार पानी प्रशोधन केन्द्रको निर्माण गरी पानीको गुणस्तरमा सुधार गरी केन्द्रीय तथा क्षेत्रीयस्तरमा खानेपानी परीक्षणका लागि मौजुदा प्रयोगशालाहरुको उपयोग गर्नुका साथै आवश्यकताअनुसार थप प्रयोगशालाहरुको स्थापना गरिनेछ ।

संस्थागत व्यवस्था : केन्द्रीय सार्वजनिक निकायहरुबाट नीति तर्जुमा, प्राविधिक टेवा, अनुगमन तथा मूल्याकन जस्ता प्रमुख कार्यहरु सम्पादन गर्ने गरी आयोजनाहरुको निर्माण कार्यहरुमा स्थानीय निकाय, गैरसरकारी तथा सामुदायिक सङगठनलाई जिम्मेवार गराइनेछ । यस सन्दर्भमा ५०० भन्दा कम जनसंख्या लाभान्वित हुने स-साना खानेपानी आयोजनाहरुको निर्माणको जिम्मेवारी स्थानीय निकाय, सामुदायिक संघ, संस्था तथा निजी क्षेत्रलाई दिइनेछ ।

शहरी क्षेत्रमा सेवास्तर वृद्धिका निम्तिस्थानीय व्यवस्थाको आधारमा सार्वजनिक केन्द्रीय सरकारी निकाय, सार्वजनिक केन्द्रीय संस्थान, स्थानीय नगरपालिका, स्थानीय उपभोक्ता समिति, शहरी क्षेत्रको बेग्लावेग्लै संस्थान र निजी क्षेत्रमध्ये कुनै एक वैकल्पिक साङगठनिक व्यवस्था अपनाइ व्यावसायिक दृष्टिकोणवाट खानेपानी सुविधा उपलब्ध गराइनेछ । निजी क्षेत्रलाई यस क्षेत्रका विकासमा आकर्षित गराउन आवश्यक कानुनी आधारको विकास गरिनेछ । गैरसरकारी तथा सामुदायिक संस्थाहरुलाई खानेपानी तथा सरसफाइ कार्यक्रममा संलग्न हुन प्रोत्साहित गरिनुका साथै खानेपानी तथा सरसफाइ आयोजनाको तर्जुमा अवस्थादेखि नै आयोजनाका विभिन्न चरणमा अधिकतम महिला सहभागिताकोलाई प्रोत्साहित गरिनेछ । खानेपानी तथा सरसफाइसम्बन्धी सूचना प्रवाह नीतिको तर्जुमा गरी उपयुक्त सांगठनिक पद्धतिको विकासका साथै सूचना प्रवाह कायम गरिने व्यवस्था मिलाइनेछ ।

कानुनी र प्रशासनिक सुधार : उपभोक्ताहरुबाट आयोजना निर्माण, सम्भार र सञ्चालन गर्ने सम्बन्धमा स्थानीय जलस्रोतलाई खानेपानीको रुपमा प्रयोग गर्न उच्चतम प्राथमिकता दिन जिल्लामा जलस्रोत समितिलाई प्रभावकारी गराउनुको साथै प्राकृतिक जलस्रोतहरुमा हुने प्रदूषण कम गर्न मौजुदा ऐन कानुनमा आवश्यकता अनुसार एवं सुधार गरिनेछ ।

आर्थिक स्रोत : स्थानीय स्रोत र सीपको अधिकतम उपयोग हुने गरी जनसहभागिता परिचालन गरिनेछ र जनसहभागिता परिचालनको अनुपातलाई पनि आयोजना छनौट तथा कार्यान्वयन गर्न प्राथमिकताको आधारको रुपमा लिनुको साथै आयोजनाहरुको दिगो विकासका लागि अनिवार्य रुपमा अग्रिम मर्मत सम्भार कोषको स्थापना गराइनेछ । पाँच हजारभन्दा बढी जनता लाभान्वित हुने ठूला तथा पम्पिङ्ग प्रणालीको आयोजनाहरुमा हस्तान्तरणपश्चात् पनि सुचारु रुपले सञ्चालन गर्न केही वर्षका लागि घट्दो दरमा आर्थिक अनुदान दिइनेछ । खानेपानी आयोजनाहरुको निर्माणमा विभिन्न दातृ संस्थाहरुबाट प्राप्त हुने वाह्य आर्थिक स्रोतको अधिकतम परिचालन गरिनुका साथै स्थानीय निकायहरुसँग समन्वय राखी आन्तरिक स्रोतको परिचालन गरिनेछ । वैज्ञानिक आधारको विकास गरी शहरी क्षेत्रमा लागत खर्च, उत्पादन खर्च, सुधार विस्तार खर्च आदिको आधारमा महसुल निर्धारण गरिनेछ । विभिन्न शहरहरुमा स्थानीय सेवास्तरको आधारमा भिन्न भिन्न महसुल निर्धारण गर्ने प्रक्रिया अवलम्बन गरिनेछ । शहरी क्षेत्रमा सार्वजनिक धाराको पानी उपभोग गर्ने समुदायहरुबाट मासिक रुपमा महसूल सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ । निजी क्षेत्रहरुलाई खानेपानी आयोजनाहरुको निर्माण तथा सञ्चालन सम्बन्धी कार्यमा प्रोत्साहन गर्न सार्वजनिक नीति, कानुनी आधारको आर्थिक सहुलियत सम्बन्धमा प्रष्ट नीतिगत तथा कानुनी व्यवस्थाको विकास गर्दै लगिनेछ ।

मर्मत सुधार : सम्पन्न आयोजनाहरुको सञ्चालन मर्मत र सम्भारका लागि उपभोक्ता समितिहरुको ज्ञान र सीपको विकास गरी आयोजनाको पूर्ण स्वामित्व एवं जिम्मेवारी उपभोक्ता समितिमा हस्तान्तरण गरिनेछ । विगतमा सम्पन्न भइ हस्तान्तरण हुन बाँकी खानेपानी आयोजनाहरु पनि उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ । सम्पन्न आयोजनाहरुको ठूला तथा प्राविधिक दृष्टिले जटिल देखिएका मर्मत सम्भार गर्नुपर्ने अवस्थामा वा आयोजना विस्तार गर्नुपर्ने अवस्थामा आयोजना निर्माण गर्ने निकायबाट वाह्य निर्माण सामग्री उपलब्ध गराउने व्यवस्था गरिनुका साथै खानेपानी आयोजनाहरुको ठूलठूला मर्मत सम्भारसम्बन्धी निर्देशिका, दिग्दर्शन आदिको विकास गरी व्यापक प्रचार प्रसार गरिनेछ । खानेपानी वितरणमा हुने चुहावटको नियन्त्रणको निमित्त चुहावट नियन्त्रण कार्यक्रमलाई सङगठनको नियमित कार्यक्रमको रुपमा सञ्चालन गराइनेछ ।

जनसाधन विकास : खानेपानी तथा सरसफाइ क्षेत्रमा सबै निकायहरुको लागि आवश्यक मध्यम स्तरीय जनशक्तिको उत्पादन, सीप बृध्दि तथा प्रविधि हस्तान्तरण जस्ता कार्यको लागि खानेपानी तथा ढल निकास विभाग अन्तर्गतको मौजुदा जनसाधन विकास एकाइलाई अर्द्ध स्वशासित संस्थाको रुपमा विकास गरिनेछ । खानेपानी कार्यालय, उपभोक्ता समिति, गैरसरकारी संस्था, सामुदायिक विकास संस्था तथा खानेपानी तथा सरसफाइसँग सम्बन्धित अन्य निकायमा कर्मचारीहरुको सीप बृद्धिको लागि निशुल्क/सशुल्क तालिम, गोष्ठी तथा प्रशिक्षणको व्यवस्था गरिनेछ । स्वास्थ्य शिक्षाको सम्बन्धमा प्रचार तथा प्रसारको लागि स्वास्थ्य मन्त्रालय अन्तर्गतका मौजुदा निकायहरुसँग निकटतम समन्वय कायम गरी स्वास्थ्य तथा सरसफाइ चेतना सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

समन्वय : मौजुदा केन्द्रीय खानेपानी समन्वय समिति र राष्ट्रिय खानेपानी तथा सरसफाइ समितिको सक्रियतामा खानेपानी तथा सरसफाइसँग सम्बन्धित निकायहरुको आपसी समन्वयलाई कार्यमूलक र विश्वसनीय बनाउँदै लगिनेछ । वैदेशिक सहायता बढाउन र परिचालन गर्न दातृ संस्थाहरुसँगको समन्वयलाई प्रभावकारी बनाइनेछ । खानेपानी तथा सरसफाइ सेवा सम्बन्धित उपयुक्त प्रविधि व्यवस्थापन प्रणाली, सूचना तथा प्रसार आदिको जानकारी आदान प्रदानको लागि अन्तर्राष्ट्रिय संस्थाहरुको सदस्यता लिने र त्यस्ता संस्थाहरुसँग समन्वय बढाउने प्रयास गरिनेछ ।

गैरसरकारी संस्था परिचालन : खानेपानी तथा सरसफाइ आयोजनाहरुको छनौट, कार्यान्वयन तथा सञ्चालनमा स्थानीय गैरसरकारी संस्थाहरुलाई उपभोक्ता समितिको सहयोगी संस्थाको रुपमा परिचालन गर्नुका साथै त्यस्ता संस्थाहरुको सीप एवं क्षमता विकसित गर्दै लगिनेछ । गैरसरकारी संस्थाहरुबाट हुने कामहरु, काम गर्ने वातावरण तथा विभिन्न निकायहरु बीच हुने समन्वय आदिको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

अनुगमन तथा मूल्याङकन : खानेपानी आयोजनाहरुमा स्तरीय निर्माण कार्य भए नभएको अनुगमन गर्नको निमित्त जिल्ला, क्षेत्र तथा केन्द्र गरी विभिन्न तहबाट निरीक्षण गर्ने परिपाटीलाई व्यवस्थित तथा सुदृढ गरिनेछ । निर्माण कार्य सम्पन्न भएपछि आयोजनाहरुको क्षेत्र वा केन्द्र तहका प्राविधिकहरुबाट निरीक्षण गराई आयोजना सम्पन्न प्रतिवेदन लिने परिपाटी अपनाई सम्पन्न आयोजनाहरुको प्रभावकारिता बारे मूल्याङकन गर्नको निमित्त उपलब्धिमूलक अनुगमन (Benefit Monitoring) मा जोड दिइनेछ ।

९. कार्यक्रम

नवौं योजनाको अन्तसम्म सम्पूर्ण जनतालाई खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यअनुरुप योजना अवधिमा ग्रामीण क्षेत्रमा थप ७८ लाख ५० हजार र शहरी क्षेत्रमा थप १८ लाख ५० हजार गरी कुल ९७ लाख थप जनसङख्यालाई खानेपानीको सुविधा उपलब्ध गराइनेछ । साथै गार्हस्थ्य एवं वातावरणीय सरसफाइसम्बन्धी जनचेतना अभिवृध्दि कार्यक्रमको सञ्चालनमा व्यापकता ल्याइनेछ । व्यापक प्रचार प्रसार तथा तालिमको माध्यमबाट उपभोक्ताहरुलाई निजीस्तरमा स्थलगत शौचालय निर्माण गर्न अभिप्रेरित गरिनेछ । यस योजनाको अन्तसम्म कुल ५० प्रतिशत जनताले सरसफाइ सुविधा उपलब्ध गराइनेछ ।

ग्रामीण क्षेत्र कार्यक्रम

ग्रामीण क्षेत्रका सम्पूर्ण जनतालाई खानेपानी सुविधा उपलब्ध गराउन भौगोलिक स्थिति एवं उपलब्ध पानीको स्रोतअनुरुप विभिन्न प्रविधिका आयोजनाहरु सञ्चालन गरिनेछ । क्रमागत रुपमा सञ्चालन भैरहेका आयोजनाहरु सम्पन्न गर्न प्राथमिकता दिइनेछ । पहाडी क्षेत्रमा जनघनत्व समेतलाई विचार गरी सकेसम्म पाइप प्रणालीका आयोजनाहरु सञ्चालनलाई प्राथमिकता दिइनेछ । मुख्य बस्तीबाट छरिएर बसेका परिवार एवं पाइप प्रणाली सम्भव नभएका ठाउँहरुमा परम्परागत रुपमा चलनचल्तीमा रहेका खानेपानीका स्रोतहरुको सुधार तथा संरक्षण गरिनेछ । पानीको स्रोतको विकटता र उपभोक्ताहरुको आयोजना मर्मत सम्भार र सञ्चालन गर्न सक्ने क्षमता समेतलाई विचार गरी सौर्य ऊर्जा तथा विद्युतीय ऊर्जाका पम्पिङ्ग प्रणालीको निर्माणमा समेत ध्यान दिइनेछ । अति विकट, स्रोतको विकल्प नभएका ठाउँमा बर्षादको पानी सङकलन गरी खानेपानी आपूर्ति गर्ने व्यवस्था गरिनेछ । तराईका अधिकांश भागमा भूमिगत जल उपयोग गर्न सकिने भएकोले हाते पम्प र डीप बोरिङ तथा इनार निर्माण कार्यक्रमहरु सञ्चालन गरिने छन् । यी कार्यक्रमहरु यात्रुहरुको सुविधाको लागि महेन्द्र राजमार्गको छेउछाउमा पनि सञ्चालन गरिनेछ । घरेलु तथा वातावरणीय सरसफाइमा उपभोक्ताहरुलाई जागरुक गराई सुलभ शौचालय निर्माण गर्न र अन्य सरसफाइ कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।

ग्रामीण खानेपानी तथा सरसफाइ कोष कार्यक्रम

खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकासमा स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था वा निजी क्षेत्रका संस्थाहरुलाई आर्थिक, प्राविधिक एवं संस्थागत सहयोग उपलब्ध गराई उनीहरुको माध्यमबाट आयोजना तर्जुमा, कार्यान्वयन तथा सञ्चालन गर्न उपभोक्ता समूहलाई टेवा पुऱ्याउने उद्देश्यले आ.व. २०५३।५४ देखि अन्तर्राष्ट्रिय विकास संस्थाको ऋण सहयोगमा खानेपानी तथा सरसफाइ कोष विकास समिति स्थापना गरी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । उक्त सहयोगबाट ग्रामीण क्षेत्रमा ९०० आयोजनाहरु सम्पन्न गरी ग्रामीण समुदायलाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराइनेछ ।

यसअन्तर्गत पहाडी भेगमा पाइप प्रणालीका र तराईमा स्यालो तथा डिपसेट टयुबबेल र इनार निर्माण कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका साथै समुदाय परिचालन, अनौपचारिक शिक्षा, स्वास्थ्य तथा सरसफाइ शिक्षा, अधिकतम महिला सहभागिता एवं क्षमता वृध्दि, सहयोगी संस्था तथा उपभोक्ता समूहहरुको क्षमता वृध्दि, सीपमूलक तालिम जस्ता कार्यक्रमहरु पनि सञ्चालन गरिनेछ ।

शहरी क्षेत्रको कार्यक्रम

ठूला शहरको मौजुदा खानेपानी प्रणालीबाट वर्तमान जनसङ्ख्यालाई समेत पानी वितरण गर्न नसकिएको हालको स्थिति र बढ्दो जनसङ्ख्याको चापका कारण शहरी क्षेत्रको खानेपानीको समस्याले विकराल रुप लिदै जाने देखिन्छ । यसस्थितिको सामना गरी खानेपानीको उचित प्रबन्ध गर्न नवौं योजना अबधिमा उपयुक्त प्रविधिका नयाँ आयोजनाहरु कार्यान्वयन तथा सञ्चालन गरिनेछ ।

अधिराज्यका नगरपालिकाहरुमा नियमित एवं भरपर्दो खानेपानी सुविधा उपलब्ध गराउन नगरपालिकाहरुलाई संलग्न गराइ मौजुदा प्रणालीहरुको व्यापक सुधार, विस्तार र नवीकरण गरिनेछ । पहाडी भेगका नगर क्षेत्रहरुमा नयाँ पाइप प्रणालीका आयोजनाहरु निर्माण गरिनुका साथै परम्परागत स्रोतहरुको मर्मत सुधार तथा संरक्षण गरी प्रयोगमा ल्याइनेछ । तराई नगर क्षेत्रका मुख्य बजारहरुमा पम्पिङ्ग प्रणालीका आयोजनाहरु निर्माण गर्न प्राथमिकता दिई बाँकी भागहरुमा स्यालो टयुबबेल जडान गरिनेछ ।

शहरी क्षेत्रको वातावरणीय सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि निकास ढल निर्माणमा विशेष ध्यान दिइनेछ । ढल निकास नभएका स्थानहरुमा सेफ्टी ट्याङ्क सहितको निजी शौचालय निर्माण गर्न उपभोक्ताहरुलाई उत्प्रेरित गरिनेछ । बर्षाद ढल तथा नदी नालाहरुमा निकास ढल जोडी बातावरण प्रदूषण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

उपत्यका बाहिरका प्रमुख शहरहरु

तीव्रदरले जनसंख्या वृध्दि भैरहेका अधिराज्यका प्रमुख शहरहरु धरान, विराटनगर, जनकपुर, बीरगञ्ज, हेटौडा, पोखरा, बुटवल, भैरहवा र नेपालगञ्जमा गार्हस्थ्य प्रयोजन तथा अन्य औद्योगिक र व्यापारिक प्रयोजन समेत गरी कुल खानेपानीको माग बार्षिक ६ देखि ९ प्रतिशतका दरले बृध्दि भइरहेको छ । नवौं योजनावधिमा यी नगरहरुमा खानेपानीको स्रोत बृध्दि गरी आवश्यक मात्रामा उपलब्ध गराउनुका साथै भैरहेका सॅरचनाहरुको पुनर्स्थापना गरी खानेपानी प्रणालीलाई प्रभावकारी बनाइनेछ । सतह स्रोतबाट उपलब्ध पानीको गुणस्तर सुधार गर्न प्रशोधन केन्द्रहरु निर्माण गरिनेछ भने भूमिगत स्रोतबाट उपलब्ध पानीलाई पनि क्रमिक रुपमा प्रशोधन गरी वितरण गर्ने परिपाटी अपनाइनेछ । यस वाहेक अन्य शहरी एवं शहरोन्मूख क्षेत्रहरुमा खानेपानी समस्या समाधान गर्नव्यापक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

काठमाडौं उपत्यका शहरी क्षेत्र कार्यक्रम

काठमाडौं उपत्यकामा हुँदै गएको द्रुततर जनसंख्या वृध्दिले खानेपानी आपूर्तिको अवस्था दिनानुदिन ह्रसोन्मुख हुँदै गइरहेको छ । उपत्यकाका शहरी क्षेत्रहरुको खानेपानीको माग हाल प्रति दिन करिब १४ करोड ५० लाख लिटर रहेको अनुमान गरिएको छ भने बर्षायाममा दैनिक करिब ११ करोड ५० लाख र सुक्खायाममा करिब ८ करोड लिटर मात्र आपूर्ति हुने गरेको छ । यसरी उपत्यकाको शहरी क्षेत्रमा विगत आठौं योजनावधिमा खानेपानीको मागको तुलनामा आपूर्ति ज्यादै न्यून रहेको छ ।

नवौं योजनाको अन्त्यसम्ममा खानेपानीको मागमा वृध्दि भइ करिब १८ करोड २० लाख लिटर प्रतिदिन पुग्ने अनुमान गरिएको छ । यस मागलाई पूर्ति गर्न नवौं योजना अवधिमा थप पानी आपूर्ति गर्ने नयाँ आयोजनाहरु र चुहावट कम गरी विद्यमान प्रणालीलाई सुदृढ गर्ने आयोजनाहरु पनि सञ्चालन गर्नुका अतिरिक्त शिवपुरी जलाधार क्षेत्रको समुचित विकास र प्रवन्ध गरी खानेपानीको स्रोतमा निरन्तरता ल्याइनेछ ।

मौजुदा निकास ढल तथा बर्षाद ढललाई प्रभावकारी बनाउन यी ढलहरुको पुनर्स्थापना गरिनेछ । काठमाडौंको केही क्षेत्रमा मात्र सीमित निकास ढलको व्यवस्थालाई विस्तार गरी सबै क्षेत्रमा पुऱ्याइनेछ । मौजुदा ढल प्रशोधन केन्द्रहरुको पुनर्निर्माण गरी सञ्चालनमा ल्याइनेछ । प्राकृतिक स्रोतहरु प्रदूषित हुन नदिन खोलामा फोहरमैला फाल्ने कार्यलाई पूर्णतया रोक लगाउनुका साथै खोलामा मिसाइने निकास ढलको गुणस्तर निर्धारण गरिनेछ र यसको कार्यान्वयनलाई निरन्तर अनुगमन तथा मूल्यांङ्कन गरिनेछ ।

मेलम्ची - खानेपानी आयोजना

काठमाडौं उपत्यकामा खानेपानी आपूर्तिको दीर्घकालीन समस्या समाधान गर्न मेलम्ची खानेपानी आयोजना प्राविधिक, आर्थिक तथा वातावरणीय दृष्टिकोणवाट उपयुक्त ठहऱ्याइएको आयोजना हो । सिन्धुपाल्चोक जिल्ला स्थित मेलम्ची खोलावाट सुरुङ (टनेल) को माध्यमद्धारा पानी ल्याइ जलविद्युत उत्पादन गरी साविकको खानेपानी वितरण प्रणालीमा आवश्यक सुधार गरी वितरण गर्ने लक्ष्य रहेको छ। यस आयोजनावाट दैनिक १७ करोड लिटर पानी थप उपलब्ध हुन गई आउने दशकसम्मको काठमाडौं उपत्यकाको माग पूरा गर्न सकिने अनुमान छ ।

विविध

सेवास्तर वृध्दि कार्यक्रम : नवौं योजना अवधिमा खानेपानीको सेवास्तर वृध्दि कार्यक्रम सञ्चालन गरिनेछ । निर्मित खानेपानी आयोजनाहरुबाट निर्धारित सेवास्तरको सुविधा उपलब्ध गराउन सुधार विस्तार तथा नवीकरण, गुणस्तर सुधार आयोजना जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

मर्मत सुधार तथा हस्तान्तरण कार्यक्रम : खानेपानीको नियमित एवं भरपर्दो आपूर्ति व्यवस्था सुनिश्चित गर्न र आयोजना दिगो राख्न निर्मित खानेपानी आयोजनाहरु उपभोक्ता समितिहरुको सक्रिय सहभागिता तथा अगुवाइमा मर्मत सुधार तथा नवीकरण गर्ने व्यवस्था मिलाइनेछ । निर्माण सम्पन्न भैसकेका तर उपभोक्ता समितिलाई हस्तान्तरण हुन बाँकी सबै ग्रामीण खानेपानी आयोजनाहरु आवश्यकताअनुसार उपभोक्ताहरुको सक्रिय सहभागिता तथा नेतृत्वमा मर्मत सुधार नवीकरण गरेर उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरिनेछ । साथै शहरी क्षेत्रको खानेपानी आयोजनाहरुमा बैकल्पिक साङगठनिक व्यवस्थाको अवधारणालाई मूर्तरुप दिइ नियमित मर्मत सम्भार तथा नवीकरणको व्यवस्था मिलाइनेछ ।

सहयोगी कार्यक्रम

नवौं योजनामा निर्धारित लक्ष्य हासिल गर्न विभिन्न तहमा तालिम, गोष्ठी, अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गरिने । खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत संस्थाहरु, उपभोक्ता समिति एवं आयोजना सञ्चालन तथा मर्मत सम्भारमा संलग्न कर्मचारीहरुलाई आवश्यकताअनुरुप तालिमको व्यवस्था गरिनेछ । खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धित सूचनाहरु जिल्ला क्षेत्र तथा राष्ट्रियस्तरमा सङ्कलन गरी संस्थागत तवरले राख्न आवश्यक व्यवस्था गरिनुका साथै सूचना प्रवाह प्रणालीलाई सुदृढ तथा भरपर्दो बनाइनेछ ।

वाग्मती क्षेत्र ढल निर्माण/सुधार कार्यक्रम : बाग्मती नदीको उद्गमस्थल शिवपुरीदेखि चोभारसम्म बाग्मती नदीलाई पूर्णरुपमा सफा राख्न नदीमा कुनै पनि किसिमको दूषित ठोस वा तरल पदार्थ सोझै पर्न नदिने उद्देश्यले यस आयोजनाको सञ्चालन भैइरहेको छ । यसका लागि प्रथमचरणमा श्री पशुपतिनाथको मन्दिरसमेत रहेको गोकर्णदेखि तिलगंगासम्म वागमतीको खण्डलाई प्रदूषणरहित गर्ने कार्यक्रम रहेको छ । दोश्रो तथा तेस्रो चरणमा तिलगंगादेखि तल चोभारसम्म नदीको दुवै किनारामा तथा गोकर्णदेखि तिलगंगासम्म नदीको पूर्वी किनारामा ढल निर्माण गर्ने लक्ष्य रहेको छ । उपत्यकालाई स्वच्छ र प्रदूषणरहित बनाउनका लागि बाग्मती नदीको दुवै किनारामा ढल तथा सडक निर्माण गर्नुका साथै विभिन्न नदीहरु तथा बाग्मती नदीको सँगमस्थलमा ७ ढल प्रशोधन केन्द्र निर्माण गर्ने लक्ष्य राखिएको छ । यसका साथै विष्णुमती तथा मनोहरा नदीका मध्यक्षेत्रमा पनि प्रशोधन केन्द्रहरुको निर्माण गरिनेछ । नवौं योजना अवधिमा गोकर्णदेखि धोवीखोला बागमती दोभानस्थलसम्मको ढल निर्माणकार्य तथा दुई प्रशोधन केन्द्रको निर्माण सम्पन्न गरिनेछ ।

फोहर मैला व्यवस्थापन तथा स्रोत परिचालन कार्यक्रम : ग्रामीण क्षेत्रमा विभिन्न स्रोतवाट निस्कने फोहोरमैलाको व्यवस्थित निष्कासनका लागि, वातावरणीय सरसफाइ कार्यक्रमसँग आवद्ध गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ । जनमानसमा फोहोरमैलाको अव्यवस्थित निष्कासनवाट वातावरण तथा जनस्वास्थ्यमा पर्ने असरहरु वारे जनचेतना अभिवृद्धि कार्यक्रमको माध्यमद्धारा उत्तरदायित्व वोध गराइ जनसमुदायलाई फोहोरमैला स्वव्यवस्थापन गराउन उत्प्रेरित गरिनेछ ।

शहरी तथा अर्द्धशहरी क्षेत्रमा निस्कने फोहोरमैलाको व्यवस्थापन निजी तथा गैरसरकारी निकायको संलग्नतामा स्थानीय निकायहरुवाट गरिनेछ । फोहोरमैलालाई स्रोतको रुपमा समेत प्रयोग गर्न सकिने हुंदा यसलाई व्यवसायीकरण गर्न विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

नवौं योजनामा खानेपानी तथा सरसफाइ क्षेत्रमा अवलम्वन गरिने माथि उल्लेखित नीति तथा रणनीतिहरुबाट यस क्षेत्रको दिगो विकास हुन गइ खानेपानीको मौजुदा सेवास्तरमा पर्याप्त सुधार हुने विश्वास गरिएकोछ । साथै यस क्षेत्रको समुचित विकासवाट जनस्वस्थ्य जनशक्ति हुन गइ राष्ट्रिय उत्पादकत्वमा अनुकुल प्रभाव पर्न जाने अपेक्षा गरिएको छ ।

१३.७ सामाजिक सुरक्षा

१३.७.१ विकास कार्यक्रममा आदिवासी तथा जनजाति

१. पृष्ठभूमि

नेपाल वहुभाषिक, वहुधार्मिक एवं वहुजातीय समुदायको बासस्थान हो । मुलुकको समग्र विकासका निम्ति यी प्रत्येक समुदाय एवं जातजातिहरुको सन्तुलित प्रगति जति जरुरी छ, उनीहरुको ज्ञान, सीप र क्षमताको परिचालन पनि त्यतिकै आवश्यक छ । प्रजातन्त्रको मूलमन्त्र नै सामाजिक प्रतिभा र क्षमतालाई प्रस्फुटित गराउनु र समान अवसर प्रदान गर्नु हो जसको प्रारम्भ हाम्रो देशमा २००७ सालको जनक्रान्तिसँगै प्रारम्भ भएको हो । त्यस पश्चातका अवधिमा केही आधारभूत पूर्वाधारहरु सिर्जना भए पनि योजनाले अपेक्षा गरे अनुरुप आर्थिक एवं सामाजिक विकासमा सबै लक्षित समुदायले आफ्नो स्पष्ट सहभागिता अनुभूत गर्न सकेका छैनन् । विगतमा लक्षित वर्गका निम्ति विभिन्न कार्यक्रम सञ्चालन नभएको पनि होइन । तर राज्यले संचालन गरेको विकास कार्यक्रम र आदिवासी तथा जनजातिहरुको अपेक्षाबीच तालमेल हुन सकेन । यसो हुनुको प्रमुख कारण राष्ट्रिय विकास प्रयासमा उनीहरुको शक्तिको सही परिचालन हुन नसक्नु, विकासका अवधारणामा यी समुदायको सीप र क्षमतालाई अमूल्य सम्पत्तिका रुपमा लिन नसकिनु, लक्षित कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर हुनु, कार्यान्वयन गर्ने कार्यविधि उपयुक्त नहुनु, कार्यक्रमहरुलाई समन्वयात्मक र प्याकेजका रुपमा नलगिनु तथा लाभान्वित वर्गमा जागरण ल्याइ उनीहरुलाई विकास कार्यक्रममा सहभागी गराउन नसकिनु नै देखिएको छ ।

यसबाट आदिवासी तथा जनजाति समुदायले आफू मूलधारबाट अलग भएको महसुस गर्नुका साथसाथै राज्यले विकासको प्रयास भन्दा पर रहेको अनुभव गरेको पाइएको छ । यसै तथ्यलाई मनन गरी आदिवासी तथा जनजातिहरुले विकास कार्यक्रमहरुमा स्वाभिमानका साथ साझेदारका रुपमा सहभागी हुन सकुन् र मुलुकको समानुपातिक एवं सन्तुलित विकासमा अन्य सरह योगदान रहेको उनीहरुले पनि अनुभव गर्न सकुन् भन्ने अभिप्रायले विकास कार्यक्रममा आदिवासी तथा जनजातिको परम्परागत सहभागिता भन्दा माथि उठेर विशेष स्थान र क्रियाशील भूमिका खोजिएको छ । यस प्रकारको भूमिका निर्वाह गर्न उचित वातावरणको सिर्जना गर्न राज्यले लिने नीतिलाई पनि स्पष्ट पारिएको छ । यसलाई मनन गरी आदिवासी तथा जनजातिको विकासको अपेक्षा पूरा गर्ने कार्यमा मात्र सीमित नरही विकासमा "आदिवासी एवं जनजातीको क्रियाशील भूमिका" को नीति र सिद्धान्तलाई अगाडि बढाउन खोजिएको छ । त्यसैले अवको कार्यक्रम कल्याणकारी प्रकृतिको भन्दामाथि उठेर उनीहरुको मनोवल बढाई उनीहरुमा अन्तरनीहित प्रतिभा स्वस्फूर्त ढंगले फस्टाउने उपयुक्त वातावरण, प्रोत्साहन र सहयोगका लागि प्रेरितको कार्यक्रम हुनेछ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजनामा आदिवासी तथा जनजाति समुदायलाई लक्षित गरी एकीकृत कार्यक्रम सञ्चालन नगरिएको भए तापनि समाज कल्याणका विभिन्न कार्यक्रम संचालन गर्ने लक्ष्य भने राखिएको थियो । सामाजिक एवं आर्थिक दृष्टिकोणले पिछडिएका समुदायहरुलाई लक्षित गरी एकीकृत सामुदायिक विकास कार्यक्रम, अध्ययन, अनुसन्धान एवं सर्वेक्षण कार्यक्रम, सामाजिक सुरक्षा छात्रवृत्ति आयोजना, समाज कल्याण केन्द्र सुदृढीकरण एवं विकास कार्यक्रम, पुनःस्थापन कार्यक्रम, सीपमूलक प्रशिक्षण आयोजना, नारी कल्याणगृह, महिला विकास कार्यक्रम, सामाजिक सर्वेक्षण तथा अध्ययन कार्यक्रम, ग्रामीण स्वरोजगार विकास कार्यक्रम, सामाजिक जनजागरण कार्यक्रम, बँधुवा मजदुर पुनःस्थापन कार्यक्रम,

शैक्षिक विकास पर्यावरण संरक्षण आदि विभिन्न कार्यक्रम संचालन गरिए । यस्ता कतिपय कार्यक्रम आठौं योजना अघिदेखि नै संचालित छन् । पृथक रुपमा हेर्दा यी कार्यक्रमहरुको प्रगति सन्तोषजनक पाइए पनि समग्रमा मूल्यांकन गर्दा अझै पनि समुदाय समुदायबीचको दूरी कम गर्ने दृष्टिबाट अपेक्षा गरेपनि हुन सकेको पाइएको छैन । साथै लक्षित कार्यक्रममा मात्र सीमित रहँदा समष्टिगत परिवर्तनका सम्भावना र दायरा संकुचित हुने स्थिति देखिएको छ । प्रजातन्त्रको पुनःस्थापनापश्चात् पनि यी समुदायको भावनालाई समेटेर राष्ट्र अगाडि बढेको अनुभूति हुन सकेको छैन । समग्रमा लक्षित कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा निम्न कमजोरीहरु देखिएका छन् ।

- विकेन्द्रीकरणको लहर (wave) अनुरुप स्पष्ट धारणा बनिनसकेको र स्थानीय निकायको स्वायत्तताको प्रकृति र स्वरुप तयार भइनसकेकोले पिछडिएको जनजातिको विकासका लागि प्रभावकारी संस्थागत परिपाटीको विकास हुन नसक्नु ।
- जनजाति विकास कार्यक्रम केन्द्रबाट लादिएको प्रकृतिको हुनुले यस्ता कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा यो समुदायलाई आकर्षित गर्न नसकिनु ।
- आदिवासी तथा जनजातिलगायतका लक्षित समुदायले आफूलाई विकासका सहयात्रीका रुपमा भन्दा दयाको पात्रको रुपमा कार्यक्रम संचालन भएको अनुभव गर्नु ।
- कार्यक्रमहरुले जनजातिको सशक्तीकरणको समग्र पक्षलाई समेट्न नसक्नु ।
- मानव संसाधन विकासतर्फ उचित ध्यान नपुग्नु र भैसकेको संसाधन विकासको अनुगमन नहुनु ।
- आदिवासी तथा जनजातिको ज्ञान, सीप र जीवन प्रणालीको सही मूल्यांकन र उपभोग नहुनु ।

३. दीर्घकालीन अवधारणा

आदिवासी तथा जनजातिहरुलाई मुलुकका अन्य समुदायसँग विकासका सकृय साझेदार एवं सक्षम सहयात्रीका रुपमा अघि बढ्ने वातावरण सिर्जना गरी देशबाट सामाजिक असमानता, बेरोजगारी एवं गरिवी समाप्त गर्ने दीर्घकालीन अवधारणा राखिएको छ ।

नवौं योजना :

४. उद्देश्य

- आदिवासी तथा जनजाति समुदायको आर्थिक, सामाजिक विकास गरी सामाजिक असन्तुलनलाई निर्मूल गर्ने ।
- आदिवासी तथा जनजातिहरुको सांस्कृतिक सम्पदाहरुको खोजी र तिनको संरक्षण गरी मुलुकको समग्र सांस्कृतिक विकास स्तरलाई उकास्ने ।
- आदिवासी तथा जनजातिहरुको आर्थिक, सामाजिक तथा सामुदायिक सशक्तीकरण गरी उनीहरुको क्षमता अभिवृद्धि गर्ने ।

आदिवासी तथा जनजातिहरुको ज्ञान र सीपको प्रवर्द्धन र व्यवसायिक आधुनिकीकरण गर्दै साधनको पहुँच बढाई उनीहरुलाई राष्ट्र निर्माणमा सहभागी गराउने ।

५. नीति तथा कार्यनीति :

- विकेन्द्रीकरण, स्थानीय विकास एवं मानवीय संसाधनको विकास र परिचालनका माध्यमबाट आदिवासी तथा जनजातिहरुलाई आर्थिक तथा सामाजिक रुपमा सशक्तीकरण गर्दै लगिनेछ । यस्तो प्रक्रियामा जनसहभागितालाई मुख्य आधार बनाइनेछ ।

- आदिवासी तथा जनजातिहरुका लागि विद्यमान लक्षित कार्यक्रमहरुमा संरचनागत तथा संस्थागत सुधार गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्ने व्यवस्था गर्नुका साथै आवश्यक विशेष नयाँ कार्यक्रमहरुको थालनी गरिनेछ ।
- श्री ५ को सरकारबाट गा.वि.स.लाई जाने अनुदान रकमबाट एक निश्चित रकम आदिवासी तथा जनजातिहरुका लागि आय तथा रोजगारमूलक सीप विकास र प्रवर्द्धन कार्यक्रममा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- लक्षित समूहबीच काम गर्ने विशिष्टता हासिल गरेका गैरसरकारी संस्थाहरुलाई आदिवासी तथा जनजाति समूहमा कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- आदिवासी तथा जनजाति समुदायका गरिबहरुको शिक्षा, स्वास्थ्य, खानेपानी आदिको समुचित व्यवस्थाका लागि सरकारी र अन्य सम्बन्धित संस्थाहरुमार्फत् सुलभ ऋण सुविधासहित लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
- उच्च शिक्षा अन्तर्गत प्राविधिक विषयहरुमा आदिवासी तथा जनजातिहरुलाई प्रवेश गराउन प्राथमिकता दिइनेछ । यसैगरी विद्यालय तहमा यो समुदायका बालबालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।
- आदिवासी तथा जनजातिहरुका लागि शिक्षा एवं स्वास्थ्य सुविधाका अवसरहरु वृद्धि हुने कार्यक्रम लागू गर्नुका साथै तालिम आदिका माध्यमबाट मानवीय संसाधन विकासमा जोड दिइनेछ ।
- जनजाति एवं आदिवासीहरुले आफ्नो आवश्यकताअनुसारको कार्यक्रम/आयोजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्नसक्ने गरी उचित संस्थागत व्यवस्था गरिनेछ । स्थानीय साधन समेत परिचालन गर्नुपर्ने गरी सरकारका तर्फबाट एकमुष्ट अनुदान प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको ज्ञान, सीपको खोजी गरी पेशागत दक्षताको उचित मूल्यांकन र प्रयोग विकास कार्यमा गरिनेछ ।
- आदिवासी तथा जनजातिसम्बन्धी कार्यक्रम संचालन कार्यविधिलाई परिमार्जन गरी एकीकृत कार्यक्रमहरु संचालन गरिनेछ ।

६. कार्यक्रम

संस्थागत व्यवस्था र कार्यक्रम कार्यान्वयन कार्यविधि :

- आदिवासी तथा जनजातिहरुको वास्तविक आवश्यकता पहिचान गरी नीतिगत व्यवस्था, कार्यक्रम तर्जुमा र समन्वयका निम्ति केन्द्रमा उपयुक्त संस्थागत व्यवस्थाको अभाव महसुस भएको छ । यसैले जिल्ला तहबाट माग भइआउने कार्यक्रमहरु संयोजन गर्ने, श्री ५ को सरकारका विभिन्न केन्द्रीय निकायहरुबीच निरन्तर सम्पर्कमा रही नीतिगत व्यवस्था मिलाउने र यससम्बन्धी अन्य व्यवस्थापकीय कार्य समेत गर्न राष्ट्रिय तहमा एक स्वतन्त्र र सशक्त आदिवासी तथा जनजाति परिषद् गठन गरिनेछ । यस परिषद्मा, यसवारे योगदान पुऱ्याउने र समर्पित व्यक्तिहरु विभिन्न क्षेत्रका विशेषज्ञ, आदिवासी तथा जनजातिहरुलाई समावेश गरिनेछ । परिषद्मा ७५ प्रतिशत सदस्य जिल्लातहबाट निर्वाचित हुने व्यवस्था मिलाइनेछ । परिषद्का सदस्यहरुको सेवालाई न्यूनतम ३ वर्षसम्म निरन्तरता दिने व्यवस्था गरिनेछ ।
- जिल्लाहरुमा जिल्लास्तरीय आदिवासी तथा जनजाति समिति गठन गरिनेछ । पचहत्तरै जिल्लामा गठन गरिने यी समितिहरु केन्द्रको नीति तथा कार्यान्वयनमा सक्रिय सहयोगी शाखाका रुपमा जिल्ला विकास समितिको निकट सम्पर्कमा रही काम गर्नेछन् । यी समितिहरुले गा.वि.स.तहबाट उपयुक्त विकल्पसहितका कार्यक्रमहरु लिइ उपयुक्तता यकिन गर्नेछन् । त्यसैगरी जिल्लातहमा श्री ५ को सरकारबाट आदिवासी तथा जनजाति विकास परिषद्मार्फत् प्राप्त हुने रकम, दातृ संस्थाहरुबाट प्राप्त हुने रकम र जनसहभागितास्वरुप प्राप्त रकम जम्मा गर्न एक छुट्टै कोष

रहनेछ । यस कोषमा रहने रकम यी समितिहरुको निर्णयबमोजिम सम्बन्धित गा.वि.स. वा आदिवासी तथा जनजाति उपभोक्ता समूहलाई उपलब्ध गराइनेछ । यसका साथै यस समितिले जिल्ला विकास समिति र जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायहरुको सहयोग लिइ कार्यक्रम कार्यान्वयन वा यसका निम्ति प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यस समितिले नै विशेष कार्यक्रम समन्वय समितिका रुपमा भूमिका वहन गर्ने र ती कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्यांकन गरी आवधिक प्रतिवेदन परिषद्मा पेश गर्ने व्यवस्था गर्नेछ ।

- स्थानीय आवश्यकताको पहिचान गरी संचालन गरिनुपर्ने कार्यक्रमसम्बन्धी निर्णय गरेर जिल्ला तहमा पठाउने र जिल्लास्तरीय समितिबाट स्वीकृत भइ आएपछि आफ्नो समूहमार्फत् नै कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । कार्यक्रम संचालनसम्बन्धी विस्तृत कार्यविधिको रुपरेखा परिषद् र जिल्लास्तरीय समितिहरुले नै परिचालन गर्नेछन् । यसैगरी जिल्ला विकास समिति, गा.वि.स. र जिल्लास्तरीय सरकारी कार्यालयहरुले उक्त समितिबाट माग भइआउने प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिनेछ ।
- आदिवासी तथा जनजातिसम्बन्धी जिल्लास्तरीय समितिले आवश्यकताअनुसार गैरसरकारी संघ संस्थाहरुलाई परिचालन गरी साझेदारका रुपमा कार्यक्रम कार्यान्वयन गर्न सकिने सम्भावनाहरुलाई पहिचान गरी केन्द्रलाई उपयुक्त सुझाव र सल्लाह वरावर पठाउनेछ ।

मानव संसाधन विकास कार्यक्रम :

- आदिवासी तथा जनजातिहरुको शैक्षिक स्थितिमा सुधार ल्याउन आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउनुपर्ने चेतना अभिवृद्धि गर्न जिल्लास्तरीय समिति एवं अन्य उपभोक्ता समूहलाई परिचालन गरिनेछ । औपचारिक एवं अनौपचारिक शिक्षाका अन्य कार्यक्रमहरु सम्भव भएसम्म उनीहरुवाटै सम्पादित हुनसक्ने गरी विशेष रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रतिस्पर्द्धामा उत्रिइ प्रवेश गर्नुपर्ने कृषि, वन, इन्जिनियरिङ, चिकित्साशास्त्र आदि प्राविधिक उच्च शिक्षामा आदिवासी तथा जनजातिहरुको पहुँच बढाउन यस्ता प्राविधिक विषयहरुमा प्रवेशका लागि यो समुदायलाई प्राथमिकता दिइनेछ ।
- प्राविधिक शिक्षालयहरुमा आदिवासी तथा जनजातिहरुको प्रतिनिधित्व गराउन विशेष प्राथमिकता दिइनेछ । यसका लागि सम्बन्धित प्राविधिक शिक्षालयहरुको भर्ना क्षमता, आदिवासी तथा जनजातिहरुको आवेदन एवं संख्यालाई आधार मानी आवश्यक निर्णय लिने व्यवस्था गरिनेछ ।
- मातृभाषा र संस्कृतिका कारण आधारभूत शिक्षा हासिल गर्न परेका बाधालाई हटाउन मातृभाषामा प्राथमिक शिक्षा दिने व्यवस्था गर्दै लगी यसलाई सर्वसुलभ गर्ने व्यवस्था मिलाइनेछ ।
- परिवार नियोजन तथा मातृस्वास्थ्य सेवा कार्यक्रमको सकारात्मक प्रभाव आदिवासी तथा जनजातिहरुमा पुऱ्याउन सिधै यस्ता समूहलाई लक्षित गरी जनसंख्या शिक्षा, परिवार नियोजन तथा मातृशिशु कल्याणका विशेष कार्यक्रमहरुसंचालन गरिनेछ ।
- आदिवासी तथा जनजाति समुदायको घरदैलोमा सामान्य प्राथमिक सेवा र स्वास्थ्य शिक्षा प्रदान गर्न स्वास्थ्य कार्यकर्ताका रुपमा आदिवासी तथा जनजाति महिला स्वास्थ्य स्वयंसेविकाहरुको व्यवस्था गरिनेछ । यसका लागि उपयुक्त तालिमको व्यवस्था मिलाइनेछ ।
- आदिवासी तथा जनजाति समुदायका युवायुवतीहरु स्वदेश तथा विदेशमा विभिन्न नोकरी कार्यमा संलग्न छन् । शैक्षिक योग्यता कम भएको र न्यूनतम प्राविधिक तालिम समेतको अभावमा निम्नस्तरका काम र न्यून पारिश्रमिकमा उनीहरुलाई काम गर्नु परिरहेको छ । यस स्थितिमा सुधार ल्याउन स्वदेश तथा विदेशका श्रमबजारको माग पहिचान गरी उपयुक्त तालिमहरु संचालन गरिनेछ ।
- प्राविधिक शिक्षालय तथा अन्य तालिम संस्थाहरुमा भर्ना लिइँदा आदिवासी तथा जनजातिहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

- लक्षित समुदायमा कार्यक्रम संचालन गर्ने विशिष्टता हासिल गरिरहेका गैरसरकारी संस्थाहरुलाई परिचालन गरी श्रममूलक एवं रोजगारउन्मुख विशेष तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुलाई तालिम कार्यक्रममा संलग्न हुन अभिप्रेरित गर्नका रोजगार पाएपछि किस्तावन्दीमा सोधभर्ना गर्ने गरी तालिम खर्चको व्यवस्था जिल्लास्तरीय आदिवासी तथा जनजाति समिति शिफारिशमागरिनेछ ।
- समग्र सामाजिक चेतना (mass social awareness) कार्यक्रममार्फत अन्य समुदायलाई आदिवासी तथा जनजातिहरुको विकास क्रियाकलापको महत्व बताइनेछ । यसका साथै स्वास्थ्य सेवा, वातावरण संरक्षण जस्ता कार्यक्रम लागू गर्दा आदिवासी तथा जनजातिको सिप र ज्ञान परिचालन गरी संचालन गराइनेछ ।
- शिक्षा, स्वास्थ्य आदि कार्यक्रमहरु संचालन गर्दा आदिवासी तथा जनजातिहरुको व्यक्तित्व विकास तथा सशक्तीकरण पक्ष माथि विशेष ध्यान दिइनेछ ।
- उक्त कार्यक्रमहरु चरणवद्ध रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- जनजाति तथा आदिवासीहरुलाई विकासको राष्ट्रिय मूल प्रवाहमा सक्रिय गराउने उद्देश्यले जातीय विभेद, सामाजिक असमानतालाई हटाउन योगदान पुऱ्याउने कुनै पनि वर्ग, समुदाय र क्षेत्रका समाजसेवी एवं सहयोगीहरुलाई प्रोत्साहन दिने विषयमा समेत ठोस कार्यक्रम बनाइनेछ ।

अन्य आर्थिक तथा सामाजिक विकास कार्यक्रम :

- श्री ५ को सरकारबाट विऊ पुँजी (seed money) उपलब्ध गराइ स्थानीय सहभागिताद्वारा स्रोत परिचालन गर्न लगाएर आय आर्जनका अन्य कार्यक्रमहरु संचालन गर्न अभिप्रेरित गरिनेछ । यस्ता कार्यक्रमहरुमा उद्योगतर्फ परम्परागत सीप, कला प्रवर्द्धन तथा बजार व्यवस्थापन कार्यक्रम, कृषितर्फ विशेष जनजाति बसोबास क्षेत्र, बाली विविधीकरण कार्यक्रम, जनजाति बसोबास क्षेत्र प्रविधि हस्तान्तरण एवं प्रसारण कार्यक्रम, स्थानीय विकासतर्फ सामाजिक विकास, विशेष जनजाति पुनर्स्थापना जस्ता कार्यक्रम संचालन गरिनेछ । यी कार्यक्रमहरुको विस्तृत प्रारुप प्रस्तावित परिषद् र जिल्लास्तरीय समितिहरुले तयार गरी पहिचान गरिए अनुरुप कार्यान्वयन गरिनेछन् । यसको लागि श्री ५ को सरकारले आवश्यक नीतिगत एवं प्राविधिक सहयोग प्रदान गर्नेछ ।
- सांस्कृतिक विशेषता नेपालको अमूल्य निधि भएकाले आदिवासी तथा जनजातिहरुको कला र संस्कृतिको विकास एवं सम्वर्द्धनका लागि आदिवासी तथा जनजाति संग्रहालयको स्थापना, अनौपचारिक मातृभाषा शिक्षा कार्यक्रम र जनजाति अध्ययन केन्द्रको स्थापना गरी कार्यक्रम संचालन गरिनेछ ।
- गरिबी निवारणका अन्य विविध कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि पनि आदिवासी तथा जनजाति विकास समितिहरु गठन हुने क्षेत्रमा यी समिति, समूहहरुलाई नै परिचालन गरी रोजगारीका अवसर बढाइने र आय आर्जनका अवसरहरु सिर्जना गरिनेछ ।
- आदिवासी तथा जनजाति समूहहरुलाई विकास निर्माणका कार्यक्रम संचालन गर्न आवश्यक पुँजीको व्यवस्थाका लागि सुलभ ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय विकासका निम्ति प्रत्येक समुदायको सांस्कृतिक विशिष्टता र स्थानीय समुदायगत प्रविधि तथा सीप, कौसलको सदुपयोग गर्नु जरुरी भएकाले आदिवासी तथा जनजाति समुदायमा रहेको, सीप क्षमता तथा स्थानीय क्षेत्रमा उपलब्ध प्रविधिलाई परिचालन गर्न उत्प्रेरित गरिनेछ ।

विशेष व्यवस्था :

श्री ५ को सरकारबाट जि.वि.स. र गा.वि.स.मा जाने अनुदान रकमको एक निश्चित प्रतिशत अनिवार्य रुपमा आदिवासी तथा जनजातिहरुको विकास कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरिनेछ ।

अनुगमन तथा मूल्यांकन :

स्थानीयस्तरमा संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन प्रारम्भिक चरणमा स्थानीय आदिवासी तथा जनजाति समूहले नै गर्नेछ । जिल्लामा संचालित यस्ता कार्यक्रमहरुको नियमित समीक्षा र समन्वय स्थानीय विकास मन्त्रालय र प्रस्तावित परिषद्सँग समन्वय गरी जिल्लास्तरीय समितिहरुले गर्नेछ । केन्द्रीय परिषद्ले अधिराज्यभर संचालित कार्यक्रमहरुको समन्वय, अनुगमन तथा मूल्यांकन गरी सोको प्रतिवेदन स्थानीय विकास मन्त्रालयलाई उपलब्ध गराउने छ । श्री ५ को सरकारबाट उपलब्ध रकमको लगानी प्रभावकारिता तथा समन्वय, कार्यक्रमको प्रभाव एवं यसको दिगोपनासम्बन्धी मूल्यांकन स्थानीय विकास मन्त्रालयले गर्नेछ । यसका लागि नियमित सूचना एवं प्रतिवेदन गर्नुपर्ने उचित प्रणालीको विकास गरिनेछ ।

१३.७.२ विकास कार्यक्रममा दलित तथा उपेक्षित समुदाय

१. पृष्ठभूमि

सर्वाङ्गीण राष्ट्रिय विकासका निमित्त मुलुकभित्र वसोवास गर्ने सबै वर्ग समुदाय एवं जातजातिहरुको विकास हुनु अत्यावश्यक हुन्छ । प्रत्येक वर्ग, समुदायमा रहेको ज्ञान, सीप र क्षमताको समुचित परिचालनबाटै यो लक्ष्य पूरा हुन सक्नेहुन्छ । सामाजिकस्तरमा २००७ सालको जनक्रान्तिसंगै प्रारम्भ भएको छुवा-छुत भेदभाव अन्त्य गर्ने अभियान कानुनी रुपमा भने वि.सं. २०२० सालमा मुलुकी ऐन लागू भएपछि मात्र कानुनतः सामाजिक भेदभाव र छुवाछुत प्रथाको अन्त्य भएको हो । तर अझै पनि नेपाली सामाजिक परिवेशमा जातीय भेदभाव र यसवाट उत्पन्न समस्याहरु कायमै छ र छुवाछुत प्रथाका अवशेषहरु विद्यमान नै छन् । एकातर्फ उच्च भनिने जातजातिहरुबाट उपेक्षित रहनु परिरहेको छ भने अर्कोतर्फ गरिवीको समस्याबाट यो समूह नै वढी ग्रसित छ । दलित एवं लक्षित समूह उत्थानका निमित्त विगतमा कार्यक्रमहरु सञ्चालन पनि भए । तर, यो समूहले अनुभूत गर्न सक्ने रुपमा अन्य समुदायसँगको असमानताको दूरी कम हुन भने सकेन । साथै पेशागत हिसावले पनि हामी उपेक्षित छौं र राज्यले हाम्रो उचित संरक्षण र विकासमा ध्यान दिएको छैन भन्ने धारणा यस समूहमा रहेको पाइएको छ ।

प्रजातन्त्रको पुनस्थापनाका लागि समेत देशको समग्ररुपमा प्रजातान्त्रिक परिवर्तन ल्याउन भएका यावत संघर्षहरुमा दलित तथा उपेक्षित समुदायको भूमिका पनि उल्लेखनीय रहेको छ । यसको महत्वलाई समेत राष्ट्रियस्तरमा उजागर गर्ने आवश्यकता महसुस गरिएको छ । तर पनि दलित तथा उपेक्षित जातिहरुले अपेक्षा गरे अनुरुप प्रतिफल एवं सुधारको अनुभूति गर्न सकेको देखिएको छैन । यस्तो स्थिति रहनुको प्रमुख कारणहरुमा सञ्चालित विशेष कार्यक्रम एकीकृत रुपमा जान नसक्नु, कार्यान्वयन पक्ष एवं दिगोपना कमजोर रहनु, दलित समूहहरुलाई मुलुकको समग्र विकास प्रवाहमा समन्वित गरी कार्यक्रम सञ्चालन नहुनु र कार्यक्रमहरु सम्बन्धित समूहको आवश्यकता भन्दा पनि केन्द्रबाट लादिएको प्रकृतिका हुनुले सहभागिता हुन नसक्नु आदि नै देखिएका छन् । यी कमी कमजोरीहरुबाट समेत शिक्षा लिई नवौं योजनामा दलित तथा उपेक्षित जातिको विकासका निमित्त एकीकृत कार्यक्रम उक्त समूहकै सहभागितामा सञ्चालन गर्ने र राष्ट्रिय विकासमा अरु वर्ग, समुदायसँग सहयात्री एवं साझेदारका रुपमा संलग्न गराउने स्पष्ट दृष्टिकोणका साथ नीति तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा पिछडिएका जाति तथा समुदायको विकासका निमित्त स्थानीय विकास कार्यक्रम अन्तर्गत पिछडिएका क्षेत्रहरुमा आर्थिक तथा सामाजिक विकास गर्ने, ग्रामीण क्षेत्रमा वसोवास गर्ने विपन्न जनजाति एवं पिछडिएका समुदायको आर्थिक एवं सामाजिक स्तरमा वृद्धि गने तथा ग्रामीण विकास कार्यमा स्थानीय जनसमुदायको सहभागिता वढाई दिगो विकासका आधार सिर्जना गर्ने नीति राखी कार्यक्रम सञ्चालन गरिएको थियो । यसैगरी उक्त योजना अवधिमा सामाजिक सुरक्षा, छात्रवृत्ति आयोजना, सीपमूलक प्रशिक्षण आयोजना, ग्रामीण स्वयं रोजगार कार्यक्रम, सामाजिक जनजागरण कार्यक्रम आदि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका थिए । पृथक पृथक रुपमा हेर्दा यी प्रत्येक कार्यक्रमको प्रगति सन्तोषजनक नै रहेपनि दलित तथा उपेक्षित समुदायको जनजीवनमा अपेक्षाकृत परिवर्तन भने अनुभव मानिएको छैन । समग्रमा उक्त अवधिमा कार्यक्रम कार्यान्वयनमा निम्न वमोजिम कमजोरी एवं समस्याहरु देखिएका छन् ।

- विकेन्द्रीकरणको अवधारणा अनुरुप स्पष्ट कार्यक्रम वनिनसकेको र कानुनतः स्थानीय निकायको स्वायत्तताको प्रकृति र स्वरुप अपेक्षा गरिए अनुरुप तयार भई नसकेकोले पिछडिएको क्षेत्र र दलित तथा उपेक्षित समूहको विकासका लागि प्रभावकारी संस्थागत परिपाटीको विकास हुन नसक्नु ।
- दलित तथा उपेक्षित विकास कार्यक्रम लक्षित वर्गको सहभागितामा तर्जुमा र कार्यान्वयन नहुनुले लक्षित वर्गलाई व्यापक रुपमा सहभागी गराउन नसक्नु ।
- दलित तथा उपेक्षित समूहमा मानवीय संसाधन विकासतर्फ उचित ध्यान पुग्न नसक्नु र यो समूहले अपनाई आएको पेशा र सीपलाई राष्ट्रिय मान्यता दिई व्यवसायिक आधुनिकीकरण गरी अघि वढाउने उचित पद्धतिको विकास हुन नसक्नु ।
- दलित तथा उपेक्षित समूहले आफूलाई अन्य समुदायसँग विकासका साझेदार हौं भन्ने धारणा विकास गरिनसकेकोले सहयात्रीको रुपमा विकास कार्यक्रममा सहभागी हुन नसक्नु ।
- यो कार्यक्रम कार्यान्वयन गर्ने छुट्टै संस्थागत व्यवस्था र प्रक्रिया नहुँदा यसले कार्यान्वयनमा उचित प्राथमिकता पाउन नसक्नु ।

३. दीर्घकालीन दृष्टिकोण

दलित तथा उपेक्षित समूहलाई मुलुकका अन्य समुदायसँग विकासका सहयात्री तथा साझेदारका रुपमा सहभागी गराएर उनीहरुमा अन्तरनीहित प्रतिभा, सीप र ज्ञानलाई प्रष्फुटित हुनसक्ने वातावरण तैयार पार्न र यो समूहको जीवनस्तर उच्च वनाउन सरकारी क्षेत्रबाट मुख्य भूमिका खेलिनेछ । सामाजिक भेदभावलाई पूर्णरुपमा निर्मूल गर्नुका साथै यो समूह र अन्य समुदायको वीचको अन्तरलाई पूर्णतः अन्त्य गरिने तथा यस समूहमा रहेको वेरोजगारी एवं गरिवीलाई २० वर्षपछि निर्मूल गर्ने सोचकासाथ कार्यक्रम कार्यान्वयन गरिनेछन् ।

नवौं योजना :

३. उद्देश्य

- दलित तथा उपेक्षित समुदायको आर्थिक तथा सामाजिक विकास गरी जातिगत असमानता र विसङ्गत रुढीगत परम्परा निर्मूल गर्ने ।
- दलित तथा उपेक्षित समुदायको परम्परागत पेशालाई आधुनिकीकरण गरी उनीहरुको आर्थिक तथा सामाजिक क्षमता अभिवृद्धि गर्ने ।
- दलित तथा उपेक्षित समुदायको आर्थिक तथा सामुदायिक सशक्तीकरण गरी यस समुदायमा निहीत सीप, ज्ञान र क्षमतालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गराउने र राष्ट्रियस्तरमा हुनसक्ने विशेष योगदानका सम्भावनालाई पहिचान गरी तिनीहरुलाई प्रोत्साहित गर्ने ।
- राष्ट्रिय स्रोत, साधनको न्यायोचित एवं सन्तुलित वितरणको निमित्त उपयुक्त सामाजिक आधार तयार गर्ने ।
- सामाजिक भेदभावको भावनालाई अन्त्य गरी विभिन्न समुदायको सांस्कृतिक विशेषताहरुको संरक्षण गर्दै मुलुकको समग्र सांस्कृतिक विकास स्तरलाई उकास्ने ।

४. नीति तथा रणनीति

- विकेन्द्रीकरण, स्थानीय विकास एवं मानवीय संसाधन विकासका माध्यमबाट दलित तथा उपेक्षित समुदायलाई सहभागी गराई आर्थिक तथा सामाजिक रुपमा सशक्तीकरण गर्दै लगिनेछ ।

- दलित तथा उपेक्षित समुदायहरुका लागि विद्यमान लक्षित कार्यक्रमहरुमा संरचनागत तथा संस्थागत रुपमा सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था गर्नुका साथै केही विशेष नयाँ कार्यक्रमहरु शुरुवात गरिनेछन् ।
- दलित तथा उपेक्षित समुदायको परम्परागत व्यावसायिक सीप र पेशालाई संरक्षण र आधुनिकीकरण गरिने र वैकल्पिक रोजगारीका लागि व्यावसायिक तालिमका विशेष अवसर उपलब्ध गराइनेछ ।
- समुदायमा सामाजिक परिचालन र वचत तथा ऋण जस्ता कार्यक्रम मार्फत् सामुदायिक पुँजी निर्माण गर्नुकासाथै संस्थागत कर्जाको पहुँच वढाइनेछ ।
- श्री ५ को सरकारबाट गा.वि.स.मा जाने अनुदान रकमबाट केही निश्चित अंश दलित तथा उपेक्षितहरुको लागि आय तथा रोजगारमूलक कार्यक्रममा खर्च गर्ने व्यवस्था गरिनेछ ।
- दलित समुदाय वसोवास क्षेत्रमा सामाजिक सेवाहरु जस्तै शिक्षा, स्वास्थ्य तथा भौतिक विकासका खानेपानी तथा सरसफाई जस्ता कार्यक्रम प्राथमिकताको आधारमा सञ्चालन गरिनेछ ।
- प्राविधिक विषयका उच्च शिक्षामा दलित तथा उपेक्षितहरुको पहुँच पुऱ्याउने र यस समुदायलाई शैक्षिक छात्रवृत्तिका कार्यक्रमहरु प्रभावकारी रुपमा उपलब्ध गराइनेछ ।
- दलित समुदायहरुले आफ्नो आवश्यकता अनुसारको कार्यक्रम आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न सक्ने गरी उचित संस्थागत व्यवस्था गरिनेछ । साथै स्थानीय साधनहरु समेत परिचालन गर्नुपर्ने गरी सरकारका तर्फबाट एकमुष्ट अनुदान प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- दलित तथा उपेक्षित समुदाय सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि परिमार्जन गर्नुकासाथै कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरिनेछन् ।

५. कार्यक्रम

दलित तथा उपेक्षित समुदाय उत्थान सम्बन्धी नवौं योजनाका कार्यक्रम एवं कार्यान्वयन कार्यविधि निम्न वमोजिम हुनेछ ।

संस्थागत व्यवस्था र कार्यक्रम कार्यान्वयन कार्यविधि :

- दलित तथा उपेक्षित समुदायमा सञ्चालन गरिने कार्यक्रमको नीतिगत व्यवस्था समन्वय र रेखदेख गर्नका निमित्त केन्द्रीय स्तरमा एक सशक्त र स्वतन्त्र दलित तथा उपेक्षित समुदाय परिषद् गठन गरिनेछ । यसले जिल्लास्तरबाट माग भई आउने कार्यक्रमहरु संयोजन गर्ने, श्री ५ को सरकारका विभिन्न निकायहरुसँग सम्पर्क कायम राखी नीतिगत एवं व्यवस्थापकीय कार्य समेत गर्नेछ । यस परिषद्मा विभिन्न प्रकारले योगदान पुऱ्याउने समुदाय, वर्ग र क्षेत्रका समाजसेवीहरु, दलित समुदायका विशेषज्ञहरु समावेश गरिनेछन् । यस परिषद्मा ७५ प्रतिशत सदस्यहरु जिल्ला तहबाट निर्वाचित हुने व्यवस्था मिलाइनेछ । परिषद्का सदस्यहरुलाई न्यूनतम ३ वर्षसम्म निरन्तरता दिन आवश्यक व्यवस्था गरिनेछ ।
- जिल्ला तहमा पचहत्तरै जिल्लाहरुमा जि.वि.स. को निकट सम्पर्कमा रही काम गर्ने जिल्लास्तरीय दलित तथा उपेक्षित समितिहरु गठन गरिनेछन् । यी समितिहरुले अन्तर्गतका गा.वि.स.हरुबाट प्राप्त हुने दलित विकास सम्बन्धी कार्यक्रमहरुको प्राविधिक पक्ष एवं सम्भाव्यता समेत एकीन गरी शिफारिस गर्ने र स्वीकृत गर्नेछन् ।
- दलित तथा उपेक्षित परिषद् मार्फत् प्राप्त हुने रकम, दातृ संस्थाहरुबाट प्राप्त हुने रकम र जनसहभागिता स्वरुप उठ्ने रकम समेत जम्मा गर्न जिल्लास्तरमा एक छुट्टै कोष खडा गरिनेछ । यस कोषबाट जिल्लास्तरीय समितिको निर्णय वमोजिम गा.वि.स. वा दलित तथा उपेक्षित समूहलाई कार्यक्रम सञ्चालन गर्न रकम उपलब्ध गराउने व्यवस्था हुनेछ । यी समितिहरुले

आवश्यकता अनुसारको प्राविधिक एवं विशेषज्ञ सेवा जिल्लास्थित सरकारी एवं गैरसरकारी कार्यालयहरुबाट लिनेछन् । साथै आफ्नो मातहतमा सञ्चालित कार्यक्रमहरुको नियमित समीक्षा गरी परिषद्लाई प्रतिवेदन गर्ने कर्तव्य यी जिल्लास्तरीय समितिहरुको हुनेछ ।

- दलित तथा उपेक्षित समुदाय सम्बन्धी जिल्लास्तरीय समितिले आवश्यकता अनुसार गैरसरकारी संघ संस्थाहरुलाई परिचालन गरी साझेदारका रुपमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउन सक्नेछन् ।

मानव संसाधन विकास कार्यक्रम :

शिक्षा

- शैक्षिक चेतना नहुनु र न्यून पारिवारिक आयका कारणले गर्दा यो समुदायले उपलब्ध शैक्षिक अवसरको प्रयोग समेत गर्न सकिरहेका छैन । यस अवस्थालाई सुधार गर्न दलित वसोवास क्षेत्रमा हाल प्रदान गरिएको दलित छात्रवृत्तिमा व्यावहारिक वृद्धि गरिनुका साथै औपचारिक एवं अनौपचारिक शिक्षाका अन्य कार्यक्रमहरु मार्फत शैक्षिक चेतना अभिवृद्धि गरिनेछ ।
- दलित तथा उपेक्षित समुदायलाई प्राविधिक शिक्षालयहरुमा प्राथमिकताकासाथ भर्ना लिने व्यवस्था गरिनेछ । यसैगरी प्राविधिक उच्च शिक्षाका विषयहरु जस्तै कृषि, वन, ईन्जिनियरिङ्ग तथा चिकित्साशास्त्रमा यो समुदायको प्रतिनिधित्वको व्यवस्था हुनेछ ।
- अनिवार्य प्राथमिक शिक्षा तथा अनौपचारिक शिक्षालाई असरयुक्त वनाउन दलित समुदायबाटै हरेक जिल्लामा साक्षरता परिचालक (literacy mobilizer) नियुक्त गरी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित छात्रछात्राहरु वीच मात्र प्रतिस्पर्धा गराई एस.एल.सी. पछिका विज्ञान, व्यवस्थापन तथा अन्य प्राविधिक अध्ययन एवं उच्च शिक्षाका निमित्त एक निश्चित संख्याको दलित छात्रछात्रालाई मासिक छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गर्न एक दलित उच्च शिक्षा छात्रवृत्ति कोष खडा गरिनेछ । यस्तो छात्रवृत्तिका लागि जिल्लास्तरीय समितिहरुको सिफारिशमा परिषद्ले अन्तिम निर्णय लिनेछ ।
- उपलब्ध भएसम्म प्रत्येक माध्यमिक विद्यालयमा न्यूनतम एक योग्य दलित शिक्षक नियुक्त गर्नुपर्ने व्यवस्था गरिनेछ । यसैगरी जिल्लास्तरमा सवैभन्दा वढी संख्यामा दलित छात्रछात्रा पढ्ने उत्तीर्ण हुने विद्यालयलाई पुरुस्कार दिने व्यवस्था मिलाइनेछ ।

स्वास्थ्य तथा सरसफाई

- दलित समुदाय वसोवास क्षेत्रमा घुम्ती स्वास्थ्य क्लिनिक कार्यक्रमहरु सञ्चालन गरी आधारभूत स्वास्थ्यको पहुँचलाई सुगम तुल्याइनेछ ।
- जनसंख्या शिक्षा, परिवार नियोजन तथा मातृशिशु स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरु सिधै दलित समूहलाई लक्षित गरी सञ्चालन गरिनेछन् ।
- दलित तथा उपेक्षित समुदायहरुको घरदैलोमा प्राथमिक सेवा, स्वास्थ्य शिक्षा र सरसफाई सम्बन्धी चेतना अभिवृद्धि गर्न दलित महिला स्वयंसेविकाहरुको व्यवस्था गरिनेछ । यसका लागि गैरसरकारी संस्थाहरु मार्फत् प्रशिक्षण एवं प्रचार प्रसार कार्यक्रम सञ्चालन गरिनेछन् ।

तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम

- दलित समुदायहरुको परम्परागत पेशालाई आधुनिकीकरण गर्नका निमित्त तत्सम्बन्धी तालिमको विशेष व्यवस्था गरिनेछ । घरेलु तथा साना उद्योग विकास समितिवाट जिल्लामा सञ्चालन गरिने

तालिममध्ये दलितहरुको परम्परागत व्यवसाय सम्बन्धी तालिममा दलित वर्गकै प्रशिक्षार्थीलाई प्राथमिकता दिइनेछ । दलित व्यवसायीहरुका परम्परागत उत्पादनको वजार व्यवस्थापन गर्न घरेलु तथा साना उद्योग विकास समितिलाई विशेष स्रोत उपलब्ध गराइनेछ ।

- प्राविधिक शिक्षालयहरुमा प्रशिक्षार्थी भर्ना गर्दा दलित तथा उपेक्षित समुदायलाई विशेष प्राथमिकता दिने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- तालिम प्राप्त दलित समुदायलाई व्यवसाय गर्न पूँजीको अभाव नहोस् भनी संस्थागत ऋणको पहुँच पुऱ्याउन ग्रामीण विकास वैंकबाट विशेष सुलभ ऋण उपलब्ध गराइनेछ । नवौं योजनाको अन्त्यसम्ममा यस्तो प्राथमिकता प्राप्त ऋण सेवा २५ जिल्लामा विस्तार गरिनेछ ।
- सरकारी संस्थाहरु मार्फत दलित वसोवास क्षेत्रमा समग्र सामाजिक चेतना अभिवृद्धि (mass social awareness) कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- दलित व्यवसायी एवं कामदारको न्यूनतम ज्यालादारी तय गर्न आवश्यक अध्ययन अनुसन्धान गरिनेछ । यसैका आधारमा यस्तो श्रमको उचित न्यूनतम पारिश्रमिक निर्धारण गरी लागू गरिनेछ ।

अन्य सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु

- योग्य एवं तालिम प्राप्त दलित तथा उपेक्षित समुदायका व्यक्तिहरु वेरोजगार रहनु नपरोस् भन्ने तथ्यलाई दृष्टिगत गरी रोजगारीका विशेष कार्यक्रम सञ्चालन गरिनेछन् । उदाहरणका निश्चित संख्या दलित कामदारलाई रोजगारी दिने निजी क्षेत्रका उद्योगहरुलाई निश्चित प्रतिशतमा कर छुट दिइने व्यवस्था गरिनेछ । यसैगरी स्थानीय पूँजीलाई परिचालन गर्न वचत तथा ऋण कार्यक्रमहरु सञ्चालन गर्न लगाइने र स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।
- छुवाछुत तथा पानीको मूलको अनधिकृत अधिकरणबाट दलित वसोवास क्षेत्रमा खानेपानीको समस्या परम्परागत रुपमा रही आएको छ । यसलाई हटाउने र यसको निराकरण गर्न जिल्ला खानेपानी कार्यक्रम मार्फत वहुसंख्यक दलित वसोवास गर्ने क्षेत्र भएमा ति क्षेत्रमा खानेपानी आयोजनाहरु प्राथमिकताकासाथ सञ्चालन गरिनेछ ।

विशेष व्यवस्था

श्री ५ को सरकारबाट जि.वि.स. र गा.वि.स. मा जाने अनुदान रकमको निश्चित प्रतिशत दलित तथा उपेक्षित समुदायहरुको विकास कार्यक्रममा अनिवार्य रुपमा खर्च गर्नुपर्ने व्यवस्था गरिनेछ ।

अनुगमन तथा मूल्यांकन

दलित तथा उपेक्षित समुदायको विकासका निमित्त सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनको विशेष व्यवस्था मिलाइनेछ । प्रारम्भिक रुपमा यी कार्यक्रमहरु सञ्चालन, अनुगमन तथा मूल्यांकन सम्बन्धित उपभोक्ता समूहबाटै गराइनेछ । जिल्लास्तरीय समितिहरुले जिल्लास्तरमा सञ्चालित यस्ता कार्यक्रमहरुको समीक्षा नियमित रुपमा गरी त्यसको प्रतिवेदन केन्द्रीय परिषद् र स्थानीय विकास मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ । केन्द्रीय परिषद्ले समग्र कार्यक्रमको समन्वय, अनुगमन तथा मूल्यांकन गरी समीक्षाको प्रतिवेदन स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था हुनेछ । श्री ५ को सरकारबाट उपलब्ध रकमको लगानीको प्रभावकारिता तथा दिगोपनाको अनुगमन तथा मूल्यांकन स्थानीय विकास मन्त्रालयबाट र आवश्यक देखिएमा राष्ट्रिय योजना आयोगको तहबाट समेत गरिनेछ । यसका निमित्त नियमित सूचना एवं प्रतिवेदन गर्नुपर्ने उचित प्रणालीको विकास गरिनेछ ।

७. निष्कर्ष

दलित तथा उपेक्षित समुदाय राष्ट्रका सम्पत्ति हुन् र उनीहरुको पेशागत दक्षता, सीप र ज्ञान मुलुकको प्रमुख स्रोत हो । यस समुदायको सन्तुलित विकास नभएसम्म वा यिनीहरुको सक्रिय सहयोग प्राप्त गरिए मात्र सर्वाङ्गीण राष्ट्रिय विकास अभियान सम्भव छ । यही तथ्यलाई मनन गरी यस समुदायलाई विकासका साझेदारका रुपमा प्रत्यक्ष सहभागी गराई कार्यक्रम सञ्चालन गर्ने लक्ष्य अनुरुप तर्जुमा भएका यी नीति कार्यक्रमको प्रभावकारी सामाजिक सद्भाव र समानता, सामाजिकचेतना अभिवृद्धि र समान अवस्थाको सिर्जना गरी कार्यान्वयनबाट गरिवी निवारण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

१३.७.३ ज्येष्ठ नागरिक,असहाय तथा अपाङ्ग

१. पृष्ठभूमि

सामाजिक सुरक्षा र समाज कल्याण पक्ष राष्ट्रको सर्वाङ्गीण विकासको एक अभिन्न अङ्ग हो । लोक कल्याणकारी राज्यको मान्यताले त्यति बेला मात्रै सार्थकता पाउंछ जति बेला यो पक्षलाई बिकासका अरु पक्ष संगसंगै अगाडि बढाइन्छ । देशमा रहेका सबै वर्गका जनताको आर्थिक, सामाजिक तथा सर्वाङ्गीण पक्षको उत्थान एवं बिकास गर्नु राष्ट्रको प्रमुख कर्तव्य एवं दायित्व भएकाले नै हरेक राष्ट्रले आफ्ना नागरिकहरुको सामाजिक सुरक्षाको अवधारणालाई अंगिकार गरेको पाइन्छ ।

सामाजिक, आर्थिक, शारीरिक तथा मानसिक रुपमा कमजोर नागरिकलाई मर्यादित रुपमा मानवोचित जीवन यापन गर्न आवश्यक सुविधा र अवसर अधिकारका रुपमा उपलब्ध गराउने पद्धति नै सामाजिक सुरक्षा पद्धति हो । आफ्ना कमजोर, विपन्न, असहाय नागरिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूती गर्नु राज्यको कर्तव्य हो । आफ्नो आर्थिक सामाजिक क्षमता अनुसारको राज्यले सामाजिक सुविधाका विभिन्न संरचना र कार्यक्रमहरु निर्धारण गरेको हुन्छ । परम्परागत कल्याणकारी अवधारणा अनुसार अपाङ्ग लगायतका समाजका कमजोर सदस्यहरुलाई दयाको दृष्टिले हेर्ने गरिएकोमा उनीहरुको सामाजिक अधिकार र आधुनिक सामाजिक सुरक्षाको अवधारणा अनुसार दया र कल्याणको सट्टा अधिकार र अवसरको भावनालाई समाजमा स्थापित गर्नुपर्ने हुन्छ ।

आधुनिक लोक कल्याणकारी राज्यले समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका ज्येष्ठ एवं वरिष्ठ नागरिकलाई सम्मान एवं सुविधा प्रदान गरी आर्थिक एवं सामाजिक सुरक्षा दिनुपर्ने हुन्छ । कतिपय देशहरुले जनताको वृहत्तर हित र कल्याणका लागि सामाजिक सुरक्षाको सिद्धान्तलाई यस शताब्दीको सुरुदेखि नै स्वीकार्दै आएका छन् ।

राष्ट्रका असहाय, अपाङ्ग, महिला, बालबालिका, वृद्ध तथा अशक्त व्यक्तिहरुको सुरक्षाकोलागि उचित पुनर्स्थापन, रोजगारी एवं सुरक्षाको व्यवस्था गरी उनीहरुलाई पनि देश बिकासको निर्माण कार्यमा सरिक गराई राष्ट्रिय मूलप्रवाहमा सम्मिलित गराउनु आवश्यक हुन्छ ।

अरु मुलुकको दांजोमा ढिलै भएपनि हाम्रो मुलुकले समाज कल्याणका विविध क्षेत्रमा नयां सोचाई एवं कार्यक्रम लिएर अगाडि बढिरहेको छ । जनता एवं समाज प्रति सरकारको जिम्मेवारी र उत्तरदायित्व बढेको महसुस हुन थालेको छ । २०४६ सालको जनआन्दोलनले स्थापित प्रजातन्त्र र नेपाल अधिराज्यको संविधान, २०४७ ले स्पष्ट रुपमा राष्ट्रका महिला, बालक, वृद्ध र शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, हित वा बिकासकोलागि कानुनद्वारा बिशेष व्यबस्था गर्न सकिने कुरा प्रत्याभूति गरेको छ ।

नेपालको जस्तो सामाजिक-आर्थिक संरचना भएको देशमा सामाजिक सुरक्षाको महत्व र आवश्यकता अपेक्षाकृत बढी नै हुन्छ तापनि विगतका योजनाहरुमा यस विषयलाई अलग्गै क्षेत्रका रुपमा समावेश गरेको देखिंदैन । तथापी कल्याणकारी कार्यक्रमका रुपमा आठौं योजनामा अपाङ्ग, बाल, वृद्ध र असहाय महिलाहरुको हितकारी कार्यक्रम सञ्चालन गरिएको छ । नीति एवं कार्यक्रमका अभावमा सञ्चालित कार्यहरुले सामाजिक सुरक्षालाई बहुतै संकीर्ण अर्थमा लिइएको देखिन्छ । सेवा निवृत्त कर्मचारीको आर्थिक प्रत्याभूति र वृद्ध असहायको लागि वृद्धाश्रम तथा ज्येष्ठ नागरिक भत्ता मात्र यस अघि ज्येष्ठ नागरिक सम्बन्धी सामाजिक सुरक्षा कार्यक्रम थिए ।

सामाजिक सुरक्षा अन्तर्गत खासगरी सक्रियरुपमा आय आर्जन गर्न नसक्ने आश्रित जनतालाई राज्यले संरक्षण र सुविधा प्रदान गर्नुपर्ने विविध पक्षहरु समावेश भएतापनि यस योजनामा यस शिर्षक अन्तर्गत ज्येष्ठ र असहाय तथा अपाङ्ग नागरिकसम्बन्धी पक्षलाई समेटिएको छ भने अन्य पक्षहरु अरु शिर्षकहरुमा परेका छन् ।

२. आठौं योजनाको समीक्षा

सामाजिक सुरक्षा शिर्षकमा अलग्ग नीति र कार्यक्रम नभए पनि आ.व. २०५२/५३ को बार्षिक कार्यक्रमबाट असहाय, अशक्त, बृद्ध एवं कमजोर नागरिकका लागि सामाजिक सुरक्षा प्रदान गरी मानवोचित जीवन यापनको लागि सहुलियत प्रदान गर्ने, सामाजिक सुरक्षालाई सामाजिक लगानीसंग आवद्ध गर्ने र सामाजिक सुरक्षाको कार्यक्रमको संस्थागत विकास गर्ने उद्देश्यले ७५ बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई मासिक रु. १००।- बृद्ध भत्ता प्रदान गर्ने, ६० वर्षमाथिका असहाय विधवालाई मासिक रु. १००।- भत्ता प्रदान गर्ने, निःशुल्क स्वास्थोपचारको व्यवस्था गर्ने, ज्येष्ठ नागरिक सहयोग कार्यक्रम सञ्चालन गर्ने जस्ता कुराहरु समावेश भएको थियो । तर व्यवहारमा भने मासिक भत्ता वितरण गर्ने वाहेक अरु कार्यको प्रभावकारी थालनी भएको देखिदैन ।

३. दीर्घकालीन अवधारणा

ज्येष्ठ, असहाय तथा अपाङ्गजस्ता आश्रित नागरिकका लागि आवश्यक सेवा तथा सुविधा प्रदान गर्नुका साथै उनीहरुको अधिकारको संरक्षण र सम्बर्द्धन गरी उनीहरुको अनुभव, सीप, ज्ञान र क्षमतालाई समेत देश विकास कार्यमा समाहित गर्ने र यस समूहका नागरिकलाई सामाजिक तथा आर्थिक न्यायको प्रत्याभूति (guarantee) गरिनेछ ।

नवौं योजना :

४. उद्देश्य

सामाजिक मूल्य-मान्यता, परम्परा एवं संस्कृतिका बाहक बृद्धहरु राष्ट्रका अमूल्य निधि हुन् । ज्येष्ठ एवं वरिष्ठ नागरिक साथै असहाय विधवा एवं अपाङ्ग नागरिकका योग्यता, अनुभव, ज्ञान र योगदानलाई देश बिकासको निर्माण कार्यमा सरिक गर्दै उनीहरुको उचित सम्मान र संरक्षण गर्ने उद्देश्य लिइनेछ ।

५. लक्ष

ज्येष्ठ नागरिकको अनुभव राष्ट्रिय विकास प्रयासमा समाहित गरिनेछ । पांच विकास क्षेत्रमा बृद्धाश्रम स्थापना तथा सञ्चालन गरिनेछ । सवै ज्येष्ठ नागरिक, असहाय विधवा र असक्त अपाङ्गहरुलाई आर्थिक एवं सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ भने तिनीहरुको हकअधिकारको प्रत्याभूति गरी संरक्षण समेत गरिनेछ ।

६. रणनीति

सामाजिक सुरक्षालाई सामाजिक न्यायको पूरक बनाइने रणनीति लिइनेछ र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनका सन्दर्भमा आर्थिक र सामाजिक पृष्ठभूमिलाई आधार मानिनेछ ।

ज्येष्ठ नागरिक, असहाय विधवा र असक्त अपाङ्गहरुको अनुभव, सीप, ज्ञान र क्षमतालाई राष्ट्रिय विकासका विभिन्न कार्यहरुमा नीति निर्माण, आयमूलक कार्यहरुको सञ्चालन तथा निर्देशन आदिको रुपमा उपयोग गरिनेछ ।

ज्येष्ठ नागरिक, असहाय विधवा र असक्त अपाङ्गहरुको हकअधिकारको प्रत्याभूति र आर्थिक सामाजिक सुरक्षाको संरक्षण सुनिश्चित गर्न आवश्यक ऐन नियमको व्यवस्था गरिनेछ ।

असहाय ज्येष्ठ नागरिक, विधवा तथा अपाङ्गहरुको सामाजिक जीवनको सुरक्षाको लागि बृद्धाश्रम तथा पुनर्थापन केन्द्रहरुको स्थापना र सञ्चालन गरिनेछ ।

७. नीति तथा कार्यनीति

आधुनिक राज्यमा मुलुकको आर्थिक क्षमता अनुरुप सामाजिक सुरक्षाको दायरा पनि फराकिलो बनाउदैं लाने गरिन्छ । नवौं योजना अवधिमा यही अनुरुप क्रमशः सामाजिक सुरक्षाको दायरा भित्र आर्थिक सक्षमताको आधारमा आश्रित जनसङख्यालाई समेट्ने पद्धतिको विकास गर्ने नीति र कार्यक्रम लिइनेछ । ज्येष्ठ नागरिक, असहाय विधवा र अपाङ्गको मासिक भत्ता वितरणमा दोहोरो नपर्ने व्यवस्था गरिनेछ ।

ज्येष्ठ नागरिक :

- ज्येष्ठ नागरिकलाई पारिवारिक तहमा नै बढी सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउने उद्देश्यले परिवारमा आधारित सुरक्षा पद्धतिको विकास गरिनेछ जसमा बृद्धहरुको भरणपोषण गर्ने परिवारलाई सार्वजनिक सेवाहरुमा सुविधा र प्राथमिकता प्रदान गरिनेछ ।
- बढ्दो जनसङख्याको भारलाई दृष्टिगत गरी ज्येष्ठ नागरिक, असहाय विधवा र अपाङ्गहरुलाई आर्थिक सक्षमताको आधारमा वर्गीकरण गरिनेछ र यसको आधारमा आर्थिक रुपमा कमजोर परिवारका यस्ता सदस्यलाई मासिक भत्ता प्रदान गरिने समुहमा ल्याइनेछ भने अन्य सुविधाका सम्वन्धमा समान व्यवहार गरिनेछ ।
- अञ्चलस्तरीय सवै अस्पतालहरुमा जेष्ठ नागरिक वार्ड (geriatric ward) स्थापना गरिनेछ । जेष्ठ नागरिकहरुलाई अस्पताल तथा स्वास्थ्य केन्द्रमा सहुलियत दरमा उपचारको व्यवस्था मिलाइनेछ । निजी क्षेत्रद्वारा संचालित विभिन्न नर्सिङ्ग होम तथा क्लिनिकहरुमा उनीहरुको स्वास्थ उपचारमा निश्चित प्रतिशत छुट वा सुविधाको व्यवस्था मिलाउन पहल गरिनेछ । बिभिन्न स्वास्थ घुम्ती सेवाहरु सञ्चालन गरी उनीहरुको उपचारको व्यवस्था गरिनेछ ।
- असहाय ज्येष्ठ नागरिकको हितलाई ध्यानमा राखी सवै विकास क्षेत्रमा बृद्धाश्रम सञ्चालन गरिनेछ । यस्ता कार्यमा विभिन्न गैरसरकारी संस्थाहरु तथा निजी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ । यस्ता आश्रममा ज्येष्ठ नागरिकको क्षमता, सीप, ज्ञान र इच्छा अनुसार आयमूलक कार्यकलापहरु सञ्चालन गरिनेछ ।
- वरिष्ठ नागरिकहरुको अनुभवलाई राष्ट्र निर्माणका विभिन्न पक्षमा सदुपयोग गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई मनोरञ्जन, यातायात आदि सुविधामा सहुलियत प्रदान गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई दुई भागमा वर्गीकरण गरी ७० देखि ७५ वर्ष सम्मकालाई संलग्नता र ७५ वर्ष माथिकालाई सुरक्षा प्रदान गर्ने नीति लिइनेछ ।

असहाय विधवा :

- सरकारी तथा गैरसरकारी तथा अन्य संस्थाहरुवाट समुदायमा सञ्चालन गरिने आयमूलक कार्यकलापहरुमा असहाय विधवाहरुलाई समेटिनेछ र यस कार्यमा आर्थिक सक्षमतालाई आधारमानी बढी गरिब परिवारका विधवाहरुलाई प्राथमिकता दिइनेछ ।

- असहाय विधवाहरुका लागि असहाय गृहको व्यवस्था गरिनेछ ।

अपाङ्ग :

- अपाङ्गहरुको हकहित र सरल मर्यादित जीवनयापनकालागि कानुनमा सुधार गरिनेछ ।
- बालबालिकालाई अपाङ्ग हुनबाट रोक्नकालागि गर्भावस्थादेखि नै सुरक्षात्मक उपायहरु अपनाउने, बालबालिकाको पोषणस्थितिमा सुधार गर्ने, सडक दुर्घटनाहरुको रोकथामकालागि ट्राफिक नियमहरु प्रभावकारी बनाउने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- अपाङ्गकालागि प्रभावकारी रुपले प्रतिरोधात्मक तथा सुरक्षात्मक उपायहरु सञ्चालन गर्न संचारका विभिन्न माध्यमद्वारा जनचेतनामा अभिवृद्धि ल्याइनेछ ।
- अपाङ्गलाई पूर्वप्राथमिकदेखि स्नातक तहसम्म निःशुल्क शिक्षाको अवसर प्रदान गरिनेछ र विभिन्न किसिमका अपाङ्गकालागि विशेष शिक्षाको विकास गरी कार्यमूलक शिक्षा लागू गरिनेछ ।
- देशमा कुन किसिमका अपाङ्ग के-कति छन् तिनको आंकडा अद्यावधिक गरिनेछ ।
- अपाङ्गहरुको उपचारकालागि स्वास्थ्य केन्द्र तथा अस्पतालहरुमा आवश्यकता हेरी निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।
- अपाङ्गहरुको शारीरिक, बौद्धिक तथा मानसिक विकासकालागि खेलकूद, मनोरंजन तथा अन्य अतिरिक्त क्रियाकलाप जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- अशक्त अपाङ्गहरुकालागि पारिवारिक पुनर्स्थापनामा नै जोड दिने र आवश्यकता हेरी सामुदायिक आश्रयको व्यवस्था गरिनेछ ।
- अपाङ्गलाई सरकारी तथा गैरसरकारी निकायहरुमा रोजगारीको अवसर उपलब्ध गराउन आवश्यक कार्यहरु गर्नुका साथै पुनर्स्थापन लगायत अन्य क्रियाकलापहरुकालागि गैरसरकारी संस्थाहरुलाई सक्रिय गराउने जस्ता नीति लिइनेछ ।

असहाय विधवा तथा अपाङ्गहरुको हकहित, संरक्षण र सुरक्षाको निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका सम्मेलनहरुबाट पारित घोषणापत्रमा उल्लेखित प्रावधानहरुलाई मध्यनजर राखी नवौं योजनामा निम्नलिखित कार्यक्रमहरु निर्धारण गरिएका छन् ।

८. कार्यक्रम

यस योजनामा ज्येष्ठ, असहाय विधवा तथा अपाङ्ग नागरिकहरुको हक अधिकार संरक्षण र सम्वर्द्धन गरी उनीहरुलाई सेवा तथा सुविधा प्रदान गर्न निम्न लिखित कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ज्येष्ठ नागरिक :

- ज्येष्ठ नागरिकहरुको लगत खडागरी प्रत्येक गा.वि.स./न.पा.बाट वर्षको २ पटक अध्यावधिक विवरण राख्न लगाउने ।
- ज्येष्ठ नागरिकहरुको नागरिकता वा मतदान परिचय पत्रको अध्यावधिक विवरण अनुसार सरल तरिकाबाट उनीहरुलाई मासिक भत्ता/सामग्री वितरण गर्ने ।
- केन्द्रीय तथा क्षेत्रीय अस्पतालहरुमा ज्येष्ठ नागरिक वार्ड (Geriatric Ward) स्थापना गरी नियमित स्वास्थ्य परीक्षण र सहुलियत दरमा उपचार सेवा प्रदान गर्ने ।
- सबै विकास क्षेत्रहरुमा एक/एक वटा बृद्धाश्रम स्थापना गर्ने । बृद्धाश्रममा मनोरञ्जन, वाचनालय, धार्मिक प्रवचन आदिको व्यवस्था गर्ने । गाउं वा टोलमा ज्येष्ठ नागरिक ल्कवको व्यवस्था गर्ने । यस्ता कार्यमा स्थानीय निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- यातायात साधनमा निश्चित् स्थान आरक्षणको व्यवस्था गर्ने र यातायात भाडामा केही छुटको व्यवस्था गर्ने ।

- निम्नलिखित कार्यकलापमा ज्येष्ठ नागरिकको योग्यता/अनुभवको उपयोग यथासम्भव गर्ने ।
    - स्थानीय नीति निर्माण गर्ने,
    - सामाजिक तथा आर्थिक कार्यकलापमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने,
    - विद्यालयमा विद्यार्थीहरुलाई ज्येष्ठ नागरिकका अनुभवहरु जानकारी गराउने कार्यमा संलग्न गराउने व्यवस्था मिलाउने,
    - पारस्परिक स्थानीय कचहरीमा सहभागी गराउने ।

असहाय विधवा :

- असहाय कल्याण केन्द्र तथा अपाङ्ग कल्याण केन्द्र स्थापना गर्ने ।
- नवौं योजना अवधिको दोस्रो बर्ष भित्र देश भरिका अपाङ्गहरुको तथ्याङ्क संकलन गरिनुकासाथै उनीहरुको प्रकृति निर्धारण गरिनेछ । अपाङ्ग व्यक्तिहरुका लागि अपाङ्गताको प्रकार स्पष्ट खुल्ने परिचय पत्रको समेत व्यवस्था गरिनेछ । गाउँ विकास समिति, नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका, जिल्ला विकास समिति र समाज कल्याण मन्त्रालयमा असहाय विधवा र अपाङ्गहरुको आधिकारिक तथ्याङ्क राखिनेछ ।
- असहाय विधवा तथा अपाङ्ग भत्ता स्थानीय स्तरमा सवैलाई सरल तरीकाबाट वितरण गरिनेछ । अपाङ्ग भत्ता नोकरी गर्ने, आयमूलक कार्य गर्ने, पुनर्स्थापन केन्द्रमा रहने र शिक्षा सम्वन्धी भत्ता वा सुविधा पाएका अपाङ्गहरु वाहेकलाई मात्र वितरण गरिनेछ ।
- प्रत्येक बिकास क्षेत्रमा सुस्त मनस्थिति, बहिरा तथा दृष्टिबिहीनहरुकोलागि विद्यालय देखि स्नातक स्तरसम्म निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था गर्नुका साथै उनीहरुलाई होष्टलको पनि व्यवस्था मिलाइनेछ ।
- यस्ता समूहकालागि निःशुल्क व्यवसायिक तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- दृष्टिबिहीन विद्यार्थीहरुकालागि ब्रेल लिपिमा पाठ्य सामग्री तयार गरी उपलव्ध गराइने कार्य विस्तार र सरल गरिनेछ ।
- सञ्चारका विभिन्न माध्यमहरुबाट खासगरी रेडियो र टेलिभिजनबाट यस्ता वर्गकालागि विशेष कार्यक्रमहरु प्रसारण गरिनेछ ।
- अपाङ्गहरुको उपचारकोलागि विभिन्न क्षेत्रमा क्रमिक रुपले विशेष उपचार केन्द्र स्थापना गरी सहुलियत दरमा उपचारको व्यवस्था गरिनेछ ।
- अपाङ्गहरुकोलागि चाहिने विशेष सहयोगी सामग्रीहरु जस्तै- कृत्रिम खुट्टा, हात, ह्वील चेयर, बैशाखी, श्रवण सहायक आदि सामग्री उत्पादन गर्ने उद्योगलाई प्रोत्साहित गर्ने तथा सहुलियत दरमा तिनको वितरणको व्यवस्था गरिनेछ ।
- काम गर्न सक्ने अपाङ्गहरुका लागि समुदायमा आयमूलक कार्यकलापहरु सञ्चालन गरिनेछ । यस्ता कार्यक्रमहरु सरकारी क्षेत्रबाट सञ्चालन गर्ने र अन्य क्षेत्रहरुलाई समेत यस समूहका लागि आयमूलक कार्यकलाप सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- अपाङ्गलाई रोजगार दिने रोजगारदातालाई आवश्यकता परेमा विशेष सुविधा प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- अपाङ्गसम्बन्धी ऐन र नियमावलीमा सामयिक सुधारगरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

कार्यक्रम कार्यान्वयनको संस्थागत व्यवस्था :

सेवा प्रदान गर्ने निकायको कुशलता नै धेरै हदमा उद्देश्य प्राप्तिको आधार बन्ने गर्दछ तर नेपालमा सार्वजनिक सेवा प्रदान गर्ने परम्परागत प्राविधिक संयन्त्र र अभ्यासको अभावका कारण विगतमा लक्ष्य

प्राप्तिमा वाधा परेको देखिन्छ । उपर्युक्त कार्यक्रमहरुको कार्यान्वयनमा सरकारी संयन्त्रका साथसाथै निम्नलिखित निकाय समेत सहभागी हुनु उपयुक्त देखिन्छ ।

- ज्येष्ठ नागरिक, असहाय विधवा र अपाङ्गको पहिचानसम्बन्धी व्यवस्थाको दायित्व स्थानीय निकाय(गा.वि.स./न.पा.) लाई दिने र पहिचान पछि आर्थिक सक्षमताको आधार वनाई वर्गीकरण समेत गर्ने ।
- पहिचान भएका ज्येष्ठ नागरिक, असहाय विधवा र अपाङ्गहरुलाई उपलब्ध गराउने भत्ता, सेवा, तथा सामग्रीहरु स्थानीय निकायबाट प्रदान गर्ने । विस्तारै यस्ता सेवा, सामग्री र भत्ता वितरणका लागि भौचर कार्ड वितरण गरी सोको आधारमा विशेषीकृत गैरसरकारी संस्था, समूहलाई जिम्मा दिने तर यसको प्रभावकारिता र दक्षताको निरीक्षण/निगरानी भने स्थानीय निकायले गर्ने ।

परिच्छेद १४

महिला तथा युवा विकास

१४.१ महिला तथा लैङ्गिक समानता

१. पृष्ठभूमि

एक्काइसौं शताब्दीमा प्रवेश गर्न लागेको आजको प्रतिस्पर्धात्मक युगमा अझै पनि नेपाली महिलाहरु अशिक्षा, अस्वस्थता, गरिबी, रुढीबादी संस्कृति र भेदभावमूलक कानुनी व्यवस्थाले गर्दा समाजका हरेक क्षेत्र र पक्षमा पिछडिएर शोषित, पिडीत, उपेक्षित र असुरक्षित जीवन यापन गर्न बाध्य भएका छन् । कुल जनसंख्या १ करोड ८५ लाख मध्ये करिव ९२ लाख वा ५०.१३ प्रतिशत महिला जनसंख्या भएको नेपालमा नेपाली महिला समाजको वहुमुखी विकास गराउन सकिएमा देशको समग्र विकासलाई अघि बढाउन पुग्नजाने हुन्छ । यस वास्तविकतालाई स्वीकार गरी छैठौं योजना देखि विकासमा महिला सहभागिता राष्ट्रिय नीतिको रुपमा अवलम्वन गरी महिला विकासका लागि क्षेत्रगत कार्यक्रमहरु कार्यान्वयन र संस्थागत विकास गरिएको भए तापनि लैङ्गिक समानता कायम गर्ने कार्यमा खासै प्रगति भने हुनसकेको छैन ।

२. आठौं योजनाको प्रगति

विकासको मूल प्रवाहमा महिलावर्गलाई सहभागिता गराउन, विकासको प्रत्येक क्षेत्रमा उनीहरुको संलग्नता वृद्धि गर्न, सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक र कानुनी स्थितिमा सुधार गर्न उपर्युक्त ज्ञान र सीपद्वारा उनीहरुको दक्षता वृद्धि गरी उत्पादनशील रोजगारीका अवसरहरु प्रदान गर्न, र स्थानीय तहदेखि राष्ट्रिय तहसम्म निर्णायक भूमिका खेल्ने अवसर प्रदान गर्नको लागि उपर्युक्त वातावरण र पूर्वाधार सिर्जना गर्नेका निमित्त आठौं योजनामा महिला विकाससम्बन्धी विभिन्न नीतिहरु अपनाइएका थिए । यस अनुसार शिक्षा क्षेत्रमा प्रत्येक प्राथमिक विद्यालयका १/१ गरी जम्मा ४१५० महिला शिक्षिकाहरुको व्यवस्था गरिएको छ भने छात्राहरुलाई निःशुल्क शिक्षा, १५८९४८ प्राथमिक, ३७०७५ माध्यमिक र १२३१ क्याम्पसका छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था तथा विद्यालय वाहिरका छात्राहरुको लागि चेलीबेटी तथा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिएकोछ । महिलाहरुको स्वास्थ्यमा सुधार ल्याई मातृ मृत्युदर कम गर्न १० जिल्लामा सुरक्षित मातृत्व कार्यहरु सञ्चालन गरिएको छ भने मातृशिशु कार्यकर्ता, स्वास्थ्य स्वयंसेविका तथा सुँडेनी तालिम कार्यक्रमहरु सञ्चालन गरी स्थानीय स्वास्थ्य सेवामा महिला जनशक्ति परिचालन गरिएको छ । कृषि क्षेत्रको कार्यहरुमा ४२ प्रतिशत निर्णय महिलाहरुबाट हुने र ५७ प्रतिशत कार्यहरु महिलाहरुबाटै सम्पन्न हुने वास्तविकतालाई आधार मानी कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना गरी महिला कृषक समूहहरुको गठन तथा विभिन्न विषयमा तालिम तथा अध्ययन कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

यस्तै गरी वन, उद्योग तथा स्थानीय विकास कार्यक्रमहरुमा पनि महिला लक्षित तालिम तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् । ग्रामीण महिलाहरुको आर्थिक स्रोतमा पहुँच बढाउन ग्रामीण महिलाको लागि उत्पादन ऋण कार्यक्रम ६७ जिल्लामा विस्तार गरी ६२१ गाउँ विकास समिति र १० नगरपालिकामा यस कार्यक्रम सञ्चालन गरिएको छ भने महिलाको लागि लघु ऋण कार्यक्रम गैरसरकारी संस्थालाई परिचालन गरी १२ जिल्लाहरुमा सञ्चालन गरिएको छ । यसको साथै साना किसान महिला विकास कार्यक्रम पनि विस्तार गरिएको छ । महिलाहरुको राजनीतिक सहभागिता

अभिवृद्धि गर्न वडास्तरीय निर्वाचनमा महिला सदस्य थप गरिएको छ । यस अनुसार ३६००० निर्वाचित सदस्यहरु वार्डस्तरमा व्यवस्था भएको छ ।

अन्तर्राष्ट्रिय महिला सम्मेलन, बेइजिङ्ग - १९९५ मा गरिएको प्रतिवद्धता अनुरुप विविध पक्ष समेटिएको लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना - २०५४ तर्जुमा गरिएको छ । महिला विकासको लागि संलग्न रहेका ५७२ वटा गैरसरकारी संस्थाहरुबाट चेलीबेटी बेचबिखन, महिलावर्ग माथि घरेलु हिंसा जस्ता कार्यहरुको नियन्त्रण तथा पुनर्स्थापनसम्बन्धी कार्यहरुको साथै आयमूलक शिक्षा, स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रमहरु ग्रामीणस्तरमा सञ्चालन गरी महिला विकास क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याइएको छ । महिला विकास क्षेत्रमा संस्थागत विकास गर्न महिला तथा समाज कल्याण मन्त्रालय स्थापना गरिएको छ ।

३. विद्यमान चुनौती

महिला विकासका लागि गरिएका प्रयासहरुबाट संस्थागत व्यवस्था तथा क्षेत्रगत कार्यक्रमहरुको विस्तार भएको छ तापनि अनुगमन तथा मूल्याङ्कन व्यवस्थाको कमीले गर्दा के कति महिलाहरु लाभान्वित भएका छन् भन्ने बारे एकिन लेखाजोखा हुन सकेको छैन । समष्टिगत रुपमा हेर्दा अझै पनि नेपाली महिलाहरुको आर्थिक तथा सामाजिकस्तर पछाडि नै रहेको पाइएको छ । निजामती किताब खानाको अभिलेख अनुसार झण्डै ८०,००० कर्मचारीमा ५,००० जतिमात्र महिला कर्मचारीहरु रहेका छन् । कानुनी तथा सामाजिक कारणहरुले गर्दा सम्पति, रोजगार तथा आयजस्ता आर्थिक स्रोतका पहुँच र शैक्षिकस्तर कमि र सामाजिक कारणहरुले गर्दा राजनीतिक तथा प्रशासनिक नीति निर्माणको पहुँचबाट महिलावर्गहरु अझै टाढा रहेका छन् । मातृ मृत्युदर प्रति १०००० जीवित जन्ममा ५३.९ भएको, प्रजनन् दर ४.६, औसत आयु ५३.४ (पुरुष ५५.९), कुल साक्षरता ४८ प्रतिशतमा महिला साक्षरता ३० प्रतिशत (पुरुष ६६ प्रतिशत) रहेको छ ।

महिला तथा पुरुषबीच भएको आर्थिक तथा सामाजिक भिन्नताले गर्दा अझै पनि विकासको क्रियाकलापहरुमा महिलावर्ग सहभागी हुन नसकेको वास्तविकता विद्यमाननै रहेको छ । यसको साथै महिला विकासको लागि अन्तर्राष्ट्रिय घोषणाहरु पहिलो विश्व महिला सम्मेलन - नैरोवी १९७५, दूरदशी कार्यनीति (१९८५), बेइजिङ्ग घोषणा (१९९५) हरुमा नेपालले पनि प्रतिवद्धता दर्शाएको छ । नेपाल अधिराज्यको संविधान २०४८ ले महिलावर्गलाई कानुनको दृष्टिकोणबाट समान हुने र यस वर्गको आर्थिक तथा सामाजिक विकासको लागि विशेष व्यवस्था गर्ने प्रावधान राखेको छ । यी आधारहरुमा महिला विकासका लागि दीर्घकालीन अवधारणा तथा नवौं योजनाको उद्देश्य, नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन् :

४. दीर्घकालीन अवधारणा

राष्ट्रिय विकासको प्रत्येक क्षेत्रमा महिलाको सहभागितालाई मूलप्रवाहमा समाहित गरी उनीहरुको सशक्तीकरण र लैङ्गिक समानताको आधारमा विकसित समाजको सिर्जना गर्ने ।

नवौं योजना

५. उद्देश्य

नवौं योजनाको उद्देश्य गरिबी निवारण र मानवीय संशाधनको विकासको लागि महिलावर्ग प्रमुख लक्षित समूहको रुपमा रहेको छ । यिनै वास्तविकताहरुलाई आधार मानी नवौं योजनामा महिलासम्बन्धी उद्देश्य निम्नानुसार रहेको छ :

- समानतामूलक प्रजातान्त्रिक समाज-निर्माणका लागि महिलालाई विकासका विभिन्न क्षेत्रहरूमा सक्रिय सहभागी बनाउने ।

- महिलाको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा पहुँच बढाउने तथा यो पहुँचलाई प्रभावकारी बनाउन कानुनमा महिलाको समान अधिकार हुने गरी सुधार गर्ने उद्देश्य रहनेछ ।

६. नीति तथा कार्यनीति

मूल प्रवाहमा समाहित गर्ने

- महिलाहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि राष्ट्रिय तथा क्षेत्रगत विकासका नीतिहरू, लक्ष्य तथा कार्यक्रमहरू स्पष्ट किटान गरिनेछ ।

- राष्ट्रिय लेखापरिपाटीलाई पुनरावलोकन गरी महिलाले गरेको घरेलु श्रम समेतको योगदानको वैज्ञानिक र वस्तुपरक मूल्याङ्कन गरिनेछ ।

- महिला विकास कार्यहरूको प्रभावकारी समन्वय एवं कार्यान्वयनका लागि विद्यमान संस्थागत संरचनाको सुदृढीकरण, विस्तार र विकास गरिनेछ । यसै गरी महिला विकाससित सम्बन्धित सबै निकाय, संस्था र स्थानीय निकायहरूसित पनि प्रभावकारी समन्वय स्थापित गरिनेछ ।

- राष्ट्रिय विकासमा महिला सहभागिता मापन गर्न सूचकहरूको (gender disaggregated indicators) निर्माण एवं परिमार्जन गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी ढँगमा अघि बढाइनेछ ।

लैङ्गिक भेदभाव हटाउने

- महिला र पुरूषबीच भएका भेदभाव हटाई महिलालाई समान हक प्रदान गर्न प्रतिकूल हुने सबै ऐन, कानुनको पुनरावलोकन गरी समानतामूलक कानुन निर्माण गरिनेछ ।

- लैङ्गिक हक-अधिकारको समानताका निम्ति महिलालाई विशेष प्राथमिकता दिनेजस्ता सकारात्मक नीति र कार्यक्रम अपनाई महिला-पुरुषबीचको वर्तमान आर्थिक, सामाजिक तथा अन्य विभेद कम गर्दै लगिनेछ ।

- महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा र अपराध (violence against women) रोकथाम गर्न आवश्यक राष्ट्रिय नीतिअनुरूप सरकारी, गैरसरकारी संस्थाहरू तथा स्थानीय निकायबाट समेत एकीकृतरूपमा यसको नियन्त्रणका लागि प्रतिरोधात्मक, पुनर्स्थापनात्मक एवं अन्य कार्यक्रमहरूबाट महिलाको मानव अधिकारको संरक्षण गरिनेछ ।

- नीतिगत तहदेखि कार्यान्वयनका तहसम्म लैङ्गिक चेतना ल्याउन प्रचार-प्रसार, शिक्षा र तालिमको संस्थागत व्यवस्था गरिनेछ ।

सशक्तीकरण गर्ने

- राष्ट्रिय विकासको नीति तथा कार्यक्रमको निर्माण-प्रक्रियामा स्थानीयस्तरदेखि राष्ट्रिय स्तरसम्म महिला सहभागिता अभिवृद्धि गर्न संविधानमा उल्लेख भएअनुरूप विशेष कानुनी व्यवस्था गरिने नीति अवलम्बन गरिनेछ ।

- कृषिक्षेत्रमा महिला जनशक्तिले गरेको महत्वपूर्ण योगदानलाई दृष्टिगत गरी दीर्घकालीन कृषि योजनाअनुरूप भूमिमाथिको स्वामित्व, कृषिसम्बन्धी प्राविधिक तालिम, बजार-व्यवस्था र कृषिजन्य

आयमूलक क्रियाकलापमा महिलाको हक-अधिकार कायम गर्ने तथा महिला जनशक्ति परिचालन गर्न विशेष व्यवस्था गरिनेछ ।

- महिलाहरूको बाँच्ने अधिकार सुरक्षित गर्न स्वस्थ जीवन चक्रमा आधारित महिला स्वास्थ्य सेवाको विकास गरिनेछ । यस सन्दर्भमा स्वास्थ्य सेवाको प्रतिकारात्मक तथा उपचारात्मक सेवाहरूमा भ्रुण/गर्भावस्थाको स्वास्थ्य सुरक्षा, प्रजनन स्वास्थ्य तथा जेष्ठ महिला स्वास्थ्य सेवाको गुणात्मक विस्तार गर्ने तथा ती सेवाहरूको पहुँचमा वृद्धि गरिने व्यवस्था मिलाइनेछ ।

- महिलाहरूको शैक्षिकस्तरमा सुधार गर्नका लागि औपचारिक तथा अनौपचारिक शिक्षाको पहुँचमा अभवृद्धि गर्न छात्रवृत्ति, महिला शिक्षिका, प्राविधिक शिक्षामा विशेष सुविधाको व्यवस्था जस्ता नीति तथा कार्यक्रमहरू कायमै राखी यी कार्यक्रमहरूको विस्तार, पहुँच तथा प्रोत्साहनमा जोड दिइनेछ ।

- उद्योग, पर्यटन, वन, यातायात, जलस्रोत, शिक्षा, स्वास्थ्य आदि क्षेत्रहरूमा रोजगारीको अवसर उपयोग गर्न महिलाहरूलाई सक्षम बनाउन प्राविधिक ज्ञान, उद्यमी तालिम, व्यवस्थापन तालिमहरू, आयमूलक स्रोत, साधन, सम्पत्ति, संस्थागत कर्जाहरूमा महिलाहरूको पहुँच व्यापकरूपमा बढाउँदै लगिनेछ ।

- महिलाहरूको कार्यबोझ घटाउने तथा उत्पादकत्व बढाउने खालका उपयुक्त कृषि प्रविधि लगायत अन्य प्रविधिहरूको प्रचार-प्रसार तथा ती प्रविधिहरूमा महिलाहरूको पहुँच सुनिश्चित गरिनेछ ।

७. कार्यक्रम

बेइजिङ्ग सम्मेलन - १९९५ को प्रतिवद्धता अनुरुप महिला र गरिबी, शिक्षा, स्वास्थ्य, हिंसा, सशस्त्र विद्रोह, अर्थतन्त्र, नीति निर्माण, संस्थागत संरचना, मानव अधिकार, वातावरण र बालिका गरी १२ वटा गम्भिर रुपले ध्यान दिनुपर्ने क्षेत्रहरुलाई समेटी लैङ्गिक समानता र महिला सशक्तीकरण राष्ट्रिय कार्य योजना - २०५४ तर्जुमा गरिएको छ । यस राष्ट्रिय कार्य योजनालाई आधार मानि नवौं योजनाले अपनाइएको नीति अनुरुप महिला विकासको लागि सञ्चालन गरिने कार्यक्रमहरु निम्नानुसार हुनेछन् :

- छात्रवृत्ति, छात्रावास महिला शिक्षिका व्यवस्था तथा पुरस्कारसम्बन्धी कार्यक्रम विस्तार गरिने छ । साक्षरता प्रतिशत २५ प्रतिशत बाट ६७ प्रतिशत पुऱ्याउने, महिला शिक्षिका ५० प्रतिशत पुऱ्याउने र सीपमूलक व्यावसायिक तालिममा महिला सहभागिता ५० प्रतिशत पुऱ्याउन विभिन्न प्रोत्साहनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- महिलाहरुको स्वास्थ्यस्तरमा वृद्धि गर्न प्रजनन् स्वास्थ्य जीवन चक्रमा आधारित स्वास्थ्य सेवाको विकास गर्न भ्रूण गर्भावस्थाको सुरक्षाको लागि कानुनी व्यवस्था, सुरक्षित मातृत्व कार्यक्रम, ज्येष्ठ महिला स्वास्थ्य कार्यक्रम अत्यावश्यकीय स्वास्थ्य कार्यक्रममा समावेश गरी सञ्चालन गरिनेछ । तालिम प्राप्त जनशक्तिद्वारा गर्भावस्था प्रसूति र प्रसूति पछिको स्वास्थ्य सेवा घरदैलो देखि प्रेषण प्रणालीको आधारमा अस्पतालस्तरसम्म पुऱ्याउने व्यवस्था गरिनेछ । जनसंख्या नियन्त्रणको लागि गर्भ निरोधका स्थायी तथा अस्थायीहरु साधनहरु स्थानीयस्तरमा सर्वसुलभ तुल्याउने र व्यापक व्यापक प्रचार प्रसार तथा लक्षित समूहमा जनसंख्या शिक्षा पुऱ्याई परिवार नियोजन कार्यक्रमलाई व्यापक बनाइनेछ ।

- महिला कृषकहरुका उत्पादकत्व वृद्धि गर्न उत्पादन प्रविधि, सामग्री, उत्पादन ऋण तालिम, बजार सुविधा आदिमा महिलाहरुको पहुँच सरल तथा सुलभ तरिकाले पुऱ्याउने विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । पशुपालन व्यवसायमा महिलाहरुको अग्रणी भूमिका रहेको परिप्रेक्ष्यमा पशु विकास कार्यक्रममा महिलाहरुलाई प्रत्यक्ष सहभागी बनाउन ऋण, पशुधन सुरक्षण, पशु स्वास्थ्य सेवा तालिम, पशुजन्य खाद्य उद्योगहरुको व्यवस्थासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

महिलाहरुलाई भूमिमाथिको समान स्वामित्व प्रयोगको अधिकार तथा जोतको सुरक्षाको रुपमा भूमि माथिको अधिरका सुनिश्चित गर्न ऐन नियममा संशोधन तथा प्रचार प्रसारसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

- उद्योग पर्यटन, वन तथा यातायात जस्ता आर्थिक क्षेत्रहरु महिला सहभागिता अभिवृद्धि गर्न उद्यमी तथा व्यवस्थापन तालिम सहुलियत कर्जा, रोजगार व्यवस्थासम्बन्धी कार्यक्रम सञ्चालन गरिनुका साथै यस्ता व्यवस्थामा लागेका महिलाहरुलाई प्रोत्साहात्मक पुरस्कार, कदरपत्रसम्बन्धी कार्यक्रमहरु पनि सञ्चालन गरिनेछ ।

- ग्रामीण महिलाहरुको आर्थिक स्रोतको पहुँचमा वृद्धि गरी स्वरोजगार सञ्चालन गर्न सक्षम बनाई गरिबी निवारण कार्यक्रमलाई समेत सघाउ पुग्ने गरी उत्पादन ऋण तथा महिला साना किसान विकास कार्यक्रमहरुको विस्तार गरी जिल्लाव्यापी रुपमा क्रमशः संस्थागत गरिनेछ । यसको साथै गैरसरकारी संस्था परिचालन गरी सञ्चालन गरिएको लघु ऋण कार्यक्रम, ग्रामीण बैंक कार्यक्रमको साथै निजी क्षेत्रमा सञ्चालित बैंकहरुलाई महिला कर्जा कार्यक्रममा सहभागी बनाउन विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिलालाई समानहक प्रदान गर्न बाधाका रुपमा रहेका ऐन - कानुनहरु संङ्कलन गर्ने, पुनरावोलक प्रतिवेदन तयार गर्ने, गोष्ठी, अन्तरक्रिया, कानुनी शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरी समतामूलक ऐन-कानुन तर्जुमा गरेर पारिवारिक अदालत स्थापना गरिनेछ ।

- महिला पुरुषबीच वर्तमान आर्थिक सामाजिक विभेद कम गर्न भौगोलिक तथा समुदायको आधारमा महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस सन्दर्भमा विकास आयोजनाहरुमा राजनीतिक तथा प्रशासनिक नीति निर्णय तहमा तथा स्थानीयतहको रोजगारी अवसर आदि क्षेत्रहरुमा उपयुक्त ऐन-नियम तथा कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि लोक सेवा आयोग, सामान्य प्रशासन मन्त्रालय तथा क्षेत्रगत मन्त्रालयहरुलाई परिचालन गरिनेछ ।

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा र अपराधलाई नियन्त्रण गर्न हिंसाहरुको पहिचान, आवश्यकता अनुरुपको दण्ड व्यवस्था, उपचार र पुनर्स्थापनको व्यवस्था तथा सामाजिक जागरणसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालनमा गैरसरकारी क्षेत्रलाई परिचालन गर्न प्रोत्साहनत्मक उपायहरु अपनाइनेछ ।

- राष्ट्रिय लेखा परिपाटीमा महिलाहरुको योगदान, महिलाको स्थितिसम्बन्धी सूचक तर्जुमा गरी महिला विकास कार्यक्रमहरुको मूल्याङकन गर्ने तथा जनगणनामा महिलाहरुको तथ्याङकगत विवरण समावेश गर्ने प्रक्रियाको व्यवस्था गरिनेछ ।

- महिलाहरुको कार्यबोझ तथा समयावधि कम गरी बचत समय उत्पादनमूलक आयआर्जन कार्यहरुमा लगाउन घरेलु तथा कृषि कार्यहरुको लागि उपयुक्त मेसिनहरुको बजार व्यवस्था तथा प्रचार-प्रसार गरिनेछ ।

- लैङ्गिक समानता बारे राजनीतिक, प्रशासक तथा स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गर्न तालिम, गोष्ठी तथा प्रचारप्रसार कार्यक्रमहरु क्षेत्रगत कार्यक्रम अन्तर्गत एकीकृत रुपमा सञ्चालन गरिनेछ ।

- महिला विकाससम्बन्धी कार्यक्रम तर्जमा तथा कार्यान्वयनमा प्रभावकारिता ल्याउन सम्बन्धित निकायहरुको संस्थागत विकास गर्न शाखा महाशाखाको विस्तार, जनशक्ति व्यवस्था तथा लैङ्गिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । यस सन्दर्भमा महिला तथा समाज कल्याण मन्त्रालयलाई प्रभावकारी बनाइ महिला विकास क्षेत्रको केन्द्रविन्दुको रुपमा विकास गरिनेछ ।

- महिला विकाससम्बन्धी विविध क्षेत्रगत कार्यक्रमहरु सम्बन्धित निकाय अन्तर्गत नै सञ्चालन गरिनेछ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित कार्यक्रमहरुबाट महिलाहरुको आर्थिक-सामाजिक सहभागिता तथा मूल्याङ्कन व्यवस्थालाई प्रभावकारी बनाउन केन्द्रीयस्तरमा विशेष व्यवस्था गरिनेछ ।

१४.२ युवा तथा खेलकुद

१४.२.१ युवाशक्ति परिचालन

१. पृष्ठभूमि

युवावर्गले राष्ट्र-निर्माणमा अग्रणी भूमिका खेल्दछ । युवाहरुको जोश, जाँगर, हौसला र सिर्जनशीलताको कुनै कुरासँग तुलना हुनसक्दैन । नेपालको परिप्रेक्ष्यमा १५ देखि २९ वर्षसम्मका युवा उमेर समूहको कुल जनसंख्याको करीव २७ प्रसतशत पर्नआउँछ । गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले यो देशको सवैभन्दा महत्वपूर्ण वर्ग हो । तर अधिकांश युवावर्ग अनुभव र आत्मविश्वासको कमीबाट पीडित छन् र मुलुकको वास्तविकतासित अपरिचित छन् । राष्ट्रको विकासका निम्ति राष्ट्रिय प्राथमिकता, स्रोत र साधनको परिचालन युवा वर्गको उत्थान, विकास र परिचालनमा लगाउनु पर्ने देखिन्छ तापनि जनसंख्याको यति ठूलो भागलाई सामाजिक विकास, सामुदायिक उत्थान, ग्रामीण विकास र समग्रमा राष्ट्रको आर्थिक सामाजिक विकासमा प्रभावकारी रुपमा परिचालन गर्नसकिएको छैन ।

युवा वर्गका आफनै किसिमका विशेषता, समस्या र आवश्यकताहरु हुन्छन् तर यो वर्गलाई जनसंख्याको एउटा महत्वपूर्ण हिस्साको रुपमा लिई युवा वर्गको समस्या समाधान गर्ने, यिनका आवश्यकताहरु पूरा गर्ने र यो वर्गमा निहित बिशेषताहरुको प्रस्फुटन गराई सदुपयोग गर्नेतर्फ अपेक्षित प्रयास हुनसकेको छैन ।

२. आठौं योजनाको प्रगति

आठौं योजना अवधिको प्रथम तीन वर्षसम्म युवा वर्ग सम्बन्धी कार्यक्रम शिक्षा तथा संस्कृति मन्त्रालयका विभिन्न कार्यक्रम अन्तर्गत कार्यान्वयन गरियो । योजनावधिमा २०५२ असोज ६ गते युवा खेलकूद तथा संस्कृति मन्त्रालयको स्थापना भयो । यसरी योजनाको अन्तिम दुई वर्षमा यस मन्त्रालयमार्फत केही कार्यक्रमहरु सञ्चालित भए ।

३. विद्यमान चुनौती

युवावर्गको विकासका समस्याहरु मुख्यत: शिक्षा, संस्कृति रोजगार, स्वास्थ्य, खेलकूद, अपराध र दुर्व्यसनसंग सम्बन्धित छन् ।

- अधिकांश युवाहरु अझै पनि शिक्षाको अवसरबाट बञ्चित छन् । साक्षर र शिक्षित युवा जमातका पनि अनेकौं समस्याहरु छन् । नाम मात्रको लेखपढ गर्नजान्ने युवाहरुको परिमाण पनि ठूलै छ जसको शिक्षा जीवनोपयोगी हुनसकेको छैन । विद्यालयको पढाइ बीचैमा छोड्ने प्रवृत्ति व्यापक छ। जति जति तह बढ्दै गयो, उच्चशिक्षाका निम्ति भर्ना हुनेहरुको सङ्ख्या घट्दै जानेगरेको छ । अर्कातिर शिक्षाको गुणस्तर तुलनात्मक रुपमा कम छ । परीक्षामा अनुत्तीर्ण हुने युवाहरुको अत्यधिक सङ्ख्याले अर्को समस्या थपेको छ ।
- अशिक्षा र बेरोजगारीको कारण युवाहरुमा अपराध प्रवृत्ति र दुर्व्यसनको वृद्धि भइरहेको छ ।
- विकसित र व्यापक हुँदैगएको आमसञ्चार मार्फत बाह्य संस्कृतिको प्रभाव पनि मुख्यत: युवाहरुमै परिरहेको छ । आफ्नो मौलिक संस्कृति र परम्परा क्रमश: हराँउदै जाने र बाह्य संस्कृतिको नक्कल गर्ने क्रममा युवाहरु दिशाहीन र अन्यौलग्रस्त हुँदैगएका छन् ।

- मुलुकमा रहेको अपर्याप्त आधारभूत स्वास्थ्य सुविधाहरुको प्रभाव स्वाभाविकरुपमा युवा वर्गमा पर्दछ । तथापि केही युवासित सम्बन्धित स्वास्थ्य समस्याहरु पनि छन् । एड्सलगायत विभिन्न यौन रोगहरु, धूमपान, मादक पदार्थ सेवन र दुर्व्यसन आदिका कारणबाट उत्पन्न रोगहरुबाट विशेषगरी युवावर्ग नै आक्रान्त भएको पाइन्छ ।

- देहव्यापारमा संलग्न युवा नेपाली महिलाहरु र वर्षेनी रोजगारको निम्ति विदेशी राष्ट्रहरुमा जाने युवकहरुको संख्यालाई विचार गर्दा एड्सको सङ्क्रमण अरु भयावहरुपमा फैलिने सम्भावना देखिएको छ । यही वास्तविकतालाई विचार गरेर विश्व स्वास्थ्य संगठनले सन् २००० सम्ममा नेपालमा एचआईभी पोजिटिभ हुनेहरुको संख्या १ लाख पुग्ने अनुमान गरेको छ । स्पष्ट छ, यसरी एचआईभी पोजिटिभ हुनेहरुमा अत्यधिक संख्या युवाहरुकै हुनेछ ।

४. दीर्घकालीन अवधारणा

- नेपाली युवाहरुले स्वतन्त्र मुलुकको स्वाभिमानी नागरिकको रुपमा आत्मसम्मानपूर्वक जीवन निर्वाह गर्ने स्थितिको सिर्जना गर्ने ।

- युवावर्गमा प्रजातन्त्र, मानवाधिकार, अनुशासन र श्रमप्रति सम्मान गर्ने संस्कार स्थापित गर्ने ।

- युवावर्गलाई देशको भौतिक अवस्था, सामाजिक आर्थिक अवस्था, साँस्कृतिक परम्पराको ज्ञान, पहिचान र अनुभव गर्ने अवसर प्रदान गर्ने ।

- युवावर्गलाई रोजगारीमूलक शिक्षाको अवसर प्रदान गरी पलायन हुने प्रवृत्तिबाट रोक्ने ।

- युवावर्गलाई औपचारिक शिक्षाको क्रममा मुलुकको वस्तुस्थितिबारे प्रत्यक्ष अनुभव गरी आर्थिक, सामाजिक परिवर्तन र राष्ट्र निर्माणमा संलग्न हुने मौका प्रदान गर्ने ।

- युवावर्गलाई शिक्षित चेतनशील, अनुशासित सिर्जनशील र उत्पादनशील जनशक्तिको रुपमा परिचालन गर्दै देशको खेलकुद विकास र संस्कृति संरक्षणमा विशिष्ट रुपमा उपयोग गर्ने ।

- युवावर्ग र भावी युवापीढीलाई शिक्षा, स्वास्थ्य, सामाजिक विकास र उत्पादनका पर्याप्त अवसरहरु प्रदान गर्ने । देशको विकासका सम्भावना र अवरोधहरुबारे परिचित गराई अनुभव आर्जन गर्न मौका दिने । सिर्जनशीलता उजागर गर्ने र आफ्नो संस्कृतिको जगेर्ना गरी संस्कृतिलाई आर्थिक अवसरहरुसित आवद्ध गर्ने कार्यमा परिचालन गर्ने ।

- युवा जनशक्तिलाई अधिकतमरुपमा राष्ट्रिय विकासको मूलप्रवाहमा सहभागिताको अवसरको सिर्जना गरी राष्ट्रको आर्थिक सामाजिक विकासमा परिवर्तनकारी तत्वको रुपमा परिचालन गर्ने ।

- विश्वविद्यालयस्तरमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई ग्रामीण तथा सामुदायिक विकासको कार्यक्रममा निरन्तर सहभागी गराई ग्रामीण तथा सामुदायिक विकाससम्बन्धी अनुभव आर्जन गर्ने मौका दिने र ग्रामीण क्षेत्रमा चेतना जागरण र आर्थिक सामाजिक परिवर्तन ल्याउने ।

- प्रत्येक निर्वाचन क्षेत्रको ग्रामीण इलाकामा गैरसरकारी संस्थाको संलग्नतामा युवा शिविर (क्याम्प) सञ्चालन गर्ने ।

- सीपमूलक तालिम प्रदान गरी शिक्षित युवावर्गलाई रोजगारी र स्वरोजगारीको अवसर सिर्जना गरी शिक्षित बेरोजगारीलाई निर्मूल गर्ने ।

नवौं योजना

५. उद्देश्य

युवावर्गले राष्ट्र-निर्माणमा खेल्नसक्ने अग्रणी भूमिकालाई ध्यानमा राखी युवा जनशक्तिलाई सशक्त रुपमा राष्ट्रिय मूलप्रवाहमा समाहित गरी राष्ट्रको आर्थिक सामाजिक विकासमा परिचालन गर्नु मूल उद्देश्य हुनेछ। अन्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन्।

- युवा जनशक्तिलाई उत्पादनशील क्षेत्रमा अधिकतम उपयोग गर्नु।
- युवा वर्गमा राष्ट्रिय दायित्व बोध गराई सक्षम नागरिकको भूमिका निर्वाह गर्न समर्थ तुल्याउनु।
- देशमा विद्यमान गरिवी, अशिक्षा, पछौटेपन, कुरीति जस्ता चुनौतीहरुहरुको सामना गरी आउँदो शताब्दीका लागि परिवर्तनका वाहकको रुपमा युवावर्गको व्यक्तित्व विकास गर्नु।

६. लक्ष्य

१.	ग्रामीण/सामुदायिक विकासमा युवा परिचालन	२०,०००	युवाहरु
२.	पुनर्स्थापन	१०००	संख्या
३.	युवा स्वयंसेवक तयारी	५०००	संख्या
४.	ग्रामीण सामुदायिक विकास केन्द्रहरु स्थापना	७५	संख्या
५.	युवा व्यक्तित्व विकास	२०,०००	युवाहरु
६.	युवा स्वरोजगार	१०,०००	युवाहरु

७. नीति तथा कार्यनीति

- युवा विकास कार्यक्रम तथा जनसंख्या, वातावरण, पर्यटन, शिक्षा, स्वास्थ्य, खेलकूद, जनजाति विकास, स्थानीय विकास र महिला विकासजस्ता क्षेत्रगत कार्यक्रमहरुमा युवावर्गको संलग्नता बढाउनेगरी आवश्यक समन्वय कायम गरिनेछ।
- युवाहरुको रोजगारसम्बन्धी कियाकलापहरुलाई व्यवस्थित र प्रोत्साहित गर्न श्री ५ को सरकारका रोजगारीमूलक सँस्थाहरुसंग समन्वय गरी व्यावसायिक रोजगारीमूलक शिक्षा तथा तालिम कार्यक्रमहरुलाई अगाडि बढाइनेछ।
- युवा वर्गलाई प्रजातन्त्र, मानव अधिकार, संस्कृति, परम्परा, समाज र राष्ट्रिय दायित्वप्रति सचेत र जागरुक बनाउन उपयुक्त परिवेशको निर्माण गरिनेछ।
- विकास कार्यमा गतिशीलता ल्याउन युवा शक्ति र सीपको अधिकतम उपयोग गर्ने नीति लिइनेछ।
- युवा वर्गलाई ग्रामीण तथा सामुदायिक विकासमा परिवर्तनका वाहक (change agent) को रुपमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

- ग्रामीण तथा शहरी क्षेत्रमा रहेका युवाहरुलाई रचनात्मक तथा सिर्जनात्मक कार्यमा लगाउन प्रोत्साहित गरिनुका साथै स्थानीय कार्यक्रमहरुको सञ्चालनमा संलग्न गराई स्थानीयस्तरको आर्थिक-सामाजिक उत्थानमा परिचालन गरिनेछ ।

- युवा वर्गका विकासका निम्ति अन्तर्राष्ट्रिय तथा सरकारी र गैरसरकारी संघ-संस्थाहरुको सहयोग परिचालन गर्न जोड दिने नीति लिइनेछ ।

- साहित्य , संस्कृति, कला, सङ्गीत अभिनय र खेलकुद सम्बन्धी बिभिन्न सीप र प्रतिभा भएका युवाहरुको व्यक्तित्व निर्माण गर्न तथा दक्षता बढाउन आवश्यक तालिम, मौका, उचित प्रोत्साहन र छात्रवृत्ति दिइने कार्यक्रम ल्याइनेछ ।

- युवाहरुलाई सही दिशाबोध गराउने गरी युवाहरुको सकारात्मक भूमिका बारे प्रचार प्रसार र सूचना प्रवाह गर्न आमसञ्चारका माध्यमहरुलाई परिचालन गरिनेछ ।

- युवाहरुमा विकास सम्बन्धी अवधारणा र यसको व्यावहारिक पक्षको ज्ञान समेत दिने ध्ययेले बिभिन्न मित्रराष्ट्रहरुसंग युवा आदान प्रदान कार्यक्रममा जोड दिइनेछ ।

- युवाहरुलाई अपराधवृत्ति र दुव्यर्सनबाट बचाई उनीहरुमा सद्चरित्र एवं सद्गुणको विकास गर्न युवा जागरण र युवा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- युवा शक्तिको क्रियात्मक योगदान झल्कने गरी राष्ट्रिय युवा दिवस मनाइनेछ र राष्ट्रिय तथा क्षेत्रीयस्तरमा युवा महोत्सवको आयोजना गरिनेछ ।

- शिल्पीस्तरमा समेत युवा आदान प्रदान कार्यक्रमहरु सञ्चालन गरी शिल्पीहरुलाई व्यावहारिक सीपको प्रदर्शन गर्ने गरी प्रदर्शनीको आयोजना गरिनेछ ।

- युवाहरुको स्वास्थ्यसँग सम्बन्धित विविध कार्यक्रमहरु सञ्चालन गरिनुका साथै युवाहरुलाई अपराध र दुर्व्यसनबाट बिमुख राख्न विभिन्न प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- विभिन्न क्षेत्रमा युवावर्गको व्यक्तित्व विकास गर्न राष्ट्रिय युवा परिषद्को गठन गरिनेछ ।

- स्वेदशी एवम् विदेशी अनुसन्धानकर्ताको लागि नेपालसम्बन्धी अध्ययन र अनुसन्धान गर्न सजिलो होस भन्ने हेतुले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट नेपाल विश्व कोष प्रकाशित गरिनेछ ।

- शिक्षित युवाहरुको परिचालन गरी ग्रामीण समुदायमा शिक्षा, स्वास्थ्य, जनसंख्या, वातावरण, सामुदायिक विकास, जनचेतना अभिवृद्धि गर्नुका साथै शिक्षित युवाहरुलाई देशको आर्थिक सामाजिक स्थितिको अध्ययन अनुसन्धानको अवसर प्रदान गरिनेछ ।

- युवाहरुलाई निरक्षरता र अशिक्षा उन्मूलन गर्ने कार्यक्रमहरुमा समन्वयात्मक र बिशेष रुपमा उपयोग गरिने व्यवस्था गरिनेछ ।

- युवाहरुलाई रोजगारी, स्वरोजगारी तथा वैदेशिक रोजगारका निम्ति प्राप्त अवसरहरु तथा त्यस्ता रोजगारको मागअनुरुप के- कस्ता तालिमहरुको दरकार पर्दछ भनी अद्यावधिक सूचनाहरु जानकारी दिन तथा रोजगार सम्बन्धी तालमि कार्यक्रमहरुलाई माग अनुरुप संञ्चालन गर्न युवा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ ।

- ग्रामीण वेरोजगार एवं शिक्षित बेरोजगारहरुलाई स्वरोजगार सञ्चालनका निम्ति सम्भाव्य परियोजनाहरुको तर्जुमा गरी सहुलियत दरमा ऋण- सापटी लिनसकिने कार्यक्रम सञ्चालन गरिनेछ ।

- वातावरण संरक्षण, सामुदायिक विकास, जनजाति विकास, साक्षरता, जनसंख्या नियन्त्रण, परिवार नियोजन, मातृ संरक्षण, पोषण र आधारभूत स्वास्थ्यसम्बन्धी जानकारीको प्रचारप्रसार निम्ति युवा परिचालन तथा युवा अभिमुखीकरण कार्यक्रमहरु ल्याइनेछ ।
- एड्स्, धूम्रपान, मादक पदार्थ सेवन र दुर्व्यसनका विरुद्ध राष्ट्रव्यापी प्रचार-प्रसार अभियानमा युवावर्गलाई संलग्न गराइनेछ ।
- लागूपदार्थ दुर्व्यसनीहरुको पुनःस्थापन कार्यक्रमहरु तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।
- युवासम्बन्धी राष्ट्रिय नीति र कार्यक्रमका बारेमा श्री ५ को सरकारलाई परामर्श दिन तथा बिभिन्न निकायहरुबाट सञ्चालन हुने कार्यक्रमहरुमा युवा जनशक्तिको परिचालन गर्न र सहभागिता बढाउने कार्यको समन्वय गर्न उच्चस्तरीय सङगठनात्मक व्यवस्था गरिनेछ ।
- युवा क्रियाकलापसम्बन्धी गैरसरकारी संस्थाहरुको एउटा केन्द्रीय सञ्जाल (नेटवर्क) स्थापना गरी गैरसरकारी युवा संघसंस्थाहरुसंग सरकारी र गैरसरकारी दुवै तहमा हुने समन्वय र सम्बन्ध बिस्तार गर्ने व्यवस्था गरिनेछ ।
- मुलुक भित्र तथा विदेशमा आयोजना गरिने भेला र महोत्सवहरुमा युवा स्वयंसेवकको रुपमा सहभागितालाई बढावा दिइनेछ ।

८. कार्यक्रम

युवावर्गको व्यक्तित्व विकास

- तालिम, सेमिनार, गोष्ठी, भ्रमण आदि कार्यक्रम,
- व्यवहारिक ज्ञान तथा अनुभवको आदान प्रदान गर्ने कार्यक्रम,
- क्षमता प्रदर्शन गर्ने मौका तथा प्रोत्साहन गर्ने कार्यक्रम,
- अध्ययन, अनुसन्धान गर्ने मौका प्रदान गर्ने कार्यक्रम,
- विभिन्न सीप, कला कौशल, खेलकूद आदि क्षेत्रमा युवा प्रतिभा विकासमा प्रोत्साहन कार्यक्रम,
- युवा, महिलावर्गका लागि व्यक्तित्व विकासको बिशेष कार्यक्रम ।

ग्रामीण तथा सामुदायिक विकासमा युवा परिचालन

- बिश्वबिद्यालयमा अध्ययनरत एवं भरखर स्नातक वा स्नातकोत्तर अध्ययन गरेका युवाहरुलाई ग्रामीण तथा सामुदायिक विकास कार्यक्रमहरुमा सहभागी गराई फिल्डस्तरको अनुभव दिलाउने तथा यसको माध्यमद्धारा वातावरण, जनसंख्या, शिक्षा, स्वास्थ्य, खेलकूद, संस्कृति, जनजाति, महिला तथा युवा विकास जस्ता विकास कार्यक्रमहरुमा टेवा पुऱ्याउने,
- जनजाति तथा पिछडिएका वर्ग र क्षेत्रमा शिक्षित युवावर्गलाई सामाजिक तथा आर्थिक परिवर्तनकारी तत्वको रुपमा परिचालन गर्ने,
- ग्रामीणस्तरमा स्थानीय युवाहरुलाई आफ्नो समुदाय र गाउँमा विकास कार्यक्रमहरु अगाडि बढाउन उत्प्रेरित गर्ने ।

युवा जागरण र अभिमुखीकरण कार्यक्रम

- युवा महोत्सव तथा युवाक्याम्प र भेलाहरुको आयोजना गरी राष्ट्रिय मूल्य, मान्यता, प्रजातन्त्र, मानव अधिकार, संस्कृति, राष्ट्रिय समस्याहरु, विद्यमान चुनौतीहरु , युवावर्गको भूमिकाबारे जागरण र अभिमुखीकरण सम्बन्धी कार्यक्रम,
- चेतनामूलक प्रचार प्रसार कार्यक्रम ।

पुनर्स्थापन कार्यक्रम

- एड्स, यौनरोग तथा लागूपदार्थ विरुद्ध प्रचार प्रसार तथा नियन्त्रणको लागि समन्वयात्मक तथा सहयोगात्मक कार्यक्रम,
- एड्स तथा लागूपदार्थ दुर्व्यसनीको पहिचान, उपचार व्यवस्था तथा पुनर्स्थापन कार्यक्रम,
- नारी देहव्यापार सम्बन्धी समस्या विरुद्ध अन्य सम्बन्धित निकायसित समन्वयात्मक कार्यक्रम ।

युवा स्वयं सेवक विकास तथा आदान प्रदान

- राष्ट्रिय तथा स्थानीयस्तरमा युवा पुरुष तथा महिला स्वयंसेवकहरुको तालिम तथा आदान प्रदान, सीप, दक्षता, कला कौशलको आधारमा अनुभव र क्षमताको प्रदर्शन गरी विकास कार्यमा सहयोग गर्ने अन्तर्राष्ट्रियस्तरको स्वयंसेवक आदान प्रदान ।

सङ्गठनात्मक सुदृढीकरण

- राष्ट्रिय युवा परिषद्को गठन ,
- जिल्ला युवा परिचालन समिति गठन,
- जेसिज, रोटरी, लियो, लायन्स, स्काउट जस्ता संस्था र युवा क्रियाकलापसित सम्बद्ध गैरसरकारी संस्थाहरु र क्लवहरुसित सम्पर्क र सहयोग,
- ग्रामीण सामुदायिक विकास केन्द्रहरुको स्थापना ।

१४.२.२ खेलकुद

१. पृष्ठभूमि

खेलकुद मानव जीवनको एउटा महत्वपूर्ण क्रियाकलाप मात्र नभएर राष्ट्रमा स्वस्थ र जाँगरिलो जनशक्ति तयार गर्ने माध्यम पनि हो । देशमा स्वस्थ, सक्षम, सबल र अनुशासित जनशक्ति तयार पार्न खेलकुदलाई समग्र विकासको एउटा बलियो आधार बनाउनुपर्ने देखिन्छ । अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सफलता प्राप्त गरी राष्ट्रको प्रतिष्ठा बढाउने सशक्त माध्यमको रुपमा पनि खेलकुदको विकास गर्नुपर्ने हुन्छ । नेपालमा खेलकुद विकासका लागि संस्थागत प्रयास सुरु भएको झण्डै चार दशक पुगेता पनि अपेक्षित सफलता प्राप्त हुनसकेको छैन । खेलकुद क्षेत्रलाई सामान्य नागरिकको मनोरञ्जनको साधन बाहेक राष्ट्रिय विकासको परिप्रेक्ष्यमा सशक्त रुपमा अगाडि बढाउनसकिएको छैन । अतः खेलकुद विकास प्रयासलाई प्रभावकारी, उपयोगी र राष्ट्रले गर्व गर्नसक्ने स्थितिमा पुऱ्याउने र खेलकुद क्षेत्रमा प्रतिभाको विकास गर्ने सुविधालाई अधिराज्यभर विस्तार गर्नुका साथै साधनयुक्त बनाउन पर्ने आवश्यकता छ ।

२. आठौं योजनाको समीक्षा

आठौं योजना अवधिमा खेलकुदको विकासका लागि यथेष्ट प्रयास भएका छन् । यस क्रममा प्रशिक्षण, प्रतियोगिता, अन्तर्राष्ट्रिय सहभागिता र खेलकुदका भौतिक पूर्वाधारहरुको निर्माण, सम्भार जस्ता कार्यहरुलाई अगाडि बढाइयो । आठौं योजना अवधिमा सञ्चालन भएका प्रशिक्षण, प्रतियोगिता, अन्तर्राष्ट्रिय सहभागिता र भौतिक पूर्वाधारहरुको निर्माणबाट खेलकुदको विकासका लागि सघाउ पुग्नगएको छ । आठौं योजना अवधिमा नेपाल अधिराज्यका सम्पूर्ण जिल्लाका करिव ७ लाख खेलाडीहरुले प्रशिक्षण प्राप्त गरेका थिए । २० भन्दा बढी खेलका राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरीय प्रतियोगिताहरु आयोजना गरिएका थिए । अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पनि नेपालले ओलम्पिक, एशियाली खेलकुद र दक्षिण एशियाली खेलकुद लगायत अन्य कतिपय महत्वपूर्ण अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा भाग लिएर स्वर्ण, रजत र काँस्य पदक गरी १०० भन्दा बढी पदकहरु जित्न सफल भएको थियो । यसैगरी भौतिक पूर्वाधारहरुको निर्माणतर्फ पनि केही स्थानहरुमा नव निर्माण र केही भएका भौतिक पूर्वाधारहरुको मर्मतसम्भार गर्ने कार्य भएको थियो । नेपालको खेलकुद विकासका लागि आठौं योजना अवधिमा भएका कार्यहरुबाट यस क्षेत्रको विकासका लागि पूर्वाधारहरु तयार गर्न सघाउपुग्न गएको छ । यस अवधिमा श्री ५ को सरकारले खेलकुदको दिगो संस्थागत विकासलाई अगाडि बढाउने उद्देश्यका साथ युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको स्थापना गरेबाट नेपालको खेलकुद विकासमा थप योगदान पुग्नगएको देखिन्छ ।

३. विद्यमान चुनौती

- खेलाडीहरुमा हाल उत्पन्न निराशाजनक स्थिति, पलायनवाद र उच्च मनोवल तथा क्षमताको अभावका कारण अन्तर्राष्ट्रियस्तरको खेलमा पर्याप्त सफलता प्राप्त गर्न सकिएको छैन ।
- खेलाडीहरुको उचित प्रशिक्षण, सम्मान र वृत्तिविकासको व्यवस्था गर्ननसकिएको हुँदा नेपालको खेलजगत अन्तर्राष्ट्रिय क्षेत्रमा निकै पछि परेको छ ।
- आर्थिक स्रोतको सुनिश्चित व्यवस्था हुननसक्दा खेलकुदले विकास कार्यक्रमहरु प्रभावकारी हुन सकेको छैन ।
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको खेलको लागि उपयुक्त भौतिक पूर्वाधार उपलब्ध छैन । अधिराज्यमा रहेका सीमित पूर्वाधारबाट समेत खेलकुद क्षेत्रले पर्याप्त उपलब्धि हासिल गर्नसकिरहेको छैन ।
- खेलकुद विकासमा विद्यमान संस्थागत व्यवस्था प्रभावकारी हुनसकेको छैन ।
- खेलकुदलाई वृत्ति विकास गर्ने माध्यमको रुपमा व्यावसायिकता प्रदान गर्नसकिएको छैन ।
- प्रतिभा र सम्भाव्यताको ख्याल नगरी खेलकुद कार्यक्रमलाई अगाडि बढाउँदा सम्मानजनक उपलब्धि हासिल गर्नसकिएको छैन ।

३. दीर्घकालीन अवधारणा

- माध्यमिक विद्यालयस्तरमा सम्पूर्ण विद्यालयहरुमा खेलकुदलाई शिक्षाको अभिन्न अङ्गको रुपमा स्थापित गर्ने ।
- खेलकुदलाई मनोरञ्जनको साधनको रुपमामात्र नभएर जीवनको अभिन्न क्रियकलापको रुपमा विकास गर्ने ।
- खेलकुदलाई खेलाडीहरुको जीवन धान्न सक्ने पेशाको रुपमा विकास गर्ने ।
- खेलकुद क्षेत्रमा नेपाललाई सार्क राष्ट्रमा तेस्रो र एसियाली राष्ट्रमा १५ औं स्थानमा स्थापित गर्ने ।

नवौं योजना :

४. उद्देश्य

- देशमा सक्षम, सबल र अनुशासित जनशक्ति तयार गर्न खेलकुदको विकास तथा विस्तार गर्ने ।
- स्तरीय खेलाडी तयार गरी अन्तर्राष्ट्रिय खेल जगतमा सफलता हासिल गरेर राष्ट्रको प्रतिष्ठामा अभिवृद्धि गर्ने ।
- विद्यालयदेखि नै खेलकुदको विकासक्रमलाई अगाडि बढाउने ।
- खेलकुदमा महिला सहभागिता वृद्धि गर्ने ।
- खेलकुदमा दक्ष जनशक्तिको सङख्यात्मक र गुणात्मक बृद्धि गरी खेलकुदसम्बन्धी वृत्तिविकास र व्यवसायमा जोड दिने ।
- पर्यटकीय खेलकुदको विकास गरी राष्ट्रिय विकासमा आर्थिक योगदान पुऱ्याउने ।

५. लक्ष्य

१.	प्रशिक्षित खेलाडी	१५ लाख
२.	स्पोर्टस् कम्प्लेक्स निमार्ण	६
३.	खेलकुद प्रशिक्षण प्रतिष्ठान	१

प्रायः सवै खेलाडीहरु युवावर्गका हुने भएकँले युवावर्गबाट खेलकुद जगतमा ठूलो उपलब्धि हासिल गर्नसकिने निर्विवाद छ । पर्याप्त भौतिक पूर्वाधार र तालिम, प्रशिक्षण, अवसरको सुव्यवस्था गर्न सकिएमा २१ औं शताव्दीको संघारमा प्रवेश गर्नलागेको खेलकुद क्षेत्रबाट राष्ट्रको प्रतिष्ठा र गरिमामा श्रीवृद्धि गर्न ठोस योगदान पुग्नजाने देखिन्छ ।

६. नीति तथा कार्यनीति

- खेलकुदलाई राष्ट्रिय, क्षेत्रीय, जिल्लास्तरीय, निर्वाचन क्षेत्रस्तरीय र गाउँ गाउँसम्म पुऱ्याउन प्रयत्न गरी "खेलकुद गाउँ देखि शहरसम्म" को नारा सहित विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- नेपालमा लोकप्रिय, सम्भाव्य र प्रतिभायुक्त देखिएका खेलहरुको पहिचान र वर्गीकरण गरी त्यसको विकासलाई प्राथमिकता दिई त्यस्ता खेलहरुमा व्यावसायिकताको विकास गर्ने नीति लिइनेछ ।
- प्रशिक्षण, प्रतियोगिता र खेलकुद व्यवस्थापनलाई वैज्ञानिकीकरण तथा आधुनिकीकरण गदै खेलकुद क्षेत्रमा युवावर्गको सहभागिता बढाउने नीति लिइनेछ ।
- राष्ट्रको गौरव बढाउने उत्कृष्ट खेलाडी, प्रशिक्षक तथा प्रशिक्षणमा संलग्न व्यक्तिहरुलाई पुरस्कृत, सम्मानित र भविष्य सुरक्षित गर्ने नीति लिइनेछ ।
- अन्तर्राष्ट्रियस्तरका खेलहरुको आयोजना गर्नसक्ने क्षमताको विकास गर्ने नीति लिइनेछ ।
- खेलकुदको विकास र विस्तारमा संघ, संस्था, निजी तथा व्यापारिक क्षेत्रलाई सहभागी गराउने र प्रायोजकहरुलाई उचित प्रोत्साहन प्रदान गर्दै खेलकुद क्षेत्रलाई आत्मनिर्भर बनाउँदै लग्ने नीति लिइनेछ ।
- खेलकुदको वर्तमान संस्थागत व्यवस्थालाई सुधार गरी केन्द्र, क्षेत्र र जिल्लामा खेलकुद गतिविधि समानुपातिक रुपमा सुदृढ र सुव्यवस्थित गर्ने नीति लिइनेछ ।
- स्वस्थ मनोरञ्जनका साथै स्वस्थ जीवनयापनको अभिन्न अङ्गको रुपमा खेलकुदलाई विकास गर्न ७५ जिल्लामा नै खेलकुद एकाईलाई सक्रिय र प्रभावकारी बनाइनेछ । ७५ जिल्लालाई आधार मानी, प्रशिक्षण र प्रतियोगितासम्बन्धी आयोजना सञ्चालन गरिनेछ । खेलकुदको सामग्रीहरुको आपूर्ति गरी शहर र गाउँ-गाउँसम्म खेलकुदलाई विस्तार र विकास गरिनेछ ।
- विशिष्टता प्राप्त गर्नसक्ने प्रतिभाशाली खेलाडीहरुको पहिचान गरी जुन जिल्लाहरुमा जुन खेलमा यस्ता खेलाडीहरु छन् सोही खेलको विकासको लागि जिल्ला र क्षेत्रीय एकाईहरुलाई प्रोत्साहित गरी खेलकुद कार्यक्रम परिचालन गरिनेछ ।
- अधिराज्यका माध्यमिक विद्यालयहरुमा शारीरिक तथा खेलकुद शिक्षकको व्यवस्था गर्ने र प्रशिक्षण, प्रतियोगिता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता समेत गराई विद्यार्थीहरुको चौतर्फी विकासका साथै विद्यालयहरुलाई खेलकुद विकासको आधार बनाइनेछ ।

- खेलकुद क्षेत्रमा रहेका प्रशिक्षकहरुको स्तर र संख्यामा वृद्धि गरी सक्षम र दक्ष जनशक्ति उत्पादन गरिनेछ । खेलकुदलाई गुणात्मक विकास गर्नमा बढी जोड दिइनेछ । दक्षता वृद्धिको लागि स्वदेश तथा विदेशमा तालिम, अध्ययन र अनुसन्धानको व्यवस्था गरिनेछ । यसै क्रममा एक सुविधा सम्पन्न खेलकुद प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिनेछ । साथै उच्च उचाई प्रशिक्षण प्रतिष्ठान (High Altitude Training Centre) को स्थापना गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रशिक्षण केन्द्रको रुपमा विकास गर्न सहयोग जुटाइनेछ ।

- महिलाहरुलाई खेलकुदमा अधिकतमरुपमा संलग्न गराउन छुट्टै थप महिला खेलकुद विकास कार्यक्रमका साथै खेलकुदको नेतृत्व तहमा पनि महिलाहरुको सङख्यामा वृद्धि गरिनेछ ।

- खेलाडी, प्रशिक्षक एवं खेलकुदको विकासमा संलग्न व्यक्तिहरुलाई बीमा, रोजगारी र विभिन्न थप पुरस्कार आदिको व्यवस्था गरिनेछ । अन्य आवश्यक प्रोत्साहन र सहुलियत प्रदान गरी उनीहरुलाई उत्साहित पार्नुका साथै उनीहरुको भविष्य सुनिश्चित पारिनेछ ।

- विभिन्न सरकारी र अर्धसरकारी संस्था, व्यापारिक प्रतिष्ठान लगायतका क्षेत्रलाई खेलकुदमा लगानी गर्न प्रोत्साहित गरिनेछ र खेलाडीहरुको खेलकुदसम्बन्धी वृत्ति विकासमा आवश्यक नीति तय गरिनेछ । वृत्ति विकासका साथै खेलकुदलाई व्यवसायको रुपमा ग्रहणीय बनाउने प्रयास गरिनेछ ।

- पर्यटकीय दृष्टिकोणबाट सम्भाव्य देखिएका खेलहरुको विकास गर्न जोड दिने नीति लिइनेछ । पर्यटकीय खेलकुदहरु जस्तै स्की, राफ्टीङ्ग, बेलुन उडान, गल्फ कोर्सको विकासका लागि सम्भाव्यताको आधारमा खेल स्थलहरुको व्यवस्था गरिनेछ । साथै क्रिकेट खेललाई आवश्यक भौतिक सुविधाको व्यवस्था गरी दक्षिण एशियाली पर्यटकीय खेलको रुपमा विकास गरिनेछ ।

- गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिकाहरुलाई आफ्नो साधन र स्रोतबाट केही प्रतिशत साधन खेलकुदको विकासमा खर्चगर्न प्रोत्साहित गरिनेछ ।

- खेलकुदको व्यवस्थापन पक्षलाई तालिम, प्रशिक्षण र उच्च अध्ययनका अवसरहरु उपलब्ध गराई समयानुकूल रुपमा दक्ष र चुस्त बनाउने कार्य गरिनेछ ।

- राष्ट्रिय खेलकुद परिषद्लाई परिवर्तित सन्दर्भमा प्रभावकारी सक्षम र सवल तुल्याउन सम्बन्धित ऐन नियमहरुमा समयानुकूल सुधार गरिनेछ ।

- अन्तर्राष्ट्रिय मान्यता प्राप्त खेलहरुसँग सम्बन्धित संघसंस्थाहरुलाई सक्षम तुल्याउन आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ ।

- खेलकुदको विकास र प्रोत्साहनको लागि पर्याप्त साधन जुटाउन उपयुक्त व्यवस्था गर्दै लगिनेछ।

- गाउँ तथा शहरी क्षेत्रमा, जिल्लाको केन्द्र र नगरपालिकाका वडाहरुमा रहेका सार्वजनिक जग्गाहरुमध्ये खेलकुद प्रयोजनको लागि आवश्यक जग्गाको व्यवस्था गर्दै लगिनेछ ।

६. कार्यक्रम

- जिल्लामा जिल्ला खेलकुद विकास समिति, क्षेत्रीय खेलकुद विकास समिति र केन्द्रमा सम्बन्धित विषयगत संघहरु मार्फत खेलकुद विकासका कार्यक्रमहरु तथा प्रशिक्षण, प्रतियोगिताहरुलाई वृहत् रुपमा सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको तयारी गर्ने ।

- अधिराज्यका माध्यमिक विद्यालयहरुमा चरणवद्ध रुपमा खेलकुद शिक्षणको व्यवस्था गर्ने क्रममा शिक्षकहरुको व्यवस्था, तालिम सञ्चालन तथा अधिराज्यव्यापी विद्यालयस्तरीय प्रतियोगिताहरु आयोजना गर्ने ।

- उच्चस्तरका प्रशिक्षक उत्पादन गर्ने क्रममा अन्तर्राष्ट्रिय ख्याति प्राप्त खेलकुद प्रतिष्ठानमा तालिम, सेमिनार, गोष्ठी आदि सञ्चालन गरी खेलाडीहरुलाई सहभागी गराउने ।

- भौतिक पूर्वाधारको विकासको क्रममा काठमाडौमा केन्द्रीयस्तरको सुविधा सम्पन्न खेलहरु खेल्नसकिने एउटा अर्को स्पोर्टस् कम्प्लेक्सको निर्माण गर्ने र पांच विकास क्षेत्रमा क्षेत्रीय स्पार्टस् कम्प्लेक्स र ७५ रै जिल्लामा खेल खेल्ने मैदान निर्माण गरिनेछ ।

- महिलाहरुले खेल्ने खेलका प्रतियोगिताहरुको आयोजनामा वृद्धि गरी थप प्रतियोगिताहरुको आयोजना गरिनेछ ।

- खेलाडीहरुलाई प्रोत्साहन गर्न सम्मान र थप पुरस्कारको व्यवस्था गरिनेछ । उनीहरुलाई रोजगारी उपलब्ध गराउन संघसंस्था, सरकारी, अर्धसरकारी निकाय, व्यापारिक प्रतिष्ठान आदिसँग समन्वय गरिनेछ । खेलकुदलाई पेशाको रुपमा लिने राष्ट्रियस्तरका खेलाडीहरुलाई निवृत्तिभरणको व्यवस्था गरी खेलकुद विकासका लागि गैरसरकारी क्षेत्रलाई समेत परिचालन गरिनेछ ।

- पर्यटकहरु आकर्षित हुने खालका खेलहरु राफ्टिङ्ग, गल्फ, स्की, बेलुन उडान, स्काई डाइभिङ्ग जस्ता सम्भाव्य खेलकुदहरुको पहिचान गरी त्यसका लागि सम्भाव्यता अध्ययन र पूर्वाधार निर्माण गर्ने कार्य गरिनेछ । साथै क्रिकेट खेलको विकासका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

- नेपाली खेलाडीहरुलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउनुको साथै नेपालमै पनि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको आयोजना गरिनेछ ।खेलकुदमा स्वदेशी एवं विदेशी सञ्चार माध्यमहरुको प्रयोगका साथै उनीहरुबाट प्रायोजनसमेत गराई प्रचार-प्रसारका माध्यमहरु अपनाएर आय आर्जन गर्ने कार्य गरिनेछ ।

परिच्छेद १५

सुशासन तथा विकास व्यवस्थापन

१५.१ सुशासन र विकास प्रशासन

१. पृष्ठभूमि :

राज्यले जनतालाई दिनुपर्ने सेवा र सुविधा सुलभ रुपमा उपलव्ध गराउनुका साथै देशको विकास तथा निर्माण सम्वन्धी कार्यहरु समयमा सम्पन्न गर्ने गराउने दायित्व प्रशासन यन्त्रले बहन गर्नुपर्ने हुन्छ । यस्तो गहन दायित्व पूरा गर्न सक्षम, निष्पक्ष, उत्पादनशील मितव्ययी, छरितो, जनमुखी र उत्तरदायी प्रशासन यन्त्रको आवश्यकता पर्दछ । सुशासन (good governance) को सिद्धान्त पनि यसै धारणामा आधारित छ । योजनावद्ध विकासको लागि त प्रशासनिक व्यवस्था सुशासनका गुणहरुले सम्पन्न हुनुका साथै अझै गतिशील हुनुपर्ने कुरामा दुइमत छैन । यसै तथ्यलाई दृष्टिगत गरी नेपालमा परम्परागत प्रशासन शैलीमा सुधार गर्दै प्रशासनलाई जनमुखी, सेवामूलक र विकासप्रति प्रतिबद्ध गराउन विभिन्न प्रयासहरु भएका छन् । प्रजातन्त्र प्राप्तिपछि वि.सं.२००९, २०१३, २०२५, २०३२ र २०४८ मा प्रशासन सुधारको उद्देश्यले विभिन्न समिति र आयोगहरुको गठन गरी राय सुझाउ लिने र राज्यको तर्फबाट तिनको कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समय समयमा व्यक्त गरिएको छ । विकेन्द्रीकृत शासन व्यवस्थाको सिद्धान्तअनुरुप केन्द्रबाट क्षेत्र, अञ्चल र जिल्लास्तरसम्म प्रशासनिक सङ्गठनहरुको विस्तारका साथै अधिकार प्रत्यायोजनको व्यवस्था गरी प्रशासन यन्त्रलाई सक्षम र छिटो कार्यसम्पादन गर्न सक्ने बनाउन समेत प्रयत्न गरिएको छ । तर पनि नेपालको प्रशासन बोझिलो र खर्चिलो हुनुका साथै बढी पारदर्शी, छिटो छरितो र जनमुखी हुन सकेको छैन । विकासको प्रतिफल जनस्तरसम्म पुऱ्याउने व्यवस्थाको सिद्धान्तअनुरुप केन्द्रबाट क्षेत्र, अञ्चल र जिल्लास्तरसम्म प्रशासनिक संङठनहरुको विस्तारका साथै अधिकार प्रत्यायोजनको व्यवस्था गरी प्रशासन यन्त्रलाई सक्षम र छिटो कार्यसम्पादन गर्न सक्ने बनाउन समेत प्रयत्न गरिएको भएतापनि यथार्थमा नेपालको प्रशासन बोझिलो र खर्चिलो हुनुका साथै बढी पारदर्शी, छिटो छरितो र जनमुखी हुन सकेको छैन र विकासको प्रतिफल जनस्तरसम्म पुऱ्याउने सशक्त माध्यम बन्न सकेको छैन ।

२. आठौं योजनाको समीक्षा

आठौं योजनाको अवधिमा प्रजातान्त्रिक शासन व्यवस्थाअनुरुप प्रशासनलाई सक्षम र सुदृढ बनाउने ीति अंङ्गिकार री प्रशासन सुधार आयोग २०४८ द्धारा दिइएका सुझाउहरुलाई चरणबद्ध रुपमा कार्यान्वित गर्ने प्रयासहरु भएका छन् । नयाँ नजामती सेवा ऐन र नियमावलीको तर्जुमा गर्ने कार्य र निजामती कर्मचारीहरुको काम, कर्तव्य अधिकारहरु तोक्ने क्रममा अधिकांश पदहरुको कार्यविवरण तयार गर्ने काम भएको छ । बिशेषज्ञताका विकासको हिसाबले निजामती सेवा अन्तर्गत प्राविधिक तथा प्रशासन सेवाभित्र विभिन्न समूह, उपसमूहहरु गठन गरी केही हदसम्म वृत्ति विकासका अवसरहरु समेत बढाउने व्यवस्था गरिएको छ । यसका साथै निजामती कर्मचारीहरुको पदोन्नति व्यवस्थामा कार्यक्षमतालाई प्रमुख तत्वको रुपमा लिने, कर्मचारीहरुको सेवालाई कानुनद्धारा सुरक्षित गराउने जस्ता सुधारात्मक कामहरु भएका छन् । सार्वजनिक प्रशासनलाई द्रुततर विकासको गतिसँग आबद्ध गर्न विकास आयोजनाहरुको सञ्चालनमा आर्थिक तथा अन्य अधिकारहरु प्रत्यायोजन गरी सुगमता ल्याउने र त्यस्ता आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न केन्द्रीय निकायको रुपमा राष्ट्रिय योजना आयोगको

सचिवालयमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा खडा गरी मूल्याङ्कन व्यवस्थालाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

विकास कार्यहरुमा सुगमता ल्याइ प्रतिस्पर्धात्मक रुपमा छिटो र मितव्ययी ढङ्गबाट विकासको प्रतिफल जनसमक्ष पुऱ्याउने उद्देश्यले विकास कार्यहरुसँग आवद्ध सार्वजनिक संस्थानहरुलाई क्रमशः निजीकरण गर्नेतर्फ पाइला चालिएको छ । यस सिलसिलामा निजी तथा गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्दै लाने र विकासमूलक सार्वजनिक संस्थानहरुमा सरकारी संलग्नता कम गर्दै जाने नीतिलाई कार्यान्वित गर्न थालिएको छ । सञ्चार, विद्युत, सिँचाइ, खानेपानी, शिक्षा जस्ता सार्वजनिक सरोकारका विकासमूलक क्षेत्रहरुमा निजी क्षेत्र र गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्दै लगिएको छ ।

नेपालको सार्वजनिक प्रशासनलाई विकास कार्यहरुमा साधक र सहयोगीको रुपमा अग्रसर गराउन यसमा देखिएका व्यावहारिक समस्याहरुको निराकरण गर्नु आवश्यक भएकोले यस्ता समस्याहरुको पहिचान गरी तदनुरुप नवौं योजनाको नीति निर्माणमा तिनलाई क्रमशः घटाउँदै र बढाउँदै जानेतर्फ जोड दिनुपर्ने भएको छ । यस प्रसङ्गमा चुनौतीको रुपमा देखिएका केही महत्वपूर्ण समस्याहरुलाई तल उल्लेख गरिएको छ ।

- नेपाली समाजको परम्परावादी प्रकृति र प्रशासनको आडमा राजनीति गर्ने परिपाठी कायमै रहेकाले प्रशासनलाई तटस्थ र निष्पक्ष राख्न सामाजिक र राजनैतिक पक्षबाट पर्याप्त प्रयास भएको छैन ।

- सार्वजनिक प्रशासन सञ्चालन गर्ने दायित्व बोकेका कर्मचारीहरुका लागि कम्तीमा दैनिक जीवन धान्न पुग्ने पारिश्रमिकको व्यवस्था हुन सकेको छैन । छिमेकी मुलुकहरुको दाँजोमा पनि सुविधा र साधनको दृष्टिले विपन्न अवस्थामा रहेको कारण हाम्रो कर्मचारीतन्त्र विकास कार्यहरुमा बढी अग्रसर हुन सकेको छैन । योग्य, सक्षम र इमानदार व्यक्तिहरुमा सार्वजनिक प्रशासन (जसमा विकास प्रशासन पनि अन्तर्निहित छ) प्रति आकर्षक कम हुँदै गएको छ ।

- विकासका अधिकांश क्षेत्रमा सरकारी संलग्नता रहेको केन्द्रमुखी प्रवृत्ति घट्न नसकेको हुँदा मुख्यतः नीतिहरुको निर्माण र कार्यान्वयनको विषयमा सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्ने केन्द्रीय दायित्वको निर्वाहमा भन्दा कार्यान्वयन पक्षमा सानातिना विषयमा केन्द्रीय प्रशासन अलमलिइरहेको देखिन्छ । सरकारी प्रशासनिक संङ्गठनहरुको स्वरुपलाई छरितो र प्रभावकारी बनाउने काम अझै हुन सकेको छैन ।

- सार्वजनिक प्रशासन र खासगरी विकास प्रशासनसँग सम्बद्ध कर्मचारीहरु जनताका शासक नभएर सेवकको रुपमा प्रस्तुत हुने संस्कार र तदनुकूल प्रजातान्त्रिक बातावरणको सिर्जना हुन सकेको छैन ।

- आधुनिक व्यवस्थापनको महत्वपूर्ण पक्षको रुपमा लिइने व्यवस्थापन सूचना प्रणाली (management information system) लाई देशको प्रशासन यन्त्रमा समाहित गर्न सकिएको छैन । व्यवस्थित र नियमित रुपमा सूचना प्रवाह हुन नसकेकोले पनि निर्णय प्रक्रियामा हचुवापन कायम रहेको छ ।

माथि उल्लेखित र यस्तै प्रकृतिका अन्य चुनौतिपूर्ण समस्याहरुलाई दृष्टिगत गरी नवौं योजनाकालमा विकास प्रशासन सम्बन्धी निम्न उद्देश्य, नीति तथा कार्यनीतिहरु निर्धारण गरिएको छ ।

नवौं योजना

३. उद्देश्य

- सार्वजनिक व्यवस्थापनलाई स्वच्छ, छरितो, पारदर्शी, मितव्ययी, प्रतिस्पर्धात्मक, कार्यमूलक, सक्षम, उत्पादनशील, सेवामूलक र उत्तरदायी बनाउने ।
- सार्वजनिक स्रोत साधनहरुको व्यवस्थापनलाई उचित र प्रभावकारी बनाउने ।
- बिधिसम्मत् शासन प्रणाली र नागरिक समाज (civic society) को धारणालाई प्रोत्साहित गर्ने ।

४. नीति तथा कार्यनीति

- विभिन्न मन्त्रालयहरुबाट गरिने विकास निर्माणका कार्यहरुमा समन्वय ल्याउन संस्थागत व्यवस्था गरिनेछ ।
- विकास कार्यक्रम र आयोजनाहरुको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्नुका साथै आयोजनाको प्राविधिक व्यवस्थापन पक्षमा सुधार गरिनेछ ।
- प्रशासन सुधार प्रक्रियालाई संस्थागत गरी निरन्तरता दिने र यस प्रक्रियालाई प्रभावकारी बनाउने उद्देश्यले प्रशासन सुधार सम्बन्धी कार्यको नियमित सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्न एक स्थायी प्रशासन सुधार समिति गठन गरिनेछ ।
- विकेन्द्रीकरणको अवधारणा अनुरुप यस सम्बन्धी अन्य कार्यमा स्थानीय स्वायत्त शासन प्रणालीलाई सुदृढ गर्न र नीतिगत मार्गदर्शन तथा नियमित अनुगमन तथा मूल्याङ्कन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन गरिनेछ ।
- निजामती सेवालाई सक्षम, सबल, उच्च मनोवलयुक्त र उत्तरदायी तुल्याउन अधिकार र जिम्मेवारीको स्पष्ट व्यवस्था गरी वृत्ति विकासका अवसरहरु बढाउन दीर्घकालीन निजामती कर्मचारी नीतिको तर्जुमा गरिनेछ ।
- सामान्य प्रशासन मन्त्रालयलाई सार्वजनिक व्यवस्थापन सम्बन्धी नीतिगत जिम्मेवारीसहित यस मन्त्रालयको कार्यक्षेत्र विस्तार गरी सार्वजनिक व्यवस्थापन मन्त्रालय नामाकरण गरिनेछ ।
- लोकसेवा आयोगलाई परीक्षा प्रणाली सम्बन्धी अध्ययन, अनुसन्धान जस्ता कार्यमा बढी सक्रिय गराई अझ सक्षम तुल्याइनेछ ।
- दीर्घकालीन प्रशासनिक तालिम नीतिको तर्जुमाद्वारा तालिम सम्बन्धी संस्थाहरुको कार्यमा एकीकरण तथा बिशिष्टीकरण गरी तिनीहरुको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरिनेछ ।
- सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र विश्वविद्यालयहरुका प्रतिनिधि सम्मिलित एक उच्चस्तरीय जनशक्ति समन्वय समिति गठन गरी त्यसलाई क्रियाशील गराइनेछ ।
- जनमुखी प्रशासनको अवधारणाअनुसार असल शासकीय व्यवस्थापनका लागि प्रशासनलाई पारदर्शी, विश्वसनीय र उत्तरदायी बनाइनेछ । साथै प्रशासनलाई सक्षम, जनमुखी र उत्पादनशील बनाउन जनशक्ति विकास र कार्य सरलीकरणमा प्रभावकारिता ल्याइनेछ ।
- सरकार, स्थानीय निकाय र निजी क्षेत्रको भूमिकालाई असल शासकीय व्यवस्थापन र विकेन्द्रीकरणको अनुकूल समायोजनद्वारा सन्तुलित तुल्याइनेछ ।
- आयोजना व्यवस्थापनमा सुधार ल्याउन भौतिक, मानवीय र आर्थिक साधनहरुको उचित संयोजन गरी संस्था र पदाधिकारी दुबैको जवाफदेही निर्धारण गर्ने व्यवस्था मिलाइनेछ ।

- प्रशासकीय अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी नियमहरुमा समयोचित सुधार गरी अधिकृतस्तरका कर्मचारीको काम, कर्तव्य र अधिकारलाई नियममा समावेश गरिनेछ ।
- प्रशासकीय कार्य फछ्यौंट नियमहरु र कार्यालय निरीक्षण नियमावलीमा समसामयिक सुधार गरी ती नियमहरुलाई एकीकृत रुपमा प्रभावकारी तवरले कार्यान्वित गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रशासकीय परीक्षणलाई कानुनी मान्यता दिलाई प्रभावकारी रुपमा कार्यान्वित गरिनेछ ।
- निजामती कर्मचारीहरुको तलब र सुविधा सम्बन्धमा अध्ययन, अनुसन्धान गर्न र समय समयमा श्री ५ को सरकारलाई सुझाउहरु दिन सामान्य प्रशासन मन्त्रालयअन्तर्गत एक तलब सुविधा एकाइ (pay unit) को स्थापना गरिनेछ ।
- निजामती सेवामा रहेका सेवा, समूह तथा उप समूहहरुको मूल्याङ्कन गरी निजामती सेवाको उपयुक्त स्वरुप कायम गरिनेछ ।
- राजपत्र अनंङ्कित कर्मचारीहरुलाई बहुकार्यमूलक कर्मचारी प्रणाली (multi purpose staff system) मा आबद्ध गरिनेछ ।
- जनतामा पुऱ्याइने सेवाको स्तर र प्रभावकारिताका सम्बन्धमा सेवाग्राहीहरुसँग प्रतिक्रिया सर्वेक्षण (client survey) गरी सुधारका सम्भावनाहरुको खोजी गर्ने पद्धतिको अवलम्बन गरिनेछ ।

५. कार्यक्रम

अभिलेख प्रणालीमा सुधार :

निजामती सेवासँग सम्बन्धित विभिन्न विषयहरुको अभिलेख प्रणालीमा सुधार गरी सूचना, तथ्यांक एवं अभिलेखलाई कम्प्युटराइज गरिनेछ । निजामती कर्मचारी सम्बन्धी अभिलेख सम्बन्धित मन्त्रालयहरुमा समेत कम्प्युटराइज गरी सामान्य प्रशासन मन्त्रालयमा रहने केन्द्रीय अभिलेखसित आबद्ध गरिनेछ । यसका लागि सामान्य प्रशासन मन्त्रालय अन्तर्गत निजामती किताबखानामा अभिलेख सुधार आयोजना सञ्चालन गरिनेछ ।

प्रशासकीय परीक्षण :

प्रशासकीय क्रियाकलापहरु कानुन एवं निर्धारित प्रक्रियाबमोजिम भएका छन्, छैनन् र सुधार गर्न के कस्तो प्रक्रिया अवलम्बन गर्नुपर्छ भन्ने जानकारी लिन र प्रशासन यन्त्रलाई नियमसङत रुपमा छिटो छरितो र स्वच्छ तुल्याउन नियमित रुपमा प्रशासकीय परीक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । प्रशासकीय परीक्षण गर्दा अपनाइने कार्यविधि, क्षेत्र र सीमा ऐनद्वारा निर्धारण गरिनेछ ।

तालिम सुदृढीकरण :

निजामती सेवामा प्रशासकीय क्षमताको विकास गर्न कर्मचारीहरुलाई सेवा प्रवेश र सेवाकालीन तालिमको समुचित व्यवस्था र गुणात्मक सुधार गरी जनशक्तिलाई दक्ष बनाइनेछ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलगायत अन्य तालिम सम्बन्धी निकायहरुको सुदृढीकरण गरी तिनीहरुको प्रभावकारितामा बृद्धि गरिनेछ । कार्यालय प्रमुख र तालिम केन्द्र प्रमुखहरुको गोष्ठी, तालिम, अनुसन्धान, तालिम आवश्यकता पहिचान, अनुसन्धान र प्रशासन पत्रिका प्रकाशन आदि कार्यक्रमहरु सञ्चालन गरिनेछ । सार्वजनिक सेवाका सबै निकायहरुका लागि मानव स्रोत तथा सङ्गठन विकास

सम्बन्धी नीति र समष्टिगत योजना बनाउन र समन्वय विकसित गर्न एक उच्चस्तरीय राष्ट्रिय मानव स्रोत विकास परिषद्को गठन गरिनेछ ।

प्रशासनिक अध्ययन अनुसन्धान :

सार्वजनिक प्रशासन, निजामती सेवा, समूह, वृत्ति विकास, सेवा सुविधाहरुमा सुधार, कार्यविधि सरलीकरण र सङ्गठन सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान गरिनेछ । विकास प्रशासनको अवधारणाअनुरुप परिवर्तनमुखी प्रशासनिक परिपाटी बसाल्न आवश्यक पर्ने नीति एवं कार्यक्रमहरुका सम्बन्धमा समयोचित राय सुझाउहरु उपलब्ध गर्नका निमित्त सञ्चालन गरिने यस्ता व्यवहारिक अध्ययन अनुसन्धान कार्यहरुलाई बढी प्राथमिकता दिइनेछ ।

कार्यविधि सरलीकरण :

प्रशासकीय कार्यविधिको जटिलताले जनसाधारण र प्रशासकीय सङ्गठनलाई कार्य फछ्यौंटमा कठीनाई भैरहेको सन्दर्भमा प्रशासनलाई पारदर्शी, गतिशील र उत्तरदायी बनाई जनतामा पुऱ्याउने सेवा सुलभ गराउन प्रशासकीय कार्यविधिमा सरलीकरण सम्बन्धी अध्ययन अनुसन्धान समेत गरी प्रक्रियागत सरलीकरण गरिनेछ । सर्वसाधारण जनतालाई सेवा प्रदान गर्ने निकायहरुलाई छरितो र सरल बनाइनेछ । प्रशासकीय कार्यविधिलाई उपलब्धिमुखी बनाउन प्रत्येक मन्त्रालयको कार्यप्रकृतिअनुरुप भिन्न भिन्न कार्यविधि अपनाउने व्यवस्था गरिनेछ ।

सूचकाङ्ग विकास :

जनशक्ति आवश्यकता प्रक्षेपण र कार्यसम्पादन मूल्याङ्कन समेतका लागि विभिन्न कार्यसम्पादन सूचकाङ्कहरुको विकास र सुधार गरिनेछ ।

सङ्गठन विकास एवं मूल्याङ्कन :

प्रशासकीय सङ्गठनहरुको संङ्ख्यात्मक वृद्धिभन्दा गुणात्मक स्थितिमा सुधार ल्याइनेछ । सङ्गठनको समग्र पक्ष हेरेर अत्यावश्यक भएमा मात्र दरबन्दी सिर्जना गरिनेछ । दरबन्दी सिर्जना र सङ्गठन स्थापना गर्दा प्रत्येक वर्ष प्रशासनिक विश्लेषण गरी त्यसको आधारमा संस्थापन योजना (establishment plan) बनाई वार्षिक बजेट तथा कार्यक्रमसँग आबद्ध गर्ने प्रणालीको विकास गरिनेछ ।

लोकसेवाआयोग सुदृढीकरण :

लोकसेवा आयोगको क्षमता विस्तार गरी पदपूर्तिको व्यवस्थालाई छिटो छरितो तुल्याइनुका साथै छनौट प्रक्रियालाई पारदर्शी, वैज्ञानिक र प्रभावकारी बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका साथै आयोगको भौतिक अवस्थामा सुधार ल्याउन भवन निर्माण लगायत अन्य आवश्यक साधनहरको समुचित व्यवस्था गरिनेछ ।

१५.२ विकेन्द्रीकरण

१. पृष्ठभूमि

प्रजातान्त्रिक शासनव्यवस्थामा राज्यको शक्ति, स्रोत र साधनको उपयोगमा जनताको सर्वाधिक सहभागिताको अपेक्षा गरिएको हुन्छ । नेपाल अधिराज्यको संविधान जारी भएपछि नै वास्तविक विकेन्द्रीकरणका लागि मार्ग प्रशस्त भएको छ । वर्तमान संविधानको निर्देशक सिद्धान्तमा विकेन्द्रीकरणलाई मुलुकको शासनप्रक्रियामा जनतालाई अधिकाधिक मात्रामा सम्मिलित गराई प्रजातन्त्रका उपब्धिहरुको उपभोग गराउने माध्यमका रुपमा अङ्गीकार गरिएको छ । नेपालको सन्दर्भमा विकेन्द्रीकरणको मुख्य अभिप्राय गाउँ र नगरमा वस्ने जनतालाई आफूलाई असर गर्ने निर्णयप्रक्रियामा संलग्न गराई आफ्नो विकासको व्यवस्थापन आफैले गर्नसक्ने गरी अधिकार र क्षमता सम्पन्न गराउनु रहेको छ । स्थानीयतहमा जनतालाई पुऱ्याउनुपर्ने सेवा सुविधाहरुका सम्बन्धमा निर्णय गर्ने अधिकार स्थानीय निकायहरुलाई प्रदान गर्न स्वायत्त शासनको अवधारणालाई विकसित गर्नु पर्ने देखिएको छ ।

नेपालमा प्रजातान्त्रिक अभ्यासको मेरुदण्डका रुपमा विकेन्द्रीकरणको प्रयोग जनसहभागिता र जनसबलीकरणको मूल सिद्धान्तमा आधारित छ । प्रजातन्त्रका लाभको अवसर सबै तहका जनतावीच पुऱ्याउन खासगरी निमुखा जनसमुदायलाई सामाजिक आर्थिकरुपमा सबल तुल्याई आफ्नो अधिकार प्रयोग गर्न सक्षम बनाइन आवश्यक छ । यसका लागि स्थानीय स्वायत्तशासन सम्बन्धी अवधारणालाई अझ परिष्कृत गरी योजनावद्ध विकासको विविधपक्षमा सरकारी, गैरसरकारी र निजी क्षेत्रको सन्तुलित संलग्नतावाट विकास कार्यक्रमहरुलाई बढी प्रभावकारी र जनोपयोगी गराउनुपर्ने भएको छ । यस क्रममा एकातिर सरकारी क्षेत्रको भूमिकालाई सहजकारीको रुपमा सीमित राख्नु जरुरी छ भने अर्कोतिर जनसमुदायको विकासका लागि प्रेरणादायी नीति अवलम्बन गरी स्थानीय स्वायत्तशासनलाई स्थानीय विकासप्रति पूर्ण जिम्मेवार, जनमुखी एवं सुदृढ गराइनु अपरिहार्य भएको छ । विकास गतिविधिलाई स्थानीय सम्भाव्यता र विशेषतामा आधारित गर्न र योजना प्रणालीलाई बढी यथार्थबादी तथा जनमुखी तुल्याउन विकेन्द्रित योजना प्रक्रियाको अवलम्बन आवश्यक छ । योजनामा जनसहभागिता तथा स्वामित्व बढाउन र यसलाई अझ बढी प्रभावकारी बनाउन विकेन्द्रीकरण प्रक्रियाबाट सघाउ पुग्ने देखिन्छ ।

स्थानीयतहमा जनतालाई पुऱ्याउनुपर्ने सेवा सुविधाहरुका सम्बन्धमा निर्णय गर्ने अधिकार विभिन्नतहका जननिर्वाचित स्थानीय निकायहरुलाई प्रदान गर्न कानुनी व्यवस्था गरी विकेन्द्रीकरणको क्रम र अभ्यासलाई अघि बढाउने सिलसिलामा विभिन्न प्रयासहरु हुँदै आएका छन् । तर स्थानीय निकायहरुलाई स्थानीय सरकारको दिशातिरभन्दा स-साना विकास कार्यक्रमहरु सञ्चालन गर्ने तल्लो एकाइका रुपमा निर्देशित गर्न खोजिएको कारण स्थानीय स्वशासनको सुव्यवस्थित परिपाटी स्थापित हुन सकेन । नेपालमा मूलतः विकास प्रक्रियालाई द्रुततर र संस्थागत तुल्याउन, तथा स्थानीय विकास प्रक्रियामा जनसहभागिता अभिवृद्धि गर्न, स्थानीयतहमै स्थानीय समस्याको समाधान खोज्न र निर्णय प्रक्रियामा जनसंलग्नता बढाउँदै लैजानु जरुरी छ र यसका लागि विकेन्द्रित कार्यप्रणाली अपनाइनु अपरिहार्य छ ।

२. आठौं योजनाको समीक्षा

नीतिगत सुधार :

वि.सं. २०४८ मा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति सम्बन्धी ऐनहरु लागू गरियो । यसैगरी स्थानीय निकायसम्बन्धी ऐनहरुका आधारमा गाउँ, नगर र जिल्लाभरका स्थानीय निकायहरुका लागि जनताको उल्लेखनीय सहभागितामा निर्वाचन सम्पन्न भयो । स्थानीय निकायहरुमा नयाँ नेतृत्वको स्थापना भयो । स्थानीयतहमा गरिएको यो व्यवस्थालाई विकेन्द्रीकरणका सन्दर्भमा सकारात्मक कदमका रुपमा लिन सकिन्छ । यसबाट विकेन्द्रीकरण कार्य प्रक्रिया अगाडि बढाउन संस्थागत आधारहरुको सिर्जना हुन सकेको छ । आठौं योजनामा विकेन्द्रीकरण नीतिको व्यवस्था र विभिन्न कार्यक्रमहरुको सञ्चालन आदि कार्यहरु यस दिशामा महत्वपूर्ण मानिन्छन् । विकेन्द्रीकरण कार्यप्रक्रियाका लागि आधार सिर्जना गर्न यी प्रयासहरु अर्थपूर्ण छन् ।

संस्थागत सुधार :

स्थानीय निकायसम्बन्धी अवधारणा र कानुनी व्यवस्थामा समयानुकूल परिवर्तनका साथै विकेन्द्रीकरणको स्वरुप, अवधारणा, तहगत व्यवस्था र कार्यक्षेत्रहरु सम्बन्धी नीतिगत मार्गदर्शनका लागि एक उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समिति र कार्यगत पक्षहरुको अध्ययन र विश्लेषण गरी सुझाउ एवं कार्यान्वयन पद्धतिको सिफारिस गर्न विकेन्द्रीकरण कार्य समिति पनि यसै योजनाकालमा गठन भयो । समितिले विकेन्द्रीकरण तथा स्थानीय स्वायत्तशासन सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेको छ । यस प्रतिवेदनलाई आठौं योजना अवधिको महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ । आठौं योजनाकालमा स्थानीय निकायहरुको सामुहिक अभ्यास प्रयाश स्वस्फूर्तरुपमा सुरु भयो । यस प्रयासवाट जिल्ला विकास समिति महासंघ, नगरपालिका महासंघ, र गाउँ विकास समिति महासंघ स्थापित भए । विकेन्द्रीकरण प्रयासमा यसबाट राम्रो सहयोग पुग्नगएको छ । यसैगरी स्थानीयस्तरका विकास आयोजना तर्जुमा, कार्यान्वयन अनुगमन, सञ्चालन र व्यवस्थापनमा स्थानीय निकायहरुको क्षमता सुदृढीकरण गरी विकेन्द्रीकरणलाई टेवा पुऱ्याउने उद्देश्यले विभिन्न आयोजना सञ्चालन गरिएको छ । अधिराज्यका ३२ जिल्लामा जिल्ला विकास समितिको योजनाप्रक्रिया तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने सिलसिलामा सहभागितात्मक जिल्ला विकास कार्यक्रम तथा स्थानीय स्वायत्त शासन कार्यक्रम सञ्चालन गरिएको छ ।

कार्यगत सुधार :

विकेन्द्रीकरणलाई टेवा पुऱ्याउने उद्देश्यले विभिन्न किसिमका तालिम, गोष्ठी, अभिमुखीकरण आदि कार्यक्रम सञ्चालन गरिएको छ । यसैगरी विभिन्न बिषयगत क्षेत्रमा उपभोक्ता समूहहरुको कार्यव्यवस्था सम्बन्धी निर्देशिका एवं उपभोक्ता समूह तालिम निर्देशिका तयार गरिएको छ । विकास आयोजनाका समग्रपक्षमा स्थानीय जनताको प्रत्यक्ष संलग्नता बढाउँदै लैजाने कार्यलाई प्राथमिकता दिइएको छ । जनसहभागितालाई प्रोत्साहित गर्न सामाजिक परिचालनको माध्यमबाट विभिन्न स्थानीय विकास कार्यक्रमहरु सन्चालन गरिएको छ । समुदायमा आधारित योजना तर्जुमा प्रक्रियाका साथै जिल्लातहमा एकीकृत जिल्ला विकास योजना तर्जुमा गर्ने प्रचलनमा पनि सुधार आएको छ ।

३. विद्यमान चुनौती

स्थानीय निकायहरुलाई अधिकार एवं जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा ऐनहरु जारी भए तापनि कार्यान्वयन प्रक्रियाका लागि सहयोगी नियमहरु र भैरहेका कतिपय नियमहरु स्पष्ट नभई एक आपसमा वाझिने गरेकाले कार्यान्वयनमा अझै अस्पष्टता देखिएको छ । विकेन्द्रीकरण प्रक्रियालाई सुचारुरुपले अघि बढाउन र स्थानीय विकासलाई असर पार्ने विभिन्न कानुनबीच सामञ्जस्य र सङ्गति कायम गर्नका लागि विद्यमान ऐन नियमहरुको अध्ययन र पुनरावलोकन गर्न र तिनीहरुको प्रयोगलाई सुव्यवस्थित तर्फ पनि उचित ध्यान पुग्न सकेको छैन ।

विकेन्द्रीकरणका क्रममा स्थानीय सङ्गठनात्मक संरचनाको व्यापक विस्तार भए तापनि निर्णयप्रक्रियाको प्रत्येक चरणमा सर्वसाधारणको प्रत्यक्ष संलग्नताले समुचित महत्व पाउन सकेको छैन । २०४८ को स्थानीय निकाय सम्बन्धी ऐनहरु र त्यसबाट बनेका नियमहरुले निर्वाचनद्वारा गठित स्थानीय निकायहरुलाई स्थानीय योजना बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारी दिएको छ । तर सो जिम्मेवारी निर्वाह गर्न वित्तीय स्रोतमाथि स्थानीय निकायको अधिकार अपर्याप्त हुनुका साथै स्थानीय नेतृत्वको विकास हुन नसकेको कारण विकेन्द्रीकरणका प्रयासहरु सिद्धान्तमा मात्र सीमित हुन पुगेको छ । साधन स्रोतको अभावमा जिम्मेवारी र कर्तव्यको उत्तरदायित्व वहन गर्न सक्षम हुन नसकेका कारण स्थानीय सरकारले जनविश्वास आर्जन गर्न सकेको देखिदैन ।

स्थानीय निकायका पदाधिकारीहरु नीतिनिर्माण तथा त्यसको अनुगमन र सुपरिवेक्षण गर्ने कार्यमा भन्दा आयोजना कार्यान्वयनस्तरमा बढी संलग्न देखिएकोले स्थानीयतहमा विकेन्द्रीकरण कार्यप्रक्रियाको जग खँदिलो हुन सकेको छैन । स्थानीयतहका विकास कार्यहरुमा स्थानीय निकाय, गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्थाजस्ता निकायहरुको अधिकार उत्तरदायित्व, भूमिका र समन्वयको स्पष्ट प्रारुप निर्धारण हुन सकेको छैन ।

जिल्ला विकास योजना तर्जुमा गर्ने कार्य स्थानीय निकायको जिम्मेवारी भए पनि अद्यापि जिल्लामा सञ्चालन हुने विभिन्न क्षेत्रगत कार्यक्रम एकीकृत हुन सकिरहेको छैन । स्थानीय निकायहरुलाई पूर्ण स्वायत्तता दिने क्रममा अझै पनि क्षेत्रगत मन्त्रालयको बजेट रकम स्थानीय निकायको बजेट रकममा समावेश गर्न सकिएको छैन । जिल्लास्तरीय योजनाहरु सम्बन्धित जिल्ला परिषद्बाट स्वीकृत भएपछि मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था भए तापनि सोको कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन । समन्वयको अभाव, सूचना सञ्चारको कमी, उपलब्ध साधन स्रोतको उचित परिचालनमा गतिशीलताको कमी तथा सम्बद्ध निकायहरुको समुचित सहभागिताको अपर्याप्तता जस्ता समस्याहरु पैदा भएका छन् । विकास आयोजनाहरुको पहिचान र छनौटमा जिल्ला परिषद् र जिल्ला विकास समितिको भूमिका व्यापक हुन सकेको छैन ।

योजना प्रक्रियामा उपभोक्तासमूहको संलग्नता बढाउन स्थानीय विकास निर्माणका कार्यहरु उपभोक्तासमूहबाटै गराउने नीति अवलम्बन गरिए तापनि आयोजनाको कार्यान्वयनमा प्रत्यक्ष संलग्नता हुन सकेको पाइँदैन । व्यवहारमा कतिपय आयोजनाहरुको निर्माणकार्य उपभोक्तासमूहको नाममा अप्रत्यक्षरुपमा ठेक्कामा सम्पन्न गरिएको पाइएको छ । यसले आयोजनाको गुणस्तरमा ह्रास आउनुका साथै व्यवस्थापनको दिगोपनमा प्रतिकूल प्रभाव हुनसक्ने देखिन्छ ।

स्थानीय निकायका सबैतहमा श्री ५ को सरकारका कर्मचारीहरु खटाइन्छ, जसको सम्पूर्ण प्रशासकीय नियन्त्रण केन्द्रबाटै हुन्छ । तर, आफ्ना कार्यसम्पादनका लागि यिनीहरु स्थानीय निकायप्रति जवाफदेही हुनुपर्ने व्यवस्था रहेको छ । यसप्रकार केन्द्रले कर्मचारीहरु भर्ना गर्ने र आफ्ना प्रतिनिधिको रुपमा स्थानीय निकायमा खटाउने परिपाटीले स्थानीय स्वायत्तता सङ्कुचित हुनपुग्ने र कर्मचारीहरुको दोहोरो निष्ठा र जिम्मेवारीका कारणले कार्यप्रभावकारितामा समेत प्रतिकूल असर पर्न गएको छ ।

४. दीर्घकालीन अवधारणा

अधिकारको विकेन्द्रीकरण गरी मुलुकको भूबनौट, आर्थिक, सांस्कृतिक विविधताअनुसार आ-आफ्नो स्थानको विकासका लागि जनता स्वयं सक्रिय हुनसक्ने व्यवस्था मिलाउनु नै सही अर्थमा जनतालाई अधिकाधिक मात्रामा शासनव्यवस्थामा सहभागी हुने अवसर दिनु हो । यसर्थ अख्तियार र आवश्यक बजेटको निक्षेपणका साथै मानवीय संसाधन र प्राविधिक क्षमता विकास तथा आवश्यक सूचना प्रवाहद्वारा एक्काईसौं शताब्दीका चुनौतीसँग जुझ्न सक्षम, सबल, सुदृढ र जनताका आवश्यकताप्रति उत्तरदायी स्वायत्त स्थानीय सरकार र स्थानीयतहबाटै समग्र विकासको व्यवस्थापन विकेन्द्रीकरणको दीर्घकालीन दृष्टिकोण रहनेछ ।

नवौं योजना :

मुलुकको विकास र खासगरी ग्रामीण क्षेत्रको विकासका लागि स्थानीयतहमा विकास प्रक्रियालाई द्रुततर र संस्थागत तुल्याउन विकेन्द्रित व्यवस्था अपनाउनु अपरिहार्य भएकोले नवौं योजनामा विकेन्द्रीकरणलाई नयाँ सोच र अवधारणाअनुसार अघि बढाइनेछ । योजनाहरुको पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन समेतका सबै पक्षहरुमा स्थानीय निकायहरुलाई नै नेतृत्व प्रदान गर्न सहभागितात्मक विकास प्रक्रियालाई संस्थागत गर्दै लगिनेछ ।

जनचाहनाअनुरुप स्थानीय विकास निर्माणकार्य सम्पन्न गर्नका लागि स्थानीय निकायहरुलाई बढी जिम्मेवार बनाइनुपर्ने भएकोले विकेन्द्रीकरणलाई संस्थागत रुप दिनु जरुरी छ । यसैगरी सामुदायिक विकासलाई राष्ट्र निर्माणको एक अभिन्न अंङ्गको रुपमा विकास गर्नु आवश्यक छ । यसैले विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायहरुलाई सक्षम, सबल, स्वायत्त र जनउत्तरदायी सरकारको रुपमा स्थापित गरिनेछ । ती निकायहरु नै स्थानीय विकासका लागि जिम्मेवार हुनेछन् । ग्रामीण क्षेत्रको आर्थिक सामाजिक विकासकार्यमा स्थानीय तहमै उपलब्ध स्रोत साधन र प्रविधिको कुशलतम परिचालन गरिनेछ । साथै दिगो विकासलाई स्वचालित ढङ्गमा सञ्चालन गर्न लगाउन स्थानीय निकाय र समुदायलाई सहयोग पुऱ्याउँदै जाने दृष्टिकोणका आधारमा नवौं योजनामा यससम्बन्धी कार्यप्रक्रियालाई अगाडि बढाइनेछ ।

५. उद्देश्य

- स्थानीय विकासका लागि साधन परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित र न्यायोचित वितरणमा जनताको सहभागिता अभिवृद्धि गर्ने ।
- प्रजातन्त्रका आधारभूत अंङ्ग स्थानीय स्वायत्त सरकारहरुलाई स्थानीय जनताप्रति आफैंले जवाफदेही वहन गर्न सक्ने गराउन संस्थागत व्यवस्थाको विकास गर्ने ।
- स्थानीयतहमा योजना तर्जुमा र सञ्चालन प्रक्रिया विकास गरी निक्षेपित कामको दायित्व स्थानीय तहले नै वहन गर्ने संयन्त्रको निर्माण गर्ने ।
- स्थानीय जनसमुदायप्रति स्थानीय सरकारको जवाफदेही र पारदर्शिता वृद्धि गरी स्थानीय सरकारमा स्थानीय जनसमुदायको सहभागिता बढाउँदै लैजाने ।
- स्थानीय निकायको आर्थिक स्रोतहरुको पहिचान गरी स्वावलम्बन तर्फ उन्मुख गराउने ।

६. नीति

स्थानीय स्वायत्त निकायहरुको संस्थागत विकास :

कुनैपनि विकास कार्यक्रमले समेट्ने सम्पूर्ण जनतालाई निर्णयप्रक्रियामा समावेश गर्न सम्भव हुँदैन । प्रजातान्त्रिक परिपाटीमा जनानिर्वाचित प्रतिनिधिहरुको संलग्नता हुने संस्थाहरुले नै जनचाहनालाई प्रतिविम्वित गर्न सक्ने हुन्छन् । त्यसैले स्थानीय स्वायत्त निकायहरु विकेन्द्रित शासनव्यवस्थाका मूलभूत संस्थाहरुको रुपमा मानिन्छन् । अतः स्थानीय स्तरमा विकास कार्यहरुलाई स्वचालित र गतिशील तुल्याउनका लागि स्थानीय स्वायत्त निकायहरुको संस्थागत विकास कार्यलाई प्राथमिकता साथ अघि बढाइनेछ । स्थानीय निकायहरुलाई ज्ञान र सूचना पुऱ्याउने कार्यमा केन्द्रले अगुवाइ गर्नेछ । स्थानीयतहमा विकासको सम्पूर्ण व्यवस्थापन गर्न स्थानीय निकायहरुलाई सबल, सक्षम र सशक्त तुल्याइनेछ ।

संस्थागत विकास भन्नाले स्थानीय स्वायत्त निकायलाई क्षमतावान वनाउनु हो । स्थानीय नेतृत्वले प्रभावकारीरुपमा विकास कार्य सञ्चालन गर्न सक्ने क्षमताको विकास गराउन सक्नु नै विकेन्द्रीकरणको प्रमुख आधारशिला हो । स्थानीयतहमा विकास व्यवस्थापनको बढ्दो जिम्मेवारी वहन गर्ने परिपाटी वसाल्न स्थानीय स्वायत्त सरकारको प्रशासनिक तथा व्यवस्थापन क्षमतामा उल्लेखनीय सुधार हुनु आवश्यक छ । त्यसैले स्थानीय स्वायत्त सरकारलाई विभिन्न विषयगत क्षेत्रमा कार्यसञ्चालनका लागि सक्षम तुल्याउन उपयुक्त उपायहरु अपनाइनेछ । केन्द्रीय र स्थानीय निकायहरुको विकासात्मक जिम्मेवारी र भूमिकाको निर्धारण गर्नुका साथै त्यसलाई पूरा गर्न लगाउने व्यवस्था मिलाइनेछ ।

स्थानीय विकास कार्यक्रमहरुमा एकीकरण र समन्वय :

स्थानीय जनताका विभिन्न समस्याहरु एक आपसमा सम्बद्ध हुन्छन् । स्थानीय विकास कार्यक्रमलाई एकीकृतरुपले सञ्चालन गरेमा नै विकास कार्यहरुको प्रभाव गुणनात्मक र बढी फलदायी हुन्छ । स्थानीय स्तरमा गरिने लगानीहरुका बीच एकातर्फ स्थानीय स्तरमा समन्वय हुनु आवश्यक छ भने अर्कोतर्फ केन्द्र र स्थानीयस्तरका बीच गतिशील अन्तरसम्बन्ध राख्ने संयन्त्रको स्थापना र विकास गरिनु पनि त्यत्तिकै आवश्यक हुनजान्छ । अतः स्थानीय विकास कार्यक्रमहरुमा एकीकरण र समन्वय गराउन विशेष जोड दिइनेछ । स्थानीय प्रशासन, निकायहरु र गैरसरकारी संस्थाहरुका क्रियाकलापहरुमा समन्वय कायम गरिनेछ र तल्लोतहमा कार्य हस्तान्तरणलाई टेवा पुऱ्याउन कानुनी ढाँचालाई बढी सुस्पष्ट तुल्याउदै लगिनेछ ।

स्थानीय निकायको आर्थिक क्षमतामा अभिवृद्धि :

स्थानीय निकायहरुलाई सुम्पिएका जिम्मेवारी र कर्तव्य निर्वाह गर्न आवश्यक पर्ने साधन र स्रोत पहिचान गर्ने, साधन र स्रोत जुटाउने, प्राथमिकताहरु तोकी उपयुक्त ढङ्गले साधन स्रोतको बाँडफाँट गर्ने र उपयोग गर्न सक्ने गरी साधन स्रोत माथिको अधिकार कानुनद्वारा नै स्थानीय निकायलाई प्रदान गर्ने व्यवस्था मिलाइनेछ । स्थानीय स्वायत्त निकायहरुलाई विभिन्न विषयगत क्षेत्रको विकासका लागि केन्द्रले प्रयोग गर्नेगरेको अधिकार र जिम्मेवारी स्पष्टरुपमा निक्षेपण गरिनेछ र जनताका आधारभूत आवश्यकताहरु स्थानीयस्तरमै पूरा गर्नसक्ने गरी आफ्ना प्राथमिकता निर्धारण गर्ने, योजना पहिचान, छनौट, कार्यान्वयन, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, सम्भार र व्यवस्थापन आदि कार्यहरुको अधिकार सुम्पिने व्यवस्था मिलाइनेछ । जनप्रतिनिधिमूलक संस्थाका रुपमा रहेका स्थानीय निकायहरुको आफ्नै स्रोत साधनको अधिकतम परिचालनको लागि सामर्थ्यवान तुल्याउन आवश्यक सहयोग गरी स्वतःस्फूर्तरुपमा स्थानीय साधनको समुचित संरक्षण, संवर्द्धन र सन्तुलित उपयोग गर्ने प्रवृत्ति बढाउनेतर्फ विशेष जोड दिइनेछ ।

सहभागितात्मक विकास प्रक्रियाको संस्थागत विकास :

जनसहभागिता विकेन्द्रित शासनप्रणालीको प्रमुख आधार हो । जनता नै विकास निर्माणका कारकतत्व भएको हुनाले जनसहभागितालाई प्रभावकारी बनाई स्थानीय जनतामा विकास योजनाको स्वामित्वबोध गराउनु आजको प्रमुख चुनौती हो । यसर्थ सामाजिक परिचालनको माध्यमद्वारा आ–आफ्नो क्षेत्रमा हुने विकास कार्य र व्यवस्था सम्बन्धी निर्णयप्रक्रियामा जनतालाई प्रत्यक्ष र निर्णायकरूपमा सहभागी बनाउनुका साथै स्थानीय योजनाप्रति स्वामित्वको बोध गराउने व्यवस्थाको लागि सहभागितात्मक विकास प्रक्रियालाई संस्थागत गरिनेछ । स्थानीय अधिकारीहरु, स्थानीय निकायका कर्मचारीहरु र नागरिकहरुलाई जनसबलीकरणको धारणा र कार्यमूलक सीप प्रदान गर्न प्रशिक्षण प्रदान गरिनेछ ।

उपभोक्ता समूह र गैरसरकारी संस्थाहरुको परिचालन :

जनसहभागिता दिगो विकासको महत्वपूर्ण आधार भएको हुँदा योजनाको पहिचान, छनौट, कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा मर्मत सम्भार जस्ता सबै क्रियाकलापहरुमा उपभोक्ता समूहलाई संलग्न गराइनेछ । यसका लागि योजनावाट लाभ पाउने सबै उपभोक्ताहरुको साधारण सभावाट उपभोक्ता समितिको गठन गर्ने व्यवस्था गरिनेछ । स्थानीयतहमा जनतासँग प्रत्यक्ष असर पार्नेखालका आयोजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन गरिनेछ । यस्ता आयोजनाहरुमा उपभोक्ता समितिको भूमिका निर्दिष्ट गरी अधिकार तथा कर्तव्यको बिषयमा आयोजना कार्यान्वयन सुरु हुनु अगावै तालिम दिइनेछ भने आयोजना सम्पन्न भएपछि आयोजनाको नियमित मर्मत संम्भारको लागि उपयुक्त व्यवस्था मिलाउन उपभोक्ता समूहलाई नै अधिकार दिइनेछ । स्थानीयतहका आयोजनाहरुको व्यवस्थापनमा बढदो सहभागिता सुनिश्चित तुल्याउन उपभोक्ता समूहहरुको गठनविधि र अधिकार क्षेत्रको स्पष्ट व्यवस्थाका अतिरिक्त समूहहरुको सबलीकरणमा पनि ध्यान पुऱ्याइनेछ ।

सेवा उपलब्ध गराउने हालको व्यवस्थामा विविधीकरण आउनु जरुरी छ । स्थानीय निकायले मात्र विकास निर्माणको काम गर्ने र आवश्यक सेवा उपलब्ध गराउन सक्ने स्थिति छैन । तसर्थ स्थानीय विकास कार्यक्रमहरुमा निजी क्षेत्र र गैरसरकारी संस्थाहरुलाई परिचालन गर्न उपयुक्त कदम उठाइनेछ । गैरसरकारी क्षेत्रले विशेषज्ञता हासिल गरेका क्षेत्रहरुको काम सो संस्थाहरुबाट नै सञ्चालन गराउन प्रोत्साहित गर्ने नीति लिइनेछ । गैरसरकारी संस्थाहरुलाई दुर्गम क्षेत्रहरुमा समेत परिचालन गर्न संस्थागत व्यवस्था मिलाइनेछ । साथै स्थानीय निकाय र गैरसरकारी निकायहरुबीच परिपूरक र सहयोगात्मक सम्बन्ध स्थापित गरी गैरसरकारी क्षेत्रमा भएका दक्षतालाई स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउन प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ ।

स्थानीय निकायको कार्यसम्पादनमा पारदर्शिता :

सूचनाको आदान प्रदान, पारदर्शिता, जवाफदेही र सूचना प्रणालीलाई प्रबर्द्धन गर्न ध्यान दिइनेछ । यस्तो प्रणाली केन्द्र र स्थानीयतहबीच मात्र नभएर स्थानीय निकाय र नागरिक समाजका सङ्गठनहरुबीच पनि प्रवाहित हुने व्यवस्था गरिनेछ ।

निर्णय प्रक्रियामा महिला तथा पिछडिएका जनजातिहरुको सहभागिता :

महिला पुरुष समविकासको अवधारणाअनुरुप महिलावर्गलाई स्थानीय विकासको निर्णय प्रक्रियामा समेट्दै लगी राष्ट्रिय मूलप्रवाहमा ल्याउन स्थानीयतहमा गठन हुने संस्थाहरुमा यिनीहरुको प्रतिनिधित्व अनिवार्य गराउने व्यवस्था मिलाइनेछ । यसप्रकार समाविष्ट भएका महिलाहरुको क्षमता वृद्धि गर्न उपयुक्त प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसैगरी सामाजिक दृष्टिले पिछडिएका जनजातिहरुलाई पनि स्थानीयतहमा गठन हुने संस्थाहरुमा उनीहरुको प्रतिनिधित्व अनिवार्य गराउने व्यवस्था मिलाइनेछ ।

स्थानीय निकाय प्रति जिम्मेवार र जवाफदेही कर्मचारी संयन्त्र :

स्थानीय निकायहरुले आफूप्रति उत्तरदायी हुने गरी आफ्नो छुट्टै कर्मचारी रहने व्यवस्था मिलाउन सके स्थानीय निकायहरुको संस्थागत क्षमता समेत सुदृढ हुने हुन्छ । यसैले नवौं योजनामा स्थानीय स्वायत्त सरकारअन्तर्गत काम गर्ने कर्मचारीहरुलाई सेवा उपभोग गर्ने जनता र संस्थाप्रति जिम्मेवार वनाउन स्थानीय निकायको सेवा गठन गर्न योजनावद्ध व्यवस्था मिलाइनेछ ।

कार्यान्वयन र अनुगमन व्यवस्था :

मुलुकको संविधानको भावना र मर्मअनुरुप स्थानीय निकायलाई पूर्ण र सबल स्वायत्त बनाउन आवश्यक अधिकार निक्षेपित गर्दै लगिनेछ । स्थानीय स्वायत्त सरकारलाई विभिन्न बिषयगत क्षेत्रमा कार्यसञ्चालनका लागि केन्द्रमा भएका अधिकार र जिम्मेवारी निक्षेपण गरिनेछ । आवश्यक अधिकार र जिम्मेवारी निक्षेपणका लागि उपयुक्त कानुनी प्रावधानको व्यवस्था गरिनेछ । सक्षम आर्थिक व्यवस्थापनको लागि स्थानीय स्वायत्त सरकारको बजेट व्यवस्था, लेखा-प्रणाली तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थालाई पारदर्शी र प्रभावकारी बनाइनेछ । स्थानीय स्वायत्त सरकारलाई आफ्नो विकास तथा प्रशासन सन्चालन गर्नसक्ने गरी सक्षम बनाउन उपयुक्त कदम चालिनेछ । ग्रामीण जनताका आवश्यकताहरुको परिपूर्ति स्थानीय तहबाटै हुनसक्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

स्थानीयतहमा तर्जुमा हुने योजना र राष्ट्रिय तहमा तर्जुमा हुने योजनालाई एक अर्काका परिपूरक तथा परिपोषक बनाउनेतर्फ आवश्यक व्यवस्था गरिनेछ । यसैगरी स्थानीयतहमा योजना तर्जुमा, सञ्चालन, मूल्याङ्कन र विकेन्द्रित भईआउने अन्य बिषयहरुमा स्थानीयतहको क्षमता अभिवृद्धि गर्न प्रशिक्षण, प्रचार, प्रसार, साधन स्रोत र अन्य प्रशासकीय टेवाहरु निरन्तररुपले उपलब्ध गराउनेतर्फ पनि आवश्यक व्यवस्था गरिनेछ ।

विकेन्द्रीकरणलाई गतिशीलरुपमा अघि बनाउने कार्यमा श्री ५ को सरकारका सम्पूर्ण अंङ्गलाई नीतिगत मार्गदर्शन दिनसक्ने निकायको रुपमा एउटा उच्चस्तरीय अनुगमन समितिको व्यवस्था पनि गरिनेछ ।

१५.३ लक्षित वर्गसम्म विकासको प्रतिफल पुऱ्याउने व्यवस्था

१. पृष्ठभूमि

विकासको प्रतिफल लक्षित वर्गसम्म पुऱ्याउने किसिमको जनसहभागितामा आधारित विकासको प्रारूप र तदनुरूप कार्यान्वयन संयन्त्र निर्माण हुन नसकेकाले पिछडिएका तथा उत्पीडित जाति, जनजाति समुदायहरू विकासको प्रतिफल उपभोग गर्नबाट वञ्चित रहन गएका छन् । मुलुकको पछौटेपन र यसका मूलभूत कारणहरूको पहिचानका आधारमा उपयुक्त विकासको ढाँचा निर्धारण गरी सोहीअनुसार नीति, कार्यनीति निर्धारण गरी कार्यक्रमहरूको कार्यान्वयन गर्नेतर्फ समुचित ध्यान पुग्न नसकेकाले पनि पछौटे क्षेत्र र वर्गका जनता विकासको प्रतिफलका वास्तविक हकवाला हुन सकिरहेका छैनन् । यस पृष्ठभूमिमा आगामी नवौं योजनाले निर्धारित समयभित्रै विकास आयोजनाहरू कार्यान्वयन गरी लक्षित वर्गसम्म विकास प्रतिफल पुऱ्याउने कार्यलाई सर्वोपरि प्राथमिकता दिनुपर्ने तथ्य पनि निर्विवाद छ ।

२ उद्देश्य

नवौं योजनाको प्रमुख लक्ष्य प्राप्त गर्नका लागि यस योजनाका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनद्वारा समयमै लक्षित वर्गमा विकासको प्रतिफल पुऱ्याउनु यसको उद्देश्य हुनेछ ।

३. नीति तथा कार्यनीति

- सुशासनसँग सम्बन्धित पारदर्शिता, जवाफदेहीपन, आर्थिक अनुशासन र नीति-नियमको परिपालना, उचित दण्ड एवं पुरस्कारको व्यवस्था जस्ता पक्षहरूमा उचित ध्यान नदिएमा साधनको दक्ष र मितव्ययी उपयोग तथा योजनाले निर्धारित गरेअनुरूप लक्षित वर्गमा विकासको प्रतिफल पुऱ्याउन नसकिने हुनाले यी पक्षहरूलाई कडाइका साथ लागू गर्ने व्यवस्था मिलाइनेछ । सबै तहका राजनीतिक, प्रशासनिक तथा अन्य क्षेत्रमा हुन सक्ने साधनको दुरूपयोग र अन्य अवाञ्छित क्रियाकलापहरू नियन्त्रण गर्ने कार्यमा सहयोग पुऱ्याउन छुट्टै एक उपयुक्त निकायको व्यवस्था गरिनेछ ।

- नवौं योजनावधिमा प्रस्तावित नयाँ आयोजनाहरू यस योजनाको उद्देश्यअनुरूप भएमा मात्र समावेश गरिनेछन् । योजनाको उद्देश्यअनुरूप सञ्चालनमा नरहेका आयोजनाहरूलाई निरन्तरता दिइनेछैन ।

- आयोजनाहरूको लागत, पूरा हुने अवधि, प्रस्तावित रकमको स्रोत, लागत र प्राप्त हुने प्रतिफलको अनुपात, भौतिक लक्ष्य लाभान्वित हुने जनसङ्ख्या, लक्षित वर्गको आय आर्जन, रोजगारी एवं सेवाको उपभोगमा उनीहरूले प्राप्त गर्ने हिस्सा जस्ता पक्षहरू सुस्पष्टरूपमा खुल्ने गरी यस योजनामा प्रस्तावित गर्ने व्यवस्था मिलाइनेछ र यसरी प्राप्त हुने सूचना र जानकारीका आधारमा समष्टिगत तथा क्षेत्रगत उद्देश्य तथा लक्ष्य र नीति एवं कार्यक्रमहरूका बीच उचित तालमेल हुने गरी योजना तर्जुमा गर्ने नयाँ परिपाटी आरम्भ गरिनेछ ।

- आयोजनाहरू निर्माण गर्न प्रस्ताव गरिने लागत, सम्भाव्य गुणस्तर, सम्पन्न गर्ने समयावधि तथा लाभान्वित हुने अनुमानित जनसङ्ख्या तथा आयोजनाहरू सम्पन्न भएपछिको वास्तविक स्थिति बीच ठूलो अन्तर हुँदै जादा सीमित साधन र स्रोतको मितव्ययी प्रयोगमा ठूलो समस्या आउन थालेको पाइएकाले नवौं योजनादेखि प्राविधिक लेखापरीक्षणको कार्यसमेत आरम्भ गरिनेछ । यसरी महालेखा परीक्षक बाट हुने लेखापरीक्षण र प्राविधिक लेखापरीक्षणबाट देखिने अनियमितता तथा

बेरुजु उपर तत्काल कार्यवाही गर्ने व्यवस्था मिलाइनेछ ।

- आर्थिक नीतिहरू एवं आयोजनाहरूबाट समग्र अर्थतन्त्र एवं जनताको जीवनयापनमा सुधार ल्याउनेतर्फ के कस्तो असर परेको छ भन्ने बारे समय-समयमा जानकारी लिएमा मात्र नीति र कार्यक्रमहरूमा समयमै सुधार गर्न सकिने हुनाले प्रभाव अध्ययनहरूलाई योजना र वार्षिक कार्यक्रमको अभिन्न अङ्ग बनाइनेछ ।

- केन्द्रबाट नै सञ्चालनमा ल्याउनुपर्ने बाहेकका अन्य आयोजनाहरूको छनौट र कार्यान्वयनमा विकेन्द्रीकरणको नीतिअनुरूप स्थानीय निकायबाट तर्जुमा र कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ । यसका निम्ति स्थानीय निकायहरूको दक्षतामा अभिवृद्धि गरिनेछ ।

- सरकारको केन्द्रीय तह तथा स्थानीय निकाय एवं गैरसरकारी संस्थामार्फत् सञ्चालन हुने कार्यक्रमहरू र तिनीहरूमा हुने लगानीबाट लक्षित वर्गले लाभ लिन सक्ने गरी संस्थागत पक्षहरूमा परिमार्जन र सुधार गरिनेछ । निजीक्षेत्रबाट हुने लगानीलाई पनि लक्षित वर्गले लाभ लिन सक्ने गरी सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

- सामाजिक परिचालनको माध्यमद्वारा उपेक्षित वर्ग, समुदायलाई विकासमा प्रत्यक्षरूपमा संलग्न हुन सक्ने गरी सँडठित गर्दै लगिनेछ ।

- मानवीय संसाधनको विकाससँग सम्बन्धित कार्यक्रमहरू जस्तै साक्षरता, सुलभ स्वास्थ्य, स्वच्छ खानेपानी, दैनिक आवश्यकताका बस्तु र सेवाहरूको आपूर्ति र त्यस्तो सेवामा विपन्न र उपेक्षित वर्गहरूको विशेष पहुँच पुऱ्याउन उपयुक्त संस्थागत र सामुदायिक प्रकृतिका कार्यक्रममा समेत ज्याला रोजगारीको व्यवस्था गरिनेछ ।

- विशेष प्राथमिकताका कार्यक्रमहरू जस्तै साना तथा घरेलु उद्योग, साना वन-वाटिका, साना जलविद्युत्को विकासबाट ग्रामीण विकास, साना सिँचाइ, साना सडकहरू ठेक्का-पट्टा वा अन्य माध्यमबाट सञ्चालन गर्नुको सट्टा कार्यक्रमहरूको प्रकृति हेरी उपभोक्ता समिति, गैरसरकारी संस्था वा स्थानीय निकायबाट सञ्चालन गर्ने व्यवस्था मिलाई उपेक्षित र विपन्न तथा पिछडिएका एवं उत्पीडित वर्ग समुदायले प्रत्यक्ष लाभ वा प्रतिफल लिन सक्ने व्यवस्था मिलाइनेछ ।

- सरकारी संस्था तथा बैकिङ्गक्षेत्रबाट सञ्चालन हुने आय आर्जन र रोजगारीका कार्यक्रमहरू विपन्न र उपेक्षित एवं उत्पीडित वर्गतर्फ केन्द्रित गरिनेछ । कृषिमा ज्यालाको न्यूनतम दर तोक्नुका साथै सुकुमबासीको बसोबास र जीवन-यापनमा सुधार पुग्ने गरी सुकुमबासी समस्या समाधानको कार्यक्रम कार्यान्वयन गरिनेछ । साथै लक्षित वर्गलाई केन्द्रित गरी रोजगारीका विशेष अवसरहरु सृजना गरिनेछन् ।

- युवा र शिक्षित बेरोजगार तथा न्यून आय भएका वर्ग समुदायलाई लक्षित गरी सँङ्गठित क्षेत्र र शहर बजारमा रोजगारी र आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

- गरिबीको रेखामुनि रहेका घर-परिवारहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने वस्तु तथा सेवाहरूको सुलभ र भरपर्दो आपूर्ति व्यवस्था मिलाई उनीहरूलाई राहत प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

- राज्यबाट सञ्चालन गरिने लोकल्याणकारी कार्यक्रम बृद्ध, असहाय एवं समाजका अन्य निमुखा वर्ग समुदायको सामाजिक सुरक्षा र राहत हुने गरी लागू गरिनेछ ।

- आर्थिक वृद्धिका क्रममा बढ्दो आयमा लक्षित वर्गको पहुँच बढाउने उद्देश्यले कर र राजस्व परिचालनमार्फत् हुने थप साधन र स्रोतलाई लक्षित वर्गको उत्थानमा लगाइने नीति अवलम्बन गरिनेछ । समाजमा आय असमानता कम गर्दै न्यायोचित वितरणको आधारलाई बलियो बनाउन

मद्दत पुग्ने गरी राजस्व, कर, ऋण तथा लगानी नीतिहरूमा क्रमशः परिमार्जन र सुधार गरी लागू गरिनेछ ।

१५.४ गैरसरकारी संस्था

१. पृष्ठभूमि

विकास सरकारी, निजी तथा गैरसरकारी क्षेत्रको साझा प्रयासबाट मात्र विकासको क्रम अगाडि बढ्दै जाने हुन्छ । देशको आर्थिक तथा सामाजिक विकास कार्यहरु अघि बढाउन गैरसरकारी क्षेत्रहरु सहभागीको रुपमा संलग्न भइसकेका छन् । विशेषगरी ग्रामीण क्षेत्रको विकास, गरिबी निवारण, तथा सामाजिक, आर्थिक र शारीरिक कारणले गर्दा विकासमा समान रुपले सहभागी हुननसक्ने तथा प्रतिफल पनि उपभोग गर्न नसक्ने कमजोर वर्गको विकासको लागि गैरसरकारी क्षेत्र परिचालन गर्न सकिएमा योजनाले लक्षित गरेका विकासका उपलब्धिहरु हासिल गर्न सकिने हुन्छ । यसको लागि र राष्ट्रिय उपलब्धी लेखाजोखामा गैरसरकारी क्षेत्रको भूमिका स्पष्ट गरी यस क्षेत्रको योगदान उपलब्धिको पनि समावेश गरिनुपर्ने हुन्छ ।

नेपालमा करिव ६६ वर्ष अगाडि श्री चन्द्र कामधनु चर्खा प्रचारक गुठीको स्थापनाबाट विकास कार्यको लागि गैरसरकारी क्षेत्रको संस्थागत विकासको थालनी भएको थियो भने २००७ मा प्रजातन्त्रको प्रादुर्भाव भएपछि परोपकार संस्था, रेडक्रस, परिवार नियोजन संघ, लायन्स क्लव, रोटरी क्लवहरु स्थापना भइ स्वास्थ्य, शिक्षा तथा सामुदायिक कार्यहरुको विकासमा गैरसरकारी क्षेत्रहरुको सहभागिता क्रमशः वृद्धि हुदै गयो । २०३४ सालमा सामाजिक सेवा समन्वय परिषद् र २०३८ सालमा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापनाबाट गैरसरकारी क्षेत्रको विकासको लागि समन्वय तथा प्रशासिनक व्यवस्थाको लागि संस्थागत व्यवस्था थालनी गरियो भने छौठौं योजनादेखि गैरसरकारी क्षेत्रको विकासको लागि राष्ट्रिय नीति अपनाइएको छ ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि गैरसरकारी क्षेत्रको विकासको लागि विद्यमान ऐन तथा नीतिहरुमा गरिएका सुधारहरुले गर्दा स्वदेशी तथा विदेशी गैरसरकारी क्षेत्रको संस्थागत विकासमा तीव्रता आएको छ । यी संस्थाहरुले क्षेत्रगत, वर्ग विशष र सामुदायिक विकासका सामाजिक तथा आर्थिक क्षेत्रहरुका क्रियाकलापहरु समेटेका छन् ।

२. आठौं योजनाको प्रगति

आठौं योजनामा गैरसरकारी नीति अन्तर्गत संघसंस्थाको विस्तार, ऐन नियमको सरलीकरण, दुर्गम तथा ग्रामीण क्षेत्रमा गैरसरकारी संस्थालाई प्राथमिकता, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई नेपाली गैरसरकारी संस्थामार्फत कार्य गराउने, मूल्याङ्कन व्यवस्थाको विकाससम्बन्धी नीतिहरु अपनाइएको थियो । योजनाको अन्तसम्ममा समाज कल्याण परिषद्सँग आवद्ध गैरसरकारी संघसंस्थाको संख्या ५९७८ पुगेको छ भने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सङख्या ८१ पुगको छ । यी संस्थाहरुको वर्गिकरण निम्नानुसार रहेको छ :

	संस्था	संख्या
१.	बाल कल्याण	१२२
२.	स्वास्थ्य	१५७
३.	अन्धअपाङ्ग	१०६
४.	सामुदायिक विकास	३०७६
५.	महिला विकास	५७२
६.	युवा क्रियाकलाप	१२९८
७.	नैतिक विकास	१७७

८.	वातावरण संरक्षण	३८६
९.	शिक्षा	५६
१०.	एड्स नियन्त्रण	२८
	जम्मा	५९७८

गैरसरकारी संस्थाहरुको दर्ता विभिन्न ऐन/नियमहरुबाट पनि हुने हुनाले समय समयमा नवीकरण गरिएका यस्ता संस्थाहरुको संख्या १५००० पुगेको अनुमान छ । गैरसरकारी संस्थाहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न समाज कल्याण ऐन २०४९ लागू गरी समाज कल्याण परिषद् पुनर्गठन गरिएको छ । साथै महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना गरी यस अन्तर्गत समाज कल्याण परिषद्लाई आवद्ध गरिएको छ ।

गैरसरकारी क्षेत्रको विकासको लागि आठौं योजना अवधिममा संस्थागत विस्तार, नीति ऐनको तर्जुमा भएको छ तापनि, ऐनको कार्यान्वयन प्रभावकारी हुन सकेकोछैन । यसबाट प्रशासिनक तथा आर्थिक प्रक्रिया पारदर्शी तथा सरल हुन नसकी समाज कल्याण परिषद् ऐन/नियमावलीले व्यवस्था गरे अनुसार आयोजना सहमति, समन्वय र सेवाहरुको प्रभावकारिता बारे अनुगमन तथा मूल्याङ्कन पनि हुनसकेको छैन ।

३. दीर्घकालीन अवधारणा

जनसबलीकरण तथा जनसंस्था सबलीकरणका प्रक्रियाहरुद्वारा दिगो सामाजिक, आर्थिक, वातावरणीय र संस्थागत विकासको लक्ष्य प्राप्त गर्न गैरसरकारी सामाजिक संघसंस्थाहरुलाई प्रभावकारी ढङ्गले काम गर्न सक्ने वातावरण तयार पारी विकासका सक्षम, पारदर्शी र सकारात्मक छवी भएका साझेदार निकायको रुपमा क्रियाशील हुन प्रोत्साहित गर्दै उनीहरुको तुलनात्मक सक्षमताको सदुपयोग गर्ने ।

अन्ध, अपाङ्ग, बृद्ध, अशक्त, असहाय, बालबालिका र महिलाहरुको समस्या समाधान गर्नको लागि दान-दातव्य र परोपकारी भावनाबाट हिनताबोध उत्पन्न हुननदिई उनीहरुकै सहभागिताको आधारमा आफ्नो क्षमता बृद्धि गरी सबल र सक्षम हुने दिगो विकासका प्रयत्नहरुलाई प्रोत्साहित गर्ने ।

नवौं योजना :

४. उद्देश्य

गैरसरकारी क्षेत्रलाई विकासको साझेदार निकायका रूपमा विकास गर्ने र गैरसरकारी संस्थाहरूका कार्यलाई प्रभावकारी बनाउन ती संस्थालाई समन्वयात्मक रूपले सञ्चालन गर्ने उद्देश्य लिइनेछ ।

५ नीति तथा कार्यनीति

- गैरसरकारी संस्थाहरू विभिन्न ऐन अन्तर्गत जिल्ला तथा केन्द्रमा दर्ता हुने प्रक्रियाले गर्दा त्यस्ता संस्थाहरूका स्वरूप, कार्य सञ्चालन प्रक्रिया आदि विषयमा अस्पष्टता देखापरेकाले संघ-संस्था ऐन, समाज कल्याण ऐन र अन्य ऐनको पुनरावलोकन गरी स्पष्टता ल्याउन उपयुक्त कानुनी र प्रशासकीय प्रबन्ध मिलाउने नीति लिइनेछ ।

- राष्ट्रिय विकासको वृहत् परिप्रेक्ष्यमा गैरसरकारी संस्थाहरूलाई पनि सहभागी बनाई गरिबी निवारण तथा आर्थिक, सामाजिक विकाससम्बन्धी नीति कार्यक्रम तर्जुमा गरिनेछ । गैरसरकारी क्षेत्रले विशेषज्ञता हासिल गरेका क्षेत्रहरूको काम सरकारी तथा स्थानीय निकायबाट सञ्चालन भएको भए

पनि त्यस्ता क्षेत्रहरूको कार्य गैरसरकारी संस्थाहरूबाट नै सञ्चालन गराउन प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- गैरसरकारी संस्थाहरूलाई निर्दिष्ट लक्ष्य हासिल गर्न सक्षम बनाउनका लागि विषयगत तथा भौगोलिक कार्यक्षेत्रका आधारमा राष्ट्रिय, क्षेत्रीय तथा स्थानीयस्तरमा परिभाषित तथा वर्गीकरण गर्ने नीति तथा आधार तयार गरिनेछ ।

- गैरसकारी संस्थाहरूको सङ्गठन, कार्यक्रम तथा आर्थिक स्रोत पहिचानमा निरन्तरता र प्रभावकारिता ल्याउन गैरसरकारी संस्थालाई आन्तरिक स्रोत परिचालन, तालिम, अनुभव आदान प्रदान आदिमा पनि संलग्न गराइनेछ । यस प्रयोजनका लागि प्रचलित ऐन-कानुनमा समसामायिक सुधार ल्याउने नीति अवलम्बन गरिनेछ ।

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई उनीहरूको विशेषज्ञताको आधारमा नेपाली गैरसरकारी संस्थाहरूको क्षमता विकास गराउनेतर्फ उन्मुख गराइनेछ । नयाँ परियोजना तथा कार्यक्रमहरू नेपाली गैरसरकारी संस्थाहरूमार्फत् नै कार्यान्वयन गराउने प्रभावकारी व्यवस्था मिलाइनेछ ।

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत् परिचालन हुने स्रोत साधनहरूको प्रभावकारितामा अझै वृद्धि गर्न प्रशासकीय सुगमता ल्याउन एकद्वार प्रणालीलाई प्रभावकारीका साथ अवलम्बन गर्ने नीति लिइनेछ ।

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई अन्तर्राष्ट्रिय स्तरबाट स्रोत परिचालन गर्न प्रोत्साहन गरिनेछ । विभिन्न सरकारी र गैरसरकारी स्रोतबाट नेपालकै लागि छुट्याइएको आर्थिक स्रोत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले उपयोग नगरी नेपाली संस्थाहरूबाट परिचालित गर्ने नीति लिइनेछ ।

- गैरसरकारी क्षेत्रबाट विकास कार्यमा पुऱ्याउने योगदानको लेखाजोखा गर्नसकिने आधार बनाउन अनुगमन तथा मूल्याङ्कन व्यवस्थाको संस्थागत विकास गरिने प्रक्रिया अपनाइनेछ ।

- राष्ट्रिय विकासको वृहत् क्षेत्रमा गैरसरकारी क्षेत्रको योगदानलाई उचित कदर गर्न विशेष व्यवस्था अपनाइनेछ । यसका लागि गैरसरकारी संस्थाहरूको अनुगमन गर्ने कार्यक्रमको व्यवस्था गरिनेछ ।

- गैरसरकारी संघ-संस्थाद्वारा प्रदान गरिने योगदानलाई स्थानीय विकास कार्यहरूमा प्रत्यक्ष रूपले प्रतिविम्बित र प्रभावकारी बनाउन यस्ता संस्थाद्वारा सञ्चालित कार्यक्रमहरू स्थानीय निकायसँग समन्वय गरी, स्थानीय योजना प्रक्रियाकै अङ्गका रूपमा अघि बढाउने नीति अवलम्वन गरिनेछ ।

- विकेन्द्रीकरणको नीतिअनुरूप स्थानीय निकाय र गैरसरकारी निकायहरूबीच परिपूरक र सहयोगात्मक सम्बन्ध स्थापित गरी गैरसरकारी संस्थामा भएको दक्षतालाई स्थानीय निकायहरूको क्षमता अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउन प्रोत्साहित गर्ने व्यवस्था अपनाइनेछ ।

- गैरसरकारी संस्थाहरू सुविधायुक्त क्षेत्रहरूमा मात्र बढी सक्रिय हुन चाहने र यसबाट क्षेत्रीय असमानता अझ बढ्न सक्ने परिप्रेक्ष्यमा गैरसरकारी संस्थाहरूलाई दुर्गम क्षेत्रहरूमा समेत परिचालन गर्न संस्थागत व्यवस्था मिलाइनेछ ।

६ कार्यक्रम

- राष्ट्रिय विकासको उद्देश्य तथा लक्ष्य अनुरुप गैरसरकारी क्षेत्रबाट गरिनुपर्ने उद्देश्य, लक्ष्य तथा कार्यक्रमहरु सहितको कार्ययोजना तर्जुमा गरी विभिन्न संघसंस्थाहरुको कार्यक्षेत्र तथा विशेषज्ञताको आधारमा कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्ययोजना तर्जुमा गर्दा गैरसरकारी क्षेत्रलाई सहभागी बनाई सामाजिक क्षेत्रको विकास, महिला, बाल, मानव अधिकार, शारीरिक तथा मानसिक

दृष्टिकोणले अशक्त जनङसख्याको विकास आदि क्षेत्रहरुमा श्री ५ को सरकारले देखाएको प्रतिवद्धतालाई आधार लिइनेछ ।

- गैरसरकारी संस्थाहरुको दर्तासम्बन्धी ऐनहरु सङकलन तथा अध्ययन गरी संघसंस्थाहरुको उद्देश्य तथा कार्य प्रकृतिको आधारमा वर्गीकृत गरेर दर्ता प्रणालीलाई सुदृढ गर्ने ऐन नियमको व्यवस्था गरिनेछ । प्रतिवर्ष दर्ता गरिने संस्थाहरुको संख्या, कार्यक्षेत्र तथा भौगोलिक वितरण सहितको गैरसरकारी क्षेत्र तथ्याङ्क प्रकाशित गरिनेछ ।

- गैरसरकारी संस्थाहरुबाट विभिन्न जिल्ला तथा गाउँ विकास समितिमा सञ्चालित कार्यक्रमहरु, लाभान्वित जनङसख्या तथा आर्थिक लगानीको अध्ययन तथा विश्लेषण गरिनेछ र यसको आधारमा कार्यक्षेत्र निर्धारण गरी गैरसरकारी संस्थाहरुलाई राष्ट्रिय, क्षेत्रीय, जिल्लास्तरीय तथा स्थानीयस्तरमा वर्गिकरण गरेर विकेन्द्रीकरण नीतिको आधारमा सञ्चालन गरिनेछ ।

- गैरसरकारी क्षेत्रलाई देश विकासमा सहभागी निकायको रुपमा परिचालन गर्न क्षेत्रगत मन्त्रालय तथा गैरसरकारी संस्थाहरुबीच कार्यक्रम तर्जुमा, कार्यान्वनय र मुल्याङ्कन कार्यहरु प्रभावकारी बनाउन समन्वयात्मक, संस्थागत कार्य प्रणालीको विकास गरिनेछ । यसको लागि क्षेत्रगत मन्त्रालयहरुमा सङ्गठनात्मक व्यवस्था गरी विषयगत कार्यहरुमा प्राविधिक सेवा सुविधा सुपरीवेक्षण तथा मुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

- समाज कल्याण परिषद्को कार्य क्षेत्र र क्षमता, सङ्गठनात्मक व्यवस्था तथा जनशक्ति, आर्थिक स्रोत आदि विविध क्षेत्रहरुको गैरसरकारी क्षेत्रहरुको विकासको लागि प्रभावकारी भूमिका खेल्नसक्ने पृष्ठभूमिमा मुल्याङ्कन गरी समाज कल्याण परिषद्लाई गैरसरकारी क्षेत्रको क्रियाकलाप, उपलब्धी, अध्यावधि सूचना स्रोत, अनुगमन तथा मुल्याङ्कनको केन्द्रीय निकायको रुपमा विकास गरिनेछ । यी कार्यहरुको लागि समाज कल्याण परिषद्को भूमिकालाई पारदर्शी तथा सबल बनाइनेछ ।

- गैरसरकारी क्षेत्रको विकासको लागि बैदेशिक सहायता जुटाउन नेपाली गैरसरकारी संस्थाहरुलाई सहभागी बनाउन एकद्वार प्रणालीलाई प्रभावकारी बनाउन, प्रक्रियागत तथा समन्वय कार्यलाई प्रभावकारी बनाउन तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई अन्तर्राष्ट्रिय स्रोतबाटै स्रोत परिचालन गर्ने व्यवस्था मिलाउने आदि विविध क्षेत्रहरु समावेश गरिएको समष्टिगत कार्यनीति तथा योजना तर्जुमा गरी लागू गरिनेछ । यस अनुसार अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई अनुमती, नेपाली गैरसरकारी संस्थाहरु मार्फत आयोजना सञ्चालन गर्नुपर्ने नियमन, भिसा तथा अन्य सुविधा एवं अनुवन्धहरु एकद्वार प्रणाली अनुरुप सरल र निर्दिष्ट समयमा व्यवस्था गर्न समाज कल्याण परिषद्लाई केन्द्रविन्दुको रुपमा विकास गरिनेछ । अन्तर्राष्ट्रिय गैरसरकारी सहायतामा सञ्चालित आयोजनाहरु अन्तर्गत गैरसरकारी संस्थाहरुमा तालिम, गोष्ठी, जिल्ला अध्ययन भ्रमणजस्ता कार्यक्रमहरु सञ्चालन गर्ने र नेपाली गैरसरकारी संस्थाहरुबाटै क्रमशः आयोजना सञ्चालन गर्ने सक्षमता अभिवृद्धि गर्न नेपाली प्राविधिक जनशक्तिको विकास तथा संस्थागत व्यवस्था गरिनेछ ।

- गैरसरकारी क्षेत्रलाई स्थानीय विकास कार्यहरुमा प्रत्यक्ष रुपले प्रतिविम्वित गराउन विकेन्द्रीकरण नीति तथा जिल्ला विकास तथा ग्रामीण विकास ऐन तथा नियमावलीअनुरुप स्थानीय योजनाको अङ्गको रुपमा समावेश गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि जिल्ला विकास तथा गाउँ विकास समितिहरुले सहजकर्ताको रुपमा सुविधाहरु प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

- सरकारी क्षेत्रहरु दुर्गम क्षेत्र तथा आर्थिक तथा सामाजिक कारणले पिछडिएका क्षेत्रहरुमा पनि परिचालन गर्न संस्थाहरुले गरीरहेको कामको मुल्याङ्कन गरी निश्चित सेवाहरु सञ्चालन गर्न तालिम अवधि तथा आर्थिक सुविधाहरु प्रदान गरी उत्प्रेरणामूलक व्यवस्था गरिनेछ ।

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमा कार्यरत विदेशीहरुलाई परियोजनाको कार्यक्षेत्र, लागत तथा अवधिको आधारमा वर्गीकरण गरी सुविधा उपलब्ध गराइनेछ ।
- सरकारी क्षेत्रहरुबाट सञ्चालित आयोजनाहरुबाट स्थानीय रोजगारका अवसरहरु बढाई गरिबी निवारण कार्यमा सघाउ पुग्ने हुनाले आयोजना अन्तर्गत आवश्यक माध्यम तथा आधारभूत जनशक्ति स्थानीयस्तरबाटै लिने परिपाटीको विकास गरिनेछ ।

१५.५ अनुगमन तथा मूल्याङ्कन

१. पृष्ठभूमि

योजनाबद्ध विकास प्रयासको विगत चार दशकभित्रमा विभिन्न उद्देश्यहरु निर्दिष्ट गरी आठवटा आवधिक योजनाहरु कार्यान्वयन भए । यस क्रममा आर्थिक तथा सामाजिक विकासका परिलक्षित उद्देश्यहरु हासिल गर्न ठूलो धनराशि खर्च गरियो र केही मात्रामा आर्थिक तथा सामाजिक आधारशिलाहरु निर्माण पनि भए । तर, लगानीको परिमाणमा क्रमशः वृद्धि हुँदै गएअनुरुप अनुभूत हुने ढङ्गबाट आम जनताले प्रतिफल पाउन भने सकेनन् । उपलब्ध साधन र स्रोतको उपयोगस्तर वाञ्छनीय रुपमा बढ्न सकेन । अधिकांश विकास आयोजनाहरु पूर्वनिर्धारित लागत र समयमा सम्पन्न हुन सकेनन् । समग्रमा योजना कार्यान्वयन क्षमतामा कमजोरी देखिनुका साथै आयोजनाहरुबाट प्राप्त उपलब्धि दिगो नहुने जस्ता समस्या देखिए । योजना कार्यान्वयन पक्ष कमजोर रहनुका विभिन्न कारक तत्वहरुमध्ये अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारीरुपमा व्यवहारमा नल्याइनु एक प्रमुख कारकको रुपमा रहेको पाइएको छ । आयोजना व्यवस्थापनको प्रमुख अङ्गको रुपमा रहेको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रक्रियाबाट मात्र सम्बद्ध पक्षले सुम्पिएको जिम्मेवारीअनुसार कार्य सम्पादन गरे नगरेको हेर्न र सम्पादित कार्यको गुणस्तर समेत निर्धारण गर्न सकिने हुन्छ । यसैगरी यसबाट सम्पादित कार्यको परिमाण, लागत, गुणस्तर, कार्यान्वयन अवधि समेतको लेखाजोखा र जिम्मेवारी सुम्पिएका कर्मचारीहरुको कार्यसम्पादनस्तर समेत निर्धारण गर्न सकिन्छ । यसैले योजनामा निर्दिष्ट उद्देश्य एवं लक्ष्य र उपलब्धिबीच रहनेगरेको अन्तरलाई कम गर्न र समग्रमा आयोजना कार्यान्वयन पक्षलाई प्रभावकारी गराउन नवौं योजनामा अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई नतिजापरक, गतिशील एवं उपलब्धिमूलक बनाइनेछ ।

२. आठौं योजनाको समीक्षा

आयोजनाको कार्यान्वयन पक्षमा देखिएको शिथिलतालाई हटाई कार्यान्वयन पक्षलाई प्रभावकारी गराएर निर्दिष्ट समय, लागत, परिमाण र गुणस्तरमा आयोजनाहरु सम्पन्न गराउन अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई संस्थागतरुपमा सुदृढ गर्नुपर्ने तथ्यलाई दृष्टिगत गरी आठौं योजनामा केही प्रयासहरु भएका थिए । यसअन्तर्गत विकास आयोजनाहरुले सामना गर्नुपरेका समस्याहरुको पहिचान गरी समाधान गर्ने र आयोजनाहरुलाई निर्धारित समय र लागतअनुसार पूरा गराई तिनीहरुबाट लक्षित उपलब्धि हासिल गराउने उद्देश्य राखिएको थियो ।

विगतमा विकास आयोजनाहरुको प्रगति समीक्षा गर्ने क्रममा मुख्यतया वार्षिक खर्चको अनुगमन गर्ने परिपाटी रहिआएकोमा यस अवधिमा भौतिक प्रगतिको पनि अनुगमन गर्नेगरी वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन फारामहरु तयार गरी व्यवहारमा ल्याइयो । यसै अवधिमा आयोजनाहरुमा आइपर्ने समस्याहरुको समयमै पहिचान गरी तिनको समाधान गर्न सरकारको उच्चतम तहलगायत विभिन्न तहमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निकायहरु खडा गरी कार्यविधि समेत निर्धारण गरियो । यस क्रममा उच्चतम तहमा राष्ट्रिय विकास समस्या समाधान समिति, मन्त्रालयहरुमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, राष्ट्रिय योजना आयोगमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा मन्त्रालयहरुमा अनुगमन तथा मूल्याङ्कन महाशाखा र शाखा खडा गरिए । यसैगरी आयोजनाहरुको स्थिति तथा क्रियाकलापसम्बन्धी जानकारी सङ्कलन गरी अनुगमन प्रक्रियामा सुधार ल्याउन कार्यक्रम तथा प्रगतिसम्बन्धी फारामका साथै आयोजनाका समस्यासम्बन्धी प्रतिवेदन फाराम, आयोजना स्थिति विवरण फाराम र विकास आयोजना निरीक्षण फारामहरु पनि प्रचलनमा ल्याइयो । साथै, विकास आयोजनाहरुको उद्देश्यअनुरुपको उपलब्धि हासिल भए नभएको मापनहेतु विभिन्न क्षेत्रगत

आयोजनाहरुका लागि उपलब्धिका सूचकहरु निर्धारण तथा तत्सम्बन्धी फारामहरुको पनि तर्जुमा गरी व्यहारमा ल्याइएका छन् ।

यसरी आठौं योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थालाई प्रभावकारी गराउन केही संस्थागत, र प्रक्रियागत प्रयासहरु भए पनि समयवद्ध अनुशासनको रुपमा अवलम्वन र अनुशरण गरिनुपर्ने अनुगमन तथा मूल्याङ्कनसम्वन्धी प्रक्रियाले राजनीतिक प्रतिवद्धता र प्रशासनिक दृढताका अभावमा प्रभावकारी गति लिन नसक्नुका साथै व्यवहारमा यस कार्यले उचित प्राथमिकता पाउन नसकेकाले विभिन्न संस्थागत संरचना अपेक्षितरुपमा सक्रिय हुन सकेन । अनुगमनका लागि निर्दिष्ट फारामहरु एवं सूचकहरुको प्रयोग पनि कमै मात्र भयो र प्रयोग भएको अवस्थामा पनि पूर्णरुपमा उपयोग नगरिंदा यसको प्रभावकारिता उल्लेखनीय हुन सकेन । फलस्वरुप यस व्यवस्थाबाट आयोजना कार्यान्वयन क्षमतामा अपेक्षित सकारात्मक प्रभाव पर्न सकेन । सम्पन भैसकेका केही आयोजनाहरुमा लगानीको प्रभावकारिता एवं प्रभाव मूल्याङ्कन कार्य सम्पन्न गरिएको छ । यी मूल्याङ्कनबाट प्राप्त नतिजाको प्रयोग नयाँ आयोजना तर्जुमा तथा कार्यान्वयनमा गर्न सकिनेछ ।

हालसम्मको अनुभवका आधारमा विश्लेषण गर्दा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी विद्यमान प्रणालीको कार्यान्वयनमा निम्न कमीहरु देखिएका छन् ।

- आयोजनाहरुको कार्यान्वयन गर्न स्वीकृति दिनुअघि अनिवार्यरुपमा छानबिन (Screening) गर्नुपर्नेमा त्यसो हुन सकेको छैन ।
- उच्चस्तरको राजनीतिक प्रतिबद्धता एवं प्रशासनिक दृढताका अभावमा विद्यमान संरचनाहरु सक्रिय हुन नसकी सूचना प्रवाहमा गतिशीलता आउन सकेको छैन ।
- अनुगमन तथा मूल्याङ्कनको कार्यक्षेत्र कार्यान्वयन पक्षसम्म मात्र सीमित रहेको छ । नीति, कार्यनीति तथा कार्यक्रमहरुको अनुगमन गर्ने परिपाटीको विकास हुन सकेको छैन ।
- अनुगमन तथा मूल्याङ्कन कार्यले आयोजना व्यवस्थापनको अभिन्न अङ्गका रुपमा प्राथमिकता पाउन सकेको छैन ।
- भौतिक प्रगति मापन गर्नका लागि निर्दिष्ट गरिएका सूचकहरु प्रयोगमा आउन नसकेकाले तिनीहरुलाई परिमार्जन गरी अद्यावधिक गराउन सूचनाहरुको अभाव रहेको छ ।
- विद्यमान व्यवस्थाले परिकल्पना गरेझैं समयमै समस्याहरु पहिचान गरी तिनको समाधान गर्ने, आयोजनालाई पूर्वनिर्धारित समय तथा लागतभित्रै सम्पन्न गराउने एवं आयोजनाको उपलब्धिलाई दिगो गराउने सम्बन्धी विषयहरुले महत्व पाउन सकेका छैनन् ।
- अनुगमन तथा मूल्याङ्कन व्यवस्थाको सकारात्मक प्रभाव आयोजना कार्यान्वयन क्षमता अभिवृद्धिमा अपेक्षितरुपमा पर्न सकेको देखिदैन ।
- गैरसरकारी संघसंस्थाहरुमा सम्पादित कार्यक्रमको समष्टिगत अनुगमन तथा मूल्याङ्कनको परिपाटी बसाउन सकिएको छैन ।

३. दीर्घकालीन अवधारणा

योजनाले निर्दिष्ट गरेको उद्देश्यअनुरुप नीति, कार्यनीति र तदनुसार कार्यक्रम, बजेट तर्जुमा भए नभएको समयमै पहिचान गरी नीतिनिर्माण तहलाई पृष्ठपोषण (feed-back) गर्ने र विकास आयोजनाहरुलाई निर्दिष्ट समय, लागत, परिमाण र गुणस्तर अनुरुप सम्पन्न गरी लक्ष्य र उपलब्धिवीच अन्तर आउन नदिने दीर्घकालीन लक्ष्यका साथ समग्र अनुगमन तथा मूल्याङ्कन व्यवस्था परिचालन

गरिनेछ । वैदेशिक साधन परिचालनमा हुन थालेको विश्वव्यापी प्रतिस्पर्धामा अग्रपङ्क्तिमा रहन, उपलव्ध साधनको उपयोगस्तर बढाउन र लक्षित आर्थिक एवं सामाजिक विकासका उपलब्धि यथासमयमै हासिल गरी त्यसलाई दिगो गराउने सोचका साथ अन्ततः आयोजना कार्यान्वयनसँग सम्वद्ध निकायहरुलाई नै अनुगमन कार्यको पूर्ण जिम्मेवारी सुम्पिई उल्लिखित स्तरमा कार्य सम्पन्न गराउन उत्तरदायी गराइनेछ । योजना आयोगको भूमिकालाई केवल नीतिगत अनुगमन, अनुगमन तथा मूल्याङ्कन परिपाटीको सञ्चालन तथा तत्सम्बन्धी क्षमताको विकास र मूल्याङ्कन कार्यमा मात्र सीमित गराई अन्य सवै क्रियाकलापहरु योजनाको दीर्घकालीन लक्ष्य प्राप्तिमा नै केन्द्रित हुने अवधारणा राखिनेछ ।

नवौं योजना

अनुगमन तथा मूल्याङ्कन क्षेत्रको उपर्युक्त दूरगामी लक्ष्यका आधारमा आगामी नवौं योजनाका उद्देश्य, नीति र कार्यनीतिहरु निर्धारण गरिएका छन् ।

४. उद्देश्य

- विकास आयोजनाहरुको कार्यान्वयन क्रममा देखिने समस्याहरुको समयमै पहिचान गरी समाधान गर्ने र आयोजनाहरुलाई पूर्वनिर्धारित समय, लागत, परिमाण र गुणस्तरअनुसार सम्पन्न गर्ने ।
- आयोजनाहरुबाट परिलक्षित आर्थिक तथा समाजिक विकासका उपलब्धिहरु हासिल गर्ने र यस्तो उपलब्धिलाई दिगो बनाउने ।
- विकास आयोजनाहरुमा गरिने लगानी र प्राप्त प्रतिफलसम्बन्धी सूचनामूलक जानकारीहरुलाई अद्यावधिक र भरपर्दो बनाउने ।
- आयोजना तर्जुमा र कार्यान्वयन क्रममा विगतमा भएका कमी कमजोरीहरुको पत्ता लगाई तिनलाई पुनः दोहोरिन नदिने ।
- योजनामा निर्दिष्ट गरिने नीति तथा कार्यनीतिहरुको समीक्षा गर्ने परिपाटी विकास गरी नीतिअनुरुप कार्यक्रमहरु निर्माण भए नभएको र ती कार्यक्रमहरु कार्यान्वयन हुन सके नसकेको यकिन गर्ने ।
- गैरसरकारी संस्थाहरुद्वारा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने ।

५. नीति तथा कार्यनीति

- अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई नियमित र प्रभावकारीरुपमा सञ्चालन गर्न उच्चतम राजनीतिक तहदेखि आयोजनातहसम्म सवैको प्रतिवद्धता र सक्रिय संलग्नता रहने व्यवस्था मिलाइनुका साथै यस व्यवस्थालाई सुदृढ एवं विस्तारित गरिनेछ ।
- आयोजना कार्यान्वयनमा आइपर्ने समस्या समयमै पहिचान गरी समाधान गर्न र लक्षित लागतभित्रै सम्पन्न गराउन हाल खडाभएका विभिन्न स्तरका अनुगमन तथा मूल्याङ्कनसम्वन्धी एकाइ (National Development Action Committee, Ministerial Development Action Committee) र शाखा/महाशाखा) हरुलाई विशेषरुपमा सक्रिय गराइनेछ र विभागस्तरमा पनि यस्ता एकाइहरु खडा गरिनेछन् ।
- विद्यमान अनुगमन तथा मूल्याङ्कन व्यवस्थामा सामयिक परिमार्जन गरी यसलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

- अनुगमन तथा मूल्याङ्कनका लागि हाल लागू भैरहेका उद्देश्य तथा नतिजामूलक सूचकहरुलाई आवश्यक परिमार्जन गरी तदनुरुप कार्य सम्पादन हुने व्यवस्था गरिनेछ। साथै योजना तर्जुमा गर्दाखेरि नै आयोजनाको उद्देश्यका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्न प्रगति सूचकहरु निर्धारित गरिनेछन् ।

- आयोजना तर्जुमा र कार्यान्वयनमा पुरानै किसिमका समस्याहरु पुनः दोहोरिन नदिन सम्पन्न आयोजनाहरुको मूल्याङ्कन गरिनेछ र विगतको अनुभवबाट प्राप्त शिक्षा नयां आयोजनाहरुमा उपयोगमा ल्याइनेछ।

- विकेन्द्रीकरणको नयाँ अवधारणाअनुरुप जिल्लास्तरमा हुने विकासकार्यको आयतनलाई ध्यानमा राखी जिल्लास्तरमा जि.वि.स. अन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखाको स्थापना र जिल्ला विकास समस्या समाधान समिति गठन गरी नियमितरुपमा जिल्लास्तरीय आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन व्यवस्था गरिनेछ।

- केन्द्रीय निकायहरुबीच चरणवद्धरुपमा कम्प्युटरीकृत ग्लोवल नेटवर्क (computerised global network) कायम गरी सूचना आदान प्रदान कार्यमा सुगमता ल्याइनेछ।

- विकास आयोजनाहरुको कार्यान्वयन पक्षलाई सबल र सुदृढ गराउन तथा विकासकार्य छिटो र छरितो ढङ्गबाट सञ्चालन गर्न सम्बन्धित ऐन नियमहरुमा आवश्यक संशोधन गरिनेछ।

- अधिकांश विकास निर्माण कार्यहरु भौतिक संरचनासँग सम्बन्धित हुनेहुँदा ती संरचनाहरुको गुणस्तर कायम राखी दिगोरुपमा सञ्चालन हुनसक्ने व्यवस्था मिलाइनेछ।

- आयोजना तर्जुमा क्रममै रहने कमजोरीले पनि त्यस्ता आयोजनाहरुको कार्यान्वयन पक्ष कमजोर देखिन सक्ने हुँदा नयाँ विकास आयोजनाहरुको अनुगमन तर्जुमाचरणदेखि नै गर्ने र कार्यान्वयनको लागि स्वीकृति दिनु अघि अनिवार्यरुपमा छानबिन (screening) गर्ने व्यवस्था मिलाइनेछ।

- योजनाले अवलम्वन गर्ने नीति, कार्यनीतिहरुको समीक्षा गर्ने परिपाटीको थालनी गरिनुका साथै कार्यक्रमहरु समयमै पूरा हुन सके नसकेको आधारमा जिम्मेवार व्यक्तिलाई उचितरुपमा पुरस्कृत, दण्डित गर्ने र तदनुरुप वृत्ति विकास हुने व्यवस्था मिलाइनेछ।

- विगत केही समयदेखि अत्यधिक विस्तार भएका र व्यापक क्षेत्र ओगटेका गैरसरकारी संस्थाका क्रियाकलापहरु पनि नियमितरुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

- विद्यमान क्षेत्रीय योजना कार्यालयहरुलाई जिल्लास्तरीय योजना तर्जुमा अनुगमन तथा निरन्तर मूल्याङ्कन (on-going evaluation) गर्ने कार्यमा सक्रियरुपमा संलग्न गराइनेछ।

७. कार्यक्रम

- आयोजना कार्यान्वयनमा आइपरेका समस्याहरुको समयमै पहिचान गरी तिनको समाधान गर्न मन्त्रालयस्तरमा सम्बन्धित मन्त्री, राज्यमन्त्रीको अध्यक्षतामा गठित मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय स्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय विकास समस्या समाधान समितिलाई सक्रिय गराई आयोजना कार्यान्वयनमा आइपर्ने जस्तोसुकै समस्या समाधान गर्ने उपयुक्त थलोका रुपमा विकसित गरिनेछ। साथै, विद्यमान व्यवस्थाअनुरुप समस्या समाधान गर्ने उच्चतम मञ्चका रुपमा रहेको राष्ट्रिय विकास समस्या समाधान समितिमा अन्तर- मन्त्रालय समन्वयसम्बन्धी स-साना समस्या पनि लैजानुपर्ने स्थिति रहेकाले राष्ट्रिय योजना आयोगको तहमा

एक स्थायी समस्या समाधान समूह (problem shooting group) को व्यवस्था गरी समयवद्ध अनुशासन पालना गराउने कार्य समेत गर्न लगाइनेछ ।

- अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई संस्थागत गर्न राष्ट्रिय योजना आयोगको सचिवालयमा खडा गरिएको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा मन्त्रालयहरुमा रहेका अनुगमन तथा मूल्याङ्कन महाशाखा र शाखाहरुका लागि आवश्यक बजेट तथा कम्प्युटर, फ्याक्स, सवारीसाधन जस्ता सामग्री (logistics) उपलब्ध गराई तिनीहरुलाई अनुगमन तथा मूल्याङ्कन कार्यमा प्रभावकारीरुपमा परिचालन गरिनेछ । साथै, विभागहरुमा पनि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी एकाइहरु खडा गरी तिनीहरुलाई सुदृढ गरिनेछ ।

- आयोजनाहरुको विस्तृत अध्ययन पूरा नभइकनै कार्यान्वयनमा आउने परिपाटी अझै कायम रहेको छ । यसबाट अनुपयुक्त आयोजना पनि कार्यान्वयनमा आउने र पछि अधूरा रहने वा उपलब्धिमूलक नरहने समस्या आउने गरेको छ । त्यसैले नयाँ आयोजना कार्यान्वयनमा आउनु अघि निर्धारित मापदण्डअनुसार अनिवार्यरुपले छनौट (screening) गर्ने र हचुवा तरिकाबाट दबाबका आधारमा कार्यक्रम वजेट तर्जुमा नहुने व्यवस्था गरिनेछ । आयोजना छनौट पनि दुई तहमा गरिनेछ । पहिलो तहमा सम्बद्ध मन्त्रालयहरुले स्क्रिनिङ्ग गरी राष्ट्रिय योजना आयोगमा पठाउनेछन् । यसरी प्राप्त आयोजनाहरुलाई दीर्घकालीन योजना, साधन उपलब्धता र त्यसको प्रभावकारितामा समेत विचार गरी राष्ट्रिय योजना आयोगबाट पुनः छनौट गरी आयोजना कार्यान्वयनको स्वीकृति दिइनेछ । यसका निम्ति राष्ट्रिय योजना आयोगको सचिवालय र सम्बद्ध मन्त्रालयमा कार्यरत जनशक्तिलाई प्रशिक्षण दिई उनीहरुको क्षमता विकास गरिनेछ ।

- जिल्लास्तरीय आयोजनाहरुमा हुँदैगएको बृहत् लगानीअनुरुप उपलब्धि हासिल भए नभएको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्न उचित संयन्त्रको विकास गरिनेछ । यसका निम्ति जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला विकास समस्या समाधान समिति गठन गरी प्रत्येक दुई महिनामा सो समितिको बैठक बसाई प्रगति समीक्षा गर्नुका अतिरिक्त आयोजनाहरुको कार्यान्वयनमा आइपरेका समस्याहरु समाधान गर्ने व्यवस्था मिलाइनेछ । यस समितिमा जिल्ला विकास समितिका सदस्यहरु, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, तथा विकाससँग सम्बद्ध कार्यालय/आयोजनाका प्रमुखहरु सदस्य रहनेछन् । यस समितिको बैठकमा राष्ट्रिय योजना आयोगको क्षेत्रीय योजना कार्यालयका प्रतिनिधिले भाग लिनेछन् । यसैगरी यो समितिको सचिवालयको रुपमा कार्य गर्न र जिल्लास्तरीय आयोजनाहरुको स्थिति अद्यावधिक गरी नियमित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाउन जिल्ला विकास समिति (जि.वि.स.) सचिवालय अन्तर्गत एक अनुगमन तथा मूल्याङ्कन शाखा खडा गर्न लगाइनेछ । जिल्लामा गरिने यस्तो मूल्याङ्कनको जानकारी सम्बन्धित गाउँ विकास समितिलाई दिने व्यवस्था पनि मिलाइनेछ । क्षेत्रीय योजना कार्यालयले जिल्लास्तरीय अनुगमनसम्बन्धी प्रतिवेदन अद्यावधिकरुपमा राष्ट्रिय योजना आयोगको सचिवालयको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखामा अनिवार्यरुपमा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

- अधिकांश विकास आयोजनाहरु भौतिक संरचना निर्माणसँग सम्बद्ध हुने हुँदा ती संरचनाहरुको गुणस्तर कायम राख्न एक गुणस्तर परीक्षण निकाय (Quality Audit Bureau) को स्थापना गरी नमूनाका रुपमा केही आयोजनाहरुबाट भएको निर्माणकार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । यसैगरी त्यस्ता आयोजनाहरुको व्यवस्थापन र कार्य लक्ष्य बमोजिम भए नभएको हेर्न नियमित प्राविधिक परीक्षण सहितको कार्य सञ्चालन परीक्षण गर्ने उचित संयन्त्रको विकास गरिनेछ ।

- अनुगमन तथा मूल्याङ्कन कार्यमा तथ्याङ्कको ठूलो महत्व रहने हुँदा सवै मन्त्रालयहरुका अनुगमन तथा मूल्याङ्कन महाशाखालाई राष्ट्रिय योजना आयोगको सचिवालयसँग सिधा सम्पर्कमा राख्नका लागि कम्प्युटरीकृत ग्लोवल नेटवर्कको चरणवद्धरुपमा विकास गरी सूचना आदानप्रदान कार्यमा

सुगमता ल्याइनेछ । यस्तो सूचना आदानप्रदानका लागि प्रधानमन्त्री, उपप्रधानमन्त्री, राष्ट्रिय योजना आयोगका पदाधिकारीहरु र मन्त्रीहरुको कार्यालयसम्म कम्प्युटर नेटवर्क स्थापित गरिनेछ । यो व्यवस्था मिलाउनका लागि दातृसंस्थाहरुबाट प्राविधिक सहायता परिचालन गराइनेछ । यसको सञ्चालनका लागि आवश्यक पर्ने दक्ष, सक्षम एवं व्यावसायिक जनशक्तिको आपूर्ति तथा निरन्तरतातर्फ पनि समयमै उपयुक्त व्यवस्था मिलाइनेछ । साथै नेटवर्किङ् नहुञ्जेलसम्मका लागि भएपनि राष्ट्रिय योजना आयोगको सचिवालयमा सूचना वैङ्का रुपमा समीक्षालयको व्यवस्था गरिनेछ ।

- विकास कार्यलाई छिटो छरितो ढङ्गबाट सञ्चालन गर्नका लागि विद्यमान ऐन कानुनमा संशोधन गर्न आवश्यक देखिएमा त्यस्ता ऐन नियममा संशोधन गर्ने प्रक्रिया चालिनेछ ।

- विदेशी सहायतामा सञ्चालित केही आयोजनाहरुमा निर्देशक समिति (steering committee) को व्यवस्थाले कार्यान्वयनमा प्रभावकारिता आउन सकेको देखिएकाले श्री ५ को सरकारको स्रोतबाट सञ्चालित ठूला आयोजनाहरुमा पनि आवश्यकताअनुसार यस्तो समिति गठन गरी कर्यान्वयनमा सघाउ पुऱ्याइनेछ । व्यापक कार्यक्षेत्र भएका ठूला आयोजनाहरुमा अनुगमन तथा मूल्याङ्कन हेर्ने छुट्टै एकाइ स्थापना गरी केन्द्रीय निकायसँग समन्वय कायम गराउने व्यवस्था मिलाइनेछ ।

- अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन योजना तर्जुमा गर्दाखेरि नै आयोजनाको उद्देश्यको अनुगमन तथा मूल्याङ्कन गर्न योजना आयोगको सहयोगमा प्रगति परिसूचकहरु निर्धारण गरी नियमितरुपमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ । साथै हाल लागू भएका उद्देश्य तथा नतिजामूलक सूचकहरुलाई आवश्यकता अनुसार परिमार्जन गर्दै लैजाने र यस्ता सूचकहरुको तर्जुमा र विकास सबै क्षेत्रहरुका लागि क्रमशः गर्दै लगिनेछ ।

- आयोजना कार्यान्वयनको अनुगमन मूल्याङ्कनमा सम्बद्ध उपभोक्ता समूहलाई प्रोत्साहित गरिएमा नै आयोजना सम्पन्न भैसकेपछि पनि उपलब्धिलाई दिगो बनाइराख्न मद्दत पुग्ने हुँदा आयोजनाहरुको अनुगमन, मूल्याङ्कनमा क्रमशः आयोजनाबाट लाभान्वित हुने वर्गलाई सरिक गराउँदै लैजाने व्यवस्था मिलाइनेछ ।

- प्रक्रिया अनुगमनका निम्ति हाल लागू भैरहेका वार्षिक कार्यक्रम, प्रगति प्रतिवेदन फाराम, आयोजना स्थिति विवरण फाराम, विकास आयोजना निरीक्षण फाराम र समस्या प्रतिवेदन फारामहरुमा आवश्यक परिमार्जन गरी तिनीहरुलाई अनिवार्यरुपमा प्रयोग गर्नुपर्ने व्यवस्था गरिनेछ । आवधिक रुपमा प्रगति विवरण प्रस्तुत गर्दा खर्चको विवरण समेत समावेश गर्न लगाइनेछ । साथै, प्रत्येक मन्त्रालयले आयोजनाहरुको स्थिति विवरण अद्यावधिक बनाई राख्नुपर्ने व्यवस्था गरिनेछ ।

- विकास आयोजनाहरुको कार्यान्वयन पक्षलाई बढी प्रभावकारी र छिटो छरितो गराउन समय समयमा सम्माननीय प्रधानमन्त्रीलगायतका उच्चस्तरका पदाधिकारीहरुबाट आयोजना स्थलको आकस्मिक निरीक्षण गर्ने व्यवस्था मिलाई प्रगतिको यकिन गरिनेछ । यस्तो भ्रमण हुँदा आयोजना कार्यान्वयनमा तीव्रता ल्याउन कार्यस्थलमा नै निर्णय लिने र निर्देशन दिने व्यवस्था मिलाइनेछ ।

- राष्ट्रिय योजना आयोगको सचिवालयलगायत विभिन्न मन्त्रालय अन्तर्गतका क्षेत्रीय कार्यालयहरुलाई सुदृढ गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई सक्रियरुपमा परिचालन गराइनेछ ।

- अनुगमन तथा मूल्याङ्कन कार्यव्यवस्थालाई प्रभावकारी ढङ्गबाट सञ्चालन गराउनका लागि दक्ष जनशक्तिको उपलब्धि एवं निरन्तरता आवश्यक हुन्छ । यसका लागि विभिन्न तहमा कार्यरत कर्मचारीहरुलाई अनुगमन तथा मूल्याङ्कनको औचित्य सम्बन्धमा आश्वस्त र जागरुक गराउन नियमित रुपमा तालिम उपलब्ध गराउनुपर्ने हुन्छ । यस्तो तालिम सञ्चालन गर्नकालागि नेपाल

प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्रशिक्षण सम्बन्धी विभिन्न सरकारी निकाय तथा राष्ट्रिय योजना आयोगको सचिवालयबाट समेत नियमितरुपमा तालिम दिने व्यवस्था मिलाइनेछ । सेवामा निरन्तरता कायम राख्न र वृत्ति विकास समेतको व्यवस्था गर्न योजना, अनुगमन, मूल्याङ्कन र तत्सम्बन्धी कार्यका लागि गठित छुट्टै आर्थिक, योजना तथा तथ्याङ्क सेवामा हाल तथ्याङ्क सम्बन्धी जनशक्ति मात्र समूहीकृत भएका हुँदा राष्ट्रिय योजना आयोग, मन्त्रालय र विभागहरुका योजना, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी जनशक्तिलाई समेत यो सेवाभित्र आवद्ध गराई यसलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ ।

- सञ्चालित आयोजनाहरुलाई निश्चित आधार अन्तर्गत रही विशेष प्राथमिकताप्राप्त आयोजना र अन्य आयोजना गरी २ भागमा वर्गीकरण गरिनेछ । यसरी वर्गीकरण गरिएका विशेष प्राथमिकताप्राप्त आयोजनालाई साधन विनियोजनमा समेत प्राथमिकता दिई तिनीहरुको सघन अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । यस्ता विशेष प्राथमिकताप्राप्त आयोजनाहरुको स्थिति विवरण कम्प्युटरमा राखी त्यसलाई अद्यावधिक गर्दै लैजाने, स्थलगत निरीक्षण गर्ने र नियमितरुपमा प्रगति समीक्षा गर्ने व्यवस्था मिलाइनेछ । राष्ट्रिय योजना आयोगको तहमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखाले यी आयोजनाहरुको प्रगतिविवरण मासिकरुपमा लिई त्यसको समीक्षा गर्नेछ । समीक्षाबाट समस्यामूलक देखिने आयोजनाहरुको प्रगति एवं समस्या सम्बन्धमा आयोगका उपाध्यक्षको संयोजकत्वमा प्रत्येक महिना समीक्षा गराई समस्या समाधान गर्न कदम चालिनेछ । यसमध्ये खास समस्यामूलक देखिने आयोजनाहरुका हकमा ४/४ महिनामा प्रधानमन्त्रीसमक्ष सम्बद्ध मन्त्री र सचिवलाई समेत आमन्त्रण गरी समीक्षा गराउने र समस्या समाधान गर्ने व्यवस्था मिलाइनेछ । विशेष प्राथमिकताप्राप्त (Core) बाहेक अन्य आयोजनाहरुको अनुगमन राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्रगत महाशाखाहरुले गर्नेछन् । यी क्षेत्रगत महाशाखाहरुले त्यस्तो आयोजनाहरुको नियमितरुपमा प्रगति विवरण लिने, स्थलगत निरीक्षण गरी प्रगति यकिन गर्ने र कम्प्युटरमा स्थिति विवरण राखी त्यसको आवधिक प्रतिवेदन केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखालाई उपलब्ध गराउनेछन् । सबै आयोजनाहरुको एकीकृत स्थिति विवरण कम्प्युटरमा राखी अद्यावधिक गर्दैजाने व्यवस्था मिलाइनेछ ।

- कार्यान्वयन पूरा भैसकेका केही बृहत् आयोजनाहरुको दिगोपना र उपलब्धिहरुको नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । यसमा आयोजनाबाट लाभान्वित वर्गको सहभागिता रहने व्यवस्था मिलाइनेछ । यसैगरी त्यस्ता केही आयोजनाहरुको असर र प्रभाव (impact) हेर्ने गरी मूल्याङ्कन (post evaluation) नियमितरुपमा गराइने छ । यसलाई निष्पक्ष गराउन आवश्यकताअनुसार शैक्षिक संस्था र अनुसन्धान प्रतिष्ठानहरुलाई परिचालन गरिनुका साथै राष्ट्रिय योजना आयोगको सचिवालयका कर्मचारीहरुलाई समेत सहभागी गराई उनीहरुको क्षमता विकास गर्ने र मूल्याङ्कनलाई स्तरीय एवं भरपर्दो पार्ने व्यवस्था मिलाइनेछ ।

- योजनाले निर्दिष्ट गरेको नीतिअनुरुप कार्यक्रम, बजेट तर्जुमा नहुने र तदनुरुप कार्यान्वयन नहुने स्थिति समेत रहेकाले नीति तथा कार्यक्रम अनुगमन र मूल्याङ्कन (policy and programme monitoring and evaluation) परिपाटीको थालनी गरिनेछ । यसका निम्ति केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा अन्तर्गत नीतिगत अनुगमन तथा मूल्याङ्कन कार्य हेर्ने छुट्टै शाखा खडा गरी सो शाखालाई यस कार्यमा संलग्न गराइनेछ । नीतिगत अनुगमनका लागि निर्दिष्ट नीतिहरुको आवश्यकताअनुसार नीति अनुसन्धान पनि गराइनेछ । यस प्रक्रियाअनुरुप दीर्घकालीन योजना, बजेट र कार्यक्रमको सामञ्जस्यता र औचित्य समेत यकिन गर्न लगाई त्यसको नियमित प्रतिवेदन सम्बद्ध उच्च तहलाई दिने कार्य गरिनुका साथै वार्षिक कार्यक्रम स्वीकृत गरिंदा दीर्घकालीन योजनामा परे नपरेको यकिन गर्ने अनिवार्य व्यवस्था मिलाइनेछ । नवौं योजनाको कुल विकास लगानीको करिब ६० प्रतिशत निजीक्षेत्रबाट प्रवाहित हुनुपर्ने भएकाले सरकारी पक्षबाट नीतिगतरुपमा सिर्जना गरिएको उपयुक्त वातावरणमा नै मूलरुपमा यिनीहरुको उपलब्धि निर्भर

रहने हुँदा तर्जुमा भएका नीतिहरु व्यावहारिकरुपमा लागू भए नभएकोबारे अनुगमन र अनुसरण गर्नमा विशेष जोड दिइनेछ ।

- विकास आयोजनाहरुको वार्षिक कार्यक्रम कार्यान्वयन स्थितिको मध्यावधि मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ । यही मूल्याङ्कनका आधारमा मात्र वार्षिक कार्यक्रम संशोधन एवं रकमान्तर सम्बन्धी स्वीकृति दिइनेछ । यसैगरी संञ्चालित विकास आयोजनाहरुको वार्षिक मूल्याङ्कन गर्ने प्रक्रिया प्रारम्भ गरिनेछ । विशेष प्राथमिकताप्राप्त आयोजनाहरुको प्रगति मूल्याङ्कन राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा र अन्य आयोजनाहरुको प्रगति मूल्याङ्कन आयोगका अन्य क्षेत्रगत महाशाखाहरुले गर्नेछन् ।

- आयोजनाहरुका निम्ति परामर्शदाता लगायत जनशक्तिको नियुक्ति, ठेक्कापट्टा आदिको समयबद्ध कार्यतालिका तयार गरी तदनुरुप गर्नुपर्ने व्यवस्था लागू गरिनेछ । निर्दिष्ट कार्यतालिकाअनुरुप समयमा कार्यहरु सम्पन्न हुन नसकेमा आयोजनाबाट गर्नुपर्ने कार्यको हकमा आयोजना प्रमुखलाई जवाफदेही गराइनेछ । प्रथम चौमासिक भित्रै ठेक्कापट्टा सम्बन्धी काम गरिसक्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । यसैगरी असक्षमत वा गैरजिम्मेवारीपूर्ण कार्य गरी आयोजनालाई हानी नोक्सानी पार्न गएको अवस्थामा बाहेक आयोजना प्रमुखलाई सामान्यतः आयोजना अवधिभर अन्यत्र सरुवा नगर्ने व्यवस्थालाई कडाइका साथ लागू गराइनेछ । यसको अनुगमन राष्ट्रिय योजना आयोगबाट गर्ने व्यवस्था मिलाइनेछ ।

- आयोजना मूल्याङ्कन गर्नका निम्ति प्रतिएकाइ लागत (unit cost) को अनुमानित स्तर (standard) निर्धारण गरिनेछ । यही अनुमानित प्रतिएकाइ लागत (standard unit cost) सँग वास्तविक एकाइ लागत (actual unit cost) भिडाई फरक विश्लेषण (variance analysis) समेतका माध्यमबाट मूल्याङ्कनलाई स्तरीय र प्रभावकारी बनाइनेछ । यस्तो स्तर (standard) सम्बन्धित मन्त्रालयहरुको सहयोगमा राष्ट्रिय योजना आयोगबाट निर्धारण गरिनेछ ।

- अधिराज्यका विभिन्न जिल्लामा सञ्चालित विकास आयोजनाहरुको परिचय सहितको जिल्लागत सूची तयार गरेर राष्ट्रिय योजना आयोगले कम्प्युटरमा राख्ने व्यवस्था मिलाउनेछ ।

- विकास व्यवस्थापनमा आस र त्रासको वातावरणले कर्मचारीहरुलाई आफ्नो कामप्रति अभिप्रेरित रहन मद्दत गर्ने तथ्यलाई मनन गर्दै अनुगमन तथा मूल्याङ्कनबाट राम्रो काम गर्ने र काम नगर्नेहरुका पहिचान गरी तिनीहरुको कार्यसम्पादनलाई दण्ड र पुरस्कारको आधार मान्ने व्यवस्था मिलाइनेछ । यसका लागि राष्ट्रिय योजना आयोगबाट सिफारिस हुने व्यवस्था गरिनेछ ।

- राष्ट्रिय योजना आयोगको सचिवालयमा रहेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखालाई अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सूचनाको केन्द्र विन्दुका रुपमा विकास गरिनेछ । यस महाशाखालाई विशेष प्राथमिकताप्राप्त आयोजनाहरु सम्बन्धी सूचना सोझै मन्त्रालयहरुले तथा अन्य केन्द्रीयस्तरका आयोजनाहरुका हकमा राष्ट्रिय योजना आयोगको सचिवालयका क्षेत्रगत महाशाखाहरुले र जिल्लास्तरीय आयोजनाहरुको हकमा क्षेत्रीय योजना कार्यालयहरुले नियमित रुपमा सूचना उपलब्ध गराउनेछन् । यसरी प्राप्त सूचनाहरुलाई प्रधानमन्त्रीलगायत आयोगको विभिन्न तहमा संप्रेषण गर्ने र राष्ट्रिय विकास समस्या समाधान समिति एवं राष्ट्रिय योजना आयोगका निर्णयहरु अन्य निकायहरुलाई उपलब्ध गराई त्यसको कार्यान्वयन प्रगति अनुगमन गर्ने समेत दोहोरो सञ्चार सम्पर्क सेतुका रुपमा यस महाशाखाले कार्य गर्नेछ ।

- राष्ट्रिय विकासमा गैरसरकारी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहन्छ । विभिन्न विकासात्मक उद्देश्य राखेर स्थापना गरिएका गैरसरकारी संस्थाहरु आफ्नो निर्दिष्ट लक्ष्यबाट विचलित भए नभएको, ती संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरु र सरकारी निकायबाट सञ्चालित कार्यक्रममा दोहोरोपना आए-नआएको, तिनीहरुबाट भैरहेका कार्यहरुको स्तर, दिगोपना र लक्षित वर्गले पाइरहेको सुविधा

वा प्रतिफल सम्वन्धमा जानकारी राख्नका लागि त्यस्ता संस्थाहरुबाट यस्तो विवरणसहितको वार्षिक प्रतिवेदन अनिवार्यरुपमा महिला तथा समाज कल्याण मन्त्रालय अन्तर्गत खडा हुने एक छुट्टै निकायमा पेश गर्नुपर्ने व्यवस्था गरिने छ । अनुगमन गर्ने क्रममा तिनीहरुको वर्गीकरण गर्ने, नाफामूलक परामर्शदायी सेवा गर्न नपाउने जस्ता प्रावधान राखी सेवामा नियमितता कायम गरिनेछ । त्यसैगरी यस्ता केही ठूला गैरसरकारी संस्थाहरुको कार्यक्रमको अनुगमन नमूनाका रुपमा सोझै राष्ट्रिय योजना आयोगको सचिवालयबाट पनि गर्ने व्यवस्था मिलाइनेछ ।

- अनुगमन तथा मूल्याङ्कन कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुका साथै राष्ट्रिय योजना आयोगको सचिवालयले आवश्यकतानुसार छड्के परीक्षण गरी सुपरिवेक्षकको भूमिका खेल्नेछ । साथै केही जिल्ला छानेर सवै क्षेत्रगत आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रक्रिया पनि राष्ट्रिय योजना आयोगबाटै प्रारम्भ गरिनेछ ।

- विगत केही वर्षदेखि अन्तर-सङ्गठन तथा सङ्गठन भित्रैका कर्मचारीहरुबीच पनि प्रभावकारी समन्वय नहुँदा काम गर्ने उपयुक्त वातावरण सिर्जना हुन नसकेको र उनीहरुमा कार्यनैतिकता गिर्दै गएको कारणले पनि आयोजना कार्यान्वयनमा शिथिलता आउने गरेको पाइएको छ । यस स्थितिमा सुधार ल्याउन सामूहिक भावनामा काम हुने वातावरण सिर्जना गर्नु अत्यावश्यक भएकाले सम्वद्ध मन्त्रालय/विभागबाटै आयोजना तथा कार्यालयगत समस्या पहिचान गरी समाधानको प्रयासलाई निरन्तरता दिइनेछ ।

५. निष्कर्ष

योजना व्यवस्थापनमा कार्यान्वयन पक्षको भूमिका अत्यन्त महत्वपूर्ण रहेभएँ अनुगमन तथा मूल्याङ्कन प्रणालीमा पनि यस प्रणालीको प्रभावकारी अनुसरणको विशेष महत्व रहन्छ । स्थापित संस्थागत एवं प्रक्रियागत संरचनाहरुको औचित्य, उपयोगिता एवं सफलता कार्यान्वयनमा संलग्न जनशक्तिको त्यस प्रतिको दृष्टिकोण र प्रतिवद्धतामा नै निर्भर रहने हुनाले अनुगमन तथा मूल्याङ्कन व्यवस्थाको प्रभावकारिता पनि यसलाई अनुसरण गर्ने निकायहरुको जिम्मेवारीमा नै भरपर्ने हुन्छ । यसैले यस योजनावधिमा अनुगमन तथा मूल्याङ्कनसम्वन्धी उपर्युक्त नीति, कार्यनीति र कार्यक्रमको माध्यमबाट यस व्यवस्थालाई प्रभावी वनाई आयोजना कार्यान्वयनमा तीव्रता ल्याएर उपलब्धिलाई अपेक्षित समयमा लक्षित वर्गमा पुऱ्याउन विशेष जोड दिइनेछ ।